'एक युगमा एक दिन एकपटक आउँछ, उथल-पुथल उलट-पुलट हेरफेर ल्याउँछ ।'

नि.रा.शा.-२६

संविधानसभा निर्वाचन २०६४



ऐतिहासिक दस्तावेज

के.पी. भण्डारी
सम्पादक/प्रकाशक

पिता: स्व. गंगाप्रसाद भण्डारी

माता: ईश्वरा भण्डारी

जन्म मिति: २०१९ साल असार २८

जन्म स्थान: चैनपुर-८, संखुवासभा

हालको बसोबास: काठमाडौं म.न.पा.-६
सरस्वतीनगर, चाबहिल

शिक्षा: स्नातक राजनीतिशास्त्र
स्नातकोत्तर (समाजशास्त्र)
अध्ययनरत

पेशा: विगत १५ वर्षदेखि
बौद्धिक पत्रकारिता,
पुस्तक लेखन तथा प्रकाशन
२ दर्जन बढी पुस्तकहरू
लेखन तथा सम्पादन

भ्रमण: नेपाल (७० जिल्ला),
सोभियत संघ (हालको रूस),
भारत र चीन

सम्बद्धता: बौद्धिक दर्पण प्रकाशन
काठमाडौं, नेपाल

R. रा. शा. ८२६
आ. ६५

संविधानसभा निर्वाचन

ऐतिहासिक दस्तावेज

Acc. [illegible]
२८६२७

समर्पण

नेपालको नयाँ इतिहास निर्माणको
महान् कार्यमा आफ्नो प्राणको
आहुती दिने सम्पूर्ण ज्ञात–अज्ञात
अमर शहिदहरूप्रति

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति

सम्माननीय डा. रामवरण यादवज्यू

उप-राष्ट्रपतिको कार्यालय

फोन नं.: ४२२८२९१
४२२८१९९
४२२८११२
फ्याक्स: ४२२८१०९

बहादुर भवन, काठमाडौं

पत्र संख्याः- ०६५/६६
चलानी नं.:-१६

मितिः-...२०६५।९।२०....

शुभकामना

अर्धशतक अघिदेखि उठेको संविधानसभा निर्वाचनको मुद्धाको फैसला २०६४ सालमा नेपाली जनताले गरेर नेपालको इतिहास सुनौला अक्षरले लेखिएको कुरा सारा विश्वले स्वीकार गरिसकेको छ । नेपाल र नेपालीका लागि संविधानसभाको निर्वाचन एक ऐतिहासिक घटनाका रुपमा रहने कुरामा कसैको दुईमत हुन सक्दैन । हिमाल, पहाड र तराई सबैलाई एकसुत्रमा बाँधेर सम्पन्न भएको संविधानसभा निर्वाचन २०६४ ले सम्पूर्ण नेपालीहरु अनन्तकालसम्म एक भई नयाँ नेपाल निर्माण गर्ने कार्यमा सधैं एकजुट भएर लाग्नेछन् भन्ने मेरो विश्वास रहेको छ ।

संविधानसभा निर्वाचन एक कोशेढुङ्गाको रुपमा स्थापित भई सो पश्चात् नेपाल नयाँ इतिहास निर्माण गर्ने क्रममा अगाडि बढेको मलाई लाग्दछ । यस्ता युग युगान्तरमा मात्र हुने निर्वाचन राष्ट्रका लागि एक ऐतिहासिक सम्पत्तिको रुपमा लिनु पर्दछ र यस सम्बन्धी पूर्ण जानकारी भविष्यका पुस्तालाई ज्युँदो रुपमा राखिदिन कुनै पनि सचेत नागरिकको कर्तव्य हुन आउँछ । प्रकाशित हुन लागेको यो ऐतिहासिक दस्तावेजले सो कार्यमा सहयोग पुग्नेछ ।

संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण जानकारी लगायत संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरुले जनता सामु कबुल गरेका प्रतिबद्धता-पत्र, घोषणा-पत्र र सङ्कल्प-पत्रहरु समेत समावेश गरेर प्रकाशन गरिएको यो **ऐतिहासिक दस्तावेज** नेपाल र नेपाली बीच आउनु ज्यादै राम्रो हो । यो दस्तावेजले कुनै राजनीतिक दलले नेपाली जनतालाई ढाँटे-नढाँटेको समेत पहरेदारी गर्ने देखिन्छ । साथै सबै राजनीतिक दलहरुले नयाँ नेपाल निर्माणका लागि गरेका कबुलहरुको साक्षीका रुपमा यो दस्तावेजले भूमिका निर्वाह गर्नेछ । यो ऐतिहासिक दस्तावेजले संविधान-सभाको निर्वाचनका बारेमा वर्तमानदेखि भविष्यसम्मका पुस्तौं पुस्ताका पाठकलाई जानकारी दिन सफल हुनेछ ।

एउटा जीवित र सार्थक दस्तावेज सम्पादन गरी प्रकाशन गर्ने सम्पादक/प्रकाशकलाई हार्दिकतापूर्वक धन्यवाद दिँदै यो ऐतिहासिक दस्तावेज युगौंयुग जीवित रहोस् भन्ने कामना गर्दै **हार्दिक शुभकामना** दिन चाहन्छु ।

धन्यवाद ।

परमानन्द झा
....
(परमानन्द झा)
उपराष्ट्रपति

कृपया पत्राचार गर्दा पत्रको प.सं., च.नं. र मिति उल्लेख गरिदिनु होला ।

CC-0. In Publ Digitization by eGangotri

प्रधानमन्त्री

काठमाडौं, नेपाल

पुस १७, २०६५

शुभकामना

नेपालको संवैधानिक विकासक्रममा संविधानसभाको मुद्दा वि.सं. २००७ सालदेखि नै उठेको हो । ६० वर्षपछि २०६४ साल चैत्रमा संविधानसभा निर्वाचन सम्पन्न हुनु नेपाल र नेपालीको लागि हर्ष र गौरवको विषय हो । यस्तो ऐतिहासिक निर्वाचन सम्पन्न भएपछि नेपालका लागि नेपाली जनताले चाहेजस्तो संविधान लेख्न संविधानसभा सार्थक हुने कुराको नेपाली जनताले पूर्ण भरोसा राखेका छन् । संविधानसभा निर्वाचन आफैंमा एक महत्वपूर्ण र ऐतिहासिक विषय हो । यसले नेपाली जनताका हक, अधिकारलाई स्थापित गर्दै लोकतान्त्रिक पद्धतिलाई समेत संस्थागत गर्दछ । २०० वर्षभन्दा अघिदेखि अविच्छिन्न राज्य सञ्चालन गर्दै आएको सामन्ती राजसंस्थाको वर्चश्वलाई २०६५ साल जेष्ठ १५ गते बसेको संविधानसभाको बैठकले समाप्त गरी जनताको चाहना बमोजिमको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति कार्यान्वयन हुनु इतिहास परिवर्तनको एउटा महत्वपूर्ण घटना हो ।

संविधानसभाको निर्वाचनका सम्पूर्ण विवरण र संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलका घोषणा, सङ्कल्प र प्रतिवद्धतासमेत समावेश गरी अभिलेखको रुपमा सम्पादन गरी प्रकाशन गर्ने अनुकरणीय कार्यको लागि सम्पादक, प्रकाशकलाई धन्यवाद दिनै पर्दछ । एउटा सचेत नागरिकले मुलुकका ऐतिहासिक घटनालाई भोलिका पुस्तासम्म जीवन्त राखिदिने कर्तव्य बिर्सनु हुँदैन भन्ने तथ्यलाई उहाँको यस प्रयासले व्यवहारमा उतारेको देखिन्छ ।

राजनीतिक अध्येताहरुको लागि समेत यो ऐतिहासिक परिघटनाको विवरण खोज्न अन्य पुस्तक र स्रोत पल्टाउन नपर्ने गरी **ऐतिहासिक दस्तावेज** प्रस्तुत गर्ने महान कार्यका लागि सराहनासहित सम्पादक-प्रकाशक लगायतको समूहलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रचण्ड

१७ पौष ०६५

(पुष्प कमल दाहाल 'प्रचण्ड')

CC-0. In Publ Digitization by eGangotri

संविधानसभाका अध्यक्षको कार्यालय

कार्यालय : ४-२००१५९
☎ ४-४८५३७४
निवास : ४-४२४०६६
फ्याक्स: ९७७-१-४२००१३७
संसद भवन, सिंहदरबार ।

सुवासचन्द्र नेम्वाङ्ग
अध्यक्ष

शुभकामना

नेपाली जनताको दशकौं देखिको हार्दिक अपेक्षाको रुपमा रहेको संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको २०६४ साल नेपाल र नेपालीको एक ऐतिहासिक र अविस्मरणीय वर्षको रुपमा नेपालको इतिहासमा अङ्कित भइसकेको तथ्यमा विवाद हुन सक्दैन । उक्त वर्षको ऐतिहासिकता, महत्व र निर्वाचनका क्रममा भएका गतिविधिहरुलाई जस्ताको तस्तै अभिलिखित गरी भावी पुस्तालाई हस्तान्तरण गर्नु सच्चा नागरिकको कर्तव्य हुने तथ्यलाई मनन गरेर सम्पादक/प्रकाशकले यो स्तुत्य कर्तव्य निर्वाह गर्नुभएको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

“संविधानसभा २०६४–ऐतिहासिक दस्तावेज” नामक प्रस्तुत कृति भित्र संविधानसभाको निर्वाचनसम्वन्धी सम्पूर्ण जानकारीहरू मात्र समावेश गरिएको नभई संविधानसभामा प्रतिनिधित्व गर्ने प्रत्येक दलले जनता सामु व्यक्त गरेका प्रतिवद्धता र घोषणासमेत समेटिएको यथार्थताले जनतालाई भोली मूल्याङ्कन गर्ने महत्वपूर्ण आधारशिला स्थापित गरेको स्पष्ट छ । साथै यो कृतिले प्रत्येक राजनीतिक दललाई जनस्वामित्वयुक्त संविधान निर्माण मार्फत् नयाँ नेपालको स्वर्ण रुपरेखा कोर्न उच्चस्तरको सुदृढ एकता कायम गरेर अगाडि बढ्ने दायित्वलाई स्मरण गराइराख्न समेत अतुलनीय मद्दत पुऱ्याउने छ भन्ने मलाई लागेको छ ।

अन्तमा, यो कृतिले संविधानसभाका प्रत्येक माननीय सदस्यहरुको तस्विर सहित दलीय घोषणा र प्रतिवद्धतालाई एकिकृत गर्दै संविधानसभाको निर्वाचनसँग सम्वन्धित अधिकांश जानकारी सुव्यवस्थित ढङ्गले जनताले सामु ल्याउन गरेको अनुकरणीय सत्कार्यको लागि सम्पादक/प्रकाशक र यस कार्यसँग आवद्ध अन्य सवै पक्षलाई धन्यवाद प्रकट गर्दै प्रकाशनको पूर्ण सफलताको हार्दिक **शुभकामना** व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति :- २०६५/०९/१७

सुवास नेम्वाङ

सुवासचन्द्र नेम्वाङ्ग

भोजराज पोखरेल
प्रमुख निर्वाचन आयुक्त

फोन : ४-२२६०९२
फ्याक्स : ४-२२९९८४
bhojraj@election.gov.np

निर्वाचन आयोग
कान्तिपथ, काठमाडौं
नेपाल

शुभकामना

श्री के.पी. भण्डारी सम्पादक / प्रकाशक रहनुभएको **'संविधानसभा निर्वाचन, २०६४- ऐतिहासिक दस्तावेज'** नामक प्रकाशन जनसमक्ष आउन लागेको सुन्दा खुसी लागेको छ । यस प्रकाशनले संविधानसभा निर्वाचनका विविध पक्षहरूमा पाठक वर्गलाई आवश्यक जानकारी उपलब्ध गराउन सहयोग गर्नेछ भन्ने आशा राखेको छु ।

प्रकाशनको सफलताको लागि शुभकामना ।

दिनाङ्क :- २०६५ पुस २०

भोजराज पोखरेल
प्रमुख निर्वाचन आयुक्त

आफ्ना कुरा

पारिवारिक सन्दर्भमा २०६४ सालको पौष, माघ र फागुनमा मेरा पून्यनिय ठूलोबुबा, बुबा र फुपु (दिज्यू) को दुःखद निधनले सो वर्ष शोक र पिडादायक रह्यो। राष्ट्रिय सन्दर्भमा, २०६४ चैत्र २८ गते मुलुकमा ऐतिहासिक संविधान सभाको निर्वाचन सम्पन्न भयो, यो सबै नेपाली र मेरा लागि पनि खुशी र गौरवको विषय हो। नेपालको नयाँ इतिहास निर्माण कार्यमा कोशेढुङ्गा ठानिएको संविधानसभाको ऐतिहासिक निर्वाचनलाई विश्व समुदायका पर्यवेक्षकहरूले समेत अचम्म र आश्चर्य मान्दै समर्थन गरेका थिए। ६० वर्ष पहिलादेखि उठेको राष्ट्रिय मुद्दा 'संविधानसभा निर्वाचन' सन्पन्न भएकाले 'वि.सं. २०६४' इतिहासमा सुनौला अक्षरले लेखिएको छ। संविधानसभाको निर्वाचन ४/५ वर्षमा भइरहने अन्य निर्वाचन जस्तो होइन। एक युगमा एकचोटी मात्र हुने हुँदा यो एउटा ऐतिहासिक अवसर हो जुन सामान्य परिस्थितीमा भइरहँदैन। नेपालमा यसभन्दा अघि पनि संविधानसभाको निर्वाचन भएको थिएन र तत्कालै वा १५–२० वर्षभित्र हुने स्थिति पनि छैन। लामोसमयदेखि द्वन्द्वले भत्किएको मुलुक नेपालमा शान्ति प्रक्रियाको यति छोटो अवधिमै संविधानसभा निर्वाचन सम्पन्न हुनुले दुनियाँलाई आश्चर्यचकित बनाएको छ नै, नेपालका लागि यो अवसर ऐतिहासिक रूपमा महत्त्वपूर्ण बनेको छ। यसले करिव २५० वर्ष अघिदेखि अविच्छिन्न राज्य गरेको राजतन्त्रको अन्त्य भएपछि मुलुकले नयाँ बाटो समातेको हो। नेपालको नयाँ इतिहास निर्माण गर्न र संविधानसभालाई ऐतिहासिक बनाउन यसलाई लिपीबद्ध गरेर कसरी चिरस्थायी बनाउने भन्ने एउटा नागरिकको हैसियतबाट राष्ट्र र जनताको लागी उपयोगी हुने कार्य केही गरौं भन्ने अठोटका साथ यो महान निर्वाचनबारे एउटा ऐतिहासिक पुस्तक सम्पादन गरी प्रकाशन गर्ने निधोमा पुगेर सभासदहरूको तस्विर, २५ दलले नेपाली जनतासामु गरेका बाचा-कबुल लगायतका सम्पूर्ण विवरणहरू समावेश गरी यो **ऐतिहासिक दस्तावेज** प्रकाशित गर्ने सानो प्रयास गरेको छु। दस्तावेज प्रकाशनसन्दर्भमा शुरूबाटै चासो र सल्लाह दिने समादरणीय दाजु रामसिंह रावल (बैतडी) प्रति कृतज्ञ छु।

पुस्तक तयार गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैप्रति अनुग्रहित छु।

र अन्त्यमा,

यो दस्तावेज नेपाल र नेपालीहरूको मात्र नभएर सम्पूर्ण विश्वकै लागि ऐतिहासिक हुनेछ भन्ने हाम्रो विश्वास छ। तसर्थ, विगत, वर्तमान र भावी पुस्तासँग सरोकार रहेको यस **ऐतिहासिक दस्तावेज**लाई संग्रह र अध्ययन गरी आफ्नो मातृभूमि र कर्मभूमिको इतिहासलाई संरक्षण गर्नुहुन अनुरोध गर्दछु। तपाईंहरूबाट यस दस्तावेजलाई सिंहावलोकन गरी पठाएका प्रतिक्रियाहरूले मलाई भविष्यमा अझ आत्मबल बढाउने आशा गर्दछु।

नेपाल र नेपालीको सधैं भलो चिताउने तपाईहरूको सेवक

सम्वत् २०६५, माघे सङ्क्रान्ति
काठमाडौं, नेपाल

के.पी. भण्डारी
सम्पादक/प्रकाशक

विषय सूची

के / कुन ? **कति पृष्ठमा ?**

पहिलो खण्ड
सभासदहरूको तस्विर

१.१ प्रत्यक्ष निर्वाचनतर्फका विजयी २४० सभासदूहरू 1–20
१.२ समानुपातिक निर्वाचनतर्फका मनोनित ३३५ सभासदूहरू 21–53
१.३ मन्त्रिपरिषद्‌बाट मनोनित २६ सभासदूहरू 54–56

दोस्रो खण्ड
संविधानसभाको पृष्ठभूमि

२.१ नेपालमा संविधानसभाको आवश्यकता र औचित्य ३
२.२ संविधानसभाको निर्वाचन नयाँ नेपाल निर्माणमा कोशेढुङ्गा १८
२.३ नेपालको पहिलो गणतान्त्रिक संविधान २१

तेस्रो खण्ड
संविधानसभाको निर्वाचन परिणाम

३.१ प्रत्यक्ष निर्वाचन तर्फको निर्वाचित २४० जना उम्मेदवारहरूको विवरण २९
३.२ समानुपातिक तर्फका ३३५ सभासद्‌हरूको विवरण ३६
३.३ मन्त्रिपरिषद्‌बाट मनोनित २६ जना सभासद्‌हरूको विवरण ५०
३.४ प्रत्यक्ष निर्वाचन तर्फको मतगणनाको पार्टीगत अन्तिम विवरण ५१
३.५ प्रत्यक्ष निर्वाचन तर्फ विभिन्न राजनैतिक दलका तथा स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको मत विवरण ५३
३.६ समानुपातिक निर्वाचन तर्फ राजनैतिक दलहरूले क्षेत्रगत रूपमा प्राप्त गरेका मत विवरण १५६
    १. *मेची अञ्चल*..*१५६*
    २. *कोशी अञ्चल*..*१५८*
    ३. *सगरमाथा अञ्चल*..*१६२*
    ४. *जनकपुर अञ्चल*..*१६६*
    ५. *बागमती अञ्चल*..*१७२*
    ६. *नारायणी अञ्चल*..*१७८*
    ७. *गण्डकी अञ्चल*..*१८३*

८. *लुम्बिनी अञ्चल* १८७

९. *धवलागिरी अञ्चल* १९१

१०. *राप्ती अञ्चल* १९२

११. *कर्णाली अञ्चल* १९५

१२. *भेरी अञ्चल* १९६

१३. *सेती अञ्चल* १९८

१४. *महाकाली अञ्चल* २००

३.७ समानुपातिक निर्वाचन तर्फको मतगणनाको अन्तिम विवरण २०३

३.८ समानुपातिक निर्वाचन तर्फ क्षेत्रअनुसार सदर र बदर मत विवरण २०७

३.९ प्रत्यक्ष निर्वाचनतर्फको लागि निर्धारण गरिएका निर्वाचन क्षेत्रहरू २१६

- **पूर्वाञ्चल विकास क्षेत्र** २१६
  - *मेची अञ्चल* २१६
  - *कोशी अञ्चल* २१७
  - *सगरमाथा अञ्चल* २१९
- **मध्यमाञ्चल विकास क्षेत्र** २२२
  - *जनकपुर अञ्चल* २२२
  - *बागमती अञ्चल* २२४
  - *नारायणी अञ्चल* २२७
- **पश्चिमाञ्चल विकास क्षेत्र** २२९
  - *गण्डकी अञ्चल* २२९
  - *लुम्बिनी अञ्चल* २३१
  - *धवलागिरी अञ्चल* २३३
- **मध्यपश्चिमाञ्चल विकास क्षेत्र** २३५
  - *राप्ती अञ्चल* २३५
  - *भेरी अञ्चल* २३६
  - *कर्णाली अञ्चल* २३८
- **सुदूर पश्चिमाञ्चल विकास क्षेत्र** २३९
  - *सेती अञ्चल* २३९
  - *महाकाली अञ्चल* २४०

३.१० २४० क्षेत्रका क्षेत्रगत मतदाता सङ्ख्याको विवरण २४२

चौथो खण्ड

दलहरुको घोषणा / सङ्कल्प / प्रतिबद्धता

---

१. **नेपाल कम्युनिष्ट पार्टी (माओवादी)** २४९

२. **नेपाली काँग्रेस** २७५

३. **नेपाल कम्युनिष्ट पार्टी (एमाले)** २९६

४. मधेसी जनअधिकार फोरम, नेपाल ३१५

५. तराई मधेश लोकतान्त्रिक पार्टी ३२६

६. सद्भावना पार्टी ३३४

७. जनमोर्चा नेपाल ३४५

८. नेपाल मजदुर किसान पार्टी ३६२

९. राष्ट्रिय जनमोर्चा ३७०

१०. राष्ट्रिय प्रजातन्त्र पार्टी ३९५

११. नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) ४१८

१२. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ४४१

१३. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल....................४५७

१४. राष्ट्रिय जनशक्ति पार्टी ४६५

१५. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च ४७८

१६. नेपाल सद्भावना पार्टी (आ.) ५००

१७. राष्ट्रिय जनमुक्ति पार्टी ५०६

१८. नेपाली जनता दल ५१२

१९. नेपाल कम्युनिष्ट पार्टी (एकिकृत) ५२३

२०. दलित जनजाति पार्टी ५३६

२१. नेपाः राष्ट्रिय पार्टी ५४२

२२. समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल ५४८

२३. चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल ५५३

२४. नेपाल लोकतान्त्रिक समाजवादी दल ५५७

२५. नेपाल परिवार दल....................५७०

महत्त्वपूर्ण सम्पर्क नम्बरहरू

◆ संविधानसभा सदस्यहरूको सम्पर्क नम्बरहरू ५८७

◆ राष्ट्रपति तथा उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, संविधान सभाका अध्यक्ष तथा उपाध्यक्ष ६०६

◆ संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको सम्पर्क नम्बर ६०६

◆ संविधान सभा / व्यवस्थापिका-संसद सचिवालयका सम्पर्क नम्बरहरू ६०८

◆ राष्ट्रपति तथा उपराष्ट्रपति, संवैधानिक निकाय, मन्त्रालय, परिषद् र आयोगका सम्पर्क नम्बरहरू ६१०

◆ नेपाल सरकारका विभागहरूका सम्पर्क नम्बरहरू ६१२

◆ क्षेत्रीय प्रशासन कार्यालयहरूका सम्पर्क नम्बरहरू ६१३

◆ जिल्ला प्रशासन कार्यालय र जि.वि.स. का सम्पर्क नम्बरहरू ६१४

◆ महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरूको सम्पर्क नम्बरहरू ६१६

◆ नेपालस्थित विभिन्न राष्ट्रका राजदूतावास तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सम्पर्क नम्बरहरू ६१८

◆ अन्तर्राष्ट्रिय कोड नम्बर र समयान्तर ६२०

◆ सरकारी तथा गैहृसरकारी संस्थाहरूको सम्पर्क नम्बरहरू ६२४

◆ महिला तथा मानवअधिकारवादी संस्थाहरूको सम्पर्क नम्बरहरू ६२५

◆ सञ्चारसँग सम्वन्धित संस्थाहरूको सम्पर्क नम्बरहरू ६२६

◆ उपत्यकाका महत्त्वपूर्ण सम्पर्क नम्बरहरू ६२७
अस्पताल/ प्रहरी / दमकल/ एम्बुलेन्स/ ट्याक्सी सेवा
नेपाल दूरसञ्चार संस्थान / नेपाल विद्युत प्राधिकरण/ वायुसेवा

◆ विभिन्न सञ्चार माध्यमहरूको सम्पर्क नम्बर ६३१
सरकारी सञ्चार माध्यमहरू / टेलिभिजन च्यानलहरू / दैनिक पत्रिकाहरू
एफ. एम. हरू / विदेशी सञ्चार माध्यमहरू

Nepal Sanskrit U... Kathmandu

पहिलो खण्ड

सभासद्हरुको तस्विर

१. प्रत्यक्ष निर्वाचनतर्फका विजयी २४० सभासदहरु



सूर्यमान गुरुङ्ग (ताप्लेजुङ्ग - ६)

डम्वरध्वज तुम्वाहाम्फे (ताप्लेजुङ्ग-२)

पूर्णकुमार सेर्मा (पाँचथर - १)

डम्वर सिं सम्वाहाम्फे (पाँचथर-२)

झलनाथ खनाल (इलाम - १)

सुवास नेम्वाङ्ग (इलाम - २)



कुलवहादुर गुरुङ्ग (इलाम - ३)



धर्मप्रसाद घिमिरे (झापा - १)

गौरीशङ्कर खड्का (झापा - २)



पूर्णप्रसाद राजवंशी (झापा - ३)



धर्मशिला चापागाइं (झापा - ४)

केशवकुमार वुढाथोकी (झापा - ५)



दिपक कार्की (झापा - ६)



विश्वदिप लिङ्देन लिम्बु (झापा-७)



पूर्णप्रसाद राई (सङ्खुवासभा-१)

डम्वर ब. खड्का (सङ्खुवासभा-२)

तुलसी सुब्बा (तेह्रथुम - १)

पदमवहादुर राई (भोजपुर - १)

सुदन राई (भोजपुर - २)

हेमराज भण्डारी (धनकुटा - १)

हरिराज लिम्बु (धनकुटा - २)

आमोदप्रसाद उपाध्याय (मोरङ्ग-१)

लाल व. सुस्लिङ मगर (मोरङ्ग-२)

सावित्रीकुमार काफ्ले (मोरङ्ग-३)


रामानन्द मण्डल (मोरङ्ग - ४)

.... (मोरङ्ग - ५)

भिमराज चौधरी राजवंशी (मोरङ्ग-६)

.................................(मोरङ्ग-७)


गोपी व. सार्की अछामी (मोरङ्ग-८)

नगेन्द्रवहादुर धिमाल (मोरङ्ग-९)

किरणकुमार राई (सुनसरी-१)


धर्मराज निरौला (सुनसरी-२)


विजयकुमार गच्छेदार (सुनसरी-३)


मुगालाल महतो (सुनसरी-४)


उपेन्द्र यादव (सुनसरी-५)

भिमप्रसाद आचार्य (सुनसरी-६)

गोपाल किरॉती (सोलुखुम्वु - १)


रामकुमार राई (खोटाङ्ग - १)

समिता कार्की (खोटाङ्ग - २)

केशव राई (ओखलढुङ्गा - १)

वालकृष्ण ढुङ्गेल (ओखलढुङ्गा - २)


नारायण खड्का (उदयपुर - १)

मणि खम्वु किरॉती (उदयपुर - २)

मोहनवहादुर खत्री (उदयपुर - ३)


हेमराज तातेड (सप्तरी - १)

जयप्रकाशप्रसाद गुप्ता (सप्तरी - २)

महेशप्रसाद यादव (सप्तरी - ३)

रेणुकुमारी यादव (सप्तरी - ४)

सदरुल मिया हक (सप्तरी - ५)

मृगेन्द्रकुमार सिंह यादव (सप्तरी-६)

लक्ष्मण महतो (सिरहा - १)



राजलाल यादव (सिरहा - २)

विजयकुमार यादव (सिरहा - ३)

सत्रुघ्नप्रसाद सिंह कोइरी (सिरहा-४)

महेन्द्र पासवान (सिरहा - ५)

राजकिशोर यादव (सिरहा - ६)

देवी खड्का (दोलखा - १)

हेमवहादुर श्रेष्ठ (दोलखा - २)

तारानारायण श्रेष्ठ (रामेछाप - १)

डिल्लीमान तामाङ् (रामेछाप - २)

विषमलाल अधिकारी दनुवार (सिन्धुली - १)

चन्द्र प्र. (सीपी) गजुरेल (सिन्धुली-२)

नीरकुमारी कुँवर (सिन्धुली - ३)

रामचन्द्र झा (धनुषा - १)


रामकृष्ण यादव (धनुषा - २)


विमलेन्द्र निधी (धनुषा - ३)

सञ्जयकुमार साह (धनुषा - ४)

..........................(धनुषा - ५)

रामकुमारीदेवी यादव (धनुषा - ६)

सत्रुघन महतो (धनुषा - ७)


गिरीराजमणी पोखरेल (महोत्तरी-१)

हरिनारायण यादव (महोत्तरी - २)



गणेश तिवारी (महोत्तरी - ३)

रामकुमार शर्मा (महोत्तरी - ४)

कौशलकुमार राय यादव (महोत्तरी - ५)

शरदसिह भण्डारी (महोत्तरी - ६)



प्रकाश पाखिन (सर्लांही - १)

महुम्मद रिजवान अन्सार (सर्लांही - २)

सुमित्रादेवी राय यादव (सर्लांही - ३)

राजेन्द्र महतो (सर्लांही - ४)

खोभारी राय (सर्लांही - ५)



शिवपुजनराय यादव (सर्लांही - ६)

प्रेमवहादुर तामाङ (रसुवा - १)

पुष्पविक्रम मल्ल (धादिङ - १)

कल्पना धमला (धादिङ् - २)



शालिकराम जमरकट्टेल (धादिङ्-३)

विमला सुवेदी (नुवाकोट - १)



डा. रामशरण महत (नुवाकोट-२)

पोष्टवहादुर वोगटी (नुवाकोट-३)



प्रकाशमान सिंह (काठमाडौं - १)

झक्कुप्रसाद सुवेदी (काठमाडौं - २)

चक्रवहादुर ठकुरी (काठमाडौं - ३)

सुप्रभा घिमिरे (काठमाडौं - ४)



नरहरि आचार्य (काठमाडौं - ५)

हितमान शाक्य (काठमाडौं - ६)

हिसिला यमी (काठमाडौं - ७)

नविन्द्रराज जोशी (काठमाडौं - ८)


ध्यानगोविन्द रञ्जित (काठमाडौं-९)

पुष्पकमल दाहाल प्रचण्ड (काठमाडौं-१०)

नारायणमान विजुक्छे (भक्तपुर-१)

सुनिल प्रजापती (भक्तपुर - २)

वर्षमान पुन मगर (ललितपुर - १)

राजकाजी महर्जन (ललितपुर - २)

पम्फा भूषाल (ललितपुर - ३)

सूर्यमान दोङ तामाङ (काभ्रेपलाञ्चोक - १)

अक्कल व. थिङ् (काभ्रेपलाञ्चोक - २)

कृष्ण प्र. सापकोटा (काभ्रेपलाञ्चोक - ३)

तेज व. मिजार (काभ्रेपलाञ्चोक - ४)

राजकुमार श्रेष्ठ (सिन्धुपाल्चोक-१)


अग्निप्रसाद सापकोटा (सिन्धुपाल्चोक-२)


दावा तामाङ् (सिन्धुपाल्चोक - ३)


दिलवहादुर घिसिङ (मकवानपुर-१)

प्रेमवहादुर पुलामी (मकवानपुर-२)

प्रल्हाद लामिछाने (मकवानपुर - ३)

कुमारी मुक्तान (मकवानपुर - ४)

ववन सिंह (रौतहट - १)


मो अफताव आलम (रौतहट - २)

प्रभु शाह (रौतहट - ३)

कृष्ण प्र. यादव (रौतहट - ४)

गोविन्द चौधरी (रौतहट - ५)

देवेन्द्रप्रसाद पटेल (रौतहट - १)

सरोजकुमार यादव (बारा - १)

शिवचन्द्रप्रसाद कुसवाहा (बारा - २)

प्रमोदप्रसाद गुप्ता (बारा - ३)

जितेन्द्रप्रसाद सोनार (बारा - ४)



उमाकान्त चौधरी (बारा - ५)

जयराम दाहाल (बारा - ६)

करिमा बेगम (पर्सा - १)

अजयकुमार द्विवेदी (पर्सा - २)

अजयकुमार चौरासिया (पर्सा - ३)

प्रद्युम्नप्रसाद चौहान (पर्सा - ४)

रमेश रिजाल (पर्सा - ५)

लालमणि चौधरी (चितवन - १)


राम व. थापा 'बादल' (चितवन - २)

नारायणप्रसाद दाहाल (चितवन - ३)

चित्रवहादुर श्रेष्ठ (चितवन - ४)

अमिक शेरचन (चितवन - ५)

पार्वती थापा श्रेष्ठ (गोरखा - १)

डा.वावुराम भट्टराई (गोरखा - २)

अमरवहादुर गुरुङ्ग तमु (गोरखा - ३)


देवप्रसाद गुरुङ्ग (मनाङ - १)

वुद्धिराम गुरुङ्ग (लम्जुङ्ग - १)

पृथ्वीसुव्वा गुरुङ्ग (लम्जुङ्ग - २)

..........................(कास्की - १)

राजकाजी गुरुङ्ग (कास्की - २)

रविन्द्रप्रसाद अधिकारी (कास्की - ३)

दुर्गाकुमारी वि.क. (कास्की - ४)


सुरेशकुमार आलेमगर (तनहुँ - १)

रामचन्द्र पौडेल (तनहुँ - २)

किरण गुरुङ्ग (तनहुँ - ३)

हितकाजी गुरुङ्ग (स्याङ्जा - १)

गोपालमान श्रेष्ठ (स्याङ्जा - २)

मोहनप्रसाद पाण्डेय (स्याङ्जा - ३)

सुदर्शन वराल (गुल्मी - १)

प्रदीपकुमार ज्ञवाली (गुल्मी - २)

चन्द्रवहादुर थापा (गुल्मी - ३)

दलवहादुर राना (पाल्पा - १)


श्रीमती लिलाकुमारी बगाले (पाल्पा - २)


कुलप्रसाद नेपाल (पाल्पा - ३)

टोपवहादुर रायमाझी (अर्घाखाँची - १)

पुष्पा भूषाल (अर्घाखाँची - २)


डा.शशाङ्क कोइराला (नवलपरासी - १)

महेन्द्रध्वज जिसी (नवलपरासी - २)

सितादेवी बौडेल (नवलपरासी - ३)


चिनक कुर्मी (नवलपरासी - ४)

रामवच्चन अहिर यादव (नवलपरासी - ५)


हृदयेश त्रिपाठी (नवलपरासी - ६)

घनश्याम यादव अहिर (रूपन्देही - १)

ओमप्रकाश यादव (रूपन्देही - २)

वालकृष्ण खाँण (रूपन्देही - ३)

विष्णुप्रसाद पौडेल (रूपन्देही - ४)

रामनाथ ढकाल (रूपन्देही - ५)

ओमप्रकाश यादव (रूपन्देही - ६)

मुहम्मद वकिल मुसलमान (रूपन्देही - ७)


दीपकुमार उपाध्याय (कपिलवस्तु - १)


दानवहादुर कुर्मी (कपिलवस्तु - २)

वृजेशकुमार गुप्ता (कपिलवस्तु - ३)


ईश्वरदयाल मिश्र (कपिलवस्तु - ४)


अभिषेकप्रताप शाह (कपिलवस्तु - ५)


चन्द्रवहादुर गुरुङ्ग (मुस्ताङ् - १).

गोविन्द पौडेल (म्याग्दी - १)



रामजीप्रसाद शर्मा (बाग्लुङ्ग - १)



चित्रबहादुर केसी (बाग्लुङ्ग - २)

नरवहादुर पुन (वाग्लुङ्ग - ३)



अर्जुनप्रसाद जोशी (पर्वत - १)



गुणाखर वस्याल (पर्वत - २)

जुनकुमारी रोका वली (रूकुम - १)

जनार्दन शर्मा (रूकुम - २)

जयपुरी घर्तीमगर (रोल्पा - १)

..............................(रोल्पा - २)

नारायणप्रसाद अधिकारी (प्यूठान - १)



दीपकवहादुर केसी (प्यूठान - २)

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu


टेकवहादुर वस्नेत (सल्यान - १)

उमाकान्त शर्मा (सल्यान - २)

इन्द्रजीत थारु (दाङ् - १)

दामाकुमारी शर्मा (दाङ् - २)


कृष्णवहादुर महरा (दाङ् - ३)


शिवराज गौतम (दाङ् - ४)

शुष्मा शर्मा घिमिरे (दाङ् - ५)

रामवहादुर वोहरा (डोल्पा - १)

नवराज धामी (मुगु - १)

नरेश भण्डारी (जुम्ला - १)


खड्ग व. विश्वकर्मा (कालिकोट - १)

कर्णजीत बुढाथोकी (हुम्ला - १)


कालीवहादुर मल्ल. (जाजरकोट - १)


भक्तवहादुर शाह (जाजरकोट - २)


गणेशवहादुर खड्का (दैलेख - १)

राजवहादुर वुढा (दैलेख - २)

कमला शर्मा (सुर्खेत - १)


यामलाल कँडेल (सुर्खेत - २)

नरवहादुर विष्ट (सुर्खेत - ३)


तिलक परियार (वाँके - १)


मोहम्मद इम्यिाक राई (वाँके - २)

सर्वदेवप्रसाद ओझा (वाँके - ३)

पूर्णकुमारी सुवेदी (वाँके - ४)

सरला रेग्मी (वर्दिया - १)

विष्णुप्रसाद चौधरी (बर्दिया - २)

सन्तकुमार थारु (बर्दिया - ३)

रामचरण चौधरी थारु (बर्दिया - ४)



देवराज जोशी (वाजुरा - १)

शेरबहादुर कुँवर (अछाम - १)

शरदसिह भण्डारी (अछाम - २)

भानुभक्त जोशी (वझाङ् - १)



शङ्करबहादुर खड्का (बझाङ् - २)

हर्कबहादुर सिंह (डोटी - १)

खेमवहादुर वम (डोटी - २)

रूपा सो.सी. चौधरी (कैलाली - १)

भगतबहादुर बडुवाल (कैलाली - २)

विरमान चौधरी (कैलाली - ३)

कृष्णकुमार चौधरी (कैलाली - ४)



लेखराज भट्ट (कैलाली - ५)

लिलाकुमारी भण्डारी (कैलाली - ६)

लक्ष्मणदत्त जोशी (दार्चुला - १)



नरेन्द्रवहादुर कुँवर (बैतडी - १)

रेनु चन्द (भट्ट) (बैतडी - २)

शेरवहादुर देउवा (डँडेल्धुरा - १)

पुरन राना थारू (कञ्चनपुर - १)

देवीलाल चौधरी (कञ्चनपुर - २)

टेकेन्द्रप्रसाद भट्ट (कञ्चनपुर - ३)

........................(कञ्चनपुर-४)

२. समानुपातिक निर्वाचनतर्फका मनोनित सभासदहरु

१. नेपाल कम्युनिस्ट पार्टी (माओवादी)

१. लिलादेवी मेहता, सुनसरी

२. जुब्बा सोरेन, मोरङ्

३. ललिताकुमारी शाह, सप्तरी

४. सुनिताकुमारी महतो, सिरहा

५. प्रमिलादेवी यादव, धनुषा

६. वुधनीदेवी महतो, महोत्तरी

७. ज्वालाकुमारी शाह, वारा

८. इन्द्रमती यादव, कपिलवस्तु

९. लक्ष्मीकुमारी चौधरी, सप्तरी

१०. सुकदैया चौधरी (थारु), कैलाली

११. ध्रुव आङ्देम्वे, पाँचथर

१२. शान्तिदेवी राजवंशी, मोरङ्


१३. हलिना खातुन सोखिन, सर्लाही


१४. दुर्गीदेवी पासवान, धनुषा


१५. चन्दा देवी, पर्सा


१६. सिद्धार्थ सोमनी, झापा


१७. जगतप्रसाद यादव, सिरहा


१८. मातृकाप्रसाद यादव, धनुषा


१९. शिवराम यादव, सप्तरी


२०. सन्तोष थारू, सुनसरी


२१. पट्टु थारू, बाँके


२२. सुन्दरा थारू, वर्दिया


२३. भिष्म धिमाल, झापा


२४. अभिलाल झाँगड, मोरङ्ग

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu


२५. वावुलाल पासवान, मोरङ्ग

२६. भरतप्रसाद शाह, महोत्तरी

२७. इसलाममिया धोवी, पर्सा

२८. संघप्रसाद थारु, कपिलवस्तु

२९. अमृता थापामगर, स्याङ्जा

३०. तारा घर्तीमगर, रोल्पा

३१. ओनसरी घर्तीमगर, रोल्पा

३२. कमला रोका, रुकुम

३३. सन्तमाया तामाङ्ग, काभ्रे

३४. इन्द्रावती अधिकारी (दनुवार), सिन्धुली

३५. सावित्रा गुरुङ्ग दूरा, तनहुँ

३६. लक्ष्मी गुरुङ्ग, रामेछाप

३७. विष्णुकुमारी राई, इलाम

३८. शुसिला कन्दङ्वा, तेह्रथुम

३९. आङ्दावा शेर्पा, काठमाडौं

४०. माया चेपाङ्, चितवन

४१. उमा भुजेल, गोरखा

४२. महालक्ष्मी श्रेष्ठ, काठमाडौं

४३. उमा गोठे (कपाली), भक्तपुर

४४. रामवहादुर श्रीसमगर, म्याग्दी



४५. लोकेन्द्र विष्ट मगर, रूकुम



४६. पूर्णवहादुर राना, वाग्लुङ्ग

४७. रामवहादुर थापामगर, उदयपुर



४८. खुशिराम पाखीन, गोरखा

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu



४९. वीरवहादुर तामाङ्ग, धादिङ्ग

५०. डा. इन्द्रजित राई, भक्तपुर

५१. सन्चपाल मादेन, ताप्लेजुङ्ग

५२. तुलवहादुर माझी, सिन्धुली

५३. ज्ञानेन्द्र कुमाल, गोरखा



५४. चुनवहादुर थामी, दोलखा

५५. वीरेन्द्र जुहारचन, मुस्ताङ्ग



५६. दिलिप महर्जन, काठमाडौं

५७. श्रामणरे आनन्द, काठमाडौं

५८. सत्यलाल मुल, भक्तपुर

५९. विमला मिजार, उदयपुर

६०. रूपा वि.क., पाल्पा

६१. सन्तोषी वि.क., रोल्पा

६२. पार्वती रसाइली, रामेछाप

६३. हिमकुमारी सुनार, लमजुङ्ग

६४. परशुराम रम्तेल, गोरखा

६५. हरिराम सिपाइली, कैलाली

६६. पदमलाल विश्वकर्मा, इलाम

६७. मङ्गल वि.क., सुर्खेत

६८. विनोद पहाडी, पाल्पा



६९. सत्या पहाडी, डोल्पा

७०. धिरेन्द्राकुमारी उपाध्याय, कालिकोट

७१. छिमी लामा, हुम्ला

७२. धर्मराज वि.क., बझाङ्ग

७३. रेणु दाहाल, चितवन

७४. यशोदा गुरुङ्ग (सुवेदी), मनाङ्ग

७५. खुमा सुवेदी, रोल्पा

७६. गीता ठगुन्ना, दार्चुला

७७. रेणुका चौलागाई, काभ्रेपलाञ्चोक

७८. गङ्गा पराजुली, ललितपुर

७९. शान्ता न्यौपाने, चितवन

८०. उमा कार्की विष्ट, सखुवासभा

८१. पूजा खनाल, सुनसरी

८२. विमला के.सी., रुकुम

८३. शारदा घिमिरे, रुपन्देही

८४. कल्पनादेवी सुवेदी, सिन्धुली

८५. भरतकुमारी रेग्मी शर्मा, दैलेख

८६. गोमा पाठक, स्याङ्जा

८७. मोहन वैद्य, दाङ्ग

८८. नन्दकुमार प्रसाईं, मोरङ्ग

८९. नारायणप्रसाद पौडेल, दाङ्ग

९०. मोहम्मद सफिक मिया, स्याङ्जा

९१. श्रीराम ढकाल, तनहुँ



९२. ईश्वरीप्रसाद दाहाल, काठमाडौं

९३. अशोककुमार रोकाय क्षेत्री, वाँके

९४. मायाप्रसाद शर्मा, जाजरकोट

९५. दिनानाथ शर्मा, वाग्लुङ्ग

९६. सूर्यवहादुर सेन वली, गुल्मी

९७. जोखवहादुर महरा, रोल्पा


९८. केशवप्रसाद नेपाल, सिन्धुपाल्चोक

९९. एकराज भण्डारी, सल्यान

१००. खिमलाल देवकोटा, कास्की

पार्टी अध्यक्ष :

क. पुष्पकमल दाहाल 'प्रचण्ड'

संसदीय दलको नेता :

मा. पुष्पकमल दाहाल 'प्रचण्ड'

२. नेपाली काँग्रेस

१. गिरिजाप्रसाद कोइराला, मोरङ्ग

२. वलदेव शर्मा मजगैंया, दाङ्ग

३. लक्ष्मणप्रसाद घिमिरे, रामेछाप


४. प्रदीप गिरी, सिराहा

५. पूर्णवहादुर खड्का

६. मिनेन्द्रप्रसाद रिजाल, मोरङ्ग

७. प्रकाश शरण महत, नुवाकोट

८. जिपछिरिङ्ग लामा शेर्पा, दोलखा


९. शिवचन्द्र मिश्र, सप्तरी


१०. इन्द्रवहादुर गुरुङ्ग, स्याङ्जा

११. रमेश लेखक, कञ्चनपुर


१२. पुरुषोत्तम बस्नेत, सोलुखुम्वु

१३. शोभाकर पराजुली, वारा

१४. जीवनप्रेम श्रेष्ठ, गोरखा

१५. टिकाराम सुब्बा लेप्चा, इलाम

१६. अमृतलाल राजवंशी, झापा

१७. बोधनारायण सरदार, सुनसरी

१८. कुमार राई, भोजपुर

१९. पासाङ् शेर्पा, संखुवासभा

२०. गोकर्ण राई, सोलुखुम्बु

२१. राम सरोज यादव, धनुषा

२२. महेन्द्र यादव, धनुषा

२३. जगदीश्वर नरसिंह के.सी., नुवाकोट

२४. गगन थापा, काठमाडौं


२५. तीर्थराम डङ्गोल, काठमाडौं

२६. दिवाकर गोल्छा, काठमाडौं

२७. रामकृष्ण चित्रकार, ललितपुर

२८. हर्षजीत लामा, काभ्रेपलाञ्चोक


२९. शम्भु हजारा पासवान, पर्सा

३०. रामेश्वरप्रसाद रौनियार, पर्सा

३१. धनराज गुरुङ्ग, स्याङ्जा


३२ खड्गबहादुर वस्याल (सार्की), सुर्खेत

३३. बादशाह कुर्मी, बाँके

३४. ओमप्रकाश शर्मा, पर्सा

३५. महा नेपाली, वाजुरा


३६. मानबहादुर महतो

३७. चन्द्रिराम टमाटा, वैतडी

३८. उमा अधिकारी, चितवन

३९. मिना पाण्डे, सर्लाही

४०. महालक्ष्मी अर्याल उपाध्याय, मकवानपुर

४१. अम्बिका बस्नेत, काठमाडौं

४२. आरजु राणा देउवा, डँडेल्धुरा

४३. निर्मला प्रसाइँ, इलाम

४४. उषा गुरुङ्ग, झापा

४५. भोटनीदेवी खवास, मोरङ्ग

४६. कविता सर्दार वातर, मोरङ्ग

४७. रामवती चौधरी, सुनसरी

४८. लिला सुब्वा, धनकुटा

४९. सीता गुरुङ्ग, तेह्रथुम

५०. विना पौडेल, काठमाडौं

५१. हीरा गुरुङ्ग, खोटाङ्

५२. प्रमीला राई, उदयपुर

५३. लक्ष्मी परियार, उदयपुर

५४. मुन्नीकुमारी गुप्ता, सप्तरी

५५. सरस्वती चौधरी, धनुषा

५६. कृष्णा ठाकुर, धनुषा

५७. मिनाक्षी झा, धनुषा

५८. किरण यादव, महोत्तरी

५९. कल्याणी रिजाल, काठमाडौं

६०. रमा गुरागाईं, काठमाडौं

६१. कृष्णा अमात्य, काठमाडौं

६२. कमला थापा, काभ्रेपलाञ्चोक

६३. ललिता किङ्रिङ्ग,

६४ सुनदेवी जोशी, चितवन

६५. कृष्णकुमारी परियार, कास्की

६६. पार्वती रानामगर (उर्मिला), तनहुँ

६७. सावित्री सिंह, रूपन्देही

६८. रत्ना शेरचन, बाग्लुङ्ग

६९. बिमला नेपाली, दाङ्ग

७०. दूधकुमारी हमाल, डोल्पा

७१. मोहमद्दी सिद्धिकी, बाँके

७२. कल्पना सोप दमाई, डोटी

७३. ईश्वरी न्यौपाने, कैलाली

पार्टी अध्यक्ष :

गिरिजाप्रसाद कोइराला

संसदीय दलको नेता :

मा. गिरिजाप्रसाद कोइराला

३. नेपाल कम्युनिस्ट पार्टी (एमाले)

१. छविलाल विश्वकर्मा, रूपन्देही

२. भीमवहादुर रावल, अछाम


३. युवराज कार्की, झापा

४. रणध्वज लिम्बू, तेह्रथुम

५. राधा ज्ञवाली, रूपन्देही

६. लालवावु पण्डित, मोरङ्ग


७. विष्णुप्रसाद रिमाल, नुवाकोट

८. सुरेन्द्र पाण्डे, धादिङ्ग

९. शङ्कर पोखरेल, दाङ्


१०. अग्नीप्रसाद खरेल, झापा

११. अव्दुल कलाम आजाद, रौतहट

१२. विष्णुमाया विश्वकर्मा, तनहुँ

१३. विभा कुमारी कार्की, बारा

१४. विना ज्ञवाली, वर्दिया

१५. विनोदकुमार चौधरी,

१६. विन्दा पाण्डे, नुवाकोट

१७. भैरे कामी, अछाम

१८. चिरञ्जीविराम थारुं, वर्दिया

१९. दूर्गा परियार, उदयपुर

२०. डोल्मा तामाङ्ग, सिन्धुपाल्चोक

२१. धिरेन्द्रवहादुर श्रेष्ठ, सल्यान

२२. देविलाल थापा, जुम्ला

२३. दलवहादुर सुनार, बाँके

२४. दुर्गा लिंखा, धनकुटा

२५. डोलबहादुर कार्की, स्याङ्जा

२६. गोविन्दराम प्रजा, मकवानपुर

२७. गोविन्द नेपाली, नुवाकोट

२८. गोपालसिंह वोहरा, दार्चुला

२९. गोपाल ठाकुर, बारा

३०. हसिना मिया, स्याङ्जा

३१ जया घिमिरे, धनुषा

३२. जुलीकुमारी महतो, सिराहा

३३. किरणकुमारी राय, सर्लाही

३४. ल्यारक्याल लामा, सिन्धुपाल्चोक

३५. मानसिं राजवंशी, झापा

३६. डा. मङ्गलसिद्धि मानन्धर, काठमाडौं

३७. नेत्रप्रसाद पन्थी, रूपन्देही

३८. नारायणीदेवी घिमिरे (अर्याल) पाल्पा

३९. नारदमुनी राना, कैलाली

४०. नजिर मिया, अर्घाखाँची

४१. पद्माकुमारी अर्याल, स्याङ्जा

४२. पुरनसिंह दयाल, वैतडी

४३. रामरती राम, सिराहा



४४. रामचन्द्र प्यासी कुसवाहा, वारा

४५. रत्नदेवी गुरुङ्ग, नुवाकोट

४६. रोशन गाहा थापा, नवलपरासी

४७. रीमाकुमारी नेपाली, रोल्पा



४८. रामप्रित पासवान, सप्तरी

४९. राजकुमार राई, धनकुटा

५०. सकुन्तला लेप्चा, इलाम

५१. लक्की शेर्पा, काठमाडौं

५२. सिताकुमारी पौडेल, चितवन

५३. सावित्रा भूषाल, अर्घाखाँची

५४. सोनाम छेजुङ् लामा, मुगु

५५. सरला यादव, रौतहट

५६. शारदा झा, धनुषा

५७. शारदादेवी कुमाल, चितवन

५८. शान्तीमाया तामाङ्, दोलखा

५९. शान्तीदेवी चमार, कपिलवस्तु

६०. शान्ती जिरेल, दोलखा

६१. सपना प्रधान, काठमाडौं

६२. शान्ति बस्नेत (अधिकारी), काठमाडौं

६३. शान्ता चौधरी, दाङ्ग

६४. थममाया थापामगर, म्याग्दी

६५. टासी स्याङ वो गुरूङ्गसेनी, मुस्ताङ्ग

६६. उषाकला राई, खोटाङ्ग

६७. उर्मिला देवी शाह, धनुषा

६८. डा. विजयकुमार पौडेल, काठमाडौं

६९. यशोदादेवी अधिकारी, मोरङ्ग

७०. जोगीलाल यादव, मोरङ्ग

पार्टी महासचिव :

क. झलनाथ खनाल

संसदीय दलको नेता :

मा. विष्णुप्रसाद पौडेल

४. मधेशी जनअधिकार फोरम, नेपाल

१. रामजनम चौधरी, कैलाली

२. नन्दनकुमार दत्त, सप्तरी

३. आत्माराम प्रसाद शाह, बारा

४. डा. तिलकवहादुर रावल, काठमाडौं

५. श्रवणकुमार अग्रवाल, ललितपुर

६. मधुसूदन अग्रवाल, काठमाडौं

७. राम सहाय प्रसाद यादव, बारा

८. चन्द्रिकाप्रसाद यादव, रूपन्देही

९. विश्वनाथप्रसाद यादव, सप्तरी

१०. रामचन्द्र राय अमात, सुनसरी

११. शिव नारायण उराव, सुनसरी

१२. श्रीमती सन्ध्या देवी, बाँके

१३. निलम वर्मा, रौतहट

१४. ललिता शाह, सुनसरी

१५. कलावती देवी दूसाध, बारा

१६. रम्भा देवी, रौतहट

१७. सुरिताकुमारी शाह, धनुषा

१८. आशाकुमारी सरदार, मोरङ्ग

१९. सलमा खातुन मिकरानी, सर्लाही

२०. दुर्गादेवी महतो, पर्सा

२१. सेवकीदेवी दास तत्मा, सिरहा

२२. सवितादेवी यादव, सुनसरी

पार्टी अध्यक्ष :

उपेन्द्र यादव

संसदीय दलको नेता :

मा. विजयकुमार गच्छदार

५. तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)



१. महेन्द्रप्रसाद यादव, धनुषा

२. काशीदेवी झा, धनुषा

३. अरविन्द्रनाथ शाह, धनुषा

४. कविन्द्रनाथ ठाकुर, धनुषा

५. उर्मिला महतो कोइरी, सर्लाही

६. चन्दन साह, रौतहट

७. वसन्ती झा, महोत्तरी



८. विमलकुमार केडिया, रौतहट



९. जयप्रकाश यादव, वारा

१०. रमणी राम, सप्तरी

११. सलाहुद्दिन मुसलमान, कपिलवस्तु

पार्टी अध्यक्ष :

महन्थ ठाकुर

संसदीय दलको नेता :

मा. महन्थ ठाकुर

६. राष्ट्रिय प्रजातन्त्र पार्टी



१. लोकेन्द्रवहादुर चन्द, बैतडी

२. प्रतिभा राणा, वर्दिया



३. सूर्यवहादुर के.सी., कास्की



४. अलाउद्दिन अन्सारी, नवलपर

५. दालकुमारी सुनवार, रामेछाप

६. नवोदिता चौधरी, सुनसरी

७. ववितादेवी धोवी, रूपन्देही

८. चलनवहादुर तामाङ्ग, सिन्धुपाल्चोक

पार्टी अध्यक्ष :
पशुपति शमशेर ज.ब.रा.

संसदीय दलको नेता :
मा. लोकेन्द्रबहादुर चन्द

७. नेपाल कम्युनिष्ट पार्टी (माले)

१. चन्द्रप्रकाश मैनाली, म्याग्दी

२. निलम के.सी. (खड्का), झापा

३. जनककुमारी चालिसे, ललितपुर

४. तिलकवहादुर थापामगर,

५. शारदा नेपाली, वर्दिया



६. यदुवंश झा मैथिल वाहुन, धनुषा

७. पार्वती महतो (कुमाल), चितवन

८. दामोदर चौधरी, दाङ्

पार्टी महासचिव :

क. सि. पी. मैनाली

संसदीय दलको नेता :

मा. सि. पी. मैनाली

८. जनमोर्चा नेपाल

१. दुर्गाजयन्ती राई, खोटाङ्ग


२. रामकुमार यादव, सिराहा


३. भिमप्रसाद गौतम, तनहुँ

४. सीता पोखरेल, तनहुँ

५. विश्वभक्त दुलाल, काठमाडौं

पार्टी अध्यक्ष :
क. अमिक शेरचन

संसदीय दलको नेता :
मा. अमिक शेरचन

९. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)


१. चन्द्रदेव जोशी, काठमाडौं

२. कल्पना राणा, काठमाडौं

३. सुनीलवावु पन्त, गोरखा

४. रामशिला ठाकुर, महोत्तरी

५. राघववीर जोशी, काठमाडौं

पार्टी अध्यक्ष :
क. चन्द्रदेव जोशी

संसदीय दलको नेता :
मा. कल्पना राणा

१०. सद्भावना पार्टी

१. गौरी महतो कोइरी, सुनसरी

२. राम नरेश राय, सर्लाही

३. अनिलकुमार झा, रौतहट



४. लक्ष्मणलाल कर्ण, पर्सा

५. मालामतीदेवी राना, कैलाली

पार्टी अध्यक्ष :
राजेन्द्र महतो

संसदीय दलको नेता :
मा. राजेन्द्र महतो

११. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल

१. चन्द्रवहादुर गुरुङ्ग, स्याङ्जा

२ रामनारायण सिंह, सर्लाही

३. कुन्ती शाही, दैलेख

४. वविना मोक्तान (तामाङ्ग), झापा

पार्टी अध्यक्ष :

कमल थापा

संसदीय दलको नेता :

मा. चन्द्रबहादुर गुरुङ्ग

१२. राष्ट्रिय जनशक्ति पार्टी



१. प्रकाशचन्द्र लोहनी, नुवाकोट

२. अर्जुन राई, खोटाङ्ग

३. फुलमतीदेवी चौधरी, कैलाली

१३. राष्ट्रिय जनमोर्चा

१. सन्तवहादुर नेपाली, अर्घाखाँची

२. मीना पुन, वाग्लुङ्ग


३. रश्मीराज नेपाली, दाङ्ग

पार्टी अध्यक्ष :
सूर्यबहादुर थापा

संसदीय दलको नेता :
मा. डा. प्रकाशचन्द्र लोहनी

१४. नेपाल मजदुर किसान पार्टी (नेमकिपा)


१. नवराज कोइराला, कालीकोट

२. लीला न्याइँच्याइँ, भक्तपुर

पार्टी अध्यक्ष :
नारायणमान विजुक्छे

संसदीय दलको नेता :
मा.नारायणमान विजुक्छे

१५. राष्ट्रिय जनमुक्ति पार्टी

१. मालवर सिह थापा, स्याङ्जा

२. छियामा राई, सुनसरी

पार्टी अध्यक्ष :
मालवर सिंह थापा

संसदीय दलको नेता :
मा. मालवर सिंह थापा

१६. नेपाल कम्युनिष्ट पार्टी (एकिकृत)

१. परि थापा, बाग्लुङ्ग

२. राधादेवी तिमल्सेना, काठमाडौं

पार्टी अध्यक्ष :
रामसिंह शिरिष

संसदीय दलको नेता :
मा. परि थापा

१७. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

१. सरिता गिरी, सिरहा


२. मोतिलाल दुगंड, मोरङ्ग

पार्टी अध्यक्ष :
आनन्दीदेवी सिंह

संसदीय दलको नेता :
मा. सरिता गिरी

१८. नेपाली जनता दल

१. डा. विश्वनाथप्रसाद अग्रवाल, ललितपुर

२. गायत्री शाह, सर्लाही

पार्टी अध्यक्ष :
हरिचरण शाह

संसदीय दलको नेता :
मा. गायत्री शाह

१९. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

१. राजकुमार लिम्बू (नाल्वो), मोरङ्ग

२. रुकमिणी चौधरी, दाङ्

पार्टी अध्यक्ष :
बि. के. बुद्धिष्ट

संसदीय दलको नेता :
मा. रुकमिणी चौधरी

२०. समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल



१. प्रेमवहादुर सिंह, कालिकोट

पार्टी अध्यक्ष :
प्रेमबहादुर सिंह

संसदीय दलको नेता :
मा. प्रेमबहादुर सिंह

२१. दलित जनजाति पार्टी

१. विश्वेन्द्र पासवान, सिरहा

पार्टी अध्यक्ष :
विश्वेन्द्र पासवान

संसदीय दलको नेता :
मा. विश्वेन्द्र पासवान

२२. नेपाल परिवार दल

१. एकनाथ ढकाल, गोरखा

पार्टी अध्यक्ष :

प्रा. डा. जीवन श्रेष्ठ

संसदीय दलको नेता :

मा. एकनाथ ढकाल

२३. नेपाः राष्ट्रिय पार्टी



१ बुद्धरत्न मानन्धर, काठमाडौं

पार्टी अध्यक्ष :

डा. केशवमान शाक्य

संसदीय दलको नेता :

मा. बुद्धरत्न मानन्धर

२४. नेपाल लोकतान्त्रिक समाजवादी दल

१. लक्ष्मीलाल चौधरी, सप्तरी

पार्टी अध्यक्ष :

उपेन्द्र गच्छदार

संसदीय दलको नेता :

मा. लक्ष्मीलाल चौधरी

२५. चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

१. केशवप्रसाद मैनाली, सर्लाही

पार्टी अध्यक्ष :

केशवप्रसाद मैनाली

संसदीय दलको नेता :

मा. केशवप्रसाद मैनाली

३. मन्त्रिपरिषद्‌बाट मनोनित २६ सभासदहरू

१. इन्द्रमाया गुरुङ्ग, गोरखा

२. सविना बराम, गोरखा

३. पद्म ज्योती, काठमाडौं

४. चन्द्रलाल मेचे, झापा

५. डवलवहादुर शाह, वाजुरा



६. निमा लामा, मनाङ्ग

७. शेरवहादुर पहरी, मकवानपुर

८. हरिलाल थापामगर, डँडेल्धुरा

९. हरि रोका, खोटाङ्ग

१०. कमला पन्त, गोरखा

११. विश्वनाथ उपाध्याय, काठमाडौं



१२. राधेश्याम अधिकारी, काठमाडौं



१३. निलाम्वर आचार्य, काठमाडौं



१४. जगतवहादुर ताजपुरीया, झापा

१५. पासाङ् शेर्पा, ताप्लेजुङ्ग

१६. भगवती चौधरी, सुनसरी

१७. महेश चौधरी, दाङ्ग

१८. शिला कतिला, काभ्रे



१९. शुशिल चन्द्र अमात्य, ललितपुर

२०. भूपेन्द्र चौधरी, सप्तरी



२१. अकवाल अहम्मद शाह, कपिलवस्तु

२२. महन्थ ठाकुर, सर्लाही

२३. नारायणकाजी श्रेष्ठ (प्रकाश), गोरखा



२४. जग्यबहादुर शाही, दैलेख

२५. राजेन्द्रकुमार खेतान, काठमाडौं



२६. श्यामसुन्दर गुप्ता, रूपन्देही

दोस्रो खण्ड

संविधानसभाको पृष्ठभूमि

Nepal Sanskri ki Campus, Kathmandu

१.

नेपालमा संविधानसभाको आवश्यकता र औचित्य

> “ **नेपाली जनताको आफ्नो लागि आफैं संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूती गर्दै,**
>
> **लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक–सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै,**
>
> **आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनैतिक सहमतीबाट तयार भएको यो "नेपालको अन्तरिम संविधान,२०६३" जारी भएको घोषणा गर्दछौं।** ”

नेपालको अन्तरिम संविधान, २०६३ को **प्रस्तावना** मा उल्लेख भएका माथिका अंशहरूले मुलुकमा संविधानसभाले राष्ट्रिय आवश्यकता/प्राथमिकताको रूप लिएको कुरा स्पष्ट हुन्छ। मनोनित गरिएका आयोग र समितिबाट दरबारको निर्देशनमा तयार गरिएका संविधानहरूले जनतालाई घुमाउरो जालमा फसाइरहेको महसुस गरिएको अवस्थामा **जनताद्वारा जनताको लागि असल संविधानको निर्माण गर्ने** नेपाली जनताको चाहनालाई मूर्त रूप दिने पछिल्लो आन्दोलन 'लोकतान्त्रिक जनआन्दोलन २०६२-६३' हो । जनआन्दोलनको सफलतापछि नेपाली राजनीतिले केही अग्रगामी फड्को मारेको महसुस गरिएको थियो । देशमा मन्द विषको रूपमा रहेको सामन्ती राजसत्ताको अन्त्य, गणतन्त्रको स्थापना र संविधानसभामार्फत् नयाँ संविधानको निर्माण गर्नु नै तत्कालिन राजनैतिक जटिलताको सहमती विन्दु थियो । यही गोरेटेमा अगाडि बढ्ने प्रतिबद्धताका साथ जनयुद्धको लागि जङ्गल पसेको नेकपा (माओवादी) र अन्य राजनैतिक दलहरूबीच वृहत राजनैतिक सहमती भएको थियो । नेपालको राजनैतिक इतिहासमा संविधानसभाले एउटा ऐतिहासिक महत्त्वमात्र बोकेको छैन, लामो समयदेखि गृहयुद्धमा होमिएको यो सुन्दर र शान्त नेपालमा दिनहुँ पड्किने बन्दुक र गोलाका आवाजलाई रोकेर शान्ति पुनःस्थापना गर्ने महत्त्वपूर्ण कोशेढुङ्गा सावित भएको छ।

लामो समयदेखि जनतामाथि लादिएको सक्रिय राजतन्त्र र पञ्चायती व्यवस्थाको अन्त्य गरी नेपाली जनताले २०४६ सालमै बहुदलीय प्रजातन्त्रको स्थापना गरेका थिए । यसैको परिणामस्वरूप नेपाल अधिराज्यको संविधान, २०४७ लागु भयो । तर, त्यतिबेला संविधान निर्माण गर्दा शासित वा शासक मध्ये कुनलाई बढी प्राथमिकता दिइयो भन्ने कुरामा ध्यान दिइएन । परिणामस्वरूप पुनः स्वतन्त्रताको लडाइँ लड्नुपर्‍यो नेपाली जनताले आफ्नो सार्वभौमसत्ताको लागि । यस सन्दर्भमा २०४७ सालको संविधानमा देखिएका त्रुटीको कारण नै निरङ्कुश राजसंस्थाले पटकपटक गर्दन उठाउन सफल भएको हो, यसर्थ यसलाई

संशोधन होइन खारेजी नै गर्नुपर्छ भन्ने कुरा नै व्यवहारिक देखियो। लोकतान्त्रिक जनआन्दोलन २०६२-०६३ ले संविधानसभाको निर्वाचनपछि बन्ने संविधानको अपरिहार्यताबारे अझ दरिलो जनमत प्रस्तुत गरेको छ।

वास्तविकता के हो भने शासकले संविधान निर्माण गर्दा उसले जनताको हकहितमा भन्दा आफ्नो सत्ताको सुरक्षामा बढी जोड दिएको हुन्छ भने जनताले बनाएको संविधानमा शासकको सत्ताभन्दा जनहितका कुरामा बढी जोड दिइएको हुन्छ। यस अर्थमा शासकले बनाएको संविधानले शासकलाई सधैं सुविधा, मोजमस्ती र विलासिताको ग्यारेन्टी र एउटा गरिब किसानको पहुँचमा सधैं कुटो कोदालो र ऋणीभन्दा माथिको हैसियत नहुने व्यवस्था गरेको हुन्छ। तर जनताबाट निर्मित संविधानमा शासकले जनताको नाइकेको रूपमा जनताकै हितको लागि काम गर्नुपर्ने र एउटा गरिब किसानले पनि राज्यले उपलब्ध गराएका सेवा-सुविधाको उपभोग गरी आफ्नो जीवनस्तरमा परिवर्तन गर्नसक्ने व्यवस्था गरिएको हुन्छ।

संविधान निर्माण गर्दा मध्यनजर गरिनुपर्ने पक्षहरू :

१. मुलुकका कुन-कुन ठाउँमा केकस्ता प्रकृतिका जनताहरू छन्;
२. देशको भौगोलिक स्थिति कस्तो छ;
३. मुलुकमा कुनकुन धर्मको प्राधन्यता छ;
४. कुन भागमा कस्ता समुदायका मानिसहरू छन्;
५. कुन जातजातिको स्थल कुन हो;
६. कस्ता वर्ण, लिङ्ग, भाषाका मानिसको कुनकुन ठाउँमा कस्तो बाहुल्यता छ;
७. जमिन्दार, सुकुम्बासी र मजदुरहरू कहाँ-कहाँ कति-कति छन्;
८. कस्ता-कस्ता राजनीतिक दलको कहाँ-कहाँ बलियो प्रभाव छ;
९. कस्ता-कस्ता बुद्धिजीविहरू छन् र तिनको कस्तो बाहुल्यता छ;
१०. कहाँका मानिसको आयश्रोतको स्तर कस्तो;
११. कस्ता किसिमका कर्मचारीहरू कहाँ कति छन्;
१२. सुरक्षाबलमा के कस्ता मान्छे कहाँ के-कति छन्;
१३. अन्धा अपाङ्ग कहाँ कति छन्;
१४. कस्ता कस्ता पेशागत व्यवसायीको के कस्तो बाहुल्यता छ;
१५. सङ्घीय प्रणालीअन्तर्गत राज्यको प्रभावकारी पुनसंरचना कसरी गर्न सकिन्छ;
१६. देशको भौगोलिक, आर्थिक, सामाजिक आधारमा क्षेत्र निर्धारण गर्नुपर्ने कुरा; आदि।

उल्लेखित कुरामा विचार गरेर सबै क्षेत्रको प्रतिनिधित्व गराएर संविधान निर्माण गराउँदा देशका हरेक नागरिकले संविधानमा आफूलाई पनि राज्यले सम्बोधन गरेको कुरा महसुस गर्दछन् र आफ्नो सहभागितालाई स्वीकार्छन्। यस्तो संविधान शासकमुखी नभई जनमुखी प्रकृतिको हुने हुनाले देशका हरेक नागरिकले नहिच्किचाइकन अक्षरसः पालना गर्दछन्। यसरी जनताको वकालत गर्ने खालको संविधान निर्माण गरेमा मात्र साँचो अर्थमा जनताले अपनत्व भएको अनुभूति गर्नेछन्। सबैको प्रतिनिधित्व र सहभागिता हुने खालको संविधान निर्माण गर्नको लागि संविधानसभाको निर्माण भएको छ।

संविधानसभाबाट बनेको संविधानमा नै जनहितका कुरा पर्याप्त हुन्छन्, पुँजीको समानुपातिक वितरण भएको हुन्छ, नागरिक-नागरिकबीच भेदभाव गरिएको छैन, सबै वर्ण, लिङ्ग, जातजाती, पेशा, व्यवसायका मानिसलाई समान एवम् सम्मानजनक व्यवहार गरिएको हुन्छ भने त्यस्तो संविधान स्वीकारयोग्य हुन्छ। हुनत असल शासक भएमा संविधान नै नभए पनि त देश चल्दो रहेछ भन्ने उदाहरण हामीले बेलायतबाट देखेकै छौं। असल, योग्य र इमान्दार मान्छे सरकारमा पुगेमा उसको विचार, वचन र कर्ममा भिन्नता हुँदैन यो नै सुशासनको आधारस्तम्भ हो। सुशासन कायम रहेको ठाउँमा कहिल्यै पनि समस्या पर्दैन, परिहालेको खण्डमा पनि त्यो सजिलै समाधान हुनसक्छ।

संसार बदलिइसकेको छ। कसैको कोख वा वंश नै शासकको रूपमा रहने परम्परालाई अब जनताले स्वीकार्न छाडिसकेका छन् । आफ्नो क्षमताको आधारमा जनताका छोराछोरीले पनि मुलुकलाई नेतृत्व गर्न सक्दछन् र त्यस्तो अवसर पाउनुपर्दछ । क्षमता भएको खण्डमा पनि नेतृत्व गर्ने अवसरको लागि कसैको कृपादृष्टि पर्नुपर्ने परम्परालाई अबको समाजले कुनै हालतमा पनि स्वीकार्दैन, न त क्षमताविहिन व्यक्तिहरूको अविवेकी र लादिएको शासनलाई नै स्वीकार्छन् जनताले । मुलुकप्रति कुनै योगदान नै नभएको व्यक्ति जन्मसिद्ध शासक बन्ने तर जीवनभर देशको लागि पसिना चुहाउँदा पनि सधैं नोकर र सुकुम्बासी नै बनिरहने जमाना पुरानो भइसकेको छ। अबको समयमा देशलाई कसले कति योगदान गऱ्यो भन्ने कुराको मूल्याङ्कन हुनुपर्दछ। शासकलाई संरक्षित गर्ने कानुन रह्यो भने उसले आफ्नै हितको लागि भेटी चढाउने र उसैको सत्ता टिकाउनको लागि भजन गाउने, जनताहरूलाई विभेद गर्नेलाई नै उच्च मूल्याङ्कन गर्नसक्ने सम्भावना रहन्छ। त्यसैले नेपालको सन्दर्भमा सबै जनताको प्रतिनिधित्व रहेको, शासकप्रेमी होइन जनप्रेमी र समान किसिमको संविधानको आवश्यकता रहेको हो । संविधानमाथि कोही कसैलाई राखियो भने त्यसले जनतालाई निमोठेर माथि उठ्ने अवसर दिनेछैन भन्ने कुरा इतिहासबाट हामीले पाठ सिकिसकेका छौं। त्यसैले सबैलाई समेटिएको संविधानसभाबाट नयाँ संविधानको निर्माण गरिनुपर्दछ भन्ने कुरा प्रष्ट छ । नेपालमा संविधानसभाको निर्वाचनको आवश्यकतालाई निम्न रूपमा थप पुष्टि गर्न सकिन्छ :–

(क) २००७ सालमा घोषणा भएपनि कार्यान्वयन हुन नदिइएको मुद्दा :–

नेपालमा संवैधानिक विकासक्रममा संविधानसभाको मुद्दा वि.सं. २००७ मा नै उठेको थियो । ६ दशकभन्दा अघिदेखि उठेको यो मुद्दामाथि राज्यको स्पष्ट दृष्टिकोण नरहेकोले मुलुकले लामो समयसम्म संवैधानिक सङ्कट झेलेको थियो। जतिबेला संविधानसभाको मुद्दा उठेको थियो, त्यतिबेला नै यसको उचित प्रयोग गरेको भए नेपालमा पटकपटक संवैधानिक सङ्कट उत्पन्न हुदैनथ्यो होला।

नेपालको राणा शासनमा शासकहरूका अभिव्यक्ति र अभिरुची नै कानून हुन्थ्यो । जनताको दवाव र विश्व परिप्रेक्ष्यले राणा प्रधानमन्त्री पद्म शमशेरलाई २००४ सालमा नेपाल सरकारको मूल कानून बनाउन बाध्य गरायो। २००७ साल पछि जनतालाई केन्द्रविन्दु बनाएर संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गर्ने घोषणा भयो। २००७ साल पौष २४ गते तत्कालीन प्र.म. मोहन शमशेर जवराले देशभरीका सम्पूर्ण वालिगहरूले आम चुनावद्वारा खडा गरेको एक वैधानिकसभा सकभर शिघ्र खडा गर्ने घोषणा गरेका थिए। तर संविधानसभाद्वारा संविधानको निर्माण गर्ने घोषणाकासाथ टुङ्गिएको २००७ सालको क्रान्ति राजनीतिक छलछाम र षड्यन्त्रले गर्दा संविधानसभाको निर्वाचन गराउन सक्ने अवस्थामा विकसित भएन । यसप्रकार २०१० सालमा पुग्दानपुग्दै राजा त्रिभुवनले २००७ सालमा आफैंले घोषणा गरेका मूलभूत कुराहरूलाई फेरी आफैंमा केन्द्रीत गर्ने कार्यले द्वन्द्व र जटिलताको सिर्जना गऱ्यो र तत्कालिन राजा महेन्द्रले २०१५ सालमा आफैंले संविधानको घोषणा गर्नुका साथै संसदीय निर्वाचन गराए पनि करिव १८ महिना नपुग्दै आफैंले मन्त्रीपरिषद् भङ्ग गर्ने कार्य गरेका थिए। यसरी विगतदेखि नै नेपालमा राजाले संविधान घोषणा गर्ने र भङ्ग गर्ने प्रयोग चालु रहेको थियो । त्यसैले के प्रष्ट भएको छ भने जति नै प्रयत्न गरेपनि राजाको तर्फबाट घोषणा हुने संविधानले मुलुकको राजनीतिक निकासा दिन सक्तैन।

२००७ सालमा राजा त्रिभुवनको घोषणाबाट अन्तरिम शासन विधान बनेको थियो । २०१५ सालमा राजा महेन्द्रबाट संविधानको घोषणा भयो । २०१९ सालमा फेरी अर्को संविधान ल्याइयो । २०४७ सालमा राजा वीरेन्द्रबाट राजनीतिक पार्टीहरूको समेत सहमतिमा नयाँ संविधान ल्याइयो। राजा ज्ञानेन्द्रबाट २०५९ असोज १८ गते कार्यकारी अधिकार आफ्नै हातमा लिने घोषणा गरेर त्यसलाई भङ्ग गरियो। २०६१ माघ १९ गते संविधानमा कुनै व्यवस्था नै नभएको र संविधानको मूलमर्म र प्रस्तावना विरुद्ध राजा ज्ञानेन्द्रले आफ्नै अध्यक्षतामा उपाध्यक्ष र पूर्वपञ्च एवम् विभिन्न प्रमुख संसद्वादी पार्टीहरूबाट निश्कासित व्यक्तिहरूलाई राखेर मन्त्रीपरिषद्को गठन गरे। २०६२ फागुन १ गते सर्वोच्च

अदालतले शाही आयोग खारेज गर्ने क्रममा मन्त्रीपरिषद् गठनमा संवैधानिक त्रुटी भएको औल्याउँदा पनि तत्कालै असंवैधानिक सरकार विघटन नगरेर नेपाली जनतालाई आन्दोलनमा उत्रन बाध्य पारियो। २०६२ चैत्र २४ गतेबाट शुरु भएको आन्दोलनले नेपालबाट राजतन्त्रको अन्त्य गरी लोकतन्त्र स्थापना गर्ने नाराका साथ १९ दिन आन्दोलन गरेपछि मात्र राजा ज्ञानेन्द्रबाट कार्यकारी अधिकार फिर्ता भयो र सार्वभौम सत्ता जनता मै रहेको घोषणा भयो। त्यतिले पनि जनआन्दोलन नरोकिएर राजतन्त्र नै समाप्त हुने अवस्था देखिएपछि मात्र विगठित प्रतिनिधिसभा पुनःस्थापना गरियो। यसरी संवैधानिक विषयलाई लिएर नेपालको आधा शताब्दीको इतिहासमा चारजना राजासँग नेपाली जनताको द्वन्द्व चल्दै आएको थियो। त्यसैले के प्रष्ट भएको छ भने जति प्रयत्न गरेपनि राजाको तर्फबाट घोषणा हुने संविधानले मुलुकमा राजनीतिक निकास दिन सकेन। अब संविधानसभाको निर्वाचनबाट मात्र यो मुद्दा टुङ्गो लगाउन सकिन्छ। अबको संविधानको निर्माण तमाम नेपाली जनताले नै गर्नुपर्दछ र संविधानमा आफ्नो निर्णायक हैसियत वा सार्वभौम अधिकार कहिल्यै, कसैले खोस्न नसक्ने गरी स्थापित गर्नु पर्दछ।

मुलुक आज राष्ट्रिय एकता, लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने र कानूनी राज्यतर्फ उन्मुख छ। यस तथ्यलाई साकार पार्न नयाँ शासन व्यवस्था र संविधान अपरिहार्य भै सकेको छ। आजको आवश्यकता भनेको जनताका निर्वाचित प्रतिनिधिहरूले निर्माण गरेको नयाँ संविधान र जनचाहना-अनुसारको नयाँ राजनीतिक व्यवस्था हो।

(ख) सन्तुलित संविधानको निर्माण गर्न :

२०४६ सालको जनआन्दोलनको उपलब्धिस्वरूप नेपालमा नेपाल अधिराज्यको संविधान, २०४७ लागु भएको थियो। तर त्यसमा रहेका कतिपय धाराहरू एक आपसमा बाझिने खालका भएकाले त्यो संविधानले नै राजनीतिक द्वन्द्व बढाएको अनुभव हुन्छ। उक्त संविधान २०४६ को जनआन्दोलनपछि राजा, काङ्ग्रेस र बाममोर्चाबीच भएको त्रिपक्षीय सम्झौता अनुरूप संविधान सुझाव आयोगले ३ महिनाको छोटो अवधिमा गरेको मस्यौदा अनुरूप तत्कालीन अन्तरिम मन्त्रिपरिषद्बाट थपघट गरेर बनाइएको थियो। यसको घोषणा गर्नु अघि जनमत लिनु त के कुनै सर्वदलीय छलफलसमेत गराईएन। त्यसैले उक्त संविधानको कुनै जनाधार नभएको कुरा छर्लङ्ग हुन्छ। पहिलो त उक्त संविधान २०१९ सालको संविधानको पुनर्लेखन थियो। त्यसैले त्यसमा पुरानो र निरङ्कुश शासनका धेरै अवशेषहरू बाँकी थिए। यसका अलावा संविधान सुझाव आयोगमा जनजीवनका सबै क्षेत्र र पक्षको प्रतिनिधित्व पनि गराइएन। साथै संविधान मस्यौदा समितिमा रहेका दलले आधिकारिक रूपमा दिएका सुझावलाई समेत समावेश गरिएन। जस्तो तत्कालीन नेपाल कम्युनिष्ट पार्टी मालेका महासचिव मदन भण्डारीले २०४७ असोज ११ मा बुझाएको २७ बुँदे सुझावको पूरै वेवास्ता गरियो भने यस क्रममा जनतामा निहित सार्वभौमसत्ताको अभ्यास गर्ने प्रक्रिया र कुनै पनि संवैधानिक राजनीतिक विषयहरूमा संसदको निर्णयद्वारा जनमत सङ्ग्रह गर्ने प्रावधानलाई हटाइएपछि यो संविधान एक प्रकारले आधारभूत रूपमा नै अपूर्ण बन्न पुग्यो। यसैको कारण खासगरी २०५९ असोज १८ पछि सार्वभौमसत्ताको विषय विवादग्रस्त बन्न पुगेको थियो। त्यसैबेला दरबारले सक्रिय राजतन्त्र हुने नयाँ संविधान ल्याउने कसरत पनि गऱ्यो। आयोगले जुन संविधान सर्वसम्मत रूपमा निर्माण गरेको थियो त्यो पनि यथावत घोषणा भएन। राजासँगको समझदारीमा प्रमुख भूमिका खेल्ने शक्तिहरूले यसका केही मूलभूत रूपहरूलाई भत्काएर मात्र घोषणा गराउन सफल भए। यी सबै घटनाले उक्त संविधान स्वतन्त्र र निष्पक्ष ढङ्गले मस्यौदा र घोषणा भएको मान्न सकिँदैन।

तत्कालिन राजा वीरेन्द्रबाट २०४७ कार्तिक २३ गते संविधान घोषणामा नै जनताको इच्छाअनुसार नेपालमा पुनः बहुदलीय व्यवस्था स्थापना गरी प्रजातन्त्रलाई सुदृढ गर्न यो संविधान बनाइएको उल्लेख थियो। घोषणामा सम्पूर्ण जनतालाई एकताको सुत्रमा बाँधी नेपाली मात्रको आकांक्षा अनुसार संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको विकास गर्न आयोगले तयार गरेको

मस्यौदालाई मन्त्रीपरिषद्को सिफारिसमा राजाबाट घोषणा भएको र नेपाल अधिराज्यको संविधान २०१९ प्रतिसहरण गरिएको पनि उल्लेख छ।

कूल २३ भाग र १३३ धारा रहेको उक्त संविधानको प्रस्तावनामा "स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्य शक्तिको स्रोत जनता नै हो, लोकसम्मति अनुकूल शासन सञ्चालन गर्ने, जन–आन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा व्यक्त गरेकाले नेपाली जनतामा चीरकाल पर्यन्त सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस भन्ने उद्देश्यबाट अभिप्रेरित भई प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्न र सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न यो संविधान लागू गरिएको" उल्लेख थियो।

२०४७ को संविधान जारी भएको लगत्तैदेखि नै राष्ट्रियसभा सदस्यको मनोनयन र राजदुतहरूको नियुक्तिका बारेमा राजाले स्वेच्छिक अधिकार प्रयोग गर्ने गरेको भन्दै विरोधका स्वरहरू देखिएका थिए। विशेषतः सेनाको बारेमा राजतन्त्रले लगाम नछोडेको कुरा पूर्व प्रमद्वय गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाले २०५९ असोज १८ अगावै विरोध गरिसक्नु भएको थियो। खासगरी २०५९ असोज १८ गते जनतामा निहित सार्वभौमसत्ता र कार्यकारी अधिकार आफैले लिने जस्ता घोषणा भए, जुन संविधानको कुनै धारा, प्रस्तावना र मूल भावनासँग मेल खाएको थिएन। असोज १८ गतेको घटनाबाट यो संविधानका आधारभूत विशेषता– 'जनतामा सार्वभौमसत्ता निहित छ' 'राज्यको स्रोत जनता हो' भन्ने अवधारणा, संविधानको सर्वोच्चता, संसदप्रति उत्तरदायी मन्त्रीपरिषद, देशको कार्यकारी अधिकार मन्त्रीपरिषद्मा रहने व्यवस्था, नागरिकहरूका निम्ति अकुण्ठित मौलिक अधिकार, आवधिक आम निर्वाचन, स्वतन्त्र न्यायलय र कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बीचमा सन्तुलन व्यवस्था प्रणाली निष्प्रभावी बनाइयो।

उक्त घोषणा खासगरी २०६१ माघ १९ गतेको परिवर्तन पछि २०४७ सालमा भएको राजा र जनताका प्रतिनिधि बीचको सम्झौता (सार्वभौमसत्ता जनतामा निहित रहने, जन प्रतिनिधिबाट राज्य सञ्चालन हुने, राजाले प्रधानमन्त्री मार्फत मन्त्रिपरिषद्को सल्लाह र सम्मति मान्नुपर्ने एवम् संवैधानिक राजाको सीमाभित्र रहेर राजाले राष्ट्रिय एकताको प्रतीक तथा संविधानको संरक्षकको दायित्व पूरा गर्नुपर्ने जस्ता कुराहरू) पूरै उल्लङ्घन गरियो। संविधानको धारा १२७ को प्रयोग अरू धारा समेतको मेल खाने किसिमले हुनु पर्नेमा आफ्नो अनुकूल गरियो। प्रजातन्त्र र संविधानको भावनालाई अझ अग्रगमन तर्फ लैजाने र प्रजातान्त्रिक सुदृढीकरण गर्ने उद्देश्यबाट धारा १२७ राखिएको प्रष्ट छ। यो धारा प्रजातन्त्रलाई मार्न होइन, यसको प्रयोग कार्यपालिकाको राय, सिफारिस नलिइकन गर्ने होइन। तर धारा १२७ को प्रयोगबाट संविधानको मर्ममा प्रहार गर्ने कार्य भयो। २०५९ असोज १८ गतेको घोषणामा राजाबाट संविधानको धारा २७(३) प्रयोग भयो। त्यस धाराले राजाबाट संविधानको संरक्षण र पालना गरिने व्यवस्था गरेको थियो। तर संरक्षणको नाममा राजा आफैले सबै अधिकार ग्रहण गर्नसक्ने हक पनि राजा स्वयंमा निहित छ भन्ने गलत अर्थ लगाइयो। राजाले गर्ने संरक्षण भनेको संविधान बमोजिम कार्य गर्नु र त्यसको पालना गर्नु हो। जस्तो राजाबाट मन्त्रीपरिषद्को सिफारिस र सर्वोच्च अदालतको सुझाव बमोजिम कार्य भयो भने मात्र त्यो संरक्षण गरेको ठहरिन्छ। जहाँ अनुकूल पर्छ त्यहाँ संविधान अनुरूप र जहाँ अनुकूल पर्दैन त्यहाँ कुल्चेर काम हुन थाले। संविधानमा व्यवस्था नै नभएको राजाको अध्यक्षतामा उपाध्यक्ष र संसद् बाहिरका व्यक्ति राखेर सरकार गठन भयो। प्रमुख संसदवादी दलको कुनै मान्यता नै राखिएन। भर्खर दर्ता र अझ घोषणा मात्र भएका दलहरूसँग प्रमुख संसद्वादी दललाई समान हुन् भन्ने सावित गराउन भरमग्दुर प्रयास गरियो। राज्य पक्षबाटै प्रमुख संसदवादी दललाई फुटाउने र भिडाउने तथा सकेसम्म किनारा लगाउने धेरै प्रयासहरू भए। मन्त्रीहरू जनउत्तरदायी नभएर राजाप्रति उत्तरदायी र राजाको सपना साकार पार्ने कार्यमा लागेको सार्वजनिक अभिव्यक्ति आउनथाले।

नेपालमा बहुदलीय व्यवस्था पुनः स्थापना गर्ने राजा वीरेन्द्रको वंशनास भएको समयदेखि नेपालका सच्चा बहुदलवादीहरूको पनि दुर्दशा शुरु भयो। सकेसम्म प्रमुख संसदवादी दलहरूलाई भ्रष्टाचारी र आतङ्ककारी सावित गराएर राष्ट्रिय राजनीतिबाट किनारा लगाएरै छाड्ने प्रयास भए। तत्कालीन संविधानका अन्य कमजोरीहरूमा धारा ४ ले गरेको धार्मिक भेदभाव, धारा ६ ले गरेको भाषिक भेदभाव र धारा ९ ले गरेको नागरिकता प्राप्तिबारे गरेको लैङ्गिक भेदभाव आदिलाई लिन सकिन्छ, जसलाई २०६३ जेठ ४ गतेको संसदको घोषणाले परिवर्तन गर्ने निर्णय गरेको छ। संविधानमा उल्लेख हुनुपर्ने तर उल्लेख नगरिएका कुराहरूमा निर्वाचित प्रतिनिधिहरूको प्रत्याहवानको व्यवस्था नहुनु र भूमि, जङ्गल तथा कमजोर वर्ग र लिङ्गका जनताको जिम्मेवारीबारे राज्यलाई बाध्यकारी बनाउने व्यवस्था नहुनुलाई पनि लिन सकिन्छ। सबैभन्दा अहम प्रश्न के छ भने देशमा मूल कानून (संविधान) भनेको राष्ट्रकै शिर हो, जुन एकपटक कुल्चिई सकेपछि फेरी नयाँ जनादेशबाट अनुमोदन नगराई ग्रहण गर्नु अर्थहिन मानिन्छ। त्यसैले संविधानसभाको निर्वाचनबाट संवैधानिक असन्तुलन हटाई सन्तुलित संविधानको निर्माण गर्नुपर्ने जरूरी भएको हो।

(ग) प्रतिगमन सदाका लागि अन्त्य हुन :

नेपालमा अग्रगमन र प्रतिगमनको बीचमा सयौं वर्षदेखि द्वन्द्व चल्दै आएको हो। साधारण अर्थमा प्रतिगमन यथास्थितिलाई पछाडि धकेल्न खोज्ने र अग्रगमन अगाडि बढाउन खोज्ने कार्य हो। राजनीतिमा तानाशाही शासकहरू स्थितिलाई सधैं पछाडि धकेल्न खोजिरहेका हुन्छन् भने जनता र उनीहरूका प्रतिनिधि अगाडि बढाउन खोजीरहेका हुन्छन्। त्यसैले यी दुई पक्षका बीचमा जहिले पनि द्वन्द्व हुने गर्दछ। खासगरी नेपालमा २००७ सालको जनआन्दोलनपछि द्वन्द्वले विभिन्न रूप हासिल गर्दै निरन्तरता दिएको देखिन्छ। २००७ साल यताको इतिहास राजनीतिक अस्थिरता र षड्यन्त्रको इतिहास हो। यो समयमा २०-२२ जनाभन्दा बढी प्रधानमन्त्री भए पनि कसैले आफ्नो कार्यकाल पूर्णरूपले सम्पन्न गर्न पाएनन्। २०१७ सालपछिको राजाको प्रत्यक्ष शासनमा पनि त्यही स्थिति कायम थियो। यस किसिमको अस्थिरताका लागि केबल राजनीतिक दलहरू वा दल नभएको अवस्थामा सम्बन्धित व्यक्तिहरू माथि नै औंलो उठाउने गरिन्थ्यो। खासगरी २०५९ असोज १८ र माघ १९ को घटनापछि नेपालको राजनीतिक अस्थिरतामा दरबारको भूमिका कुन हदसम्म रहेछ भन्ने जनसाधारणलाई समेत प्रष्ट भयो। नेपालमा लोकतन्त्र स्थापनका लागि राजदरबार (राजसंस्था) समस्याका रूपमा देखियो। वि.सं. २००७, २०१५, २०१९ र २०४७ मा राजाले नै दिएको संविधान राजाबाटै उल्लङ्घन भएका थिए। चारवटै राजासँग जनताको मन नमिलेर संविधानसभा बाहेक अर्को विकल्प रहेन। २००७ सालदेखि अहिलेसम्मको ऐतिहासिक घटनालाई नियालेर हेर्ने हो भने नेपालमा संसदीय लोकतन्त्र र राजतन्त्रबीच लगातार सत्ता र शक्तिका लागि द्वन्द्व भैरहेको देखिन्छ। २००७ सालमा संविधानसभाको निर्वाचनको प्रतिज्ञा गर्ने तर त्यो फेरी खोसेर लिने जस्ता कार्यहरू भए। २०१७ सालमा राजा महेन्द्रबाट दलहरूसँग सहमति हुँदाहुँदै सत्ता र शक्तिकै लागि लिप्सा भएको इतिहास साक्षी छ। २०४६पछिका गतिविधिहरूले पनि नेपालमा राजतन्त्र र बहुदलीय प्रजातन्त्र सँगै जान नसक्ने रहेछ भन्ने स्पष्ट पारेको थियो। राष्ट्रियताको संरक्षण तथा विदेशी हस्तक्षेपका नाममा प्रजातान्त्रिक पद्धति समाप्त गरी निरङ्कुशवादी शासन स्थापना गर्ने प्रयास २००७ साल देखि नै पटकपटक हुँदै आएका हुन्। २०४६ पछि कागजी रूपमा सार्वभौमसत्ता जनतामा छ भनिएको थियो तर २०५९ असोज १८ गते राजाबाट 'म' मा छ भने पछि नयाँ द्वन्द्व सिर्जना भयो। दरबारलाई काङ्ग्रेस, वाममोर्चा र दरबार गरी तीन पक्ष मिलेर बनाएको संविधान एक्लै भत्काउने कुनै हक थिएन। संविधानले पनि राजालाई यस्तो अधिकार कहीँ कतै प्रदान गरेको थिएन। परन्तु सशस्त्र सैन्यबलको आडमा जबर्जस्ती त्रिपक्षीय सहमति भत्काउने काम भयो। यसले सशस्त्र बल हातमा छ भने बलपूर्वक संविधानलाई पनि भत्काएर र संविधानमा नै नभएको नयाँ राज्यव्यवस्था स्थापित गर्न सकिन्छ र उचित हुन्छ भन्ने मान्यता स्थापित गर्न खोजेको देखियो।

माओवादी द्वन्द्व समाधान गर्ने प्रयास भैरहेको बेला राजाबाट अर्को द्वन्द्व थपियो । त्यसपछि संसदवादी सात दल र विद्रोही माओवादी बीचको वार्तापछि संविधानसभाबाट दुवै प्रकारका द्वन्द्वको निदानको प्रयास थालिएको थियो ।

संविधानमा राजाका अधिकार बढाउँदा जनताका अधिकार घट्ने र जनताका अधिकार बढाउँदा राजाका अधिकार घट्ने कार्यहरूले द्वन्द्व सिर्जना गरेको थियो । राजाबाट घोषणा भएका हालसम्मका संविधानले सबैको भूमिकालाई स्पष्ट गर्न नसकेकोले द्वन्द्व बढेको थियो । सधैँ सत्ताको खिचातानीले मुलुकमा शान्ति र समृद्धिमा नै बाधा पुऱ्याएको थियो । त्यसैले संविधानसभाको निर्वाचनले राज्यको संरचना र शक्तिको बाँडफाँडलाई सुनिश्चित गर्दछ। प्रतिगमनको सम्भावनालाई सदाका लागि अन्त्य गर्दछ र अग्रगमन र विकासलाई गति दिन नेपालका सन्दर्भमा संविधानसभा बाहेक अर्को विकल्प थिएन।

(घ) सशक्त जनयुद्धको टुङ्गो लगाउन :

२०४८ सालको आम निर्वाचनमा सहभागी भै संसद्मा तेस्रो स्थान प्राप्त गर्न सफल तत्कालीन संयुक्त जनमोर्चा नेपालले २०५२ साल फागुन १ गतेबाट नेकपा माओवादीको नाममा दीर्घकालीन जनयुद्धको घोषणा गर्दै बन्दुक उठाएको थियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति र २०४६ पछि नेपाल कम्युनिष्ट पार्टी एकताकेन्द्र र संयुक्त जनमोर्चाका रूपमा कार्यरत एक राजनीतिक शक्ति नेपाल कम्युनिष्ट पार्टी माओवादीमा रूपान्तरण भएपछि, २०४६ सालको आन्दोलनबाट प्राप्त लोकतन्त्र अधुरो र अपाङ्ग भएकाले त्यसलाई सामन्ती निरङ्कुशतावादीहरूले कुनै पनि बेला अपहरण गर्न सक्तछन् र कथंकदाचित नगरिएमा पनि त्यो अपाङ्ग संविधानभित्रबाट युगौंदेखिको वर्गिय, जातिय, क्षेत्रीय, लिङ्गीय शोषण–उत्पीडनमा परेका बहुसङ्ख्यक जनताले वास्तविक लोकतन्त्रको उपयोग गर्न सक्तैनन् भन्ने मान्यताका साथ नेकपा (माओवादी) जनयुद्धमा होमिएको थियो । उनीहरूले त्यतिबेला नै २०४७ सालको संविधान असन्तुलित र त्रुटीपूर्ण रहेको मूल्याङ्कन गरेका थिए। उनीहरूले त्यतिबेला संविधान जारी गर्ने अधिकार राजालाई सुम्पेर व्यवहारमा सार्वभौमसत्ता राजामा रहेको स्वीकार गरेको आरोप पनि लगाएका थिए। जुन कुरा पछि गएर २०५९ असोज १८ र २०६१ माघ १९ गते राती ११.३० बजे पछिका गतिविधिले सत्य सावित गरिदियो।

नेपाल कम्युनिष्ट पार्टी माओवादीले २०५२ फागुन १ गतेबाट जनयुद्ध शुरु गर्नुअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष पेश गरेको ४० सुत्रीय माग मध्ये ३६ वटा तत्कालै पूरा गर्न र बाँकी ४ वटा राजनीतिक बहसबाट टुङ्ग्याउन सकिने खालका थिए । तर देउवाको माओवादीप्रतिको उपेक्षाभावले त्यस तर्फ खासै महत्त्व दिइएन। पछि माओवादी युद्ध बढ्दै जाँदा सरकारमा बसेकाहरूले दमनबाटै यसलाई सिध्याउने, दमन गर्न सकभर भारत र अमेरिका लगायतका विदेशी मुलुकबाट हतियार र सैन्य सहयोग जुटाउने एवम् कतिपय अवस्थामा त सत्तामा टिक्ने हतियारका रूपमा पनि यसलाई प्रयोग गरे। अमेरिका र भारतको कम्युनिष्ट विरोधी भावनाले गर्दा पनि अनेक षड्यन्त्र भएर वार्ताबाट यो समस्या समाधान हुनै पाएन। कतिसम्म भने अमेरिकाले अफगानिस्तानमा तालिवानहरूलाई आतङ्ककारीको विल्ला र रेडकर्नर नोटिस जारी गरेको र टाउकाको मूल्य तोकेको कुराको देखासेखी गरेर नेपालमा पनि अमेरिकाभक्त बनेका तत्कालीन प्रम शेरबहादुर देउवाले त्यसै गरे । २०४८ सालको लगत्तैबाट नेपाली काङ्ग्रेसका तत्कालीन महामन्त्री तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माले, मसाले र मण्डले एकै हुन् भन्दै प्रजातन्त्रवादी शक्ति बीच फाटो नल्याएको भए, संसद्मा रहेको शक्ति संयुक्त जनमोर्चाका कार्यकर्तालाई दमन र धरपकड गर्दै **किलो सेरा टु** जस्ता अप्रेसन नगरिएको भए, माओवादीले संविधानमा त्रुटी रहेको छ भनी औंल्याएको कुरालाई सम्वेदनशील भएर विचार गरी संसद्बाट संशोधन गरी सच्याउँदै प्रजातान्त्रिक हक अधिकार बढाएको भए र माओवादी जनयुद्ध शुरु भएपछि त्यसलाई वार्ताबाटै टुङ्ग्याउने प्रयास गरिएको भए यो समस्या विकराल बन्ने नै थिएन । २०५२ देखि २०६२ जेठसम्म नै नेपाली काङ्ग्रेस र एमाले लगायतका

संसद्वादी राजनीतिक पार्टीको माओवादीलाई हेर्ने दृष्टिकोण गलत रह्यो । उनीहरूले पटकपटक सरकारमा बस्दा माओवादीलाई आतङ्ककारी र सत्ता बाहिर हुनासाथ क्रान्तिकारी देख्ने भूल गरे । आखिर माओवादीले २०५२ साल फागुन १ गते भने जस्तै राजाबाट प्रजातन्त्रको अपहरण भएर जनआन्दोलनबाट पुनर्स्थापित गर्नु पर्‍यो । त्यसैगरी २०४७ सालको संविधानमा त्रुटी रहेको भन्दै संविधानसभाकै माध्यमबाट त्यसलाई सच्याउने प्रयास गर्नु पर्‍यो । त्यसैले माओवादी जनयुद्धले सिर्जना गरेको द्वन्द्वलाई अन्त्य गर्न र राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गर्न संविधानसभाको निर्वाचन गराउनु बाहेक अर्को विकल्प रहेन ।

नेपालमा माओवादी जनयुद्ध हुनु र बढ्नुमा केही निहित कारण रहेका छन् । ती कारणहरूमा संवैधानिक त्रुटी, २०४६ पछि नेपाली काङ्ग्रेसमा देखिएको सिद्धान्तहिनता *(प्रजातान्त्रिक समाजवादको सिद्धान्त छाडेर संवैधानिक राजतन्त्र र संसदीय बहुदलीय व्यवस्थालाई नै सर्वस्व ठान्ने र पञ्च प्रवृत्तिको अनुकरण गर्ने प्रवृत्ति),* वामशक्तिमाथि शुरु भएको षडयन्त्र र दमन आदि हुन् । नेकपा माओवादीले नेपालमा सही बहुदलीय व्यवस्था स्थापना भएमा आफू बहुदलीय प्रतिस्पर्धामा आउन तयार रहेको प्रतिबद्धता व्यक्त गरिसकेको छ । त्यसैले संविधानसभाको माध्यमबाट मात्र माओवादीले उठाएको राजनीतिक प्रसङ्गहरूको व्यवस्थापन गर्न सकिने अवस्था देखिएको हो । माओवादीहरूले नेपालको अहिलेको राज्यव्यवस्था, राज्य प्रणाली र संविधान बाहिरी रूपमा पूँजीवादी तर भित्री सारमा सामन्ती भएकाले संविधानसभाका माध्यमबाट पूँजीवादी व्यवस्थाको पूर्णता हुँदै समाजवादको बाटोमा राजनीतिलाई रूपान्तरण गर्ने कुरा उठाएका हुन् । त्यसैले पनि संविधानसभा–प्रतिको आकर्षण बढ्दो थियो र माओवादी जनयुद्धबाट सिर्जित द्वन्द्वको समाधान गर्ने एकमात्र उपाय संविधानसभा नै देखिएको हो ।

(ङ) संसदवादी दलहरूको असफलता :

२०१७ सालको फौजी काण्डपछि ३० वर्षसम्म पञ्चायती तानाशाही व्यवस्थासँग लडेका, जेल र नेलको कठोर यातना भोगेका संसदवादी दलहरूले २०४६ सालको जनआन्दोलनबाट बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापना भएपछि पनि जनतामा प्रजातन्त्रको अनुभूति समेत गराउन सकेनन् । उनीहरूमा बहुदलीय संसदीय व्यवस्थाको विश्वव्यापी मूल्य मान्यता र आदर्शका बारेमा साधारण ज्ञान समेत नभए झैं देखियो । २०४८ सालको आमनिर्वाचनको लगत्तै देखि २०४६ सालका आन्दोलनकारी बहुदलवादी शक्तिका बीचमा फुट पैदा गराइयो । आफूलाई प्रमुख बहुदलवादी पार्टी भन्ने नेपाली काङ्ग्रेसले समेत बहुदलवादी शक्तिका बीचमा एकता बढाउने कुनै गतिविधि गरेन । फलस्वरूप समाजमा नातावाद, कृपावाद र प्रजातन्त्रका नाममा मनपरीतन्त्रले प्रश्रय पाउन थाल्यो ।

एकातिर बहुदलवादी स्वयंले व्यवस्थाप्रति वितृष्णा फैलाउने कार्य गरे भने अर्कातिर २०४६ सालको जनआन्दोलनले परास्त गरेको प्रतिगामी तत्त्व र तिनीहरूद्वारा सञ्चालित गरेका पार्टीहरूले आवश्यकताभन्दा बढी नै प्रश्रय पाउन थाल्यो । कतिसम्म भने २०५१ सालको मध्यावधी आम निर्वाचनपछि नेपाली काङ्ग्रेसले पञ्चायती चरित्र र नेपाल कम्युनिष्ट पार्टी एमालेले काङ्ग्रेसी चरित्र अवलम्बन गरेको देखियो । बहुदलीय व्यवस्था कानूनी राज्यको सिद्धान्तमा चल्ने व्यवस्था भएपनि बहुदलीय पार्टीका नेताहरू स्वयं सत्तामा जानासाथ आफूलाई राजा र महाराजाकै दर्जामा राख्न थाले । ३० वर्षसम्म पञ्चायती तानाशाही व्यवस्थासँग लडेका नेपाली काङ्ग्रेस र एमालेका नेताहरू सत्तामा पुग्नासाथ पुरानै संस्कार र संस्कृतिको प्रदुषित राज्यसंयन्त्रका शिकार भए । मुलुकको वास्तविक आर्थिक धरातललाई ख्याल नै नगरी साम्राज्यवादी अर्थतन्त्रले थोपरेका आर्थिक उदारिकरण, भूमण्डलीकरण र निजीकरणका आकर्षक नारा र तिनका आर्थिक जालमा र अझ प्रलोभनमा फसे । मुलुकमा भ्रष्टाचार, अव्यवस्था र कुशासनको कालो बादल मडारियो । एकातिर मुठिभर दुई नम्बरी व्यापारीहरू, केही भ्रष्ट राजनेताहरू र नोकरशाहहरू मालामाला भएभने अर्कातिर राष्ट्रिय अर्थतन्त्र चौपट भयो । गरिबी झन् बढ्यो र वर्ग अन्तराल एवम् वर्गअन्तर्विरोध झन चर्क्यो ।

नेपालमा २०४८ सालपछि जतिपटक मध्यावधी निर्वाचनको सिफारिस भयो ती सबै संविधानको भावना विपरित भए । कुर्सी जोगाउन र प्रधानमन्त्रीको निहित स्वार्थसिद्ध गर्न देश र जनतासँग गद्धारी गर्दै मध्यावधी गर्न पाउने विधान संसारमा कहीँ पनि थिएन । दलहरूको यो गम्भिर गल्ती थियो । उनीहरूले जनतालाई खुसी पार्ने र शक्तिशाली पार्ने भन्दा राजा र शक्ति केन्द्रहरूलाई खुसी पार्ने प्रयास गरेकाले आखिर प्रतिगामी तत्त्वकै सिकार बन्नुपर्‍यो । अहिले बहुदलीय व्यवस्था दोस्रोपटक पुन:स्थापना भएर पनि दलहरूका प्रजातान्त्रिक सीमाहरूको कुनै टुङ्गो लागेको छैन । कस्ता र कति योग्यता एवम् क्षमता भएकाहरू कुन स्तरका व्यक्तिहरू नेता बन्न पाउने हुन्, सत्तारुढ दलले कति कार्यकर्ता प्रशासनमा भर्ना गर्न पाउने हो र भ्रष्टाचार एवम् अनुशासनहिनताको अन्त्यका लागि कुन पार्टीको नीति र कार्यक्रम के हो भन्ने अझै एकिन भएको छैन । भनाईमा बहुदलीय भनिए पनि व्यवहारिक रूपमा निर्दलीय चरित्र नै देखियो । २०४८ सालको निर्वाचनबाट खासगरी प्रमुख घटक नेपाली काङ्ग्रेसमा देखिएको घात र अन्तर्घातले गर्दा पनि बहुदलीय प्रणाली २०५९ असोज १८ गते दुर्घटनामा परेको थियो ।

मुलुकमा प्रजातान्त्रिक वातावरण बनाउने हो र लोकतन्त्रको स्थापना गर्ने हो भने राजनीतिक पार्टीहरूले आ–आफ्नो सीमा, मूल्य, मान्यता र आदर्शको निर्क्यौल गर्नैपर्छ । त्यसैले नेपालमा प्रमुख संसदवादी दलभित्र विद्यमान अप्रजातान्त्रिक चरित्र र असफलतालाई अन्त्य गर्नका लागि संविधानमै केही नवीनतम र कडा उपायहरूको अवलम्बन गरिनु आवश्यक छ । यसका लागि संविधानसभाबाट बनाइएको संविधान नै बढी उपयुक्त हुन्छ ।

२००७ सालमा नेपाली काङ्ग्रेस समेतको उपस्थितिमा, संविधानसभाको निर्वाचनमा जाने सहमतिका साथ दिल्ली सम्झौता भएपनि नेपाली काङ्ग्रेसले यथासमयमा सोका लागि आवश्यक दवाव सिर्जना गर्न सकेन । फलस्वरूप ७ वर्षसम्म जालझेल गरेर २०१५ सालपछि संविधानसभाको निर्वाचनलाई ओझेलमा पारियो । जसले गर्दा देशमा ३० वर्षसम्म तानाशाही पञ्चायती व्यवस्था कायम भयो । २०४८ सालको निर्वाचनपछि पनि दलहरू जनअधिकार र प्रजातान्त्रिक मूल्य मान्यताको स्थापनामा भन्दा सत्ताको लागि आन्तरिक कलहमा फसे । दलहरूमा प्रजातान्त्रिक संस्कारको स्थापना नै हुन सकेन ।

दलहरूको यो असफलता पछाडि संवैधानिक त्रुटी प्रमुख रहेका थिए । विद्यमान संविधानले दलहरूलाई प्रजातान्त्रिक बाटोमा रूपान्तरण गर्न पनि सकेन र अनुशासित बनाउनुका साथै प्रजातान्त्रिक मूल्य, मान्यता र आदर्श अनुरूप ढाल्न पनि सकेन त्यसैले संविधानसभाको आवश्यकता परेको हो ।

दलका नेताहरूले आफ्नो पदको लोभमा संविधानको जथाभावी व्याख्या र प्रयोग गर्न थाले । आफ्नो स्वार्थपूर्ति र आफूलाई सत्तामा टिकाइराख्न संविधानका मूल्य, मान्यता र आदर्शलाई नै कुल्चिने काम भए । २०४८ सालको आमनिर्वाचनको लगत्तै नेपाली काङ्ग्रेसका तत्कालीन महामन्त्री तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ‘माले, मसाले र मण्डले एकै हुन्’ र यो जित पञ्चको पनि जित हो भन्दै २०४६ सालको आन्दोलनकारी शक्तिलाई छिन्न–भिन्न पार्ने र पञ्चप्रवृत्तिलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरे । गिरिजा प्रवृत्तिकै कारण २०४८ सालको संसद्को निर्वाचनमा नेपाली काङ्ग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईले आफू प्रधानमन्त्री हुँदाहुदै पराजय भोग्नु पर्‍यो । सो निर्वाचनको अस्वस्थ प्रतिस्पर्धाले संविधानका पक्षधरहरूलाई सहजै मिल्न नसक्ने गरी विभाजित गर्‍यो । २०४९ को निर्वाचनमा भएको चरम धाँधलीले यसलाई झन चर्कायो । नेपाली काङ्ग्रेस र वामशक्ति मिलाएर २०४६ सालको आनदोलनलाई सफल पार्ने तथा नेपाली राजनीतिका सर्वमान्य नेता कहलाइनुभएका गणेशमान सिंहले राजनीतिक मूलधारबाट किनारा लाग्दै गएर पार्टीनै छाड्नु पर्‍यो । त्यही अन्तरविरोध बढेर नेपाली काङ्ग्रेसमा छत्तिसे र चौहतरे हुँदा पहिलो निर्वाचित संसद्नै विघटन भयो र २०५१ सालको मध्यावधि निर्वाचनबाट नेकपा (एमाले) का अध्यक्ष क. मनमोहन अधिकारको

अध्यक्षतामा अल्पमतको सरकार बन्न पुग्यो। यो सरकार करिब नौ महिना चलेर तुलनात्मक रूपमा लोकप्रिय बन्न लागेको अवस्थामा जबरजस्त ढालेर २०५२ मा नेपाली काङ्ग्रेसका शेरबहादुर देउवाको नेतृत्वमा अर्को सरकार बनाइयो। अस्पतालको सघन उपचार कक्षबाट मनमोहन अधिकारीले दिनु भएको वक्तव्यको व्यहोरा र प्रधानमन्त्री पदबाट दिईएको राजिनामाको क्षण अत्यन्त मर्मस्पर्शी रह्यो। मनमोहन सरकारलाई मध्यावधिको निर्वाचन समेत गर्न नदिइएकाले काङ्ग्रेस र वामपक्षका बीचमा तिक्तता बढ्यो। एमालेको नौ महिने सरकारलाई नेपाली काङ्ग्रेसले जबरजस्ती ढाल्दानै एमालेभित्रको मालेपक्षले राप्रपासँग गठबन्धन गर्न खोजेको थियो तर मनमोहन अधिकारीका कारण त्यतिबेला सम्भव भएन। यही खिचलोबीच संसदमा पुगिसकेको संयुक्त जनमोर्चाको एउटा समूह माओवादी भएर जनयुद्धमा गयो। एमालेले पनि देउवा सरकारलाई गिराउने अभियान जारी राख्यो। देउवा सरकारलाई ढालेर एमाले राप्रपाका लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकारमा गयो। देउवा सरकार ढाल्नमा नेपाली काङ्ग्रेसको गिरिजा समूहले पनि देखिनेगरी योगदान गरेको थियो। फेरि नेपाली काङ्ग्रेसको गिरिजा समूहले राप्रपाका सूर्यबहादुर थापालाई अगाडि सारेर चन्द सरकारलाई ढाल्यो। जसका कारण राप्रपा र एमाले दुवै विभाजित हुन पुगे। नेपाली काङ्ग्रेसको गिरिजा पक्षले थापालाई पनि पूर्णतः काम गर्न दिएन र बीचैमा ढालेर आफ्नो सरकार बनायो। यसैबेला प्रमुख प्रतिपक्षमा रहेको एमाले र नेपाली काङ्ग्रेस मिलेर सरकार बनाई संसदलाई प्रतिपक्ष विहिन अवस्थामा पुऱ्याइयो। फेरी पनि मध्यावधिनै निर्वाचन गराइयो। नेपाली काङ्ग्रेसले पराजयको आभास पाएपछि पार्टीमा एकता ल्याउन कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाउने प्रचार गऱ्यो। नभन्दै भट्टराईको विजय भएपछि उहाँलाई प्रधानमन्त्री बनाइयो तर गिरिजाप्रसाद कोइरालाबाट बीचैमा बलपूर्वक हटाउने काम भयो। उता मालेले पारसलाई शाहज्यादाबाट हटाउन माग गर्दै हस्ताक्षर सङ्कलन गर्दै थियो। बीचैमा दरबार हत्याकाण्ड भयो र राजा वीरेन्द्रको वंशनास भयो। गिरिजाप्रति भट्टराई र देउवाको विरोध यथावत थियो। नभन्दै गिरिजालाई हटाएर देउवा प्रधानमन्त्री भए। माले र एमाले बीचमा एकता भयो। तर देउवाले फेरि संसद विघटन गरेर निर्वाचन गराउन खोज्दा संसद् भङ्ग भयो। स्थानीय निकाय खारेज गरिए। नेपाली काङ्ग्रेस विभाजित भयो। नेपाली काङ्ग्रेस र एमालेले देउवालाई अप्ठेरोमा पार्न प्रधानमन्त्रीमार्फत् चुनाव सार्न तत्कालिन संविधानको धारा १२७ को प्रयोग गर्ने सिफारिस गर्दा असोज १८ गतेको राजनीतिक घटना हुनपुग्यो। सुरुदेखिनै प्रजातन्त्रवादी पार्टीको यस्तो रवैयाबाट फाइदा उठाउँदै दरबार पनि सक्रिय राजतन्त्र स्थापित गर्ने प्रयासमा लाग्यो। जस्तो राष्ट्रियसभाका सदस्यहरू आफै मनोनित गर्ने, राजपरिषद्का सदस्यमा पुराना अनुदारवादी र बहुदल विरोधी सोंच भएकालाई मन्त्रिपरिषद्को निर्णय बिनानै भर्ना गर्ने, राजदूतको नियुक्ति र तक्मा वितरण गर्ने काम पनि आफैं थालियो। राजालाई संविधानभित्र राख्ने प्रावधान रहेको संविधानको धारा ३५ (२) लाई निश्कृय पार्दै लगियो। सत्ता उन्माद र होडबाजीले गर्दा मुख्यगरी नेपाली काङ्ग्रेस र एमालेका नेताहरूमा (२०४७ देखि २०५९ सम्म नै) राजनीतिक निष्ठामा स्खलन, भ्रष्टाचार र सत्ता प्राप्तिका लागि सामन्ति प्रतिगामी तत्त्वसँग अपवित्र गठबन्धन, पार्टी राजनीतिलाई जनसमूदायबाट अलग-थलग पार्ने प्रवृति, सङ्कटकाल, संसद् विघटनको सस्तो प्रयोग, पटकपटक मन्त्रिपरिषद्को विघटन र पूर्वपञ्चहरूसँग मिलेर पनि मन्त्रिपरिषद् गठन गर्न पछि नपर्ने प्रवृति देखा परे। कतिसम्म भने प्रतिगमनको स्पष्ट सुरुवात (२०५९ आश्विन १८) भैसक्दा पनि प्रमुख संसदवादी दलहरूले क्षणिक स्वार्थ र आत्मसमर्पणवादी प्रकृति देखाउन पछि परेनन्। २०५९ असोज १८ गते निर्वाचित प्रधानमन्त्रीलाई 'असक्षम' भएको आरोप लगाएर हटाई लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठन गरिएको सरकारमा समेत एमालेले सहभागिता जनाउने प्रयास गरेको थियो। तर आन्तरिक शक्ति सन्तुलन मिलाउन महासचिवले उपप्रधानमन्त्रीका लागि सिफारिस गरेका व्यक्ति दरबारका लागि अस्वीकार्य भएपछि त्यो प्रयास सफल हुन सकेन। २०५९ चैत्रसम्म नै नेपाली काङ्ग्रेस र एमालेमा अन्यौलता रह्यो। जब तत्कालीन चन्द सरकारले माओवादीसँग वार्ता निर्णायक

विन्दूमा पुऱ्याउने सङ्केत देखियो तब नेपाली काङ्ग्रेस र एमालेले आन्दोलनलाई अगाडि बढाएका थिए। त्यतिबेलै फेरि चन्द सरकारलाई ढालेर नयाँ सरकार बनाउने पहल पनि सुरु गरियो। चन्द सरकारलाई हटाएर सूर्यबहादुर थापाको नेतृत्वमा सरकार गठन भयो। यो सरकार गठन भएको तीन महिनाभित्रै माओवादीसँग जारी वार्ता पनि भङ्ग गरियो। थापाको ८ सदस्यीय एकमना सरकारले गरेका कुकृत्यविरुद्ध नेपाली काङ्ग्रेस र एमाले लगायतका ५ दलले चार महिना लामो रत्नपार्क केन्द्रीत आन्दोलन गरे। जब तत्कालीन पाँच दलको आन्दोलन उत्कर्षमा पुगेको थियो तब राप्रपा र नेपाली काङ्ग्रेस प्रजातान्त्रिकले पनि 'च्याँखे' आन्दोलन सुरु गरे। नभन्दै थापा सरकारलाई हटाएर निश्कलङ्क र स्वच्छ छवि भएकाहरूमध्येबाट प्रधानमन्त्रीको मागभैरहेकै बेला 'असक्षम' भनी हटाइएका शेरबहादुर देउवा विधिवत दर्खास्तनै नहाली प्रधानमन्त्रीमा नियुक्त गरिए। एमालेको सत्ता लिप्सा त्यतिबेला पनि मेटिएको थिएन। गिरिजाले प्रधानमन्त्री पदका लागि सिफारिस नगरेको झोकमा एमाले पनि धारा १२७ अनुसार देउवा सरकारमा सामेल भयो। एमाले आफ्नो पार्टीका मन्त्रीका निर्णयहरू जानाजान लागू नहुँदापनि अन्तिम अवस्थासम्म मन्त्रिपरिषद्बाट हटेन। २०६१ माघ १९ गतेपछि सात दल प्रतिगमन भएको ठहरकासाथ आन्दोलनमा रहेपनि अझै धरमर स्थिति कायमनै रह्यो। शक्ति केन्द्रहरूको इसारा सिरोपर गर्ने कार्य गरेका अनेक उदाहरण छन्। पूर्व प्रम देउवाले पछिल्लो पटक जेलबाट छुटेपछि सात दल र माओवादी बीचको १२ बुँदे समझदारीविरुद्ध व्यक्त गरेका विचार, अमेरिकाको असान्दर्भिक प्रशंसा र आन्दोलनको सफलतापछि पनि सभामुख चयनको सन्दर्भमा सात दलको गठबन्धन छिन्नभिन्न पार्न गरेको प्रयास स्मरणीय छ।

संविधान निर्माणको बेलामा कार्यकारिणी अधिकार अत्यन्त बलियो बनाइएको निर्वाचित प्रधानमन्त्रीलाई कसैले छुन सक्तैन भनिन्थ्यो। संविधान रहुन्जेल नेपालमा प्रधानमन्त्रीविहिन नेपाल बन्नै सक्तैन भनिन्थ्यो। संविधानले निर्वाचित प्रधानमन्त्री, मन्त्रिपरिषद् सबै कार्यकारी अधिकार सम्पन्न छ, संविधानमा राजाको कार्यकारिणी अधिकारलाई हटाइयो, मौसुफलाई सम्मान र आदरको ठाउँ शीरमा राख्यौं र अधिकारविहिन बनायौं भनिन्थ्यो। तर त्यो केवल कागजी गफ मात्र सावित भयो। २०४६ सालपछि तीनपटक संसदको निर्वाचन भयो। तीनवटै संसद्ले पूरा समय काम गर्न पाएनन्। संसदको बैठकमा सांसद्हरू जिम्मेवार रूपमा प्रस्तुत भएनन्, कहिले कोरम नपुगेर बैठक स्थगित भयो, कहिले प्रतिपक्षले महिनौंसम्म संसद चल्न दिएनन्। सांसद्हरूले प्राडो, पजेरो र पुरुष सांसदले सुत्केरी खर्च लिनेसम्मका काम भए। सरकार टिकाउने र गिराउने कार्यका लागि सांसद किनबेच र सुरासुन्दरी–सम्मका काण्डहरू घटे। तर सम्बन्धित पार्टीहरूले संसद्लाई देश र जनताको पक्षमा उपयोग गराउन र आफ्ना सांसदलाई नियन्त्रणसम्म गर्न सकेनन्। सत्तापक्ष र प्रमुख प्रतिपक्षि दलले आ–आफ्नो भूमिका नै स्पष्ट गर्न नसकेको देखियो। संविधान अन्तर्गतका शक्ति संसद, राजनीतिक दल, राजा, न्यायालय र कार्यपालिका आदिको भूमिकालाई पारदर्शी र स्पष्ट बनाएको देखिएन। दलहरूले शासन गरेकै अवस्थामा नेपालको राजनीतिक प्रणाली संसदीय सर्वोच्चताको प्रणाली हो कि संवैधानिक सर्वोच्चताको प्रणाली हो भन्ने विवाद रह्यो। तर त्यसको निरूपण नै गरिएन। त्यतिबेला प्रधानमन्त्रीले जे गरेपनि हुन्छ भन्दै प्रजातन्त्रका नाममा स्वेच्छाचारी कामहरू पनि भए। संविधानले सबैभन्दा बलियो बनाएको भनिएका प्रधानमन्त्रीलाई सम्बन्धित पार्टी र सांसद्हरूले नै कमजोर बनाए। न्यायपालिकालाई विश्वमा कहीं नभएको अधिकार दिएर बलियो पारेको भनियो तर त्यसको समयसापेक्ष अनुगमन गर्न नसक्दा र प्रजातान्त्रिक दृष्टिबाट परिचालन गर्न नसक्दा न्यायपालिका आफै भन्सार भएको आरोप लगाउन नेता र वकिलहरू नै पछि परेनन्। संसद्बाट पारित कानुन अदालतबाट खारेज गरिंदा जनताबाट ताली बज्यो भने नेताहरूले यसको प्रतिबाद समेत गर्न सकेनन्। अख्तियार, निर्वाचन आयोग, लोकसेवा आयोग लगायंतका संवैधानिक निकाय खडा गरिए पनि तिनलाई संवैधानिक परिषद् ऐन बनाएर व्यवस्थित गर्नुको साटो सत्तारुढ दल र तिनका नेताहरूको स्वार्थपूर्तिमा प्रयोग गर्न

थालियो। संवैधानिक निकायमा नियुक्ति गर्दा सत्तामा बसेकाहरूका नातागोता नियुक्त गर्ने र सत्तापक्ष र प्रतिपक्षले मिलेर पद बाँडफाँडको नीति अपनाए। पार्टी कार्यकर्ता नै विश्वविद्यालयका उपकूलपति र संस्थानका जि.एम. हुन थाले। राजनीतिक पीडितका नाममा राष्ट्रको ठूलो धनराशी दुरूपयोग भयो। सुकुम्बासीलाई जग्गा दिने नाममा सत्तामा पहुँच भएकाहरूले राष्ट्रको ठूलो सम्पत्ति व्यक्तिगत बनाए। प्रहरी, निजामति, शिक्षालगायतका प्रशासनमा सकेसम्म राजनीतिकरण, दलीयकरण, गुटबन्दीकरण र भ्रष्टाचारीकरण गरियो। दलहरूको गल्ती कहाँबाट सुरु भयो भन्ने खास किटान गर्नुपर्दा भ्रष्टाचारका अतिरिक्त निर्वाचनमा कस्ता उम्मेदवार उठाउने भन्नेदेखि लिए राष्ट्रिय सभामा महिला, जनजाती, अनुभवी व्यक्ति पुऱ्याएर सरकार कसरी जनप्रतिनिधिमूलक राख्ने बेला–सम्ममा गल्ती भयो। तेस्रो निर्वाचन पछिको संसदमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयंले *'संसदमा तस्कर छन्'* भन्नु भएको थियो। संविधान राम्रो बनाएर मात्र हुँदैन त्यो संविधानलाई प्राण भर्ने कस्तो जनशक्ति छ? त्यसैमा सबै कुरा निर्भर गर्दछ। संवैधानिक निकायमा भर्ने जनशक्ति दलहरूले दिने हो। दलले गरेको गल्तीले गर्दा सम्पूर्ण संविधानको कार्यान्वयन परिचालनमानै गल्ती भएको महसुस गरियो।

२०४६ सालको जनआन्दोलनबाट मुलुकमा बहुदलीय संसदीय व्यवस्था पुनर्स्थापना भएपनि बहुदलवादी राजनेताहरूले सुरुदेखि नै यसलाई जीवनपद्धतिका रूपमा अङ्गिकार गर्न सकेनन्। सत्तामा पुग्नासाथ तानाशाही हुने र सत्ताबाहिर हुनासाथ विद्रोही हुने प्रवृति बारम्बार दोहोरियो। एकातिर रत्नपार्कका सबै बार भत्काइए, संसदका टेबुलकुर्सी तोडफोड भए र एकपटक संसदमा पुगिसकेको शक्तिले राजनीतिक अभिष्ट पूरा गर्न हतियार उठायो भने अर्कातिर सरकारमा बसेकाहरू राजनीतिक समस्या वार्ताका माध्यमबाट समाधान गर्न छाडेर संविधानको मूलभावना विपरीतको आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन बनाउन र राजनीतिक कार्यकर्ताको टाउकाको मोल तोक्न पनि पछि परेनन्। देशको समस्यालाई देखाएर विदेशी सहयोग जुटाउने एक प्रकारको होडनै चल्यो। राजनीतिक पार्टीका नेताहरूले आफूलाई ठीकठाक राख्न नसक्नु अर्थात् आफ्नो छवि क्षमता, आचरण र जनताको प्रतिक्रियामा पर्याप्त ध्यान नदिनु तथा संसदीय प्रजातन्त्रको प्रारम्भिक चरणको अवधारणालाई आत्मसात गर्न नसक्नु, हाम्रो जस्तो विषमताले भरिपूर्ण पछौटे समाजमा सङ्क्रमणकाल लामो हुन्छ, अस्थिरताका शक्तिहरूलाई निश्प्रभावी तुल्याउनु पर्छ भन्ने नबुझ्नु र त्यसका निम्ति विशेष कार्यक्रमको तर्जुमा नगर्नुलाई दोषका रूपमा लिनु पर्छ नेतृत्वकै कमजोरीका कारण प्रायः सबै सरकारहरू सफल हुन सकेनन्। संविधानले राज्य प्रमुखका रूपमा राजालाई स्थापित गरे पनि राजाको सरकार प्रमुख बन्ने आकाङ्क्षाले कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई सुरुसुरुमा निर्देशित र नियन्त्रित गर्दै अन्त्यमा विस्थापित गरेको देखियो। बितेका दिनमा सरकारमा पुगेकाहरूले सम्झौतापरस्त नीति लिएका कारण यस्तो भएको हो। सत्ता प्राप्तिको होडले गर्दा उनीहरू प्रजातन्त्र र जनअधिकारको उपहास गर्दै जनतालाई गौण बनाएर शक्ति केन्द्रहरूलाई खुसी पार्न दौडेको कुरा कसैबाट छिपेको छैन। के भन्न सकिन्छ भने यो संविधान शङ्कैशङ्काका बीचमा निर्माण गरिएको र २०४६ सालमा सम्झौता गर्ने तीनशक्ति बीचको सन्तुलन खल्बलिएकाले प्रतिगमन भएको हो।

बीचबीचमा जतिसुकै झगडा गरे पनि नेपाली काङ्ग्रेस र एमाले लगायतका दलहरू सरकारमा बस्नका र सुखसुविधा बाँडेर लिनका लागि मिलेको देखियो तर तिनले मुलुकको आर्थिक समस्या समाधानका निम्ति, मुलुकको वैदेशिक सम्बन्ध सशक्त सञ्चालनका निम्ति, मुलुकमा देखापरेका विकृतिहरू *(भ्रष्टाचार, ढिलासुस्ती, नाताबाद, कृपाबाद, निर्वाचनमा हुने धाँधली, अपराधीकरण)* अन्त्य गर्न समयमै कुनै ठोस पहल गरेको देखिएन। समग्रमा २०४६ साल पछि र २०५९ आश्विन १८ गते अघिका दलहरूले पनि बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका विश्वव्यापी मूल्य, मान्यता र आदर्श अनुरूप देशलाई हाँक्न सकेनन्। दलहरूले प्रजातान्त्रिक तवरले नेतृत्व र जनविश्वास आर्जन गर्न नसकेपछि राजनीतिक सङ्कट आउँछ। अहिले त्यसैको परिणती हो। मुलुकमा राजा वीरेन्द्रले संवैधानिक

राजतन्त्र स्वीकार गरी सोही अनुरूपको घोषणा *(२३ कार्तिक २०४७)* भै सकेपछि पनि केही व्यक्तिहरूले नेपथ्यबाट सक्रिय राजतन्त्र वा राजाले सक्रिय भूमिका खेल्नुपर्छ भनि आवाज नउठाएका होइनन्। त्यतिबेलै उनीहरूले संविधानमा राजाको प्रभावकारी वा निर्णयक भूमिकाको कुरा उठाएका थिए । राजा वीरेन्द्रको शासनकाल *(२०५८ जेठ १९ गते अघि)* सम्म सक्रिय राजतन्त्र अथवा संविधानमा राजाको नयाँ वा थप भूमिकाको अर्थ, त्यसको स्वरूप र प्रयोजनबारे प्रष्ट धारणाहरू अगाडि आएका थिएनन्। तर, राजा ज्ञानेन्द्र सत्तारुढ भई सञ्चार माध्यमहरूमार्फत *'आफू दाजूले जस्तो चुप लागेर नबस्ने'* विचार सार्वजनिक गरेपछि उपरोक्त कुराहरू क्रमशः टड्कारो रूपमा उठ्न थालेका थिए, जुन राजाको सक्रिय शासनसम्म पुगेको थियो।

उपरोक्त कुराहरूले स्पष्ट गर्दछ कि मुलुकमा जनआन्दोलन अघिको अवस्था आउनुमा राजनीतिक दलमात्र होइन संविधानको संरक्षण र अभिभावकको जिम्मेवारी पाएका राजाको पनि त्यत्तिकै दोष देखिन्छ। संविधानमा रहेको विरोधाभाष, कार्यान्वयनमा रहेको त्रुटी र दलहरूमा विकास हुन नसकेको प्रजातान्त्रिक चरित्रलाई पनि त्यत्तिकै जिम्मेवार ठान्नु पर्दछ । राजाको स्वेच्छाचारी प्रवृत्तिले गर्दा नै जनआन्दोलनबाट विघटित प्रतिनिधिसभा पुनःस्थापना भएको लगत्तै संसदले राजाका सम्पूर्ण अधिकार कटौती गर्न बाध्य हुनुपर्‍यो। २५० वर्षको इतिहासमा राजाले आफ्नो खुट्टामा आफैंले बञ्चरो हान्ने काम गरे। २००७ सालमै स्थापित हुनुपर्ने जनअधिकारहरू ढिलै भएपनि नेपाली जनताले प्राप्त गरेर छाडेका छन् । अब मुलुकको राजनीति क्रमशः लोकतान्त्रिक गणतन्त्रको पक्षमा अगाडि बढेको हो। त्यसैले राजनीतिक पार्टीहरूले आफूलाई समयसापेक्ष रूपमा बदल्न सक्नुपर्दछ।

(च) जनतालाई सार्वभौम अधिकार स्वयम् फैसला गर्न :

जनता प्राकृतिकरूपमा सधैं सार्वभौम हुन्छन्। जनता विना राजा र राज्यको कल्पनासम्म पनि हुन सक्दैन । संसारमा राजा नभए पनि राज्य र जनता हुन्छन्। त्यसैले जनताले आफ्नो भाग्यको फैसला आफैं गर्न पाउनु पर्दछ। आजको जस्तो २१ औं शताब्दीमा जनताद्वारा छनौट भएका प्रतिनिधिबाहेक अरू कसैले पनि जनतामाथि शासन गर्न पाउँदैन।

कानूनी अर्थमा पनि नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएको थियो। संविधानले राज्यशक्तिका स्रोत पनि जनता नै हुन् भन्ने कुरालाई समेत स्वीकार गरेको छ। त्यसैले सार्वभौमसत्ता सम्पन्न जनताले देशको मूल कानून कस्तो बनाउने भन्ने फैसला गर्न पाउनु पर्दछ। जसका लागि कुनै पनि किसिमको बाधा र अवरोध खडा गरिनु हुँदैन।

खासगरी प्रजातान्त्रिक व्यवस्था भएका मुलुकहरूमा जनताद्वारा आफ्ना प्रतिनिधिमार्फत शासन पद्धति निर्माण नगरेसम्म जनता सार्वभौम र राजकीयसत्ता सम्पन्न भएको मानिदैन । संविधानले नै उनीहरूलाई सार्वभौमसत्तासम्पन्न भनी कीटान गरीसकेपछि उनीहरूले आफ्नो संविधान आफै निर्माण गरेर विश्वव्यापी मान्यतालाई नेपालमा पनि स्थापित गर्न पाउनु पर्दछ। जनतामा कैयन चाहना, सीप र भावनाहरू लुकेर बसेका हुन्छन्। विभिन्न कार्यमार्फत व्यवहारिक अनुभव बटुलेका जनताले बनाएको संविधान, ऐन, नियम, एवम् नीति र कार्यक्रम परम्परागत रूपमा शासकहरूले बनाएको भन्दा निश्चय नै राम्रो हुन्छ। यदि जनतालाई देशको मूल कानून संविधान निर्माण गर्ने कार्यमा सरिक गराइयो भने उनीहरूमा राज्यप्रतिको जिम्मेवारीबोध बढेर जान्छ।

स्वतन्त्र सार्वभौसत्ता सम्पन्न जनता अन्तिम र निर्णायक शक्ति हुन् भन्ने मान्यता नै लोकतन्त्रको मूल मर्म हो । त्यसैले संविधानसभालाई जनता सार्वभौमसत्तासम्पन्न हुनुको अभिव्यक्तिका रूपमा लिइएको थियो। संविधानसभाबाट बन्ने संविधानलाई जनताको अभिमतबाट बनेको बैध दस्तावेज पनि भनिन्छ। सार्वभौमसत्ता सम्पन्न जनताले समाजमा विद्यमान विभिन्न किसिमका द्वन्द्व र विवादहरूलाई पनि निकास दिन सक्नुपर्दछ । नेपालका सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी माओवादीले उठाएका प्रश्नहरू, माओवादी र प्रमुख संसदवादी दलबीचको द्वन्द्व तथा समग्रमा राजा र जनताबीचको द्वन्द्वको

जनताले नै निरूपण गरेका छन् । लोकतन्त्रको अभ्यासका विकल्पहरूको लेखाजोखा गरी उपयुक्त नमूना चयन गर्ने, नेपाली आर्थिक, सामाजिक, सांस्कृतिक एकिकरणको एजेण्डालाई सम्बोधन गर्ने, राज्यशक्तिको स्रोत र सञ्चालनका सम्बन्धमा विद्यमान अस्पष्टताहरूलाई पनि संविधानसभाले निर्माण गर्ने संविधानले प्रष्ट गर्नुपर्दछ। समाजको परिवर्तन गर्ने चाहना र क्षमता भएकाहरूलाई सत्ता र शक्तिमा प्रोत्साहन पनि गर्नुपर्दछ। त्यसैले संविधानसभाको निर्वाचनको आवश्यकता परेको हो ।

उपरोक्त कुराहरूका अतिरिक्त संविधानसभाको आवश्यकता धेरै प्रसङ्गले अत्यावश्यक बनाएको छ। जति बेलादेखि इतिहासमा वर्गीय समाज र राज्यसत्ताको उत्पत्ति भयो, त्यति बेलादेखि नै राज्य सञ्चालनका नियम कानुन वा विधि पनि उत्पत्तिको भएको हो । आजभन्दा चार-पाँच सय वर्ष पहिलेको दास र सामन्ती युगसम्म राज्यको मूल नियम कानुन धर्म वा परम्परामा आधारित हुन्थ्यो । आधुनिक अर्थको लिखित संविधानको जन्मचाहिँ सोह्रौं-सत्रौं शताब्दीदेखिको पुँजीवादी युगमा मात्रै भएको हो । त्यसैले समाज विकासक्रम र राज्यसत्ताको चरित्र सँगसँगै संविधानको चरित्र र निर्माण प्रक्रियाको पनि विकास हुँदै आएको कुरा बुझ्न कुनै गाह्रो पर्दैन । फेरि कुनै वस्तुको बाहिरी रूपभन्दा त्यसको भित्री सारतत्त्व प्रधान र मुख्य भएकैले संविधानको पनि त्यसको निर्माण प्रक्रियाभन्दा त्यसको वास्तविक वर्गीय चरित्र प्रधान र मुख्य कुरा हो । त्यस हिसाबले वर्गसङ्घर्षको क्रममा विजयी वर्गले आफ्नो स्वार्थरक्षा अनुकूलको संविधान बनाउनु र निर्माणविधि अपनाउनु स्वाभाविक कुरा हो । तैपनि रूप र सारबीचमा द्वन्द्वात्मक अन्तर्सम्बन्ध हुन्छ र संविधान निर्माणको क्रममा निर्माणविधिको पनि विशिष्ट महत्त्व हुन्छ । फेरि वर्गसङ्घर्षमा एउटा वर्गविशेषले निर्णायक विजय हासिल गर्न नसकेको अवस्थामा सम्झौताको विधान र विधि पनि अपनाउनुपर्ने हुन्छ।

शोषित पिडित जनताको तत्कालीन लक्ष्य र चाहना नयाँ गणतन्त्रात्मक संविधान हो। संसदवादी शक्तिहरूले संविधानप्रदत्त जनअधिकार पनि बहाली गर्न नसकेपछि र जनयुद्धको रूपमा विकसित नेकपा (माओवादी) को सशस्त्र आन्दोलनले आफ्नो एक्लो बलबुतामा मात्रै तत्काल गणतन्त्रलाई संस्थागत गर्ने स्थिति नदेखिएपछि माओवादीले तत्कालीन राजनीतिक निकासको निम्ति न्यूनतम साझा सहमतिको प्रस्तावका रूपमा संविधानसभाको प्रस्तावलाई करिव ९ वर्ष अघिदेखि प्रमुखता दिएको थियो।

जनतालाई नै सबै फैसला गर्न दिने र सबै राजनीतिक शक्तिहरूले आ-आफ्नो वर्गीय दृष्टिकोण अनुसारको संविधानको पक्षमा प्रचार गर्न पाउने विधिलाई नै संविधानसभाको निर्वाचन विधिको रूपमा सबैले स्वीकार गरेका हुन् । संविधानसभा भन्नु नै संविधान जारी गर्ने अन्तिम अधिकार दरबारबाट खोसेर जनतामा ल्याउनु हो, जुन सबभन्दा ठूलो र महत्त्वपूर्ण राजनीतिक अधिकार हो । अहिलेको स्थितिमा संविधानसभाको स्तरसम्म उठी संविधानसभाको निर्वाचन सम्पन्न भई सभासद बन्न सक्नु भनेको पनि प्रतिगामी र रूढीवादी सोचबाट मुक्त हुनु हो। नयाँ संविधान निर्माण कुनै एकको मात्र नभई सबै पक्षको सामूहिक पहलले नै आज मुलुक यो अवस्थामा आएको हुनाले आर्थिक, सामाजिक र साँस्कृतिक छलाङ्ग मार्ने बाटोमा पनि सबैको भूमिका अपरिहार्य रहन्छ।

(छ) वि.सं. २०४६ र २०६२-०६३ को जनआन्दोलनका भावना पूरा गर्न :

नेपालमा जनअधिकारको प्राप्तिका लागि खासगरी २००७ साल अघिदेखि नै निरन्तर जनआन्दोलन हुँदै आएको हो । २००७ सालको जनआन्दोलनले १०४ वर्ष लामो राणा शासनलाई अन्त्य गरेर प्रजातन्त्र स्थापना गरेको थियो। तर त्यो २०१७ सालमा खोसियो। २०४६ सालको जनआन्दोलनले प्रजातन्त्रको पुनः स्थापना गरेको थियो, त्यो पनि २०५९ असोज १८ गते खोसियो। फेरि २०६२ चैत्र २४ गतेदेखि शुरु भएको आन्दोलनले १९ दिन लगाएर सयौंको बलीदानी र हजारौंलाई अङ्गभङ्ग गराएर दोस्रो पटक संसदीय प्रजातन्त्रको पुनःस्थापना गरेको हो । अब २०४६ र २०६२-०६३ को आन्दोलनको भावना कसरी पूरा गर्ने भन्ने प्रश्न उठेको छ। संसदको बैठकले धर्म निरपेक्ष राज्य बनाउने, गणतन्त्रको कागजी

कार्यान्वयन, लगायतका केही निर्णय गरे पनि अझै जनआन्दोलनको भावनाले पूर्णता पाउन सकेको छैन। सम्पूर्ण नेपाली जनताको भावनात्मक सहमती भनेको जनपक्षीय संविधान लेखन र शान्त, सुन्दर र विकसित मुलुकको निर्माण गर्नु हो।

२०४६ सालमा नै नेपालमा आमूल परिवर्तनका लागि आन्दोनल भएको थियो। तर तत्कालीन नेपाली काङ्ग्रेस र वाममोर्चाले २०४६ चैत्र २६ गते दरबारसँग अप्रत्यासित सम्झौता गरेर आन्दोलनलाई टुंग्याइ दिए। त्यतिबेला नेपाली जनताले प्रजातन्त्र र सार्वभौमसत्ता सम्पन्न हुने कुरामा चित्त बुझाएका थिए। पार्टी सङ्गठन गर्न पाउने स्वतन्त्रताले नै त्यतिबेला धेरैलाई आस्वस्त पारेको थियो। २०४६ सालको आन्दोलनको उपलब्धी भनेको संसद, जनतालाई सार्वभौमसत्ता सम्पन्न गराउने संविधान र बहुदलीय संसदीय व्यवस्था नै हो। खासगरी २०५९ असोज १८ गतेको राजाको क़दमपछि उपरोक्त तीनवटै पक्षमाथि प्रहार गरियो। तर २०६२-०६३ सालको आन्दोलनले लोकतन्त्र र गणतन्त्रको माग गरेको हो। त्यसैले त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा त्यतिबेला राष्ट्रिय राजनीतिको महत्त्वपूर्ण र अहम् सवाल भएको थियो। सडकमा सबैभन्दा बढी निरङ्कुश राजतन्त्र, भ्रष्याचारी र विदेशी दलालका विरुद्धमा नाराबाजीहरू भएका थिए। २०६२-०६३ को जनआन्दोलनका पछिल्ला दिनहरूमा झण्डै एक करोड मानिसहरू दिनदिनै सडकमा उत्रिएका थिए। मुलुकका सबै जिल्ला र नगरहरूमा सधैंजसो राजतन्त्रविरुद्ध नारावाजी भएका थिए। जसले गर्दा लोकतन्त्र र जनअधिकारका लागि सडकमा उत्रिएको त्यो जनसागरको भावनालाई कसैले पनि टार्न सक्ने अवस्था रहेन। वि.सं. २०४६ र २०६२-०६३ को आन्दोलनमा व्यक्त विचारको कदर गरी उचित व्यवस्थापन गरिएन भने अब पनि त्यो जनसागर उर्लिन सक्ने अवस्था अरू बाँकी छ। २०६२ चैत्र २४ गतेबाट शुरु भइ १९ दिनसम्म चलेको जनआन्दोलनको मुख्य नारा राजतन्त्रका विरुद्धमा केन्द्रीत थियो भने अधिकांशको मुख्य माग लोकतन्त्र थियो।

हाम्रो जस्तो सामन्तावादबाट पूँजीवादमा सङ्क्रमणको अवस्थामा रहेको समाजमा पूँजीवादी लोकतन्त्रको बोलवाला हुनु स्वाभाविकै हो। नेपालका सन्दर्भमा भन्ने हो भने देशमा असाध्य पिछडिएको अर्धसामन्ति तथा अर्ध-औपनिवेशिक सामाजिक व्यवस्था रहेका कारणले यहाँका संसदवादी अथवा पूँजीवादी, लोकतन्त्रवादी शक्तिहरूले समेत लोकतन्त्रको वास्तविक चरित्रलाई ग्रहण गर्न सकिरहेका छैनन्। जस्तो नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको सेरेमोनियल किङ्गको चाहना अन्त्य भएको थिएन। यो उनीहरूको लोकतन्त्रलाई साँच्चैसँग आत्मसात गर्न नसक्नुको परिणती थियो। कम्युनिष्टहरू यथार्थमा गणतन्त्रवादी हुन्। तथापी उनीहरू सामन्ती राजतन्त्रात्मक शक्तिलाई भन्दा पूँजीवादी लोकतान्त्रिकं शक्तिलाई नजिकको शक्ति मान्दछन् त्यसैले माओवादीले सामन्ती राजतन्त्रसँग लड्न पूँजीवादी संसद्वादी नेपाली काङ्ग्रेस, नेकपा एमाले लगायतका दलसँग १२ बुँदे सहमति गर्न पुगे। फलस्वरूप पूँजीवादी लोकतान्त्रिक शक्तिहरूको विजय भएको छ र राजतन्त्रको पराजय भएको छ। पूँजीवादी र जनवादी लोकतान्त्रिक शक्ति मिलेर सङ्घर्ष गर्दा सामन्ती राजतन्त्रको पराजय भै लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो, जुन यथार्थमा समाजवादी गणतन्त्रमा जाने उत्तम बाटो पनि हो। लोकतन्त्रको समयसापेक्ष व्यवस्थापन गर्न पनि संविधानसभा अत्यावश्यक थियो, जसले कानुनी रूपमा नै राजनीतिक समस्याहरूको हल गर्ने प्रयास गर्दछ। आन्दोलनको मुख्य जोड रहेको राजतन्त्रप्रतिको आक्रोस र लोकतन्त्रको स्थापनाको मागलाई सन्तुलन गर्नका लागि संविधान सभाको गठन बाहेक अर्को विकल्प थिएन।

२.

संविधानसभाको निर्वाचन नयाँ नेपाल निर्माणमा कोशेढुङ्गा

नेपाली जनताद्वारा वि.सं. २००४ मा अर्थात् ६० वर्ष पहिला उठाइएको 'संविधानसभा निर्वाचन' लाखौं नेपालीको बलिदानी पश्चात् २०६४ साल चैत्र २८ गत सम्पन्न भएको छ। २०६४ सालको अन्त्यमा नेपालले आफ्नो इतिहासमा नयाँ कोसेढुङ्गो गाड्न सफल भयो संविधानसभाको निर्वाचन गरेर। २०६५ सालको नयाँ वर्षमा नेपाली जनताले 'संविधानसभा' को नयाँ राजनीतिक सङ्गठन प्राप्त गरेका छन्।

प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा दुई सय चालिस (२४०) जना, समानुपातिक निर्वाचन प्रणालीद्वारा तीनसय पैंतीस (३३५) जना र राजनैतिक पार्टीको सिफारिसमा मन्त्रिपरिषद्बाट नियुक्त छब्बिस (२६) जना गरी जम्मा छ सय एक (६०१) जना सभासद् भएको एक समानुपातिक र समावेशी संविधानसभा निर्माण हुन सक्नु **नयाँ नेपाल** निर्माणका लागि एउटा महत्त्वपूर्ण र ऐतिहासिक परिवर्तन भएको छ। नेपाली जनताले संविधानसभाको निर्वाचनमा नेकपा (माओवादी) पार्टीलाई बहुमतको नजिक राखिदिएको छ भने २०४६ सालको आन्दोलन गर्ने नेपाली काँग्रेस, नेकपा (एमाले) १५-२० प्रतिशतको उपस्थितीमा सिमित गरिदिएका छन्। मधेसवादी नयाँ पार्टी मधेसी जनअधिकार फोरम, तराई मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टीलाई राजनीति गर्न र आफ्नो हैसियत प्रमाणित गर्न मधेसवादी जनताले नयाँ पार्टीलाई ४-५ प्रतिशत मत दिएर संविधान सभामा पठाएका छन्। नेपाली जनताले मतको प्रचलित र परम्परागत मान्यता के देखाएका छन् भने क्रान्ति, आन्दोलन र युद्धपश्चात् नेतृत्वदायी दललाई आफ्नो बहुमत सुम्पिदा रहेछन्। जस्तैः २००७ सालमा युगपरिवर्तनकारी जनक्रान्तिपश्चात्को पहिलो आमनिर्वाचनमा नेपाली काँग्रेसलाई दुई तिहाई बहुमत दिएर संसदमा पठाए। नेपाली काँग्रेस सरकारमा पुगेपछि जनताबीच अलोकप्रिय भएर त्यसको मौका छोपेर २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्रबाट एकदलिय हुकुमी प्रणालीको पञ्चायत व्यवस्था लागु गरे, जुन व्यवस्थाले ३० वर्षसम्म नेपालमा एकछत्र शासन गर्‍यो। उक्त पञ्चायत शासन प्रणाली एकदलीय र निरङ्कुश पद्धति थियो भने राष्ट्रियताका सवालमा संवेदनशील रहेको थियो। नेपाली काँग्रेसको नेतृत्वमा २०४६ सालमा बाममोर्चासहित जनआन्दोलन सम्पन्न भई २०४६ चैत्र २६ गते मध्यरातमा पञ्चायती व्यवस्थाको अन्त्य भई नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्वहाली भयो। त्यसपछि नेपाल अधिराज्यको संविधान २०४७ जारी भई २०४८ सालमा दोस्रो आम निर्वाचन सम्पन्न भई नेपाली काँग्रेस पार्टीलाई साधारण बहुमत जनआन्दोलनको सकृय सहभागी बाममोर्चा भित्रको नेकपा एमालेले सशक्त विपक्षीको भूमिका निर्वाह गर्ने जनादेश पाएको थियो।

त्यस्तै २०५१ सालको तेस्रो आम निर्वाचनमा सबैभन्दा ठूलो दलको रूपमा नेकपा एमाले हुन पुग्यो भने नेपाली काँग्रेस विपक्षमा बस्न पुग्यो। २०५६ सालको चौथो आम निर्वाचनमा नेपाली काँग्रेस पार्टी फेरी बहुमतमा पुग्यो र नेकपा (एमाले) प्रमुख प्रतिपक्षी हुन पुग्यो। २०५८ जेष्ठ १९ मा तत्कालीन राजा वीरेन्द्रको समूल वंश हत्या गरिएपछि नेपालमा उनका माइला भाइ ज्ञानेन्द्र शाह राजाको रूपमा उदाएका थिए। उनले २०५९ साल जेष्ठ १८ गते आफ्नो निरङ्कुशता लाद्न शुरू गरे। २०५९, २०६०, २०६१ र २०६२ सालसम्म

ज्ञानेन्द्र शाहले आफ्नो निरङ्कुशताको अभिष्ट पूरा गरे । त्यसैको फलस्वरूप २०६२ साल मंसिर ७ गते लोकतन्त्रका पक्षधर पार्टीहरू र २०५२ सालदेखी सशस्त्र सङ्घर्ष गरीरहेको नेकपा (माओवादी) बीच १२ बुँदे सहमती भयो । यसै राजनीतिक पृष्ठभूमिको आधारमा सात दल र नेकपा (माओवादी) बीचको २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्न र संविधानसभाको निर्वाचन सम्पन्न गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु प्रत्येक युगान्तकारी घटनापछि कर्तालाई नेपाली जनताले जनादेश दिने गरेका छन्।

२०६४ चैत्र २८ को संविधानसभा निर्वाचनमा परिवर्तनको एजेन्डालाई सशक्त रूपमा नेपाली समाजमा जनयुद्धमार्फत् गोलबद्ध गर्ने नेकपा (माओवादी) लाई नयाँ संविधान निर्माण गर्न प्रमुख भई अगुवाको भूमिका निर्वाह गर्ने जनादेश दिएका छन्।

नेपालको उत्तर आधुनिक कालखण्डमा गठित नेकपा (माओवादी) दल राजनीतिक रणनीतिमा सफल र चतुर खेलाडीको रूपमा प्रस्तुत भएको छ । जनयुद्ध एवम् निर्वाचन रणनीति दुबैमा पोख्त देखिएको नेकपा माओवादी प्रचारशैलीका सम्पूर्ण उपायहरू अवलम्वन गर्न सिपालु पनि देखियो । नेपालका विविध क्षेत्र, भाषा, वर्ग र समुदायमा आवश्यकताअनुसार कडा, नरम र समायोजित रूपमा प्रस्तुत हुनसक्ने, आफ्नो प्रतिस्पर्धीको चाल समयमा बुझ्ने रणनीतिक कलाले गर्दा जनयुद्धकालमा भन्दा पनि शान्ति सम्झौतामा हस्ताक्षर गरीसके पछिको अवधिमा आफ्नो सङ्गठन विस्तार गर्न सफल नेकपा (माओवादी) को अब सत्ता सञ्चालनमा पनि सबै संविधान सभामा उपस्थित राजनैतिक दलहरूसँग सन्तुलन कायम गरी **नयाँ नेपाल** निर्माण गर्ने कामको पूर्ण जिम्मेवारी माओवादीको काँधमा आएको छ।

नेपाली जनता बुद्धिमत्तापूर्ण प्रत्येक दललाई तौलेर विगतमा उसले गरेका कार्यको मूल्याङ्कन गर्दै उसको चरित्र र भूमिका अनुसारको हैसियत प्रदान गर्न सिपालु रहेछन् भन्ने कुरा संविधानसभा निर्वाचनको नतिजाले पुष्टि गरिसकेको छ । परिवर्तनको आशा बोकेर बसेका बहुसंख्यक मतदाता र अन्य शान्तीकामी नेपालीले विद्रोही नेकपा माओवादीलाई संविधानसभाको सबैभन्दा ठूलो दल बनाइदिएर राज्यको साँचो बोक्ने जिम्मेवारी सुम्पिदिएका छन् । यसले गर्दा फेरी उसले सशस्त्र द्वन्द्वमा फर्किनु नपर्ने मतदाताको स्पष्ट जनादेश छ । नयाँ संविधान लेखनको नेतृत्व, लोकतान्त्रिक गणतन्त्र नेपाल सरकारको नेतृत्व माओवादीले नै गरोस् जसले गणतन्त्रको नारा राजनीतिमा स्थापित गर्न सबैभन्दा ठूलो नोक्सानी व्यहोर गर्दै बढी भूमिका खेलेको थियो । तर, पनि माओवादीलाई नेपाली जनताले एकलौटी राज्य सञ्चालन गर्ने जिम्मवारी नदिएर उसले अरू दलसँग मिलेर सहकार्य र सहमतिमा सरकार चलाउनु पर्ने, नयाँ संविधान लेखेर जारी गर्नुपर्ने र नयाँ सङ्घीय प्रणालीको निर्वाचन सम्म गराउनुपर्ने जिम्मेवारी दिएका छन् । जनताले सचेततापूर्वक दिएको आदेश हो यो । अन्तरिम संविधानले तोकेको समयभित्र उक्त जिम्मेवारी माओवादी नेतृत्वको सरकारले पूरा गर्न नसकेमा नेपाली जनताले उसको क्षमताको मूल्याङ्कन आउँदा निर्वाचनहरूमा समेत अवश्य गर्नेछन्।

संविधानसभाको संरचना

संविधानसभा सदस्य निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य शान्तिपूर्ण ढङ्गले सम्पन्न भएकोले मुलुक अब सङ्क्रमणकालिन राजनीतिबाट स्थायित्वतर्फ उन्मुख रहेको छ । नेकपा माओवादीले नेपाली काँग्रेस, नेकपा एमाले, मधेसी जनअधिकार फोरम र तराई मधेस लोकतान्त्रिक पार्टी जस्ता चार प्रमुख पार्टीहरूलाई साथैमा र अन्य साना दलहरूको सहयोग, समर्थन समेत लिएर चल्नुको अन्य कुनै विकल्प छैन । कुल ६०१ सिटमा ८४ प्रतिशत हिस्सा पाँच पार्टीले ओगटेका छन् । यिनै दलको सहकार्य र सहमती नै संविधानसभाको प्रमुख सहमति हुनुपर्दछ, यि दलहरूले गरेको निर्णयले भावी नेपालको संविधान निर्माण गर्दछ।

संविधानसभामा प्रतिनिधित्व गर्ने वामशक्तिहरूले वर्चश्व कायम गरेका छन् । उनीहरू एकतावद्ध भएर प्रयत्न गरेमा नयाँ संविधानमा राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा धेरै परिवर्तन गर्न सकिने वर्तमान संविधानसभाको ज्यादै राम्रो पक्ष हो।

संविधानसभा निर्वाचनको परिणामले नेकपा माओवादीको स्थिती, भूमिका र दायित्वमा अभूतपूर्व हेरफेर ल्याइदिएको छ । २०६३ साल अगाडिसम्म विद्रोहीको स्थितिमा रहेको पार्टी अब देशको शासन व्यवस्थाको प्रमुख बागडोर सम्हाल्ने र नयाँ नेपाल निर्माण गर्ने क्रममा आइपुगेको छ । गणतान्त्रिक नेपालको पहिलो निर्वाचित सरकारको नेतृत्व गर्ने अवसर नेकपा माओवादीले पाएको छ । साथसाथै राज्य पुनःसंरचना सम्बन्धी आफ्नो सोंच नयाँ संविधान लेखेर व्यवहारमा लागु गरेर देखाउनुपर्ने माओवादी सामु चुनौति र अवसर दुवै रहेको छ।

सरकारको नेतृत्व गरेर आम जनतालाई प्रत्यक्ष राहत हुने गरी र परिवर्तनको अनुभूति हुने गरी पहिलेका सरकारले भन्दा फरक ढङ्गले जनमुखी शासन व्यवस्था चलाएर विश्वसामु देखाउनुपर्ने स्थिती पनि उसको सामु आएको छ । नयाँ नेपाल निर्माणका लागि माओवादीलाई अजङ्गका चुनौति अगाडी तेर्सिएका छन्, जस्तै हिजो जस्तो सरकारमा बसेर प्रतिपक्षको व्यवहार गर्न पाउने छैनन्, नियन्त्रणविहिन तल्लो तहका कार्यकर्ताको सही व्यवस्थापन गर्नुपर्ने संविधान सभामा प्रतिनिधित्व गर्ने २५ दललाई सँगै समेटेर लाने सामर्थ्य देखाउनु पर्ने फजुल आश्वासन बाँड्न छाड्नु पर्ने, आर्थिक क्रान्तिको प्राथमिकता अहिलेको समय होइन, संविधान निर्माण नै अहिलेको समय हो ।

संविधान निर्माणको अवधिमा जनतालाई तत्काल राहत हुने जस्तैः महङ्गी घटाउने, इन्धन सजिलै पाउने व्यवस्था गर्ने, विद्युतको लोडसेडिङ्ग अन्त्य गरिनुपर्ने, मुलुकमा शान्ति सुरक्षाको पूर्ण ग्यारेन्टी गरिनुपर्ने, सरकारी कार्यालयहरूमा ढिलासुस्ती र भ्रष्टचारको न्यूनीकरण गर्ने, सबै सभासद्हरू र मन्त्रीहरू मितव्ययी बन्दै आर्थिक लाभ, सुविधा भोगी नबन्ने, समाजका सबै क्षेत्रमा थिति र रिती वा विधिको शासन सञ्चालन गरिनुपर्ने लगायत अन्तरिम संविधान २०६३मा व्यवस्था भएबमोजिमका मौलिक हक मुलुकवासीहरूले बिनाअवरोध अथवा कुनै राजनीतिक दल वा सङ्गठन कसैको डर, त्रास बिना उपभोग गर्न पाउने सुनिश्चित गरिनुपर्ने र राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू राज्यका तर्फबाट सरकारले पूर्ण रूपमा लागू गर्नुगराउनु पर्दछ । यतिनै कुरा व्यवहारमा लागू गरेर देखाउन सकेमा मात्र पनि जनताले ठूलो परिवर्तनको अनुभूति गर्नेछन् । संविधानसभाको अवधिभर माओवादीको सरकारबाट जनताले ठूलो अपेक्षा पनि राखेका छैनन् तर असम्भव अपेक्षा जगाउने काम माओवादी नेतृत्ववर्ग स्वयम्ले गरिरहेका हुनाले मात्र जनताको अपेक्षा बढेको हो त्यो उसले रोक्नुपर्दछ र सबै सभासद्ले असम्भवका पोकाहरू जनतालाई आश्वासनको रूपमा बाँड्ने काम बन्द गर्नुपर्दछ । उसले नेपाली राजनीतिमा लोकतान्त्रिक परिवर्तन ल्याउन सक्यो भने बल्ल उसको नेपाली राजनीतिमा छुट्टै छबी बन्न सक्नेछ।

अन्त्यमा, संविधानसभाको अवधिभर सबै प्रमुख दलको घोषणापत्रमा भएका साझा सहमतिका कुरालाई सरकारले न्यूनतम साझा कार्यक्रम बनाएर सहमति र सहकार्यमा सहज र सरल बनाउँदै अगाडि बढ्नुको विकल्प छैन। तर, हाल आएर माओवादी नेताहरू सुविधाभोगी र सम्झौतापरस्त भएर बिग्रिने बाटोमा जान थालेकामा अविश्वास र माओवादी दललाई सुधारवादी संसदीय भासमा डुबाइदिन्छन् भन्ने त्रास सचेत कार्यकर्ताको ठूलो तप्का अहिले मूल नेतृत्वबाट असन्तुष्ट भएका देखिन्छन् । त्यस्ता भड्किला व्यवहारहरू तुरुन्त बन्द गरेर कबुल गरेका वाचाहरू पूरा गर्दै संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरूसँग हातेमालो गरेर सहमति र सहकार्यका साथ अघि बढ्नु नै माओवादी नेतृत्वमा रहेको सरकारको प्रमुख कर्तव्य हुन जान्छ। यसरी नयाँ संविधान निर्माण भई कार्यान्वयनमा भएमा संविधानसभाको निर्वाचन नयाँ नेपाल निर्माणमा कोशेढुङ्गा अवश्य सावित हुनेछ।

३.

नेपालको पहिलो गणतान्त्रिक संविधान

नेपालको इतिहासमा पृथ्वीनारायण शाहको एकीकरण देखि नै निरङ्कुशतन्त्र संस्थागत हुँदै आएको हो र निरङ्कुशतन्त्रको बिरोध पनि त्यही समयदेखि शुरू हुन थालेको थियो । तर सानातिना बिरोधहरू संस्थागत हुन नपाउँदै शासक र तिनीहरूका मतियारहरूले तुहाइदिने गर्दथे । नियम कानून लिखतमा भन्दा हुकुमी शासन शैलीमा आधारित थियो । पृथ्वीनारायण शाहपछिका राजाहरूले निरङ्कुश भएर पनि शासन चलाउने क्षमता राखेनन् । भाइ–भारदार गुट–उपगुट भएर आफू–आफू लड्दै भिड्दै छिन्नभिन्न भएर आफूहरूलाई कमजोर बनाए । त्यसको अवसर पारेर सैनिकको सामान्य जवान जङ्गबहादुर कुँवर (राणा) ले कोतपर्व जस्ता घटना घटाएर शासनसत्ता कब्जा गरेपछि राणाहरूले शाह राजालाई रबर छाप बनाई देशको सम्पूर्ण कार्यकारी अधिकार आफूलाई श्री ३ घोषणा गरी सबै अधिकार श्री ३ मा सार्न राजालाई दबाब दिए, त्यसपछि करिब १०४ वर्षसम्म राणाहरूको जहानिया हुकुमी शासन चल्यो ।

समयक्रम सँगसँगै तत्कालिन राणा प्राइममिनिष्टर पद्म शमशेरले जनताको दबाबमा २००४ साल मार्ग १३ गते 'नेपाल सरकार वैधानिक कानून' जारी गरेका थिए । यो नै नेपालको पहिलो लिखित संविधान थियो । त्यसपछि तत्कालिन प्रधानमन्त्री श्री ३ मोहन शमशेरले पनि २००७ साल पौष २४ गते वैधानिक सभा खडा गरी संविधान बनाउने आशयको घोषणा गरे, तर त्यो पछि नेपाली काँग्रेसका कारण त्यसै तुहियो । तत्कालिन राजा त्रिभूवनले २००७ साल फागुनमा राजा, राणा र नेपाली काँग्रेस बीच दिल्लीमा भएको सम्झौतामा समेत संविधानसभाको चुनाव गरिने भन्ने कुरा उल्लेख गरिएको थियो । त्यसपछि त्रिभूवनले २००७ साल चैत्र १९ गते नेपालको दोस्रो लिखित संविधानको रूपमा 'नेपाल अन्तरिम शासन विधान' जारी गरे । तत्कालिन राजा महेन्द्रले २०१४ साल माघ १९ को घोषणाद्वारा संविधानसभामा जाने घोषणा खारेज गरी संविधानसभाको चुनाव नगर्ने तर संविधान मस्यौदा आयोग बनाएर संविधान बनाउने घोषणा गरे । महेन्द्रले २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान २०१५ जारी गरेका थिए, यो संविधान नेपालको तेस्रो लिखित संविधान मानिन्छ । त्यसपछि राजा महेन्द्रबाट २०१९ पौष १ गते नेपालको संविधान, २०१९ जारी गरेका थिए जुन संविधानको मस्यौदा ऋषिकेश शाहको अध्यक्षमा गठित संविधान मस्यौदा आयोगले तयार गरेको थियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थालाई समूल नष्ट गरेपछि देशमा बहुदलीय व्यवस्थाको सूत्रपात भयो । त्यसपछी प्रधानन्यायाधिश विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुझाव आयोग गठन भयो । सोही आयोगले दिएको सुझाव अनुसारको संविधानको मस्यौदा २०४७ साल कार्तिक २३ गते तत्कालिन राजा वीरेन्द्रबाट 'नेपाल अधिराज्यको संविधान, २०४७' घोषणा भयो । २०४७ सालमा घोषणा भएको संविधान अपूर्ण र सार्वभौमसत्ता जनतामा निहित नरहेको भनी २०५२ फागुन २ गतेदेखि नेकपा माओवादीले सशस्त्र युद्धको सुरुवात गरेको थियो । त्यसअघि २०५२ माघ २१ गते तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० सूत्रीय माग नेकपा माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले बुझाएका थिए । त्यसपछिका दश वर्ष देश अशान्तिको भूमरीमा फस्यो । सरकार र बिद्रोही बीच हतियार,

गोलाबारूदबिच भिषण युद्ध भए जसको कारण धेरै मानिसहरू मारिए र थुप्रै धनको क्षती भयो। समग्रमा नेपालले ज्यादै ठूलो नोक्सानी व्यहोर्नु पऱ्यो। २०५८ साल जेष्ठ १९ मा नारायणहिटी पर्व भई तत्कालिन गद्दिनसिन राजा वीरेन्द्रको समुल परिवारलाई हत्याद्वारा नष्ट गरियो, त्यसपछि उनका बचेका माइला भाइ ज्ञानेन्द्र शाह राजा भए। गद्दिनसिन भएपछि ज्ञानेन्द्रको निरङ्कुश चाहना बढ्दै गयो। उनको निरङ्कुशता चरमचुलीमा पुगेपछि सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६१ मंसिर ७ गते १२ बुँदे सहमति भई नेपालको राजनीतिले नयाँ बाटो समात्यो। सँगसँगै जस्तो राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते आफ्नो हातमा शासनसत्ताको बागडोर लिए। अर्थात् ज्ञानेन्द्र आफै मन्त्रिपरिषद्को अध्यक्ष भएपछि दल र माओवादी बीचको सामिप्यता झन् बढेर गयो। २०६२ चैत्र २४ देखि निरङ्कुशता सधैंका लागि अन्त्य गर्न जनआन्दोलन भाग-२ को शुरू भई २०६३ साल वैशाख ११ गतेसम्म जम्मा १९ दिने आन्दोलनले प्रतिनिधिसभाको पुनःर्स्थापना गराया र २०६३ वैशाख १७ गते बसेको पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले संविधानसभाको सङ्कल्प प्रस्ताव पारित गरेको थियो। त्यसपछि प्रतिनिधिसभा घोषणा २०६३ ले ऐन नियम र संविधानमा भएका निरङ्कुशका अंश रहेका सबै भाग, धारा, उपधाराहरू खारेजी गरियो।

नेपाली जनताको २००७ साल पहिले देखिको संविधान सभामार्फत् मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने चाहनालाई २०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेको जनअधिकार संरक्षित गर्दै सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता, २०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरू सुनिश्चित गर्दै, सात राजनैतिक दल र नेकपा (माओवादी) बीच पुनः ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बिच सम्पन्न २५ बुँदे आचारसंहिता पछि २०६३ साल कात्तिक २२ गते सात राजनैतिक दल र नेकपा माओवादीका शिर्ष नेताहरूको निर्णय हुँदै नेपाल सरकार र माओवादी बीच २०६३ साल मंसिर ५ गते ऐतिहासिक शान्ति सम्झौता पछि नेपाली जनताले चाहेको शासन व्यवस्था प्राप्तीको बाटो तर्फ अग्रसर भएको थियो।

नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भई २०६३ जेष्ठ १२ गते सर्वोच्च अदालतका तत्कालिन न्यायाधिश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा अन्तरिम संविधानको मस्यौदा तयार गर्न निम्नानुसारको मस्यौदा समिति गठन गरिएको थियो।

(१) **संयोजक** : लक्ष्मणप्रसाद अर्याल

(२) **सदस्यहरू** :
हरिहर दाहाल,
शम्भु थापा,
खिमलाल देवकोटा,
सुशीला कार्की,
परशुराम झा,
छत्रकुमारी गुरुङ्ग,
चण्डेश्वर श्रेष्ठ र
सिन्धुलाल प्याकुरेल,
महादेव यादव,
अग्नि खरेल,
शान्ता राई,
पुष्पा भुषाल,
सुनिल प्रजापती,
कुमार योञ्जन

मस्यौदा समितिले अन्तरिम संविधानको मस्यौदा प्रति सरकारी र माओवादी वार्ता टोलीका संयोजकहरूलाई २०६३ साल भदौ ९ गते बुझाएको थियो।

यो अन्तरिम संविधान-२०६३, सात दलबीच, आआफ्नो पार्टीबीच, नेपाल सरकार र नेकपा (माओवादी) पार्टीबीच पटकपटक वार्ता, छलफल, संशोधन, छाँटकाँट गरी २०६३ साल माघ १ गते प्रतिनिधि सभाद्वारा पारित गरी अन्तरिम विधायिकाद्वारा सोही दिन अनुमोदन गराइएको थियो।

यो संविधानमा २५ भाग, १६७ धारा र ४ वटा अनुसूची रहेका छन्। यो अन्तरिम संविधानको प्रमुख उद्देश्य देशमा संविधानसभाको निर्वाचन समयमै सम्पन्न गराई नयाँ संविधान निर्माण गरी लागु गराउनु रहेको छ। यो संविधानमा प्रमुख रूपमा सात राजनैतिक दल र नेकपा (माओवादी) पार्टीसमेत गरी जम्मा आठ दलको

भूमिका र जिम्मेवारी महत्त्वपूर्ण रहेको थियो भने संविधानसभाको निर्वाचनपछि २५ राजनैतिक दलको उपस्थिती रहेको छ।

नेपालको अन्तरिम संविधान २०६३ लाई ऐतिहासिक जनआन्दोलन–२ को बलबाट बनेको सात राजनैतिक दलको गठबन्धन नेपाल सरकारद्वारा २०६३ पौष ३० गते बसेको मन्त्रिपरिषद् वैठकद्वारा निर्णय गरी सोही दिन प्रतिनिधिसभा समक्ष छलफलको लागि प्रस्तुत गरिएको थियो । विभिन्न राजनैतिक दलहरूले संविधानमा गरिनु पर्ने सुधारको बारेमा आफ्नो सुझाव पेश गरेका थिए। यसरी सुधारको लागि सुझाव दिँदा राष्ट्रिय जनावर गाई होइन एकसिङ्गे गैंडा राखिनुपर्छ भन्ने लगायत अन्य विभिन्न भाग तथा धाराहरूसमेत संशोधन गरिनुपर्ने उल्लेख गरिएको थियो। तर प्रधानमन्त्रीको विशेष अनुरोधमा संविधान जारी हुने महत्त्वपूर्ण कार्यमा संशोधनको निहुँमा नअल्झाउनको लागि केही दलहरूले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिएका थिए भने केहीले फिर्ता लिन इन्कार गरेका थिए। अन्त्यमा मौखिक मत तथा लिखित मत दुवैमा संविधान जारी गर्ने पक्षमा सत् प्रतिशत मत खसेको थियौ । साथै प्रधानमन्त्रीले दल तथा सांसदहरूबाट पेश गरिएको संशोधन प्रस्तावलाई व्यवस्थापिका–संसदको सम्पत्तिको रूपमा लिइएको समेत उल्लेख गर्नुभएको थियो । सोपछि २०६३ माघ १ गते प्रतिनिधि सभाद्वारा पारित गरिएको थियो। त्यसै दिन प्रतिनिधि सभालाई विघटन गरी ३३० जना सांसद सदस्य रहेको अन्तरिम विधायिका घोषणा गरी अन्तरिम विधायिकाको पहिलो बैठकमा पहिलो एजेन्डाको रूपमा **नेपालको अन्तरिम संविधान, २०६३** अनुमोदनका लागि पेश गरिएको थियो । सो विधायिकाले पहिलो निर्णयका रूपमा अन्तरिम संविधान अनुमोदनका लागि आफ्नो निर्णायक मत जाहेर गरी दुई तिहाई भन्दा बढी मतद्वारा अन्तरिम संविधान अनुमोदन भएको घोषणा गरेको थियो। यो संविधानमा २५ भाग, १६७ धारा र ४ अनुसूचीहरू रहेका छन्।

वि.सं. २०६३ माघ १ गते (राती करिव ९:३० बजे) देखि लागु भएको यो संविधानका मुख्य विशेषताहरू निम्नानुसार रहेका छन् :

(क) प्रस्तावनामा 'हामी सार्वभौमसत्ता र राजकीय सत्तासम्पन्न नेपाली जनता' उल्लेख,
(ख) नेकपा (माओवादी) लाई द्वन्द्वबाट प्रतिस्पर्धात्मक राजनीतिको मूलधारमा प्रवेश गराउन सफल,
क्षेत्र नं. ५	१. निगाली २. सहजपुर ३. श्रीपुर ४. बेलादेवीपुर ५. चौमाला ६. गेटा ७. गोदावरी ८. खैराला ९. मालाखेती
क्षेत्र नं. ६	१. फूलवारी २. उर्मा ३. धनगढी न.पा.

(६८) बाजुरा जिल्ला

जम्मा जनसंख्या : १,०८,७८१ **जम्मा गा.वि.स. संख्या : २७**
जम्मा निर्वाचन क्षेत्र : १ **जम्मा नगरपालिका संख्या : ००**

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. वढीगंगा २. मार्तडी ३. जुगाडा ४. गोत्री ५. जगन्नाथ ६. कोटिला ७. वाई ८. जुकोट ९. सापाटा १०. बाँदु ११. विच्छेया १२. रुगिन १३. कोल्टी १४. पाण्डुसैन १५. दहकोट १६. मानाकोट १७. आटीचौर १८. दोगडी १९. गुदुखाती २०. काँडा २१. जयवागेश्वरी २२.वाह्रविसे २३.कुलदेउमाण्डौ २४.ब्रह्मतोला २५.कैलाशमाण्डौ २६.तोलीदेवल २७. छतारा

(६९) डोटी जिल्ला

जम्मा जनसंख्या : २,०७,०६६ **जम्मा गा.वि.स. संख्या : ५०**
जम्मा निर्वाचन क्षेत्र : २ **जम्मा नगरपालिका संख्या : ०१**

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. लाटामाडौं २. कलेना ३. लडागडा ४. गैह्रागाउँ ५. गाँजरी ६. काँडामाडौं ७. खिरसैन ८. पोखरी ९. सानागाउँ १०. बागलेक ११. छपाली १२. डौड १३. गिरीचौका १४. खतीवडा १५. तोलेनी १६. बाँझककनी १७. वरपाटा १८. दहकालिकास्थान १९. कालिकास्थान २०. लामीखाल २१. महादेवस्थान २२. जिजोडामाडौं २३. वनलेक २४. दिपायल न.पा
क्षेत्र नं. २	१. रानागाउँ २. वासुदेवी ३. तीखातर ४. मुडभरा ५. मुढेगाउँ ६. तीजाली ७. पचनाली ८. छतीवन ९. गढसेरा १०. घण्टेश्वर ११. लक्ष्मीनगर १२. निरोली १३. सरस्वतीनगर १४. बर्छेन १५. घाङ्गलागाउँ १६. लानाकेदारेश्वर १७. मान्माकापडी १८. सिमचौर १९. चमराचौतारा २०. घिर्कामाडौं २१. गुगुडा २२. काँनाचौर २३. केदारअखडा २४. साताफेरी २५. भूमिराजमाडौं २६. दुर्गामाडौं २७. कफल्लेकी

(७०) बझाङ जिल्ला

जम्मा जनसंख्या : १,६७,०२६ — **जम्मा गा.वि.स. संख्या** : ४७

जम्मा निर्वाचन क्षेत्र : २ — **जम्मा नगरपालिका संख्या** : ००

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. सुर्मा २. दौलीचौर ३. सुनिकोट ४. काँडा ५. घमेना ६. चैनपुर ७. दातोला ८. मेलविसौनी ९. रिलु १०. भातेखोला ११. मष्टदेव १२. कोटदेवल १३. कैलाश १४. हेमन्तवाडा १५. रिठ्ठापाटा १६. सुबेडा १७. लुयाटा १८. लेकगाउँ १९. कडेल २०. व्यासी २१. मटेला २२. मालुमेला २३. लामाटेला २४. माझीगाउँ २५. पौवागढी २६. कालुखेती २७. पाटादेवल २८. गडराय
क्षेत्र नं. २	१. काफलसेरी २. पिपलकोट ३. दहवगर ४. खिरातडी ५. देउलीकोट ६. भानचौर ७. बाँझ ८. स्याडी ९. देउलेक १०. सुनकुडा ११. रायल १२. मौलाली १३. चौधारी १४. भैरवनाथ १५. दाङ्गाजी १६. पाराकाट्ने १७. कोटभैरव १८. कोइरालाकोट १९. सैनपसेला

(७१) अछाम जिल्ला

जम्मा जनसंख्या : २,३१,२८५ — **जम्मा गा.वि.स. संख्या** : ७५

जम्मा निर्वाचन क्षेत्र : २ — **जम्मा नगरपालिका संख्या** : ००

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. वैजनाथ २. जाल्पादेवी ३. लुङ्गा ४. मार्कु ५. पायल ६. सिउँडी ७. सौकत ८. बावल ९. बुढाकोट १०. देवीस्थान ११. घुङघरकोट १२. दुनी १३. खप्तड १४. पातालकोट १५. सिद्धेश्वर १६. विन्ध्यवासिनी १७. हात्तिकोट १८. कुस्कोट १९. मष्टमाण्डौ २०. नवठाना २१. नन्देगडा २२. ऋषिदह २३. सोडसादेवी २४. ठाँटी २५. भाग्येश्वरी २६. चण्डीका २७. ऋद्धिकोट २८. गजरा २९. वरददेवी ३०. जनालीकोट ३१. तीमिल्सेन ३२. कालिका ३३. दर्ना ३४. सुतार ३५. भाटाकाटिया ३६. तडीगेरा ३७. सान्तडा ३८. बट्टुलासेन ३९. चाफामाण्डू ४०. मालतीकोट
क्षेत्र नं. २	१. बन्नातोली २. जुपु ३. मंगलसेन ४. वस्ती ५. वीरपथ ६. कालागाउँ ७. ओलीगाउँ ८. सेरा ९. जनालीवण्डली १०. कुन्तीवण्डाली ११. बारला १२. विनायक १३. चाल्सा १४. कालेकाँडा १५. कालिकास्थान १६. कुइका १७. लयाटी १८. पुत्लेतौला १९. तौली २०. वयला २१. भैरवस्थान २२. धमाली २३. मुली २४. नाडा २५. रहफ २६. रानीवन २७. तोसी २८. तुर्माखाद २९. बलाता ३०. ढकारी ३१. ढाकु ३२. ढुंगाचाल्ना ३३. घोडासैन ३४. हिच्मा ३५. मष्टावण्डली

महाकाली अञ्चल

(७२) दार्चुला जिल्ला

जम्मा जनसंख्या : १,२१,९९६ — **जम्मा गा.वि.स. संख्या** : ४१

जम्मा निर्वाचन क्षेत्र : १ — **जम्मा नगरपालिका संख्या** : ००

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. व्यास २. सुनसेरा ३. राप्ला ४. धौलाकोट ५. हुती ६. पिपलचौर ७. हिकिला ८. घारी ९. ब्रम्हदेव १०. छापरी ११. काटै १२. खलंगा १३. धाप १४. शंकरपुर १५. मालिकार्जुन १६. भगवती १७. दत्तु १८. उकु १९. लाली २०. खरकडा २१. हुनैनाथ २२. डाँडाकोट २३. शर्मौली २४. रिठ्ठाचौपाटा २५. ग्वानी २६. वोहरीगाउँ २७. गोकुलेश्वर २८. देथला २९. रानीशिखर ३०. शिखर ३१. तपोवन ३२. शेरी ३३. सितौली ३४. लाटिनाथ ३५. गुल्जर ३६. खण्डेश्वरी ३७. घुन्सा ३८. सिष्टि ३९. इयरकोट ४०. खार ४१. धुलीगडा

(७३) डँडेलधुरा जिल्ला

जम्मा जनसंख्या : १,२६,१६२

जम्मा निर्वाचन क्षेत्र : १

जम्मा गा.वि.स. संख्या : २०

जम्मा नगरपालिका संख्या : ०१

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. कोटेली २. माणिलेक ३. वेलापुर ४. नवदुर्गा ५. मष्टमाण्डौं ६. कैलपालमाण्डौ ७. गणेशपुर ८. असिग्राम ९. गाङखेल १०. आलिताल ११. जोगवुढा १२. शिर्शे १३. रुपाल १४. भागेश्वर १५. बगरकोट १६. देवलदिव्यपुर १७. चिपुर १८. भद्रपुर १९. आजयमेरुं २०. समैजी २१. अमरगढी न.पा.

(७४) बैतडी जिल्ला

जम्मा जनसंख्या : २,३४,४१८

जम्मा निर्वाचन क्षेत्र : २

जम्मा गा.वि.स. संख्या : ६२

जम्मा नगरपालिका संख्या : ०१

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. बसन्तपुर २. वासुलिंगा ३. भूमेश्वर ४. पाटन ५. मौनली ६. कैलपाल ७. सकार ८. सिलङ्गा ९. सिद्धपुर १०. सिद्धेश्वर ११. गुजर १२. रौलेश्वर १३. शंकरपुर १४. शिखरपुर १५. चौखाम १६. शिवलिङ्ग १७. थलाकाडा १८. दुगाड १९. सिगास २०. गजरी २१. डिलासैनी २२. मठैराज २३. रुद्रेश्वर २४. महादेवस्थान २५. कोटपटेरा २६. विजयपुर २७. तल्लादेही २८. मल्लादेही २९. हाट ३०. न्वादेऊ ३१. भटना ३२. कुवाकोट ३३. कोटिला ३४. भूमिराज
क्षेत्र नं. २	१. महारुद्र २. मेलौली ३. सलेना ४. गुरुखोला ५. दुर्गाभवानी ६. दहीमाडौं ७. दुर्गास्थान ८. ग्वालेक ९. नागार्जुन १०. गिरेगाडा ११. रोडीदेवल १२. आमचौर १३. मञ्चेश्वर १४. कुलाउँ १५. महाकाली १६. सर्माली १७. उदयदेव १८. शिवनाथ १९. विशालपुर २०. श्रीकेदार २१. न्वाली २२. सितड २३. देउलेक २४. श्रीकोट २५. हटैराज २६. गोकुलेश्वर २७. रिम २८. कटौजपानी २९. दशरथचन्द न.पा

(७५) कञ्चनपुर जिल्ला

जम्मा जनसंख्या : ३,७७,८९९

जम्मा निर्वाचन क्षेत्र : ४

जम्मा गा.वि.स. संख्या : १९

जम्मा नगरपालिका संख्या : ०१

निर्वाचन क्षेत्र नं.	गा.वि.स. / न.पा. हरू
क्षेत्र नं. १	१. श्रीपुर २. लक्ष्मीपुर ३. त्रिभुवन बस्ती ४. पराशन ५. वेलडाँडी ६. रामपुर विलासपुर ७. रौतेली बिचार
क्षेत्र नं. २	१.झलारी २. देखतभुली ३. वाइसेविचवा ४. कालिका ५. कृष्णपुर ६. रैकवार विचवा ७. शंकरपुर
क्षेत्र नं. ३	१. दैजी २. महेन्द्रनगर न.पा.को वडा नं. १,२,३,१५,१८,१९ ३. पिपलाडी ४. सुडा
क्षेत्र नं. ४	१. चाँदनी २. दोधारा ३. महेन्द्रनगर न.पा. को वडा नं. ४,५,६,७,८,९,१०,११,१२,१३,१४,१६,१७

३.१० संविधान सभा सदस्य निर्वाचन, २०६४

२४० क्षेत्रका क्षेत्रगत मतदाता सङ्ख्याको विवरण

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संविधान सभा सदस्यको निर्वाचनको प्रयोजनको लागि २०६३ मङ्सिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएका नेपाली नागरिक कानूनबमोजिम मतदाता हुने व्यवस्था गरिएको थियो । सोअनुसार निर्वाचन आयोगद्वारा नाम सङ्कलन भई संविधान सभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदाताको सङ्ख्या १,७६,११,८३२ पुगेको थियो । मतदाताको सामान्य झलक निम्नानुसार थियो :-

निर्वाचन क्षेत्रगत पुरुष तथा महिला मतदाताको संख्या, २०६३

क्र. सं.	जिल्ला	नि. क्षे	लिङ्ग	निर्वाचन क्षेत्र नं.										जम्मा
				१	२	३	४	५	६	७	८	९	१०	
१	ताप्लेजुङ्ग	२	पु	२८८५४	२५३२२									५४१७६
			म	२८०३५	२५५०३									५३५३८
			जम्मा	५६८८९	५०८२५									१०७७१४
२	पाचथर	२	पु	४०७६०	३७१०७									७७८६७
			म	४०२८८	३७८२८									७८११६
			जम्मा	८१०४८	७४९३५									१५५९८३
३	इलाम	३	पु	३७०१६	३६१५५	३४२२६								१०७३९७
			म	३५९०३	३५६८२	३३०७३								१०४६५८
			जम्मा	७२९१९	७१८३७	६७२९९								२१२०५५
४	झापा	७	पु	४६२७२	४५९४७	४०९३४	४८२३४	५२२७२	३६१२८	५१५३९				३२१३२६
			म	४३८५१	४३९०५	४०१८७	४६२७२	५०२७४	३४६२८	४९०२४				३०८१४१
			जम्मा	९०१२३	८९८५२	८११२१	९४५०६	१०२५४६	७०७५६	१००५६३				६२९४६७
५	संखुवासभा	२	पु	३३६७५	३३०६८									६६७४३
			म	३२९४५	३२४३०									६५३७५
			जम्मा	६६६२०	६५४९८									१३२११८
६	तेह्रथुम	१	पु	४४८९०										४४८९०
			म	४६०४५										४६०४५
			जम्मा	९०९३५										९०९३५
७	भोजपुर	२	पु	४२९४६	४१६५८									८४६०४
			म	४०८४१	४०६०५									८१४४६
			जम्मा	८३७८७	८२२६३									१६६०५०
८	धनकुटा	२	पु	३२००९	३०५९०									६२५९९
			म	३१८५६	३१२७२									६३१२८
			जम्मा	६३८६५	६१८६२									१२५७२७
९	मोरङ्ग	९	पु	३७५०९	४१२६९	४०४६४	३३५१२	३४५६८	३४६१५	३५६६४	३५८३८	३८७९०		३३२२२९
			म	३५६७८	३९३९३	३९४७३	३१६७४	३१२८६	३२४६५	३३६२२	३५२०३	३७८७१		३१६६६५
			जम्मा	७३१८७	८०६६२	७९९३७	६५१८६	६५८५४	६७०८०	६९२८६	७१०४१	७६६६१		६४८८९४
१०	सुनसरी	६	पु	४१७२६	४५२२३	३६४४०	३८२०२	३६५१२	४२१५१					२४०२५४
			म	४२४७७	४५८३३	३६१४५	३६७७६	३४६५५	४१८३३					२३७७१९
			जम्मा	८४२०३	९१०५६	७२५८५	७४९७८	७११६७	८३९८४					४७७९७३
११	सोलुखुम्बु	१	पु	४२७५०										४२७५०
			म	४१४३२										४१४३२
			जम्मा	८४१८२										८४१८२
१२	खोटाङ	२	पु	४७००४	४६०६३									९३०६७
			म	४५८२४	४३९०३									८९७२७
			जम्मा	९२८२८	८९९६६									१८२७९४
१३	ओखलढुंगा	२	पु	३१९९२	३३१९६									६५१८८
			म	३११६४	३३०२६									६४१९०
			जम्मा	६३१५६	६६२२२									१२९३७८
१४	उदयपुर	३	पु	३७०३५	३५९६२	३५८२९								१०८८२६
			म	३८३३६	३६७२३	३६१४३								१११२०२
			जम्मा	७५३७१	७२६८५	७१९७२								२२००२८

क्र. सं.	जिल्ला	नि. क्षे	लिङ्ग	निर्वाचन क्षेत्र नं.										जम्मा
				१	२	३	४	५	६	७	८	९	१०	
१५	सप्तरी	६	पु	३६४७८	३३७७१	४१००८	३३९४३	३१३३४	३२८८५					२०९४१९
			म	३६१५३	३३१०७	३९५०७	३४५७२	३१२२०	३२७३४					२०७२९३
			जम्मा	७२६३१	६६८७८	८०५१५	६८५१५	६२५५४	६५६१९					४१६७१२
१६	सिराहा	६	पु	३३१०८	३५७२९	४१०९८	३४०९०	३८५६०	४०२७६					२२२८६१
			म	३३२५३	३४५७७	३७७४०	३३०२२	३५८६०	३७०४०					२११४९२
			जम्मा	६६३६१	७०३०६	७८८३८	६७११२	७४४२०	७७३१६					४३४३५३
१७	दोलखा	२	पु	४१२१०	४०९६७									८२१७७
			म	४२४५१	४१३००									८३७५१
			जम्मा	८३६६१	८२२६७									१६५९२८
१८	रामेछाप	२	पु	४५०८४	४४६८३									८९७६७
			म	४३९५७	४६३०२									९०२५९
			जम्मा	८९०४१	९०९८५									१८००२६
१९	सिन्धुली	३	पु	३००३५	३८५४०	३२७२६								१०१३०१
			म	३०४५६	३८१९८	३२९६३								१०१६१७
			जम्मा	६०४९१	७६७३८	६५६८९								२०२९१८
२०	धनुषा	७	पु	३५४३८	३२५८६	३३९४२	४०५९१	३२७०९	३७०७२	३३८०९				२४६१४७
			म	३११०२	२८५७९	३०१८१	३५०२१	२८४३१	३३४५७	३०३०७				२१७०७८
			जम्मा	६६५४०	६११६५	६४१२३	७५६१२	६११४०	७०५२९	६४११६				४६३२२५
२१	महोत्तरी	६	पु	३२६०९	३४७७४	३६०१९	३७१३६	३३६९२	३२९२८					२०७१५८
			म	३०८२९	३०८३०	३२६८४	३३२३४	२९९१६	२९८२२					१८७३१५
			जम्मा	६३४३८	६५६०४	६८७०३	७०३७०	६३६०८	६२७५०					३९४४७३
२२	सर्लाही	६	पु	४१४३८	४०९६७	४१७११	३९११९	३९०५६	३९२८२					२४१५७३
			म	४००३९	३९८५५	३९७५०	३६२७५	३६०६७	३७९३०					२२९९१६
			जम्मा	८१४७७	८०८२२	८१४६१	७५३९४	७५१२३	७७२१२					४७१४८९
२३	रसुवा	१	पु	१६४७४										१६४७४
			म	१५९६८										१५९६८
			जम्मा	३२४४२										३२४४२
२४	धादिङ्ग	३	पु	४२०२९	५०५६८	४५६१९								१३८२१६
			म	४२४६६	५०८७७	४४७००								१३८०४३
			जम्मा	८४४९५	१०१४४५	९०३१९								२७६२५९
२५	नुवाकोट	३	पु	४३७२९	३९९४९	३९९१६								१२३५९४
			म	४४५२१	३९३५९	३९७४१								१२३६२१
			जम्मा	८८२५०	७९३०८	७९६५७								२४७२१५
२६	काठमाण्डौ	१०	पु	२५६३९	३३२५३	२५३९४	३१२२५	३१०३५	२८०१३	२८९५८	२७५८१	३२४९१	३१७७१	२९५३६०
			म	२५५३२	३३८८८	२५८६४	३१६०४	३१९०१	२८७३३	२९९९६	२८९७३	३३७६३	३२०१७	३०२२७१
			जम्मा	५११७१	६७१४१	५१२५८	६२८२९	६२९३६	५६७४६	५८९५४	५६५५४	६६२५४	६३७८८	५९७६३१
२७	भक्तपुर	२	पु	३६१७८	४१३१५									७७४९३
			म	३८४०१	४३५७०									८१९७१
			जम्मा	७४५७९	८४८८५									१५९४६४
२८	ललितपुर	३	पु	३२२६९	३९३४४	४३७६०								११५३७३
			म	३३०२५	४१०८७	४५८४३								११९९५५
			जम्मा	६५२९४	८०४३१	८९६०३								२३५३२८
२९	काभ्रेपलान्चोक	४	पु	४०५३०	३७९८६	३७०९२	४२३६९							१५७९७७
			म	४१८६०	३८८९८	३८८३७	४४१३३							१६३७२८
			जम्मा	८२३९०	७६८८४	७५९२९	८६५०२							३२१७०५
३०	सिन्धुपाल्चोक	३	पु	४५६०६	४३५१४	४०३९२								१२९५१२
			म	४६३५५	४४५५३	३९९३७								१३०८४५
			जम्मा	९१९६१	८८०६७	८०३२९								२६०३५७
३१	मकवानपुर	४	पु	३८३९६	३२९७१	४१६७३	३३१६६							१४६२०६
			म	३७५२९	३२५१२	४०९५०	३१६७१							१४२६६२
			जम्मा	७५९२५	६५४८३	८२६२३	६४८३७							२८८८६८
३२	रौतहट	६	पु	३४३११	२९८४१	३००४५	३२९२३	३१८४१	३३१७५					१९२१३६
			म	३१५५४	२९३०१	२८१४०	३०६३७	३०६७९	३१२०३					१८१५१४
			जम्मा	६५८६५	५९१४२	५८१८५	६३५६०	६२५२०	६४३७८					३७३६५०

क्र. सं.	जिल्ला	नि. क्षे	लिङ्ग	निर्वाचन क्षेत्र नं.										जम्मा
				१	२	३	४	५	६	७	८	९	१०	
३३	वारा	६	पु	३२८३३	३४१३०	३४३७२	३१४७२	३२८६८	३६५७१					२०२२४६
			म	३११९७	३१७३२	३२०८५	२९७१५	३२८१४	३६२१४					१९३७५७
			जम्मा	६४०३०	६५८६२	६६४५७	६११८७	६५६८२	७२७८५					३९६००३
३४	पर्सा	५	पु	३७३६९	३४९९९	३६१३७	३५९६७	४१८१०						१८६२८२
			म	३४४८८	३३०६७	३३५२५	३४४६३	४११८८						१७६७३१
			जम्मा	७१८५७	६८०६६	६९६६२	७०४३०	८२९९८						३६३०१३
३५	चितवन	५	पु	३७४९८	३९२३१	३८४३५	४२१४१	३४६२९						१९१९३४
			म	३७६३२	३८५६२	३७७०९	४२५४३	३४२००						१९०६४६
			जम्मा	७५१३०	७७७९३	७६१४४	८४६८४	६८८२९						३८२५८०
३६	गोरखा	३	पु	४३८४५	४२७२६	३७९३८								१२४५०९
			म	४४२७२	४२५१७	३८६४७								१२५४३६
			जम्मा	८८११७	८५२४३	७६५८५								२४९९४५
३७	मनाङ्ग	१	पु	३४६५										३४६५
			म	३९४२										३९४२
			जम्मा	७४०७										७४०७
३८	लमजुङ्ग	२	पु	३७३७५	३८५७७									७५९५२
			म	३७४८९	३९८९४									७७३८३
			जम्मा	७४८६४	७८४७१									१५३३३५
३९	कास्की	४	पु	४३६४४	३५३२८	३३९८४	४२९८५							१५५९४१
			म	४५८३९	३६७३९	३३८६८	४३२४८							१५९६९४
			जम्मा	८९४८३	७२०६७	६७८५२	८६२३३							३१५६३५
४०	तनहु	३	पु	४३६०३	४६४९९	४३३९४								१३३४९६
			म	४३६८३	४६८८१	४३५५८								१३४१२२
			जम्मा	८७२८६	९३३८०	८६९५२								२६७६१८
४१	स्याङ्गजा	३	पु	५१७६३	४९८७१	४५५५८								१४७१९२
			म	५२८८२	४९३७४	४५९९४								१४८२५०
			जम्मा	१०४६४५	९९२४५	९१५५२								२९५४४२
४२	गुल्मी	३	पु	३६९७२	५२८८६	४२१४७								१३२००५
			म	३७०९८	५२००२	४०५६४								१२९६६४
			जम्मा	७४०७०	१०४८८८	८२७११								२६१६६९
४३	पाल्पा	३	पु	३५३६३	३५५७१	३७२९४								१०८२२८
			म	३५५४६	३४८६९	३६६३८								१०७०५३
			जम्मा	७०९०९	७०४४०	७३९३२								२१५२८१
४४	अर्घाखाची	२	पु	४४५९५	४७३७१									९१९६६
			म	४३४३९	४५२८९									८८७२८
			जम्मा	८८०३४	९२६६०									१८०६९४
४५	नवलपरासी	६	पु	३८३८५	३५५५०	४०१२२	३५७२६	३५५२३	३१९५५					२१७२६१
			म	३७७१३	३५०१५	३९४३३	३५३२६	३४३३४	२८९३६					२१०७५७
			जम्मा	७६०९८	७०५६५	७९५५५	७१०५२	६९८५७	६०८९१					४२८०१८
४६	रूपन्देही	७	पु	३९४३०	३९८०५	४०४२४	४३६७७	३६९१८	३६०६८	३१२८१				२६७६०३
			म	३८२८२	३७७५६	३९६१९	४२७६२	३५१२९	३२४११	२९३३६				२५५२९५
			जम्मा	७७७१२	७७५६१	८००४३	८६४३९	७२०४७	६८४७९	६०६१७				५२२८९८
४७	कपिलवस्तु	५	पु	३८०७७	३५३७९	३४६५३	३४२८३	३५३११						१७७७०३
			म	३७३७१	३४६०९	३३७६३	३२६९५	३२८१३						१७१२५१
			जम्मा	७५४४८	६९९८८	६८४१६	६६९७८	६८१२४						३४८९५४
४८	मुस्ताङ्ग	१	पु	६०२७										६०२७
			म	५८६२										५८६२
			जम्मा	११८८९										११८८९
४९	म्याग्दी	१	पु	४४०५७										४४०५७
			म	४४०९०										४४०९०
			जम्मा	८८१४७										८८१४७
५०	वाग्लुङ्ग	३	पु	३८९६३	३७२१९	३५७९६								१११९७८
			म	४०६४२	३७७५०	३५९९५								११४३८७
			जम्मा	७९६०५	७४९६९	७१७९१								२२६३६५

क्र. सं.	जिल्ला	नि. क्षे	लिङ्ग	निर्वाचन क्षेत्र नं.										जम्मा
				१	२	३	४	५	६	७	८	९	१०	
५१	पर्वत	२	पु	३६१७९	३६१९४									७२३७३
			म	३६८११	३५९५०									७२७६१
			जम्मा	७२९९०	७२१४४									१४५१३४
५२	रूकुम	२	पु	३२४७३	३३३६२									६५८३५
			म	३१७२२	३३३९०									६५११२
			जम्मा	६४१९५	६६७५२									१३०९४७
५३	रोल्पा	२	पु	३६०८४	४१३०५									७७३८९
			म	३५४२०	४११५७									७६५७७
			जम्मा	७१५०४	८२४६२									१५३९६६
५४	प्यूठान	२	पु	३८१९१	४२४५५									८०६४६
			म	३८४२४	४१४९१									७९९१५
			जम्मा	७६६१५	८३९४६									१६०५६१
५५	सल्यान	२	पु	३९११६	४०८४४									७९९६०
			म	३८९९१	४०९४३									७९९३४
			जम्मा	७८१०७	८१७८७									१५९८९४
५६	दाङ्ग	५	पु	३६७६८	३३२९१	३६४००	३८०७४	३५४९१						१८००२४
			म	३५१९५	३२५९३	३७३४३	३८३०६	३५३९९						१७८८३६
			जम्मा	७१९६३	६५८८४	७३७४३	७६३८०	७०८९०						३५८८६०
५७	डोल्पा	१	पु	१०६७९										१०६७९
			म	११२५३										११२५३
			जम्मा	२१९३२										२१९३२
५८	मुगु	१	पु	१६८०५										१६८०५
			म	१६९१५										१६९१५
			जम्मा	३३७२०										३३७२०
५९	जुम्ला	१	पु	३१०११										३१०११
			म	३०८५७										३०८५७
			जम्मा	६१८६८										६१८६८
६०	कालिकोट	१	पु	३९२९८										३९२९८
			म	४०९५४										४०९५४
			जम्मा	८०२५२										८०२५२
६१	हुम्ला	१	पु	१४९५५										१४९५५
			म	१५१३४										१५१३४
			जम्मा	३००८९										३००८९
६२	जाजरकोट	२	पु	२६१७०	२२५०२									४८६७२
			म	२५९७०	२२६६२									४८६३२
			जम्मा	५२१४०	४५१६४									९७३०४
६३	दैलेख	२	पु	४०७७९	४२६९२									८३४७१
			म	४१३८४	४२९३१									८४३१५
			जम्मा	८२१६३	८५६२३									१६७७८६
६४	सुर्खेत	३	पु	३३५९७	३७९३९	३४५८२								१०६११८
			म	३४३१६	३८८०७	३४९४२								१०८०६५
			जम्मा	६७९१३	७६७४६	६९५२४								२१४१८३
६५	वाके	४	पु	३४१०६	३१३९७	३११२९	३४५२५							१३११५७
			म	३२८९१	२८५५७	२८१२६	३२८९१							१२२४६५
			जम्मा	६६९९७	५९९५४	५९२५५	६७४१६							२५३६२२
६६	वर्दिया	४	पु	३५६३९	३४७३७	३४७७४	३३५०४							१३८६५४
			म	३५३८५	३२७७०	३४०१२	३३३५९							१३५५२६
			जम्मा	७१०२४	६७५०७	६८७८६	६६८६३							२७४१८०
६७	वाजुरा	१	पु	३९८०२										३९८०२
			म	४०९१९										४०९१९
			जम्मा	८०७२१										८०७२१
६८	अछाम	२	पु	४६९२७	४६७७८									९३७०५
			म	५०२२२	४८९२९									९९१५१
			जम्मा	९७१४९	९५७०७									१९२८५६

क्र. सं.	जिल्ला	नि. क्षे	लिङ्ग	निर्वाचन क्षेत्र नं.										जम्मा
				१	२	३	४	५	६	७	८	९	१०	
६९	बझाङ	२	पु	३१९१९	३१५७५									६३४९४
			म	३३११६	३३१०९									६६२२५
			जम्मा	६५०३५	६४६८४									१२९७१९
७०	डोटी	२	पु	३७९२२	३३७८४									७१७०६
			म	४००५९	३४२०४									७४२६३
			जम्मा	७७९८१	६७९८८									१४५९६९
७१	कैलाली	६	पु	४०८९५	४०७२०	३६०२५	३९८२८	४०५३२	४१२२७					२३९२२७
			म	४०५५६	४०५३५	३५७४७	३९९१२	३९९१९	३९५४०					२३६२०९
			जम्मा	८१४५१	८१२५५	७१७७२	७९७४०	८०४५१	८०७६७					४७५४३६
७२	दार्चुला	१	पु	४३३७९										४३३७९
			म	४३२८२										४३२८२
			जम्मा	८६६६१										८६६६१
७३	वैतडी	२	पु	३९९६३	४५७७४									८५७३७
			म	४०१८६	४५२८९									८५४७५
			जम्मा	८०१४९	९१०६३									१७१२१२
७४	डडेल्धुरा	१	पु	५०३५५										५०३५५
			म	५००५२										५००५२
			जम्मा	१००४०७										१००४०७
७५	कन्चनपुर	४	पु	३३८१३	४१७०५	३४६८९	३४१९५							१४४४०२
			म	३३६१६	४००३१	३३४२९	३२८४१							१३९९१७
			जम्मा	६७४२९	८१७३६	६८११८	६७०३६							२८४३१९
										मुलुकभरका कुल मतदाता संख्या :-				१७६११८३२

विकास क्षेत्रगत पुरुष तथा महिला मतदाताको जम्मा संख्या, २०६३

विवरण	विकास क्षेत्र					कुल जम्मा
	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	
पुरुष	२१३४१९६	२९४०९२६	१८६९७५६	११०४६७४	८३१८०७	८८८१३५९
महिला	२०८०१६७	२८७१६४८	१८४८६७५	१०९४४९०	८३५४९३	८७३०४७३
जम्मा	४२१४३६३	५८१२५७४	३७१८४३१	२१९९१६४	१६६७३००	१७६११८३२

निर्वाचन क्षेत्र सङ्ख्याअनुसारका जिल्ला सङ्ख्या

क्र.सं.	विवरण	संख्या	क्र.सं.	विवरण	संख्या
१.	एक क्षेत्र भएको जिल्ला	१४	६.	छ क्षेत्रको जिल्ला	९
२.	दुई क्षेत्रको जिल्ला	२३	७.	सात क्षेत्रको जिल्ला	३
३.	तीन क्षेत्रको जिल्ला	१४	८.	आठ क्षेत्रको जिल्ला	०
४.	चार क्षेत्रको जिल्ला	६	९.	नौ क्षेत्र भएको जिल्ला	१
५.	पांच क्षेत्र भएको जिल्ला	४	१०.	दस क्षेत्रको जिल्ला	१

चौथो खण्ड

दलहरूको
घोषणा / सङ्कल्प / प्रतिबद्धता

१.

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

संविधान सभा निर्वाचन, २०६४ को प्रतिबद्धता–पत्र

'नयाँ नेपाल निम्ति नयाँ विचार र नयाँ नेतृत्व'

आदरणीय नेपाली दिदीबहिनी तथा दाजुभाइहरू,

झण्डै साठी वर्षदेखिको तपाईं हाम्रो सपना पूरा हुँदैछ । हामीले नयाँ इतिहास निर्माण गर्दै छौँ । हजारौँ वर्षदेखिको पुरानो नेपाली इतिहासले कोल्टे फेर्दैछ । सामन्तवाद र राजतन्त्रको कालो युग समाप्त हुँदैछ । हामी पुँजीवादी लोकतन्त्र र गणतन्त्रको नयाँ युगमा प्रवेश गर्दैछौँ । हामी छिट्टै यो युगीन परिवर्तनको लिखत तयार गर्ने संविधानसभाको निर्वाचनमा जाँदैछौँ । नेपाली जनतामा निहीत सार्वभौम एवम् राजकीय सत्ताको उच्चतम अभ्यास गर्दै नेपाली इतिहासमा पहिलो पटक हामी आफ्नो भाग्यरेखा आफैँ कोर्न र आफ्नो संविधान आफैँ लेख्न संविधानसभाको निर्वाचनको सँघारमा छौँ । यो महान् तथा ऐतिहासिक अवसरमा संविधानसभा र गणतन्त्रको निम्ति करिब ६ दशकदेखि सङ्घर्ष गर्दै आइरहनुभएका तपाईंहरू सबैलाई हामी हार्दिक अभिनन्दन गर्दछौँ र बधाइ तथा धन्यवाद ज्ञापन गर्दछौँ ।

सर्वप्रथम, यस पुनीत अवसरमा हामी सामन्तवाद, साम्राज्यवाद र राजतन्त्रका विरुद्ध लड्दा–लड्दै आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूको स्मरण गर्दै वहाँहरूप्रति उच्च सम्मान प्रकट गर्दछौँ । यस सिलसिलामा हामी सामन्तवाद विरुद्ध पहिलो विद्रोहको झन्डा उठाउने लखन थापामगर र साथीहरू, १९९७ सालका सहिद गङ्गालाल श्रेष्ठ र साथीहरू र २००७ सालका आन्दोलनका योद्धाहरूको सम्झना गर्दछौँ । हामी भीमदत्त पन्त र सहयोद्धाहरूको सम्मान गर्दछौँ र पञ्चायती निरङ्कुश–कालका झापा आन्दोलनदेखि ऋषि देवकोटा 'आजाद' हुँदै २०४६/४७ को आन्दोलनका सहिदहरूको स्मरण गर्दछौँ । यस क्रममा शहादत र बलिदानको परम्परालाई नेपाली इतिहासको उत्कर्षमा पुऱ्याउने नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित महान् जनयुद्ध तयारीकालका रामवृक्ष यादव र जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेललगायतका दशौंहजार महान् सहिदहरू, हजारौं बेपत्ताहरू र घाइतेहरूको हामी विशेष सम्मान गर्दछौँ । खासगरी ऐतिहासिक जनयुद्ध र त्यसको जगमा सम्पन्न पछिल्लो जनआन्दोलनका महान् सहिदहरूको बलिदानविना अहिलेको राजनीतिक परिवर्तन सम्भव थिएन भन्ने तथ्यलाई हामी सम्झना गरिरहनेछौँ र इतिहासले युगयुगसम्म स्मरण गरिरहनेछ ।

संविधानसभा निर्वाचनमार्फत् यो युगीन परिवर्तनलाई संस्थागत गर्ने ऐतिहासिक अवसरमा नयाँ नेपाल निर्माणको महाभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को तर्फबाट हामी आफ्ना केही महत्त्वपूर्ण प्रतिवद्धताहरू सार्वजनिक गर्न चाहन्छौँ । संविधानसभाको निम्ति अग्रणी भूमिका निर्वाह गरी सबभन्दा बढी बलिदान गरेको राजनीतिक शक्तिको नाताले संविधानसभा निर्वाचनमार्फत् नयाँ लोकतान्त्रिक र समुन्नत नेपाल निर्माण गर्ने कार्ययोजना प्रस्तुत गर्नु हामी आफ्नो थप दायित्व ठान्दछौँ । नयाँ नेपालको निम्ति नयाँ विचार र नयाँ नेतृत्वको प्रस्ताव हामी हाम्रा आदरणीय मतदातासमक्ष प्रस्तुत गर्न चाहन्छौँ ।

I. लोकतान्त्रिक आन्दोलन र संविधानसभा : इतिहासले के भन्छ ?

सबभन्दा पहिले वर्तमानको यथार्थलाई बुझ्न र भविष्यको मार्गचित्र ठीकसँग कोर्न हामीले विगतको इतिहासलाई राम्ररी केलाउनैपर्छ ।

१.०. पुरानो नेपालका दुई ठूला पहाड : सामन्तवाद र साम्राज्यवाद

नयाँ नेपाल निर्माण गर्न हामीले पुरानो नेपालको सही चिरफार गर्नैपर्छ । आखिर हामी नेपाली विश्वका सबभन्दा गरीब, पछौटे, परनिर्भर किन र कसरी भयौं ? किन हाम्रा युवायुवतीहरू देशभित्र रोजगारी नपाएर लाखौंको सङ्ख्यामा विदेशतिर भौंतारिन वाध्य छन् ? किन अहिले पनि हाम्रो दुई तिहाइ श्रमशक्ति कृषिक्षेत्रमा अल्झिएको छ र सयमा पचासी जना गाउँमा बस्छन् ? किन हाम्रो औसत आर्थिक वृद्धिदर जनसङ्ख्या वृद्धिदरभन्दा माथि उठ्न सकिरहेको छैन ? किन हाम्रो टाउकोमाथि विदेशी ऋणको भार प्रति वर्ष थपिंदो छ तर हाम्रो गरिबी, बेरोजगारी, पछौटेपन, असमानता र परनिर्भरता जहाँको तहीं छ ?

के हाम्रो स्थिति सधैँ यस्तै थियो ? के हामीलाई प्रकृतिले नै ठगेको हुनाले हाम्रो यस्तो बेहाल भएको हो ?

विल्कुल होइन । प्राकृतिक सम्पदाको हिसाबले हामी विश्वका सबभन्दा धनी देशमध्येमा गनिन्छौँ । जल, जमिन, जङ्गल, जडिबुटी र मुख्यतः जनशक्तिमा हामी असाध्यै धनी छौँ । तिनको सही उपयोग हुनसक्ने हो भने हामीले छोटो अवधिमा नै चामत्कारिक विकास गर्न सक्दछौँ । खासगरी हाम्रो हिमाल, पहाड र तराईको अद्भुत भौगोलिक, जैविक र पर्यावरणीय विविधतालाई विकसित विज्ञान र प्रविधिको सही संयोजनमार्फत् एकीकृत विकास गर्ने हो भने हामी विश्वकै सम्पन्नतम् देश बन्न सक्छौँ ।

त्यसरी नै इतिहासमा सधैँ हाम्रो स्थान विकासको पुछारमा थिएन भन्ने कुरा नेपाल र समकालीन विश्वको तुलनात्मक अध्ययनबाट पुष्टि हुन्छ । दुई अढाइसय वर्ष पहिलेसम्म अर्थात् नेपालमा अङ्ग्रेजसँग सुगौली-सन्धी भएको बेला र युरोपमा औद्योगिक क्रान्ति भएको बेलासम्म नेपाल र विश्वका अन्य देशको विकासको स्तर खासै फरक थिएन । तर विगत दुईसय वर्षमा त्यतिबेला झण्डै हाम्रै हाराहारीको अवस्थामा रहेका युरोप, अमेरिका, रुस, जापान, चीनलगायतका देशहरू आज विकासको चुचुरोतिर लम्कदै छन् भने हामी मध्ययुगीन पछौटेपनमा नै थच्चिरहेका छौँ ।

आखिर यस्तो किन र कसरी भयो ? स्पष्ट छ-आन्तरिक आर्थिक-सामाजिक व्यवस्था र राज्यप्रणाली तथा वैदेशिक सम्बन्धमा रहेको विसङ्गतिको कारणले नै यस्तो भएको हो । खासगरी विगत दुई अढाइसय वर्षदेखि निरन्तर रूपमा नेपाली समाज समस्याका दुई ठूला पहाडले थिचिएको हुनाले यो स्थिति उत्पन्न भएको हो । पहिलो पहाड आन्तरिक रूपमा राजतन्त्रको नेतृत्वमा खडा भएको आर्य-खस उच्च जातीय अहङ्कारवादमा आधारित एकात्मक राज्यसत्ता र सामन्तवादी उत्पादन प्रणाली हो । यसैको कारणले समाजमा यति विकराल वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, धार्मिक, सांस्कृतिक शोषण तथा उत्पीडनको जालो तयार भएको छ कि त्यसले समग्र सामाजिक अग्रगमनको बाटो छेकिरहेको छ ।

फलस्वरूप आज बहुसङ्ख्यक श्रमजीवी किसान, मजदुर र बेरोजगार युवाहरू चरम गरिबी, भोक, रोग, अशिक्षा र चौतर्फी उत्पीडनबाट ग्रसित छन् । युगौंदेखि बसोवास गर्दै आइरहेका मधेसी, जनजाति र भाषिक समुदायहरू एकात्मक राज्यको चरम जातीय र भाषिक उत्पीडनमा छन् । आधा आकाश आधा धर्ती ओगट्ने महिलाहरू पितृसत्तात्मक शोषणको जाँतोमुनि पिसिँदै आएका छन् । पहाड र मधेसका दलितहरू मनुवादी छुवाछुत प्रथाबाट आक्रान्त छन् । मुख्यतः मधेस र देशैभर छरिएर रहेका मुस्लिमहरू हिन्दू धार्मिक अहङ्कारवादबाट पीडित छन् । कर्णाली, सेती-महाकाली र हिमाली भेगमा बसोवास गर्नेहरू चरम क्षेत्रीय उत्पीडनका शिकार बनेका छन् । गाउँमा बसोवास गर्ने बहुसङ्ख्यक जनता बिजुली, पानी, बाटोघाटो, शिक्षा, स्वास्थ्य जस्ता सबै आधुनिक सेवासुविधाबाट बञ्चित भएर मध्ययुगीन अवस्थामा बाँच्न वाध्य छन् ।

नेपाल र नेपाली जनतालाई थिच्ने दोस्रो पहाड वैदेशिक साम्राज्यवादी शोषण-उत्पीडन हो । सुगौली-सन्धीदेखि यता नेपाललाई अर्ध-औपनिवेसिक साङ्लोमा बाँधिराख्ने असमान सन्धी-सम्झौताहरू झन्झन्

थपिंदै गैरहेका छन् । विस्तारवादका रूपमा व्यक्त हुने वैदेशिक हस्तक्षेप र उत्पीडनको यो प्रक्रियामा भारतीय एकाधिकार पुँजीवाद हाम्रा लागि प्रमुख वाधक र समस्या रहँदै आएको छ । एकातिर नेपालका प्राकृतिक साधनस्रोत र आर्थिक सम्पदामाथि विदेशीहरूको एकाधिकार कायम हुने कार्य भइरहेको छ भने अर्कोतिर नेपालीहरूको थाप्लोमा ऋणको भार थपिंदै छ र वैदेशिक व्यापार घाटा चुलिंदै गैरहेछ । यो पराधीनता र परनिर्भरताको दुष्चक्रको परिणामस्वरूप देशका उद्योगधन्दाहरू चौपट भएका छन् । देशभित्र उत्पादनशील रोजगारीको अभावमा वर्षेनी लाखौं युवाहरू विदेशिन वाध्य छन् । बौद्धिक पलायनको क्रम डरलाग्दोसँग बढ्दो छ । देशमा कमिसनतन्त्र र भ्रष्टाचारको जालो मौलाउँदै गएको छ । त्यसैको आडमा फस्टाएको सानो भुइँफुट्टा वर्ग अर्थात् दलाल तथा नोकरशाही पुँजीपतिवर्गले देशको शासनसत्ता र अर्थतन्त्रमाथि हालीमुहाली गर्दै गैरहेको छ ।

सामन्तवाद र साम्राज्यवाद रूपी नेपालको अग्रगमनका अबरोधक यी दुई ठूला पहाडलाई पन्छाएर सबै वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, सांस्कृतिक उत्पीडनलाई अन्त्य गरी राज्यको जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा रूपान्तरण गर्नु लोकतान्त्रिक आन्दोलनको तत्कालीन प्रमुख कार्यभार हो । साथै राष्ट्रियता र गणतन्त्र नेपाली लोकतान्त्रिक आन्दोलनका दुई अविभाज्य पहल हुन् र यी दुईमध्ये एकलाई उपेक्षा गरेर देशमा विद्यमान समस्याको दिगो समाधान सम्भव छैन भन्ने हाम्रो कटु यथार्थ हो ।

२.०. लोकतान्त्रिक आन्दोलन : जनयुद्ध र जनआन्दोलनको संयोजन

राजतन्त्रात्मक सामन्ती निरङ्कुश राज्यसत्ताका विरुद्ध नेपाली जनताले विगत साठी वर्षदेखि निरन्तर सङ्घर्ष गर्दै आइरहेका छन् । सङ्घर्षको स्वरूप भने कहिले सशस्त्र र कहिले निशस्त्र रहँदै आएको छ । जनताको सङ्घर्षको नेतृत्व कहिले संसदवादी सुधारवादी राजनीतिक शक्तिले, कहिले कम्युनिष्ट क्रान्तिकारी राजनीतिक शक्तिले र कहिले दुवैले संयुक्त रूपमा गर्दै आइरहेका छन् । समाजको बहुवर्गीय संरचनाअनुरूप लोकतान्त्रिक आन्दोलनमा विभिन्न पेशागत, जातीय, भाषिक समूहहरू,जनवर्गीय सङ्गठनहरू र नागरिक आन्दोलनकारीहरूसमेतको महत्त्वपूर्ण योगदान हुने गरेको छ ।

सामन्ती निरङ्कुश राज्यसत्ताका विरुद्ध सबभन्दा पहिले २००७ सालमा पुँजीवादी संसदीय लोकतन्त्रको पक्षधर नेपाली काङ्ग्रेसले हतियारबद्ध सङ्घर्ष गरेको हो । परन्तु सो सङ्घर्ष राज्य र समाजको अग्रगामी रूपान्तरणविना बीचैमा सामान्य राजनीतिक सुधार-सहितको सम्झौतामा टुङ्ग्याइएको र सेना तथा हतियारको व्यवस्थापन ठीकसँग नगरिएको हुनाले राजतन्त्रको नेतृत्वमा सामन्ती निरङ्कुशता नयाँ ढङ्गले जारी रह्यो ।

२०१७ सालपछिको तीसवर्षे पञ्चायती निरङ्कुशकालमा पनि नेपाली काङ्ग्रेसले पटकपटक सशस्त्र सङ्घर्षको अभ्यास गऱ्यो । परन्तु उसको अन्तरनिहीत उदार सामन्ती र दलाल तथा नोकरशाही पुँजीवादी चरित्रका कारणले उसले कहिल्यै पनि सामन्ती राजतन्त्रसँग निर्णायक सङ्घर्ष गर्न सकेन । आखिरमा २०३३ सालपछि उसले कथित **'राष्ट्रिय मेलमिलाप'** को नाउँमा राजतन्त्रसँग आत्मसमर्पण गर्ने घोषित नीति नै लियो ।

विभाजित विभिन्न कम्युनिष्ट घटकहरूले पञ्चायतीकालभर सामन्तवाद र राजतन्त्रका विरुद्ध आ-आफ्नै ढङ्गले शान्तिपूर्ण र सशस्त्र सङ्घर्षको प्रयत्न गरे । तीमध्ये हालको एमालेको पूर्वरूप तत्कालीन माले समूहले झापामा चलाएको सशस्त्र सङ्घर्ष प्रमुख रह्यो । तर सो समूहको नेतृत्वमा आएको वैचारिक विचलन स्वरूप आमूल परिवर्तनकारी एजेन्डा र सशस्त्र सङ्घर्षको बाटो छोडी त्यो क्रमशः सुधारवादी सङ्घर्षमा सीमित हुनपुग्यो । २०४६ सालपछि एमाले नामकरण भएको त्यो समूह अन्ततः **'बहुदलीय जनवाद'** नाउँको संसदीय पुँजीवादी कार्यक्रम अङ्गीकार गर्दै पुँजीवादी सुधारवादी कित्तामा उभिन पुग्यो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पनि सामन्त, नोकरशाह र दलाल पूँजीपतिवर्गको हित गर्ने राज्यको आधारभूत सामन्ती र निरङ्कुशतावादी चरित्रमा खासै परिवर्तन हुन सकेन । युगौंदेखिका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित उत्पीडनका समस्या ज्यूँका त्यूँ रहे । संसदीय निर्वाचनबाट सत्तामा पुगेका नेपाली काङ्ग्रेस र एमालेले उही पुरानै संरचनालाई टालटुल र लिपपोत गर्दै निरन्तरता दिने र टिकाउने भगीरथ प्रयास गरे । तर सबै व्यर्थ भयो ।

२०४७ देखि पाँच वर्षसम्म सदन र सडकबाट शान्तिपूर्ण ढङ्गले समाज र राज्यको अग्रगामी रूपान्तरणका निम्ति उठाएका आवाजहरूको कुनै सुनुवाइ नभएपछि २०५२ फागुन १ गतेबाट नेकपा(माओवादी) ले सशस्त्र जनयुद्धको थालनी गर्‍यो । राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४०–सूत्रीय मागहरू नै जनयुद्धका राजनीतिक एजेन्डा थिए । वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित प्रश्नलाई एकीकृत ढङ्गले जनचाहनाअनुरूप उठाएको कारणले जनयुद्धले छोटो अवधिमा तीव्र विकास गर्‍यो । दशवर्षको अवधिमा दशौँ हजारको बलिदान दिएर जनयुद्धले युगौंदेखि जरा गाडेको सामन्तवाद र राजतन्त्रको जरा जसरी देशका कुनाकाप्चाबाट उखेल्यो, त्यो नेपाली इतिहासको मात्र नभएर समकालीन विश्व इतिहासकै अनुपम घटना हो । त्यही पृष्ठभूमिमा राजतन्त्रबाट पुनः एकपटक पाखा लगाइएका काङ्ग्रेस, एमालेलगायतका संसदवादी दलहरू र सशस्त्र जनयुद्ध लडिरहेको नेकपा (माओवादी) बीच २०६२ मङ्सिर ७ गते ऐतिहासिक १२–बुँदे समझदारी भयो । सामन्ती राजतन्त्रका विरुद्ध शान्तिपूर्ण जनआन्दोलन र सशस्त्र जनयुद्धको संयोजन गर्ने त्यो समझदारीकै आडमा २०६२/६३ मा जुन अपूर्व आन्दोलन भयो, त्यो अहिलेसम्मको लोकतान्त्रिक आन्दोलनको उत्कर्ष थियो । त्यसैको परिणामस्वरूप लामो समयदेखि निरन्तर रहँदै आएको राजतन्त्रलाई वस्तुतः खारेज गरेर अन्तरिम संविधान र अन्तरिम सरकार निर्माण गर्दै अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नेपाली इतिहासको पहिलो संविधानसभाको निर्वाचनको सँघारमा छौँ । यो निश्चय नै साठी वर्षदेखिको नेपाली लोकतान्त्रिक आन्दोलनको भव्य सफलता हो र त्यसमा हामीले गर्व गर्नै पर्दछ ।

यसैक्रममा सशस्त्र जनयुद्ध र त्यस दौरानमा भएको दशौं हजारको बलिदानको औचित्यबारे प्रश्न उठ्न सक्छ । परन्तु अब ऐतिहासिक तथ्यहरूबाट पुष्टि भैसकेको छ, दश वर्षे महान् जनयुद्ध २००७ सालदेखि पटकपटक भएका सशस्त्र सङ्घर्षहरूले पूरा गर्न नसकेको राजनीतिक कार्यभार पूरा गर्ने क्रान्तिकारी आन्दोलनको सर्वोच्च शिखर हो । माओवादी जनयुद्धको योगदानविना आजको राजनीतिक परिवर्तनको कल्पना कसैले पनि गर्नै सक्दैन । आज देशमा जुन वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र दलित जागरण पैदा भएको छ र देशलाई संविधानतः सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएको छ, त्यसको श्रेय मुख्यतः दश वर्षे जनयुद्धलाई नै जान्छ । जनयुद्धको क्रममा विकसित बीसौँ हजारको जनमुक्ति सेना नभएको भए आज राजतन्त्रले यति सजिलै घुँडा टेक्दथ्यो भन्ने कसैले कल्पनै गर्न सक्दैन । निश्चित रूपमा यो प्रक्रियामा अरू आन्दोलनकारी शक्तिहरूको पनि यथोचित् भूमिका रहेको छ । परन्तु त्यसको केन्द्रमा जनयुद्धको प्रमुख भूमिका रहेको तथ्यलाई सबैले सहज रूपमा स्वीकार्नैपर्दछ ।

जहाँसम्म बलिदानको प्रश्न छ, कुनै पनि युगान्तकारी क्रान्तिहरू महान् बलिदानको ऊर्जाविना सफल हुनै सक्दैनन् । बरू विश्व इतिहासले भन्छ जुन देश र जनताले क्रान्तिमा जति ठूलो बलिदानको कोटा चुक्ता गरेका छन्, आज तिनै देश र जनता विकासको उति नै बढी उचाइमा छन् । अमेरिका, फ्रान्स, रुस, चीनलगायतका देशहरूको वर्तमान र विगत त्यसका साक्षी छन् ।

परन्तु कुनै पनि महान् क्रान्ति नापेतौले ढङ्गले सम्पन्न हुँदैनन् । क्रान्तिको क्रममा कैयौं अनपेक्षित र अवाञ्छित बलिदान र क्षति हुने गर्दछन् । जसलाई चाहँदाचाहँदै पनि रोक्न सकिँदैन । हाम्रो महान् जनयुद्धको दौरानमा पनि चितवनको बाँदरमुढे घटना जस्ता केही दुःखद् घटना हुन पुगेका छन् । अन्य कैयौं निर्दोष व्यक्ति र परिवारमा अनावश्यक दुःखकष्ट र क्षति हुन गएको छ । ती सबै कुराहरूका निम्ति पार्टीको तर्फबाट हामी पुनः हार्दिक क्षमायाचना गर्दछौं ।

फेरि पनि माओवादी जनयुद्ध कुनै 'अतिवादी' आन्दोलन नभएर नेपाली इतिहासको अपरिहार्य वस्तुगत आवश्यकता थियो भनेर सबैले बुझ्नु जरुरी छ । त्यही जनयुद्धका उपलब्धिहरूको रक्षा गर्दै अहिले हामी भिन्न ढङ्गले क्रान्तिकारी परिवर्तनलाई संस्थागत गर्ने क्रममा छौँ । आसन्न संविधानसभा निर्वाचन त्यसैको एउटा कडी हो ।

३.०. संविधानसभा : कसको भूमिका के ?

संविधानसभाको निर्वाचन भनेको प्रत्येक पाँच वर्षमा भैरहने सामान्य संसदीय निर्वाचन होइन । यो त एक युगमा एकचोटि आउने विशिष्ट परिघटना हो । किनकि संविधानसभा भनेको सबै उमेर पुगेका नागरिकहरूले बराबरी मतको आधारमा स्वतन्त्र र निष्पक्ष ढङ्गले आफ्ना प्रतिनिधिहरू चुनेर उनीहरूद्वारा आफूमा निहीत सार्वभौम तथा राजकीय सत्ताको प्रयोग गर्दै देशको मूल कानुन अर्थात् संविधान बनाउने माध्यम हो । त्यस्तो संविधानसभाको निर्वाचन कुनै देशको इतिहासमा सयौं वर्षमा एकपटक हुने गर्दछ । विश्व इतिहासलाई दृष्टिगत गर्दा खासगरी कुनै देशमा सामन्तवाद र राजतन्त्र वा विदेशी उपनिवेशको अन्त्य भएर पुँजीवादी लोकतन्त्र संस्थागत गर्ने क्रममा संविधानसभाको निर्वाचन हुने गर्दछ । त्यसैले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको 'सर्वोच्च रूप' पनि भन्ने गरिन्छ । नेपालमा पनि संविधानसभाको निर्वाचनको प्रसङ्ग सामन्तवाद र राजतन्त्रलाई अन्त्य गरी पुँजीवादी लोकतन्त्रलाई पूर्णता दिने विधिको रूपमा २००७ सालदेखि उठ्दै आइरहेको छ । परन्तु एकातिर सामन्ती राजतन्त्रवादी शक्तिको तीव्र विरोध र षड्यन्त्र र अर्कोतिर पुँजीवादी संसदवादी शक्तिको ढुलमुले र आत्मसमर्पणवादी नीतिका कारणले संविधानसभा निर्वाचन पटक-पटक टर्दै र सर्दै आएको छ । खालि कम्युनिष्ट क्रान्तिकारीहरूले मात्रै संविधानसभाको प्रश्नलाई निरन्तर रूपले गम्भीरतापूर्वक उठाउँदै आइरहेका छन् । किनकि पुँजीवादी जनवादी क्रान्ति पूरा गरेर समाजवादका निम्ति वस्तुगत आधार तयार गर्न यसले प्रगतिशील भूमिका खेल्छ भन्ने उनीहरूको सिद्धान्तनिष्ठ विश्वास छ । आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा आम जनसमुदायले यो ऐतिहासिक तथ्यलाई राम्ररी मनन गर्नैपर्दछ । को संविधानसभा विरोधी हो र को साँच्चै संविधानसभा पक्षधर हो ? त्यसको छिनोफानो हुनैपर्दछ ।

३.१. सामन्ती राजतन्त्र : निरन्तर प्रतिगामी षड्यन्त्र

जनताको सार्वभौमसत्ता स्थापित गर्ने विधि र संयन्त्रको रूपमा संविधानसभा भनेको सामन्तवाद र राजतन्त्रको निषेधार्थी अवधारणा र संस्था हो । त्यसैले विश्व इतिहासमा सामन्तवादी राजतन्त्रले संविधान सभाको विरोध गर्नु र त्यसका विरुद्ध षड्यन्त्र गर्नु स्वाभाविक कुरा हो । नेपालको इतिहास त्यसको अपवाद छैन र त्यसलाई अन्यथा ठान्नुहुँदैन ।

२००७ सालमा वाध्य भएर राजा त्रिभुवन आफैँले संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका हुन् । तर आफ्नो स्थिति अनुकूल हुँदै गएपछि उनले विभिन्न वहानामा सो निर्वाचन टार्दै गए । अन्ततः २०१४ सालमा पुगेर राजा महेन्द्रले संविधानसभाको सट्टा आफैँले दिएको संविधानअन्तर्गत २०१५ सालमा संसदको निर्वाचन गर्ने घोषणा गरे । २०१७ सालमा सेनाको बलमा त्यही संसद पनि विघटन गरेर निरङ्कुश पञ्चायती शासन थोपरिएपछि राजा र राजतन्त्रवादीहरूले फेरि कहिल्यै संविधानसभाको निर्वाचन गराउने कुरा गरेनन् ।

२०४६ सालको जनआन्दोलनले पञ्चायती तानाशाहीको अन्त्य गरेपछि पुनः २०१५ सालको गल्ती दोहोऱ्याउँदै देशको सार्वभौमसत्ता र राजकीय सत्ता राजामा रहने गरी राजा वीरेन्द्रद्वारा २०४७ सालको संसदीय संविधान जारी गरियो । त्यो संविधानलाई पनि राजा ज्ञानेन्द्रले पहिले २०५९ असोज १८ गते र पछि २०६१ माघ १९ गते खुल्लमखुल्ला बलात्कार गरे ।

दशवर्षे जनयुद्धको जगमा सम्पन्न २०६२/०६३ को जनआन्दोलनपछि नेपाली इतिहासमा पहिलोपटक नेपाली जनता आफैँले सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्दै अन्तरिम संविधान, २०६३ जारी गरियो । नेकपा (माओवादी) र सात संसदवादी दलको सरकार बीच सम्पन्न बृहद् शान्तिसम्झौताअन्तर्गत जारी गरिएको यो संविधानले राजतन्त्रलाई वस्तुतः निलम्वन गऱ्यो र राजतन्त्रबारे फैसला २०६४ जेठमा हुने संविधान सभाको पहिलो बैठकबाट साधारण बहुमतले हुने घोषणा भयो । परन्तु राजा र राजावादीहरूको षड्यन्त्र र संसदवादी शक्तिहरूको अकर्मण्यता समेतका कारणले सो मितिमा संविधानसभाको निर्वाचन भएन । त्यसपछि नेकपा (माओवादी) ले आफ्नो पहिलेदेखिको अडानमा जोड दिँदै पहिले राजतन्त्र खारेज गरेर गणतन्त्र घोषणा गरिएपछि मात्रै सार्थक संविधानसभा निर्वाचन सम्भव हुने कुरा अघि साऱ्यो र २०६४ असोज १

गतेबाट अन्तरिम सरकार छोडेर २२–सूत्रीय माग राखी तिनलाई पूरा गराउन आन्दोलनमा उत्रियो । त्यसैको परिणामस्वरूप पौष १३ गते भएको अन्तरिम संविधानको तेस्रो संशोधनले नेपाललाई 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गरी त्यसको कार्यान्वयन व्यवहारतः संविधानसभाको पहिलो बैठकबाट हुने तय भयो ।

यसरी देशमा संविधानतः गणतन्त्र घोषणा भएर पनि त्यसको कार्यान्वयन हुन बाँकी रहेको विशिष्ट अवस्था विद्यमान छ । यो स्थितिमा गणतन्त्रको निर्णय कार्यान्वयन गर्ने संविधानसभाको निर्वाचन हुन नदिन राजा र राजावादी शक्तिहरूबाट अहिले पनि विभिन्न षड्यन्त्र भैरहेको र भविष्यमा पनि हुने कुरा स्वतः स्पष्ट छ । त्यसको विरुद्ध उच्च सतर्कता अपनाउँदै र हिजो राजतन्त्रको भ्रम र प्रभावमा रहेका शक्तिहरूलाई नयाँ गणतान्त्रिक धारमा संलग्न हुन अभिप्रेरित गर्दै छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन सम्पन्न गराउनु नै आज हामी सबैको प्रमुख कार्यभार हो र यो नै देश र जनताको हितमा हुने स्पष्ट छ । सैन्य बलको भरमा वा अन्य तरिकाद्वारा राजावादी शक्तिहरूले संविधानसभा निर्वाचन हुन नदिने वा भाँड्ने प्रयत्न गरेमा त्यसको सशक्त प्रतिकार गर्ने तयारी पनि आजैदेखि हामी सबैले गर्नु जरुरी छ ।

३.२. संसदवादी शक्ति : ढुलमुलपन र आत्मसमर्पणवादको प्रतिमूर्ति

संविधानसभाको नारा मूलतः पुँजीवादी नारा भए पनि नेपालका संसदवादी दलहरूको अन्तरनिहीत दलाल तथा नोकरशाही पुँजीवादी चरित्रको कारणले उनीहरू कहिल्यै पनि संविधानसभाको पक्षमा दह्रोसँग उभिन सकेका छैनन् । दलाल तथा नोकरशाही पुँजीवादको चरित्र आन्तरिक रूपमा सामन्तवाद वा राजतन्त्रसँग र बाह्य रूपमा साम्राज्यवादसँग घुँडा टेक्ने हुन्छ । परन्तु क्रान्तिकारी आन्दोलनको चाप बढेको बेला वा राजतन्त्रले लात हानेको बेला उनीहरू संविधानसभा र गणतन्त्रको पक्षमा उभिन पनि पुग्दछन् । यो ढुलमुले र आत्मसमर्पणवादी चरित्र नेपालका संसदवादी दलहरू र मुख्यतः नेपाली काङ्ग्रेस र एमालेमा राम्ररी देख्न सकिन्छ ।

२००७ सालको आन्दोलनताका नेपाली काङ्ग्रेसले संविधानसभाको कुरा गरे पनि पछि राजा त्रिभुवनले त्यसबारे आलटाल गर्दै जाँदा उसले त्यसका विरुद्ध न त दह्रो अडान लिन सक्यो, न त प्रभावकारी आन्दोलन नै गऱ्यो । फलतः २०१४ सालमा राजा महेन्द्रले संविधानसभा सट्टा संसदको निर्वाचन गर्ने घोषणा गरेपछि नेपाली काङ्ग्रेसले संविधानसभाको माग छोडेर राजाले दिएको संविधान र त्यस बमोजिमको संसदीय निर्वाचनलाई शिरोधार्य गर्दै संसदीय निर्वाचनमा भाग लिन पुग्यो । त्यसको तितो फल उसले २०१७ को शाही 'कू' पछि पायो, तर त्यसपछि पनि उसले पटक्कै चेतेन ।

नेपाली काङ्ग्रेस २०४६ को आन्दोलनपछि संविधानसभा सट्टा संविधान सुझाव आयोगको पक्षमा उभियो र त्यस्तो राजाका प्रतिनिधिसमेतको आयोगले बनाएको २०४७ को संविधानलाई 'विश्वकै उत्कृष्ट संविधान' भनेर डङ्का बजाउँदै रह्यो । २०५८ सालमा सम्पन्न पहिलो शान्ति वार्ताकालमा नेकपा (माओवादी) ले राखेको संविधानसभा निर्वाचनको प्रस्तावलाई तत्कालीन नेपाली काङ्ग्रेसको सरकारले अस्वीकार गरेकाले नै वार्ता भङ्ग भएको थियो । २०६१ माघ १९ को शाही कदमपश्चात् राजाले ठूलो लात हानेपछि मात्रै २०६२ बैशाखमा पहिलोपटक नेपाली काङ्ग्रेससहित सबै प्रमुख संसदवादी दलहरूले संविधानसभा निर्वाचनमा जाने निर्णय गरेका हुन् । परिस्थितिको वाध्यताले मात्रै अहिले नेपाली काङ्ग्रेस संविधानसभाको पक्षमा देखिए पनि भविष्यमा उसको त्यसप्रतिको प्रतिवद्धताको अझै पनि कुनै ग्यारेन्टी छैन भन्ने हामी सबैले मनन गर्नैपर्दछ ।

एमालेको वर्तमान अवतारमा जन्म भएदेखि नै उसको संविधानसभासम्बन्धी दृष्टिकोण काङ्ग्रेसको जस्तै ढुलमुल र अस्पष्ट रहँदै आएको छ । २०४७ को संविधानको 'कमा र फूलस्टप' पनि परिवर्तन गर्नुहुन्न भन्ने झ्याली पिट्दै हिंड्ने र २०६० सालमा प्रतिगमन आधा सच्चियो भनेर शाही सरकारमा सामेल हुने एमाले अन्ततः २०६१ माघ १९ मा राजाको लात खाएपछि मात्रै संविधानसभा निर्वाचनको पक्षमा उभिएको हो । महत्त्वपूर्ण राजनीतिक मुद्दाहरूमा सधैँ अस्पष्ट र ढुलमुल रहने र जता हावा चल्छ उतै बग्ने एमाले नेतृत्वको चरम अवसरवादी र अविश्वसनीय चरित्रप्रति सबै सतर्क रहनैपर्दछ ।

तैपनि काङ्ग्रेस, एमालेलगायतका दलहरूभित्र संविधानसभा र गणतन्त्रलाई आत्मसात् गर्ने कतिपय मान्छेहरू छन्, उनीहरूसँग एकतावद्ध हुन हामीले विशेष जोड लगाउनैपर्छ ।

३.३. माओवादी क्रान्तिकारी : स्पष्टता र दृढताको चिनारी

नेपालजस्तो अर्ध–सामन्ती तथा अर्ध–औपनिवेसिक देशमा पहिले सामन्तवाद र राजतन्त्रका सबै रूपहरूको अन्त्य गरेर पुँजीवादी जनवादी क्रान्ति पूरा गरेपछि मात्रै समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने क्रान्तिकारी कम्युनिष्टहरूको सुरुदेखिकै दृढ अडान र मान्यता रहँदै आएको छ । त्यसै मान्यताअनुरूप क्रान्तिकारी कम्युनिष्टहरूको मूलधार नेकपा (माओवादी) ले संविधानसभालाई पुँजीवादी लोकतन्त्रको उच्चतम रूप मान्दै त्यसप्रति आफ्नो दृढ प्रतिवद्धता व्यक्त गर्दै आएको छ ।

२०१४ सालमा राजा महेन्द्रले संविधानसभा निर्वाचनको प्रश्नलाई इतिहासको बन्द कोठामा थुनिदिएपछि विभाजित कम्युनिष्ट पार्टीका विभिन्न घटकहरूले आक्कलझुक्कल संविधानसभाको कुरा नउठाएका होइनन् । तर त्यो इतिहासको गर्भमा थच्चिएर बसेको संविधानसभाको राजनीतिक मुद्दालाई जीवन्त पार्दै राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित गर्ने काम नेकपा (माओवादी) र उसको नेतृत्वमा सञ्चालित जनयुद्धले नै गरेको जगजाहेर छ । जनयुद्धको पूर्व सन्ध्यामा प्रस्तुत ४०–सूत्रीय मागमा 'चुनिएका जनताका प्रतिनिधिहरूद्धारा नयाँ संविधान निर्माण गरिनुपर्छ' भन्ने कुरालाई प्राथमिकताका साथ उठाइएको कुराले त्यसको थप पुष्टि गर्दछ ।

जनयुद्धको विकास सँगसँगै संविधानसभाको नारालाई व्यवस्थित ढङ्गले उठाउने र अझै समृद्ध पार्ने काम भयो । सर्वप्रथम २०५७ सालमा सम्पन्न पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले पार्टीको तत्कालीन कार्यनीतिलाई 'गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन' को रूपमा सूत्रवद्ध गर्‍यो । त्यसैको आधारमा २०५८ सालको पहिलो शान्तिवार्तामा संविधानसभाको निर्वाचनको मागलाई केन्द्रीय राजनीतिक मागका रूपमा प्रस्तुत गरियो । परन्तु सो माग तत्कालीन नेपाली काङ्ग्रेसको सरकारले इन्कार गरेकाले शान्तिवार्ता भङ्ग भयो र पहिलो चोटि शाहीसेनासँग जनमुक्ति सेनाको सशस्त्र भीडन्त सुरु भयो । फलस्वरूप त्यतिबेला–सम्म जनयुद्धको क्रममा एक डेढ हजार मानिसको मात्र बलिदान भएकोमा त्यसपछि थप दशौं हजारको बलिदान भयो ।

२०६० सालमा सम्पन्न दोस्रो शान्तिवार्ता पनि संविधानसभाको निर्वाचनलाई तत्कालीन सरकारले स्वीकार नगरेकाले भङ्ग भएको थियो । २०६३ सालमा भएको तेस्रो शान्ति वार्तामा मात्र मुख्यतः संविधानसभा निर्वाचनबारे सहमति भएकाले बृहद् शान्तिसम्झौता सम्पन्न भई नेपाली राजनीति यहाँसम्म आइपुगेको हो । यो ऐतिहासिक तथ्यलाई कसैले पनि बिर्सन वा अवमूल्यन गर्न मिल्दैन ।

यसरी संविधानसभाको राजनीतिक मागका लागि दशौं हजार होनहार योद्धाहरूको बलिदान गरेको राजनीतिक पार्टीका नाताले संविधानसभा निर्वाचनप्रति नेकपा (माओवादी) को सबभन्दा बढी प्रतिवद्धता र जिम्मेवारी रहेको कुरामा कुनै शङ्का रहन्न । जसरी बच्चा जन्माउने आमालाई नै बच्चाको सबभन्दा बढी माया हुन्छ र आमाले नै बच्चालाई सबभन्दा राम्ररी हुर्काउन सक्छिन्, त्यसरी नै माओवादीलाई संविधानसभाको सबभन्दा बढी माया छ र उसले मात्रै यसलाई ठीक ढङ्गले लालनपालन गर्न सक्छ भन्ने सबैले बुझ्नु आवश्यक छ ।

संविधानसभाको प्रश्नलाई नेकपा (माओवादी) ले पुरानो शास्त्रीय अर्थमा मात्र नभएर नयाँ विकसित विचारशृङ्खला 'प्रचण्डपथ' ले अघि सारेको जनवादको विकासको नवीन अर्थमा पनि महत्त्व दिएर उठाएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। २०६० सालमा अध्यक्ष क. प्रचण्डबाट प्रस्तुत र पार्टीद्वारा पारित 'एक्काइसौँ शताव्दीमा जनवादको विकास' सम्बन्धी प्रस्तावले अहिले पुँजीवादी क्रान्तिको चरणमा मात्र होइन, भोलिको समाजवादी व्यवस्थामा पनि बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिलाई स्वीकार गर्दछ । त्यस हिसाबले बहुदलीय प्रतिस्पर्धात्मक ढङ्गले चुनिएका जनताका प्रतिनिधिहरूबाट संविधान निर्माण गर्ने विधि वा संविधानसभाको विधि हाम्रो विकसित विचार शृङ्खलासँग पनि पूरै मेल खान्छ । यसरी संविधानसभाप्रति हाम्रो सैद्धान्तिक र व्यावहारिक प्रतिवद्धताबारे प्रश्न उठाउनु व्यर्थ छ । त्यसमाथि फेरि पनि संविधानसभा आफैँमा साध्य नभएर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने वा राज्यको अग्रगामी पुनर्संरचना गर्ने सर्वोत्तम विधि वा साधन मात्र हो । यसलाई सामान्य संसदीय निर्वाचनको स्तरमा गिराएर यसको महत्त्व र भूमिकालाई कमजोर पार्ने र औपचारिकतामा मात्र सीमित राख्ने यथास्थितिवादी संसदवादी शक्तिहरूको खेलप्रति एकातिर सतर्क रहनु आवश्यक छ भने अर्कोतिर संविधानसभा निर्वाचन नै हुन नदिने प्रतिगामी राजावादी शक्तिहरूको षड्यन्त्रलाई सम्पूर्ण शक्तिका साथ परास्त गर्न अघि सर्नु पनि आवश्यक छ ।

II. नयाँ संविधानको अन्तरवस्तु : स्वाधिन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्र

नेपाली इतिहासमा जनताका चुनिएका प्रतिनिधिहरू वा संविधानसभामार्फत् निर्माण हुने नयाँ संविधानको मुख्य आधार र अन्तरवस्तु के हुनुपर्ला ? नेकपा(माओवादी) को दृढ विश्वास छ कि त्यसको मुख्य आधार भनेको दश वर्षे जनयुद्ध र उन्नाईस दिने जनआन्दोलनको जनादेश नै हो । अर्थात् जनयुद्ध र जनआन्दोलनका दशौं हजार सहिदहरू, हजारौं बेपत्ताहरू र हजारौं अङ्गभङ्ग भएका घाइतेहरूको सपना नै नयाँ संविधानको अन्तरवस्तु हो । जनयुद्ध र जनआन्दोलनको क्रममा लाखौंको सङ्ख्यामा सशस्त्र र निशस्त्र सङ्घर्षमा उत्रेका जनताले वैदेशिक प्रतिक्रियावादी शक्तिहरूको आडमा सामन्तवाद, राजतन्त्र र एकात्मक राज्यसत्ताद्वारा हुँदै आएको वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक उत्पीडनबाट मुक्ति चाहेका थिए र त्यसको निम्ति राज्यको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा अग्रगामी रूपान्तरण चाहेका थिए । साथै ठूलो सङ्ख्यामा सङ्गठित विद्रोहमा उत्रेका गरीब किसान, मजदुर, दलित, महिला, मधेसी, जनजातिलगायतका उत्पीडित समुदायले भावी गणतन्त्र मुट्ठीभर हुनेखाने वर्गको मात्र हित गर्ने व्यवस्था नभएर बहुसङ्ख्यक श्रमजीवी जनताको समेत हित गर्ने जनमुखी गणतन्त्र होस् भन्ने चाहेका थिए । त्यस अतिरिक्त युगौंदेखिको बाह्य अर्ध-औपनिवेसिक उत्पीडनबाट आक्रान्त देशभक्त जनताले भोलिको गणतन्त्र पराधीन र पराश्रित गणतन्त्र नभएर स्वाधीन गणतन्त्र होस् भन्ने चाहेका थिए । यसरी स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दै समुन्नत नयाँ नेपालको निर्माण गर्नु दश वर्षे जनयुद्ध र उन्नाईस दिने जनआन्दोलनको जनादेश थियो ।

यही तथ्यलाई आत्मसात् गर्दै नेकपा(माओवादी) निर्वाचित संविधानसभामार्फत् निम्न मुख्य अन्तरवस्तुसहितको स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नयाँ संविधान निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्दछ :

१. **राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता :** सबैखाले अर्ध-औपनिवेसिक र असमान सम्बन्धहरूको अन्त्य गर्दै नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, स्वतंन्त्रता र भौगोलिक अखण्डताको पूर्ण रक्षा गरिनेछ र त्यसलाई अरू सुदृढ गरिनेछ ।

२. **सङ्घीय राज्यप्रणाली :** नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो । त्यसैले जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनको आधारमा नेपालको ठोस विशिष्टताहरूमाथि समेत ध्यान दिंदै राज्यको वर्तमान एकात्मक स्वरूपको अन्त्य गरी सङ्घात्मक ढाँचामा राज्यको पुनर्संरचना गरिनेछ र देशको सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता र भौगोलिक अखण्डतालाई नयाँ आधारमा थप मजबुत गरिनेछ ।

३. **गणतन्त्रात्मक शासनव्यवस्था :** देशमा सामन्तवादका सबै रूपहरू र राजतन्त्रको पूर्ण उन्मूलन गरी गणतन्त्रात्मक शासन व्यवस्था कायम गरिनेछ । अन्तरिम संविधान, २०६३, को तेस्रो संशोधनले व्यवस्था गरे बमोजिम संविधानसभाको पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गरिनेछ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिनेछ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्ण अवधिको निम्ति भन्दा बढी हुनेछैन ।

४. **जनमुखी लोकतान्त्रिक पद्धति :** सार्वभौमसत्ता र राजकीय सत्ता पूर्ण रूपले जनतामा निहीत रहनेछ, जुन उनीहरूले आफ्ना चुनिएका प्रतिनिधिहरूमार्फत् प्रयोग गर्नेछन् । संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार, स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता आदि गुणहरू युक्त पूर्ण लोकतान्त्रिक पद्धति अनुसरण गरिनेछ । लोकतन्त्रलाई औपचारिकतामा मात्र सीमित राख्ने विद्यमान परिपाटीलाई अन्त्य गरी त्यसलाई समाजका बहुसङ्ख्यक श्रमिक र विपन्न वर्गहरू र उत्पीडित जाति, क्षेत्र, महिला, दलित लगायतमा समेत लोकतन्त्रको

प्रत्याभूति गराउन आवश्यक संवैधानिक व्यवस्था गरिनेछ र लोकतन्त्रलाई वास्तविकतामा रूपान्तरण गरिनेछ । राज्य र राज्यका निकायहरूमाथि नागरिकहरूको निरन्तर निगरानी सुनिश्चित गर्न स्वतन्त्र प्रेस र नागरिक समाजलाई प्रोत्साहित गरिनेछ ।

५. **मानवअधिकार :** अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्ड अनुरूप मानवअधिकारको सुनिश्चितता गरिनेछ ।

६. **नागरिक स्वतन्त्रता र मौलिक हक :** प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा सङ्घ संस्था खोल्ने स्वतन्त्रता, कुनै पेशा वा व्यवसाय गर्ने स्वतन्त्रता, कतै आवजावत वा बसोवास गर्ने स्वतन्त्रता आदिको पूर्ण प्रत्याभूति गरिनेछ ।

७. **मौलिक हक :** सबैलाई समानताको हक, शोषण विरुद्धको हक, गोपनियताको हक, सामाजिक तथा जातीय भेदभाव विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, सम्पत्तिको हक आदि मौलिक हकहरूको ग्यारेन्टी गरिनेछ ।

- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतामा सबै नागरिकको मौलिक हक स्थापित गरिनेछ ।
- भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ ।
- श्रमिक र मजदुरवर्गलाई कुनै पनि प्रकारको विभेद र उत्पीडनका विरुद्ध माग राख्ने, सामूहिक सौदावाजी गर्ने, हड्ताल गर्ने हक रहनेछ ।
- महिलाहरूलाई पैतृक सम्पत्तिलगायत सबै क्षेत्रमा पुरुषसरह समान अधिकार हुनेछ । प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहीत रहनेछ ।
- सबै बालबालिकाहरूलाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ ।
- युवाहरूलाई आफ्नो शारीरिक, मानसिक र समग्र व्यक्तित्व विकासको निम्ति राज्यबाट सहयोग र संरक्षण प्राप्त गर्ने हक हुनेछ ।
- सबै प्रकारका अपाङ्गहरूलाई पहिचान, सम्मान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ ।
- वृद्धवृद्धा र असहाय नागरिकहरूलाई राज्यबाट हेरचाह र संरक्षण प्राप्त गर्ने हक हुनेछ ।
- लोपोन्मुख र सीमान्तकृत जाति र समुदायलाई आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने र राज्यबाट आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ ।
- दुर्गम, पिछडिएका र उत्पीडित क्षेत्रका जनतालाई विकासको समान अवसर, राज्यका अङ्गमा समानुपातिक सहभागिता र सम्मान प्राप्त गर्ने हक हुनेछ ।
- दलितहरूलाई छुवाछुत तथा सामाजिक भेदभाव विरुद्धको हक हुनेछ ।
- नागरिकहरूको मौलिक अधिकारलाई अझ व्यापक एवं समृद्ध पार्न सहभागिताको हक, आत्मनिर्णयको हक, जीवन तथा आत्मरक्षाको हक, मानवीय सम्मानको हक, परिवारको हक, सामाजिक सुरक्षाको हक, मनोरञ्जन तथा विश्रामको हक, स्थानीय स्वशासनको हक, प्रत्याह्वानसम्बन्धी हक, न्यायालय पहुँचको हक, थुनुवा तथा दोषी करार व्यक्तिको हक, समानुपातिक प्रतिनिधित्वको हक, तेस्रो लिङ्गीहरूको हक जस्ता विविध हकहरूको व्यवस्था गरिनेछ ।

८. **धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता :** राज्य पूर्ण रूपले धर्मनिरपेक्ष रहनेछ । सबै नागरिकलाई आफ्नो आस्थाअनुसार धर्म मान्ने वा नमान्ने स्वतन्त्रता रहनेछ । कसैमाथि पनि धार्मिक आस्थाको आधारमा भेदभाव गरिनेछैन ।

९. **नागरिकता :** सङ्घात्मक प्रणाली लागू भएपछि पनि देशभर साझा नागरिकताको नीति अवलम्बन गरिनेछ । सबै नेपाली नागरिकलाई विनाभेदभाव र सहज ढङ्गले नागरिकता प्राप्त गर्ने अधिकार हुनेछ । गैर–नेपाली नागरिकले झुक्याई वा जालसाजी गरी प्राप्त गरेको नेपाली नागरिकता आवश्यक छानबिन गरी खारेज गरिनेछ ।

१०. **भाषा :** नेपाल बहुभाषिक मुलुक भएकाले यहाँका सबै भाषाहरूलाई राष्ट्रिय भाषाको रूपमा स्थापित गरिनेछ । सङ्घीय संरचनाभित्र कुन राज्यमा कुन कामकाजको भाषा र कुन सम्पर्क भाषा हुने भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित राज्यको व्यवस्थापिकालाई रहनेछ ।

११. **समानुपातिक प्रतिनिधित्व र विशेष अधिकार :** समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई अझ बढी जनमुखी र प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र जनप्रतिनिधि संस्थाहरूमा महिला, दलित, उत्पीडित जाति/जनजाति, उत्पीडित क्षेत्र/दुर्गम क्षेत्र, मधेस, अल्पसङ्ख्यक समुदाय (मुस्लिमलगायत) आदिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ । सबभन्दा तीव्र उत्पीडनमा परेका महिला, दलित र मुस्लिम समुदायलाई ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिस्वरूप निश्चित अवधिसम्म थप विशेष अधिकारको व्यवस्था गरिनेछ ।

१२. **सुरक्षा क्षेत्रको पुनर्संरचना :** हाल देशमा विधिवत् विद्यमान दुईवटा सशस्त्र सेना, नेपाली सेना र जनमुक्ति सेना, मध्ये नेपाली सेनाको समग्र लोकतान्त्रीकरण र जनमुक्ति सेनाको व्यावसायीकरण गरेर दुवैको उचित ढङ्गले समायोजन गरिनेछ र नयाँ राष्ट्रिय सेना निर्माण गरिनेछ । नयाँ लोकतान्त्रिक परिपाटी अनुरूप र राज्यको सङ्घात्मक ढाँचामा पुनर्संरचनामा मेल खाने गरी सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागसमेत समग्र सुरक्षा क्षेत्रको पुनर्संरचना गरिनेछ ।

१३. **न्याय प्रणालीको पुनर्संरचना :** स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणाप्रति पूर्ण प्रतिवद्ध रहँदै न्याय प्रणालीलाई नयाँ लोकतान्त्रिक मूल्यमान्यता अनुरूप जनउत्तरदायी बनाइनेछ । राज्यको सङ्घात्मक पुनर्संरचना अनुरूप केन्द्रमा सर्वोच्च अदालत र सङ्घीय राज्यहरूमा उच्च अदालत र जिल्ला अदालत रहने गरी न्याय प्रणालीको पुनर्संरचना गरिनेछ ।

१४. **संवैधानिक निकायहरूको पुनर्संरचना :** अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानवअधिकार आयोग आदि संवैधानिक निकायहरूलाई स्वतन्त्र, सवल र प्रभावकारी बनाउने ढङ्गले आवश्यक पुनर्संरचना गरिनेछ । विशेषतः राज्यका अङ्गहरूमा व्याप्त भ्रष्टाचारको क्यान्सरबाट देश र समाजलाई मुक्त गरिनेछ र यसका लागि बढी प्रभावकारी वैकल्पिक निकायको व्यवस्था गरिनेछ ।

१५. **प्रशासनयन्त्रको पुनर्संरचना :** नयाँ लोकतान्त्रिक परिपाटी र राज्यको सङ्घात्मक पुनर्संरचनाअनुरूप प्रशासनयन्त्रको आवश्यक पुनर्संरचना गरिनेछ। प्रशासनलाई प्रक्रियामुखीभन्दा परिणाममुखी र जनउत्तरदायी, दक्ष तथा पारदर्शी बनाउने ढङ्गले आमूल परिवर्तन गरिनेछ ।

१६. **नयाँ संक्रमणकालीन अर्थनीति :** सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अर्थनीतिको आधार सामन्तवाद र साम्राज्यवाद विरोधी र नेपाली विशेषता सुहाउँदो नयाँ सङ्क्रमणकालीन अर्थनीति [New Transitional Economic Policy] हुनेछ । यसका मूल विशेषताहरू यी हुनेछन् :

- अर्थतन्त्रमा सामन्तवादका सबै रूपहरूको अन्त्य गरिनेछ । मुख्यतः सामन्ती भू–स्वामित्वको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ ।
- अर्थतन्त्रलाई विश्वसाम्राज्यवादद्वारा लादिएको नव–उदारवादी अर्थनीतिको दुष्प्रभावबाट मुक्त राखिनेछ । परन्तु राष्ट्रिय योजना अनुरूप र राष्ट्रिय हितमा आवश्यकता अनुसार विदेशी प्रत्यक्ष लगानीलाई छुट दिइनेछ ।
- लगानीका क्षेत्रमा सार्वजनिक–निजी साझेदारी (Public-Private Partnership, or PPP) प्रणालीलाई प्रश्रय दिइनेछ ।
- सहकारी प्रथालाई परिमार्जन गरी सबै क्षेत्रमा विशेष प्राथमिकतासाथ प्रवर्द्धन गरिनेछ ।
- राज्यले दायित्व लिनुपर्ने तोकिएका विशेष क्षेत्रमा बाहेक अन्यत्र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास गर्नु आर्थिक विकास नीतिको मुख्य चरित्र हुनेछ।

१७. **प्रत्यक्ष लोकतन्त्र र जनमतसङ्ग्रह :** जनताको सर्वोच्चताको सिद्धान्तलाई जीवन्त राख्न व्यावहारिक भएसम्म प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई संस्थागत गर्दै जाने संवैधानिक प्रावधान गरिनेछ । यसैअन्तर्गत देशलाई दीर्घकालीन रूपमा प्रभाव पार्ने विषयहरूलाई राष्ट्रिय जनमतसङ्ग्रह मार्फत् निर्णय गरिनेछ ।

१८. **सन्धी-सम्झौताको अनुमोदन :** राष्ट्रिय साधनस्रोतको बाँडफाँडसँग सम्बन्धित र राष्ट्रिय हिंतमाथि गम्भीर असर गर्ने खालका सबै अन्तर्राष्ट्रिय सन्धी-सम्झौता र लिखतहरूको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुईतिहाइ बहुमतबाट गर्ने संवैधानिक प्रावधान राखिनेछ ।

१९. **राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू :** अन्तरिम संविधानमा उल्लेख भएका राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूका अतिरिक्त स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्ने नीति र कार्यक्रमहरू तर्जुमा गरी लागू गर्नु राज्यको दायित्व हुनेछ ।

२०. **संविधान निर्माणमा जनसहभागिता :** संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने क्रममा आम जनसमुदाय, विभिन्न सरोकारवाला समूहहरू र विशेषज्ञहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने उपयुक्त विधिहरू अपनाइनेछ।

III. नेकपा (माओवादी) को परिकल्पना : समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना

नेपाली जनताले यतिबेला आमूल परिवर्तनसहित दिगो शान्ति र समुन्नत नेपालको चाहना गरिरहेछन् । दश वर्षे महान् जनयुद्धमार्फत् पुरानो एकात्मक, सामन्ती र राजतन्त्रात्मक नेपालको अन्त्य गरेर नयाँ सङ्घात्मक, लोकतान्त्रिक र गणतन्त्रात्मक नेपालको आधार तयार गर्न नेकपा (माओवादी) ले अग्रणी भूमिका खेलेको कारणले नयाँ समुन्नत नेपालको निर्माणको अपेक्षा पनि माओवादीबाटै हुनु अस्वाभाविक होइन । त्यसैले संविधानसभा निर्वाचनको क्रममा नेकपा (माओवादी) नयाँ नेपाल निर्माणको आफ्नो एजेन्डा जनसमक्ष प्रस्तुत गर्न पाउँदा विशेष गौरवको अनुभूति गर्दछ ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रूपान्तरणको एजेन्डासँगसँगै कार्यान्वयन गरेर मात्रै नयाँ समुन्नत नेपाल बन्न सक्छ भन्ने हाम्रो विश्वास छ । त्यसैअनुरूप हामी यहाँ भावी नेपालको निर्माणको मोटामोटी खाका प्रस्तुत गर्दछौँ :

(क) राष्ट्रियताको प्रश्न र अन्तर्राष्ट्रिय सम्बन्ध

वर्तमान भूमण्डलीकृत विश्वमा कुशलतापूर्वक राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई सही ढङ्गले परिचालत नगरीकन तीव्र गतिमा समुन्नत नयाँ नेपाल निर्माण गर्न सकिन्न । त्यसनिम्ति नेकपा(माओवादी) निम्नअनुसार अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछ :

१. **असमान सन्धी-सम्झौता :** नेपालको आत्मनिर्भर र दिगो विकासको लागि बृटिस-भारतको पालादेखि विकसित भएको नेपाल-भारत असमान सम्बन्धको गम्भीर समीक्षा गरेर त्यसमा समयानुकूल परिवर्तन गर्नैपर्दछ । त्यसको निम्ति मुख्य रूपमा सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धी खारेज गरेर पञ्चशीलको सिद्धान्तका आधारमा र आपसी हितमा नयाँ सन्धी गरिनुपर्छ । त्यसरी नै अन्य सन्धी-सम्झौताहरूको पनि पुनरावलोकन गरेर आवश्यकताअनुसार संशोधन वा परिमार्जन वा खारेज गरिनुपर्दछ । यसबारे गम्भीर कुटनीतिक तथा अन्य पहल गरिनेछ।

२. **सीमा व्यवस्थापन :** नेपाल–भारत खुला सिमाना व्यवस्थित र नियन्त्रित गरिनुपर्छ । सुस्ता, कालापानीलगायत ठाउँठाउँमा देखिएका सीमा अतिक्रमण र विवादबारे यथासक्य छिटो सत्यतथ्यका आधारमा र आपसी हितमा टुङ्गो लगाउनुपर्दछ । यीबारे प्राथमिकताका साथ पहल गरिनेछ ।

३. **गोर्खाभर्ती केन्द्र :** नेपाली नागरिकहरू विदेशी सेनामा भर्ती हुने गोर्खाभर्ती केन्द्रजस्ता लज्जास्पद परम्पराको अन्त्य गरिनुपर्छ र उनीहरू सबैलाई स्वदेशभित्रै सम्मानपूर्ण र उत्पादनशील रोजगारीको व्यवस्था गर्नुपर्दछ । यसबारे देशभित्र जनमत र सहज वातावरण निर्माण गरेर आवश्यक कदम चालिनेछ ।

४. **भारत र चीनसँगको सम्बन्ध :** पञ्चशीलका सिद्धान्तका आधारमा विश्वका सबै देशहरूसँग मैत्रीसम्वन्ध राखिनेछ । भारत र चीन जस्ता दुई ठूला छिमेकीहरूसँगको सम्बन्ध सन्तुलित र सुदृढ बनाउन विशेष प्रयत्न गरिनेछ । विश्व अर्थतन्त्रको नयाँ इञ्जिन बन्न थालेका चीन र भारतको तीव्र आर्थिक विकासबाट लाभ लिन नेपाली शासकवर्गको विगतको 'बफर स्टेट' मानसिकता परित्याग गरेर दुई देशबीचको अन्तरसम्बन्धको गतिशील पुल बन्ने नीति अनुसरण गरिनेछ ।

५. **वैदेशिक रोजगार :** नेपाली युवायुवतीहरूलाई रोजगारीको निम्ति विदेश पलायन हुनुपर्ने बाध्यात्मक स्थितिको अन्त्य गरिनेछ र स्वदेशमा नै उपयुक्त रोजगारीको व्यवस्था गरिनेछ । तत्कालका लागि वैदेशिक रोजगारमा गएका नेपालीहरूको हकहितको संरक्षण गर्न विशेष ध्यान दिइनेछ र उनीहरूमाथि हुने गरेका सबै खाले शोषण र उत्पीडनको अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ ।

६. **प्रवासी र गैर–आवासीय नेपाली :** भारतलगायत विश्वका विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूको हकहितको रक्षाको निम्ति नेपाली दूतावासहरूमार्फत् विशेष प्रयत्न गरिनेछ । गैरआवासीय नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था गरेर उनीहरूको सीप र पुँजी नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

७. **सन्धी–सम्झौता अनुमोदन :** जलस्रोतलगायत नेपालका महत्त्वपूर्ण प्राकृतिक साधनस्रोतको बाँडफाँडसम्बन्धी र नेपाललाई दीर्घकालीन रूपले गम्भीर असर गर्ने विदेशीहरूसँग भएका सन्धी–सम्झौता, समझदारी र लिखतहरूको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुईतिहाइ बहुमतबाट गर्ने प्रावधान राखिनेछ र त्यसको दृढतापूर्वक पालना गरिनेछ ।

८. **विदेशी ऋण :** नेपाललाई विदेशी ऋणको दुष्चक्रबाट मुक्त गर्न र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न चरणवद्ध योजना लागू गरिनेछ । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र विदेशीहरूको योजना र शर्त बमोजिम ऋण अनुदान लिने परम्पराको अन्त्य गर्दै राष्ट्रिय आवश्यकता र हित अनुकूल आफ्नो योजना, शर्त र पहलमा वैदेशिक सहयोग (अनुदान र ऋण) लिने पद्धति अनुसरण गरिनेछ ।

९. **भुटानी शरणार्थी :** भुटानी शरणार्थीहरू निःशर्त आफ्नो घर फर्कन पाउनुपर्ने कुराको पूर्ण समर्थन गर्दै उनीहरूलाई ससम्मान स्वदेश फर्काउन अन्तर्राष्ट्रिय रूपमा आवश्यक पहल गरिनेछ ।

(ख) गणतन्त्र र राज्यको पुनर्संरचना

राजनीतिक ढाँचामा आमूल परिवर्तनविना नयाँ नेपाल निर्माण सम्भव छैन । त्यसैले गणतन्त्रलाई संस्थागत गर्ने, सङ्घात्मक ढाँचामा राज्यको पुनर्संरचना गर्ने, शासनयन्त्रका हरेक अङ्गको लोकतान्त्रिकीकरण गर्ने कार्यलाई नेकपा(माओवादी) ले उच्च प्राथमिकता दिनेछ । राजनीतिलाई कमानमा राखेर मात्र दुनियाँ बदल्न सकिन्छ भन्ने मान्यतालाई माओवादीले दह्रोसँग पक्रनेछ । साथै वर्तमान असमान आर्थिक–सामाजिक धरातलमा खडा भएको लोकतान्त्रिक गणतन्त्र एउटा औपचारिक लोकतन्त्रमा मात्र सीमित रहने सम्भावना रहन्छ र त्यसलाई बहुसङ्ख्यक श्रमजीवी र उत्पीडित जनसमुदायको वास्तविक लोकतन्त्रमा बदल्न जनताको सङ्घर्षलाई निरन्तर जारी राख्नुपर्दछ भन्ने मान्यतालाई पनि हामीले राम्ररी आत्मसात् गर्नेछौँ । त्यसैले यो सङ्क्रमणकालमा परिकल्पना गरिएको स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई दृढतापूर्वक कार्यान्वयन गरेर नयाँ नेपाल निर्माणको आधारशिला खडा गर्न नेकपा (माओवादी) पूर्ण प्रतिवद्धता व्यक्त गर्दछ ।

१.०. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन

संविधानसभाको निर्वाचन लगत्तै स्वाधीन र जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्न नेकपा(माओवादी) ले प्राथमिकताका साथ निम्न प्रस्तावहरू अघि सार्नेछ :

- अढाइ सय वर्षदेखिको सामन्ती शाहवंशीय राजतन्त्रको विधिवत् अन्त्य गरी देशलाई नयाँ गणतान्त्रिक युगमा प्रवेश गराउन अन्तरिम संविधानमा व्यवस्था भए बमोजिम संविधानसभाको पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने ।
- संविधानसभाले नयाँ संविधान नबनाएसम्मको अन्तरिमकालका लागि संविधान सभाका सदस्यहरूले राष्ट्र–प्रमुखको रूपमा कार्यकारी राष्ट्रपतिको निर्वाचन गर्ने ।
- राजनीतिक सहमतिका आधारमा नयाँ अन्तरिम सरकारको गठन गर्ने ।
- राज्यलाई जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनसहितको सङ्घात्मक ढाँचामा रूपान्तरण गर्ने ।
- समुन्नत नयाँ नेपालको आर्थिक आधार तयार गर्न 'नयाँ सङ्क्रमणकालीन अर्थनीति' लागू गर्ने ।
- गरिबीको रेखामुनि रहेका, बेरोजगार, सुकुम्वासी, अपाङ्ग, वृद्धवृद्धा, द्वन्द्वपीडित, सहिद तथा बेपत्ता नागरिकका परिवार आदिलाई तत्काल राज्यले राहत उपलब्ध गराउने ।
- जनमुक्ति सेना र नेपाली सेनाको उचित समायोजन गरी नयाँ राष्ट्रिय सेना निर्माण गर्ने ।
- विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिम 'सत्य निरूपण तथा मेलमिलाप आयोग' गठन गर्ने र प्रतिवेदन प्राप्त भएपछि दोषीलाई कार्बाही गर्ने ।

२.०. नयाँ नेपालको सङ्घीय राज्य–संरचनासम्बन्धी हाम्रो धारणा

नेपाल एक बहुजातीय (multi-nationalities), बहुभाषिक (multi-lingual), बहुक्षेत्रीय (multi-regional), बहुधार्मिक (multi-religious) र बहुसांस्कृतिक (multi-cultural) मुलुक भए पनि लामो समयदेखि राज्यसत्ताको स्वरूप एकात्मक (unitary) भएको र त्यसको मूल चरित्र पहाडिया कथित उच्च जातीय अहङ्कारवाद रहेकाले बहुसङ्ख्यक मधेसी र जनजातिहरूले आफूलाई उत्पीडित महसुस गर्दै आइरहेका छन् । त्यसरी नै काठमाडौं केन्द्रित राज्यसत्ताबाट सुदूर पश्चिमका सेती–महाकाली र भेरी–कर्णाली क्षेत्र तथा हिमाली क्षेत्रहरूले चरम उपेक्षा र उत्पीडनको अनुभूति गर्दै आइरहेका छन् । यो स्थितिमा राज्यको एकात्मक ढाँचाको अन्त्य गरी सङ्घात्मक ढाँचामा पुनर्संरचना गर्नु नयाँ नेपाल निर्माणको सबभन्दा महत्त्वपूर्ण शर्त बन्न गएको छ । यो जातीय र क्षेत्रीय उत्पीडनको प्रश्नलाई वर्गीय उत्पीडनसँग जोडेर सबभन्दा सुस्पष्ट र सुव्यवस्थित ढङ्गले महान् जनयुद्धको क्रममा नै उठाउँदै आएको राजनीतिक शक्तिको नाताले नेकपा (माओवादी) राज्यको सङ्घात्मक पुनर्संरचनाको कार्यसूची कार्यान्वयन गर्न सबभन्दा बढी जिम्मेवार महसुस गर्दछ र संविधानसभामार्फत् सही र वैज्ञानिक ढङ्गले कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । स्मरण रहोस्,हामीले राज्यको सङ्घात्मक पुनर्संरचनाको प्रारम्भिक अभ्यास जनयुद्धकालदेखि नै गर्दै आएका छौँ र त्यसलाई जनसमक्ष अनुमोदननिम्ति प्रस्तुत गर्दैछौँ ।

२.१. सङ्घीयताको आधार : नेपालमा सङ्घीय संरचनाको मुख्य आधार के हुनसक्छ ? यसबारे थुप्रै बहस् हुँदै आएको भए पनि सापेक्ष रूपले बढी वैज्ञानिक र व्यावहारिक आधार जातीय र क्षेत्रीय पहिचान नै हो भन्ने हाम्रो ठहर छ । यहाँ 'जातीय' भन्नाले प्रजाति वा नश्ल (ethnicity or race) वा जातपात (caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहरूको स्थीर समूह वा 'राष्ट्रियता' (nationality) को अर्थमा हो भनेर बुझ्नु आवश्यक छ । फेरि पुरानो सत्ताबाट उत्पीडन वर्गीय साथसाथै जातीय र क्षेत्रीय आधारमा नै हुँदै आएकाले जुन आधारमा उत्पीडन भएको हो त्यही आधारमा अधिकार सुनिश्चित गरेर मात्र समस्याको समाधान हुनसक्छ ।

निश्चित रूपमा इतिहासको विकासक्रममा एउटा जातिको मूल थलोभित्र अन्य जातिहरूको पनि उल्लेख्य मात्रामा बसोवास हुन पुगेको हुनाले एउटा जातीय राज्यभित्र अन्य जातिहरूको अधिकार हनन नहुने बरु सुनिश्चित हुने कुरामा ध्यान पुऱ्याउनैपर्छ । साथै एउटा मूल जातीय राज्यभित्र अन्य उपजातीय राज्य एकाइको व्यवस्था हुने कुरालाई पनि ख्याल गर्नुपर्छ । त्यसरी नै एउटा जातिको मुक्ति अर्को जातिको उत्पीडन गरेर हुँदैन भन्ने कुरालाई आत्मसात् गर्नुपर्दछ र मिश्रित जाति भएका राज्यहरूभित्रका अल्पसङ्ख्यकहरूको अधिकार सुनिश्चित गर्न ध्यान दिनुपर्दछ । सबै जाति र क्षेत्रका अधिकारहरूको बाँडफाँड सहमतिको आधारमा नयाँ संविधान र कानुनमा व्यवस्थित गरिने भएकाले वर्गीय आधारमा विभिन्न जातिहरू बीचको एकता अरू सुदृढ हुने कुरामा सबै विश्वस्त रहनैपर्छ ।

उत्पीडित जाति र क्षेत्रहरूको मुक्ति सम्बन्धित जाति र क्षेत्रका श्रमिकहरूको नेतृत्वमा मात्र सम्भव छ भन्ने कुरालाई पनि गम्भीरतापूर्वक आत्मसात् गर्न जरुरी छ । खासगरी केही समय यता मधेसीलगायतका उत्पीडित जातिहरूको मुक्ति आन्दोलनमा त्यहाँभित्रका सामन्त जमिन्दार र दलाल तथा नोकरशाही पुँजीपतिहरूले श्रमिकवर्गबाट राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व हत्याउन र आफूलाई उत्पीडित जातिहरूको नक्कली मसीहाको रूपमा प्रस्तुत गर्न जुन कसरत गर्दैछन्, त्यसबाट ती जाति र क्षेत्रका मुक्तिकामी जनता सतर्क रहन आवश्यक छ । हिजोसम्म एकात्मक राज्यको पक्षपोषण गर्ने र देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूको गोटी बन्नेहरू रातारात जातीय मुक्ति आन्दोलनका हिमायती बन्न खोज्छन् भने 'दालमा केही कालो छ' भन्ने सबैले बुझ्नैपर्दछ ।

२.२. **सङ्घीयताको नीति :** त्यसरी नै सङ्घीयताको मूल नीति के हुनसक्छ ? वास्तविक सङ्घीयताको सार्वभौम नीति भनेको उत्पीडित जाति र क्षेत्रहरूको आत्मनिर्णयको अधिकार र त्यस आधारमा स्वेच्छिक एकता हो । हामीले पनि सही अर्थमा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने हो भने सिद्धान्ततः यो नीतिलाई स्वीकार्नैपर्दछ । परन्तु नेपालको ठोस भू-राजनीतिक स्थिति र विभिन्न उत्पीडित जाति र क्षेत्रहरूको आर्थिक-सामाजिक विकासको न्यूनस्तरलाई मध्यनजर गर्दा आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सबभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ । हामीकहाँ स्वतन्त्र राज्यहरू स्वेच्छिक ढङ्गले सङ्घीयतामा आवद्ध भएको नभै एकात्मक राज्यलाई सङ्घीय राज्यहरूमा पुनर्गठित गर्न लागिएकोले सुरुसुरुमा यो नीति र कार्यक्रम आत्मसात् गर्न केही कठिनाइ पर्न सक्छ । तर यसरी मात्र सही लोकतान्त्रिक आधारमा सङ्घीय राज्यहरू बीच नयाँ र सुदृढ एकता कायम हुन सक्छ भन्ने कुरालाई सबैले मनन गर्नैपर्दछ ।

जहाँसम्म आत्मनिर्णयको अधिकारले देशलाई विखण्डनतिर लैजान सक्छ भन्ने कुरा छ, उत्पीडित जाति र क्षेत्रलाई स्वेच्छिक अधिकार दिएर आजसम्म दुनियाँमा कुनै पनि देश टुक्रिएको छैन । बरु उल्टै त्यस्तो अधिकार नदिएर बलजफ्ती बाँधेर राख्न खोज्दा देश टुक्रिने गरेको छ । जसरी सम्बन्ध-विच्छेदको अधिकार पाएका सबै श्रीमतीहरू श्रीमान्‌बाट अलग हुँदैनन्, त्यसैगरी आत्मनिर्णयको अधिकार पाएका सबै राज्यहरू केन्द्रबाट छुट्टिदैनन् भन्ने कुरा राम्ररी बुझ्न जरुरी छ ।

२.३. **सङ्घीय संरचनाको स्वरूप :** सङ्घीयताको उपर्युक्त आधार र नीतिअनुरूप देशको राज्य संरचना तीन तह (केन्द्र, स्वायत्त गणराज्य र स्थानीय तह) हुनेछन् । नेपाललाई जातीय बनोट, भौगोलिक अनुकूलता, भाषिक आधार, आर्थिक सम्भावना आदिलाई ख्याल गर्दै तत्काल निम्न बमोजिम एघारवटा स्वायत्त गणतन्त्र राज्य र तीभित्र अरू थप उप-स्वायत्त राज्य वा इकाइमा विभाजन गर्न सकिने प्रस्ताव गरिएको छ । ती हुन्- क्षेत्रीय आधारमा गठन गरिएका सेती-महाकाली राज्य र भेरी-कर्णाली राज्य, तथा जातीय आधारमा निर्माण गरिएका मगराँत, थारूवान, तमुवान, नेवाः, ताम्सालिङ, किराँत, लिम्बुवान, कोचिला र मधेस । यीमध्ये मधेसभित्र भाषिक आधारमा मिथिला, भोजपुरा र अवध उप-राज्य निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

(हेर्नोस् नक्सा)



- राज्यहरूको सीमा आपसी सहमतिमा जातीय बनोट, भाषिक आधार, आर्थिक सम्भावना, भौगोलिक अनुकूलता आदिलाई समेत विचार गरी निर्धारण गरिनेछ ।
- एउटा राज्यभित्र कुनै अर्को जाति वा जातिहरूका सघन अस्तित्व रहेका इलाका भए त्यहाँ स्थानीय स्तरका स्वायत्त इलाकाहरू निर्माण गर्न सकिनेछ ।
- नेपालमा हाल सूचीकृत गरिएका जनजातिमध्ये हिमालीक्षेत्रका व्याँसी, हिमाली (लामा/भोटे), शेर्पा, थकाली आदि, पहाडका बरामु, भुजेल, चेपाङ, छन्तेल, दुरा, हायु, ह्योल्मो, जिरेल, लेप्चा, सुनुवार, थामी आदि, भित्री मधेसका माझी–बोटे, दनुवार, दराई, कुमाल आदि र तराईका धिमाल, झाँगड–किसान, मेचे, मुण्डा–सन्थाल, कोच–राजवंशी आदिका पनि सघन बसोवास भएका ठाउँमा स्थानीय स्वायत्त इलाका बन्न सक्नेछन् ।

२.४. **अधिकार र दायित्व :** केन्द्र, राज्य र स्थानीय तह बीच अधिकार र दायित्वको स्पष्ट बाँडफाँड गरी संविधानमा नै सूचीकृत गरिनेछ । जसअनुसार सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्बन्ध, अन्तरराज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार राजस्व, ठूला जलविद्युत परियोजना, रेल्वे, हवाइमार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, नापतौल आदि केन्द्रको अधिकार क्षेत्रभित्र रहनेछन् भने बाँकी अधिकार स्वायत्त राज्यहरूमा रहनेछ । सोही बमोजिम स्थानीय यातायात, स्थानीय कर, शिक्षा, स्वास्थ्य, सरसफाइ, स्थानीय साधनस्रोत आदि माथि स्थानीय निकायहरूको अधिकार रहनेछ ।

केन्द्र र राज्य बीचको सम्बन्ध सन्तुलित र सुमधुर बनाउन विशेष व्यवस्था गरिनेछ । केन्द्रले राज्यसम्बन्धी निर्णय गर्दा राज्यका प्रतिनिधिहरूको सहमतिमा र राज्यले निर्माण गरेका कानुनहरू केन्द्रको सहमतिमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

३.०. शासनप्रणाली :

३.१. व्यवस्थापिका :

३.१.१. केन्द्रमा दुई सदनको र राज्यमा एक सदनको व्यवस्थापिका रहनेछ । व्यवस्थापिकाको सदस्य सङ्ख्या सकेसम्म सानो राखिनेछ ।

३.१.२. केन्द्रको तल्लो सदनमा जनसङ्ख्याको आधारमा प्रतिनिधि चुनिनेछन् भने उपल्लो सदनमा सबै राज्यहरूबाट बराबर प्रतिनिधि चुनिनेछन् ।

३.२. कार्यपालिका :

३.२.१. केन्द्रमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनेछ ।

३.१.२. राष्ट्रपतिले राष्ट्रध्यक्ष, सेना प्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्नेछन् र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन सञ्चालनको जिम्मेवारी वहन गर्नेछन् ।

३.२.३. राज्यमा गभर्नर र मुख्यमन्त्रीको व्यवस्था हुनेछ ।

३.३. न्यायपालिका :

३.३.१. तीन तहको अदालती संरचना कायम गरिनेछ । केन्द्रमा सर्वोच्च अदालत, राज्यमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहनेछन् । जिल्लाको मातहतमा लोक अदालत वा मेलमिलाप केन्द्रहरू रहनेछन् ।

३.३.२. सर्वोच्च अदालतलाई गम्भीर कानुनी प्रश्न, संवैधानिक विषयहरू, अन्तरराज्यसम्बन्धी विषयहरू, राष्ट्रिय स्रोत साधनको बाँडफाँड र उपयोगसम्बन्धी विवादहरू र केही गम्भीर प्रकृतिका अन्य विषयहरू मात्र हेर्ने अदालतको रूपमा विकास गरिनेछ ।

३.३.३. उच्च अदालतलाई असाधारण अधिकारसहित प्रभावकारी बनाइनेछ ।

३.३.४. ठूलालाई चैन र सानालाई ऐन रहेको वर्तमान न्यायप्रणालीमा आमूल परिवर्तन गरिनेछ ।

३.४. प्रशासनिक क्षेत्र :

३.४.१. सरकारी प्रशासनिक सेवालाई केन्द्रीय, राज्यीय र स्थानीय गरी तीन तहमा विभाजन गर्ने व्यवस्था मिलाइनेछ ।

३.४.२. विद्यमान सरकारी प्रशासन (निजामति, जङ्गी, प्रहरी र अन्य सेवाहरू) लाई जनउत्तरदायी, इमान्दार, सक्षम, निष्पक्ष, पारदर्शी बनाउने तथा सङ्घीय लोकतान्त्रिक पद्धतिअनुरूप कार्य गर्न सक्ने बनाउन 'प्रशासन पुनर्संरचना आयोग' गठन गरिनेछ ।

३.४.३. सरकारी सेवामा कार्यरत कर्मचारीको पारिश्रमिकलाई आफू र आफूमा आश्रित परिवारजनको जीवन निर्वाहको लागि यथेष्ठ रूपमा पुग्ने गरी वृद्धि गर्ने व्यवस्था गरिनेछ र त्यसलाई मुद्रास्फीतिसँग आवद्ध गर्दै लगिनेछ ।

४.०. राष्ट्रिय सुरक्षा :

४.१. नयाँ लोकतान्त्रिक गणतान्त्रिक मूल्यमान्यता र परिस्थितिअनुरूप नयाँ राष्ट्रिय सुरक्षा नीति तय गर्न तथा सुरक्षा क्षेत्रको पुनर्संरचना गर्न उच्च स्तरीय सुरक्षा आयोग गठन गरिनेछ ।

४.२. वर्तमान सुरक्षा प्रणालीको पारम्परिक सोचलाई पुनर्व्याख्या गरी राष्ट्रिय सुरक्षा संयन्त्रमा आम नागरिक अघिल्लो पङ्क्तिमा र सुरक्षा संयन्त्रहरू सहयोगीको रूपमा रहने किसिमको रणनीति तय गरिनेछ । सेनालाई व्यारेकमा थुनी राख्नु सट्टा विकास-निर्माणसम्बन्धी रचनात्मक काममा लगाउने र सेनाको सामाजिकीकरण गर्दै जनमुखी बनाउने नीति अवलम्बन गरिनेछ ।

४.३. नेपाली सेनाको लोकतान्त्रीकरण र जनमुक्ति सेनाको व्यावसायीकरण गर्दै यथासक्य छिटो उचित ढङ्गले समायोजन गरेर नयाँ राष्ट्रिय सेना निर्माण गर्ने कार्य सम्पन्न गरिनेछ । राष्ट्रिय सेनामा सबै जाति/जनजाति, उत्पीडित क्षेत्र, महिला, दलितलगायत सबैको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गरिनेछ । सेनालाई चुस्त बनाई आधुनिकीकरण गरिनेछ । १८ वर्षभन्दा माथिका निश्चित उमेरसम्मका स्वस्थ नागरिक सबैलाई सैनिक शिक्षा र तालिमको व्यवस्था गरिनेछ ।

४.४. सङ्घीय राज्यप्रणालीको नयाँ अवधारणा अनुसार सैन्यबल केन्द्रीय सरकारको मातहत रहनेछ भने स्वायत्त राज्यहरूले आ-आफ्नो अर्ध-सैनिक बल वा जनमिलिसिया निर्माण गर्ने व्यवस्था गरिनेछ । साथै सीमा सुरक्षा बल, औद्योगिक सुरक्षा बल, वन सुरक्षा बल, राजमार्ग सुरक्षा बल, ग्रामीण सुरक्षा बल आदि प्रणालीको विशिष्टीकरण गरिनेछ ।

४.५. देशमा हाल नेपाल, भारत र बेलायती सेनामा सेवा गरी निवृत्त भएका लाखौं भू.पू. सैनिकहरू रहेको हुँदा उनीहरूको अनुभव र क्षमतालाई राष्ट्रिय हितमा प्रयोग गर्न विशेष योजना बनाइनेछ । भारतीय र बेलायती सेनाबाट निवृत्त भएका भु.पू. सैनिकहरूले पाउने पेन्सन लगायतका सुविधामा रहेको असमानता हटाउन विशेष पहल गरिनेछ ।

(ग) नयाँ नेपालको आर्थिक आधार

वस्तुतः नयाँ नेपाल भनेको गरिबी, बेरोजगारी, भोक, अशिक्षा, परनिर्भरता, असमानताबाट मुक्त समुन्नत र आत्मनिर्भर नेपाल हो । त्यसैले संविधानसभामार्फत् अग्रगामी राजनीतिक परिवर्तन सुनिश्चित गर्नुको साथसाथै देशको सम्पूर्ण शक्ति आर्थिक विकासमा केन्द्रित गरिनेछ । त्यसको निम्ति 'नयाँ सङ्क्रमणकालीन अर्थनीति' (New Transitional Economic Policy) को विस्तृत कार्ययोजना तयार गरेर अभियानात्मक रूपमा कार्यान्वयन गरिनेछ । परिणामस्वरूप देश १० वर्षमा मध्यमस्तर, २० वर्षमा उच्चस्तर र ४० वर्षमा अति उच्चस्तरको विकासको कोटिमा पुग्नेछ । यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आर्थिक विकास योजना तयार गरी लागू गरिनेछ । त्यसनिम्ति हाम्रो सामान्य मार्गचित्र यस्तो हुनेछ :-

१.०. सामान्य विकास नीति

१.१. **सामन्तवादी सम्बन्धको अन्त्य :** नेपालको समग्र विकासको निम्ति मुख्य बाधक तत्त्व भनेको विविध क्षेत्रमा र मुख्यतः कृषिमा अद्यावधि कायम रहेको सामन्तवादी उत्पादन सम्बन्ध नै हो । दुई तिहाइ श्रमशक्ति अल्झिरहेको कृषिमा सामन्ती उत्पादन सम्बन्धका सबै रूपहरू जरैदेखि उखेलेर नफाली नेपालको आर्थिक कायापलट र तीव्र विकास सम्भवै छैन । त्यसैले 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ । अन्ततः राजनीतिक क्रान्ति पूरा नभै आर्थिक क्रान्ति सफल हुन्न भन्ने तथ्यलाई राम्ररी स्थापित गरिनेछ ।

१.२. **रोजगारीसहितको आर्थिक वृद्धि :** नेपालको तीव्र विकासको मूल आधार भनेको प्रचुर जनशक्ति नै हो, जुन अहिलेसम्म कि त पूर्ण बेरोजगार भएर विदेश भौंतारिइरहेछ कि पुरानो निर्वाहमुखी कृषिमा टाँसिएर छद्म-बेरोजगारी र अर्ध-बेरोजगारको पीडा भोगिरहेछ । परन्तु अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा लादिएको नव-उदारवादी आर्थिक नीतिले देशमा रोजगारीविनाको र सीमित सहरबजार केन्द्रित नक्कली आर्थिक वृद्धि मात्रै दिने गरेको छ । यो स्थितिमा आमूल परिवर्तन गरेर जगेडा श्रम शक्तिको अधिकतम सदुपयोग हुने गरी उत्पादनशील श्रम र रोजगारी प्रधान विकास नीति अनुसरण गरिनेछ । त्यसरी मात्रै आर्थिक वृद्धि र सामाजिक न्यायको सन्तुलन कायम हुनेछ र विकासको प्रतिफल घरघर र गाउँगाउँमा पुग्नेछ । यसनिम्ति राज्य र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको आडमा हुर्केको अनुत्पादनशील र परजीवी नोकरशाही पुँजीवादी सम्बन्धको अन्त्य गरी उत्पादनशील औद्योगिक पुँजीवादी सम्बन्ध विकास गर्न जोड दिइनेछ ।

१.३. **सार्वजनिक-निजी साझेदारी :** विकास निम्ति आवश्यक पुँजीको अभाव पूर्ति गर्न र देशभित्रै छरिएर रहेको पुँजीको अधिकतम सदुपयोग गर्न सार्वजनिक-निजी साझेदारी प्रणालीलाई योजनावद्ध ढङ्गले अघि बढाइनेछ । टेलिफोन, बिजुली, पानी आदि वस्तुका उपभोक्ता र उद्योग व्यवसायका मजदुरहरूबाट सोही संस्थान वा उद्योगमा साना शेयर लगानी गर्न प्रोत्साहित गरिनेछ । राज्यको नेतृत्व र पहलमा स्वदेशी वा विदेशी निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने यो प्रणाली नै नयाँ अन्तरिम अर्थनीतिको मेरुदण्ड रहनेछ ।

१.४. **सहकारी अभियान :** हाम्रो जस्तो सानो जमिन वा पुँजीको स्वामित्व भएका मान्छेहरूको बाहुल्य रहेको समाजमा एक्लाएक्लै भन्दा सहकारी ढङ्गले आर्थिक क्रियाकलाप गरेर मात्रै वर्तमान असमान प्रतिस्पर्धात्मक विश्वमा टिक्न सम्भव हुन्छ । त्यसैले विविधखाले उत्पादन, वितरण र वित्तीय सहकारी सञ्जाल देशैभर विस्तार गरेर त्यसमार्फत् आत्मनिर्भर विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१.५. **विज्ञान र प्रविधिको प्रयोग :** आर्थिक उत्पादनका सबै क्षेत्रमा सूचना-सञ्चार र सबैखाले विज्ञान तथा प्रविधिको अत्यधिक प्रयोग हुने वर्तमान विश्व सन्दर्भमा विज्ञान र प्रविधिको उचित प्रयोग गरेर तीव्र वृद्धिदर हासिल गर्ने प्रयत्न गरिनेछ । त्यसनिम्ति शिक्षा र मानवीय संसाधनको विकासमा विशेष जोड दिइनेछ ।

१.६. **राष्ट्रिय साधनस्रोतको अधिकतम प्रयोग :** आत्मनिर्भर र तीव्र विकास निम्ति देशभित्रै प्रचुर मात्रामा उपलब्ध र सापेक्ष लाभ भएका वस्तु र क्षेत्र, जस्तै जल, जमिन, जङ्गल, जैविक विविधता, जडिबुटी, जनशक्ति आदिको अधिकतम प्रयोग गर्ने नीति लिइनेछ । त्यसनिम्ति कृषि उद्योग, पर्यटन, जलस्रोत, सेवा क्षेत्र र पूर्वाधार निर्माणलाई प्राथमिकताका क्षेत्र मानिनेछ ।

१.७. **समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास :** समग्रमा, अर्थतन्त्रमा विद्यमान सामन्तवाद र नोकरशाही तथा दलाल पुँजिवादका सबै रुपहरूको अन्त्य गरेर तिव्र अर्थिक बृद्धि, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र आत्मनिर्भरता सहितको समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास गर्नु राष्ट्रिय विकास नीतिको मुख्य चरित्र र विशेषता हुनेछ।

२.० कृषि र वन

२.१. जल, जमिन र जैविक विविधतामा देश धनी भएको, कृषि क्षेत्रमा बहुसङ्ख्यक जनता आश्रित भएको र कृषि उद्योगमा तुलनात्मक लाभ प्राप्त हुने भएकाले निर्वाहमुखी कृषि क्षेत्रको आमूल परिवर्तन गरेर व्यावसायिक कृषिमा रूपान्तरण गर्नु नयाँ नेपालको आर्थिक विकास नीतिको मुख्य प्राथमिकता क्षेत्र हुनेछ ।

२.२. सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ । कृषिमा सामन्ती भूमि-सम्बन्ध, गैरहाजीर जमिनदारी आदिको पूर्ण अन्त्य गरिनेछ । वास्तविक जोताहा मोही, मुक्त कमैया, भूमिहीन किसान, गरीब किसानलाई निःशुल्क जमिन वितरण गरिनेछ । तराई, पहाड र हिमालमा फरक-फरक हदबन्दीको सीमा किटान गरेर लागु गरिनेछ । साना किसानहरूलाई सहकारीमा सङ्गठित गरिनेछ । आधुनिक ढङ्गले खेती गर्न, बाली विविधीकरण गर्न र व्यावसायिक खेती गर्न प्रोत्साहन गरिनेछ । बाँझो कृषि भूमिलाई शुःल्क लगाउने व्यवस्था गरी उत्पादन बढाउने कार्यमा लाग्न सबैलाई अभिप्रेरित गरिनेछ ।

२.३. मुलुकका निश्चित स्थानमा आन्तरिक प्रयोगको निम्ति आवश्यक खाद्यान्न खेती गरेर बाँकी क्षेत्रमा तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका विशिष्ट, अनुपम तथा उच्च मूल्य, थोरै वजन र कम आयतन भएका कृषिजन्य वस्तु (जस्तै, पहाडी भेगमा बेमौसमी तरकारी, ऐंसेलु, काफल, मेल जस्ता फलफूल, गुणस्तरयुक्त वास्नादार मह, लुइँचे, कालिज, डाँफे जस्ता चराचुरुङ्गी, जडिबुटी खाएका चौंरीको दूध र चीज, चिसो पानीका माछा, चिसो पानीको चामल, यार्चागुम्वा, पाँचऔंलेलगायतका

हिमाली जडिबुटी आदि) को व्यावसायिक उत्पादन गरी निर्यात गर्न अभिप्रेरित गरिनेछ । कृषि, पशुपालन, फलफूल खेती, माछापालनलाई एकीकृत ढङ्गले उद्योगको रूपमा विकास गरिनेछ । कृषि उद्योगलाई देशको प्रमुख आर्थिक क्षेत्रको रूपमा विकास गरिनेछ ।

२.४. मध्यपहाडका ठूला टार र भित्री मधेस तथा तराईमा वर्षभर सिञ्चाइको निम्ति विशेष योजना बनाएर कार्यान्वयन गरिनेछ । देशभित्र फर्टिलाइजर (मलखाद) कारखाना, कृषि औजार कारखाना स्थापना गरिनेछ । दक्ष कृषि जनशक्ति उत्पादन गर्न कृषि तथा वन विश्वविद्यालय स्थापना गरिनेछ ।

२.५. कृषि उपजहरूको बजार र भण्डारणको लागि कृषि सडक र शीत भण्डारहरूको सञ्जाल निर्माण गरिनेछ । किसानहरूलाई आफ्ना उत्पादनको न्यूनतम (समर्थन) मूल्य उपलब्ध गराउने विशेष कार्यक्रम लागू गरिनेछ।

२.६. तराई र मध्यपहाडका समथर इलाकाबाहेक देशको अधिकांश भूभागमा जैविक विविधता अनुकुलको वन तथा जडीबुटी खेती गरिनेछ र त्यसलाई राष्ट्रिय उद्योगको रूपमा विकास गरिनेछ । यसनिम्ति सम्पूर्ण देशको भू-उपयोग योजना निर्माण गरी लागू गरिनेछ । नदी नियन्त्रण र भू-संरक्षणको विस्तृत योजना बनाई कार्यान्वयन गरिनेछ ।

२.७. कृषि क्षेत्रमा ऋण कर्जा विकास र विस्तारका लागि कृषि विकास बैंकका अतिरिक्त भूमि विकास बैंक, लघु तथा घरेलु विकास बैंक आदिको स्थापना गरिनेछ । भूमिहीन तथा साना किसानहरूको ऋण मिनाहा गरिनेछ । मध्यम किसानको ऋणको व्याज मिनाहा गरिनेछ ।

२.८. पर्यावरणीय सन्तुलन कायम गर्न विशेष ध्यान दिइनेछ र त्यस विपरीत हुने गतिविधिलाई कडाइपूर्वक रोकिनेछ । रासायनिक मल र विषादीको सट्टा जैविक र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३.०. पर्यटन तथा उद्योग

३.१. पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखिनेछ । तराईदेखि उच्च हिमालसम्मको जैविक विविधता, सांस्कृतिक र धार्मिक विविधताको उच्चतम प्रयोग गरी पर्यटनको विकास गरिनेछ । ग्रामीण पर्यटन, हिमालीय तथा पर्वतीय पर्यटन, पर्या-पर्यटन, जलयात्रा पर्यटन, पदयात्रा पर्यटन, दृश्यावलोकन पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेलकुद पर्यटन, सांस्कृतिक पर्यटन इत्यादि विविध पर्यटनका रूपहरूको विकास गरी विदेशी पर्यटकहरू आकर्षित गरिनेछ । हाल वर्षेनी ५ लाख जति विदेशी पर्यटक आउने गरेकोमा सो सङ्ख्यालाई दश वर्षभित्र २० लाखसम्म पुऱ्याउने प्रयत्न गरिनेछ । ल्हासासम्म आएको रेल काठमाडौं हुँदै लुम्बिनीसम्म विस्तार र सिमरा तथा लुम्बिनीमा अन्तर्राष्ट्रिय एयरपोर्ट र काठमाडौं-हेटौंडा फास्ट ट्र्याक (सुरुङमार्ग) निर्माण गरी टुरिस्टको सङ्ख्या त्योभन्दा पनि बढी गराउन प्रयत्न गरिनेछ, जसले देशको अर्थतन्त्र नै कायापलट गर्नेछ । यसनिम्ति भारत र चीन बीचको टुरिस्टहरूको प्रवाहलाई नेपाल हुँदै सञ्चालन गर्न विशेष जोड दिइनेछ ।

३.२. राष्ट्रिय औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिइनेछ । सबभन्दा पहिले रुग्ण उद्योगहरूलाई पुनः सञ्चालन गर्न विशेष जोड दिइनेछ । विदेशीहरूसँग प्रतिस्पर्धा गर्न नसकी अधिकांश उद्योग धरासायी हुँदै गएको स्थितिमा राष्ट्रिय उद्योगधन्दाहरूलाई विशेष संरक्षण दिने नीति अवलम्बन गरिनेछ । विलासिताका वस्तुहरूको आयातलाई निरुत्साहित गरेर स्वदेशी पुँजी स्वदेशी औद्योगिक लगानीमा लगाउने वातावरण निर्माण गरिनेछ । साना तथा घरेलु उद्योगहरूलाई विशेष प्रोत्साहन गरिनेछ । विशेषतः आयात प्रतिस्थापन गर्ने उद्योगमा लगानी गर्न विदेशी लगानीकर्ताहरूलाई स्वागत गरिनेछ । उद्योगमा ५१ प्रतिशत स्वदेशी लगानी हुने संयुक्त लगानीलाई प्राथमिकता दिइनेछ । भारत र चीनको ठूलो बजारलाई मध्यनजर गरी खासखास दक्षिणी र उत्तरी सीमावर्ती इलाकामा निर्यातमूलक उद्योग

स्थापना गर्न 'विशेष आर्थिक क्षेत्र' स्थापना गरिनेछ । वैदेशिक रोजगारीबाट भित्रिने ठूलो बिप्रेसन (remittance) को रकमलाई औद्योगिक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । श्रमिकहरूलाई उद्योगको व्यवस्थापनमा संलग्न गराएर र उद्योगहरूको शेयर मजदुरहरूलाई पनि वितरण गरेर मजदुर–व्यवस्थापन बीचको अन्तरविरोध मित्रवत् ढङ्गले हल गर्ने प्रयत्न गरिनेछ ।

४.०. जलस्रोत तथा जलविद्युत

४.१. जलस्रोत र जलविद्युतको विकासलाई नयाँ नेपाल निर्माणको एक प्रमुख आधार बनाइनेछ । जलविद्युत आयोजनालाई सिञ्चाइ, यातायात, औद्योगिक एवम् सहरी विकाससँग एकाकार गरी अगाडि बढ्नका लागि आगामी १० वर्षसम्म जलविद्युत विकासलाई एक अभियानको रूपमा लगिनेछ । अल्पकालीन र दीर्घकालीन योजना बनाएर **आगामी १० वर्षमा १० हजार मेघाबाट विद्युत उत्पादन गरिनेछ ।**

४.२. साना तथा मझौला जलविद्युत योजना आन्तरिक लगानीबाट र ठूला तथा निर्यातमूलक योजना विदेशी लगानीबाट सम्पन्न गर्ने नीति अनुसरण गरिनेछ । जलविद्युत सम्भावनामा संसारको दोस्रो धनी मानिने देशमा झण्डै आधा दिन लोडसेडिङ्ग गर्नुपरिरहेको विडम्वनापूर्ण स्थितिलाई अन्त्य गर्न देशभित्रै छरिएर रहेका साना पुँजी सङ्कलन गरी साना तथा मझौला जलविद्युत आयोजनामा लगानी गर्न विशेष पहल गरिनेछ । विद्युत र पानी उपभोक्ताहरूलाई नै आयोजनाको शेयर वितरण गरेर पुँजी सङ्कलन गर्ने नीति लिइनेछ ।

४.३. ग्रामीण विद्युतीकरणमा विशेष जोड दिइनेछ र **आगामी दश वर्षमा सबै गाउँ र घरहरूमा बिजुली बितरण गरिनेछ ।**

४.४. कोशी, गण्डकी र कर्णालीमा महाभारत शृङ्खलामा बाँध बाधेर वा सुरुङ खनेर सम्पूर्ण तराईलाई सिञ्चाइ नहर सञ्जालले जोड्ने योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । पहाडका नदी किनारका ठूला टारहरूमा लिफ्ट सिंचाई, नहर आदि विविध तरिकाले स्थायी सिञ्चाइको व्यवस्था गरिनेछ । वर्षाको पानी सञ्चय गरेर हिउँदमा प्रयोग गर्न ठूलाठूला पोखरीहरू निर्माण गर्ने विशेष अभियान सञ्चालन गरिनेछ ।

५.०. भौतिक पूर्वाधार तथा सहरीकरण

५.१. **'नयाँ नेपाल निर्माणको आधार, आधुनिक भौतिक पूर्वाधार'** को नारालाई आर्थिक विकासको सूत्रवाक्य बनाइनेछ । विकसित भौतिक पूर्वाधार विना नयाँ नेपालको कल्पना सपना मात्र हुने भएकाले सडक, रेलमार्ग, रोप–वे, खानेपानी आयोजना, आवास तथा सहरीकरण जस्ता विषयमा उच्च प्राथमिकता दिइनेछ । विगतमा खालि काठमाडौं र भारतीय सिमानाका सहर जोड्नमा मात्र जोड दिँदै आएकोमा एकीकृत र सन्तुलित विकासको निम्ति हिमाल, पहाड र तराईलाई तथा पूर्व र पश्चिमलाई जोड्न विशेष ध्यान दिइनेछ । साथै सङ्घीय ढाँचाअनुरूप स्वायत्त राज्यहरूका राजधानीलाई एक अर्कासँग जोड्न र त्यहाँ व्यवस्थित सहरी विकास गर्न जोड दिइनेछ ।

५.२. सम्पूर्ण देशको भू–उपयोग योजनासहित एकीकृत विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरेर बीस वर्षभित्र देशको मुहारै परिवर्तन गर्ने गरी सडक, रेल मार्ग, सुरुङ मार्ग, रोप–वे र सहरीकरणको बृहद् सञ्जाल निर्माण गरिनेछ । सर्वप्रथम मध्यपहाडबाट पूर्व–पश्चिम जोड्ने सडक मार्ग पूरा गरिनेछ । तराईमा पूर्वदेखि पश्चिम जोड्ने विद्युतीय रेलमार्ग निर्माण गरिनेछ । भित्री मधेसबाट पूर्व–पश्चिम जोड्ने सडक मार्ग पूरा गरिनेछ । भारत र चीन बीचको गतिशील पुलको काम गर्ने गरी पूर्व, मध्य र पश्चिमका ५ वा ६ वटा उत्तर–दक्षिण सडक मार्ग निर्माण गरिनेछ । ल्हासाबाट काठमाडौं हुँदै लुम्बिनीसम्म रेलमार्ग विस्तार गर्ने पहल गरिनेछ । (हेर्नोस् नक्सा: पृष्ठ २६३)

५.३. ग्रामीण पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ । खासगरी सुदूर पश्चिमका पिछडिएका पहाडी जिल्ला, कर्णाली प्रदेश र मध्य तथा पूर्व पहाडी जिल्लाहरूमा सडक सञ्जाल विस्तार गर्न प्राथमिकता दिइनेछ । पहाडी क्षेत्रमा सडक निर्माण गर्दा हरित सडक निर्माणमा जोड दिइनेछ । यातायातलाई उत्पादनसँग जोडेपछि मात्र त्यसले वास्तविक जनतालाई विकासको फल पुऱ्याउँछ भन्ने कुरामा ध्यान दिइनेछ । **५ वर्षभित्र सबैलाई शुद्ध पिउने पानी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।**

५.४. जातीय तथा क्षेत्रीय स्वायत्त गणराज्यहरू प्रत्येकमा एक एक वटा नमुना सहरको विकास गरिनेछ र ७५ वटै जिल्लाहरूमा एकीकृत नमुना विकासका कार्यक्रम सञ्चालन गरेर देशैभर त्यस्तो मोडेल विस्तार गरिनेछ । छरिएका गाउँहरूलाई आधुनिक सुविधासहित एकीकृत गरेर सघन वस्ती विकास गरिनेछ । सुकुम्वासीहरूलाई स्थायी आवासको व्यवस्था गरिनेछ ।

५.५. काठमाण्डौ उपत्यकाको एकीकृत विकास योजना बनाएर वर्तमान अनियन्त्रित विस्तारलाई व्यवस्थित गरिनेछ । काठमाडौं उपत्यका बाहिर स्याटेलाइट सहरहरूको विकास गरेर र काठमाडौं–हेटौंडा फास्टट्र्याक (सुरुङमार्ग) निर्माण गरेर काठमाडौंको आप्रवासनको चापलाई नियन्त्रित गरिनेछ । मेलम्ची आयोजना आगामी ५ वर्षभित्र पूरा गरेर काठमाडौंको खानेपानी समस्या दीर्घकालीन रूपले हल गरिनेछ भने वैकल्पिक स्रोतहरू र विद्यमान स्रोतहरू समेतको समुचित व्यवस्थापन तथा परिचालन गरी आगामी एक वर्षभित्र खानेपानीको आपूर्तिलाई सहज तुल्याइनेछ ।

५.६. दुर्गम जिल्लाहरू जोड्ने हवाइमार्ग र रोप–वे (रज्जुमार्ग) लाई विशेष प्राथमिकता दिइनेछ । पहाडी जिल्लाहरूमा हवाइ यातायात सुगम र सरल बनाइनेछ ।

६.० वित्त, वाणिज्य र आपूर्ति

६.१. साना किसान र घरेलु तथा साना उद्योगहरूलाई आवश्यक कर्जा सहज ढङ्गले उपलब्ध गराउन लघु वित्त योजनाहरू र विशेष बैङ्किक व्यवस्था गरिनेछ । छानबिनको आधारमा खराब ऋणीबाट कडाइका साथ ऋण असुली गर्न र नियत राम्रो भएका ऋणीहरूलाई पुनर्स्थापना गर्न एक उच्चस्तरीय छानबिन आयोग गठन गरिनेछ । जनयुद्धको क्रममा पीडित साना किसान तथा उद्यमीहरूको ऋण र आम पीडित जनसमुदायको बिजुली महसुल मिनाहा गरिनेछ ।

६.२. पेट्रोलियम पदार्थ र अन्य दैनिक उपभोगका वस्तुको सुपथ र सहज वितरणको आवश्यक व्यवस्था मिलाइनेछ ।

६.३. मजदुर, सुकुम्वासी र गरीवीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्ने **सार्वजनिक वितरण प्रणाली**को व्यवस्था गरिनेछ । साथै सहकारी पसलहरू खोल्न विशेष प्रोत्साहन गरिनेछ ।

६.४. भ्रष्ट्राचार, मूल्यवृद्धि, तस्करी, कालोबजारी रोक्न जनसमुदायलाई समेत परिचालन गरेर प्रभावकारी कदम चालिनेछ ।

६.५. हिमाली भेगका जनताको अत्यावश्यक वस्तुहरूको आपूर्तिमा रहेको असुविधालाई ध्यान दिँदै तिब्बत (चीन) सँगका नाकाहरू खोल्न विशेष पहल गरिनेछ ।

७.० श्रम तथा रोजगारी

७.१. ठाउँठाउँमा श्रम विनियम केन्द्र स्थापना गरिनेछ र शैक्षिक तथा गैर–शैक्षिक वेरोजगारहरूको लगत तयार गरिनेछ । उत्पादनमूलक रोजगारी नपाएसम्म बेरोजगारहरूलाई जिउन लायक बेरोजगारी भत्ता दिइनेछ । स्वरोजगार व्यवसाय सञ्चालन गर्न चाहनेहरूलाई विना धितो कर्जा उपलव्ध गराइनेछ ।

७.२. देशको अत्याधिक अतिरिक्त श्रमशक्तिलाई ध्यान दिंदै राज्यको तर्फबाट अल्पकालीन र दीर्घकालीन श्रमप्रधान विकास निर्माण योजनाहरू कार्यान्वयन गरिनेछ । अवस्था हेरी 'कामका लागि खाद्यान्न' वा 'कामका लागि श्रम–बन्ड' वा 'श्रम–शेयर' जस्ता कार्यक्रम सञ्चालन गरिनेछ, जसमा श्रमको आंशिक ज्याला सरकारी बन्ड वा शेयरमा दिइनेछ ।

७.३. वैदेशिक रोजगारीबाट आएको विप्रेषणको रकम सङ्कलन गरी देशभित्रै रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७.४. श्रमिकहरूको न्यायोचित हक, हित र सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक सङ्गठनहरूबाट प्राप्त सुझावका आधारमा श्रमनीति अख्तियार गरिनेछ ।

(घ) नयाँ नेपालको सामाजिक-सांस्कृतिक आधार

'नयाँ नेपाल, सुशिक्षित, सुसंस्कृत र स्वस्थ नेपाल' को नारालाई मूर्त रूप दिन सामाजिक–सांस्कृतिक रूपान्तरणको बृहद् गुरुयोजना बनाएर युद्धस्तरमा कार्यान्वयन गरिनेछ ।

१.०. शिक्षा, संस्कृति तथा खेलकुद

१.१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यसूची अनुकूल सामाजिक रूपान्तरणका लागि योग्य नागरिकहरू तयार गर्ने हिसाबले नयाँ शिक्षा नीति निर्माण गरिनेछ । हाल शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरिनेछ र सबैलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । शिक्षामा सबैको मौलिक अधिकार स्थापित गरिनेछ । उच्च शिक्षा हासिल गर्न चाहनेहरूलाई विना धितो सरल ऋण उपलब्ध गराइनेछ ।

१.२. राज्यको तर्फबाट व्यापक साक्षरता अभियान सञ्चालन गरिनेछ र **पाँच वर्षभित्र निरक्षरता पूर्ण रूपले उन्मूलन गरिनेछ ।**

१.३. शिक्षालाई जीवन र उत्पादनसँग जोडिनेछ । प्राविधिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ । औपचारिक शिक्षाबाट बञ्चित ठूलो जनसङ्ख्या र विशेषतः दश वर्षे जनयुद्धको दौरानमा क्रान्तिकारी आन्दोलनमा संलग्न युवायुवतीहरूलाई शिक्षामा पहुँच पुऱ्याउन खुला विद्यालय तथा विश्वविद्यालयहरूको स्थापना गरिनेछ । तिनमा व्यावहारिक ज्ञानबाट हासिल शिक्षालाई समेत 'आजीवन शिक्षा' को रूपमा मान्यता दिने विशेष व्यवस्था गरिनेछ ।

१.४. प्रत्येक स्वायत्त राज्यमा कमसेकम एक विश्वविद्यालय स्थापना गरिनेछ । कृषि तथा वन, इञ्जिनियरिङ, मेडिसिन, सूचनाप्रविधि, व्यवस्थापन आदि क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट शिक्षण तथा अनुसन्धान केन्द्रहरू स्थापना गरेर विदेशी विद्यार्थी तथा अनुसन्धानकर्ताहरूलाई समेत आकर्षित गर्ने नीति लिइनेछ ।

१.५. साहित्य, कला, संस्कृतिको संवर्द्धन र विकासको लागि राज्यले विशेष योजना र कार्यक्रमको तर्जुमा गर्नेछ । साहित्य, कला, सङ्गीत र चलचित्रको समुचित विकासका लागि प्रतिष्ठानहरूको पुनर्गठन एवम् स्थापना गरिनेछ । सामाजिक–सांस्कृतिक विकृति र विसङ्गतिका विरुद्ध विशेष अभियान सञ्चालन गरी राष्ट्रिय, लोकतान्त्रिक, वैज्ञानिक संस्कृतिको विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । जनयुद्ध र जनआन्दोलनका स्रष्टा सहिदहरूको विशेष सम्मानका लागि पहल गरिनेछ ।

१.६. सबै प्रकारका खेलकुदको विकासको लागि एकीकृत योजना बनाएर लागू गरिनेछ । स्कुल र गाउँ/टोल तहदेखि नै खेलकूदको विकासमा विशेष जोड दिइनेछ । अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूलाई राज्यले विशेष संरक्षण र सम्मानको व्यवस्था गर्नेछ ।

२.०. स्वास्थ्य सेवा

२.१. स्वास्थ्यलाई सबैको मौलिक अधिकारका रूपमा स्थापित गरिनेछ र 'सबैका लागि स्वास्थ्य' को अवधारणा कार्यान्वयन गरिनेछ । **सबैलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराइनेछ ।**

२.२. स्वास्थ्यकर्मी उत्पादन गर्दा एलोपेथिक, आयुर्वेदिक, होमोपेथिक, युनानी, एक्युपंचर, एक्युप्रेसर, प्राकृतिक चिकित्सा तथा योगसम्बन्धी छुट्टाछुट्टै र एकीकृत कलेजहरू स्थापना गरिनेछ ।

२.३. प्रत्येक गाउँ विकास समितिमा कम्तिमा पनि एउटा एलोपेथिक स्वास्थ्य चौकी, आयुर्वेदिक चिकित्सा केन्द्र र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४. मुलुकको विभिन्न पर्यटकीय क्षेत्रमा सुविधायुक्त अस्पताल स्थापना गर्न निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरी विदेशीहरूलाई औषधोपचार पर्यटनकोलागि आमन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ ।

२.५. जडिबुटी प्रशोधन नगरी निकासी गर्ने कार्यलाई बन्द गरिनेछ र सङ्कलित जडिबुटी प्रशोधन गर्ने संस्थागत व्यवस्था गरिनेछ ।

३.०. महिला तथा बालबालिका

३.१. **महिलालाई पैतृक सम्पत्तिलगायत समाज, अर्थतन्त्र र राज्यका हरेक क्षेत्रमा विशेष अधिकारसहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ ।** व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरुदण्ड मानिने सेना, प्रहरीलगायतको सुरक्षा निकायमा समानुपातिक सहभागिता कायम गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

३.२. जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ । महिलाहरूलाई पेशामा निर्वाध ढङ्गले लाग्ने वातावरण निर्माण गर्न शिशु स्याहार केन्द्रहरूको व्यवस्था गरिनेछ ।

३.३. महिला, पारिवारिक तथा बाल अदालत गठन गरिनेछ ।

४.०. दलित

४.१. दलितहरूमाथि हुने छुवाछुतलगायतका सबै भेदभावहरूको पूर्ण अन्त्य गरिनेछ । **पूरै देशलाई छुवाछुत मुक्त इलाका घोषणा गरिनेछ** र छुवाछुत गर्नेहरूमाथि मानवता विरुद्ध अपराधको कडा कानुनी कार्बाही गरिनेछ ।

४.२. राज्यद्वारा आर्थिक, राजनैतिक, सामाजिक–सांस्कृतिक, शैक्षिक, प्रशासनिक, सैनिक लगायत जीवनका सबै क्षेत्रबाट दलित समुदायलाई सुनिश्चित ढङ्गबाट पछाडि पारिएको हुँदा अरू समुदाय सरह सबै क्षेत्रमा समान नहोउञ्जेलसम्म राज्यले विशेषाधिकारको व्यवस्था गर्नेछ । यो विशेषाधिकारको नीति र विधिलाई व्यावहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्नका लागि विशेष नियमद्वारा व्यवस्थित गरिनेछ ।

४.३. वादी सुमदायका वाध्यात्मक यौन पेशामा संलग्न महिलाहरूलाई ससम्मान पुनर्स्थापना गरिनेछ ।

५.०. युवा

५.१. युवाहरूको समस्या समाधानका लागि व्यवस्थित योजना बनाउन एक उच्चस्तरीय **युवा आयोगको गठन गरिनेछ ।**

५.२. सोह्र वर्ष पुगेका युवाहरूलाई मताधिकारको व्यवस्था गरिनेछ ।

५.३. युवाहरूको बौद्धिक तथा शारीरिक विकासका लागि राज्यद्वारा विशेष व्यवस्था गरिनेछ ।

६.०. सूचना तथा सञ्चार

६.१. स्वतन्त्र र निष्पक्ष प्रेसको पक्षपोषण गरिनेछ । स्वतन्त्र प्रेसमाथिको सबै प्रकारको हस्तक्षेपलाई निषेध गरिनेछ । सूचनाको हकसम्बन्धी ऐनलाई दृढतापूर्वक कार्यान्वयन गरिनेछ । श्रमजीवी पत्रकार ऐनलाई तदारुकताका साथ कार्यान्वयन गरिनेछ ।

६.२. सञ्चारमाध्यमको स्थापना र सञ्चालनसम्बन्धी नीतिको सरलीकरण गरिनेछ । सञ्चारमाध्यमको सञ्चालन गर्नको निम्ति लिने इजाजतपत्र र नवीकरणसम्बन्धी प्रक्रियालाई सहज बनाउनको लागि सम्बन्धित कानुनमा संशोधन गरिनेछ ।

६.३. **टेलिफोन सेवा यसै आर्थिक वर्षमा सबै गाविसहरूमा पुऱ्याइनेछ ।** मोवाइल सेवालाई गुणस्तरीय बनाउँदै मुलुकभर विस्तार गरिनेछ ।

६.४. नेपाली चलचित्र उद्योगको संवर्द्धन र संरक्षणको लागि राष्ट्रिय चलचित्र नीति शीघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७.०. विज्ञान तथा प्रविधि

७.१. विज्ञान तथा प्राविधिक शिक्षालाई प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म विशेष प्राथमिकता दिइनेछ ।

७.२. मुलुकका प्रत्येक स्वायत्त राज्यमा कम्तिमा एउटा बहुमुखी प्राविधिक तालिम केन्द्र स्थापना गरी साक्षर जनसमुदायलाई व्यापक रूपमा प्रशिक्षण गर्ने व्यवस्था गरिनेछ ।

७.३. नयाँ प्रविधि विकास गर्ने प्रविधि विशेषज्ञलाई आर्थिक अनुदानका साथै प्रविधि विकासका लागि आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७.४. वैज्ञानिक तथा प्राविधिक प्रतिभा पलायन (Brain Drain) रोक्न राज्यको तर्फबाट विशेष कार्यक्रम ल्याइनेछ ।

८.०. सहिद परिवार, बेपत्ता परिवार र युद्धका घाइते

८.१. दशवर्षे महान् जनयुद्ध र जनआन्दोलनको क्रममा शहादत प्राप्त गर्नेहरूको स्मृति र सम्मानमा राज्यको तर्फबाट विशेष योजना र कार्यक्रम ल्याइनेछ । सहिदका परिवारहरूलाई उचित राहतको व्यवस्था गरिनेछ र छोराछोरीहरूलाई विश्वविद्यालय स्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

८.२. जनयुद्धको क्रममा बेपत्ता पारिएकाहरूको छानबिन गरी सत्यतथ्य पत्ता लगाउन एक उच्च स्तरीय आयोगको गठन गरिनेछ । सो प्रतिवेदनका आधारमा दोषीहरूमाथि कडाभन्दा कडा कार्बाही गरिनेछ । बेपत्ता पारिएकाहरूको परिवारलाई राज्यले उचित राहत प्रदान गर्नेछ र छोरा–छोरीलाई विश्वविद्यालय-स्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्नेछ ।

८.३. जनयुद्धका घाइतेहरूको सम्पूर्ण उपचारको व्यवस्था राज्यले गर्नेछ । घाइतेहरूलाई उचित सम्मान र राहतको व्यवस्था राज्यले गर्नेछ ।

९.०. अपाङ्ग

९.१. अपाङ्गहरूलाई उनीहरूको कुल जनसङ्ख्याको अनुपातमा राज्य र समाजका सबै अङ्गहरूमा प्रतिनिधित्व गराइनेछ ।

९.२. सबै प्रकारका अपाङ्गहरूको संरक्षण, सम्मान र रोजगारीका लागि राज्यले विशेष कार्यक्रमको तर्जुमा गर्नेछ ।

१०.०. मुस्लिम

१०.१. मुस्लिम लामो समयदेखि नेपालमा बसोवास गर्दै आएको उत्पीडित अल्पसङ्ख्यक समुदाय भएकाले उनीहरूलाई विशेषाधिकारसहित राज्य, समाज र अर्थतन्त्रका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराइनेछ ।

१०.२. मुस्लिम समुदायको समग्र हित र विकासको लागि एक शक्तिशाली **राष्ट्रिय मुस्लिम आयोग** गठन गरिनेछ ।

११.०. ज्येष्ठ नागरिक

११.१. ज्येष्ठ नागरिकहरूको समाजप्रति योगदानको कदर गर्दै राज्यले दिँदै आएको मासिक भत्तालाई सम्मानपूर्ण जीवन यापन गर्न पुग्ने गरी वृद्धि गरिनेछ । उनीहरूकाृ अनुभव, ज्ञान र सीपको सदुपयोग गर्न तथा उनीहरूका विशिष्ट समस्याहरूको समाधान गर्न राज्यले विशेष व्यवस्था गर्नेछ ।

१२.०. तेस्रो लिङ्गी

१२.१. सम्पूर्ण नेपाली यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई उनीहरूको वास्तविक पहिचानसहित नागरिकताको व्यवस्था गरिनेछ । उनीहरूका विशिष्ट समस्या समाधान गर्न राज्यले विशेष ध्यान दिनेछ ।

(ङ) विविध

१.०. पर्यावरण

१.१. प्राकृतिक वातावरणको संरक्षण, दिगो उपभोग एवम् आवश्यक पर्ने प्राकृतिक वातावरणको पुनःस्थापना सम्बन्धमा विशेष कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ ।

१.२. नेपाल पक्ष भएका वातावरणसम्बन्धी महासन्धीहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

IV. माओवादी र क. प्रचण्ड नै किन ?

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

यतिबेला तपाईंले ऐतिहासिक फैसला गर्ने बेला आएको छ । तपाईको अगाडि तीनथरि शक्ति उभिएका छन्– प्रतिगमनकारी, यथास्थितिवादी र अग्रगमनकारी । तिनको सही पहिचान गरेर एक्काइसौँ शताव्दीको नेपाललाई कुन दिशामा डोऱ्याउन दिने हो ? तपाईंले फैसला गर्नुपरेको छ ।

पहिलो, राजतन्त्रवादी प्रतिगमनकारी शक्ति । जनयुद्ध र जनआन्दोलनले त्यसलाई आर्यघाट पुऱ्याइसक्दा पनि त्यसले मर्ने बेलामा खुट्टा तानेर मर्ने दुस्साहस गरिरहेको छ । मधेसी, जनजातिलगायतका उत्पीडित जनताको जायज असन्तुष्टिको खोल ओढेर त्यसले संविधानसभा निर्वाचन भाँड्ने र आफ्नो गुमेको स्वर्ग फिर्ता गर्ने जमर्को गरिरहेछ । आगामी दिनमा पनि त्यसले थप गडबडी मच्चाउने प्रयत्न गर्नसक्छ । तर के तपाईं यो देशको इतिहासको पांग्रो अढाइसय वर्ष पछाडि फर्काउन चाहनुहुन्छ ? उही बर्बर सामन्ती निरङ्कुशता फर्केको र यो देश पुनः भीषण गृहयुद्धको भुँमरीमा फसेको हेर्न रुचाउनुहुन्छ ? हामीलाई विश्वास छ– तपाईं त्यो चाहनुहुन्न मात्र होइन, आवश्यक परे त्यसका विरुद्ध निर्णायक मुठभेडमा उत्रन समेत तयार हुनुहुन्छ ।

दोस्रो, संसदवादी यथास्थितिवादी शक्ति । यो शक्ति देश अहिले जहाँ छ, त्यहीं राखिराख्न चाहन्छ । मुख्यतः नेपाली काङ्ग्रेस र एमालेको रूपमा रहेको यो शक्तिले अमूर्त लोकतन्त्रको कुरा त गर्छ, तर ऊसँग यो देशको तीव्र आर्थिक–सामाजिक रूपान्तरण र राष्ट्रियताको रक्षाको कुनै एजेन्डा छैन । विगत ५७ वर्षमा र पछिल्लो १७ वर्षमा यसले पटकपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ तर उसले देशमा आमूल परिवर्तनको कुनै प्रत्याभूति दिन सकेको छैन । चुनावको वेला चिल्ला कुरा गरेर जनतालाई भ्रममा पार्न सिपालु यो शक्तिले अग्रगमन र प्रतिगमन दुवैलाई 'अतिवाद' भन्दै आफूलाई समदुरीमा राखेर आफ्नो यथास्थितिवादी चरित्रको पुष्टि गरिसकेको छ । के तपाईं उनै पुराना विचार र मान्छेलाई अघि सारेर पुरानै असफलता र निराशाको इतिहास दोहोऱ्याउन चाहनुहुन्छ? हामीलाई विश्वास छ– यसपटक तपाईंहरूले पुनर्विचार गर्नुहुनेछ।

तेस्रो, क्रान्तिकारी अग्रगमनकारी शक्ति । नेकपा(माओवादी) को नेतृत्वमा रहेको यो देशभक्त, गणतन्त्रवादी र वामपन्थी शक्तिले राष्ट्रियता, गणतन्त्र र आर्थिक–सामाजिक रूपान्तरणको एजेन्डासहित देशमा समग्र अग्रगमनको पक्षपोषण गर्दछ । देश र जनताको निम्ति दशौँहजार बलिदान हुन तत्पर र नयाँ क्रान्तिकारी

विचारले ओतप्रोत माओवादी शक्तिसँग मात्रै नयाँ नेपाल निर्माण गर्ने साहस र शक्ति छ भन्ने आज सारा संसारले भनिरहेको छ । नयाँ नेपालको निम्ति नयाँ विचार र नयाँ नेतृत्वको खाँचो माओवादीद्वारा मात्र पूरा हुनसक्छ भन्ने व्यापक जनमत रहेको छ । त्यसैले अध्यक्ष क. प्रचण्डको नेतृत्वमा नेकपा(माआवादी) नयाँ युगको नयाँ जिम्मेवारी वहन गर्न तपाईंसमक्ष प्रस्तुत भएको छ । नयाँ गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपतिको रूपमा हामीले नयाँ विचार, साहस र सुझबुझका धनी अध्यक्ष क. प्रचण्डलाई प्रस्तावित गरेका छौँ । हामीलाई विश्वास छ–तपाईले त्यसको अनुमोदन गर्नुहुनेछ र भन्नुहुनेछ– **सबैलाई हेऱ्यौँ पटकपटक, माओवादी र प्रचण्डलाई हेरौँ यसपटक !**

आखिर माओवादी र क. प्रचण्ड नै किन ? किनकि

- जसको विचार हो उसैको नेतृत्वमा मात्र त्यो कार्यान्वयन हुनसक्छ । संविधानसभा, गणतन्त्र, राज्यको सङ्घात्मक ढाँचामा रूपान्तरण र राष्ट्रिय औद्योगिक अर्थतन्त्रको विकास जस्ता माओवादीले उठाएका एजेन्डा माओवादीले मात्र कार्यान्वयन गर्न सक्छ ।
- जसले युद्धमा दशौं हजारको बलिदान गर्ने साहस गऱ्यो, उसले नै शान्तिको जनआकाङ्क्षा पनि पूरा गर्ने साहस गर्न सक्छ । जनसमुदायको परिवर्तन र शान्तिको आकाङ्क्षा पूरा गर्न माओवादी पूर्ण प्रतिवद्ध छ ।
- माओवादी देशको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्न र देशको निम्ति कुनै पनि बलिदान गर्न तत्पर छ ।
- माओवादी देशमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक मुक्तिसँगसँगै जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्न कृतसङ्कल्पित छ ।
- माओवादी बृहद् आर्थिक–सामाजिक रूपान्तरण र विकसित राष्ट्रिय औद्योगिक अर्थतन्त्र सहितको नयाँ नेपाल निर्माण गर्न प्रतिवद्ध छ ।
- माओवादी देशका सबै देशभक्त, गणतन्त्रवादी र वामपन्थीहरू बीच नयाँ आधारमा नयाँ राष्ट्रिय एकता कायम गर्न प्रतिवद्ध छ ।
- माओवादी जनयुद्ध र जनआन्दोलनका दशौँहजार महान् सहिदहरू, हजारौं बेपत्तँहरू र हजारौं घाइतेहरूको सपना पूरा गर्न प्रतिवद्ध छ ।
- माओवादी नेपाली जनताका आशाका केन्द्र अध्यक्ष क.प्रचण्डमार्फत् नयाँ नेपालले खोजेको नयाँ नेतृत्व दिन तत्पर छ ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक–सामाजिक रूपान्तरणप्रति पूर्ण प्रतिवद्ध नेकपा(माओवादी) को यो प्रतिवद्धतापत्र एक्काइसौँ शताव्दीमा नयाँ समुन्नत नेपाल निर्माणको प्रतिवद्धतापत्र हो । सबैखाले देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूको षड्यन्त्रलाई चिर्दै आसन्न संविधानसभा निर्वाचनमा यो प्रतिवद्धतापत्रलाई अनुमोदन गरेर दुवै मतपत्रमा रहेका किसान र मजदुरको मुक्तिको प्रतीक **गोलाकारभित्रको हँसिया–हथौडा चिन्हमा** मतदान गर्न र नयाँ नेपाल निर्माणको ढोका खोल्न हामी सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइ र बुबाआमाहरूमा हार्दिक अनुरोध गर्दछौँ । कथंकदाचित प्रतिगामी तत्त्वहरूले यो संविधानसभा निर्वाचन हुन नदिने षड्यन्त्र गरे भने पनि सशक्त जनआन्दोलनको सृष्टि गरेर यो प्रतिवद्धतापत्रको आधारमा नयाँ नेपाल निर्माणको अभियानमा अघि बढ्न हामी थप आग्रह पनि गर्दछौँ ।

जनताको जित सुनिश्चित छ । स्वाभिमानी देशको जित सुनिश्चित छ ।
जनताको जित माओवादीको जित !
माओवादीको जित देश र जनताको जित !

धन्यवाद !

२.

नेपाली काँग्रेस

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

'समृद्धि, स्वाभिमान र समानता - शान्ति, सुरक्षा र स्वतन्त्रता'

आदरणीय दिदी-बहिनी तथा दाजु-भाइहरू,

नेपाली जनताको दशकौं पुरानो चाहना संविधानसभालाई २०६२-०६३ को जन-आन्दोलनले सुनिश्चित गराएको छ। यो ऐतिहासिक घडीमा समस्त शहीदलाई हृदयमा राख्दै नेपाली काँग्रेस नेपाली जनतामा हार्दिक अभिवादन गर्दछ।

शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको अनेक कालखण्डमा सङ्घर्षको मोर्चामा अग्रणी भूमिका निर्वाह गर्ने देशका तमाम तरुण-विद्यार्थी, नागरिक समाज, मानव अधिकारकर्मी, किसान-मजदूर र महिला, शिक्षक-प्राध्यापक र बुद्धिजीवी, वकिल, डाक्टर र इन्जिनियर, संचारकर्मी, साहित्यकार, कलकार, एवं उद्यमी-व्यवसायी लगायत सबै पेशा र व्यवसायका नेपालीको दृढ लोकतान्त्रिक चेतना, सङ्घर्ष र सङ्कल्पलाई नेपाली काँग्रेस हार्दिकतापूर्ण अभिनन्दन गर्न चाहन्छ।

- हाम्रो श्रद्धापूर्ण सम्झनामा यतिखेर नेपाली काँग्रेसका हजारौँ जुझारु साथीहरू हुनुहुन्छ। जसले विगत छ दशकको अवधिभित्र जेल-नेल, निर्वासनको पीडा र मृत्युलाई समेत वरण गरेर देशको लोकतान्त्रिक सङ्घर्ष र चेतनालाई जीवित राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भयो। काँग्रेसजनको यो सङ्घर्ष यात्राले पछिल्ला वर्षहरूमा निरंकुश राजतन्त्रको प्रताडनासँगै माओवादी हिंसाको समेत शिकार हुनु पर्‍यो। यस क्रममा जीवन गुमाउने योद्धाहरूसँगै अङ्गभङ्गको पीडा, घर-सम्पत्ति हरणको दुःख र आफ्ना परिवारबाट विस्थापित भएका सबैको आस्थाको उच्च कदर गर्न चाहन्छौं।
- हामी यो महत्त्वपूर्ण घडीमा २००७ सालको ऐतिहासिक जनक्रान्तिका नेता तथा त्यसपछि लोकतन्त्र वहालीका लागि भएका सङ्घर्षका नायक महामानव विश्वेश्वरप्रसाद कोइरालालाई श्रद्धापूर्वक सम्झिन चाहन्छौं। २०१७ सालपछिको अत्यन्त कठिन र प्रतिकूल परिस्थितिमा पार्टी सङ्गठन र लोकतान्त्रिक आन्दोलनलाई जीवन्त बनाइराख्ने श्रद्धेय नेता सुवर्ण शम्शेरलाई सम्झन चाहन्छौं। त्यसैगरी, हामी २०४६ सालको जन-आन्दोलनले प्रज्वलित गरेको लोकतान्त्रिक आन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहको अथक सङ्घर्षगाथा र आन्दोलनपछिको संक्रमणकालीन राजनीतिमा श्रद्धेय नेता कृष्णप्रसाद भट्टराईको योगदानलाई स्मरण गर्न चाहन्छौं।
- निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्प्रभुता सहित लोकतन्त्र स्थापनाका लागि भएको शान्तिपूर्ण जन-आन्दोलन २०६२-६३ मा प्रकट भएका तत्कालीन आठ राजनैतिक पार्टीको सुझबुझपूर्ण एकता र योगदानको उच्च मूल्याङ्कन गर्दै मुलुकको राजनीतिलाई साझा उद्देश्य र सङ्घर्षमा डोर्‍याउन अभूतपूर्व नेतृत्व प्रदान गर्ने हाम्रा श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाको ऐतिहासिक भूमिकाप्रति नेपाली जनताले उच्च सम्मान गरेको हामीले महसुस गरेका छौं।

- विभाजित भएको नेपाली काँग्रेस पार्टीलाई यसका आम कार्यकर्ताहरू र समर्थकहरूको इच्छा र आकांक्षालाई सम्मान गर्दै फेरि एकीकृत गरी पार्टीका कार्यकर्ताहरू यसका समर्थकहरू र आम जनताहरूमा उर्जा प्रदान गरी लोकतान्त्रिक आन्दोलनलाई बलियो पार्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदरणीय गिरिजाप्रसाद कोइराला र शेर बहादुर देउवाप्रति आभार ब्यक्त गर्दछौं। साथै, पार्टी एकीकरण चाहने आम कार्यकर्ताहरू, समर्थकहरू र तमाम शुभेच्छुकहरूलाई पनि धन्यबाद दिन चाहन्छौं।
- देशका विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रले आफ्नो विशिष्ट भाषिक, जातीय र सांस्कृतिक पहिचान र सङ्घीय शासन प्रणालीका लागि गरेको सङ्घर्षलाई नेपाली काँग्रेस अभिनन्दन गर्न चाहन्छ। मधेशी, मुश्लिम, आदिवासी जनजाति, महिला, दलित, पछाडी परेका विकट भौगोलिक क्षेत्र, अपाङ्ग, भूमिहिन कमैया, वादी लगायत विभिन्न वर्ग र समूहद्वारा आफ्नो पहिचान र अधिकारका लागि गरेको शान्तिपूर्ण सङ्घर्षलाई हामी लोकतन्त्रलाई जीवन्त र परिणाममुखी बनाउने दिशाको महत्त्वपूर्ण पाइलाका रूपमा आत्मसात गर्दछौं।
- तराई-मधेश, आदिवासी जनजाति लगायत विभिन्न समूहसँगको वार्ता नेपाली कांग्रेसकै पहल र अगुवाइमा सफल भएको यथार्थलाई हामी स्मरण गराउन चाहन्छौं। नेपाली कांग्रेसको अगुवाईमा तराई मधेशका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न आदिवासी जनजाति समूहका प्रतिनिधि एवं दलित र महिला संस्थाका प्रतिनिधिसँग सरकारी वार्ता समितिको सहमति, समझदारीहरूलाई नेपाली कांग्रेसले पूर्ण सम्मान गर्दै तिनलाई कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहनेछ र नेपालमा सबै जातजाति, भाषा र संस्कृतिको समान अधिकार स्थापित गर्न र सम्मान दिन सदैव क्रियाशील रहनेछ।
- हामी यो ऐतिहासिक अवसरमा नेपाली जनताको आकांक्षा अनुरुप माओवादी हिंसात्मक द्वन्द्व समाप्त गरी दिगो शान्ति स्थापना गर्ने उद्देश्यले हस्ताक्षरित विस्तृत शान्ति सम्झौता र यस अनुरूप अगाडि बढेको शान्ति प्रक्रिया र यसमा सहभागी सबै पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ। शान्ति प्रक्रियालाई अनुगमन गर्ने संयुक्त राष्ट्र सङ्घ एवं शान्ति प्रक्रियालाई सहयोग र समर्थन गर्ने सबै मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाप्रति नेपाली काँग्रेस आभार प्रकट गर्दछ। नेपाली काँग्रेस यो शान्ति प्रक्रियाप्रति पूर्ण प्रतिवद्धता प्रकट गर्दै दिगो शान्ति स्थापना गर्ने जनताको सङ्कल्पलाई निर्विध्न पूरा गरी छाड्ने प्रतिज्ञा गर्न चाहन्छ। साथै शान्ति प्रक्रियामा संलग्न सबै पक्षलाई जनताको चाहना र शान्ति प्रक्रियाको संवेदनशीलताप्रति निरन्तर सजग र गम्भीर रहन आग्रह गर्दै संविधानसभाको ऐतिहासिक निर्वाचनका माध्यमबाट शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्ने जिम्मेवारी वहन गर्न आह्वान गर्दछ।

१. संविधानसभा – यसको ऐतिहासिक सन्दर्भ

झण्डै छ दशकदेखि नेपाली काँग्रेसले अगुवाइ गर्दै आएको नेपालको लोकतान्त्रिक आन्दोलनको केन्द्रीय तत्त्व जनताको सर्वोच्चता र जनप्रतिनिधि शासनको स्थापना गर्नु हो।

देश व्यक्तिको निजी सम्पदा र आर्जन होइन, जनताको रगत-पसिनाको सृष्टि हो। त्यसैले देशको शासन र राज्य संचालनको काम राजा-महाराजाका हुकुमबाट होइन, जनताको सहमति र अभिमत प्राप्त जनप्रतिनिधिबाट मात्र हुन सक्छ भन्ने जनताको सर्वोपरिताको यो उद्घोष नेपाली काँग्रेसले २००६ सालमा क्रान्तिको घोषणा पत्रमा उल्लेख गरेर जनक्रान्तिको आह्वान गरेको हो। संविधानका वास्तविक लेखक जनता मात्र हुन् र राज्य संचालनको सम्पूर्ण अधिकार जनताका प्रतिनिधिको हो भन्ने नेपाली काँग्रेसको पहिलो जनघोषणा यस्तो थियो :-

> ***"वर्तमान शासनको अन्त्य भइसकेपछि नेपाली काँग्रेसले वालिग मताधिकारको आधारमा चुनिएका जनप्रतिनिधिहरूको एउटा परिषद वा सभा बोलाउनेछ। यसै परिषद वा सभालाई नेपाल जनराज्यको संविधान वा राज्य सञ्चालन सम्बन्धी नियम कानून बनाउने सम्पूर्ण जिम्मेवारी सुम्पिनेछ।"***

जनताको सम्प्रभुता र जनप्रतिनिधि शासनको यो स्पष्ट माग र आग्रह नै नेपालको लोकतान्त्रिक आन्दोलनको उर्जा र गन्तव्य बन्दै आयो । नेपालको निरंकुश राजतन्त्रले पटक-पटक जनताको सर्वोच्चताको यही अधिकारलाई हनन् गर्ने चेष्टा र षडयन्त्र गऱ्यो । अनि नेपाली जनताले पनि पटक-पटक आफ्ना अधिकार रक्षाका लागि निरंकुश राजतन्त्रको स्वेच्छाचारितालाई परास्त गर्दै रहे । २०६२-६३ को शान्तिपूर्ण जनआन्दोलन नेपाली जनताको यही ऐतिहासिक सङ्घर्ष यात्राको सर्वाधिक महत्त्वपूर्ण कडी प्रमाणित भयो । यो ऐतिहासिक जनआन्दोलनले मुलुकलाई पुनः एकपटक संविधानसभाको निर्वाचनमा ल्याइपुऱ्याएर अघिल्लो पुस्ताका हाम्रा अग्रजहरूको सङ्कल्पलाई पूरा गर्ने अभिभारा नेपाली काँग्रेसका नयाँ पुस्ताको काँधमा सुम्पिएको छ।

२. लोकतान्त्रिक संविधान निर्माणमा संविधानसभाको महत्त्व

यति लामो जनताको सङ्घर्ष र यति धेरै जनताको रगत पसिना बगाएर आएको संविधानसभाको निर्वाचनको महत्त्व नेपालको लोकतान्त्रिक आन्दोलन र भविष्यको नेपाली पुस्ताका निम्ति अति उल्लेखनीय छ। संविधानसभाको महत्त्व र अवसरलाई क्षणिक उत्तेजना, भावावेश, नैराश्य वा अरु कुनै तात्कालिक कारणबाट प्रभावित भएर न्यून गर्न वा गुम्न दिनु हुँदैन।

(क) संविधानसभाको निर्वाचनले मुलुकमा **"हामी नेपालका जनता"** भन्ने एउटा नयाँ लोकतान्त्रिक र राष्ट्रिय भावधाराको निर्माण गर्नेछ। हामी नेपाली जनता पहिलोपटक आफ्ना प्रतिनिधि मार्फत् आफ्ना लागि आफ्नो स्वामित्वको संविधान लेख्दैछौं । २ करोड ५० लाखभन्दा बढी नेपाली जनताको प्रतिनिधिपूर्ण सहभागिता र क्रियाशीलताद्वारा लेखिने यो नयाँ संविधान नेपालको राष्ट्रिय एकता र लोकतान्त्रिक पहिचानको नयाँ आधार बन्नेछ।

(ख) मुलुकले आजसम्म पटक-पटक जनतामा निहित सार्वभौमसत्ताको चर्चा गरेको र सुनेको छ। संविधानसभाको निर्वाचनमा पहिलोपटक जनतामा निहित सार्वभौमसत्ताको प्रयोग र अभ्यास हुनेछ। राजनीति र राष्ट्र निर्माणमा जनताको सर्वोच्चता र सम्प्रभुताको निर्णायक छाप लाग्नेछ।

(ग) वितेका २५० वर्षदेखि राजतन्त्रले नेपाली जनताको भाग्यको फैसला गर्ने उल्टो अभ्यास हुँदै आएको थियो । संविधानसभाको निर्वाचनले नेपाली जनतालाई राजा र राजतन्त्रको भाग्यको फैसला गर्ने ऐतिहासिक अवसर र अधिकार स्थापित गर्दैछ।

(घ) संविधानसभाको निर्वाचन—माओवादी हिंसाको शान्तिपुर्ण अवतरण तथा सबैखाले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक द्वन्द्वलाई निकास दिने अवसर हो । हिंसा र द्वन्दबाट आक्रान्त देश र जनतालाई दिगो शान्तिको प्रत्याभूति गर्ने र लोकतान्त्रिक प्रक्रियाद्वारा व्यापक राष्ट्रिय सहमतिको सुदृढ आधार प्रदान गर्ने माध्यम हो।

(ङ) संविधानसभाको निर्वाचन—मुलुकको वर्तमान केन्द्रीकृत र एकात्मक राज्यको स्वरुपलाई बदलिएर सङ्घात्मक ढाँचामा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने अवसर हो।

(च) संविधानसभा—नेपालमा लोकतन्त्र, संविधानको सर्वोच्चता र विधिको शासन स्थापना गर्ने उच्चतम लोकतान्त्रिक अभ्यास हो।

(छ) संविधानसभा—अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा बढाउने तथा आर्थिक समृद्धिका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने आधार हो।

३. जनआन्दोलन २०६२-६३ को जनादेश

(क) शान्तिपूर्ण जनआन्दोलनमा अभिव्यक्त भएको जनताको सर्वाधिक स्पष्ट आदेश **निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्भप्रुता सहित लोकतन्त्रको स्थापना गर्नु** नै हो। राजा ज्ञानेन्द्रको स्वेच्छाचारिताका विरुद्ध लाखौंको संख्यामा सडकमा ओर्लिएका नेपाली जनताले जनआन्दोलन

मार्फत् सबैखाले अधिनायकवाद र अतिवादलाई नेपाली राजनीतिबाट सधैंको निम्ति समाप्त गर्ने आकांक्षा प्रकट गरेका हुन्।

(ख) माओवादी हिंसात्मक विद्रोह र राजा ज्ञानेन्द्रको अधिनायकवादी शासनको प्रतिहिंसाले आक्रान्त नेपाली जनताको अर्को स्पष्ट आदेश **हिंसाको अन्त्य र दिगो शान्तिको स्थापना** गर्नु थियो। नेपाली जनताले हिंसा-युद्ध, बम र बन्दुकको त्रासदीबाट मुक्ति तथा शान्तिपूर्ण जीवन र जीविकाको प्रत्याभूति शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट चाहेका हुन्।

(ग) जन-आन्दोलन मार्फत् नेपाली जनताले **पुरातन राज्य संरचना र शासनको अन्त्य गरी राज्यको लोकतान्त्रिक ढङ्गले पुनर्संरचना** गर्ने चाहना पनि अभिव्यक्त गरेका हुन्। राज्यको वर्तमान संरचना आर्थिक-सामाजिक- राजनैतिक विभेद र असमानता सिर्जना गर्ने ढङ्गको भएको हुँदा सबैखाले असमानताको अन्त्य गर्ने गरी समावेशी न्यायपूर्ण र लोकतान्त्रिक राज्यको रचना जनआन्दोलनको अर्को महत्त्वपूर्ण आदेश थियो।

यो जनादेश पूरा गर्ने एक मात्र शान्तिपूर्ण र विधिसम्मत् प्रक्रिया भनेको २०६४ साल चैत्र २८ गतेका दिन संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न गरेर जनप्रतिनिधिद्वारा पहिलोपटक जनताको स्वामित्वको नयाँ लोकतान्त्रिक संविधानको निर्माण गर्नु हो। यो सर्वस्वीकृत विधि र लोकतान्त्रिक प्रक्रियाबाट नै जनआन्दोलनको लोकतन्त्र संस्थागत गर्ने चाहना सुनिश्चित हुन सक्छ।

४. संविधानसभा : साझा सङ्कल्प र गन्तव्य

२००७ सालको जनक्रान्तिको सफलतापछि बनेको **अन्तरिम शासन विधान, २००७** को उद्देश्य र बचनवद्धता अनुरुप संविधानसभाको निर्वाचन राजाको बढ्दो महत्त्वाकांक्षा र वचनच्यूत हुने प्रवृत्तिका कारण हुन नदिइएपछि देशको राजनीति वालिग मताधिकारको आधारमा संसद्को निर्वाचन गर्ने विकल्पतर्फ मोडियो।

२०१५ सालको संसदीय निर्वाचनमा नेपाली काँग्रेसले अत्यधिक बहुमत प्राप्त गरेर, यसका नेता वि.पी. कोइरालाको नेतृत्वमा बनेको जन-निर्वाचित सरकारले सीमित सम्भावना भित्र पनि जनताका अधिकारलाई क्रान्तिकारी कार्यक्रमहरू मार्फत विस्तार गर्न थालेपछि राजा महेन्द्रलाई यो पनि सह्य भएन। राजाको निरंकुश सैन्य कारवाहीले २०१७ सालमा जननिर्वाचित संसद्, सरकार र जनताका सम्पूर्ण संवैधानिक अधिकारहरू अपहरित भए। त्यसपछिका पञ्चायती शासनको लामो कालरात्रिका विरुद्ध नेपाली काँग्रेसको अगुवाइमा जारी निरन्तर सङ्घर्ष तथा राष्ट्रिय एकता र मेलमिलापको आह्वान गर्दै वी.पी. कोइराला र गणेशमान सिंहको निर्वासन त्यागी स्वदेश आगमनले सिर्जना गरेको व्यापक जनदवाव तथा तरुण-विद्यार्थीहरूको लोकतान्त्रिक परिवर्तनका निम्ति जुझारु सङ्घर्षको पृष्ठभूमिमा २०३६ सालको ऐतिहासिक **जनमत संग्रहको घोषणा** भए पनि राजाको निरंकुश सत्ताद्वारा जनमत संग्रहको परिणाम जनताका अभिमत र आकांक्षा विपरीत घोषणा गरियो। फलस्वरुप मुलुकमा लोकतन्त्र र संविधानवादको विकासक्रमले २०४६ सालको ऐतिहासिक जनआन्दोलनको अवधिसम्म निर्णायक वेग र परिणाम पाउन सकेन।

जन-आन्दोलनको सफलतापछि निर्माण भएको २०४७ सालको संविधानमा सार्वभौमसत्ता र राजकीयसत्ताको स्रोत जनता हुन भन्ने मान्यता, बहुदलीय संसदीय शासन प्रणाली र जनताका आधारभूत मानव अधिकार जस्ता महत्त्वपूर्ण उपलब्धि प्राप्त भए पनि छोटो समयमै उग्र दक्षिणपन्थी अतिवाद र उग्रवामपन्थी अतिवादबाट भएको प्रहारले त्यो क्षतविक्षत हुनपुग्यो। उग्रवामपन्थी अतिवादलाई प्रतिनिधित्व गर्ने माओवादी हिंसाबाट २०४७ सालको संविधान आक्रमणमा परेकै बेला

उग्रदक्षिणपन्थी अतिवादलाई प्रतिनिधित्व गर्दै राजा ज्ञानेन्द्र असोज १८, २०५९ मा संविधानमाथि सीधा प्रहार गरे। जसको उत्कर्ष १९ माघ २०६१ मा राजाको सैन्यबलमा आधारित निरंकुश शासनमा प्रकट हुन पुग्यो।

दुवैखाले अतिवादबाट मुलुकलाई मुक्ति दिलाउन र जनताको सम्प्रभुता सहित लोकतन्त्रको स्थापना गर्ने उद्देश्यका लागि विघटित प्रतिनिधिसभाको पुनर्स्थापना तथा प्रतिनिधिसभाको माध्यमद्वारा संविधानसभाको निर्वाचन सुनिश्चित गरी, मुलुकमा विद्यमान सबै द्वन्द्वको समाधान गर्ने ऐतिहासिक अग्रसरता नेपाली काँग्रेसले लिएपछि २०६२ साल वैशाख २५ गते सात राजनैतिक पार्टीले आफ्ना साझा प्रतिवद्धता सार्वजनिक गर्दै घोषणा गरे :-

> ***"मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न संविधानसभा लगायत सबै प्रजातान्त्रिक प्रक्रियालाई अवलम्वन गर्न तैयार रहने प्रतिवद्धता व्यक्त गर्दछौं।"***

२०६२ सालमा सम्पन्न नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को महाधिवेशनले ६ दशक अघिदेखि **संवैधानिक राजतन्त्र**लाई पार्टीको उद्देश्य मान्दै आएको धारणालाई परित्याग गरी, समावेशी र जनताको सम्प्रभुता सहितको पूर्ण लोकतन्त्रको उद्देश्यमा पार्टीलाई केन्द्रित गर्ने युगान्तकारी निर्णय गऱ्यो। दुवै काँग्रेसको यो ऐतिहासिक निर्णयपछि निरंकुश राजतन्त्रको अन्त्य, पूर्ण लोकतन्त्रको स्थापना र राज्यको पुनर्संरचनाका निम्ति संविधानसभा राष्ट्रिय राजनीतिको स्वीकार्य विकल्प बन्न गयो। २०६४ साल आश्विनमा सम्पन्न दुवै पार्टीको महासमितिको बैठकले नेपाललाई सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्था र बहुदलीय शासन प्रणालीमा जाने निर्णय गऱ्यो। त्यो निर्णयको प्रस्तावलाई तत्कालै एकीकृत भएको नेपाली काँग्रेसको महासमितिको वैठकले अनुमोदन गऱ्यो।

माओवादी हिंसात्मक द्वन्द्वको समाधान गर्ने अग्रसरता नेपाली काँग्रेसले मात्र सफलतापूर्वक निर्वाह गर्न सक्छ भन्ने ठहर गर्दै नेपाली काँग्रेसले त्यसअघि नै पार्टी सभापति गिरिजाप्रसाद कोइरालालाई माओवादी पक्षसँग सार्थक संवादको पहल गर्ने जिम्मेवारी प्रदान गरेको थियो।

राजनैतिक निकासको यस्तो बाटो प्रस्तावित गरी माओवादीलाई समेत हिंसात्मक आन्दोलनको बाटो त्यागेर शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्प्रभुता सहित पूर्ण लोकतन्त्र स्थापना, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनको राज्य र राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने सङ्कल्प सहितको आठ पार्टीको १२ बुँदे समझदारीको परिधिभित्र ल्याउन नेपाली काँग्रेस पार्टी र पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा ऐतिहासिक भूमिकाको निर्वाह भयो। यो महत्त्वपूर्ण समझदारीले निर्विध्न रुपमा शान्तिपूर्ण आन्दोलनको बाटो खोलेपछि जनआन्दोलन उत्कर्षमा पुग्न थाल्यो।

२०६२-६३ को ऐतिहासिक जनआन्दोलन सात राजनैतिक पार्टीको मार्गचित्र अनुरूप मुलुकका सबै द्वन्द र समस्याको समाधान गर्न विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको घोषणापछि विधिवत संविधान-सभाको निर्वाचन सुनिश्चित गर्ने संवैधानिक प्रक्रियातर्फ उन्मुख भयो। पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले प्रस्ताव पारित गर्दै घोषणा गऱ्यो —

> ***"देशको विद्यमान गम्भीर सङ्कटलाई निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न आवश्यक भएकोले प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने सङ्कल्प सहित निर्णय गर्दछ।"***

संविधानसभाको निर्वाचन सुनिश्चित गर्ने अर्को महत्त्वपूर्ण निर्णय जेठ ४, २०६३ को प्रतिनिधिसभा घोषणाले गऱ्यो। यो घोषणाले राजालाई शासनका सबै अधिकारबाट वञ्चित गर्दै जनताको सम्प्रभुता र

प्रतिनिधिसभालाई जनताको सार्वभौम संसदमा रूपान्तरण गऱ्यो। यो राजनैतिक निकास र सङ्कल्पलाई वैधानिक आधार र अरु व्यापक राजनैतिक समर्थनको आधार निर्माण गर्ने काम सात राजनैतिक पार्टी र ने.क.पा. (माओवादी) का बीचको सहमति, नेपाल सरकार र माओवादीका बीच सम्पन्न विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान २०६३ को घोषणा र माओवादीहरूको अन्तरिम संसद् र सरकारमा प्रवेशको घटनाले गऱ्यो।

पुनर्स्थापित प्रतिनिधिसभा र अन्तरिम संसदले संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ लगायत अन्य आवश्यक ऐन पारित गरेर संविधानसभा निर्वाचनका लागि आवश्यक कानुनी-प्रशासनिक र साङ्गठनिक आधार सुनिश्चित गरी संविधानसभा निर्वाचनलाई चैत्र २८ गते २०६४ का दिन जनताको आँगनमा ल्याइपुऱ्याएको छ।

५. संविधानसभाको निर्वाचनमा नेपाली कांँग्रेसले उठाएका मुख्य विषयहरू

नेपाली कांग्रेसको इतिहास लोकतन्त्र स्थापना गर्ने सङ्घर्षको इतिहास हो। लोकतान्त्रिक आन्दोलनको सङ्घर्ष गाथाले नेपाली काँग्रेसलाई अन्य दलहरूभन्दा विशिष्ट स्थान दिलाएको छ। ने. क. पा. (माओवादी) पार्टीको सर्वमान्य लोकतान्त्रिक मुल्य र मान्यता प्रतिको अनास्था र हिंसात्मक र उग्रवामपन्थी सोचको निरन्तरताका कारण यसले संविधानसभा मार्फत् लोकतान्त्रिक संविधान निर्माण गर्ने जनदायित्व निर्वाह गर्न सक्ने कुरामा शङ्का छ। ने.क.पा. (एमाले) को वामपन्थी एकताको वकालत र साम्यवादी विचार प्रतिको मोहको निरन्तरता र अस्थिर दृष्टिकोणका कारण लोकतान्त्रिक संविधान निर्माण गर्ने जन-आकांक्षाको प्रतिनिधित्व यस पार्टीले पनि विश्वसनीय रुपमा गर्ने कुरामा आशङ्का छ। अन्य दक्षिणपन्थी पार्टीहरूले लोकतान्त्रिक संविधान निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्न सक्छन् भन्ने विषयमा जनताको विश्वास अति न्यून छ। यस अवस्थामा संविधानसभा मार्फत् लोकतान्त्रिक संविधान निर्माण गरी लोकतन्त्रको संस्थागत गर्ने मुख्य जिम्मेवारी नेपाली कांग्रेसको कांधमा आएको छ। यो ऐतिहासिक जिम्मेवारी पूरा गर्न नेपाली कांग्रेस निम्न मूल मुद्दाहरू सहित नेपाली जनताका समक्ष संविधानसभाको निर्वाचनमा प्रस्तुत भएको छ।

५.१ राष्ट्रिय एकता, शान्ति र विकासका लागि लोकतन्त्र

५.१.१ बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र :

राष्ट्रियता-लोकतन्त्र र समाजवादको मूल प्रेरणाबाट सङ्गठित र क्रियाशील नेपाली काँग्रेस आफ्नो छ दशक भन्दा लामो लोकतान्त्रिक सङ्घर्ष यात्रामा **जनताको सम्प्रभुता र जनप्रतिनिधि शासन**को मूल मुद्दामा केन्द्रित रहँदै आएको छ। देश जनताको हो, त्यसैले जनता सम्प्रभू हुन्। जनता सम्प्रभु हुन्, त्यसैले शासनको अधिकार र वैधताको स्रोत जनताको अभिमतबाट हुन सक्छ। लोकतान्त्रिक शासनको यो मूलभूत मान्यता र जन-अधिकारलाई नेपालको राजतन्त्रले पटक-पटक अतिक्रमण र अपहरण गर्ने प्रयास गरिरहेका कारण जनता र राजतन्त्रका बीच निरन्तर द्वन्द्व चल्दै आएको हो। जनताका आधारभूत अधिकारमाथि अतिक्रमण नगर्ने गरी संवैधानिक सम्झौतामा वचनबद्ध संवैधानिक राजाले समेत पटक-पटक वचनबद्धताको उल्लङ्घन गरेका कारण राजतन्त्रले समकालीन नेपाली राजनीतिमा आफ्नो औचित्य र सान्दर्भिकता गुमाएको नेपाली काँग्रेसको ठहर छ।

लामो लोकतान्त्रिक आन्दोलनले नेपाली जनताको सामर्थ्य र लोकतान्त्रिक चेतनालाई अभूतपूर्व ढङ्गले परिष्कृत र उन्नत बनाएको छ। जनता आफ्ना निम्ति आफै संविधान लेख्न चाहन्छन्— देशको शासन प्रबन्ध र आर्थिक सम्वृद्धिको बाटो आफ्ना प्रतिनिधि मार्फत आफै निर्माण गर्न चाहन्छन्। जनता **हिंसा** र **सैन्यबल**मा आधारित राजनैतिक सोच र सत्तालाई सधैंको निम्ति अस्वीकार गर्न चाहन्छन्। जनता आफ्नो सहमति नभएको र आफूले अनुमोदन नगरेको सत्तालाई तीरस्कार गर्न चाहन्छन्।

नेपाली जनताले २०६२–६३ को शान्तिपूर्ण जनआन्दोलनमा सबैखाले हिंसा र हिंसामा आधारित सत्तालाई फ्याँक्ने सङ्कल्प गरेका हुन् । नेपाली जनताको यस्तो आकांक्षा एक्काइसौँ शताब्दीको लोकतन्त्रको आधारभूत चरित्र र विशेषता हो ।

जनताको यहि चाहना र युगको मागलाई सम्मान गर्दै नेपाली काँग्रेस संविधानसभामा नेपाललाई सङ्घीय गणतन्त्रात्मक राज्य बनाउने र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको अवलम्बन गर्ने प्रमुख एजेण्डा सहित जनताको माझमा आएको छ।

राजतन्त्रको अन्त्यले मात्र वास्तविक गणतन्त्रको सुनिश्चितता हुँदैन । जनताको संप्रभुता, संविधानको सर्वोच्चता, जनप्रतिनिधि शासन र नागरिक अधिकार र स्वतन्त्रतायुक्त संवैधानिक प्रत्याभूतिले मात्र वास्तविक जनतन्त्र वा गणतन्त्र सुनिश्चित हुन सक्छ । गणतन्त्रको नाममा सैन्यवाद, पार्टी विशेषको अधिनायकवाद वा धार्मिक एकाधिकारवादको पक्षपोषण गर्ने कुनै पनि विचार, दर्शन र प्रयोग नेपाली जनतालाई स्वीकार्य हुँदैन ।

राजतन्त्रको घोर दक्षिणपन्थी अतिवाद र माओवादी उग्रवामपन्थी अतिवादले सिर्जना गरेको हिंसा र सैन्यवलको चक्रव्यूहबाट देशलाई जोगाउन राजतन्त्रको अन्त्य गर्दै र उग्र वामपन्थको लोकतान्त्रिक रुपान्तरणमा जोड् दिंदै, शान्ति र सम्वृद्धि सहितको लोकतान्त्रिक नेपालको निर्माण गर्नु नै संविधानसभा निर्वाचनमा नेपाली काँग्रेसको प्रमुख एजेण्डा हो ।

यस उद्देश्यलाई प्राप्त गर्न नेपाली काँग्रेस संविधानसभाको पहिलो बैठकमा यस्तो एजेण्डा प्रस्तुत गर्ने प्रतिवद्धता प्रकट गर्दछ :–

१. **नेपाली जनताको अभूतपूर्व सहभागितामा सम्पन्न बृहत् शान्तिपूर्ण जन–आन्दोलन (२०६२/६३) मा निरंकुश राजतन्त्रका विरुद्ध नेपाली जनताले जोडदार रुपमा अभिव्यक्त गरेको आवाजलाई सम्मान गर्दै ऐतिहासिक रुपमा भरखरै सम्पन्न संविधानसभा निर्वाचनमा प्रकट नेपाली जनताको वैधानिक जनादेशलाई कार्यान्वयन गर्न नेपालमा हालसम्म कायम रहेको शाहवंशीय राजतन्त्रलाई समाप्त गरी, नेपाललाई एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राज्यको कार्यान्वयन गरियोस् भन्ने प्रस्ताव ।**

२. **२०६२ मंसिर ७ को बाह्र बुँदे समझदारीदेखि नेपालको अन्तरिम सविधान (२०६३) जारी र त्यसलाई संशोधन गर्दा नेपाल सरकार, सात दल र नेकपा (माओवादी) बीच भएका लोकतन्त्र, नागरिक हक–अधिकार, राज्य संरचना र शासन प्रणालीका सन्दर्भमा गरिएका संझौता, सहमति समझदारी र निर्णयहरू तथा यसबीच राज्यले आदिवासी जनजाति, मधेसी, दलित, महिलाका प्रतिनिधि सङ्घ–सङ्गठनहरूसँग गरेका सम्झौताहरूको पालना हुनेगरी यस घोषणा पत्रमा उल्लेखित संविधान निर्माणको आधारभूत सिद्धान्त, संविधान घोषणाको प्रक्रिया र संविधानसभाको कार्यविधि निर्धारण गर्ने प्रस्ताव ।**

३. **संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरूका बीच राजनीतिक सहमतिको आधारमा सरकारको गठन गर्ने प्रस्ताव ।**

५.१.२ संघीय लोकतन्त्र

नेपाली काँग्रेस नेपाली समाजमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, धार्मिक एवम् क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मान्दछ । तदनुरूप, नेपालका आदिवासी, जनजाति, मधेसी लगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वायत्तताको आकांक्षासहित मुखरित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यसंरचनाको मागलाई संवैधानिक प्रणालीमा मूर्तरूप दिने आफ्नो प्रतिवद्धतालाई यस

घोषणा–पत्रका माध्यमबाट सार्वजनिक गर्दैछ। सङ्घीय राज्य संरचनाको स्वरूप निम्नबमोजिम हुनेछ :-

- केन्द्रीकृत एकात्मक राज्यलाई परिवर्तन गरी लोकतान्त्रिक शासन प्रणाली सहितको स्वायत्त प्रदेशहरूको सङ्घका रूपमा अखण्ड र अभिभाज्य सार्वभौम सत्ता सम्पन्न सङ्घीय गणतन्त्रात्मक नेपालको निर्माण गरिनेछ।
- प्रदेश रचनाको प्रमुख आधारहरू नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत र आर्थिक सम्भाव्यता, प्रदेशहरूको अन्तरसम्बन्ध, भाषिक / जातीय एवं संस्कृतिक सघनता, राजनीतिक / प्रशासनिक सम्भाव्यता आदि हुनेछ। तराई, पहाड, हिमालका विभिन्न क्षेत्रमा बसोबास गर्ने मधेशी, आदिवासी जनजाति, दलित तथा अन्य विभिन्न समूहको विशिंष्ट चरित्रलाई उनीहरूको भावना अनुरुप सङ्घीय संरचनामा प्रत्याभूति प्रदान गरिनेछ।
- केन्द्र, प्रदेश र स्थानीय सरकार गरी मुख्य रूपले तीन तहमा राज्यको काम, कर्तव्य र अधिकारको वितरण एवं व्यवस्था गरिनेछ।
- केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार र काम/कर्तव्यलाई संविधानले अलग अलग सूचिका आधारमा छुट्याइदिनेछ।
- यसरी कार्य क्षेत्रको विभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुद्रा नीति, राष्ट्रिय सुरक्षा लगायत प्रदेशहरू बीच समन्वय गर्नुपर्ने विषयहरू जस्तै हवाइ यातायात, राजमार्ग, ठूला जलविद्युत लगायत राष्ट्रिय महत्त्वका आयोजनाहरू केन्द्रमा र अन्य राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भाषिक अधिकारका साथै कृषि, वन, शिक्षा, स्वास्थ्य, रोजगारी आदि विषयहरू प्रदेशमा र स्थानीय सरकारको तहमा रहनेछन्। कतिपय माथि उल्लेखित प्रदेश र स्थानीय तहमा भनिएका विषयवस्तु त्यसको राष्ट्रिय महत्त्व र स्वरुपको आधारमा केन्द्रीय तहमा रहन सक्नेछन्।
- भन्सार, मूल्य अभिवृद्धि कर, आयकर, अन्तशूल्क जस्ता कर राजश्वको सङ्कलन केन्द्रले गर्नेछ। उक्त राजश्वको केन्द्रीय र प्रादेशिक तहमा व्यवस्थित वर्गीकरण र बाँडफाँड गरिनेछ। घर–जग्गा, सम्पत्ति कर, सवारी साधन, रजिष्ट्रेसन दस्तुर लगायतका राजस्वका अन्य स्रोतहरू प्रदेश र स्थानीय सरकारसँग रहनेछन्।
- केन्द्रीय राजश्व र अनुदानको बाँडफाँडका लागि वित्तिय आयोग गठन गरिनेछ। यसका साथै पूर्वाधार निर्माण प्रयोजनका लागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकार हुनेछ।
- प्रदेश अन्तर्गत स्वशासनको अधिकार सहितका गाउँ र नगरमा स्थानीय स्वायत्त सरकारको पुर्नसंरचना गरिनेछ।
- केन्द्रमा दुई सदन र प्रदेशमा एक सदनात्मक संसद हुनेछ। माथिल्लो सदनमा सबै प्रदेशको समान प्रतिनिधित्व हुनेछ। तल्लो सदन र प्रादेशिक संसदमा कम्तिमा ३३ प्रतिशत महिला सहित मिश्रित निर्वाचन प्रणालीबाट प्रतिनिधिहरू निर्वाचित हुनेछन्।
- केन्द्रीय र प्रादेशिक संसद्को चुनाव मिश्रित निर्वाचन प्रणालीका आधारमा गरिनेछ। आदिवासी जनजाति, मधेसी, दलित, महिला लगायत विविध समूहको जनसंख्याका आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ।
- केन्द्रमा कार्यपालिका प्रमुखको रूपमा प्रधानमन्त्री र प्रदेशमा प्रदेश प्रमुखको व्यवस्था गरिनेछ। केन्द्रीय र प्रादेशिक मन्त्रीपरिषद्को गठन समावेशी सिद्धान्तका आधारमा गरिनेछ।
- राज्यलाई समावेशी ढाँचामा बदल्न सानोभन्दा सानो समूहको समेत राज्य संरचनामा र निर्णय प्रक्रियामा पहुँच एवं सहभागिताका लागि सामाजिक न्याय सहितको सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ।

५.१.३ समावेशी लोकतन्त्र

नेपाली काँग्रेस भावी राज्यसंरचनामा महिला, उत्पीडित जनजाति/आदिवासी, मधेसी, दलित, श्रमजीवी साथै समस्त पिछडिएको क्षेत्र लगायत आर्थिक–सामाजिक विकास प्रक्रियामा पछाडि वा बाहिर परेका जाति, समुदाय र वर्गहरू सबैको राज्यसंरचनामा पहुँच हुने समावेशी लोकतन्त्रको निर्माण एवं विकास गर्न चाहन्छ। उनीहरूको सशक्तिकरणका उपाय र अवसरहरूको निर्माण एवं अभिवृद्धि गरी, शासन प्रक्रिया र प्रणालीमा समान एवं सार्थक सहभागितालाई सुनिश्चित गर्न प्रतिबद्ध छ। यसका लागि समानुपातिक सहभागिता र समावेशी निर्वाचन प्रणाली, सक्षम, निष्पक्ष र समावेशी प्रशासनयन्त्र, विकेन्द्रीत अधिकार, सकारात्मक विभेदको नीतिलाई अवलम्वन गरी सबैमा साधन–स्रोतसम्पन्न जनशक्ति निर्माणको व्यवस्था गरिनेछ।

५.१.४ हिंसाबाट मुक्त : दिगो र शान्तिपूर्ण लोकतन्त्र

हिंसा, लोकतन्त्र र जनताको सम्प्रभुतामाथिको सबैभन्दा ठूलो खतरा हो। हिंसा, मुलुकको आर्थिक प्रगतिको सबैभन्दा ठूलो बाधक हो। हिंसा, सामाजिक एकता र सद्‌भावलाई कमजोर बनाउने कारण पनि हो। नेपाली काँग्रेस संविधानसभाको समग्र निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण र विद्वेष रहित ढङ्गले अगाडि बढाउन आह्वान गर्दै, संविधानसभाको गठनपछि मुलुकलाई अझ दिगो शान्ति र राष्ट्रिय सहमतिको प्रयत्नद्वारा जीवन्त लोकतन्त्र र आर्थिक सम्वृद्धिको ढोका खोल्न चाहन्छ। त्यसैले हिंसामुक्त लोकतन्त्र संविधानसभा निर्वाचनमा नेपाली काँग्रेसको अर्को महत्त्वपूर्ण एजेण्डा हो।

५.१.५ समानता र समृद्धिका लागि लोकतन्त्र

नेपाली काँग्रेस आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्यायको सुनिश्चतता मार्फत् लोकतन्त्रलाई दिगो र परिणाममुखी बनाउने विषयमा राष्ट्रिय सहमति निर्माण गर्न प्रतिवद्ध छ। नेपाली कांग्रेस निजी क्षेत्रको उद्यमशीलता र लगानीलाई प्रोत्साहन गर्दै आर्थिक समवृद्धि गर्ने आर्थिक नीतिको पक्षमा छ भने अर्कोतर्फ आर्थिक वृद्धिको सबै वर्ग र क्षेत्रमा न्यायोचित पहुंच बढाउन समाजवादी अवधारणालाई आधार मान्दै सामाजिक न्याय, सामाजिक सुरक्षाको नीतिलाई अवलम्बन गर्न चाहन्छ। नेपाली जनताको जीवनस्तर सुधार गरी राष्ट्रिय समृद्धि बढाएर मात्र लोकतन्त्र दिगो रहन सक्दछ भन्ने तथ्यलाई आत्मसात गर्दै आर्थिक समुन्नतिमा जोड दिइनेछ। विकास र समृद्धिको प्रतिफल पिछडिएको क्षेत्र, समूह र वर्गमा पुऱ्याउनु पनि त्यत्तिकै महत्त्वपूर्ण विषय हो।

व्यापक लगानी प्रवर्द्धन : मुलुकको आर्थिक संवृद्धि सरकार र निजी क्षेत्रको व्यापक लगानीको प्रवर्द्धनद्वारा सुनिश्चित हुन्छ। तीव्र गतिले आर्थिक विकास गरिरहेका दुई विशाल छिमेकी मुलुकको अनुभव समेतलाई दृष्टिगत गरी नेपालको आर्थिक वृद्धिदर आठदेखि दश प्रतिशत पुऱ्याउन लगानीमा वृद्धि गरिने छ। राष्ट्रका महत्त्वपूर्ण भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई र गरीबी निवारणका लागि तथा राष्ट्रिय प्राथमिकताका योजनाहरूमा व्यापक सरकारी लगानी प्रवर्द्धन गर्नुका साथै निजी क्षेत्रको **उद्यमशीलता र लगानीलाई व्यापक रूपमा प्रवर्द्धन र संरक्षण गर्ने** आर्थिक नीतिमा सुदृढ राष्ट्रिय सहमति कायम गरिनेछ। यसका साथै राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा विदेशी सहायता र प्रत्यक्ष वैदेशिक लगानी आमन्त्रण गरिने छ। नीजि क्षेत्रमा विद्यमान व्यवस्थापन दक्षता, नयाँ प्रविधि प्रयोग र उद्यमशीलताको उपयोगद्वारा तीव्ररुपमा विकसित भइराखेको भारत र चीनको विशाल अर्थतन्त्रको लाभ नेपालमा भित्र्याउने नीति अवलम्वन गरिनेछ।

वैदेशिक व्यापार : नेपालको तुलनात्मक लाभको क्षेत्रमा उद्योग व्यवसायलाई प्रोत्साहन र संरक्षण गर्ने निति लिइ बैदेशिक निर्यात व्यापारलाई बढाइनेछ।

पूर्वाधार विकास : यातायात र संचार
देशको सबै जिल्लाहरूमा मोटर सुविधा पुऱ्याउने कार्यक्रम नेपाली काँग्रेसकै पहलमा शुरु गरिएको हो। फलस्वरुप अहिले मुलुकको करीब ७० जिल्लामा मोटर बाटोको सुविधा पुगिसकेको छ। आगामी ५ वर्षभित्र बाँकी सबै जिल्लामा मोटर सुविधा पुऱ्याइनेछ र सबै जिल्ला सदरमुकाम जोड्ने सडकहरूलाई कालोपत्रे बनाउने अभियान चलाइनेछ। मेचीदेखि महाकाली जोड्ने अहिलेको पूर्व पश्चिम राजमार्गका अतिरिक्त हुलाकी राजमार्ग, मध्य पहाडी राजमार्ग एवं चुरे राजमार्गलाई आगामी ५ वर्षभित्र बाह्रै महिना चल्न सक्नेगरी सम्पन्न गरिनेछ। काठमाडौँबाट तराई जोड्ने Fast track राजमार्गको आगामी ५ वर्षभित्र निर्माण गरिनेछ। काठमाडौं उपत्यकामा दोस्रो चक्रपथ र व्यवस्थित सडक सञ्जाललाई निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। त्यसका अतिरिक्त अधिराज्यका सबै गा.वि.स.लाई यातायात सुविधा पुऱ्याउन सडक सञ्जाल निर्माणको कार्यक्रम अघि बढाइनेछ। तराईको निजगढमा आधुनिक अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गरिनेछ। पोखरा र भैरहवामा पनि वैदेशिक लगानी आकर्षित गरी अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनेछ। नेपाल वायु सेवा निगमलाई निजी क्षेत्रको साझेदारी संचालन गरिनेछ। खुला आकाश नीती मार्फत् राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाइ सेवामा बृद्धि गरिनेछ। टेलिफोन इन्टरनेट सुविधा सबै गा.वि.स. एवं माध्यमिक विद्यालयमा पुऱ्याउने कार्यका लागि आवश्यकता अनुसार सरकारी र निजी क्षेत्रको लगानी उपयोग गरिनेछ।

समुदाय सञ्चालित विकास निर्माण : स्थानीय स्तरमा सञ्चालन हुने वन, खानेपानी, सिँचाई, बाटो, बिजुली, शिक्षा, स्वास्थ्य, कृषि जस्ता आर्थिक सामाजिक विकासमा स्थानीय समुदायको सहभागिता र स्वामित्वलाई प्रोत्साहित गरिनेछ। यसले विकास निर्माणमा जनताको निर्णय र सहभागितालाई बढाएर सदुपयोग र सुशासनमा बृद्धि ल्याउनेछ।

सहकारी आन्दोलन : हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको प्रभावशाली भूमिका भएका कारण तथा पारस्परिक अन्तरनिर्भरताको सामाजिक बनोट भएका कारण सहकारी आन्दोलनलाई सघन ढङ्गले कृषि सामाग्री र उत्पादनका क्षेत्रमा साथै अन्य वस्तु र सेवाहरूको सरल र सहज उत्पादन र वितरण, साना बचत सङ्कलन र ऋण परिचालनको महत्त्वपूर्ण आधार बनाउने नीति अवलम्बन गरिने छ।

कृषि-पर्यटन र जलस्रोत नेपालको तुलनात्मक लाभ भएका राष्ट्रिय प्राथमिकताका तीन प्रमुख क्षेत्र हुन्। यी क्षेत्रमा व्यापक लगानी वृद्धि गरी **आय आर्जन र रोजगारी** का अवसरहरू सिर्जना हुँदा फराकिलो आधारको उच्च आर्थिक वृद्धि प्राप्त हुने र गरीवी निवारणमा चाँडो र व्यापक प्रभाव पर्दछ।

कृषि र किसान : नेपालको कृषि क्षेत्र र किसानहरूको जीवनस्तरमा आमूल सुधारका लागि राष्ट्रिय अभियान केन्द्रित गर्न कृषि विकासको **पन्ध्र वर्षीय दिर्घकालीन योजना अनुरुप** सिचाई-कृषि, सडक, कृषि बजार, कृषि ऋण, वीउ-वीजन, शीत भण्डार र मलखादको एकीकृत कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ। कृषकहरूको हितमा लक्षित कार्यक्रम संचालन गरिनेछ। न्यून आय भएका कृषि ऋणिहरूलाई ऋण सहुलियत दिने कार्यहरूलाई अगाडी बढाइनेछ।

भूमिको उत्पादकत्व वृद्धि र सघन प्रयोग बढाउने गरी भूमि सुधार र भू-उपयोगको वैज्ञानिक नीतिका बारेमा राष्ट्रिय सहमति कायम गरिनेछ।

कृषिको पूर्ण व्यवसायिकरण, जैविक विविधता, माटो, वातावरण र जलवायुसँग तालमेल हुनेगरी बजारको माग अनुरुप कृषि उत्पादनका विशेष क्षेत्रहरू विकसित गरिने छन्। जमीन, जल, जङ्गल, जडिबुटी र जैविक विविधता आदिको प्रयोग र संरक्षणलाई **किसानको नैसर्गिक अधिकार** मानिने छ। उपलब्ध सिंचाइका स्रोत एवं सम्भावनाहरूको पहिचान गरी सुख्खा क्षेत्रमा सिंचाइको प्रबन्ध

मिलाइनेछ। पूर्वमा सुन कोशी डाइभर्सन एवं पश्चिम भेरी डाइभर्सन जस्ता आयोजनाहरू अघि बढाई सिंचाई क्षेत्रबाट वन्चित रहेका तराईका भू-भागमा सिंचाइ सुविधा पुऱ्याइनेछ। कृषिको आधुनिकीकरण र व्यावसायिकरण गरी बढी मूल्यमा बिक्री गर्न सकिने चिया, कफी, फलफूल, पुष्प व्यवसाय लगायतका खेती विस्तार गरी देशमा परम्परागत वस्तुका साथै निर्यातजन्य कृषि वस्तुको विकास गरी कृषकहरूको जीवन स्तर उठाइनेछ । वन सम्पदाको संरक्षण सम्बर्द्धन र व्यवसायिकरणमा जोड दिइनेछ। जमिन, पानी र जङ्गलको बैज्ञानिक ब्यवस्थापन मार्फत् वातावरणको दिगो विकासमा जोड दिइनेछ। सामुदायिक वन र साझेदारी वनको अवधारणालाई अगाडी बढाइनेछ।

औद्योगिकरण : विगत दशकमा हाँसिल गरेको औद्योगिक विकासको क्रम हिंसात्मक द्वन्द र राजनीतिक अस्थिरताका कारण शिथिल हुन पुग्यो। अबको शान्ति प्रक्रियासँगै देशमा औद्योगिकरणको नयाँ अभियान शुरु गरी रोजगारीका लाखौं अवसरहरू सृजना गरिने छन् र कृषिमा आश्रृत अर्थतन्त्रको आधुनिक रुपान्तरण गरिनेछ। सरकार निजी क्षेत्र र मजदूर युनियनहरू समेतको सहमतिमा औद्योगिक शान्ति स्थापना गरी उपर्युक्त लगानीको वातावरण श्रृजना गरिनेछ । स्वदेशी श्रम, शीप र कच्चा पदार्थमा आधारित उद्योग र सेवाका क्षेत्रहरूलाई प्रोत्साहन गरिनेछ।

वैदेशिक रोजगार : २०४६ सालको राजनीतिक परिवर्तनपछि खुलेको वैदेशिक रोजगारको परिणामले मुलुकमा वार्षिक रुपमा अरबौं रेमिटेन्स भित्रिरहेको छ । यसको महत्त्वलाई ध्यानमा राखी वैदेशिक रोजगारमा जाने नागरिकहरूको सीप वृद्धि र श्रम सुरक्षालाई प्रत्याभूत गर्न उच्च प्राथमिकताका साथ आवश्यक प्रबन्ध गरिनेछ। प्रवासी तथा गैर आवासीय नेपालीहरूको सिप र पूँजीलाई देश विकासमा लगाउन विशेष ब्यबस्था मिलाउनेछ।

पर्यटन : पर्यटन पूर्वाधारको राष्ट्रिय संजाल निर्माण गर्नुका साथै वर्षभरि नै नेपालमा पर्यटक भित्र्याउने गरी हिमाली पर्यटक, पहाडी भेगमा पदयात्रा गर्ने पर्यटक, रिभर राफ्टिङ्ग, धार्मिक र नेपालको साँस्कृतिक विविधतालाई चिनाउने साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने कुरामा राष्ट्रिय सहमति निर्माण गरिनेछ । पशुपति क्षेत्र, लुम्विनी, जनकपुरधाम लगायतका महत्त्वपूर्ण धार्मिक र सांस्कृतिक क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई धार्मिक सांस्कृतिक पर्यटन बढाउन जोड दिइनेछ। आगामी पाँच वर्षभित्र नेपाल आउने पर्यटकको संख्यामा दोब्बर वृद्धि गरी १० लाख पुऱ्याइनेछ र रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

जलस्रोत : प्रचुर सम्भावना भएको जलस्रोतको क्षेत्र नेपालको आर्थिक विकासको मेरुदण्ड हो । यस क्षेत्रमा लगानी प्रवर्द्धन गर्दा तत्काल आय आर्जन र रोजगारीका अवसर बढ्नुका साथै अर्थतन्त्रका अरु क्षेत्रमा समेत अनुकूल प्रभाव पर्ने हुँदा **जलस्रोत विकासको राष्ट्रिय नीति** मा अविलम्ब राष्ट्रिय सहमित कायम गरी राष्ट्रिय र वैदेशिक लगानी प्रवर्द्धन गरिनेछ। विगत दशकमा नेपाली काँग्रेसले शुरु गर्न लागेको अरुण तेस्रो योजनालाई त्यसपछि बनेको अल्पसंख्यक सरकारको अदुरदर्शीताका कारण तुहाउने काम भयो । फलस्वरुप अहिले देशले लोडसेडिङको मार खप्नु परेको छ । अब यस्तो गल्ती पुनः दोहरिएमा राष्ट्रले ठूलो नोक्सानी बेहोर्नु पर्नेछ । तसर्थ हाल कार्यान्वयनमा ल्याइएका माथिल्लो तामाकोशी, पश्चिम सेती, अरूण तेस्रो, माथिल्लो कर्णाली लगायतका ठूला, मझौला र साना योजनालाई यथाशीघ्र कार्यान्वयन गर्न आगामी १० वर्षभित्र विद्युत उत्पादनमा झण्डै १० खण्डले वृद्धि गरी कम्तिमा ५००० मेघावाट उत्पादन पुऱ्याइनेछ। विद्युत निर्यातबाट अरबौंको विदेशी मुद्रा आर्जन मात्र होइन, सुलभ र सस्तो ऊर्जा विकास गरी देश भित्रको औद्योगिकरणको आधार सिर्जना गरिनेछ। बैकल्पिक ऊर्जा स्रोतहरूको उपयोग गरी आगामी १० वर्षभित्र देशका सम्पूर्ण भू-भागहरूमा विद्युत सेवा पुऱ्याइनेछ।

राष्ट्रिय हितमा खुला अर्थतन्त्र : विश्व अर्थतन्त्र पारस्परिक अन्तर निर्भरता र सम्बन्धको नूतन युगमा छ। नेपाल यसको अपवाद हुन सक्दैन। त्यसैले उदार र प्रतिस्पर्धात्मक विश्व अर्थतन्त्रसँग स्वाभाविक आर्थिक सम्बन्ध राख्न एवं लगानी, व्यांपार र प्रविधि प्रयोगको लाभ र अवसर सिर्जना गर्न हाम्रो आफ्नो अर्थतन्त्रलाई समेत उदार, बजारमुखी र प्रतिस्पर्धामूलक बनाउन अनिवार्य छ। तर विकासोन्मुख र भूपरिवेष्ठित मुलुकका रूपमा विश्व अर्थतन्त्रसँग समायोजन हुँदा नेपाली अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यून गर्ने प्राविधिक र व्यवस्थापकीय सतर्कता अवलम्बन गरिने छ। साथै बजार अर्थतन्त्रलाई गरीबी निवारणमा केन्द्रित गरेर सामाजिक जिम्मेवारी पूरा गर्ने ढाँचामा अगाडि बढाउन नेपाली काँग्रेस प्रतिवद्ध छ।

आर्थिक वृद्धिको प्रतिफल गरीवी निवारणमा : उच्च आर्थिक वृद्धि दरको प्राप्तिले मात्र गरीवी र बेरोजगारीका सबै समस्याहरूको समाधान हुँदैनन्। यसका लागि आर्थिक वृद्धि फराकिलो र समाजका निम्न वर्ग र क्षेत्रहरू समेतलाई समेट्ने खालको हुनुपर्दछ। त्यसैले जनसंख्याको ठूलो हिस्सा संलग्न भएको कृषि र पर्यटन जस्ता क्षेत्र तथा ग्रामीण पूर्वधार निर्माणमा लगानी केन्द्रित गरी उच्च आर्थिक वृद्धिदर सुनिश्चित गर्नुका साथै महिला, दलित, बाल-बालिका, अपाङ्ग, वृद्ध-वृद्धा, आदिवासी-जनजाति, मधेसी समुदाय र कर्णाली जस्ता विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी गरीबी निवारणको प्रभावकारी कार्यक्रम संचालन गरिने छ। आगामी १५ वर्षभित्र देशबाट निरपेक्ष गरिबीको अन्त्य गर्ने लक्ष्य लिइनेछ।

५.१.६ राष्ट्रिय एकता प्रवर्द्धन गर्ने लोकतन्त्र

नेपालमा रहेका भाषिक, जातीय र सांस्कृतिक विविधताहरू हाम्रा राष्ट्रिय सम्पदा हुन्। यो विविधतायुक्त साँस्कृतिक धरोहरलाई केवल एउटा उदार र समुन्नत लोकतन्त्रले मात्र एकताको सूत्रमा वाँध्न सक्छ। संविधानसभाद्वारा राज्यको पुनर्संरचना गर्दा सङ्घीय गणतन्त्रात्मक राज्य संरचना, समावेशी र मिश्रित निर्वाचन प्रणाली, जनप्रतिनिधिबाटै राष्ट्र प्रमुखको चयन र जीवन्त लोकतान्त्रिक अभ्यासका कारण नेपाल राष्ट्रिय एकताको नयाँ युगमा प्रवेश गर्नेछ। **राष्ट्रिय एकताको प्रतीक अब फेरि एउटा व्यक्ति र पद हुने छैन, सबैको समावेशी र संवैधानिक सङ्घीय लोकतन्त्र हुनेछ।**

नेपाली काँग्रेस लोकतन्त्रले पोषण गर्ने राष्ट्रिय एकताको यो नूतन भावधारालाई लिएर देशमा सामाजिक र साम्प्रदायिक सद्भाव कायम गर्दै हिमाल, पहाड र तराईको पारस्परिक एकता र राष्ट्रिय अखण्डता प्रवर्द्धन गर्ने सङ्कल्प सहित जनताको माझमा जानेछ। राष्ट्रिय एकता र अखण्डतायुक्त लोकतन्त्र नेपाली काँग्रेसको अर्को महत्त्वपूर्ण निर्वाचन एजेण्डा हुनेछ।

५.१.७ आन्तरिक लोकतन्त्रसहित पारदर्शी र उत्तरदायी राजनीतिक दल

बहुदलीय लोकतन्त्रको विकास र सुदृढीकरणका लागि राजनीतिक दलहरूको नेतृत्व, सङ्गठन संरचना र कार्यविधि पनि लोकतान्त्रिक हुनु आवश्यक छ। हतियार र सैन्यदस्ता सहितको दलीय संरचनालाई लोकतन्त्रले अनुमति दिँदैन। राजनीतिक दलहरूले निःसैन्यीकृत एवं खुला सङ्गठन संरचना, निर्वाचित एवं उत्तरदायी नेतृत्व, आर्थिक पारदर्शीता लगायतका लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्नु पर्ने संवैधानिक व्यवस्था गरिनेछ। नेपालको सामाजिक विविधताको उचित प्रतिनिधित्व हुनेगरी राजनीतिक दलहरूको सङ्गठन संरचना समावेशी बनाइने छ।

५.१.८ अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्रनीति

नेपालको राष्ट्रिय पहिचान, स्वाधीनता एवं राष्ट्रिय हितलाई विश्व समुदायमा निर्वाध रूपमा संवर्द्धन

तथा संरक्षण गर्नु र विश्व शान्ति, सद्भाव र समुन्नतिका लागि यथासक्य योगदान पुऱ्याउनु नेपालको परराष्ट्र नीतिको मुख्य लक्ष्य हुनेछ। यसको आधार र उद्देश्यहरू निम्नानुसार हुनेछन् –

- संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशील, असंलग्नता, राष्ट्रियहित एवं सुरक्षा, परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धका मूल आधार हुनेछन्।
- पारस्परिक सम्मान, सद्भाव र समानताका आधारमा सबै राष्ट्रहरूसँग सम्बन्ध र मित्रता कायम गरिनेछ।
- संयुक्त राष्ट्रसङ्घको सदस्यका रूपमा नेपालको अन्तर्राष्ट्रिय छविलाई शान्तिप्रेमी, लोकतान्त्रिक र राष्ट्रिय स्वाधीनताप्रेमी स्वतन्त्र राष्ट्रका रूपमा प्रस्तुत गरिनेछ।
- छिमेकी मित्र राष्ट्रहरू भारत र चीनसँगको सम्बन्धलाई अन्तर्राष्ट्रिय सम्बन्धका मूल्य र मान्यता अनुरूप व्यावहारिक र वस्तुनिष्ठ आधारमा मैत्रीपूर्ण बनाइने छ।
- क्षेत्रीय विकास र समभ्रदारीका लागि ठोस परिणाममुखी सहयोग पुग्ने गरी दक्षिण एशियाली राष्ट्रहरूको सङ्गठन (सार्क) लाई सृजनात्मक रूपान्तरण गरिने छ।
- नेपालमा रहेका भुटानी शरणार्थीहरूको देश फर्कन पाउने हकको नेपाली काँग्रेस सधैं समर्थन गर्दछ।
- वैदेशिक व्यापार, पर्यटन प्रवर्द्धन, नेपालमा विदेशी लगानी, विदेशमा काम गर्ने नेपाली कामदारहरूको हक र सुरक्षा प्रवर्द्धनलाई प्राथमिकताका साथ विदेशस्थित कुटनैतिक नियोगहरूलाई परिचालित गरिनेछ। प्रवासी तथा गैर आवासीय नेपालीहरूको अधिकार र सुरक्षा सुनिश्चित गर्न ध्यान दिइनेछ।
- विश्व व्यापार सङ्गठनले अल्प विकसित देशहरूलाई दिएको विशेष छुटहरूको पूर्ण कार्यान्वयनमा जोड दिइनेछ।
- विदेशी सहायता उपयोग नीती र कार्यान्वयन प्रक्रियामा राष्ट्रिय स्वामित्व सुनिश्चित गरिनेछ।

५.२ संविधान निर्माणका मुल आधार र सिद्धान्त :

संविधानसभाको निर्वाचन संसदीय निर्वाचन जस्तै सरकार बनाउने निर्वाचन मात्र होइन, यो देशको सर्वोच्च कानून निर्माण गर्ने निर्वाचन हो। संविधान सम्पूर्ण नेपाली जनताको चासो र समर्थन प्राप्त देशको मूल कानून हुने भएकाले संविधान निर्माणको प्रक्रियामा सबै जनता र पक्षको सहमति र सहभागिता प्रोत्साहित गर्न आवश्यक हुन्छ भन्ने नेपाली काँग्रेसको मान्यता छ। यही कारणले गर्दा संविधानसभा निर्वाचन प्रणालीलाई समावेशी र सहभागितामूलक बनाउने प्रयास हुनुपर्छ र संविधान निर्माण प्रक्रियालाई पनि बहुमत र अल्पमतको विभाजनद्वारा होइन, सहमतिको प्रयासद्वारा टुङ्गो लगाउने विधि अवलम्वन गरिनु पर्दछ भन्ने नेपाली काँग्रेसको धारणा रहेको छ।

२०६२–६३ सालको ऐतिहासिक जनआन्दोलनका क्रममा जनताद्वारा अभिव्यक्त भावना, आन्दोलनकारी राजनैतिक पार्टीहरूको माझ भएका ऐतिहासिक सहमति र समझदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३, मानव अधिकारको विश्वव्यापी घोषणा– १९४८ लगायत, नेपाल राष्ट्रको पक्षमा भएका हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले संविधान निर्माणका मूल आधार र सिद्धान्तहरूलाई मार्गदर्शन गर्दछन्। नेपाली काँग्रेस जनताका बीचमा चर्चित र संग्रहित यिनै लोकतान्त्रिक संवैधानिक सिद्धान्तहरूलाई समर्थन गर्दै संविधान निर्माणको निम्न लिखित आधार र सिद्धान्तहरूमा उभिएर राष्ट्रिय सहमति कायम गर्ने प्रतिवद्धता प्रकट गर्न चाहन्छ।

५.२.१ राष्ट्रिय एकता र अखण्डता

नेपाल राष्ट्रमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, भौगोलिक लगायत सबै प्रकारका विविधताको पहिचान, प्रतिनिधित्व र स्वामित्वलाई सुनिश्चित गर्दै नेपाली जनताका बीच सद्भाव एवं सौहाद्रतालाई अक्षुण्ण राख्दै नेपालको राष्ट्रिय एकता, सार्वभौमसत्ता एवं अखण्डतालाई सुनिश्चित र सुदृढ गरिनेछ।

५.२.२ जनतामा निहित सार्वभौमसत्ता

संविधानसभाद्वारा संविधान निर्माणको मूल आधार सम्प्रभु जनता हुन्। त्यसैले सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले जनतामा निहित रहनेछ।

५.२.३ संविधानको सर्वोच्चता

सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलङ्घनीय हुनेछ।

५.२.४ नेपाल राज्यको स्वरूप

नेपाल एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न पूर्ण लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राज्य हुनेछ।

५.२.५ राष्ट्र प्रमुखको निर्वाचन

नेपालको भाषिक, जातीय-सांस्कृतिक तथा धार्मिक विविधतालाई प्रतिविम्वित गर्ने महान् उद्देश्य र लोकतान्त्रिक प्रक्रिया अनुरूप राष्ट्र प्रमुखको रुपमा राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यहरूबाट हुनेछ।

५.२.६ राष्ट्रको कार्यकारी प्रमुखको व्यवस्था

केन्द्रीय कार्यपालिको प्रमुख प्रधानमन्त्री हुनेछ। कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुनेछ।

५.२.७ मानव अधिकार, मौलिक हक एवं नागरिक तथा राजनीतिक स्वतन्त्रता

मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित एवं विस्तृत शान्ति सम्झौता-२०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिवद्धता गरिएका मानव अधिकार र अकुण्ठित प्रेस स्वतन्त्रता सहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक हक लगायत सबै वैयक्तिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गरिनेछ।

५.२.८ व्यक्ति स्वतन्त्रता

हरेक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा सङ्घ-संस्था गठन गर्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिनेछ।

५.२.९ सम्पत्तिको हक

सबै नागरिकलाई आफ्नो इच्छा अनुसार उद्यम र व्यवसायको स्वतन्त्रताको हक हुनेछ। यसका साथै व्यक्तिको सम्पत्तिको हक पूर्ण रुपले प्रत्याभूत गरिनेछ।

५.२.१० धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता

राज्य धर्म निरपेक्ष हुनेछ। राज्यले कुनै धर्मको पक्ष र विपक्ष लिने छैन। धर्मलाई व्यक्तिगत विश्वास र निष्ठाको विषय मानिनेछ। प्रत्येक नागरिकलाई आफ्नो विश्वास अनुसार धर्म र उपासना पद्धति ग्रहण गर्ने वा नगर्ने अधिकार रहनेछ। समाजमा धार्मिक सहिष्णुताको वातावरण कायम राख्नु राज्यको कर्तव्य हुनेछ।

५.२.११ बहुदलीय लोकतान्त्रिक पद्धति

वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, शक्ति पृथकीकरण, संवैधानिक सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, विधिको शासन, समानुपातिक प्रतिनिधित्व सहितको उत्तरदायी एवं पारदर्शी र समावेशीपूर्ण शासन प्रणालीको निर्माण गरिनेछ।

५.२.१२ संघीय राज्य संरचना

नेपालको वर्तमान एकात्मक र केन्द्रीकृत राज्य संरचनाको अन्त्य गरी, स्वायत्त प्रदेशहरू भएको सङ्घीय राज्य बनाइनेछ। स्वायत्त प्रदेश रचनाको प्रमुख आधारहरू– नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत र आर्थिक संभाव्यता, प्रदेशहरूको अन्तरसम्बन्ध, भाषिक / जातीय एवं सांस्कृतिक सघनता, राजनीतिक / प्रशासनिक सम्भाव्यता आदि हुनेछन्। विकेन्द्रित र स्वायत्तता सहितको अधिकार सम्पन्न स्थानीय निकायको व्यवस्था गरिनेछ।

५.२.१३ विविधतामा एकता

नेपाल विभिन्न भाषा, जाति, संस्कृति तथा सामाजिक विविधताले भरिएको देश हो। यो नेपाल राष्ट्रकै पूँजी हो। यसलाई कुनै एकल भाषा, जाति, संस्कृतिका आधारमा कुण्ठित गरिनु हुन्न। यसको सम्मान, पहिचान र हक / अधिकारको संवैधानिक मान्यताका साथै सम्वर्द्धनका लागि स्वतन्त्र संवैधानिक संस्थागत व्यवस्था गरिने छ।

५.२.१४ बहुभाषिक राज्य

नेपालका सबै मातृभाषालाई समान रुपले राष्ट्रिय भाषा मानिने छ। नेपाली भाषा केन्द्रका लागि सरकारी कामकाज र राष्ट्रिय सम्पर्क भाषा हुनेछ। कुन प्रदेशले कुन कुन भाषालाई प्रादेशिक सरकारी भाषाको रुपमा प्रयोग गर्ने भन्ने निर्णय सम्बन्धित प्रदेशको व्यवस्थापिका (संसद्) ले गर्नेछ। केन्द्र, प्रदेश र स्थानीय निकायले कानून बमोजम तोकिएको औपचारिक भाषा प्रयोग गरे पनि न्यायालय र सरकारी कार्यालयमा सबै नागरिकलाई मातृभाषामा आफ्नो भनाइ राख्ने अधिकार हुनेछ।

५.२.१५ स्वतन्त्र संवैधानिक अङ्गहरू

शक्ति र अधिकारको दुरुपयोग नियन्त्रण, भ्रष्याचार नियन्त्रणका साथै जननिर्वाचित एवं उत्तरदायी शासनको सुनिश्चय गर्न निर्वाचन आयोग, मानव अधिकार आयोग, लोकसेवा आयोग, महालेखा परिक्षक, भ्रष्याचार तथा अख्तियार दुरुपयोग नियन्त्रण आयोग जस्ता स्वतन्त्र संवैधानिक आयोगहरूको व्यवस्था गरिनेछ।

५.२.१६ निजामती सेवा

सङ्घीय संरचना बमोजिम केन्द्र र प्रदेशको आ–आफ्नै निजामति प्रशासन रहनेछ। लोकसेवा आयोगको संरचना पनि सोही बमोजिम हुनेछ।

५.२.१७ स्वतन्त्र, सक्षम र उत्तरदायी न्याय प्रणाली

लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्त्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ। केन्द्रमा सर्वोच्च अदालत हुनेछ। केन्द्र र प्रदेशमा आवश्यकता अनुसार पुनरावेदन र अन्य अदालतहरूको व्यवस्था सङ्घीय संरचना अनुरुप हुनेछ।

- न्यायालय स्वतन्त्र र उत्तरदायी मात्रै होइन, सक्षम र निष्पक्ष पनि हुनेछ। विद्यमान कानूनको उदार व्याख्याद्वारा न्यायका पक्षमा उभिने काम न्यायालयले गर्नेछ।
- न्यायाधीशहरूको नियुक्ति प्रक्रिया संसद् मार्फत सार्वजनिक सुनवाइको विधिद्वारा सम्पन्न हुनेछ। न्यूनतम योग्यता पुगेका, न्याय क्षेत्रमा आफ्नो क्षमता र योगदान दिएका आधारमा न्यायाधीशहरू नियुक्तिका लागि प्रस्तावित गरिने छन्।
- व्यवस्थापिका (संसद) द्वारा निर्मित कानून बमोजिम न्यायाधीशलाई संसद्ले महाअभियोग लगाउने र निर्णय गर्ने प्रावधान संविधानमा नै हुनेछ।
- निष्पक्ष, छिटो र छरितो ढङ्गले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चिता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरूको एउटा निश्चित समय तालिका भित्र निर्णय गर्ने परिपाटी कायम गरिनेछ।

५.२.१८ राष्ट्रिय सुरक्षा प्रणाली

- सीमा सुरक्षा र आन्तरिक शान्ति सुरक्षा मुलुकको राष्टिय सुरक्षा नीतिको केन्द्रीय विषय रहनेछ। गम्भीर वित्तीय सङ्कट, प्राकृतिक विपद, खाद्य एवं ऊर्जा सङ्कट आदिबाट उत्पन्न हुन सक्ने सुरक्षा सङ्कट समेतलाई मध्यनजर राखी वृहत् राष्टिय सुरक्षा नीति तर्जुमा गरिनेछ।
- राष्ट्रिय सुरक्षाको जर्गेना गर्ने जिम्मेवारी सेनाको मात्र नभई मुलुकका सबै जनताको हो भन्ने **सुरक्षा नीति**को मान्यता स्थापित गरिनेछ।
- नेपाली सेनालाई लोकतान्त्रिक, समावेशी र व्यावसायिक स्वरुप प्रदान गरिनेछ।
- संसद्प्रति उत्तरदायी हुँदै केन्द्रीय सरकारले नेपाली सेनाको नियन्त्रण, व्यवस्थापन र संचालन गर्नेछ।
- शान्ति सुरक्षासँग सम्बन्धित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सुरक्षा निकायलाई सङ्घीय संरचना अनुकूल हुने गरी पूर्णव्यवस्थित गरिनेछ।

५.३ राज्यको कर्त्तव्य : सम्वृद्ध र समतामूलक समाज

देशमा व्यापक उद्यमशीलता र लगानी प्रवर्द्धन गर्न अनुकूल वातावरणको निर्माण गर्ने दायित्वसँगै राज्यले शिक्षा–स्वास्थ्य सेवा, सबैका लागि खाद्यान्न, रोजगारी, श्रम अधिकारको प्रत्याभूति, युवा पुस्ताका लागि आशलाग्दो भविष्य, महिला, दलित, आदिवासी–जनजाति, पिछडिएको क्षेत्र, मधेशी समुदाय, बालबालिका, वृद्ध–वृद्धा एवं अपाङ्गका लागि सामाजिक न्याय र समता सुनिश्चित गर्ने कर्त्तव्य निर्वाह गर्नेछ। सहश्राब्दी लक्ष्यहरू शिक्षा, स्वास्थ्य, गरिबी निवारण लगायतका संयुक्त राष्ट्र सङ्घले तय गरेको सहश्राब्दी लक्ष्यहरूलाई पूरा गर्नुपनि राज्यको दायित्व हुनेछ।

शिक्षा : शिक्षालाई समय सापेक्ष, सर्वसुलभ र गुणस्तरीय बनाउनु राज्यको दायित्व हुनेछ। आधारभूत शिक्षा प्राप्त गर्नु सबै नेपाली नागरिकको मौलिक हक हुनेछ। सरकारी र निजी क्षेत्रका शिक्षालय बीचको बढ्दो खाडललाई कम गर्न राज्यले सरकारी क्षेत्रको स्तरमा वृद्धि गर्न ध्यान दिनेछ भने निजी

क्षेत्रलाई सामाजिक दायित्व वहन गर्न अनिवार्य गरिनेछ। राज्य र निजी क्षेत्रको सहभागितामा प्राविधिक र रोजगारीमूलक शिक्षाको विस्तार गरिनेछ। प्राथमिक तहमा मातृ भाषामा शिक्षा हासिल गर्ने अवसर र १० कक्षा सम्मको विद्यालय शिक्षाको प्रबन्ध राज्यको दायित्व हुनेछ । विश्वविद्यालयको शैक्षिक स्तरलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन जोड दिइनेछ। शिक्षक र प्राध्यापकको पेशागत सुरक्षा र प्राज्ञिक स्वतन्त्रताको सुनिश्चितता राज्यको कर्त्तव्य हुनेछ। सार्वजनिक स्कुलहरूको शैक्षिक गुणस्तरमा वृद्धि गर्न विद्यमान शिक्षक छनोट, नियुक्ति र व्यवस्थापन संयन्त्रहरूमा सुधार गरिने छ। मध्य र सुदूर पश्चिमा बहुमुखी विश्वविद्यालयहरू निर्माण गरिनेछन्।

स्वास्थ्य : देशका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको अवसर सिर्जना गर्नु राज्यको कर्त्तव्य हुनेछ। न्यून आय भएका जनता खासगरी ग्रामीण र दुर्गम भेगका जनता, बालबालिका र महिलाले सहजै स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी सरकारी अस्पतालको सञ्जाल र गुणस्तरीय सेवा, स्वास्थ्य वीमा सुनिश्चित गर्नु राज्यको दायित्व हुनेछ। मातृ-शिशु स्वास्थ्य सेवाका सम्बन्धमा राज्यले आमा र नवजात शिशुको बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुरक्षित गर्नेछ । देशभित्रै स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादनमा जोड र स्वास्थ्य सेवा क्षेत्रको गुणस्तरीयताको प्रभावकारी अनुगमन राज्यको कर्त्तव्य हुनेछ। देशभित्र नै सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै सरकारी, निजी एवं गैरसरकारी क्षेत्रमा स्वास्थ्य क्षेत्रको लगानी वृद्धि गर्ने नीति लिइनेछ। एच. आई. भी. एड्सको बढ्दो प्रकोप रोक्न पूर्व सतर्कता, रोकथाम र उपचारको व्यवस्था गर्न राज्यले विशेष ध्यान दिनेछ। दुर्व्यसन रोकथाम र दुर्व्यसनीको पुनर्स्थापनामा राज्यले ध्यान दिनेछ।

खाद्य सुरक्षा : सबै नेपालीलाई खाद्यान्नको उपलब्धता सुनिश्चित गर्नु, भोक-अकाल र कुपोषणबाट नागरिक जीवनको रक्षा गर्नु राज्यको प्रथम कर्त्तव्य हुनेछ। खाद्यान्न उत्पादन र आपूर्तिको प्रभावकारी अनुगमनद्वारा **"भोक र कुपोषणका विरुद्ध युद्ध"** द्वारा खाद्य सुरक्षा सुनिश्चित गर्नु राज्यको आधारभूत उद्देश्य हुनेछ।

रोजगारी : सबै नागरिकलाई रोजगारीको प्रत्याभूति गर्नु राज्यको आधारभूत उद्देश्य हुनेछ। व्यापक लगानी प्रवर्द्धनद्वारा उच्च आर्थिक वृद्धि, कृषि, पर्यटन र जलस्रोत जस्ता क्षेत्रको तीव्र विकास, ग्रामीण क्षेत्रमा व्यापक पूर्वाधार निर्माण एवं रोजगारमूलक शिक्षाद्वारा **सबैका लागि रोजगारी** सुनिश्चित गर्नु राज्यको कर्त्तव्य हुनेछ।

गरीबी निवारणको राष्ट्रिय अभियान : दुर्गम भौगोलिक क्षेत्र, ग्रामीण र शहरी क्षेत्रमा समेत गरीबी, वेरोजगारी र अवसर नपाएर पछाडि परेका नेपाली जनताका निम्ति **आय आर्जन र रोजगारी**, शिक्षा, स्वास्थ्य, तालीम र आवासको राष्ट्रिय अभियानद्वारा निश्चित समय अवधिभित्र गरीबी-निवारण गर्नु राज्यको कर्त्तव्य हुनेछ। लघु कर्जाको माध्यमबाट गरिबी निवारणमा पुगेको योगदानलाई ध्यानमा राख्दै लघु कर्जा कार्यक्रमलाई देशभर विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

स्वतन्त्र प्रेस र सञ्चारकर्मीहरूको सुरक्षा : विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सुचनाको हकको प्रत्याभूति सुनिश्चित गरिने छ । मर्यादित, जिम्मेवार र स्वतन्त्र व्यवसायिक पत्रकारिताको प्रर्वद्धन, सञ्चार माध्यमहरूमा सञ्चारकर्मीहरूको पेशागत एवं व्यवसायिक विकासको सुनिश्चितता र श्रमजीवी पत्रकारहरूको संरक्षण तथा विकास गरिनेछ । सरकारी सञ्चार माध्यमहरूलाई निष्पक्ष र स्वायत्त गरिने छ।

श्रमिक / मजदूर अधिकारको रक्षा र सामाजिक सुरक्षा : श्रमजीवी नेपाली जनतालाई आधारभूत श्रम अधिकार, मर्यादित रोजगारी, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति गर्नु राज्यको कर्त्तव्य हुनेछ। श्रमिकहरूको हित संरक्षणका लागि सामाजिक संवाद र सामुहिक सौदावाजीको प्रक्रियालाई प्रोत्साहित गरिनेछ। असङ्गठित क्षेत्रमा कार्यरत कृषि मजदूर लगायत अन्य श्रमजीवीहरूको अधिकार सुरक्षा तथा अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। नेपाली काँग्रेस मुलुकले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप **प्रमुख श्रम मापदण्ड** (Core Labour Standard / ILO) लाई जोडदार समर्थन गर्दछ।

युवा पुस्ताको साझेदारी र भविष्यको सुनिश्चितता :
नेपालको राजनीतिक परिवर्तनमा युवा पुस्ताको वलिदानीयपूर्ण भूमिकाको नेपाली काँग्रेस उच्च कदर गर्दछ । नेपालको नव निर्माणमा युवाको सिर्जनात्मक ऊर्जालाई अधिकतम उपयोग गर्न शिक्षाको पहुँचलाई सर्वसुलभ र गुणस्तरीय बनाउन राज्यले उच्च प्राथमिकता दिनेछ। शीपमूलक शिक्षा मार्फत युवा रोजगारीको अवसरलाई विस्तार गरिनेछ। युवाहरूका बीच खेलकूद, कला र मनोरञ्जनको पहुँच बढाउन आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ । समकालीन विश्व **ज्ञान र प्रविधि शक्ति**को असमान वितरण र उपलब्धताका कारण नयाँ ढङ्गको असन्तुलन र विभेदतर्फ उन्मुख छ। त्यसैले देशको युवा पुस्तालाई **ज्ञान र प्रविधि शक्ति**युक्त बनाएर सुरक्षित भविष्य सुनिश्चित गर्नु राज्यको कर्त्तव्य हुनेछ।

भू.पू. सैनिक, सेवा निवृत्त प्रहरी र कर्मचारी : राज्यले भूतपूर्व सैनिक एवं सेवा निवृत्त प्रहरी र कर्मचारीहरूको अनुभव, सीप, तालिम एवं क्षमतालाई देश र समाजको हितमा प्रयोग गर्नेछ । यस निम्ति सबैलाई आर्थिक दृष्टिले सक्रिय बनाउँदै उत्पादनशील कार्यमा संलग्न गर्ने नीति अवलम्वन गरिनेछ।

ज्येष्ठ नागरिकको सुरक्षा : ज्येष्ठ नागरिकको हेरचाह र सामाजिक सुरक्षाको उचित व्यवस्था गर्नु राज्यको दायित्व हुनेछ।

तेस्रो लिङ्गीको सुरक्षा : तेस्रो लिङ्गीको पहिचान र समान अधिकार सुनिश्चित गरिनेछ।

द्वन्द्व रूपान्तरण र द्वन्द्व पीडितको पुनर्स्थापना : कानुनको शासन मार्फत् दण्डहिनताको अन्त्य गरी शान्ति सुरक्षाको स्थिति सृजना गर्नु राज्यको मुख्य कर्तब्य हुनेछ। विगतको हिंसात्मक द्वन्दका क्रममा धनजनको क्षति ब्यहोरेका सबै नागरिकको पुनर्स्थापन, क्षतिपूर्ति र सामाजिक सुरक्षा दिनु राज्यको कर्तव्य हुनेछ । आ-आफ्नो सम्पत्तिबाट बेदखल भएकाहरूको सम्पत्ति फिर्ता गर्ने राज्यको दायित्व हुनेछ।

खेलकुदको विकास : खेलकुदको विकास र व्यवसायीकरणलाई राज्यले उच्च प्राथमिकता दिनेछ। खेलकुदको विकास संरचनालाई गाउँ तहसम्म विस्तारित गर्दै, विशिष्टीकरण मार्फत् अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको पहिचानलाई विकसित गर्न राज्यले ध्यान दिनेछ।

साहित्य र कला : मुलुकको लोकतान्त्रिक रुपान्तरणका लागि साहित्य, कला र सङ्गीतको महत्त्वपूर्ण भूमिका हुन्छ। यस क्षेत्रसँग सम्बन्धित कलाकर्मीहरूको श्रृजनात्मक योगदानको नेपाली काँग्रेस हार्दिक सराहना गर्दछ । नयाँ राज्य प्रणालीका नयाँ संस्कृतिको विकासमा साहित्य, कला र सङ्गीतको विकासलाई उच्च प्राथमिकता दिँदै साहित्य कलाकर्मीहरूको भूमिका तथा सिर्जनशीलतालाई प्रोत्साहित गर्नु राज्यको कर्तव्य हुनेछ।

आदिवासी-जनजातिको समावेशी सहभागिता : आदिवासी–जनजाति समुदायको राज्यका सबै अङ्गमा समावेशी–समानुपातिक प्रतिनिधित्व तथा आर्थिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकार सुनिश्चित गरी राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समता, सहभागिता र सम्वृद्धिको राष्ट्रिय अभियान संचालन गर्ने राज्यको प्राथमिक कर्तव्य हुनेछ। राउटे, मुण्डा, कुशवादिया, याल्मो लगायतका लोपोन्मुख आदिवासीको संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हुनेछ। त्यस्तै राउटे, चेपाङ लगायत र सुदुर पश्चिमका अन्य पिछडिएका राना थारु, कठरिया थारु, राजी समूदाय लगायतका आदिवासीको सामाजिक सुरक्षालाई पनि राज्यले उच्च प्राथमिकता दिनेछ।

मधेशी समुदायको समावेशी सहभागिता : मधेशी समुदायको राजनीतिक समावेशी – समानुपातिक सहभागिता, राज्यको सुरक्षा निकाय, निजामती कर्मचारी तथा राज्यको विभिन्न अङ्गमा समुचित प्रतिनिधित्व सुनिश्चित गर्दै उनिहरूको भाषिक, सांस्कृतिक पहिचान, प्रतिष्ठा र स्वामित्व कायम गर्नु राज्यको दायित्व हुनेछ।

पिछडिएको क्षेत्रको विकास : कर्णाली र सुदुरपश्चिमका विकट क्षेत्रको आधारभूत विकास आर्थिक सामाजिक रुपान्तरण र राजनैतिक सहभागिता सुनिश्चित गर्नु राज्यको दायित्व हुनेछ। यसको लागि आवश्यक कार्ययोजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ।

महिला अधिकारको सुनिश्चितता, सशक्तिकरण र सुरक्षा : देशको कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरूको राजनैतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी–समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ। महिला विरुद्धको भेदभावपूर्ण सम्पूर्ण कानूनहरूको अन्त्य गरिनेछ। महिला तथा बालिकाविरुद्ध हुने सबैखाले हिंसाको अन्त्य गरिनेछ । हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने तथा आवधिक रुपमा हरेक नेपाली महिलाको प्रजनन स्वास्थ्यको निशुल्क परीक्षण गर्ने अभियान चलाउने र महिलाका अधिकारहरू सुरक्षित गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हुनेछ।

दलित उत्थान र भेदभावको अन्त्य : दलित समुदायप्रतिको सामाजिक भेदभाव र छुवाछुतलाई अन्त्य गर्नु राज्यको विशेष दायित्व हुनेछ। त्यसका लागि बनेका कानून र संवैधानिक प्रबन्धलाई थप परिस्कृत गर्दै त्यसको कडा कार्यान्वयन गर्नु अनिवार्य छ। साथै नयाँ राज्य प्रणालीमा दलित वर्गको पहुँचमा बढोत्तरी गर्दै शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा विशेष अवसर उपलब्ध गराउने कार्यमा राज्यले विशेष ध्यान दिनेछ।

भूमिहीन, कमैया, वादी र अन्य सिमान्तको समुदायको सुरक्षा : भूमिहीन, कमैया, वादी र अन्य सिमान्त समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

बालबालिकाको पहिचान र पोषण : कुपोषण र अपर्याप्त स्वास्थ्य सुविधाका कारणबाट हुने अकाल मृत्युबाट बालबालिकाको जीवन रक्षा गर्नु राज्यको मुख्य दायित्व हुनेछ। बालबालिकालाई आफ्नो पहिचान र नामको हक हुनेछ। साथै बालबालिकालाई उचित पालन पोषण, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा एवं बालबालिका माथिको हिंसा र शोषण विरुद्धको हक सहित बाल अधिकारको व्यवस्था गरिनेछ।

अपाङ्गहरूको सहभागिता र प्रतिनिधित्व : मुलुकको जनसंख्यामा उल्लेख्य संख्यामा रहेका अपाङ्गहरूलाई राज्य संरचनामा सहभागिता र प्रतिनिधित्वको व्यवस्था गरिनेछ। सार्वजनिक स्थललाई अपाङ्ग मैत्री बनाउँदै शिक्षा, स्वास्थ्य, रोजगारीको समुचित प्रबन्ध र सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ।

वातावरण संरक्षण र व्यवस्थापन : राज्यले पानी, वायु, भूमि, ध्वनि तथा अन्तरिक्षलाई प्रदूषणबाट मुक्त गर्ने प्रयत्नका साथै प्राकृतिक वातावरणको संरक्षण, दिगो उपयोग र व्यवस्थापन गर्नेछ। तराईको माटोको उर्वरताको रक्षा, बाढी नियन्त्रण र भूस्खलन नियन्त्रण गर्न चुरे र महाभारत श्रृखंलामा वन जङ्गल, माटो र जलको प्रभावकारी व्यवस्थापन गर्नु राज्यको कर्त्तव्य हुनेछ।

व्यवस्थित बसोबास र खानेपानीको व्यवस्था : व्यवस्थित शहरीकरण र बसोबास, सम्पूर्ण जनतामा शुद्ध खानेपानीको व्यवस्था गर्नु राज्यको महत्त्वपूर्ण लक्ष्य हुनेछ। काठमाडौं उपत्यकाको खानेपानीको समस्या समाधान गर्न मेलम्ची खानेपानी योजनालाई समयमा नै कार्यान्वयन गर्न उच्च प्राथमिकता दिइनेछ । काठमाडौं महानगर लगायत अन्य शहरहरू र बजारको व्यवस्थित विकासलाई उच्च प्राथमिकता दिइनेछ।

५.४ संविधान निर्माणमा जनसहभागिता र जनसुनुवाइ :

संविधान सभाबाट संविधान बनाउने भनेको लोकतन्त्रको सर्वोत्तम प्रक्रिया हो। नेपाली काँग्रेस यसको पूर्ण सम्मान गर्दै निर्वाचन पछि पनि भावी संविधानका विविध पक्षमा जनताको व्यापक सहभागिता र जनसुनुवाइको प्रक्रियालाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्दछ। आफ्नो पार्टीको सङ्गठन संरचनाका अतिरिक्त अन्य संरचनाबाट समेत विभिन्न पेशागत व्यवसायिक सङ्घ–संस्था, सरोकारवाला समूह र विज्ञहरूसँगको परामर्शलाई नेपाली काँग्रेसले आव्हान गर्नेछ र त्यसका लागि आवश्यक पहल गर्नेछ।

संविधान सभाको निर्वाचन पछि गठन हुने मस्यौदा समिति र विषयगत समिति / उपसमितिहरूमा विज्ञहरू, जातीय, भाषिक, साँस्कृतिक तथा क्षेत्रीय सरोकारका समूहहरूको परामर्श लिने व्यवस्था गरिने छ। समितिहरूबाट तयार भएका मस्यौदामाथि पनि व्यापक जन सुनुवाइ एवं विज्ञहरूको परामर्श प्रक्रियालाई अगाडि बढाइने छ र सुझाव सङ्कलन गरिने छ। यसरी सङ्कलित सुझावहरू समेतलाई उपयुक्त तवरले समावेश गरी संविधानको अन्तिम मस्यौदा तयार गरिनेछ।

६. संविधानको घोषणा

मस्यौदा समितिबाट संविधानको अन्तिम मस्यौदा तयार भएपछि संविधान सभाद्वारा निर्धारित प्रक्रिया अनुसार संविधान पारित गरिनेछ । यसरी पारित संविधानलाई नेपाली जनता आफैंले आफ्नालागि बनाएको भनी जनताका नाममा घोषणा गरी जारी गरिनेछ।

७. सुशासनको प्रत्याभूति

संविधानसभाको मुख्य काम मुलुकका लागि नयाँ संविधान बनाउने भए पनि संविधान निर्माणको प्रक्रियाले एउटा निश्चित समयावधि लिनेछ। त्यस अवधिमा पनि नेपाली जनताले उत्तरदायी तथा परिणाममुखी लोकतान्त्रिक शासनको अनुभूति गर्न पाउनु पर्छ । संविधानसभाको चुनावपछि बन्ने सरकार कुनै एक दलको मात्र हुने छैन, त्यो संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिमा बन्ने राष्ट्रिय सरकार हुनेछ । तथापि, जनउत्तरदायी सरकारको आकांक्षा र मान्यतालाई ध्यानमा राखेर नेपाली काँग्रेस संवैधानिक संक्रमणको अवस्थामा समेत निम्न लिखित विषयहरूमा प्राथमिकताका साथ काम गर्दै सुशासनको प्रत्याभूति दिने प्रतिबद्धता व्यक्त गर्दछ।

- चालु शान्ति प्रक्रियालाई अन्तिम परिणतिसम्म पुऱ्याएर मुलुकमा दीगो शान्ति बहाल गरिनेछ। अन्य सबै प्रकारका द्वन्द्वहरूको पनि शान्तिपूर्ण निकास सहित व्यवस्थापन गरिनेछ।
- समाजमा दण्डहीनताको स्थितिको अन्त्य गरी कानूनी राज्य, विधिको शासन, नागरिक स्वतन्त्रता, सुरक्षा र हक/अधिकार तथा न्यायको पूर्ण प्रत्याभूति गरिनेछ।

- शासकीय सुधार, पारदर्शीता, जवाफदेहिता, विधिको शासन र सदाचार पद्धतिको प्रवर्द्धन गर्दै सुशासनयुक्त राज्य प्रणालीको निर्माणमा जोड दिइनेछ।
- सत्य-तथ्य निरूपण तथा राष्ट्रिय मेलमिलाप आयोगको व्यवस्था अनुरूप समाजमा दण्डहीनताको पुनराबृत्तिका संभावनाहरूको अन्त्य गर्दै पारस्परिक सद्भाव र विश्वासको वातावरण निर्माण गरिनेछ।
- पुनःनिर्माण र पुनःस्थापनाको कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अघि बढाइनेछ।
- बाढी, पहिरो जस्ता प्राकृतिक विपद एवं सामाजिक द्वन्द्व र हिंसाबाट प्रभावित व्यक्ति र परिवारलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- राज्य र सरकारको उपस्थितिको बोध हुने गरी राज्य संयन्त्र र प्रशासनलाई पुनःस्थापित र परिचालित गरिनेछ।
- जीवनका आधारभूत आवश्यकतालाई ध्यानमा राख्दै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरूको वृद्धि गर्ने र गराइनेछ।

हाम्रो प्रतिज्ञा : हाम्रो अनुरोध

राष्ट्रिय एकता लोकतन्त्र र दिगो शान्ति आज पनि नेपाली काँग्रेसको प्रमुख एजेण्डा हो । लोकतन्त्र काँग्रेस यात्राको मूल चुरो हो र लोकतन्त्र नै काँग्रेस आन्दोलनको बाहक शक्ति पनि हो । यही मान्यतामा आधारित हुँदै मुलुकका सबै राजनीतिक विचार र दलहरूलाई संविधानसभाका माध्यमबाट एकताबद्ध बनाउँदै सङ्घीय गणतन्त्रात्मक राज्य संरचना र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको स्थापनालाई सुनिश्चित गर्नु नेपाली काँग्रेसले आफ्नो प्रमुख दायित्व मानेको छ । घोषणापत्रमा अभिव्यक्त सङ्कल्प र प्रतिबद्धता अन्तर्गत रहेर नेपाली काँग्रेस संविधानसभामा निर्वाचित हुने आफ्ना प्रतिनिधि मार्फत् संविधान निर्माण गर्ने प्रतिज्ञा गर्दछ।

लोकतन्त्रका मूल्य र मान्यताप्रति प्रतिबद्ध र सबै प्रकारका निरंकुशता, अतिवाद र अधिनायकवादका विरुद्ध सङ्घर्षशील, हिंसा र बल प्रयोगका विरुद्ध सार्थक र दिगो शान्तिका पक्षमा क्रियाशील एवं राष्ट्रिय एकता, नागरिक स्वतन्त्रता, बहुलवाद, सङ्घीयता र समतामूलक समाज तथा राज्य संरचना प्रति प्रतिबद्ध नेपाली काँग्रेसको यो घोषणापत्र नयाँ नेपालको भविष्य र समुन्नतिको स्पष्ट दस्तावेज हो । संविधानसभाको आगामी निर्वाचनमा काँग्रेसको यो घोषणापत्रलाई अनुमोदन गर्दै हलुका नीलो र हलुका रातो रङ्गका दुबै मतपत्रमा रहेका रूख चिन्हमा छाप लगाई अलग-अलग बाकसमा मतदान गरी स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न सङ्घीय गणतन्त्रात्मक राज्य संरचना र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणाली सहितको नेपालको संविधान बनाउन नेपाली काँग्रेस सम्पूर्ण मतदाता दिदी-बहिनी, दाजु-भाइहरूलाई हार्दिक अपील गर्दछ।

जय नेपाल !

२०६४ फागुन २७

३.

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

'संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं !
सबल र सम्वृद्ध नेपालको निर्माण गरौं !!

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !,

हामी नेपाली इतिहासमै पहिलो पल्ट संविधानसभा निर्वाचनको महत्त्वपूर्ण चरणमा आइपुगेका छौं। आफ्नो देशको भविष्यको रूपरेखा आफ्नै हातले कोर्न पाउने यो सर्वाधिक महत्त्वपूर्ण अधिकार प्राप्तिको लागि हामीले लामो समयदेखि वलिदानी सङ्घर्ष गर्दै आएका छौं। यस दौरान नेपाल आमाका अनेकौं सन्ततिहरूले आफ्नो जीवन उत्सर्ग गर्नु भएको छ, आन्दोलनमा घाइते हुनु भएको छ र दमन एवं नियन्त्रणका कष्टकर क्षणहरूको सामना गर्नु भएको छ। यही बलिदानी सङ्घर्षले हामीलाई सार्वभौम जनताको हैसियतमा आफ्नो संविधान आफै बनाउन पाउने महान अवसर प्रदान गरेको छ। यस महत्त्वपूर्ण घडीमा हामीहरू सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताका निम्ति सञ्चालित आन्दोलनहरूमा, विशेषतः गत वर्ष विकसित भएको शान्तिपूर्ण जनक्रान्तिको क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने आदरणीय वीर अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। आन्दोलनमा घाइते मित्रहरूको स्वास्थ्य लाभको कामना गर्दछौं र निरङ्कुश राजतन्त्रलाई परास्त गर्न सफल तपाईं महान आन्दोलनकारी जनताप्रति हार्दिक अभिनन्दन गर्दछौं। संविधानसभाको निर्वाचनलाई हामीहरू एक स्वाधीन, सबल र सम्वृद्ध सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण गर्ने ऐतिहासिक अवसरका रुपमा प्राप्त गरिरहेका छौं। यो अवसरलाई सफलतापूर्वक उपयोग गरे र मात्र राजतन्त्रलाई उन्मूलन गर्ने, लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने, राज्यको पुनःसंरचना गर्ने, दिगो शान्ति स्थापना गर्ने, वैज्ञानिक भूमिसुधार लागु गर्ने र आफ्नो संविधान आफैं बनाउने ऐतिहासिक उचाईमा पुग्न सक्ने छौं। त्यो नै दुनियाँलाई आश्चर्य चकित बनाउने ऐतिहासिक जनआन्दोलनको जनादेश पनि हो। त्यसैले नेपाली समाजमा सामाजिक, आर्थिक रुपान्तरण ल्याउने यो ऐतिहासिक अवसरको ढोका खोल्न उच्च मनोवल, असाधारण निर्भिकता र अपूर्व दृढताका साथ अग्रसर हुन नेकपा (एमाले) स्वदेश तथा प्रवासमा रहनुभएका पार्टीका सदस्य, समर्थक, शुभेच्छुक एवं सम्पूर्ण लोकतन्त्र र शान्तिप्रेमी देशभक्त जनसमुदायमा हार्दिक आह्वान गर्दछ।

संविधानसभाको निर्वाचनः लोकतन्त्र, दिगो शान्ति र अग्रगमन

संविधानसभाको निर्वाचन हाम्रा अग्रजहरूको सपना हो, हाम्रो ६ दशक लामो आन्दोलनको माग हो। जनताको वलिदानी सङ्घर्षले २००७ सालमा जहानियाँ राणाशासन समाप्त भएपछि संविधानसभाको निर्वाचन मार्फत् बन्ने नयाँ संविधानबाट मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो। तर राजतन्त्रको षड्यन्त्रले यसलाई त्यसै तुहाइयो र २०१७ सालमा अधिनायकवादी निरङ्कुश व्यवस्था लादियो। नेपाली जनताले त्यसका विरुद्ध अनवरत सङ्घर्ष गरिरहे। २०४६ सालको ऐतिहासिक जनआन्दोलनले

निरङ्कुश राजतन्त्रलाई पछाडि हट्न बाध्य पाऱ्यो र बहुदलीय प्रजातन्त्र स्थापना गऱ्यो । तर जनताको सर्वोच्चता, सार्वभौमसत्ता र राजकीय अधिकार स्वीकारेर संवैधानिक सीमाभित्र बस्ने सम्झौता र आफ्नो प्रतिवद्धतालाई उल्लङ्घन गर्दै राजतन्त्रले प्रजातन्त्र विरुद्ध षडयन्त्र जारी राख्यो । नृशंस राजदरबार हत्याकाण्डपछि सत्तारूढ भएका राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गतेको प्रतिगमन र २०६१ माघ १९ को 'कू' मार्फत तानाशाही लाद्ने प्रयास गरे।

शान्तिपूर्ण जनक्रान्तिको स्वरूप लिएको २०६२/६३ को जनआन्दोलन यस्तो ऐतिहासिक परिघटना हुनपुग्यो, जसले विश्व जनसमुदायलाई समेत आकर्षित मात्र गरेन, नेपाली जनताको प्रतिष्ठालाई समेत माथि उठायो । एक्काइसौं शताब्दीको एउटा विशिष्ट राजनीतिक घटनाको रूपमा विश्व राजनीतिक मानचित्रमा अङ्कित यो आन्दोलनले सैनिक बलमा आधारित निरङ्कुश राजतन्त्रलाई मात्रै घुँडा टेकाएन, सामन्तवादका आधारहरूलाई समाप्त पार्दै नयाँ र समुन्नत नेपाल निर्माण गर्ने ऐतिहासिक संभावना समेत प्रस्तुत गऱ्यो । जनआन्दो लनबाट सुरु भएको यो क्रान्तिकारी प्रकृया जारी छ र हामीले संविधानसभा मार्फत् आन्दोलनका जनादेशलाई सम्पन्न गरेर यसलाई पूर्ण बनाउनु आवश्यक छ।

संविधानसभा निर्वाचन एउटा यस्तो क्षण हो, जसले जनतालाई आफ्नो संविधान आफैंले बनाउने महत्त्वपूर्ण अवसर प्रदान गर्छ। फ्रान्स लगायत विश्वका कतिपय मुलुकले वंशानुगत निरंकुश शासन समाप्त गरी विधिको शासन शुरु गरेको दुई सय वर्ष भन्दा पछि नेपाली जनताले प्राप्त गरेको यो अवसरले नेपाललाई ऐतिहासिक रुपमा नै विश्व समुदायका बीच नयाँ स्वरूपमा स्थापित गर्नेछ।

संविधानसभा निर्वाचनले पहिलो पटक नेपाली जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गर्न र आफ्नो सर्वोच्चता स्थापित गर्न अवसर प्रदान गर्नेछ। आजसम्म शासकहरूले तोकिदिएको स्थानमा बस्न बाध्य नेपाली जनताद्वारा पहिलो पटक मुलुकका सबै शक्तिहरूको स्थान निर्धारण हुने छ। संविधानसभा निर्वाचनले नेपालमा पन्ध्र सय वर्ष भन्दा अघि देखि जारी सामन्ती राजतन्त्र र २४० वर्ष देखि कायम शाहवंशीय राजतन्त्रलाई अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नेछ । एघार वर्ष अगाडि शुरु भएको माओवादी विद्रोहको शान्तिपूर्ण समाधानको जारी प्रक्रियालाई पनि पूर्णता दिनेछ। राजनीतिक उद्देश्यको निम्ति कसैले पनि हतियार उठाउन नपर्ने स्थितिको निर्माण गर्दै जनताको अभिमतको आंधारमा शान्तिपूर्ण माध्यमबाट समाज परिवर्तनको प्रक्रियालाई अगाडि बढाउनेछ।

नेकपा (एमाले) : गौरवपूर्ण संघर्ष र नयाँ सङ्कल्प

सामन्तवाद, दलाल–नोकरशाही पुँजीवाद र साम्राज्यवादका सबै प्रकारका शोषण–उत्पीडनलाई समाप्त पार्दै जनताको जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यकासाथ २००६ सालमा स्थापित हाम्रो पार्टीले विगत ६ दशकसम्म निरन्तर जनता र राष्ट्रको पक्षमा सङ्घर्ष गर्दै आएको छ । हाम्रो पार्टी राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा दृढतापूर्वक उभिदै आएको छ। आन्दोलनको मोर्चामा निरन्तर अगुवाई गर्दै निरङ्कुश–तन्त्रका विरुद्ध लोकतन्त्रका लागि सम्झौताहीन सङ्घर्ष तथा जनता, राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानप्रति अटल निष्ठा हाम्रो पार्टीको परिचय बनेको छ।

सात सालदेखि पन्ध्र सालसम्मको अस्थीर राजनीतिक वातावरणमा कम्युनिष्ट पार्टीले राष्ट्रिय हीत एवं जनअधिकारको सुरक्षाको पक्षमा दृढतापूर्वक आवाज़ उठायो भने सत्र सालको तानाशाही कदम पछि निरन्तर बलिदानी सङ्घर्ष संचालन गऱ्यो । निरंकुश पञ्चायती व्यवस्था अन्तरगत दमनकारी शासनका विरुद्ध अदम्य साहस र बलिदानद्वारा आन्दोलनलाई गति दिने कम्युनिष्ट योद्धाहरूले नै निरङ्कुशतन्त्रको जग हल्लाइदिएका थिए । कमरेड पुष्पलालको संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली काङ्ग्रेसले दम्भका साथ वेवास्ता गर्नाले पञ्चायतको आयु लम्बिन गयो । तथापि, वामपन्थी आदर्शले ओतप्रोत युवा विद्यार्थीहरूको २०३५/३६ सालको आन्दोलनले त्यसको जग हल्लाई दिएको थियो। हाम्रो पार्टीले अगाडि सारेको संयुक्त जनआन्दोलनको

प्रस्ताव नै २०४६ सालको आन्दोलनको मुख्य आधार विन्दु बन्न पुगेको कुरा ऐतिहासिक तथ्य हो जसमा आन्दोलनको मुख्य संवाहकको रूपमा हाम्रो पार्टीका हजारौं नेता / कार्यकर्ताले अग्रणी भूमिका निर्वाह गरेका थिए।

नेकपा (एमाले) नै त्यो पार्टी हो, जसले उक्त आन्दोलनका उपलब्धीलाई संरक्षण गर्न आह्वान गरेको थियो र यसका सीमाहरूलाई उद्घाटित गर्दै यसलाई सामाजिक-आर्थिक रूपान्तरणको तहसम्म विस्तारित गर्नुपर्ने मान्यता अगाडि सारेको थियो। २०४७ सालको संविधानमा कमरेड मदन भण्डारीको अगुवाइमा पार्टीले अगाडि सारेका आलोचनाका २७ बुँदाहरू कति सान्दर्भिक र दूरगामी महत्त्वका रहेछन् भन्ने तथ्य समयले पुष्टि गरिसकेको छ। २०४८ सालको आम निर्वाचनबाट स्थापित संसदमा प्रमुख विपक्षी दलको हैसियतमा होस् या २०५१ सालको मध्यावधि निर्वाचनपछि बनेको अल्पमतको सरकारमा रहेर होस् नेकपा (एमाले) ले छोटो समयमै देश र जनताको हीतमा अगाडि सारेका नीति र कार्यक्रम कति लोकप्रिय र हितकर थिए भन्ने तथ्य सबैलाई जानकारी भएकै हो।

२०४६ सालको संयुक्त जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्न निश्चित समयसम्म आन्दोलनकारी शक्तिहरू बीचको सहकार्यको लागि नेकपा (एमाले) ले अगाडि सारेको प्रस्तावको महत्त्वलाई उग्र कम्युनिष्टविरोधी भावनाले ग्रस्त नेपाली कांग्रेस लगायतका कतिपय शक्तिले समयमै बुझ्न सकेनन्। परिणामस्वरुप, एकातर्फ आन्दोलनकारी शक्तिहरू बीच कटु द्वन्द्व शुरु भयो भने अर्कातिर नेकपा (माओवादी) ले संसदीय व्यवस्था विरुद्ध विद्रोह नै शुरु गऱ्यो। यसबाट फाइदा उठाउँदै प्रतिगामी शक्तिहरू शक्ति सञ्चय गर्न र लोकतन्त्रमाथि प्रहार गर्न समेत सफल भए। र, माघ १९ को 'कु' को दुस्प्रयत्नसमेत गर्न पुगे।

हाम्रो पार्टीले हिंसाको बलमा राज्यसत्ता कब्जा गर्ने उग्रवामपन्थी दुःसाहसवादका विरुद्ध लगातार विचारधारात्मक सङ्घर्ष र यसको शान्तिपूर्ण समाधान खोज्न लगातार राजनीतिक प्रयत्न जारी राख्यो। आफ्ना १५० जना भन्दा बढी कार्यकर्ताहरूको माओवादीद्वारा हत्या हुँदाहुँदै पनि हाम्रो पार्टीका नेताहरूले अत्यन्त प्रतिकुल परिस्थितिमा समेत जोखिम बहन गर्दै माओवादी समस्याको शान्तिपूर्ण समाधानको निम्ति गरेको अथक प्रयत्न सबैका सामु छर्लङ्गै छ। आज हिंसा र बन्दुकको बलमा राज्य कब्जा गर्न चाहने र विद्रोहलाई सैन्य बलमा समाप्त पार्न चाहने दुबै अतिवादी मान्यता पराजित भएका छन्। विपरीत ध्रुवमा रहेका शक्तिहरू संविधानसभाको निर्वाचनको निम्ति एकै ठाउँमा आइपुगेका छन्।

आन्दोलनको सफलतापछि यसका उपलब्धिहरूलाई संस्थागत गर्न र शान्ति प्रक्रियालाई अघि बढाउन संसद, सरकार, वार्ताटोली र आठ दलभित्र नेकपा (एमाले) ले निर्वाह गरेको सक्रिय भूमिका जनसमुदायका सामु स्पष्टै छ। ती क्रान्तिकारी उपलब्धीहरूलाई सामान्य सुधारमा सिमित राख्न चाहने सुधारवादी-यथास्थितिवादी मान्यता विरुद्धको सतत् सङ्घर्ष गर्ने देखि जनसङ्घर्षका सीमा, शक्ति सन्तुलनको अवस्था र सहकार्यको वस्तुगत यथार्थलाई वेवास्ता गर्दै आफ्ना एकाङ्गी मान्यता लाद्न चाहने उग्रवामपन्थी प्रवृत्तिका विरुद्ध पनि नेकपा (एमाले) ले खबरदारी गर्दै आइरहेको छ। संविधान निर्माणको सिलसिलामा नेकपा (एमाले) को तर्फबाट अगाडि सारिएका जनमत सङ्ग्रह र समानुपातिक निर्वाचन पद्धतिलाई अवलम्बन गर्नुपर्ने अडानको सार्थकतालाई घटनाक्रमहरूले पुष्टि गरिरहेका छन्।

हामी गर्वका साथ भन्न सक्छौं, नेपालको लोकतान्त्रिक आन्दोलनका अनुभव र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका शिक्षालाई संश्लेषण गर्दै पार्टीले अगाडि सारेको नेपाली विशिष्टतामाथि आधारित जनताको बहुदलीय जनवादको प्रभाव नेपाली समाजमा स्थापित भइसकेको छ। सिमित राजनीतिक स्वतन्त्रतालाई नै लोकतन्त्र ठान्ने तथा संवैधानिक राजतन्त्रलाई सिद्धान्तको रूपमा स्वीकार गर्ने शक्तिहरू लोकतान्त्रिक गणतन्त्र तथा सामाजिक न्याय सहितको लोकतन्त्रको पक्षमा उभिन आइपुग्नु नेकपा (एमाले) का मान्यताहरूको पुनर्पुष्टि हो भन्ने हाम्रो दाबी छ। राज्य सञ्चालनको मुख्य नेतृत्वमा नरहेको भएपनि नेपाली समाजलाई नीतिगत नेतृत्व दिने काम नेकपा (एमाले) ले नै गरिरहेको माथिका सन्दर्भहरूले स्पष्ट पार्छन्।

आजको परिस्थिति : उज्ज्वल सम्भावना र गम्भीर चुनौती

यतिबेला हामी सङ्क्रमणकालमा छौं र हाम्रा सामु अनेकौं गंभीर चुनौती उपस्थित छन् । शान्ति सुरक्षाको अवस्था अझै सुदृढ हुन सकेको छैन । सङ्क्रमणकालको व्यवस्थापन सही ढङ्गले हुन नसक्दा निराशा र आशङ्का बढ्न थालेको छ। कमजोर राज्य संरचनाको लाभ उठाउँदै समाजमा अराजकता फैलाउन चाहने तत्त्वहरू सकृय हुन थालेका छन् । जस्तासुकै माग अगाडि सार्ने र तिनलाई पूरा गराउन बलप्रयोगको प्रतिस्पर्धा शुरु भएको छ। समाप्तिको डिलमा पुगेको राजतन्त्र र प्रतिगामी शक्ति आफ्नो अस्तित्व टिकाउन अन्तिम प्रयास गरिरहेको छ। त्यसले जातीय र क्षेत्रीय आन्दोलनभित्र घुसेर साम्प्रदायिक रूप दिने, राज्यका अङ्गमा रहेका पुरातनपन्थी तत्त्वलाई उपयोग समेत गर्ने गरिरहेको छ। कतिपय सन्दर्भमा त "गणतन्त्र" कै खोल ओडेर राजतन्त्रको पक्षपोषण गर्ने र आपराधिक तत्त्वहरूलाई सङ्गठित गर्दै हिंसा बढाउने प्रयास गरिरहेको छ। समाजमा विद्यमान आर्थिक शोषण र सामाजिक उत्पीडनका प्रश्नहरूलाई लोकतन्त्र, समृद्धि र राज्यको अखण्डतासँगै जोडेर हल गर्नुको साटो "विखण्डनका हतियार" को रुपमा दुरुपयोग गर्ने दुस्प्रयास हुनथालेको छ।

यस्ता अनेकौं चुनौती हुँदाहुँदै यतिबेला हामीहरू सबल र सम्वृद्ध नेपाल निर्माणको उज्ज्वल संभावनाका सम्मुख उपस्थित छौं । नेपाली समाजमा देखा परिरहेको व्यापक हलचलले सामन्ती मूल्य- मान्यतामाथि आधारित पुरानो संरचनालाई समाप्त गर्दै नयाँ संरचना निर्माणको आधार तयार गरिरहेको छ । शाहवंशीय राजतन्त्र समाप्तिको सँघारमा छ र नेपालमा लोकतान्त्रिक गणतन्त्रको सम्भावना अब वास्तविकता बन्ने प्रक्रियामा छ। नेपालमा सङ्घीय गणतन्त्रको स्थापना सुनिश्चित भएको छ।

यसले भेदभावपूर्ण सामाजिक संरचना र त्रुटिपूर्ण राज्यढाँचाको कारणले पाखा परेका पीडित समुदायका समस्यालाई संवोधन गर्ने नयाँ लोकतान्त्रिक राज्य संरचनाको आधार निर्माण गर्नेछ । महिला, दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम, कर्णालीलगायत पिछडिएको क्षेत्र, अपाङ्ग आदि सीमान्तकृत समुदायलाई राष्ट्रिय मूल प्रवाहमा स्थापित गर्न समावेशी शासन व्यवस्थाको आधार पनि खडा गर्नेछ।

लोकतान्त्रिक शक्ति बीच सुदृढ एकता र स्वस्थ प्रतिस्पर्धा

जनआन्दोलनको उद्देश्य हासिल गर्न र सफलताका साथ चुनौतीको सामना गर्न यतिबेला आन्दोलनकारी शक्ति बीचको एकता, सहकार्य र समझदारी अझ सुदृढ हुनु जरुरी छ । आन्दोलनकारी शक्तिको एकता संविधानसभाको निर्वाचनसम्म मात्र होइन, नयाँ संविधान निर्माण गरेर मुलुकलाई स्थायित्व दिने र नयाँ नेपालको आधारशीला निर्माण गर्ने अवधिसम्म कायम रहनु आवश्यक छ भन्नेमा नेकपा (एमाले) प्रतिवद्ध छ। १२ बुँदे समझदारी हुँदै विस्तृत शान्ति संझौता र अन्तरिम संविधान निर्माणसम्म आइपुग्दा भएका सबै सहमति र संझौताको इमान्दारिपूर्वक परिपालना गर्दै सात दलको एकतालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी शासन प्रणाली र राज्यको अग्रगामी पुनःसंरचनासम्म कायम राख्नुपर्छ।

सिद्धान्त, कार्यक्रम र मान्यताहरूको बीचमा भिन्नता रहेकैले लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार्ने विभिन्न पार्टीका बीच प्रतिस्पर्धा पनि छ । तर, साझा मान्यताको रुपमा लोकतान्त्रिक गणतन्त्र रहेकोले त्यसैलाई मियो बनाई लोकतान्त्रिक दलहरू बीचको एकता र सहकार्यलाई जारी राख्नुपर्छ भन्ने मान्यता नेकपा (एमाले) को छ। यस्तो भएमा नै निर्वाचनमा राजावादीहरूलाई जनमतको बलमा सम्पूर्ण रूपले परास्त गर्न सकिन्छ।

संविधान सभामा सहमतिका लागि नेकपा (एमाले) को प्रस्ताव

संयुक्त जनआन्दोलनको विकास र मुलुकमा दिगो शान्ति स्थापनाका लागि नेकपा (एमाले) का तर्फबाट विगतमा निर्वाह गरिएका सकारात्मक भूमिकाहरू सबैका सामु छर्लङ्ग छन् । संविधानसभाको निर्वाचनपछि ऐतिहासिक जनआन्दोलनको भावना अनुरुप नयाँ संविधान निर्माण गर्न, राज्यको अग्रगामी पुनःसंरचना गर्न र

आर्थिक–सामाजिक रुपान्तरणको प्रकृयालाई प्रभावकारी ढङ्गले अघि बढाउन नेकपा (एमाले) ले संविधान सभाको पहिलो बैठकमा अग्रगामी परिवर्तनको लागि निम्न बमोजिम ठोस प्रस्ताव गर्नेछ –

- राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गर्ने,
- आर्थिक–सामाजिक अधिकारसहितको बहुलतामा आधारित सहभागितामूलक समावेशी लोकतन्त्रको स्थापना गर्ने,
- विद्यमान केन्द्रीकृत सामन्ती राज्य संरचनालाई पुनःसंरचना गरी सङ्घात्मक लोकतान्त्रिक गणराज्यको स्थापना गर्ने,
- आर्थिक शोषणका सबै रुपहरूलाई समाप्त पारी वर्गीय रुपमा समतामूलक राज्य प्रणाली स्थापना गर्ने,
- सामाजिक उत्पीडनको रुपमा विद्यमान लैंगिक–जातीय–क्षेत्रीय–भाषिक–धार्मिकजस्ता सबै विभेदहरूलाई अन्त्य गर्ने,
- संविधानसभामा उपस्थित अग्रगमनका पक्षधर सबै राजनीतिक दलहरूको सहमतिमा आधारित राष्ट्रिय सरकार गठन गरी नयाँ संविधान निर्माण र राज्यको अग्रगामी पुनरसंरचना गर्ने र,
- सार्वजनिक, सहकारी र निजी क्षेत्रआधारित समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने।

नयाँ नेपाल निर्माणका लागि लोकतान्त्रिक शक्तिहरू बीचको एकता र एकीकृत दृष्टिकोणको साथै वर्तमान केन्द्रीकृत राज्यप्रणालीकालिन मनस्थितिमा परिवर्तन आवश्यक छ। त्यसैले नेकपा (एमाले) निम्न लक्षहरू प्रति संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरू बीच आम सहमतिका लागि प्रस्ताव गर्दछ –

- शिक्षा, स्वास्थ्य, आवास, खाद्यसुरक्षाजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्ने
- राज्य र समाजको लोकतान्त्रीकरण गर्ने
- क्षेत्रगत प्राथमिकतामा आधारित जनशक्ति विकास र पूर्वाधार विकासका लागि साझा नीति तय गर्ने
- गरिबी र वेरोजगारी अन्त्यको लागि अभियान सञ्चालन गर्ने
- केन्द्र, प्रदेश र स्थानीय निकाय बीच स्रोतहरूको बाँडफाँड र परिचालन गर्ने
- पुँजी र श्रम बीच सह–अस्तित्व कायम गर्ने प्रकृतिको नयाँ श्रम बजार नीति अपनाउने
- दिगो शान्तिको स्थापना गर्ने।

लोकतान्त्रिक गणतन्त्र नेपाल : संविधान निर्माणका आधारभूत विषयवस्तु

संविधानसभाद्वारा सबल र सम्वृद्ध नेपालको लागि बन्ने लोकतान्त्रिक संविधान निर्माणका आधारहरू मूलतः २००७ सालदेखि २०६३ सालसम्मका क्रान्ति र जनआन्दोलन मार्फत जनताले अभिव्यक्त गरेको भावना नै हुन्। राष्ट्रियता, स्वतन्त्रता, जनअधिकार र जनजीविकाको लागि भएका अनगिन्ति आन्दोलनद्वारा विकसित एवं समकालिन विश्वले आत्मसात गरेका लोकतन्त्र, समतामूलक समाज, मानव अधिकार तथा स्वतन्त्रता-सम्बन्धी विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय सन्धि–सम्झौताहरू समेत यसका आधार हुनेछन्। यिनै नीतिगत मान्यताको आधारमा निम्नलिखित विषयलाई आधार र मार्गदर्शन बनाएर संविधान निर्माण गरी नयाँ नेपाल निर्माणको जग बसालिने छ।

१. **बहुलता र विविधता : नेपाल राष्ट्रको विशेषता :** नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो। नेपाल राष्ट्र र नेपाली समाजको विशेषताका रुपमा स्थापित बहुलतालाई भावी नेपाल निर्माणको आधारको रुपमा आत्मसात् गरिनेछ। नेपालको राज्यसत्ता र संवैधानिक व्यवस्थाको निर्माणमा यो विशेषतालाई महत्त्वपूर्ण आधारका रूपमा लिइनेछ।

२. **राष्ट्रिय एकता र अखण्डता :** नेपाल राष्ट्र र नेपाली समाजको विशेषताको रुपमा रहेको बहुलता र विविधताका आधारमा नेपाल राष्ट्रमा बसोबास गर्ने नेपाली जनताका साझा आकांक्षा, सामुहिक हित र साझा मनोविज्ञानको विकास गर्दै नेपालको राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र स्वतन्त्रतालाई थप सुदृढ गरिनेछ। विविधतामा एकता कायम गरिनेछ।

३. **नेपाल राज्यको शक्तिको स्रोत नेपाली जनता :** नेपाल राज्यको शक्तिको श्रोत नेपाली जनता हुन् भन्ने कुरालाई मुलमन्त्रको रुपमा आत्मसात गरिनेछ। सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार जनतामा निहित रहनेछ। त्यसको प्रयोग संवैधानिक व्यवस्था र लोकतान्त्रिक मूल्यपद्धतिमा आधारित हुनेछ। सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधान सर्वोच्च हुनेछ, र त्यसको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

४. **मानव अधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रता :** मानव अधिकारका सार्वभौम मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानूनहरूको पूर्ण पालना गरिनेछ। मानव अधिकारको विषयलाई नागरिक स्वतन्त्रता र जीवनका आकांक्षासँग आवद्ध गरिनेछ।

- प्रत्येक नेपालीलाई विचार व्यक्त गर्ने, शान्तिपूर्ण रुपले भेला हुने, राजनीतिक दल, सङ्गठन / संघ-संस्था खोल्ने, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने र कुनै पनि पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता हुने छ।
- पूर्ण प्रेसस्वतन्त्रता हुनेछ।
- जनतालाई सूचनाको हक हुनेछ।
- कानूनमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिको सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी गोपनीयताको हक हुनेछ।
- नागरिकको जीउ-धनको सुरक्षा गर्नु राज्यको कर्तव्य हुनेछ र प्रत्येक नागरिकलाई बाँच्न पाउने हक हुनेछ।
- शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुताको हकलाई मौलिक हकका रुपमा कायम गरिनेछ। मौलिक हकको संरक्षण र प्रबर्द्धन गर्नु राज्यको दायित्व हुनेछ।

५. **समानताको हक :** कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात-जाति, उत्पत्ति, भाषा, क्षेत्र वा वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिने छैन। त्यस्तो भेदभाव विरुद्ध नागरिकलाई कानूनी उपचार र क्षतिपूर्तिको हक रहनेछ।

६. **सामाजिक सुरक्षा र लोककल्याण :** प्रत्येक नागरिकलाई रोजगारी पाउने र बेरोजगार हुँदाको अवस्थामा जीवन निर्वाहको लागि भत्ता सहितको विश्वव्यापी प्रचलन अनुरुप सामाजिक सुरक्षाको हक हुनेछ। बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सहायता प्रदान गर्नु राज्यको दायित्व हुनेछ।

द्वन्द्वपीडित, विस्थापित, यातनापीडित एवं जोखिममा परेका नागरिकहरू, असहाय-अनाथ बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ।

७. **धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता :** नेपाल धर्मनिरपेक्ष राज्य रहनेछ। प्रत्येक नागरिकलाई आ-आफ्नो आस्था अनुरुपको धर्म मान्ने / नमान्ने स्वतन्त्रता हुनेछ। समाजमा धार्मिक सहिष्णुता र साम्प्रदायिक सद्भाव कायम गर्नु राज्य र नागरिकको दायित्व हुने छ।

८. **शोषण-उत्पीडन विरुद्धको हक :** न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु राज्यको कर्तव्य हुने छ। प्रत्येक नागरिकलाई आफु माथिको शोषण-उत्पीडन विरुद्ध कानूनी उपचारको हक हुनेछ। संवैधानिक, कानूनी र व्यावहारिक रुपले नै समाजमा विद्यमान शोषण, उत्पीडन र विभेदको अन्त्य गर्नु राज्यको कर्तव्य हुनेछ।

९. **छुवाछुतमुक्त राष्ट्र नेपाल :** मानवतामाथि कलङ्कको रुपमा रहेको छुवाछुत प्रथालाई पूर्णतः समाप्त पारिनेछ।

१०. **राज्यको स्वरुप, संघीय लोकतान्त्रिक गणतन्त्र :** नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, स्वाधीन, अखण्ड–अविभाज्य, पूर्ण लोकतान्त्रिक संघात्मक राज्य / राष्ट्रका रुपमा रहनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्यको शासनको मूल चरित्र हुनेछ।

११. **शासनको स्वरुप :** पूर्ण लोकतान्त्रिक मूल्य–मान्यता र आवधिक निर्वाचनमा आधारित राष्ट्रपति र प्रधानमन्त्री दुवैको व्यवस्था भएको आफ्नै मौलिक स्वरुपको शासन प्रणालीको विकास गरिनेछ।

१२. **भाषा नीति :** नेपालका सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता रहनेछ। सम्पर्क भाषाको रुपमा नेपाली भाषा सहित बहुभाषा नीतिलाई प्रोत्साहित गरिनेछ। प्रदेश र स्थानीय तहमा नेपाली भाषाका अतिरिक्त कुन भाषालाई सम्पर्क भाषाको रुपमा प्रयोग गर्ने भन्ने अधिकार सम्वन्धित तहको संसद र जनप्रतिनिधिमूलक निकायमा रहनेछ। नागरिकलाई न्यायालय र सरकारी कार्यालयमा आफ्नो मातृभाषामा कुरा राख्ने हक सुरक्षित गरिनेछ।

१३. **समावेशी लोकतन्त्र :** मुलुकमा रहेका विविधता तथा आर्थिक र सामाजिक दृष्टिले पछि परेका वर्ग र समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचका लागि समावेशीकरणको नीति अवलम्वन गरिनेछ। राज्य पुनःसंरचनाको क्रममा, राज्यका विभिन्न अङ्गहरूमा राजनीतिक नियुक्ति गर्दा समावेशीकरणको नीतिलाई आत्मसात गरिनेछ। पछि परेका, सिमान्तकृत र पहिचान खोजिरहेका समुदायको आर्थिक र सामाजिक विकासका लागि सकारात्मक विभेद र आरक्षणको नीति अवलम्वन गरिनेछ। सबै समुदायका बीचमा मातृभूमि नेपालप्रति 'मेरो देश–मेरो राज्य' को साझा मनोविज्ञानको विकास गरिनेछ।

१४. **लोकतन्त्रको पूर्ण प्रत्याभूति :** जनअनुमोदित संविधानको सर्वोच्चताको सिद्धान्तलाई दृढतापूर्वक पालना गर्दै मुलुकमा कानूनी शासन कायम गरिनेछ। राज्यका संवैधानिक अङ्गका बीचमा शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा अधिकार र दायित्वको बाँडफाँड गरिनेछ। नियन्त्रण र सन्तुलनको सिद्धान्तका आधारमा विभिन्न अङ्गहरूलाई लोकतान्त्रिक मूल्य र पद्धतिप्रति प्रतिबद्ध बनाउने नीति अवलम्वन गरिनेछ। बालिग मताधिकार र आवधिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ। राष्ट्रपति, प्रधानमन्त्रीजस्ता कार्यकारी पदहरूमा एउटै व्यक्ति लगातार दुई पटक भन्दा बढी निर्वाचित हुन नपाउने संवैधानिक व्यवस्था गरिनेछ। प्रत्येक प्रदेशले बहुदलीय प्रतिस्पर्धा सहितको लोकतान्त्रिक प्रणालीलाई अवलम्वन गर्नेछ।

१५. **जनमत संग्रह, जनसम्मतिको प्रणाली :** नेपाली जनताको इच्छा र सम्मतिलाई नै संविधान तथा बैधताको मुख्य आधार मानि राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्तालाई सुदृढ गरिनेछ। बहुमत जनताको इच्छा बुझ्न महत्त्वपूर्ण राष्ट्रिय मुद्दाहरूमा जनताको सम्मति प्राप्त गर्न र विवादहरूको निराकरण तथा जनताले चाहेको परिवर्तनलाई संस्थागत गर्नका लागि जनमत संग्रहको आयोजना गर्न सकिने संवैधानिक व्यवस्था गरिनेछ।

१६. **स्वतन्त्र न्यायपालिका :** संवैधानिक अङ्गका रुपमा स्वतन्त्र न्यायपालिकाको विकास गरिनेछ। संवैधानिकताको संपरीक्षणको अधिकार सर्वोच्च अदालतमा रहनेछ। राज्यको पुनःसंरचनासँगै केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा न्यायालयको नयाँ ढाँचा विकास गरिनेछ। न्यायपालिकालाई जनउत्तरदायी र जनमुखी बनाईनेछ। संविधानमा तोकिए बमोजिमको स्वतन्त्र निकायबाट न्यायाधीशहरूको नियुक्ति गरिने छ। न्यायाधीशको नियुक्तिमा संसदीय सुनुवाईको व्यवस्था गरिनेछ।

१७. **सामन्तवादको अन्त्यको अर्थ-राजनीतिक दिशा :** राजतन्त्रको अन्त्यसँगै सामन्तवादका आर्थिक, सामाजिक र साँस्कृतिक आधारहरूको अन्त्य गरिनेछ। नयाँ लोकतान्त्रिक व्यवस्थाको आधारका रुपमा समाजवादउन्मुख लोककल्याणकारी अर्थ-राजनीतिक दिशा अवलम्वन गरिनेछ । पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार कार्यक्रम ल्याइनेछ र कृषिको आधुनिकीकरण र व्यावसायीकरणलाई उच्च प्राथमिकता दिइनेछ । नेपाली अर्थतन्त्रको आधारका रुपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको विकास गरिनेछ।

१८. **भ्रष्टाचार नियन्त्रण र सुशासन :** भ्रष्यचार समाजको विकास र अग्रगतिको बाधक रहेको तथ्यलाई हृदयङ्गम गरी यसका विरुद्ध प्रभावकारी संयन्त्रको विकास गरिनेछ । सुशासनको आधारका रुपमा विधिको शासन र पूर्ण पारदर्शिताको नीतिलाई आत्मसात् गरिनेछ।

१९. **दलहरूको लोकतान्त्रीकरण :** नेपाली समाज र राज्य व्यवस्थाको मुख्य चालक शक्तिका रुपमा राजनीतिक दलहरूको भूमिकालाई स्थापित गरिनेछ । विचारधारात्मक जगमा निर्माण गरिएका राजनीतिक दलहरूको स्वतन्त्र विचार र भूमिकालाई सम्मान गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिमा आधारित राजनीतिक दलहरूको भूमिका विस्तारका लागि राज्यका तर्फबाट प्रोत्साहन र संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिलाई आत्मसात गर्नु राजनीतिक दलहरूको दायित्व हुनेछ।

२०. **नेपाली सेना :** नेपाली सेना केन्द्रीय संसदप्रति उत्तरदायी रहनेछ । यसको नियन्त्रण, व्यवस्थापन र संचालन संविधानमा तोकेबमोजिम नेपाल सरकारले गर्नेछ।

२१. **संवैधानिक अङ्गको व्यवस्था :** शक्ति पृथकीकरणको नीतिमा आधारित संवैधानिक निकायको व्यवस्था गरिनेछ । लोकसेवा आयोग, महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता संवैधानिक आयोगहरू खडा गरिनेछ र तिनीहरूको भूमिकालाई प्रभावकारी बनाईनेछ।

२२. **उत्पीडित दलित समुदायको मुक्ति र विकास :** सामन्ती शोषण र उत्पीडनको शिकार बनेका र छुवाछुत जस्तो कुसंस्कारबाट पीडित तथा आर्थिक तथा सामाजिक रुपमा नेपाली समाजमा सबैभन्दा पछि परेका उत्पीडित / दलित समुदायको मुक्ति र विकासका लागि राज्यका तर्फबाट प्रगतिशील आरक्षणको नीति तथा कार्यक्रम ल्याइने छ।

२३. **महिला अधिकार :** महिला विरुद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिनेछ । राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चित गरिनेछ। छोरासरह छोरीलाई पैतृक सम्पत्तिमा अधिकार हुनेछ। प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित हुनेछ। शिक्षा र स्वास्थ्यमा महिलालाई विशेष प्राथमिकता दिइनेछ। विशेषगरी महिला न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ।

२४. **बालबालिकाको संरक्षण र विकास :** बालबालिकालाई बालिग नहुञ्जेलसम्म संरक्षण गर्नु, पालन-पोषण गर्नु परिवार, समाज र राज्यको कर्तव्य हुनेछ। यसरी नै बालबालिकालाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ। बालश्रम, यौन दुराचार र यातनाका विरुद्ध कानूनी उपचारको हक हुनेछ। बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात गरिनेछ।

२५. **नागरिकता नीति :** नेपाली नागरिकलाई बिना भेदभाव सुलभ ढङ्गले नागरिकता पाउने हक रहनेछ।

२६. **प्रशासनिक ढाँचाको पुनःसंरचना र लोकतान्त्रीकरण :** एकात्मक राज्य र केन्द्रिकृत शासन प्रणाली अन्तरगत विकास भएको निजामति तथा प्रहरी–प्रशासन र अन्य निकायहरूलाई समेत संघात्मक शासन प्रणाली अनुकुल हुने गरि पुनःसंरचना र रुपान्तरण गरिनेछ। सबै राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घीय संरचना अनुकुल हुने गरी पेशागत दक्षता अभिबृद्धि र सुधारको अवसर दिइनेछ।

२७. **आदिवासी-जनजातिको अधिकार :** आदिवासी–जनजातिहरूलाई आफ्नो राजनीतिक अधिकार सुनिश्चित गर्न, आर्थिक, सामाजिक एवं साँस्कृतिक विकास गर्न सक्ने गरी आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणा तथा अन्तरराष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि- १६९ अनुसारको आत्मनिर्णयको अधिकार हुनेछ। लोपोन्मुख र सिमान्तकृत समुदायको भाषा, संस्कृती र परम्पराको संरक्षण गर्नु राज्यको दायित्व हुनेछ।

२८. **तराईवासी मधेसीहरूका अधिकार :** नेपालको समथर भूमि तराईमा बस्ने सबै मधेसी, जनजाति, दलित, मुस्लिम, विभिन्न जातजाति तथा अन्य अल्पसंख्यक तराईवासी समुदायका जनतालाई आफ्नो भाषा, संस्कृतिको रक्षा एवं विकासको अधिकार हुनेछ। साधन श्रोतहरूको न्यायोचित वितरण तथा उपयोग र सङ्घीय शासन अन्तरगत स्वशासनको अधिकार हुने छ।

२९. **दुर्गम तथा पिछडिएको क्षेत्रको अधिकार :** दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई समविकासको अधिकार हुनेछ। राज्यको समविकासको स्तरसम्म पुग्नका लागि कर्णाली लगायतका दुर्गम तथा पिछडिएका क्षेत्रका जनतालाई राजनीतिक सहभागिता तथा राज्यबाट विशेष सुविधा र सहुलियत प्राप्त गर्ने अधिकार समेत रहनेछ।

३०. **श्रम अधिकार :** श्रमिकहरूलाई ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने, बालश्रम, बाँधा तथा सबै प्रकारका बलपूर्वक लगाईने श्रमजस्ता शोषणमूलक श्रम अभ्यासलाई अस्वीकार गर्ने र उचित श्रम अभ्यासको अधिकार हुनेछ। अन्तरराष्ट्रिय श्रम सङ्गठनको कामको अधिकारको लागि आधारभूत घोषणाप्रति राज्य प्रतिबद्ध रहनेछ। लिङ्ग, जाति / जनजाति, क्षेत्र वा समुदायमा आधारित सबै प्रकारका भेदभावरहित कार्यथलो तथा मर्यादित कामको हक हुनेछ।

३१. **युवाहरूको हक र अधिकार :** भविष्यको नेताका रुपमा समग्र व्यक्तित्व विकासको लागि युवा समुदायको सकारात्मक विकास गर्नु राज्यको दायित्व हुनेछ। युवाहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीको हक हुनेछ।

३२. **अपाङ्गहरूको अधिकार :** अपाङ्गहरूका लागि पहिचान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ। अपाङ्गताको प्रकृति अनुसार सार्वजनिक स्थलहरूलाई अपाङ्गमैत्री बनाउनु राज्यको कर्तव्य हुनेछ। अपाङ्गहरूमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक संरक्षणको हक हुनेछ।

३३. **दण्डहीनताको अन्त्य :** मानवता विरुद्धका सबै प्रकारका अपराधलाई दण्डनीय बनाईनेछ। लोकतन्त्र र जनअधिकारका लागि संचालित आन्दोलनविरुद्ध अत्याधिक बलप्रयोगका दोषीहरूलाई समेत कानूनको दायरामा ल्याइनेछ। फौज्दारी अभियोग बिरुद्ध पीडित पक्षलाई स्वतन्त्र न्यायालयमा सुनुवाईको हक हुनेछ।

३४. **स्वतन्त्र र राष्ट्रिय हितमा आधारित विदेश नीति :** नेपालको राष्ट्रिय हितलाई सर्वोपरी राख्दै संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त तथा सार्वभौम राष्ट्रका लागि स्थापित अन्तर्राष्ट्रिय मान्यता अनुरुप नेपालको विदेश नीति हुनेछ।

३५. **अन्तर्राष्ट्रिय सन्धि-संझौताको अनुमोदन :** नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेका सन्धि–सम्झौताको पुनरावलोकन गर्दै मुलुकको हितमा रहेका नेपाल राष्ट्रपक्ष भएका अन्तर्राष्ट्रिय सन्धि–संझौताको संसदबाट अनुमोदन गरिनेछ। राष्ट्रिय हित र महत्त्वका गंभीर प्रकृतिका संन्धि–संझौताको अनुमोदनका लागि दुई तिहाई मत आवश्यक हुने व्यवस्था गरिनेछ।

नेकपा (एमाले) को परिकल्पना : सबल र सम्वृद्ध नेपालको स्थापना

विश्वस्तरमै र नेपालको पनि विगत दुई दशककै अनुभवको निष्कर्ष हो – नवउदारवादी पुँजीवादी प्रजातन्त्र बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान हैन । नत कुनै पनि प्रकृतिको एकदलीय अधिनायकवादी व्यवस्था नै वर्तमान समस्याको समाधान हो ।

नेपाली समाजको मूल अन्तर्विरोध भनेको वर्गीय अन्तरविरोध नै हो । नेपाली समाजमा व्याप्त सबै खाले वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेद यसैमा आधारित छ । यसको अन्त्यको लागि नेकपा (एमाले) पूर्ण लोकतान्त्रिक अधिकार र सामाजिक न्याय सहितको लोककल्याणकारी राज्य व्यवस्था, सहभागितामूलक र समावेशी शासन प्रणालीको स्थापनामा प्रतिवद्ध रहनेछ । यस्तो लोकतान्त्रिक शासनप्रणालीलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्म विस्तार गर्न चाहन्छ ।

ऐतिहासिक जनआन्दोलन र संविधानसभाले उत्कर्षमा पुऱ्याएको जनताका अपेक्षालाई पूरा गर्ने गरी भौतिक, मानवीय तथा सांस्कृतिक विकासलाई गति दिन र सबैखाले विषमता तथा विभेदलाई समाप्त पार्न नेकपा (एमाले) विकासको अर्थ–राजनीतिक दिशा तथा खाकालाई यस घोषणापत्र मार्फत् सार्वजनिक गर्दछ ।

१. **संघीय संरचना र शासन प्रणाली :** नेपाल बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक विशेषता र विविध भौगोलिक विशिष्टतामा आधारित अखण्ड र अविभाज्य राज्य–राष्ट्रका रुपमा रहनेछ। मुलुकमा जातीय, भाषिक, साँस्कृतिक र भौगोलिक विशिष्टताका आधारमा सङ्घीय संरचनाको विकास गरिनेछ । यस्तो संरचना निर्माण गर्दा जातिगत सघनता, भाषिक एकरूपता र साँस्कृतिक विशेषता, ऐतिहासिकता र विशिष्ट भौगोलिक क्षेत्रलाई सकेसम्म एउटै इकाइमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

सङ्घीय प्रदेश र स्थानीय इकाईहरूको राजनीतिक र प्रशासनिक सिमाना र संरचना निर्माण गर्दा भौगोलिक अवस्थिति, जनसंख्या र जातिगत बसोबासको अवस्था, मातृभाषा र भाषा प्रयोगको अवस्था, साँस्कृतिक विशेषता, प्रशासनिक सुगमता, आर्थिक–सामाजिक अन्तर सम्बन्ध र सामर्थ्य–संभाव्यता, प्राकृतिक श्रोत र साधनको उपलब्धता तथा ऐतिहासिकतालाई आधार बनाईनेछ । त्यस्ता सङ्घीय इकाईहरूको नामाकरण उनीहरूको जातीय, भाषिक, सांस्कृतिक, ऐतिहासिक पहिचान खुल्ने हिसाबले गरिनेछ । ती सङ्घीय तथा स्थानीय इकाइहरू बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक हुनेछन् । सङ्घीय संरचना अन्तरगत स्वायत्त र स्वशासित स्थानीय निकाय गठनका लागि उच्चस्तरीय संवैधानिक आयोगको गठन गरिनेछ । सङ्घीय इकाईहरू आफैंमा स्वायत्त र परिभाषित सीमाभित्र आत्मनिर्णयको अधिकारले सम्पन्न हुनेछन् । तिनीहरूको सम्मिलन र विभाजनको अधिकार सम्बन्धित प्रदेशका जनता, केन्द्रीय र प्रादेशिक संसदमा रहनेछ ।

संविधानमा नै स्पष्ट रुपमा उल्लेख हुनेगरी अधिकार र दायित्वको बाँडफाँड गरिएको केन्द्र, प्रदेश र स्थानीय निकाय गरी तीन तहमा शासनको ढाँचा विकास गरिनेछ । तीनवटै तह बीच सहयोगात्मक र समन्वयात्मक सम्बन्ध हुनेछ । अधिकार र दायित्वको बाँडफाँड निम्न अनुसारको हुनेछ :–

- **केन्द्र :** राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, मौद्रिक नीति र केन्द्रीय बैंक, रेल्वे, हवाई मार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानव अधिकार र मौलिक हकको रक्षा, सर्वोच्च अदालत, भन्सार–राजश्व ठूला जलविद्युत, बहुप्रान्तीय आयोजनाको निर्माण र संचालन, सम्पदाहरूको बाँडफाँड र प्रान्तीय विवादहरूको समाधान आदि ।
- **प्रदेश :** प्रादेशिक अदालत, प्रादेशिक सेवा आयोग, सार्वजनिक सुरक्षा, उद्योग, ब्यापार र श्रम व्यवस्था, शिक्षा र स्वास्थ्यको प्रबन्ध, प्रादेशिक सडक, सम्पदाको संरक्षण आदि ।
- **स्थानीय :** स्थानीय सडक र ग्रामीण यातायात, ग्यास, विद्युत र जल–आपूर्ति, सरसफाई, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्यको प्रबन्ध, स्थानीय प्राकृतिक श्रोत र साधनको संरक्षण र विकास, सम्पदाको संरक्षण आदि ।

- **केन्द्र र प्रदेशको सम्बन्ध :** केन्द्र, प्रदेश र स्थानीय निकाय बीचको सम्बन्ध सहयोगात्मक हुनेछ। केन्द्र, प्रदेश र स्थानीय निकायको बीचमा राजश्व बाँडफाँड आदिमा आवश्यकता अनुसार वित्तीय आयोगको गठन गरिनेछ।

२. शासनको स्वरूप

- शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा राज्यको केन्द्रीय संरचनाको विकास गरिनेछ।
- केन्द्रमा दुई सदनात्मक व्यवस्था रहनेछ भने प्रदेशमा एउटा विधायिका रहने छ। स्थानीय तह गाउँ र नगरमा निर्वाचित जनप्रतिनिधिमूलक निकाय रहने छ।
- राष्ट्रिय सभाको निर्वाचन सबै सङ्घीय इकाईहरूबाट गरिनेछ भने प्रतिनिधि सभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीका आधारमा आम जनताबाट गरिनेछ।
- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारका आधारमा आम जनताबाट गरिनेछ।
- राष्ट्र प्रमुखको निर्वाचन केन्द्रीय संसदका दुबै सदनका सदस्यहरू र प्रादेशिक संसदका सदस्यहरू रहेको निर्वाचक मण्डलबाट स्पष्ट बहुमतका वा पचास प्रतिशत जोड एकका आधारमा निर्वाचन गरिनेछ।
- केन्द्रीय संसद, प्रादेशिक विधायिका र स्थानीय निकायहरूको निर्वाचनमा विविधता कायम गरिनेछ।

३. अर्थनीति :

- सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई अर्थतन्त्रको आधारको रूपमा विकास गर्ने नीति लिइनेछ। नयाँ नेपाल निर्माणको लामो अवधिसम्म मिश्रित ढाँचाको अर्थव्यवस्था अपनाइने छ।
- आय र सम्पत्तीको पुनःवितरणको प्रकृयालाई तीव्र पारी सामाजिक न्यायमा आधारित लोककल्याणकारी समाज निर्माणको आधार तयार गरिनेछ।
- उद्योग, ब्यापार, पर्यटनका साथै पूर्वाधार निर्माण र विकासमा समेत निजी, सार्वजनिक र सहकारी क्षेत्रका बीच संयुक्त साझेदारीको प्रक्रियालाई अघि बढाउन प्रोत्साहन गरिनेछ।
- आय असमानतालाई न्यूनीकरण गर्न प्रगतिशील कर प्रणाली, सार्वजनिक खर्चको सन्तुलित विनियोजन र वित्तिय साधनको न्यायोचित बाँडफाँडका आधारमा वैज्ञानिक व्यवस्थापनद्वारा समतामूलक अर्थतन्त्र निर्माण गरिनेछ।
- राष्ट्रिय हितको सुनिश्चितता गर्दै विदेशी पुंजी, प्रविधि तथा लगानी भित्र्याउने नीति लिइने छ।
- शहरीकरण, ग्रामीण पूर्वाधार विकास तथा निर्माण, सामाजिक पूर्वाधार जस्तै- शिक्षा, स्वास्थ्य, सरसफाई तथा पिउने पानी आदिमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गरिनेछ। व्यवस्थित शहरीकरण र बसोबासको योजना लागू गरिनेछ।
- सङ्घीय प्रदेश र स्थानीय निकायहरू मार्फत स्थानीय श्रोत-साधनको अधिकतम् उपयोग गरी गरिबी तथा बेरोजगारी घटाउन ठोस कार्यक्रमलाई अभियानको रुपमा अघि बढाइने छ।
- वित्तिय नीतिलाई राष्ट्रिय हित अनुरुप व्यवस्थित र परिमार्जन गरिनेछ। वित्तिय तथा मौद्रिक संस्थाहरूको स्वायत्तता र नियमन बीच समन्वय कायम गरी संचालन गरिनेछ।
- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि, जलश्रोत र पर्यटनको विकासलाई प्राथमिकता दिइनेछ।
- पूर्वाधार विकास र पुनःनिर्माण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी ठूलो मात्रामा रोजगारी सिर्जना गरिने छ। यसको माध्यमबाट मुलुकको वेरोजगारी समस्या समाधान गर्दै गरिबी न्यूनीकरण गरिनेछ।

४. **क्रान्तिकारी भूमिसुधार र कृषिको व्यावसायीकरण :** दीर्घकालीन दृष्टिकोणले कृषिको विकास र व्यावसायीकरणका लागि निम्न कामहरू गरिने छन् –

- विगतको उच्चस्तरीय भूमिसुधार आयोग तथा भविष्यमा बन्ने भूमिसम्बन्धी आयोगको सिफारिश समेतलाई ध्यानमा राख्दै वैज्ञानिक रुपमा भूमिको व्यवस्थापन, वितरण तथा उत्पादकत्व बृद्धिका कार्यक्रमहरू संचालन गरिने छन्।
- मुक्त कमैया लगायत भूमिहीन–सुकुम्वासी जनतालाई जमीनका मालिक बनाई उनीहरूको बसोबास, शिक्षा र स्वास्थ्यजस्ता समस्याको समाधान गरिनेछ।
- कृषिसम्बन्धी सेवाहरूको व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ। कृषिमा अनुदानको नीति अवलम्बन गरी कृषिआधारित उद्योगको विकासलाई उच्च प्राथमिकता दिइनेछ।
- कृषि उत्पादनलाई बजारमा प्रतिस्पर्धी बनाइनेछ । जैविक विविधताका आधारमा कृषि उपजहरूको विकास र विविधीकरण गरिनेछ।
- गरिबीको रेखामुनी रहेका किसान जनताको जीवनस्तर माथि उठाउन विशेष कार्यक्रम ल्याइनेछ।

४. **उद्योग, व्यापार र वैदेशिक लगानी :** औद्योगिक विकासका लागि तात्कालिक, मध्यकालीन र दीर्घकालीन नीति तर्जुमा गरिनेछ। स्वदेशी लगानीलाई संरक्षण र प्रोत्साहन तथा वैदेशिक लगानीलाई आकर्षित गर्न निम्नानुसारका कार्य गरिनेछ –

- तुलनात्मक लाभ भएका उद्योगहरूको विकास र निर्यात प्रवर्द्धनमा प्राथमिकता दिइने छ।
- स्वदेशी कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरूको विकासका लागि विशेष सुविधा प्रदान गरिनेछ।
- नेपाली उत्पादनहरूको निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय बजार अन्वेषण र सुनिश्चित गरिनेछ।
- आयात प्रतिस्पर्धी उद्योगहरूको विकासमा जोड दिँदै आयातमाथिको बढ्दो निर्भरतालाई कम गर्दै लगिनेछ। संभाव्यताका आधारमा रुग्ण उद्योगहरूलाई यथोचित उपचार गरी सुसंचालन गर्दै अर्थतन्त्रलाई गतिशील बनाइने छ।
- घरेलु तथा साना उद्योग व्यवसायको विकास र प्रवर्द्धनमा जोड दिइनेछ।
- आम उपभोक्ताको हितमा दैनिक उपभोगका वस्तु र सेवाको प्रभावकारी आपूर्ति व्यवस्था गरिनेछ। एकल बजार माथिको निर्भरता घटाउन वैकल्पिक श्रोतहरूको अन्वेषण गरिनेछ र तेल, ग्याँसजस्ता अत्यावश्यक वस्तुहरूको आपूर्तिका निम्ति वैकल्पिक उपायको खोजी गरिनेछ।
- नेपालको पर्यटन उद्योगलाई नयाँ नेपालको अर्थतन्त्रको एउटा आधारस्तम्भको रुपमा स्थापित गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक र पुरातात्विक क्षेत्रहरूको संरक्षण, सम्बर्द्धन र विकास गरिनेछ। पर्यटकहरूको आकर्षणका लागि साहसिक, खेलकुद, स्वास्थ्य जस्ता नयाँ विधाको विकास गर्दै विशेष सुविधाको व्यवस्थापन र प्रचार प्रसारको लागि आर्थिक–कुटनीतिमा जोड दिईनेछ।
- नेपाललाई दुई छिमेकी चीन र भारत बीचको पारवहन बिन्दुका रुपमा विकसित गरिनेछ।

५. **श्रम बजार नीति :** नीति निर्माण, कार्यान्वयन र कार्यथलोको अनुगमन तथा श्रम निरिक्षण प्रणाली लागु गर्न निम्न नीति अवलम्बन गरिनेछ –

- श्रम क्षेत्रका औपचारिक तथा अनौपचारिक र सङ्गठित तथा असङ्गठित सबै कार्यथलोमा नियमित वा अनियमित रोजगारीका क्षेत्रमा कार्यरत सम्पूर्ण श्रमिकहरूको पञ्जीकरणको व्यवस्था गरिनेछ। हलिया, भुँडेजस्ता शोषणमूलक प्रथा उन्मूलन गरिनेछ र सबै श्रमिकहरूको कानुन सम्मत ढङ्गले हित र हकको संरक्षण गरिनेछ।

- "जति धेरै सामाजिक सुरक्षा त्यति नै श्रम लचकता" को नीति लागू गरी श्रम र पुँजी बीच सन्तुलन कायम गरिनेछ। यसको लागि योगदानमा आधारित एकीकृत सामाजिक सुरक्षा कोष स्थापना गरी नयाँ सामाजिक सुरक्षा प्रणाली शुरु गरिनेछ।
- श्रमशक्तिलाई एक बनाई श्रमिकका हक–हित निश्चित गरी उत्पादकत्व अभिबृद्धि गर्न ट्रेड यूनियनहरूको बहुलतामा आधारित श्रमसभाको रुपमा एउटै छाता महासंघ निर्माण गरिनेछ।
- औद्योगिक दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने गरी श्रमबजार अनुरुपका एकीकृत सीपमूलक तालिम कार्यक्रमहरू संचालन गरिनेछ।
- वैदेशिक रोजगारका लागि थप अवसरहरूको खोजी गरिनेछ। नेपाली कार्यरत देशहरूमा श्रम सहचारीको व्यवस्था गरिनेछ। वैदेशिक रोजगारमा जाने श्रमिकमाथि हुने अनियमितता र शोषणलाई समाप्त पार्न रोजगारमा पठाईने देशहरूसँग श्रम सम्झौता गरी उनीहरूको हक–हितको सुरक्षा गरिनेछ।

६. **प्राकृतिक स्रोतको व्यवस्थापन र उपयोग :** नेपालका प्राकृतिक साधन स्रोत माथि नेपाली जनताको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गरिनेछ र त्यसको विकासका लागि निम्न कामहरू गरिनेछ –

- वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गरी उत्पादकत्व बढाइने छ। सामुदायिक वन उपभोक्ता समूहलाई वनको मुख्य व्यवस्थापक बनाई स्वामित्व र व्यवस्थापन हस्तान्तरण प्रक्रियालाई तीव्र पारिनेछ। मुलुकव्यापी रुपमा हरियाली कायम गर्न वन सुरक्षाका निकायहरूलाई स्वच्छ, प्रभावकारी र साधनसम्पन्न बनाइनेछ। राजकीय, सामुदायिक, व्यावसायिक तथा निजी वनसँग सम्बन्धित नीतिमा सुधार गरिनेछ।
- दिगो ढङ्गले जैविक विविधता तथा पर्यावरण प्रणालीको संरक्षण गरिनेछ। नेपालको सम्पदामा नेपालको प्याटेण्ट राइट कायम गरिनेछ।
- नेपालका नदीनालामा नेपालको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गर्दै जलश्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखी बाह्य र बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिनेछ। सामुदायिक सहभागितामार्फत सबै नेपालीको पहुँचमा विद्युत सुविधा पुऱ्याइने छ।
- ठूला नदीनालाहरूलाई बहुआयामिक रुपमा उपयोग गर्ने नीति लिदैं विद्युत उत्पादनका निम्ति ठूला जलासययुक्त आयोजनाहरूको विकास गरिनेछ। मध्यम स्तरका जलविद्युत् आयोजनाहरूमा स्वेदशी पुँजीको उपयोग गर्दै व्यापक जनताको स्वामित्व हुने गरी श्रोत परिचालन र उपयोग गरिनेछ। स्थानीय निकाय, उपभोक्ता समिति र निजी उद्यमीले संचालन गर्ने १० मेघावाट सम्मका जलविद्युत् आयोजनालाई प्रशासनिक झन्झटबाट मुक्त बनाई संचालन गर्न सबै सम्भव सुविधा उपलव्ध गराउने नीति लिइनेछ।
- विश्व सम्पदाका रुपमा रहेको हिमाली क्षेत्रको वातावरणको बचाउ र संरक्षणका निम्ति अन्तर्राष्ट्रिय क्षेत्रको समेत सहयोग परिचालन गरिनेछ।
- उपभोक्ता समूहरूको सहभागितामा भरपर्दो सिंचाई प्रणालीको विकास गरिनेछ। कन्काई बहुउद्देश्यीय योजना, बबई सिंचाई योजना र सुनकोशी कमला डाइभर्सनजस्ता ठूला आयोजनाको विकासका साथै साना र मझौला सिंचाई आयोजनाको विकास गरिनेछ।
- खानी र उर्जा विकाससम्बन्धी विशेष नीति अवलम्बन गरिनेछ। वैकल्पिक नवीकरणीय उर्जा विकासको कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।

७. **यातायात :** मुलुकका सबै प्रमुख राजनीतिक केन्द्र, बजार र वस्तिहरूमा सडक सञ्जालको विस्तार गरिनेछ। सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गरिनेछ।

- कालोपत्रे सडकहरूको गुणस्तर उन्नत पार्न र निर्माण कार्यलाई स्तरीय बनाउन ठोस कदम चालिने छ।
- विद्युत् शक्तिद्वारा संचालित यातायात प्रणालीमा विशेष जोड दिइने छ।
- पूर्व–पश्चिम विद्युतीय रेल निर्माण गरिनेछ र त्यसलाई राजधानी लगायतका महत्त्वपूर्ण शहरहरूसँग जोड्ने परियोजनालाई अघि बढाइने छ। चीनको तिव्वत स्वशासित क्षेत्रसँग आधुनिक रेल, यातायात जोड्ने संभावनालाई साकार पार्न आवश्यक कदम चालिने छ।
- काठमाडौं उपत्यकामा बाहिरी चक्रपथ, पूर्व–पश्चिम वैकल्पिक राजमार्ग, मध्य पहाडी राजमार्ग, तराई क्षेत्रमा हुलाकी राजमार्ग, उत्तर–दक्षिण राजमार्गहरू, राजधानीलाई जोड्ने अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको छोटो र तीव्र गतिमा यातायात चल्नसक्ने राजमार्ग, रोप–वे मार्ग एवं जलमार्गका सबै सम्भावनाहरूको पूर्ण उपयोग गरिनेछ।
- हवाई यातायातको विस्तार गरी त्यसलाई सुदृढ, सुरक्षित र विश्वसनीय बनाउन उपयुक्त नीतिगत र प्राविधिक कदम चालिने छ। नयाँ अन्तर्राष्ट्रिय विमानस्थलका साथै अन्तर्राष्ट्रिय स्तरका क्षेत्रीय विमानस्थलहरूको निर्माण गरिनेछ।
- राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई सुधार र पुनर्संरचना गर्दै सुदृढ गरिनेछ।

८. **सामाजिक नीति :** शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रुभताजस्ता आधारभूत आवश्यकताका कुरा जनतालाई उपलब्ध गराउन विशेष कर तथा बीमा व्यवस्था लागू गरिनेछ।

- **शिक्षा :** मुलुकबाट निरक्षरता उन्मुलन गर्न राष्ट्रिय अभियान संचालन गरिने छ। आठ कक्षासम्मको आधारभूत शिक्षालाई अनिवार्य गरी १२ कक्षा सम्मको माध्यमिक शिक्षालाई निःशुल्क गरिनेछ। उच्च शिक्षालाई सुलभ एवं गुणस्तरीय बनाइने छ। शिक्षा क्षेत्रमा निम्न कामहरू गरिनेछन् –
  - ✧ मुलुकको परिवर्तित सन्दर्भ अनुरुपको नयाँ शिक्षा पद्धतिको तर्जुमा र विकास गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरिनेछ।
  - ✧ बहुविश्वविद्यालयको अवधारणाअनुरुप कृषि, वन, प्राविधिक, खुल्ला र प्रौद्योगिक विश्व विद्यालयहरू स्थापना गरिनेछ।
  - ✧ राष्ट्रिय आवश्यकता अनुसारको उत्पादनशील र व्यावसायिक प्राविधिक शिक्षा र अनुसन्धानमूलक शिक्षामा जोड दिइने छ।
  - ✧ बालबालिकाहरूको प्रारम्भिक शिक्षाका निम्ति पूर्व प्राथमिक विद्यालयहरूको प्रवन्ध गरिनेछ। दूरशिक्षा प्रणालीलाई निरन्तरता दिँदै त्यसलाई विकास, विस्तार र सुदृढ पार्दै लगिने छ।
  - ✧ विद्यालयहरूको व्यवस्थापनमा सम्बन्धित क्षेत्रका जनताको पहुँचलाई सुदृढ गर्नुका साथै शिक्षाको विकासमा राज्यको दायित्व विस्तार गर्दै मुलुकभरि एउटै स्तरको शिक्षा विकासको सुनिश्चितता गरिने छ।
  - ✧ सुदूरपश्चिमाञ्चल लगायत शैक्षिक रुपले पछि परेका क्षेत्रमा शिक्षाको विकासको लागि संरचना विकासमा लगानी विस्तार गरिनेछ।

- **स्वास्थ्य :** जनतालाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। अपाङ्ग र जेष्ठ नागरिकहरूका लागि सबै प्रकारले निशुल्क उपचार सेवा उपलब्ध गराइनेछ। स्वास्थ्यको क्षेत्रमा निम्नलिखित काम गरिनेछ –
  - ✧ विद्यमान अवस्थामा मुटु, क्यान्सर र मिर्गौलाजस्ता जटिल रोगहरूको उपचारमा अनुदानको व्यवस्था गरिनेछ।
  - ✧ स्वास्थ्यसम्बन्धी विशेषीकृत सेवाहरू सुलभ र विस्तार गराइनेछ। देशभित्र विभिन्न स्तरका चिकित्साशास्त्र अध्ययन संस्थान र प्राविधिक विद्यालय संचालन गरिनेछ।
  - ✧ योग विज्ञान, आयुर्वेद, प्राकृतिक चिकित्सा विकासको लागि जनशक्ति र पूर्वाधारको लागि लगानी गरिनेछ।

- **आवास :** सम्पूर्ण नेपाली नागरिकलाई आवास प्राप्त गर्ने अधिकार हुनेछ। राज्यले सम्पूर्ण अव्यवस्थित आवासलाई व्यवस्थित, वैज्ञानिक र सर्वसुलभ गराउने छ। शहरीकरणलाई व्यवस्थित गर्दै ग्रामीण शहरीकरणलाई पनि सुव्यवस्थित गर्ने नयाँ नीति अख्तियार गरिनेछ।

- **खेलकूद :** 'राष्ट्रिय खेलकूद प्रतिष्ठान' को स्थापना गरिनेछ। खेलकूदलाई व्यावसायीकरण गर्दै उद्योगको रुपमा विकास गरिनेछ।

- **भाषा र संस्कृति :** नेपालको बहुलवादी सामाजिक चरित्र अनुरूपको राष्ट्रिय, वैज्ञानिक र लोकतान्त्रिक सँस्कृतिको विकास गरिनेछ। यसका लागि निम्नलिखित काम गरिनेछ –
  - ✧ प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गरिनेछ।
  - ✧ जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरिनेछ। लोपोन्मुख भाषा / संस्कृतिको संरक्षण गरिनेछ।
  - ✧ सबै प्रकारका बौद्धिक सिर्जनाहरूमा बौद्धिक सम्पदा अधिकार कायम गरिनेछ।
  - ✧ पुरातात्त्विक र ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण तथा साँस्कृतिक क्षेत्रका विविध विषयको अनुसन्धानमा जोड दिइनेछ।

- **महिला :** महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, मान्यता र व्यवहारको अन्त्य गरी समतामूलक समाज बनाइंने छ। यस दिशामा निम्नलिखित काम गरिनेछ –
  - ✧ पैतृक सम्पत्तिमा छोरा र छोरी दुवैको समान अधिकारलाई कडाइका साथ लागू गरिनेछ। महिलाउपर हुने सबै प्रकारका हिंसा, शोषण र उत्पीडनको उन्मूलन गरिनेछ। कमलरी, देउकी, झुमा आदि प्रथालाई कानून बनाई अन्त्य गरिनेछ। पिछडिएका महिलाका लागि मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम ल्याइने छ।
  - ✧ आमाबाबु दुबैको नामबाट नागरिकता र संरक्षकत्व प्राप्त हुने कानूनी व्यवस्था गरिनेछ।
  - ✧ मानव बेचबिखनको अपराधलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
  - ✧ महिलाको शिक्षा र रोजगारीका अवसरमा पहुँच पुऱ्याउन विशेष कार्यक्रम लागू गरिनेछ।

- **दलित :** छुवाछुतमुक्त राष्ट्रको घोषणालाई सार्थक बनाउनका लागि संवैधानिक र कानूनी व्यवस्था र उपचारको विधिलाई प्रभावकारी बनाइनेछ।
  - ✧ सामाजिक कुसंस्कार, अन्धविश्वास, रुढीगत मान्यताका रुपमा विद्यमान उक्त समस्याको समाधानका लागि राज्यका तर्फबाट विशेष अभियान संचालन गरिनेछ।
  - ✧ दलितहरूको उत्थानको लागि प्रगतिशील आरक्षणको नीति अवलम्बन गरिनेछ।

- **आदिवासी / जनजाति :** आदिवासी–जनजातिहरूलाई आफ्नो भाषा र संस्कृतिको विकास गर्न, साधन र स्रोतहरूको उपयोग गर्न, राजनीतिक अधिकारहरू सुनिश्चित गर्न तथा सामाजिक, आर्थिक विकास गर्नका निम्ति उपयुक्त कानूनी व्यवस्था र संरचनाको विकास गरिनेछ।
  - ✧ आदिवासी / जनजाति प्रतिष्ठानलाई अधिकार सम्पन्न बनाइनेछ।

- **तराइवासी / मधेसी :** मधेस / तराईमा बसोबास गर्ने समुदाय माथिको विद्यमान सामाजिक–साँस्कृतिक विभेद र उत्पीडनलाई अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गरिनेछ।
  - ✧ तराईवासी मधेसी जनतालाई राज्यका विभिन्न अङ्गहरूमा समावेशी नीति लागु गरिनेछ।
  - ✧ तराईमा देखिएको हिंसात्मक द्वन्द्व वार्ताद्वारा समाधान गरिनेछ। राज्यको पुनर्संरचना गर्ने क्रममा तराईवासी जनताको आकाँक्षालाई समेत ध्यानमा राखि सङ्घीय इकाईहरूको निर्माण गरिनेछ।
  - ✧ तराईमा विद्यमान गरिबी, अशिक्षा र पछौटेपनको अन्त्यको लागि राष्ट्रिय विकासको योजनाअन्तर्गत विशेष कार्यक्रम लागू गरिनेछ।

- **पिछडिएको क्षेत्र :** कर्णाली लगायतका दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउनको लागि राज्यले विशेष नीति तथा कार्यक्रम मार्फत सुविधा, अवसर र सहुलियत उपलब्ध गराउने छ।

- **युवा :** सम्वृद्ध नेपाल निर्माणको आधारको रुपमा युवाशक्तिलाई अघि बढाइने छ। शिक्षा, स्वास्थ्य र रोजगारीलगायत युवा सरोकारका विषयहरूलाई प्राथमिकता दिइने छ।
  - ✧ युवा राष्ट्रिय परिषद र रोजगार बैंकको स्थापना गरिनेछ।
  - ✧ शिक्षा र रोजगार युवाहरूको अधिकार भन्ने अवधारणालाई व्यवहारिक रुप दिइनेछ र युवाहरूको परिचालन र विकासका निम्ति युवा मन्त्रालयको व्यवस्था गरिने छ।
  - ✧ सामाजिक विकृति विरुद्ध युवाशक्तिलाई परिचालन गर्दै समाजको विभिन्न क्षेत्रमा युवा नेतृत्व स्थापित गरिनेछ।

- **अपाङ्ग :** अपाङ्गता प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारमार्फत उनीहरूलाई अन्य नागरिक सरह सक्षम बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ। उनीहरू भित्र रहेका सीप, कला र प्रतिभाहरूको विकास गर्ने वातावरण बनाइने छ।

- **जेष्ठ नागरिक :** समाजका जेष्ठ नागरिकहरूका अनुभव, ज्ञान र सीपलाई राष्ट्रिय हितमा सदुपयोग गर्दै उनीहरूका लागि सामाजिक संरक्षणका विशेष कार्यक्रमहरू संचालन गरिनेछ।

- **बालबालिका :** बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बाल विकास केन्द्रहरूको स्थापना गर्नुका साथै विभिन्न कार्यक्रम लागू गरिनेछ। बालबालिकाको बेचविखन जस्ता आपराधिक कार्यलाई प्रभावकारी ढङ्गले नियन्त्रण गरिनेछ।

- **मुस्लिम र धार्मिक अल्पसंख्यक :** मुस्लिमलगायत धार्मिक अल्पसंख्यक समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका सांस्कृतिक सम्पदाहरूको सुरक्षा गर्न विशेष कार्यक्रम लागू गरिनेछ। मदरसा शिक्षालाई राष्ट्रिय शिक्षासँग आवद्ध गरी आधुनिकीकरण गरिनेछ।

९. **राष्ट्रिय सुरक्षा र नेपाली सेना :** राष्ट्रको सीमा र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक संपदाको जगेर्ना, सामाजिक सद्भाव र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने किसिमको राष्ट्रिय सुरक्षा नीति तयार गरिनेछ।

- राष्ट्रिय सुरक्षाको जिम्मा सुरक्षा फौजको मात्र नभई समग्र जनताको हो भन्ने मान्यताको आधारमा यो नीति तय गरिनेछ। लोकतान्त्रिक मूल्यपद्धतिप्रति पूर्ण समर्पित हुने गरी नेपाली सेनाको लोकतान्त्रीकरण र व्यावसायीकरण गरिने छ। नेपाली सेनाको संरचनालाई समावेशी बनाइने छ र विभिन्न रचनात्मक काममा लगाइने छ।
- भूतपूर्व सैनिक र प्रहरीको हित र सेवाबारे ठोस नीति ल्याइने छ। भूतपूर्व गोर्खा सेनालाई क्षतिपूर्तिका लागि आवश्यक पाइला चालिने छ र उनीहरूको स्वाभिमान र हितको संरक्षण गरिनेछ।

१०. **न्याय र सुशासन :** कानूनी राज्य, भ्रष्टाचार नियन्त्रण, निर्णय प्रक्रियामा पारदर्शिता, सहभागितामूलक विकास अभियान, जवाफदेहिता जस्ता सुशासनका पक्षलाई सदृढ गरी जनतालाई सुलभ ढङ्गले सेवा प्रदान गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ –

- प्रशासन (निजामति तथा प्रहरी) सेवालाई जनमुखी र दक्ष बनाइने छ। यसलाई सङ्घीय प्रणाली-अनुरुप पुनर्गठन गरिनेछ।
- छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गरिनेछ। असहायलाई निःशुल्क न्याय प्रदान गर्ने परिपाटीलाई प्रभावकारी बनाइने छ।

११. **मानव अधिकार :** मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्रसंघका मानव अधिकार सम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रुपमा परिपालना गरिनेछ। अन्तरिम संविधानमा उल्लेख भएका मौलिक हक र स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ –

- मानव अधिकारको संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई सक्षम एवम् प्रभावकारी बनाइने छ।
- समाजमा संस्कार, परम्परा र प्रथाको रुपमा रहेका अमानवीय शोषणका सबै रुपहरूलाई अन्त्य गरिनेछ।

१२. **आमसञ्चार नीति :** स्वतन्त्र र निष्पक्ष प्रेसको अवधारणालाई अघि बढाइने छ। प्रेस माथिको सबै प्रकारका हस्तक्षेपलाई निषेध गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ –

- बदलिँदो परिस्थितिअनुरुप राष्ट्रिय संचार नीति अवलम्बन गरिनेछ।
- आम जनताको पहुँच पुग्ने गरी हुलाक, टेलिफोन, इमेल / इन्टरनेट, टेलिभिजन, रेडियो जस्ता संचारका माध्यमहरूको विकास र विस्तार गरिनेछ। एफ. एम. रेडियोलाई मुलुकका सबै भागमा विस्तार गर्ने र सामुदायिक रेडियो प्रणालीलाई सुदृढ बनाइने छ।
- श्रमजीवि पत्रकार ऐन र सूचनाको हकसम्बन्धी ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ।
- नेपाली चलचित्र उद्योग सम्बर्द्धन गर्न समयानुकूल राष्ट्रिय चलचित्र नीति निर्माण गरिनेछ।

१३. **विज्ञान र प्रविधि :** विज्ञान र प्रविधिको अध्ययन र अनुसन्धानलाई अघि बढाईने छ। समाजमा वैज्ञानिक चेतनाको अभिबृद्धि, परम्परागत प्रविधिको आधुनिकीकरण र क्षमता अभिबृद्धि गरिनेछ तथा आधुनिक प्रविधिसँग राष्ट्रको विकास प्रकृयालाई आवद्ध गरिने छ। मुलुकको आधुनिकीकरणका लागि विज्ञान–प्रविधिको अनुसन्धानका साथै त्यसको अधिकतम् उपयोग गरिनेछ।

१४. **दिगो शान्ति :** विस्तृत शान्तिसम्झौता लगायत विभिन्न पक्षसँग गरिएका सहमति र सम्झौताहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी शान्तिप्रक्रियालाई सफल पारिनेछ। 'शान्तिको प्रतिफल सबैका लागि' भन्ने कुरालाई आत्मसात् गर्दै दिगो शान्ति र राजनीतिक स्थिरताको लागि निम्नलिखित काम गरिनेछ –

- मानवता विरुद्धका कार्य गर्ने दोषीहरूको पहिचान सत्य निरुपण तथा मेलमिलाप आयोगको माध्यमबाट गरी कारवाही गरिनेछ। पीडितहरूलाई न्याय दिँदै दण्डहीनताको अन्त्य गरिनेछ र समाजमा मेलमिलापको वातावरण सिर्जना गरिनेछ।
- जनआन्दोलनमा राज्यसत्ताको दुरुपयोग गर्दै दमन गर्ने दोषीहरूलाई कारवाही गरिनेछ।
- हिंसात्मक द्वन्द्वले गर्दा ध्वस्त भएका संरचनाको पुनःनिर्माण गरिनेछ र द्वन्द्वबाट विस्थापित तथा पीडितहरूको पुनःस्थापना गरिनेछ। वेपत्ता नागरिकको बारेमा छानबिन गरी उनीहरूको स्थिति सार्वजनिक गरिनेछ।
- माओवादी लडाकूहरूको समायोजन र व्यवस्थापन सहमतिपूर्ण ढङ्गले गरिनेछ।
- हिंसात्मक गतिविधिमा संलग्न समूहहरूलाई राजनीतिक मूलधारमा ल्याउन अधिकतम् पहल–प्रयत्न गरिनेछ। वार्ता र सहमतिलाई लोकतान्त्रिक प्रक्रियाका रुपमा निरन्तरता दिइनेछ।
- प्रहरी लगायत राज्यका सुरक्षा संयन्त्रलाई प्रभावकारी बनाईने छ। मुलुकमा शान्ति–सुरक्षा र अमनचयनलाई भरपर्दो बनाइनेछ, सबै प्रकारका अराजकताको अन्त्य गरिनेछ। कुनै पनि प्रकारका अपराधीलाई न्यायको कठघरामा खडा गर्ने परिपाटीको विकास गरिनेछ, समाजमा अनुशासन कायम गरिनेछ र सम्पूर्ण जनतालाई सुरक्षाको सुनिश्चितता प्रदान गरिनेछ।
- समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई सुदृढ गरिनेछ।

१५. **अन्तर्राष्ट्रिय सम्बन्ध र नीति :** नेपाल राष्ट्रको पहिचान, स्वाधिनता र राष्ट्रिय हितलाई विश्व समुदायका बीचमा स्थापित गर्नु, विश्वशान्ति, मानवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई विस्तार गर्नु र नेपाल राष्ट्र र नेपाली जनताको विकास एवं समृद्धिमा ठोस योगदान पुऱ्याउनु अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको मूल लक्ष हुनेछ। यसका लागि संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशील, असंलग्नता, क्षेत्रीय सम्बन्ध र सहयोगको नीतिलाई मूलआधार बनाईनेछ। यस दिशामा निम्नलिखित काम गरिनेछ–

- साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, शस्त्रीकरण, जातिभेद, रङ्गभेद तथा आतङ्कवाद जस्ता जनविरोधी प्रवृत्तिहरूको विरोध गर्दै विश्वशान्ति, निःशस्त्रीकरण, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरूलाई समर्थन गर्ने नीति अवलम्बन गरिनेछ।
- दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनलाई प्रभावकारी बनाउन तथा यसका सदस्य राष्ट्रहरूसँग आपसी सहयोग बृद्धि गर्न जोड दिइने छ।
- सीमासम्बन्धी समस्याको समाधान र सीमा–नाकाहरूको व्यवस्थापन गरिनेछ।
- भुटानी शरणार्थीहरूलाई निर्वाधरूपमा आफ्नो देशमा स–सम्मान फर्कने वातावरण तयार गर्न अधिकतम् प्रयत्न गरिनेछ। साथै, भुटानी शरणार्थी समस्या समाधान गर्न अन्य आवश्यक उपायहरू अवलम्बन गरिनेछ।
- नेपालको भूमिबाट मित्रराष्ट्रहरू माथि आँच पुग्ने कुनै पनि किसिमको गतिविधि संचालन गर्न दिइने छैन। त्यसरी नै मित्र राष्ट्रहरूका भूमि पनि नेपालका विरुद्ध उपयोग हुन नदिइयुन् भन्ने अपेक्षा नेपालको रहनेछ।
- विश्वमा शान्ति कायम गर्न संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा नेपालको सहभागिता बढाइने छ।
- विदेशस्थित नेपालका नियोगहरूलाई आर्थिक कूटनीतिको क्षेत्रमा प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।

- नेपालको हित अनुकुल नरहेका तथा विभेदपूर्ण सन्धि-सम्झौताहरूको पुनरावलोकन गरी नेपाल र नेपालीको हित र स्वाभिमानअनुरुप बनाइने छ।

१६. **प्रवासी तथा गैर आवासीय नेपालीको अधिकार :** विदेशमा रहेका गैरआवासीय नेपालीहरूको हित-अधिकारको सुरक्षा गर्दै उनीहरूको सीप तथा पुँजीलाई राष्ट्रको विकासमा आकर्षित गर्ने नीति लिइनेछ।

- विदेशबाट प्राप्त रेमिटेन्सलाई देश विकासका लागि विशेष महत्त्वका साथ परिचालन र सदुपयोग गरिनेछ। गैरआवासीय नेपालीहरूलाई नेपाली नागरिक सरहका सुविधाहरू उपलब्ध गराइनेछ।
- कामको सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरूको यथार्थ तथ्य-तथ्याङ्क राख्दै उनीहरूको हकको सुरक्षा गरिनेछ।

नेकपा (एमाले) र संविधानसभा निर्वाचनपछि गठन हुने सरकार

संविधानसभाको निर्वाचन भएपछि हालको अन्तरिम व्यवस्थापिका संसद स्वतः विघटन हुनेछ। निर्वाचित संविधानसभाको कार्यावधि अन्तरिम संविधानमा गरिएको प्रवन्ध अनुसार आमरुपमा दुई वर्षको हुनेछ। मुलुकमा सङ्कटकाल आईपरेको खण्डमा मात्र अर्को ६ महिना कायम रहन सक्नेछ। संविधानसभाको निर्वाचन पछि वर्तमान अन्तरिम सरकार पनि विघटन हुनेछ र संविधान सभामा चुनिएर आएका दलहरूको राष्ट्रिय सहमतिको सरकार गठन हुनेछ। त्यो सरकारको गठन सबैभन्दा ठूलो दलको अगुवाईमा समानुपातिक प्रतिनिधित्वको आधारमा हुनेछ, जसको नयाँ संविधान निर्माणको प्रकृयामा महत्त्वपूर्ण भूमिका रहनेछ। त्यस ऐतिहासिक अवसरका लागि नेकपा (एमाले) लाई नेतृत्वकारी भूमिकामा स्थापित गर्न सूर्य चिन्हमा मतदानका लागि आम जनसमुदायमा हार्दिक आग्रह गर्दछौं।

दिदीबहिनी तथा दाजुभाइहरू !

हामी सबैलाई थाहा छ– संविधानसभाको मुख्य दायित्व जनताको लागि नयाँ संविधान निर्माण गर्नु हो। उक्त संविधानले निर्माण गर्ने नयाँ जनप्रतिनिधि निकायले मात्रै राष्ट्रको समग्र विकासको खाका कोर्ने काम गर्नेछ। यस बाहेक, मुलुक अब सङ्घीय संरचनामा जाने निश्चित भइसकेपछि सङ्घीय इकाइको क्षेत्राधिकार भित्र पर्ने कुरालाई पनि केन्द्रीय सरकारले गर्न खोज्नु सम्भव पनि हुँदैन। त्यसैले हामीले हाम्रो घोषणापत्रमा नयाँ संविधानका अन्तर्वस्तु र नेपालले लिनुपर्ने विकासको अर्थ-राजनीतिक बाटोको सामान्य परिकल्पना मात्रै प्रस्तुत गरेका छौं।

आफ्नो स्थापना काल देखि नै लोकतन्त्र, जनजीविका र राष्ट्रियताको निम्ति अनवरत सङ्घर्ष गर्दै आएको हाम्रो गौरवपूर्ण पार्टी नेकपा (एमाले) फेरि एकपटक सबल र संमृद्ध नेपाल निर्माणको आव्हानका साथ तपाईंहरूको माझमा आएको छ। संक्रमणकालमा रहेको नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र र प्रगतिको बाटोमा डोऱ्याउन तपाईंहरूको अमूल्य मतका लागि नेकपा (एमाले) राष्ट्रिय स्वाभिमानको झण्डा फहराउँदै अगाडि आएको छ। तपाईंको मतलाई नेकपा (एमाले) सामन्तवादको अन्त्य, सङ्घीय लोकतान्त्रि गणतन्त्रको स्थापना तथा संमृद्ध र स्वाभिमानपूर्ण नेपालको निर्माणमा सदुपयोग गर्न चाहन्छ। त्यसैले **सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं, सवल र सम्वृद्ध नेपालको निर्माण गरौं** भन्ने उद्घोषका साथ तपाईंहरूको घरदैलोमा आईरहेका **सूर्य** चिन्हबाहक हाम्रा उम्मेदवारहरू तथा हाम्रो पार्टीको पक्षमा आफ्नो अमूल्य मत दिएर नयाँ नेपालको निर्माणमा युगान्तकारी भूमिका निर्वाह गर्न हामी सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछौं।

हार्दिक तथा जुझारू क्रान्तिकारी अभिवादनसहित !

४.

मधेसी जनअधिकार फोरम, नेपाल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

श्रद्धेय दिदी-बहिनी एवम् दाजु-भाइहरू,

मधेसी जनअधिकार फोरम, नेपालको घोषणापत्र जारी गर्दाको यस बखतमा हामी महान मधेसी आन्दोलनका दौरान आफूलाई बलिदान गर्नु भएका सम्पूर्ण बीर मधेसी शहीदहरूलाई श्रद्धाका साथ स्मरण गर्न चाहन्छौ। ऐतिहासिक मधेश आन्दोलनका दौरान आज पर्यान्त अङ्गभङ्ग, घाइते हुनु भएका, थुनामा यातना सहनु परेका, धनजनको क्षति व्यहोर्नु परेका तथा कुनै पनि प्रकारबाट आन्दोलनमा योगदान पुऱ्याउनु भएका सबैको उच्च मूल्यांकन गर्दै हार्दिक सम्मान व्यक्त गर्न चाहन्छौं। हामी ती अग्रजहरूका प्रति पनि नतमस्तक छौं, जसले नेपालमा मधेसीहरूले भोग्नु परेका विभेदका विरुद्ध अतितमा मधेसी समूदायलाई जगाउदै विभिन्न आन्दोलनहरूलाई नेतृत्व दिनु भयो। मधेश आन्दोलनमा उहाँहरूको योगदान स्मरणीय छ। मुलुकको लोकतान्त्रिक आन्दोलन तथा त्यस आन्दोलनको मूलमर्मलाई पुरा गर्न भएको मधेश आन्दोलनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मुलुकका सबै नागरिकहरूका प्रति पनि हार्दीक अभिनन्दन गर्न चाहन्छौं।

विगतका दुवै मधेश आन्दोलनका दौरान पूर्ण इमान्दारी तथा बलिदानी भावनाका साथ लाग्नु भएका मधेसी जनअधिकार फोमका सबै स्तरका नेता, कार्यकर्ता तथा सदस्यहरूप्रति अभिवादन प्रकट गर्दछौं। संयुक्त मधेसी मोर्चा तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा आवद्ध सबै दलहरू तथा त्यस दलका नेता कार्यकर्ता साथीहरूप्रति पनि सम्मान प्रकट गर्न चाहन्छौं।

हाम्रो संकल्प : नेपाली जंनताद्धारा वि.सं. २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र वि.सं. २०६३ माघको मधेसी जनविद्रोहका दौरान निरङ्कुश र सामन्ती राजतन्त्रलाई अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्र (Democratic Republic) को स्थापना गरी स्वतन्त्रा, समानता, सामाजिक न्याय र शान्तिका पक्षमा अभिव्यक्त अग्रगामी राजनीतिक सोंच, चिन्तन र आकांक्षाहरूलाई संस्थागन गर्दै त्यसको संरक्षण एवम् सम्बर्द्धन गर्ने ऐतिहासिक दायित्व आज सम्पूर्ण राष्ट्रका सामु आईपरेको छ।

लोकतान्त्रिक प्रणाली केवल राजनीतिक नभएर सामाजिक-आर्थिक विषयवस्तुलाई समाविष्ट गरेर राजनीतिक आधारमा समेत स्थापित भएको हुनुपर्दछ। लोकतन्त्रमा नागरिक र राजनीतिक अधिकारहरूसँगै सामाजिक, आर्थिक, धार्मिक, सामुदायिक एवम् सांस्कृतिक आदि अधिकरहरूको प्रत्याभूति हुनुपर्दछ। राष्ट्र अहिले समावेशी एवम् सहमतिमूलक संविधानसभाको माध्यमबाट नै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्ने युगान्तकारी अभियानमा लागि परेको छ। विगत २३९ वर्ष देखि राज्यसत्ता अथवा राज्य व्यवस्थाले आन्तरिक उपनिवेशवादी नीति (Policy of Internal Colonialism) अपनाएर तराईका आदिवासी थारू लगायत सम्पूर्ण मधेसी समुदाय माथि गर्दै आएको दमन, शोषण, उपेक्षा, उत्पीडन, अन्याय, असमानता जस्ता घोर विभेदमूलक क्रियाकलापसँगै आन्तरिक उपनिवेशवादलाई अन्त्य (Decolonisation) गर्नु परेको छ। त्यसैले विभिन्न जाति, भाषा, धर्म, संस्कृति, पेशा, वर्ग, समुदाय एवम् क्षेत्रहरूका नेपाली जनताद्वारा विगतमा गरिएका आन्दोलन एवम् मधेसी समुदायद्वारा जनविद्रोहमा अभिव्यक्त

गरिएको भावनाहरू एवम् राजनीतिक आकांक्षालाई आत्मसात गर्दै मानवअधिकार, कानूनी शासन, सहमतीय तथा सहभागितामुलक एवम् समावेशी लोकतन्त्र (Particiatory, Consensus and Inclusive Democracy) का आधारभूत मूल्य एवम् मान्यताहरूलाई प्रत्याभूति दिने खालको **"सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल"** को स्थापना गर्नु अत्यावश्यक भईसकेको छ। त्यसैले भौगोलिक, जातीय, भाषिक, सामाजिक र सांस्कृतिक विशिष्टता, विविधता एगम् समरुपतासँग जनसंख्या र आर्थिक सम्भाव्यताहरू समेतलाई ध्यानमा राखेर क्षेत्रीय आधारमा राज्यको पुर्नसंरचना गरेर आत्मनिर्णयको अधिकार (Rigth to Self-Determination) सँगै क्षेत्रीय स्वायत्तता (Regional Autonomy) युक्त सङ्घीय शासन प्रणाली अन्तर्गत मधेश:स्वायत प्रदेश (Madhes: an Autonomous State) अर्थात तराईवासीहरूका लागि स्वायत्त राज्यको स्थापना गरी स्थायी शान्ति, विकास, सम्पन्नता एवम् समृद्धि प्राप्त गर्ने पवित्र उद्देश्य राखी मधेसी जनअधिकार फोरम, नेपाल सङ्घर्षरत रहेको छ।

मधेसी जनअधिकार फोरमको योगदान : आज हाम्रो देश इतिहासको एक नयाँ मोडमा उभिएको छ। यही चैत्र २८ गते हुने संविधानसभाको निर्वाचनले मुलुककै इतिहासमा नेपाली जनतालाई पहिलो पटक आफ्नो संविधान आफैंले लेख्ने मौका प्राप्त हुँदैछ। यस संविधानसभाको महत्त्व आजसम्मका एकात्मवादी एवम् केन्द्रिकृत राज्य व्यवस्थाका पृष्ठपोषकहरूका भन्दा हाम्रो लागि बढी छ। खासगरी मधेसी समुदायको लागि राज्यको रूपान्तरण अहम् महत्त्वको विषय भएकोले संविधानसभाको निर्वाचन गराउने सन्दर्भमा हामी बढी जिम्मेवार तथा गम्भीर रहँदै आएका छौं। साथै संविधान सभा वास्तविक रुपमा सार्थक होस् भन्ने अभिप्रायबाट ऐतिहासिक मधेस आन्दोलनको नेतृत्व गरी संविधानसभाबाट बन्ने नयाँ संविधानका लागि ठोस आधारहरूको प्रत्याभूति पाएका छौं।

जनआनन्दोलन–२ पछिको सातदलीय गठबन्धनको सरकार राजयको संरचना र राज्य व्यवस्थाको रूपान्तरणको सवालमा निरुद्देश्य थियो। संविधानसभाको नेपाली जनताको समानुपातिक प्रतिनिधित्वको विषयमा उदासिन थियो। मधेसी जनअधिकार फोरमको नेतृत्वमा भएको मधेश आन्दोलनले आधारभूत रुपमा मुलुकमा रहेको राजतन्त्रको समाप्ति र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको मागलाई राजनीतिक एवम् संवैधानिक रुपमा स्थापित गरायो। प्रादेशिक सङ्घीय संरचनाको संवैधानिक व्यवस्था मधेस आन्दोलनकै उपलब्धी हुन्। पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु हुनुपर्ने कुरा प्रति हामी दृढ रहँदै आएका हौं। मधेस आन्दोलनकै कारणबाट निर्वाचन प्रणालीमा समानुपातिकको मात्रा थप हुनसकेको हो। संविधान सभामा जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्ने हाम्रो अटल मागकै कारणबाट आंशिक रुपमै भएपनि मधेशका तथा केही अन्य जिल्लाहरूको निर्वाचन क्षेत्रमा बृद्धि भएको हो। संविधान सभाको निर्वाचनमा समानुपातिकको हकमा रहेको २० प्रतिशतको सीमालाई ३० प्रतिशतसम्म पुऱ्याउनु मधेस आन्दोलनका ठोस उपलब्धि हुन्। यस आधारभूत उपलब्धिहरूका साथै नागरिकता समस्याको समाधान, सबै सरकारी सेवामा मधेसी लगायत अन्य समुदायलाई आरक्षण, नेपाली सेनामा मधेसी युवाहरूको सामुहिक प्रवेशको प्रत्याभूति, मुसलमान र थारू समूदायको चाडपर्वमा सार्वजनिक विदाको व्यवस्था जस्ता उपलब्धीहरू मधेसी जनअधिकार फोरमकै बलीदानीपूर्ण सङ्घर्ष र दह्रो अडानका कारणबाट हामीले पाउन सकेका हौं। तसर्थ मधेस आन्दोलनले मधेशका लागि मात्र होइन, मुलुककै राज्य ढाँचाको रुपान्तरणमा तथा वास्तविक रुपमा जनआन्दोलनको भावनालाई मूर्त तुल्याउन सर्वाधिक योगदान गरेको तथ्यलाई बिर्सनु हुँदैन।

मधेस आन्दोलनको उपलब्धिलाई संस्थागत गरौं: मधेस आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न सकिएन भने मुलुकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई पनि व्यवहारमा संरक्षण गर्न सक्दैन। वि.सं. २०६३ माघको मधेस आन्दोलनका सार्थक परिणामहरूलाई भावी संविधानको आधारभूत मान्यताको रुपमा स्वीकार गराउन मधेसी जनअधिकार फोरम, नेपालले हालैको फागुन १ गते देखि पुनः अर्को मधेस आन्दोलनको शङ्खनाद गरेको थियो। यस आन्दोलनको सफल अवतरणको रूपमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र

नेपाल सरकारका बीच आठ सूत्रीय सम्झौता भई हामीले भावी राज्य संरचनाका सवालमा केही ठोस तथा आधारभूत संवैधानिक व्यवस्थाका प्रत्याभूति पाएका छौं । वास्तवमा भावी संविधानमा व्यवस्था गरिनु पर्ने सर्वाधिक महत्त्वपूर्ण विषयहरू नै मधेस आन्दोलनका उपलब्धिहरूलाई भावी संविधानमा स्पष्ट रुपमा उल्लेख गराउनु हो । यस कार्यभारको निर्वाहका लागि मधेसी आन्दोलनको नेतृत्वदायी राजनैतिक दल–मधेसी जनअधिकार फोरम, नेपालका प्रतिनिधिहरूको संविधानसभामा उल्लेखनीय उपस्थिति रहनु वाञ्छनिय छ। मधेस आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने दिशामा यो एक मुख्य पूर्वाधार हो।

तराईको एकता : मधेसीको अधिकार संरक्षणको पूर्वाधार

नेपालको मधेस अर्थात तराई : नेपाललाई प्राकृतिक दृष्टिकोणले "हिमाली" वा "उच्च पहाडी" र "मधेश" क्षेत्रमा विभाजित गरिएको छ । उत्तरतर्फ चुरे पर्वत र दक्षिणको भारतीय सीमाबीचको पूर्वदेखि पश्चिम फैलिएको समतल भूमि, अर्थात गङ्गाका सहायक नदीहरूले बनाएको भू-भाग नै **"तराई"** अर्थात **"मधेस"** हो । प्राकृतिक आधारमा तराई क्षेत्रको विस्तार चुरे एवम् महाभारत पर्वतका बीचमा रहेको **"भावर"** सम्म भएको छ। यस क्षेत्रलाई "दून" वा "भित्रि मधेश" पनि भनिन्छ। "भित्रि मधेश" अन्तरगत शिवालीक अथवा चुरे पहाडको उत्तरतर्फ पर्ने सिन्धुली, उदयपुरको दक्षिणी भाग, मकवानपुर र दाङ्ग जिल्लामा फैलिएको मैदानी क्षेत्र पर्दछ । नेपालमा हाल प्रचलित प्रशासनिक सन्दर्भमा झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर तराईका जिल्ला हुन् । नेपालमा मधेस क्षेत्रलाई निकै अघिदेखि समान रुपमा "तराई' वा "तलहट्टी" पनि भन्ने गरिन्छ। समान्य रुपमा "तराई" भन्नाले समतल भूमिलाई जनाउँछ। नेपालका "तराई" क्षेत्रमा बस्ने आदिवासी रैथानेहरूको यस भूमिसँगको "ऐतिहासिक आवद्धता" "मौलिक संस्कृतिको सम्बन्ध" र "पहिचान" को संवेदनशिलताको अन्योन्याश्रित अन्तरसम्बन्धको अभिव्यक्ति नै मधेसी समूदाय हो। आदिवासी थारू, अल्पसंख्यक मुसलमान समेत मधेशमा बस्ने सम्पूर्ण मधेसीको समन्वित एकता नै मधेशको अधिकारहरूको संरक्षणका आधार हुन्।

चुरे भावरको उत्तरी मोहडादेखि दक्षिण तथा भारतीय सीमानादेखि उत्तर साथै पूर्वमा मेची देखि पश्चिममा महाकालीसम्मको भू–भागलाई मधेस प्रादेशिक क्षेत्र अर्थात "मधेश स्वायत्त प्रदेश" घोषणा गरी मधेसको भौगोलिक भू–भागलाई परिभाषित गरी राज्यले स्वीकार गर्नुपर्दछ। स्वायत्त मधेस प्रदेश अथवा राज्य भित्र मिथिला, अबध, भोजपुर, थरूहट वा थारुवान जस्ता स्वायत्त क्षेत्र (Autonomous Regions) तथा जनपदहरू हुन सक्ने छन्।

तराईवासीको मधेस – मधेसीको तराई : आजको मधेस अथवा तराई क्षेत्रको बसोबास तथा यहाँका मूलवासीहरूको ऐतिहासिकता एवम् साँस्कृतिक परम्पराले प्राचिन "जनपदकाल", "साम्राज्यकाल", "राजवंशकाल" र "वाह्य आक्रमणकाल" का दौरान हिमालय उत्तरको यस सम्पूर्ण भू-खण्डका प्राचीन आदिवासी–जनजाति एवम् मानव बसोबासको स्थानान्तरणको प्रमाणिकतालाई प्रस्तुत गर्दछ। "तराई" का वा "मधेश" का भनौं अथवा सम्पूर्ण नेपालमा आज जतिपनि जातजाति छन्, यस भू-भागमा सबैको आगमन र प्रवेशलाई उपयुक्त कालखण्डहरूका घटनाक्रमले नै निर्धारित गरेको छ । प्रागःइतिहास र इतिहासको यिनै सन्दर्भमा हाल "तराई" पनि भनिने यो भू-खण्डमा बस्ने मधेसी समुदायभित्रका हिन्दू, इस्लाम, बौद्ध, प्रकृतिपुजक, शिख, जैन, क्रिश्चियन तथा किराँत आदि धर्मावलम्बीहरू तथा मैथिली, थारू, भोजपुरी, अवधि, राजवंशी, सन्थाली, हिन्दी, उर्द्ध, बङ्गला, मारवाडी, पञ्जावी, आदि भाषा–भाषीहरू र थारु, राजवंशी, गनगाई, ताजपुरिया, धिमाल, मेचे, कोचे, बोडो, दनुवार, माझी, किसान, मुसलमान, शेख, पठान, राइन, धुनिया, हजाम, ब्राह्मण, सन्यासी, राजपुत, भूमिहार, कायस्थ, यादव, वैश्य, बनिया, रौनियार, जयसवाल, केशरी, कशौधन, तेली, सुडी, कलवार, मारवाडी, हलुवाई, कथवनिया, राजधोब, राजभार, कोइरी, कुर्मी, सोनार, बरई, चौरसिया, पटेल, राजभर, चाँई, कैवरथ, मुसहर, बाँतर, खतवे, दुसाध (पासवान), पासी, डोम, तत्मा, चिडिमार, चमार,

मेहत्तर, कलर, ककैहिया, कोरी, खटिक, धोवी, सरबरीया, सरभङ्ग, हलखोर, पथ्थरकट्टा, झाँगड, नाई(हजाम), केवट, निषाद, माझी, मल्लाह, कानु, धानुक, लोहार, कहार, कमार, लोध, शिकारी, रस्तोगी, सतबरीया, कुश्मा, मुण्डा, बङ्गाली, शिख, सत्तार वा सन्थाल, नट, नौनीया, अमात, कुशवाडीया, माली, कुम्हार, पंडित, बढई, भर, लोनिया, गडेरी, भेडिहर आदि अनेकन जात/जाति, उपजातिहरूको तराई मुख्य रैथाने भूमि हो। यिनीहरू यहाँ आदिकाल देखिनै बसोबास गर्दै आइरहेका छन्। यसैलाई सामूहिक पहिचानका लागि **"मधेसी समुदाय"** भनिन्छ। मधेसीहरूको एक समिश्रित समुदायको रुपमा आफ्नै मौलिक भेषभुषा, भाषा, साहित्य, संस्कृति, कला र पहिचान छन्।

मधेस : मधेसी – पहाडी संस्कृति र समुदायको समिश्रित बासस्थान : तराईमा गैर मधेसी समुदायको रुपमा, खासगरी "गोर्खाराज्यको" "नेपालको रुपमा" विस्तारकै क्रमदेखि पहाडी समुदायको पुरानो तथा ऐतिहासिक बसोबास रहँदै आएको छ। तराई क्षेत्रमा पहाडबाट निरन्तर रुपमा भैरहेको बसाई सराईले गर्दा यस समुदायको संख्या उल्लेखनीय छ। इतिहासका विभिन्न कालखण्डमा मूलतः पहाडबाट बसाई सरी आएको पहाडी समुदाय तथा बर्मा, भारततीरबाट त्यहाँका राजनीतिक कारणले नेपालतर्फ सरी आएको बसोबासले गर्दा तराई आज एकहदसम्म "मधेसी र पहाडी समुदायको समिश्रित बासस्थल" बन्न पुगेको छ। आजको मधेसको यो यथार्थता हो। तसर्थ मधेसले खोजेको नयाँ राज्यसंरचनामा यस मौलिकताको यथास्थान र सममान रहनु पर्ने कुरामा मधेसी जनअधिकार फोरम, नेपाल प्रतिबद्ध छ।

मधेसको मूल समस्या :

आन्तरिक औपनिवेशिकता : नेपालको कुल भू–भागको २३ प्रतिशत भूमि तराई अर्थात मधेशमा पर्दछ। प्राकृतिक साधन स्रोत, नदीनाला, उर्वरभूमि, तथा प्रशस्त श्रमशक्तिले युक्त यो प्रदेश निकै उब्जाउ भएकोले यसलाई नेपालको "अन्न भण्डार" पनि भनिन्छ। मधेसबाट देशको कुल आम्दानीको अधिकांश भाग सरकारलाई प्राप्त हुन्छ। मुलुकमा तुलनात्मक रूपमा उद्योग, व्यापार, सडक, यातायात, शिक्षा, संचार, स्वास्थ्य लगायतका सेवाका पूर्वाधारहरूको विकास भएको देखिन्छ। संसारभर यस्ता पूर्वाधारबाट हुने विकासको प्रतिफल त्यहाँका रैथानेहरूले पाउने गर्दछन्। यसको विपरीत राज्यद्वारा गरिएको उपेक्षा, विभेद र असमानतापूर्ण नीतिले गर्दा मधेसका मुल निवासीहरू अत्यन्त गरीब, उत्पीडित, उपेक्षित, दरिद्र, अशिक्षित र बेरोजगार रहेका छन्। मधेसका जनतालाई राज्यले विकासको प्रतिफल उपभोग गर्नबाट वञ्चित पारेका छन्। बिगत ५०/६० वर्ष देखिको विकासका प्रकृया र आजसम्मका वार्षिक मानव विकास सूचकाङ्कहरूले यही तथ्य उजागर गरेको छ। मधेसीहरू राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक शोषणको साथै राज्यप्रदत्त असमानता तथा जातीय, वर्गीय, क्षेत्रीय, साँस्कृतिक र भाषिक रुपले समेत शोषण र विभेदका शिकार भएका छन्।

मधेसीको अन्य मूल समस्याहरू : मुलुकमा मधेसी समुदायको राष्ट्रिय पहिचानको मान्यता सहित समानताको हक तथा अधिकार, राज्यसत्ताका साथै राज्यको नीति निर्माण र शासन प्रशासनमा मधेसी समुदायको समानुपातिक सहभागिता, एकात्मक एवम् केन्द्रिकृत शासन प्रणालीबाट मुक्ति, नागरिकताको समस्या, कमैया दासत्वका साथै भूमिहिनताको अन्त्य, प्राकृतिक साधन र स्रोत–जल, जङ्गल र जमिन माथि मधेसी समुदायको स्वामित्व आदि उत्तिकै समस्या हुन्।

दशकौंसम्म मधेसीहरूलाई नागरिकताविहिन राखेर राज्यका अवसरहरूबाट वञ्चित राखियो। यसको दुष्परिणामस्वरुप लाखौं मधेसी युवाहरूले मुलुकमा उच्च शिक्षा पाउन सकेनन्। भारतबाट पढेर नेपालमा उच्च शिक्षा लिन चाहनेको लब्धाङ्कको अङ्क घटाउने त्रिभुवन विश्वविद्यालयको विभेदकारी व्यवस्थाले मधेसी युवाहरूलाई प्रत्यक्ष प्रतिस्पर्धामा तल पार्ने काम भयो। लोकसेवामा नेपाली भाषालाई "बोल्न र लेख्न जान्नै पर्ने" अनिवार्य शर्त थोपरेर नियोजित रूपमा मधेसी युवाहरूलाई सरकारी नोकरी पाउनबाट वञ्चित पारियो। नागरिकता नभएर चुनावमा उम्मेदवार हुनबाट राकियो। वैदेशिक रोजगार, उद्योगधन्दा, जग्गा खरिद बिक्री, जस्ता कारोबारहरू गर्नबाट रोकियो। राणाकालमा मधेसी समुदायका जग्गाहरू भाइ–भारदारहरूलाई बकस,

बिर्ता र जागीरको रुपमा वितरण गर्न खोसियो। पञ्चायती शासनकालमा भूमिसुधारको नाममा मधेसीहरूबाट कब्जा गरिएको जग्गा पहाडीहरूलाई दिएर मधेसीलाई भूमिहीन, गरिब र सुकुम्बासी बनाईयो। नियोजित तथा सरकारबाट प्रेरित आन्तरिक र प्रवासी पहाडी समुदायबाट भएको बसाईसराई एवम् आप्रवासनले मधेसमा नै मधेसीहरूलाई अल्पसंख्यामा पार्ने काम भयो। यसले गर्दा मधेसीहरूको राज्यमा राजनीतिक सहभागिता कमजोर भएको छ। साथै वनजङ्गलको विनास भै जनसंख्या र पर्यावरणको सन्तुलन बिग्रेको छ। मधेसीहरूको परम्परागत पहिरन, भाषा, एवम् संस्कृतिलाई मान्यता नदिएर मुलुकको सांस्कृतिक विविधता र “राष्ट्रिय पहिचान” लाई कमजोर पार्ने कार्य भएको छ। वास्तवमा यही नै राज्यको “औपनिवेशिक” चरित्र हो। विभिन्न मुलुकहरूमा कुनै समयमा रहेको औपनिवेशिकतामा बाह्य पक्षले “शक्तिको आधारमा स्थानीय स्रोतको शोषण गर्नु” र त्यस मुलुकको राज्यको निकायमा त्यहाँका रैथाने जनतालाई प्रतिनिधित्व नदिने झैं काम नेपालमा एकात्मवादी राज्यले मधेसीसँग गरेको छ। अब यसको अन्त्य हुनै पर्दछ। यही नै मधेसको “मुक्ति” हो। संविधान सभाबाट बन्ने संविधानबाट मधेसीले यही मुक्ति चाहेका छन्।

राज्य पुनर्संरचना सम्बन्धी धारणा : मधेसी जनअधिकार फोरम, नेपाल मुलुकमा विभेदरहित, समानुपातिक, समावेशीय प्रतिनिधित्व अर्थात सहभागिता र साझेदारी प्रणालीमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको पक्षमा दृढताका साथ उभिएको छ। मुलुकको विद्यमान राज्य व्यवस्थाको चरित्र राजनीतिक दलहहरूको एकात्मवादी सोंच समेतलाई विचार गर्दा अबको नेपाल स्वयत्त एवम् अधिकार सम्पन्न प्रदेशहरू सहितको “सङ्घीय लोकतान्त्रिक गणतन्त्र” नै हुनुपर्ने हाम्रो विचार अटल छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा सर्वोच्च जन प्रतिनिधि निकायको रुपमा द्विसदनात्मक संसद रहनेछ। विभिन्न प्रदेशहरूको जनप्रतिनिधि निकायको रूपमा आ–आफ्नै विधान सभाहरू हुनेछन्। मुलुकमा स्थानीय स्वशासन अर्थात स्वायत्त शासनलाई बलियो बनाउन राज्य भित्र अनेकन् स्वायत्त क्षेत्रहरू, जनपदहरू जन निर्वाच्चित रुपमा हुनेछन्।

गणतन्त्र : मधेसी जनअधिकार फोरम, स्पष्टतः मुलुकमा सबै खाले राजतन्त्रको अन्त्य र गणतन्त्रको पक्षमा आफूलाई उम्भाएको छ। हामी गणतन्त्रको पक्षमा उभिनुको स्पष्ट दुई कारण रहेको छ। (१) नेपाललाई एकात्मवादी एवम् केन्द्रिकृत राज्य व्यवस्थाबाट मुक्त पार्न राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गरिनु पर्दछ। आजसम्म मुलुकमा राजतन्त्रले गर्दा राजाको धर्म, भाषा, भेषभुषा र जातिय पहिचानलाई मुलुकका उपर थोपार्ने काम भएर सबैभन्दा बढी मधेसीको मौलिक पहिचानलाई समाप्त पार्ने काम भयो। यस कारणले हामी गणतन्त्रका पक्षमा छौं। र (२) शासन प्रणालीको सन्दर्भमा हामी मुलुकको कुनै पनि सार्वजनिक पद कुनै व्यक्ति, वंश वा परिवारको मात्र पेवा रहनु हुन्न भन्ने मान्यतामा विश्वास गर्छौं।

सरकार प्रमुख कार्यकारी राष्ट्रपति : नेपालमा बेलायती नमूनाको वेष्टमिनिष्टर, प्रधानमन्त्रीय शासन प्रणाली पूर्ण रुपमा असफल भै सकेको छ। यस प्रणालीले सरकार प्रमुखको रूपमा मुलुकका सबै क्षेत्र, वर्ग, जातजाति र भाषा–भाषीहरूको अपेक्षालाई पूरा गर्न सकेन। मुलुकमा विद्यमान एकात्मवादी जातीय चिन्तनलाई नै पृष्ठपोषण गऱ्यो। तसर्थ यसको विकल्पमा हामीले मुलुकको शासकीय प्रमुखको रूपमा कार्यकारी राष्ट्रपति रहने व्यवस्थालाई नै उपयुक्त ठान्दछौं। मुलुकको सम्पूर्ण कार्यकारिणी अधिकार नेपालको राष्ट्रपतिमा निहित रहनेछ। जसको कार्यकाल ५ वर्षको हुनेछ र बढीमा दुईपटकसम्म मात्र एउटै व्यक्ति राष्ट्रपति हुन सक्दछ।

राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा, बहुदलीय प्रतिस्पर्धाबाट र सबै नेपालीले प्रत्यक्ष रूपमा राष्ट्रपतिको लागि मतदान गर्ने गरी हुनुपर्दछ। त्यसैगरी उपराष्ट्रपतिको निर्वाचन संसद र प्रादेशिक विधायिकाका सदस्यहरूको बहुमतद्वारा हुनेछ। राष्ट्रपतिले संसद बाहेकका व्यक्तिहरू समावेश गर्नेगरी केन्द्रीय सरकार अर्थात् मन्त्रिपरिषद्को गठन गर्नेछ, जो संसदप्रति उत्तरदायी रहनेछ। राष्ट्रपतिले मुलुकमा संवैधानिक सर्वोच्चतालाई आत्मसात गरी काम गर्नुपर्दछ। यस आधारमा चुनिने राष्ट्रपतिले मात्र मुलुकको मौलिक पहिचानलाई प्रतिनिधित्व गर्न सक्दछ। यस्ता संरचनामा प्रधानमन्त्री पदको आवश्यकता हुँदैन। सरकार प्रमुखको यसखाले व्यवस्थाबाट मात्र मधेसीजस्ता समुदायले मुलुकमा राष्ट्रपति निर्वाचित हुने मौका पाउनेछन्।

द्विसदनात्मक केन्द्रीय संसद : संविधान सभाद्वारा निर्मित संविधानको मूल आधार सम्प्रभू जनता हुन्। सार्वभौमसत्ता र सम्पूर्ण राजकीय सत्ता पूर्णरूपले जनतामा निहित रहने छ। विधायिकी शक्ति (Legislative Power) संसदमा निहीत रहनेछ। जो दुई सदनात्मक : जनप्रतिनिधि सभा र राष्ट्रिय अथवा जातीय सभा हुनेछ। जनप्रतिनिधि सभा (House of Representatives) सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीद्वारा जनताबाट निर्वाचित प्रतिनिधिहरू रहनेछन्। त्यसैगरी राष्ट्रिय अथवा जातीय सभामा तोकिएको संख्यामा प्रत्येक प्रदेशका विधायिकाद्वारा निर्वाचित र राष्ट्रपतिद्वारा राष्ट्रिय क्षेत्रमा उल्लेखनिय ख्याति प्राप्त केही विशिष्ट मनोनित व्यक्तिहरू सदस्य रहनेछन्। उपराष्ट्रपतिले राष्ट्रिय सभाको अध्यक्षता गर्नेछ।

न्यायपालिका : न्यायिक शक्ति (Judicial Power) सर्वोच्च अदालतमा अन्तरनिहित रहनेछ। मुलुकमा संवैधानिक सर्वोच्चता र विधिमा आधारित शासन प्रणाली हुनेछ। सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौमअधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलङ्घनीय हुनेछ। सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालत गरी न्यायपालिकाका तीन तहहरू रहनेछन्।

स्वायत्त प्रदेश र प्रादेशिक सरकार : मधेसी समुदायले शुरूदेखि नै सङ्घीय प्रणाली अन्तर्गत नेपालको जातीय, क्षेत्रीय, धार्मिक, साँस्कृतिक, भाषिक तथा अन्य सबै विविधतालाई आत्मसात गर्ने आफ्नो राष्ट्रिय पहिचानयुक्त, जनताको आत्मनिर्णयको अधिकार सहित स्वायत्त शासनको प्रत्याभूति गर्ने प्रान्तीय अर्थात् प्रादेशिक सरकारको माग गर्दै आएको हो।

जनताको आत्मनिर्णयको अधिकारलाई अहिले सङ्घीयताका विरोधीहरूले देशबाट छुट्टिईजाने अधिकारको सन्दर्भमा प्रचार गरिरहेको देखिन्छ। नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार भनेको कुनै क्षेत्र वा कुनै क्षेत्रका उत्पीडित जातिहरूले आफ्नो अधिकारको निमित्त सङ्घीय संरचनामा छुट्टै प्रदेश गठन गर्न पाउने अधिकार हो, जहाँ सम्बन्धित जनताका प्रतिनिधिहरूले संवैधानिक व्यवस्थाअनुरुप निर्माण गरेको विधान र कानूनबमोजिम पूर्ण स्वायत्तता र समानताको आधारमा आफैंले सत्ता सञ्चालन गर्ने व्यवस्था हुन्छ। प्रदेशका निर्वाचित विधायकहरूको स्पष्ट कार्यक्षेत्र तथा अधिकार सहितको विधानसभा अर्थात विधायिका हुनेछ। विधानसभाको निर्वाचन वालिग मताधिकारका आधारमा समानुपातिक निर्वाचन पद्धतिद्वारा, बहुदलीय प्रतिस्पर्धाको आधारमा हुनेछ। प्रादेशिक सरकारका कार्यकारिणी प्रमुखको निर्वाचन जनताको प्रत्यक्ष मतदानद्वारा हुनेछ। प्रादेशिक सरकार विधायिकाप्रति उत्तरदायि रहनेछ।

मधेस : मधेसी समुदायको मातृ प्रदेश : मधेसीले भोग्नु परिरहेको आन्तरिक औपनिवेशिकताको अन्त्य गर्ने संवैधानिक व्यवस्थाको निर्माण गराउनु नै संविधान सभामा हाम्रो मुख्य दायित्व हुनेछ। तसर्थ आसन्न संविधान सभाबाट बन्ने संविधानले मधेसलाई आन्तरिक औपनिवेशिकताबाट मुक्त गर्न सक्छ कि सक्दैन- यही नै राज्यको पुनर्संरचनाको सवालमा हाम्रो गम्भीर सरोकारको विषय हो। राज्यको पुनर्संरचनाको सन्दर्भमा हामी मधेसलाई एक स्वायत्त राजनीतिक प्रशासनिक प्रदेशको रूपमा एकतावद्ध राख्ने पक्षमा छौं।

हाल मधेसमा एकात्मवादी राज्य व्यवस्थाको पुरानो कार्यनीति 'फुटमा शासन गर' लाई पुनः मलजल दिने काम हुँदैछ। एकिकृत मधेस अर्थात् तराईको बारेमा केही विमतिहरू उठाउन खोजिएको छ। विभाजित तराई अर्थात् मधेसबाट मधेसको मूल राजनीतिक समस्याको समाधान हुन नसकि कुन पक्षको राजनीतिक स्वार्थको पोषण हुन्छ, यसको पहिचानबारे मधेसी समुदायमा छलफल हुनै पर्दछ। हाम्रो विचारमा 'एकिकृत' तराई – मधेस राज्यबाट मात्र हामी प्रचलित राज्यप्रणालीको आन्तरिक औपनिवेशिकताबाट मुक्त हुन सक्दछौं। हालको मधेसको जनसंख्याको बदलिएको तस्वीरलाई हेर्दा बिखण्डित मधेसको कुनै पनि प्रदेशमा भोली मधेसी समुदायको राजनीतिक बर्चस्व वा राज्यमा जनसंख्याको आधारमा निर्णायक स्थान रहँदैन। आज नियोजित सोंचका साथ मधेसमा कोचिला, मिथिला, थारूवान, थरूहट, भोजपुर, अवध– जे नामकरण गरेर मधेसी समुदायलाई तत्कालका लागि भ्रमित पार्न खोजेपनि यथार्थमा यस्तो कल्पनाका राज्यहरू गैर मधेसी शासकवर्गको नियन्त्रण र निर्णायक प्रभावबाट मुक्त रहन सक्दैन।

मधेसलाई विखण्डित गर्ने नियोजित सोंचबाट अगाडि सारिएको यस्ता प्रदेशहरूको हालसम्म दर्शाइएको सीमा तथा क्षेत्रलाई विचार गर्दा यसमध्ये कुनैमा पनि आदिवासी थारू लगायत मधेसका जनजातिहरू, दलित, अल्पसंख्यक मुसलमान गरी मधेसी समुदायको बहुमत हुन सक्दैन। यसको दुष्परिणाम स्वरूप आजसम्म एउटै भौगोलिक क्षेत्र, समान लोकसँस्कृति, जातीय–सामाजिक सहकार्य, समान भाषीक परिवार, समान आर्थिक उद्यमता, अन्तरसम्बन्धित बजार, अन्तरआवद्ध यातायात सम्पर्क जस्ता मधेसको अन्तरनिर्भरताको स्वभाविकता खण्डित हुनजान्छ। यो मधेसको शक्तिको स्पष्टतः क्षय हुनेछ र मधेसको मुक्ति मानिने छैन। यस तथ्यतर्फ विचार गरी संविधान सभाको मौकामा स्वायत्त मधेस प्रदेशको लागि मधेसी समुदाय भित्रै बृहद् क्षेत्रीय एकताको निर्माण गर्नु परम आवश्यक छ।

मधेसी जनअधिकार फोरम, नेपालले 'मधेस प्रदेश' को माग राख्दा 'मधेसी जातीय राज्य' को सोंच राखेका छैनौं। क्षेत्रीय आधारमा मधेस प्रदेशको गठनमा जोड दिइरहेका हुन्छौं। जसरी हामी सत्ताको सर्वोच्च निकाय, केन्द्रको संसद, केन्द्रीय सरकार र केन्द्रीय राज्यप्रणालीका सबै अङ्ग र निकायमा मुलुकका मधेसी, आदिवासी थारू, जात/जाति, भाषा/भाषी, महिला, दलित, उपेक्षित/उत्पीडित, अल्पसंख्यक मुसलमान तथा सबै क्षेत्रका नागरिकको पूर्ण समानुपातिक समावेशीकरण हुनुपर्ने माग गर्दछौं– त्यसैगरी हामीले चाहेको 'मधेस राज्य' वा 'मधेस प्रदेश' मा 'राज्य' वा 'प्रदेश' भित्रका आदिवासी थारू / पर्वते समुदाय / सबै जात/जाति, जनजाति, भाषा/भाषी, महिला, दलित, उपेक्षित / उत्पीडित, अल्पसंख्यक मुसलमान लगायत सबै वर्ग एवम् समुदायको 'राज्य' वा 'प्रदेश' को सबै निकायमा बिना भेदभावपूर्ण समानुपातिक समावेशीकरण हुनुपर्ने तथ्यमा उत्तिकै अटल विश्वास राख्दछौं।

शक्तिको पृथकिकरण : संवैधानिक सर्वोच्चतामा प्रतिबद्ध रहनुपर्ने राष्ट्रपतीय नेतृत्वको कार्यपालिका, स्पष्ट विधायकीय दायित्वका व्यवस्थापिका र स्वतन्त्र न्यायपालिकाले शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा राज्य शक्तिलाई सन्तुलित पार्नेछन्।

केन्द्र र प्रदेशका कार्यक्षेत्र : प्रस्तावित प्रदेश संरचनासम्बन्धी धारणा स्पष्ट रूपमा संविधानअनुसार केन्द्र र प्रदेशका क्षेत्राधिकार तथा कार्यक्षेत्रहरू स्पष्ट रूपमा विभाजित हुनेछ। यस अवधारणामा केन्द्रलाई केही क्षेत्रमा पूर्णरूपमा र केहीमा आंशिक जिम्मेवारी दिइनुपर्ने हुन्छ। केन्द्रलाई नीतिमूलक तथा केन्द्रीय सरोकारका विषयहरूको जिम्मेवारी रहनेछ र यसबाहेक कार्यमूलक जिम्मेवारीहरू प्रदेशको कार्यक्षेत्रमा रहनुपर्दछ। केन्द्रीय सरोकारका विषयहरू बाहेकका सम्पूर्ण अधिकारहरू प्रदेश अथवा राज्य (State) को क्षेत्राधिकार भित्र पर्नेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन्। प्रत्येक प्रदेशहरूका आ–आफ्नै प्रादेशिक विधायीका, कार्यपालिका र न्यायपालिका रहनेछ। राष्ट्रिय सुरक्षा, परराष्ट्र, मुद्राजस्ता विषयहरू केन्द्रको क्षेत्राधिकारमा रहनेछ। सूचना र संचारसित सम्बन्धित विषयहरू केन्द्र र प्रदेशका बीच निर्धारित जिम्मेवारीमा रहन्छ।

प्रदेशभित्रका आन्तरिक सुरक्षा तथा प्रशासन, शिक्षा र सँस्कृति, स्रोत व्यवस्थापन तथा व्यापार, कृषि तथा लघु उद्योग, भू–परिवहन, आवास तथा निर्माण, प्राकृतिक साधन र जनस्वास्थ्य जस्ता विषयहरू प्रदेशको स्वायत्त अधिकारका विषय हुन्। यी विषयमा वा यी विषयमध्ये कुनै विषयमा केन्द्रको हस्तक्षेप हुनुपर्ने खण्ड आएमा केन्द्रीय संसदले त्यसको अनुमोदन गरेको हुनुपर्नेछ। प्रदेशको जिम्मेवारीका रूपमा सूचीबद्ध विषयहरूमा प्रदेश विशेषको सरकारका सिफारिसमा त्यहाँका विधायिकाले अनुमोदन गरेका खण्डमा केन्द्रीय शासनले प्रत्यक्ष सहयोग गर्न सक्नेछ। यसबाहेक संविधान र ऐन स्पष्ट नभएका विषयमा केन्द्र र प्रदेशका बीच विवाद हुँदा त्यसको निर्णय सर्वोच्च अदालतले गर्ने प्रावधान स्वाभाविक रहनेछ।

कार्यक्षेत्रका सन्दर्भमा देखापर्ने स्रोतसाधन माथि अन्तरप्रदेश र केन्द्र–प्रदेश बीच उठ्न सक्ने विवाद पनि प्रमुख विषय हो। स्रोत माथिको पहिलो अधिकार त्यस स्थानकै हुन्छ, जहाँ त्यो स्रोत हुन्छ। तर स्रोतको उपयोगका उपायहरू र अधिकतम उपयोगका लागि विशेषज्ञ सेवा र प्राविधिक सहयोगको संयोजन गर्ने, गराईदिने पक्षले समेत लाभको अंश खोज्नु स्वाभाविक नै हुन्छ। त्यसैले, प्रदेशका स्रोतहरूमाथिको पहिलो हक

प्रदेशको भएतापनि केन्द्रले समेत लाभांश लिनेछ। स्रोतको प्रकृति हेरेर केन्द्र–प्रदेश समझदारीका आधारमा नीति नियमन गर्न सकिनेछ।

मुलुकको जलस्रोतको उपयोगको सन्दर्भमा मुलुकभित्र तल्लो तटीय लाभको ग्यारेन्टी संविधानको व्यवस्थाअनुसार हुनुपर्दछ। यसै गरी छिमेकी मुलुकहरूसँग जलस्रोतको उपयोगको सन्धि–सम्झौता हुँदा वा बहुपक्षीय उपयोगको सन्धि–सम्झौता हुँदा उपल्लो तटीय लाभको भागीदार प्रत्यक्षतः उपल्लो सम्बन्धित राज्य वा प्रदेश हुनुपर्ने कुराको संवैधानिक प्रत्याभूति हुनुपर्दछ। उपर्युक्त विषयहरूलाई स्पष्ट र व्यवस्थित गर्न केन्द्र र प्रदेशको अधिकार तथा कार्यक्षेत्रको पृथक–पृथक सूची हुनेछ। यसैगरी केन्द्र–प्रदेशको अधिकार तथा कार्यक्षेत्रको साझा पनि सूची हुनेछ।

धर्म-निरपेक्षताको मान्यता : मधेसी जनअधिकार फोरम, नेपाल धर्म निरपेक्षताको पक्षमा छ। मधेसको सामाजिक संरचना हिन्दुबहुल भएपनि यथार्थमा यो बहुधार्मिक प्रकृतिको छ। ईस्लाम धर्म मधेसको अभिन्न भाग तथा सबै मधेसीहरूका लागि समान महत्त्वको धर्म हो। आजसम्म मुलुकमा हिन्दु धर्मको संरक्षणको नाममा दरबारको राजनीतिक एकात्मवादी चिन्तनलाई पोषण गर्ने काम भएकोले नेपाल 'हिन्दु राष्ट्र' कहलिनु विवादको विषय हुन जान्छ। तसर्थ संवैधानिक रूपमा नेपाल अधिराज्यलाई सबै धर्मावलम्बीहरूका लागि धार्मिक स्वतन्त्रता भएको राष्ट्र भनिनु पर्दछ।

आधारभूत मानव अधिकार

सार्थक लोकतन्त्रका लागि कुनै पनि खाले बन्धनमुक्त प्रेस स्वतन्त्रता, विश्वमान्य मौलिक अधिकार, नागरिक अधिकार, बहुदलीय प्रतिस्पर्धा, मुलुकमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य, जातीय उत्पीडन तथा आर्थिक शोषणको उन्मुलन, सामाजिक न्याय सहित समतामूलक समाजको निर्माण, मधेसी लगायत सबै समुदायमा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत मानवअधिकारको संवैधानिक तथा व्यवहारिक प्रत्याभूति, प्रजातान्त्रिक निर्णयप्रक्रिया, कानूनको राज्य, दायित्वपूर्ण न्यायपालिकाको विकास, राष्ट्रिय समुदायहरूको पहिचान तथा सम्मानको अभिवृद्धि, लैङ्गिक समानताका साथै संयुक्त राष्ट्रसङ्घबाट प्रतिस्थापित सामाजिक, आर्थिक र साँस्कृतिक तथा नागरिक र राजनीतिक अधिकारहरूको ग्यारेन्टी आजको सभ्य समाजका लागि आवश्यक विषयहरू भएकोले भावी संविधानमा यी विषयवस्तुहरूको प्रत्याभूति हुनुपर्ने कुरामा हामी दृढ रहेका छौं।

दलित अग्राधिकार : दलित समुदाय वर्णाश्रमको असमानता र तिरस्कार, राजनीतिक–आर्थिक उपेक्षा र उत्पीडनमा पारिएका मुलुककै मुख्य समुदाय हुन्। मधेसी दलित समुदाय मधेसको एक अभिन्न अङ्ग हो। यो समुदाय मधेसको कुनै एक क्षेत्रमा मात्र सिमित नभई पुरै मधेसमा फैलिएर बसेका छन्। बिखण्डित मधेसमा यस समुदायको जनसंख्याको आधारमा राज्य वा प्रदेशको शक्ति अभ्यासको निकायमा न्यायोचित रुपमा सार्थक प्रतिनिधित्व हुन सक्दैन। दलित समुदायको लागि शिक्षा, स्वास्थ्य, सरकारी सेवा आदिमा आरक्षण र सहभागिता भन्दा धेरै महत्त्वपूर्ण विषय 'राज्यको नीति निर्धारण गर्ने निकायमा जनसंख्याको आधारमा समानुपातिक सहभागिता गराउनु हो।' यसर्थ स–साना जनसंख्यामा छरिएर बसेको दलितहरू केन्द्रीय संसद वा प्रादेशिक विधान सभाका निर्वाचन क्षेत्रहरूबाट निर्वाचित हुने सम्भावना क्षीण छ। तसर्थ केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको कुल सीटमा दलित समुदायको कुल जनसंख्याको आधारमा जति प्रतिशत सीट पर्न आउँछ, त्यति संख्याको केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको सीट त्यस निकायको निर्वाचनमा दलित समुदायको लागि आरक्षित गरिनु पर्दछ। आरक्षित सीटको निर्धारण दलित आवादीको आधारमा गरी यस्तो आरक्षित सीटमा दलित समुदायकाले मात्र उम्मेदवारी दिन पाउने व्यवस्था हुनुपर्दछ। यसको साथै यस समुदायले भोगेको सामाजिक तथा राज्यप्रदत्त अलगावको नीतिको क्षतिपूर्ति वापत सामाजिक न्यायको आधारमा राज्यका सबै सुविधा तथा निकायमा समानतायुक्त आरक्षण पाउनु पर्दछ। सकारात्मक विभेदको नीतिका तहत 'आरक्षण' बाट यस्ता उपेक्षित, उत्पीडित, अल्पसंख्यक समुदायहरूलाई राज्यमा सहभागिता गराउनु एक व्यवहारिक उपाय हो भन्ने हाम्रो स्पष्ट मत छ।

अल्पसंख्यक मुसलमानको अग्राधिकार : मुसलमान समुदाय प्रारम्भ देखिनै धार्मिक–राजनीतिक रूपमा गम्भिर उपेक्षाका शिकार रहेका छन् । मुसलमान समुदाय मधेसी समुदायकै एक अविभाज्य भाग भएकोले मधेसी भएको कारणबाट पनि आजसम्म यो समुदाय राज्यप्रदत्त अलगावको नीतिमा परेका छन् । अल्पसंख्यक मुसलमान समुदायले आफ्नो जीवन पद्धति, सामाजिक परिवेश, आफ्नो पारम्परिक र धार्मिक मान्यता अन्य कतैबाट अहस्तक्षेप र पूर्णस्वतन्त्रताका साथ निर्वाह गर्न पाउनुपर्ने हाम्रो दृढ मान्यता छ । मुसलमान समुदायको जीवनपद्धति त्यस समुदायकै सामाजिक–साँस्कृतिक मान्यता एवम् अपेक्षाका आधारमा चल्नु अन्य कुनै पनि समुदायको लागि आपत्तिको विषय होइन । यो समुदाय पनि मधेसको कुनै एक क्षेत्रमा मात्र सिमित नभई पूरै मधेसमा फैलिएर बसेका छन् । विखण्डित मधेसमा यस समुदायको पनि जनसंख्याको आधारमा राज्य वा प्रदेशको शक्ति अभ्यासको निकायमा न्यायोचित प्रतिनिधित्व हुन सक्दैन । मुसलमान समुदायको लागि शिक्षा, स्वास्थ्य, सरकारी सेवा आदिमा आरक्षण र सहभागिताभन्दा धेरै महत्त्वपूर्ण विषय राज्यको नीति निर्धारण गर्ने निकायमा जनसंख्याको आधारमा सहभागिता गराउनु हो । यसर्थ स–साना जनसंख्यामा छरिएर बसेको मधेसी मुसलमानहरू केन्द्रीय संसद वा प्रादेशिक विधान सभाका निर्वाचन क्षेत्रहरूबाट न्यायोचित संख्यामा निर्वाचित हुने सम्भावना कम रहन्छ । तसर्थ केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको कुल सीटमा मुसलमान समुदायको कुल जनसंख्याको आधारमा जति प्रतिशत सीट पर्न आउँछ, त्यति संख्याको केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको सीट त्यस निकायको निर्वाचनमा मुसलमान समुदायको लागि आरक्षित गरिनु पर्दछ । आरक्षित सीटको निर्धारण मुसलमान आवादीको आधारमा गरी यस्तो आरक्षित सीटमा मुसलमान समुदायकाले मात्र उम्मेदवारी दिन पाउने व्यवस्था हुनु पर्दछ । मुसलमान समुदायलाई पनि सकारात्मक विभेदको नीतिका तहत राज्यका सेवामा तथा सबै निकायहरूमा सहभागिता गराउनु पर्दछ ।

महिला विरुद्धका विभेदहरूको अन्त्य : महिलाविरुद्ध विभिन्न क्षेत्रहरूमा हुने गरेका विभेद र असमानतालाई अन्त्य गरी यौनजन्य दुर्व्यवहार, हिंसा तथा शोषणबाट उनीहरूलाई सुरक्षित राख्न उपयुक्त कानूनी व्यवस्था हुनु पर्दछ । सरकारका सबै तह र निकायहरूमा भएका र हुने नीतिनिर्माण गर्ने पदहरू र नेतृत्वमा पुरुषसरह महिलाको समान पहुँच र अवसरको सुनिश्चितता गर्नुपर्दछ । परम्परागत रूपमा कायम रहेका सामन्तवादी चिन्तन, विभेद र असमानतालाई अन्त्य गरी महिलाहरूलाई पुरुष सरह स्वतन्त्रता र पूर्ण मानवअधिकारको उपभोग गर्ने ग्यारेण्टी राज्यले गर्नुपर्दछ । महिलाहरूको सशक्तिकरण गरी उनीहरूलाई राष्ट्रिय जीवन (National Life) को हरेक क्षेत्र–आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण एवम् निर्णायक भूमिका खेल्न सक्ने परिस्थितिको सृजना गरिनु पर्दछ । शिक्षा र सामाजिक क्रान्तिको माध्यमबाट महिलामाथि सामाजिक र साँस्कृतिक रितिरिवाजका नाममा रहेका असमानता, लैङ्गिक शोषण र विभेदलाई अन्त्य गरिनु पर्दछ । महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार प्रदान गरिनुका साथै राष्ट्रिय विधायिका, कार्यपालिका तथा न्यायपालिकाका क्षेत्र तथा सैनिक, वैदेशिक तथा नागरिक सेवा तथा निजी क्षेत्रमा समेत समानताका आधारमा पुरुष सरह अवसर र अधिकारको संवैधानिक प्रत्याभुति गरिनु पर्दछ ।

सार्थक जनगणना : नेपालमा मधेसीहरूको यथार्थ संख्यालाई न्यून देखाउनका लागि आजसम्मका जनगणनाहरूमा मधेसी समुदायको जातीय, भाषिक तथा अन्य वास्तविक अवस्थाहरूको सहि चित्रण गरिएको छैन । मधेसको यथार्थ विवरण आउन नसक्ने खालका विवरणीका तथा फारामहरू बनाएर मधेसक्षेत्रमा सरकारले जनसंख्या चालवाजी (Population Manipulation) गर्दै आएको छ । समानुपातिक निर्वाचन प्रणालीलाई सार्थक तुल्याउन यथार्थ जनगणना हुनै पर्दछ । तसर्थ हामी मुलुकको नयाँ संविधान बन्नु अगावै मुलुकको जनसंख्याको यथार्थ तस्वीर आउन सक्ने जनगणनाको पक्षमा छौं ।

अल्पसंख्यकहरूको अधिकार : राष्ट्रसङ्घीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप राष्ट्रिय तथा जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक समुदायहरूको अधिकारको संवैधानिक प्रत्याभुति गरिनुपर्दछ ।

बालअधिकार सम्बन्धमा : बालबालिकाहरूको स्वास्थ्य र आधारभुत शिक्षाको अधिकारको प्रत्याभुति गराउन राज्यले नै पूर्ण दायित्व लिनुपर्दछ । उनीहरू माथि कायम रहेको आर्थिक शोषण, बालश्रम शोषण, बाल वेश्यावृत्ति आदिको अन्त्य गरी उनीहरूको जीवनको अधिकारका साथै शारीरिक, मानसिक विकास र सामाजिक र साँस्कृतिक विकासमा सँगै शसस्त्रद्वन्द्वको पीडाबाट मुक्त गराईनु पर्दछ ।

संविधानमा जनमत संग्रहको व्यवस्था : अति महत्त्वपूर्ण राष्ट्रिय महत्त्वका विषयहरूमा निर्णय लिन संविधानमा जनमत संग्रह गर्नुपर्ने व्यवस्था हुनुपर्दछ। जनमत संग्रहद्वारा नै राष्ट्रिय महत्त्वका विषयहरू निर्णय गरिनुपर्दछ।

भाषीक अधिकार : सरकारी कामकाज र शिक्षामा त्रि-भाषीय नीति अन्तर्गत **(क)** मातृभाषा **(ख)** नेपाली र हिन्दी **(ग)** अङ्ग्रेजी भाषालाई राष्ट्र भाषाको रूपमा संवैधानिक व्यवस्था गरिनुपर्दछ। प्रत्येक स्वायत्त प्रदेशहरूले आ-आफ्नो क्षेत्रीय भाषाहरूलाई पनि सरकारी कामकाज र शिक्षाको माध्यमको रूपमा प्रयोग गर्न र मान्यता दिन सक्नेछ।

श्रमिक / मजदूर अधिकार : नेपाली श्रमजीवी जनताको आधारभूत श्रमअधिकार, मर्यादित रोजगार, सामाजिक सुरक्षा र न्यायको प्रत्याभुति राज्यले गराउने संवैधानिक व्यवस्था हुनुपर्दछ।

जैविक विविधता तथा वातावरणको संरक्षण : वातावरणीय प्रदुषणका कारणले गर्दा पृथ्वीमा जीवन र प्रकृतिबीच कायम रहेको सन्तुलन नै बिग्रने खतरा बढेको छ। तसर्थ राज्यले जल, जङ्गल र जमीनको विनाशलाई रोक्न प्रयत्न गरी पानी, वायु, भूमि, ध्वनी तथा अन्तरिक्षलाई प्रदूषणबाट मुक्त गर्ने प्रयासका साथै जैविक विविधताको र प्राकृतिक वातावरणको संरक्षण गर्नुपर्दछ। मधेसको जमीनको उर्वरताको रक्षा, बाढी नियन्त्रण र भू-स्खलन नियन्त्रण गर्न चुरे र महाभारत क्षेत्रमा वनजङ्गल, जल र जमीनको संरक्षण एवम् त्यसको व्यवस्थापन गर्ने दायित्व राज्यले लिनुपर्दछ। चुरे र महाभारत क्षेत्र लगायत मधेसमा वन विनाश रोकी तुरुन्त आवश्यक मात्रामा वृक्षारोपण गरी जङ्गल निर्माण गर्नुपर्दछ।

समावेशी र सहभागितापूर्ण सुरक्षा निकाय

विद्यमान राज्यको बनौट एकाङ्की र चरित्र विभेदकारी रहेकोले यो देश हाम्रो हो, तर राज्य हाम्रो होइन भन्ने भावना मधेसी समुदाय, आदिवासी, जनजाति, दलित र महिलामा प्रवल रहेको छ। राज्यसंरचनामा सेनाको स्थान कस्तो रहनुपर्छ भन्ने प्रश्न अहिले व्यापक रूपमा उठिरहेको छ। नेपालको भू-राजनीतिक अवस्थाको सन्दर्भमा व्यावसायिक सेनाको कति औचित्य छ? आवश्यक ठानिएकै सन्दर्भमा पनि सेनाको आकार के हुने ? विद्यमान सैनिक संरचना तथा यसको विद्यमान आकार मुलुकको आन्तरिक सुरक्षा प्रबन्धका निम्ति कति औचित्यपूर्ण छ ? लोकतन्त्रमा राष्ट्रिय सुरक्षाको जगेर्ना गर्ने विषयसँग सेनालाई जोड्नु कत्तिको उपयुक्त हुन्छ ? सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापनको पद्धतिलाई कसरी उत्तरदायी बनाउने ? यी विषयहरू गम्भीर छन्। यस्ता विषयहरूका उपर ध्यान दिँदै सर्वप्रथम एउटा निश्चित समय सीमाभित्र पूरा हुनेगरी मुलुकको सामाजिक बनौटको प्रकृति र प्रवृत्तिमा आधारित रहेर दुवै प्रहरी सङ्गठनहरू र नेपाली सेनाको आमूल रूपान्तरण गरिनु पर्दछ। सहभागिताका दृष्टिले सेनाको स्वरूप राष्ट्रिय हुनैपर्छ। यसको आकार सानो हुनुपर्दछ र यसको परिचालनमा निर्वाचित संसद् र त्यसप्रति उत्तरदायी कार्यपालिकाको नियन्त्रण अनिवार्य हुनुपर्दछ।

हालैको मधेस आन्दोलनका क्रममा नेपाल सरकारसँग भएको सम्झौतामा अब नेपाली सेनामा मधेसी समुदायबाट सामुहिक प्रवेश गराईनु पर्ने सरकारी प्रतिबद्धता आएको छ। यो प्रसङ्ग केवल हलुका राजनीतिक मुद्दा मात्र नभएर यसलाई राज्यसत्तामा सबैको पहुँच पुऱ्याउने प्रयत्नको आवाजका रूपमा पनि लिनुपर्छ। हिजो विविध पूर्वाग्रहपूर्वक मधेसी मुलका नागरिकलाई सेनामा सहज प्रवेशका निम्ति प्रोत्साहित नगरिएको अवस्थालाई अब अन्त्य गर्नै पर्ने हुन्छ। नेपाली सेनामा मधेसी समुदायको प्रवेशलाई विनाभेदभाव खुल्ला र सहज पारिनु राष्ट्रिय एकताको दृष्टिले समेत अनिवार्य बन्न गएको छ।

मधेसको सशस्त्र विद्रोही पक्षसँग सार्थक शान्तिवार्ता : मधेसमा अहिले पनि सशस्त्र द्वन्द्व जारी छ। मधेसी सशस्त्र विद्रोहीहरूका जायज मागहरूलाई सम्बोधन गरी द्वन्द्व समाधानको बाटो पहिल्याउन हामीले सरकारलाई बारम्बार दबाब दिँदै आएका छौं। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेपाल सरकारका बीच भएको आठ बुँदे सम्झौतामा पनि यस समस्याको समाधानका लागि स-सम्मान वार्ता गर्ने सहमति भएको हो। तर सरकारको पक्षबाट यस दिशामा कुनै पहल नहुनु दुःखद कुरा हो। मधेसमा द्वन्द्व कायमै राखेर मुलुकमा

शान्ति हुन सक्दैन । तसर्थ मधेसका सशस्त्र विद्रोही पक्षहरूसँग वार्तालाई फलदायी बनाउन विस्तृत शान्ति सम्झौताको प्रारूप सहित, उनीहरू उपरका सबै मुद्दा खारेज गरेर, सबै बन्दीहरूलाई रिहा गरेर, रेड कर्नर नोटिस फिर्ता लिएर, सशस्त्र विद्रोही सेनाको व्यवस्थापनको जिम्मा लिएर वार्ताको पूर्वाधार बनाई तत्काल वार्ता थालिइनु पर्दछ ।

मधेसी जनअधिकार फोरम राज्यसत्ताद्वारा गरिएको विभेद, भेदभाव, सीमान्तकृत (Marginalised) र बहिष्कृत (Excluded and Under Privileged) सबै समुदायहरू भएको व्यापक राजनीतिक सङ्गठन निर्माण गर्न तथा तिनीहरूसँग सहकार्य गर्न सधैं अग्रसर र प्रयत्नशील रहनेछ । यस्तो व्यापक सङ्गठनले सदीयौंदेखि शक्ति र सुविधासम्पन्न (Most Privileged) रहँदै आएको जाति, वर्ग र समुदाय विशेषको प्रभुत्व र एकाधिकारलाई समाप्त गरी स्वतन्त्रता, समानता, बन्धुत्व र सामाजिक न्यायको अवस्थालाई कायम गर्नेछ, जसबाट नेपालमा दीर्घकालदेखि रहँदै आएको बिद्रोह र विग्रहको स्थिति समाप्त भै राष्ट्रियता, राष्ट्रिय अखण्डता एवम् एकताका भावना प्रगाढ भै शान्त, प्रगतिशील, समृद्ध, सम्पन्न राष्ट्रको निर्माण भै सामाजिक तथा राजनीतिक स्थायित्वको स्थिति समेत प्रगाढतर हुँदै जानेछ । समुन्नत र प्रगतिशील नेपालको निर्माण सँगै जीवनलाई दीर्घकालिन शान्ति तथा प्रसन्नता प्रदान गर्ने यो मात्र नै उत्तम विकल्प हो ।

अन्त्यमा, वि.सं. २०६३ चैत्रको जनआन्दोलन-२ बाट मधेसी समुदायले पनि शताब्दीऔं देखिको विभेदबाट मुक्ति चाहेका थिए । तर त्यस आन्दोलनको परिणाम स्वरूप भएको संसदको पुनर्स्थापना पश्चात्का राजनीतिक घटनाक्रमले मधेसी समुदायको राजनीतिक अपेक्षा एवम् आत्मसम्मानको प्रश्नलाई विचार गरेन । यसै क्रमको नेपालको अन्तरिम संविधान-२०६३ ले मधेसीको सवाललाई पूर्णतया उपेक्षा गर्‍यो । फलतः वि.सं. २०६३ माघमा सम्पूर्ण मधेसी समुदायहरू मधेसी जनअधिकार फोरमको आह्वानमा ऐतिहासिक मधेसी जनविद्रोहमा सरिक भएर मुलुकमा आमूल परिवर्तनको प्रत्याभूतिका लागि, भावी राज्यव्यवस्था सङ्घीय प्रणालीमा आधारित हुने ग्यारेन्टीका लागि र संविधान सभाका मधेसी समुदायको न्यायपूर्ण प्रतिनिधित्वको लागि ठूलो बलिदान गर्नुपर्‍यो । दुई पटकको यस महान आन्दोलनमा ५३ जना वीर मधेसी सपूतहरू शहीद हुनुभयो । असंख्य मानिसको विविध प्रकारका बलिदान पछि सातदलको सरकारले मधेसको राजनीतिक मागहरूलाई पुरा गर्न बाध्य भयो र मिति २०६४ फागुन १६ गते आठ बुँदे सम्झौता भयो । अब त्यस महान विद्रोहका उपलब्धिहरूलाई संस्थागत गर्न मधेसी राजनीतिक क्षमताको विकास एक राजनीतिक दलको रूपमा गर्दै, ऐतिहासिक मधेसी आन्दोलनका मार्फत् अभिव्यक्त मधेसी जनचाहनाअनुसार स्वायत्त मधेस प्रदेशको निर्माण तथा मधेसको मुक्तिका लागि यही चैत्र २८ गते हुने संविधान सभाको निर्वाचनको सन्दर्भमा यस घोषणापत्रको रूपमा मधेसी जनअधिकार फोरमको राजनीतिक मुद्दाहरू तथा प्रतिबद्धतालाई संक्षिप्तमा सार्वजनिक गरेका छौं । हामी यस कुरामा बढी जोड दिन चाहन्छौं कि, अहिलेको हाम्रो मुख्य ध्येय विकासको मोडेलको निर्धारण गर्नु भन्दा पनि नयाँ संविधानको निर्माणबाट राजनीतिक समस्याको हल गर्नुमा केन्द्रीत छ । यसपछि मात्र नयाँ राज्य संरचनाअनुसार गठन हुने जनप्रतिनिधि सरकारले विकासको मोडेलमा निर्णायक भूमिकाको दायित्व निर्वाह गर्नेछन् ।

संविधान-सभाको आउँदो निर्वाचनमा मधेसी जनअधिकार फोरमको यस घोषणा-पत्रलाई हार्दिकताका साथ अनुमोदन गर्दै हलुका निलो रङ्गको र अर्को हलुका रातो रङ्गको दुवै मतपत्रमा रहेको 'हातले समातेको बलिरहेको मशाल चुनाव चिन्हमा' मत दिई फोरमका सबै उम्मेदवारहरूलाई विजयी गराउन तथा फोरमलाई समानुपातिकमा बढी संख्यामा विजयी गराउन मतदानका लागि सबै देशवासी मतदाताहरूमा हार्दिक आग्रह गर्दछौं । धन्यवाद !

जय मधेस ! जय मधेस ! जय मधेस !

५.

तराई मधेश लोकतान्त्रिक पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

नेपाल बहुभाषिक, बहुजातिक, बहुसाँस्कृतिक राष्ट्रको रूपमा उल्लेख भएतापनि व्यवहारमा केन्द्रात्मक प्रणाली र वर्ग विशेषको शासन प्रशासनमा वर्चस्व रहिरहेको कुरा सर्वविदित नै हो। सीमान्तकृत वर्गलाई राज्य सञ्चालनमा सहभागी गराउने कार्यमा २०४६ सालको आन्दोलनपछिको १६ वर्ष र लोकतन्त्र प्राप्ति पछि पनि जिम्मेवार दलहरूबाट उदासिनता र बेवास्ता गर्ने कार्य जारी रहनाले यो वर्गले राज्यप्रति विद्रोहलाई प्रत्यक्ष परोक्ष रूपले समर्थन गऱ्यो। शाही शासनद्वारा २०४७ को संविधान माथि 'कू' गरेपछि, संसदीय दलहरू र राज्य विद्राही पक्ष सम्झौता गरी २०६२/०६३ को आन्दोलनलाई उत्कर्षमा पुऱ्याएर शताब्दीयौंपछि देशका जनताले लोकतन्त्र प्राप्त गरे। यो उपलब्धिलाई संस्थागत गर्न युद्धरत पक्षलाई शान्तिपूर्ण तरिकाले मूलधारमा ल्याउन संविधान सभामार्फत् नयाँ संविधानको निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरियो।

यद्यपि २००७ सालदेखि नै संविधान सभाद्वारा संविधानको निर्माण गर्नुपर्ने आवाज उठेको र यस क्रममा २०४६ को जनआन्दोलन-१, २०६२/०६३ को जनआन्दोलन-२ र दुईपटक मधेस जन-विद्रोहको दौरानमा धेरै शाहदत प्राप्त गरे जसको लागि सम्पूर्ण राष्ट्र नै ऋणी रही रहने कुरामा कसैको द्विमत नहोला। ती सबै शहीदहरूप्रति तमलोपाले हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ।

लोकतन्त्र प्राप्तिपछि शान्ति सम्झौता हुँदै माओवादीसहितको व्यवस्थापिका-संसद र सरकारको गठन सकारात्मक पक्षको रूपमा लिनुपर्दछ। तर सीमान्तकृत वर्गको उत्थानको नाममा शुरु गरिएको जनयुद्ध र सबैको सक्रिय सहभागिताबाट प्राप्त लोकतन्त्रीय व्यवस्थामा पनि आएको अन्तरिम संविधानमा यही वर्गप्रति देखाइएको घोर उपेक्षाले यो वर्ग पुनः ठगिएको कुरा महसुस गरी आन्दोलित हुन पुग्यो। यहि क्रममा शताब्दियौंदेखि उपेक्षित मधेसी समुदाय त ऐतिहासिक मधेस जन-विद्रोहमा लाखौं लाखको जन-समुद्र जसमा पहिलो पटक गृहस्थीको दायराबाट बाहिर निस्केर हजारौंको संख्यामा महिलाको समेत उपस्थिति रह्‍यो तर स्थापित नेतृत्वको अभाव र सात दलीय सरकारको ठग्ने प्रकृति (कुटिलता) ले उपलब्धि अत्यन्त न्यून रह्‍यो। ऐतिहासिक मधेसी आन्दोलन विभेदी मानसिकतायुक्त नेतृत्व विरूद्धको जनघोष थियो तर शासक समूहको सोंचमा परिवर्तन आएन। सातदल र तिनको नेतृत्व संविधानसभालाई सीमान्तकृत वर्गको हितमा सार्थक बनाउने कार्यमा लाग्नुको सट्टा पद र सत्ताको भागबण्डा गर्दै सत्ता लम्ब्याउने कार्यमा मात्र लागिरहे।

यसै परिप्रेक्ष्यमा संसदीय क्षेत्र निर्धारण आयोगको भेदभाव र बदनीयतपूर्ण प्रतिवेदनको विरोधमा ३४ दिनसम्म व्यवस्थापिका-संसदको कार्यवाही अवरूद्ध पारेका सांसदहरूले बारम्बार बैठक बसी तराई-मधेसको यावत् समस्याहरूका बारेमा छलफल गरे तथा सम्पूर्ण तराई-मधेसको दह्रो नेतृत्व एकजुट भई बलियो राजनीतिक दल तैयार नगरेसम्म अप्ठ्यारा र अपमानबाट मधेसलाई मुक्त गराउन नसकिने निष्कर्ष निकाले। तथाकथित राष्ट्रियस्तरका राजनीतिक दलहरूका नेतृत्व तहमा रहेका समूह विशेषमध्ये अधिकांशले मधेसको सम्बन्धमा गोहीको आँसु बगाउन सक्छन् तर मधेसी समुदायलाई सकारात्मक परिणाम दिन सहजरुपमा तैयार छैनन् भन्ने तथ्यलाई हृदयङ्गम गरेर सैद्धान्तिक सहमति गरी त्यसैको कार्यान्वयनको क्रममा मन्त्री पद,

व्यवस्थापिका–संसद र आ–आफ्नो दलको जिम्मेवारी छाडी बृहत राजनीतिक शक्ति निर्माण अभियानमा लाग्ने कार्य प्रारम्भ गरियो । यस कार्यले तराई मधेसमा नयाँ विश्वास, उत्साह र उर्जा सृजित गरी आत्मनिर्णयको अधिकारसहितको स्वायत्त मधेस प्रदेशको स्थापना गरी शोषित, पीडित र उपेक्षित तराई–मधेसलाई विकसित, समृद्ध र शान्त बनाउने उद्देश्यका साथ दरो र वास्तविक राष्ट्रिय एकताको निर्माण गर्ने उद्देश्यले गणतन्त्रात्मक लोकतान्त्रिक बहुदलीय संसदीय व्यवस्था, स्वतन्त्र न्यायपालिका, विश्व अनुमोदित मौलिक हक र मानवअधिकारको ग्यारेण्टीयुक्त कानूनी राज्यको अवधारणा एवम् जनता नै सार्वभौम रहने सङ्घीय लोकतान्त्रिक गणराज्य स्थापना गरी सकारात्मक विभेदद्वारा वर्तमान सामाजिक असमानता न्यून गर्दै जाने तथा उदार मिश्रित अर्थ व्यवस्थाको अनुकरण गर्दै खुला बजार र निजी क्षेत्रको लगानीमा अभिवृद्धिका साथ उच्च विकास दर हासिल गर्ने तथा राज्यद्वारा ग्रामीण क्षेत्रको लागि गरिबी निवारणका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने लक्ष्य राखेर पुष १३ गते यो तराई–मधेश लोकतान्त्रिक पार्टीको गठन गरिएको हो।

६ दिनको सानो अवधिभित्र तपलोपा संविधानसभाको चुनावलाई औपचारिकता र यथास्थितिमा मात्र सीमित राखी यसलाई तराई–मधेसका जनताको लागि सार्थक र उपलब्धिपूर्ण बनांउने उद्देश्यले प्र.म. समक्ष १५ दिनको अल्टिमेटम साथ ११ बुँदे ज्ञापनपत्र पेश गऱ्यो । सरकारको बेवास्ता र अकर्मण्यताविरुद्ध १५ दिनसम्म विरोध कार्यक्रम सञ्चालित गरियो जसमा ठूलो जनसमर्थन प्राप्त भए पनि मधेसको समस्यालाई गम्भीर रूपमा नलिने सरकारी दृष्टिकोणमा कुनै परिवर्तन भएन।

यसै क्रममा शान्तिपूर्ण मधेसवादी दलहरूसँग सहकार्य गरी लक्ष्यसम्म पुग्ने रणनीति अनुसार माघ २५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको निर्माण गरी तमलोपाको ११ बुँदे ज्ञापनपत्रलाई आधार बनाई ६ बूँदे मागका साथ फागुन १ गतेदेखि अनिश्चितकालीन हड्ताल र ५ गतेदेखि नाकाबन्दीको घोषणा भयो । यस सहकार्य र घोषणाले मधेसमा अभूतपूर्व जागरण ल्यायो र पहिलो पटक झापादेखि कञ्चनपुर सम्मका जनता र सम्पूर्ण सीमान्तकृत वर्ग (थारू लगायत सबै मधेसी, जनजाति, आदिवासी समुदाय) एकजुट भई सरकारको विपक्षमा एक्येबद्धताको प्रदर्शन गरे।

सरकारद्वारा दमन, फुट र साम्प्रदायिक सद्भाव विथोल्ने षड्यन्त्रहरूलाई चिर्दै अन्ततः १६ दिनपछि ६ बूँदे मागका साथ विगतमा सहमति गरेका तर कार्यान्वयन नभएका बुँदाहरूसमेत राखी आठबुँदे सहमति भयो जसको फलस्वरूप मधेसले पहिलो पटक राज्यद्वारा मधेस–प्रदेशको स्थापना स्वीकार गरिनुको साथै अन्तर्राष्ट्रिय समुदायको समेत समर्थन र कार्यान्वयन पक्षमा जोड दिनुपर्ने आशयका साथ विज्ञप्तिहरू प्रकाशित भए।

पहिलो मधेस जनविद्रोहभन्दा फरक दोस्रो मधेस जनआन्दोलनको विशेषता अपेक्षाकृत कम क्षति र कम समयावधिमा बढि उपलब्धिको प्राप्ति रह्यो र यसको लागि शान्तिपूर्ण आन्दोलनलाई जिम्मेवारीपूर्ण तवरले सञ्चालन गर्नु र वार्ताको टेबुलमा तार्किक प्रस्तुति नै मूलभूत कुरा रहे मधेसको स्थापित र अनुभवी नेतृत्वको साथै आन्दोलनबाट आएको नेतृत्वको सम्मिलित प्रयासले यो सम्भव भएको कुरा तमलोपाको निष्कर्ष हो । यद्यपि यस आन्दोलनमा घाइते भएका आन्दोलनकारी र शहादत प्राप्त गरेको शहीदहरूको योगदान चिरस्मरणीय रहने कुरामा कसैको विमति नहोला। यही भावनालाई हृदयङ्गम गरी तमलोपाले संविधानसभाको निर्वाचनको समानुपातिक प्रणालीको लिस्टमा शहीद परिवारका व्यक्तिहरूलाई समावेश गरी उच्च सम्मान व्यक्त गर्ने प्रयास गरेको छ।

हाल जनमोर्चा, नेपालको सङ्गठन विस्तार ७५ वटै जिल्लामा भइसकेको छ। सदस्य संख्या लाखौं पुगेको छ। सक्रिय कार्यकर्ताको संख्या हजारौं छ भने करिब हजारको संख्यामा पूर्णकालीन (होलटाइमर) एवम् स्वयमसेवकहरू खटिरहेका छन्। जनमोर्चा, नेपालले देश जनताको पक्षमा विगतमा खेलेको भूमिकाको मूल्याङ्कन गर्दै आज पनि अन्य पार्टीहरूबाट हजारौं नेता, कार्यकर्ताहरू प्रवेश गरिरहेका छन्। संविधानसभा निर्वाचनको लागि जनमोर्चा, नेपालले समानुपातिक तर्फ ३३५ जना र प्रत्यक्ष निर्वाचनको लागि ७२ जिल्लामा आफ्ना उम्मेदवारहरू उठाएको छ।

जनमोर्चा, नेपालको उद्देश्य :

जनमोर्चा, नेपालको मूल राजनीतिक उद्देश्य हो, राजतन्त्रको अन्त्य, सामन्तवादको अन्त्य, साम्राज्यवादी–विस्तारवादी हस्तक्षेपको अन्त्य, क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय उद्योगधन्दाको विकास र किसान–मजदुर, महिला, दलित, आदिवासी–जनजाति, मधेसी–तराईवासी, मुस्लिम, दुर्गम क्षेत्रका निवासी, बालबालिका, अपाङ्ग र अशक्तलगायत सम्पूर्ण शोषित–उत्पीडित वर्गसमुदायका जनतामाथिको सबै प्रकारको शोषण उत्पीडनको अन्त्य गरी जनसहभागिता र भावनाअनुसार शासन चल्ने एक स्वाधीन एवम् समुन्नत जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण गर्ने संवैधानिक आधार तयार गर्न प्रतिबद्ध छ। दीर्घकालीन रुपमा अझ त्यसभन्दा अगाडि बढ्दै सम्पूर्ण क्रान्ति, अर्थात् समाजवाद साम्यवादको प्राप्तिको लक्ष्य पूरा गर्न चाहन्छ।

संविधानसभाबाट बन्ने नयाँ संविधान र अग्रगामी परिवर्तनबारे हाम्रो दृष्टिकोण, मान्यता र प्रतिबद्धताहरू :-

नेपाली जनताले अहिलेसम्म गरेका सबै सङ्घर्षहरूको उद्देश्य राज्य र समाजको अग्रगामी पुनसंरचना गर्नु हो। पुनःसंरचना भनेको पुरानोलाई भत्काएर वा फालेर नयाँ निर्माण गर्ने काम हो। ऐतिहासिक जनआन्दोलन ०६२/६३ ले के सावित गऱ्यो भने देश आजसम्म जसरी चल्यो, अब त्यसै गरी चल्न सक्दैन। जनआन्दोलनको आकांक्षा थियो–नयाँ नेपालमा राजतन्त्रको अन्त्य हुनुपर्छ। पुरानो राज्य व्यवस्थाको सेना, प्रहरी, कर्मचारीतन्त्र र प्रशासन प्रणाली सबैमा नयाँ ढङ्गले संरचना गरिनुपर्दछ। सामन्तवादी शोषणको अन्त्य र साम्राज्यवादी हस्तक्षेपको अन्त्य गरिनुपर्दछ। जातीय विभेद, सांस्कृतिक उत्पीडन एवं रुढिवाद र अन्धविश्वासको अन्त्य गरिनुपर्दछ। जनता सार्वभौम बन्नुपर्दछ। केही जातिवर्गको प्रभुत्वमा रहेको काठमाडौं

केन्द्रित राज्यसत्ता परिवर्तन गरी पूर्ण स्वायत्ततामा आधारित सङ्घीय राज्य बनाइनुपर्दछ । किसान-मजदुर, दलित, आदिवासी, जनजाति, मधेसी, महिला, अल्पसंख्यक जाति, हिमाली तथा दुर्गम क्षेत्रका निवासीहरू शासनको समान हकदार बन्नुपर्दछ । हिजोको नेपालमा धनी झन् धनी र गरिब झन् गरिब बन्दै गएका कारण जनआन्दोलनले विद्रोहको रुप लियो र मुलुक प्रतिगमन, सशस्त्र द्वन्द्व र वैदेशिक हस्तक्षेपको चपेटामा फस्यो । तर, अबको नेपाल राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक दृष्टिले उन्नत एवं न्यायपूर्ण बन्नुपर्छ । राज्य पुनःसंरचना भनेको सारमा यही हो । अतः जनमोर्चा, नेपाल नयाँ नेपाल निर्माणको निम्ति "राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै जनमुखी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं" भन्ने मुल नाराका साथ निम्न प्रतिबद्धता पूरा गर्न संविधानसभामा आफ्नो प्रभावशाली उपस्थिति जनाउन चाहन्छ :-

नेपाली जनतालाई वास्तविक अर्थमा सार्वभौमसत्ता सम्पन्न बनाई अग्रगामी नयाँ संविधान निर्माण गर्न र विधिको शासन, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, नागरिक मौलिक हक र पूर्ण प्रेस स्वतन्त्रतासहित लोकतन्त्रलाई संस्थागत गर्न ।

नेपालको राष्ट्रिय सार्वभौमिकता एवं भौगोलिक अखण्डताको रक्षा गर्न, साम्राज्यवादी तथा विस्तारवादी विदेशी शक्तिहरूको हैकम तथा हस्तक्षेपलाई अन्त्य गर्न, असमान सन्धी सम्झौताहरू खारेज गर्न, अतिक्रमित भू-भाग फिर्ता गर्न, नेपाल-भारत खुला सीमालाई नियमित तथा व्यवस्थित गर्न, सिक्किमीकरण, भूटानीकरण एवम् विखण्डीकरणको षड्यन्त्र एवं खतरालाई परास्त गर्न र नेपाललाई पूर्ण स्वाधीन बनाउन ।

राजतन्त्रलाई समुल अन्त्य गरी पूर्ण राजनैतिक स्वतन्त्रता, राष्ट्रिय स्वाधिनता र आर्थिक अधिकार एवं समृद्धि सहितको जनमुखी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न ।

संविधानसभाबाट बन्ने नयाँ संविधानमा जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य कुनै पनि अपरिवर्तनीय प्रावधान नराख्ने ।

धर्मनिरपेक्ष राज्यको मान्यतालाई व्यवहारिक रुपमै लागु गर्न र नागरिक स्वतन्त्रताको प्रत्याभूत गर्न । नेपाली सेनाको लोकतान्त्रिकीकरणका साथ माओवादी सेनालाई समायोजन गरी जनप्रतिनिधि संस्थाप्रति उत्तरदायी रहने दक्ष नेपाली राष्ट्रिय सेनाको निर्माण गर्न, सुदृढ आन्तरिक राष्ट्रिय एकता र आमजनताको न्यूनतम अनिवार्य सैन्य तालिमलाई राष्ट्रिय सुरक्षाको मूल आधार बनाउन ।

जनतालाई आफूले चुनेका प्रतिनिधिहरूलाई फिर्ता बोलाउन सक्ने प्रत्याह्वानको अधिकार प्रदान गर्न ।

राष्ट्रिय महत्त्वका मुलभूत मुद्दाहरूमा जनमत संग्रहद्वारा फैसला गर्ने जनअधिकारको व्यवस्था गर्न ।

सामन्ती एकात्मक एवं केन्द्रीकृत राज्यको अन्त्य गरी पूर्ण स्वायत्ततायुक्त जनमुखी लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय राज्यको स्थापना गर्न ।

जाति, भाषा, क्षेत्र, भुगोल, जनसंख्या, प्रशासनिक अनुकूलता र प्राकृतिक सम्पदा एवम् आर्थिक साधन श्रोत समेतलाई ध्यान दिई सबै क्षेत्रहरूका विज्ञहरू समाविष्ट राज्य पुनःसंरचना आयोगमा व्यापक छलफल र त्यसमाथि राष्ट्रिय वहस गरी संविधानसभाद्वारा सहमतिका आधारमा सङ्घीय संरचनाको ठोस प्रारुप तयार गर्न ।

आत्मनिर्णयको अधिकरको आधारमा जातीय, भाषीक र क्षेत्रीय स्वायत्तता एवम् स्वशासनलाई सुनिश्चित गर्न ।

आम जनताद्वारा वालिग मताधिकारका आधारमा राष्ट्राध्यक्ष (राष्ट्रपति) को निर्वाचन हुने, राष्ट्राध्यक्ष नै मुख्य कार्यकारी प्रमुख हुने, राष्ट्राध्यक्ष र प्रधानमन्त्रीमा कार्यकारी अधिकारको स्पष्ट बाँडफाँड हुने, केन्द्रमा दुई सदन र सङ्घीय इकाइहरूमा एक सदनात्मक व्यवस्थापिका हुने, तल्लो सदन जनताद्वारा प्रत्यक्ष निर्वाचन हुने, तथा माथिल्लो सदनमा सबै प्रादेशिक इकाइहरूबाट प्रतिनिधित्वका साथै राष्ट्रिय जीवनका विविध क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू मनोनित हुने, बहुमत प्राप्त दल सत्तापक्ष र अल्पमत विपक्ष हुने परम्परागत वेष्ट मिनिस्टर मोडेलको संसदीय प्रणालीको सट्टामा संविधानप्रति प्रतिबद्ध सबै दलहरू समानुपातिक प्रतिनिधित्वको आधारमा सरकारमा समावेश हुने सहमतीय शासन प्रणाली स्थापना गर्न ।

स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्न, राज्य र समाजको अग्रगामी पुनःसंरचना गर्न ।

जनआन्दोलनको एक मुख्य निर्देशको रूपमा दिगो शान्तिको स्थापना गर्न।

वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय, भाषिक–सांस्कृतिक र धार्मिक शोषण उत्पीडन र भेदभावको अन्त्यको लागि लोकतान्त्रिक अधिकारलाई सुनिश्चित गर्दै अघि बढ्न।

सामन्तवाद र दलाल तथा नोकरशाही पूँजीवादको अन्त्य गरी राष्ट्रिय पूँजी एवं उद्योगको सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै मिश्रित, समृद्ध एवं सवल अर्थतन्त्रको निर्माण गर्न र समग्र सामाजिक–आर्थिक रुपान्तरण गर्न।

जसको जोत उसको पोतमा आधारित क्रान्तिकारी भूमिसुधारद्वारा राजा, राजपरिवार र जमिन्दारहरूको जग्गा बिना क्षतिपूर्ति र हदबन्दीभन्दा कम जग्गा रहेका गयल भूमिपतिहरूको जग्गा क्षतिपूर्ति सहित राष्ट्रियकरण गरी भूमिहीन तथा गरिब किसान, सुकुम्बासी र कमैयाहरूलाई वितरण गर्न र समग्र कृषिक्रान्तिको कार्यक्रम लागू गर्न।

एक बृहत गुरुयोजना बनाई भूमि, वन, जलसम्पदा, पर्यटन, जडिबुटी र जनशक्तिको राष्ट्रियहितमा अधिकतम सदुपयोग गर्दै सुदृढ राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न र जनजीविकाका समस्याहरूको समाधान गर्दै आम जनताको जीवनस्तरलाई उन्नत बनाउन।

शिक्षा, स्वास्थ्य र रोजगारीलाई नागरिकको मौलिक अधिकार बनाई संवैधानिक तथा व्यवहारिक रुपमा सुनिश्चित गर्न।

वाक, प्रकाशनलगायतका सबै प्रकारको अभिव्यक्ति स्वतन्त्रता, नागरिकहरूको मौलिक हक एवम् अधिकार सुनिश्चित गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धी–सम्झौताको पालना गर्ने व्यवस्था गर्न।

लोकतान्त्रिक संस्कृतिको निर्माण गर्न र त्यसमा बाधा पुऱ्याउने सामन्तवादी संस्कृतिको उन्मूलन गर्न।

वन–वातावरण संरक्षण, सामुदायिक वनविनास, जैविक सुरक्षा र त्यसमाथिको आनुवंशिक अधिकार कायम गर्न व्यवस्था गर्न।

व्यापक औद्योगिकरण र रोजगारी सिर्जना गरी युवा प्रतिभा पलायनको स्थिति अन्त्य गर्ने व्यवस्था गर्न।

रेलमार्ग, मोटर बाटो, रोपवे, हवाई सेवा र जल यातायातको विकासद्वारा मुलुकभरि यातायातको सञ्जाल निर्माण गर्ने नीति र योजना निर्माण गर्न।

नेपालको औद्योगिकरणको अभियानमा राष्ट्रिय पुँजीपति एवम् गैरआवासीय नेपालीहरूको सुरक्षित पुँजी लगानीको नीति तयार गर्न, निर्यात व्यापारलाई गुणस्तरयुक्त एवं प्रतिस्पर्धी बनाउँदै त्यसको विविधीकरण गर्ने व्यवस्था गर्न।

कृषि उत्पादकत्वमा बृद्धि, औद्योगिकीकरण, होटल एवम् पर्यटन क्षेत्रको विकास, सञ्चार प्रविधिको विकास आदिद्वारा एक स्वाधीन, शान्त र समृद्ध नेपाल निर्माणको आधार तयार पार्न।

मजदुर, किसान मधेशी, आदिवासी–जनजाति, दलित, महिला, पिछडिएको क्षेत्र हिमाली क्षेत्रको जनसुमदाय र अल्पसंख्यक समुदायको स्वाभिमान र हकहितको रक्षा गर्न, उनीहरूले उठाउँदै आएका न्यायपूर्ण एवं आधारभूत मागहरूलाई सम्बोधन गर्न, उनीहरूलाई राज्य र प्रशासनमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न।

शदियौंदेखि सामन्ती एकात्मक एवम् केन्द्रीकृत राज्यबाट मधेशी जनजाति भइरहेको शोषण, उत्पीडन, भेदभाव र असमान व्यवहारको पूर्ण अन्त्य गर्न, मधेशी जनताको आन्दोलनले उठाएका सम्बोधन हुन बाँकी मुद्दाहरूलाई सम्बोधन एवं समाधान गर्न।

महिलामाथिको सबै प्रकारको भेदभाव र हिंसा उत्पीडन अन्त्य गर्न वंश अंश र प्रजननमा पूर्ण स्वअधिकारको व्यवस्था गर्न।

मजदुरलाई सबै प्रकारको पेशागत ग्यारेन्टी गर्दै औद्योगिक व्यवस्थापनमा समेत सहभागी बनाउने व्स्था गर्दछ।

राज्य प्रशासनलाई भ्रष्यचारमुक्त, पारदर्शी, छिटेछरितो चुस्त एवम् जनमुखी बनाउने व्यवस्था गर्न।

कर्णाली एवम् अन्य कति पिछडिएका क्षेत्रको विकासको निम्ति विशेष व्यवथा गर्न,

दलित समुदायमाथि भइरहेको शोषण उत्पीडनको अन्त्य गर्न, भूमिसहित सम्पूर्ण क्षेत्रमा आरक्षण अधिकार प्राप्त गर्न र छुवाछूतलाई गम्भीर सामाजिक अपराध पोषण गरी कडा सजायँको व्यवस्था गर्न।

राज्यसत्ताबाट लामो समयदेखि शोषण उत्पीडन र भेदभावद्वारा पछाडि पारिएका आदिवासी जनजाति, दलित, महिला, मधेसी पिछडिएको क्षेत्र हिमाली र अल्पसंख्यक समुदायलाई अरु सरह समान हैसियतमा नपुग्दासम्मका लागि आरक्षणको विशेष अधिकार प्रदान गर्न।

बृद्ध, अपाङ्ग, बालबालिका, एकल महिला र अन्य अशक्त एवम् उपेक्षित जनसमुदायको जीवन रक्षा तथा राष्ट्रिय जीवनमा सम्मानजनक भूमिका एवम् सहभागिता सुनिश्चित गर्न।

पूर्ण स्वाधिन, लोकतान्त्रिक, समृद्ध एवम् समुन्नत नयाँ नेपालको निर्माणद्वारा महान सहिदहरूको सपना साकार पार्न, र सहिदहरूप्रति सच्चा श्रद्धाञ्जली अर्पण गर्न,

वर्तमान सामन्त, दलाल तथा नोकरशाही पूँजीपति वर्गको प्रतिक्रियावादी राज्यसत्ता र अर्धसामन्ती–अर्ध औपनिवेशिक सामाजिक आर्थिक संरचनामा आमूल परिवर्तनका लागि पूँजीवादी क्रान्तिका ऐतिहासिक कार्यभारहरू पूरा गर्दै शोषित–पिडीत सर्वहारा श्रमजीवि वर्ग एवम् जनताको पूर्ण मुक्तिका निम्ति क्रान्तिकारी परिवर्तनको दिशामा अघि बढ्ने आधार तयार पार्न।

राज्यको पुनःसंरचना

आगामी संविधानमा हाल विद्यमान केन्द्रीकृत एकात्मक राज्यव्यवस्थाको स्थानमा सङ्घात्मक संरचना हुनेछ। अखण्ड अविभाज्य सार्वभौमसत्ता सम्पन्न नेपालभित्र आत्मनिर्णयको आधारमा स्वशासनसहितका स्वायत्त प्रदेशहरू रहनेछन्। जाति, भाषा, जनसंख्या, क्षेत्र, भुगोल, प्रशासनिक अनुकूलता र प्राकृतिक सम्पदा एवं आयश्रोत समेतलाई ध्यान दिई सबै क्षेत्रका विज्ञहरू समाविष्ट राज्य पुनःसंरचना आयोगमा व्यापक छलफल गरी संविधानसभाद्वारा सङ्घीय संरचनाहरूको सीमा, स्वरुप र संख्या निर्धारण गरिनेछ। जातीय, भाषिक र क्षेत्रीय स्वायत्तता र स्वशासनलाई सुनिश्चत गरिनेछ। यसको राजनीतिक–प्रशासनिक ढाँचामा केन्द्रीय, सङ्घीय र स्थानीय तहहरू हुनेछन्। यसमा बहुमतको सत्ता र अल्पमतको विपक्ष हुने **"वेष्ट मिनिस्टर"** मोडेलको संसदीय प्रणालीको स्थानमा विधायिकामा पुग्ने दलहरूको समानुपातिक प्रतिनिधित्वको आधारमा सहमतीय शासन प्रणाली लागु गरिनेछ।

केन्द्रीय संरचना

(क) व्यवस्थापिका :

केन्द्रमा दुई सदनात्मक व्यवस्थापिका रहनेछ। एक, जनप्रतिनिधिसभा र दुई, माथिल्लो सदन। जनप्रतिनिधिसभाको निर्वाचन प्रत्यक्ष वालिग मतदानद्वारा समानुपातिक प्रतिनिधित्वको आधारमा हुनेछ। प्रतिनिधिसभा सदस्यलाई निश्चित संख्या र विधिको आधारमा प्रत्याह्वान गर्न सकिने अधिकार मतदातामा सुरक्षित रहनेछ। माथिल्लो सदनको गठन हरेक प्रादेशिक सदनबाट निर्वाचित गरी पठाएका सदस्यहरू र मन्त्रीपरिषद्को सिफारिशमा राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट राष्ट्रपतिद्वारा मनोनित सदस्यहरूबाट हुनेछ। दुवै सदनका सदस्यहरूको संख्या संविधानसभाद्वारा निर्धारित गरिनेछ।

(ख) कार्यकारिणी :

(क) ***राष्ट्रपति :–*** राष्ट्रप्रमुख र कार्यकारी प्रमुख राष्ट्रपति हुने छन्। राष्ट्रपतिको निर्वाचन वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुनेछ। उनी सिधै जनताप्रति उत्तरदायी हुनेछन्।

(ख) ***प्रधानमन्त्री :–*** प्रधानमन्त्रीको निर्वाचन दुवै सदनको संयुक्त बैठकको बहुमतद्वारा हुनेछ। उनी व्यवस्थापिकाप्रति पूर्ण उत्तरदायी हुनेछन्। राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकारी अधिकारको बाँडफाँड नयाँ संविधानले निर्धारण गर्नेछ।

(ग) न्याय प्रणाली

केन्द्रमा सर्वोच्च न्यायालय र स्वायत्त प्रदेशमा प्रादेशिक न्यायालय रहने व्यवस्था हुनेछ।

प्रादेशिक संरचना :

स्वायत्त प्रदेशहरूमा एक सदनात्मक व्यवस्थापिका रहनेछ। उनीहरूको कार्यकारीणीको संरचना नयाँ संविधानमा व्यवस्था गरिनेछ। उप-स्वायत्त क्षेत्रको राजनीतिक, प्रशासनिक, न्यायिक स्वरुप स्वायत्त सङ्घहरू स्वरुप निर्भर रहनेछ।

राष्ट्रियताबारे

नेपाल सानो देश भए तापनि जाति, भाषा, संस्कृति, धर्म र भौगोलिक बनोट आदि कारणले विविधतायुक्त छ। यी विविधताको स्वेच्छिक र सम्मानजनक रुपबाट निर्मित एकत्व भाव नै राष्ट्रियताको मूल चुरो हो। तर सामन्तवादी निरंकुश राजतन्त्रले आफूलाई राष्ट्रिय एकता र सम्प्रभूताको प्रतीक बनाएर जनतामा **"फुटयऊ र शासन गर"** को नीति लादिरह्यो। १२ वर्षे बहुदल कालमा समेत लेखाइमा केही अन्तर भए पनि जनता र जनताको एकता नै राष्ट्रको तागत हो भन्ने कुरालाई व्यवहारबाट पुष्टि गरिएन। शासन निरंकुश बन्ने र जनतालाई कमजोर बनाउने नीति नै राष्ट्रियता हो भन्ने खालको घातक चिन्तन राखियो। राष्ट्रियतासम्बन्धी दूरगामी प्रभावका निर्णयहरू गर्नुपर्दा शासकवर्गले नेपाली जनताको भावना नबुझ्ने र विदेशीबाट अत्यधिक प्रभावित र अझ निर्देशित हुने दुर्भाग्य नेपाली राष्ट्रियताले बेहोर्दै आएको छ। आज पनि देशका आन्तरिक मामिलामा राजनेताहरू र सरकार बोल्नुअघि विदेशी राजदूतहरूले निर्देशित गर्दैछन् र त्यसलाई राज्यनियन्त्रित संचारमाध्यमले नै अझ बढाई चढाई गरी प्रसारण गर्छन्।

दुई विशाल छिमेकी देशमध्ये २०१६ सालपछि मित्र राष्ट्र चीनसँग हाम्रा खासै विवादहरू छैनन्। तर पछिल्लोचोटी लिपुलेक भञ्ज्याङ्लाई भारतीय नियन्त्रणभित्र रहने गरी दिएको विज्ञप्ति हाम्रो लागि स्वीकार्य छैन। जहाँसम्म भारतको कुरा हो, भारतीय शासकवर्गको विस्तारवादी नीति र हाम्रा शासकवर्गको आत्मसमर्पणवादी नीतिले हाम्रो राष्ट्रियता सधैं प्रताडित रहेको छ। विगतमा गरिएका कोशी-गण्डकी, टनकपुर, महाकाली आदि असमान एवं राष्ट्रघाती सन्धिहरू यसैका परिणाम हुन्। आज भारतद्वारा एकतर्फी रुपमा सीमावर्ती क्षेत्रमा निर्मित बाँध र त्यसबाट पैदा भएको डुबान समस्या यसैको परिणत हो। कालापानीमा भारतीय सेनाको नियन्त्रण र निरन्तर बढिरहेको सीमा अतिक्रमण, जनसांख्यिक अतिक्रमण, नागरिकताबारेको अतिक्रमण, बजार एकाधिकारिता यसैको परिणाम हो। आज मधेसी आन्दोलनको आवरणमा बेहोर्नुपरेको हिंसा र आतङ्कमा भारतीय शासनवर्गको मौनता थप रहस्यको विषय बनेको छ र मुलुकमा भुटानीकरण, फिजीकरण वा सिक्किमीकरणको खतरा बढ्दै छ। त्यसैले आज राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताप्रति अत्यन्त संवेदनशील बन्नु जरुरी छ। पश्चिमेली साम्राज्यवादी-हरूका आर्थिक, राजनीतिक तथा कुटनीतिक हस्तक्षेपहरू पनि कम चुनौतिपूर्ण छैनन्। नयाँ नेपालमा देश स्वाधीन नहुने तर नागरिक सार्वभौम हुने भन्ने कुरा मिल्दैन। अतः हाम्रो पार्टीले संविधानसभाको निर्वाचनसँगै असमान सन्धिको खारेजीसहित राष्ट्रियतामाथिका सबै हस्तक्षेपको विरुद्धमा राष्ट्रियताको आन्दोलनलाई समेत जोडेर लैजानेछ।

राष्ट्रिय सुरक्षा

नेपाली सेनालाई मूलुकका विभिन्न जाति, वर्ग, क्षेत्रको प्रतिनिधित्व हुने गरी समावेशी बनाउनु पर्दछ। त्यसमा माओवादी सेनालाई समायोजन गरी राष्ट्रिय सेना बनाउनुपर्छ। देशका हरेक युवालाई अनिवार्य एवं आधारभूत सैनिक तालिम दिइनुपर्दछ। सेनालाई निश्चित साइजभित्र राखिनुपर्छ, तर त्यसलाई आधुनिक सुविधा सम्पन्न बनाउनुपर्दछ। आन्तरिक रुपमा शान्तिसुरक्षा कायम गर्न प्रहरी बललाई दक्ष एवं तालिम प्राप्त बनाउनुपर्दछ। प्रहरीलाई केन्द्रीय र प्रादेशिक रुपमा रहने व्यवस्था गर्नुपर्दछ। खासखास अवस्थामा नागरिक सुरक्षादल गठन गर्ने व्यवस्थासमेत हुनुपर्दछ।

सुशासन

प्रशासन एवं प्रशासकहरू जनताका सेवक हुन् भन्ने कुरालाई जोड दिनुपर्दछ। कुनै शासक-प्रशासनले जनतासँग गर्नुपर्ने र गर्न नहुने व्यवहारबारे कानुनमा स्पष्ट व्यवस्था गरिनुपर्दछ। भ्रष्टाचारलाई अत्यन्त कडा दण्डनीय बनाउनुपर्दछ। सरकारी सेवामा रहेका हरेक व्यक्तिको सम्पत्ति प्रत्येक वर्ष सार्वजनिक गराउनुपर्दछ। ढीलासुस्ती अन्त्य गरिनुपर्दछ। प्रशासनिक कामलाई छिटोछरितो, सरल र पारदर्शी बनाइनुपर्दछ।

परराष्ट्र सम्बन्ध

पारस्परिक समानता, आपसी हित र अहस्तक्षेपलाई परराष्ट्र सम्बन्धको मुख्य आधार बनाउनुपर्दछ। संयुक्त राष्ट्रसंघ बडापत्रको कदर गर्दै नेपालको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र आर्थिक समृद्धी एवम् स्वाधीनतालाई सर्वोपरी राखी विश्वका सबै मुलुकहरूसँग सम्बन्ध विस्तार गर्नुपर्दछ। भारतसँग भएको १९५० को सन्धि र अरु सबै असमान सन्धिहरू खारेज गर्नुपर्दछ। नेपाल-भारत खुल्ला सीमा बन्द गरी यसलाई नियमित र व्यवस्थित गर्नुपर्दछ।

नेपालको सामाजिक-आर्थिक रूपान्तरणबारे हाम्रो दृष्टिकोण (Vision) :

भूमि, भूमिसुधार र भूमि व्यवस्थापन :

'जसको जोत उसको पोत' को आधारमा क्रान्तिकारी भूमिसुधार गरिनेछ। राजा, राजपरिवार, ठूला जमिनदार, गुठी, विर्ता वा कसैको पनि हदबंन्दीभन्दा बढीको जमीन बिना क्षतिपूर्ति र हद बन्दीभन्दा कम जमिन भएका अनुपस्थिति भू-स्वामीको जमिन क्षतिपुर्ति सहित राष्ट्रियकरण गरी सुकुम्बासी, कमैया, हरूवा, चरुवा आदिलाई उत्पीडित जाति, वर्गको प्राथमिकताको क्रममा वितरण गरिनेछ। निजी स्वामित्व वा संघसंस्थाको स्वामित्वको जमिन समेत बाँझो राख्न नपाइने गरी भूमि कानुन बनाइनेछ।

कृषि व्यवसायलाई कृषकहरूको सहमतिअनुसार साझा, सामुदायिक र निजी गरी तीन प्रकारको उत्पादन प्रणालीमा लगिनेछ। खण्डीकरणलाई रोक्न विशेष प्रोत्साहन गरिनेछ। कृषिमा अनुदान र सहुलियतपूर्ण ऋण नीति लागु गरिनेछ। परम्परागत स्थानीय सीप प्रविधि र बीउबिजनको आनुवंशिकताको रक्षा र विकासमा ध्यान दिइनेछ। कृषिबजार र कृषि सडक निर्माणको योजनाबद्ध विकास गरिनेछ। रासायनिक मलको परनिर्भरता कम गर्न स्वदेशमै कारखाना स्थापना गर्नुको साथै जैविक मल प्रयोगलाई विशेष प्रोत्साहन गरिनेछ। अवैध एवं अनियन्त्रित कृषि उत्पादनको आयातलाई नियन्त्रण गरिनेछ। पशुपालन, मासु, दुग्ध उत्पादन तथा नगदेवालीको उत्पादनलाई बाह्य बजारको लागि समेत प्रतिस्पर्धी बनाइनेछ। कृषिजन्य उत्पादनको बजार ग्यारेन्टी राज्यले दिनेछ। आगामी दश बर्षमा सिंचाई योग्य जमिनको ६० प्रतिशतमा सिंचाई सुविधा पुऱ्याउनेछ, उत्पादनमा अधिकतम आधुनिक प्रविधिलाई भित्र्याइनेछ। बाढीपहिरो, सुख्खा र असिनाको कारणले कृषि उत्पादनमा ठूलो क्षति हुन गएमा राज्यले अनुदान दिने र पशु बीमाको समेत व्यवस्था गरिनेछ। बढीभन्दा कृषिमा आधारित उद्योगहरूको विकासमा ध्यान दिइनेछ।

जलश्रोत सम्बन्धी नीति

मुलुकको अपार जलश्रोतलाई देश विकासको सर्वोपरि प्राकृतिक सम्पदाको रुपमा लिइनेछ। विद्युत उत्पादन, सिंचाई, मत्स्यपालन, बाढी नियन्त्रण, ऱ्याफ्टिङ र जल यातायात तथा खानेपानी प्रशोधन र निर्यात जस्ता कुरामा प्राथमिकता क्रमअनुसार लगानी केन्द्रीत गरिनेछ। जलसम्पदा कब्जा गर्ने उद्देश्यले लाइसेन्स लिने र बढाबढमा बेचबिखन गर्ने जलमाफियाहरूका लाइसेन्स रद्द गरिनेछ। साना र मझौला विद्युत उत्पादनलाई आजको प्राथमिकतामा राख्ने र तिनको निम्ति अधिकतम स्वदेशी पूँजी र प्रविधि लगानी गर्ने कुरालाई प्राथमिकता दिइनेछ। बृहत परियोजनाबारे भएका गलत सम्झौता रद्द गरिनेछ, तिनलाई विदेशी लगानीकर्ताका दाऊपेच र शर्तबन्दीबाट मुक्त गरिनेछ। आगामी दश वर्षभित्र देशको ९० प्रतिशत विद्युतीकरण गर्ने योजनासाथ कार्य गरिनेछ र विद्युत सस्तो र सुलभ तुल्याइनेछ। गार्हस्थ जीवनमा आयातित खनिज इन्धनको निर्यातलाई सीमित गरिनेछ। दैनिक जीवनमा विद्युतको अधिकतम उपयोग गर्ने अवस्था सिर्जना गरिनेछ।

दीर्घकालीन विद्युत नीति तर्जुमा गर्दा कम्तीमा २० हजार मेघावाट विद्युत निर्यातको योजना बनाइनेछ। लामो दुरी र सहरी सार्वजनिक यातायातका साधनको विद्युतीकरण गरिनेछ। नेपालको मेचीदेखि महाकाली-सम्मका नदीहरूलाई चुरेको किनारैकिनार एउटै नहर प्रणालीमा ल्याई नदीहरूको अनन्त स्रोतको बहुपक्षीय उपयोग गर्ने दीर्घकालीन महापरियोजनाको योजना बनाइनेछ। भारतसँग भएका कोशी, गण्डकी र महाकाली जस्ता असमान सन्धीहरू रद्द गरी राष्ट्रिय हितलाई केन्द्रमा राखेर योजनाहरू परिचालन गरिनेछ।

उद्योग-वाणिज्य र मुद्रा

कथित उदारीकरण, भू-मण्डलीकरण र निजीकरणको नाराको आधारमा राष्ट्रिय अर्थतन्त्रमाथि खुला हस्तक्षेप गर्ने नीतिको नियन्त्रण गरिनेछ। उद्योगलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुका उद्योगहरू, आधारभूत राष्ट्रिय उद्योगहरू र प्रतिस्पर्धी एवं निर्यातमूलक उद्योगहरू गरी तीन श्रेणीमा विभाजन गरिनेछ। पहिलो सूचिमा पर्ने उद्योगलाई विशेष संरक्षण प्रदान गर्ने, दोश्रोलाई सामान्य संरक्षण दिने र तेश्रोलाई नीतिगत अनुकुलता सिर्जना गर्ने नीति बनाइनेछ। डब्लू.टि.ओ.को दबाबमा, साम्राज्यवादी वित्तिय संस्थाको निर्देशनमा कौडीको मूल्यमा राष्ट्रिय उद्योगहरूको निजीकरण गर्ने कुरालाई रोकिनेछ। सीमारहित खुलापनलाई परिसीमित गरिनेछ। हस्तकला र साना तथा घरेलु उद्योगहरूलाई WTO बाट मुक्त गरिनेछ। गैरआवासीय नेपालीको लगानी, विप्रेषण (रेमिट्यान्स) र वित्तिय बजारमा सञ्चित पैसालाई उद्योगमा प्रवाहित गर्न अनुकूल राष्ट्रिय लगानी नीति बनाइनेछ। नेपाली मुद्रालाई परिवर्त्य मुद्रामा लगिनेछ। नेपाली निर्यातको बजार विस्तार गर्ने कुरालाई परराष्ट्र नीतिको एक महत्त्वपूर्ण अङ्ग बनाइनेछ। भारतसँगको अत्यधिक व्यापारिक निर्भरता र व्यापारघाटा कम गर्न चीन र अन्य देशहरूसँगको व्यापारिक विकल्प खोजी व्यापार विविधीकरण गरिनेछ। स्वाधिन राष्ट्रिय अर्थतन्त्रको मुल नीतिमा असर नपर्ने गरी मात्र वैदेशिक पूँजी र प्रविधि भित्र्याइनेछ।

औद्योगिक उत्पादनमा बृद्धि नगरी राष्ट्रिय अर्थतन्त्र सुदृढ हुन सक्दैन। हाम्रो पार्टी औद्योगिक मजदुरहरूको हकहितको संरक्षण गर्दै औद्योगिक क्षेत्रमा शान्तिपूर्ण वातावरण निर्माण गर्न प्रयत्नशील रहनेछ।

यातायात

अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरी देशका महत्त्वपूर्ण भू-खण्डहरूलाई यातायातको सञ्जालभित्र ल्याइनेछ। तराईमा हुलाकी मार्गबाट र पहाडमा महाभारत श्रृङ्खलाबाट थप एक/एक वटा पूर्वपश्चिम राजमार्ग (हाइवे) निर्माण गरिनेछ। तराईबाट काठमाडौं जोड्ने द्रुत मार्गको निर्माण गरिनेछ। कोदारी मार्गलाई विस्तार गर्ने र थप पूर्वमा दुई र पश्चिममा तीनवटा नेपाल-चीन जोड्ने सडक निर्माण गरिनेछ। वीरगञ्ज-कलैया एवम् बागमती किनारकिनारै रेलमार्गले काठमाडौं जोडिनेछ। कोदारी- काठमाडौं रेलवे बनाइनेछ। तराईमा पूर्व-पश्चिम रेलवे निर्माण गरिनेछ। उदयपुर, चितवन, दाङ, सुर्खेत, पोखरा, काठमाडौं-जस्ता उपत्यकामा रिङ् आकारका आन्तरिक रेलसेवा सञ्चालन गरिनेछ। रेल यातायातलाई क्रमशः पूरै विद्युतीकरण गरिनेछ। हवाई सेवालाई प्रतिस्पर्धी बनाइनेछ। सम्भाव्य ठाउँमा रोपवे निर्माणलाई प्राथमिकता दिइनेछ। कोशी-कर्णालीजस्ता ठूला नदीहरूबाट समुद्रसम्म यातायातको अधिकार प्राप्त गर्न पहल गरिनेछ।

पर्यटन

पर्यटनलाई देशको महत्त्वपूर्ण उद्योगको रुपमा प्राथमिकताको सूचिमा राखिनेछ। विकासको लागि प्राकृतिक, ऐतिहासिक र धार्मिक महत्त्वका पर्यटकीय स्थलहरूको पहिचान गरी तिनको संरक्षणको योजना बनाइनेछ। सडक, विद्युत, होटलजस्ता भौतिक पूर्वाधारको साथै विभिन्न भाषा, संस्कृतिको आधारभूत ज्ञानसहितका पथप्रदर्शक, सहयोगी र पाक तालिम प्राप्त जनशक्ति तयार गरिनेछ। ग्रामीण पर्यटनका लागि विशेष योजनाहरू बनाइनेछ। पर्यटनलाई स्तरीय एवं प्रतिस्पर्धी बनाई आगामी पाँच वर्षमा पर्यटक संख्या १०० प्रतिशतले बृद्धि गरिनेछ।

आई. टी. (संचारप्रविधि) उद्योग

आधुनिक युगमा सञ्चारको जाल शरीरका नसाझैं जीवनको अभिन्न अङ्ग बन्दैछ। विशेषगरी कम्प्युटर सफ्टवेयरलाई २१ औं शताब्दीको सूचना सञ्चार र अर्थोपार्जनको ४ अनन्त सम्भावनाको क्षेत्रको रुपमा हेरिएको छ। हाम्रो जस्तो औद्योगिक वस्तु आयात निर्यातको लागि यातायातको विशेष समस्या भएको देशमा एउटै ठाउँमा रहेर पनि विश्व बजारको सहजै पहुँच हुनसक्ने उद्योग भनेको सञ्चारप्रविधि नै हो । त्यसैले कम्प्युटर सफ्टवेयर उद्योगको विकासलाई अति महत्त्वका उद्योगमा राखी लगानी प्रबर्द्धन गरिनेछ।

रोजगारी प्रबर्द्धन र गरिबी निवारण

आज देशको दशौं लाख ऊर्जाशिल युवा जनशक्ति गरिबीको पीडा र रोजगारीको खोजीमा विदेशिएको छ। शारीरिक श्रममा निर्भर जनशक्ति, अर्धदक्ष जनशक्ति र पूर्ण दक्ष एवं उच्चस्तरको जनशक्ति सबैका लागि विदेशको रोजगारी प्रथम गन्तव्य भएको छ। यसबाट रोजगारीको विकराल समस्या क्षणिक र आंशिक रुपमा हल भएझै देखिए तापनि यसबाट प्रत्यक्ष रुपमा वार्षिक करिव सवा खर्ब र अप्रत्यक्ष रुपमा दुई खर्चभन्दा बढी रुपैयाँ बराबरको विदेशी मुद्रा भित्रिएको छ । तर यसले भविष्यमा कुनै पनि बेला देशप्रतिको विश्वास र आस्थामा ठूलो संकट निम्त्याउन सक्नेछ । त्यसैले आर्थिक क्षेत्रका सबै गतिविधिलाई रोजगारीको सिर्जना, गरिबी निवारण र सामाजिक न्यायमा केन्द्रित गरिनेछ। नेपाल – विश्वमै सबैभन्दा बढी धनी र गरिबबीचको खाडल भएको देशमध्ये पर्छ। यो स्थिति कुनै दिन विस्फोटक तहमा पुग्न सक्छ। यसलाई कम गर्न रोजगारी सिर्जना, उत्पादनमा बृद्धि र सामाजिक न्यायलाई आधारित गरिनेछ।

नेपाली अर्थतन्त्र

नेपाली अर्थतन्त्रको समग्र स्वरुप जनमुखी स्वाधिन मिश्रित अर्थतन्त्र हुनेछ । राज्यको स्वामित्व, सार्वजनिक स्वामित्व Public Wonership साझा सहकारी स्वामित्व र निजी स्वामित्वका क्षेत्रहरूको किटान गरिनेछ । अर्थ वाणिज्य र उद्योग व्यवसायको क्षेत्रमा जनताको स्वास्थ्य, शिक्षा, सुरक्षा तथा अत्यावश्यक सेवासँग जोडिएका विषयको पहिचान गरी त्यस्ता क्षेत्रको विशेष संरक्षण राज्यले लिनेछ । विदेशी पूँजी निवेशलाई ढोका बन्द गरिने छैन, तर, हरेक क्षेत्रमा प्राथमिकता राष्ट्रिय लगानीलाई हुनेछ। विदेशी लगानीले राष्ट्रिय श्रम, सीप र रोजगारीलाई विस्थापित गर्ने छूट दिइने छैन । राष्ट्रिय स्वाधिनता र आधारभूत आर्थिक नीतिमा असर पुऱ्याउने गरी कुनै पनि आर्थिक सम्झौता गरिने छैन।

वन तथा वातावरण

जनसंख्या वृद्धि, वनविनाश, अव्यवस्थित सहरी विकास पुरानो खालको औद्योगिक प्रविधि र जनचेतनाको कमी आदि कारणले हाम्रो देशमा पनि वातावरणीय समस्या जटिल बन्दैछ। तीव्र औद्योगिक राष्ट्र बन्ने प्रतिस्पर्धामा लागेका छिमेकी देश चीन र भारतले उत्सर्जन गर्ने हरितगृह ग्याँस र अन्य विषाक्त एवं तापीय ग्याँसको प्रभावबाट पनि हामी मुक्त रहन सक्तैनौं। त्यसैले वृक्षारोपण, जल र जलाधारको संरक्षण, सामुदायिक वनहरूको विस्तार, एवम् त्यसमा अझ बढी जनताको स्वामित्व, सहरी स्वच्छताको लागि अभियान इत्यादिलाई विशेष ख्याल गरिनुपर्छ। दुर्लभ वनस्पति तथा वन्यजन्तुको संरक्षण, रामसार क्षेत्रहरूको संरक्षणमा पनि राज्यले ध्यान दिनुपर्छ। दक्षिण एसियाकै जलआपूर्तिको मुख्य आधार भएको र पर्यटनको मुख्य आकर्षण केन्द्रको रुपमा रहेको हिमालको स्वच्छतालाई विशेष ध्यान दिइनेछ । यातायात साधनहरूमा पेट्रोलियम इन्धनको विकल्प र जैविक इन्धनको प्रयोग बढाउनुपर्छ। घरेलु इन्धनको खपतमा विद्युत, सौर्य ऊर्जा र जैविक ग्याँसको प्रयोगलाई सस्तो, सरल र व्यापक बनाएर लैजानुपर्दछ।

महत्त्वपूर्ण सामाजिक दायित्वका पक्षहरू

शिक्षा :

शिक्षा राज्यले नागरिकलाई दिने स्वेच्छाको अनुदान होइन, यसलाई नागरिकको जन्मसिद्ध अधिकार बनाउनुपर्छ । आगामी दशवर्षभित्रमा शिक्षामा भइरहेको निजीकरण र व्यापारिकरणलाई क्रमशः अन्त्य गर्नुपर्दछ। राज्यद्वारा संचालित शिक्षणसंस्थाहरूकै बीचमा गुणस्तरको आधारमा प्रतिस्पर्धा गरिनुपर्छ। केवल योग्यताको आधारमा विद्यार्थीबीच अवसरहरूको छनौट हुनुपर्दछ । अपवाद स्वरुप उच्च प्राविधिक शिक्षा (इन्जिनियरिङ्, मेडिशिन, आईटी आदि) मा केवल विदेशी विद्यार्थीलाई शुल्क दिलाएर पढाउने (शिक्षा पर्यटन) को उद्देश्यले निजी लगानीलाई छूट दिइनेछ। शिक्षा अझै पनि अनुत्पादक, परम्परावादी र रूढिवादी छ। त्यसैले नयाँ नेपालमा शिक्षामा रहेको सबै सामन्तवादी एवम् विदेशमुखि संरचनालाई परिवर्तन गरी त्यसलाई वैज्ञानिक, उत्पादनशील र सर्वसुलभ बनाउनुपर्छ। शिक्षा रटन्ने र घोकन्ते खालको होइन, विद्यार्थी केन्द्रित गरी उनीहरूभित्रको सिर्जनालाई प्रस्फूटित गर्ने खालको हुनुपर्दछ। कक्षा १० सम्म शिक्षा पूर्ण निःशुल्क हुनुपर्छ र उच्च एवं प्राविधिक शिक्षा सस्तो र सुलभ हुनुपर्छ। तीन वर्षभित्र पाँच वर्षमाथिका कुनै पनि बालक विद्यालय भर्ना हुनबाट वञ्चित नहोऊन र पाँच वर्षसम्ममा कोही पनि वयस्क निरक्षर नहोऊन यसको निम्ति राष्ट्रियस्तरबाटै शैक्षिक अभियान सञ्चालन गरिनुपर्छ। हरेक प्राथमिक कक्षाको विद्यार्थीले बढीमा घरबाट ५०० मिटर हिंडेपछि विद्यालय पुग्न सक्ने र माध्यमिक तहको विद्यार्थीले डेढ किलोमिटर हिंडेपछि विद्यालय पुग्न सक्ने व्यवस्था गरिनुपर्दछ । शिक्षकहरूको दरबन्दी पूर्ण गरिनुपर्दछ र नियुक्तिको प्रक्रिया पूर्ण पारदर्शी र शैक्षिक मापदण्डमा आधारित हुनुपर्दछ । शिक्षकहरूलाई राज्यको नयाँ संरचना अनुसारको अवधारणा र आधुनिकतम शिक्षण प्रविधिबारे प्रशिक्षित गरिनुपर्दछ । उनीहरूको वृत्तिविकास र सामाजिक एवं प्राज्ञिक मर्यादाबारे राज्यले पूर्ण ध्यान दिनुपर्दछ।

जनस्वास्थ्य

स्वास्थ्यलाई नागरिकको मौलिक अधिकार बनाइनेछ। आज पनि स्वास्थ्य सेवा जनताको पहुँचमा छैन। अझै पनि उच्चदरमा रहेको प्रसूति मृत्युदर, बालमृत्युदर, रक्तल्पता, बालकुपोषण, अस्वस्थ्य पानी र खाद्यबाट हुने रोग, अन्धविश्वास, धामी–झाँक्रीप्रतिको निर्भरता, स्वास्थ्य सेवामा अपर्याप्त जनशक्तिको अभाव आदि स्वास्थ्य सेवाका गम्भीर समस्या हुन्। स्वास्थ्य क्षेत्रमा भएको निजीकरण एवं व्यापारीकरणले बाँच्न पाउने जनताको अधिकारलाई आर्थिक हैसियतसँग जोड्दा पैसा नहुनेले स्वास्थ्य सेवा लिन नसक्ने भएका छन्। स्तरीय स्वास्थ्य सेवा धनीको पेवा बन्दैछ। त्यसैले राज्यले नै स्वास्थ्य सेवाको सम्पूर्ण जिम्मा लिनुपर्छ। प्रथम चरणमा जनतालाई अति विपन्न, विपन्न र सक्षम वा सम्पन्न गरी अनी त्यसैगरी सुगम, सामान्य सुगम र दुर्गम क्षेत्र गरी सामाजिक वर्ग र भौगोलिक क्षेत्रको वर्गीकरण गरी विपन्न र दुर्गमदेखि सुरुगरेर क्रमशः स्वास्थ्य सेवालाई आगामी ६ वर्षभित्र पूर्ण निःशुल्क बनाउने कार्यक्रम बनाएर जानुपर्छ। अपवादस्वरुप विदेशीलाई सशुल्क सेवा दिने गरी (स्वास्थ्य पर्यटनको उद्देश्यले) निजी लगानीका अन्तर्राष्ट्रियस्तरको अस्पतालहरू सञ्चालन गर्न दिइनेछ।

महिला सम्बन्धमा

देशको कुल जनसंख्यामा ५० प्रतिशतभन्दा बढी भएको महिला समुदायमाथिको विभेद र शोषण–उत्पीडन चर्को छ । त्यस्तै साम्राज्यवादी बजार विस्तारसँगै भित्रिएको उपभोक्तावादी संस्कृतिले समेत महिलालाई गाँज्न थालेको छ। सामन्तवादको सिर्जना गरेको जबर्जस्त नारी उत्पीडन र साम्राज्यवादी संस्कृतिले भित्र्याएको विलासितापूर्ण जीवनको मानसिकताले महिला समुदायको क्रान्तिकारी चेतनाको निर्माणमा बाधा पुऱ्याएको छ। यसलाई समाप्त पारी उहाँहरूलाई राजनीतिक, सामाजिक, आर्थिक गतिविधिमा पुरुषसरह अघि नबढाएसम्म नयाँ नेपालको सिर्जना हुन सक्तैन । त्यसैले संविधानसभाको निर्वाचनदेखि लिएर राज्यका राजनीतिक, प्रशासनिक, कूटनैतिक सामाजिक आर्थिक आदि हरेक अङ्गमा महिलाको ५०% प्रतिनिधित्वको

संवैधानिक व्यवस्था गरिनुपर्छ । खर्चिलो विवाह, दाइजोप्रथा जस्ता कुप्रथालाई कानुनी रूपमै प्रतिबन्ध लगाउनुपर्दछ। पैतृक सम्पत्तिको अधिकार शर्तविहिन बनाएर त्यसलाई लागु गरिनुपर्दछ। महिलाहरूको निम्ति आगामी दश वर्षसम्म प्राविधिक शिक्षा र रोजगारीमा आरक्षण अधिकारको व्यवस्था गरी पछाडि परेको जाति, वर्ग र क्षेत्रको प्राथमिकताको आधारमा सुविधा दिइनुपर्छ । प्रेम, विवाह, सम्बन्धविच्छेद र प्रजननलाई महिलाहरूको सार्वभौम अधिकार बनाइनुपर्छ। अन्धविश्वास, छुवाछूत, घरेलु, हिंसा, रोजगारी एवम् सामाजिक क्षेत्रमा रहेको भेदभावबाट मुक्त गर्न महिला शिक्षा र महिला जागरणलाई राष्ट्रिय अभियान बनाउनुपर्छ । चेलीबेटी बेचबिखनलाई ज्यानमुद्दा सरह बनाइनुपर्दछ। यौन व्यवसायमा लाग्न बाध्य पारिएका बादी महिला एवं चेलीबेटीको उद्धार एवं रोजगारीको लागि राज्यले व्यवस्था गर्नुपर्दछ ! घरेलु हिंसालाई कानुनी रुपमै दण्डनीय बनाइनुपर्दछ। एकल असक्त महिलाको संरक्षणको जिम्मा राज्यले लिनुपर्छ। पारिवारिक अदालत गठन गरी घरेलु हिंसा र उत्पीडनबाट न्यायिक मुक्ति दिइनुपर्छ।

दलितबारे

दलितहरूमाथिको सामाजिक विभेद र छुवाछूत हिन्दू सामन्तवादी ब्राम्हणवादी समाजले सिर्जना गरेको एक क्रुर, पाशविक र घृणित सामाजिक कलङ्क हो। दक्षिण एसियाको यो कलङ्क नेपालमा सबैभन्दा घनीभुत छ र यसले विश्वसामू मुलुकलाई नै लज्जित तुल्याइरहेको छ। तर, दलित समस्या जातीय समस्या मात्र नभएर वर्गीय समस्या पनि हो । पौराणिककालदेखि नै दलितलाई दासको वर्गमा राखियो र शास्त्रीय नियमै बनाएर सम्पत्ति अधिकारबाट बञ्चित गरियो । यसैले दलित भन्ने बित्तिकै ९० प्रतिशत भन्दा बढी भूमिहीन रहेको र हली, बालीघरे, सूचिकार वा यस्तै अत्यन्त कठिन र अस्वस्थकर श्रमको आधारमा बाँचिरहेको झण्डै ३० प्रतिशत जनसंख्या हो। त्यसैले नयाँ नेपालमा दलितको निम्ति शिक्षा, रोजगारी, भूमि र आवासलाई राज्यले पूर्ण दायित्वको रुपमा लिनुपर्छ। राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा सकारात्मक विभेद-सहितको आरक्षणलाई अधिकारको रूपमा स्थापित गर्नुपर्छ। राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्छ । परम्परागत सीप प्रविधिकको विकास गरी त्यसलाई मर्यादित बनाउनुपर्दछ। छूवाछूत गर्नेलाई क्षतिपूर्ति र जेल सजायसहितको कडा दण्डनीय व्यवस्था बनाइनुपर्छ । अन्तरजातीय विवाहलाई प्रोत्साहित र पुरस्कृत गरिनुपर्छ।

आदिवासी जनजाति सम्बन्धमा

देशको जनसंख्याको झण्डै ५० प्रतिशत ओगट्ने आदिवासी जनजाति पहाड, मधेश हिमाल एवं पूर्वदेखि पश्चिमसम्म देशभरि छरिएर रहेको छ। यस समुदायमा मगर, थारु, तामाङ, नेवार आदि संख्यात्मक रुपमा अलि ठूलो जाति मात्र छैनन्, चेपाङ, राउटे, कुसुन्डा, जिरेल, ह्रायू, ब्यासी, दुरा आदि अति पिछडिएका र लोपोन्मूख अति अल्पसंख्यक जातिहरू पनि छन्। विगत २ सय ३८ वर्षदेखि एकात्मक केन्द्रीकृत सामन्तवादी राज्यसत्ताले एक जाति, एक भाषा, एक धर्म र एक संस्कृतिको नारा दिएर बहुजाति, बहुभाषा, बहुधर्म र बहुसंस्कृतिको सामाजिक संरचनामाथि अत्याचार गर्दै आयो। जनजाति एउटै जाति र एउटै वर्ग नभए पनि यो राज्यको मूल प्रवाहबाट कटेको छ र उपेक्षित रहेको छ। अतः संविधानसभाको निर्वाचन र संविधान निर्माणको बेलादेखि नै राज्य र प्रशासनका हरेक अङ्गमा आदिबासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्छ। शिक्षा, रोजगारी लगायत राज्यले प्रदान गर्ने सुविधाका क्षेत्रमा सकारात्मक विभेदको आधारमा एक निश्चित अवधिसम्मका लागि आरक्षणलाई अधिकारको रूपमा स्थापित गरिनुपर्छ । हरेक जातिको भाषा-संस्कृतिलाई राष्ट्रभाषा र राष्ट्रिय संस्कृतिको रूपमा संरक्षण गरिनुपर्छ । लोपोन्मुख जातिको रक्षाको लागि विशेष योजना बनाइनुपर्छ।

दुर्गम क्षेत्रका समस्याबारे

संविधानसभा निर्वाचनको सन्दर्भमा उत्तरी पहाडी भेकका जिल्लालाई दुर्गम जिल्लाको रुपमा राखिएको छ। तर, ती सबै ठाउँहरू दुर्गम हुन्, जहाँ यातायात, बजार, शिक्षा, स्वास्थ्य र रोजगारीको पहुँच छैन।

विशेषतः उत्तरी हिमाली भेकका दुर्गम एवं अति दुर्गम जिल्लाहरूलाई गरिबीका प्रतिक र राष्ट्रको समस्याको रुपमा बुझ्ने गरिएको छ। त्यहाँ विकास निर्माणको पहुँच छैन र जीवन अत्यन्त कष्टकर छ। तर यसलाई केवल समस्याको रूपमा लिने दृष्टिकोण गलत छ। त्यहाँका नदीनाला, अमुल्य वनस्पति-जडीबुटी र अनुपम प्राकृतिक सौन्दर्य आदिले गर्दा त्यहाँ विकास र सम्पन्नताको प्रचुर सम्भावना रहेको छ। आवश्यकता त्यहाँको राजनीतिक समावेशीकरण यातायातको विकास, बजारको पहुँच, शिक्षा, स्वास्थ्यको उपलब्धता, सामाजिक न्याय र सामाजिक जागरण हो। राज्यका सबै अङ्ग र राज्यले प्रदान गर्ने सुविधामा दुर्गम क्षेत्रको लागि विशेष कोटा आरक्षणको प्रबन्ध गरिनुपर्छ। हाम्रो दुर्गम क्षेत्रको मानव उपयोगमा आउन नसकेको अमूल्य सम्पदाको उपयोगको लागि नयाँ नीति बनाउनुपर्छ। त्यहाँको प्राकृतिक सम्पदाको विकासको लागि राज्यले छुट्टै बृहत परियोजना बनाउनुपर्दछ र त्यसको लाभको पहिलो अधिकारी त्यहीको जनतालाई बनाउनुपर्छ। स्वास्थ्य र शिक्षा पुरै निःशुल्क गरिनुपर्छ।

मधेशी वा तराई समस्याबारे

मधेशी वा तराईबासी कुनै एक जाति मात्र नभएर ठूला साना जातीय, भाषिक-सांस्कृतिक एवम् धार्मिक समुदायहरू हुन्। भाषिक सांस्कृतिक रुपमा मैथिली समुदाय, भोजपुरी समुदाय र अवधि समुदाय रहेका छन्। जाति, भाषा र संस्कृति तीनवटै पहिचानमा पूर्वका धिमाल, सतार, राजवंशी र पश्चिमका थारू रहेका छन्। मुश्लिम एक अलग धार्मिक समुदाय हो र शीख पनि एक अल्पसंख्यक समुदाय हो। मधेसमा जातीय विभेद, अशिक्षा, अन्धविश्वास, महिलामाथिको उत्पीडन एवं अशिक्षा, अन्धविश्वास, महिला माथिको उत्पीडन एवम् धनी-गरिबबीच ठूलो खाडल छ। गरिबी र सामाजिक विभेद त्यहाँको मुल समस्या हो। त्यस्तै खुला सीमाको कारणले भारतीय सीमाबाट हुने जनसांख्यिक अतिक्रमण, सीमाअतिक्रमण, तस्करी, लूटपाट र हिंसात्मक गतिविधि तथा पहाडबाट लगातार भइरहेको बसाई-सराइको चापले पनि तराईमा सामाजिक असन्तुलन पैदा गर्दै लगेको छ। त्यस्तै भारतीय सीमामा एकतर्फी रुपमा बनाइएका बाँधहरू र नदीमा बढ्दै गएको सतहको कारणले बाढी र डुबानको समस्या प्रतिदिन जटिल बन्दैछ। फेरि पनि मधेसको पीडा भनेको विगत २३८ वर्षदेखि केन्द्रीकृत सामन्ती राज्यव्यवस्थाले गरेको भेदभावको नीति नै मुख्य समस्या हो। राज्यको संयन्त्रहरूमा मधेसी समुदायबाट सम्मानजनक सहभागिता नगराइने कुराले गर्दा यतिबेला मधेशीहरूको असन्तुष्टि पोखिनु स्वाभाविक छ। त्यसैले मधेस र मधेसी समष्टिमा राज्यबाट उपेक्षित छ। मधेसी-तराईबासीको मूल राजनीतिक आकांक्षा स्वजाती र स्वभाषा-संस्कृतिको पहिचानसहित राज्यका सबै अङ्गमा समानुपातिक र सम्मानजनक उपस्थिति हो। नेपालको सार्वभौम अखण्डता र राष्ट्रिय एकतालाई सुदृढ गर्न मधेसी तराईबासीका मुल समस्यालाई समाधान गरिनुपर्छ। शैक्षिक-सामाजिक जागरणलाई अभियानको रुपमा संचालन गरिनुपर्छ। दलित, सुकुम्बासी जस्ता वर्गीय समस्या हल गर्न विशेष योजना बनाइनुपर्छ। अझै पनि बाँकी रहेका मधेसी एवं तराईबासीहरूका न्यायिक मागहरूलाई सम्बोधन गरिनुपर्दछ। तर पछिल्ला दिनहरूमा मधेसी जनताका समस्या र आन्दोलनलाई निहुँ बनाएर विदेशी तत्त्व, प्रतिगामीतत्त्व एवं विभिन्न आपराधिक तत्त्वहरूले समेत चलखेल गर्न थालेका छन्, यसबाट सतर्क हुनु अत्यन्त आवश्यक छ।

मुश्लिम समुदाय

अन्य धेरै सामाजिक-आर्थिक समुदाय हुँदाहुँदै पनि मुश्लिम एक अलग धार्मिक्र समुदाय हो। नेपालको मुश्लिम समुदाय अन्य कतिपय देशहरूमा झैं विभिन्न सम्प्रदायमा बाँडिएको र जातीय विद्वेषयुक्त छैन। यो अत्यन्त मिलनसार, सहिष्णु एवं देश-समाजप्रति जिम्मेवार छ। जनसंख्याको करिब ४.५० प्रतिशत रहेको यो

समुदायको मुख्य आवाज आफ्नो धार्मिक पहिचानसहित राज्यका सबै अङ्गहरूमा समानुपातिक एवं सम्मानजनक उपस्थिति हो । धार्मिक शिक्षासँग जुडेका मदरसा र उर्द्धु भाषाको सम्मान पनि हो । नयाँ राज्यव्यवस्थाले यो विषयलाई गम्भीरतापूर्वक लिई सुनिश्चित भुगोलमा केन्द्रित नभएको मुश्लिम समुदायलाई राज्यका विविध क्षेत्रमा आरक्षणको समेत व्यवस्था गर्नुपर्छ।

हिमाली तथा अन्य अल्पसंख्यक जातिहरू

नेपालको भू-बनोट हिमाल पहाड र तराई गरी अत्यन्त विषम ढङ्गले रहेझैं यहाँको जातीय संरचना पनि त्यस्तै छ । नेपालमा पहिचान भएका १०२ जातिहरूमध्ये करिब ९० वटा जातिहरू १ प्रतिशतभन्दा कम जनसंख्या भएका छन् । यति सानो देशमा सयभन्दा बढी जाति र तिनको भाषा, संस्कृति हुनु गौरवको विषय हो । त्यसैले तिनका आर्थिक-सामाजिक समस्या त छन् नै, जातिकै अस्तित्व र भाषिक-सांस्कृतिक सम्पदाको संरक्षण पनि गम्भीर समस्या बनेको छ । ती समस्याहरू हिमाली जातिका अलग्गै छन्, पहाडी जातिका अलग्गै छन् र मधेसी जातीका अलग्गै छन् । तर, फेरि सबैका मूल समस्या भनेको जाति, भाषा, संस्कृतिको संरक्षण र आर्थिक सामाजिक समस्याहरू नै हुन् । अतः यी सबै जातिबाट राज्यका माथिल्लो निकायमा कम्तीमा एक-एक जनाको प्रतिनिधित्व र अन्य क्षेत्रमा आरक्षण समेतको व्यवस्था गरिनुपर्छ।

विकलाङ्ग समस्याबारे

देशमा दृष्टिविहिन, श्रवणशक्तिविहिन, हातखुट्टा वा स्नायुका कारणले अशक्त बनेका आदि अनेकथरी विकलाङ्गहरूको सङ्ख्या ठूलो छ । नेपालमै दृष्टिविहिनहरू स्नातकोत्तर तहसम्म गरेर शिक्षक, प्राध्यापक बनेकाहरू, अक्कुपञ्चरिष्ट बनेर सेवा गर्नेहरूदेखि लिएर अनेक क्षेत्रमा योगदान गर्नेहरू धेरै छन् । सुप्रसिद्धि साहित्यकार झमक घिमिरे उत्कृष्ट उदाहरण हुनुहुन्छ । त्यस्तै सङ्गीत र हस्तशिल्पका कतिपय क्षेत्रमा योगदान गर्ने धेरै छन् । अरू त के सगरमाथा चढेर चुनौति दिइसकेका छन् । विकलाङ्गताभन्दा पनि त्यसलाई हेर्ने हाम्रो दृष्टिकोण गलत छ । अतः राज्यले राजनीतिक, प्रशासनिक लगायत हरेक क्षेत्रमा विकलाङ्गहरूको समावेशीकरणलाई निश्चित गर्नुपर्छ । हरेक क्षेत्रमा निश्चित आरक्षणलाई अधिकारको रुपमा स्थापित गर्नुपर्छ । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक मर्यादाको लागि छुट्टै कानुनी व्यवस्था गर्नुपर्दछ।

भाषा नीतिबारे

१०२ जातजाति र ९२ भाषाभाषी भएको देशमा भाषा नीति तय गर्नु कठिन विषय हो । तर पनि यो फैसला गर्नैपर्छ । सर्वप्रथम नेपालमा प्रचलित सबै स्वदेशी भाषाहरूलाई राष्ट्र भाषा मान्नुपर्छ । हरेक जातिलाई दैनिक प्रयोगको लागि सरकारी कार्यलगायत सबै ठाउँमा आफ्नो भाषाको प्रयोग गर्ने सार्वभौम अधिकार हुनुपर्छ । राज्यले सबै भाषालाई समान व्यवहार गर्नुपर्छ । तर पिछडिएको र लोपोन्मुख भाषा-संस्कृतिको विकासको लागि विशेष प्रोत्साहन गर्नुपर्छ।

गैरसरकारी संस्था (एनजीओ / आईएनजीओ) बारे

नेपाल जस्तो सानो देशमा वैध-अवैध रुपमा चलेका राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरूको संख्या २० हजारको वरिपरि रहेको अनुमान छ । यी मध्ये केही सयलाई छोडी बाँकी के उद्देश्यले कसको लगानीमा के काम गर्दैछन्, भन्ने सम्म थाहा हुँदैन । तर सर्वसाधारण जनतामा एउटा अवधारणा भने सबैतिर बनेको छ – अर्थात एनजीओहरू भनेका डलरको खेती गर्ने संस्था हुन् । यिनले सामाजिक जागरण र सामाजिक उत्थानमा केही योगदान पनि पुऱ्याएका छन् । तर त्यसभन्दा बढी राष्ट्रिय आत्मनिर्भरता र राजनीतिक प्रतिस्पर्धामा क्षति पुऱ्याएका छन् । देशका सांसद, मन्त्री, मन्त्रालयका सचिव, पार्टीका नेताहरू आदि अधिकांशलाई कुनै न कुनै एनजीओले सल्लाहकार वा यस्तै केही तहमा नाम झुण्ड्याईदिएर पुग्ने जति भत्ता

दिन्छन् र त्यसबाट सबै प्रकारका छूट सुविधा लिन्छन्। यसले राज्यसंयन्त्रलाई भ्रष्ट तुल्याएको छ। अर्को कुरा, एनजीओहरूले सधैंभरि राजनीतिबाट पृथक रहने निर्देशन दिन्छन् र तिनको भाषा र व्यवहारले राजनीतिक पार्टी केही होइनन् र सामाजिक क्रान्ति आवश्यक छैन भन्ने मानसिकतामै पुऱ्याइरहेका छन्। यसले नयाँ नेपालमा एनजीओ, आइएनजीओबारे स्पष्ट र पारदर्शी नीति तय गर्नुपर्छ। साम्राज्यवादीहरूको स्वार्थअनुसार चल्ने त्यसप्रकारका संस्थाहरूमाथि प्रतिबन्ध लगाउनुपर्दछ।

नेपालको सन्दर्भमा स्वायत्तता र आत्मनिर्णय

नेपाल जाति, भाषा, धर्म, संस्कृति, भौगोलिकता आदि दृष्टिले विविधतायुक्त सानो भूपरिवेष्ठित देश हो। मुलुकका १४ अञ्चल, ७५ जिल्लामध्ये त्यस्तो कुनै इकाइ छैन, जहाँ एउटै जातिको मात्र बसोबास होओस्। त्यसैले कुनै पनि स्वशाषित प्रदेशलाई राष्ट्र राज्यको रूपमा स्थापित गर्न सकिने अवस्था छैन। अर्को कुरा, नेपालको सङ्घ संरचना धेरैबाट एक हुने प्रक्रियामा होइन, एकबाट धेरै हुने प्रक्रियाबाट हुन गइरहेको छ। हाम्रो राष्ट्रियताबारे कुनै नेपाली समुदायमाथि शङ्का गर्नु अनर्थ हुन्छ। तर हामी यस्तो छिमेकीबाट तीनतिरबाट घेरिएका छौं, जसको आजसम्मको व्यवहारले हामीलाई निश्चित हुन दिँदैन। त्यसैले स्वायत्तता र आत्मनिर्णयबारे कुरा गर्दा प्रस्ट हुन जरुरी छ। आत्मनिर्णयलाई निरपेक्ष सैद्धान्तिक रूपमा लिने हो भने त्यसले स्वायत्त राज्यलाई अलग राष्ट्रको रुपमा छुटिने सम्मको अधिकार दिन्छ। यस्तो सहमति पहिले स्वतन्त्र रहेका देशहरूले आपसमा मिलेर सङ्घ निर्माण गर्ने प्रक्रियामा गरेका हुन्छन्। पूर्व सोभियत सङ्घको निर्माण र संयुक्त राज्य अमेरिकाको निर्माणमा यस्तै सहमति भएको थियो। तर हामी एउटा राष्ट्रको अविभाज्य र अखण्ड सार्वभौमिकताको दायराभित्रबाट सङ्घ निर्माण गर्न खोजिरहेका छौं। त्यसैले हाम्रो संरचना स्वायत्ततािभत्रको आत्मनिर्णय भन्ने बुझ्नुपर्छ। अर्थात् राज्य स्वायत्त हुन्छ र त्यहाँभित्रका राजनीतिक, आर्थिक र सामाजिक सबै क्षेत्रको निर्णय गर्दा बिना हस्तक्षेप र त्यहाँका जनताले गर्ने ढङ्गले परिभाषित गर्नुपर्छ।

प्रवासी नेपालीबारे

आज नेपालीहरू विश्वका प्रायः सबै देशमा पुगेका छन्। तिनको संख्या बीसौं लाख पुगेको छ। तर कहाँ, के कामको लागि कति नेपाली गएका छन् र तिनको अवस्था के छ भन्ने कुराको अद्यावधिक राष्ट्रिय रेकर्ड छैन। यी सबै कुराको राष्ट्रिय अभिलेख तयार गरिनुपर्छ। हरेक प्रवासी नेपालीको पेशा र जीउधनको सुरक्षा र मर्यादाको निमित्त राज्यले आवश्यक दायित्व लिनुपर्छ। उनीहरूको स्वास्थ्य, सुरक्षा र रोजगारीको अवस्थाबारे निरन्तर अनुगमन गरिनुपर्दछ। आम निर्वाचन वा महत्त्वपूर्ण जनमतहरूमा उनीहरूको मतदान गर्न पाउने व्यवस्था गर्नुपर्दछ। उनीहरूले श्रमसीप र आर्जनलाई राष्ट्रमा ल्याउन प्रोत्साहित गर्नुपर्दछ। उनीहरूले भित्र्याएको विप्रेषणको एक अंश उनीहरूकै कल्याणमा खर्च गर्नुपर्दछ। यसबारे छुट्टै मन्त्रालय वा विभागको व्यवस्था गरिनुपर्दछ। स्थायी बसोबास गरेका र विदेशी नागरिकता लिइसकेका नेपालीलाई बुझाउँछ। तर यस्ता नेपालीहरूको भौतिक र भावनात्मक सम्बन्ध नेपालसँग टुटेको हुँदैन। विगत केही वर्षदेखि उनीहरू सङ्गठित भएका छन् र देशको बारेमा चिन्ता र चासो व्यक्त गरिरहेका छन्। उचित र विश्वसनीय वातावरण बनाउन सके गैह्रआवासीय नेपालीहरूको अरबौं रूपैयाँको लगानी मुलुकमा भित्रिन सक्छ। यसको लागि लगानी संरक्षण र लामो नेपाल बसाईको निमित्त विशेष कानुनी व्यवस्था गरिनुपर्दछ।

नयाँ नेपालको संस्कृति

आजसम्म अधिकांश नेपालीहरूको मनमस्तिष्कमा सबैभन्दामाथि भगवान, त्यस–भन्दा मुनि राजा, राजाको मुनि शासक प्रशासकहरू, त्यसभन्दा तल गाउँको ठालु र त्यसमुनी परिवारको राजा वा लोग्ने बसेको छ। राजा देवता र पतिपरमेश्वर भन्ने चिन्तन यसैको उपज हो। त्यसैगरी सबैभन्दा माथि बाहुन र सबभन्दा तलको पींधमा अति शुद्रलाई राखेर जातथरको श्रेणी विभाजन गरिएको छ। हाम्रो भाग्य लेखिदिनेदेखि लिएर हरेक "सु" र "कु" को निर्धारण कुनै अदृश्य शक्तिले गर्छ भन्ने विश्वास समाजमा अझै धेरै छ। केहीलाई धनी

वा गरीब बन्ने कुरा व्यक्ति वा समाजको बल, बुद्धि र क्षमतामा होइन कुनै अदृश्य शक्तिको हातबाट हुन्छ भन्ने अन्धविश्वास समाजमा व्याप्त छ। हामीले गरेर केही हुन्न सबै कुरा भाग्यले निर्धारण गर्दछ भन्ने विश्वासले मान्छेको आफैंभित्रको क्षमता र उद्यमशिलतामा ह्रास आएको छ। यो सामन्तवादी संस्कृति हो। सामन्ती धर्मशास्त्र, कर्मकाण्ड, रीति र विश्वासहरूले यसलाई मलजल गरिरहेका छन्। अब राजतन्त्र भौतिक रुपमै अन्त्यको सङ्घारमा पुगेको छ। राजतन्त्रको अन्त्यसँगै यो सामन्ती रूढिवादी संस्कृतिको विघटनको क्रम पनि तीव्र हुनेछ। तर यसलाई भत्काउने क्रममा अर्को गलत दिशाबाट पनि संस्कृतिमाथि अतिक्रमण सुरु भएको छ। त्यो हो छाडा पूँजीवादी उपभोक्तावादी संस्कृति यसले बजारमा ल्याइदिएका सबै भोग विलास मेरै निम्ति हुन् भन्ने ठान्दछ। खाऊ, लाऊ र मस्ती गर, दुनियाँको चिन्ता नगर भन्ने सोंच यसैको उपज हो। एकथरी शहरी पुस्ताको प्रतिक्रिया सुनिन्छ – मलाई राजनीतिमा मतलब छैन, यो भनाई यसैको प्रतिविम्ब हो। नेपाली संस्कृतिभित्रका यी दुई गलत पक्षको विरुद्ध सङ्घर्ष गर्दै नयाँ नेपालमा नयाँ र प्रगतिशील संस्कृति संस्थापना गर्नुपर्दछ। त्यसो भनेको जातीय भेदभाव, लिङ्गिय भेदभाव, भाग्यवाद, अन्धविश्वास र सबै प्रकारका रुढिवादविरुद्ध र व्यक्तिवादी उपभोक्तावादी संस्कृतिको विरुद्ध राज्यस्तरबाट र सामाजिकस्तरबाट समेत सांस्कृतिक अभियान सञ्चालन गरिनुपर्दछ। अबको नेपाली संस्कृति भनेको सामन्तवादविरोधी, उपभोक्तावाद विरोधी, श्रमशील, सिर्जनशील, जनमुखि लोकतान्त्रिक गणतन्त्रवादी वैज्ञानिक संस्कृति हुनुपर्छ। विविध जातिहरूका संस्कृतिका प्रगतिशील तत्त्वहरूको सङ्गमबाट एक सग्लो नेपाली राष्ट्रिय संस्कृतिको निर्माण गरिनुपर्छ।

जनमोर्चा, नेपालले वितगमा गरेका केही महत्त्वपूर्ण कार्यहरू

०४८ सालको प्रथम निर्वाचनपछि यसले सदन र सडकबाट जनताको साथमा रहेर राष्ट्रियता, जनअधिकार र जनताका गाँस, बासका समस्याबारे सङ्घर्ष गर्ने नीति लियो। यसले जनताविरुद्ध बन्ने नियम, कानुनको विरुद्धमा लड्यो, जनतामाथिको दमन, महँगी र भ्रष्टाचारका विरुद्ध जनतासँग मिलेर सङ्घर्ष गऱ्यो। संसदलाई राजस्व छुटमा पजेरो (कार) चढ्न दिने नीतिको विरोध गरेर त्यसलाई असफल तुल्यायो।

२०४८ साल चैत्र २४ गते महँगी भ्रष्टाचारविरुद्ध काठमाडौंमा पचासौं हजारको विरोध प्रदर्शन गर्दा तत्कालीन सरकारले गोली चलाई बालक अनिश शाक्यसहित कैयनको ज्यान लियो, कैयन घाइते बनायो।

यसले तत्कालीन सरकारले जनतालाई ढाँटेर गरेको राष्ट्रविरोधी टनकपुर सन्धीको विरुद्ध देशव्यापी सशक्त सङ्घर्ष गऱ्यो। यसलाई सदनबाट अनुमोदन गर्न नदिन ठूलो जुलुससहित सिंहदरबारको गेट बन्द गर्न हिडेको हाम्रो जुलुससहित सिंहदरबारको गेट बन्द गर्न हिडेको हाम्रो जुलुसको पुलिससँग भिडन्त भयो। हाम्रा पचासौं साथीहरूलाई घाइते बनाइयो, सयौं जनालाई गिरफ्तार गरियो र मध्यरातमा सदनबाट राष्ट्रघाती सन्धि अनुमोदन गरियो।

दार्चुलाको व्यास कालापानीमा भारतीय सेनाले नेपालको साढे सात सय रोपनी जमिन कब्जा गरी ब्यारेक राखेको कुरालाई सर्वप्रथम जनमोर्चा नजिकको युवा सङ्गठनले नक्सासहित सार्वजनिक गऱ्यो र देशव्यापी सङ्घर्ष गऱ्यो। भारतीय सेना-नेपाल छोड, भारतीय सेना-कुटियाङ्दी पारी जा जस्ता नारा सर्वप्रथम यसैले लगायो। यो राष्ट्रियताको नारा पार्टीले आज पनि जारी राखेको छ।

एमाले-राप्रपाको संयुक्त सरकारको पालामा ल्याएको दमनकारी कालो विधेयक विरुद्ध सङ्घर्ष गर्दा क. निर्मल लामासहित ४७ जना पार्टी नेता कार्यकर्तालाई विनापूर्जी नौ दिनसम्म महाराजगञ्जको रोमिहो हलको चिसो भुइँमा थुनियो। जसले गर्दा त्यो विधेयक पास हुनबाट रोकियो।

एमालेको एकल सरकारको पालामा उदयपुर गाइघाटका सुकुम्बासीलाई उठाउन नदिन सङ्घर्ष गर्दा तीन केन्द्रीय सदस्यसहित धेरैलाई घाइते बनाई जेलमा थुनियो। यसबाट सुकुम्बासीले भने सदाका लागि जमिन पाए। कमैया मुक्तिको बेला जनमोर्चा, नेपालले भनेको थियो- उनीहरूलाई मालिककै जग्गा काटेर बसोबास गराउनुपर्छ। यो कुरा सुनिएन, आज कमैयाको बिचल्ली भइरहेको छ।

यसले १९५० को असमान नेपाल–भारत सन्धि, कोशी गण्डकी सम्झौता, भारतद्वारा नेपाल–भारत सीमामा नेपालको भूमि डुबान गर्ने गरी एकतर्फी रूपमा निर्माण गरिएका बाँधहरू जस्ता कुराको तीव्र विरोध गरिरहेको छ। यी सबै असमान सन्धि बदर गर्न र बाँधहरू भत्काउन जोड दिइरहेको छ।

यसले हमेशा सिक्किमीकरण र भुटानीकरणको विरोध गरिआएको छ। सबै प्रकारका साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरुद्ध कुनै सम्झौता नगरी सङ्घर्ष गर्दै आएको छ।

दरबार हत्याकाण्डलाई लिएर हाम्रो पार्टीले षड्यन्त्रकारी हत्यारा मुर्दाबाद, हत्यारालाई कारवाही गरको नारासहित एक्लै राजधानीमा ठूलो विरोध प्रदर्शन एवं सभा गऱ्यो पार्टीले त्यतिबेला विश्लेषण गरेको थियो- अब मुलुकमा फाशिवादी दमन, हत्याहिंसा र रक्तपात भयानक बढ्नेछ। यसले सबै पार्टीलाई सडकमा आएर प्रतिवाद गर्न अपील गऱ्यो तर अरुले सुनेन्। यसको परिणाम के भयो, हामी सबैलाई थाहा छ।

राजदरबार हत्याकाण्डपछि भाद्र ७ गतेबाट हाम्रो पार्टीले नै सर्वप्रथम संविधानसभा र गणतन्त्रको कार्यनीति बनाएर सबै पार्टीहरूसँग र नेकपा (माओवादी) सँग समेत छलफल चलायो। अनि त्यतिबेलादेखि नै संविधानसभा र गणतन्त्रको विषयमा देशव्यापी सभा र गोष्ठी गर्न सुरु गऱ्यो। यो बेलासम्म कुनै राजनीतिक पार्टीले संविधानसभालाई तत्कालको राजनीतिक प्रस्तावको रुपमा ल्याउन सकेका थिएनन्। धेरै पार्टीहरूले त पछिसम्म पनि संविधान संशोधनको कुरा मात्र गरिरहेका थिए।

०५९ साल आश्विन १८ गते राजा ज्ञानेन्द्रको कदमलाई षडयन्त्र र फाशिवादी कदम हो भन्दै सबै पार्टीलाई त्यसको विरुद्धमा सङ्घर्षमा उत्रिन अपिल गऱ्यो तर कोही तयार भएनन्। जनमोर्चा, नेपाल संविधानसभा र गणतन्त्रको नारा लाउँदै गयो र सात महिनासम्म एक्लै सडक सङ्घर्ष गऱ्यो, वैशाखपछि मात्र अरु पार्टी प्रतिगमन विरुद्ध सङ्घर्षमा सामेल भए।

६ दलको संयुक्त सङ्घर्ष चलिरहेको बेला राजाले दरबारमा निवेदन दिएर प्रधानमन्त्री बन्न बोलाएपछि शेरबहादुर देउवा गोरखाली राजाले न्याय गऱ्यो भन्दै प्रधानमन्त्री बन्नुभयो र एमाले प्रतिगमन आधा सच्चिएको कुरा गर्दै सरकारमा सामेल भयो। जनमोर्चाले यो षड्यन्त्रमा फस्न हुन्न भन्ने कुरामा दृढ अडान राख्दै सङ्घर्षको मैदान छोडेन। आखिर २०६१ साल माघ १९ को ज्ञानेन्द्रको अर्को घोर फाशिवादी कदमपछि बल्ल ती पार्टीहरू पश्चाताप गर्दै सङ्घर्षमा फर्के।

ने.क.पा. (एकता केन्द्र–मसाल) र जनमोर्चाले २०५७/०५८ देखि नै नेकपा माओवादीलाई समेत लिएर प्रतिगामीकरण र फाशिवादीकरणको विरुद्ध संयुक्त आन्दोलनमा जान जोड गर्दै आएको हो। त्यतिबेलासम्म काँग्रेस, एमाले र माओवादी एक ठाउँ हुने कल्पनासम्म कसैले गरेका थिएनन्। आखिर लगातार त्यो प्रयत्न २०६२ साल मंसिर ७ गतेको १२ बुँदे सहमति र ०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा आइपुग्दा सफल भयो। हाम्रो पार्टीको यस ऐतिहासिक भूमिकालाई सबैले स्वीकार गरेका छन्।

२०६३ वैशाख ८ गते जनआन्दोलनलाई तुहाउन राजाले गरेको षडयन्त्रपूर्ण घोषणाबाट केही ठूला पार्टीहरूसमेत विचलित हुन लागेका थिए। त्यसलाई अस्वीकार गर्दै आन्दोलन अघि बढाउने वक्तव्य दिलाउन जनमोर्चा, नेपालले धेरै मेहनत गर्नुपऱ्यो।

२०६३ वैशाख ११ गतेको राजा ज्ञानेन्द्रको घोषणा दरबार, विदेशी शक्तिहरू र राजनीतिक दलहरू-भित्रैका कतिपय शक्तिहरूको सल्लाहमा तयार गरेका ल्याइएका थियो। त्यसबेला हाम्रो पार्टीले भनेको थियो- अरु केही दिन आन्दोलन चर्काएर जानुपर्छ, त्यसो भएमा दरबार जनताको कब्जामा आउन सक्ने छ र यही सङ्घर्षबाट गणतन्त्र घोषणा हुन सक्नेछ, तर त्यो हुन सकेन। नत्र गणतन्त्र उसैबला आइसक्थ्यो भन्ने निष्कर्षमा हामी आज पनि छौं।

संसदको पुनःस्थापना र अन्तरिम संसद्को गठनबारे जनमोर्चाको भनाई थियो–संसद् पुनःस्थापनाको घोषणा सङ्घर्षको बलमा सडकबाट जनताले गर्नुपर्छ र त्यसमा सबै पुराना भ्रस्ट तथा प्रतिगामी मन्त्री सांसदलाई ल्याउन हुन्न। अन्तरिम व्यस्थापिका सानो चुस्त र स्वच्छ व्यक्तित्वहरूबाट बन्नुपर्छ। त्यसमा जनआन्दोलनका सबै शक्तिहरूका उच्च नेताहरू सामेल हुनुपर्छ। त्यसो नभएकोले नै आज विधायिका संसदमा कतिपय पहिलेका भ्रस्ट अनुहार समेत छन् र त्यो प्रभावकारी पनि बन्न सकेको छैन।

अन्तरिम संविधान निर्माणको बेला जनमोर्चा, नेपालले निम्न कुराहरूमा पछिसम्म पनि आफ्नो अडान राखेको थियो । निर्वाचन मिश्रित होइन, पूर्ण समानुपातिक हुनुपर्छ, १६ वर्षकालाई मतदानको अधिकार दिइनुपर्छ, यही संविधानबाट गणतन्त्रको घोषणा गरिनुपर्छ, असमान सन्धी सम्झौताहरू खारेज गरिनुपर्दछ । क्रान्तिकारी भूमिसुधारको घोषणा गरिनुपर्छ, सङ्घीय राज्य बन्नुपर्छ । यी कुरा त्यही बेला भएका भए आज मधेसी, आदिवासी–जनजाती, महिला, दलित वा अरु कसैले आन्दोलन गर्नुपर्ने स्थिति आउने थिएन । मुलुकमा यी अशान्ति पनि पैदा हुने थिएन ।

अन्तरिम सरकारमा सहभागी हुने बेला यसले तीनवटा कुरालाई केन्द्रमा राखेर त्यसको निम्ति सरकार, सदन, सडक र आठ दलभित्रबाट समेत सङ्घर्ष गर्ने र गरी १५ बुँदे घोषणा सार्वजनिक गर्‍यो । ती तीन महत्त्वपूर्ण कुरा थिए, देशलाई संविधानसभा र लोकतान्त्रिक गणतन्त्रमा पुर्‍याउनु, भ्रस्याचारविरुद्ध लड्नु र साधनस्रोत थोरै भए पनि त्यसबाट बढी भन्दा बढी तल्लो वर्ग र साना कर्मचारीको भलाईमा काम गर्नु । पूरै सन्तोष गर्न नसकिए पनि स्वास्थ्य मन्त्रालयबाट यस दिशामा केही महत्त्वपूर्ण कामहरू भएका छन् । यसबीचमा हाम्रा विधायकहरूले खेलेको राजनीतिक भूमिका सबैको सामु छ ।

जेठमा चुनाव हुन नसकी मंसिरमा चुनाव गर्ने प्रस्ताव ल्याएपछि जनमोर्चा, नेपालले निम्न कुरामा चार घण्टासम्म अड्डी लिएर बसेको थियो–

१. जेठमा चुनाव नगराएकोमा जनताको अगाडि क्षमायाचना गर्नुपर्छ,
२. निर्वाचन पूर्णसमानुपातिक हुनुपर्छ,
३. अन्तरिम संविधानबाट गणतन्त्र घोषणा गर्नुपर्छ, र
४. राज्यको सङ्घीय संरचनामा जानुपर्दछ ।

त्यतिबेलै यी कुरा मानेका भए न मधेस आन्दोलन हुन्थ्यो न मंसीरको चुनाव चैत्रमा सार्नुपर्थ्यो न त कुनै विदेशीको दबाबमा मधेसी–तराईवासी जनतालाई नै धोखा दिने मधेससम्बन्धी गलत सम्झौता गर्नुपर्थ्यो ।

आदरणीय जनसमुदाय,

यस घोषणापत्रमा जनमोर्चा, नेपालले देश जनताप्रति विगतमा निर्वाह गरेको भूमिका, यसको बर्तमान अवस्था, यसका नीति र उद्देश्यहरू, यसका दृष्टिकोण र योजनाहरू, यो सबै संक्षेपमा प्रस्तुत गरिएको छ । इतिहासको अन्तिम फैसला गर्ने अधिकार जनताको हो । पार्टी त जनताको इच्छालाई प्रतिनिधित्व गर्ने खोज्ने एउटा सङ्गठन मात्र हो । त्यसैले यस ऐतिहासिक अवसरमा तारा चिन्हमा मतदान गरी संविधानसभामार्फत नयाँ नेपालको निर्माण गर्ने कार्यमा सशक्त योगदान पुर्‍याउनको लागि जनमोर्चा, नेपाललाई सु–अवसर प्रदान गर्नुहुन सम्पूर्ण जनसमुदायसमक्ष विनम्र अनुरोध गरिएको छ ।

८.



नेपाल मजदुर किसान पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

दाजुभाइ तथा दिदीबहिनीहरू,

देशको मूल कानुन वा संविधान बनाउन जनताबाट निर्वाचित प्रतिनिधिहरूको सभा नै संविधानसभा हो। संविधानसभाको सदस्यमा निर्वाचित हुने प्रतिनिधिहरू देश र जनताप्रति असल एवं इमान्दार हुनु आवश्यक छ। जनताको मत लिन मीठा-मीठा आश्वासनहरू बाँड्ने र निर्वाचनमा जितिसकेपछि देश र जनताको हित विपरित काम गरी आएका राजनीतिक दल र प्रतिनिधिहरूले देश र जनताको सेवा नगर्ने कुरा प्रस्ट छ।

संविधानसभा साधन मात्र हो, साध्य होइन। संसारका धेरै देशका संविधान संविधानसभाबाट बनाइएका छन्। तर, ती संविधानहरूले देश र जनताको व्यापक हित गर्न सकेनन्। नेपालमा पनि संविधानसभालाई सामन्त र पुँजीपति वर्गको अधिकार बाँडफाँडमा सीमित गर्ने प्रयास भइरहेको छ। यसबारे नेपाल जनता सचेत हुनु आवश्यक छ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो स्थापनाकालदेखि नै देश र जनताको दीर्घकालीन हितलाई ध्यानमा राखी नेपालको कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक स्पष्टताको आवाज उठाउँदै आएको छ। यस परिप्रेक्षमा नेमकिपा संविधानसभाको निर्वाचनलाई पनि वर्गीय र राजनैतिक सङ्घर्षको दबाबको रूपमा उपयोग गर्दै जनताको राजनैतिक चेतनास्तर नाप्ने ब्यारोमिटरको रुपमा उपयोग गर्छ।

शासक पार्टीहरू सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट जनताका सबै समस्या समाधान हुने दावी गर्दैछन्। (संविधानसभाबाट बन्ने तिनीहरूको नयाँ संविधानको रुपरेखा अन्तरिम संविधानमा पनि झल्केको छ) सङ्घीय शासन प्रणाली नै प्रजातन्त्र र विकासको सुनिश्चितता होइन, न त लोकतान्त्रिक गणतन्त्र नै कामदार जनताको प्रजातन्त्र हो। जनआन्दोलनका बेला बिराम र गल्ती स्वीकार गरेका र जनतासामु क्षमा मागेको शासक पार्टीहरू पुनः सत्ता भागबण्डा र लुछाचुँडीमै फसेका छन्।

सरकारमा गएका पार्टीहरूले २०४६ सालको जनआन्दोलनको मर्म र भावना अनुरुप काम गरेनन्। जनआन्दोलन दबाउनेमाथि मल्लिक आयोगको प्रतिवेदनअनुसार कारवाही भएन। राजनैतिक र सामाजिक अपराधीहरूले ठूलठूला पुँजीवादी पार्टीहरूमा प्रवेश पाए। त्यसकारण सरकार र प्रशासन झन झन अपराधमा मुछिँदैछन्।

जनतासामु दिएका आश्वासनहरू पूरा गरेनन्। सत्ताको लागि सांसद र मन्त्रीहरूलाई विदेश भगाए, प्राडो र पजेरोमा फसे। भ्रस्यचार बढ्यो, देश हाहाकारमा डुब्यो र महँगी बढ्यो। माओवादीलाई नियन्त्रण गर्ने निहुँमा सङ्कटकालको घोषणा गरियो। प्रतिगमनकारीहरूले टाउको उठाउने मौका पाए। फलस्वरुप २०५९ जेष्ठ ८ गते राति प्रतिनिधिसभाको विघटनसँगै देशमा प्रतिगमन सुरु भयो। २०५९ साउनमा स्थानीय निकायको म्याद नबढाइदा देश जनप्रतिनिधिविहीन भयो। देशलाई प्रतिगमनबाट जोगाएर प्रजातान्त्रिक प्रकृयामा फर्काउन नेमकिपाले अर्को निर्वाचन नभएसम्म स्थानीय निकाय र संसदमा जनप्रतिनिधिहरूको पुनर्वहाली हुनुपर्नेमा जोड दियो। संसदको पुनःस्थापना भयो तर शासक पार्टीहरूले स्थानीय निकायको पुनःस्थापना गरेनन्। यसले तराईलाई अशान्त बनाउन आगोमा घ्यू थप्यो।

शासक पार्टीहरूको देश र जनताविरोधी कामदेखि आक्रोशित नेपाली जनता प्रतिगमनविरोधी आन्दोलनमा तदारूकताका साथ सहभागी हुन चार वर्ष लाग्यो । जनताको आन्दोलन उठिसकेपछि कुटनैतिक दबाबमा आन्दोलन बीचमा तुहाउने काम भयो । सरकारमा नगई बाँच्नै नसक्ने दलहरू प्रतिगमन आधा सच्चियो र पूरा सच्चियो भन्दै राजाको मनोनित सरकारमा गए । १८ असोज २०५९ को राजाको कदमको विरोध पनि गर्ने र राजाको मनोनयनको सरकारमा पनि जाने ती दलहरूको दोधारे तथा चमेरो चरित्र जनतामाझ उदाङ्गियो ।

नेमकिपा चार दलको संयुक्त जनआन्दोलन अगाडि बढाउन सक्रिय भयो । १९ माघ २०६१ मा राजाले देउवा र एमाले सरकारलाई विघटन गरी आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । राजाको प्रतिगामी सरकारमा सामेल हुने एमाले र तत्कालीन ने.कां. (प्र) ले जनतासामु माफी माग्नुपर्ने अडान राख्दै नेमिकपाले प्रतिगमनविरुद्ध २०६१ चैत्र १८ गतेबाट एक्लै आन्दोलन शुरु गऱ्यो । आन्दोलनको क्रममा नेमकिपाका थुप्रै नेता र कार्यकर्ताहरू घाइते भए, जेल, नेल र हिरासतमा दुःख पाए । जनआन्दोलनको क्रममा सरकारमा गएका दलहरूले आ–आफ्ना गल्ती स्वीकार गरी गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गरे ।

प्रतिगमनको विरोधमा २५ वैशाख २०६२ का दिन सात दलको साझा सहमतिको घोषणा भयो र संयुक्त जनआन्दोलन शुरु भयो । विदेशी शक्तिहरूले जनआन्दोलनको समर्थनको नाममा ठूला दलहरूलाई आफ्नो इशारामा हिडाए । नेमकिपाले विदेशीको भरमा होइन र नेपाली जनताकै भरमा आन्दोलन उठाउनुपर्ने अडान राख्यो । ७ मंसिर २०६२ मा सात दल र माओवादी बीच १२ बुँदाको साझा सहमति भयो । त्यसपछि प्रतिगमनविरोधी आन्दोलनमा भारतको चलखेल बढ्यो । २४ चैत्रबाट जनआन्दोलनमा जनताको सहभागिता बढ्यो । उठ्दै गरेको जनआन्दोलन ११ वैशाख २०६३ को दिन राजाको सम्बोधनसँगै बीचैमा टुंगियो । नेमकिपा बाहेक ६ दलका सरकार गठन भयो ।

नेमकिपाले सरकारमा गएका मन्त्रीहरूले केके काम गर्नुहुन्छ र के के गर्नु हुँदैन भन्ने किटान गर्नुपर्ने अडान राख्यो । यसलाई बेवास्ता गर्दा ६ दलको सरकार भागवण्डामा सीमित भयो । विदेशीलाई नागरिकता दिने ऐन र खानेपानी निजीकरणको नाममा विदेशी कम्पनीलाई दिने ऐन पारित गरियो । यसको विरोधमा संसदमा नेमकिपा एक्लै मतदान गऱ्यो ।

१ माघ २०६३ का दिन अन्तरिम संविधान जारी भयो र व्यवस्थापिका संसद गठन भयो । १८ चैत्र २०६३ को दिन नेमकिपा बाहेक माओवादी सहितको सातदलको अन्तरिम सरकार गठन भयो । अन्तरिम सरकारका न्यूनतम कार्यक्रम र मन्त्रीहरूको आचारसंहिता तयार गरियो । सरकारमा बस्ने दलहरूबीच राजदूत, उपकुलपति, रजिष्ट्रार, महाप्रबन्धक आदि पदको भागबण्डा गरियो । जनआन्दोलन दबाउनेहरूमाथि कारवाही गरिएन । रायमाझी आयोगको प्रतिवेदन कागजमा सीमित भयो । अपराधीहरू ठूलाठूला पार्टीहरूबाटै संरक्षित भए । भ्रस्टाचार, अभाव, बेरोजगारी, लोडसेडिङ, महङ्गी आदि समस्यामा कुनै कमी आएन । राजाको प्रतिगामी सरकार र अन्तरिम सरकारबीच कुनै तात्विक भिन्नता देखिएन ।

अन्तरिम संविधानमा बन्दोबस्त गरिएका निःशुल्क शिक्षा र स्वास्थ्य उपचार, रोजगारीको सुनिश्चितता, खाद्य सम्प्रभूता र सामाजिक सुरक्षाको प्रत्याभूति जस्ता महत्त्वपूर्ण विषयहरू कार्यान्यन गर्न कानुन बनाइएन । भूमिहीनहरूलाई जमिनको बन्दोबस्त र अशक्त एवं अपाङहरूको बन्दोबस्ततर्फ अन्तरिम सरकारले ध्यान दिएन । गणतन्त्रको नारा दिने पार्टीहरूको अन्तरिम सरकारले निलम्बित राजाको लागि करोडौं बजेट व्यवस्था गऱ्यो । यसकारण नयाँ संविधानमा शासक पार्टीहरूबाट ठूलो आशा गर्ने ठाउँ छैन ।

सरकारमा बसेका दलहरूका नेताहरू बरोबर भारत भ्रमण र भारतीय दूतावासमा बार्ता र राजनीतिक परामर्शले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप र सार्वभौमिकतामाथि थिचोमिचो हुने काम भएको स्पष्ट छ । नेपालको सीमानामा भारतले एकतर्फी बनाएका बाँध र तटबन्धनहरूले नेपालको हजारौं विघाहा भूमि जलमग्न भएको छ र हजारौं नेपालीको उठिबास भएको छ तर सरकारमा बस्ने पार्टीहरू लाचार भएर भारतीय विस्तारवादको अगाडि घुँडा टेक्दै गए ।

पूँजीवादी व्यवस्थाको हरेक निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरुपयोग हुन्छ। यो संविधानसभा निर्वाचन आचारसंहिता हाकाहाकी उल्लङ्घन भइरहेको छ। यसकारण नेपाल मजदुर किसान पार्टीले निर्वाचनमा नउठ्ने आन्दोलनकारीहरूको स्वतन्त्र निर्वाचन सरकार गठनको लागि आवाज उठाएको हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि कामदार वर्गमाथि सामन्त र पुँजीपति वर्गको शोषण र थिचोमिचो यथावत हुन्छ। केही व्यक्ति धनी र असंख्य जनता गरीब हुने छन्। राष्ट्रपति वा प्रधानमन्त्रीको नाममा नयाँ खान्दानी वर्ग र निर्वाचित राजा स्थापना हुनेछ। फलस्वरुपः जनतामा असन्तोष बढ्दै जानेछ र तिनीहरूको विरोधमा नयाँनयाँ सङ्घर्ष र आन्दोलन चालु हुने छन्।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र भनिने पूँजीवादी गणतन्त्रले मानव जातिको समस्या समाधान गर्न सक्तैन। ६० वर्ष भन्दा पहिलेदेखि भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलका आदि देशहरूमा लोकतान्त्रिक गणतन्त्र चालु छ। तर जनताका समस्याहरू समाधान भएका छैनन्। जनताका सबै समस्या समाधान गर्न समाजवादी गणतन्त्र नै आवश्यक छ। समाजवादी गणतन्त्र नै कामदार वर्गको प्रजातन्त्र हो। यसकारण संविधानलाई कामदार जनताको आवाज उठाउने प्रतिनिधिहरूको सभामा परिणत गर्न सबै कामदार जनता सचेत हुन आवश्यक छ।

१. संघ राज्य

नेपाल मजदुर किसान पार्टीले १५/१६ बर्षदेखि सदन र सडकमा स्थानीय निकायलाई स्वायत्तताको अधिकार दिने र विकेन्द्रीकरणको सिद्धान्त लागू गर्न लगाउन आवाज उठाउँदै आएको हो।

सत्तामा बसेका राजदरबारदेखि जिल्ला कार्यालयसम्मका मन्त्री, सचिव, महाप्रबन्धकदेखि हाकिमहरू तथा राजनैतिक पार्टीका नेताहरूमा भएको खस राष्ट्रिय अहंकारवाद, पक्षपात, हेलाहोचो तथा भ्रस्टाचारको कारण देशका दुर्गम जिल्ला र तराई तथा जातजाति र भाषा–भाषीहरू अलग राज्य प्राप्त नगरेसम्म आफ्नो उन्नती नहुने तथा आफ्नो सन्तती उँभो नलाग्ने टुंगोमा पुगे। देश यो स्थितिमा पुग्नुमा आजसम्म सत्तामा पुगेका सबै राजनैतिक दलहरू र त्यसका नेता तथा मन्त्रीहरू जिम्मेवार छन्। तिनीहरू कहिल्यै जनताप्रति जिम्मेवार भएनन् र तिनीहरूमा कहिल्यै दीर्घकालीन सोच पलाएन तथा सरकारको परिवर्तनसँगै माथिल्ला कर्मचारीहरू हटाउने (स्ववाइल सिष्टम) प्रणालीप्रति पनि कहिल्यै गम्भीर भएनन्।

नेमकिपाले राजधानी दाङ्गमा सार्ने, देशको ठूलो बजेट काठमाडौं र मोरङमा मात्र लगाउन नहुने तथा सन्तुलित विकासमा ध्यान दिनुपर्नेबारे आवाज बारम्बार उठायो। तर सत्तामा बसेका ठूला दलका नेताहरू र खस राष्ट्रिय अहंकारवादीहरूको घैटोमा कहिल्यै घाम लागेन। यसकारण खस राष्ट्रिय अहंकारवादको केन्द्र निरंकुश राजतन्त्रको विरोधमा नेपाली जनता उठे।

राजतन्त्र सीमित सामन्त वर्गको परिवारहरूको हालीमुहाली हुने तथा अत्यन्त बहुमत जनता राज्य प्रशासनबाट पीडित रहने हुँदा पुरानो बन्दोबस्त एक्लिदै जाने, षड्यन्त्र, छलछाम तथा चाकडी चुगुलीको प्रतीक हुँदा राजतन्त्र युग अनुरुप नहुनु स्वभाविक हो। मानिसको शारीरिक विकासमा बाँदरको पुच्छर हराए जस्तै मानव समाजको विकासमा निरंकुश राजतन्त्र बिलाउँदै जानु स्वभाविक छ। यसकारण भोलीको नेपाल राजाविनाको राज्य व्यवस्था हुनेछ। नेमकिपा कामदार जनताको हैकम, शोषणविरुद्धको अधिकार तथा आर्थिक समानतातिर उन्मुख समाजवादी गणतन्त्रको पक्षमा उभिन्छ। नेमकिपा समाजवादी गणतन्त्र र उन्मुख बन्दोबस्तहरू संविधानमा समावेश गराउन जोड दिन्छ।

नेपालमा भुगोलको आधारमा बनेको अञ्चललाई नै प्रान्तहरूको रूप दिंदा व्यवहारिक हुनेछ। अथवा राज्यहरूको विभाजन संविधानसभामा ठूलो छलफलपछि संविधानसभाले निर्क्यौल गर्नेछ।

रक्षा, परराष्ट्र, यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, हुलाक, भन्सार आदि केन्द्रीय सरकारमा निहीत हुनेछ। कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, राज्यस्तरको यातायात, घरेलु र कुटिर व्यवसाय, प्रान्तीय कर, भाषा र कला–संस्कृति आदि राज्य सरकारको मातहतमा हुनेछ।

२. कार्यपालिका

नेपालमा कहिले निरङ्कुश राजतन्त्र त कहिले दुई पार्टी तानाशाही रह्यो तथा भविष्यमा तीन पार्टीको तानाशाही हुने सम्भावना देखिन्छ। ती ठूला दहरूको तानाशाही, पक्षपात र भागबण्डाले सारा जनता आक्रान्त छन्। यस कारण ठूला दलको तानाशाही र भागबण्डाले नेपालमा अस्थिरताको सम्भावना टड्कारो छ।

देशको स्थिर प्रशासनको निम्ति जनताको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने राष्ट्रपतिको बन्दोबस्त गरिनुपर्दछ। राष्ट्रपतिले निर्वाचनमा सदर मतको ५१ प्रतिशत लिएको हुनुपर्दछ। राष्ट्रपतिले आफ्नो अनुकूलतामा एक मन्त्रीपरिषद् बनाउन सक्नेछ। प्रतिनिधिसभा र राष्ट्रिय सभाको कुनै पनि सदस्य मन्त्री हुने छैन। मन्त्रीहरू राष्ट्रप्रति जिम्मेवार हुने छन्। राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुनेछ।

राष्ट्रपति "राष्ट्रप्रमुख" सरकार प्रमुख र सेनाको सेनाअध्यक्ष हुनेछ।

देशको भू-अखण्डतालाई आँच आउने कार्य हुने भएमा वा देशको एकतामा बाधा पार्ने वा आँच आउने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रान्तीय सरकार र प्रान्तीय विधानसभालाई समेत भङ्ग गरी राष्ट्रपतिय शासन लागू गर्न सक्नेछ।

३. व्यवस्थापिका

व्यवस्थापिका दुई सदनात्मक हुन्छ। **(क)** माथिल्लो सदन र जातजातिको राष्ट्रिय सभा **(ख)** तल्लो सदन वा प्रतिनिधि सभा।

माथिल्लो सभा जातजातिको सभा (House of Nationalities) हुनेछ। प्रान्तहरूबाट चुनिएका तीन-तीन जना सदस्यहरूबाट माथिल्लो सदनको निर्माण हुनेछ। त्यो सदन स्थायी सदन हुनेछ।

प्रतिनिधिसभाले देशलाई आवश्यक र समय सुहाउँदो विधेयकहरू निर्माण गर्दछ। प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुनेछ। प्रतिनिधिसभाको चुनाव मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (MMPR) को आधारमा हुनेछ। यो प्रणालीमा जनसंख्या र भुगोल (निर्वाचन क्षेत्र) को सम्बोधन हुन्छ।

- दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपतिले बजेट प्रस्तुत गर्नेछ।
- राष्ट्रपतिको आह्वानमा सदनहरूको बैठक।
- दुवै सदनको बहुमतले राष्ट्रपतिलाई सचेत र सजग पार्नेछ।
- दुवै सदनको संयुक्त बैठकका दुईतिहाई बहुमतले राष्ट्रपतिलाई महाअभियोग पारित गर्न सक्नेछ।
- प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरूलाई प्रत्याह्वान गर्ने व्यवस्था हुनेछ।

४. प्रान्तीय विधानसभा

(क) प्रान्तीय विधानसभा एक सदनको हुनेछ र त्यसका सदस्यहरू भुगोल र जनसंख्याको आधारमा मतदाताहरूबाट निर्वाचित हुनेछन्।

(ख) प्रान्तीय विधानसभाका सदस्यहरूको कार्यावधि ४ वर्षको हुनेछ।

(ग) प्रान्तीय विधानसभाले आ-आफ्नो प्रान्तको जाति, भाषाभाषीहरूको भावना र आवश्यकता अनुसार कला, संस्कृति, भाषा र साहित्यको विकासबारे विधेयकहरू पारित गर्नेछ।

(घ) प्रान्तीय विधानसभाले आ-आफ्नो प्रान्तको प्रमुख मन्त्री चुन्ने छ र प्रमुख मन्त्रीले मन्त्रीहरूको चयन गर्नेछ।

(ङ) केन्द्रीय सरकारबाट नियुक्त गरिएका प्रान्तीय प्रमुख अधिकारी (गभर्नर) ले केन्द्र सरकार र प्रान्तीय सरकारको बीचमा पुलको काम गर्नेछ।

(च) प्रान्तीय विधानसभाका सदस्यहरूलाई प्रत्याह्वानको व्यवस्था हुनेछ।

५. न्यायपालिका

(क) केन्द्र र प्रान्तको बीचको विवाद, संवैधानिक विषय र प्रान्तहरूको माझको विवादको छिनोफानो र निर्णय सर्वोच्च अदालतले गर्नेछ।

(ख) हरेक प्रान्तको आ-आफ्नो प्रधान अदालत हुनेछ।

(ग) प्रान्तको प्रधान-अदालतको मातहतमा जिल्ला अदालतहरू हुनेछन्।

(घ) आवश्यकता अनुसार सर्वोच्च अदालतले श्रम अदालत, उपभोक्ता अदालत, महिला अदालत र अन्य अदालत गठन गर्न सक्नेछ।

६. संस्कृति संरक्षण

केन्द्रीय सरकार वा प्रान्तीय सरकारहरूले कुनै निश्चित क्षेत्र, नगर वा गाउँलाई त्यहाँको पुरातात्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहाँ कला संस्कृति, भाषा, जाति एवं परिचयलाई जोगाउन सांस्कृतिक क्षेत्र, नगर वा गाउँ घोषणा गर्न सक्ने छन्। त्यस्ता सांस्कृतिक क्षेत्रमा अन्य ठाउँका नागरिकहरूले अचल सम्पत्ति किन्न नपाउने कानुनी बन्दोबस्त गरिनेछ।

७. दोहोरो नागरिकता

काठमाडौंमा अनियन्त्रित बसोबासको कारण खानेपानीको हाहाकार भयो, वातावरण प्रदूषित भयो र अपराध संख्यामा बृद्धि भयो। समाजमा बढ्दै गएको अराजकताले व्यापक जनता पीडित भएको र यस्तै अव्यवस्था अन्य क्षेत्रमा पनि फैलिने सम्भावनालाई रोक्न राष्ट्रिय र प्रान्तीय गरी दोहोरो नागरिकताको आवश्यकता टड्कारो देखिएको छ।

८. प्राकृतिक स्रोत-साधनबारे

राष्ट्रियस्तरका प्राकृतिक स्रोत जलश्रोत, खनिज, वनजंगल र विश्व सम्पदा केन्द्र सरकारको मातहतमा रहनेछ। यसको संरक्षण, सम्बर्द्धन र विकास केन्द्रीय सरकारले गर्नेछ। प्राकृतिक स्रोत साधनबारे विदेशसँग सन्धि सम्झौताहरू संयुक्त सदनको दुई तिहाई बहुमतमा केन्द्र सरकारले मात्र गर्नेछ। प्रान्तीय स्तरका अन्य श्रोत र साधनहरू प्रान्तीय सरकारको मातहतमा रहनेछ।

९. नागरिकको मौलिक अधिकार

संविधानको वर्गीय रूप, त्यसको प्रस्तावना र मौलिक एवं राजनैतिक अधिकारहरूबाट प्रस्ट हुन्छ। नेपाल मजदुर किसान पार्टीले पेशा, व्यवसाय, घुमफिर, आफ्नो मातृभाषा बोल्न पाउने, आफ्नो विश्वास अनुसारको धर्म मान्न पाउने, सामाजिक संघसंस्था खोल्न पाउने जस्ता मौलिक अधिकारका साथै सरकारका विरोध गर्न पाउने, आफूलाई लागेको राजनैतिक दर्शन र राज्यव्यवस्थाको प्रचारप्रसार गर्न पाउने, राजनैतिक दलहरू खोल्न पाउने, मतदान गर्न पाउने र आफ्नो इच्छा अनुसार निर्वाचनमा उम्मेदवार हुन पाउने जस्ता राजनैतिक अधिकारहरू संविधानमा किटान गर्नेछ।

नेमकिपा वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा अन्य मानव अधिकारहरू संविधानमा उल्लेख गराउन जोड दिनेछ।

नेपालको वर्तमान ऐन-कानुन र रीतिरिवाज अनुसार १६ बर्षको युवा वालिग हुन्छ अर्थात् सरकारी नोकरीको निम्ति योग्य हुन्छ, सम्पत्तिको हकदार हुन्छ, अदालतमा जान सक्छ, राज्यको अन्तिम संस्कार र धार्मिक कार्यको निम्ति योग्य हुन्छ। यसकारण नेमकिपाले पञ्चायतकालदेखि नै १६ वर्षको युवाले मताधिकार पाउनुपर्ने र १८ वर्षको उमेरमा स्थानीय निकायमा उम्मेदवार हुन पाउनुपर्ने विषय उठाउँदै आएको सर्वविदितै छ।

संविधानसभाबाट बन्ने नेपालको संविधानको मौलिक अधिकारमा तल लेखिएका व्यवस्थाहरू उल्लेख गर्न जोड दिनेछ :-

(क) शोषण विरोधको अधिकार,
(ख) व्यक्तित्व विकासमा समान अवसर,
(ग) रोजगारको सुनिश्चितता योग्यता अनुसारको काम र काम अनुसारको ज्यालाको बन्दोबस्त,
(घ) प्राथमिक कक्षादेखि उच्चमावि शिक्षासम्म निःशुल्क र अनिवार्य तथा उच्च शिक्षा निःशुल्क,
(ङ) १८ बर्षका हरेक नेपाली नागरिकहरूलाई अनिवार्य सैनिक तालिमको बन्दोबस्त,
(च) ज्येष्ठ नागरिकहरूलाई जीवनको सुनिश्चिता र आदर निकेतनको सुविधाको अधिकार,
(छ) दुधे बालबालिकाको निम्ति शिशुशाला र खेल्ने बालबालिकाको निम्ति बालउद्यानको बन्दोबस्त गाविस र नगरपालिकाको हरेक वडा, कलकारखाना, कार्यालय आदिमा अनिवार्य गराउने,
(ज) उपचारविना कुनै व्यक्ति मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकहरूलाई समान रुपले निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने,
(झ) टुहुरा-टुहुरी, अपाङ्ग, विधवा, विरामी र आफन्तविनाका असहाय नागरिकहरूलाई सरकारले जीवनको सुरक्षाको सुनिश्चितता गर्ने,
(ञ) बेरोजगार युवाहरूलाई भत्ताको बन्दोबस्त,
(ट) खेलकूद र शारीरिक शिक्षाको बन्दोबस्त,
(ठ) रोजगार, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रान्तका नागरिकहरूले विना भेदभाव काम र सेवा पाउने मौलिक हककों सुनिश्चितता हुनेछ।

उपरोक्त मौलिक हकको साथसाथै संविधानमा तल लेखिएका प्रावधानहरू राख्न जोड दिइनेछ।

(क) जनताको जीवन र देशको निम्ति अत्यन्त महत्त्वपूर्ण उत्पादनका साधनहरू र सेवा सामाजिकीकरण र राष्ट्रियकरण गर्ने,
(ख) पेट्रोलियम पदार्थ, ग्याँस र खानेपानीजस्ता दैनिक उपभोग्य बस्तुहरू तथा सेवाहरूलाई राष्ट्रियकरण गर्ने,
(ग) जसको जोत उसको पोत सुनिश्चित हुने गरी क्रान्तिकारी भूमिसुधार लागू गर्ने,
(घ) नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्ने,
(ङ) नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने,
(च) देशको ५० प्रतिशत बजेट स्थानीय निकायमार्फत विकास निर्माण गर्न दिने,
(छ) प्राकृतिक श्रोत र साधनहरूको सन्धीसम्झौता संसदको दुईतिहाई बहुमतबाट हुनुपर्ने,
(ज) सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरू न्यायाधीशहरूबाट निर्वाचित गर्ने व्यवस्था गर्ने,
(झ) नेपाली सेनाका प्रधानसेनापति सम्बन्धित अधिकृतहरूबाट निर्वाचन गर्ने र गराउने,
(ञ) जनपद र सशस्त्र प्रहरीका प्रहरी महानिरीक्षकहरू सम्बन्धित प्रहरी अधिकृतबाट निर्वाचन गर्ने र गराउने,
(ट) राज्यको संरचनामा जनसंख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने व्यवस्था गर्ने,
(ठ) राज्यको संरचनामा कामदार वर्गका महिलाहरूको ५१ को प्रतिशत सहभागी सुनिश्चित गर्ने,
(ड) पिछडिएको क्षेत्र र युगौदेखि शोषित पीडित भएका जनतालाई अगाडि बढाउने।

१०. नागरिकका कर्तव्यहरू

नेपालका हरेक नागरिकले देशबाट अधिकार मात्र पाउने छैनन् बरु हरेक नागरिकको देश र जनताप्रति कर्तव्य पनि पालन गर्नुपर्नेछ।

(क) हरेक नेपाली नागरिक देशको स्वतन्त्रता, स्वाधिनता र सार्वभौमिकतालाई आँखाको नानीलाई जस्तै जोगाउन कर्तव्यनिष्ठ रहने,

(ख) आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरलाई गुप्त र रक्षा मामिलाको सूचना दिने तथा जनताको हितविपरित काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने,

(ग) हरेक नागरिकले जातीय, क्षेत्रीय र भाषागत मेलमिलाप र सद्भावनाको निम्ति कार्यरत रहने तथा देशका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिलाई माया र आदर गर्ने,

(घ) देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति हरेक नागरिक स्वयम्सेवक हुन सदा तत्पर रहने,

(ङ) स्वदेश र विदेशमा रहेने हरेक नागरिक आफ्नो देश र जनताको निम्ति आ-आफ्नो बल, बुद्धि र क्षेत्रमार्फत योगदान दिन तत्पर रहने, र

(च) टुहुरा-टुहुरी, अपाङ्ग, बिरामी, विधवा र ज्येष्ठ नागरिकहरूको र असहाय नागरिकहरूको सेवामा सहयोग गर्नु सबै नागरिकको कर्तव्य हुने।

५. महिलाहरूको हितमा

समाजको आधा-आकाश ढाकेका महिलाहरूलाई नयाँ युगको अभियानसँगै लान देशले केही वर्षको निम्ति महिला ऐन अथवा नयाँ ऐनकानुनको व्यवस्था गर्नुपर्नेछ। त्यसको निम्ति संविधानमै उल्लेख गर्नुपर्ने बुँदाहरू हुन् :-

(क) हरेक प्रौढ महिलाहरूलाई अनिवार्य शिक्षासँगै रोजगारको बन्दोबस्त सम्बन्धित प्रान्त, जिल्ला, नगर र गाविसले गर्नेछ,

(ख) महिलाहरूलाई सुत्केरी अगाडि र पछाडि तलब र ज्यालासहितको विदा बन्दोबस्त गर्नेछ,

(ग) बोक्सीको आरोप लगाई महिलालाई पीडा दिने र घरेलु हिंसालाई रोक्न कडा कानुन बनाइनेछ,

(घ) महिलाहरूलाई विदेशमा लगि बेच्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने र झूठो आश्वासन दिई गलत ठाउँमा विवाह गरि दिने व्यक्तिहरूबाट क्षतिपूर्ति दिलाउनुको साथै नीजहरूलाई कडा सजाय दिन बन्दोबस्त गरिनेछ।

१२. देशको अर्थनीति

(क) सामन्ती भूस्वामित्वकै कारण अत्यन्त अल्पमत सामन्त र जमिन्दार वर्गको हातमा देशको खेतियोग्य भूमिको स्वामित्व कायम छ। त्यसले देशका किसान जोताहाहरूको ठूलो भाग गरिबीमा छन् र खेतिको उत्पादकत्व साह्रै न्यून हुँदैछ। भूमिको न्यायोचित वितरण र खेतिको उत्पादन बृद्धिको निम्ति क्रान्तिकारी भूमिसुधार लागू गरी जमिन जोत्नेको स्वामित्वका दिने नीति निर्माण गर्नु आवश्यक छ।

(ख) देशको अर्थतन्त्र केही भूमिपति र पूँजीपतिहरूको नियन्त्रणमा रहेको हुँदा अत्यन्त बहुमत जनता गरिबी र अभावमा छटपटिएका छन् भने अल्पमत धनाढ्य र सम्भ्रान्त वर्गको हातमा असीमित सम्पत्ति थुप्रिएको छ। सम्पत्तिको सीमा तोक्ने बन्दोबस्त नहुँदा समाजमा आर्थिक विषमता बढेको छ भने समाजमा शोषण विरोधी भावना पनि विस्फोटक ढङ्गले अगाडि बढ्दैछ।

(ग) सुगौलि सन्धिमा नेपाल हारेपछि नेपाली गोर्खालीहरू मार्फत बेलायती साम्राज्य फैलाउन र एसिया-अफ्रिका र अन्य महादेशका देशहरूमाथि आक्रमण गर्न नेपाली सिपाहीहरूलाई प्रयोग गरियो। नेपाली सिपाहीहरू पहिलो विश्वयुद्ध, दोश्रो विश्वयुद्ध, टर्की, फोकल्याण्ड, अफगानिस्तान र इराकमा समेत प्रयोग गरियो। यसकारण पराधिनताबाट मुक्त हुन चाहने अन्य देशका जनता नेपालीहरूलाई भाडाका सिपाहीको रुपमा हेर्छन्। गोर्खा भर्तीकेन्द्र नेपाली जनताको निम्ति कलङ्कको टिका हो। तर आज

नेपालका म्यानपावर कम्पनीहरूले नेपाली युवाहरूको घरखेत गर्दै विदेशी कम्पनीहरूका गल्लावाला बन्दै युवाहरू विदेश पठाउँदैछन् । इतिहासमा पश्चिमी देशका गल्लावालाहरूले अफ्रिकी जनतालाई जबर्जस्ती अपहरण र बन्दी बनाउँदै बाकसमा थुनेर वा बाँधेर युरोप र अमेरिकाको बजारमा दासको रुपमा बेच्थे ।

आज आफ्नै लाखौं रुपैयाँ खर्च गराउँदै डलरको लोभ देखाएर लाखौ युवाहरूलाई नयाँ गल्लावालहरूले विदेशी कम्पनीलाई कानुनी ढंगले बेचबिखन गर्दैछन् । कति युवाहरू मरे, कति अपाङ्ग भए, कति अलपत्र छन् र कति युवाहरू विदेशी अदालत र जेलमा मृत्युलाई पर्खदैछन् ।

हाम्रो सरकार आफैंले विदेशी कम्पनीका गल्लाबालाहरूलाई कानुनी लुगा लगाई दिएको छ। डलर / ज्याला (रेमिटेन्स) आउने नाममा देशमा मुद्रास्फीति बढाउन सरकार आफैं लाग्दैछ। यसकारण विदेशमा ज्यामी पठाउने नीति स्वयम् विदेशी दलाली नीति हो । सरकारको यस नीतिले नेपाली युवाहरू देश विकासको श्रम शक्तिबन्नुको सट्टा विदेशीन गई देशको उद्योगधन्दाको विकासमा बाधा बनेको स्पष्ट छ।

विदेशमा जाने अरबौं-खरबौं रकमले देशमै अनेक उद्योगधन्दा, व्यापार, विज्ञान र प्रविधिको विकास गर्नुपर्दथ्यो ।

(घ) भू-मण्डलीकरण, निजीकरण तथा उदारीकरणको नाममा विदेशी पूँजी भित्र्याएर देशलाई नयाँ उपनिवेशवादी जालमा फसाउँदैछ । विश्वव्यापार सङ्गठन, एसियाली विकास बैंक, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष बैंक र अन्य बहुराष्ट्रिय कम्पनीहरू आदि साम्राज्यवादी शक्तिको आर्थिक हतियार हुन् ।

कोशी, गण्डक र महाकालीजस्तै आज वर्तमान लोकतान्त्रिक सरकारले माथिल्लो कर्णाली, सेती र अरुण तेश्रो भारतीय एकाधिकार पूँजीको हातमा सुम्पन्दैछ। नेपालले भारतलाई विजुलीप्रति युनिट एक रुपैयाँ पैंतिस पैसामा बेच्छ तर सरकारले आफ्नै नेपाली जनतालाई प्रति यूनिट बिजुली सात रुपैयाँ तीस पैसामा बेच्छ। यसकारण नेपालको विद्युत प्राधिकरण र सरकार भारतीय एकाधिकार पुँजीको दलाल बनेको छ।

भारतीय विस्तारवादले लिम्पियाधुरा, सुस्ता आदि ५४ ठाउँमा सीमा मिचेको छ । तर वर्तमान लोकतान्त्रिक सरकार मौन छ। नेमकिपा यी सबै आर्थिक र सीमाको थिचोमिचोको विरोधमा नेपाली जनतालाई शिक्षित र सुसूचित गर्दैछ।

निराक्षरता उन्मूलन गर्न काम गर्ने थलो र कारखानामा साक्षारता कक्षाको बन्दोबस्त गरिनेछ। विदेशी नागरिकलाई नेपाली नागरिकता दिने माथि कडा कारवाही गरिनेछ। देशको महत्त्वपूर्ण विषयहरूमा निर्णय गर्नु अगाडि जनमत संग्रह मार्फत जनताको अभिमत लिने व्यवस्था गरिनेछ । नेपालको सार्वभौमिकता नेपाली जनतामा निहित हुनेछ। यसको प्रयोग आफ्ना प्रतिनिधिहरूबाट गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको भूमिकालाई पारदर्शी र कानुनी दायराभित्र ल्याइनेछ । तिनीहरूबाट भइरहेको समानान्तर अर्थतन्त्रको सञ्चालनप्रति सचेत हुँदै नियन्त्रण गरिनेछ। काम वा रोजगारी हरेक नागरिकको अधिकार, कर्तव्य र गौरवको श्रोत हो। सेना, प्रहरी निजामति कर्मचारी र शिक्षकहरूलाई देश र जनताको सेवामा समर्पित गराइनेछ। उनीहरूको काम-कारवाही अनुशासित र पारदर्शी बनाइनेछ।

८.

राष्ट्रिय जनमोर्चा

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

भाग - १

(क) राष्ट्रिय जनमोर्चाले यो घोषणा गर्दछ :

१. **संविधानसभाको चुनाव :** संविधानसभाको चुनाव तोकिएको मितिमा सम्पन्न हुनुपर्दछ।

२. **गणतन्त्र :** संविधानसभाको पहिलो बैठकद्वारा गणतन्त्रको निर्णयलाई कार्यान्वयन गर्नुपर्दछ।

३. **सामन्ती र नोकरशाही एकीकृत शासन प्रणाली :** सामन्ती र नोकरशाही एकीकृत शासन प्रणालीको अन्त्य भएर प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक शासन प्रणालीको स्थापना गर्नुपर्दछ।

४. **संघीय शासन प्रणालीको विरोध :** अन्तरिम संविधानमा स्वीकृत सङ्घीय शासन प्रणाली खारेज हुनुपर्दछ र देशलाई टुक्राउने प्रकारको आत्मनिर्णयको अधिकार वा पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारलाई अस्वीकार गर्नुपर्दछ।

५. **राष्ट्रियता :** देशको सार्वभौमिकता, स्वतन्त्रता र अखण्डताको रक्षा हुनुपर्दछ। जातीय, क्षेत्रीय र राष्ट्रिय एकतालाई सुदृढ गरिनु पर्दछ।

६. **राज्यको पुनर्संरचना :** सबै शोषित, उत्पीडित र मेहनतकश जनताका हितहरूको संरक्षण वा उनीहरूलाई समावेश गर्ने गरी राज्यको पुनर्संरचना गर्नुपर्दछ।

७. **सरकारको अधिनायकवादी प्रवृत्ति :** अन्तरिम सरकारको कार्यप्रणालीमा देखापरेका सरकारको अधिनायकवादी प्रवृत्तिको अन्त हुनुपर्दछ।

८. **बहुदलीय व्यवस्था :** लोकतान्त्रिक मूल्य, मान्यता, बहुदलीय प्रतिस्पर्धाका आधारमा बहुदलीय व्यवस्थाको सुदृढिकरण गर्नुपर्दछ।

९. **प्रतिगामी सत्ता र माओवादीको जनतामाथिका ज्यादतिहरू :** देशमा सशस्त्र द्वन्द्व कालमा प्रतिगामी सत्ता र माओवादी दुवै पक्षद्वारा जनतामाथि भएका ज्यादति वा मानवताका विरुद्धका अपराधहरूबारे छानवीन गरेर दोषिहरूलाई अपराध अनुसार सजाय दिनुपर्दछ।

१०. **रायमाझी आयोगको प्रतिवेदन :** जनआन्दोलनका अपराधीहरूलाई रायमाझी आयोगको सिफारिस अनुसार कारवाही गर्नुपर्दछ।

११. **सशस्त्र द्वन्द्वको दौरानमा पीडित र विस्थापित जनता :** सशस्त्र द्वन्द्वका दौरानमा राज्य तथा माओवादी दुवै पक्षद्वारा सर्वसाधारण जनतामाथि भएका हत्या, कुटपिट, लुटपिटका कारणले पीडित वा विस्थापित जनताका लागि क्षतिपूर्ति दिने, पुनर्वासको व्यवस्था गर्ने, उनीहरूका सम्पत्ति वा जग्गा फिर्ता गर्ने कार्य हुनुपर्दछ।

१२. **जनताका न्यायपूर्ण मागहरू :** मजदूर, किसान, महिला, जनजाति, मुस्लिम सहित अल्पसंख्यक, दलित, सुकुम्बासी, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, डाक्टर, नर्स, यातायात मजदूर, अपाङ्ग, राष्ट्रिय उद्योगपति, व्यापारी, लेखक, कलाकार, पत्रकार, प्रवासी नेपाली, आप्रवासी नेपाली, मधेश, तराई, कर्णाली सहित पिछडिएका क्षेत्र, सशस्त्रद्वन्द्वका कालमा पीडित, विस्थापित आदि सबैका न्यायपूर्ण मागहरू पूरा गर्नुपर्दछ।

१३. **मानव अधिकार र प्रेसको स्वतन्त्रता :** मानव अधिकार र प्रेस स्वतन्त्रताको रक्षा हुनुपर्दछ।

१४. **जेल बन्दीहरूका हक र अधिकार :** जेल बन्दीहरूका हक र अधिकारहरूको रक्षा हुनुपर्दछ र जेलहरूको आधुनिकीकरण गरिनु पर्दछ।

१५. **भ्रष्टाचार नियन्त्रण :** भ्रष्यचारमा नियन्त्रण गरिनु पर्दछ र राष्ट्रिय सम्पत्तिमा दुरूपयोग वा गवन गर्नेहरू माथि कडा कारवाही गरेर उनीहरूले दुरुपयोग गरेको सम्पत्ति असूल गर्न प्रभावकारी कदम उठाउनु पर्दछ।

(ख) अग्रगामी संविधानको निर्माण

संविधानसभाको मुख्य कार्य अग्रगामी संविधानको निर्माण हुनेछ। नयाँ बन्ने संविधानमा हाम्रो पार्टीले तल लेखिएका प्रावधानहरू सामेल गर्न जोड दिनेछ :

१. **लोकतान्त्रिक गणतन्त्र :** नेपाल लोकतान्त्रिक गणतन्त्र हुनेछ।

२. **प्रधानमन्त्रीय प्रणाली :**

(क) **राज्यको प्रमुख राष्ट्रपति :** राज्यको प्रमुख राष्ट्रपति हुनेछन् । उनले प्रधानमन्त्रीको सल्लाह अनुसार काम गर्नेछन्। राष्ट्रपतिलाई सहयोग गर्नका लागि एकजना उप-राष्ट्रपति हुनेछन्।

(ख) **सरकारको प्रमुख प्रधानमन्त्री :** सरकारको प्रमुख प्रधानमन्त्री हुनेछन् र उनी प्रतिनिधि संस्था (संसद) प्रति जिम्मेवार हुनेछन्।

(ग) **द्वि-सदनात्मक संसद :** प्रतिनिधि संस्था (संसद) द्वि-सदनात्मक संसद हुनेछ।

(घ) **निर्वाचनको पद्धति :** राष्ट्रपतिको निर्वाचनको पद्धति, प्रधानमन्त्रीको चुनाव, सदनहरूका प्रतिनिधिहरूको संख्या, निर्वाचन प्रणाली आदि कानूनमा निर्धारित गरिएअनुसार हुनेछ।

३. **लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धा :** देशको शासन व्यवस्था लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धाअनुसार सञ्चालन गरिनेछ।

४. **मौलिक अधिकारको ग्यारेन्टी :** जनतालाई मौलिक अधिकारको ग्यारेण्टी हुनेछ।

५. **अन्तर्राष्ट्रिय घोषणापत्र र अनुबन्धहरूद्वारा स्वीकृत मौलिक अधिकार :** अन्तर्राष्ट्रिय घोषणापत्र र अनुबन्धहरूद्वारा स्वीकृत मौलिक अधिकारहरूको ग्यारेन्टी हुनेछ।

६. **स्वतन्त्र न्यायपालिका र लोकसेवा आयोग :** न्यायालय र लोकसेवा आयोग स्वतन्त्र हुनेछन्।

७. **शोषित, उत्पीडित जनताका न्यायपूर्ण मागहरू :** शोषित, उत्पीडित वर्ग, जात-जाति तथा भाषा भाषी, समुदाय, महिला, पिछडिएका क्षेत्र आदिको न्यायपूर्ण मागहरूलाई पूरा गरिनेछ।

८. **प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त :** प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनको प्रणालीलाई लागू गरिनेछ।

९. **स्थानीय जातीय स्वायत्त शासन :** कुनै जाति, जनजाति वा दलित जातिको घनाबस्ती भएको स्थानमा गाउँ वा जिल्लास्तरमा स्थानीय जातीय स्वायत्त शासन व्यवस्था गरिनेछ र उनीहरूलाई स्थानीय विषयहरूमा निर्णय गर्नका लागि अधिकार प्रदान गरिनेछ।

१०. **प्रवासी नेपाली नागरिकहरूलाई मताधिकार र प्रतिनिधित्वको अधिकार :** प्रवासी नेपाली नागरिकहरूलाई समानुपातिक चुनावमा मताधिकार र संसदमा आफ्ना प्रतिनिधिहरू चुनेर पठाउने अधिकार हुनेछ।

भाग – २

राष्ट्रिय जनमोर्चाको इतिहास र राजनैतिक भूमिका

(क) राष्ट्रिय जनमोर्चाको इतिहास

१. २०५२ सालमा राष्ट्रिय जनमोर्चाको स्थापना

कुनै राजनैतिक दलको मूल्याङ्कन त्यसको शक्ति, त्यसको सङ्गठन, कार्यकर्ताहरूको संख्या वा त्यसका स्रोत वा साधनहरूको आधारमा होइन, त्यसले अपनाएको राजनैतिक लाइन कति सही छ वा गलत? त्यसको राजनैतिक भूमिका देश र जनताका हितमा छन् वा छैनन्? त्यसको आधारमा नै गरिनु पर्दछ। त्यसरी निष्पक्ष र बिना कुनै पूर्वाग्रह विचार गर्दा देशमा राष्ट्रिय जनमोर्चा (संक्षिप्तमा रा.ज.मो.) को स्थान विशिष्ट र उच्च भएको कुरामा कुनै शंका रहने छैन। राष्ट्रिय जनमोर्चा २०५२ सालमा गठन भएको थियो। तर त्यसको इतिहास त्यो भन्दा पुरानो छ। २०४५ सालमा नेकपा (मसाल) का प्रवक्ता का. चित्रबहादुर के. सी. को अध्यक्षतामा अखिल नेपाल राष्ट्रिय जनमोर्चाको गठन भएको थियो। त्यसमा नेकपा (मसाल) सहित कैयौं सङ्गठनहरू सामेल थिए। त्यो बेला देशमा निरंकुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था थियो र त्यसको विरूद्धको सङ्घर्षमा अ.ने.रा.ज.मो.को महत्त्वपूर्ण भूमिका रहेको थियो। २०५१ सालमा अखिल नेपाल राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूले स्वतन्त्र उम्मेदवारहरूको रूपमा संसदीय चुनावमा भाग लिएका थिए। त्यसका दुईजना प्रतिनिधिहरू निर्वाचित भएका थिए। त्यसप्रकारको ऐतिहासिक पृष्ठभूमिमा २०५२ सालमा का. चित्रबहादुर के.सी. को अध्यक्षतामा नै रा.ज.मो. को स्थापना भएको थियो। २०५६ मा सम्पन्न संसदीय चुनावमा त्यसका पाँचजना उम्मेदवारहरू विजयी भएका थिए।

२. नेपाल कम्युनिष्ट पार्टी (मसाल) सित घनिष्ट सम्बन्ध

रा.ज.मो. को आफ्नो स्थापना कालदेखिनै ने.क.पा. (मसाल) सित घनिष्ट भाईचारा सम्बन्ध रहँदै आएको छ। देशका सबै महत्त्वपूर्ण आन्दोलहरूमा दुवैले तालमेल वा सामञ्जस्यता कायम गरेर काम गर्दै आएका छन्। अहिले संविधानसभाको चुनाव, गणतन्त्रको स्थापना, राष्ट्रियता, देश तथा जनताका अन्य समस्याहरूमा पनि दुवैले मिलेर काम गर्दै आएका छन्। संविधानसभाको चुनावमा पनि रा.ज.मो.का उम्मेदवारहरूलाई नेकपा (मसाल) को पूर्ण समर्थन प्राप्त छ।

३. राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाको एकीकरण भएर जनमोर्चा, नेपालको गठन

२०५९ सालमा राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाको एकीकरण भएर जनमोर्चा, नेपालको गठन भयो। त्यही एकताको कालमा नै पहिले पाँचदलीय र पछि सातदलीय संयुक्त आन्दोलनमा सामेल भएर जनमोर्चा, नेपालले प्रतिगमन र निरंकुश राजतन्त्रका विरुद्धको सङ्घर्षमा भाग लिएको थियो। प्रतिगमनका विरूद्धको सङ्घर्षमा जोड दिनका लागि नेकपा (मसाल), जनमोर्चा नेपाल र अन्य कतिपय सङ्गठनहरू सामेल भएर नेकपा (मसाल) का प्रवक्ता का. चित्रबहादुर के.सी.को संयोजकत्वमा केन्द्रिय युवा सङ्घर्ष समिति (संक्षिप्तमा के.सं.स.) को पनि गठन भएको थियो। त्यो समितिको मातहतमा एकातिर, प्रतिगामी सत्ता र सेनाका दमनकारी कार्यवाहीहरू र, अर्कातिर, माओवादीहरूका ज्यादतिहरूका विरुद्ध देशव्यापी रूपमा कैयौं सङ्घर्ष वा भण्डाफोरका कार्यहरू सम्पन्न भएका थिए। के.सं.स.को तत्वावधानमा प्रतिगमनका विरुद्ध २०६२ फागुन १९ गते महेन्द्रनगरबाट मेची–महाकाली अभियान सञ्चालन गरेको थियो र चैत्र २४ गते त्यसको समापन बुटवलमा भएको थियो। त्यो मेची–महाकाली अभियानले चैत्र २४ गतेदेखि शुरू भएको जनआन्दोलनको पूर्वाधार तयार पार्न महत्त्वपूर्ण योगदान दिएको थियो। त्यो अभियानको समापनको दिन नै चैत्र २४ गते नै २०६२/०६३ को संयुक्त आन्दोलन शुरु भएको थियो। २०६२/६३ को आन्दोलनमा के.सं.स. को मातहतमा हाम्रो सङ्गठनका नेता र कार्यकर्ताहरूले देशव्यापी भाग लिएका थिए र त्यो सङ्घर्षको क्रममा हाम्रा थुप्रै नेता वा कार्यकर्ताहरू घाइते वा गिरफ्तार भएका थिए।

४. जनमोर्चा, नेपालमा विभाजन र राष्ट्रिय जनमोर्चाको पुनर्स्थापना

राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा, नेपालका बीचमा एकीकरण भएर जनमोर्चा नेपालको निर्माण भयो। तर दुवै पक्षहरूका बीचमा वैचारिक वा भावनात्मक एकताको निर्माण हुन सकेन। जनमोर्चा, नेपालले संयुक्त जनआन्दोलनको प्रारम्भ देखि नै सरकारमा सामेल नहुने नीति अपनाउँदै आएको थियो। खासगरेर एकता केन्द्रसित सम्बन्धित जनमोर्चा नेपालको माओवादीहरूप्रतिको पिछलग्गुपनको दृष्टिकोणका कारणले सुरुदेखि नै त्यो एकतामा गम्भीर प्रकारका मतभेदहरू देखा पर्दै गए। संयुक्त आन्दोलनको प्रारम्भ देखि नै जनमोर्चा, नेपालले संयुक्त आन्दोलनमा भाग लिए पनि सरकारमा सामेल नहुने नीति अपनाउँदै आएको थियो। तर त्यो निर्णयका विपरीत २०६३ को जेठमा त्यसको नेतृत्वको एउटा पक्षले अवैधानिक तरिकाले सरकारमा सामेल हुने निर्णय लियो। त्यसपछि पार्टीमा विभाजन भयो र हामीले संसद्भित्र वा बाहिर बेग्लै काम गर्न थाल्यौं। २०६४ वैशाख ३ गते निर्वाचन आयोगमा दल दर्ता गर्ने सिलसिलामा पूर्व राष्ट्रिय जनमोर्चाको पुनर्स्थापना भयो र त्यसले आफ्ना पुरानो इतिहास र परम्परालाई अगाडि बढाउँदै काम गर्दै आएको छ।

५. राष्ट्रिय जनमोर्चाको उज्ज्वल र निष्कलङ्कित इतिहास

संसदभित्र हाम्रो दलका सांसदहरूको भूमिका प्रारम्भ देखि नै अत्यन्त उज्ज्वल र निष्कलंकित रहने गरेको छ। गतकालमा अन्य दलहरूका सांसदहरूमा देखिने गरेका भ्रष्टाचार, दलबदल आदि सबै प्रवृत्तिबाट हाम्रा पार्टीका सांसदहरू सधैं टाढा र अलग रहने गरेका छन्। अन्य दलका सांसदहरूमा देखिने पद वा व्यक्तिगत फाइदाका लागि सिद्धान्त वा नीतिको सौदावाजी गर्ने जस्ता सबै व्यवहारहरूबाट पनि हाम्रा सांसदहरू अलग र टाढा रहने गरेका छन्। त्यस सन्दर्भमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी. सार्वजनिक लेखा समितिको अध्यक्ष भएको कार्यकालको कार्यविधि पनि उल्लेखनीय छ। उहाँ सार्वजनिक लेखा समितिको अध्यक्ष भएको कालमा राजपरिवार, राजा र रानीको संरक्षण वा अध्यक्षतामा रहेका संस्थाहरू वा सरकारी निकायहरूद्वारा गरिएको भ्रष्टाचार वा राष्ट्रिय सम्पत्तिको दुरुपयोग बारे जति निष्पक्ष र निर्भिकतापूर्ण तरिकाले छानवीन गरिएको थियो, त्यति कुनै लेखा समितिद्वारा पहिले कहिल्यै गरिएको थिएन। भ्रष्टाचारको छानवीन गर्न बनेका अन्य कतिपय सार्वजनिक लेखा समितिहरू स्वयं भ्रष्टाचारको शिकार बन्ने गरेका छन्। तर का. चित्रबहादुर के.सी.को अध्यक्षतामा बनेको सार्वजनिक लेखा समिति सबै प्रकारका प्रलोभन, भ्रष्टाचारबाट माथि उठ्यो र त्यसको कार्य नेपालको सम्पूर्ण संसदीय इतिहासमा नै निष्कलङ्कित र सफा रहेको थियो। तर सरकारले सार्वजनिक लेखा समितिका निर्णय र सिफारिसलाई कार्यान्वयन नगरेकाले पछि सार्वजनिक लेखा समितिको अध्यक्ष पदलाई उहाँले अस्वीकार गर्नुभएको थियो। त्यो कुराले पनि हाम्रो दलले कुनै पद, सरकारी सुविधा वा फाइदामा होइन, देश र जनताका हित वा नीतिहरू नै सर्वोपरी राख्दछन् भन्ने कुरा प्रष्ट छ।

(ख) संविधानसभाको चुनाव र गणतन्त्रको लागि संघर्ष

१. संविधानसभाको पक्षमा ६ दशक लामो गौरवपूर्ण संघर्षको इतिहास

संविधानसभाको चुनावको पक्षमा गत ६ दशकदेखि आवाज उठ्दै वा सङ्घर्ष हुँदै आएको छ। त्यो सङ्घर्षमा हाम्रो दलले सँधै दृढ र सम्झौताहीन प्रकारले अडान लिँदै आएको छ। देशमा अन्य सबै राजनैतिक दलहरूले संविधानसभाको विरोध गरिरहेको बेलामा दशकौंसम्म नेपाल कम्युनिष्ट पार्टी (मसाल) दृढतापूर्वक त्यसको पक्षमा उभिएको थियो। देशका अन्य सबै राजनैतिक दलहरूले संविधान सभाको नारालाई बारम्बार तिलाञ्जली दिँदै वा विरोध गर्दै आएको पृष्ठभूमिमा करिब आधा शताब्दी–देखि मसालले एक्लै लगातार कैयौं दशकसम्म त्यसको पक्षमा सङ्घर्ष गर्दै आएको छ। २०४६ सालको जनआन्दोलनमा नेकपा (मसाल) ले संयुक्त राष्ट्रिय जनआन्दोलनमा सामेल भएर त्यो आन्दोलनमा भाग

लिएको थियो। २०४६ पछि नेकपा (मसाल) वा त्यसको नजिकका सङ्गठनहरूले संविधानसभाको चुनावमा जोड दिँदै पहिलो संसदीय चुनावको बहिष्कार गरेका थिए। ने.का., बाममोर्चा (जसभित्र अहिलेको एमाले पनि थियो) वा तात्कालिक एकता केन्द्रले संविधानसभाको विरोध गरेका थिए। पछि माओवादी समूहले सशस्त्र कारवाही सुरु गरेपछि पनि संविधानसभाको चुनावलाई दक्षिणपन्थी संशोधनवादी नारा भनेर त्यसका विरुद्ध देशव्यापी रुपमा अभियान सञ्चालन गरेको थियो। त्यसरी संविधानसभाको पक्षमा नेकपा (मसाल) को करिब आधा शताब्दी लामो गौरवपूर्ण इतिहास रहेको छ। त्यसपछि पनि मसालले लगातार संविधानसभाको चुनावमा जोड दिइरह्यो। हाम्रो दलले नेकपा (मसाल) ले संविधानसभाबारे लिएको अडानलाई सधैं समर्थन गरिरह्यो।

२. "संविधानसभाको चुनाव सफल पारौं, गणतन्त्रको स्थापना गरौं" नाराका आधारमा देशव्यापी प्रचार र संघर्षका कार्यक्रम

हाम्रो यो स्पष्ट मत रहँदै आएको छ कि संविधानसभाको चुनावद्वारा सार्वभौमसत्ता जनतामा हस्तान्तरण र गणतन्त्रको स्थापना हुनुपर्दछ। देशमा निरंकुश राजतन्त्र कायम भएको अवस्थामा त्यसका विरुद्धको सङ्घर्षमा मुख्य जोड र त्यसलाई क्रियात्मक नाराका रुपमा प्रस्तुत गर्दै संविधानसभाको मागलाई आन्दोलनात्मक नाराका रुपमा प्रस्तुत गर्नु वा संविधानसभाको पक्षमा जनमत वा पूर्वाधार तयार पार्दै जाने नीति नै सही हुन्थ्यो। हामीले त्यही नीति अपनायौं। तर २०६३ वैशाख ११ गतेको राजनैतिक परिवर्तन पछि हामीले मुख्य जोड संविधानसभाको चुनावमा दियौं र त्यो क्रियात्मक नारा बन्यो। २०६२/६३ को जनआन्दोलनको सफलतापछि २०६४ जेष्ठ, आषाढ ६ गते र पछि मंसिर ६ गते संविधानसभाको चुनावको मिति तोकियो। तर तीनैपल्ट त्यो चुनाव सम्पन्न हुन सकेन। हाम्रो दलले 'संविधानसभाको चुनाव सफल पारौं, गणतन्त्रको स्थापना गरौं' नाराका आधारमा राष्ट्रियस्तरका कैयौं कार्यक्रमहरू सञ्चालन गरेर संविधानसभाको चुनाव सम्पन्न गर्नका लागि सरकार माथि दबाब दिने नीति अपनाएको थियो। त्यस सन्दर्भमा २०६३ मंसिर १ गतेबाट एक महिनासम्म सञ्चालित **'संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनाका लागि राष्ट्रिय प्रचारात्मक अभियान'** उल्लेखनीय छ। त्यसपछि पनि संविधानसभाको चुनावलाई स्थगित गर्ने सातदल वा सरकारका निर्णयहरूको विरोध गर्दै हाम्रो दलले संविधानसभाको चुनावलाई सुनिश्चित गर्न लगातार सङ्घर्ष गर्दै आएको छ। अहिले संविधानसभाको चुनावका लागि चैत्र २८ गतेको मिति तोकिएको छ। पहिले बारम्बार चुनाव स्थगित भएकाले त्यो चुनाव पुनः स्थगित हुने ता होइन ? देशभरी त्यो आशंका व्याप्त छ। त्यो अवस्थामा हाम्रो दलले तोकिएको मितिमा त्यो चुनाव सम्पन्न गर्ने कुरामा जोड दिन्छ। त्यसका लागि देशव्यापी रूपमा जनमतको निर्माण गरेर तथा आन्दोलन सङ्गठित गरेर त्यो मितिमा चुनाव सम्पन्न गर्न सरकार माथि लगातार दबाब सिर्जना गर्ने हाम्रो नीति हुन्छ।

३. तात्कालिक रूपमा राजतन्त्रका विरुद्ध र गणतन्त्रका पक्षमा संघर्षलाई उच्च प्राथमिकता

हाम्रो दलले गणतन्त्रको प्रश्नमा सधैं दृढ र सम्झौताहीन नीति अपनाउने गरेको छ। २०४६ सालपछि देशका अन्य विभिन्न दलहरूले दरबार वा राजावादीहरूसित साँठगाँठ गरेर सत्तामा जाने प्रयत्न गरिरहेको वा दरबारसित अघोषित कार्यगत एकताको नीति अपनाएको बेलामा हाम्रो दलले देशमा प्रतिगामी खतरा भएको बताउँदै त्यसका विरुद्ध व्यापक र संयुक्त आन्दोलनमा जोड दियो। हाम्रो दलले २०६३ वैशाख ११ गतेको राजनैतिक परिवर्तन पछि 'संविधानसभाको चुनाव सफल पारौं, गणतन्त्रको स्थापना गरौं' भन्ने नाराका साथ देशव्यापीरूपमा संविधानसभा र गणतन्त्रका पक्षमा जनमत तयार पार्ने वा आन्दोलन सङ्गठित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो। अहिले अन्तरिम संविधानले गणतन्त्रबारे निर्णय गरेर संविधानसभाको पहिलो बैठकले त्यसलाई कार्यान्वयन गर्ने भनिएता पनि त्यसको आधारमा देशमा

गणतन्त्र सुनिश्चित भैसक्यो भन्न मुश्किल पर्दछ। राजतन्त्रलाई कायम राख्न राजा र राजावादीहरूले पूरा शक्ति लगाउने छन्। स्वयं आन्दोलनकारी वा सातदलीय गठबन्धनका कतिपय दलहरूमा, मुख्यतः नेपाल काँग्रेसको नेतृत्व पंक्तिमा राजसंस्थालाई कायम राख्नु पर्दछ भन्ने वा माओवादीहरूमा राजावादीहरूलाई 'राष्ट्रवादी' बताउँदै उनीहरूसितको एकतामा जोड दिने जुन विचारहरू देखापरेका छन्, तिनीहरूले पनि गणतन्त्रको स्थापनाको कार्यमा समस्या पैदा गर्नेछ वा बाधा पुऱ्याउने छन्। त्यसैले हाम्रो दलले राजतन्त्रका विरुद्ध वा गणतन्त्रका पक्षमा सङ्घर्ष वा जनमतको निर्माण गर्न वा आन्दोलन गर्ने कार्यलाई अझै पनि उच्च प्राथमिकता दिनुपर्ने आवश्यकतामा जोड दिन्छ।

(ग) देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षाका लागि संघर्ष

हाम्रो दलले देशको राष्ट्रियता, सार्वभौमिकता र गणतन्त्रको पक्षमा सधैं दृढतापूर्वक र सम्झौताहीन प्रकारले आवाज उठाउँदै आएको छ। सातदल र माओवादीहरूका बीचमा सम्पन्न १२ बुँदे सहमतिमा स्वीकृत निरंकुश राजतन्त्रका विरुद्धको सङ्घर्षको नीतिलाई हाम्रो दलले दृढतापूर्वक समर्थन गरेको थियो, तर त्यसको ३ नं. बुँदाबाट देशको राष्ट्रियता र सार्वभौमिकतामा बाधा पुग्ने भएकाले त्यसको विरोध गरेको थियो। सातदलीय (पहिलेका आठदलीय) गठबन्धन सरकारले देशमा बढ्दो विदेशी हस्तक्षेप वा राष्ट्रियताको प्रश्नमा अपनाएको उपेक्षा वा सम्झौतापरस्त नीतिबाट पनि राष्ट्रियताका अगाडिको खतरा अरू बढ्दै गएको छ। सर्वप्रथम देशमा स्वयं सरकारको नीति निर्धारण वा प्रशासकीय कार्यहरूमा पनि विदेशी हस्तक्षेप बढ्दै गैरहेको छ। शान्ति सम्झौता वा संविधानसभाको चुनावमा अनुगमनको नाममा संयुक्त राष्ट्रसङ्घ (अनमिन) को भूमिका लम्बिँदै गएको छ। अनमिनले आफ्नो कार्यक्षेत्रको विस्तार र थप अधिकार बढाउन दबाब दिँदैछ। अमेरिकी साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादका कारणले देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डतामा खतरा उत्पन्न भएको छ। हाम्रो दलले सबै प्रकारका विदेशी हस्तक्षेप वा राष्ट्रियताका अगाडि उपस्थित खतराका विरुद्ध समेत लगातार आवाज उठाउँदै वा देशव्यापी रुपमा सङ्घर्षका कार्यक्रमहरूको सञ्चालन गर्दै आएको छ। त्यही सिलसिलामा यही सालको असोज १ गते हाम्रो दलले 'देशको राष्ट्रियता, सार्वभौमिकता तथा अखण्डताका लागि राष्ट्रिय अधिवेशन' को आयोजना गरेको थियो र त्यो अधिवेशनले 'देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको लागि घोषणापत्र' पारित गरेको थियो। भारतद्वारा कालापानीमा सेनाको कब्जा, अन्तर्राष्ट्रिय कानूनको समेत उल्लङ्घन गरेर नेपालको सीमामा बाँधहरूको निर्माण, सुस्ता समेत देशका विभिन्न भागहरूमा सीमा अतिक्रमण वा अन्य विभिन्न रूपमा हस्तक्षेपहरूको हाम्रो दलले लगातार विरोध गर्दै आएको छ र आगामी दिनहरूमा पनि उक्त विषयमा लगातार जोड दिनेछ। हालै सम्पन्न अपर कर्णाली र पश्चिम सेती सम्झौताहरूले पनि सरकारको भारतप्रतिको सम्झौतापरस्त नीतिलाई गम्भीर रूपमा प्रस्तुत गरेको छ। राष्ट्रियता र प्रजातन्त्र अविभाज्य कुराहरू हुन्। राष्ट्रियताको अभावमा प्रजातन्त्र वा गणतन्त्रको रक्षा हुन सक्दैन। त्यसैले दुवैको रक्षाका लागि पूरा जोड दिनुपर्ने आवश्यकता छ।

(घ) राज्यको पुनर्संरचनामा जोड

अहिलेको राज्यले प्रतिक्रियावादी वर्गहरूको स्वार्थहरूको प्रतिनिधित्व गर्दछ। त्यसकारण त्यसको स्वरूपमा आमूल परिवर्तन गरेर पुनर्संरचना गर्नुपर्ने आवश्यकता छ। देशमा अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्था कायम रहँदासम्म संविधानसभाको चुनाव र गणतन्त्रको स्थापना भएपनि त्यसको स्वरूपमा आमूल परिवर्तन, वास्तविक अर्थमा त्यसको पुनर्संरचना वा जनपक्षीय राज्ययन्त्रको निर्माण सम्भव छैन। तैपनि हाम्रो पार्टीले वर्तमान आर्थिक–राजनैतिक व्यवस्थाको सीमाभित्र पनि राज्यमा विभिन्न शोषित, पीडित वर्ग वा जनसमूहहरूलाई समावेश, प्रतिनिधित्व वा उनीहरूका हितहरूको संरक्षण हुने गरी राज्यको पुनर्संरचना गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ।

(ङ) संघीय शासन प्रणाली विरोध

१. विकेन्द्रियता तथा स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक शासनको स्थापना

हाम्रो दलले सङ्घीय शासन व्यवस्थाका विरुद्ध लगातार तथा सम्झौताहीन र दृढतापूर्वक आवाज उठाउँदै आएको छ । वास्तवमा आज देशमा सङ्घीय व्यवस्थाका विरुद्ध आवाज उठाउने नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चा मात्र हुन् । हाम्रो के स्पष्ट र दृढ मत छ भने नेपाल जस्तो एउटा सानो र पिछडिएको देशका लागि सङ्घीय व्यवस्था उपयुक्त छैन । त्यसैले हाम्रो पार्टीले सङ्घीय व्यवस्थालाई दृढतापूर्वक अस्वीकार गर्दछ। त्यसका साथै हाम्रो यो पनि मत छ कि सामन्ती र नोकरशाही केन्द्रिकृत शासन प्रणालीको पनि अन्त हुनुपर्दछ र त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रियता तथा स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक शासनको स्थापना हुनुपर्दछ। हाम्रो देशमा मजदुर, किसान, महिला, जनजाति, दलित, मधेसी वा विभिन्न क्षेत्रहरू माथि सामन्ती शासकहरूद्वारा सताब्दियौं देखि शोषण, उत्पीडन वा भेदभावको नीति अपनाउने गरिएको छ। ती सबै शोषण, उत्पीडन वा भेदभावको अन्तका लागि विद्यमान सामन्ती व्यवस्थाको अन्तको आवश्यकता छ र त्यो कार्य सवै शोषित, उत्पीडित जनताको एकताबद्ध सङ्घर्षद्वारा नै सम्भव छ, सङ्घीय व्यवस्थाद्वारा होइन । आज देशमा जातीय वा क्षेत्रीय आधारमा सङ्घीय व्यवस्थाको स्थापनाको लागि जुन आवाज उठिरहेको छ त्यसले सबै शोषित, उत्पीडित जनता वा क्षेत्रहरूको एकतामा बाधा पुऱ्याउनेछ र त्यसले वास्तवमा सामन्तवादी व्यवस्थालाई नै मद्दत गर्नेछ। त्यसरी सङ्घीय व्यवस्थाले प्रकारान्तरले सामन्ती व्यवस्थालाई नै मद्दत पुऱ्याउने छ।

२. संघीय व्यवस्था विश्वस्तरमा अस्वीकृत व्यवस्था

सङ्घीय व्यवस्था विश्वस्तरमा अस्वीकृत व्यवस्था हो । त्यसैको परिणाम होकि संसारका करिब २०० देशहरूमध्ये खाली करिब दुई दर्जन देशहरूमा मात्र त्यो प्रणालीलाई अपनाइएको छ। कैयौं देशहरूले त्यो व्यवस्थालाई अपनाए पनि ती मध्ये कैयौं देशहरूले सङ्घीय प्रणालीबाट क्रमशः केन्द्रलाई मजबूत पार्ने नीति अपनाउँदै गएका छन्। त्यसरी व्यवहारमा सङ्घीय व्यवस्थाको सिद्धान्तहरूलाई छाड्दै गैरहेका छन्। त्यसैले कैयौं देशहरूले आफूलाई सङ्घीय बताए पनि तिनीहरू पूर्ण अर्थमा सङ्घीय छैनन्। पहिले सङ्घीय व्यवस्था भएका कैयौं देशहरूले पुनः एकात्मक प्रणाली अपनाएका छन्। सङ्घीय व्यवस्था भएका कैयौं देशहरूमा जातीय, क्षेत्रीय विग्रह, गृहयुद्ध वा अराजकताको स्थिति उत्पन्न भएको छ र त्यसप्रकारका कैयौं राज्यहरू विभाजित भएर कैयौं देशहरूमा विभाजित हुन पुगेका छन् । त्यसमा भएका त्यस प्रकारका कमजोरीहरूले गर्दा नै विश्वका करिब १७० देशहरूले त्यसलाई अस्वीकार गरेका छन्।

३. जातीय राज्यहरूको अवधारणा गलतः जनजातिहरूमा भैरहेको शोषण, उत्पीडन र भेदभावको अन्तमा जोड

देशमा जातीय आधारमा राज्यहरूको निर्माण गरेर सङ्घीय राज्यको स्थापना गर्ने कुरा उठिरहेको छ। देशलाई त्यसरी जातीय आधारमा विभाजन गर्ने कार्यहरूलाई हामीले गलत मान्दछौं र विरोध गर्दछौं। देशका अधिकतर भागहरूमा बेग्ला–बेग्लै जाती वा जनजातिहरूको मिश्रित बसोबास भएकाले कुनै जाति विशेषको बाहुल्यता वा बहुमत भएका क्षेत्रहरू अत्यन्त कम छन्। देशमा १०० भन्दा बढी जाति वा जनजातिहरू छन्। त्यो अवस्थामा केही प्रमुख जनजातिलाई आधार बनाएर जातीय राज्यको गठन गरे पनि ती राज्यहरूभित्र कैयौं जनजातिहरू अल्पसंख्यामा नै रहने छन् । त्यसकारण जातीय राज्यहरूको गठन गरेर होइन, देशमा विद्यमान सामन्ती व्यवस्थाको अन्त गरेर जनजातिहरू माथि भैरहेका सबै शोषण, उत्पीडन वा भेदभावको अन्त गरेर वा उनीहरूको भाषा, संस्कृतिको विकासमा भएका अवरोधहरू हटाएर नै उनीहरूको कल्याण र विकास हुन सक्दछ। कुनै जाति वा जनजाति बहुसंख्यामा रहेका वा उनीहरूको घनावस्ती भएका जिल्ला वा गाउँहरूमा स्थानीय आर्थिक, सामाजिक, साँस्कृतिक वा धार्मिक विषयहरूमा व्यवस्था गर्नका लागि उनीहरूलाई जातीय स्वायत्त शासनको अधिकार दिनुपर्दछ। तर सङ्घीय शासन व्यवस्था वा जातीय राज्यहरूको अवधारणालाई दृढतापूर्वक अस्वीकार गर्नुपर्दछ।

४. संघीय राज्यको निर्माणबाट जातीय, क्षेत्रीय विग्रह वा विखण्डनको खतरा

विभिन्न पक्षहरूले हिमाल, पहाड र तराईका आधारमा सङ्घीय राज्यको स्थापना गर्ने कुराहरू अगाडि सारेका छन्। जातीय, क्षेत्रीय वा प्रादेशिक जनुसुकै आधारमा सङ्घीय राज्यको निर्माण भए पनि त्यसले देशलाई जातीय र क्षेत्रीय विग्रह वा विखण्डनको अवस्थामा पुऱ्याउने छ। देशमा कतिपय पक्षहरूले विभिन्न जातजाती वा अल्पसंख्यक जातिहरूलाई राष्ट्र वा नेशनलिटिज (Nationalities) का रूपमा पनि परिभाषित गर्ने गरेका छन्। त्यो गलत व्याख्या हो। देशका कुनै पनि जातजाति वा अल्पसंख्यक जातिको राष्ट्र वा नेशनलिटिजको रुपमा विकास भैसकेको छैन । त्यो अवस्थामा देशमा जातीय आधारमा कायम हुने राज्यहरू वास्तवमा जनजाति वा अल्पसंख्यक जातिहरूका नै राज्यहरू हुनेछन्। त्यसरी केही जातीय राज्यहरूको निर्माण भएपनि सबै जनजातिहरूका जातीय राज्यहरू कायम हुन सक्ने छैनन् र वहुसंख्यक जनजातिहरू बेग्ला बेग्लै राज्यहरूमा अल्पसंख्यक रूपमा नै रहने छन्। एकपल्ट जातीय राज्यको निर्माणको प्रक्रिया शुरु भएपछि अन्य जाति वा जनजातिहरूले पनि आफ्ना लागि बेग्लै राज्यहरूको माग गर्न थाल्नेछन्। त्यसबाट विभिन्न जातिहरूका बीचमा नै अन्तरकलहको अवस्था उत्पन्न हुनेछ । जातीय विग्रहका कारणले युगोस्लोभाकिया वा चेकोस्लोभाकिया जस्ता देशहरूको विभाजन भएको र हालै सर्भियाबाट कोसोभोको विभाजन भएका उदाहरणहरू हाम्रा अगाडि छन्। हिमाल, पहाड र तराईको विभाजनका आधारमा बेग्लाबेग्लै राज्यहरू बने भने देशमा राजनैतिक, आर्थिक वा व्यवहारिक दृष्टिले देशमा असन्तुलनको स्थिती उत्पन्न हुनेछ र राजनैतिक स्थिरता वा आर्थिक विकासमा प्रतिकूल असर पर्नेछ । त्यसबाट आर्थिक विकास, यातायात र जीवनका सबै क्षेत्रहरूमा गम्भीर समस्या उत्पन्न हुनेछ। एकपल्ट क्षेत्रीय राज्यको निर्माणको प्रक्रिया सुरु भएपछि त्यसभित्र कैयौं साना–साना क्षेत्रहरूले आफ्ना लागि बेग्लै राज्यहरूको माग गर्न थाल्नेछन् र क्षेत्रीय विग्रहको अवस्था उत्पन्न हुनेछ । त्यसप्रकारको जातीय वा क्षेत्रीय विग्रहहरूले देशमा राष्ट्रिय विखण्डनको अवस्था उत्पन्न हुनेछ।

५. आत्मनिर्णयको अधिकार वा पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारबाट देशको विखण्डन र अस्तित्व समेत समाप्त हुने खतरा

देशमा सङ्घीय शासन प्रणाली कायम गर्ने कुरामा जोड दिने बेलामा आत्मनिर्णयको अधिकार वा पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारको कुरा पनि अगाडि आएको छ । यो लेनिनवादी सिद्धान्त हो। तर पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार कुनै साम्राज्यवादी देश अन्तर्गतका पराधीन राष्ट्रका सन्दर्भमा नै सही हो। तर नेपाल स्वयं अर्धसामन्ती र अर्धऔपनिवेशिक देश हो र यस अन्तर्गत कुनै पराधिन राष्ट्रहरू छैनन्। त्यसकारण पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार नेपालका सन्दर्भमा सही विचार होइन। यस सन्दर्भमा चीन अर्धसामन्ती र अर्धऔपनिवेशिक देश भएकाले माओको नेतृत्वमा चीनको कम्युनिष्ट पार्टीले १९३५ को पार्टीको अधिवेशनमा आत्मनिर्णयको अधिकारको सिद्धान्तलाई अस्विकार गरेको उदाहरण पनि उल्लेखनिय छ। पहिले जातीय वा क्षेत्रीय आधारमा सङ्घीय राज्यको निर्माणको कुरा, त्यसपछि पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारको कुरा– त्यसप्रकारका विचारहरूले निश्चितरूपले देशमा कैयौं स्वतन्त्र राज्यहरूको उदय, देशको विखण्डन र नेपालको अस्तित्वको अन्त हुने सम्भावना रहनेछ। त्यसरी त्यो वास्तवमा बाइसे–चौबिसे वा भुरे टाकुरे राज्यहरूको पुनर्स्थापनाको सिद्धान्त हो । यस सन्दर्भमा संयुक्त राष्ट्र सङ्घद्वारा प्रतिपादित आत्मनिर्णय बारे पनि केही स्पष्टताको आवश्यकता छ। त्यसले आदिवासी विभिन्न जनसमूहहरू वा व्यक्तिहरूका लागि पनि आत्मनिर्णयको अधिकारको कुरा गर्दछ। तर त्यसले उपनिवेशहरू बाहेक अन्य देशहरूमा पृथक हुने कुरा गर्दैन र त्यसरी संयुक्त राष्ट्र सङ्घको यो सिद्धान्तले पृथकतावादी सोंचाईलाई प्रोत्साहित गर्दैन।

६. संघीय व्यवस्था : नेपालको भारतमा विलयको खतरा

नेपालमा सङ्घीय व्यवस्था कायम भएमा सबैभन्दा बढी खतरा भारतीय विस्तारवादबाट पैदा हुनेछ। त्यसले पहिले देखि नै नेपालमा आफ्नो प्रभुत्व कायम गर्न योजनावद्ध प्रकारले प्रयत्न गर्दै आएको छ। नेपालमा सङ्घीय शासन कायम भएमा भारतले सङ्घीय शासन अन्तर्गतका साना साना राज्यहरूलाई प्रलोभन वा दबाब दिएर तथा आर्थिक नाकाबन्दी जस्ता तरिकाहरू अपनाएर नेपालबाट पृथक बन्न वा भारतमा विलयका लागि परिस्थितिको सिर्जना गर्दै जानेछ । सङ्घीय शासन व्यवस्थाको सन्दर्भमा भारतीय विस्तारबादबाट त्यस प्रकारको खतरा अन्य कुनै पनि देशमा नभएको हाम्रो देशको विशिष्ट अवस्था हो। स्विट्जरलैण्ड, बेल्जियम जस्ता नेपालभन्दा साना देशहरूमा पनि सङ्घीय व्यवस्था छ। तर ती कुनै पनि देशका अगाडि भारतीय विस्तारबादबाट नेपालले सामना गर्नु परिरहेको जस्तो स्थिति वा खतरा विद्यमान छैनन्। त्यसप्रकारको स्थितिले पनि हाम्रो देशका लागि सङ्घीय शासन प्रणालीलाई पूरै नै अनुपयुक्त र अवाञ्छित बनाइ दिन्छ। नेपालका सन्दर्भमा सङ्घीय शासनको परिणाम अन्ततः राष्ट्रिय विखण्डन, देशको अस्तित्वको अन्त, सिक्किमीकरण वा नेपालको भारतीय संघमा विलय नै हुनेछ। एकैपल्ट नेपालको त्यसरी भारतमा विलय नभएपनि सङ्घीय व्यवस्था कायम भएको अवस्थामा भारतले सङ्घीय राज्य अन्तर्गतका बेग्ला बेग्लै राज्यहरूलाई किस्ताबन्दीमा टुक्राउँदै भारतमा मिलाउँदै जाने नीति अपनाउँदै जाने अत्यधिक सम्भावना रहनेछ। कतिपय पक्षहरूले उठाइरहेको आत्मनिर्णय वा पृथक बन्ने अधिकार सहितको सङ्घीय राज्यहरूको निर्माण भएमा भारतको विस्तारवादी योजनालाई झन् मद्दत पुग्नेछ। त्यसैले हाम्रो पार्टीले देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, जातीय र क्षेत्रीय एकता, राजनैतिक स्थिरता, आर्थिक विकास तथा सम्पूर्ण देशको अस्तित्व समेतका पक्षमा सङ्घीय शासन व्यवस्था कायम गर्ने कुरालाई विरोध गर्दछ, संविधानसभाको चुनावका बेलामा त्यसका (सङ्घीय व्यवस्थाका) विरुद्ध जनमत तयार पार्ने प्रयत्न गर्नेछ र संविधानसभामा त्यो नीतिलाई पारित हुन नदिन पूरा शक्ति लगाउने छ।

(च) प्रतिगामी सत्ता, सेना र माओवादीहरूका ज्यादतिहरू

१. प्रतिगामी सत्ता, सेना वा माओवादीहरूका ज्यादतिहरू

हाम्रो दलले सशस्त्र द्वन्द्वका दौरानमा प्रतिगामी सत्ता, सेना वा माओवादी दुवै पक्षद्वारा जनतामाथि हुँदै आएका सबै प्रकारका ज्यादतिका विरुद्ध आवाज उठाउँदै भण्डाफोर गर्दै आएको थियो। त्यस सन्दर्भमा देशमा दुई प्रकारका गलत प्रवृत्तिहरू थिए । प्रथम, माओवादीहरूका ज्यादतिहरूको विरोध गर्ने र प्रतिगामी सत्ताद्वारा गरिएका अत्याचारहरूको कुनै विरोध नगर्ने । द्वितीय, सेनाद्वारा गरिएका अत्याचारहरूको विरोध गर्ने र माओवादीहरूद्वारा जनतामाथि हुने अन्यायपूर्ण कारवाहीहरूको कुनै विरोध नगर्ने। हाम्रो दलले जनतामाथिका ती दुवै प्रकारका अत्याचारहरूका विरुद्ध लगातार आवाज उठायो वा सङ्घर्ष र भण्डाफोरको नीति अपनायो। हाम्रो दलले जनता माथि दुबै पक्षहरूद्वारा गरिएका अत्याचारहरूका विरुद्ध देशव्यापी रुपमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गऱ्यो। माओवादीहरूका सबै उग्र 'बामपन्थी' वा जनता माथिका सामाजिक फासिवाद र सैन्यवादी कारवाहीहरूका विरुद्ध सम्झौताहीन प्रकारले भण्डाफोरको नीति अपनायो। माओवादीहरूले देशव्यापी रुपमा गरेका अपहरण, हत्या, जनर्जस्ती चन्दा, आतङ्कवादी वा जनविरोधी कारवाहीहरूको विरुद्ध नेकपा (मसाल) का साथ मिलेर वा पछि केन्द्रिय संयुक्त सङ्घर्ष समितिसित मिलेर देशव्यापी रूपमा भण्डाफोर वा सङ्घर्षको नीति अपनाइरह्यो। अन्य दलहरूले स्वयं प्रतिगमनको विरुद्ध सङ्घर्षरत दलहरूले पनि माओवादीहरू प्रति सम्झौतापरस्त वा दब्बुपनको नीति अपनाइरहे भने हाम्रो पार्टीले सिद्धान्तका आधारमा माओवादीहरूका विरुद्ध भण्डाफोर र सङ्घर्षको नीतिमा लगातार जोड दिइरह्यो । २०६३ को वैशाखको राजनैतिक परिवर्तन पछि पनि सातदलीय गठबन्धनका अन्य दलहरूले बारम्बार माओवादीहरू प्रति सम्झौता र

दब्बुपनको नीति अपनाउने गरेका छन् भने हाम्रो पार्टीले एक्लै सातदल वा माओवादीहरूका गलत नीतिका विरुद्ध सङ्घर्षको नीति अपनाउँदै आएको छ। उनीहरूका गलत नीति र कार्यहरूको विरोध गर्ने बेलामा उनीहरू माथि वा माओवादीका नाममा निर्दोष जनता माथि हुने सरकारका दमनकारी कारवाही, माओवादीहरू माथिको निर्मम हत्या आदिका विरुद्ध पनि आवाज उठाउने गरेको थियो । माओवादीहरूका विरुद्ध तात्कालिक सरकारले पेश गरेको कालो विधेयकका विरुद्ध हाम्रो पार्टीले एक्लै संसदमा त्यसका विरुद्ध आवाज उठाएको थियो । माओवादीहरूले हाम्रा थुप्रै कार्यकर्ताहरूको अपहरण, हत्या गर्दा पनि हामीले प्रशासन वा सेनासित मिलेर माओवादीहरूका विरुद्ध कारवाहीहरूमा मद्दत गर्ने नीति अपनाएनौं। त्यसबाट माओवादीहरू प्रतिको हाम्रो नीति सिद्धान्तमाथि आधारित भएको कुरा प्रष्ट हुन्छ। माओवादीहरूले जनतामाथि विभिन्न प्रकारका अन्यायहरू गर्दा अन्य पक्षहरूले तिनीहरूप्रति मौन रहने नीति अपनाएका थिए भने हाम्रो पार्टीले तिनीहरू (माओवादीहरूका ज्यादतिहरू) को विरुद्ध लगातार देशव्यापी रूपमा भण्डाफोरको नीति अपनाएको थियो।

२. सेना र माओवादी दुवै पक्षद्वारा गरिएका मानवता विरुद्धका अपराधहरूमा संलग्न दोषिहरूको छानवीन र अपराध अनुसार सजायको आवश्यकता

२०६२/६३ को जनआन्दोलनको सफलता पछि हाम्रो दलले सशस्त्रद्वन्द्वको कालमा प्रतिगामी सत्ता र माओवादी दुवै पक्षद्वारा भएका ज्यादति वा मानवता विरोधी अपराधहरू बारे छानवीन गरेर दुवै पक्षका दोषिहरूलाई सजाय दिनुपर्ने माग राखेको थियो । तर तात्कालिक आठ दलले त्यो कुराप्रति पूरै उपेक्षाको नीति अपनायो। उनीहरूले जनआन्दोलनका अपराधीहरूबारे छानवीन गर्ने बेलामा माओवादी तथा राज्यद्वारा जनतामाथि भएका अत्याचारहरूको छानविनको प्रश्नलाई पुरा दबाई दिए । पछि उनीहरूले दुवै पक्षद्वारा मानवताका विरुद्ध गरिएको अपराधहरूको सत्यअन्वेषण र मेलमिलापको नीति अगाडि ल्याए, यद्यपि त्यो कार्य पनि गरिएन। तर प्रश्न सत्यको अन्वेषण वा मेलमिलाप होइन, दोषि माथि अपराध अनुसार कारवाहीको थियो। माओवादीहरू सत्तामा सामेल हुने सन्दर्भमा पनि हामीले यो कुरामा जोड दिएका थियौ : "उनीहरू सत्तामा सामेल हुनुभन्दा पहिले उनीहरूका तर्फबाट जनतामाथि भएको अन्यायपूर्ण कारवाहीहरूको छानवीन तथा दोषिहरू माथि कारवाहीका लागि उनीहरूले प्रतिवद्धता प्रकट नगर्दासम्म उनीहरूलाई सत्तामा सामेल गर्न हुन्न । उनीहरूका जनता माथिका ज्यादतिहरूको छानवीन गर्ने र सजाय गर्ने व्यवस्था नगरिकन उनीहरूलाई सरकारमा सामेल गरिएमा सरकारको सम्पूर्ण स्वरूप र कार्यप्रणालीले सामाजिक फासिवादी वा अधिनायकवादी रूप लिने खतरा हुनेछ।" तर, सातदल (त्यति बेलाका आठदल) वा सरकारले त्यसप्रति ध्यान दिएन। माओवादीहरूका गलत प्रकारका कारवाहीहरूको छानवीन वा दोषिहरूलाई सजाय दिन कुनै कदम नउठाउनुको परिणाम यो भएको छ कि अहिले पनि देशमा उनीहरूका अवाञ्छित प्रकारका गतिविधिहरू कायम छन् । माओवादीहरू वा वाई.सी.एल. द्वारा गरिने सबै अपराधपूर्ण कारवाहीहरूका अगाडि सरकार लाचार वा असहाय बनेको छ। उनीहरूका अपराधपूर्ण कारवाहीहरूका लागि छुट दिनका लागि सत्ता वा सेना पक्षका अपराधपूर्ण कारवाहीहरू बारे पनि मेलमिलाप को नीतिको नाममा सफाई दिने कार्य गरियो। सत्तारूढ दलहरू वा सरकारका त्यसप्रकारका गलत नीतिहरू प्रतिको हाम्रो विरोध अहिले पनि कायम छ।

(छ) मधेश वा तराईको समस्या

१. तराई वा मधेशका जनता माथिको शोषण, उत्पीडन वा भेदभावका विरुद्धको संघर्षको औचित्यता

कुनै पनि शोषण व्यवस्थाको जग बेग्लाबेग्लै वर्ग, जनसमुह, जाति वा क्षेत्रहरू माथिको शोषण, उत्पीडन वा भेदभाव माथि टिकेको हुन्छ। त्यही कुरा नेपालको सामन्ती व्यवस्थाका सन्दर्भमा पनि सत्य हो। नेपालको सामन्ती व्यवस्था अन्तर्गत देशका मजदूर, किसान, महिला, जनजाति, दलित तथा

विभिन्न क्षेत्रहरू शोषण, उत्पीडन वा भेदभावका शिकार हुने गरेका छन्। मधेस वा तराईका सन्दर्भमा पनि त्यो कुरा सत्य हो। नेपालको दक्षिणतिरको समथल भूभागलाई मधेश वा तराई के भन्ने ? त्यसबारे विवाद छ तर यहाँ हामी त्यो विवादमा पर्न चाहन्नौं र यहाँ ती दुवै मध्ये जुन नामलाई प्रयोग गरे पनि ती दुवैलाई बुझ्नु पर्नेछ। मधेस वा तराईका जनता शताब्दियौं देखि सामन्ती शासक वर्गको शोषण, उत्पीडन वा भेदभावका शिकार हुँदै आएका छन्। उनीहरूका भाषा, संस्कृति माथि दमन हुँदै आएको छ। तराई वा मधेशका जनता माथि हुने त्यस प्रकारको सामन्ती शोषण, उत्पीडन वा भेदभावका विरुद्ध व्यापक र सङ्गठित आन्दोलनको आवश्यकता छ। तराईका जनताको मुक्तिका लागि एकातिर, सामन्ती शासक र, अर्कोतिर, स्थानीय सामन्तहरू वा जमिन्दारहरूका विरुद्ध व्यापक र शक्तिशाली आन्दोलनको आवश्यकता छ। गत दशकहरूमा कम्युनिष्ट पार्टीले तराईमा त्यस प्रकारका आन्दोलनमा सबैभन्दा प्रमुख अग्रगामी र नेतृत्वदायी भूमिका रहने गरेको छ। कम्युनिष्ट पार्टीको नेतृत्वमा तराई वा मधेशमा ठूला ठूला किसान आन्दोलनहरू चल्ने गरेका छन्। वर्गीय आधारमा चल्ने त्यस प्रकारका आन्दोलनहरूका आधारमा नै तराईको शोषण, उत्पीडन वा भेदभावको अन्त हुनेछ र देशमा जातीय, क्षेत्रीय र राष्ट्रिय एकताको पनि निर्माण हुनेछ।

२. तराईका जनताका न्यायपूर्ण आन्दोलनलाई अन्धक्षेत्रीयतावादी, साम्प्रदायिक, पृथकतावादी रूप दिने वा भारतीय विस्तारवादी स्वार्थका पक्षमा उपयोग गर्ने प्रयत्न

तराई वा मधेशका जनता माथि हुने शोषण, उत्पीडन वा भेदभावका विरुद्ध त्यहाँका जनतामा देखापर्ने असन्तोष, रोष वा विद्रोहका भावनाहरू प्रगतिशील वा न्यायपूर्ण छन्। त्यसप्रकारका आन्दोलनहरूलाई समर्थन गर्नुपर्दछ र तिनीहरूलाई अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ। तराई वा मधेशमा त्यहाँका जनताका न्यायपूर्ण असन्तोष वा आन्दोलनहरूलाई अन्धक्षेत्रीयतावादी, पृथकतावादी वा साम्प्रदायिक दिशा वा रूप दिनका लागि पनि प्रयत्न भैरहेका छन्। त्यस सिलसिलामा पहाडी र मधेशका जनताको बीचमा वैमनस्यता पैदा गर्ने वा देशलाई टुक्राउनेसम्मका विचारहरू अगाडि आउने गरेका छन्। गत केही समय यता मधेस वा तराईमा त्यस प्रकारका साम्प्रदायिक विचार वा गतिविधिहरू बढेर गएका छन् र त्यसबाट देशको क्षेत्रीय एकता वा राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत गम्भीर खतरा उत्पन्न भएको छ। मधेस वा तराईमा बसोबास गर्ने मधेसी वा पहाडी दुवै प्रकारका शोषित जनताका बीचमा व्यापक एकताको आवश्यकता छ र त्यसप्रकारको एकताद्वारा नै त्यहाँ हुने सबैप्रकारका सामन्ती शोषण, उत्पीडन वा भेदभावका विरुद्ध सङ्घर्षलाई अगाडि बढाउन सकिने छ र सक्नुपर्दछ। तर पहाडी र मधेसीका बीचमा साम्प्रदायिक भेदभाव, विरोध वा वैमनस्यता पैदान गर्ने कुराले शोषित जनताका बीचको एकतालाई वा सामन्तवादी व्यवस्थाका विरुद्धको एकतावद्ध आन्दोलनलाई कमजोर पार्ने छ र त्यसले सामन्ती व्यवस्थालाई नै मद्दत पुऱ्याउने छ। अहिले मधेशमा 'एक मधेस, एक स्वायत्त प्रदेश' का नाराका आडमा सम्पूर्ण मधेसका लागि स्वायत्त प्रदेशको माग उठिरहेको छ। मधेस वा तराईमा बेग्ला बेग्लै भाषा र संस्कृति भएका बेग्ला बेग्लै जातिहरू बस्दछन् र त्यहाँ मिश्रित प्रकारको बसोबास छ। त्यो अवस्थामा सम्पूर्ण मधेसलाई एउटै प्रदेश बनाएर एउटै स्वायत्त प्रदेश बनाउने विचार गलत छ र त्यसले प्रकारान्तरले देशलाई विखण्डनको दिशामा लैजाने छ। त्यसकारण एक मधेस, एक स्वायत्त प्रदेश वा वा त्यसका आधारमा मधेस प्रदेशको नारा गलत छ र त्यसलाई अस्वीकार गर्नुपर्दछ। स्वयं मधेस वा तराईका कतिपय भागहरूबाट पनि त्यसप्रकारको मागको विरोध भैरहेको छ। भारतीय विस्तारवादले पनि तराईका जनताको न्यायपूर्ण असन्तोष र आन्दोलनहरूलाई आफ्ना विस्तारवादी उद्देश्यहरूका पक्षमा उपयोग गर्न दशकौं देखि योजनावद्ध प्रकारले षड्यन्त्र गर्दै आएको छ र त्यो उद्देश्य पूरा गर्न तराई वा मधेशका विभिन्न सङ्गठनहरू वा आन्दोलनहरूमा घुसपैठ गर्दै आफ्ना विस्तारवादी उद्देश्यहरू पूरा गर्नका लागि उपयोग गर्ने नीति अपनाइरहेको छ।

३. देशका सबै शोषित, उत्पीडित र पिछडिएका क्षेत्रहरूको सामन्ती व्यवस्थाका विरुद्धको एकतावद्ध आन्दोलनद्वारा नै तराई वा मधेसका जनताको समस्याको पनि समाधान

हामीहरू यसबाट स्पष्ट हुनुपर्दछ कि तराई वा मधेसको समस्या कुनै बेग्लै समस्या नभएर देशमा विद्यमान सामन्ती व्यवस्थाद्वारा उत्पन्न देशका सबै शोषित, उत्पीडित जनता, जनसमुह, जाति, जनसमुदाय वा पिछडिएका क्षेत्रहरूको समस्या हो । त्यसकारण त्यो (तराई वा मधेशको) समस्याको समाधानका लागि देशका सबै शोषित, पीडित जनता वा क्षेत्रहरूको राष्ट्रिय समस्या हो र देशका सबै शोषित, पीडित जनता र क्षेत्रहरूको एकताबद्ध आन्दोलन र सामन्ती व्यवस्थाको अन्तद्वारा नै त्यो समस्याको समाधान हुन सक्नेछ । तर तराईमा देखापर्ने अन्धक्षेत्रीयतावादी, साम्प्रदायिक वा पृथकतावादी सोंचाई वा गतिविधिहरूले त्यसप्रकारको एकतालाई कमजोर पार्नेछ । त्यसको परिणामस्वरूप सामन्ती व्यवस्थाका विरूद्धको आन्दोलन कमजोर हुनेछ र स्वयं तराई वा मधेसका जनताका हितहरू माथि पनि कुठाराघात हुनेछ।

(ज) विदेशस्थित नेपालीहरूलाई मतदान र प्रतिनिधित्वको अधिकारका लागि संघर्ष

विश्वका विभिन्न देशहरूमा अध्ययन वा विभिन्न पेशाहरूमा गएका नेपालीहरूलाई संविधानसभामा मतदान वा प्रतिनिधित्वको अधिकार हुनुपर्दछ भनेर हाम्रो दलले संसदभित्र र बाहिर पनि लगातार आवाज उठाउँदै आएको छ । संसदभित्र प्रवासी नेपालीहरूलाई त्यस प्रकारको अधिकार प्राप्त हुनुपर्दछ भनेर अडान लिने हाम्रो दल मात्र थियो, जब कि अन्य सबै दलहरूले संसदमा त्यसको विरुद्ध मतदान दिएका थिए। आज विश्वमा नै विदेशमा बसोबास गरेका आफ्ना देशका नागरिकहरूलाई मतदानको अधिकार दिने वा प्रतिनिधि सभामा चुनिने अधिकार दिने प्रचलन बढ्दै गैरहेको छ। नेपालका सबै प्रजातान्त्रिक आन्दोलनमा विदेशस्थित नेपालीहरूको सधैं सक्रिय र महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। त्यो अवस्थामा प्रतिगामी सत्ताका विरुद्ध सङ्घर्ष गरेर सत्तामा आएको आन्दोलनकारी शक्तिहरूको सरकारले उनीहरूको मतदान र प्रतिनिधित्वको मागलाई अस्वीकार गर्ने कार्यलाई कुनै पनि अवस्थामा सही भन्न सकिन्न । हाम्रो दलले खालि संविधानसभाको चुनावमा मात्र होइन, पछि हुने संसदको चुनावमा पनि उनीहरूलाई मतदान वा प्रतिनिधित्वको अधिकार हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ। हाम्रो यो मत छ कि विभिन्न देशहरूमा बसेका नेपालीहरूको जनसंख्याको अनुपातमा उनीहरूलाई संविधानसभा वा संसदमा आफ्ना प्रतिनिधिहरू चुनेर पठाउने अधिकार हुनेछ। त्यसरी विदेशस्थित नेपालीहरू दुई प्रकारले मतदानमा भाग लिन पाउनु पर्दछ। प्रथम, देशमा हुने समानुपातिक चुनावमा आफ्ना प्रतिनिधिहरू छान्नका लागि अधिकार प्रदान गर्नका लागि प्रवासी नेपालीहरूका उक्त मागहरूका पक्षमा हाम्रो पार्टीले लगातार आवाज उठाइरहेको छ र भविष्यमा पनि उठाउने छ।

(झ) सरकारको अधिनायकवादी प्रवृत्ति

२०६२/६३ को आन्दोलन निरंकुश राजतन्त्रको अन्त गरेर देशमा लोकतन्त्रको स्थापनाका लागि भएको थियो । अन्तरिम संविधानमा पनि लोकतान्त्रिक मूल्य, मान्यता, बहुदलीय प्रतिस्पर्धा वा सिद्धान्तहरूलाई स्वीकार गरिएको छ । तर सातदलीय (पहिलेका आठदलीय) गठबन्धनले प्रारम्भ देखि नै जनआन्दोलनको जनादेश र अन्तरिम संविधानमा स्वीकृत सिद्धान्तहरूका विपरीत अधिनायकवादी प्रवृत्तिहरूको प्रदर्शन गर्दै आएका छन्। अन्तरिम संविधानलाई सातदलीय घोषणापत्रको रूपमा तयार पारिएको छ। त्यसमा सातदलका लागि विशेषाधिकारको व्यवस्था गरिएको छ र त्यसपछि पनि लगातार देशमा सातदलको अधिनायकवादी प्रकारको शासन कायम गर्न प्रयत्न भैरहेको छ। हाम्रो दलले पुनर्स्थापित संसदमा अन्तरिम विधान प्रस्तुत भएको बेलादेखि नै त्यसमा भएका अधिनायकवादी प्रवृत्तिहरूको विरोध गर्दै आएको छ। २०६३ साल माघ १ गते अन्तरिम संविधान संसदमा प्रस्तुत भएको बेलामा नै हाम्रो पार्टीका अध्यक्ष का. चित्रबहादुर के.सी. द्वारा संसदमा प्रस्तुत वक्तव्यमा नै संविधानमा अन्तरनिहित अधिनायकवादी प्रवृत्ति तथा आठदलको देशमा आफ्ना

एकाधिकार कायम गर्ने नीतिको तिब्र शब्दमा आलोचना गरिएको थियो । सातदलीय गठबन्धनको त्यस प्रकारका प्रवृत्ति वा कार्यप्रणाली माथि ध्यान दिंदा संविधानसभाको चुनावमा बहुदलीय प्रतिस्पर्धाका ठाउँमा अधिनायकवादी प्रवृत्तिको प्रदर्शन हुने, त्यसप्रकारको प्रवृत्तिद्वारा संविधानसभा पनि प्रभावित हुने र त्यसले अग्रगामी संविधानको निर्माणमा पनि बाधा पुग्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यसो भएमा त्यो २०६२/६३ को आन्दोलन तथा सम्पूर्ण देश र जनतासित ठूलो धोखा हुनेछ । त्यसले भावी विकासक्रम वा भविष्यलाई पनि नकारात्मक प्रकारले प्रभावित पार्नेछ र देशमा लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्नको लागि पुन: नयाँ जनआन्दोलनको आवश्यकता पर्नेछ । देशमा त्यसप्रकारको स्थिति उत्पन्न नहोस् भन्नका लागि हामीले अहिलेदेखि नै सातदलीय गठबन्धनको अधिनायकवादी प्रवृत्तिका विरुद्ध लगातार, दृढतापूर्वक र सम्झौताहीन प्रकारले सङ्घर्ष गर्नुपर्ने तथा त्यसका पक्षमा देशव्यापीरूपमा जनमत तयार पार्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

भाग – ३

तात्कालिक ठोस नीति र कार्यक्रम

राष्ट्रिय जनमोर्चाले देश र जनताका हितहरूसित जोडिएका निम्नलिखित तात्कालिक ठोस नीति र कार्यक्रम पुरा गराउन लगातार आवाज उठाउँदै सङ्घर्ष गर्नेछ र संविधानसभामा पनि ती मागहरूका आधारमा अग्रगामी संविधानको निर्माण गर्ने पुरा प्रयत्न गर्नेछ ।

(क) राजनैतिक आवश्यकताहरू

१. **संविधानसभाको चुनाव :** संविधानसभाको चुनाव तोकिएको मितिमा हुनुपर्दछ र त्यसलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नको लागि पुरा प्रयत्न गरिनुपर्दछ ।

२. **सार्वभौमसत्ता :** सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुनुपर्दछ ।

३. **राजतन्त्रको अन्त र गणतन्त्रको स्थापना :** संविधानसभाको पहिलो बैठकद्वारा राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापना गरिनुपर्दछ ।

४. **राजाद्वारा संविधानसभाको चुनावका विरुद्ध षड्यन्त्रको अवस्था :** राजाद्वारा संविधानसभाको चुनावमा बाधा हाल्ने षड्यन्त्र गरेमा संविधानसभाको चुनावभन्दा पहिले नै अन्तरिम व्यवस्थापिका संसदद्वारा राजतन्त्रलाई समाप्त गरेर गणतन्त्रको घोषणा गर्ने निर्णय गरिनु पर्दछ ।

५. **पूर्ण राजनैतिक स्वतन्त्रता :** जनतालाई पूर्ण राजनैतिक स्वतन्त्रता प्राप्त हुनुपर्दछ, त्यस प्रकारको स्वतन्त्रतामाथि नियन्त्रण गर्ने सबै कानुनहरू खारेज हुनुपर्दछ वा कारवाहीहरू बन्द हुनुपर्दछ ।

६. **सेनाको प्रजातान्त्रिकरण :** सेनाको परम्परागत सामन्ती स्वरूपमा परिवर्तन गरेर प्रजातान्त्रिकरण गरिनुपर्दछ ।

७. **राज्यको पुनर्संरचना :** मजदूर, किसान, जनजाति, दलितजाति, महिला, अपाङ्ग, मुसलमान सहित विभिन्न अल्पसंख्यक जाति, पिछडिएका क्षेत्र, मधेसी, प्रवासी नेपाली आदि सबैको हितहरूको संरक्षण र समावेश हुने गरी राज्यको पुनर्संरचना गरिनु पर्दछ ।

८. **विदेशस्थित नेपाली नागरिकहरूलाई मतदान र प्रतिनिधित्वको अधिकार :** विदेशस्थित सबै नेपाली नागरिकहरूलाई संविधानसभाको चुनावमा र पछि संसदको चुनावहरूमा पनि मतदान तथा आफ्ना प्रतिनिधिहरूको निर्वाचन गर्ने अधिकार हुनुपर्दछ ।

९. **राजा र राजपरिवारको सम्पत्तिको राष्ट्रियकरण :** राजा र राजपरिवारको सबै सम्पत्तिको राष्ट्रियकरण हुनुपर्दछ ।

१०. **राजा र राजपरिवारको विदेशी बैंकको सम्पत्ति :** राजा र राज परिवारको विदेशी बैंकमा भएको सबै सम्पत्ति पत्ता लगाएर जफत गरिनुपर्दछ।

११. **स्थानीय निर्वाचित निकायहरूलाई स्वायत्त अधिकार :** स्थानीय निर्वाचित निकायहरूलाई स्वायत्त अधिकार प्राप्त हुनुपर्दछ। तिनीहरूका विरुद्ध प्रशासनिक हस्तक्षेप बन्द हुनुपर्दछ।

१२. **मानव अधिकारको ग्यारेन्टी :** मानव अधिकारको सुरक्षा तथा तिनीहरूको उल्लङ्घनका विरुद्ध कारवाहीको ग्यारेन्टी हुनुपर्दछ।

१३. **स्थानीय जातीय स्वायत्तशासन :** कुनै जाति बहुसंख्यक र घनाबस्ती भएका स्थानहरूमा गाउँ वा जिल्लास्तरमा स्थानीय जातीय स्वायत्तशासन प्रदान गर्ने र स्थानीय विषयहरूमा निर्णय गर्ने अधिकार प्रदान गर्नुपर्दछ।

१४. **न्यायालय र लोकसेवा आयोग :** न्यायालय र लोकसेवा आयोग स्वतन्त्र हुनुपर्दछ।

१५. **राष्ट्रिय सम्पत्तिको दुरुपयोग नियन्त्रणका लागि प्रभावशाली व्यवस्था :** राष्ट्रिय सम्पत्तिको दुरुपयोग वा भ्रष्टाचारमा नियन्त्रणका लागि प्रभावशाली व्यवस्था गरिनु पर्दछ र त्यसरी दुरुपयोग भएका राष्ट्रिय सम्पत्तिको असूलीको लागि प्रभावशाली तरिका अपनाउनु पर्दछ।

१६. **शान्ति, सुव्यवस्था :** देशमा शान्ति, सुव्यवस्था कायम गरिनुपर्दछ र दण्डहीनताको अवस्थाको अन्त हुनुपर्दछ।

(ख) सशस्त्र द्वन्द्व र शान्ति सम्झौता

१. **राजा सहित जनआन्दोलनका सबै अपराधीहरूलाई सजाय :** राजासहित जनआन्दोलनका सबै अपराधीहरूलाई सजाय गरिनुपर्दछ। शाही सरकारका मन्त्री, सेना, अफिसर वा उच्च अधिकारीबाट भएका मानव अधिकारको उल्लङ्घन तथा मानवताका विरुद्धका सबै अपराधहरूको छानवीन गरेर उनीहरूलाई अपराध अनुसार सजाय हुनुपर्दछ।

२. **राज्य र माओवादीहरूका ज्यादतीहरूका लागि सजाय :** राज्य र माओवादीहरूका ज्यादतिहरूको छानवीन गरेर दोषीहरूलाई सजायँ गरिनुपर्दछ। उनीहरूका मानवताका विरुद्धका सबै अपराधहरूका लागि सजाय हुनुपर्दछ। उनीहरूद्वारा जनताका लुटिएका सम्पत्ति, कब्जा गरिएका जग्गा जमीन फिर्ता गरिनुपर्दछ।

३. **सशस्त्र द्वन्द्वका क्रममा मारिएका सर्वसाधारणका परिवार :** सशस्त्रद्वन्द्वका क्रममा सेना वा माओवादीहरूद्वारा मारिएका सर्वसाधारण व्यक्तिका परिवार, घाइते, विस्थापित आदिलाई क्षतिपूर्ति, सहायता वा पुनर्स्थापनाको व्यवस्था हुनुपर्दछ।

४. **जनआन्दोलनमा शहीदका परिवार :** जनआन्दोलनमा शहीद भएका व्यक्तिहरूका परिवारको भरण-पोषणको व्यवस्था गरिनुपर्दछ र घाइतेहरूको लागि उपचार वा आवश्यक क्षतिपूर्तिको व्यवस्था गरिनुपर्दछ।

५. **शान्ति सम्झौता र हतियार व्यवस्थापन :** शान्ति सम्झौता र हतियार व्यवस्थापनको कार्यलाई प्रभावशाली प्रकारले लागू गरिनुपर्दछ।

(ग) देशको राष्ट्रियता, सार्वभौमिकता र स्वतन्त्र अर्थतन्त्र

१. **नागरिकता ऐनका जन्मका आधारमा नागरिकता प्रदान गर्ने प्रावधानहरू :** नागरिकता ऐनमा देशको राष्ट्रियतामा आँच पुग्ने, विदेशीहरू नेपालका नागरिक बन्नसक्ने, जन्मका आधारमा नागरिकता दिने समेत सबै प्रावधानहरू खारेज हुनुपर्दछ। विदेशीहरूलाई दिइएको नागरिकताबारे छानवीन गरेर खारेज गरिनु पर्दछ।

२. **राष्ट्रिय उद्योग, व्यापारको संरक्षण :** राष्ट्रिय उद्योग, व्यापारको संरक्षण हुनुपर्दछ । विदेशी प्रतिस्पर्धाबाट संरक्षणको लागि कडा भन्सार नीति अपनाउनु पर्दछ । राष्ट्रिय अर्थतन्त्रको निर्माण गरिनुपर्दछ।

३. **द्वन्द्वका कारण रूग्ण उद्योगहरूलाई उचित क्षतिपूर्ति :** द्वन्द्वका कारण रूग्ण हुन पुगेका उद्योगहरूलाई उचित क्षतिपूर्ति वा राहत सहित सञ्चालन गर्नुपर्दछ।

४. **असमान सन्धि :** सन् १९५० को सन्धि, महाकाली सन्धिलगायत सबै असमान सन्धिहरू खारेज हुनुपर्दछ।

५. **भारतीय हस्तक्षेप र अतिक्रमण :** भारतद्वारा नेपाली सीमा अतिक्रमण बन्द हुनुपर्दछ र अतिक्रमण गरिएका भूमि फिर्ता गरिनुपर्दछ। नेपालका विभिन्न क्षेत्रहरूमा भैरहेका हस्तक्षेप, नेपालको सिमाका निकटवर्ती भूभागहरूमा भैरहेका बाँध निर्माण आदि बन्द हुनुपर्दछ।

६. **जलसम्पदा माथिको भारतीय प्रभूत्व :** नेपालको जलसम्पदा माथिको भारतको बढ्दो प्रभुत्वको अन्त हुनुपर्दछ र जलसम्पदा सम्बन्धी असमान सन्धिहरू खारेज हुनुपर्दछ।

७. **कालापानीमा भारतीय सेनाको कब्जा :** कालापानीमा भारतीय सेनाको कब्जा समाप्त हुनुपर्दछ र भारतीय सेना लिम्पियाधुराबाट निस्केको काली नदी (कुटियाङ्दी) पारी जानुपर्दछ।

८. **बहुराष्ट्रिय पूँजी :** बहुराष्ट्रिय पूँजीमाथि प्रतिबन्ध लगाइनुपर्दछ।

९. **विश्वव्यापार सङ्गठनको सदस्यता :** विश्व व्यापार सङ्गठनको सदस्यता खारेज हुनुपर्दछ।

१०. **विदेशी सेनामा नेपालीहरूको भर्ती :** विदेशी सेनामा नेपालीहरूको भर्ती बन्द हुनुपर्दछ।

११. **नेपाल भारत सीमाको व्यवस्थापन :** नेपाल भारत सीमालाई प्रचलित अन्तर्राष्ट्रिय मापदण्डका आधारमा व्यवस्थित गरिनु पर्दछ।

१२. **धातु तथा खनिजहरूका स्रोतहरूको संरक्षण र विकास :** देशमा रहेका धातु तथा खनिजहरूका स्रोतहरूलाई राज्यद्वारा संरक्षण गरिनु पर्दछ र तिनीहरूलाई उद्योगका रुपमा विकास गरिनुपर्दछ।

(घ) उद्योग र व्यापार

१. **आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण :** उद्योग, वाणिज्य लगायत देशको समग्र विकास सम्बन्धी विशेष राष्ट्रिय कार्यक्रम तय गरी आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नुपर्दछ।

२. **आधारभूत राष्ट्रिय उद्योग :** आधारभूत राष्ट्रिय उद्योगहरूलाई राज्यको स्वामित्व र नियन्त्रणमा सञ्चालन गर्नुपर्दछ।

३. **राष्ट्रिय पूँजीपतिवर्गलाई प्रोत्साहन र संरक्षण :** देशको अर्थतन्त्रलाई विकसित गर्न राष्ट्रिय पूँजीपतिवर्गलाई प्रोत्साहित र संरक्षण गर्नुपर्दछ।

४. **व्यापार विविधीकरण :** राष्ट्रिय स्वार्थलाई मध्येनजर राखी व्यापार विविधीकरण गर्ने र वैदेशिक व्यापार पारस्परिक हितका आधारमा गर्नुपर्दछ।

५. **पारवहन सुविधा :** भू-परिवेष्ठित देशको हैसियतले नेपालले पाउनुपर्ने पारवहन सुविधाको सुनिश्चितताका लागि आवश्यक पहल गर्नुपर्दछ।

६. **पर्यटन व्यवसाय :** पर्यटन व्यवसायलाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने गरी आकर्षक ढङ्गले सञ्चालन गर्नुपर्दछ।

७. **जलस्रोतको विकास :** देशमा प्रचुर मात्रामा रहेको जलस्रोतको विकास र तिनीहरूलाई राष्ट्रिय हितको पक्षमा अधिकतम प्रयोग गर्नुपर्दछ।

८. **कृषिमा आधारित उद्योगधन्दा :** कृषिमा आधारित उद्योगधन्दाहरूको विकास गर्नुपर्दछ।

९. **तेस्रो देशसँगको व्यापार :** तेस्रो देशसँगको व्यापार बढाउनु पर्दछ।

१०. **मजदूरहरूका हितहरूका लागि कानून :** मजदूरहरूका हितहरूको रक्षाका लागि कानून बन्नुपर्दछ।

११. **जीवनोचित मजदूरीको ग्यारेन्टी :** मजदूरहरूको जीवनोचित मजदूरीको ग्यारेन्टी हुनुपर्दछ।

१२. **मजदूरहरूका स्वास्थ्य र आवास :** मजदूरहरूका स्वास्थ्य र आवास जस्ता सुविधा, घाइते वा मृत्यु हुँदा क्षतिपूर्ति हुनुपर्दछ।

१३. **औद्योगिक मजदूरहरूको न्यूनतम ज्यालाको निर्धारण :** औद्योगिक मजदूरहरूको न्यूनतम ज्याला निर्धारित गरिनु पर्दछ।

१४. **ठेकेदारी प्रथा :** उद्योगहरूमा मजदूरहरूको ठेकेदारी प्रथा अन्तर्गत काम गराउने प्रणाली बन्द गरिनुपर्दछ।

१५. **मजदूरहरूका लागि पेन्सनको व्यवस्था :** विभिन्न प्रतिष्ठान र कारखानामा काम गर्ने मजदूरहरूका लागि पेन्सनको व्यवस्था हुनुपर्दछ।

१६. **कारखानाहरूमा मजदूरहरूको स्वतन्त्र र निष्पक्ष भर्ना :** कारखानामा स्वतन्त्र र निष्पक्ष प्रकारले मजदूरहरूलाई भर्ना गर्ने नीति अपनाउनु पर्दछ।

१७. **रोजगारीको ग्यारेन्टी :** रोजगारीको ग्यारेन्टी हुनुपर्दछ। वैदेशिक रोजगारीको नाममा भैरहेको भ्रष्टाचार र ठगी बन्द हुनुपर्दछ।

१८. **बेरोजगारी भत्ता :** वेरोजगारी भत्ताको व्यवस्था हुनुपर्दछ।

१९. **बेरोजगारी ब्यूरो :** वेरोजगारीको समस्याको समाधानका लागि काम गर्न एउटा ब्यूरोको गठन गरिनुपर्दछ।

२०. **पर्यटन व्यवसायको विकास :** पर्यटन क्षेत्रमा विकासका सम्भावनाहरूको अनुसन्धान गरी पर्यटन व्यवसायलाई विकसित गरिनुपर्दछ। देशमा पर्यटन केन्द्रका सबै सम्भावनाहरूको उपयोग र विकास गरिनुपर्दछ।

२१. **पर्यटन व्यवसायको व्यवस्थापन :** पर्यटनबाट देशको सुरक्षा, पर्यावरणमा बाधा पुग्न नदिन र प्रदूषण बढ्न नदिन सावधानी अपनाउन प्रयत्न गर्नुपर्दछ।

२२. **महङ्गी र नाफाखोरी :** महङ्गी र नाफाखोरी माथि नियन्त्रण गरिनु पर्दछ।

२३. **विद्युतमा सामुदायिकरणको नीति :** सरकारले लागू गरेको विद्युतमा सामुदायिकरणको नीति खारेज गर्नुपर्दछ।

(ङ) कृषि र भूमिसुधार

१. **सामन्ती शोषण, उत्पीडन :** किसानहरू माथिको सबै सामन्ती शोषण, उत्पीडन बन्द हुनुपर्दछ।

२. **प्रतिगामी भूमि कानून :** प्रतिगामी भूमि कानून खारेज हुनुपर्दछ।

३. **हदबन्दी भन्दा बढी जग्गा :** हदबन्दी भन्दा बढी जग्गा बिना मुआब्जा जफत गरेर जोताहा किसानहरूमा वितरण हुनुपर्दछ।

४. **अनुदानमा वृद्धिः** किसानहरूलाई मिल्ने अनुदान (Subsidy) मा वृद्धि गर्नुपर्दछ।

५. **हरूवा, चरूवा तथा कृषि मजदूर :** हरूवा, चरूवा तथा कृषि मजदूरहरूको हकहितको रक्षाका लागि कानून बन्नुपर्दछ।

६. **खेत मजदूरः** खेत मजदूरहरूको न्यूनतम ज्याला निर्धारित हुनुपर्दछ।

७. **हलिया, सुकुम्बासी र कमैयाः** हलिया, सुकुम्बासी र कमैया समस्याको समाधानका लागि प्रभावशाली कदम उठाउनुपर्दछ।

८. **मुक्त कमैयाः** मुक्त कमैयाको पुनर्वासको व्यवस्था गरिनु पर्दछ।

९. **ग्रामीण कुटीर उद्योगः** ग्रामीण क्षेत्रमा कुटीर उद्योगको विकास गरिनुपर्दछ।

१०. **मोहियानी हकः** मोहियानी हकको सुरक्षा हुनुपर्दछ।

११. **ब्याजः** ब्याज कम हुनुपर्दछ।

१२. **किसानहरूलाई सामाग्रीः** किसानहरूलाई सुलभ र सुपथ तरिकाले कृषि सामाग्रीहरू उपलब्ध हुनुपर्दछ।

१३. **बिमा :** कृषि बालि तथा पशुपालनमा हुने नोक्सानीका लागि बिमाको व्यवस्था हुनुपर्दछ।

१४. **साना किसानहरूको बैंक ऋण :** साना किसानहरूको सबै बैंक ऋण मिनाहा हुनुपर्दछ।

१५. **वन जङ्गलको विनास र फडानी :** वन जङ्गलको विनास र फडानीमा नियन्त्रण गरिनुपर्दछ।

१६. **कृषि विश्व विद्यालय :** कृषि विश्वविद्यालयको स्थापना गरिनुपर्दछ।

१७. **भूमिहीन तथा गरिब किसानवर्गलाई निःशुल्क जग्गा वितरण :** राजपरिवार, ठूला भूमिपति वा धार्मिक प्रतिष्ठान र गुठीको स्वामित्वमा रहेको जमीन वा अचल सम्पत्ति बिना मुआब्जा जफत गर्ने र भूमिहीन तथा गरीब किसान वर्गलाई निःशुल्क वितरण गर्नुपर्दछ।

१८. **जसको जोत उसको पोत :** जसको जोत उसको पोतको नीतिअनुसार जोताहाहरूलाई जमीन प्रदान गर्नुपर्दछ।

१९. **मध्यम किसान :** मध्यम किसानहरूको हितको रक्षा गर्नुपर्दछ।

२०. **क्रान्तिकारी भूमिसुधार :** क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्नुपर्दछ।

२१. **कृषि क्रान्तिको कार्यक्रम :** कृषि क्रान्तिको कार्यक्रम लागू गर्दै कृषि प्रणालीको आधुनिकीकरण (कृषि सामाग्री तथा यन्त्रहरू, मल, बीउ, भण्डारण तथा कृषि मल उत्पादन आदि) गर्नुपर्दछ।

२२. **कृषिको पूर्वाधारको निर्माण :** सिँचाई, विद्युत, बाटेघाटे, यातायात लगायत कृषिका लागि पूर्वाधार तयार पार्नुपर्दछ।

२३. **वन जङ्गलको संरक्षण :** वनजङ्गलको समुचित संरक्षण हुनुपर्दछ।

२४. **कृषि उत्पादनका लागि बजारको व्यवस्था :** कृषि उत्पादनका लागि बजारको व्यवस्था गरिनुपर्दछ।

२५. **प्रदूषण र वातावरण :** प्रदूषण र वातावरण प्रदूषण नियन्त्रण र वातावरणको व्यवस्थापनमा समुचित ध्यान दिइनु पर्दछ।

(च) विभिन्न जनसमूह वा जनस्तरका समस्याहरू

१. **महिला सम्बन्धी भेदभावमूलक ऐन, कानून :** महिला सम्बन्धी सबै भेदभावमूलक ऐन, कानूनहरूको अन्त हुनुपर्दछ।

२. **संयुक्त राष्ट्रसंघका महिलासमबन्धी अभिसन्धिहरूको कार्यान्वयन :** सरकारले अनुमोदन गरेका संयुक्त राष्ट्र सङ्घको महिला प्रतिको भेदभाव उन्मूलन गर्ने सबै घोषणा वा महासन्धिहरूलाई लागू गर्न प्रभावशाली कारवाही गरिनुपर्दछ।

३. **सम्पत्तिमा महिलाहरूलाई समान हक :** पैतृक सम्पत्तिमा छोरीलाई छोरासरह समान अंश दिने कार्यलाई व्यवहारतः लागु गर्नुपर्दछ।

४. **सम्पत्तिको व्यवस्थापनमा महिलाहरूलाई समान हक :** सम्पत्ति र त्यसको व्यवस्थापनमा महिलाहरूलाई समान अधिकार प्राप्त हुनुपर्दछ।

५. **महिला बेचबिखन र देहव्यापार :** महिला बेचबिखन र देहव्यापारमा कडा प्रतिबन्ध लगाउनुपर्दछ।

६. **सम्बन्ध विच्छेदको स्वतन्त्रताः** महिलाहरूलाई सम्बन्धविच्छेदका लागि समुचित स्वतन्त्रता प्राप्त हुनुपर्दछ।

७. **सम्बन्धविच्छेद वा पुनर्विवाहको अवस्थामा :** सम्बन्धविच्छेद वा पुनर्विवाहको अवस्थामा महिलाहरूको सम्पत्तिको अधिकार सुरक्षित हुनुपर्दछ।

८. **गर्भपतनको पूर्ण स्वतन्त्रता :** महिलाहरूलाई गर्भपतनको पूर्ण स्वतन्त्रता प्राप्त हुनुपर्दछ।

९. **महिलामाथिको हिंसा :** महिलामाथि परिवार वा राज्यपक्षद्वारा गरिने हिंसाको अन्त हुनुपर्दछ।

१०. **पारिवारिक अदालत :** पारिवारिक अदालतको गठन हुनुपर्दछ।

११. **छुवाछुत प्रथा :** छुवाछूतलाई अपराध घोषित गरेर दण्ड, सजायँको व्यवस्था गरिनुपर्दछ।

१२. **दलितको आर्थिक, सामाजिक उत्थान :** दलितको आर्थिक, सामाजिक उत्थानका लागि विशेष योजना बनाइनुपर्दछ।

१३. **आरक्षण र सकारात्मक विभेद :** महिला वा दलित जातिहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक पदहरू वा अन्य सामाजिक अवसरहरूमा दलित महिलाहरूलाई आरक्षण प्राप्त हुनुपर्दछ र उनीहरूप्रति सकारात्मक विभेदको नीति अपनाइनु पर्दछ।

१४. **जनजाति वा पिछडिएका जाति :** जनजाति वा पिछडिएका जातिहरूप्रतिको भेदभाव, उत्पीडनको अन्तका लागि कडा व्यवस्था गरिनुपर्दछ।

१५. **जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण र विकास :** जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण वा विकासका लागि आवश्यक मद्दत गरिनुपर्दछ। उनीहरूको घना बस्ती भएका गाउँ र जिल्लाहरूमा जातीय, स्थानीय स्वशासनको अधिकार प्राप्त हुनुपर्दछ।

१६. **लोपोन्मुख जातिहरूको संरक्षण :** राउटे वा कुसुण्डा जस्ता लोपोन्मुख जातिहरूको संरक्षणका लागि प्रयत्न गरिनुपर्दछ।

१७. **हिमाली र उत्तरी पहाडी भागका गोठालाहरू :** हिमाली र उत्तरी पहाडि भागका घोडा पालन, भेडा बाखा चराउने, ठूला साहुका घरमा काम गर्ने मानिसहरूलाई तराईका कमैयालाई जस्तै मुक्त गरेर आवास व्यवस्था गरिनुपर्दछ।

१८. **मधेस वा तराईका जनताप्रतिको भेदभाव :** मधेस वा तराईका समुदायप्रतिको भेदभावको अन्त हुनुपर्दछ। मधेसी समुदायका सबै नेपालीहरूलाई नागरिकताको ग्यारेन्टी हुनुपर्दछ। उनीहरूलाई सबै क्षेत्रमा समानता हुनुपर्दछ।

१९. **युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, न्यून वैतनिक कर्मचारी :** युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, न्यून वैतनिक कर्मचारी आदि सबैका हकहितहरूको रक्षा हुनुपर्दछ। उनीहरूका न्यायपूर्ण मागहरू पूरा हुनुपर्दछ।

२०. **बालबालिका :** बालबालिकाहरूका हित र अधिकारहरूको सुरक्षाका लागि आवश्यक कानून बन्नुपर्दछ।

२१. **बालश्रम :** बालश्रममाथि रोक लगाइनुपर्दछ।

२२. **बालबालिकाहरूलाई यातायातका साधनहरूमा सुविधा :** ५ वर्षभन्दा माथिका र १२ वर्षमुनिका बालबालिकाहरूलाई बससहित सबै यातायातका साधनहरूमा आधा भाडा माफ हुनुपर्दछ।

२३. **बालबालिकाको चोरी, अपहरण, हत्या :** बालबालिकाको चोरी, अपहरण, हत्यामा नियन्त्रणका लागि प्रभावशाली कदम उठाउनुपर्दछ र अपराधीहरूलाई कडा सजायँ गरिनुपर्दछ।

२४. **बृद्ध, अपाङ्ग, नाबालक, असहाय, विधवा :** बृद्ध, अपाङ्ग, नाबालक, असहाय, विधवा, असक्त आदि जनसमुदायहरूको मद्दत, कल्याण र रक्षाका लागि विशेष व्यवस्था गरिनुपर्दछ।

२५. **वृद्धाश्रम :** विद्यमान वृद्धाश्रमको अवस्थामा सुधार गरिनुपर्दछ र देशका विभिन्न भागहरूमा वृद्धिश्रमको व्यवस्था गरिनुपर्दछ।

२६. **प्रवासी र आप्रवासी नेपाली :** प्रवासी र आप्रवासी नेपालीहरूका अधिकार र हितहरूको संरक्षण सुनिश्चित गरिनुपर्दछ।

२७. **जेल बन्दीहरूका हक र अधिकार :** जेल बन्दीहरूका हक र अधिकारहरूको रक्षा हुनुपर्दछ र जेलहरूको आधुनिकीकरण गरिनुपर्दछ । जेलभित्रको भ्रष्याचार र सबै प्रकारका अन्यायपूर्ण कारवाहीहरू बन्द हुनुपर्दछ।

(छ) शिक्षा र स्वास्थ्य

१. **शिक्षा नीति :** राष्ट्रिय, वैज्ञानिक र जनवादी शिक्षा नीति लागू गर्नुपर्दछ।

२. **अनिवार्य र निःशुल्क माध्यमिक शिक्षा :** माध्यमिक तहसम्म शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्दछ।

३. **उच्च शिक्षा :** उच्च शिक्षालाई सरल र सुलभ बनाउने, राष्ट्रिय आवश्यकताअनुसार विशेषीकृत (Specialised) गर्दै जानुपर्दछ।

४. **शैक्षिक ऋणको व्यवस्था :** उच्च शिक्षाका लागि शैक्षिक ऋणको व्यवस्था हुनुपर्दछ।

५. **विद्यार्थीहरूलाई सवारी साधनहरूमा सहुलियत :** विद्यार्थीहरूलाई सवारी साधनमा दिइने सहुलियत देशव्यापी रूपमा लागू गरिनुपर्दछ।

६. **पिछडिएका क्षेत्र, जाति वा समुहका लागि विशेष छात्रवृत्ति :** दूरवर्ती र दूर्गम-क्षेत्र, पिछडिएका र दलित जाति, महिला आदिका लागि विशेष छात्रवृत्तिको उचित व्यवस्था हुनुपर्दछ।

७. **उच्च शिक्षण संस्थाहरूको व्यवस्था** : बढ्दो जनसंख्याअनुसार उच्च शिक्षण संस्थाहरूको व्यवस्था हुनुपर्दछ।
८. **परीक्षा प्रणालीमा सुधार** : अवैज्ञानिक परीक्षा प्रणालीमा सुधार हुनुपर्दछ।
९. **निजीकरण र शिक्षाको व्यापारीकरण** : निजीकरण र शिक्षाको व्यापारीकरण बन्द हुनुपर्दछ।
१०. **सरकारी स्कूलहरूको शिक्षाको स्तर** : सरकारी स्कूलहरूको शिक्षाको स्तर उठाउन प्रयत्न गरिनु पर्दछ।
११. **शैक्षिक दायित्व सरकारको** : शिक्षाको पूर्ण दायित्व सरकारले लिनुपर्दछ। शिक्षामा सामुदायिकरण गरेर राज्य शिक्षाको दायित्वबाट पन्छिने नीति खारेज हुनुपर्दछ।
१२. **सर्वसाधारणलाई निःशुल्क स्वास्थ्य सेवा** : सर्वसाधारणका तथा विपन्न तथा असहाय, असक्त, अपाङ्गलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनु पर्दछ।
१३. **प्राविधिक शिक्षाको विकास** : प्राविधिक शिक्षाको विकासमा विशेष जोड दिइनु पर्दछ।
१४. **पुस्तकालयको समुचित व्यवस्था** : विद्यालय र क्याम्पसहरूमा पुस्तकालयको समुचित व्यवस्था हुनुपर्दछ।
१५. **आधारभूत स्वास्थ्य** : आधारभूत स्वास्थ्यको जिम्मेवारी राज्यले लिनुपर्दछ।
१६. **सस्तो तथा सर्वसुलभ स्वास्थ्य सेवा** : सस्तो तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नु पर्दछ।
१७. **स्वास्थ्य सेवाको निजीकरणको विरोध** : स्वास्थ्य सेवाको निजीकरण र व्यापारीकरण बन्द गरिनुपर्दछ।

(ज) विकास र सामाजिक सुरक्षा

१. **सन्तुलित विकास नीति** : सन्तुलित विकास नीति अपनाउनु पर्दछ।
२. **बेरोजगारहरूका लागि काम** : बेरोजगारहरूका लागि कामको सुनिश्चितता प्रदान गर्नुपर्दछ।
३. **युवा श्रम शक्तिको विदेश पलायन** : युवा श्रम शक्तिको विदेश पलायनलाई निरूत्साहित पार्न प्रयत्न गर्नुपर्दछ।
४. **उत्तर–दक्षिण मोटरबाटाहरूको निर्माण** : हिमाली भेग र तराईलाई जोड्ने उत्तर–दक्षिण मोटरबाटाहरूको निर्माण गरिनुपर्दछ।
५. **पूर्व र पश्चिम रेलमार्गको निर्माण** : पूर्व र पश्चिम जोड्ने रेलमार्गको निर्माण गरिनुपर्दछ।
६. **मध्य पहाडमा पूर्व–पश्चिम राजमार्गको निर्माणः** मध्यपहाडमा पूर्व–पश्चिम राजमार्गको निर्माण हुनुपर्दछ।
७. **पिछडिएका र दुर्गम क्षेत्रहरूको विकास** : कर्णाली अञ्चलसहित सबै पिछडिएका र दूर्गम क्षेत्रहरूको विकास कार्यलाई विशेष प्राथमिकता दिनुपर्दछ।
८. **विद्युत उत्पादन तथा सिंचाईको विकास** : जलस्रोतको व्यापक सदुपयोग गरी विद्युत उत्पादन तथा सिंचाईको विकासका लागि राज्यद्वारा योजना बनाइनुपर्दछ।
९. **दुर्गम पहाडी र हिमाली भेगको विकास** : दुर्गम पहाडी तथा हिमाली भेगका जनतालाई विद्युत, यातायात, खानेपानी, सिंचाई, शिक्षा लगायत बजार प्रवर्द्धनको उचित व्यवस्था गरी त्यो क्षेत्रको विकासमा जोड दिनुपर्दछ।
१०. **पिछडिएका क्षेत्रको सर्वाङ्गिण विकास** : पिछडिएका क्षेत्रको सर्वाङ्गिण विकासका लागि योजनावद्ध प्रकारले काम गरिनु पर्दछ।
११. **दुर्गम गाउँहरूमा सुपथ मूल्यका पसलहरू** : दुर्गम तथा पिछडिएका गाउँहरूमा सुपथ मूल्यका पसलहरू खोलिनुपर्दछ।
१२. **लोडसेडिङ्ग माथि नियन्त्रण** : विद्युत पूर्तिको आवश्यक व्यवस्था गरेर लोडसेडिङ्ग माथि नियन्त्रण गरिनु पर्दछ।

१३. **पेट्रोल, मट्टितेलको कमी :** पेट्रोल, मट्टितेलको कमीको समस्यालाई समाधान गर्नका लागि प्रभावशाली तरिका अपनाउनुपर्दछ।

१४. **राजधानीका तात्कालिक आवश्यकताहरू :** राजधानीमा निम्न तात्कालिक कार्यहरूमा व्यवस्थापनका लागि विशेष ध्यान दिइनुपर्दछ :–

(क) प्रदूषणको नियन्त्रण,
(ख) फोहोर मैलाको व्यवस्था,
(ग) नदीहरूको शुद्धिकरण,
(घ) खानेपानीको व्यवस्था,
(ङ) ट्राफिक जाममा सुधारका लागि आवश्यक व्यवस्था,
(च) अपराध माथि नियन्त्रण, र
(छ) बसोबास र पुनर्वासको व्यवस्था।

(झ) भाषा, संस्कृति र धर्म

१. **धर्म निरपेक्षता :** राज्यलाई धर्म निरपेक्ष घोषणा गरिनुपर्दछ र नागरिकहरूलाई धर्म मान्ने वा नमान्ने धार्मिक स्वतन्त्रता प्राप्त हुनुपर्दछ।

२. **भाषाहरूप्रति समान नीति :** सबै भाषाहरूप्रति समान नीति अपनाउनुपर्दछ। कुनै एउटा भाषालाई विशेषाधिकार दिने व्यवस्था खारेज हुनुपर्दछ। सबै भाषाहरूलाई विकासको अवसर र मद्दत प्रदान गरिनुपर्दछ।

३. **सम्पर्क भाषा :** नेपाली भाषालाई सम्पर्क भाषा बनाइनु पर्दछ।

४. **पुरातात्विक सम्पदाको संरक्षण :** पुरातात्विक सम्पदाको संरक्षणमा विशेष ध्यान दिइनु पर्दछ।

५. **साँस्कृतिक रूपान्तरण :** संस्कृतिको प्रगतिशील र जनवादी रूपान्तरमा जोड दिनुपर्दछ।

(ञ) मानव अधिकार र प्रेस स्वतन्त्रता

१. **उच्चस्तरीय मानवअधिकार आयोग :** उच्चस्तरीय मानवअधिकार आयोगको गठन हुनुपर्दछ र त्यसलाई स्वतन्त्र रूपले काम गर्ने पूरा अधिकार हुनुपर्दछ।

२. **मानव अधिकार उल्लंघनको विरुद्ध कारवाही :** मानव अधिकारको सुरक्षा र तिनीहरूको उल्लङ्घनको विरुद्ध कारवाहीको ग्यारेन्टी हुनुपर्दछ।

३. **अन्तर्राष्ट्रिय अभिसन्धिहरूको कार्यान्वयन :** सबै अन्तर्राष्ट्रिय घोषणा, अभिसन्धिहरूमा स्वीकृत अधिकारहरूको कार्यान्वयन गरिनुपर्दछ।

४. **प्रेसको स्वतन्त्रता :** प्रेसको स्वतन्त्रताको ग्यारेन्टी हुनुपर्दछ।

५. **पत्रकारहरूको सुरक्षा :** पत्रकारहरूको सुरक्षाको व्यवस्था हुनुपर्दछ र उनीहरू माथि हुने कुनै पनि प्रकारको हिंसाको विरूद्ध राज्यबाट क्षतिपूर्ति वा बीमाको व्यवस्था हुनुपर्दछ।

६. **श्रमजीवी पत्रकार ऐन :** श्रमजीवी पत्रकार ऐन तदारूकताका साथ लागू हुनुपर्दछ।

७. **सम्पादक र पत्रकारहरूको अधिकारको रक्षा :** आधिकारिक कारण बिना पत्रकारहरूलाई प्रकाशकले हटाउने प्रचलन बन्द हुनुपर्दछ र पत्रकारहरूको नियुक्ति, पेन्सन र बीमाको व्यवस्था हुनुपर्दछ।

८. **सूचनाको हकः** सूचनाको हकसम्बन्धी सम्पूर्ण ऐन कानूनहरू कार्यान्वयन हुनुपर्दछ।

९. **विचारधारात्मक साप्ताहिक पत्रिकाको संरक्षण :** विचारधारात्मक भूमिका निर्वाह गर्दै आएका साप्ताहिक पत्रिकाको संरक्षणको लागि सरकारले विज्ञापन र आर्थिक सहयोगको स्पष्ट नीति बनाउनु पर्दछ।

१०. **विना भेदभाव र पूर्वाग्रह विज्ञापनः** वर्गीकरणका आधारमा सरकारले बिना भेदभाव र पूर्वाग्रह सरकारी विज्ञापन उपलब्ध गराउनुपर्दछ।

११. **द्वन्द्वपीडित पत्रकार र तिनका परिवारः** द्वन्द्वपीडित पत्रकार र तिनका परिवारहरूलाई सरकारले उचित क्षतिपूर्ति र राहतको व्यवस्था गर्नुपर्दछ।

१२. **सञ्चारकर्मीहरूलाई आरक्षित सीट :** सञ्चारकर्मीहरूलाई प्रायः आकस्मिक यात्रामा हिंड्नुपर्ने हुनाले दुईवटा आरक्षित सीट र ५० प्रतिशत भाडा छुटको सहुलियत प्रदान गर्ने सरकारी नीति बन्नुपर्दछ।

१३. **श्रमजीवी पत्रकारहरूको पेशागत ग्यारेन्टी :** श्रमजीवी पत्रकारहरूको पेशागत ग्यारेन्टीको लागि सरकारले स्पष्ट नीति बनाउनु पर्दछ।

१४. **प्रेस पासको वितरण :** सूचना विभागले प्रेस पास वितरण गर्दा पत्रकार र गैर पत्रकार राम्ररी पहिचान गर्नुपर्दछ। प्रेस पासको दूरूपयोग हुनुहुँदैन।

१५. **कुटनीतिक विषयहरूमा जानकारी :** सरकारले आफ्नो राष्ट्रिय तथा परराष्ट्र सम्बन्धका प्रश्नमा अपनाउने कुटनीतिका बारेमा सञ्चारलाई गुमराहमा नराखी तुरुन्त जानकारी गराउनु पर्दछ।

१६. **सञ्चार जगतलाई प्रतिद्वन्द्वीको रुपमा हेर्ने दृष्टिकोण :** सञ्चार जगतलाई सधैं प्रतिद्वन्द्वीको रूपमा हेर्ने सरकारी मानसिकता बदलिनु पर्दछ।

(ट) परराष्ट्र नीति

१. **सम्पूर्ण असमान सन्धि, सम्झौता र समझदारीहरूको खारेजी :** विदेशसँग सम्पन्न भएका सम्पूर्ण असमान सन्धि, सम्झौता र समझदारीहरूको खारेजी तथा उनीहरूले उपभोग गर्दै आएका सबै विशेष सहुलियत र सुविधाहरूको अन्त्य हुनुपर्दछ।

२. **विश्वका सबै राष्ट्रहरूसँग मैत्री सम्बन्ध :** विश्वका सबै राष्ट्रहरूसँग पारस्परिक समानता र सम्मानका आधारमा मैत्री सम्बन्ध कायम गर्नुपर्दछ।

३. **उत्पीडित राष्ट्र तथा जनताहरूको मुक्ति आन्दोलन :** उत्पीडित राष्ट्र तथा जनताहरूको मुक्ति आन्दोलनलाई सहयोग र समर्थन गर्नुपर्दछ।

४. **साम्राज्यवादी गठबन्धनहरूको विरोध :** साम्राज्यवादीहरूद्वारा निर्माण गरिएका राजनीतिक, सैनिक, आर्थिक र साँस्कृतिक गठबन्धनहरूको विरोध गर्नुपर्दछ।

५. **जातिभेद तथा रङ्गभेदको विरोध :** जातिभेद तथा रङ्गभेदको विरोध र रङ्गभेदविरुद्धको आन्दोलन प्रति समर्थन तथा ऐक्यवद्धता जाहेर गरिनुपर्दछ।

६. **साम्राज्यवादी, विस्तारवादी तथा प्रभुत्ववादी नीतिको विरोध :** कुनै पनि प्रकारको साम्राज्यवादी, विस्तारवादी तथा प्रभुत्ववादी नीतिको विरोध गर्नुपर्दछ।

७. **स्वतन्त्र परराष्ट्र नीति :** राष्ट्रिय हित अन्तर्गत स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नुपर्दछ।

८. **साम्राज्यवाद विरोधी एकता र संयुक्त मोर्चा :** अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवाद विरोधी एकता र मोर्चाको निर्माणका लागि पहल गर्नुपर्दछ।

(ठ) विविध

१. **नारायणहिटी दरबार :** नारायणहिटी दरबारलाई राष्ट्रिय म्युजियममा परिणत गरिनुपर्दछ।

२. **१२ मईको मुद्दा :** नयाँ दिल्लीको १२ मई १९८६ को पञ्चायती तानाशाही व्यवस्थाका विरुद्धका आन्दोलनकारीहरूका विरुद्धको मुद्दा खारेज गर्नुपर्दछ।

३. **पूजा काण्डको मुद्दा :** प्यूठानको पूजा काण्डको मुद्दा खारेज हुनुपर्दछ।

भाग – ४

आधारभूत कार्यक्रम र नीति

(क) अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आमूल परिवर्तनको आवश्यकता

आज देश अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ। त्यो अवस्थामा अमूल परिवर्तन नभैकन देशमा वास्तविक अर्थमा जनतन्त्रको स्थापना, राष्ट्रिय उद्योग तथा कृषिको विकास, मजदूर, किसान, महिला, जनजाति, दलितजाति, अपाङ्ग, मधेसी समुदाय, पिछडिएका क्षेत्र अल्पसंख्यक समुदाय तथा प्रवासी नेपालीहरू समेत सबै शोषित, उत्पीडित वर्ग वा जनसमुदायहरूको समस्याहरूको समाधान तथा उनीहरूको अवस्थामा सुधार सम्भव छैन। त्यसकारण विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आमूल परिवर्तन र त्यसका ठाउँमा जनवादी व्यवस्थाको स्थापना आजको देशको आधारभूत र ऐतिहासिक आवश्यकता हो।

(ख) कृषि माथिको सामन्ती प्रभुत्वको अन्तको आवश्यकता

हाम्रो देश कृषि प्रधान अवस्थामा छ र बहुसंख्यक जनताको जीवन निर्वाह तथा अर्थतन्त्रको आधार कृषि नै हो। तर एकातिर, सामन्ती र, अर्कोतिर, औपनिवेशिक प्रकारको शोषणका कारणले कृषि क्षेत्र पिछडिएको अवस्थामा छ। जमीनको ठूलो भागमा सामन्ती वर्गको स्वामित्व छ। किसान कैयौं प्रकारका शोषण, उत्पीडन, भ्रष्टाचार, अन्याय–अत्याचार आदिको शिकार हुनुपरेको छ। ती सबैको परिणामस्वरूप कृषि उत्पादन र विकास तथा सम्पूर्ण अर्थतन्त्र माथि अत्यन्त नकारात्मक असर परेको छ। त्यो अवस्थामा उत्पादक शक्तिहरूलाई सामन्ती प्रभुत्वबाट मुक्त गर्ने, मेहनतकश किसानहरूलाई जमीनको मालिक बनाउने, कृषिको आधुनिकीकरण गर्ने प्रश्नहरूले निर्णयात्मक महत्त्व राख्दछन्।

(ग) राष्ट्रिय अर्थतन्त्र र उद्योग व्यापारको संरक्षण

कृषि माथि आधारित अर्थव्यवस्था समग्र रूपमा कुनै देशको पिछडिएको अवस्थाको परिचायक हो। त्यो अवस्थामा सुधार देशको औद्योगिकीकरण बिना सम्भव छैन। तर एकातिर, देशमा विद्यमान सामन्ती प्रभुत्व, अर्कातिर, बहुराष्ट्रिय पूँजीको खतरा, विदेशी उद्योगहरूसितको कडा प्रतिस्पर्धा, तथा साम्राज्यवादी देशहरूद्वारा तेस्रो संसारका पिछडिएका र विकासोन्मुख देशहरूको उद्योग तथा अर्थतन्त्रमा प्रभुत्व कायम गर्ने सङ्गठित षड्यन्त्रका कारणले पनि देशको औद्योगिकीकरणमा बाधा पुगिरहेको छ। विश्व व्यापार सङ्गठन (WTO) का कारणले त्यसप्रकारको प्रभुत्व अरू गम्भीर र व्यापक रूप लिँदै गैरहेको छ। देशको जेजति औद्योगिकरण भएको छ त्यसमा पनि विदेशी वा बहुराष्ट्रिय पूँजीको भूमिका बढ्दै गैरहेको छ। त्यसप्रकारको औद्योगिकीकरण होइन, राष्ट्रिय उद्योगहरूको विकासका आधारमा नै देशको आर्थिक विकास हुन सक्दछ। त्यसकारण बहुराष्ट्रिय पूँजीको विरोध, विदेशी प्रतियोगिताबाट संरक्षणका आधारमा राष्ट्रिय उद्योगको विकासद्वारा नै कृषि तथा देशको आर्थिक विकास सम्भव छ।

(घ) अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाको सम्पूर्ण राष्ट्रिय जीवनमा नकारात्मक असर

देशमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको नकारात्मक असर कृषि तथा उद्योग बाहेक आर्थिक र सामाजिक जीवनका अन्य कैयौं क्षेत्रहरूमा पनि परेको छ। देशको विकास अत्यन्त कम र असन्तोषजनक प्रकारले भैरहेको छ। देशमा विदेशी ऋणको बोझ र त्यसका साथै विदेशी हस्तक्षेप बढ्दै गैरहेको छ र त्यसबाट देशको सम्पूर्ण सार्वभौमिकता र राष्ट्रियता प्रभावित भैरहेको छ। हाम्रो सम्पूर्ण अर्थतन्त्र आर्थिक प्रकारले मात्र होइन, राजनैतिक प्रकारले पनि विदेशमुखी बन्दै गैरहेको छ। देशमा जेजति विकास भैरहेको छ, त्यो पनि अत्यन्त कम, ढीला र असन्तोषजनक प्रकारले भैरहेको छ। जेजति विकास भैरहेको छ, त्यसबाट पनि आम

जनता र सम्पूर्ण देशलाई कम र मुट्ठीभर उच्चवर्गीय, समाज विरोधी, भ्रष्ट तत्त्वहरू, सामन्त र दलाल पूँजीपति वर्ग, तस्कर तथा भ्रष्ट नोकरशाहीलाई नै फाइदा पुगिरहेको छ । देशका दूरवर्ती र ग्रामीण क्षेत्रको विकास अत्यन्त पछाडि परिरहेको छ । भाषा, संस्कृतिमा पतनोन्मुख पूँजीवादी छाडावादको प्रभाव बढ्दै गैरहेको छ। विदेशी मुख्यतः भारतीय जनसंख्याको अतिक्रमणबाट वा देशको सम्पूर्ण आर्थिक र सामाजिक जीवन असन्तुलित बन्दै गैरहेको छ। त्यसबाट अब देशको सार्वभौमिकता र राष्ट्रियताका अगाडि खतरा बढ्दै गैरहेको छ । नागरिकता सम्बन्धी गलत नीतिले त्यो खतरालाई झन् बढाएको छ । त्यसरी नेपालमा नेपालीहरू नै अल्पमतमा पर्ने सम्भावना र खतरा पैदा भएको छ। खुला र छद्म रूपमा विदेशी अवाञ्छित तत्त्वहरूको बढ्दो गतिविधि र घुसपैठले देशका विभिन्न जाति र समूहहरूका बीचको एकता खल्बलिँदै र त्यसरी सम्पूर्ण राष्ट्रिय एकतामा आँच पुग्दै गैरहेको छ । शिक्षा सम्बन्धी राष्ट्रिय र वैज्ञानिक नीतिको अभावमा शिक्षाबाट स्वस्थ राष्ट्रिय चेतना र चरित्रको विकास हुनुको सट्टा राष्ट्रिय चिन्तन र चरित्रमा नै कैयौं प्रकारका विकृतिहरू देखापर्दै गैरहेका छन् । यसरी सम्पूर्ण रूपमा के भन्न सकिन्छ भने देशमा विद्यमान प्रतिक्रियावादी र जनविरोधी आर्थिक, सामाजिक तथा राजनैतिक व्यवस्था देशको विकासमा बाधा स्वरूप भएर उभिएको छ।

(ङ) सबै शोषित, पीडित जनसमुदाय वा क्षेत्रहरूको अवस्थामा सुधारमा जोड

उपरोक्त प्रकारको देशको आर्थिक राजनैतिक अवस्थाका कारण देशमा सम्पूर्ण शोषित, उत्पीडित, मेहनतकश जनता, मजदूर, किसान, महिला, दलित, जनजाति, विद्यार्थी, शिक्षक, प्राध्यापक, डाक्टर, नर्स, वकिल, बुद्धिजीवी, लेखक, कलाकार, न्यून-वैतनिक कर्मचारी, अपाङ्ग, मुसलमानसहित विभिन्न अल्पसंख्यक समूह, मधेसी समुदाय, पिछडिएका क्षेत्र, प्रवासी नेपालीहरूको जीवनको अवस्था वा हिंतहरू नराम्ररी प्रभावित भएका छन्। जनआन्दोलनको परिणामस्वरूप देशको राजनैतिक स्थितिमा कैयौंपल्ट परिवर्तन हुने गरेको छ। तर जनताको अवस्थामा कुनै उल्लेखनीय परिवर्तन हुने गरेको छैन । आज पनि देशमा संयुक्त राष्ट्र सङ्घका मानव अधिकार सम्बन्धी स्वयं नेपाल सरकारले अनुमोदन गरेका घोषणापत्र वा अभिसन्धिहरूका विरुद्ध मानव अधिकारसित मेल नखाने कैयौं मध्ययुगीन प्रकारका कानूनहरू विद्यमान छन्, जसले गर्दा कैयौं जनसमूहहरू नराम्ररी प्रभावित छन्। विभिन्न सरकारहरूद्वारा गरिएका भूमिसुधार सम्बन्धी कैयौं घोषणाहरूका बाबजुद किसानहरूको अवस्थामा कुनै खास सुधार भएको छैन । मजदुरहरूका हितहरू वा सुरक्षाका लागि कुनै प्रभावशाली कानून बनेका छैनन् वा जे जति कानून बनेका छन्, तिनीहरूलाई लागु गर्न पनि कुनै प्रभावशाली व्यवस्था छैन । जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण र विकास तथा उनीहरूलाई स्थानीय स्वायत्त शासनको अधिकार प्रदान गर्नेतिर अत्यन्त उपेक्षाको नीति अपनाइएको छ । दलित माथिको छुवाछुत प्रथा कायम नै छ । महिलाहरूलाई सम्पत्ति माथि समान अधिकार कायम हुन सकेको छैन र परिवारभित्र विभिन्न प्रकारका हिंसात्मक व्यवहारहरू कायम नै छन् । शिक्षा र विद्यार्थीहरूको अवस्थामा सुधारका लागि अझै पर्याप्त काम हुन सकेको छैन । मधेस वा तराईका जनतासित कैयौं प्रकारले भेदभाव गरिन्छ। कर्णाली क्षेत्र सहित दुर्गम, पहाडी र हिमालय क्षेत्रको विकासमा पर्याप्त ध्यान दिइएको छैन । न्यून वैतनिक कर्मचारीहरूको न्यायपूर्ण हकहरू सुरक्षित छैनन्। अन्य जनवर्ग वा स्तरका हितहरू पनि सुरक्षित छैनन्। देशमा बारम्बार भएका कैयौं राजनैतिक परिवर्तनहरूका बाबजुद बहुसंख्यक जनताको अवस्थामा उल्लेखनीय सुधार नभएकाले विद्यमान आर्थिक, सामाजिक अवस्थामा आमूल परिवर्तन नभैकन उनीहरूका न्यायपूर्ण हक र अधिकार प्राप्त हुन नसक्ने तथा उनीहरूको अवस्थामा सुधार हुन नसक्ने कुरा दिनको उज्यालो जस्तो छर्लङ्ग भएको छ। उपरोक्त अवस्थामा सुधार आजको राष्ट्रिय आवश्यकता भएको छ।

(ज) नयाँ जनवादी व्यवस्थाको स्थापना ऐतिहासिक आवश्यकता

देशमा संविधानसभाको चुनाव र गणतन्त्रको स्थापना राष्ट्रिय महत्त्वका विषयहरू हुन् । त्यसकारण ती उद्देश्यहरू सफल पार्न पुरा शक्ति लगाउनुपर्ने आवश्यकता छ । तर ती कार्यहरू सम्पन्न भए पनि देशमा

विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्था कायम हुँदासम्म देश तथा जनताका समस्याहरूका वास्तविक समाधान सम्भव छैन। त्यसका लागि देशमा बहुसंख्यक जनताका हितहरूको प्रतिनिधित्व गर्ने नयाँ जनवादी व्यवस्थाको स्थापना हुनु ऐतिहासिक आवश्यकता हो। नयाँ जनवादी व्यवस्थाको स्थापना पछि नै देशको राष्ट्रियता, जनतन्त्र, राष्ट्रिय विकास, कृषिको अवस्थामा सुधार र राष्ट्रिय उद्योगहरूको विकास तथा विभिन्न शोषित, पीडित वर्ग, जनसमुदायहरू र स्तरको अवस्थामा आमूल परिवर्तन सम्भव छ। तर देशमा विद्यमान अर्धसामन्ती व्यवस्थामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना सबै शोषित, उत्पीडित, मेहनतकश जनता र देशभक्त जनतान्त्रिक, वामपन्थी र प्रगतिशील वर्ग, जनसमुदाय वा राजनैतिक शक्तिहरूको व्यापक ऐक्यवद्धता तथा जनसमुहको क्रान्तिकारी भूमिकाद्वारा मात्र सम्भव छ। त्यसका लागि सबै देशभक्त, जनतान्त्रिक र बामपन्थी शक्तिहरूको रणनैतिक संयुक्त मोर्चा बन्नु आवश्यक छ। त्यसकारण हाम्रो पार्टीले सबै क्रान्तिकारी वर्ग, जनसमुदाय वा देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरूको ऐक्यवद्धताका आधारमा संयुक्त मोर्चाको निर्माणमा जोड दिन्छ र त्यो उद्देश्य पूर्तिका लागि बढीभन्दा बढी योगदान दिने राष्ट्रिय जनमोर्चाको नीति हुनेछ।

(छ) जनताका तात्कालिक समस्याहरूको समाधानका लागि संविधानसभाको चुनावमा सहभागिता

राष्ट्रिय जनमोर्चाको घोषणापत्रमा भनिएको छ : 'विद्यमान अर्ध–सामन्ती र अर्ध–औपनिवेशिक अवस्थामा आमूल परिवर्तन र त्यसका ठाउँमा जनवादी व्यवस्थाको स्थापना आजको देशको आधारभूत र ऐतिहासिक आवश्यकता हो।' त्यो घोषणापत्रको अन्तमा भनिएको छ : 'अर्ध–सामन्ती र अर्ध–औपनिवेशिक अवस्था र त्यसमाथि अडेका आर्थिक, सामाजिक तथा राजनैतिक संरचनामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना भएपछि नै देश र जनताका आधारभूत समस्याहरूको समाधान सम्भव छ। तैपनि जनताको सङ्गठन, आन्दोलन र जनमतको दबाबद्वारा विद्यमान आर्थिक–सामाजिक संरचनाका सीमाभित्र पनि अंशतः जनताका कैयौं न्यायपूर्ण मागहरू पूरा गराउनु सम्भव छ।' २०६२/६३ को महान जनआन्दोलनको परिणामस्वरूप देशमा राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापनाका लागि अत्यन्त अनुकूल राजनैतिक परिस्थिति तयार भएको छ। तर त्यो आन्दोलनपछि देशमा पैदा भएको राजनैतिक स्थिति तथा सरकारको कार्यप्रणालीको परिणामस्वरूप संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनाबारे अनिश्चयताको स्थिति उत्पन्न भएको छ। त्यसको परिणामस्वरूप २०६२/६३ को आन्दोलनपछि पनि २००७ साल वा २०४६ साल पछिको इतिहासको पुनरावृत्ति हुने र त्यसरी २०६२/६३ को आन्दोलनका उपलब्धिहरू पनि समाप्त हुने आशङ्का बढ्दै गैरहेको छ। केही समय यता राजा, राजावादीहरूका बढ्दै गएका प्रतिगामी प्रकारका अभिव्यक्ति वा गतिविधिहरू, स्वयं आन्दोलनकारी शक्तिहरूका बीचमा देखापरेका राजतन्त्रको संस्थालाई कायम राख्ने वा राजावादीहरूसँग एकता कायम गर्ने प्रकारको सोंचाईहरू, देशमा बढ्दै गैरहेको अशान्तिको अवस्था, विभिन्न देशी–विदेशी प्रतिक्रियावादी शक्तिहरूका षड्यन्त्रकारी कारवाहीहरूका कारणले त्यसप्रकारको आशङ्का बढ्दै गैरहेको छ। त्यसप्रकारको स्थितिमा एकातिर, संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनाको कार्यमा बाधा पुग्ने र, अर्कातिर, जनताका समस्याहरूको समाधान वा देशको विकासमा समेत प्रतिकूल असर पर्ने अत्यधिक सम्भावना हुनेछ। संविधानसभाको चुनावलाई सम्पन्न गर्ने नाममा सरकारले देशको राष्ट्रियता, सार्वभौमिकता वा अखण्डतामा बाधा पुग्ने प्रकारका सम्झौताहरू गर्ने सम्भावनातिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। खास गरेर 'एक मधेस, एक स्वायत्त प्रदेश' जस्ता मागहरू प्रति सरकारले सम्झौतापरस्त दृष्टिकोण अपनाएमा त्यसप्रकारको खतरा बढेर जानेछ। अहिले देशमा संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनाका साथै जनताका अरू कैयौं समस्या र मागहरूका लागि पनि सङ्घर्ष गर्नुपर्ने आवश्यकता छ। तर तत्काल अन्य विषयहरूलाई अगाडि ल्याएर सङ्घर्ष अगाडि बढाउँदा संविधानसभाको चुनावमा बाधा पुग्न सक्दछ र त्यसको परिणामस्वरुप गणतन्त्रको स्थापनाको कार्य समेत असफल बन्न सक्दछ। आज दरबार र प्रतिगामी शक्तिहरूले गणतन्त्रको उद्देश्यलाई पूरा हुन नदिनका लागि संविधानसभाको चुनावलाई असफल पार्न पूरा शक्ति लगाउने

छन् । त्यसकारण संविधानसभाको चुनावमा बाधा पुग्नुको अर्थ प्रतिगमनको सेवा गर्नु नै हुनेछ । अहिले संविधानसभाको चुनाव वा गणतन्त्रको स्थापनाको कार्य सम्पन्न हुन नसकेमा त्यसका दीर्घकालिन दुष्परिणामहरू हुनेछन् । त्यसबाट प्रतिक्रियावादी व्यवस्था वा शक्तिहरूलाई बल पुग्नेछ । जनताका न्यायपूर्ण आन्दोलनको पक्ष कमजोर हुनेछ र जनताका हितहरूमाथि कुठाराघात हुनेछ । त्यसकारण तत्काल अन्य सबै न्यायपूर्ण आन्दोलनहरूको आवश्यकतालाई स्वीकार गर्दागर्दै पनि तिनीहरूलाई आवश्यकतानुसार भविष्यमा सञ्चालन गर्ने वा अगाडि बढाउने अधिकारलाई सुरक्षित राख्दै तत्काल मुख्य जोड संविधानसभाको चुनाव र गणतन्त्रमा नै दिनुपर्ने आवश्यकता छ । त्यसप्रकारको पृष्ठभूमिमा राष्ट्रिय जनमोर्चाले एकातिर, वर्तमान अवस्थामा आमूल परिवर्तनका लागि आधार तयार पार्न सङ्घर्ष गर्दै, अर्कोतिर, तात्कालिक रुपमा पनि देश र जनताका समस्याहरूको अधिकतम समाधानका लागि सङ्घर्ष गर्नेछ । ती उद्देश्यहरू पूरा गर्न नै राष्ट्रिय जनमोर्चाले संविधानसभाको चुनावमा भाग लिँदैछ । त्यसका लागि संविधानसभाको समानुपातिक र बहुमतीय दुवै निर्वाचन प्रणालीका लागि देशव्यापीरूपमा आफ्ना उम्मेदवारहरू खडा गरेको छ । हाम्रो पार्टीका निर्वाचित उम्मेदवारहरूले पार्टीका उद्देश्य, नीति वा घोषणापत्रमा लेखिएअनुसार देश र जनताका व्यापक हित तथा देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका पक्षमा इमान्दारिता र दृढतापूर्वक काम गर्नेछन् भन्ने प्रतिवद्धता प्रकट गर्दै त्यो चुनावमा हाम्रा उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिएर विजयी बनाउन राष्ट्रिय जनमोर्चाले सम्पूर्ण जनतासित विनम्र अनुरोध गर्दछ । संविधान सभाको चुनावमा हाम्रो नारा तल लेखिएअनुसार हुनेछ :-

संविधानसभाको चुनाव र गणतन्त्रको स्थापना
राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा

अन्तमा, संविधानसभाको चुनाव र गणतन्त्र, देश र जनताका व्यापक हित, देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता समेत यो घोषणा पत्रमा माथि लेखिएका सबै उद्देश्य, नीति वा कार्यक्रमहरू समेतलाई सफल पार्न तथा संविधानसभाद्वारा अग्रगामी संविधानको निर्माणका लागि समेत राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिएर विजय बनाउनका लागि हामीले सम्पूर्ण जनतासित विनम्र अपील गर्दछौं ।

१०.

राष्ट्रिय प्रजातन्त्र पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा–पत्र

भाग १ : विषय प्रवेश

(क) नेपालको इतिहासमा जनताले आफ्नो अधिकार स्थापित गर्ने उद्देश्यले गरेको आन्दोलन, सङ्घर्ष, क्रान्ति र बलिदानका श्रृङ्खलाहरूमध्ये २०६२/०६३ सालको जनआन्दोलनले उच्चतम ऐतिहासिक महत्त्व स्थापित गरेको छ। १६ वर्षको छोटो कालखण्डभित्र जनताले २, २ पटक जनआन्दोलन गरेको उदाहरण संसारको इतिहासमा विरलै मात्र पाइन्छ । अन्य धेरै प्रकारका गम्भीर र अग्रगामी परिवर्तनहरूका अतिरिक्त जनआन्दोलन–२ ले मुख्यरूपमा २ वटा युगान्तकारी परिवर्तनको सूत्रपात गरेको थियो। एक– हिँसात्मक द्वन्द्वको चपेटामा परेर ध्वस्त हुन लागेको मुलुकलाई शान्ति र पुनर्निर्माणकों बाटोमा डोऱ्याउने आधारभूमि तयार पाऱ्यो । दुई– नैसर्गिक रूपमा जनतामै निहित रहनुपर्ने तर इतिहासमा बारम्बार खोसिने गरेको मुलुकको सार्वभौम सत्तालाई जनताकै पोल्यमा सुरक्षित राख्ने पृष्ठभूमि पनि निर्माण गऱ्यो । दोस्रो जनआन्दोलनको सफलताको लागि दिल्लीमा ७ दल र माओवादी बीच सम्पन्न १२ बुँदे समभ्फदारीले भरपर्दो जग हालेको भए तापनि ४ दल सम्मिलित तत्कालीन गठबन्धन सरकारलाई बर्खास्त गरेर माघ १९ गते राजाले शासन सत्ता आफ्नो हातमा लिएपछि ७ दल र माओवादी बीच सम्झौता हुने पृष्ठभूमि समेत तयार भयो । दोस्रो जनआन्दोलनलाई सफतलाको विन्दुसम्म पुऱ्याउन सातदल, माओवादी, नागरिक समाज र पेसाकर्मीहरूको साथसाथै रा.प्र.पा.ले पनि अहम भूमिका निर्वाह गरेको थियो। माघ १९ को शाही कदम पछि बसेको रा.प्र.पा. केन्द्रीय कार्य समितिको बैठकले शाही कदमलाई 'प्रजातान्त्रिक प्रकृयालाई अवरुद्ध पार्ने घटना' ठहर गर्दै कडा विरोध जनायो । रा.प्र.पा.का अध्यक्ष एवम् नेतालाई घरमै नजरबन्द राखियो । शाही कदमको विरोध गर्ने रा.प्र.पा.का केन्द्रीय सदस्यहरूलाई महिनौंसम्म उपत्यका छाड्न नपाउने गरी स्थान हद गरियो । शाही कदमको समर्थन गरेर मन्त्री हुन पुगेका ७ जना केन्द्रीय सदस्यहरूलाई पार्टीले निष्काशन गरे पछि त तत्कालीन राज्यसत्ता रा.प्र.पा.विरुद्ध नाङ्गो रूपमा उत्रियो । सत्ता, शक्ति र सरकारी ढुकुटीको दुरुपयोग गर्दै तथाकथित विशेष अधिवेशनको नाटक खेलेर रा.प्र.पा. लाई कब्जा गर्ने दुस्साहस समेत गरियो। यद्यपि रा.प्र.पा., न्यायप्रेमी जनता र न्यायपालिकाको समेत सहयोगमा आफ्नो अस्तित्व जोगाउन सफल भयो। रा.प्र.पा.ले कृत्रिम रुपमा मञ्चन गरिएको नगरपालिका निर्वाचन बहिस्कार गऱ्यो । आन्दोलनकारीहरू माथि भएको दमनको विरोध गर्दै रा.प्र.पा.ले काठमाडौंमा मोटरसाइकल जुलुसको आयोजना गऱ्यो । तत्कालीन अवस्थामा संवैधानिक राजतन्त्रको हिमायती भनिएको रा.प्र.पा. समेत विरोधमा उभिए पछि तत्कालीन सत्ताको नैतिक र भौतिक दुवै धरातलनै भास्सियो र अन्तर्राष्ट्रिय समुदायको आँखामा समेत त्यो सत्ताको प्रासङ्गिकता र वैधता समाप्त हुँदै गयो। फलस्वरूप १९ दिनको आन्दोलनकारी जनलहरले अन्तिम धक्का दिएपछि गर्ल्याम–गुर्लम ढल्यो । वैशाख ११ गते राजाले संसद पुनःस्थापनाको घोषणा गरे। संसदले अन्य महत्त्वपूर्ण घोषणाहरूको अतिरिक्त रा.प्र.पा.को समेत समर्थनमा संविधानसभाको

निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गऱ्यो । त्योभन्दा अगावै रा.प्र.पा. केन्द्रीय कार्य समितिको बैठकले संविधानसभा निर्वाचनमा जाने निर्णय गरीसकेको थियो । यसप्रकार संविधान सभाको बाटो खुल्यो । फलस्वरूप संविधान सभालाई राज्यले अस्वीकार गरेकै कारण पटक–पटक वार्तामा सामेल भएर पनि फेरी जङ्गलतिरै फर्केका माओवादीहरूलाई जनयुद्धबाट विश्राम लिएर शान्तिपूर्ण राजनीतिको मूल प्रवाहमा क्रमशः अवतरण गर्ने ढोका खुल्यो ।

(ख) नेपालको संवैधानिक इतिहास हेर्दा २००४ सालको नेपाल सरकार ऐन, २००७ सालको अन्तरिम संविधान, २०१५ सालको नेपाल अधिराज्यको संविधान, २०१९ सालको पञ्चायती संविधान (जुन संविधानको ३ पटक संशोधन भयो), २०४६ सालको जनआन्दोलन पश्चात जारी भएको २०४७ सालको संविधान एवम् वर्तमान अन्तरिम संविधान (जुन ३ पटक संशोधनसमेत भैसकेको छ) समेत गरी ६ वटा संविधान मुलुकले बेहोरिसकेको छ। यी संविधानहरूमध्ये वर्तमान अन्तरिम संविधानबाहेक अरू सबै संविधानहरू राज्यद्वारा गठित आयोगले बनाएर आवश्यक हेरफेरका साथ राजाद्वारा जारी गरिएका संविधान थिए। यी संविधानहरूको निर्माणमा जनताको सहभागिता रहेन । संविधानसभाको निर्वाचन गरेर नयाँ संविधानको निर्माण गर्ने मात्र प्रमुख लक्ष्य हुनुपर्ने वर्तमान अन्तरिम संविधान राजाद्वारा जारी गरिएको नभएता पनि यसका अन्तरवस्तुहरूबारे जनता माझ छलफलनै हुन पाएन। त्यसैकारणले संविधान आयोगमा रहेका परम्पर विरोधी स्वार्थहरूको प्रतिनिधित्व गर्ने सदस्यहरू बीचको विरोधाभास प्रतिविम्वित भएको, संसारमा प्रचलनमा रहेका संविधानवाद र संवैधानिक पद्धतिहरूको छेउ टुप्पो नै नसमातेको विरोधाभासपूर्ण दस्तावेज भएको छ यो अन्तरिम संविधान। चालु अन्तरिम संविधान सबै सरोकारवालाहरूको भावना समेटेर, सबै मिलेर उत्साहका साथ संविधानसभामा जाने सहमतिको दस्तावेज बनोस् भन्ने उद्देश्य राखेर रा.प्र.पा. ले अन्तरिम संविधान मस्यौदा समितिसमक्ष अन्तरिम संविधानमा अनिवार्य रूपमा समावेश हुनुपर्ने ११ बुँदे अवधारणा प्रस्तुत गरेको थियो।

रा.प्र.पा.ले प्रस्तुत गरेका ११ बुँदाहरू सारभूत रूपमा समावेश गरिएको भए अन्तरिम संविधानमा छोटो अवधिमै ३, ३ पटक संशोधन गर्नुपर्ने लज्जाजनक परिस्थितिनै आउने थिएन। ३, ३ पटक संशोधन गर्दासमेत पार्टीले प्रस्तुत गरेका बुँदाहरू सबै समावेश गरिएनन् । उल्टो अन्तरिम संविधानजस्तो राज्यको आधिकारिक दस्तावेजमा सातदलको निर्णयबाट कार्यान्वयन गरिने थुप्रै अलोकतान्त्रिक प्रावधानहरू राखिए। सात दललाई अन्तरिम संविधानकै अङ्ग बनाइयो। जनतामा मात्र निहित रहनुपर्ने सार्वभौमसत्ता सातदलको चारकिल्ला भित्र सीमित पारियो। जनआन्दोलनबाट जनताले जितेर प्राप्त गरेको सार्वभौमसत्ताको खिल्ली उडाइयो । यतिखेर जस्तो बनेको भएपनि, जसरी बनेको भए पनि सातदलीय सर्वसत्तावादको भण्डाफोर गर्दै यसै अन्तरिम संविधानलाई जसोतसो व्यवहारमा रूपान्तरण गरेर संविधान सभाको निर्वाचन सम्पन्न गर्ने र सोही संविधान सभाद्वारा आफ्नो मुलुकको संविधान आफैं निर्माण गर्ने नेपालीहरूको वर्षौं वर्षदेखिको सपना साकार पार्ने संविधानसभाको निर्वाचन मार्फत् नयाँ संविधानको निर्माण गर्नु हाम्रो अनिवार्यता भएको छ।

(ग) नेपालमा लागु भएका ६ वटा संविधानहरू मध्ये २०४६ सालको जनआन्दोलन पश्चात् राजा र आन्दोलनकारी दलहरू बीच सम्पन्न सम्झौताको पृष्ठभूमिमा निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ लाई संसारका उत्कृष्ट संविधानहरू मध्येमा गणना गरिएको थियो । उत्कृष्टताको लागि नाम कमाएको त्यो संविधान पनि छोटो अवधिमै किन असफल सावित भयो त ? त्यस संविधानले प्रजातन्त्र, संविधानवाद, संवैधानिक पद्धति र मानव अधिकार सम्बन्धी मुख्य मुख्य प्रावधानहरूलाई समेटेको भएता पनि जनताको सहभागिता नभएको, सम्झौताको दस्तावेजको रुपमा

निर्माण भएकाले त्यसमा केही आधारभूत कमजोरीहरू रहे । **एक** – २०४७ सालको संविधान 'जनइच्छा' बमोजिम बनाइएको भनिएता पनि जनता आफैं संलग्न भएर बनाइएको संविधान थिएन । त्यसैकारण जनताले यसप्रति अपनत्व अनुभव गर्न सकेनन् । संविधानमाथि सङ्कट आइपर्दा पनि प्रतिरक्षा गर्ने चासो देखाएनन् । **दुई** – यस संविधानका निर्माताहरूले यो संविधानलाई समावेशी स्वरुप दिन सकेनन् । सदियौंदेखि विद्यमान रहेको केन्द्रीकृत शासकीय संरचनाले थोपरेको विभेदबाट आफ्नो भूगोल, भाषा र संस्कृतिलाई अपहेलित र उपेक्षित महशुस गरिरहेका जाति, जनजाति, मधेसी, महिला, दलित, अल्पसंख्यक मुसलमान एवम् कर्णालीजस्ता पिछडिएका भू–भागका दमित कुण्ठाहरूलाई सम्बोधन गर्दै नेपाली भन्ने अखण्ड पहिचान भित्र समाजका सबै साना पहिचान समेटिएको वृहत् राष्ट्रिय पहिचान निर्माण गर्ने सपना बुन्न सकेन यो संविधानले । **तीन** – जनतानै सबै शक्तिको श्रोत हो भन्ने लक्ष्यद्वारा निर्देशित हुँदै नेपालको इतिहासमै पहिलो पटक सार्वभौमसत्ता जनतामा निहित रहेको संविधानले घोषणा गरेता पनि मौका पर्दा जनतामा निहीत सार्वभौमसत्ता माथि हस्तक्षेप गर्ने वहाना उपलब्ध हुने छिद्रहरू पनि यो संविधानले छोडेको रहेछ भन्ने कुरा पछिल्ला घटनाहरूले प्रमाणित गरीसकेकै कुरा हुन् । **चार** – वेस्ट मिनिस्टर शैलीको प्रधानमन्त्रीय प्रणालीमा प्रधानमन्त्रीलाई सर्वशक्तिमान बनाउने सैद्धान्तिक आवरणमा प्रधानमन्त्रीले संसदलाई नै छल्न सक्ने स्वविवेकीय प्रावधानले संसदको अकाल मृत्यु हुने र परिणाममा अनेक प्रकारका विकृतिहरू पैदा भएर जनतामा संसदीय पद्धतिप्रति नै वितृष्णा पैदा गर्ने सम्मको परिस्थिति जन्म भयो । **पाँच** – यो संविधानले वेष्ट मिनिस्टर प्रणालीको जति मत ल्याए पनि अरुभन्दा धेरै मत ल्याउनेले शासन गर्ने पद्धति माथि जोड दिएकोले अल्पमतले बहुमत माथि शासन गर्न पाउने स्थिति ल्यायो । २०४७ सालको संविधानमा अन्तरनिहित यी र यस्तै अरु कमजोरीहरू एवम् संविधानमा रहेका असल पक्षहरूलाई समेत आ–आफ्नो स्वार्थअनुसार उपयोग र प्रयोग गर्ने शासक वर्गको विकृत प्रवृत्तिका कारण नै यसलाई माओवादीहरूले जनता समक्ष आफूले चलाएको जनयुद्धको औचित्य पुष्टि गर्ने आधार बनाउन पाए । तर माओवादीहरू युद्धबाट मात्र सत्ता कब्जा गर्न सकिन्छ भन्ने कुरामा पूर्ण विश्वस्त थिएनन् । सम्भवतः त्यसैकारणले नै उनीहरू पटकपटक वार्तामा आउन तयार भए, आए । तर हरेक पटक संविधान सभाको निर्वाचनको मुद्दामा नै हलो अड्कियो । यसै अड्चनलाई महशुस गरेर २०६१/८/२२ मा सम्पन्न रा.प्र.पा.को दोश्रो केन्द्रीय परिषद्को बैठकले नयाँ संविधान निर्माण गर्ने बाटो खुला राख्नुपर्ने र त्यस्तो संविधान निर्माण गर्न जुनसुकै प्रकारको माध्यम पनि अपनाउन सकिने प्रस्ताव पारित गरेको थियो । इतिहासको गति पनि अचम्मको हुन्छ 'संविधान सभाकै' मुद्दामा हलो अड्काएर एक अर्कालाई आतङ्ककारी र दमनकारीको आरोप लगाउँदै आ–आफ्ना गोरु पिटीरहेका राजनैतिक पार्टीहरू र विद्रोही माओवादीहरूलाई माघ १९ गतेको शाही कदमबाट स्थापित निरंकुश सत्ताले एउटै लाममा उभिन सहज बनायो । जनवलको प्रहारबाट २०६२/०६३ को जनआन्दोलन सफल भयो । २०४७ सालको संविधान विस्थापित भयो । चालु अन्तरिम संविधानमार्फत् मुलुक अब चैत्र २८ गते हुने संविधान सभाको निर्वाचनमा होमिइसकेको छ।

(घ) संविधानसभाको निर्वाचन मुलुकको इतिहासमा विरलै मात्र आयोजित हुने ऐतिहासिक घटना हो । त्यसैले संविधानसभाको निर्वाचनलाई आवधिक रुपमा सम्पन्न हुने संसदीय वा स्थानीय निर्वाचनको समकक्षमा मात्र हेरिनु हुँदैन । आवधिक निर्वाचनमा जनताले ५ वर्षको लागि कुन पार्टीलाई मुलुकको शासन सञ्चालनको अभिभारा सुम्पिने हो अथवा कुन पार्टी विशेषको नीति मुलुकको सर्वाङ्गिण समुन्नतिको लागि उपयोगी सावित होला भन्ने परीक्षण गर्ने हो । आफूले विश्वास सुम्पेको दल विशेषले मुलुकको हित गर्न सकेन वा जनताको आदेश अनुरुप खरो उत्रन सकेन भने अर्को निर्वाचनमा जनताले सो दललाई विस्थापित गरेर अर्को दललाई आफ्नो विश्वास सुम्पने अवसर पाउँछन् । तर संविधानसभा

निर्वाचनको सम्बन्धमा यस्तो अवसर जनतालाई बारम्बार प्राप्त हुँदैन । किनभने मुलुकमा कुनै ठूलो उथलपुथल, क्रान्ति वा परिवर्तन भएन भने जननिर्वाचित संविधानसभाले बनाएको संविधान अन्तर्गत मुलुक सयौं वर्षसम्म शासित भइरहन्छ। त्यस्तै संविधानले व्यवस्था गरेको प्रावधानको सीमा भित्र मात्र संविधानमा परिवर्तनको सम्भावना रहन्छ। तसर्थ ऐतिहासिक परिवर्तनको लागि हुन लागेको संविधान सभाको निर्वाचनमा जनताले कुन दललाई बहुमत दिएर सरकार चलाउन दिने भन्ने मनशाय भन्दा माथि उठेर संविधान सभामा कसरी मुलुकभरीका राजनैतिक जातीय, लैङ्गिक, भाषिक, भौगोलिक, साँस्कृतिक, धार्मिक, सामाजिक र क्षेत्रीय पक्षहरू सबैको प्रतिनिधित्व हुनसक्ला भन्ने विचार पुऱ्याउनै पर्दछ । अन्यथा एउटैमात्र राजनैतिक दल विशेषको प्रभुत्व संविधानसभामा स्थापित हुन गयो भने राष्ट्रिय सहमतिकै रुपमा स्थापित भैसकेको सहभागितामूलक समावेशी लोकतन्त्रको नेपाली जनताले देखेको सपना, सपना मात्र हुनेछ। कहिल्यै यथार्थमा रुपान्तरित हुने छैन । आवधिक निर्वाचनको परिणामलाई जनताले चाहेमा केही समयभित्रै सच्याउन सक्छन् । संविधानसभा निर्वाचनको परिणामलाई जनताले चाहेर पनि तुरुन्त सच्याउन सक्नेछैनन्। त्यसैले संविधानसभाको परिणामप्रति कसैले औंलो ठड्याउन पाउने ठाउँ दिनु हुँदैन। अग्रगामी पुनःसंरचना सहितको शान्त र समृद्ध नेपालको सपना साकार पार्न र संविधानलाई आम सहमतिको दस्तावेज बनाउन संविधान सभाको स्वरुप पनि समावेशी र सहभागितापूर्ण हुनै पर्दछ। अल्पमत र बहुमतको संकुचित चरित्र बोकेको र सरकार बनाउने र ढाल्ने सीमित उद्देश्य बोकेको परम्परागत संसद जस्तो संविधान सभाले शान्त र समृद्ध नेपाल निर्माण गर्ने नेपालीको सपना पूरा गर्न सक्ने छैन। यस कुरामा जनता जनार्दन सचेत रहनै पर्दछ।

भाग २ : मुलुकको वर्तमान स्थिति

(क) राजनैतिक स्थिति :

मुलुक यतिखेर इतिहासमै सर्वाधिक चुनौतिपूर्ण कालखण्डबाट गुज्रीरहेको छ । चरम द्वन्द्वको अवस्थाबाट शान्तितर्फको संक्रमणको अवस्था संवेदनशील र चुनौतिपूर्ण हुनु स्वाभाविक हो। यस्तो अवस्थालाई अत्यन्तै सावधानीका साथ व्यवस्थापन गर्ने कौशल अन्तरिम कालका सत्ताधारीहरूमा भएन भने मुलुक दुर्घटनामा पर्न सक्छ । अन्तरिम शासकहरूको अहिलेसम्मको क्रियाकलाप हेर्दा जनआन्दोलनले उठान गरेका यावत मुद्दाहरूलाई सबै पक्षको सहभागितापूर्ण संविधानसभा मार्फत् वैठान गर्ने ठूलो छाती उहाँहरूमा देखिएको छैन । परिवर्तनले ल्याएको जस्तोसुकै असल परिणाम पनि पूर्वाग्रहीहरूको हातमा पर्न गयो भने विकृतिको शिकार हुन वेर लाग्दैन । वास्तवमा अहिले यस्तै भईरहेको छ। विद्रोह, आन्दोलन र युद्ध सञ्चालनको लागि एक प्रकारको लगन र दृढता चाहिन्छ भने शान्तिपूर्ण रूपान्तरण, निर्माण र प्रगतिको लागि बेग्लै प्रकारको कौशल, शीप एवम् उदार र फराकिलो छातीको आवश्यकता पर्दछ । सफल संविधानसभा र सफलतापूर्ण संविधान निर्माण सम्पूर्ण मुलुकवासीहरूको साझा सपना हो भन्ने यथार्थलाई व्यवहारमा उतार्न जनमुखी, सहमतिपूर्ण, समावेशी, उदार र सहिष्णु कार्यशैली, सात दल गठबन्धनले अपनाउनुपर्ने जनअपेक्षा थियो । व्यवहार त्यसको उल्ट्यै भईरहेको छ। सातदलले निर्णय गरेपछि सबैले कानूनसरह बाध्यतापूर्वक मान्नुपर्छ भन्ने दम्भपूर्ण र निरंकुश अपसंस्कृतिको विकास भयो । वलिदानिपूर्ण आन्दोलनको माध्यमबाट एक प्रकारको निरंकुशताबाट मुक्त भएका जनता सात दलको निरंकुशता चुपचाप सहन किमार्थ तयार हुने छैनन् भन्ने कुरा सर्वसत्तावादको उन्मादले गर्दा सात दलको नेतृत्वले बिर्सिदियो । फलस्वरूप मधेस उर्लियो, जनजाति जागे, महिला, दलित, अल्पसंख्यक- मुसलमान, पिछडिएको भू-भागवासी र अपाङ्गहरू सबै आ-आफ्नो ठाउँमा जुर्मुराए । नेपाली जनताको उर्लंदो जागरणले दिएको सातदलको सर्वसत्तावादी सोंचमाथिको भीषण चुनौति अद्यावधि जारी छन् । तैपनि सत्ताधारीहरूमा उदार र परिवर्तनमुखी

सकारात्मक लक्षणहरू देखा परिरहेका छैनन्। सत्ताधारी दलहरू आफैंभित्र पनि दलीय सत्ता स्वार्थ र भागवण्डाको लुछाचुँडी नाङ्गो रूपमा प्रस्तुत भईरहेको छ। कानुनी राज्य र सुशासनको जनताको अपेक्षा मृगतृष्णा मात्र ठहरिएको छ। जनआन्दोलनमा जितेका जनता यतिखेर हारेको महशुस गर्न बाध्य छन्। यस्तो स्थिति अन्तरिम सत्ताको लागि मात्र होइन मुलुककै लागि दुर्भाग्यपूर्ण सावित हुनसक्छ। यसैबीच सदियौंदेखि विद्यमान रहेको विभेदको विरुद्ध शान्तिपूर्ण आन्दोलन गरी रहेका मधेसीहरूको अतिरिक्त तराईमा विभिन्न नाम र प्रकारका सशस्त्र सङ्गठन वा समूहहरू अस्तित्वमा आएका छन्। यस्तै पूर्वी पहाडमा लिम्वुआन राज्य परिषद् र खुम्वुआन मुक्ति मोर्चा तथा मध्यमाञ्चलमा तामसालिङहरू अधिकार प्राप्तिका लागि लडिरहेका छन्। मधेसमै थारुहरू 'थरूहट' स्वशासनको निम्ति आन्दोलित छन्। चुरेभावर क्षेत्रका वासिन्दा पनि सडकमै उत्रीसकेका छन्। भागवण्डाकै संस्कृतिले शैक्षिक क्षेत्र र परराष्ट्र सम्बन्ध अस्तव्यस्त छ। श्रम अराजकता एवम् आपराधिक आक्रमणले गर्दा औद्योगिक क्षेत्रले मन्दी मात्र होइन पूँजीपलायन जस्तो घातक दुष्परिणाम वेहोर्नु परेको छ। निजामती सेवा आन्दोलित छ। गा.वि.स.सचिवहरू गाउँमा कार्यरत हुन सकेका छैनन्। पत्रकार, डाक्टर, इञ्जिनियर सबै पेशाकर्मीहरू असुरक्षित महशुस गरिरहेका छन्। द्वन्द्व विस्थापितहरू सबै घर फर्किनसक्ने स्थिति बनेको छैन। जबरजस्ती कब्जा गरिएका घरजग्गा फिर्ता भैसकेका छैनन्। द्वन्द्व पीडितहरूको समस्या यथावत छ। गरीवी, बेरोजगारी, असुरक्षा र महङ्गीले मुलुक आक्रान्त बनेको छ। पेट्रोलियम र खाद्य पदार्थको मूल्य र आपूर्ति स्थिति कहाली लाग्दो छ भने विद्युत आपूर्तिको स्थिति त झनै भयावह छ। मुक्तकमैया, सुकुम्बासी, वादीजस्ता समुदायका समस्या समाधान हुनु त परै जाओस्, सरकारले सुन्ने चासो समेत देखाएको छैन। सरकारी बजेटले किसान वर्गलाई उपेक्षित गरेको छ। समग्रमा भन्ने हो भने मुलुकको हरेक क्षेत्र अस्तव्यस्त छ। यस्तो अस्तव्यस्त मुलुकलाई सम्हालेर शान्तिपूर्ण, भयरहित र निष्पक्ष वातावरणमा संविधानसभाको निर्वाचन गराउने नियत र सामर्थ्य सत्तारुढ गठबन्धनमा देखिएको छैन। संविधानसभा निर्वाचनको मिति ज्येष्ठ महिनामा गर्ने भनेर अन्तरिम संविधानमै तोकियो। फेरी त्यो मितिमा हुन नसक्ने भनेर मंसिर ६ गतेको लागि सारियो। सत्ताधारीहरू भित्रैबाट संविधानसभा निर्वाचनको वातावरण तयार गर्ने निहुँमा आन्दोलनको आह्वान गर्दै भाँजो हाल्न थालेपछि मंसिर ६ गतेको मिति पनि रद्द गरियो। ठूलो राजनैतिक खिचातानी र व्यापक राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब पछि चैत्र २८ गतेको लागि संविधानसभा निर्वाचनको मिति तय भएको छ। तर पनि मुलुकको स्थिति सामान्यीकरणतर्फ पूर्णतया अग्रसर भएको अनुभूति हुँदैन। भाषणमा लोकतन्त्र, समावेशीकरण, राज्यको पुनःसंरचना र नयाँ नेपालको निर्माण जस्ता शब्दावलिहरू प्रयोग गरेर नथाक्ने यो गठबन्धन मधेस, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र पेशाकर्मीहरूका जायज मागहरूलाई संवधोन गर्न पूर्णतः असफल सावित भएको छ। उदाहरणको लागि शान्ति प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा ६ दल र माओवादी बीच भएका सम्झौताका खातहरू एउटै पनि कार्यान्वयन भएका छैनन्। जनआन्दोलनले जनतलाई नै सुम्पिसकेको सार्वभौमसत्ता शासन दलका निर्णयहरूमामात्र संकुचन गर्ने सर्वसत्तावादी सोंच बोकेको गठबन्धन सरकारको समावेशीकरणको नारा केवल वेइमानी र ढोंग सावित भैसकेको छ। सत्ताधारीहरूको ढोंग र वेइमानीलाई चुनौति दिंदै समावेशीकरण, राज्यको अग्रगामी पुनःसंरचना, क्षेत्रीय, लैङ्गिक, जातीय, भाषिक र सामाजिक विभेदको अन्त्य गर्दै सङ्घीय संरचना अन्तर्गतको नयाँ नेपालको निर्माण गर्न दोश्रो केन्द्रीय परिषद्को वैठकको निर्णय, अन्तरिम संविधान मस्यौदा समितिलाई दिएको ११ बुँदे सुझाव, प्रधानमन्त्रीलाई बुझाएको १५ बुँदे ज्ञापनपत्र, अन्तरिम संविधानबारे संसदमा पटकपटक प्रस्तुत गरेका (तर प्रचण्ड बहुमतको बलमा अस्वीकृत गरिएका) संशोधन प्रस्तावहरू, पार्टीको केन्द्रीय समितिले समय समयमा पारित गरेका महत्त्वपूर्ण प्रस्तावहरू एवम् संसद र बाहिरका मञ्चहरूमा पार्टी अध्यक्षका अभिव्यक्तिहरू मार्फत् सार्वजनिक भैसकेका विचारहरूलाई समयानुकुल थप परिमार्जित गर्दै संविधान सभाको निर्वाचनमा जनता जनार्दन समक्ष रा.प्र.पा. प्रस्तुत भएको छ।

भाषण र छापामा समावेशीकरण र विभेदहीनताको राग गाएर नथाक्ने, व्यवहारमा चाहीं ठूलो पार्टीको अहङ्कारवाद र सर्वसत्तावादी सोंच नत्याग्ने सात पार्टीको सोंच कायम रही रह्यो र संविधानसभा निर्वाचनको परिणाममा पनि त्यस्तै सोंचको वर्चस्व स्थापित भएर प्रश्नचिन्ह खडा हुने स्थिति रह्यो भने शुरु भैसकेको सामाजिक विखण्डन त तीव्र हुने नै छ साथै भौगोलिक विखण्डनको सम्भावनालाई पनि अस्वीकार गर्न सकिने छैन।

(ख) शान्ति सुरक्षाको स्थिति :

लोकतान्त्रिक पद्धतिका आधारभूत परिसूचकहरूमध्ये जनताको जीउधनको सुरक्षाको प्रत्याभूति एउटा प्रमुख परिसूचक हो। एकातिर मुलुकमा द्वन्द्वरत पक्षहरू युद्धविराम सम्झौता गरेर शान्ति प्रकृयामा प्रवेश गरेका छन् भने अर्कोतर्फ सशस्त्र विद्राहका नयाँ संस्करणहरू उदाईरहेका छन् खास गरेर मधेसमा / लिम्वुवान–खम्वुवान स्वायत्त प्रदेशबारे वार्ता गरेर राज्य एउटा टुङ्गोमा नपुग्ने हो र ताम्सालिङ, तमुआन, मगरात र थरूहट जस्ता स्वरहरूलाई उदारतापूर्वक राज्यले समयमै सम्बोधन नगर्ने हो भने द्वन्द्वका नौला आयामहरू थपिँदै जानेछन्। यसबारे गठबन्धन सरकार गम्भीर देखिएको छैन। मुलुकमा असामाजिक तत्त्वको विगविगी उत्तिकैछ। चोरी, डकैती, लुटपाट, तोडफोड, आगजनी, आतङ्क, हत्या र हिँसाले जनजीवन आक्रान्त छ। जीउधनको विल्कुल सुरक्षा छैन। शान्ति सुरक्षा कायम गर्न सरकार पूर्ण असफल छ। राजनैतिक वा असामाजिक तत्त्वबाट आक्रमण भएको अवस्थामा आम नागरिकले गुहार माग्दा सुरक्षा निकाय जुर्मुराउँदैन। जनताको गुहार सुन्नु पर्ने दायित्व भएको सुरक्षा संयन्त्रनै मनोबलनै नभएको निरीह संस्थाको रुपमा रुपान्तरित भईरहेको छ। सुरक्षा संयन्त्रको मनोबल बढाउनुको सट्टा राजनैतिक नेतृत्वले मानमर्दन गरेको छ। पुरस्कार र दण्डको आधार गुण र दोष नभएर नाता गोता र राजनैतिक वफादारी यसको आधार भएको छ। विधिको शासनको अनुभूति हुनु त परै जाओस मुलुकमा शासनै छ कि छैन– सरकारै छ कि छैन भन्नु पर्ने स्थिति विद्यमान छ। मुलुकलाई संविधान, कानून शासकीय पद्धतिबाट सञ्चालन गर्नको बदला सिंहदरबार भित्र र बाहिरका समेत राजनैतिक जिमीदारहरूको सनकबाट सत्ता सञ्चालन भईरहेको छ। सत्ताधारीहरूनै पद्धति विहीनता र अराजक शासनशैलीका संवाहक भईरहेको वर्तमान अवस्थामा जनताले शान्ति सुरक्षाको आशा गर्नु र भयरहित वातावरणमा संविधान सभाको निर्वाचन सम्पन्न होला भनेर आशा गर्न दिवास्वप्नै ठहरिनेछ।

(ग) अर्थतन्त्रको वर्तमान स्थिति :

देशको वर्तमान आर्थिक स्थितिको सिंहावलोकन गर्दा नेपाली जनताले सन्तोषजनक सास फेर्ने ठाउँ भेटिँदैन। दशौं योजनाकालमा औसत वार्षिक आर्थिक वृद्धि दर ५.०० प्रतिशत हासिल गर्ने लक्ष्य राखिएकोमा गत आर्थिक वर्ष २०६३/६४ मा सोबाट तल झरी २.५ प्रतिशत कायम हुन गयो। सन् २००६ मा विश्व आर्थिक वृद्धि दर ५.४ प्रतिशत रहेको थियो भने छिमेकि मित्र राष्ट्र भारत र चीनको आर्थिक वृद्धि दर क्रमशः ९.२ प्रतिशत र १०.७ प्रतिशत रहेको थियो। सन् १९७० मा उदय भएको मित्रराष्ट्र बंगलादेश आज नेपालभन्दा आर्थिक दृष्टिकोणले धेरै माथि उँभो लागिसकेको छ भने तीन दशकदेखि निरन्तर चलिरहेको आन्तरिक द्वन्द्वमा फँसेको मित्रराष्ट्र श्रीलङ्काको आर्थिक वृद्धिदर ८.०० प्रतिशत रहेको छ। नेपालको जनसंख्या वृद्धिदर र आर्थिक वृद्धिदर हाराहारीमा मात्र सीमित भएकोले नेपालीको जीवनस्तरमा अपेक्षाकृत सुधार हुन नसकेको तथ्य प्रमाणित हुन्छ। नेपाल सार्क सङ्गठनको आठ सदस्य राष्ट्रमध्ये सबैभन्दा कम आर्थिक वृद्धि दर र न्यून प्रतिव्यक्ति आय भएको राष्ट्रको रूपमा रहेको छ भने विश्वको मानचित्रमा नेपालको स्थान १३६ बाट गिरेर १३६ मा पुग्न गएको छ। कुल जनसंख्याको ३१ प्रतिशत जनता अझै गरिबीको रेखामुनी रहेका छन्। सबै जिल्ला सदरमुकामलाई सडक यातायातले छुन सकेको छैन।

देशको अर्थतन्त्र पूर्णतया ह्रासोन्मुख अवस्थामा रहेको तथ्य आर्थिक तथा वित्तीय क्षेत्रमा देखापरेको विसङ्गतीबाट प्रष्ट हुन्छ। आर्थिक वृद्धिदरमा ह्रास, सरकारी बजेट घाटामा वृद्धि र बैदेशिक व्यापार घाटामा वृद्धि हुनुका साथै विगत वर्षहरूको तुलनामा शोधनान्तर बचतमा समेत ह्रास भएको छ। यसैप्रकार चालु आर्थिक वर्षको सरकारी बजेटलाई दृष्टिगत गर्दा चालु खर्च रू. ९८.१७ अर्ब र चुक्ता गर्नुपर्ने आन्तरिक ऋण रू. ७.२८ अर्ब तथा वाह्य ऋण रू. ८.२८ अर्ब गरी जम्मा चालु खर्च रू. ११३.६५ अर्ब जुटाउन राजस्व सङ्कलन रू. १०३.६७ अर्बले नपुग भई आन्तरिक ऋण उठाउनु पर्ने भयो। पूँजीगत खर्च रू. ५५.२६ अर्ब व्यहोरिने श्रोत वैदेशिक सहायतता (अनुदान रू. २७.४६ अर्ब र ऋण रू. १७.३७ अर्ब) रू. ४४.८३ अर्ब र आन्तरिक ऋण रू. १०.०० अर्ब रहेको छ। पूँजीगत खर्च (विकास खर्च) पूर्णतया वैदेशिक सहायतता, वैदेशिक ऋण र आन्तरिक ऋणमा निर्भर रहेको छ। तसर्थः नेपालको मौजुदा आर्थिक विकासबाट नेपाली जनताको टाउकोमा थुप्रिएको ऋण तिर्न समेत असम्भवसिद्ध भएको छ।

मौद्रिक नीति निर्माण केन्द्रीय बैंक, नेपाल राष्ट्र बैंक भएतापनि मौद्रिक नीति सफल / असफल हुने कारक तत्त्वहरूको नियन्त्रण र नियमन गर्न वित्तीय क्षेत्रमा भएको चढावको सन्दर्भमा मूकदर्शक बन्न पुगेको छ। गत आर्थिक वर्ष २०६३/०६४ मा शोधनान्तर बचत रू. ७.०० अर्ब हुने अनुमान गरिएको थियो भने उक्त बचत रू. ५ अर्ब ८८ करोडमा झरेको छ। वित्तीय क्षेत्रको कर्जा प्रवाह उत्पादनशील क्षेत्रमाभन्दा उपभोगमुखी कर्जा विस्तारमा केन्द्रित रह्यो। यसले गर्दा वित्तीय लगानीको असर आर्थिक विकासमा अनुकूल भन्दा प्रतिकूल हुन गयो।

आर्थिक बृद्धिदर उकास्नमा कृषि उत्पादन र औद्योगिक उत्पादनको ठूलो भूमिका रहेको हुन्छ। हत्या, हिंसा, आतङ्क, हड्ताल, बन्द, श्रम अराजकता एवम् शान्ति सुरक्षाको अभावका कारण पूँजी पलायन हुने सम्मको स्थिति उत्पन्न भै उत्पादन क्षेत्रमा नकारात्मक तथा प्रतिकूल असर पर्‍यो र तयारी पोशाक, उनी गलैंचा, पस्मिना एवम् डाल्डा घीउ निर्यातमा निरन्तर ह्रास भयो। कृषि क्षेत्रको उत्पादनमा खास बृद्धि हुन सकेको छैन। धान, चामल, तोरी, तेलहन निर्यात गर्ने कृषि प्रधान देश, नेपालले ती वस्तुहरू आयात गर्नुपर्ने भयो।

प्राकृतिक सुन्दरताले भरीपूर्ण, विश्वको उच्च शिखर सगरमाथा, भगवान बुद्धको पवित्र जन्मभूमि लुम्बिनी तथा हिन्दू धर्मावलम्बीहरूको आस्था केन्द्र पशुपतिनाथको पुण्यभूमि रहेको देश, नेपाल पर्यटन विकासको उर्जाभूमिको रूपमा रहेतापनि आन्तरिक द्वन्द्व, हत्या हिंसा, हड्ताल, बन्द तथा शान्ति-सुरक्षाको अभावका कारण विदेशी पर्यटकको आगमनमा ठूलो ह्रास भयो र पर्यटन व्यवसायमा प्रत्यक्ष / अप्रत्यक्ष संलग्न क्षेत्रमा प्रतिकूल असर पर्न गयो।

प्राकृतिक क्षेत्रमा आधारित अपार जलश्रोत भण्डार र जलविद्युत उत्पादन क्षमतामा विश्वको दोश्रो स्थानमा रहेको नेपालले लोडसेडिङ्गका कारणले कालरात्री बिताउनु पर्ने अवस्था छ। कुल जलविद्युत उत्पादन ५५६ मेगावाट अर्थात कुल उत्पादन क्षमताको ०.६७ प्रतिशतमात्र छ।

नेपालको अर्थतन्त्रलाई धान्ने श्रोत भनेको, मुलुकमा रोजगारीको अवसर नभएर एवम् मुलुकमा व्याप्त द्वन्द्वलाई छल्न वैदेशिक रोजगारीमा गएका नेपालीहरूले भित्र्याएको विप्रेषण (रेमिटेन्स) को धनराशि मात्र भएको छ।

(घ) परराष्ट्र सम्बन्ध :

परिवर्तित राजनैतिक सन्दर्भमा नेपालले अपनाई रहेको परम्परागत परराष्ट्रनीति (कुटनीति) लाई नयाँ सन्दर्भमा कसरी रूपान्तरित गर्ने भन्ने परिकल्पना नै नयाँ सत्ताले गर्न सकेन । उल्टो शाही सत्ताको अवसानपछि खाली भएका कुटनैतिक पदहरूमा कुन दलको, कुन राजनैतिक ठालूको 'आफ्नो मान्छे' स्थापित गर्ने भन्ने स्वार्थको कुण्ठाबाट मुक्त हुनै सकेन नयाँ सत्ता । फलस्वरूप भागवण्डाको नाङ्गो नाटक छताछुल्ल भयो । राष्ट्रिय स्वार्थलाई प्राथमिकतामा राख्ने नियत विकसित गर्न नसकेकैले गर्दा अन्तरिम सत्ताले परराष्ट्र सम्बन्धको क्षेत्रमा अपेक्षाकृत सकारात्मक परिणाम हासिल गर्न सकेको छैन। सुस्ताको समस्या जस्ता कुटनैतिक पहलकदमीबाट समाधान हुनुपर्ने समस्याहरूप्रति समेत यो सरकारको उदासीन रहेको छ।

(ङ) शैक्षिक अवस्था :

राजनीति र शिक्षाको बीच अन्योन्याश्रित सम्बन्ध रहनु स्वाभाविक भएता पनि नेपालको शैक्षिक जगत अतिराजनीतिकरणले व्याप्त छ । दलीय राजनैतिक स्वार्थ पूरा गर्ने माध्यमको रूपमा दलहरूले शिक्षा जगतलाई प्रत्यक्ष रूपमै उपयोग गर्ने गरेकाले राष्ट्रले शिक्षामा गरेको लगानी अपेक्षाकृत फलदायी हुन सकेको छैन । बाह्य ऋण र अनुदानबाट शिक्षामा गरिएको लगानीले केही हदसम्म संख्यात्मक प्रगति देखाएको भएता पनि गुणात्मक रुपमा उल्लेखनीय उपलब्धी हुन सकेको छैन । ऋण र अनुदान स्वीकार गर्दा हामी आफैंले नगरेर दाताहरूले प्राथमिकता निर्धारण गर्ने परिपाटीले पनि यस्तो भएको हुनुपर्छ। निजी शैक्षिक संस्थाहरू र सरकारी शैक्षिक संस्थाहरूद्वारा उत्पादित जनशक्तिमा गुणात्मक रुपले ठूलो अन्तर छ। यसले समाजमा विभेद उत्पन्न गरेको छ। यसमा सरकारको ध्यान पटक्कै गएको देखिँदैन। सरकारी शैक्षिक निकायहरूलाई दुरुपयोग गरेर राजनैतिक स्वार्थ पूर्ति गर्न बाहेक सरकारी शिक्षण संस्थाको गुणस्तर वृद्धितर्फ सरकारले ध्यान पुऱ्याउने आवश्यकतानै सम्झेन । हाम्रो राष्ट्रिय विकासको आवश्यकता अनुरुप वर्तमान विश्वमा विकसित अत्याधुनिक प्रविधि ज्ञान र सीप भित्र्याउने र विकास गर्ने योजनानै छैन । साक्षरताको राष्ट्रिय औसत लगभग ५४ प्रतिशत रहेको भएतापनि महिला, दलित र जनजातिको साक्षरता प्रतिशत राष्ट्रिय औसतभन्दा धैरै न्यून छ । विद्यालय जाने उमेरका लगभग १३ प्रतिशत केटाकेटी विद्यालय जान पाएका छैनन् । 'सबैको लागि शिक्षा' भन्ने अन्तर्राष्ट्रिय घोषणामा प्रतिबद्ध भएर सन् २०१५ सम्म 'सबैका लागि शिक्षा' उपलब्ध गराउने घोषणा गरेपनि सरकारले त्यसअनुरूप कार्यक्रम पनि बनाएको छैन । यथेष्ट लगानीको व्यवस्था पनि गरेको छैन । वर्तमान गठबन्धन सरकारको ध्यान त शैक्षिक निकायहरूको क्यालेण्डर नै विथोलिने गरी पदाधिकारीहरूको भागवण्डामा लगाई गर्नुमा मात्र सीमित रहेको छ । प्राज्ञिक पवित्रताको मन्दिर रहनुपर्ने विश्वविद्यालयहरूलाई राजनैतिक दलहरूको क्रिडाभूमि बनाउने यो भन्दा नाङ्गो उदाहरण अरू के हुनसक्छ?

भाग ३ : संविधानसभाको निर्वाचनमा जनतासमक्ष रा.प्र.पा.

२०४६ सालको जनआन्दोलन पश्चात् तत्कालीन अवस्थामा वस्तुगत यथार्थको विश्लेषण गरेर वैकल्पिक प्रजातान्त्रिक पार्टीको रूपमा रा.प्र.पा.को स्थापना भएको हो । राजनैतिक आरोह-अवरोहहरू पार गर्दै २०४७ सालमा जन्मेको शिशु रा.प्र.पा. आज १८ वर्षको युवा भइसकेको छ । आफ्ना आधारभूत सिद्धान्तहरू र समय समयमा राष्ट्रका सामु देखापरेका राजनैतिक समस्याहरू बारे रा.प्र.पा.ले अङ्गिकार गरेको अडानमा आजसम्म सहयोग, समर्थन, मार्गदर्शन र समालोचनाहरूसमेत मार्फत् रा.प्र.पा.लाई जीवन्तता प्रदान गर्नुहुने सबैलाई संविधानसभा निर्वाचनको ऐतिहासिक अवसरमा रा.प्र.पा. हार्दिक आभार व्यक्त गर्दछ।

संविधानसभा निर्वाचन र त्यसपछिका संविधान निर्माण गर्ने संवेदनशील दिनहरूमा पनि अखण्ड नेपाल, समावेशी लोकतान्त्रिक पद्धति, सङ्घीयता मार्फत् राज्यको अग्रगामी पुन:संरचना र अकुण्ठित राष्ट्रियता जस्ता मूलभूत सवालहरूमा अविचलित रहने उर्जा र शक्ति रा.प्र.पा.लाई सम्पूर्ण जनता–जनार्दनबाट प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दै संविधानसभाको निर्वाचनमा निम्नबमोजिम अवधारणाहरू जनसमक्ष प्रस्तुत गरेका छौं।

(क) राष्ट्रियता, प्रजातन्त्र (लोकतन्त्र) र उदारवाद : राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो स्थापनाकालदेखि नै राष्ट्रियता, प्रजातन्त्र र उदारवादलाई आफ्नो सैद्धान्तिक वैचारिक मूल्य, मान्यता र आदर्शको रुपमा अङ्गीकार गर्दै आएको छ। तसर्थ नेपालको राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता र लोकतान्त्रिक मूल्यको रक्षा गर्नु सबै दल, वर्ग र समुदायको राष्ट्रिय दायित्व हो भन्ने सङ्कल्पको घोषणा संविधान सभाको पूर्वसन्ध्यामा सबै पक्षबाट आओस् भनेर रा.प्र.पा. आह्वान गर्दछ।

(क१) सुदृढ र अकुण्ठित राष्ट्रियताको जगमा मात्र, सबल, समुन्नत, लोकतान्त्रिक शान्त र समृद्ध नेपालको परिकल्पना साकार पार्न सकिन्छ। तसर्थ नेपालको आन्तरिक राजनीतिमा अस्वाभाविक रूपमा बढ्दै गरेको वाह्य प्रभाव र संलग्नतालाई निरुत्साहित गरी मुलुकको सर्वोपरि हित र स्वार्थको जगेर्ना गर्न रा.प्र.पा. सदैव कटिबद्ध छ। राष्ट्रिय हित अनुकुल नरहेका असमान सन्धिहरू परिवर्तन गर्ने र राज्यले कुनै पनि निर्णय गर्दा राष्ट्रिय स्वार्थको कसीमा जाँच्नु पर्दछ भन्ने सिद्धान्तलाई रा.प्र.पा.ले व्यवहारमै कार्यान्वयन गर्नेछ। यसको अर्थ रा.प्र.पा. ले लिएको राष्ट्रियताको सिद्धान्त कुनै पनि मुलुकका विरुद्ध केन्द्रित नकारात्मक मानसिकता होइन।

(क२) नेपालको हित र स्वार्थको रक्षा एवम् स्वतन्त्रता, अखण्डता, राष्ट्रिय एकता र सार्वभौमसत्ताको संरक्षण गर्नु नै रा.प्र.पा.ले आत्मसात् गरेको राष्ट्रियता हो। पूर्ण प्रजातान्त्रिक वातावरणको अभावमा राष्ट्रियता कमजोर हुन्छ भन्ने हाम्रो धारणा हो। पूर्ण प्रजातान्त्रिक वातावरणमा मात्र जनता बलिया हुन्छन्। जहाँ जनता बलिया हुन्छन् त्यहाँ राष्ट्र बलियो हुन्छ र राष्ट्रियता पनि बलियो हुन्छ। त्यसैले राष्ट्रियता र प्रजातन्त्र एक अर्काका परिपूरक हुन् भन्ने रा.प्र.पा.को मान्यता छ। यसै मान्यतालाई रा.प्र.पा.ले प्रजातान्त्रिक राष्ट्रवाद भनेको हो।

(क३) प्रजातन्त्रको विश्वव्यापी कारण एक्काइसौं शताब्दीमा देखापरेको उल्लेखनीय पक्ष हो। तसर्थ बहुदलीय प्रजातन्त्र विश्वको उत्कृष्ट व्यवस्था हो भन्ने स्थापित भैसकेको छ। बहुदलीय प्रणालीमा मात्र मानव अधिकारपूर्ण समाजको स्थापना हुनसक्दछ। यसै विचारप्रति रा.प्र.पा. अटल विश्वास राख्दछ। राष्ट्रियता र प्रजातन्त्रलाई रा.प्र.पा.ले जसरी परिपूरक मानेको छ त्यसरी नै उदार बजारमुखी अर्थतन्त्र र प्रजातन्त्र पनि एकअर्काका सहयोगी हुन् भन्ने रा.प्र.पा. ठान्दछ। बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा पदार्पण गरी नसकेका कतिपय मुलुकहरू समेत उदार अर्थव्यवस्थालाई अँगालेर आर्थिक समुन्नति र आधुनिकीकरणको लक्ष्यमा फड्को मार्न सफल भएका छन्। छिमेकी मित्रराष्ट्र चीन यसको ज्वलन्त उदाहरण हो। त्यसै कारण नै रा.प्र.पा. उदार अर्थनीतिको पक्षधर रहेको हो।

(क४) नेपालको अर्थ राजनैतिक यथार्थलाई दृष्टिगत गरेर रा.प्र.पा.ले अङ्गिकार गरेको उदारवादी अर्थनीति द्वयात्मक किसिमको रहेको छ। त्यो हो सङ्गठित रुपमा रहेको औद्योगिक, व्यापारिक र शहरी क्षेत्रलाई पूर्ण प्रतिस्पर्धामा छोडिदिने र असङ्गठित रूपमा रहेको ग्रामीण कृषि अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक स्तरसम्म नआउन्जेल राज्यले संरक्षण दिने।

(ख) मध्यमार्गी धार : २०६१ साल मंसिर महिनामा काठमाडौंमा सम्पन्न रा.प्र.पा. को केन्द्रीय परिषद्को दोश्रो बैठकले पार्टीको वैचारिक धारबारे थप स्पष्ट पार्दै रा.प्र.पा. मध्यमार्गी धारको अनुसरण गर्ने पार्टी हो भन्ने व्याख्या गरेको थियो। हाम्रो पार्टी उग्रवामपन्थ र घोर दक्षिण पन्थ दुवै धारसँग सहमत हुन सक्दैन। मध्यमार्गी धारलाई अवलम्बन गरेर मात्र हाम्रो जस्तो भू-राजनैतिक अवस्थामा रहेको मुलुकको हित सुरक्षित राख्न सकिन्छ भन्ने कुरामा रा.प्र.पा. विश्वास राख्दछ।

(ग) **बहुलवादी लोकतान्त्रिक पद्धति :** राष्ट्रियता, प्रजातन्त्र र उदारवादको वैचारिक धरातलमा सङ्गठित भएको पार्टी बहुलवादलाई आत्मसात गरेको लोकतान्त्रिक पद्धतिबाट दायाँ वा बायाँ टसमस हुनै सक्दैन । त्यसै कारणले नै माघ १९ को राजाको कदम पश्चात् सत्ताको प्रलोभन र सत्ता र शक्तिको दुरुपयोग गरेर पार्टीलाई नै ध्वस्त गर्ने कुत्सित प्रयासका बाबजूद पनि प्रतिगमनको विपक्षमा र प्रजातन्त्रको पक्षमा रा.प्र.पा. चट्टान झैं दृढ भएर उभियो । पार्टीका विरुद्ध खडा गरिएको त्यो चुनौति कम खतरनाक थिएन । आम नेपाली जनताको हामी प्रतिको सद्भावनाको बलमा त्यो चुनौतिलाई परास्त गर्न रा.प्र.पा. सफल भयो । त्यसैले हामी बहुदलीय प्रतिस्पर्धा मात्र होइन बहुल विचार फस्टाउन पाउने राजनैतिक संरचनाको वकालत गर्दछौं । बहुलवादी लोकतान्त्रिक पद्धतिमा सबै किसिमका विचारहरूको निर्वाध चलखेल र उनीहरूले स्वस्थ प्रतिस्पर्धा गर्न पाउने संवैधानिक प्रावधान हुनुपर्दछ। ऐलेको अन्तरिमकालमा जस्तो ७ पार्टीहरूले अँध्यारो कोठामा बसेर गरेका निर्णयहरूनै संविधान बन्ने, कानून बन्ने र त्यसैको आधारमा राज्य चल्ने एवम् निर्णयकर्ताहरू बाहेकका अरूलाई निषेध गर्ने सर्वसत्तावादी प्रथा बहुलवादी लोकतान्त्रिक पद्धतिमा हुनै सक्दैन । 'पाइला देख्दा जन्तु चिनिन्छ' भन्ने नेपाली उखानले सङ्केत गरेजस्तै सत्ताधारी ७ दलको गठबन्धनको वर्तमानको कृयाकलाप हेर्दा आगामी संविधानसभामा ऐलेजस्तै ७ दलको सर्वसत्तावाद मात्र हावी हुने परिस्थिति आयो भने अन्तरिमकालको स्थिति त्यतिबेला दोहोरिंदैन भन्ने के ग्यारेण्टी? हामी नेपाली जनता समक्ष जिम्मेवारीका साथ खबरदारी गर्न चाहन्छौं- बहुलवादी, समावेशी, लोकतान्त्रिक संविधान बनाउने रा.प्र.पा.को अभियानलाई साथ दिनुहोस् । बाटो बिराउन थाल्यौं भने हामीलाई पनि सचेत गर्नुहोस् । त्यसैले हामी बहुलवादी लोकतान्त्रिक पद्धतिका मूलभूत आधारहरू जनतामा निहीत सार्वभौमसत्ता, नागरिक स्वतन्त्रताको रक्षा गर्ने मौलिक हक, कानूनको शासन, मानव अधिकारपूर्ण समाज, स्वतन्त्र न्यायपालिका, सन्तुलन र नियन्त्रणको लागि शक्ति पृथकीकरण, स्वतन्त्र संवैधानिक अङ्गहरू र भ्रष्टाचारमुक्त समाजको लागि सुशासनको पूर्ण प्रत्याभूति दिने, नयाँ नेपालको सपना साकार पार्ने संविधान निर्माण गर्ने हाम्रो अभियानलाई साथ दिनुहोस्। त्यो भन्दा अगाडी एकपटक छातीमा हात राखेर मनन् गर्नुहोस्- ऐलेको ७ दलको गठबन्धन सरकारको शासनमा- सार्वभौमसत्ता जनताका प्रतिनिधिहरूमा निहित छ कि ७ दलका नेताहरूको साँठगाँठमा, मानव अधिकार खोज्नेले कसको मुख ताक्नुपर्छ, कानुनको कि सात दलको ? न्यायालय स्वतन्त्र छ कि सत्ताको छायाँ बनाउने प्रयत्न गरिएको छ ? शक्ति पृथकीकरण भन्ने कुरा राजनीति शास्त्रको पुस्तकमा मात्र छ कि शासकीय व्यवहारमा ? स्वतन्त्र रहनुपर्ने संवैधानिक अङ्गहरू वास्तवमै स्वतन्त्र छन् कि मन्त्रीका निजी सचिवालय सरह ? र भ्रष्टाचारमुक्त समाज र सुशासनको प्रत्याभूति भागवण्डा र लुछाचुँडीको गाईजात्राले तपाइँहरूलाई दिएका छन् कि छैनन् ? यी सबै विषयहरू माथि गम्भीरतापूर्वक विचार गरेर मात्र मत दिने निर्णय गर्नुहोस् । तपाइँ कुनै पार्टीको पहिल्यैदेखि समर्थक हुनुहुन्छ भने पनि संविधान बनेपछिको संसदको चुनावमा आफूखुसी गर्नुहोला- यसपटक राष्ट्रलाई जिताउनुहोस्।

(घ) **राज्यको अग्रगामी पुनःसंरचना :** २०६१ साल मंसिरमा सम्पन्न रा.प्र.पा. दोश्रो केन्द्रिय परिषद्को बैठकले राज्यको पुनःसंरचना गर्नेबारे सैद्धान्तिक निर्णय लिएको थियो । रा.प्र.पा. दोश्रो के.प. को निर्णयमा भनिएको छ 'नेपाली समाजमा सदियौंदेखि विद्यमान रहँदै आएको भेदभावपूर्ण अवस्था, जातीय, लैङ्गिक विभेद, भाषिक समस्या, शोषण र असमानताको स्थितिलाई अन्त्य गरी समावेशी राज्य सञ्चालन प्रणालीको निमित्त राज्यको पुनःसंरचना जरुरी छ' यस प्रकार आफ्नो अधिकार सम्पन्न निकायबाट राज्यको पुनःसंरचनाबारे आधिकारिक निर्णय गर्ने रा.प्र.पा. नै सम्भवतः पहिलो दल हो। राज्यको पुनःसंरचना र सङ्घियताबारे रा.प्र.पा. को निम्नबमोजिमको दृष्टिकोण रहेको छ।

(घ१) *संघीय शासन व्यवस्था र राज्यको पुनःसंरचनाबारे :*

द्वितीय केन्द्रीय परिषद्को बैठकको निर्णयानुसार पार्टीले राज्यको पुनःसंरचना गर्नुपर्दछ भन्ने नीति अख्तियार गरेको छ। सदियौंदेखि नेपाली समाजमा रहेको भेदभावपूर्ण अवस्था, जातीय एवम् लैङ्गिक विभेद, भाषिक तथा साँस्कृतिक समस्या, शोषण र असमानताको स्थितिलाई अन्त्य गरी समावेशी एवम् सहभागितामूलक र न्यायपूर्ण राज्यको स्थापनाको निम्ति राज्यको पुनःसंरचना गर्नुपर्दछ भन्ने पार्टीको मान्यता हो । पुनःसंरचित राज्यले सबैखाले विभेद, असमानता र शोषणको अन्त्य गरी अहिलेसम्म राज्य सञ्चालनको मूल प्रवाहमा सरिक हुनबाट वञ्चित भएका आदिवासी जनजाति मधेसी, दलित, महिला, अपाङ्ग र भौगोलिक रूपमा पिछडिएका क्षेत्रलाई राज्यको नीति निर्माण, निर्णय र कार्यान्वयन तहमा सक्रिय रुपमा सहभागी गराउने छ। यसबाट समावेशी, सहभागीतामूलक लोकतान्त्रिक पद्धति बलियो भै राष्ट्रिय एकता मजबुत हुनेछ। यसै उद्देश्यबाट प्रेरित भएर पार्टीले राज्यको पुनःसंरचना गर्नुपर्दछ भनेको हो।

राज्यको पुनःसंरचना गर्दै विद्यमान एकात्मक शासन व्यवस्थामा परिवर्तन गरी सङ्घीय शासन व्यवस्था लागु गरिनुपर्दछ भन्ने अवधारणा पार्टीले अन्तरिम संविधान निर्माण हुनुभन्दा अघिनै मिति २०६३ आषाढ २७ गते सार्वजनिक गरेको थियो। वास्तवमा पार्टीको यो अवधारणा ज्यादै दूरगामी महत्त्वको थियो र यो नीतिलाई पार्टीले निरन्तरता दिनु परेको छ। तसर्थ विद्यमान एकात्मक शासन व्यवस्थामा अनिवार्य रूपले परिवर्तन गरी सङ्घीय शासन व्यवस्था लागु गरिनुपर्छ। सङ्घीय शासन व्यवस्था अन्तर्गत केन्द्रीय सरकारले देशको अर्थनीति, मौद्रिक नीति, परराष्ट्र नीति, सुरक्षा, सार्वभौमसत्ता, सञ्चार, वैदेशिक वाणिज्य र राष्ट्रिय महत्त्वका विकास योजनाहरूमा रेखदेख, सञ्चालन र नियन्त्रण गर्दछ। यी मुद्दाहरू बाहेक अन्य विषयहरूमा प्रान्तिय सरकारले आफ्नो क्षेत्रभित्र स्वायत्तरुपमा अधिकार सम्पन्न भएर कार्य गर्न पाउने संवैधानिक व्यवस्था लागु हुनुपर्दछ। केकति संख्यामा प्रान्तीय सरकार गठन हुने भन्ने विषयमा भने विशेषज्ञहरू समेतको संलग्नता भएको उच्चस्तरीय आयोगको सिफारिसको आधारमा सर्वदलीय सहमतिबाट संख्या तोकिनुपर्दछ। विशेषज्ञहरूको टोलीमा भूगोलविद्, समाजशास्त्री, मानवशास्त्री, भाषाविज्ञ, कानूनविद्, इतिहासविद्, नापीज्ञाता, मधेसी र जनजातिहरू समावेश हुनुपर्दछ । यो आयोगले सिफारिस गर्दा अनिवार्य रूपमा निम्न तत्त्वहरूलाई आधार मान्नु उपयुक्त देखिन्छ।

भूगोल, जनसंख्या, सँगै रहेका जातीय समुदाय, भाषा, साँस्कृतिक पहिचान, प्राकृतिक श्रोत साधन, आर्थिक सम्भाव्यता आदि इत्यादि । सिफारिस गर्दा राष्ट्रिय अखण्डतालाई सर्वोपरि महत्त्व दिइनुपर्दछ।

उपरोक्त आधारमा सिफारिस भएपछि सर्वदलीय सहमतिबाट निर्धारण गरिएको प्रान्तीय सरकारको मातहतमा (District Councils) जिल्ला परिषद्हरू रहनेछन्। सम्बन्धित क्षेत्रीय सरकारको मातहतमा के कति संख्यामा जिल्ला परिषद्हरू र आवश्यकतानुसार इलाका, नगर र गाउँ परिषद्हरू रहने भन्ने विषय पनि आयोगले गरेको सिफारिसलाई नै आधार मानी निर्णय गरिनुपर्दछ।

(घ२) *भाषिक नीति :*

देशभित्रका सबै भाषा भाषीकाहरू राष्ट्रिय सम्पत्ति हुन्। सबै भाषा भाषीका र संस्कृतिहरूलाई राज्यले समानरूपमा संरक्षण र सम्बर्द्धन गर्नुपर्दछ। यसमा राष्ट्रिय प्रजातन्त्र पार्टी ज्यादै स्पष्ट छ। अन्तरिम संविधान, २०६३ निर्माण हुनुभन्दा अघि नै पार्टीले २०६३ आषाढ २७ गते भाषा बारेमा अन्तरिम संविधान मस्यौदा आयोग समक्ष आफ्नो अवधारणा प्रस्तुत गरेको थियो ।

त्यसमा स्पष्ट उल्लेख गरिएको छ, 'नेपाली भाषा नेपाल राज्यभर सरकारी कामकाजको भाषा हुनेछ । तर प्रान्तीय सरकार मातहतका जिल्ला परिषद् (District Councils) ले आफ्नो क्षेत्रभित्र स्थानीय भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नसक्ने अधिकारको सुनिश्चितता गरिनुपर्दछ । जिल्ला परिषद् (District Councils) ले यस सम्बन्धमा गरेको निर्णयलाई प्रान्तीय सरकारले अनुमोदन गर्नुपर्दछ । विवाद परेमा केन्द्रीय सरकारले निर्णय गर्नुपर्दछ।

(घ३) आरक्षण :

काठमाडौंमा सम्पन्न दोश्रो केन्द्रीय परिषद्को बैठकबाट नै आदिवासी, जनजाति, पिछडिएको, तराईबासी, मधेसी समुदाय, महिला वर्ग एवम् दलितहरूको लागि जनसंख्याको अनुपातमा राष्ट्रिय औसत कायम नभएसम्म उच्च तथा प्राविधिक शिक्षा, रोजगारी, कुटनीतिक नियोग एवम् संवैधानिक अङ्गहरू तथा जनप्रतिनिधित्वको क्षेत्रमा आरक्षण सहितको संवैधानिक व्यवस्था गरिनुपर्दछ भन्ने निर्णय गरेको थियो। राज्यको पुनःसंरचना भएपछि पनि यो नीतिलाई पार्टीले निरन्तरता दिनेछ । वैदेशिक छात्रवृत्तिमा पिछडिएको मधेसी समुदायहरू, आदिवासी जनजाति महिला, दलित र मुस्लिमहरू भित्र पनि आर्थिक रुपले सम्पन्न र विपन्नको बीचमा छुट्टै नीति तय गरेर पछाडि परेकाहरूले छात्रवृत्ति पाउनसक्ने प्रबन्ध गरिनुपर्दछ।

(घ४) केन्द्रीय सरकारको स्वरूप द्विसदनात्मक व्यवस्थापिका सहितको वेस्ट मिनिस्टर शैलीको प्रधानमन्त्रीय पद्धतिको हुने र प्रान्तीय सरकारको स्वरुप एकसदनात्मक प्रान्तीय सभा सहितको मुख्यमन्त्रीय पद्धतिको हुनेछ।

(ङ) राजसंस्था, गणतन्त्र र प्रजातन्त्र

जनआन्दोलनपछि नेपालको राजनीतिमा गणतन्त्र सम्बन्धी बहसले व्यापकता लिएको छ । गणतन्त्र सम्बन्धी वहसको भेलले मुलुकमा राष्ट्रियता, राष्ट्रिय एकता र बहुलवादी लोकतन्त्रको भविष्यबारे पर्याप्त मात्रामा हुनुपर्ने वहश छायाँमा पर्न थालेको महशुस हुन थालेको छ । विगतमा गणतन्त्रको सम्बन्धमा काँग्रेस र कम्युनिष्टहरूको बीच मतभेद थियो । गणतन्त्रको अवधारणा साम्यवादको सिद्धान्त प्रतिपादन हुनुभन्दा धेरै अघिको हो। तर गणतन्त्रको सम्बन्धमा नेपालका सबै कम्युनिष्टहरूको विचार एउटै भएतापनि प्रजातन्त्रवादोहरू कुनै न कुनै प्रकारको राजतन्त्रको आवश्यकता महशुस गर्दै थिए। ऐले आएर सत्तामा भएका साते पार्टीको विचार गणतन्त्रको बारेमा समान भएकाले राजसंस्था सम्बन्धी चिन्तन स्वाभाविक रुपमा कमजोर हुन गएको छ। गणतन्त्र आउँदैमा मात्र राष्ट्रियता सुदृढ हुन्छ, राष्ट्रिय एकता बलियो हुन्छ, बहुलबादी प्रजातन्त्र फस्टाउँछ भन्नु सधैं सत्य हुँदैन भन्ने उदाहरण विश्वका कतिपय गणतन्त्रात्मक मुलुकहरूमा रहेको निरङ्कुश, सैनिक र धार्मिक अतिवादी शासनहरूले देखाएकै छन् । रा.प्र.पा. सदैव अधिनायकवादको विरोध गर्दछ । अतः सबै प्रकारका अधिनायकवादको विपक्षमा छ। विगतमा राजाको अधिनायकवादको विरोधगर्दा रा.प्र.पा.को अस्तित्वनै समाप्त पार्ने षड्यन्त्रको शिकार हुनुपर्‍यो। गणतन्त्र नै आयो भनेपनि – लोकतन्त्रको आवरणमा हामीले भोगीरहनु परेको ७ पार्टीको वर्तमान अधिनायकवाद भविष्यमा सर्वहारा वर्गको अधिनायकवादमा परिणत नहोस् भन्ने रा.प्र.पा.को चिन्ता हो। २०४७ सालको संविधान मुलुकमा लागु भएपछि राजनैतिक क्षितिजमा उदाएको रा.प्र.पा. आफ्नो स्थापनाकाल देखिनै राष्ट्रवादी प्रजातान्त्रिक दलको रुपमा क्रियाशील रहँदै आएको हो। राजा संविधानभित्र रहेर प्रतीकको रूपमा बस्दछन्, शासन त गर्दै गर्दैनन् भन्ने प्रस्तावनामा विश्वास गर्ने रा.प्र.पा.ले असोज १८ को राजाको कदमलाई शङ्काको सुविधा दिँदै परिस्थितिजन्य बाध्यताको रूपमा स्वीकार गरे पनि माघ १९ को राजाको अप्रजातान्त्रिक कदमको विरुद्ध अडिग भएर उभियो। संविधान बमोजिम जनतामा मात्र रहनु पर्ने सार्वभौमसत्ता हरण भएपछि

एउटा प्रजातान्त्रिक पार्टी विरोधमा उभिनु स्वाभाविकै थियो । सार्वभौम जनता आन्दोलनमा उत्रिए । जनआन्दोलन–२ सफलतापूर्वक सम्पन्न भयो । रा.प्र.पा. समेत सामेल रहेको पुनःस्थापित संसदले जेष्ठ ४ गते राजाका अधिकारहरू कटौती गर्दै जनअधिकारको स्थापना सम्बन्धी कैयौं महत्त्वपूर्ण निर्णयहरू गऱ्यो । अन्तरिम संविधान जारी भयो । संशोधन समेतको अन्तरिम संविधानले राजाको कुनै पनि अधिकार बाँकी राखेको छैन । त्यहाँसम्म रा.प्र.पा. राजाबारे ७ दलसित सहमत भयो । आफैंले सहमति जनाएका प्रावधानहरूबाट रा.प्र.पा. तलमाथि हुनै सक्दैन । व्यवस्थापिका–संसदमा रहेका सबै दलहरूको सहमतिमा राजाको सम्बन्धमा संविधानसभाको पहिलो बैठकमै साधारण बहुमतले अन्तिम टुङ्गो लगाउने समेत संवैधानिक व्यवस्था भैसकेको थियो । नेपालमा राजा रहने वा नरहने निर्णय आफैं सार्वभौम सत्ताका मालिक भएका जनताले निर्वाचन मार्फत् गर्नेछन् भन्ने विश्वासका साथ रा.प्र.पा.ले संसदमा सहमति जनाएको थियो । तर सरकारले अन्तरिम संविधानमा तेस्रो संशोधन ल्याउँदा आफ्नो पूर्व निर्णयलाई बदर गरेर तत्काल गणतन्त्र घोषणा गर्ने प्रस्ताव ल्यायो । यो प्रस्ताव संविधानसभाको निर्वाचनमा नेपाली जनताले प्रयोग गर्ने सार्वभौम मताधिकारलाई निस्प्रभावी बनाउने षड्यन्त्र थियो । सार्वभौमसत्ताका मालिक नेपाली जनतालाई हेप्ने दुष्प्रयास थियो । जनता जनार्दनको अभिमतलाई आफ्नो सर्वसत्तावादी निर्णय अनुमोदन गर्ने रबर छापमा परिणत गर्ने सातदलको धृष्टता थियो । त्यसैले रा.प्र.पा. ले व्यवस्थापिका–संसद्मा गणतन्त्रको घोषणा गर्ने प्रस्तावको विरुद्धमा मत जाहेर गरेको हो किनभने जनतामा मात्र निहीत रहने सार्वभौम सत्तालाई संकुचन गर्ने वा हरण गर्ने कुनै पनि प्रकारको निर्णय रा.प्र.पा.लाई स्वीकार्य हुँदैन । तसर्थ सातदलको गठबन्धनले बलपूर्वक खोसेको आफ्नो सार्वभौम अधिकार फिर्ता लिन र त्यसको संरक्षण गर्न रा.प्र.पा. जनता जनार्दन समक्ष अपिल गर्दछ । वास्तवमा राजसंस्थाको भविष्यबारे जनताले आफ्नो प्रत्यक्ष सहभागितामा निर्णय गर्न पाउनु पर्दछ भन्ने रा.प्र.पा.को धारणा रहेको छ ।

(च) मधेसी समस्या :

मधेसको समस्या मूलत सम्मान र पहिचानको समस्या हो । र नेपाल राष्ट्रमा विद्यमान दुई मूलका नागरिकहरूले राज्य व्यवस्थामा समान र सम्मानजनक सहभागिताको सवाल पनि हो । जनआन्दोलन–२ ले जनतालाई वास्तविक रूपमा सार्वभौमसत्ताका मालिक बनाई सके पश्चात् पनि केन्द्रीकृत राज्यसत्ताबाट सदियौंदेखि उपेक्षित र प्रताडित महशुस गरीरहेको मधेसी समुदायलाई लोकतान्त्रिक भनिएको सातदलीय गठबन्धन सरकारले अवहेलना र उपेक्षाको दृष्टिकोणले हेर्न थालेपछि मधेसमा विस्फोटन हुनु स्वाभाविक थियो र भयो । अन्तरिम संविधान संसदमा प्रस्तुत भएपछि रा.प्र.पा. ले राखेको संशोधन प्रस्ताव बहुमतको बलमा अस्वीकृत गरेकै कारण मधेसको आन्दोलन चर्किएको हो । आन्दोलनले उग्ररूप लिईसक्दा पनि सरकारले वार्ता र संवादको सदाशयता देखाएन । एउटा व्यक्तिको पदलाई प्रतिष्ठाको विषय बनाएर मधेसी आन्दोलनलाई अवमूल्यन गर्ने प्रयत्न गरियो । धन्न अझ नेपालगञ्जमा विजारोपण हुन लागेको साम्प्रदायिक विद्वेष फैलिन पाएन । यसको लागि मधेश आन्दोलन र अन्य समुदाय सम्प्रदायका अगुवाहरू धन्यवादका पात्र हुनुहुन्छ । पवित्र उद्देश्य बोकेको आन्दोलनलाई साम्प्रदायिक विद्वेषको कारकतत्त्व किमार्थ बन्न दिनुहुँदैन । रा.प्र.पा.ले शुरु देखि नै मधेसको मुद्दालाई जोडदार रुपमा उठाउँदै आएको छ । संसदभित्र होस् वा संसदबाहिर, मधेसी दाज्यूभाइ, दिदीबहिनीहरूको जायज मागका पक्षमा सदा आवाज बुलन्द गर्दै आएको छ र भविष्यमा समेत ऐक्यवद्धता प्रकट गर्दछ । रा.प्र.पा. को यतिमात्र आग्रह छ कि मधेसको न्यायपूर्ण आन्दोलनमा विखण्डनकारी तत्त्वले प्रवेश पाउनु हुँदैन । अखण्ड नेपालभित्रको समृद्ध स्वायत्त मधेसले साकार रुप लिनु पर्दछ । राष्ट्रिय अखण्डता, सङ्घीय स्वायत्तता, समानुपातिक प्रतिनिधित्व सहितको समावेशीकरण, पिछडिएको मधेसलाई राज्यका सबै क्षेत्रमा आरक्षण, राज्य सञ्चालन प्रक्रियामा पूर्ण साझेदारी, मधेसी

संस्कृतिको संरक्षण र साम्प्रदायिक सद्भाव एवम् श्रोतहरू माथिको अग्राधिकार रा.प्र.पा.ले लिएको मधेश नीतिको मर्म हो र रा.प्र.पा. सधैं मधेशी मुद्दाको पक्षधर पार्टी हो। रा.प्र.पा. मधेसमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसीमोर्चा र सरकारको बीच भएको सहमतिलाई सकारात्मक रुपमा लिँदै संविधानसभा निर्वाचनको प्रचार अभियानलाई सहमति कार्यान्वयन गराउने अभियानको रुपमा परिणत गर्ने र प्राप्त हुन बाँकी उपलब्धीहरूको लागि सबै एक भएर दबाब दिने प्रण गर्दछ।

(छ) धर्म र संस्कृति :

रा.प्र.पा. सबै धर्मावलम्बीहरूको लागि पूर्ण धार्मिक स्वतन्त्रता हुनुपर्दछ र राज्यले धार्मिक स्वतन्त्रतामा कत्ति पनि हस्तक्षेप गर्नुहुँदैन भन्ने मान्यतामा विश्वास गर्दछ। नेपाल राज्य धार्मिक वा धर्म निरपेक्ष हुने भन्ने प्रश्न अत्यन्तै महत्त्वपूर्ण र संवेदनशील प्रश्न हो। यो विशुद्ध सार्वभौमसत्ता सम्पन्न जनताले निर्णय गर्ने विषय हो। सर्वाधिक महत्त्वको मुद्दाबारेको निर्णय काम चलाउ अन्तरिम व्यवस्थापिका संसदले गर्नु उचित होइन। आफ्नो सार्वभौम अधिकार प्रयोग गरी नेपाली जनतालाई यस विषयमा प्रत्यक्ष रूपमा सहभागी भै निर्णय गर्ने अवसर दिइनु पर्दछ।

(ज) आदिवासी जनजाति बारे :

रा.प्र.पा. समाजमा जातीय विभेद अन्त्य गरी सन्तुलित प्रजातान्त्रिक सङ्घीय राज्य व्यवस्था निर्माण गर्न चाहन्छ। तसर्थ आदिवासी जनजातिहरूको आत्मसम्मान र राज्य संरचनामा समानुपातिक सहभागिता सुनिश्चित हुनुपर्दछ भन्ने मान्यता राख्दछ। आदिवासी जनजाति समुदाय शासित वर्ग होइन भन्ने कुरा नेपालको इतिहासले प्रमाणित गरेको छ। जातीय सन्तुलनविनाको राज्य व्यवस्था कायम रह्यो भने यो एक्काइसौं शताब्दीको नेपाल अपाङ्ग हुन्छ भन्ने कुरामा रा.प्र.पा. विश्वास राख्दछ। विगतको राजनीतिक परिवर्तनहरूमा जनजातिहरूलाई शब्दजालमा मात्र सम्बोधन गरी भोटको लागि मात्र उपयोग गरेको तीतो अनुभव जनजातिहरूले गरेका छन्। अतः विगतका कमजोरीलाई समाप्त गरी वास्तविक रूपमा यी वर्गका भाषा, संस्कृति, शिक्षा र राजनीतिक क्षेत्रमा यथाशीघ्र पूर्ण समानुपातिक प्रतिनिधित्व गराउन रा.प्र.पा. प्रतिबद्धता जाहेर गर्दछ।

अब राज्य पुनःसंरचना गरिँदा एकात्मक शासन प्रणालीको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक शासन स्थापना गरी सामाजिक, राजनीतिक, शैक्षिक, साँस्कृतिक विभेदको अन्त्य गरिनुपर्छ भन्ने कुरामा रा.प्र.पा. स्पष्ट छ। यी विभेदहरूले गर्दा नै नेपालको शासन व्यवस्थामा एक जाति र वर्गको सामन्तवादी वर्चश्व कायम भएको हो भन्ने रा.प्र.पा.को धारणा छ। परिणामस्वरूप आज देशमा आदिवासीहरू पछाडि परेको र महिलाहरूले कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न नसकेको स्थिति घामझैं छर्लङ्ग छ। यो वर्गको विकासको लागि छुट्टै स्वायत्त प्रतिष्ठान वा मन्त्रालय आवश्यक छ। त्यसमार्फत् निश्चित समयावधि सम्म उच्च शिक्षामा निःशुल्क अध्यापनको व्यवस्था गर्न जरुरी छ। संवैधानिक निकायहरूमा समान अवसर दिलाउन जरुरी छ। जनजातिहरूलाई निजामती सेवामा प्रवेश गराउन लोकसेवा आयोग जस्तो परीक्षामा आरक्षण र अरुलाई भन्दा उमेरको हद बढाउन जरुरी छ। बहुभाषिक र बहुसाँस्कृतिक परम्परा भएको नेपालमा प्रत्येक जातिहरूको आफ्नो महत्त्वपूर्ण पर्वहरूलाई राष्ट्रिय पर्वको रूपमा मान्यता दिई सार्वजनिक विदाको व्यवस्था गर्न हाम्रो पार्टी आवाज उठाउँदछ। यसले नेपाली राष्ट्रियता र भावनात्मक सम्बन्धलाई बलियो राख्दछ। नेपाली सेनामा पनि आदिवासीहरूलाई उमेरको हद बढाई समानुपातिक रुपमा अवसर दिनु जरुरी छ। अथवा आदिवासी जनजातिहरूको लागि एक छुट्टै पल्टनको व्यवस्था आवश्यक छ। आदिवासी जनजातिहरूको भाषालाई राज्यले, सम्भाव्यता हेरेर प्रा.वि. देखि उच्च तहसम्म अध्ययन अध्यापन गर्ने व्यवस्था गर्नु जरुरी छ। साहित्यिक क्षेत्रमा पनि आदिवासी स्रष्ट्य र विद्धानहरूलाई राज्यले हरेक प्रतिष्ठान र संवैधानिक निकायहरूमा समानुपातिक

प्रतिनिधित्व गराउन जरुरी छ भन्ने कुरामा रा.प्र.पा. स्पष्ट छ। जनजातिहरूको उचित माग व्यवस्थापन गर्न यदि राज्य असफल भएमा आगामी संविधान सभाको चुनाव सम्पन्न भएपछि पनि मुलुक पुनः द्वन्द्वको चपेटामा पर्दैन भन्न सकिन्न। तसर्थ लिम्बुवान, खुम्बुवान, तमुआन, तामाङ सालिङ्ग, मगरात, थरुहट जस्ता जायज मागहरूलाई राज्यले सम्बोधन गर्नुपर्दछ। अब नयाँ बन्ने संविधानमा सदियौँदेखि राज्यको नीति निर्माण, निर्णय र कार्यान्वयन तहबाट अलग राखिएका यी समुदायहरूको पनि राज्यको हर तहमा साझेदारीपूर्ण हक अधिकार स्थापित हुनुपर्दछ।

(ज) महिलावर्गको सशक्तिकरण :

समावेशी लोकतन्त्रलाई आत्मसात गरी सबै नेपालीको अस्तित्वलाई समान रूपमा स्वीकार्दै, सबै वर्ग, लिङ्ग, जाति र क्षेत्रको प्रतिनिधित्व कायम हुने गरी आधा आकाश ढाकेका महिलाहरूको हक अधिकार र सशक्तिकरणको मुद्दा नयाँ संविधानको मुख्य विषयवस्तु हुनुपर्दछ। रा.प्र.पा. अन्तरिम संविधानले व्यवस्था गरेको समानताको हकअनुरुप ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा स्थानीय स्तरदेखि केन्द्रीय नीतिनिर्माण तहसम्म यथार्थमा परिणत गराउनका लागि आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ। महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक स्थितिमा प्रभावकारी सुधार र भूमिकानै महिला सशक्तिकरण र दिगो शान्ति स्थापनाको महत्त्वपूर्ण पक्ष हो भन्ने कुरामा रा.प्र.पा. स्पष्ट र प्रतिबद्ध छ।

(ज १) संविधानसभाद्वारा निर्माण गरिने संविधानलाई लैङ्गिक रूपमा उत्तरदायी बनाउने।

(ज २) समावेशीकरणको सिद्धान्त अनुरूप मधेसी, दलित, जनजाति आदिवासी पिछडिएका क्षेत्रका महिला समुदाय, सीमान्त वर्ग तथा अन्य आम नेपाली महिलाहरूका लागि राज्यको सम्पूर्ण क्षेत्रमा स्थानीयदेखि केन्द्रीय तहसम्म समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने।

(ज ३) समानुपातिक सहभागिताको लक्ष्य सहित सरकार र यस अन्तरगतको निजामती सेवा, सुरक्षा निकाय, कूटनैतिक सेवा, संवैधानिक आयोग, राजनीतिक दल, रोजगारीका सबै क्षेत्र र अन्य सङ्घसंस्था लगायत राज्यका अन्य सबै निकाय, क्षेत्र र तहमा कम्तिमा एकतिहाई सहभागिताको संवैधानिक सुनिश्चितता गर्ने।

(ज ४) वंशको अधिकार : महिला र पुरुषको बीचमा रहेको विभेदलाई अन्त्य गर्ने। आमाको नामबाट नागरिकता दिने व्यवस्थासहित महिला र पुरुष दुवैलाई वंशजको समान अधिकारको सुनिश्चितता गर्ने।

(ज ५) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धी (CEDAW) वेइजिङ्ग घोषणापत्र, जनसंख्या र विकास सम्बन्धी पारित घोषणा र अन्तर्राष्ट्रिय महासन्धीहरू कानून सरह लागू हुने गरी संवैधानिक व्यवस्था गर्ने।

(ज ६) समान कामको लागि समान पारिश्रमिकको सुनिश्चितता गर्नका लागि प्रभावकारी व्यवस्था गर्न जोड दिने।

(ज ७) राष्ट्रिय महिला आयोगलाई स्वायत्त, स्वतन्त्र र संवैधानिक आयोग बनाउने।

(ज ८) महिलामा निहित सन्धान जन्माउने दायित्वलाई सामाजिक दायित्वको रूपमा स्वीकार गरी मातृत्व संरक्षण, शिशु अधिकार र प्रजनन अधिकार सुनिश्चित गर्दै यसलाई राज्यको सामाजिक सुरक्षा सञ्जालभित्र ल्याईने।

(ज ९) महिलामाथि हुने लैङ्गिक दुरुत्साहन, घरेलु हिंसा, यौन दूराचार, धर्म, संस्कार, सामाजिक अन्धविश्वास, मूल्य र मान्यताका आधारमा हुने हिंसा, दाईजो, छाउपडी, वादी, बोक्सी, देउकी, बहुपति प्रथा लगायत सबै किसिमका शारीरिक र मानसिक हिंसालाई दण्डनीय बनाई कडाईका साथ कानून लागू गर्नुका साथै क्षतिपूर्ति दिलाउने व्यवस्था गरिने।

(ज १०) अनाथ बालबालिका, वृद्ध, असक्त र असहायको हेरचाहको दायित्व राज्यले लिनुका साथै एकल अभिभावक र नागरिकका बारेमा राज्यले थप व्यवस्था गर्नेतर्फ कदम चाल्ने।

(ज ११) सशस्त्र द्वन्द्वबाट सबैभन्दा प्रभावित महिला र बालबालिका हुने भएको हुँदा, बालबालिका तथा महिलाहरूको विशिष्ट अवस्था र आवश्यकतालाई सम्बोधन गर्नका लागि शान्ति र पुनःनिर्माणका सबै तहमा संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्द्वारा पारित निर्णय नं. १३२५ को भावना आत्मसात गर्दै महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ र दिगो शान्ति स्थापनाका लागि शसस्त्र द्वन्द्वबाट प्रभावित, पीडित र विस्थापितहरूको पुनःस्थापना लैङ्गिक रूपले उत्तरदायी बनाउन ध्यान दिईने।

(ज १२) महिला न्यून रहेको क्षेत्र र तहमा थप अवसरका लागि राज्यद्वारा क्षमता विकासको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने। यसो गर्दा वर्ग, लिङ्ग, जाति र क्षेत्रको आधारमा सकारात्मक विभेद र कोटाको नीति अवलम्बन गरिने।

(ज १३) मधेसी, दलित र पिछडिएका क्षेत्रका महिलाहरूका लागि विशेष कार्यक्रम र नीति ल्याउने।

(ज १४) महिलाको क्षमता र दक्षतामा आधारित रही समय सीमाभित्र पदोन्नति गर्न प्रोत्साहित गर्ने।

(ज १५) राज्यको नीति निर्माण तहमा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउनका लागि राष्ट्रिय औषत कायम नभएसम्म विश्वविद्यालय जस्ता प्राज्ञिक र प्राविधिक क्षेत्रमा कार्यरत महिला कर्मचारीलाई नेपाल सरकारका मन्त्रालय र विभागका विशिष्ट श्रेणीमा सरुवा गरी पदोन्नति गर्ने।

(ज १६) प्रत्यक्ष रूपमा आर्थिक उत्पादनसँग नजोडिएको तर अनिवार्य श्रमको रुपमा रहँदै आएको कृषि क्षेत्र, घरेलु कामकाज तथा अन्य व्यवस्थासँग जोडिएको श्रमलाई उत्पादनमूलक श्रमको रुपमा गणना गर्ने।

(ज १७) सुत्केरी बिदा बढाउने र सो अवस्थामा सहयोग स्वरुप २ बच्चा मात्र जन्माउनेलाई बोनस भत्ता प्रदान गर्ने।

(ज १८) प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा जिल्ला अस्पतालहरूमा २४ सै घण्टा मातृ तथा नवजात शिशु सेवा उपलब्ध हुने व्यवस्था गर्ने।

(ज १९) प्राकृतिक तथा राज्यका स्रोत र साधनहरूमा महिला र पुरुष दुवैको समान पहुँच र नियन्त्रण स्थापित गर्ने। स्थानीय तहदेखि केन्द्रीय तहसम्मका स्रोत साधनहरूलाई समानुपातिक रुपमा महिलाहरूमा पुऱ्याउने नीति निर्माण गर्ने।

(ज २०) स्कूल तहदेखि विश्वविद्यालय तहसम्म लोकसेवा आयोग, शिक्षा सेवा आयोग, परराष्ट्र तथा अन्य विभिन्न सेवा आयोगका पाठ्यक्रमहरूमा भएका लैङ्गिक विभेदको अन्त्य गर्ने र लैङ्गिक उत्तरदायी पाठ्यक्रमको निर्माण गरी लागु गर्ने।

(ज २१) ११ वर्ष लामो द्वन्द्वबाट प्रभावित छात्रछात्राहरूको लागि मनोवैज्ञानिक परामर्श केन्द्र स्थापना गरी सहयोग गर्ने।

(ज २२) विज्ञान तथा प्रविधि शिक्षालाई केन्द्रदेखि स्थानीय स्तरसम्म विस्तार गर्ने महिलाको समानुपातिक पहुँच बढाउने।

(ज २३) राजनैतिक दल भित्रका सबै तह, स्थान र पदहरूमा महिलाको समानुपातिक सहभागिता स्थानीय तहदेखि केन्द्रसम्म संवैधानिक रूपमै सुनिश्चित गर्ने।

(ज २४) केन्द्रदेखि स्थानीय स्तरका जनप्रतिनिधि महिलाहरूको महिला सञ्जाल गठन र विस्तार गर्ने। अन्तरपार्टी महिला सञ्जाल विस्तार गर्ने।

(ज २५) महिलाहरूको अस्मिताको अपहेलना हुने खालका विद्युतीय सञ्चार र छापा माध्यमलाई लैङ्गिक उत्तरदायी बनाउने नीति अवलम्वन गर्ने।

(ज २६) परराष्ट्रको क्षेत्रमा महिलाहरूको समानुपातिक सहभागिता र न्यायोचित प्रतिनिधित्वको सुनिश्चितता गर्ने।

(ज २७) बृद्ध महिला र एकल महिलाहरूको लागि राज्यले सामाजिक सुरक्षा (Social Security) प्रदान गर्ने।

(ज २८) राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय ओलम्पिक कमिटी तथा खेलकुदका प्रत्येक निकायमा महिलाको प्रतिनिधित्व र नेतृत्व विकास कार्यक्रमको नीति अपनाउने।

(झ) दलित समस्या

युगौंदेखि उत्पीडनमा परेका नेपाली दलितहरूको समस्या अन्य समुदायहरूको भन्दा भिन्न प्रकृतिको रहेको छ। यसको कारक तत्त्वको रुपमा एकातिर नेपाली समाजमा जरो गाडेर बसेको जातिवादी विचार र संस्कृति प्रमुख रुपमा रहेको छ भने अर्कोतिर दलित समुदाय भित्रै अन्तरनिहित हीनताबोध एवम् कटुतापूर्ण अन्तरविभेद जस्ता प्रवृत्तिहरू पनि जिम्मेवार छन्। दलितहरूको बसोबास मुलुकभरी छरिएर रहेको कारण र शिक्षा आर्जनमा अत्यन्तै पिछडिएको कारण राज्यसत्ता र कथित उपल्लो जातद्वारा थोपरिएको अमानवीय विभेद र उत्पीडनको विरुद्ध दलितहरूको आन्दोलन र दबाब सशक्त र परिणाममुखी हुन सकेको छैन। राज्य पुनःसंरचनाको सङ्घीय स्वरूपमा पनि नयाँ संविधानले दलितहरूको लागि व्यवहारमुखी विशेष प्रावधानहरूको व्यवस्था गर्न सकेन भने दलितहरूका लागि संविधान सभाको निर्वाचन 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' भन्ने नेपाली उखान सावित हुनेछ। त्यसैले आगामी संविधानमा दलित मुक्ति र उत्थानको रा.प्र.पा. निम्न बमोजिमका नीतिहरू अनुसरण गर्न प्रस्ताव गर्दछ।

(झ१) हजारौं वर्षदेखि रुढिवादी सामन्ती प्रथाले उत्पीडित जातिलाई सबै प्रकारका अवसरबाट वञ्चित राखेको हुँदा राज्यका सबैजसो क्षेत्रमा उत्पीडित जातिमाथि हुँदै आएका शोषण, दमन, अन्याय, अत्याचार र अपमानजस्ता अमानवीय र अन्यायपूर्ण कार्य र व्यवहारको पूर्ण रूपमा अन्त्य गर्दै इतिहास भरिकै उत्पीडनको क्षतिपूर्ति स्वरूप न्याय; स्वतन्त्रता, समानता, मर्यादा एवम् सर्वोपरि हितका लागि हरक्षेत्रमा सक्षम बनाउन राजनैतिक, आर्थिक, शैक्षिक र नोकरीमा समेत प्रगतिशील आरक्षणको संवैधानिक व्यवस्था हुनुपर्दछ।

(झ२) मुलुकका सबैजसो भागमा धारा, कुवा, पँधेरो, कलधारा, होटेल, पसल, मन्दिर, धार्मिक कार्य आदिमा दलितहरू माथि विभेदपूर्ण व्यवहार गर्ने अन्यायपूर्ण र अमानवीय प्रथा कायमै छन्। त्यस्ता प्रचलनहरू दण्डनीय अपराधको रुपमा घोषित हुनुपर्दछ। त्यस्ता प्रथाहरूविरुद्ध जागरण आन्दोलनहरू चलाउन सम्पूर्ण दलित समुदायलाई रा.प्र.पा. आह्वान गर्दछ र त्यस्ता आन्दोलन–हरूमा पार्टीको पूर्ण ऐक्यवद्धता प्रकट गर्दछ।

(झ३) दलितहरूमा शैक्षिक जागरण ल्याउन दलितहरूको लागि मात्र छुट्टै अनौपचारिक शिक्षा एवम् जागरण अभियान सञ्चालन गर्नुपर्दछ। दलितहरू माथि उत्पीडन थोपर्ने सामन्ती संस्कारविरुद्ध ऐले विद्यमान संवैधानिक र कानूनी प्रावधानहरूलाई व्यवहारमा उतार्न यस्तो जागरण अभियान सञ्चालन गर्नु आवश्यक छ।

(झ४) हजारौं वर्षदेखि समाजका हरेक क्षेत्रमा दलितहरूलाई अवसरबाट बञ्चित राख्ने कारकतत्त्वका रूपमा रहेका जातपात र छुवाछुतको इतिहाससँग सम्बन्धित सवैपक्षको अनुसन्धान एवम् वस्तुगत विश्लेषण गरी सम्पूर्ण समाजलाई अवगत गराउँदै उत्पीडित जातिको परम्परागत पेशा, कलाकौशल र सीपको वैज्ञानिकीकरण, संरक्षण र संवर्द्धन गर्न स्थायी र संस्थागत संरचनाको रूपमा सुदृढीकरण गर्न राष्ट्रिय दलित आयोगलाई संवैधानिक मान्यता दिनुपर्दछ।

(झ५) दलितहरूको सामाजिक रूपान्तरणलाई टेवा दिन अन्तरजातीय विवाहलाई प्रोत्साहन र कानूनी संरक्षण प्रदान गर्दै डोलीप्रथा, हलिप्रथा, देउकीप्रथा, बालिघरेप्रथा, वादीप्रथा, कमैयाप्रथा र अन्य सबै प्रकारका गैरमानवीय कुप्रथाहरूको उन्मूलनको निम्ति सम्पूर्ण समाजलाईनै आन्दोलित गर्ने संस्थागत अभिभारा राष्ट्रिय दलित आयोगलाई सुम्पिनु पर्दछ।

(झ६) दलितहरूमा शैक्षिक जागरणलाई थप टेवा पुऱ्याउनु दलित उत्पीडित विद्यार्थीहरूलाई शिक्षाका सबै तहमा छात्रवृत्ति र होस्टेलको व्यवस्था एवम् 'एक विद्यालय एक दलित उत्पीडित शिक्षक' को नीति लागु गरिनुपर्दछ।

(ञ) रा.प्र.पा.को आर्थिक कार्यक्रम

राष्ट्रिय प्रजातन्त्र पार्टी उदारवादी अर्थनीति अलम्बन गर्ने पार्टी हो। उदारवादी अर्थनीति स्वाभाविक रुपमा बजारमुखी र प्रतिस्पर्धामा आधारित अर्थ नीति हो भन्ने बुझिन्छ। तर मुलुकको धरातलीय यथार्थलाई मध्यनजर गर्दै रा.प्र.पा.ले अंगीकार गरेको आर्थिक उदारवाद द्वयात्मक चरित्रको रहेको छ। सङ्गठित स्वरुपको शहरी अर्थतन्त्रलाई राज्यले अनावशयक हस्तक्षेप नगरी बजार नियन्त्रित प्रतिस्पर्धामा छोडि दिने तर असङ्गठित रुपमा रहेको ग्रामीण कृषि अर्थतन्त्रलाई राज्यले टेवा दिँदै जाने नीति लिने। यस प्रकार राष्ट्रिय प्रजातन्त्र पार्टीले नयाँ नेपाल सिर्जना गर्ने कोरा नारामा मात्र सीमित नरही नयाँ नेपालको निर्माणलाई मूर्तरुप दिने उद्देश्य मुलुकको अर्थतन्त्रलाई सक्षम, सवल र प्रभावकारी बनाउन अग्रगामी भूमिका निभाउने प्रणका साथ निम्न बमोजिम आर्थिक नीति अवलम्बन गर्नेछ।

(१) आर्थिक विकासका नीति नियमको अस्थिरता र व्यक्तिगत स्वार्थमा आधारित नीति निर्माण गर्ने प्रवृत्तिलाई अन्त्य गरी नीति नियम र कार्यक्रममा स्थिरता तथा निरन्तरता कायम गर्ने।

(२) उच्च मनोबलका साथ प्रशासनि संयन्त्रमा परिर्तन गरी कुशल, सरल, पारदर्शी एवं प्रभाकारी आर्थिक व्यवस्थापनको निर्माण गर्ने।

(३) प्राकृतिक सम्पदा, पर्यटन एवं जैविक विविधतामा आधारित उदोगधन्दाको निजी क्षेत्रको सहभागितामा विकास गरी उच्च, दिगो, फराकिलो एवं समावेशी आर्थिक बृद्धि हासिल गर्ने। आगामी २० वर्षभित्र गरिबी निवारण गर्ने।

(४) वैदेशिक लगानीकर्तालाई आकर्षित र प्रोत्साहित गर्न औद्योगिक नीति तथा वैदेशिक लगानी र प्रविधि स्थानान्तरण ऐनमा सामयिक सुधार गर्नुका साथै आर्थिक विकासमा तीव्रगति हासिल गर्दै गरेका छिमेकी मित्रराष्ट्र भारत र चीनलाई नेपालको आर्थिक विकासमा सहभागि बनाउन उपयुक्त वातारणको सृजना गर्ने।

(५) आतङ्कवाद, हिंसा, हत्या, श्रम अराजकताको अन्त्य गरी औद्योगिक श्रम ऐनलाई समयानुकुल परिमार्जन गर्नुका साथै देशमा शान्ति सुरक्षा एवं अमनचैन स्थापना गर्दै आर्थिक उन्नतिको लागि लगानी मैत्री वातावरण सुनिश्चित गर्ने।

(६) स्वदेशी पुँजी, शीप, श्रम एवम् कच्चा पदार्थको सदुपयोग गर्दै लघुकर्जाको माध्यमबाट स्वरोजगारको प्रवर्द्धन गर्ने।

यी माथि उल्लिखित बुँदाहरूलाई मूर्त रुप दिन आर्थिक उदारवादको सिद्धान्तलाई अवलम्बन गर्दै राप्रपाले निम्न आर्थिक नीति तर्जुमा गरेको छ।

१. आर्थिक संरचनाः आर्थिक विकास प्रक्रियामा कुनै धर्म, लिङ्ग, वर्ण, जातजाति र क्षेत्र बीच भेदभावविहिन वातावरण सृजना गर्दै देशमा उपलब्ध आन्तरिक श्रोत र साधन सदुपयोग गरी समानताको आधारमा आर्थिक उपलब्धीको फलको न्यायोचित वितरणको व्यवस्था गर्नुको अतिरिक्त आर्थिक शोषणमुक्त मानव समाजको निर्माण गर्ने।

२. कृषि तथा कृषिमा आधारित पेशाको विकासः गाउँनै गाउँले भरिएको देश नेपालको कुल जनसंख्याको करिब ८० प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्। तसर्थ ग्रामीण

अर्थतन्त्रको विकास विना देशको आर्थिक विकासको परिकल्पना गर्न पनि सकिँदैन। ग्रामीण क्षेत्रमा कृषि विकास, कृषि तथा वनसम्पदामा आधारित घरेलु, साना तथा मझौला उद्योगको विस्तार गरी रोजगारीका असरहरू सृजना गर्दै बेरोजगारीको समस्या समाधान गर्ने तथा गरीब जनताको आर्थिकस्तर उकास्ने राष्ट्रिय नीति अपनाउने।

३. उद्योग तथा जलविद्युत विकासको विस्तारः ठूला उद्योग, जल विद्युत तथा राजमार्ग जस्ता परियोजनाहरूको विकासमा गैर आवासीय नेपाली तथा विदेशी लगानीकर्ताको सहभागिता जुटाउन आकर्षक र प्रभावकारी औद्योगिक नीति तथा श्रम ऐन र व्यापार नीतिमा समयानुकूल सुधार गरी निकासीमूलक वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूको विकासमा विशेष जोड दिने।

४. विश्व अर्थ व्यवस्थासँग राष्ट्रिय अर्थव्यवस्थालाई प्रतिस्पर्धात्मक दक्षताको आधारमा आबद्ध गर्दै जाने र नेपाल विश्व व्यापार सङ्गठन (WTO), विमस्टेक र साफ्टाजस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सङ्गठनहरूको सदस्य भइसकेको नाताले प्रतिस्पर्धात्मक क्षमता बढाई तुलनातमक लाभको आधारमा आर्थिक विकास सुनिश्चित गर्ने।

५. निजीकरणबाट आर्थिक विकासमा टेवा पुऱ्याउनेः सार्वजनिक हित, राष्ट्रिय सुरक्षा, वातावरणीय संरचना र सन्तुलनको लागि आवश्यक पर्ने बाहक अनय सबै आर्थिक कृयाकलापमा निजी, गैरसरकारी समुहको सहभागीता जुटाई राज्यका संलग्नता हटाउँदै जाने। सरकारी स्वामित्वमा रहेका संस्थानहरूलाई निजीकरण गर्ने सरकारी नीति अनुरुप कार्य हुन नसकी गैरजिम्मेवार तवरले निजीकरण गरिएबाट विगतमा भएको निजीकरणले अर्थतन्त्रमा पर्नुपर्ने सकारात्मक प्रभाव भन्दा व्यक्तिगत स्वार्थ पूर्ति मात्र रहेको छ। निजीकरण गर्न उचित देखिएका उद्योग, व्यापारसँग सम्बन्धित सरकारी संस्थानहरूको निजीकरण गर्दा पारदर्शी मूल्याङ्कन तथा जनसहभागितामूलक निजीकरण प्रक्रिया अपनाउने।

६. आन्तरिक खपत तथा निकासीयोग्य वस्तुको उत्पादनमा बृद्धि गर्नः आन्तरिक उत्पादनबाट आन्तरिक आवश्यकता समेत पूर्ति गर्न नसकी ती वस्तुहरू आयात गर्नुपरेको छ भने अर्कोतर्फ आयातित बिलासिताका सामानहरूले आन्तरिक बजार ढाकिसकेको छ। निर्यातभन्दा आयात अत्यधिक बृद्धि भई भारतसँगको व्यापार घाटा पूर्ति गर्न गत आर्थिक वर्ष २०६३/६४ मा भारतसँग भारतीय मुद्रा खरीद गर्न यूएस डलर ९० करोड बिक्री गर्नुपरेको तथ्य प्रकाशमा आएको छ। यस्तो प्रवृत्तिको अन्त्य गर्न तुलनात्मक लाभको आधारमा अन्तर्राष्ट्रिय बजारमा गुणस्तर एवं मूल्यमा प्रतिस्पर्धा गर्न सकिने वस्तुहरूको उत्पादनमा जोड दिने साथै इकोनोमिज अफ स्केलमा आधारित उद्योगधन्दाको स्थापना गर्ने। कृषि क्षेत्रमा नगदे बालीको उत्पादन र निकासीमा बढी जोड दिने र समुद्रपार निकासीतर्फ सम्भावना भएका नयाँ वस्तुहरूको उत्पादन र निकासी प्रवर्द्धन गर्न। त्यसको लागि कृषि ऋण, रासायनिक मल, बीउबिजन एवं कृषि प्रविधिको राज्यले सर्वसुलभ व्यवस्था गर्ने।

७. ग्रामीण क्षेत्र विकासमा उच्च प्राथमिकताः यथार्थमा भन्नुपर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताले अहिलेसम्म पनि आर्थिक विकासको प्रतिफल प्राप्त गर्न नसकेको तथ्य सर्वाधिक विपन्न र गरिबीको रेखामुनी परेका जनसमुदाय दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गरेको तथ्यबाट प्रस्ट हुन्छ। कृषि उत्पादन र उत्पादकत्व न्यून भएको र भएको उत्पादनबाट बर्षको तीन/चार महिना मुश्किलले धान्न परेको कारणले आय श्रोतको खोजीमा ग्रामीण युवा जनशक्ति यत्रतत्र भौतारिनु परेको छ। उत्पादनमा कमी र रोजगारीको अवसरबाट विमुख ग्रामीण जनसमुदायको जीनस्तर उकास्नु विकास योजनाको मूल लक्ष्य हुनेछ। विकास योजनामा गरीब, महिला, दलित, आदिबासी, जनजाति, मधेशी, अल्पसंख्यक, पिछडिएका, सीमान्तकृत र अपाङ्गहरूको राष्ट्रिय श्रोत र साधनमा पहुँच बढाई उनीहरूलाई राष्ट्रिय अर्थतन्त्रमा समावेशी गराउने।

८. उत्पादन बृद्धि र गरिबी उन्मूलन उन्मुख भूमिसुधारः देशमा निरन्तर बृद्धि हुँदै गएको जनसंख्या र सीमित कृषि योग्य भूमिका कारण कृषिमा आधारित अर्थतन्त्रमा ठूलो संकट पैदा भएको छ भने अर्कोतर्फ भूमिहीन जनसमुदाय, कमैया प्रथाबाट मुक्ति पाएका जनसमुदाय, पिछडिएका वर्ग, आदिवासी, जनजाति एवं अन्य संख्यामा परेका नेपाली मुसलमान समुदायमा आय वितरणमा यथोचित ध्यान दिन नसकेका कारण गरिबीको रेखामुनि परेका जनसमुदाय कुल जनसंख्याको झण्डै एक तिहाई रहेको कुरा सरकारले सकारेको छ। चारदशक पहिले थालनी भएको भूमिसुधार कार्यक्रमले लक्षित वर्गमा केन्द्रीत भई अग्रगति लिन नसकेबाट टाठाबाठा वर्गले भूमिमाथिको स्वामित्व जमाउन सक्षम भए । भूमिसुधारबाट भूमिहीन तथा साना किसानले उचित फाइदा उठाउन नसकेको तथ्यलाई मनन गरी भूमि स्वामित्व परिवर्तनमा मात्र सीमित नभई उत्पादकत्वमा बृद्धि तथा उत्पादन प्रणालीमा परिवर्तन गर्न विशष जोड दिनुका साथै वैज्ञानिक भूमिसुधार लागु गर्ने।

९. गरिबी हटाउन उत्पादनभित्र रोजगारीः गरिबी र बेरोजगारीका कारण युवा श्रमशक्ति विदेश पलायन भएका छन्। कृषि तथा साना ठूला उद्योगको विकासबाट नै बेरोजगारी समस्या हल हुने वास्तविकतालाई हृदयङ्गम गरी कृषि तथा औद्योगिक क्षेत्रमा लगानी बृद्धि तथा विकास कार्यमा तीव्रता ल्याई उत्पादनशील रोजगारीको अवसर बढाउने।

१०. विदेश पलायन भएका युवा श्रमशक्तिको आर्जनबाट प्राप्त रेमिट्यान्स (विप्रेषण) बाट शोधनान्तर स्थितिमा ठूलो योगदान पुगेको तथ्यलाई कदापि नकार्न सकिँदैन । देशको अर्थतन्त्रमा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारबाट प्राप्त रेमिट्यान्सको योगदान उल्लेखनीय रहेता पनि नेपालीको श्रमशक्ति निम्नस्तर, गाह्रो र शारिरीक परिश्रम गर्ने तहमा केन्द्रित रहेको पाइनछ । विदेशीने युवा समुहलाई उचित तालिमको व्यवस्था गरी दक्ष एवं अर्धदक्षसम्मका कामदार तयार पार्न सकेमा आय आर्जन गर्नमा ठूलो टेवा पुग्ने हुन्छ भने अर्को तर्फ विप्रेषणबाट प्राप्त रकमलाई ग्रामीण क्षेत्रका विकासमा परिचालन गरी रोजगी प्रवर्द्धन गर्न टेवा पुऱ्याउन सकिन्छ। त्यसको लागि ग्रामीण क्षेत्रमा विकासका पूर्वाधार खडा गर्न जोड दिने।

११. भ्रष्टाचार उन्मूलनः आर्थिक विकासले लक्षित प्रगति हासिल गर्न नसक्नुको एउटा मूल कारकतत्त्व राजनीतिक एवं प्रशासनिक संयन्त्र भ्रस्ट एवं कमिशनखोर हुनु हो। यसको प्रभाव नेपालको आर्थिक विकासमा रुखको हाँगाझै झाँगिसकेको हुँदा यसको जरानै उखेलेर फ्याक्नु परेको छ । तर यो कार्य सहज छैन तापनि राप्रपाले यो दानवरुप भ्रस्टाचार उन्मूलन गर्न कठोरभन्दा कठोर कदम चाल्नेछ।

१२. वित्त नीतिः अनावश्यक खर्चमा कटौति गरी उत्पादनशील तथा रोजगारमूलक र विकासमा पूर्वाधार निर्माणमा केन्द्रित हुनुको अतिरिक्त कर संरचनामा सर्वसाधारण जनतामा आर्थिक भार नथप्ने गरी राजस्व परिचालन हुने उपायको खोजी गर्ने।

१३. प्रतिस्पर्धालाई नै मूलमन्त्र सम्झी निजी क्षेत्रमा बैंक तथा वित्रिय संस्थाहरूको स्थापना क्रम जारी रहेको छ। तर ती बैंक तथा वित्तिय संस्थाहरू ग्रामीणमुखी नभई नगर एवं शहरमुखी भएबाट आर्थिक विकासमा यसको अनुकुल प्रभाव पर्न सकेन । गरीब र निमुखा ग्रामीण जनसमुदायका साना किसान तथा घरेलु उद्यमीले वित्तिय सहयोगको अभावमा भएको जाँगर र सीपलाई संकुचन पार्न बाध्य भई कठिन स्थितिमा बाँच्न बाध्य हुनुपरेको छ। यसतर्फ केन्द्रीय बैंकले मौद्रिक नीति तर्जुमा गर्दा विशेष ध्यान दिई ग्रामीण आर्थिक विकासको क्रममा सहुलियत बैंक ब्याज दरमा कर्जा प्रवाह गर्नुको अतिरिक्त कर्जा प्रवाह सरलीकरण र धितोमुखी भन्दा परियोजनामुखी कर्जा वितरणमा जोड दिन लगाउने।

१४. निम्नमध्यम वर्गका लागि विशेष कार्यक्रमः विगतका दुईदशकमा मुलुकभित्र ठूलो संख्यामा निम्नमध्यम वर्गको उदय भएको छ। त्यो भन्दा अघि उच्चवर्ग तथा उच्चमध्यमवर्ग र विपन्न

वर्गको बीचमा अर्को आर्थिक वर्गको उल्लेखनीय उपस्थिति थिएन। बैदेशिक रोजगार, नगदेवाली, साना तथा घरेलु, खुद्रा पसल एवं मध्यम तहका प्राबिधिक सेवा आदिमा संलग्न भएर विपन्न वर्गबाट निम्न मध्यम वर्गमा रुपान्तरित भएको यो गर्न सधैं प्रजातन्त्र र परिवर्तनको संवाहक रहेको छ। राजनैतिक रुपमा प्रजातन्त्रको संवाहक भए जस्तै राज्यले उपयुक्त कार्यक्रम र टेवा उपलब्ध गराउने हो भने यो वर्ग ग्रामीण क्षेत्रमा आर्थिक विकासको संवाहक पनि बन्न सक्छ। विगतमा राज्यले कहिल्यै पनि यो वर्गलाई लक्षित गरेर आर्थिक कार्यक्रम ल्याएन। सफल असफल जे भए पनि कि त गरिबी निवारणको नाममा विपन्न वर्गलाई लक्षित गरेर कार्यक्रम बनाइयो कि त औद्योगिक व्यापारिक उच्चवर्ग र व्यवसायलाई लक्षित गरेर। राप्रपाले विपन्न वर्ग र उच्च तथा उच्च मध्यम वर्गका साथै निम्न मध्यमवर्गलाई विशेष रुपमा लक्षित गरेर आर्थिक कार्यक्रम ल्याउने अठोट गरेको छ। यो वर्गको आर्थिक क्रियाकलापलाई टेवा दिन सहुलियतपूर्ण र परियोजनामुखी ऋण उपलब्ध गराउने योजना बनाइने छ। उनीहरूको व्यवसायको उत्थानको लागि सुरक्षित बजारको व्यवस्थापनका साथै उनीहरूको लगानीको पूर्ण सुरक्षाको प्रत्याभूति गरिनेछ।

१५. अत्यन्त गरीब वर्गलाई समूहमा उपलब्ध गराउने लघुकर्जामा चर्को ब्याजदर लगाइएकोले गरिबी निवारणमा प्रतिकुल असर परेको हुँदा न्यून ब्याज दरको व्यवस्था गर्ने।

१६. नयाँ रोजगारी सृजना गर्न निजी क्षेत्रको सहभागितालाई जोड दिने र राज्यले सहजकर्ताको भूमिका निर्वाह गर्ने नीतिलाई प्रभावकारी रुपमा अवलम्बन एवं कार्यान्वयन गर्ने।

१७. नेपाली अर्थतन्त्रलाई विश्व बजारमा प्रतिस्पर्धात्मक बनाउन दक्ष जनशक्तिको क्षमता अभिवृद्धि गरिनुपर्ने र त्यसको निम्ति सूचना प्रविधिको विकासमा विशेष जोड दिइने।

(ट) शिक्षा नीति :

शिक्षा आर्जन गर्न पाउने अधिकार प्रत्येक नेपालीको नैसर्गिक अधिकार हो। नेपाली अर्थतन्त्रको आकार सँग सापेक्ष रुपमा हेर्दा शिक्षामा ठूलो लगानी भईरहेको सन्दर्भमा संख्यात्मक रुपमा शिक्षाको विकास सकारात्मक रहेको भएता पनि गुणात्मक र व्यावहारिक शिक्षाको दृष्टिकोणबाट हामीले सन्तोष गर्ने ठाउँ छँदैछैन। सरकारी अनुदानमा चल्ने विश्वविद्यालय, महाविद्यालय र सबै तहका विद्यालयहरूको स्थिति अति-राजनीतिकरणले गर्दा लथालिङ्ग छ। शिक्षामा निजी क्षेत्रको लगानी (खास गरेर शहरी क्षेत्रमा) उत्साहबर्द्धक छ। निजी क्षेत्रले तुलनात्मक रुपमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको भएता पनि बढी महँगो भएको कारण न्यून आर्थिक अवस्था भएकाहरूको पहुँच भन्दा बाहिर रहेको छ। यसप्रकार एउटै मुलुकमा दुई प्रकारको शिक्षित जनशक्ति तयार भइरहेका छन्। एकातिर आधारभूत शिक्षा पनि सर्वसुलभ छैन भने अर्कोतिर सरकारी शिक्षा र निजी शिक्षाबीच गुणस्तरको ठूलो अन्तर भएका कारण सामाजिक विभेदीकरणको स्थिति उत्पन्न भइरहेको छ। यसले समाजमा नयाँ प्रकारको द्वन्द्व निम्त्याउन सक्दछ। तसर्थ,

(ट १) प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्न पाउने अधिकार संविधानमै सुनिश्चित गरिनुपर्दछ।

(ट २) शिक्षा क्षेत्रलाई राजनैतिक प्रदूषणबाट उन्मुक्ति दिन र आम नेपाली अभिभावक-हरूको माग अनुसार शिक्षण संस्थाहरूलाई हड्ताल, बन्द आदि विकृतिबाट मुक्त शान्तिक्षेत्र घोषित गर्न राष्ट्रिय सहमति कायम गरी संवैधानिक / कानुनी प्रत्याभूति हुनुपर्दछ।

(ट ३) आधारभूत र प्राथमिक शिक्षा पूर्ण रुपमा निःशुल्क र अनिवार्य गरिनुपर्दछ।

(ट ४) निजी क्षेत्रका शिक्षण संस्थाहरूको गुणवत्तालाई सुरक्षित राख्दै तिनीहरूलाई नियमनकारी संयन्त्रको दायराभित्र समावेश गरी उनीहरूको सामाजिक दायित्वलाई यथार्थमा परिणत गर्नुपर्दछ।

(ट ५) विकेन्द्रित, प्रतिनिधिमूलक समावेशी र लोकतान्त्रिक शैक्षिक व्यवस्थापनको अवधारणा कार्यान्वयन गर्नुपर्दछ।

(ट ६) २१ औं शताब्दीका अत्याधुनिक ज्ञान, प्रविधि र शीपले सुसज्जित शिक्षित जनशक्तिको विकास गर्ने शिक्षा नीतिको परिकल्पना संविधानमै परिलक्षित हुनुपर्दछ।

(ठ) निर्वाचन प्रणाली :

संविधानसभाको निर्वाचनमा हामी मिश्रित निर्वाचन प्रणाली अपनाई रहेका छौं र समानुपातिक निर्वाचन प्रणालीमै जानुपर्छ भन्ने आग्रहहरू पनि अत्यधिक मात्रामा आइरहेका छन्। यस्तो अधारणा प्रवल हुँदै आउनुको पछाडी प्रचलित बहुमतीय प्रणालीमा रहेका कमजोरीहरू नै कारकतत्त्व हुन्। राज्यको अग्रगामी पुनसंरचना मार्फत प्रस्ताव गरिएको समावेशी लोकतन्त्रको परिकल्पना बहुमतीय निर्वाचन प्रणालीबाट साकार हुन नसक्ने स्पष्ट छ। यो प्रणाली अपनाउँदा जातजाति, लिंग, वर्ग, धर्म आदिको राज्यमा समुचित प्रतिनिधित्व हुन नसक्ने कुरा त छदैछ। सँगसँगै धेरै जसो अवस्थामा अल्पमतले बहुमत माथि शासन गर्छ। विगतका संसदहरूको बनौट हेर्दा यो कुरा प्रस्ट हुन्छ। तसर्थ समावेशी लोकतान्त्रिक पद्धतिको सार्थकताको लागि आगामी संविधान पछिका संसदीय एवं स्थानीय निर्वाचनहरूमा समानुपातिक निर्वाचन प्रणालीको प्रावधान राखिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको छ।

(ड) परराष्ट्रनीति :

नेपाल र नेपालीको हित एवं राष्ट्रिय स्वार्थ अनुकुलको परराष्ट्र नीति अवलम्बन गर्नुपर्दछ भन्ने पार्टीले मान्यता राखेको छ। संयुक्त राष्ट्र सङ्घको डापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीतिलाई निर्देशित गर्ने सिद्धान्तका रुपमा बहुपक्षीय अवधारणा, क्षेत्रीय अवधारणा, विश्व व्यापीकरण, मान अधिकार, नागरिक र मानवीय स्वतन्त्रता जस्ता अवधारणाहरूलाई आत्मसात गर्नुपर्दछ। कुनै पनि मुलुकको परराष्ट्र नीतिको उद्देश्य राष्ट्रिय स्वार्थ, राष्ट्रिय सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा र आर्थिक समुन्नति हुनुपर्दछ। त्यसैले परम्परागत रुपमा राजनैतिक कुटनीति प्राथमिकतामा रहेको भएता पनि आर्थिक कुटनीति अवको प्राथमिकता हुनुपर्दछ। आर्थिक तथा सैनिक दुवै दृष्टिकोणले २१ औं शताब्दीका उदयमान दुई शक्तिको बीचमा अवस्थित दुई शक्तिको बीचमा अवस्थित हाम्रो मुलक रणनैतिक चासोको रहनु स्वाभाविकै हो। यस्तोमा एकातिर भुटानी शरणार्थी समस्याको तर्कसंगत समाधान देखिइरहेको छैन भने अर्कोतिर तिब्बती शरणार्थीहरूको मुद्दाले पनि यदाकदा तरङ्ग सृजना गर्ने गर्दछ। यस्तो अवस्थामा दुई विशाल छिमेकीहरूले हासिल गरेको आर्थिक समृद्धिबाट मुलुकलाई फाइदा पुऱ्याउने कौशलका साथ शरणार्थी लगायतका अन्य मुद्दाहरू हल गर्न शान्त एवं व्यवहारिक Pragmatic Diplomacy अवलम्बन गर्नुपर्दछ। दुःख साथ हामीले स्वीकार गर्नुपर्ने विषय के हो भने यस्तो संवेदनशील कुटनीतिक स्थितिलाई कुशलतापूर्वक परिचालन गर्ने योग्यता भएको जनशक्तिको हामीसँग अत्यन्तै अभाव छ। त्यस्तो जनशक्तिको विकास गर्ने योजना बनाउन अत्यन्तै ढिलो भइसकेको छ।

विश्वशान्ति प्रति नेपालको प्रतिबद्धता सदा कायम रहँदै आएको छ। यो प्रतिबद्धतालाई उच्च प्राथमिकता प्रदान गर्दै विश्व शान्तिको निम्ति नेपालको प्रभावकारी भूमिका रहनुपर्दछ भन्ने पार्टीको नीति कायम रहनेछ। शान्ति र मैत्रीको आधारमा विश्वका सबै मुलुकहरू विशेष गरेर छिमेकी मुलुक भारत र चीनसँगको परम्परागत सम्बन्धलाई परस्पर लाभ र समानताको आधारमा अरू व्यापक बनाई सुदृढ तुल्याउनु पर्दछ। भारत र चीनले हासिल गरेको आर्थिक उपलब्धीलाई नेपालको हितमा उपयोग गर्ने कुटनैतिक पहल हुनुपर्दछ। विश्वशान्ति कायम गर्नको निम्ति संयुक्त राष्ट्रसंघको भूमिकालाई नेपालले सहयोग पुऱ्याउनु पर्दछ भन्ने पार्टीको मान्यता रहने छ। साथै विश्व शान्तिको निमित्त आतङ्कवादलाई परास्त गर्नको लागि नेपालले संयुक्त राष्ट्र सङ्घलाई सदा सहयोग र समर्थन गर्नुपर्दछ भन्ने पार्टीले धारणा रहेको छ। त्यस्तै नेपाल र नेपालीको आर्थिक हित एवम् लाभ हुनेगरी आर्थिक कुटनीतिलाई उच्च प्राथमिकता दिइनुपर्छ भन्नेमा हाम्रो जोड रहँदै आएको छ।

लगभग १४/१५ महिनादेखि १३/१४ देशहरूमा आठ दलीय गठबन्धन सरकारले राजदूतहरू नियुक्ति गर्न नसकी पराष्ट्र्य नीतिको संचालनमा दिशाहीनता एवं अदुरदर्शिता देखायो। यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको छबिमा ठूलो धक्का एवं चोट पुगेको छ। साथै नेपाल र नेपालीलाई ठूलै नोक्सानी भएको छ। हालसालै मात्र राजदूतहरू नियुक्ति गर्ने क्रममा आठ दल बीच भागवण्डा भएको छ। भागवण्डाले गर्दा

परराष्ट्रनीति सञ्चालनमा अनुभव र दक्षता भएका व्यक्तिहरूको छनोट भन्दा पनि दलगत स्वार्थले प्राथमिकता पाएको छ। यसले नेपाल र नेपालीको इज्जतमा अन्तर्राष्ट्रिय स्तरमा नै धक्का पुऱ्याएको छ। यस कार्यबाट मुलुकलाई हुने सबै प्रकारको नोक्सानीको जिम्मेवारी गठबन्धन सरकारले लिनुपर्दछ।

(ढ) स्वतन्त्र प्रेस :

नेपाली प्रेस जगतले व्यावसायिक रुपमा फड्को मारिसकेको भएता पनि लोकतान्त्रिक सरकारको सञ्चारनीति परम्परागत चारकिल्लाबाट बाहिर आउन सकेको छैन। सिद्धान्ततः अपवाद बाहेक संसारको कुनै पनि सरकारले आफ्नो अखबार छाप्दैन। नेपालमा देव शमशेरले लागू गरेको प्रेस नीतिको अवशेष अद्यावधि जारी छ, गोरखापत्रको रुपमा। यो शताब्दी भनेको स्वतन्त्र प्रेसको शताब्दी हो। प्रेसलाई खुला प्रतिस्पर्धामा छोडी दिनुपर्छ। सरकारले कुनै पनि प्रकारको बन्देज राख्नु हुँदैन। आफैं प्रतिस्पर्धामा उत्रनु पनि हुँदैन। यसको प्रत्याभूति नयाँ संविधानले दिनुपर्छ। श्रमजीवी पत्रकारहरूको हित संरक्षण एवं संचारमाध्यम विदेशी लगानीको पारदर्शिता जस्ता संवेदनशील विषयहरूप्रति रा.प्र.पा. सचेष्ट रहनेछ।

(ण) बारुदी सुरुङ्ग :

बारुदी सुरुङ्ग पूर्ण प्रतिबन्ध लगाउने कुराको आवश्यकता बोध गर्दै बारुदी सुरुङ्ग माथि पूर्ण प्रतिबन्ध लगाउने सन् १९९७ को ओटावा सन्धिलाई रा.प्र.पा. सम्मान तथा समर्थन गर्दछ। उक्त सन्धिमा नेपाल सरकारको हस्ताक्षर गराउन तथा संसदबाट त्यसको अनुमोदन गराउन समेत भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछ।

(त) सत्य निरूपण आयोग :

मुलुकलाई द्वन्द्वको प्रभावबाट मुक्त गरी दण्डहीनताको संस्कृतिको अन्त्य गर्दै दिगो शान्ति कायम गर्न निष्पक्ष सत्य निरुपण आयोग गठन हुनु पर्दछ।

(थ) स्वास्थ्य क्षेत्र :

अन्तरिम व्यवस्थापिका संसद र वर्तमान अन्तरिम संविधान २०६३ ले स्वास्थ्य सेवालाई नेपाली जनताको मौलिक अधिकारका रुपमा सुनिश्चितता प्रदान गरेको छ। अब बन्ने संविधानमा पनि यस विषयलाई प्राथमिकता र निरन्तरता दिने रा.प्र.पा. घोषणा गर्दछ।

(थ१) प्राथमिक स्वास्थ्य सेवालाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्ने।

(थ२) जनसंख्या र भूगोलको आधारमा स्वास्थ्य क्षेत्र पुनःसंरचना गर्ने।

(थ३) जिल्ला अस्पतालहरू, स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीहरूमा सेवाको व्यवस्थापन साधन र श्रोत विस्तार गर्ने।

(थ४) जिल्ला अस्पतालहरूमा महिला डाक्टरको व्यवस्था गर्नुका साथै स्वास्थ्य चौकीहरूमा थप महिला स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।

(थ५) महिला र बालबालिकाहरूको गुणात्मक स्वास्थ्य सेवा र जीवनयापनबारे व्यक्त गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वचनबद्धता पालना गर्ने नीति निर्माण गर्ने र कार्यान्वयन क्षेत्रमा उतार्ने।

(थ६) स्वास्थ्य क्षेत्रको लागि राष्ट्रिय बजेटमा प्राथमिकता प्रदान गर्ने र कम्तीमा २० प्रतिशत स्वास्थ्य सेवा सुविधाहरूमा लगानी गर्ने।

(थ७) निजी क्षेत्रलाई सहुलियत प्रदान गरी स्वास्थ्य क्षेत्रमा लगानी गर्न आकर्षित गर्ने र विस्तार गराउने।

११.

नेपाल कम्युनिष्ट पार्टी (मा.ले.)

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

आदरणीय परिवर्तनकामी राष्ट्रप्रेमी दाजुभाइ, दिदीबहिनीहरू !

हार्दिक एवं जुझारू अभिवादन !!

देश र जनतालाई अग्रगामी परिवर्तनको यस ऐतिहासिक घडीसम्म ल्याउन अपरिमित त्याग र जीवनोत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात आदरणीय सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । यसका साथै अग्रगामी परिवर्तनको निम्ति भएको ऐतिहासिक जनआन्दोलनका क्रममा घाइते तथा अपाङ्ग हुनुभएका सम्पूर्ण सङ्घर्षशील योद्धाहरूको शीघ्र स्वास्थ्यलाभको कामना सहित हार्दिक अभिवादन गर्दछौं । अहिले हामी देश-प्रवासमा रहेका सबै नेपालीहरू संविधानसभाको निम्ति आन्दोलित भइरहेका छौं । विगतमा दुई-दुई पटक विभिन्न कारणवश तोकिइसकेको निर्वाचनको मिति स्थगित भएका घटना ताजै भएपनि यस पटक २८ चैत्र, २०६४ मा संविधानसभा निर्वाचन हुने कुरामा सबैको विश्वास बढिरहेको छ । यद्यपि निर्वाचन अगाडि अझै पनि कैयौं व्यवधान र चुनौतीहरू छन् । परिवर्तनविरोधी देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू चुनावलाई रोक्न र भाँड्नको निम्ति षड्यन्त्रपूर्ण ढङ्गले लागिरहेका छन् र संविधानसभालाई आफ्ना सङ्कीर्ण नाजायज स्वार्थपूर्तिका लागि प्रयोग गर्न विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरू पनि तल्लीन रहेका छन् । सम्पूर्ण परिवर्तनकामी जनता, राजनीतिक दल तथा पक्षहरूले आपसी असमझदारी, विरोध र पूर्वाग्रहहरूभन्दा माथि उठी राष्ट्रिय सहमति निर्माण गर्दै संविधानसभालाई नेपाली मात्रको परिवर्तनको कार्यसूची बनाई त्यसलाई शान्तिपूर्ण राजनीतिक क्रान्तिको बाहकको रूपमा सफल पार्नु परेको छ ।

संविधानसभाको निम्ति जनता उत्साह, उत्सुकताका र क्रान्तिकारी अपेक्षाका साथ लागिरहेका छन् । विगतको चौथौं राष्ट्रिय संयुक्त जनआन्दोलन (आश्विन २०५९- वैशाख, २०६३) को क्रममा २०५२ सालदेखि देशमा सञ्चालित 'जनयुद्ध' समेतको प्रभावमा भएको पछिल्लो १९ दिनको ऐतिहासिक जनआन्दोलनले देशमा प्रतिगामी एवं निरंकुश राजतन्त्रलाई परास्त गर्दै संविधानसभाको कार्यसूची स्थापित गरेको छ । ऐतिहासिक जनआन्दोलनमा उत्रिएका नेपाली जनताले राजा ज्ञानेन्द्रको सत्तालाई पराजित गर्दै ११ वैशाख, २०६३ मा युगान्तकारी परिवर्तनको ढोका खोलेका हुन् । विघटित प्रतिनिधिसभाको पुनर्स्थापना, अन्तरिम सरकारको गठन, युद्धविराम, वार्ता, शान्ति-सम्झौता, अन्तरिम संविधानको घोषणा, विद्रोही नेकपा (माओवादी) सहितको अन्तरिम व्यवस्थापिका संसद र अन्तरिम सरकारको गठन, तराईको अभूतपूर्व मधेशी आन्दोलन र जनजातिहरूका सङ्घर्षहरू, वार्ता र सकारात्मक-नकारात्मक विविध सहमतिहरूबाट गुज्रिँदै देश आज संविधानसभा निर्वाचनको सम्मुख आइसकेको छ । जनता प्रगतिशील लोकतान्त्रिक गणतन्त्र, नेपाल सुहाउँदो सङ्घीय ढाँचा, समानता तथा स्थानीय स्वशासन र अग्रगामी आर्थिक-सामाजिक परिवर्तन सहितको राजनीतिक क्रान्तिलाई शान्तिपूर्ण ढङ्गले सफल पार्दै दीगो शान्ति स्थापना गर्नको निम्ति संविधानसभालाई नेपाली मात्रको कार्यसूची बनाउन जागृति र चिन्ताकासाथ जुटिसकेका छन् ।

यस्तो अवस्थामा हामी नेपाली राजनीतिमा संविधानसभाको कार्यसूचीको प्रवेश, राष्ट्रिय कार्यसूचीको रूपमा त्यसको स्थापना र त्यसमा रहेका सम्भावना एवं चुनौतीहरूबारे जानकारी राखेर मात्र त्यसलाई नेपाली मात्रको परिवर्तनको कार्यसूची बनाउने जटील एवं कठीन कामलाई सफल बनाउन सक्तछौं ।

(१)

१.१. **नेपालको राजनीतिमा संविधानसभाको कार्यसूची:** सर्वविदित भैसकेको कुरा हो, नेपाली राजनीतिमा २००७ सालको राणाविरोधी राजनीतिक क्रान्तिमा गरिएको "दिल्ली सम्झौता" बाट संविधानसभाको कार्यसूची भित्रिएको हो । नेपाली काँग्रेसको नेतृत्व र नेपाल कम्युनिष्ट पार्टीको सहभागितामा २००७ सालमा छेडिएको राणाशाही विरोधी राजनीतिक क्रान्तिलाई नेहरूको प्रधानमन्त्रीत्वमा रहेको तत्कालिन भारत सरकारले सुविधाजनक सम्झौतामा अन्त्य गर्न हस्तक्षेप गऱ्यो । भारत सरकारको पहलमा नेपालका राणा शासकहरू, दिल्ली पुगेका आन्दोलन समर्थक राजा त्रिभुवन र मुख्य आन्दोलनकारी नेपाली काँग्रेसका बीच (१९५१ को जनवरीको पहिलो हप्तामा) सम्पन्न भएको भनिएको **"दिल्ली सम्झौता"** मा वालिग मताधिकारको आधारमा शीघ्रताका साथ संविधानसभा खडा गर्ने बुँदा रहेको छ । नेपालका तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले २४ पुष, २००७ (८ जनवरी, १९५१) मा गरेको घोषणामा भनिएको छ, "....... वैधानिक सभाले आफ्नो पहिलो बैठक २००८ सालभित्रै गर्नेछ । यसको मुख्य काम देशको भावी विधान तयार गर्ने हो ।" *(नेपालको राजनीतिक दर्पण पहिलो भाग)* त्यसबेला गठन गर्ने भनिएको संविधानसभाको एउटा उद्देश्य अवश्य नै राणाशाहीविरोधी राजनीतिक क्रान्तिका लोकतान्त्रिक उपलब्धीहरूलाई संस्थागत गर्ने हुनसक्थ्यो । यसका साथै त्यसले तत्कालीन भारतीय शासकहरूलाई नेपाललाई आफूले चाहेजस्तो हैसियतमा राख्ने औसर पनि प्रदान गर्ने थियो । तत्कालिन नेपालको प्रमुख पार्टी नेपाली काँग्रेसका सामन्तवाद तथा विस्तारवाद एवं साम्राज्यवादपरस्त ढुलमुले नीतिहरूबाट पहिले युवराज र पछि राजा बनेका महत्त्वाकांक्षी महेन्द्रले फाइदा उठाए । संविधानसभाको निर्वाचनलाई उनले आफूले दिएको संविधानको आधारमा गरिने संसदको निर्वाचनबाट पन्छाए । त्यसबाट उनी निरंकुशतन्त्रतर्फ अघि बढे र ०१७ साल पुष १ गते प्रतिगामी कदम चाली नेपाली जनतामाथि निर्दलीय निरंकुश पञ्चायती व्यवस्था थोपर्न पुगे । राजा महेन्द्रका यी कामबाट जनसङ्घर्षको माध्यमबाट नेपालमा सुरू भैसकेको समाजको लोकतान्त्रीकरण अवरूद्ध भयो र नेपाली समाजमा विद्यमान वर्गीय शोषण-उत्पीडन तथा जातजातीगत, क्षेत्रगत र लिङ्गीय विभेद एवं शोषण-उत्पीडनहरू गुम्सिँदै गए । यसले कालान्तरमा बिष्फोटक रूप लिन पुगेको छ ।

यस प्रकार विगतमा संविधानसभाको निर्वाचन टरेपछि समय-समयमा कम्युनिष्ट पार्टीका विभिन्न घटकहरूले यसलाई उठाउँदै आएका हुन् । २०५८ सालको फागुन ३ गतेबाट सुरू भएको पुनर्गठन पश्चात् पुनर्गठित नेकपा (माले) ले राजा ज्ञानेन्द्रको १८ आश्विन, २०५९ को प्रतिगामी कदम पश्चात् सशस्त्र द्वन्दको राजनीतिक निकासको लागि सर्वोत्तम विकल्पको रूपमा राष्ट्रिय सहमतिको आधारमा संविधानसभा स्थापित गर्नको निम्ति सङ्घर्ष गर्ने कार्यनीति लिएको थियो । निरंकुश शासक राजा ज्ञानेन्द्र राष्ट्रिय सहमतिको आधारमा पनि संविधानसभाको निर्वाचन गर्न तयार नहुने निश्चित भएपश्चात् २०६२ सालको १६-१९ फागुनमा आयोजित पार्टी केन्द्रीय कमिटीको तेह्रौं पूर्ण बैठकले सङ्घर्षद्वारा संविधानसभा स्थापित गर्ने कार्यनीति लिएको हो । यस्तो कार्यनीति लिंदा नेकपा (माले) ले २००७ सालको राजनीतिक क्रान्तिको समापनको क्रममा "दिल्ली सम्झौता" मार्फत संविधानसभा निर्वाचनको कार्यसूची अघि सारिएपश्चात्को ५५ वर्षको अवधिमा देशका राजनीतिक दलहरू तथा जनतामा विकसित भएको देशभक्तिपूर्ण चेत, अनुभव र शक्तिलाई ठूलो आधार मानेको थियो । पार्टीले आशा गरेको थियो, देशका राजनीतिक दलहरू र जनताको देशभक्तिपूर्ण चेत, अनुभव र शक्तिको आधारमा विस्तारबादीहरू र साम्राज्यवादीहरूका संविधानसभाबाट नाजायज फाइदा लिने नीतिलाई परास्त गर्न सकिन्छ । तर व्यवहारमा यस्ता अनुमान प्रमाणित हुन बाँकी नै रहेको छ ।

राजा ज्ञानेन्द्रको १९ माघ, २०६१ को दोस्रो प्रतिगामी कदम र व्यापक दमनपश्चात् आन्दोलनकारी तत्कालिन सात राजनीतिक दलको गठबन्धनको साझा नीति-कार्यक्रमले २५ वैशाख, २०६२ मा द्वन्द निकासको माध्यमको रूपमा संविधानसभाको कार्यसूचीलाई स्वीकार गरेको छ ।

७ मंसीर २०६२ मा नेकपा (माओवादी) पनि केही विमतिहरूका सहित सातदलीय गठबन्धनसँग संयुक्त आन्दोलन गर्न सहमत भएपश्चात् विकसित बलिदानीपूर्ण जनआन्दोलनले ११ बैशाख, २०६३ मा संविधानसभाको निर्वाचनलाई राष्ट्रिय कार्यसूचीको रूपमा देशमा स्थापित गरिसकेको छ ।

१.२. आदरणीय परिवर्तनकामी राष्ट्रभक्त देशवासीहरू !

नेकपा (माले) आमूल परिवर्तनको पक्षधर, नयाँ जनवाद, समाजवाद र साम्यवादको निम्ति प्रतिबद्ध क्रान्तिकारी मार्क्सवादी–लेनिनवादी पार्टी हो । साम्राज्यवाद तथा बिस्तारवादको विरोध गर्दै व्यापक नेपाली जनता तथा राष्ट्रका हीतको पक्षपोषण गर्ने देशभक्ति र सर्वहारा अन्तर्राष्ट्रियतावाद यस पार्टीका दुई अविभाज्य नीति हुन् । यो पार्टी समाजको आमूल परिवर्तनको निम्ति जति समर्पित छ, त्यति नै यो राष्ट्रको इतिहास, गौरव, हीत र भविष्यलाई रक्षा गर्ने कार्यमा प्रतिबद्ध छ । यो पार्टी सिद्धान्तनिष्ठ छ र सिद्धान्तलाई व्यवहारमा मिलाउन सजग एवं कुशल पनि छ । त्यसैकारण निम्न विशेषताहरू रहेको हाम्रो पार्टी विचार, कार्यदिशा र नीतिका सवालमा प्रगतिशील, वस्तुवादी, परिपक्व र भरपर्दो रहेको छ ।

(क) नेकपा (माले) झापा विद्रोहबाट जन्मेको, धेरै सहिदहरूको त्याग–बलिदानले सिँचिएको र विशिष्ट क्रान्तिकारी परम्परामा हुर्किएको पार्टी– नेता का. पुष्पलालद्वारा २००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टीको सुयोग्य उत्तराधिकारी देशभक्त क्रान्तिकारी पार्टी – हो । सशस्त्र विद्रोहको कालमा समेत यो पार्टी नेपाली जनताकै बीचमा रह्यो । भारत लगायत कुनै पनि विदेशी भूमिलाई यसले आफ्नो मूल आश्रय बनाएन । यो पनि एउटा ठूलो वस्तुगत कारण हो कि यस पार्टीका नीतिमा कुनै पनि विदेशी राष्ट्रका रणनीतिहरू मिसिन पाएका छैनन्।

(ख) नेकपा (माले) पनि सशस्त्र विद्रोहपश्चात् शान्तिपूर्ण राजनीतिक प्रकृयामा आएको हो । तर यसो गर्दा यसले कुनै विदेशी शक्तिको सहारा लिएन । देशभित्रकै राजनीतिक शक्तिहरूको सहमतिलाई आधार बनाएर यो पार्टी शान्तिपूर्ण राजनीतिक प्रकृयामा आएको हो । त्यसैकारण नेकपा (माले) ले विदेशी रणनीतिको भरिया बन्नु परेको छैन।

(ग) नेकपा (माले) राजतन्त्रविरोधी र जनगणतन्त्र एवं लोकतान्त्रिक गणतन्त्र पक्षधर पार्टी हो । यो पार्टी राष्ट्रिय हित एवं स्वतन्त्रताको रक्षाको निम्ति बिस्तारवाद तथा साम्राज्यवादको विरोध गर्दछ । यो राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वतन्त्रता र प्रगतिशील गणतान्त्रिक लोकतन्त्रको निम्ति राष्ट्रिय सहमति निर्माण गर्ने लचक अपनाउँदै आएको पार्टी हो ।

(घ) नेकपा (माले) सामन्ती एवं केन्द्रीकृत एकात्मक राज्य ढाँचालाई समाप्त पारी लोकतान्त्रिक एवं स्थानीय स्वायत्ततायुक्त सङ्घीय राज्य ढाँचामा जाने नीतिको पक्षपोषण गर्छ । यो पार्टी सङ्घीय राज्य ढाँचामा जाँदा आन्तरिक समस्याहरूलाई समाधान गर्ने विषयका साथै बिस्तारवाद तथा साम्राज्यवादका नेपाल–रणनीतिहरूलाई समेत ध्यानमा राखी नेपाली हित अनुकूल काम गर्ने नीतिको दृढ हिमायती रहेको छ ।

(ङ) नेकपा (माले) राष्ट्रिय सहमति खोज्न लचिलो छ । यसका साथै यो पार्टी सहमतिको क्रममा आउनसक्ने हानीकारक नीतिका दुष्परिणामहरूबारे सगज रहन्छ र तिनलाई न्यूनीकरण गर्ने उपायहरूलाई अवलम्बन गर्दछ ।

(च) नेकपा (माले) भविष्यप्रति आशा र विश्वास गर्ने पार्टी हो । यो पार्टी दूरदर्शी पार्टी हो । योसँग देश निर्माणका परिकल्पना र योजनाहरू छन् । तर यो पार्टी कोरा कल्पनाको भरमा काम गर्दैन र वस्तुगत स्थितिलाई उपेक्षा गर्दै हठात् परिवर्तनका उग्रआकांक्षाहरू पनि पाल्दैन । यो पार्टी वस्तुगत धरातलीय यथार्थबाट सुरू गर्दै वैज्ञानिक ऐतिहासिक परिकल्पनाहरूलाई लागू गर्ने काममा अघि बढ्दछ ।

प्रिय देशवासीहरू !

उपर्युक्त वैचारिक र शैलीगत विशिष्टता रहेको नेकपा (माले) संविधानसभालाई नेपाली मात्रको कार्यसूची बनाउन सङ्कल्पवद्ध रहेको छ । यो पार्टी संविधानसभालाई प्रगतिशील गणतान्त्रिक लोकतन्त्र, नेपाल सुहाउँदो सङ्घीय ढाँचा, समानता एवं स्वशासन, प्रगतिशील सामाजिक-आर्थिक परिवर्तन र राष्ट्रिय एकता एवं स्वतन्त्रताको सम्बर्द्धनका साथ शान्ति प्रकृयालाई सफल बनाई देशमा दीगो शान्तिको स्थापनालाई नयाँ संविधानमा संस्थागत गर्ने माध्यम बनाउन चाहन्छ । यो काम गर्न हामी नेपालीहरूले औपचारिक रूपमा मात्र होइन, साँचो अर्थमा स्वतन्त्र एवं स्वाभिमानी रहनुपर्छ । हामीले विदेशी इसारा र दबाबलाई अस्वीकार गर्न सक्नुपर्छ । यसो गर्न हामी सबै नेपाली राजनीतिक दल र पक्षहरूबीच संवाद र वार्ता हुनुपर्छ । समाजको अग्रगामी परिवर्तनको निम्ति व्यापक सहमति बन्नु पर्छ । आग्रह, प्रतिशोध र अन्तरविरोधहरूभन्दा माथि उठी हामीमा राष्ट्रिय सहमति बन्न सक्नुपर्छ । यस्तो राष्ट्रिय सहमतिका आधारमा हुने संविधानसभा मात्र नेपालीको कार्यसूची हुनेछ । त्यस्तो संविधानसभाद्वारा मात्र नेपालीहरूले आफ्नो विवेकको आधारमा नयाँ संविधान बनाउन सक्नेछन् र वर्तमान नेपाललाई उन्नत तथा समृद्ध नेपाल बनाउन सक्नेछन् ।

२. नेपाली क्रान्ति र संविधानसभा

हामी देश-प्रवासमा रहेका सम्पूर्ण नेपालीहरू संविधानसभाको निम्ति आन्दोलित भइरहेको अवस्थामा नेकपा (माले) परिवर्तनकारी नेपाली जनतासँग नेपाली क्रान्ति र संविधानसभाका अन्तरसम्बन्धहरूबारे केही कुरा राख्न चाहन्छ ।

२.१ **आधुनिक नेपाल राष्ट्र :** आज हामी जुन भुखण्डमा बस्छौं र जसलाई **मातृभूमि नेपाल** भनी पुकार्दछौं, २४० वर्ष अगाडिसम्म यो यसप्रकार एकीकृत थिएन । यो विभिन्न सामन्ती वा कविलायी इलाकीय राज्यहरूमा विभक्त थियो । त्यस समयमा आजको नेपाल कर्णालीप्रदेशका २२ इलाकीय राज्य, गण्डकीप्रदेशका २४ इलाकीय राज्य, काठमाण्डु उपत्यकाका तीन इलाकीय राज्य र कोशीप्रदेशका ११ इलाकीय राज्य गरी ६० भन्दा बढ्ता इलाकीय राज्यहरूमा विभक्त थियो । यस भूखण्डमा रहेका यस्ता सामन्ती वा कविलायी चरित्रका राज्यहरूलाई एकीकृत गर्ने प्रयत्न लिच्छवी कालदेखि नै सुरू भएको पाइन्छ । लिच्छवी राजा मानदेव (प्रथम), मल्ल राजा यक्ष मल्ल र सेन राजा मुकुन्द सेनले इलाकीय राज्यहरूलाई एकीकरण गर्ने प्रयास गरेका थिए । तर अनेकौं कारणले गर्दा ती एकीकरण प्रयासहरू सफल हुन सकेनन् र विभाजनले नै प्रश्रय पाइरह्यो । इलाकीय राज्यहरू समय-समयमा एक अर्को विरूद्ध लडाई गरिरहन्थे । यस्ता लडाईंहरूले त्यस समयका कुटीर उद्योग, व्यापार, यातायात, कृषि र जनजीवनलाई धेरै नोक्सान गर्थे । यसप्रकार यस भूखण्डका जनसमुदायहरू यस्तो इलाकीय विभाजनबाट पीडित थिए । यस्ता तथ्यहरूलाई वास्ता नगर्ने सामन्ती रजौटाहरूचाँहि आफ्नै ऐश-आराम तथा शक्ति वृद्धिमा लागी आफ्ना इलाकीय राज्य थाम्न मात्र तल्लिन थिए । यस्तो स्थितिमा त्यसबेला यस भूखण्डका इलाकीय राज्यहरूमा स्थानीय पृथकतावादी प्रवृत्ती बलियो गरी रहेको थियो।

इश्वीको अठारौं शताब्दीमा आएर व्यापारिक कम्पनिको रूपमा सन् १६०२ मा स्थापित 'इष्ट इण्डिया कम्पनी' मार्फत् भारतमा आफ्नो शासन कायम गर्न सफल अंग्रेजी साम्राज्यवाद यस शताब्दीको उत्तरार्द्धदेखि दक्षिण एशियामा आफ्नो शासन विस्तार गर्न तेज गतिले बढिरहेको थियो । विभिन्न स्वार्थले गर्दा अंग्रेज उपनिवेशवादीहरूको गिद्देदृष्टि नेपाली भुखण्डमाथि परिसकेको थियो । नेपाली भुखण्डमा अंग्रेज उपनिवेशवादीहरूको शासन विस्तार हुनसक्ने भयबाट यस क्षेत्रका जनसमुदायहरू र रजौटाहरू समेत त्रस्त बनेका थिए । उनीहरूमा अंग्रेजी शासनको प्रतिवाद गर्ने चाहना जागृत भइरहेको थियो । फलस्वरूप यस भुखण्डमा एकीकरण र बलियो राज्य शक्ति स्थापना हुनुपर्ने कामना बढिरहेको थियो ।

इलाकीय रजौटाहरूमा विद्यमान स्थानीय पृथकतावादी प्रवृत्तिको पीडा र अंग्रेज उपनिवेशवादी शासन–विस्तारको भयलाई प्रतिवाद गर्दै १८ औं शताब्दीको उत्तरार्द्धमा यस भूखण्डमा उत्पन्न भएको एकीकरण र बलियो राज्य–शक्ति स्थापना होस् भन्ने चाहना एउटा प्रगतिशील ऐतिहासिक भावधारा थियो । यस्तो ऐतिहासिक पृष्ठभूमिमा छरिएर रहेका स्थानीय स–साना राज्यहरूलाई एउटै बलियो राज्यभित्र ल्याउँदै वर्तमान नेपाल राष्ट्रको जग बसेको हो । यसको एकता र अखण्डतालाई रक्षा गर्नु आज नेपाली मात्रको परम दायित्व बनेको छ ।

ऐतिहासिक सङ्घर्षद्वारा प्राप्त नेपालको एकीकरणसमेत सामान्तवादमा आधारित रहेर हुनपुगेको मूलतः भौगोलिक एवं प्रशासनिक एकीकरणमा सीमित रहनु एउटा ऐतिहासिक तीतो यथार्थ हो । अतः त्यस एकीकरणमा धेरै गम्भीर कमी र अपूर्णताहरू रहेका छन् । अघि बढिसकेको राष्ट्रिय एकीकरणलाई देशमा विद्यमान सवै जातजाती र क्षेत्रहरूबीच समानता कायम गर्दै पूर्णता दिनु त्यसपछिका पुस्ताको जिम्मेवारी हो । कैयौं कारणहरूले गर्दा आजभन्दा अघि यो जिम्मेवारी पूरा हुन सकेन । यो गह्रौं जिम्मेवारी वर्तमान पुस्ताको काँधमाथि आएको छ । वर्तमान संविधानसभामाथि आएको छ । नबुझ्नु मात्र होइन, यसलाई एकपक्षीय रूपमा वा हलुका ढङ्गबाट लिनु समेत गम्भीर राजनीतिक गल्ती हुनेछ । सो नेपाल राष्ट्रप्रति गरिएको अक्षम्य अपराध पनि हुनेछ ।

सबैले गम्भीरतापूर्वक महशुस गर्नु आवश्यक छ : सामन्ती राजनीतिको आधारमा भौगोलिक र प्रशासनिक ढङ्गले मात्र भए पनि एकीकरण गरिएको त्यही नेपाल राष्ट्रमा नै आज हामी अग्रगामी परिवर्तन, संविधानसभा, लोककल्याणकारी राज्य, जनवाद, समाजवाद र साम्यवाद निम्तिका राजनीतिक सङ्घर्षहरू गरिरहेका छौं । यस्तो नभएको भए हामी यी राजनीतिक अभ्यासहरू कहाँ गरिरहेका हुन्थ्यौं होला ? हामी केलाई आफ्नो प्यारो मातृभूमि र गर्विलो राष्ट्र भनिरहेका हुन्थ्यौं होला? हामी अकुत त्याग– बलिदान गर्दै, अपरीमित पसिना, रगत र आँसु बगाउँदै केलाई स्वतन्त्र, उन्नत र समृद्ध राष्ट्रमा परिणत गर्ने सङ्घर्ष, सुन्दर कल्पना र प्राणदायी आशामा बाँचिरहेका हुन्थ्यौं होला ? मध्ययुगीन कालरात्रीमा समेत बाटो पहिल्याउँदै हाम्रो निम्ति नेपाल नामक राष्ट्रको जग बसाइदिने पुर्खाहरूप्रति हामीले कृतज्ञ हुनैपर्दछ ।

२.२ **नेपाली समाज, नेपाली क्रान्ति र यसका विशेषताहरू :** कतै दासप्रथा र कतै कविलायी समाजका अवशेषहरू रहेको अवस्थामा नेपालको पछिल्लो एकीकरण सन् १७६९ मा सुरू भएको भए पनि त्यसभन्दा सयौं वर्ष अघिदेखि नेपाली समाज मूल रूपमा सामन्ती समाज थियो । स्वतन्त्र सामन्ती राज्यको रूपमा नेपालको एकीकरण भएको हो । समयक्रममा अंग्रेज उपनिवेशवादीहरूको हस्तक्षेपले नेपाललाई अर्धऔपनिवेशिक स्थितिमा पुऱ्यायो । आज नेपाल भारतीय विस्तारवाद र साम्राज्यवादी शक्तिहरूका नव–औपनिवेशिक बन्धन, शोषण र उत्पीडनबाट तिनको अर्द्धउपनिवेश बनेको छ ।

कुटीर उद्योग, व्यापार र व्यवसायहरूको विकासले नेपाली समाजमा पुँजिवादका विरूवाहरू हुर्कँदै गएको अवस्थामा दोस्रो विश्वयुद्धताकाको विश्वव्यापी आर्थिक सङ्कटको समयमा सन् १९३० को दशकमा नेपालमा केही उद्योगधन्दाहरू सुरू गरिए । यसले नेपाली समाजमा पूँजीवादको विकासलाई थप बल प्रदान गऱ्यो । यसप्रकार नेपाली समाजले क्रमशः अर्द्धसामन्ती चरित्र ग्रहण गर्नपुग्यो । आज नेपाली समाजका सवै पक्षमा पुँजीवाद प्रवेश गरिसकेको र मुख्य रूपमा दलाल तथा नोकरशाही पूँजी र आंशिक रूपमा राष्ट्रिय पूँजीको विकास भए पनि मूलतः यो अर्द्धसामन्ती नै रहेको छ । सत्ता सञ्चालन गर्न जस्तासुकै सरकारहरू बनेका भए पनि आजसम्मको राज्यसत्ता यही अर्द्धसामन्ती तथा अर्द्ध–औपनवेशिक सामाजिक जगको नै प्रतिनिधित्व गरिरहेको छ ।

अर्द्ध–औपनिवेशिक तथा अर्धसामन्ती चरित्रको नेपाली समाज र त्यसलाई नेतृत्व गर्ने राज्यसत्तालाई समाप्त पारी मजदुर वर्गको नेतृत्वमा किसान, मजदुर, निम्नपुँजीपति वर्ग, मध्यम वर्ग, राष्ट्रिय पुँजीपतिहरू तथा देशभक्त तह र तप्काहरू सहितको ९५ प्रतिशत भन्दा धेरै, व्यापक जनताको हित प्रतिनिधित्व गर्ने जनसत्ता स्थापित गर्नु, सामन्तवादको उन्मूलन गर्दै राष्ट्रिय पुँजिको विकास गर्ने र

समाजको औद्योगीकरण गर्ने आधारमा समाजको लोकतान्त्रीकरण गर्नु, विस्तारवाद तथा साम्राज्यवादका अन्यायपूर्ण बन्धनहरूबाट मुक्त गर्दै वास्तविक अर्थमा राष्ट्रलाई स्वतन्त्र बनाउनु र समाजलाई क्रमिक रूपमा समाजवादतर्फ अघि बढाउनु नै नेपाली क्रान्तिको सारतत्त्व हो । यस सारतत्त्वलाई बोक्ने सिद्धान्त नै नयाँ जनवाद हो । यसप्रति हाम्रो पार्टी प्रतिवद्ध रहेको छ र रहनेछ ।

अरू धेरै कारणहरू भए पनि, विशेष गरी नेपालको राजनीतिक रूपमा अत्यन्त संवेदनशील एवं महत्त्वपूर्ण भू-राजनीतिक अवस्थितिले गर्दा नेपाली क्रान्तिका विशेषताहरू विशिष्ट हुन पुगेका छन् । समय-समयमा महत्त्वपूर्ण राजनीतिक क्रान्तिहरू सम्पन्न गरी जनताको चेतना र शक्तिलाई उन्नत र सङ्गठित बनाउँदै व्यापक जनताका स्वार्थहरू प्रतिनिधित्व गर्ने जनसत्ता स्थापनातर्फ क्रमिक रूपमा अघि बढ्नु नेपाली क्रान्तिको विशेषता भएको तथ्यलाई नेपालमा नयाँ जनवादी क्रान्तिको निम्ति सङ्गठित सङ्घर्ष थालिए देखिका (१० वैशाख, २००६) अन्ठाउन्न वर्षका व्यवहारले उजागर गरिसकेका गरेका छन् । २००७ सालमा राणाशाहीविरोधी पहिलो राजनीतिक क्रान्ति भयो । त्यसको समापन पहिलो 'दिल्ली सम्झौता' बाट गरिएको भए पनि त्यसले नेपालमा ठूलो अग्रगामी परिवर्तन ल्यायो । राजा महेन्द्रको २०१७ साल पुष १ गतेको प्रतिगामी कदमपश्चात् क्रमशः हुर्कंदै निर्दलीय र सामन्ती निरंकुशतन्त्रको विरूद्ध २०४६ सालमा दोस्रो राजनीतिक क्रान्ति सम्पन्न भयो । त्यसले देशमा राजतन्त्रलाई संवैधानिक बनाउँदै बहुदलीय संसदीय प्रजातन्त्रलाई स्थापित गरेको थियो । राजा ज्ञानेन्द्रले १८ आश्विन, २०५९ देखि सुरू गरेको प्रतिगमन र निरंकुशतन्त्रको विरूद्ध सुरू भएको चौथो संयुक्त ऐतिहासिक जनआन्दोलन (२०५९/०६३) ले ११ बैशाख, २०६३ को प्रारम्भिक विजय मार्फत देशमा तेश्रो राजनीतिक क्रान्तिको ढोका खोलेको छ । यो सामन्ती र केन्द्रीकृत निरंकुशतन्त्र (राजतन्त्र) विरूद्धको यस्तो राजनीतिक क्रान्ति हो, जसका उपलब्धीहरूलाई संविधानसभाले संस्थागत गर्ने छ।

यस्ता क्रान्तिहरूबाट गुज्रँदै नेपाली क्रान्ति जनसत्ता स्थापना गर्ने लक्ष्यतर्फ अघि बढिरहेको छ । वस्तुगत नियममा आधारित नेपाली क्रान्तिको यस विशिष्ट विशेषतालाई आजसम्मका व्यवहारले प्रमाणित गरिसकेका छन् । तेश्रो राजनीतिक क्रान्तिपछि पनि नेपाली समाज निरन्तर रूपमा जनसत्ता स्थापनाको लक्ष्यतर्फ राजनीतिक सङ्घर्षमार्फत् अघि बढिरहनेछ । यो एउटा दुर्दमनीय वस्तुगत नियम हो । यही नयाँ जनवादी सिद्धान्तको मार्गदर्शन पनि हो।

२.३. **संविधानसभा र तेस्रो राजनीतिक क्रान्ति :** अर्द्धऔपनिवेशिक तथा अर्द्धसामन्ती समाज र त्यसलाई प्रतिनिधित्व गर्ने राज्यसत्तालाई समाप्त गर्दै समाजवादोन्मुख जनसत्ता अर्थात् जनताको गणतन्त्र स्थापना गर्नु नेपाली जनक्रान्तिको पहिलो चरण हो । सामान्यतया संविधानसभा वा लोकतान्त्रिक गणतन्त्र यस्ता जनक्रान्तिका उपचरणको रूपमा आउने विषय नभए पनि विशिष्ट कारणहरूले गर्दा तिनीहरू नेपाली क्रान्तिको उपचरणको रूपमा देखापरेका छन् । यसका कारणहरू यहाँ चर्चा नगरिए पनि यति त भन्नै पर्दछ कि नेकपा (माओवादी) ले उग्रवामपन्थी कार्यदिशा लिई जनगणतन्त्र स्थापना गर्नको निम्ति सुरू गरेको सशस्त्र सङ्घर्षले वर्तमान अन्तर्राष्ट्रिय परिवेशमा लक्ष्य प्राप्त गर्न असफल भएपछि राजा ज्ञानेन्द्रको प्रतिगमन तथा निरंकुशतन्त्रविरूद्ध सङ्घर्ष गर्ने सातदलीय गठबन्धनका प्रमुख दलहरू (नेका एवं नेकपा एमाले) र जनयुद्धको रणनीति एवं जनसेना परित्याग गर्ने गरी जनआन्दोलनमा आउन तयार माओवादी पार्टीबीच भारतीय शासकहरूको पहलकदमीमा ७ मंसीर, २०६२ मा दिल्लीमा भएको १२ बुँदे सम्झौताको आधारमा भएको संयुक्त जनआन्दोलनबाट राष्ट्रिय कार्यसूचीको रूपमा देशमा संविधानसभा स्थापित भएको छ । यसप्रकार स्थापित संविधानसभामार्फत गणतान्त्रिक लोकतन्त्र स्थापना गर्ने तेस्रो राजनीतिक क्रान्ति अझै पनि अत्यन्त जटील र विविध समस्याहरूबाट ग्रस्त रहेको छ । यी जटीलता र समस्याहरूलाई सफलताका साथ छिचोल्दै प्रगतिशील गणतान्त्रिक लोकतन्त्र र नेपाल सुहाउँदो सङ्घीय ढाँचाका साथ नेपाली समाजमा अग्रगामी परिवर्तन तथा दीगो शान्ति ल्याउनु र राष्ट्रिय स्वतन्त्रतालाई सबल बनाउनु देशभक्त परिवर्तनकामी नेपाली जनता सामु रहेको गम्भीर चुनौती हो।

३. राज्यको लोकतान्त्रिक पुनर्सरचना

वास्तवमा तेस्रो राजनीतिक क्रान्तिले गर्ने तमाम कार्यहरूको गुदी कुरा भनेकै विद्यमान राज्यको लोकतान्त्रिक पुनःसंरचना हो । राज्य (State) भनेकै निश्चित वर्ग वा वर्गसमूहको स्वार्थ रक्षा गर्ने राजनीतिक संरचना हो । त्यसको केन्द्रीय भागमा निश्चित वर्ग / वर्गहरूको राजनीति सत्ता र त्यसको रक्षा गर्ने सुरक्षा अङ्गहरू रहेका हुन्छन् । सत्ता सञ्चालन गर्ने कार्यपालिका (सरकार) लाई कानुन बनाइदिने व्यवस्थापिका (संसद) र राजनीतिक सत्ताको रक्षा गर्दै समाजमा न्याय प्रदान गर्ने न्यायपालिका त्यस केन्द्रको वरिपरि रहेका हुन्छन् । वर्गीयताका साथसाथै राज्यका अन्य विशेषताहरू पनि हुन्छन् र त्यो निश्चित संरचना (ढाँचा)मा अवस्थित रहेको हुन्छ । यसका साथै राज्य निश्चित सामाजिक तथा आर्थिक आधारमा खडा भएको हुन्छ । वर्तमान राजनीतिक क्रान्तिले राज्यका यी तमाम पक्षहरूलाई लोकतान्त्रिक चरित्र प्रदान गर्ने गरी पुनःसंरचना गर्ने उद्देश्य लिएको छ । बर्तमान राज्यका चरित्रहरूलाई नबुझी त्यसको लोकतान्त्रिक पुनःसंरचनाबारे सही दृष्टिकोण अपनाउन कठीन हुने हुनाले यहाँ संक्षेपमै भए पनि त्यसको केही चर्चा गरिंदैछ ।

वर्तमान राज्य सामन्ती र राजतन्त्रात्मक छ । राजतन्त्र र त्यसको नेतृत्वमा रहेको सामन्ती सत्तालाई रक्षा गर्ने उद्देश्य भएका सुरक्षा निकायहरूको गठन गरिएको छ । राज्यको राजनीतिक संरचना (ढाँचा) केन्द्रीकृत र एकात्मक रहेको छ । यो राज्य हिन्दुधर्म सापेक्ष छ । यसमा निश्चित जाती (खस जाती) का अभिजातहरू र तिनका सहयोगी समर्थकहरूको पकड रहेको छ । यो पितृसत्तात्मक हुनुको साथै जातीय तथा क्षेत्रीय ढंगले समेत विभेदकारी पनि रहेको छ । यसको प्रत्यक्ष सिकार महिलाहरू, तराईका मधेशी नेपालीहरू र कर्णालीलगायत पिछडिएको क्षेत्र तथा अन्य क्षेत्रका आदिवासी जनजाती नेपालीहरू बनेका छन् । यो मनुवादी वर्णव्यवस्थाको पक्षधरसमेत रहेको छ, जसबाट दशौं लाख दलितहरू विभेदका सिकार र शोषित-पीडित बनेका छन् । पहिलो राजनीतिक क्रान्ति (२००७) पश्चात् समयक्रममा देशको सामाजिक-आर्थिक अवस्थामा केही सुधारहरू गरिएका भए पनि दोस्रो राजनीतिक क्रान्ति (२०४६) पश्चात् त्यसमा उल्लेख्य सकारात्मक सुधार गरिएको छैन । चौंथो संयुक्त जनआन्दोलन (०५९-०६३) बाट अग्रगामी परिवर्तन निम्तिको संक्रमण (११ वैशाख २०६३) बाट सुरू भैसक्दा पनि २०४६ मा विद्यमान सामाजिक-आर्थिक अवस्था यथावत नै रहेको छ, जसबाट व्यापक जनसमुदायहरू शोषित-पीडित बनेका छन् ।

तेस्रो राजनीतिक क्रान्तिले राज्यका उपर्युक्त सबै पक्षहरूमा जनपक्षीय परिवर्तन ल्याउने उद्देश्य लिएको छ । संविधानसभाबाट निर्माण गरिने नयाँ संविधानले तिनै प्रगतिशील परिवर्तनहरूलाई संस्थागत गर्नेछ । संविधानसभाबाट नयाँ संविधान निर्माण गर्दा नेकपा (माले) राज्यका उपर्युक्त पहलहरूमा प्रगतिशील परिवर्तन ल्याउन निम्न अडान लिएर काम गर्ने सार्वजनिक घोषणा गर्दछ । यसका साथै नेकपा (माले) यो पनि घोषणा गर्न चाहन्छ कि हालका प्रगतिशील परिवर्तनहरूलाई देशका वामपन्थी तथा पुँजीवादी लोकतान्त्रिक राजनीतिक दल तथा शक्तिहरूको सहमतिमा मात्र संविधानमा संस्थागत गर्न सकिने हुनाले त्यसको निम्ति पार्टी स्वीकार्य स्तरसम्मको लचक अपनाउन समेत तयार रहने छ ।

४. प्रगतिशील गणतान्त्रिक लोकतन्त्र

नेकपा (माले) को सिद्धान्त र रणनीतिक लक्ष्य सामन्ती राजतन्त्रलाई उन्मूलन गर्दै मजदुर किसान-सहितका व्यापक जनताका हीतको प्रतिनिधित्व गर्ने जनगणतन्त्र स्थापना गर्नु हो । यो सिद्धान्त र लक्ष्यमा कायम रहँदै पार्टीले १५, वैशाख, २०६३ देखिनै संविधानसभाबाट राजतन्त्रलाई उन्मूलन गर्दै जनपक्षीय प्रगतिशील लोकतान्त्रिक (पुँजीवादी) गणतन्त्र स्थापना गर्ने कार्यनीति लिइसकेको छ । यस कार्यनीतिलाई लागू गर्न नेकपा (माले) निम्न नीतिहरूको पक्षमा प्रतिवद्धता व्यक्त गर्दछ । यी काम गर्नु राज्यको लोकतान्त्रिक पुनःसंरचनाको पहिलो र निर्णायक विषय हो ।

४.१ **राजतन्त्रको उन्मूलन :** ऐतिहासिक जनआन्दोलनमार्फत नेपाली जनता सार्वभौमसत्ता सम्पन्न नागरिक बनेका छन् । संविधानसभाका निर्वाचित सदस्यहरूले जनताको सार्वभौमसत्ताको प्रतिनिधित्व गर्दछन् । नेकपा (माले) का संविधानसभा सदस्यहरूले संविधानसभाको बैठकमा राजतन्त्रको उन्मूलन गर्दै लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने पक्षमा मतदान गर्नेछन् ।

४.२ **राष्ट्रप्रमुख-निर्वाचित राष्ट्रपति :** नयाँ संविधानमा निर्वाचित राष्ट्रपति राष्ट्रप्रमुख र सेनाको परमाधिपति रहने छन् ।

४.३ **राष्ट्रपतिको निर्वाचन :** प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्रपतिको निर्वाचन गर्नेछन् । यसप्रकार कुनै पनि योग्य नेपाली नागरिक लगातार २ पटकसम्म मात्र राष्ट्रपति पदमा निर्वाचित हुन पाउनेछन् । निर्वाचित राष्ट्रपतिको एकपटकको कार्यावधि पाँच वर्षको हुनेछ ।

४.४ **सरकारको कार्यकारी प्रमुख :** वालिग मताधिकारको आधारमा सिंगो देशबाट प्रत्यक्ष रूपमा निर्वाचित हुने नेपाली नागरिक प्रधानमन्त्रीको रूपमा सरकारका कार्यकारी प्रमुख हुनेछन् । कुनै पनि योग्य नेपाली नागरिक लगातार दुई पटकसम्म मात्र यस पदमा निर्वाचित हुन पाउनेछन् । यसप्रकार प्रत्यक्ष रूपमा निर्वाचित प्रधानमन्त्रीले संसद-सदस्यहरूबाट मात्र नभई बाहिरबाट समेत योग्य नेपाली नागरिकहरूलाई लिई मन्त्रीपरिषद्को गठन र सञ्चालन गर्न सक्नेछन् । निर्वाचित प्रधानमन्त्रीको एक पटकको कार्यावधि पाँच वर्षको हुनेछ ।

४.५ **प्रगतिशील गणतान्त्रिक लोकतन्त्र :** यो राष्ट्रिय राजनीतिबाट राजतन्त्र वा राजसंस्था उन्मूलन भएको अवस्थामा समाजबाट विकसित हुने पुँजीवादी चरित्रको जनमुखी (प्रगतिशील) लोकतन्त्र हो । यसमा राजनीतिक दलहरू निर्वाध रूपमा खुल्न पाउँछन् । देशमा जनताका नागरिक अधिकार, मौलिक जनतान्त्रिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचनको व्यवस्था, संचार माध्यमको स्वतन्त्रता, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीच हुनुपर्ने शक्ति पृथक्कीकरण, न्यायालय तथा प्रेसको स्वतन्त्रता, देशभित्र निर्वाध आवागमन, वसोवास र व्यवसाय गर्ने अधिकार, निजी सम्पत्ति राख्ने, भोगचलन र किनबेच गर्ने अधिकार, सबै प्रकारका भेदभावविरोधी अधिकार, नारीसमानताको अधिकारका साथै समाजका राजनीतिक, निजामति, सुरक्षा लगायत सबै निकायहरूलाई जातजाति र क्षेत्रका हिसाबले समावेशी बनाउने नीतिका कार्यान्वयनको प्रत्याभूति हुनेछ ।

४.५.१ देशमा बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्था रहनेछ । संविधानसभा मार्फत देश सङ्घीय संरचनामा जाने हुनाले सोहीबमोजिम केन्द्रीय र प्रादेशिक व्यवस्थापिकाहरू गठन हुनेछन् ।

४.५.२ केन्द्रमा दुईसदनात्मक संसद रहनेछ । वालिग मताधिकारको आधारमा आवधिक आमचुनावबाट निर्वाचित जनप्रतिनिधि रहने तल्लो सदन-प्रतिनिधिसभा रहने छ । प्रतिनिधिसभा सदस्यहरूको उपयुक्त संख्याको निर्धारण जनसंख्या, भौगोलिक क्षेत्रहरू र सङ्घीय इकाइहरूको न्यायोचित प्रतिनिधित्व हुने गरी गरिनेछ । निर्वाचित प्रतिनिधिसभाको कार्यावधि ५ वर्षको रहनेछ ।

४.५.३ प्रतिनिधिसभा सदस्यहरूको चुनावको लागि गरिने आमचुनावमा **मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली** (Mixed Member Proportional Representation-MMPR) अपनाइनेछ । यसमा आधा उम्मेदवार बहुमतीय प्रणालीबाट र अर्को आधा उम्मेदवार दलीय समानुपातिक सूचीबाट निर्वाचित हुनेछन् । यसको समानुपातिक निर्वाचनका उम्मेदवारहरूको बन्दसूची कानुनले तोकेको समूहगत प्रतिशत अनुसार दलहरूले तयार गर्नेछन् । यसप्रकार निर्वाचित संस्थाहरूलाई सबै जातजाती, दलित, महिला, अपाङ्ग र तराईका मधेशी, हिमाली तथा पहाडी क्षेत्रका जनजाती आदिवासीहरूको समावेशी बनाइने छ । यस निर्वाचनमा प्रतिनिधिसभाका सदस्यहरूको निम्ति आवश्यक पर्ने गरी देशमा निश्चित निर्वाचनक्षेत्र कायम गरिनेछ । प्रतिनिधिसभामा पक्ष र विपक्षको व्यवस्था हुनेछ ।

४.५.४ देशका विभिन्न जातजातीका र अल्पसंख्यक समुदायका प्रतिनिधिहरू, राष्ट्रका विशिष्ट व्यक्तित्वहरू र विशेषज्ञहरू सदस्य हुने प्रतिनिधिसभाभन्दा कम सदस्य भएको माथिल्लो सदनको रूपमा राष्ट्रिय सभा रहनेछ ।

४.५.५ राष्ट्रिय सभाका सदस्यहरूको निर्वाचन प्रतिनिधिसभा र प्रादेशिक विधायिकका सदस्यहरूद्वारा एकल संक्रमणीय निर्वाचन पद्धतिअनुसार गरिनेछ । कुल सदस्य संख्याका ५ प्रतिशत सदस्यहरू सरकारले माथि तोकिएका समूहहरूमध्येबाट मनोनित गर्न पाउनेछ ।

४.५.६ सङ्घीय प्रदेशहरूमा एकसदनात्मक विधायिका रहनेछ । जनसंख्या र भौगोलिक क्षेत्रको न्यायोचित सन्तुलित प्रतिनिधित्वको आधारमा प्रादेशिक विधायिकाका उपयुक्त सदस्यहरूको संख्या तोकिनेछ । विधायकहरूको निर्वाचनको निम्ति मिश्रित सदस्य समानुपातिक निर्वाचन-प्रणाली अपनाइने छ । विधायकहरूको संख्या र निर्वाचन प्रणालीको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनेछ ।

४.५.७ विधायिकामा रहेका एक वा बढी दलका बहुमत विधायकहरूले प्रान्तीय सरकार-प्रमुख चयन गर्नेछन्। उनले विधायकहरू मध्येबाट छरितो र कार्यसक्षम प्रान्तीय मन्त्रीमण्डल गठन गर्नेछन्। विधायिकामा बहुमत-सदस्यहरूको सरकार पक्ष, र अल्पमत विधायकहरूको प्रतिपक्ष रहनेछ ।

४.५.८ स्वतन्त्र न्यायालयहरू रहनेछन् । केन्द्रीय सर्वोच्च अदालत र प्रादेशिक उच्च न्यायालयहरू रहनेछन् । यिनीहरूको बीचमा कार्यक्षेत्र र अधिकारको उपयुक्त बाँडफाँड गरिनेछ । सर्वोच्च अदालतका न्यायाधीशहरूले संसदीय सुनुवाईबाट गुज्रनु पर्नेछ । यही नियम प्रादेशिक उच्च न्यायालयका न्यायाधीशहरूबारे पनि लागू हुनेछ । प्रादेशिक उच्च न्यायालय मुनी जिल्ला-अदालतहरू रहनेछन् । अदालतमा जुरीको व्यवस्था राखिनेछ । बालबालिकाहरू, महिलाहरू श्रमिकहरू ज्येष्ठ नागरिकहरू, असक्त, अपाङ्ग र तेस्रोलिङ्गीहरूको हीत रक्षा गर्न न्यायालयमा विशेष व्यवस्था गरिनेछ । न्याय-सम्पादनलाई छिटो छरितो तुलाउन र न्यायको आधारमा समाजको मेलमिलाप अघि बढाउन न्यायिक मेलमिलाप केन्द्रहरूको व्यवस्था पनि गरिनेछ ।

५. नेपाल सुहाउँदो संघीय ढाँचा

राज्यको ढाँचामा परिवर्तन गर्ने काम राज्यको लोकतान्त्रिक पुनःसंरचनाको एउटा महत्त्वपूर्ण विषय हो । पार्टीले आजसम्म देशमा विद्यमान सामन्ती केन्द्रीकृत एकात्मक राजनीतिक ढाँचालाई संविधानसभाबाट अन्त्य गर्दै नेपालका विशेषता अनुरूपको सङ्घीय ढाँचाको निर्माण गर्ने र स्थानीय स्वशासनको परिपाटी अपनाउने निर्णय गरिसकेको छ । यस निर्णयलाई कार्यान्वयन गर्नको निम्ति नेकपा (माले) निम्न दृष्टिकोण र नीति साथ अघि बढ्ने प्रतिबद्धता जनाउँछ :

५.१ **प्रदेश-विभाजनका आधारहरू :** निश्चित आवेगमा आएर वा निश्चित आग्रहको वशिभूत भएर वा अरूको अन्धो देखासिकी गरेर वा परिणामको आँकलन नगरी किताबी सिद्धान्तहरूको नक्कल उतारेर वा विदेशी विशेषज्ञ वा नेताहरूका भनाइको प्रभाव वा दवाव स्वीकार गरेर होइन, हामी नेपालीहरूले हाम्रो विगतको राज्यढाँचाका राम्रा-नराम्रा पक्षहरूलाई राम्ररी पर्गेल्दै, हाम्रो देशका सबै विशिष्टताहरू-माथि ध्यान पुऱ्याउँदै, हाम्रा सबल र दुर्बल पक्षहरूलाई केलाउँदै, सबै पक्षबाट विचार गर्दै, हाम्रो निर्णयले ल्याउने परिणामहरूको पनि आँकलन गर्दै संविधानसभाबाट हामीले प्रदेश विभाजन गर्ने निर्णय लिनुपर्छ । यसको निम्ति पहिले राष्ट्रव्यापी वहश चलाउँदै प्रदेश विभाजनका वैज्ञानिक मापदण्डहरू निश्चित गरिनेछ र तिनका आधारमा प्रदेशहरूको गठन गरिनेछ । अन्तरिम संविधानले आवश्यक सबै विषयहरूका विशेषज्ञहरू राखी **'राज्य पुनःसंरचना आयोग'** गठन गर्ने व्यवस्था गरेको छ । त्यसको अविलम्ब गठन हुनुपर्छ । त्यस आयोगले सोची-विचारी अघि सार्ने मापदण्डहरू समेत राष्ट्रिय वहसमा जानुपर्छ । यस सम्बन्धमा नेकपा (माले) निम्न मापदण्डहरू अघि सार्छ ।

५.१.१ हाम्रा प्रदेशहरू जातीय, भाषिक, सांस्कृतिक एवं भौगोलिक विविधतायुक्त हुनुपर्छ । यहाँ उल्लिखित कुनै एक विषयको आधारमा मात्र कुनै पनि प्रदेशको निर्माण गर्नु राष्ट्रिय विशेषताको प्रतिकुल र गलत हुनेछ । देशचाहिँ विविधतायुक्त हुनु र प्रदेशहरूचाहिँ सपाट, सादा वा एकरङ्गे बन्नु वस्तुस्थितिसँग मेल नखाने कुरा हो । जातीय सम्मिश्रण र सहिष्णुता नेपालको गर्विलो सम्पत्ति हो । प्रदेशविभाजन गर्दा यसलाई सम्मान गरिनेछ ।

५.१.२ नेपाल भौगोलिक तथा राजनीतिक रूपले दुई जोडी शक्ति राष्ट्रहरू (भारत र चीन तथा चीन र अमेरिका) को बीचमा अवस्थित छ । भौगोलिक रूपमा हामी चीन र भारतका बीचमा छौं । उनीहरू एशियाका ठूला शक्तिशाली प्रतिस्पर्धी एवं विपरीत चरित्रका राजनीतिक-सामाजिक व्यवस्था भएका मुलुक हुन् । अतः हाम्रो भूराजनीतिक अवस्थिति अत्यन्त संवेदनशील छ । यस्तो स्थितिमा हाम्रो देशको स्थिरता, सुरक्षा एवं सन्तुलित विकासलाई समेत दृष्टिगत गर्दै र हिमाली क्षेत्र एवं तराईलाई समेट्दै मुलुकको स्थितिअनुकूल प्रान्तहरूको विभाजन गरिनेछ ।

५.१.३ हाम्रा प्रमुख प्राकृतिक साधन-स्रोत भनेका भूमि, जङ्गल, खानी, नदीनाला, हिमश्रृङ्खला, जडिबुटी, जैविक विविधता, पर्यटनका सम्भाव्यताहरू आदि हुन् । प्रदेश विभाजन गर्दा यस्ता प्राकृतिक साधन-स्रोतहरूको न्यायोचित र सन्तुलित भागबण्डामाथि पनि ध्यान पुर्‍याइनेछ ।

५.१.४ प्रदेश विभाजन गर्दा जातजाती, भाषा एवं संस्कृतिगत एकरूपता, मिल्दोजुल्दो ऐतिहासिक पृष्ठभूमि र भौगोलिक अनुकूलताहरूमाथि ध्यान पुर्‍याइनेछ ।

५.१.५ निर्माण गरिने प्रदेश साधनस्रोत, उत्पादन, राजश्व आदिबाट आर्थिक रूपले टिकाउ हुनसक्ने, नसक्ने विषयलाई अत्यन्त महत्त्व दिएर हेर्नुपर्छ । सङ्घीय प्रदेशहरू बनाएपछि प्रशासनिक खर्च धेरै नै बढ्नेछ र बढेको खर्च धान्ने विषयलाई गम्भीरताकासाथ लिनुपर्छ । यसप्रकार आर्थिक दीगोपनालाई सङ्घीय प्रदेश विभाजनको एक प्रमुख मापदण्डको रूपमा लिइनेछ ।

५.१.६ जातीय वा भाषिक आधारमा प्रदेशहरू बन्न नसके पनि प्रदेशहरूभित्र जातीगत वा भाषागत वहुलता (५५ देखि ६० प्रतिशत) को आधारमा र अत्यन्त अल्पसंख्यक वा लोपोन्मुख समुदायको पहिचान रक्षाको निमित्त निश्चित भूभागमा जातीय वा भाषिक स्वायत्त ईकाईहरूको गठन गर्ने संवैधानिक व्यवस्था गर्नुपर्छ । प्रदेशभित्र विद्यमान जातिहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ ।

५.२ उपयुक्त मापदण्डहरूको आधारमा केन्द्रीय राजधानी रहने केन्द्र शासित प्रदेशसहित ५ देखि ७ वटासम्म प्रदेशहरू गठन गर्न सकिनेछ । थारू, मैथिलीभाषी, भोजपुरीभाषी तथा अवधिभाषी समुदायहरू, लिम्बु, राई, तामाङ्ग, मगर, नेवार, गुरूङ्ग, मुसलमान अन्य अल्पसंख्यक जनसमुदायहरूका लागि ऐतिहासिक स्थलहरूमा वा बहुमत बसोबासका आधारमा उपयुक्त भौगोलिक आकारका स्वायत्त ईकाईहरू प्रदेशहरूभित्र गठन गरिनेछन् । कुसुण्डा, राउटे, जिरेल, थामी, चेपाङ, ह्याल्मू, लेप्चा, कोच, हायू आदि जस्ता लोपोन्मुख अल्पसंख्यक जातीको लागि निजहरूको मुख्य बसोवास स्थलमा साना स्वायत्त इकाइहरू गठन गरिनेछन् ।

५.३ बलियो केन्द्र रहेको सङ्घीय संरचना नेपालको लागि उपयुक्त हुनेछ । केन्द्रले प्रान्तमा गभर्नर नियुक्त गर्नेछ । निश्चित आधारमा केन्द्रले प्रादेशिक सरकार विघटन गरी निश्चित अवधिका लागि राष्ट्रपति शासन लागू गर्ने प्रावधान राखिने छ ।

५.४ केन्द्र र प्रदेशबीच अधिकारको विभाजन गरिनेछ । रक्षा, परराष्ट्रसम्बन्ध, अर्थ, मौद्रिक नीति, केन्द्रीय बैङ्क, केन्द्रीय विद्यालय तथा विश्वविद्यालयहरू, केन्द्रीय अस्पताल, ठूला उद्योग-धन्दाहरू, ठूला जलविद्युत् योजनाहरू, राष्ट्रिय राजमार्गहरू, राष्ट्रिय हवाई सेवा, केन्द्रीय हुलाक, दूरसञ्चार, रेडियो, केन्द्रीय सशस्त्र प्रहरी आदि केन्द्र सरकारको मातहत हुनेछन् ।

५.५ प्रादेशिक तथा स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य-सेवा, स्वायत्त इकाईहरूको सम्बन्धन, प्रादेशिक एवं स्थानीय यातायात परिवहन, स्थानीय साधन-स्रोतहरूको व्यवस्थापन, प्रादेशिक एवं स्थानीय योजना, विकास-निर्माण आदि कार्य प्रदेशहरूका अधिकारक्षेत्रमा रहनेछन् ।

५.६ संविधानले प्रदान गरेका अधिकारहरू कार्यान्वयन गर्न सङ्घीय प्रदेशहरू स्वायत्त रहनेछन् ।

५.७ देशको एउटै नागरिकता सबै प्रदेशहरूमा मान्य साझा नागरिकता हुनेछ र यसको नियमन केन्द्रीय सरकारले गर्नेछ ।

५.८ नेपालका सबै नागरिकहरूलाई देशको कुनै पनि सङ्घीय प्रदेशमा आइजाइ गर्ने, बसोबास गर्ने र सम्पत्ति भोगचलन गर्ने अकुण्ठित अधिकार रहनेछ ।

५.९ सङ्घीय प्रदेशका सबै राजनीतिक निकायहरू संवैधानिक र कानुनी प्रावधानहरू अनुरूप जातजाती, लिङ्ग र क्षेत्रको प्रसङ्गमा समावेशी चरित्रका हुनेछन् ।

५.१० प्रदेशहरूका आफ्नै लोकसेवा आयोग, प्रहरीसेवा, न्यायसेवा, वैंक, उद्योगधन्धाहरू, विश्वविद्यालयहरू, अस्पताल, आदि हुनेछन् ।

५.११ जातीगत वा भाषागत स्वायत्त इकाईहरू माथिं प्रान्तीय सरकार हुनेछ । तर त्यस्ता इकाईहरू संविधान-द्वारा प्रदत्त अधिकारहरूको आधारमा स्वायत्त रहनेछन् । स्वायत्त इकाईका राजनीतिक संस्थाहरू समावेशी चरित्रका हुनेछन् । तिनमा वसोवास गर्ने अन्य जातजाती समुदायका जनताका हित संविधान र कानुनद्वारा रक्षा गरिनेछन् ।

६. सुरक्षा क्षेत्रको सुधार

सुरक्षा क्षेत्र विशेषगरी राष्ट्रिय सेना र सशस्त्र प्रहरी एवं नेपाल प्रहरी सेवामा सुधार गर्नु लोकतान्त्रिक राज्य पुनःसंरचनाको अर्को महत्त्वपूर्ण विषय हो । किनकि सुरक्षा निकाय नै राज्यको आधार स्तम्भ हो ।

६.१ नेपाली राष्ट्रिय सेना नेपाल सरकारको मातहत रहनेछ र उसले त्यसकै राजनीतिक निर्णयअनुसार कार्य गर्नेछ ।

६.२ नेपालको राष्ट्रिय सेना लामो इतिहास भएको सेना हो । यो नेपालका विभिन्न जातजातिहरूका नेपालीहरू सम्मिलित रहेको समावेशी चरित्रको सेना हो । यद्यपि यसको समावेशीकरण अपूर्ण रहेको छ । यसमा तराईका मधेसी नेपालीहरूको सहभागिता न्यून रहेको छ ।

६.३ नेपालको राष्ट्रिय सेनामा अनेकौ गम्भीर कमजोरी र दोषहरू समेत रहेका छन् । एउटा ठूलो दोष ऐतिहासिक कारणले गर्दा त्यसमा रहेको राजतन्त्रप्रतिको बफादारी हो । लोकतान्त्रिक कालमा निश्चित व्यक्ति र वंशप्रति बफादारी राख्ने त्यो ऐतिहासिक दोषलाई हटाउँदै सेनामा राष्ट्रको स्वतन्त्रता एवं सार्वभौमसत्ता, निर्वाचित सरकार, लोकतान्त्रिक पद्धति र नेपाली जनताप्रति समर्पित हुने चरित्रको विकास गरिनेछ ।

६.४ सेनामा व्यापक मात्रामा सामन्ती व्यवहार, कमाण्ड र व्यवस्था रहिआएका छन् । अफिसर र जवानहरूबीचको सम्बन्धमा, उनीहरूको खानपीन र बसोबासको व्यवस्थामा, सेना र सशस्त्र प्रहरी र नेपाल प्रहरीबीचको सम्बन्धमा, सेनाकै अलग-अलग पल्टन र विभागबीचको सम्बन्धमा हुने व्यवहारमा यो दोष देखिन्छ । निरंकुश परिपाटीमा हुर्कँदै आएको नेपाली सेनामा लोकतान्त्रिक व्यवहार, लोकतान्त्रिक पद्धति र मानवअधिकारलाई सम्मान गर्ने गरी सुधार गरिनेछ ।

६.५ सेनामा दण्ड र पुरस्कारको परिपाटीलाई कडाईका साथ लागू गरिनेछ । विगतमा गल्ति गर्ने सेनाका अफिसर र जवानहरूलाई प्रकृयामुताविक दण्डित गरिनेछ ।

६.६ सेनामा तराईका मधेसी नेपालीहरूलाई व्यक्तिगत योग्यता र क्षमताको आधारमा भर्ना लिई समावेशीकरणलाई अगाडि बढाइनेछ ।

६.७ नेपाली सेनालाई अझ बढी राष्ट्रिय, आधुनिक, अनुशासित, सक्षम, राष्ट्रिय स्वतन्त्रता एवं लोकतान्त्रिक पद्धतिको रक्षक जनसेवी व्यावसायिक सेनामा विकास गरिनेछ । यसको संख्या राष्ट्रिय सहमतिको आधारमा अहिलेको संख्याको आसपास कायम राखिनेछ । यसलाई शान्तिकालमा देशको विकास–निर्माणको काममा सामेल गरिनेछ ।

६.८ सेनाका सबै खाले आर्थिक कारोबारहरूलाई व्यवस्थित लेखामा राखी पारदर्शी बनाइनेछ ।

६.९ सीमा सुरक्षाबल खडा गरी नेपालको अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा गरिनेछ ।

७. लोकतान्त्रिक समावेशीकरण

नेपालको राज्य विशेषगरी खसजातिका अभिजातहरू र उनीहरूका विश्वासपात्र एवं सहयोगीहरूको पकडमा रहेको र त्यो पितृसत्तावादी एवं मनुवादी वर्णव्यवस्थाबाट प्रभावितसमेत रहेको छ । यस कारणले गर्दा राजनीतिक दल, निजामती एवं जङ्गी सेवा र समाजका अन्य निकायहरूमा समेत खासखास जनसमुदायहरू र क्षेत्र (तराई, कर्णाली क्षेत्र, हिमाली क्षेत्र) का मानिसहरूको, महिलाहरू, तथा दलितहरूको सहभागिता न्यून रहेको छ । यस्तो स्थितिलाई समाप्त पार्नको निम्ति ती सबै निकायहरूमा उपर्युक्त असमावेशी जातजाति एवं क्षेत्रका जनसमुदायहरू र महिलाहरूको सहभागिता बढाउने समावेशी प्रणाली कायम गरिनेछ । यो राज्यको लोकतान्त्रिक पुनःसंरचनाको अर्को महत्त्वपूर्ण पक्ष हो ।

७.१ सङ्घीय ढाँचा र जातीय एवं भाषिक बहुलताको आधारमा स्वायत्त इकाईहरूको गठन गर्नु लोकतान्त्रिक समावेशीकरणको महत्त्वपूर्ण अङ्ग हुनेछ ।

७.२ प्रतिनिधिसभाको आम–चुनाव र प्रादेशिक विधायिकाको प्रादेशिक चुनावमा मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली लागू गर्नु, यस प्रणालीको समानुपातिक निर्वाचनमा निर्धारित जातजाति, दलित, महिला र विभेदका सिकार भएका समूहहरूका जनसंख्याको अनुपातमा समूहगत प्रतिशतको आधारमा उम्मेदवारहरूको बन्दसूची तयार गर्नु र बहुमतीय प्रणालीमा पनि जातजाति, क्षेत्र र महिलाहरूलाई सहभागी गराउने नीतिलाई बढ्दो मात्रामा लागु गर्नु लोकतान्त्रिक समावेशीकरणको महत्त्वपूर्ण विषय हुनेछ । समानुपातिक प्रणालीमा ५० प्रतिशत र बढिमतीयमा महिलाको सहभागीता बढाई महिलाहरूको ३३ प्रतिशत प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।

७.३ निजामति सेवा, प्रहरी र सेनामा समेत लोपोन्मुख र अल्पसंख्यक समुदायहरू, पछौटे क्षेत्रका नेपालीहरूको निम्ति आरक्षणको अधिकार सुनिश्चित गरिनेछ । अपाङ्गहरू, तेस्रो लिङ्गीहरू र भेदभावका सिकार जनसमुदायको निम्ति पनि विशेषाधिकारको व्यवस्था गरिनेछ ।

७.४ शिक्षा, स्वास्थ्य सेवा, रोजगारीलगायत विभिन्न पक्षमा 'दलित', महिला, मधेसी, कर्णाली एवं अन्य पछौटे क्षेत्रका जनसमुदायहरू, अपाङ्ग, भेदभावका सिकार बनेका वादीजस्ता समुदायहरू, अल्पसंख्यक जाति–समुदायहरूलाई पनि आरक्षणको व्यवस्था गरिनेछ ।

७.५ भेदभाववोधक दलितको अवधारणालाई समाप्त गर्दै 'जातीय उत्थान राष्ट्रिय आयोग' गठन गरिनेछ ।

८. स्वतन्त्रता एवं समानता :

समाजमा विद्यमान भाषिक, धार्मिक, सांस्कृतिक, जातपातीय, क्षेत्रीय एवं लिङ्गीय भेदभाव, उत्पीडन र असमानतालाई हटाउँदै स्वतन्त्रता र समानता कायम गर्नु राज्यको लोकतान्त्रिक पुनःसंरचनाको महत्त्वपूर्ण विषय हो । यी काम गर्दै पीडित वर्ग र समुदायहरूको उत्थान गर्न नेकपा (माले) ले निम्नबमोजिमका नीतिहरूलाई कार्यान्वयन गर्नेछ ।

८.१ नेपाली नागरिकहरूका सवै मातृभाषाहरू नेपालका समान राष्ट्रिय भाषा हुन् ।

८.१.१ भाषिक विभेदलाई अन्त्य गर्दै सबै राष्ट्रिय भाषाहरूप्रति समान व्यवहार गरिनेछ । नेपाल प्रज्ञा प्रतिष्ठानमा 'केन्द्रीय भाषा विभाग' खोलिने छ । यसले सबै राष्ट्रिय भाषाहरूलाई विद्यमान स्तरबाट अगाडि बढाउन आवश्यक कार्य गर्ने छ ।

८.१.२ भाषाविज्ञान र वस्तुगत आधारमा राष्ट्रिय भाषाहरूको वर्गीकरण गरिनेछ र आवश्यक विकासस्तर प्राप्त गरिसकेका सबै राष्ट्रिय भाषाहरूलाई सरकारी काममा प्रयोग गर्न सकिने नीति लिइने छ ।

८.१.३ नेपाली भाषालाई नेपालको मुख्य सरकारी र माध्यम भाषाको रूपमा लिइनेछ । प्रादेशिक सरकारहरूले नेपाली भाषाको साथसाथै निश्चित सक्षम भाषालाई आफ्नो काममा प्रयोग गर्ने नीति लिन सक्नेछन् ।

८.१.४ प्रत्येक नेपाली नागरिकलाई देशको कुनै पनि स्थान र निकायमा आफ्नो मातृभाषामा अभिव्यक्ति दिने अधिकार रहनेछ ।

८.१.५ नेपाली भाषाका साथसाथै देशका अन्य सबै सक्षम राष्ट्रिय भाषालाई शिक्षाको माध्यम बनाउने नीति लिइनेछ । विभिन्न राष्ट्रिय भाषाहरूलाई क्रमशः उच्चस्तरीय शिक्षाको माध्यम बनाउँदै लगिनेछ ।

८.१.६ स्थानीयस्तरबाट सुरू गर्दै प्रादेशिक र केन्द्रीय तहमा सवै राष्ट्रिय भाषाहरूको अध्ययन र अध्यापन गर्ने व्यवस्था गरिने छ र त्यसको स्तर वृद्धि गर्रिदै लगिनेछ ।

८.१.७ भाषाशिक्षामा निम्नानुसार त्रैभाषिक नीति अवलम्बन गरिनेछ– नेपाली भाषा, एउटा अर्को ऐच्छिक राष्ट्रिय भाषा र एउटा ऐच्छिक विदेशी भाषा (अंग्रेजी, हिन्दी, चिनियाँ, उर्दू, बंगाली वा अन्य) ।

८.२ धर्मलाई नागरिकहरूको निजी आस्था वा अनास्थाको विषयमा लिइने छ । व्यक्ति धर्मलाई मान्न वा नमान्न स्वतन्त्र रहनेछ ।

८.२.१ राज्य धर्मनिरपेक्ष रहनेछ । सवै धर्मावलम्बीहरूले आफ्नो धार्मिक आस्थाको निम्ति व्यक्तिगत ढंगले काम गर्न र व्यक्तिगत आधारमा स्रोत परिचालन गर्न पाउनेछन् ।

८.२.२ धार्मिक आस्था परित्याग गर्न वा परिवर्तन गर्न व्यक्ति स्वतन्त्र रहनेछ । तर कुनै पनि माध्यम प्रयोग गर्दै कसैले अर्काको धार्मिक आस्था परिवर्तन गर्न करकाप र दवाव दिन पाउनेछैन । जवर्जस्तीका साथ गरिने धर्मान्तरण दण्डसजायको विषय हुनेछ ।

८.२.३ कुनै पनि समुदायको धार्मिक आस्थामा खेलवाड गर्ने वा त्यसरी कसैलाई पनि उत्तेजित बनाउने किसिमका काम गर्न हतोत्साहित गरिनेछ । धार्मिक सहिष्णुता र सहजीवनलाई उच्च प्राथमिकता दिइनेछ ।

८.३ विभिन्न समुदायका नेपालीहरूका सँस्कृतिहरूलाई समान रूपमा सम्मान गरिनेछ ।

८.३.१ आजसम्म चाडपर्वहरूमा दिइँदै आइएका अनावश्यक विदाहरूलाई सन्तुलित बनाइनेछ । साथै सबै समुदायका नेपालीहरूका सांस्कृतिक चाडपर्वहरूलाई समान मान्यता दिंदै तिनमा राष्ट्रिय वा क्षेत्रीय विदा दिइनेछ ।

८.३.२ सवै समुदायका नेपालीहरूका परम्परागत भेष–भूषाहरूलाई राष्ट्रका सांस्कृतिक सम्पत्तिको रूपमा सम्मान र संरक्षण गरिनेछ । तिनको प्रचलनलाई प्रोत्साहित गरिनेछ ।

८.३.३ सबै समुदायका नेपालीहरूमा रहेका कला–संस्कृति (गीत, नाच, नाटक, बाजागाजा) को संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

८.४ लिङ्गको आधारमा महिलाहरूमाथि गरिने सम्पूर्ण भेदभाव, शोषण र उत्पीडनहरूलाई अन्त्य गरिनेछ ।

८.४.१ महिलाहरूको पैत्रिक सम्पत्तिमाथिको समान अधिकार, शिक्षा र रोजगारी प्राप्तिको अधिकार, प्रेम र विवाहको अधिकार, प्रजनन–अधिकारको रक्षा गरिनेछ ।

८.४.२ महिलाहरूमाथि हुने तमाम भेदभाव र हिंसाको विरोध गर्दै उनीहरूलाई हरेक हिसाबले सशक्त बनाउने विविध प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.५ मनुस्मृतिमा आधारित वर्णव्यवस्था, सामाजिक भेदभाव र छुवाछुत सैयौं वर्षदेखि सामाजिक प्रगतिको बाधक र मानव जातिका कलङ्क बन्दै आएका छन् । सिंगो नेपाली समाज आज पनि मनुवादी वर्ण–व्यवस्थाबाट दुष्प्रभावित छ र दलित भनिएका लाखौं नेपालीहरू मनुवादी छुवाछुत प्रथाबाट अझै पनि शोषित–पीडित बनिरहेका छन् ।

८.५.१ मनुवादी वर्ण–व्यवस्थालाई उन्मूलन गरिनेछ । त्यसनिम्ति व्यापक राजनीतिक, सामाजिक र शैक्षिक अभियान सञ्चालन गरिनेछन् ।

८.५.२ छुवाछुतलाई दण्डनीय अपराध मानिने छ । समाजबाट त्यसलाई उन्मूलन गरिनेछ । देशलाई छुवाछुतमुक्त बनाइनेछ ।

८.५.३ मनुवादी विभेदकारी छुवाछुत प्रथाबाट पीडित लाखौं दलित नेपालीहरू सामाजिक रूपमा बहिष्कृत भएका र हेपिएका छन आर्थिक रूपमा विपन्न छन्, साँस्कृति र शैक्षिक रूपमा पछि पारिएका छन् र औसरहरूबाट वञ्चित पारिएका छन् । तराई, पहाडी र हिमाली क्षेत्रका लाखौं दलित नेपालीहरूलाई भेदभाव, शोषण र उत्पीडनबाट मुक्त गर्नका निम्ति उनीहरूलाई हरेक हिसाबले सशक्तीकरण गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.५.४ यौन पेशामा लाग्न बाध्य बनाइएका वादीहरूको मुक्ति र सामाजिक तथा आर्थिक उन्नतिको निम्ति वसोवास, रोजगारी, सुलभ शिक्षा एवं स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ ।

८.५.५ प्रवासी तथा गैर आवासीय नेपालीहरूको तथ्याङ्क लिई राष्ट्र निर्माणमा उनीहरूको योगदान हुने नीति बनाई कार्यान्वयन गरिनेछ । गैर आवासीय नेपालीहरूको निम्ति विशेष सहुलियत भएको भिसाको व्यवस्था गरिने छ ।

९. प्रगतिशील आर्थिक–सामाजिक परिवर्तन

नेपाली समाजको बहुमुखी विकासको निमित मिश्रित अर्थव्यवस्थालाई व्यवस्थित रूपमा अघि बढाइने छ । अर्थव्यवस्थामा निजीक्षेत्र संविधानद्वारा संरक्षित रहनेछ । सामूहिक र सहकारी क्षेत्रलाई योजनाबद्ध ढङ्गले अघि बढाइनेछ र लगानी, सीप, साधन र व्यवस्थापन आदि सबै पक्षमा सरकारले यसलाई सघाउ पुऱ्याउनेछ । अर्थतन्त्रको विकासको निम्ति रणनीतिक महत्त्वका विषयहरू सार्वजनिक क्षेत्र अन्तर्गत रहनेछन् । राष्ट्रिय हितको संरक्षण हुने गरी उद्योग–व्यवसायमा विदेशी लगानीलाई स्वीकार गरिनेछ । स्वदेशी तथा विदेशी निजी क्षेत्र र सार्वजनिक क्षेत्र बीच विभिन्न किसिम र स्तरका संयुक्त लगानीका व्यवसाय र उद्यमहरू पनि सञ्चालित गरिनेछन् ।

९.१ **भूमिसम्बन्धी प्रतिबद्धता :** मुलुकमा विद्यमान सामन्ती भूस्वामित्वलाई समाप्त गरी लगातार भूमिमाथि काम गर्ने किसानको अधिकार स्थापना गर्न, क्रान्तिकारी भूमिसुधार लागू गरिनेछ । नयाँ संविधानमा जनताको भूमि अधिकार स्थापना गर्न र वास्तविक जोताहा, सुकुम्बासी, मुक्त कमैया, भूमिहीन तथा गरीब किसानलाई आवश्यक जग्गा प्रदान गरिनेछ ।

९.२ **कृषिक्षेत्रमा आधुनिकीकरण :** हाम्रो देशको आर्थिक मेरूदण्ड कृषि हो । देशको कृषि उत्पादनप्रणाली अवैज्ञानिक र सामन्ती रहेको छ । परम्परागत कृषिप्रणालीमा क्रान्तिकारी परिवर्तन गरिनु आजको राष्ट्रिय आवश्यकता हो । सामन्ती भू–स्वामित्वका अतिरिक्त बढ्दो जनसंख्या, माटोको उर्वरतामा ह्रास, सिंचाइको अभाव, कृषि प्रविधिमा पछौटेपन, बजार व्यवस्थापनको अभाव, कृषिनीतिलाई व्यावसायिक बनाउन नसक्नु, कृषिक्षेत्रमा रहेका आधारभूत समस्याहरू हुन् । यसको निराकरण गरिनेछ । खेतियोग्य जमिन बाँझो राख्न पाइने छैन । सिंचाई, कृषिसडक, सहुलियतपूर्वक इन्धन र विद्युत्को आपूर्ती, उन्नत प्रविधिको व्यावहारिक प्रयोग र मल, बीउ तथा कृषि औजारको सुलभ व्यवस्था गरिनेछ । बजारको समुचित प्रवन्ध गरिनेछ । यसैगरी जलवायुको विविधता अनुसार हिमाली क्षेत्रमा जडीबुटी, पहाडी क्षेत्रमा फलफूल, चिया, कफी, अलैंची उपत्यका तथा तराईक्षेत्रमा खाद्यान्न उत्पादन र भण्डारणलाई

प्रोत्साहन गरिनेछ । सहकारिलाई प्रोत्साहित गरिनेछ । कृषिलाई व्यावसायीकरण गरिनेछ । कृषिविमाको नीति अवलम्बन गरिनेछ । यस्ता नीतिहरूको कार्यान्वयन गर्दै देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाइनेछ।

९.३ **आत्मनिर्भर तथा स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रका लागि औद्योगिकीकरण :** मुलुकलाई अग्रगामी दिशामा लैजान औद्योगिक विकासलाई प्राथमिकता दिइनेछ । भयावह अवस्थामा पुगिसकेको बेरोजगारी समस्यालाई समाधान गर्न लक्षित आन्तरिक खपत र वाह्य निर्यात हुनसक्ने वस्तुहरूको उत्पादन गर्ने र मुलुककै साधन–स्रोतबाट सञ्चालन गर्न सकिने औद्योगिक विकासतर्फ सर्वोच्च प्राथमिकता दिइनेछ । राष्ट्रिय उद्योगलाई संरक्षण गरी सार्वजनिक र वैदेशिक लगानीको क्षेत्र निर्धारित गरिनेछ । रोजगारी प्रवर्द्धन, नेपाली व्यवस्थापन र स्वदेशी विशेषज्ञहरूको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको सम्भावनालाई हेरेर मात्र निश्चित क्षेत्रमा विदेशी लगानीलाई स्वीकारिनेछ । सबै उद्योगधन्दाहरूको व्यवस्थापनमा मजदुरको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ । घरेलु उद्योगहरूलाई व्यापक प्रोत्साहन दिने नीतिद्वारा युवा शक्तिको विदेश पलायनलाई निरूत्साहित गरिनेछ र उनीहरूलाई किस्ताबन्दीमा तिर्ने गरी न्यून ब्याजमा सहुलियत ऋण दिने व्यवस्था गरिनेछ । रूग्ण उद्योगहरूको अध्ययन गरी संरक्षण गर्ने नीति लिइने छ । यथाशिघ्र रासायनिक मलको कारखाना खोल्ने व्यवस्था गरिनेछ । रूग्ण वा बन्द भएका सार्वजनिक क्षेत्रका सिमेन्ट, चिनी, कपडा, जुट आदिका कारखानाहरूलाई सुचारू बनाउने व्यवस्था गरिनेछ । जनताका आधारभूत आवश्यकतासम्बन्धी र अन्य रणनीतिक महत्त्वका उद्योगहरू चाँडै खोलिनेछ ।

९.४ **व्यापार :** वर्तमान विश्वको अर्थव्यवस्था मूलरूपमा बजारमा टिकेको छ । अविकसित र गरीब देशहरूको अर्थतन्त्र धराशायी बनाएर आफ्नो स्वार्थ अनुकूल बजारनीति विस्तार गर्न विश्व–पुँजिवाद अर्थात् साम्राज्यवाद कृयाशील रहेको छ । अर्द्धऔपनिवेशिक नीतिबाट मुक्ति पाउन नेपालले आफ्नो व्यापार नीतिमा आमूल परिवर्तन गर्नुपर्छ । कच्चा पदार्थको सट्टा तयारी वस्तु निर्यात गर्ने नीति लिइनेछ । निर्यातयोग्य वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा बढी प्रतिस्पर्धात्मक बनाउन गुणस्तरीय उत्पादन र सहज एवं सरल निर्यातको सुनिश्चितता गरिनुपर्छ । वैदेशिक व्यापारलाई विविधीकरण गरिनेछ । छिमेकी जनगणतन्त्र चीनसँगको व्यापारलाई प्रोत्साहित गरिनुकासाथै भारत–चीन व्यापारको निम्ति नेपाललाई ट्रान्जिट स्थलको रूपमा विकास गरिनेछ । यसका साथै आन्तरिक बजारमा देखिने पेट्रोलियम लगायत विविध उपभोग्य वस्तुहरूको कृत्रिम अभाव र कालोबजारीलाई दण्डनीय अपराधको दायरामा ल्याइनेछ । नेपाल र भारतबीचको व्यापारलाई प्रवर्द्धन गर्नको निम्ति पारवहन सन्धीको पुनमूल्याङ्कन गरी पारस्परिक लाभको आधारमा त्यसलाई नवीकरण गरिनेछ ।

९.५ **जलश्रोत :** देशका लगभग ६ हजार नदीनालाहरू नेपाली जनताका राष्ट्रिय सम्पत्तिहरू हुन् । तर राष्ट्रहितको दिशामा तिनको पर्याप्त उपयोग हुन सकिरहेको छैन । सिंचाई, विद्युतीकरण, औद्योगीकरण, पर्यटन, जलमार्गको विकास जस्ता महत्त्वपूर्ण कार्यमा हाम्रा नदी–नालाहरूको उपयोग अति न्यून रहेको छ । आजको आवश्यकता भनेको स्वदेशी निजी क्षेत्र तथा सहकारी क्षेत्रको लगानीमा र राज्यको लगानीमा तथा यी दुवैको साझेदारी एवं लगानीमा साना तथा मझौला जलविद्युत् परियोजना निर्माण गर्नु हो । यसप्रकार साना तथा मझौला जलविद्युत् आयोजनाहरूको निर्माण गरिनेछ । राष्ट्रिय हितलाई पहिलो प्राथमिकता दिँदै लागत/प्रतिफल, वातावरणीय समस्या र विद्युत् खपत तथा निर्यातको व्यवस्था र सम्भावित विस्थापित जनसमुदायको पुनर्वासको व्यवस्था गरेर मात्र ठूला जलविद्युत् परियोजनाहरू सुरू गरिनेछन् । जलमार्ग सञ्चालन गर्ने नीति लिइनेछ ।

९.६ ठूला, साना सबै जलविद्युत योजनाहरूमा स्थानीय जनताको हिस्सेदारी सुनिश्चित गरिनेछ ।

९.७ **पर्यटन :** विदेशी मुद्राको आर्जन र रोजगारी प्रबर्द्धनमा प्रचुर सम्भावना रहेको पर्यटन व्यवसायलाई प्रबर्द्धन गर्नु राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने एउटा अर्को महत्त्वपूर्ण क्षेत्र हो । सबैखाले पर्यटनका सम्भावनाहरूको व्यवस्थित तथा अधिकतम सदुपयोग गरिनेछ । प्राकृतिक दृश्यावलोकन, पर्यटन,

धार्मिक, ऐतिहासिक, ग्रामीण पर्यटन, ग्लाइडिङ्ग नागी क्षेत्रमा गोल्फ वन्जीजम्प जस्ता स्पोर्ट पर्यटन आदिलाई प्रबर्द्धन गरिनेछ । ट्रेकिङ् र पर्वतारोहणलाई बढावा दिइनेछ । लुम्बिनी, मुक्तिनाथ, जनकपुर, बराहक्षेत्र, वाल्मिकीक्षेत्र, स्वर्गद्वारी, राराक्षेत्र जस्ता नयाँ पर्यटकीय क्षेत्रहरूको विकास गरिनेछ । सुविधा र सुरक्षा भएका धैरै हिल रिसोर्टहरू खोलिनेछन् ।

९.८ **वन :** मुलुकमा रहेको वन-जङ्गलले हाम्रो आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण स्थान ओगटेको छ । वातावरणलाई सन्तुलित राख्न जलस्रोतलाई स्थिर राख्न, भूक्षय, बाढी-पहिरोबाट मानववस्तिको संरक्षण गर्न, इन्धन आपूर्ती लगायत घरवासको निर्माण, विभिन्न जीवजन्तु तथा चराचुरूङ्गीको आश्रयको निम्ति वनजङ्गल क्षेत्रको संवर्द्धन, संरक्षण र समुचित व्यवस्थापन गरिनेछ । मुलुकको कुनै पनि भूमिको हिस्सा उजाड रहन नपाउने गरी वृक्षरोपण, जथाभावी र अवैध वन विनासमा प्रभावकारी रोक लगाइनेछ । पर्याप्त विद्युतीकरण र वैकल्पिक उर्जाउपयोगको व्यवस्था गरी वन विनासलाई न्यूनीकरण गरिनेछ ।

१०. शिक्षा, खेलकुद, स्वास्थ्य, सरसफाई, खानेपानी र रोजगारी

१०.१ शिक्षा जनताको मौलिक अधिकार, विकासको पूर्वाधार राष्ट्रको गहना र सभ्यता विकासको सिंढी हो ।

१०.१.१ देशको शैक्षिक नीतिको पुनर्गठन गरिनेछ । शिक्षालाई जनमुखी बनाइनेछ र त्यसलाई श्रमको सम्मान गर्ने, उत्पादन-सहयोगी, वैज्ञानिक, देशभक्ति पूर्ण र प्रगतिशील चरित्र प्रदान गरिनेछ । साक्षरता अभियान चलाई आगामी दश वर्षभित्र देशमा पूर्ण साक्षरता कायम गरिनेछ ।

१०.१.२ निम्नमाध्यमिक तह (आठ कक्षा) सम्म साझा पाठ्यक्रमको आधारमा अनिवार्य शिक्षा व्यवस्था गरिनेछ । तत्पश्चात् शिक्षामा प्राविधिक एवं अन्य श्रेणीका शैक्षिक शाखाहरू सुरू गरिनेछ । प्राविधिक शिक्षा लिनेहरूमध्ये ठूलो हिस्साले माध्यमिक शिक्षा (१२ कक्षा) पास गरेपछि समाजमा आवश्यक सामान्य दक्ष जनशक्तिको स्तर हासिल गर्नेछ । अर्को सानो हिस्सा विभिन्न विधाको उच्च प्राविधिक शिक्षातर्फ जानेछ । अन्य विषयमा शिक्षा लिनेहरू मानविकी, व्यवस्थापन, शिक्षा र विज्ञानका विभिन्न शाखामा विभिन्न तहको दक्षता हासिल गर्नेछन् । यसप्रकार शिक्षालाई उत्पादनसँग जोड्नुका साथै उच्च शिक्षालाई प्रोत्साहित गरिनेछ ।

१०.१.३ सरकारले शिक्षामा अधिकतम लगानी गर्नेछ र समुदायलाई शिक्षालयहरूको सञ्चालनमा सरिक गराउनेछ । हालको सार्वजनिक (सरकारी / सामुदायिक) विद्यालयहरूको गुणस्तर र भौतिक पूर्वाधारहरूमा वृद्धि गरिनेछ ।

१०.१.४ शिक्षाको व्यापारीकरणलाई रोकिनेछ । सरकारी मार्गदर्शन र सामुदायिक निगरानीमा शिक्षामा निजी लगानीलाई स्वीकार गरिनेछ । नेपाली मौलिकता, आवश्यकता र व्यावसायिकतामा आधारित भएर विद्यालय सञ्चालन गर्ने नीति लिइनेछ ।

१०.१.५ केन्द्रीय साथै प्रादेशिक विश्वविद्यालयहरूलाई प्रोत्साहन दिइनेछ । केन्द्रीय र प्रादेशिक रूपमा मानविकी, विज्ञान विषयहरूका साथै कृषि, वन, स्वास्थ्य, विज्ञान, विविध इन्जिनियरिङ्ग सम्बन्धी महाविद्यालयहरू र आवश्यकता हेरी विश्वविद्यालयहरू खोलिनेछन् ।

१०.१.६ मातृभाषाको अध्ययन र अध्यापनको स्तर वृद्धि गर्नुका साथै मातृभाषामा शिक्षा दिने कार्यक्रमलाई योजनाबद्ध ढङ्गले कार्यान्वयन गरिनेछ ।

१०.१.७ आम रूपमा १० कक्षासम्मको शिक्षालाई निःशुल्क बनाइनेछ । शिक्षाको पहुँचबाट वञ्चित सबै बालबालिकाहरू, दलित तथा वादी र अन्य अल्पसंख्यक जातीका विद्यार्थीहरूलाई उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरिनेछ । शिक्षाबाट बञ्चित महिला तथा पुरूष प्रौढ-हरूको शिक्षाको निम्ति विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सामान्यतया उच्चशिक्षालाई जनसुलभ बनाइने छ ।

१०.१.८ सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने गरी प्राथमिक स्कुलदेखि लिएर उच्चमाध्यमिक तहसम्मका स्कुलहरू देशभर सञ्चालन गरिनेछन् । विद्यालयहरूलाई 'शान्तिक्षेत्र' बनाइने छ ।

१०.१.९ खेलकुद :

(क) खेलकुदलाई नै आफ्नो जीवनको लक्ष्य बनाउने खेलाडीहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ । यसका निमित्त खेलकुदबाट प्राप्त प्रमाणपत्रलाई शैक्षिक प्रमाणपत्रसरह मान्यता दिइनेछ ।

(ख) शिक्षा एवं खेल प्रमाण-पत्रको आधारमा कुनै पनि वित्तीय संस्थाबाट सहुलियत दरमा ऋण प्राप्त गर्न पाउने अधिकार दिइने छ ।

(ग) पेसेबार खेलाडीहरूको स्वास्थ्यको विमा गरिनेछ ।

१०.२ स्वास्थ्य सेवामा एलोप्याथिक पद्धतिका साथै आयुर्वेदिक, प्राकृतिक र अन्य चिकित्सा-पद्धतिलाई समेत प्रयोग गर्ने नीति लिइनेछ । विशेष गरी जडीबुटी र आर्युवेदिक औषधी एवं होमियोप्याथिक चिकित्सापद्धतिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा विज्ञानलाई महत्त्व दिएर अध्ययन, अनुसन्धान संस्थानहरू खोलिनेछन् । उपर्युक्त विषयहरू समाजको अग्रगामी परिवर्तनका निम्ति ध्यान पुऱ्याउनु पर्ने अत्यन्त महत्त्वपूर्ण विषय हुन् । यी विषयहरूमा नेकपा (माले) निम्न दृष्टिकोण र नीतिका साथ काम गर्न प्रतिबद्ध रहेको छ ।

१०.२.१ रोगीले स्वास्थ्यसेवा पाउनु मौलिक अधिकार हो । आवास, गाउँ र सहरलाई सफासुग्घर राख्न मार्गदर्शन र सहयोग पुऱ्याउनु सरकारको दायित्व हो ।

१०.२.२ सबै गाउँहरूमा स्वास्थ्यकेन्द्रहरू स्थापना गरी ती बाट जनतालाई निःशुल्क प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

१०.२.३ दुर्गम क्षेत्रमा सेवा गर्ने डाक्टर र नर्सहरूलाई सम्मान र आकर्षक भौतिक प्रोत्साहन दिइनेछ ।

१०.२.४ बालबालिका, दोजिया तथा सुत्केरी महिला, वृद्ध-वृद्धाहरूलाई सहुलियतपूर्ण स्वास्थ्यसेवाको व्यवस्था गरिनेछ ।

१०.२.५ टि.बी., क्यान्सर, एच्.आइ.भी. एड्स, मुटु र मिर्गौला आदिका रोगीहरूको निम्ति सस्तो र सुलभ उपचारको व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ ।

१०.२.६ पोलियो, लहरे खोकी, दादुरा आदिको खोप, बालबच्चाहरूलाई 'ए' भिटामिन तथा पौष्टिक आहार र महिलाहरूलाई आइरन चक्कीको सुलभ आपूर्ति गरिनेछ ।

१०.२.७ स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

१०.२.८ आयोडिनयुक्त नूनको जनतामा सर्वसुलभ आपूर्तिको व्यवस्था गरिनेछ ।

१०.२.९ सहर र गाउँघरको सरसफाईलाई अत्यन्त महत्त्व दिइनेछ र यसको निम्ति जागरण अभियान सञ्चालन गरिनेछ । सहरमा निष्कासित फोहोरको व्यवस्थापन र गाउँघरमा सफा चर्पी निर्माणका निम्ति जनसहभागिताका साथ सरकारले आवश्यक लगानी गर्नेछ ।

१०.३ सहर-बजारहरू, गाउँ र पहाडी क्षेत्रमा खानेपानीको सहज र सुलभ व्यवस्थापन गर्न अत्यधिक महत्त्व दिइनेछ । यसको निम्ति पानीका विविध स्रोत र लगानीको उपयोग गरिनेछ । मेलम्ची जस्तो आयोजनालाई कार्यान्वयन गर्दै काठमाडौं उपत्यकाको खानेपानीको समस्या आउँदो ५ वर्षमा समाधान गर्नुको साथै पुरानो पाइप प्रणालीमा सुधार ल्याई खानेपानीको आपूर्तिलाई स्वास्थ्यकर बनाइनेछ ।

१०.४ स्वदेशमा व्यापक रूपमा रोजगारीका औसरहरू सृजना गरेर आफ्नै पौरखमा देशको विकास निर्माण गर्ने र समृद्धि समृद्धि ल्याउने नीति अपनाइनेछ ।

१०.४.१ कृषि, वन, जडीबुटी, पर्यटन आदिमा आधारित व्यवसायहरू, उद्योगधन्दाहरू र विविध प्राविधिक तथा सेवाक्षेत्रहरूमा व्यापक रूपमा अवसरहरूको वृद्धि गरी नेपालमै लाखौंको संख्यामा रोजगारी प्रवर्द्धन गरिनेछ । यसप्रकार रोजगारीको निम्ति दक्ष, अदक्ष जनशक्तिको

ठूलो संख्यामा विदेश जाने प्रवृत्तिलाई हतोत्साहित गरिनेछ । दक्ष जनशक्तिको ठूलो संख्यामा वृद्धि गरी तिनलाई मूल रूपमा स्वदेशमा र विदेशमा समेत रोजगारी उपलब्ध गरिनेछ ।

१०.४.२ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका निम्ति तालिमको सुलभ व्यवस्था गरिनेछ । विदेशमा जाने नेपाली श्रमिकहरूको रोजगारी, स्वास्थ्य, सुरक्षा र अन्य हितहरूको ख्याल गर्न कूटनैतिक सम्बन्धलाई प्रयोग गरिनेछ र नियोगहरूलाई परिचालन गरिनेछ ।

१०.४.३ दशहजार नेपाली श्रमिकहरू हुने देशहरूमा श्रमसहचारीको नियुक्ति गरिनेछ ।

१०.४.४ विदेशमा नेपाली श्रमिकहरूमाथि हुने गैरकानूनी व्यवहार, शोषण, असुरक्षा आदिलाई रोक्ने प्रभावकारी उपाय गरिनेछ।

१०.४.५ वैदेशिक रोजगारमा महिला र पुरूषबीचका असमानतालाई अन्त्य गरिनेछ र महिला श्रमिकहरूको हकहितको संरक्षण गर्ने विशेष व्यवस्था गरिनेछ ।

१०.४.६ असङ्गठित क्षेत्र (सहरका भरिया, पर्वतारोहण भरिया, गिटि कुट्ने) र निर्माण क्षेत्रका मजदुरहरूको सामाजिक सुरक्षालगायतका दीर्घकालीन हितमा कानुनी व्यवस्था गरिनेछ ।

११. बालबालिका, अपाङ्ग र वृद्ध–वृद्धा :

भविष्यका कर्णधार बालबालिकाको समुचित विकासले भविष्यको नेपाललाई सुन्दर बनाउनेछ । उनीहरूको उचित स्याहार–संभार र लालनपालन भएन भने हाम्रो कल्पनामा रहेको सुरक्षित, सुनिश्चित र समृद्ध न्याँ नेपालको निर्माण साकार हुन सक्दैन । त्यसकारण नेकपा (माले) बालबालिकाको संरक्षण, स्याहार र समुचित विकासको लागि प्रतिवद्ध छ ।

११.१.१ राज्यले कामकाजमा लागेर समुचित स्याहार गर्न नसक्ने अभिभावकहरूको समस्यालाई समाधान गर्न कार्यस्थल नजिकै पायक पर्ने स्थानहरूमा पर्याप्त **शिशु–स्याहार केन्द्र**हरूको स्थापना गरी तिनको व्यवस्थित सञ्चालन गर्नेछ ।

११.१.२ अभिभावकहरूसँग बन्दिगृहमा जीवन बिताउन बाध्य बालबालिका, अनाथ र सडक बालबालिकाहरूको संरक्षण र समाजपयोगी विकासका लागि **बाल संरक्षण तथा सुधार गृह**को स्थापना गरिनेछ ।

११.१.३ बाल–बालिका शान्तिक्षेत्र हुन् । कुनै पनि राजनीतिक तथा सामाजिक द्वन्द्वको चपेटामा नपरून् भनेर सवै सम्बन्धित पक्ष सचेत हुनैपर्दछ । त्यस्ता द्वन्द्वले वालमानसिकतालाई विकृत बनाएका हामीसँग धेरै उदाहरणहरू रहेका छन् । तसर्थ राज्यले **बालबालिका शान्तिक्षेत्र हुन्** भन्ने मान्यता र अवधारणालाई लागु गर्न कानुनी व्यवस्था गर्नेछ ।

११.१.४ बाल–बालिकालाई पर्याप्त स्वास्थ्यसेवा उपलब्ध गराउन राज्य र प्रदेशले गाउँ–बस्तीलाई पायक पर्ने गरी बाल अस्पतालहरूको स्थापना गर्नु पर्दछ । कुपोषणबाट बचाउन हरेक शिशुस्याहार केन्द्र, **बाल संरक्षण केन्द्र**हरूमा समुचित स्वास्थ्यवर्द्धक भोजनको व्यवस्थापन गरिनेछ ।

११.२ **अपाङ्ग :** कुनै पनि क्षेत्रमा शारीरिक अपाङ्गतालाई अयोग्यतामा परिभाषित गरिनेछैन । राज्यले शिक्षाको विशेष प्रवन्ध गरी अपाङ्गहरूको योग्यता र क्षमतावृद्धिको अवसर जुटाइदिनु पर्दछ । उनीहरूको बहुमुखी शिप, क्षमता र कार्य दक्षतालाई तत् तत् क्षेत्रमा प्राथमिकता दिँदै रोजगारी र समाजसेवाको अवसर दिइनेछ ।

११.३ **वृद्ध–वृद्धा :** जसरी मानिसले विहानदेखि बेलुकासम्म काम गरेर साँझ आराम गर्दछन् । त्यसरी नै वृद्धावस्था पनि जीवनको साँझ हो । आफ्नो वृद्धावस्थामा आराम गर्न पाउनु हरेक बृद्धबृद्धाको अधिकार हो । तुलनात्मक हिसाबले मौसम समशितोष्ण रहने स्थानहरूमा बृद्धाश्रमहरू स्थापना गरिनेछन् । टुट्दो परिवारबाट एक्लिएका, पर्याप्त सेवा सुविधा पाउनबाट बञ्चित बृद्धबृद्धाहरूको

समुचित रेखदेख र सेवा गर्न र उनीहरूका अनुभवहरूलाई राष्ट्रहितमा लगाउन समेत विशेष नीति लिइनेछ । उनीहरूको आवश्यकता अनुसार स्वास्थ्य, खानपान र लत्ता–कपडाहरूको विशेष व्यवस्था गर्नु पर्दछ भन्ने कुरामा नेकपा (माले) ले संविधान–सभामा आफ्नो विशेष ध्यान केन्द्रित गर्नेछ । वृद्धाश्रमको सुविधा नलिने ६५ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई तत्काल प्रतिमहिना न्यूनतम रू. १०००/– का दरले **ज्येष्ठ नागरिक भत्ता**को प्रवन्ध गरिनेछ ।

१२. राष्ट्रिय स्वतन्त्रताको संवर्द्धन र परराष्ट्र नीति

सार्वभौम जनताको सार्वभौम सत्ता सम्पन्न राष्ट्रले अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा पञ्चशीलको आधारमा अन्य मुलुकहरूसँगको आफ्नो मैत्री सम्बन्धलाई उन्नत र विस्तार गर्नेछ देशको स्वतन्त्रतालाई सवल बनाउनको निम्ति विविध क्षेत्रहरूमा आवश्यक निर्णय गर्नेछ ।

१२.१ राष्ट्रिय स्वतन्त्रताको संवर्द्धन र राष्ट्रिय सुरक्षालाई प्रत्याभूत गर्नको निम्ति प्रधानमन्त्रीको अध्यक्षतामा सम्बन्धित मन्त्री र सांसदहरू रहेको सुरक्षा समिति गठन गरिनेछ । यसका साथै राष्ट्रिय स्वतन्त्रता र सुरक्षासँग सम्बन्धित सुरक्षा एवं निजामती निकायका प्रतिनिधिहरू र सम्बन्धित विशेषज्ञहरू रहेको **सुरक्षा परिषद्** गठन गरिनेछ । यसले राष्ट्रिय स्वतन्त्रताको संवर्द्धन र राष्ट्रिय सुरक्षाको प्रत्याभूति गर्ने विषयका सवै पक्षमा विचार गरी आवश्यक राय ‘सुरक्षा समिति’ लाई दिनेछ ।

१२.२ भारतसँग गरिएका १९५० को ‘शान्ति तथा मैत्री’ सन्धि र महाकाली सन्धि लगायत अन्य असमान सन्धि सम्झौताहरूलाई विस्थापित गरी तिनको ठाउँमा पञ्चशीलको आधारमा नेपालका राष्ट्रिय हितहरूको रक्षा गर्ने नयाँ सन्धि सम्झौताहरू गर्न पहल गरिनेछ ।

१२.३ भारतसँग पश्चिमको कालापानीक्षेत्र र दक्षिणको सुस्ताक्षेत्रमा रहेको सीमा विवाद र नेपाल–भारत सीमानाका अन्य स्थानमा रहेका सीमा अस्पष्टताहरूलाई ऐतिहासिक नाप–नक्सा, रेकर्ड, वस्तुतथ्यहरू र अन्तर्राष्ट्रिय मान्यताहरूको आधारमा वार्ताद्वारा समाधान गर्ने कामलाई उच्च प्राथमिकता दिइनेछ ।

१२.४

१२.४.१ राष्ट्रका नागरिकहरूलाई प्रमाणित गर्ने काम देशको स्थिरता, स्वतन्त्रता एवं सार्वभौमसत्तासँग सम्बन्धित विषय हो । दुईतिर विशाल जनसंख्या भएका मुलुक छिमेकी रहेको र दक्षिणी छिमेकी भारतसँगको तीनतिरको अन्तर्राष्ट्रिय सीमाना खुला रहेको मध्यम आकाकारको नेपालले नागरिकताको सम्बन्धमा अनुदार र कठोर नीति अपनाउनुपर्छ । जन्मको आधारमा होइन, वंशज र जन्मसिद्ध आधारमा नागरिकता दिने नीति कायम गरिनेछ । केन्द्रले मात्र अंगीकृत नागरिक स्वीकार गर्ने नीति अवलम्बन गरिनेछ ।

१२.४.२ मिति २०४६ सालको चैत्र मसान्तभित्र जन्मी नेपालको स्थायी बसोबास गर्दै आएको नेपालीले लिएको नागरिकतालाई कायम राख्दै सो नीति लागू भएको अवधिमा सो नीतिको दुरूपयोग गर्दै गलत ढंगले लिइएका नागरिकता र कसैले विदेशको नागरिक रहँदारहँदै लिएको नेपाली नागरिकताबारे जाँचबुझ गरी तिनलाई रद्द गरिनेछ ।

१२.४.३ नेपालमा बसी कुनै पनि वैध व्यवसाय गर्न इच्छुक विदेशी नागरिकहरूले **‘कार्य अनुमति पत्र’** लिने व्यवस्था गरिनेछ । नेपालमा बसी यसरी काम गर्ने विदेशीहरूले नेपालको कानुनभित्र रही आर्जित गरेको सम्पत्तिको भोगचलन गर्न र आफ्नो मुलुकमा लान सक्ने व्यवस्था गरिनेछ ।

१२.४.४ नागरिकतासम्बन्धी उपर्युक्त नीतिहरूलाई कार्यान्वयन गर्दा नेपाल–भारत अन्तर्राष्ट्रिय सीमानाको दुवैपट्टि बस्ने नेपालीहरू र भारतीय नागरिकहरू बीचको सम्पर्क एवं सम्बन्धलाई सहज र सामान्य बनाउनको निम्ति अन्य आवश्यक सरल विधिहरू अपनाइने छन् । यसप्रकार नेपाल–भारत खुला सीमानालाई नियमन गरिनेछ ।

१२.५

१२.५.१ नेपालले पञ्चशीलका सिद्धान्तहरूको आधारमा नजिक वा टाढाका सबै राष्ट्रहरूसँग कायम रहेको कूटनीतिक सम्बन्धलाई कायम राख्नेछ र विस्तार गर्दै लानेछ ।

१२.५.२ नेपालले दुवै छिमेकी मुलुकहरू गणतन्त्र भारत र जनगणतन्त्र चीनसँगको सम्बन्धलाई समान महत्त्व दिनेछ । दुवै छिमेकी मुलुकहरू विरूद्ध नेपाली भूमिको दुरूपयोग हुन नदिने प्रतिबद्धता गरिन्छ ।

१२.५.३ स्वतन्त्र भारतको अखण्डतालाई नेपालले सम्मान र समर्थन गर्दै आएको छ र गर्दै रहनेछ । एक चीनको नीति र तिब्बतलाई जनगणतन्त्र चीनको अभिन्न अङ्ग मान्ने नीतिप्रतिको समर्थनलाई नेपालले दृढताका साथ निरन्तरता दिँदै लानेछ ।

१२.५.४ नेपालले असंलग्न आन्दोलन, विश्व एवं क्षेत्रीय शान्ति, न्यायपूर्ण विश्व व्यवस्थाको निर्माण, सबै मुलुकको समानता र स्वतन्त्रता, भू-परिवेष्ठित एवं विकासशील देशहरूको हित रक्षा गर्ने नीति लिनेछ । अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तारवाद, साम्राज्यवाद, प्रभुत्ववाद, नव-उपनिवेशवाद र शक्ति-राजनीतिको विरोध गरिनेछ ।

१३. सञ्चारनीति

१३.१ जनताको सूचनाको हकलाई संवैधानिक हकका रूपमा स्थापित गरिनेछ । राष्ट्रिय सुरक्षा, जातीय एवं साम्प्रदायिक विद्वेष फैलन सक्ने संभावना भएका देशको स्वतन्त्रता एवं भूअण्डतामा आँच पुऱ्याउने संवेदनशील विषय बाहेकका सम्पूर्ण सूचनाहरू आमजनताका लागि उपलब्ध गराउने संवैधानिक व्यवस्था गरिनेछ ।

१३.२ विद्युतीय र छापा सरकारी संचार माध्यमहरूलाई जनताप्रति पूर्ण उत्तरदायी, जनमुखी एवं कुनै दल विशेषको नभई राष्ट्रको संचार माध्यमका रूपमा स्थापित गरिनेछ ।

१३.३ निजी क्षेत्रका छापा र विद्युतीय संचार माध्यमहरूलाई स्वतन्त्रता र सूचनाको हक निर्वाध उपभोग गर्न पाउने वातावरण निर्माण गर्नुकासाथै त्यसद्वारा जनताको चेतनास्तरमा अभिवृद्धि, सिमान्तीकृत जनसमुदायलाई सवलीकरण गर्न प्रोत्साहित गरिनेछ ।

१३.४ सरकारी विज्ञापन वितरण गर्दा सवै संचार माध्यमहरूमा तिनको प्रभावकारिता, वर्गीकरण, लक्षित जनसमुदाय आदिका आधारमा विना कुनै भेदभाव विज्ञापन वितरण गरिनेछ ।

१३.५ राष्ट्रिय समाचार समितिलाई संचार क्षेत्रको आधिकारिक र विश्वसनीय समाचार स्रोतका रूपमा आधुनिकीकरण र त्यसको सेवाक्षेत्रको विस्तार गरिनेछ ।

१३.६ संचारक्षेत्रका समस्याहरू बुझ्न, तिनको समाधान गर्न, मुद्दाहरूको निपटारा गर्न र संचारजगत तथा सरकारका बीचको सहजकर्ताका रूपमा अधिकार सम्पन्न प्रेस काउन्सिल गठन गर्ने र त्यसको अधिकारबारे संवैधानिक व्यवस्था गरिनेछ ।

१३.७ पत्रकारिता अध्ययन गर्ने विद्यार्थीहरूका लागि माध्यमिक विद्यालयतहदेखि स्नातकोत्तर तहसम्म आवश्यक भौतिक साधन-स्रोतको समुचित व्यवस्था गरिनेछ ।

१३.८ श्रमजीवी पत्रकारहरूका हकहित संरक्षणका साथै निजी क्षेत्रबाट प्रकाशित साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक समाचारप्रधान र साहित्यिक पत्रपत्रिकाहरूको सबलीकरणका लागि कानुनी व्यवस्था गरी उत्थानको ग्यारेन्टी गरिनेछ ।

१३.९ बीस वर्षभन्दा बढी अवधिसम्म राष्ट्रियता, लोकतन्त्र र जनहितका पक्षमा निरन्तर क्रियाशील वरिष्ठ पत्रकारहरूलाई राज्यका तर्फबाट निवृत्तिभरण र वीमाको व्यवस्था गरिनेछ ।

१३.१० आमसंचारका माध्यमहरूलाई दुर्गमक्षेत्र र सिमान्तीकृत जनताको पहुँचसम्म पुऱ्याउने कार्यलाई प्रोत्साहित गरिनेछ र त्यस्ता संचारमाध्यमहरूलाई सरकारले विशेष सहुलियत प्रदान गर्ने नीति लिनेछ ।

१३.११ टेलिफोन, मोबाइल, इन्टरनेट सेवाको ग्रामीण तहसम्म विकास र विस्तार गर्दै हरेक नेपालीलाई संचारको पहुँचमा पुऱ्याउने उपर्युक्त नीति अवलम्बन गरिनेछ ।

१३.१२ संचारक्षेत्रमा विदेशी पुँजीको लगानीलाई निरूत्साहित गरिनेछ । तर गैरआवासीय नेपाली तथा नेपाली पुँजी लगानीलाई खुला राखिनेछ ।

१३.१३ संचारगृहहरूले संचारका सबै माध्यमहरूमा स्वामित्व कायम गरी एकाधिकार जमाउने प्रवृत्तिको अन्त्य गरिनेछ ।

१४. विकासका प्रचुर सम्भावनाहरू

नेपाल प्राकृतिक साधन–स्रोतहरूबाट धनी देश हो । दूरदृष्टि र फराकिलो विचार राखी, जनतालाई समृद्ध र राष्ट्रलाई समुन्नत एवं बलियो बनाउने उद्देश्य लिई त्याग र संकल्पकासाथ काम गर्ने हो भने हाम्रोसामु विकासका प्रचुर संभावनाहरू छन् । नेकपा (माले) ले देखेका केही संभावनाहरू र गरेका केही संकल्पहरूबारे यहाँ संक्षेपमा उल्लेख गरिन्छ ।

१४.१ तराईदेखि हिमालसम्म देशको सम्पूर्ण भूमिलाई उपयोग गर्ने योजना बनाइनेछ । माटो बग्ने भिरालो जमीनमा जोत्नु–खन्नु नपर्ने जडीबुटी, फलफूल, व्यापारिक महत्त्वका वनस्पति, झाडी एवं वृक्षहरू लगाउने र असुरक्षित एवं सुविधाहिन ढंगले पहाडमा छरिएका घरहरूलाई उपयुक्त ठाउँमा सार्दै ग्रामीण नगरहरू स्थापना गरी नगरीय सुविधाहरू पुऱ्याउने काम गरिनेछ । यस कार्यबाट देशलाई बहुआयामिक फाइदा हुनेछ । वनक्षेत्र बढ्ने छ । भुस्खलन र बाढी पैह्रोका समस्याहरू घटनेछन् । जनजीवन उन्नत र सुखी हुनेछ । दीर्घकालीन रूपमा यस्तो योजना कार्यान्वयन गर्न सकिनेछ जसको लागि देशी–विदेशी विभिन्न स्रोतहरूबाट लगानी जुटाउन सकिनेछ ।

१४.२ पहाडबाट बग्ने अधिकांश नदीहरूले तराईमा बग्दा पिँधमा पाँगो माटो थिगारी फराकिलो फाँटलाई बगर बनाउने गरेका छन् । भूउपयोगको योजनालाई कार्यान्वयन गर्ने क्रममा पहाडको मुखदेखि सुरू गरी भू–नियन्त्रण, भूमिउद्धार, कृषि, वसोवास आदि बहुउद्देश्यीय योजनाका साथ **नदी नियन्त्रण योजना** कार्यान्वयन गरिनेछ । यसबाट भूमिहीन, सुकुम्बासी र वेरोजगारहरूलाई आवास र रोजगारी प्राप्त हुनेछ र गरिबी निवारणमा व्यापक सहयोग प्राप्त हुनेछ ।

१४.३ नेपालमा उर्जा सङ्कटलाई घटाउनका निम्ति सौर्य र वायोउर्जाको दोहनलाई व्यापक पारिनेछ । पहाड र तराईका रूखा र सुखा ठाउँमा पनि हुर्किन र फल्न सक्ने सरूवा (कदम)को किसान र सहकारी मार्फत व्यापारिक खेतीगरेर, त्यसको दानाबाट तेल निकालिने र त्यसलाई प्रशोधन गरी पेट्रोलियम पदार्थमा उपर्युक्त मात्रामा मिलाई इन्धनको रूपमा प्रयोग गरिनेछ ।

१४.४

१४.४.१ विकासको ठूलो पूर्वाधार यातायात हो । तराईमा हुलाकी राजमार्ग र पहाडमा मध्य पहाडी पूर्व–पश्चिम राजमार्गहरू खोलिने छन् । पहाड र तराई जोडिने भागको छेउवाट पूर्व–पश्चिम विद्युतीय रेल खोलिने छ । विद्युतीय ट्राम सेवाको विकास गरिनेछ ।

१४.४.२ देशभरिमा हरेक सङ्घीय प्रदेशबाट गुज्रने गरी र दुवै छिमेकी देशलाई छुने गरी उत्तर–दक्षिण राजमार्गहरूको निर्माण गरिनेछ । तिनलाई तिब्बतका विभिन्न दक्षिणी विन्दुहरूसँग आइपुग्ने रेलमार्गका टर्मिनलहरूसँग जोडिनेछ ।

१४.४.३ काठमाण्डुलाई तराईसँग जोड्ने फास्ट ट्र्याक (सुरूङ) मार्गको साथै यहाँबाट चारै दिशातर्फ जाने थप मार्गहरूको निर्माण गरिनेछ ।

१४.४.४ पहाडी क्षेत्रमा सामानहरूको ढुवानीको निम्ति रज्जुमार्ग (रोपवे) र यातायातको निम्ति केवलकारको निर्माण तथा सञ्चालन गरिनेछ । यसले पर्यटन वृद्धिको साथै पहाडी क्षेत्रको विकासमा ठूलो योगदान गर्नेछ ।

१४.४.५ नेपालमा उच्चशिक्षा, आधुनिक र उन्नत स्वास्थ्य सेवा र वृद्धाश्रमको निम्ति धेरै केन्द्रहरू विकास गरिनेछन् । यस्ता केन्द्रहरूमा विदेशीहरूलाई पनि अध्ययन–अनुसन्धान, स्वास्थ्य–लाभ र विश्रामको निम्ति आकर्षित गरिनेछ ।

१४.५ नेपालका उच्च पहाडी भाग र हिमाली क्षेत्रमा व्यापक रूपमा जडीबुटीहरूको खेती गरी तिनमा आधारित औषधी उद्योगलाई प्रोत्साहित गरिनेछ ।

१४.६ उत्तरको छिमेकी चीनसँगको व्यापारलाई बढाई नेपालको पहाडी र हिमाली क्षेत्रमा रहेका विकासका सम्भावनालाई दोहन गर्नको निम्ति जोड दिइनेछ । काभ्रेको पाँचखालमा विशेष आर्थिक क्षेत्र स्थापना गरी नेपाललाई भारत र चीनबीचको व्यापारमाध्यमको रूपमा विकास गरिनेछ ।

१४.७ चीन–नेपालमाफ दीर्घकालीन सम्झौता गरी चीनको तिब्बतबाट पेट्रोलियम पदार्थको पाइप–लाइन खोलिनेछ र उर्जा आपूर्तिको विविधीकरण गरिनेछ ।

नेकपा (माले) उपरोक्त सम्भावनाहरूलाई उन्नत र समृद्ध नेपाल निर्माण गर्ने उद्देश्यले कार्यान्वयन गर्नको निम्ति राष्ट्रिय सहमति निर्माण गर्न सङ्कल्पका साथ जुट्नेछ ।

१५. महत्त्वपूर्ण विविध विषयहरू

१५.१ विगतका जनआन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने सहीदहरूको परिवारलाई राहत दिने र जीविकोपार्जन र बालबालिकाहरूलाई शिक्षा–दिक्षा दिने सम्बन्धमा प्रभावकारी कार्यक्रम लागू गरिनेछ । यसको साथै अपाङ्ग र घाइतेहरूको उपचार र जीविकोपार्जनका प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१५.२

१५.२.१ नेकपा (माले) ले पर्यावरणको संरक्षणको निम्ति सामग्रिक रूपमा काम गर्नेछ । जैविक विविधताको रक्षा गर्ने नीति अवलम्बन गर्नेछ ।

१५.२.२ उद्योग व्यवसाय सञ्चालन गर्दा सहरीकरण र बस्तिविकास गर्दा र यातायातको विकास गर्दा प्रदूषणवृद्धिलाई नियन्त्रण गर्ने योजनाका साथ काम गर्नेछ ।

१५.३

१५.३.१ वन्यजन्तु आरक्षणलाई विशेष व्यवस्थित गरिनेछ ।

१५.३.२ एकसिङ्गे गैंडा, विभिन्न प्रजातिका चितुवा लगायत लोपोन्मुख दुर्लभ जनावरहरू, संख्यात्मक रूपमा ह्रास हुँदै गएका, दुर्लभ र लोपोन्मुख वनस्पति र पंक्षीहरूको संरक्षण गरिनेछ ।

१५.४

१५.४.१ वलिदिने नाउँमा पशु–पंक्षीहरूमाथि गरिने क्रूरता (हजारौंको संख्यामा क्रूरतापूर्ण वलि दिने, जीउँदो पशुलाई पिटेर–चिथोरेर क्रूरतापूर्वक हत्या गर्ने) र पशु–पंक्षीहरूलाई निर्दयी ढङ्गले ओसार–पसार गर्ने चलनलाई प्रतिबन्ध लगाइनेछ । पशु–पंक्षीहरूप्रति सबैखाले क्रूरताको अन्त्य गरिनेछ ।

१५.४.२ सहर / बजार र गाउँघरमा छाडा छोडिएका पशुहरू (गाई, बाच्छा–बाच्छी, साँढे आदि) लाई गोठमा राख्ने र अन्य घरेलु पशुसरह व्यवहार गर्ने काम गरिनेछ । सरकारले यस्तो काम गर्ने व्यक्ति र संस्थालाई प्रोत्साहन दिनेछ, सघाउनेछ ।

१५.४.३ विशेषगरी सहर–बजारमा छोडिएका र रहेका वेवारिसे कुकुरहरूलाई बन्ध्याकरण गर्ने र हेरविचार केन्द्रमा राख्ने कामलाई प्रोत्साहन र सहयोग गरिनेछ ।

१५.५ विदेशमा रहेको नेपाली, नागरिकहरूलाई इन्टरनेटद्वारा मतदानको सुविधा मिलाइनेछ ।

१५.६ कारागारहरूमा वैज्ञानिक आधुनिक सुधार गरी तिनलाई सुविधायुक्त सुधार गृहको रुपमा रुपान्तरित गरिनेछ ।

१५.७ संविधानसभाको निर्वाचनमा कुनै एक राजनीतिक दललाई बहुमत प्राप्त भएपनि नयाँ संविधानको निर्माण भई आम चुनावद्वारा केन्द्रीय सरकारको गठन नभएसम्म वर्तमान अन्तरिम संविधानअनुसार संविधानसभामा रहेको राजनीतिक दलहरूको उपस्थितिको आधारमा सातदल र अन्य आन्दोलनकारी दलहरूको मिलिजुली सरकार गठन गरिनेछ ।

१५.८ संविधानसभाले राजतन्त्र हटाउने निर्णय गरी लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने निर्णय गरेपछि संविधानसभाले निर्माण गर्ने नयाँ संविधानअनुसार नयाँ राष्ट्रपतिको निर्वाचन नगरेसम्म अन्तरिम संविधानअनुसार निर्वाचित प्रधानमन्त्रिले नै राष्ट्र प्रमुखको काम गर्नेछन् ।

१५.९ सहज लोकतान्त्रिक प्रकृयाबाट निर्णय गर्न नसकिएको अवस्थामा राष्ट्रिय महत्त्वका विषयहरूबारे राष्ट्रिय जनमत संग्रहबाट निर्णय लिइनेछ ।

१५.१० कृषिक्षेत्र र अन्यत्र काम गर्ने असङ्गठित मजदुरहरूलाई सङ्गठित हुने अवस्था सृजना गरिनेछ र उनीहरूको हकहितको संरक्षण गरिनेछ ।

१६. उपसंहार

परिवर्तनकामी राष्ट्रभक्त देशवासीहरू !

नेकपा (माले) संविधानसभाबाट जनतालाई सार्वभौम बनाउँदै प्रगतिशील गणतान्त्रिक लोकतन्त्र, नेपाल सुहाउँदो सङ्घीय ढाँचा, समानता एवं स्वशासन, जनमुखी आर्थिक–सामाजिक परिवर्तन र बलियो राष्ट्रिय एकता एवं स्वतन्त्रता कायम गर्ने संविधान बनाउन सङ्घर्षरत छ । यसप्रकार नेकपा (माले) शान्तिपूर्ण ढङ्गले नेपालको तेस्रो राजनीतिक क्रान्तिलाई सफल पार्न समर्पित भएर लागेको छ । राजनीतिक दल र जनता संविधान–सभाको अभियानमा केन्द्रित भएको बेला विस्तारवादी शासकहरू आफ्नो सङ्कीर्ण र नाजायज स्वार्थ पूरा गर्न नेपाली जनतामा साम्प्रदायिकता बढाउने, विभाजन ल्याउने, नेपालको तराईमा 'वफर जोन' कायम गर्ने र अझै अघिबढी राजनीतिक ढङ्गले क्रमशः नेपालको भू–अखण्डता एवं अस्तित्वलाई नै समेत समाप्त पार्ने रणनीतिक योजनाअनुसार काम गरिरहेका छन् । यही बेला अमेरिकाको अगुवाईमा साम्राज्यवादी शक्तिहरू नेपाली भूमिलाई छिमेकी समाजवादी चीनमा द्वन्द र अस्थिरता सृजना गर्ने कथित 'तिब्बत स्वतन्त्रता' अभियानको निम्ति प्रयोग गर्ने अनुकूल राजनीतिक वातावरण बनाउने काममा लागेका छन् । यही समयमा परिवर्तनविरोधी घरेलु प्रतिक्रियावादी शक्तिहरू विस्तारवादी तथा साम्राज्यवादीहरूका जुनसुकै षड्यन्त्रहरूलाई समेत उपयोग गर्दै संविधानसभा निर्वाचनलाई विथोल्न र रोक्न क्रियाशील रहेका छन् । घरेलु प्रतिगामी शक्तिहरू र विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूका यस्ता षड्यन्त्रहरू निर्वाचन–सम्मुख रहेका समस्या र चुनौती हुन् ।

उपरोक्त समस्या र चुनौतीहरूलाई परास्त गर्दै संवादमार्फत् राष्ट्रिय सहमति कायम गरी संविधान–सभालाई नेपाली मात्रको कार्य सूची बनाई संविधानसभामार्फत् शान्तिपूर्ण राजनीतिक क्रान्ति सफल पार्न अघि बढौं । संविधानसभा निम्तिको अभियानलाई सफल पारौं ।

अन्त्यमा, हामी **'हँसिया–तारा'** चिन्हमा मतदान गरी नेकपा (माले) का बहुमतीय चुनावका उम्मेदवारहरूलाई र नेकपा (माले) लाई संविधानसभामा पठाउनको निम्ति हार्दिक अपील गर्दछौं।

क्रान्तिकारी अभिवादन सहित !

१२.

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

वृहत वाम-लोकतान्त्रिक एकताको निर्माण - लोकतान्त्रिक गणतन्त्र नेपालको आधार ॥

हँसियामा मतदान गरी नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) का उम्मेदवारहरूलाई विजयी गराऔं !

१. प्रस्तावना

नेपाल अहिले ऐतिहासिक जनआन्दोलन-२ को निर्णायक चरण-अर्थात संविधानसभाको निर्वाचनको चरणमा प्रवेश गरेको छ । यस निर्वाचनबाट निर्वाचित हुने संविधानसभाले देशका आम शोषित-पीडित जनताको पक्षमा नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान तर्जुमा गरी शोषण-दमन तथा जातीय, वर्गीय, लैङ्गिक, भाषिक, धार्मिक शोषणबाट पिल्सिएका जनताहरूको सार्वभौकिता तथा सर्वोच्चता कायम गरी देशको राज्यसत्ता सञ्चालनमा मधेस, पहाड, हिमालय, सुदूरपश्चिम, पिछडिएका क्षेत्र, आदिवासी-जनजाति, महिला, दलित, किसान, मजदूर तथा अल्पसंख्यक आदि यावत जनताको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्नु पर्दछ। तबमात्र संविधानसभा सार्थक हुनेछ र यसले जनआन्दोलन-२ ले माग गरेको लक्ष प्राप्त गर्नसक्ने छ। यो अधिकार कसैले दिएर प्राप्त हुने होइन, बरु आफ्नो अधिकार तथा सामन्ती शोषणबाट मुक्ति र आफ्नो पहिचान र अधिकारको लागि सङ्घर्ष गरिरहेका जनताको एकता, क्रान्तिकारी अठोट, पारस्परिक सद्भाव, जातीय, क्षेत्रीय, भाषिक एकता तथा राष्ट्रिय अखण्डता, सार्वभौमिकता तथा स्वतन्त्रताको भावनाबाट अभिप्रेरित भई शोषक तथा सामन्ती एकाधिकारवादी तत्त्व तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूलाई यस निर्वाचनमा परास्त गरेर मात्र प्राप्त गर्न सकिनेछ।

२. ऐतिहासिक जनआन्दोलन -२ र त्यसले निर्देशित गरेको लक्ष ।

सैन्यबलको आडमा राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि सुरु भएको सातदलको प्रतिगमन विरोधी संयुक्त आन्दोलन, माओवादीहरूसँग १२ बूँदे समझदारी पछि शान्तिपूर्ण व्यापक संयुक्त जनआन्दोलनको नयाँ चरणमा प्रवेश गरेको हो, जसले ०६३ वैशाख ११ गते निरंकुश राजतन्त्रलाई परास्तगरी संसद र लोकतन्त्रको पुनर्स्थापना गऱ्यो । त्यस पछिका दिनहरूमा माओवादी तथा सातदल बीच विभिन्न चरणमा भएका सहमति तथा वृहद् शान्ति सम्झौताको आधारमा पुनर्स्थापित संसदले ऐतिहासिक निर्णयहरू गर्दै अन्तरिम संविधानको घोषणा, माओवादी सहितको अन्तरिम व्यवस्थापिका-संसदको स्थापना र संयुक्त सरकारको गठन जस्ता ऐतिहासिक निर्णय गरेको हो। अनेकौं उतार-चढाव तथा खिचातानी र पटक-पटकको स्थगन पश्चात अन्तरिम संविधानमा संशोधन गरी चैत्र २८ गते संविधानसभाको निर्वाचनको तिथि तय गरिएको छ। संविधानसभाको माध्यमबाट केन्द्रीकृत एकात्मक सामन्ती ब्यवस्थालाई समाप्तगरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्ने जनआन्दोलन-२ को जनादेश हो। संविधानसभाको निर्वाचनले यसलाई कार्यरुप दिनु पर्दछ।

अन्तरिम संविधानले व्यवस्था गरे अनुसार जननिर्वाचित संविधानसभाको पहिलो बैठकले निरंकुश राजतन्त्रसहित सामन्ती संरचनाको अन्त गरी, जनआन्दोलन–२ को भावना अनुसार नयाँ सम्बिधान मार्फत सङ्घीय लोकतांन्त्रिक गणतंन्त्रको स्थापनाका साथै समानुपातिक आधारमा समावेशी चरित्रको नयाँ राज्य व्यवस्था खडा गर्नुपर्दछ र राज्यसत्तामा सबैको स्वामित्व सुनिश्चित गर्नुकासाथै आम श्रमजीवी जनताको स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, काम, तथा विश्राम जस्ता मौलिक मानविय अधिकारहरू स्थापित गर्नुपर्दछ। तबमात्र देशमा आमुल सामाजिक–आर्थिक परिवर्तन गरी सवैको साझा नयाँ लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण गर्न सकिने छ। यो लक्ष प्राप्त गर्न देशको नयाँ राजनैतिक धरातलमा सम्पूर्ण अग्रगामी लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूको "बृहत वाम–लोकतान्त्रिक एकता" कायम गर्नु आजको आवश्यक हो। नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) यस्तो विकल्प शक्ति निर्माण गर्न चाहन्छ।

३. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को परिचय वर्तमान चरणको कार्य

३.१ **पार्टीको परिचय –** नेक.पा. (संयुक्त), नेपालका तमाम श्रमजीवी जनताको पार्टीका हैसियतले २००७ सालदेखि ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनसम्म निरंकुश सामन्ती एकाधिकारवाद विरुद्ध, लोकतन्त्र, जनजीविका तथा नागरिक अधिकारका लागि निरन्तर सङ्घर्ष गर्दै आएको पार्टी हो र अहिले पनि सङ्घर्षरत छ। यीं सङ्घर्षहरूका दौरान यसले आफ्नो बेग्लै स्थान र पहिचान कायम गरेको छ। नेपालको राजनैतिक वृत्त तथा आम जनता माझ आफ्नो सिद्धान्तनिष्ठता, राजनैतिक दृढता, वैचारिक परिपक्वता, नीतिगत स्पष्टता र स्थिरतासहित राजनैतिक संस्कार तथा वाम एकताको इमान्दार पक्षधर पार्टीका रुपमा परिचित छ। अहिले यिनै क्रान्तिकारी उत्तरदान, मूल्य–मान्यताहरूलाई कायम राख्दै जनआन्दोलनको दौरान श्रमजीवी वर्ग तथा क्रान्तिकारी युवाहरू तथा आम नेपाली जनताले, आफ्नो रगत बगाई सुम्पेको अभिभारा पूरा गर्न तथा महान ऐतिहासिक जनआन्दोलन–२ को जनादेश अनुसार, देशबाट **राजतन्त्रसहित सामन्तवादको समुल अन्त्य, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समानुपातिक आधारमा र समावेशी चरित्रको नयाँ राज्य व्यवस्थाको** स्थापनाका लागि सङ्घर्षरत छ।

३.२. पार्टीको संघर्षमय इतिहासको झलक

१. ०७ सालको क्रान्तिमा हाम्रा शीर्षस्थ नेता क. विष्णुबहादुर मानन्धर लगायत, अहिलेपनि पार्टीको अग्रपंक्तिमा रहेका, अनेकौं व्यक्तिहरू विभिन्न मोर्चामा लडनुभएको थियो।

२. नेपालको वर्गीय–आन्दोलनमा विशेष स्थान ओगटेको ०९ देखि ०१३ साल सम्मको किसान आन्दोलनको नेतृत्व गर्नु भएका क. विष्णुबहादुर मानन्धर, त्यस आन्दोलनका प्रथम शहीद क. जगदेव राउत, शहीद क. सुखलाल महतो, पथरा गोलीकाण्डका योद्धाहरू, पञ्चायत विरोधी आन्दोलनमा शहादत प्राप्त गरेका अनेकौ विद्यार्थी, युवा तथा किसान नेता नन्दलाल सुसलिंङ लगायत आफ्नो सम्पूर्ण जीवन किसान आन्दोलनलाई सुम्पेका किसान नेताहरू – क. गुजाई यादव, हजारी साह, भोलाई यादव, कुँवर ठाकुर, देवनन्दन सिंह, बी.आर. राई, इन्द्रबहादुर थापा, सीताराम ठाकुर, शेख मसिआलम, खजान्ती साह, पुनीत यादव, राजदेव सहनी आदि अनेकौ योद्धाहरू हाम्रो पार्टीका गौरव हुन र आज पनि तराईका किसानहरूमा स–सम्मान याद गरिन्छन। तिनको त्याग वलिदान तथा सङ्घर्षले नै यस पार्टीले ०१५ को आम निर्वाचनमा रौतहट जिल्लाबाट क. शेख फरवान र हरदयाल महतो जस्ता किसानहरूलाई विजयी गराई संसदमा पठाउन सफल भएका थियौं।

३. ०१७ को सैनिक "कू" पछि ०२८, २०३२, २०३६, ०४२ तथा ०४६ का विद्याथी आन्दोलन तथा वर्गीय र राजनैतिक आन्दोलनमा यो पार्टी सधैं आन्दोलनहरूको अग्रपंक्तिमा रहेको इतिहास साक्षी छ। ती आन्दोलनहरूमा यसका अनैकौं नेता तथा कार्यकर्ताहरू देशब्यापी रुपमा दमन तथा गिरफ्तारीको शिकार भएका थिए र अनेकौंले सहादत प्राप्त गरे।

४. आन्दोलनका निर्णायक मोडहरूमा सधैं सही कार्यनीति लिई अगाडि बढ्नु यस पार्टीको विशेषता रहेको छ। ०३६ सालको जनमतसंग्रहपछि पार्टीहरू अर्ध–वैधानिक अवस्थाको उपयोग गर्दै पाटीले पञ्चायती निर्वाचनको मञ्चबाटै खुला रुपमा पञ्चायतमाथि प्रहार गर्ने कार्यनीति लिई आफ्ना उम्मेदवारहरू निर्वाचनमा ओरालेको थियो। निर्वाचन प्रचारको दौरान प्रचारमञ्चबाट पञ्चायतमाथि कडा प्रहार गर्ने क्रममा अनेकौं कार्यकर्ता तथा उम्मेदवारहरू गिरफ्तार भए र कडा दमन भोल्नु पर्‍यो। सरकारका अनेकौं हतकण्डा तथा दमनका बावजुद चितवनबाट भीमबहादुर श्रेष्ठलाई जिताउन पार्टी सफल भएको थियो र राष्ट्रिय पञ्चायतको अधिवेशनको दौरान पञ्चायत व्यवस्थामाथि कडा प्रहार गर्ने क्रममा उहाँलाई राष्ट्रिय पञ्चायतभित्रै निर्ममतापूर्वक कुटियो र राष्ट्रिय पञ्चायतमा प्रवेश निषेध गरियो। यस कार्यनीतिको सफलतापछि ०४३ को निर्वाचनमा अन्य पार्टीहरूले पनि छद्मनामबाट निर्वाचनमा भाग लिए र आफ्ना उम्मेदवारहरूलाई विजयी गराए।

५. पञ्चायतविरोधी लामो सङ्घर्षमा निर्दलीय पञ्चायत व्यवस्था र राजतन्त्रको कट्टर विरोधीशक्तिका रुपमा स्थापित यस पार्टीलाई समाप्त गर्न ०४२ को बमकाण्डमा हाम्रा प्रमुख नेता का.चन्द्रदेव जोशी, का. गणेश शाह, का. कल्याणी शाह लगायत अनेकौं केन्द्रीय नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी निर्मम यातनासहित लामो समयसम्म जेल–नेलको सजाय दिइयो।

६. ०४६ सालको जनआन्दोलनमा पार्टीले निर्वाह गरेको भूमिकाको फलस्वरुप वाममोर्चाको तर्फबाट पार्टीलाई अन्तरिम मन्त्रिमण्डलमा सामेल गराइयो र ०४७ सालको संविधान बनाउनमा पार्टीको अहम् भूमिका रहेको थियो।

७. ०५८ असौज १८ गते राजाले सत्ता आफ्नो हातमा लिएपछि, ठूला पार्टीहरू किंकर्तव्यविमुढ भएर दरबारलाई ताकिरहेको बेला, हाम्रो पार्टी, संयुक्त वाममोर्चाको पहलमा जनमोर्चासँग मिलेर असौज २५ गते प्रतिगमनको खुला विरोध गर्दै सडकमा ओर्लियो। त्यसपछिका दिनहरूमा नेकपा (संयुक्त) एक्लै पार्टीगत हिसाबले तथा संयुक्त वाममोर्चाको सदस्यका हैसियतले निरन्तर सङ्घर्षमा रहेको हो। फलस्वरुप आज हामी अन्तरिम व्यवस्थापिका–संसदमा छौं र संसदीय मञ्चबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि सङ्घर्ष गरिरहेका छौ।

३.३. पार्टीको सैद्धान्तिक आधार, वर्गीय संलग्नता तथा राजनैतिक प्रतिवद्धता

१. नेकपा (संयुक्त) मार्क्सवाद–लेनिनवाद तथा सर्वहारा अन्तर्राष्ट्रियतावादका आधारभूत सिद्धान्तहरूबाट निर्देशित, नेपाली समाजका तमाम मजदुर, किसान लगायत सम्पूर्ण शोषित पीडित जनता, श्रमिक आदिवासी–जनजाती, मधेसी, महिला, दलित समुदाय, अल्पसंख्यक, आदि यावत श्रमजीवी वर्ग तथा तप्काहरूको प्रतिनिधि पार्टी हो। वर्गीय तथा जातीय शोषणबाट आम श्रमजीवी जनतालाई सधैंका लागि मुक्त गरी तिनलाई नेपाली समाज र राज्यसत्ताको अगुवा शक्तिका रुपमा स्थापित गरी वर्गीय शोषणविहीन, श्रमप्रधान समतामुलक न्यायिक र पूर्णप्रजातान्त्रिक भाइचारायुक्त समाजवादी व्यवस्थाको स्थापना गर्नु यसको मुख्य लक्ष हो।

२. समाजवाद श्रमिकवर्गलाई सत्ताको मालिक बनाएर मात्र प्राप्त गर्न सकिन्छ। तर हाम्रो जस्तो अल्पविकसित देशमा समाजवादमा संक्रमणका लागि आवश्यक पूर्वाधार निर्माण गर्न अपेक्षाकृत लामो संक्रमणकालीन चरणको आवश्यकता छ। वर्गसङ्घर्षका विभिन्न चरणहरू पार गर्दै, समय र अवस्था सापेक्ष, श्रमिक आन्दोलनको कार्यनीति तय गरी सफलतापूर्वक अगाडि बढेर मात्र त्यो प्राप्त गर्न सकिन्छ। हाम्रो चाहना वा अतिक्रान्तिकारी क्रियाकलापबाट एउटै झट्कामा समाजवादमा पुग्न सकिँदैन। त्यसकारण हाम्रो पार्टीले आफ्नो सातौं महाअधिवेशनबाट समाजवादमा संक्रमणका पूर्वाधार तयार गर्न **समाजवादोन्मुख संक्रमणकालीन आर्थिक सामाजिक संरचना, "राष्ट्रिय जनवाद"** को कार्यक्रम तय गरेको छ। जसको माध्यमबाट हामी समाजवादमा संक्रमण गर्न चाहन्छौ।

३. ने.क.पा. (संयुक्त) बहुदलीय लोकतान्त्रिक संसदीय शासन प्रणाली, प्रतिस्पर्धात्मक राजनीति, बौद्धिक स्वतन्त्रता, मानव अधिकार, कानुनी राज्य, नागरिक स्वतन्त्रता र समानतामा विश्वास गर्दछ। विगतमा मार्क्सवादका आधारभूत सैद्धान्तिक प्रस्तावनाहरूको अपव्याख्या र प्रयोगमा भएका गल्तिहरूबाट अनुभव बटुली एक्काइसौं शताब्दीको वस्तुगत यथार्थता तथा देशको वस्तुगत अवस्थाअनुसार श्रमजीवी जनतालाई एकजुट गरी समाजवादी क्रान्ति सम्पन्न गर्न चाहन्छ।

३.४. वर्तमान चरणको राजनैतिक कार्य – संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना

१. संविधानसभाको निर्वाचन र त्यसको माध्यमबाट केन्द्रिकृत एकात्मक सामन्तवादी राज्यव्यवस्थाको अन्त्य गरी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समानुपातिक आधारमा समावेशी चरित्रको राज्यसत्तामा सबैको भागेदारी सुनिश्चित गर्दै विद्यमान सामन्ती आर्थिक, राजनैतिक र पितृसत्तात्मक सामाजिक अवशेषहरूको अन्त्य गर्नु नेकपा (संयुक्त) को यस चरणको मुख्य काम हो। पार्टी यसका लागि सङ्घर्षरत छ।

२. देशमा विद्यमान क्षेत्रगत, भाषागत, धर्मगत, लिङ्गगत तथा सामाजिक विभेदको अन्त्य तथा जातीय, भाषिक र धर्मिक प्रभुत्वताको आधारमा गरिएको शोषण, उत्पीडन, दमनबाट पिल्सिंदै आएका तमाम श्रमजीवी वर्ग तथा तप्काहरू लगायत महिला, मधेसी समुदाय, जाति–जनजाति, दलितका साथै सीमान्तिकृत गरिएका अल्पसंख्यक शोषित–पीडित जनताको आर्थिक–सामाजिक मुक्ति गरेर नयाँ नेपालको निर्माण गर्ने हाम्रो राजनैतिक प्रतिवद्धता हो।

३.५. आफ्नो लक्ष प्राप्तिका लागि नेकपा (संयुक्त) कसरी अगाडि बढन चाहन्छ ?

१. ने.क.पा. (संयुक्त) उग्रबामपन्थी दुस्साहसवाद, निम्नपूँजीवादी क्रान्तिकारी रोमान्टिसिज्म, आतङ्कबाद, जडसूत्रवाद, दक्षिणपन्थी विचलन तथा विसर्जनवाद र अवसरवाद, धार्मिक तथा जातिय अतिवाद, पारिवारिक विशिष्टता तथा कुनैपनि खालको अधिनायकवाद र निंरकुशताको विरोध गर्दछ र अवस्था प्रतिकूल नभएसम्म आम श्रमिक जनताको शक्ति तथा सङ्गठनको बलमा शान्तिपूर्ण जनआन्दोलको माध्यमबाट वर्गीय शोषणको अन्त्य गरी जनतालाई सत्ताको मालिक बनाउन चाहन्छ। यसका लागि पार्टी, समानन्तर रुपमा, सरकार, संसद तथा सडक सङ्घर्षलाई अगाडी बढाउन चाहन्छ। यही उद्देश्य परिपूर्तिका लागि नेकपा (संयुक्त) संविधानसभाको निर्वाचनमा ओर्लिएको छ। यसले खडा गरेका शोषित–पीडित, दलित, मधेसी, जनजाति आदिवासी तथा महिला वर्ग तेश्रोलिङ्गी तथा उद्धार गरिएका चेलीबेटीको संस्थाका प्रतिनिधि उम्मेवारहरू तपाइका घरदैलोमा आएका छन्। यी तपाईका आफ्ना प्रतिनिधि हुन्। **यिनको विजयबाट संविधानसभामा तपाईको प्रतिनिधित्व हुनेछ। यिनलाई विजयी गराऔं।**

३. नयाँ नेपालको निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जरुरी छ, तर गणतन्त्रको स्थापनाले मात्र तमाम शोषित–पीडित जनताको आर्थिक तथा सामाजिक मुक्ति हुन सक्दैन। त्यसका लागि सामन्तवादका आर्थिक–सामाजिक तथा पितृसत्तात्मक सास्कृतिक संरचना लगायत सबै खालका वर्गीय तथा जातीय शोषणको अन्त्य गर्नु जरुरी छ। आगामी दिनहरूमा हाम्रो सङ्घर्ष यिनै मुलमुद्दाहरूमा केन्द्रित रहनेछ र **सडक सङ्घर्षका साथै संसद यस सङ्घर्षको एउटा प्रमुख थलो हुनेछ। यस सङ्घर्षलाई अगाडि बढाउन नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को निर्वाचन चिन्ह, "हँसिया" मा मतदान गरी हाम्रा उम्मेदवारहरूलाई विजयी गराउन सम्पूर्ण मतदाताहरूलाई अपील गर्दछौं।**

४. संविधानसभाको निर्वाचन र वर्तमान वर्गसंघर्षको रूप।

४.१. बहुदलीय संसदीय प्रणालीमा संसदीय निर्वाचनहरू आमरुपमा वर्ग सङ्घर्षको एउटा विशिष्ट रुप हुने

गर्दछन् । हाम्रो आजको अवस्थामा वर्तमान संविधानसभाको निर्वाचन सामन्ती प्रतिक्रियावादी शक्ति तथा अग्रगामी लोकतांन्त्रिक गणतन्त्रवादी शक्तिहरूबीचको खुल्ला वर्ग सङ्घर्ष हो । यस निर्वाचनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूको विजयले मात्र आम जनताले चाहेको नयाँ नेपाल निर्माण गर्ने बाटो खुल्ने छ। अन्यथा देश पुनः यो अथवा त्यो खालको निरंकुशतन्त्रको मारमा पर्नेछ। अतः हामी मजदूर-किसान वर्ग लगायत आम श्रमजीवी जनता, अग्रगामी लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरू, नागरिक समाज तथा प्रगतिशील-अग्रगामी शक्तिहरूलाई यस निर्वाचनमा एकतावद्ध भई **अग्रगामी लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूलाई विजयी गराउन अपील गर्दछौं।**

४.२ संविधानसभाको चरित्र र यसको मुख्य काम

संविधानसभा बहुदलीय संसदीय प्रणालीका नियमित संसदहरूभन्दा भिन्न चरित्र, कार्यकाल र कार्यभारसहितको संसद हो । यस संविधानसभाको मुख्यकार्य जनआन्दोल-२ को क्रममा जनताद्वारा अभिव्यक्त भावना र आन्दोलनकारी दल तथा शक्तिहरूद्वारा स्वीकार गरिएका मूल्य-मान्यता तथा अन्तरिम संविधानमा स्वीकार गरिएका प्रस्थापना अनुरुपको नयाँ संविधान निर्माण गर्नु हो। संविधानसभाले नयाँ संविधानको निर्माण र अनुमोदन गरेपछि यसको कार्यकाल पुरा हुनेछ।

५. नयाँ नेपाल निर्माणका लागि नयाँ संविधानले निम्न मूल राजनीतिक मुद्दाहरूलाई सुनिश्चित गर्नु पर्दछ –

१. नागरिक सम्प्रभुता र नागरिक मौलिक हकहरू

नयाँ संविधानले आम श्रमजीवी जनताको गाँस-वास, शिक्षा-स्वास्थ्य, काम तथा राज्यसत्तामा श्रमिक वर्गको सहज पहुँच र स्वामित्वलाई।

२. जनताको सम्प्रभुता, संविधानको सर्वोच्चता, जनप्रतिनिधिमुलक शासन प्रणाली, राज्यको सङ्घीय संरचना, समानुपातिक आधारको निर्वाचन प्रणाली, समावेशीकरणको सिद्धान्तमा आधारित राज्य सञ्चालनको परिपाटी, मानवाधिकार, कानुनी राज्यको मान्यता, धर्मनिरपेक्षता, बहुलवाद तथा राष्ट्रिय सार्वभौमिकता र अखण्डता, लैङ्गिक समानता, पितृसत्तात्मक सामाजिक संस्कार र व्यवहारको अन्त, महिला, मधेसी, आदिवासी-जनजाति, दलित, अल्पसंख्यक, अपाङ्ग तथा यौनिक (लैङ्गिक) अल्पसंख्यकहरू लगायत यावत दलित-पीडितहरूको सामाजिक मुक्ति, सम्पूर्ण जाति, धर्म, लिङ्ग, वर्ग तथा उपवर्गहरूको सह-अस्तित्व र आत्मसम्मानसहितको पारस्परिक निर्भरता तथा सद्भाव र नागरिक अधिकारको सुनिश्चितता।

३. नागरिकको बसोबास, आवतजावत, पेशा तथा व्यवसायको पूर्ण स्वतन्त्रता, साझा नेपाली नागरिकता र नागरिक हक, विचार र अभिव्यक्तिको स्वतन्त्रता ।

६. संघीय लोकतान्त्रिक गणराज्य नेपालको स्वरुप र संघीयता बारे हाम्रो धारणा

१. नेपाल, अखण्ड नेपालभित्र स्वायत्त स्वशासित प्रदेश, स्वशासित क्षेत्र र इकाईहरू सहितको एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न पूर्णलोकतान्त्रिक सङ्घीय लोकतान्त्रिक गणराज्य हुनुपर्दछ। जसले राज्यसत्ताको प्रत्येक अङ्गहरूमा सबैको पहुँच र स्वामित्वलाई सुनिश्चित गर्नुपर्दछ।

२. नयाँ राज्यसत्ता कुनै वर्ग-विशेष, जाति-विशेष तथा वंश-विशेषको राज्य नभई आम श्रमजीवी मजदुर, किसान लगायत अग्रगामी क्रान्तिकारी रुपान्तरणमा सहयोगी राष्ट्रिय पूँजीपति, बौद्धिक श्रमजिवी, साना व्यापारी, प्रगतिशील बुद्धिजीवी, युवा, विद्यार्थी लगायत देशका तमाम सङ्गठित र असङ्गठित श्रमजिवीहरूको साझा राज्यसत्ता हुनुपर्दछ । यस सत्ताको चरित्र सामन्तवाद, साम्राज्यवाद र

एकाधिकार पूँजीवाद विरोधी हुनुपर्दछ। **संविधानसभाको निर्वाचन तथा संविधानको निर्माणको दौरान पार्टी यसका लागि सङ्घर्षरत रहनेछ।**

३. नेपालको सामाजिक–आर्थिक विविधता, भू–भौगोलिक बनौट तथा नागरिकहरूको वसोबासको अवस्थाले गर्दा राज्यको पुनर्संरचनाको सवाल ज्यादै सम्वेदनशील तथा जटिल सवाल भएको छ। वर्तमान नागरिक बसोवासको यथार्थता, सामाजिक मनोविज्ञान, जनआन्दोलनको मूलभावना तथा मधेसी र आदिवासी–जनजातिहरूले उठाएका मागलाई केन्द्रविन्दुमा राखी, राष्ट्रिय अखण्डता तथा सार्वभौमिकतालाई जोगाउँदै यस प्रश्नलाई हल गर्नुपर्दछ । यसका साथै, क्षेत्रीय सन्तुलन तथा सामाजिक सद्‌भाव, भू–भौगोलिक बनौट, प्राकृतिक श्रोतहरूको उपलब्धता, दिगो आर्थिक विकासका लागि उपलब्ध आर्थिक आधार, भाषिक एवम् जातीय तथा सांस्कृतिक सघनता, प्रशासनिक सहजता, नेपालको भौगोलिक अवस्थिति र अनुकूलता तथा जनसंख्या आदिको यथार्थमा टेकेर गरिनु पर्दछ।

४. सङ्घीय रुपमा राज्यको पुनरसंरचना गर्दा कति प्रदेश बनाउने वा कसरी बनाउने भन्ने सवाल जनताको सार्वभौमिकता तथा सरोकारका विषय हुन् । यसको निर्णय कुनै पार्टी–विशेषको चाहनाबाट वा राजनैतिक उद्देश्यले माथिबाट थोपारेको राजनैतिक घोषणा वा सरकारी निर्णय र अध्यादेशबाट गरिनु हुन्न । जनताको चाहना र स्वीकृतिको आधारमा मात्र गरिनु पर्दछ । अन्यथा यसले नयाँ सङ्घर्ष विभाजनलाई जन्म दिनेछ।

५. सङ्घीय आधारमा राज्यको पुनरसंरचनाको मुख्य उद्देश्य देशको विभाजन अथवा एकथरी शोषकवर्गको हाथबाट सत्ताखोसी अर्कोथरी क्षेत्रीय शोषक वर्गको हातमा राज्यसत्ता सुम्पिनुका लागि नभई अधिकार र शक्तिको बिकेन्द्रिकरणको माध्यमबाट एउटा समृद्ध, एकीकृत तथा सार्वभौमसत्ता सम्पन्न सबैको साझा अखण्ड नेपालको निर्माण गर्नु हो । सङ्घीयताको माग, शदियौंदेखि सामन्ती शोषण, दमन र थिचोमिचोमा पर्दै आएका आम श्रमिक जनतालाई सामन्ती शोषणबाट मुक्त गरी तिनलाई सत्ताको साझेदार बनाउनका लागी उठेको माग हो।

७. संसदहरूको बनौट र प्रतिनिधित्वको सम्बन्धमा

१. वर्तमान सामाजिक विभाजन र विभेद तथा शोषणको अन्त गरी तमाम वर्ग, तप्का, क्षेत्र जात-जाति,भाषा–भाषि, अल्पसंख्यक तथा सीमान्तिकृत समुहहरूको राज्यसत्तामा अधिकार र पहुँचलाई सुनिश्चित गर्न र नेपाल राज्यलाई सवैको साझा देश बनाउन **केन्द्र र प्रान्तहरूमा समान अधिकार सम्पन्न दुई–सदनात्मक संसद र स्वशासित क्षेत्र तथा इकाईहरूमा एक–सदनात्मक स्थानीय संसद** हुनुपर्दछ।

२. केन्द्रीय संसदको माथिल्लो सदनमा प्रत्येक प्रान्तबाट समान संख्यामा तर समावेशीकरणको आधारमा प्रतिनिधित्व गराउनु पर्दछ। त्यस बाहेक विभिन्न सामाजिक क्षेत्रका लब्धप्रतिष्ठित व्यक्ति नागरिक समाजका प्रतिनिधि, तथा सिमान्तीकृत अल्यसंख्यकहरूको प्रतिनिधित्व गराइनु पर्दछ।

३. तल्लो सदनमा केन्द्रीय संविधानले व्यवस्था गरेको निर्वाचन प्रणाली अनुसार जनसंख्या तथा भौगोलिक आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी वालिग मताधिकारको आधारमा निर्वाचित जनप्रतिनिधिहरू रहने व्यवस्था हुनुपर्दछ।

४. प्रान्तीय संसदको माथिल्लो सदनमा प्रान्तभित्र बसोबास गर्ने सबै धर्म, वर्ग, क्षेत्र, भाषा–भाषी तथा सीमान्तीकृत तप्का तथा अल्पसंख्यकहरूको प्रतिनिधित्व हुनुपर्दछ र तल्लो सदन केन्द्रीय मुल कानुन अन्तरगत रही समानुपातिक प्रतिनिधित्व हुने गरी वालिग मताधिकारबाट निर्वाचित गरिनु पर्दछ।

५. जाति, भाषा, संस्कृतिको घनत्व तथा भौगोलिक अवस्था हेरी गठन गरिने स्वायत्त स्वशासित क्षेत्र तथा इकाईहरू र स्थानीय संसदहरूमा समानुपातिक आधारमा प्रतिनिधित्व गराइनु पर्दछ।

६. तलदेखि माथिसम्मका सबै सदनमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्दछ।

८. राज्य प्रमुख र सरकार प्रमुखको निर्वाचन र अधिकार क्षेत्र

क. केन्द्रमा प्रधानमन्त्री कार्यकारी प्रमुख हुनुपर्दछ जसको निर्वाचन संसदको तल्लो सदनले गर्नेछ।

ख. राज्यको संवैधानिक प्रमुख राष्ट्रपति हुनेछ। जसको निर्वाचन प्रान्तीय तथा केन्द्रीय संसदका दुई सदनका सदस्यहरूले गर्ने छन्।

९.

१०. केन्द्र र प्रान्तहरूका सह-सम्बन्ध र क्षेत्राधिकारको बाँडफाँड

नयाँ संविधानले केन्द्र, प्रदेश, स्वशासित क्षेत्र तथा इकाईहरूका अधिकार तथा शक्ति विकेन्द्रीकरणको अवस्था स्पष्टरुपमा रेखाङ्कित गर्नु पर्दछ।

१. सङ्घीय प्रान्तहरू आफ्नो प्रशासनिक ढाँचाको निर्माण, प्राकृतिक सम्पदाको स्वामित्व र दोहन, साँस्कृतिक धरोहरको स्वामित्व तथा संरक्षण, प्रान्तीय करप्रणाली, प्रान्तीय विकास-निर्माणका योजना, अन्तर-प्रान्तीय र क्षेत्रीय व्यापार सम्बन्ध, प्रान्तीय शान्ति-सुरक्षाको व्यवस्थापन, प्रान्तीय भाषिक तथा शैक्षिक नीति-निर्माण आदि कुराहरूमा आत्मानिर्णयको अधिकारसहित स्वायत्त-स्वशासित हुनुपर्दछ।

राष्ट्रिय सुरक्षा प्रणाली, देशको भौगोलिक अखण्डता तथा सीमाको सुरक्षा, मौद्रिक प्रणाली, विदेश नीति, राष्ट्रिय राजमार्ग, राष्ट्रिय संचार प्रणाली, ठूला राष्ट्रिय योजना, जैविक र पर्यावरणीय संरक्षण जस्ता विषय केन्द्रीय सरकारको अधिकारभित्र रहनु पर्दछ।

२. राष्ट्यिभाषा, प्रान्तीय भाषा तथा स्थानीय भाषाको सम्मान, राष्ट्रिय साँस्कृतिक र सम्पदाको संरक्षण, सामाजिक धरोहरहरूको सम्मान र संरक्षण र उपयोगको अधिकार सङ्घीय संविधानले तोके बमोजिम हुनुपर्दछ।

११. समावेशीकरणको सवाल र वर्गीय प्रतिनिधित्व

हाम्रो जस्तो वर्गीय समाजमा वर्गीय प्रतिनिधित्व बिनाको समावेशीकरणको कुनै अर्थ रहँदैन। हामी नयाँ राज्यसत्तामा वर्गीय प्रतिनिधित्व लगायत सबै जाति-उपजाति, वर्ग-उपवर्ग, समुदाय तथा तप्काहरूको प्रतिनिधित्व हुनुपर्दछ भन्ने कुरामा दृढ छौं। एकसयभन्दा बढी जाती-उपजाती तथा वर्ग-उपवर्ग भएको बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा क्षेत्रीय आधारमा विभाजित समाजमा समानुपातिक रुपमा समावेशीकरणको प्रश्न एउटा जटिल प्रश्न अवश्य हो, तर यसलाई हल गर्नु पर्दछ। समावेशीकरण व्यवस्थापिकाहरूको सम्बन्धमा मात्र नभई राज्यका प्रत्येक अङ्गमा लागू गरिनु पर्दछ। यसका लागि विभिन्न फाँटका दक्षहरू सहितको उच्चआयोग गठन गरिनु पर्दछ।

१२. देशको वर्तमान राजनैतिक, आर्थिक र सामाजिक अवस्था र नयाँ नेपालको निर्माणका चुनौतिहरू

क. सामन्ती व्यवस्थाका विभेदकारी नीति तथा १८ वर्षे दलीय शासनका गल्ति-कमजोरीका कारण देश अहिले अशान्ति, असुरक्षा, पारस्परिक विभेद तथा द्वन्द्वको अवस्थामा छ। विगतमा जातीय, धार्मिक भाषिक साँस्कृतिक तथा वर्गीय एकता तथा सहिष्णुताको जतिसुकै बखान गरिए पनि आन्तरिक तनाव तथा द्वन्द्व भित्र-भित्रै सल्की रहेको थियो। अहिले यो चर्को रुपमा अगाडि आएको छ। यस असहज परिस्थितिमा हामी संविधानसभाको निर्वाचनको चरणमा प्रवेश गरेका छौं। अखण्ड तथा एकीकृत नयाँ नेपालको निर्माणका लागि वर्तमान जातीय, क्षेत्रीय, अनुवंशीय तथा लैङ्गिक विभेद समाप्त गरी राष्ट्रिय सहमति तथा **वृहत वाम-लोकतान्त्रिक एकता** कायम गरी अगाडि बढ्नु आजको आवश्यकता हो। हामी यसका लागि प्रयत्नरत छौं।

ख. हामी सँधै वृहत वाम-लोकतान्त्रिक एकताको पक्षमा रहेका हौं। हामो यो चिन्तन पार्टीगत स्वार्थबाट अभिप्रेरित नभई देशको वर्तमान आर्थिक-सामाजिक अवस्था तथा अन्तरराष्ट्रीय वस्तुगत अवस्थाबाट निर्देशित रहेको छ। आज पनि नयाँ **नेपालको निर्माणका लागि न्यूनतम साझा कार्यक्रममा आधारित**

बृहत वाम–लोकतान्त्रिक एकताको आवश्यकता छ। तर सत्ताधारी ठूला पार्टीहरूको एकाधिकारवादी प्रवृत्ति र पार्टीगत सङ्कीर्ण राजनैतिक चिन्तन र संस्कार यसमा वाधक भएका छन्। हामी, यस संविधानसभाको निर्वाचनमा सम्पूर्ण ठूला पार्टीहरूको भ्रमजालबाट मुक्त भई **नेकपा (संयुक्त) को यस नीतिको पक्षमा उभिन सम्पूर्ण मतदाताहरूलाई अपील गर्दछौं।**

ग. आर्थिक रूपमा नेपाल अहिले दिवालियापनको अवस्थामा छ। बैदेशिक ऋण तथा दानहरूको भरमा चलिरहेको अर्थतन्त्र, विश्व बैक, अन्तर्राष्ट्रिय मुद्राकोष तथा दाताहरूको निर्देशनमा जनताको ढाड सेक्ने गरी जतिसुकै मौद्रिक तथा वित्तीय सुधारका कार्यक्रम लागु गरे पनि, उँभो लाग्न सकेको छैन बरु दिन–प्रतिदिन सीमान्तीकृत अवस्थामा पुग्दैछ। नयाँ नेपालको निर्माण गर्न आत्मनिर्भर अर्थतन्त्रको विकास तथा साम्राज्यवादी नव–उदारवादबाट मुक्ति पाउनु आवश्यक छ। देशलाई यस दिशामा अगाडि बढाउन मूलरुपमा राष्ट्रिय साधनश्रोत, राष्ट्रिय श्रम–सीप तथा पूँजीमा आधारित अर्थनीति आवश्यक छ।

घ. सामाजिक अवस्था – जातीय, क्षेत्रीय, लैङ्गिक, वर्ण र वर्गीय विभाजनले गर्दा हाम्रो समाज तेहेरो रुपमा विभाजित छ। जसमध्ये वर्ण विभाजन सबभन्दा दूर्भाग्यपूर्ण अवस्था हो। अर्कोतर्फ सामन्ती संरचनाले खडा गरेको जातीय तथा क्षेत्रीय विभाजन छ। यी सब कारणले हाम्रो समाजमा सामाजिक र आर्थिक विभाजनका गहिरा खाडल छन्। उपरी रुपमा जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक एकता र सहिष्णुता देखिए पनि यस सहिष्णुतामा र सह–अस्तित्वभित्र लामो समयदेखि अनेकौं विभेद तथा द्वन्द्व विद्यमान थिए। लोकतन्त्रको स्थापनापछि ती अन्तरद्वन्द्व उजागर भएका छन्।

अहिले महिला, मधेसी, आदिवासी–जनजाति, दलित अल्पसंख्यक र सीमान्तिकृत गरिएका वर्ग र तप्काहरू तथा केन्द्रीय राज्यबाट सँधै उपेक्षित र तिरस्कृत रहेका सुदुर पश्चिम तथा विकट भौगोलिक क्षेत्रका जनता आफ्नो स्थान, पहिचान र अधिकारका लागि आन्दोलित छन्। जनताका यी जायज मागहरू पूरा गरेर मात्र हामी नयाँ युगमा प्रवेश गर्न सक्दछौ। नयाँ राज्य व्यवस्थाले कानुनी र व्यवहारिक रूपमा यी समस्याहरूको समाधान खोज्नु पर्दछ।

१३. नयाँ नेपालको निर्माणका लागि ने.क.पा. (संयुक्त) को आर्थिक, सामाजिक तथा राजनैतिक कार्यक्रम

नयाँ नेपाल निर्माका लागि ने.क.पा. (संयुक्त) आफ्नो पार्टी कार्यक्रम **"राष्ट्रिय जनवाद"** बाट निर्देशित रहनेछ। यसले अगाडि सारेका आर्थिक, सामाजिक र राजनैतिक कार्यक्रम मूलरूपमा राष्ट्रियता, जनवाद र समाजवादका सिद्धान्तहरूबाट निर्देशित छ। **"राष्ट्रिय जनवाद"** ले आर्थिक–सामाजिक तथा राजनीतिक क्षेत्रमा आम जनतालाई निम्न कुराको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ –

क. राजनीतिक क्षेत्रमा

१. जनसार्वभौमिकता, संविधान तथा राज्य सत्ताको श्रोत जनता हुन् भन्ने कुराको मान्यता, बहुदलीयता संसदीय प्रणाली, आवधिक निर्वाचन, वालिग मताधिकार, विपक्षी दलको सम्मान र बहुलवादको सुनिश्चितता, स्वतन्त्र निर्वाचन प्रणाली, अकुण्ठित प्राज्ञिक स्वतन्त्रता, सुव्यवस्थित सञ्चार प्रणाली, वाक तथा प्रकाशन स्वतन्त्रता, मानवअधिकार, आम नागरिकका प्रजातान्त्रिक तथा नागरिक अधिकारको संरक्षण गर्नुका साथै लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्न सक्ने स्वतन्त्र तथा अधिकारसम्पन्न न्यायपालिका, कानुनी राज्य, आफ्नो वैचारिक तथा राजनीतिक सोंच र कार्यक्रमको आधारमा निर्वाचित हुने पाउने र निर्वाचित गर्नपाउने नागरिक हकको संरक्षण गर्न सक्ने स्वतन्त्र तथा सक्षम निर्वाचन प्रणाली तथा शक्ति र अधिकार विकेन्द्रिकरणको आधारमा गठित स्वतन्त्र तथा सक्षम संवैधानिक आयोगहरूको सुनिश्चितता गर्ने।

२. संविधानसभाको निर्वाचन तथा नयाँ संविधानको निर्माणको दौरान ने.क.पा. (संयुक्त) को मुख्य

राजनीतिक कार्य ऐतिहासिक जनआन्दोलन–२ बाट अभिव्यक्त जनताको भावना अनुसार निरंकुश सामन्ती राजतन्त्रको समाप्ती र नयाँ संविधानद्वारा **'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' को** स्थापना र समानुपातिक आधारमा समावेशी चरित्रको राज्यसत्ता स्थापना गर्नु हो।

१४. सामाजिक क्षेत्रमा –

गणतन्त्रको स्थापनाले शोषित–पीडित जनतालाई राजनैतिक मुक्ति त दिनेछ, तर नयाँ नेपाल निर्माणका लागि राजनैतिक मुक्तिले मात्र पुग्दैन । यसका लागि हजारौं वर्षदेखि शोषित–पीडित जनताको आर्थिक–सामाजिक मुक्ति पनि आवश्यक छ। सङ्घर्षको वर्तमान चरणमा हामीले जनताका ती हक अधिकारहरूको संरक्षण हुने गरी राज्यको नयाँ ढाँचा खडा गर्नुछ। यसका लागि ने.क.पा. (संयुक्त) ले निम्न आर्थिक–सामाजिक रूपान्तरणका मूल मुद्दा अगाडि सारेको छ –

१. नागरिक शिक्षा नीति

क. शिक्षा प्राप्त गर्न पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार हो। नयाँ संविधानबाट यसलाई स्थापित गर्ने। उच्च माध्यमिक तहसम्मको अनिवार्य र निशुल्क आधारभूत शिक्षा प्रणाली, पिछडिएका महिला, आदिवासी, जनजाति, दलित वर्ग तथा आर्थिक अवस्था कमजोर भएका तप्का तथा समुदायहरूका बालबालिकाहरूका लागि आरक्षणसहित आवास, पाठ्यसामाग्री तथा छात्रवृत्तिको व्यवस्था राज्यले गर्नु पर्दछ।

ख. सरकारी तथा सामुदायिक पाठशालाहरूमा पठन–पाठनको स्तर तथा भौतिक पूर्वाधारको विकास तथा शिक्षाको ढाँचामा आमुल परिवर्तन गरी सर्वसुलभ प्राविधिक तथा रोजगारमूलक व्यवसायिक शिक्षा प्रणाली लागू गर्ने।

ग. मुलुकबाट निरक्षरता उन्मुलन गर्न विशेष प्रौढ शिक्षा अभियानको सञ्चालन गर्ने। महिला निरक्षरता समाप्त गरी आर्थिकरुपमा स्वावलम्बी बनाउन रोजगारमूलक शिक्षा योजना लागु गर्नु पर्दछ।

घ. प्राथमिक शिक्षा मातृभाषामा दिने व्यवस्था गरिनु पर्दछ।

२. नागरिक स्वास्थ्य सुरक्षा नीति

क. सस्तो र स्तरीय स्वास्थ्यसेवा पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार हो। आम जनता सस्तो सुलभ आधारभुत स्वास्थ्य सेवाबाट वञ्चित छन् । शहरी क्षेत्रमा उपलब्ध अत्यन्त महँगो निजी क्षेत्रसम्म ग्रामीण क्षेत्रका गरीब जनताको पहुँच सम्भव छैन । स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रबाट भईरहेको व्यापारीकरणलाई समाप्त गरी स्तरीय र सेवामूलक नागरिक स्वास्थ्य सेवा प्रणाली लागू गर्ने।

ख. ग्रामीण क्षेत्रमा बाल–मृत्युदर घटाउन र मातृ–शिशु कल्याण योजनालाई लक्षित समूहहरूसम्म पुऱ्याउन जनस्तरमा स्वास्थ्यसेवाको विस्तार गरिनु पर्दछ तथा प्रसुती सेवामा विशेषरुपले केन्द्रित हुनुपर्दछ।

३. संस्कृतिको समायोजन तथा संरक्षण

क. नेपाली संस्कृति, नेपालमा बसोबास गर्ने सम्पूर्ण जाति, जनजाति, वर्ग, समूह, सम्प्रदाय, तथा भाषा–भाषीहरूको संस्कृतिहरूको संयुक्त रूप हो। एक्लो कुनै संस्कृतिले नेपालको सर्वाङ्गीण संस्कृतिलाई प्रतिनिधित्व गर्दैन। अतः प्रत्येक जाति–जनजाति, वर्ग, समूह, सम्प्रदाय, तथा भाषा–भाषी, धर्मावलम्बी तथा मजहवको संस्कृतिको बिना कुनै भेदभाव समानरुपले संरक्षण र संवर्द्धन गर्न राज्यलाई उत्तरदायी बनाउने।

ख. भाषा तथा संस्कृतिका संरक्षक जनता हुन्। विविध संस्कृति तथा भाषाहरूको संरक्षण गरी एकीकृत राष्ट्रिय संस्कृतिको विकास गर्न जनसहभागितासहित सरकारी र गैरसरकारी क्षेत्रको संयुक्त प्रयासमा संरक्षणको नीति अवलम्बन गरिनु पर्दछ।

४. भाषा नीति –

क. नेपाल जस्तो बहुभाषिक देशमा माथिबाट लादिएको एक भाषा नीति अथवा कानुनी आधारमा भाषिक एकताको नीति गलत हो । भाषिक समानता, बहुभाषिक नीति तथा भाषाहरूको संरक्षण राज्यको दायित्व हुनुपर्दछ। पुराना लिपी तथा भाषाहरू लोप हुँदै गईरहेका भाषिकाहरूको राज्यस्तरबाटै संरक्षण र विकास गरिनु पर्दछ।

ख. हाल व्यवहारमा रहेको एक भाषा नीति र भाषिक विशेषाधिकार वा आधिपत्य समाप्त गरी बहुभाषिक नीतिलाई राज्यले मान्यता दिनु पर्दछ।

५. धार्मिक स्वतन्त्रता :

क. धर्म प्रत्येक व्यक्तिको निजी आस्थाको विषय हो र यसलाई व्यक्तिगत आस्थाको सीमासम्म पूर्ण स्वतन्त्र रहन दिनुपर्दछ। धार्मिक सहिष्णुता र बन्धुत्व हाम्रो समाजको उज्ज्वल पक्ष हो। यसलाई कायम राख्न सबै धर्मप्रति समान व्यवहार अपनाइनु पर्दछ।

ख. स्वेच्छाले आफ्नो आस्था फेर्न पाउने निजी अधिकारलाई सुरक्षित रहनुपर्दछ । तर राजनैतिक उद्देश्यले अथवा धार्मिक साम्राज्य खडा गर्ने उद्देश्यले आर्थिक प्रलोभन, कर–दबाव वा अन्य माध्यमबाट कसैको इच्छा विपरीत धर्म परिवर्तन गराउनु दण्डनीय हुनुपर्दछ।

१५. महिला सशक्तिकारण र महिलामुक्तिको योजना –

अन्तरिम संविधानले महिलाहरूका राजनैतिक मागहरूलाई केही हदसम्म सम्बोधन गरेको छ। तर यतिले मात्र महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरण पुरा हुँदैन । महिला मुक्ति र सशक्तिकरणका लागि महिलाहरूको आर्थिक परनिर्भरता तथा अशिक्षा समाप्त गर्नु पहिलो आवश्यकता हो । यसका साथै पितृसत्तात्मक सामन्ती संस्कार र पारिवारिक हिंसाबाट मुक्त गर्नु आवश्यक छ। यसका लागि नेकपा (संयुक्त) नयाँ संविधानमा महिलाका निम्न अधिकारहरू कायम गराउन चाहन्छ –

१. सामन्ती समाजद्वारा श्रृजना गरिएका सम्पूर्ण भिन्नता र भेदभावहरूको अन्त्य गरी समाजका प्रत्येक फाँटमा महिलाको समान सहभागिता सुनिश्चित गर्ने । श्रमजीवी महिलाहरूप्रति भइरहेको लैङ्गिक भेदभावको अन्त्य गर्न महिलामुक्ति आन्दोलनलाई मजदूर आन्दोलनसँग जोडी सशक्त रुपमा अगाडि बढाउने।

२. पार्टीगत संरचनाहरूमा, राजनैतिक क्षेत्रमा, प्रशासनिक क्षेत्रमा, शिक्षा तथा रोजगारको क्षेत्रमा महिलाहरूका लागि स्थान सुरक्षित गर्दै आरक्षणको व्यवस्था गर्ने । समान पद र योग्यताका लागि महिलाहरूलाई प्राथमिकता दिने।

३. ग्रामीण क्षेत्रका पिछडिएका गरिब बालिकाहरूका लागि उच्च तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने।

४. सामूहिक तथा सामुदायिक आधारमा महिलाहरूलाई सङ्गठित गरी रोजगार तथा सीप विकास र स्वावलम्बनका लागि महिलाहरूलाई कारगर आर्थिक, वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने। बहुसंख्यक श्रमजीवी महिलाहरू कृषि क्षेत्रमा कार्यरत छन्। ग्रामीण क्षेत्रमा महिलाहरूको उत्थानका लगि विशेष शैक्षिक तथा रोजगारमुलक कार्यक्रम सञ्चालन गर्ने।

५. छोडपत्र, पुनर्विवाह, विधवा विवाह गर्न पाउने अधिकार, प्रजननको अधिकारलाई सुनिश्चित गर्दै दहेज प्रथा, बालविवाह तथा बहुविवाह जस्ता कुप्रथाहरूलाई व्यवहारिक रुपमा समाप्त गर्नुपर्दछ र स्वयम् महिलाहरूलाई संस्कारजन्य मनोविज्ञानबाट मुक्त गर्नु आवश्यक छ।

१६. बाल विकास तथा बालउत्थान कार्यक्रम :-

१. बालबालिकाहरूले आत्म विकास गर्न पाउनु तथा उचित स्याहरसुसार र लालनपालन, शिक्षा, तथा स्वास्थ्योपचार पाउनु तिनको मौलिक अधिकार हो । गरीब तथा पिछडिएको वर्गका तथा अनाथ बालबालिका र आर्थिक रुपमा धेरै तल परेका परिवारहरूका बालबालिकाहरूको लालन-पालन, शिक्षा-दीक्षा, स्वास्थ्य, गाँस-बासको व्यवस्था गर्नु राज्यको दायित्व हुनुपर्दछ। बालउत्थानका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ।

२. बालश्रम उन्मूलन गर्न गरीव तथा सीमान्तीकृत तप्काहरूको आर्थिक अवस्थामा सुधार गर्ने।

१७. युवा बेरोजगारी तथा समाधानका लागि :-

१. देशको द्रुत विकासका लागि दक्ष युवाशक्ति प्रमुख आधार हो। तर राज्यले यस शक्तिको पूरा उपयोग गर्न सकिने आधार र वातावरण बनाउन सकेको छैन। नगण्य गतिको औद्योगक विकास, पिछडिएको तथा अविकसित कृषिक्षेत्र, भर्खर फस्टाउन थालेको सेवाक्षेत्र यस युवाशक्तिलाई खपत गर्न यथेष्ट छैन। राष्ट्रिय श्रमबजारको अभावले गर्दा देशको युवाशक्ति जोखिमपूर्ण अवस्थामा विदेशिन बाध्य छ। क्षमता अनुसारको काम, काम अनुसारको ज्याला र सम्मान तथा आफ्नो दक्षता विकासका अवसर नभएका कारण युवा विशेषज्ञहरूको विदेश पलायन बढ्दै गएको छ। जसले देशमा दक्ष श्रमशक्तिको अभाव श्रृजना गर्दैछ।

२. युवा बेरोजगारी समाप्त गर्न र युवाहरूलाई रोजगारमूलक शिक्षा, तिनको क्षमता विकासका, प्राविधिक तालिमको व्यवस्था गर्न छुट्टै युवा मन्त्रालय तथा युवा आयोग गठन गर्नु पर्दछ। तिनलाई रोजगार गर्न सरकारी सहयोग, निश्चितकालसम्मका लागि बेरोजगारी भत्ता तथा रोजगारीका अवस्था श्रृजना गरिनेछ।

१८. दलित समुदाय - सामाजिक भेदभाव (छुवाछूत)

छुवाछूत प्रथा वर्ण विभाजनले जन्माएको दुस्परिणाम हो। हजारौ वर्षदेखिको शोषण, विभेद र समाजले लादेको दासताके अन्तगरी यस समुदायलाई सामाजिक-आर्थिक र सांस्कृतिक जीवनको अभिन्न अङ्ग बनाउन हामी निम्न काम गर्न चाहन्छौ -

१. यस समुदायका लागि विशेष आर्थिक-सामाजिक कार्यक्रम सञ्चालन गर्नुका साथै रोजगार, शिक्षा, स्वास्थ, सरकारी सेवा तथा तथा अन्य क्षेत्रमा विशेष आरक्षणको व्यवस्था गर्ने। यो समुदाय जन्मजात रूपमा श्रमिक समुदाय हो दलित मुक्ति आन्दोलनलाई श्रमिक आन्दोलनसँग एकवद्ध गरी यसका आर्थिक मुक्ति सुनिश्चित गर्ने।

२. कानुनी रूपमा छोइ-छिटेलाई दण्डनीय बनाए पनि व्यवहारमा लागू भएको छैन । यस विरुद्ध सामाजिक आन्दोलन चलाउने।

१९. अल्पसंख्यक समुदाय -

धार्मिक तथा जातीय रूपमा रहेका अल्पसंख्यकहरू नेपाली समाजका अङ्ग हुन । नेपालका अल्पसंख्यकहरूलाई वर्तमान अन्तरिम संविधानले समेत समेट्न सकेको छैन। यिनको स्थान र पहिचान तथा अस्तित्वको प्रश्न अनुत्तरित नै छ। नेकपा (संयुक्त) यी समुदायहरूलाई नेपाली समाजको अङ्गका रूपमा स्थापित गर्न सङ्घर्षरत छ।

१. **मुसलमान** - मुसलमान समुदाय लामो समयदेखि नेपाली समाजको अङ्ग भइसकेको छ। यो अन्य समुदायभन्दा आफ्नो जाति, धर्म, संस्कृति, वंश र परम्पराले नेपाली समाजमा भिन्न स्थान राख्दछ। यसका सामाजिक मूल्यमान्यतालाई कदर गर्दै सम्पूर्ण नागरिक अधिकार प्रदान गर्नुपर्दछ। अन्तरिम संविधान मुसलमान समुदायप्रति मौन छ। नयाँ संविधानले यसलाई उचित स्थान दिनुपर्दछ।

२. **यौनिक (लैङ्गिक) अल्प संख्यकहरू –** यद्यपि सर्वोच्चको फैसला पछि यौनिक अल्पसंख्यक समुदायका केही नागरिक अधिकार स्थापित भएका छन्, तर यो समुदाय अझैपनि, समाजमा अपहेलित तथा उपेक्षित छ। यस समुदायका यावत् नागरिक अधिकार बहालगरी समाजमा स्थापित गरिनु पर्दछ।

३. **अन्य अल्पसंख्यक समुदायहरू –** राउटे, चेपाङ, तत्मा, जिरेल, राजी, कुसुण्डा, ब्यासी, दनुवार, सतार, चीडिमार, खटिक, आदि जस्ता अनैकौ अल्पसंयकहरू वर्तमान संविधानको दायराभित्र आउन सकेका छैनन् । नयाँ संविधानले यी अल्पसंख्यकहरूलाई विशेष योजना अन्तर्गत आर्थिक-सामाजिक मूल प्रवाहमा ल्याउनु पर्दछ।

४. **अपाङ्गहरू –** अपाङ्गहरू समाजका अभिन्न अङ्ग हुन्, तर सँधै उपेक्षित अपहेलित रहेका छन्। यिनलाई आर्थिक संरक्षणका साथै सीपमूलक शिक्षाको माध्यमबाट आर्थिक रूपमा आत्मनिर्भर बनाउनु पर्दछ। अपाङ्गहरूको पालन पोषण, शिक्षा स्वास्थ्य रोजगार र बसोवासको जिम्मेवारी राज्यले लिनु पर्दछ।

५. **मधेसी समुदाय –** नेपाली सेनामा भर्ना लगायत विभिन्न अधिकारबाट वञ्चित गरिएका मधेसी समुदायलाई समानताको आधारमा पुनर्स्थापित गरिनु पर्दछ भन्ने हाम्रो धारणा रहेको हो र हामी अहिले पनि यसका लागि सङ्घर्ष गर्दैछौ। असमान व्यवहार गरिएको, आर्थिक सामाजिक मूल प्रवाहबाट अलग राखिएको र आफ्नो नागरिक पहिचान र नागरिकताबाट समेत लामो समयसम्म वञ्चित राखिएका कारण मधेसी समुदाय अहिले आन्दोलित छ। आफ्नो अधिकारका लागि सङ्घर्षरत मधेशी जनताका जायज मागहरूलाई नेकपा (संयुक्त) समर्थन गर्दछ। अखण्ड नेपालभित्र स्वायत्त स्वशासनसहित सङ्घीय राज्य संरचनाको पक्षमा हामी छौं। तर, स्वयत्तता र आत्मनिर्णयको नाममा राष्ट्रलाई विखण्डित गर्ने प्रयास तथा व्यक्ति हत्या तथा जातीय विद्वेषको राजनीतिको हामी विरोध गर्दछौं।

६. **पिछडिएका क्षेत्र –** कर्णाली र सुदूर पश्चिमका दुर्गम पहाडी क्षेत्र सदियौंदेखि सामन्ती सत्ताबाट तिरस्कृत, शोषित, पीडित, अशिक्षित तथा यातायात र सञ्चारविहीन र सधैं अभावग्रस्त, राजनैतिक-आर्थिक रुपले पिछडिएको क्षेत्र हो। आज यस क्षेत्रका जनता आफ्नो नागरिक अधिकार, राज्यमा आफ्नो स्थान र पहिचानका लागि केही मात्रामा जागृत भएका छन् र आफ्ना मागसहित अगाडि आएका छन्। हामी ती जनताहरूले उठाएका मागहरूको समर्थन गर्दछौं र तिनलाई समानताको आधारमा विकासको प्रतिफलका हिस्सेदार बनाउने छौं।

७. **मानव बेचबिखनको शिकार तप्का तथा चेली-बेटीको संरक्षण तथा पुनर्स्थापन –** मानव बेचबिखन तथा ओसारपसारको मारमा परी समाजबाट विस्थापित भएकाहरूलाई स-सम्मान समाजमा पुनर्स्थापित गर्न राजनैतिक, सामाजिक क्षेत्रमा विशेष संरक्षणसहित अगाडि ल्याउने र तिनको बसोवास, रोजगारी र शिक्षा-दीक्षाका दायित्व सरकारले लिने व्यवस्था गर्ने।

८. **वृद्ध-वृद्धाको सामाजिक संरक्षण तथा भरण-पोषण**

पारिवारिक अपहेलना तथा परनिर्भरताबाट मुक्त हुने गरी वृद्धहरूको पालन-पोषण, बसोबास, र स्वास्थ्य उपचार राज्यको दायित्व हुनुपर्दछ। अहिले दिईने गरेको वृद्धभत्ता समाजका जेष्ठ नागरिकहरूलाई आत्मनिर्भर भई सम्मानसहित बाँच्नका लागि यथेष्ट छैन। कृषि मजदूर लगायतका प्रत्येक मजदूर-किसान तथा आर्थिक विपन्नतामा बाँचेका परिवारका वृद्धहरूका लागि निवृत्तिभरण तथा वृद्धाश्रमको व्यवस्था सरकारले गर्ने।

२०. आर्थिक क्षेत्रमा

१. देशको आमूल आर्थिक-सामाजिक रुपान्तरणका लागि वर्तमान अर्ध-सामन्ती सामन्ती संरचनाका अवशेषहरू समाप्त गरी आर्थिक ढाँचाको पुनर्गठन गर्नु आवश्यक छ। तर उदारीकरण र मुक्त बजारको नाउँमा साम्राज्यवादीहरूबाट भईरहेको आर्थिक अतिक्रमणलाई तथा नवउपनिवेशीकरणको हामी विरोध गर्दछौ। राष्ट्रिय पूँजीको संरक्षण, सञ्चय, आफ्ना सम्पूर्ण आर्थिक श्रोत र साधनहरूको समुचित

परिचालन र उपयोग तथा राष्ट्रिय पूँजीलाई सुरक्षित लगानीको वातावरण श्रृजना गरी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने हाम्रो नीति हो।

२. व्यक्तिगत, निजी, सरकारी र निजी क्षेत्रको संयुक्त लगानी, निजी क्षेत्रहरू र सहकारी तथा सार्वजनिक क्षेत्रहरूको संयुक्त लगानीसहितको बहुआयामिक मिश्रित आर्थिक प्रणाली, विकास गरी यी क्षेत्रहरूबीच पारस्परिक सहयोग र परस्पर निर्भर अर्थतन्त्रको विकास गर्ने हाम्रो नीति छ। आर्थिक विकासका पूर्वाधार खडा नभएको कारण निजी पूँजीको प्रवाह नभईरहेका र अत्यावश्यक क्षेत्रमा बाहेक अन्य क्षेत्रमा राष्ट्रिय अर्थतन्त्रको हित हुने गरी निजी लगानीलाई बढीसेबढि प्रोत्साहन गरिनेछ।

३. आर्थिक रुपमा कमजोर दस्तकार, साना उत्पादक, सेवाक्षेत्रमा संलग्न उद्यमी, ज्यासल मालिक, कृषिमा आधारित साना उद्योगपतिहरूलाई तिनकै स्वविवेकमा निर्माण गरिने संयुक्त, सामूहिक तथा सहकारी फर्महरूमार्फत् कारगर आर्थिक तथा तकनिकी सहयोग उपलब्ध गराइने हाम्रो नीति रहेको छ ।

४. ग्रामीण अर्थतन्त्रको विकास, गरी राष्ट्रिय अर्थतन्त्रको मूलप्रवाहसँग जोड्न तराई, पहाड, हिमाली क्षेत्रको अर्थतन्त्रलाई एकअर्कोसँग आवद्ध गरी एकीकृत राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने।

२१. साम्राज्यवादी नवउदारवाद विरुद्धको संघर्ष

नवउदारवादी नीति साम्राज्यवादीहरूले चलाएको नवऔपनिवेशवादी नीति हो। यसले अल्पविकसित तथा विकासोन्मुख देशहरूको अर्थतन्त्रलाई आफ्नो मुट्ठीमा राखी यी देशहरूलाई आर्थिक उपनिवेश बनाउँदै छ र यिनका आर्थिक श्रोतहरू माथि आफ्नो वर्चश्व कायम गर्दै राजनीतिक र आर्थिक रुपले आफ्नो गुलाम बनाउँदै छ। हामी यस साम्राज्यवादी नीतिको विरोध गर्दछौं। आफ्नो स्वतन्त्र आर्थिक तथा राजनीतिक अस्तित्व कायम गर्न चाहन्छौं।

२२. वैदेशिक लगानीको सम्बन्धमा

हाम्रो आर्थिक नीतिको मूलमा आफ्नो राष्ट्रिय पूँजीको संरक्षण गर्दै स्वदेशी श्रम, सीप तथा जनशक्तिलाई परिचालन गरी राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने लक्ष रहेको छ। यद्यपि आजको अवस्थामा सोझो विदेशी लगानी, साम्राज्यवादी वित्तीय संस्थानहरूको ऋण लगायत अन्य दुईपक्षीय वा बहुपक्षीय सहयोगको पूर्ण बहिस्कार गरी एकाङ्गी रूपमा आर्थिक विकास गर्न सकिने अवस्था छैन तर साम्राज्यवादी नवउदारवादी नीतिको बेरोकटोक प्रवेशले राष्ट्रिय पूँजीलाई अन्तर्राष्ट्रिय एकाधिकार पूँजीको गुलाम बनाउने छ। हामी आफ्नो सार्वभौमिकता र स्वतन्त्रताको जगेर्ना गर्दै विदेशी निजी पूँजीलाई नेपाली राष्ट्रिय पुँजीसित मिलेर राष्ट्रिय हितमा संयुक्त लगानी गर्न प्रोत्साहन गर्ने र विदेशमा बसेका नेपालीहरूको पुँजीलाई संरक्षण प्रदान गरी राष्ट्रिय उद्योगमा सहज लगानी गर्न सकिने व्यवस्था गर्नेछौं।

२३. औद्योगिक नीति

१. हाम्रो औद्योगिक नीति मूलरुपमा राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा दिगो विकासको आकांक्षाबाट निर्देशित छ। गरिबी उन्मूलन, बेरोजगारी समस्याको समाधान, आर्थिक विकास तथा, आर्थिक आत्मनिर्भरता हाम्रो मुख्य लक्ष्य हो। यसका लागि हामी, देशको वर्तमान आर्थिक विकासको स्तर र आवश्यकतालाई मध्यनजर राखी औद्योगिक क्षेत्रमा निजी, सार्वजनिक, साझा, व्यक्तिगत, संयुक्त जस्ता लगानीका उद्योगहरूको स्थापना र विकासलाई प्रोत्साहित गर्ने र यी उद्योगहरूलाई परस्पर सहयोगी र एक अर्काको परिपूरकको रूपमा विकास गरिनेछ।

२. दिगो आत्मनिर्भर औद्योगीकरणका लागि स्वदेशी पूँजीको परिचालन, अन्तर्राष्ट्रिय एकाधिकार पूँजीबाट राष्ट्रिय पूँजी र राष्ट्रिय पूँजीपतिको संरक्षण, नवउदारवादले थोपेका असमान प्रतिस्पर्धाबाट राष्ट्रिय उद्योगको संरक्षण तथा राष्ट्रिय उद्योग तथा राष्ट्रिय पूँजीपति वर्गको हित विपरीत हुने गरी विदेशी पूँजी लगानीलाई निरुत्साहित गर्ने।

३. सानो उद्यमी र स्वरोजगारमा संलग्न साना उद्यमी तथा ग्रामीण र घरेलु उद्योगहरूलाई कारगर आर्थिक तथा तकनिकी सहयोग प्रदान गरी तिनलाई स्वेच्छिक सहकारी, सामुहिक, सामुदायिक तथा साझा उद्योगको सङ्गठित गर्ने र ठूला तथा मझौला राष्ट्रिय उद्योगहरूसँग आवद्ध गरी पारस्परिक निर्भर औद्योगिक ढाँचा खडा गर्ने।

६. परम्परागत हस्तकला, पर्यटन, घरेलु र स–साना उद्योगहरूलाई आधुनिक प्रविधि तथा व्यवस्थापनसँग जोडी पूर्ण संरक्षण र आर्थिक प्रोत्साहन दिइनेछ।

२४. बजार नीति

अहिले बजारमुखी उत्पादन प्रणालीको नाममा सम्पूर्ण उत्पादन र वितरण प्रणालीलाई बजारका कालाशक्तिहरू, वित्तीय दलालहरू, माफियातन्त्रका एजेन्टहरू र कालाबजारियाहरूको नियन्त्रणमा राखिएको छ। बजारमाथि यी कालाशक्तिहरूको नियन्त्रण समाप्त गरी न्यायोचित सामाजिक वितरण प्रणाली कायम गर्ने हाम्रो नीति हो।

२५. श्रमनीति

१. श्रम गर्नु पाउनु र श्रमको उचित ज्याला पाउनु श्रमिक वर्गको मौलिक हक हो। हामी नयाँ संविधान-मार्फत् यसलाई सुनिश्चित गराउन चाहन्छौं। यसका साथै, श्रमिकवर्गको शिक्षा, स्वास्थ्य, कामको अवसर तथा न्यायोचित सेवा शर्त, आवास तथा नागरिक सुरक्षा र सभा, जुलुस, हड्ताल जस्ता अधिकारहरूलाई स्थापित गर्ने तथा सामुहिक लेनदेनको अवस्थालाई प्रभावकारी बनाउन प्रबन्ध प्रणालीमा तिनको सहभागिता सुनिश्चित गराउने।

२. श्रमिक महिलाहरूका लागि कामका समानअवसर, श्रमसुरक्षा, समान कामका लागि समान ज्याला, तिनका बालबच्चाको स्वास्थ्य, शिक्षा र आवास सुविधाको प्रबन्ध जीवन बीमा, सुत्केरी बिदा तथा शिशु–स्याहारको समुचित व्यवस्था, कृषि मजदूरलाई जीवन धान्न पुग्नेगरी नगद ज्याला, आठ घण्टा कामको व्यवस्था कायम गर्ने।

३. छ महिना काम गर्ने मजदुरलाई अनिवार्य रुपले स्थायी नियुक्ति दिने कानुनी प्रावधान।

२६. शिक्षित बेरोजगार बारे

मुलुकमा बढ्दो शिक्षित बेरोजगारी समाप्त गर्न औद्योगिक विकास र ग्रामीण क्षेत्रको विकासलाई तीव्र गरी देशमा नै रोजगारीका अवसर श्रृजना गर्ने। शिक्षित बेरोजगारीको अन्त्य गर्न बजारको मागसँग मेलखाने गरी वैज्ञानिक तथा प्राविधिक शिक्षा प्रणाली लागू गर्ने।

२७. वैदेशिक रोजगार नीति –

दलालहरूको माध्यमबाट गैरकानुनी रूपमा बाहिरिने गरेको जनशक्ति स्वदेशी तथा विदेशी दलालहरूका शोषण र ठगाईको मारमा परेको छ। वैदेशिक रोजगारमा गएकाहरूको सुरक्षाका लागि द्विपक्षीय सम्झौताको माध्यमबाट सुरक्षित गर्ने।

२८. ग्रामीण विकास र कृषि नीति – ग्रामीण बेरोजगारी र गरीबी निवारण

१. ग्रामीण विकासका लागि कृषि क्षेत्रको आधुनिकीकरण, वैज्ञानिक कृषि प्रणाली र भूमिव्यवस्थापन तथा ग्रामीण कृषि उद्योगहरूको आधुनिकीकरण गरिनेछ। ग्रामीण क्षेत्रको विकासका लागि कृषि क्षेत्र र औद्योगिक क्षेत्रलाई एकअर्काका परिपुरक बनाई ग्रामीण आद्यौगिकीकरणलाई अगाडि बढाउनु पर्दछ।

२. वास्तविक सुकुम्बासी, मुक्त कमैया, भूमिहीन किसान, तथा कृषि मजदूरहरूलाई स्वैच्छिकरुपले सामुहिक, साझा तथा सामुदायिक समुहमा आवद्ध गरी भूमि उपलब्ध गराउने, कृषिमा आधारित साना तथा घरेलु उद्यमहरू स्थापना गरी तिनलाई राज्यका तर्फबाट आर्थिक, तथा तकनिकी सहयोग, प्रबन्धकीय तालीम तथा बजारको ग्यारेन्टी गर्ने र ऋण–सुविधा, प्राविधिक ज्ञान तथा आधुनिक प्रविधि उपलब्ध गराउने। गुठी, विर्ता, कीपट जस्ता सामन्ती भूस्वामित्व र अजोताहा भू–स्वामीहरूको स्वामित्व समाप्त गरी त्यसमा जोताहाहरूको स्वामित्व कायम गर्ने।

३. परम्परागत व्यक्तिगत कृषिको ठाउँमा स्वेच्छिक सामूहिकता तथा समुदायको आधारमा हरितक्रान्ति तथा स्वेतक्रान्तिको माध्यमबाट ग्रामीण क्षेत्रमा कृषिजन्य कच्चा पदार्थ तथा ग्रामीण श्रममा आधारित उद्योगहरूको विकास गर्ने र ग्रामीण उत्पादनलाई सुरक्षित कृषि बजारको व्यवस्था गरी ग्रामीण औद्योगिकरणलाई बढाउने। गरीब किसानलाई ग्रामीण बैंकहरूबाट धितोबिनाको ऋण उपलब्ध गराउने, पशुपक्षीहरूको बीमा व्यवस्था गर्ने।

४. ग्रामीण क्षेत्रमा विद्युतिकरण, सञ्चार सुविधा, कृषि सडक निर्माण, ग्रामीण सिँचाईको व्यवस्था, कृषि बजार व्यवस्थापन जस्ता विकासका पूर्वाधार खडा गरी ग्रामीण औद्योगिकीकरणलाई अगाडि बढाउने।

२९. जलश्रोत नीति

१. जलश्रोत हाम्रो आर्थिक विकासको मेरुदण्ड हो। यसलाई एकल विदेशी पूँजीको दोहनमा छोड्नु आर्थिक रुपमा देशलाई अन्तर्राष्ट्रिय एकाधिकार पूँजीको पोल्टोमा हाल्नु हुनेछ। यसका लागि जलश्रोत आयोजनाहरूमा देशको नियन्त्रण रहने गरी सरकारी र विदेशी पूँजी, सरकारी र राष्ट्रिय निजी पूँजी अथवा राष्ट्रिय र विदेशी निजी पूँजीसहितको संयुक्त लगानी गर्ने नीति अवलम्बन गर्ने हाम्रो नीति हो। राष्ट्रिय पूँजीपतिहरूको उद्यमशीलता, जाँगर र उत्साहमा आघात पुग्नेगरी विदेशी लगानीलाई प्रोत्साहित गर्नु हुँदैन।

२. निजी तथा सार्वजनिक क्षेत्रका साथसाथै गाउँ, इलाका तथा पिछडिएका जनजाती तथा दलित वर्ग भएका विशेष बस्तीहरूमा स्थानीय साधन श्रोत तथा बाह्य सहयोगको सहायताले सामुहिक, सामुदायिक, तथा सहकारिताको आधारमा साना तथा मझौला जलविद्युत योजना निर्माण गर्ने।

३०. वातावरणीय समस्या :

वातावरणीय विनासको पछाडि मुख्यरुपमा साम्राज्यवादी बलमिच्याई जिम्मेवार छ। विज्ञान तथा प्रविधिको विकास र अनियन्त्रित प्राकृतिक विनासले उत्पन्न गरेको वातावरणीय समस्या विश्वव्यापी मानवीय समस्या हो। साम्राज्यवादी उपभोक्तावादको नीतिले यसलाई झन् जटिल बनाएको छ। वातावरणीय समस्यालाई समाधान गर्न राष्ट्रिय रूपमा प्रयास र अन्तर्राष्ट्रिय आन्दोलनसँग सहकार्य गर्ने हाम्रो प्रतिवद्धता छ।

३१. विदेश नीति :

हाम्रो विदेश नीति मूलरुपमा आफ्नो राष्ट्रिय हित तथा अन्तर्राष्ट्रिय भाइचारा सम्बन्धहरूको विकासको गृहनीतिबाट निर्देशित रहनेछ।

१. राष्ट्रिय हितको संरक्षण, राष्ट्रिय सार्वभौमिकता, अखण्डता तथा सार्वभौमिकताको रक्षा तथा आत्मनिर्भर अर्थतन्त्रको विकास, नव–औपनिवेशिक साम्राज्यवादी नवउदारवादी अतिक्रमणको विरोध।

२. पञ्चशीलका सिद्धान्तमा आधारित शान्तिपूर्ण सह–अस्तित्व, अरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति, पारस्परिक सहयोग, आपसी समझदारी तथा पारस्परिक लाभको आधारमा, छरछिमेक–सँगका मैत्रीपूर्ण सम्बन्धहरू विकास गर्ने।

३. जातिभेद, रंगभेद, जातीय अहङ्कारवादको विरोध, साम्राज्यवादी हस्तक्षेप तथा अतिक्रमण विरोधी आन्दोलन, नवऔपनिवेशिक नवउदारवाद विरोधी विश्व–आन्दोलन, राष्ट्रिय मुक्ति आन्दोलन,

मानवाधिकारवादी तथा पर्यावरणीय आन्दोलनहरूसित ऐक्यवद्धता तथा पारस्परिक सहयोग हाम्रा विदेश नीतिका अङ्ग हुन्।

३२. साम्राज्यवाद तथा नवउदारवाद विरुद्धको संघर्ष

१. देशको सार्वभौमिकता, स्वतन्त्रता, अखण्डता, आत्मनिर्भर आर्थिक विकास तथा जनवादका लागि साम्राज्यवाद प्रमुख शत्रु हो । देशलाई अग्रगमनको दिशामा अगाडि बढाउन साम्राज्यवादी हस्तक्षेप, प्रतिक्रियावादी षड्यन्त्र तथा साम्राज्यवादी नव–उदारीकरणकाविरुद्ध सङ्घर्ष प्रमुख मुद्दा हो। ने.क.पा. (संयुक्त) सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिहरूलाई एकजुट गरी अगाडि बढ्न दृढ प्रतीज्ञ छ।

२. ने.क.पा. (संयुक्त) विश्व मजदूर आन्दोलनको अङ्ग हो। अन्तर्राष्ट्रिय मजदूर आन्दोलनसँग एकवद्ध रही तमाम साम्राज्यवाद विरोधी, जातिभेद, रङ्गभेद विरोधी शक्ति तथा आन्दोलनहरूसँग एकता कायम गरी अगाडि बढ्नेछ।

३३. ने.क.पा. (संयुक्त) को प्रतिज्ञा

हामी उपरोक्त सवालहरूलाई सरकार, संसद र सडकको माध्यमबाट ठोस रूपमा उठाउन चाहन्छौं। ने.क.पा.(संयुक्त) आम जनतालाई वचन दिन चाहन्छ कि यसले माथि उल्लेख भएका नीतिहरू अन्तर्गत रही जनताका समस्यालाई टड्कारो रूपमा संसदमा प्रस्तुत गर्नेछ। त्यसको प्राप्तिका लीग जनसङ्घर्ष उठाउनेछ र निष्ठापूर्वक आमजनताको हितका लागि कार्य गर्नेछ।

अन्तमा, हामी हाम्रा उपरोक्त प्रतिवद्धता तथा निष्ठालाई ध्यानमा राखी हाम्रो निर्वाचन चिन्ह **"हँसिया"** मा छाप लगाई विजयी गराउन अनुरोध गर्दछौं। हामी सङ्घर्षका मैदानहरूमा सधैं जनतासँग थियौं र रहनेछौं।

अग्रगामी–सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौ !
अधिनायकवादी, प्रतिगमनकारी, तथा विखण्डनकारी शक्तिलाई पराजित गरौ !

१३.



राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल

संविधान सभा निर्वाचन, २०६४ को सङ्कल्प - पत्र

हामीले संविधान सभाको निर्वाचनमा किन भाग लियौं ?

एक दशकभन्दा लामो हिंसात्मक जनयुद्धको अन्त्य गरी दिगो शान्तिको स्थापना एवम् प्रजातन्त्रको सुदृढीकरणको लक्ष्य प्राप्त गर्ने क्रममा संविधान सभाको निर्वाचनलाई राष्ट्रिय सहमतिको संयन्त्रको रूपमा राप्रपा नेपालले समेत स्वीकार गरेको तथ्य सर्वविदित छ। स्वतन्त्र, निष्पक्ष एवम् भयरहित वातावरणमा सम्पन्न हुने संविधान सभाको चुनावले मात्र उक्त लक्ष्य हासिल गर्नुका साथै मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवम् साँस्कृतिक रूपान्तरणको नयाँ आधार निर्माण गर्न सक्दछ । तर, विश्वसनीय निर्वाचनको निमित्त अनिवार्य पूर्वशर्तका रूपमा रहने तटस्थ राजनीतिक वातावरण तयार गर्नुको सट्टा करिव विगत दुई वर्षदेखि सत्तारूढ सात राजनीतिक दलको गठबन्धनले आ–आफ्नो राजनैतिक अभिष्ट पूरा गर्ने क्रममा सिङ्गो राष्ट्रलाई नै बन्धक बनाएको फलस्वरूप अद्यापि स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव हुन सक्ने अवस्था बनेको छैन। सुरक्षाको स्थिति अझै सुध्रेको छैन। देशका विभिन्न भागहरूमा भइरहेका हिंसात्मक गतिविधिहरू पूर्ण रूपमा नियन्त्रित हुनसकेको छैन । कतिपय राजनीतिक दलहरूले निर्वाध रूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न पाएका छैनन्। द्वन्द्वकालमा विस्थापित भएकाहरूले घर फर्केर चुनावमा भाग लिने अवस्था कायम भएको छैन।

आफ्नो राजनीतिक स्वार्थका निमित्त सात राजनीतिक दलहरूले राज्यको साधन श्रोत एवम् संस्था र पदहरूमा एकलौटि कब्जा जमाएका छन्। सरकारी सञ्चार माध्यमहरू सात दलको प्रचार गर्ने साधन बन्न पुगेको छ। निर्वाचन सञ्चालन गर्ने दायित्व बोकेका सत्तारूढ दल र स्वयं सरकारले निर्वाचन आचारसंहिता एवम् कानुनी राज्यको सिद्धान्तको खिल्ली उढाएका छन् । यस्तो प्रतिकुल परिस्थितिका बाबजुद राप्रपा नेपालले निर्वाचनमा जाने अठोट गरेको छ। वस्तुतः जनताको सर्वोच्चतामा विश्वास गर्ने प्रजातान्त्रिक पार्टी भएको तथा संविधानसभाप्रति पार्टीको सैद्धान्तिक प्रतिवद्धताको कारणले गर्दा नै राप्रपा नेपालले निर्वाचनको चुनौतिलाई स्विकार गरेको हो।

राप्रपा नेपालका बारेमा

बहुदलिय प्रजातन्त्र पुनर्स्थापना भएपश्चात् देशमा एउटा सशक्त राष्ट्रवादी प्रजातान्त्रिक शक्ति निर्माण गर्ने क्रममा विगत सत्र वर्षदेखि निरन्तर कायम रहेको सङ्गठनात्मक प्रयासको परिणाम स्वरूप नै राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल वर्तमान अवस्थामा खडा हुन पुगेको छ। राष्ट्रियता, प्रजातन्त्र र उदारवाद राप्रपा नेपालको वैचारिक आधारस्तम्भहरू हुन् । राप्रपा नेपाल जनताको सर्वोच्चतामा विश्वास गर्दछ । जनतामा निहित सार्वभौमसत्ता, प्रतिस्पर्धात्मक बहुदलिय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, मानव अधिकार एवम् कानुनी राज्यको सिद्धान्त नेपालको राज्य प्रणालीको अपरिहार्य आधारहरू हुन् भन्ने राप्रपा नेपालको दृढ विश्वास रहेको छ। मुलुकको राष्ट्रिय अखण्डता, स्वतन्त्रता, सार्वभौमिकता एवम् राष्ट्रिय एकताप्रति सदैव प्रतिबद्ध रहँदै सबल र समुन्नत नेपालको निर्माण गर्नु राप्रपा नेपालको ध्येय हो।

विचार, सिद्धान्त र नीतिको सुस्पष्ट विकल्प

सात राजनीतिक दल तथा वर्तमान सरकारको अकर्मण्यता, असक्षमता एवम् गलत निर्णयहरूको परिणामस्वरूप नेपालको इतिहासमा पहिलोपटक राष्ट्र विखण्डनको विजारोपण भएको छ। देशको राष्ट्रिय झण्डा जलाईएको छ तथा राष्ट्रनिर्माता एवम् राष्ट्रिय विभूतिहरूको शालिक तोड्ने फोड्ने काम भएको छ। साम्प्रदायिकताको आधारमा मानिसहरू मारिन थालेको छ। ठूलो सङ्ख्यामा नेपाली जनता विस्थापित हुन पुगेका छन्। विदेशी चलखेल, हस्तक्षेप र प्रभाव तिव्र रूपमा बढेर गएको छ। व्यापक राजनीतिकरणको परिणामस्वरूप प्रशासनिक संयन्त्र अत्यन्त कमजोर हुन पुगेको छ। योजनावद्ध ढङ्गबाट राष्ट्रिय सेना लगायत सुरक्षा अङ्गहरूको मनोबल गिराउने प्रयास भएको छ। जनताको अभिमत बिना नै हिन्दु राष्ट्रको पहिचानलाई मेटाउने षड्यन्त्र भएको छ। जन्मेको आधारमा बिदेशीले समेत नागरिकता पाउन सक्ने व्यवस्था गरिएको छ। राष्ट्रिय एकताको प्रतिकको रूपमा रहेको राजसंस्थाका विरुद्धमा घृणा फैलाउने अभियान नै छेडिएको छ। धार्मिक, साँस्कृतिक मूल्य मान्यतालाई भत्काउने धृष्टता गरिएको छ।

प्रजातन्त्र एवम् प्रजातान्त्रिक शक्तिहरू उग्रवामपन्थी धरापमा नराम्रोसँग फसेका छन्। संक्रमणको नाममा प्रजातान्त्रिक मूल्यमान्यता र संस्थाहरूलाई तहसनहस पारिएको छ। प्रतिपक्षलाई निषेध गर्ने तथा राजनीतिक अस्पृश्यताको संस्कारलाई स्थापित गर्ने प्रयास भइरहेको छ। फलस्वरूप अहिले राष्ट्र विभाजित र कमजोर भएको छ तथा प्रजातन्त्र निरीह हुन पुगेको छ। उपरोक्त कार्यहरू सातदलिय गठबन्धनको अदुरदर्शिताका उपजहरू हुन्। विहानीले दिनको सङ्केत गर्छ भने झैं, यदि यो प्रवृत्तिले निरन्तरता प्राप्त गर्ने तथा सातदलको अदूरदर्शिता कायम नै रहिरहने हो भने संविधानसभाको निर्वाचनले द्वन्द्व समाधान गर्नुको साट्टा थप द्वन्द्वहरू जन्माउने तथा मुलुक अस्थिरता र अराजकताको भासमा पर्ने खतरा टड्कारो देखिन्छ। संक्षेपमा भन्ने हो भने **सातदलीय गठवन्धनको मार्गचित्रले क्रमशः प्रजातन्त्रले उग्रवामपन्थीकरण, विदेशी हस्तक्षेप र अन्तत्वगत्वा राष्ट्रको विखण्डनतर्फ मुलुकलाई डोऱ्याईरहेको छ। यो भयावहपूर्ण तर सम्भावित खतरालाई रोक्ने एउटै मात्र सबै उपाय छ : राजा, माओवादीलगायत सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू अटाउन सक्ने राजनीतिक वातावरण र पद्धतिको विकास।**

यस पृष्ठभूमिमा सातदलीय गठबन्धनको मार्गचित्रको विकल्पमा राप्रपा नेपालले स्थायित्व, राष्ट्रिय अखण्डता एवम् समृद्धिको सुस्पष्ट प्रस्ताव नेपाली जनतासमक्ष प्रस्तुत गरेको छ। राप्रपा नेपालको विकल्प सबै राष्ट्रिय शक्ति र पक्षहरूबीच मेलमिलाप, सद्भाव र एकताको प्रस्ताव हो। निरन्तरता सहितको परिवर्तन यस प्रस्तावको विशेषता हो।

नेपालको इतिहासमा पहिलो पटक हुन लागेको संविधान सभाको निर्वाचनको लागि राप्रपा नेपालले प्रस्तुत सङ्कल्पपत्र मार्फत् आम जनतासमक्ष सामाजिक, आर्थिक एवम् राजनैतिक रूपान्तरणको निमित्त देहाय बमोजिमको प्रस्ताव पेश गरेको छ :-

१. नेपालको पहिचान

बहुभाषिक, बहुधार्मिक तथा बहुजातीय सम्प्रदायमा रहेर पनि एउटा राष्ट्रका रूपमा विकसित समुदाय नै नेपालको पहिचान हो। राप्रपा नेपाल सबै प्रकारका जाति, धर्म, संस्कृति, परम्परा र विचारको समान सहअस्तित्व एवम् स्वतन्त्रताको पक्षमा रहेको छ। प्रत्येक नागरिकले आफ्नो आस्था अनुरूपको धर्म, संस्कृति एवम् परम्पराको निर्वाध रूपले अवलम्बन एवम् पालना गर्न पाउनु पर्दछ। धर्म, जाती र संस्कृतिको आधारमा राज्यले कुनै भेदभाव गर्नु हुँदैन। **सर्वधर्म सहअस्तित्व एवम् स्वतन्त्रताको सम्मान गर्दै बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, हिन्दु, संवैधानिक राजतन्त्रात्मक अधिराज्य** को पक्षमा राप्रपा नेपाल रहेको छ।

२. राष्ट्रियता

सुदृढ राष्ट्रियताको जगमा नै सबल र समुन्नत नेपालको परिकल्पना साकार तुल्याउन सकिन्छ। नेपालको भूराजनैतिक परिस्थितिले गर्दा राष्ट्रियता सदैव चिन्तन मनन र व्यवहारमा उतार्नु पर्ने विषय बनेको छ। **नेपालको स्वतन्त्रता र सार्वभौम अस्तित्वलाई सम्वर्द्धन गरी भावी पिँढीलाई सग्लो र दुरुस्त रूपमा सुम्पन चाहने हाम्रो आकांक्षा नै राप्रपा नेपालको राष्ट्रियताको सबल पक्ष** हो। राप्रपा नेपालले राष्ट्रियतालाई सर्वोपरी साध्यका रूपमा आत्मसात गरेको छ। नेपाल र नेपालीको हित र स्वार्थको रक्षा नै हाम्रो राष्ट्रियताको लक्ष्य हो।

राष्ट्रियता र प्रजातन्त्र एक अर्काका परिपुरक हुन् भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। स्वस्थ प्रजातान्त्रिक वातावरणको अभावमा राष्ट्रियता कमजोर हुन्छ। राष्ट्रियताको सारतत्व राष्ट्र हो र जनताको अभावमा राष्ट्रको परिकल्पना समेत हुन सक्दैन। जहाँ जनता बलियो हुन्छन्, त्यहाँ राष्ट्र बलियो हुन्छ अनि स्वभावतः राष्ट्रियता पनि सबल रहन्छ। त्यसैगरी जनता बलियो हुने आधार प्रजातन्त्र हो। राष्ट्रियतालाई सुदृढ तुल्याउने क्रममा समाजमा रहेका सबै जाति, जनजाति, आदिवासी, दलित र मधेसी समुदायका जनतालाई राष्ट्रिय विकासको मुल प्रवाहमा समाहित गरी समान रूपले आत्मोन्नति गर्न दिनुपर्दछ भन्ने मान्यतालाई राप्रपा नेपालले सदैव जोड दिनेछ।

३. जनतामा निहित सार्वभौमसत्ता एवम् संवैधानिक सर्वोच्चता

जनता नै देशको मालिक हुन् भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। त्यसर्थ, **राज्यको शासकीय अधिकार एवम् सार्वभौमसत्ता नेपाली जनतामा निहित हुने अक्षुण्ण व्यवस्था संविधानमा सुनिश्चित गरिनु पर्दछ।** साथै, जनताको अभिमतद्वारा निर्माण हुने संवैधानिक सर्वोच्चताको पक्षमा राप्रपा नेपाल रहेको छ।

४. संवैधानिक राजतन्त्रात्मक संसदीय प्रजातन्त्र

हजारौं वर्षदेखि स्वतन्त्र नेपालको इतिहास र राजसंस्थाको अस्तित्व अविच्छिन्न रूपले परस्पर आवद्ध रहँदै आएको छ। नेपालको सामाजिक एवम् साँस्कृतिक परिवेश तथा भूराजनैतिक पृष्ठभूमिमा मुलुकको स्थायित्व र एकताका लागि राजसंस्थाको औचित्य र महत्त्व कायम छ। नेपालको विद्यमान विशिष्ठ परिस्थितिमा प्रजातन्त्रको रक्षाका लागि समेत राजसंस्थाको उपस्थिति आवश्यक छ। यसैगरी सुदृढ प्रजातन्त्रको धरातलमा मात्र राजसंस्थाको भविष्य सुनिश्चित रहन्छ। नेपालको सन्दर्भमा प्रजातन्त्र र राजसंस्थालाई एक अर्काका सहयोगी र परिपुरकका रूपमा अझ विकसित गरिनुपर्दछ र गर्न सकिन्छ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। राजतन्त्र र प्रजातन्त्रको सहअस्तित्व सम्भव छ भन्ने मान्यतालाई विश्वका विभिन्न राष्ट्रहरूमा भएका सफल प्रयोगले प्रमाणित गरिसकेका छन्। राप्रपा नेपालले परिकल्पना गरेको राजतन्त्र निरङ्कुश एवं सक्रिया राजतन्त्र होइन। वस्तुतः बुझिने भाषामा भन्ने हो भने हामीले चाहेको राजतन्त्र बेलायत, जापान र थाईल्याण्डको जस्तै राजतन्त्र हो। राजकीय सत्ता र सार्वभौमसत्ता जनतामा निहित राख्दै राष्ट्रियता एवम् राष्ट्रिय एकताको प्रतीकका रूपमा संवैधानिक राजतन्त्रलाई निरन्तरता दिईनु पर्दछ भन्ने राप्रपा नेपालको दृढ विश्वास रहेको छ। **राजासहितको प्रजातन्त्र अर्थात संवैधानिक राजतन्त्रात्मक संसदीय प्रजातन्त्र नै नेपालको निमित्त उपयुक्त र भरपर्दो विकल्प हो** भन्ने राप्रपा नेपालको मान्यता रहेको छ।

५. जनमत सङ्ग्रह

जनताको अभिमत विना नै सातदलीय गठबन्धनले मुलुकमा जवरजस्ति गणतन्त्र लाद्ने गरी अन्तरिम संविधानमा गरेको तेस्रो संशोधनलाई राप्रपा नेपाल अस्वीकार गर्दछ। उक्त संशोधनले सार्वभौम जनताको निर्णायकत्वमाथि गम्भीर प्रहार गरेको छ। सो निर्णय असंवैधानिक एवम् विरोधाभाषपूर्ण समेत रहेको छ।

दूरगामी राष्ट्रिय महत्त्वका विषयहरूमा निर्णय गर्दा जनताको अभिमत बुझेर मात्र गरिनुपर्दछ। यसै पृष्ठभूमिमा राजतन्त्रबारे अन्तिम निर्णय गर्ने वैधानिक अधिकारी नेपाली जनता मात्र हुन्। **जनताको प्रत्यक्ष मतद्वारा अर्थात् जनमत सङ्ग्रहका माध्यमबाट मात्र राजसंस्थाबारे निर्णय गरिनुपर्दछ भन्ने राप्रपा नेपालको दृढ धारणा रहेको छ।**

६. संसदीय व्यवस्था

एक्काइसौं शताब्दी प्रजातन्त्र र उदारवादको युग हो । मानव जीवनको सर्वोपरी उत्थान र स्थायित्व प्रजातन्त्रको कृयाशील आधार हो र हुनुपर्दछ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। प्रजातन्त्र जीवन पद्धति र संस्कार पनि हो। यसको व्यावहारिक प्रयोग आम जनताको हित र समुन्नतिका लागि हुनुपर्दछ। राप्रपा नेपाल प्रजातन्त्रको प्रतिफल प्रत्येक व्यक्तिले अनुभूत र उपभोग गर्न सक्ने वातावरण तयार गर्नेतर्फ निरन्तर कृयाशील रहनेछ।

विगतको अनुभव र अन्य मुलुकको समेत उदाहरणबाट पाठ सिकेर हाम्रो प्रजातान्त्रिक प्रणालीलाई निरन्तर परिमार्जन गर्दै लैजानु पर्दछ। प्रजातन्त्रको परिवर्तित सन्दर्भ र जनआकांक्षा अनुकुल समायोजन गर्न सक्ने क्षमता राख्नुपर्दछ। प्रजातन्त्रलाई मुलुकको भुराजनीति एवम् सामाजिक र साँस्कृतिक यथार्थको वस्तुगत आधारमा परिमार्जन गर्दै लैजाने पक्षमा राप्रपा नेपाल रहेको छ। प्रजातन्त्रको विश्वव्यापी आदर्श, मान्यता र मूल्यको परिधिभित्र रही नेपाली संस्करणको मौलिक प्रजातन्त्रको विकास नै आजको आवश्यकता हो। उपरोक्त वास्तविकतालाई आत्मसात गर्दै जनतामा निहित सार्वभौमसत्ता, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, संसदीय शासन व्यवस्था, कानुनी राज्यको सिद्धान्त, मानव अधिकार र मानवीय मूल्यप्रति राप्रपा नेपाल मन, वचन र कर्मले प्रतिवद्ध रहने छ।

७. राष्ट्र प्रमुख एवम् सरकार प्रमुख

विगत डेढ दशकको संसदीय अभ्यासका अनुभवलाई संश्लेषण र परिमार्जन गर्दै राष्ट्र प्रमुखको रूपमा राजा तथा शासकीय र कार्यकारी अधिकारसहित सरकार प्रमुखको रूपमा प्रधानमन्त्री रहने व्यवस्थाको पक्षमा राप्रपा नेपाल रहेको छ। संसदको तल्लो सदनमा बहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री पदमा निर्वाचित हुने संसदीय प्रजातान्त्रिक पद्धति कायम गरिनु पर्दछ भन्ने राप्रपा नेपालको प्रस्ताव छ।

८. शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन

विभिन्न संवैधानिक निकायहरू बिच शक्तिको पृथकिकरण तथा नियन्त्रण र सन्तुलन उदार प्रजातन्त्रका अभिन्न चरित्रहरू हुन्। शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई ठीक ढङ्गबाट समायोजन गर्न सकिएन भने प्रजातान्त्रिक पद्धतिको नाममा अधिनायकवादको उदय हुन पुग्दछ। साथै, राज्यको प्रभावकारितामा ह्रास आउने खतरा पनि रहन्छ। वर्तमान अन्तरिम संविधान त्यसको ज्वलन्त उदाहरण हो। त्यसर्थ, राज्यका तीन प्रमुख अङ्गहरू : न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका तथा केन्द्र र सङ्घीय निकायका बीचमा शक्ति र अधिकारको स्पष्ट एवम् उपयुक्त बाँडफाँड हुनु पर्दछ। संवैधानिक सर्वोच्चताको परिधिभित्र रही न्यायपालिकाको स्वतन्त्रता र मर्यादालाई अकुण्ठित तुल्याईनु पर्दछ। सार्वभौम जनताको प्रतिनिधिमूलक संस्थाको रूपमा स्वतन्त्र एवम् स्वायत्त व्यवस्थापिकिय अधिकारलाई संविधानले सुनिश्चितता प्रदान गर्नुपर्दछ। त्यसैगरी राज्य सञ्चालनमा प्रभावकारिता कायम गर्न सशक्त कार्यपालिकाको अवधारणालाई स्थापित गर्न संविधानले नै उपयुक्त व्यवस्था गर्नुपर्दछ भन्ने राप्रपा नेपालको दृढ धारणा रहेको छ।

शक्ति बाँडफाँडका साथै राज्यका तीनै अङ्ग एवम् अन्य संवैधानिक निकायहरूका बिचमा उपयुक्त नियन्त्रण र सन्तुलनको प्रभावकारी विधि र प्रक्रियालाई संविधानले सुनिश्चित गर्नुपर्दछ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ।

९. दुई सदनात्मक व्यवस्थापिका

राप्रपा नेपाल दुई सदनात्मक संसदको पक्षमा रहेको छ। तल्लो सदन जनताद्वारा प्रत्यक्ष रूपमा निर्वाचित हुनुपर्दछ। माथिल्ला सदन सङ्घीय विधायिका एवम् स्थानीय निकायहरूबाट अप्रत्यक्ष मतदान प्रणालीद्वारा निर्वाचित हुने व्यवस्था गरिनु पर्दछ। दुवै सदनमा समावेशी सिद्धान्त कायम गरिनु पर्दछ।

माथिल्लो सदनमा भने पूर्ण रूपमा जनसंख्याको अनुपातमा महिला वर्ग, जनजाति, आदिवासी, मधेसी समुदाय, दलित वर्ग एवम् पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गरिनुपर्दछ भन्ने राप्रपा नेपालको धारणा रहेको छ। दुवै सदनका बीचमा शक्ति अधिकारको समानता कायम गरिनुपर्दछ।

१०. आदिवासी, जनजाति, मधेसी समुदाय, दलित वर्ग एवम् पिछडिएको क्षेत्रको उत्थानको लागि राज्य संरचनामा आमूल परिवर्तन

झण्डै चार दर्जन मातृभाषा तथा विविध साँस्कृतिक पहिचान भएका साठीभन्दा बढी जाति तथा जनजातिहरू नेपालमा बसोबास गर्दछन्। जबसम्म यी सबै जाति र समुदायले समानुपातिक ढङ्गबाट आत्मोन्नति गर्ने अवसर प्राप्त गर्न सक्दैनन् तबसम्म नेपालको समष्टिगत राष्ट्रिय अस्तित्व अपूर्ण रहने छ। इतिहासको एउटा कटु सत्यलाई वर्तमान राज्यले स्वीकार गर्नै पर्दछ कि जनसंख्याको ठूलो अंश निरन्तरको शोषण, अन्याय र विभेदबाट अद्यापि पीडित रहँदै आएको छ। यस्तो विषम परिस्थितिको अन्त गरि समतामूलक एवम् शोषणरहित समाजको निर्माण गर्न बहुदलीय प्रजातन्त्र एवम् संवैधानिक राजतन्त्रको परिधिभित्र विद्यमान राज्य प्रणालीमा आमूल परिवर्तन गरिनुपर्दछ र गर्न सकिन्छ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। यसै क्रममा :

(क) **महिला वर्ग लगायत आदिवासी, जनजाति, मधेसी समुदाय, दलित वर्ग एवम् पिछडिएको क्षेत्रको उत्थानको लागि जनसंख्याको अनुपातमा एकिकृत राष्ट्रिय सूचकाङ्क अनुसार राष्ट्रिय औषत कायम नभएसम्म शिक्षा, रोजगारी, स्वास्थ्य एवम् जनप्रतिनिधित्वको क्षेत्रमा आरक्षणको व्यवस्था गरिनुपर्दछ,**

(ख) विभिन्न भाषा, धर्म, संस्कृति एवम् परम्पराको संरक्षण र सम्वर्द्धनका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्दछ,

(ग) जात, धर्म, लिङ्ग, वर्ण एवम् क्षेत्रको आधारमा हुने भेदभाव र शोषणको अन्त्य गरिनुपर्दछ। साथै, विना कुनै भेदभाव प्रत्येक नेपाली नागरिकले आफ्नो आत्मोन्नति गर्न पाउने वातावरणको सुनिश्चितता राज्यले गर्नुपर्दछ। तथा

(घ) उपरोक्त समुदायको जनसंख्याको अनुपातमा स्थानीय निकाय तथा राष्ट्रिय व्यवस्थापिकामा प्रतिनिधितव सुनिश्चित गरिनुपर्दछ।

११. संघीय राज्य प्रणाली तथा स्थानीय सरकार

राष्ट्रिय विकास तथा समुत्थानको क्रममा देखिएका जातीय एवम् क्षेत्रीय विभेद र असन्तुलनको अन्त्यका लागि आम **नेपाली जनताको आकाङ्क्षा अनुरूप राष्ट्रिय अखण्डता एवम् एकतामा आघात नपुग्ने गरी जातीय, भौगोलिक एवम् आर्थिक सम्भाव्यतालाई आधार मानेर मुलुकको शासन व्यवस्थामा स्वायत्त सङ्घीय राज्य प्रणाली कायम गरिनुपर्दछ भन्ने राप्रपा नेपालको दृढ धारणा रहेको छ।** साथै, स्थानीय सरकारको अवधारणा अनुरूप स्वायत्त गाउँ नगर तथा जिल्लास्तरका निकायहरू सम्बन्धी व्यवस्था संविधानमा नै उल्लेख हुनुपर्दछ।

१२. समावेशी चरित्र एवम् समानुपातिक निर्वाचन

मुलुकको शासन व्यवस्थाको सबै अङ्ग र कार्य प्रणालीमा समावेशी प्रतिनिधित्व, चरित्र, संस्कार र मान्यता अवलम्बन गरिनुपर्दछ। तथा स्थानिय निकाय, सङ्घीय निकाय एवम् राष्ट्रिय व्यवस्थापिकाको निर्वाचन समानुपातिक निर्वाचन प्रणालीको आधारमा हुनुपर्दछ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ।

१३. आस्था, विश्वास र अभिव्यक्तिको स्वतन्त्रता

प्रत्येक नेपाली जनतालाई आ–आफ्नो आस्था, विश्वास र मान्यताको अवलम्वन गर्ने, सङ्गठन वा दल खोल्ने एवम् तदनुरूपको लक्ष्य प्राप्तिका लागि शान्तिपूर्ण गतिविधि गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्दछ भन्ने राप्रपा नेपालको दृढ धारणा रहेको छ। साथै राप्रपा नेपाल वाक् तथा प्रकाशन स्वतन्त्रताको अकुण्ठित उपभोगको पक्षमा रहेको छ।

१४. मौलिक हक तथा स्वतन्त्रता

मानव अधिकार, सम्पत्तिको हक, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा रोजगारीको हक, कानुनी उपचारको हक, धार्मिक स्वतन्त्रता एवम् नागरिक र राजनैतिक स्वतन्त्रतालाई संवैधानिक सुनिश्चितता प्रदान गर्न राप्रपा नेपाल दृढ सङ्कल्प गर्दछ।

१५. महिला हित र सशक्तिकरण

आधा आकाश ओगट्ने महिला वर्गको समानुपातिक हित र समुन्नतिको अभावमा राष्ट्र निर्माणको अभियान नितान्त अपूर्ण रहन्छ। परिवार, समाज र समग्र राष्ट्रको स्थायित्व र प्रगतिमा महिलाहरूको योगदान महत्त्वपूर्ण रहेको हुन्छ। यस वास्तविकतालाई हृदयङ्गम गर्दै महिला वर्गको हित र समुत्थानका लागि राप्रपा नेपालले राष्ट्रिय विकासको अपरिहार्य आधारका रूपमा उच्च प्राथमिकता प्रदान गर्नेछ। साथै, **समाजमा विद्यमान सबै प्रकारका लैङ्गिक असमानता अन्त्यका लागि नीतिगत एवम् कानुनी व्यवस्था गर्न राप्रपा नेपाल प्रतिवद्ध रहनेछ।**

१६. उदार तथा खुला अर्थतन्त्र

खुला बजारमुखी आर्थिक नीति उदार प्रजातन्त्रको अभिन्न अङ्ग हो। यो विश्वव्यापी मान्यताप्रति राप्रपा नेपालको समर्थन रहेको छ। यस मान्यतालाई राष्ट्रिय सन्दर्भ, परिवेश र आकाङ्क्षा अनुरूप परिभाषित र कार्यान्वयन गर्नु पर्दछ।

नेपालको आर्थिक संरचना द्वयात्मक किसिमको छ। एकातिर परम्परागत कृषिमा आधारित वृहत् ग्रामीण अर्थ व्यवस्था छ भने अर्कोतर्फ सानै रूपमा भए पनि आधुनिक र सङ्गठित शहरी अर्थतन्त्र क्रमशः विकास हुँदै गइरहेको छ। भिन्न चरित्र र गतिशीलता बोकेका यी दुई क्षेत्रको विकास र विस्तार एकै प्रकारको नीति र कार्यक्रमबाट सम्भव छैन। राप्रपा नेपालले आधुनिक र सङ्गठित अर्थतन्त्रको विकासमा निजी क्षेत्रको सहभागितालाई शसक्त ढङ्गबाट अभिवृद्धि गर्नेछ भने ग्रामीण अर्थतन्त्रको सुदृढिकरणका लागि राज्यको भूमिकालाई प्रभावकारी तुल्याउने छ। साथै यी दुई क्षेत्रलाई एक अर्का प्रतिस्पर्धा होइन, वल्कि परिपुरकका रूपमा विकास गरिने छ। सार्वजनिक हित, राष्ट्रिय सुरक्षा एवम् वातावरणीय संरक्षणको दृष्टिकोणबाट अति आवश्यक पर्ने बाहेक अर्थतन्त्रको आधुनिक एवम् सङ्गठित क्षेत्रबाट सरकारको प्रत्यक्ष संलग्नता हटाउने तथा यसरी बचत हुन आउने पूँजी एवम् शहरी अर्थतन्त्रबाट प्राप्त हुने प्रतिफललाई ग्रामीण अर्थ व्यवस्थाको सुदृढीकरणको लागि प्रयोग गर्ने नीतिलाई राप्रपा नेपालले अवलम्बन गर्नेछ। राप्रपा नेपालले राष्ट्रिय पुँजिपति वर्गको हित र स्वार्थको संरक्षणलाई समेत प्राथमिकता दिनेछ।

आर्थिक क्षेत्रमा भैरहेको विश्वव्यापीकरणको प्रभावलाई मुलुकको सर्वोपरि स्वार्थ र हितको पक्षमा कार्यान्वयन गर्न तदनुकुल व्यवहारिक नीति अवलम्बन गरिनेछ। वैदेशिक रोजगारिको प्रवर्द्धन एवम् राष्ट्रको विकास अभियानमा गैरआवासिय नेपालीको संलग्नता अभिवृद्धि गर्न राप्रपा नेपालले उपयुक्त वैधानिक व्यवस्थाको पक्षमा जोड दिनेछ। साथै, राष्ट्रिय अर्थतन्त्रलाई विश्वव्यापीकरणसँग तादात्म्य कायम गरि अघि बढाईने नीतिलाई राप्रपा नेपालले अङ्गिकार गर्नेछ।

उपरोक्त वास्तविकतालाई हृदयङ्गम गर्दै आर्थिक क्षेत्रमा हाल देखा परेका समस्याहरूको समाधान गरी **मुलुकको समग्र आर्थिक विकासलाई गति प्रदान गर्न जनमुखि तथा उदार बजारमुखि खुला अर्थतन्त्रलाई संवैधानिक मान्यता प्रदान गरिनुपर्दछ भन्ने राप्रपा नेपालको विश्वास रहेको छ।**

१७. जनमुखी भूमिसुधार

जन र जमिनका बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले भूस्वामित्वको स्वरूप र चरित्रले मुलुकको आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रलाई निरन्तर प्रभावित तुल्याई रहेको हुन्छ। जबसम्म भूमि माथिको स्वामित्वको स्वरूपलाई न्यायोचित आधारमा सुधार गर्न सकिन्न, तबसम्म परम्परागत रूपमा कायम रहँदै

आएको शोषणमुखी सामाजिक मनोवृत्तिमा परिवर्तन सम्भव हुँदैन भन्नेबारे राप्रपा नेपाल सचेत छ। व्यापक राजनीतिक सुधारको लक्ष्य हासिल गर्न एवम् मुलुकको आर्थिक वृद्धि दर बढाउन भूमिसुधार अनिवार्य आवश्यकता हो। तर, **जग्गा धनीको जग्गा खोसेर वा क्रान्तिकारिताको नाममा अव्यवहारिक ढङ्गबाट हदबन्दि कायम गर्दै भूमिसुधारको उद्देश्य सफल हुन सक्दैन**। यस कटु यथार्थलाई हृदयङ्गम गरी राप्रपा नेपालले जनमुखी भूमिसुधारको अवधारणा अघि सारेको हो। **जग्गाविहिन तथा सिमान्त किसानहरूलाई जीवन निर्वाहका लागि जमिन उपलब्ध गराउने, जग्गा धनीहरूले आफूले खेती गर्नसक्ने हदसम्मको जग्गा कायम राख्ने तथा आफूले छोड्नु पर्ने जग्गाको उचित मुआव्जा जग्गा धनीले प्राप्त गर्ने जस्ता समन्वयात्मक एवम् न्यायोचित व्यवस्था नै राप्रपा नेपालद्वारा प्रस्तुत जनमुखी भूमिसुधारका मौलिक विशेषताहरू हुन्।**

१८. परराष्ट्र नीति

नेपालको हित र स्वार्थको सम्वर्द्धन नै राप्रपा नेपालको परराष्ट्र नीतिको मूल आधार हुनेछ। संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्तलाई नेपालको परराष्ट्र नीतिको अभिन्न अङ्गको रूपमा राप्रपा नेपालले निरन्तरता दिनेछ। शान्ति र मैत्रीको आधारमा विश्वका सबै मुलुकहरूसँगको सम्बन्धलाई विकास गर्नुका साथै छिमेकी राष्ट्रहरूसँगको परम्परागत सम्बन्धलाई परस्पर लाभ र समानताको आधारमा सुदृढ र व्यापक तुल्याउने राप्रपा नेपालको नीति हुनेछ। **राप्रपा नेपालले मुलुकको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप एवम् प्रभावलाई पूर्णतया अस्वीकार गर्नेछ।**

१९. सुशासन र असल सरकार

सुशासनको अभाव नै तेस्रो विश्वमा प्रजातन्त्रको लागि सबै भन्दा ठूलो खतरा बन्न पुगेको छ। नेपालको सन्दर्भमा समेत राज्य सञ्चालनमा देखिएका विकृति, विसङ्गति र भ्रष्टाचारको मुख्य कारण सुशासनको अभाव हो। नेपाल अधिराज्यको भावी संविधानले भ्रष्टाचारको निवारण, कानुनी राज्यको सिद्धान्त, सूचनाको हक, पारदर्शिता एवम् प्रशासनिक स्वच्छतालाई सुनिश्चित गर्न उपयुक्त व्यवस्था गर्नुपर्दछ भन्ने राप्रपा नेपालको धारणा रहेको छ।

२०. राष्ट्रिय सुरक्षा नीति तथा सेनाको सबलीकरण

राष्ट्रिय अखण्डता, सार्वभौमिकता एवम् स्वतन्त्रताको संरक्षण राष्ट्रिय सुरक्षाको मूल लक्ष्य हुनुपर्दछ। साथै राष्ट्रिय सम्पदा, श्रोत एवम् मानविय संशाधनको संरक्षण र सम्वर्द्धन समेत राष्ट्रिय सुरक्षाका अभिन्न अङ्गहरू हुन्। यस वास्तविकतालाई मध्यनजर राख्दै मुलुकको भूराजनैतिक अवस्था सम्भावित खतरा एवम् सक्षमता अनुकुल वृहत राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिनु पर्दछ भन्ने राप्रपा नेपालको मान्यता रहेको छ। **समयानुकुल व्यावसायिक सीप र दक्षताको अभिवृद्धि गरी नेपाली सेनालाई सबल, सक्षम र सुदृढ तुल्याईनु पर्दछ।** विश्वव्यापी मान्यतालाई समेत ध्यानमा राखि सेनाको परिचालन सम्बन्धि संवैधानिक व्यवस्था कायम गरिनु उपयुक्त हुनेछ।

राप्रपा नेपालको सङ्कल्प

दोस्रो जनआन्दोलनको परिणामस्वरूप श्री ५ बाट २०६३ साल वैशाख ११ गते प्रतिनिधि सभाको पुनर्स्थापना भएपश्चात् देशमा नयाँ राजनैतिक परिस्थिति विकास भएको छ। संविधान सभाको निर्वाचनद्वारा नयाँ संविधानको निर्माण अहिलेको प्रमुख राष्ट्रिय एजेण्डा हो। हाल देशमा कायम भएको परिवर्तित सन्दर्भलाई मुलुकको आधुनिकीकरण, सामाजिक उत्थान एवम् राष्ट्रिय समृद्धिको अवसरका रूपमा राप्रपा नेपाल उपयोग गर्न चाहन्छ।

एक दशक भन्दा लामो द्वन्द्वको परिणाम स्वरूप राष्ट्रले अपुरणीय क्षति भोग्नु परेको छ। राष्ट्रिय एकता, अखण्डता एवम् सार्वभौमसत्ताको संरक्षण एवम् मुलुकको सर्वाङ्गिण विकासका लागि समेत अब कुनै पनि हालतमा द्वन्द्वको अन्त्य हुनु आवश्यक छ। हाल देशमा जारी रहेको शान्ति प्रकृयाप्रति राप्रपा नेपालको सकारात्मक धारणा रहेको छ। यसलाई निरन्तरता दिँदै तार्किक परिणतिमा पुऱ्याउनु पर्दछ। शान्ति स्थापनाको निमित्त गरिने सबै सकारात्मक प्रयासमा राप्रपा नेपालको सहयोग र समर्थन रहनेछ। तर, शान्ति स्थापनाको नाममा निहित राजनैतिक स्वार्थ परिपूर्ति गर्न चाहने तथा शान्ति प्रकृयालाई आफ्नो वर्चश्व खडा गर्ने भऱ्याङ्गको रूपमा प्रयोग गर्न चाहने प्रवृत्तिलाई भने राप्रपा नेपाल स्वीकार गर्न सक्दैन। सबै पक्ष, वर्ग, समुदाय र विचारको सहअस्तित्वको सम्मान र स्वीकारोक्ति दिगो शान्ति स्थापनाको पूर्वशर्त हो। कुनै पनि पक्षलाई निषेध गर्ने वा आफूसँग असहमत विचारलाई स्थान नदिने प्रवृत्ति शान्ति प्रकृयाको लागि घातक हुन सक्दछ। त्यसर्थ, समावेशी चरित्रको राष्ट्रिय मेलमिलाप, एकता र समभ्रदारीको आधारमा शान्ति प्रकृयालाई अगाडि बढाउनु पर्दछ भन्ने राप्रपा नेपालको दृढ विश्वास रहेको छ। यही विश्वासको आधारमा राप्रपा नेपालले संविधानसभा निर्वाचनको क्रममा प्रस्तुत सङ्कल्प पत्र नेपाली जनता समक्ष पेश गरेको छ।

सादर आह्वान

देश अहिले संविधानसभारूपी अग्नि परीक्षाको सङ्घारमा खडा भएको छ। हामी मतदाताको एउटा गलत निर्णयले मुलुकको अस्तित्वलाई सङ्कटमा पार्न सक्दछ भने हाम्रो सही निर्णयले मुलुकको भविष्यलाई समुज्वल तुल्याउन सक्दछ। एकातिर राष्ट्र विखण्डन र प्रजातन्त्रको उग्रवामपन्थीकरणलाई निम्त्याउन सक्ने गणतन्त्रको जोखिमपूर्ण प्रस्ताव छ भने अर्कोतर्फ स्थायित्व, अखण्डता एवम् समृद्धिलाई सुनिश्चित गर्ने राप्रपा नेपालद्वारा प्रस्तुत संवैधानिक राजतन्त्रात्मक प्रजातन्त्रको विकल्प छ। अब फैसला जनताको हातमा छ। द्विविधामा नपरौं। सबै नेपाली मिलेर मातृभूमि नेपाललाई सबल र समुन्नत बनाउने विकल्पको पक्षमा फैसला गरौं। क्रान्तिको नाममा ध्वंस होईन, निरन्तरता सहितको परिवर्तनलाई रोजौं। राप्रपा नेपालको चुनाव चिन्ह **गाई** मा मतदान गरौं।

धन्यवाद !

जय राष्ट्र ! जय जनता !!

१४.

राष्ट्रिय जनशक्ति पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा-पत्र

विषय प्रवेश

जारी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई मुलुकमा दीगो शान्ति र प्रजातन्त्र (लोकतन्त्र) को प्रत्याभुति गर्न तथा सम्प्रभु जनताले आफ्ना प्रतिनिधिहरू मार्फत निर्माण गर्ने संविधानद्वारा देशमा राजनैतिक पद्धति राज्यको पुनर्सरचना र शासकीय पुनर्संरचना सामाजिक रुपान्तरण र गरिबी निवारणको मार्ग प्रशस्त गरी "नयाँ नेपाल" को निर्माण गर्ने महान् उद्देश्य लिएर संविधानसभाको लागि निर्वाचन हुनु पर्ने हामी नेपालीले अन्तिम आशा गरेका छौं। यो निर्वाचनको मुख्य लक्ष्य संविधानसभा गठन गर्ने हो। भोलिको "नयाँ नेपाल" को विस्तृत खाका र पूर्वाधार संविधानसभाले निर्माण गर्ने नयाँ संविधानमा व्यवस्था हुने भएकाले राष्ट्रिय जनशक्ति पार्टी यो संक्षिप्त घोषणा पत्र मार्फत विशेष गरी "नयाँ नेपाल" का मुलभूत खाका प्रस्तुत गर्दछ।

१. **पृष्ठभुमि :**

(क) २००७ सालको जनक्रान्तिले नेपाली जनतालाई रैतीको अवस्थाबाट नागरिकमा रुपान्तरण गरेर जनताको सर्वोच्चतायुक्त पूर्ण प्रजातन्त्र स्थापनाको बाटो खोल्यो। संविधानसभाबाट संविधान बनाएर पूर्ण प्रजातन्त्र कायम गर्ने समेत तय भएको हो।

(ख) यो उद्देश्य प्राप्तिका लागि जनक्रान्तिबाट सत्ता परिवर्तनपश्चात्को अवधिमा विभिन्न किसिमका राजनीतिक प्रयोगहरू हुँदै आए। यस क्रममा अनेकौं राजनैतिक उतारचढाव हुँदै रहे। पूर्ण प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्षहरू हुँदै रहे तर मुलुकले सही दिशा लिन सकेन।

(ग) बारम्बार भएका राजनीतिक सङ्घर्ष, नागरिकमा आएको राजनीतिक चेतनाको परिणाम र विश्वमा आएको प्रजातन्त्रको लहर स्वरुप २०४६ मा फेरि जनआन्दोलन भयो। यो जन-आन्दोलनले नेपाली जनतालाई इतिहासमा पहिलोपटक सम्प्रभु बनायो र तदनुरुप संवैधानिक प्रणालीको व्यवस्था समेत भयो।

(घ) २०४६ सालको आन्दोलनको उपलब्धि-संवैधानिक व्यवस्थालाई उल्लङ्घन गर्दै २०६१ माघ १९ गते राजाबाट राजकीय सत्ता आफ्नो हातमा लिने काम भयो। राजाले आफ्नो हातमा सत्ता लिएर सक्रिय राजतन्त्रको पुनरावृत्ति गरेपछि नेपाली जनताले जनआन्दोलन गरे। फलतः आन्दोलनले अर्को ऐतिहासिक परिवर्तन ल्यायो।

(ङ) राजपा ले माघ १९, २०६१ को शाही कदमको विरोध गऱ्यो र आन्दोलनप्रति नैतिक समर्थन जनायो। यसै क्रममा शाही सरकारले गराएको स्थानीय निर्वाचन वहिष्कार गऱ्यो। शान्तिपूर्ण आन्दोलनमा भएको गिरफ्तारी र दमनको विरोध गऱ्यो। शाही कदमले नेपालको संविधान २०४७ र बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र माथि क्षतिपुग्ने राजपाको भविष्यवाणी अन्ततः चरितार्थ भयो।

(च) आन्दोलन र परिवर्तनप्रति पूर्ण समर्थन जनाउँदै आएको राष्ट्रिय जनशक्ति पार्टीले नेपालको इतिहासमा एक ठूलो फड्को मानिएको प्रतिनिधिसभा घोषणा–२०६३ लाई पूर्णतः आत्मसात् गरेको छ।

(छ) राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा शान्तिपूर्ण प्रक्रियाद्वारा आमूल रुपान्तरण र परिवर्तन गर्दै संविधानसभाद्वारा नयाँ संविधान निर्माण गरी नयाँ नेपाल निर्माण गर्ने लक्ष्य र उद्देश्यले चैत्र २८ गते हुने ऐतिहासिक संविधानसभा निर्वाचनमा राष्ट्रिय जनशक्ति पार्टी सक्रिय सहभागिता निम्ति प्रस्तुत भएको छ।

२. राष्ट्रिय जनशक्ति पार्टीको स्थापना :

"नयाँ नेपाल" को स्पष्ट खाका लिएर २०६१ साल फागुन ३० गते औपचारिक रुपमा रा.ज.पा. को स्थापना भएको हो। तत्कालीन प्रधानमन्त्री सूर्य बहादुर थापाको नेतृत्वको सरकारले सरकार र माओवादीवीच दाङ्ग जिल्लाको हापुरेमा शान्तिवार्ता गर्दा प्रस्तुत गरेको "नयाँ नेपाल" को मार्ग चित्रलाई मूर्तता प्रदान गर्दै राजनीतिक, आर्थिक, सामाजिक र स्राँस्कृतिक क्षेत्रमा शान्तिपूर्ण प्रक्रियाद्वारा आमूल परिवर्तन ल्याई अन्तर्राष्ट्रिय समुदायमा एक्काइसौ शताब्दी अनुरुपको नेपालको व्यक्तित्व निर्माण गर्न राष्ट्रिय जनशक्ति पार्टी गठन भएको हो। यो दल आफ्नै मौलिक विचार, नीति र कार्यक्रमको सैद्धान्तिक धरातलमा खडा भएको विशिष्ट र अलग पहिचान भएको राजनीतिक दल हो। प्रजातन्त्रका सर्वस्वीकृत आधार, मान्यता र आदर्शका अतिरिक्त समावेशी प्रजातन्त्र, राज्यको पुनर्सरचना र राजनीतिक, आर्थिक, सामाजिक परिवर्तन, रुपान्तरण र सशक्तिकरण गरी मुलुकको आमूल परिवर्तन राष्ट्रिय जनशक्ति पार्टीका सैद्धान्तिक धरातल हुन्।

३. राष्ट्रिय जनशक्ति पार्टीको राजनीतिक लक्ष्य :-

(क) परापूर्वकालदेखि रहँदै आएको नेपालको स्वतन्त्र, अखण्ड र सार्वभौमसत्ता सम्पन्न अस्तित्त्वलाई नयाँ संविधान निर्माण गरेर अझ बढी सुदृढ बनाउदै विश्व समुदायमा समुचित स्थान दिलाउने।

(ख) समावेशी प्रजातन्त्र, बहुलवादी राजनीति र जनमुखी अर्थतन्त्रलाई केन्द्र विन्दु बनाई सवल राष्ट्रियताको प्रवर्द्धन गर्ने,

(ग) जनताको सर्वोच्चता कायम रहेको पूर्ण प्रजातन्त्र (लोकतन्त्र) कायम गर्ने र प्रत्याभूति दिलाउने,

(घ) सङ्घात्मक स्वायत्तता, शक्ति पृथकीकरण, संवैधानिक नियन्त्रण तथा सन्तुलनमा आधारित प्रतिष्पर्धात्मक संसदीय प्रजातान्त्रिक राजनीतिक प्रणालीको विकास, सम्बर्द्धन र संरक्षण गर्ने,

(ङ) इतिहास देखि आज पर्यन्त वञ्चितिकरणमा परेका सीमान्तकृत वर्ग (आदिवासी / जनजाति, मधेसी समुदाय, महिला, दलित, अल्पसंख्यक (मुसलमान) लगायत पिछडिएका वर्ग र समुदायलाई समावेशीकरण र सशक्तिकरणको प्रक्रियाद्वारा राष्ट्रिय मूलधारमा समाहित गर्ने,

(च) व्यक्ति स्वतन्त्रतालाई सर्वोपरि र सुरक्षित तुल्याउने। व्यक्ति स्वतन्त्रतालाई सर्वोपरि र सुरक्षित बनाउन नागरिक र राजनीतिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। यस अनुरुप मौलिक हक, मानव अधिकार, नागरिक स्वतन्त्रता, सम्पत्ति आर्जन र उपभोगको अधिकार, आस्था र विचारको स्वतन्त्रतालाई राष्ट्रिय जनशक्ति पार्टी व्यक्ति स्वतन्त्रता मान्दछ। त्यस्तै व्यक्ति स्वतन्त्रताको साथै सामाजिक प्रजातन्त्र पनि सँगसँगै लैजानु पर्ने राष्ट्रिय जनशक्ति पार्टीको धारणा छ। सो अनुरुप नागरिकको हक र राजनीतिक हक सुरक्षामा मात्र राज्य सीमित नरही आर्थिक सामाजिक र साँस्कृतिक हक अधिकारको संरक्षणप्रति पनि उत्तिकै सक्रिय रहनु पर्दछ। यस अर्थमा राजनीतिक मात्र नभई सामाजिक प्रजातन्त्र समेत राजपाको लक्ष हो।

४. राजपाको अन्य विषय र पक्षहरूप्रतिको दृष्टिकोण :

(क) राष्ट्रियता :

राष्ट्रियताको विषयमा राष्ट्रिय जनशक्ति पार्टी नयाँ मान्यता र परिभाषा सहित प्रस्तुत भएको छ। राज्य र राष्ट्रको एकीकरण भावानात्मक रुपमा हुनु सवल र सार्थक राष्ट्रियताको अपरिहार्य आधार हो। राजपाको चिन्तनमा राज्य र राष्ट्रको अर्थमा भिन्नता छ। "राज्य" भनेको शासकीय संरचना हो भने राष्ट्र भनेको सबै नागरिकका लागि न्यायपूर्ण सहभागिता र अवसरको संरचना हो। राष्ट्रिय जनशक्ति पार्टीले राज्यको पुनर्सरचना, प्रजातान्त्रिक समावेशीकरण र शासकीय संरचनामा परिवर्तन तथा सशक्तिकरणको माध्यम र प्रक्रियाबाट सबै जाति, समुदाय र क्षेत्रको न्यायपूर्ण सहभागिता र अवसरको संरचना निर्माण गरेर राष्ट्रियतालाई सवल र सार्थक तुल्याउने रणनीति अख्तियार गरेको छ। यो नवीनतम संरचना अन्तर्गत राज्य संचालनमा आदिवासी / जनजाति, मधेसी समुदाय, महिला, दलित र अल्पसंख्यक (मुसलमान लगायत) पिछडिएका सबै जातजाति र क्षेत्रको समानुपातिक सहभागिता एवम् प्रतिनिधित्व गराई ***"हामी यो बहुजातीय, बहुभाषिक र बहुधार्मिक राष्ट्रका अनिवार्य र अपरिहार्य अङ्ग हौं, यो राष्ट्र हाम्रो हो"*** भन्ने भावना र अनुभूति भएपछि मात्र राष्ट्रियता सवल हुने पार्टीको मान्यता छ। जातिय, क्षेत्रीय, भाषिक र साँस्कृतिक सदभावलाई विथोल्ने कुनै पनि सम्भावनालाई नकार्दै न्याय समानता र सहकार्यको सँस्कृतिलाई बलियो बनाउनु हामी सबैको कर्तव्य हो। त्यो भावनात्मक अनुभूती नेपालीत्व हो जसले सबै नेपालीलाई एक सुत्रमा आवद्ध तुल्याउँछ। त्यही सुत्र राष्ट्रिय भावना हो र राष्ट्रियताको आधार हो र सयौं फूलको सुन्दर माला हो।

(ख) परराष्ट्र नीति :

परराष्ट्र नीतिको मूल आधार राष्ट्रिय हित हुनेछ। नेपालको भू-अवस्थिति अपरिवर्तनीय रहेकोले राष्ट्रिय जनशक्ति पार्टी पञ्चशीलका सिद्धान्तमा आधारित असंलग्न परराष्ट्र नीतिको नै प्रखर हिमायती रहेको छ। राष्ट्रिय एकता, अखण्डता र स्वतन्त्रतालाई अक्षुण्ण राख्दै विश्व समुदायमा नेपालको नयाँ व्यक्तित्व खडा गर्न आवश्यक पर्ने आमूल रुपान्तरणमा अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाउनु राष्ट्रिय जनशक्ति पार्टीको परराष्ट्र नीतिको मूल लक्ष्य र उद्देश्य हो। यो उद्देश्य प्राप्तिको लागि संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र मान्यताका आधारमा विश्वका सबै राष्ट्रसँग मैत्रिपूर्ण सम्बन्ध कायम गरिनेछ। राजपा आर्थिक कुटनीति, प्रजातन्त्र र मानव अधिकारलाई विदेश नीतिका थप आधारका रुपमा आत्मसात् गर्दछ। साथै भारत र चीनसँगको सम्बन्ध विकासको लागि विशेष महत्त्व दिइनुपर्छ भन्ने राजपाको स्पष्ट धारणा छ।

(ग) राजसंस्था :

सदियौं देखि अवस्थित राजसंस्थाबारे सबै नेपाली जनता परिचित छन्। जनताले अनुभवका आधारमा यो संस्था प्रति निश्चित धारणा बनाएका छन्। जनताको सर्वोच्चताको आदर र सम्मान गर्ने भएकाले जनतालाई नै बिना हस्तक्षेप स्वतन्त्र रुपमा राजसंस्थाबारे निर्णय गर्न दिनु पर्दछ भन्ने मान्यता पार्टीको रहेको छ। यस विषयमा निर्णय लिन सम्प्रभु नेपाली जनतालाई उनीहरूकै विवेकमा छाडी दिनु पर्दछ।

(घ) सातदलीय गठवन्धन :

शासनमा रहेका सातदलले प्रजातन्त्र सर्वस्वीकृत प्रजातान्त्रिक मूल्य र मान्यताप्रति प्रतिवद्धता जनाएका हुन। तर सात दलले जनता समक्ष राख्ने सिद्धान्त र गर्ने व्यवहारमा ठूलो विरोधाभाष रहेको छ। सातदलीय गठवन्धनले देशको विद्यमान परिस्थितिलाई एक तार्किक निष्कर्षमा पुऱ्याओस् भन्ने राजपाको चाहना हो। तर आधारभूत विषयहरू- दुई-दुई पटक मिति घोषणा

गरेर पनि संविधानसभाको निर्वाचन गराउन नसक्नु, आम जनताको जिउ धनको सुरक्षाका साथ साथै देशमा शान्ति सुरक्षा कायम गर्न नसक्नु अराजक स्थिति पैदा भई मुलुक असफल राष्ट्र बन्ने संघारमा पुऱ्याइएको अवस्था छ। फलत सातदलीय सत्ता गठवन्धनले जन-आन्दोलनबाट प्राप्त जनताको आशा र विश्वास प्रति कुठाराघात गर्दै अन्तरिम संविधानको औचित्यलाई नै प्राय समाप्त गराईसकेको छ।

(ङ) माओवादी :

राजपाले माओवादीलाई नेपालको सशक्त राजनैतिक दलको रुपमा हेरेको छ। तर माओवादी वर्तमान अवस्थासम्म द्वैध भूमिकामा रहेको देखिन्छ। साथै हालसम्मको चरित्र शान्तिपूर्ण प्रजातान्त्रिक राजनीति अनुकूल छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। बृहत् शान्ति संभौता र २३ बुँदे सम्भौता पछि पनि हत्या, अपहरण, धम्की र त्रासको माओवादी राजनैतिक संस्कार सर्वस्वीकृत प्रजातान्त्रिक मूल्य र मान्यता विपरित हो। यस्तो राजनैतिक संस्कारलाई राजपाले कहिल्यै स्वीकार गर्न सक्दैन। जनता र प्रजातन्त्रको नाममा एकदलीय अधिनायकवादको संस्कार जुनसुकै क्षेत्रबाट आए पनि राजपा स्वीकार गर्दैन। यो राष्ट्रियता र प्रजातन्त्र दुवैको विपरित छ।

(च) मधेस/तराई र अन्य क्षेत्रका समस्या :

मधेस / तराई, पहाड र हिमाली क्षेत्रमा आदिवासी जनजाति, मधेसी / तराई वासी लगायतका जनता आन्दोलनरत रहेको तथ्य जग जाहेरै छ। आन्दोलनरत हिमाली, पहाडी र तराई/मधेसी जनताको पूर्ण सहभागिता बिना निर्वाचनको परिकल्पना समेत गर्न सकिदैन। यसबारे राजपाको स्पष्ट धारणा छ मुलुकको एकता, अखण्डता, सार्वभौमसत्ता र स्वतन्त्रतालाई अक्षुण्ण राख्दै आन्दोलनरत सबै पक्षका भावना र आवश्यकतालाई उपयुक्त ढङ्गबाट राजनीतिक सम्बोधन गरी तत्काल समस्याको समाधान खोजिनु पर्दछ।

५. राष्ट्रिय जनशक्ति पार्टीको प्रतिवद्धता :

संविधानसभा निर्वाचनको प्रकृति र उद्देश्य आवधिक (स्थानीय निकाय र संसदीय) निर्वाचन भन्दा पृथक हो। यसको खास उद्देश्य "नयाँ नेपाल" को खाका कोर्ने रहेकोले राष्ट्रिय जनशक्ति पार्टी यस अहम् लक्ष्यलाई दृष्टिगत गर्दै यो घोषणा पत्र मार्फत "नयाँ नेपाल" को मूलभूत खाका नेपाली जनता समक्ष प्रस्तुत गर्दछ। "नयाँ नेपाल" का मूलभूत विशेषता निम्नबमोजिम प्रस्ताव गरिएको छ :-

(क) स्वायत सङ्घीय शासन प्रणालीमा आधारित राज्यको पुनरसंरचना,

(ख) जनताको सर्वोच्चता, नागरिक स्वतन्त्रता, कानुनी राज्य, स्वतन्त्र र सक्षम न्यायपालिका, संवैधानिक शक्ति सन्तुलन र नियन्त्रण, शक्ति पृथकीकरण, प्रेस स्वतन्त्रता, राष्ट्रिय एकता र अखण्डता, मानव अधिकार र प्रजातन्त्रका सर्वस्वीकृत सिद्धान्त र आर्दशप्रति राजनीतिक प्रतिवद्धता।

(ग) राष्ट्रिय राजनीतिक र सामाजिक समावेशीकरण,

(घ) राजनीतिक, सामाजिक र आर्थिक सशक्तिकरण,

(ङ) राष्ट्रिय पूँजीपति वर्गको संरक्षण र औद्योगिक पूँजीको विस्तारिकरण तथा श्रम सीपको उचित सदुपयोग गर्दै देशमा रोजगारीको व्यापक विस्तारीकरण,

(च) ग्रामीण जनताको विकासमा पूँजीको न्यायोचित वितरण तथा लगानीको गरीब जनताको उत्थानमा एकत्रीकरण,

(छ) समावेशी राज्य र जन पक्षीय सशक्तिकरणको माध्यम राज्य र राष्ट्रवीचको एकीकरण।

६. लक्ष्य हासिल गर्ने रणनीति :

राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा उल्लिखित नीतिगत लक्ष्य हासिल गर्न रा.ज.पा. ले राज्यको पुनर्सरचना, शासकीय संरचनामा परिवर्तन, समावेशीकरण र आम सशक्तिकरण प्रक्रियालाई प्रस्ताव गरेको छ। संविधानसभाले निर्माण गर्ने नयाँ संविधानमा यी प्रावधान समावेश गरेर राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरि एवम् अक्षुण्ण राख्दै "समावेशी प्रजातान्त्रिक सङ्घीय नयाँ नेपाल" निर्माण गर्ने लक्ष्य रा.ज.पा. को रहेको छ। पाँच वटा मूलभूत आधारबाट यो लक्ष्य हासिल गरिनेछ। ती आधार हुन :–

(क) स्वायत्त सङ्घीय शासन प्रणाली,
(ख) नेपालको विशिष्टतालाई सम्बोधन गर्ने निष्पक्ष निर्वाचन प्रणाली,
(ग) उपेक्षित वर्गको प्रतिनिधित्वको अनिवार्य व्यवस्था,
(घ) जातीय सभाको व्यवस्था,
(ङ) राजनीतिक र नागरिक हकको साथै आर्थिक, सामाजिक र साँस्कृतिक हक अधिकारको सुनिश्चितता।

७. राष्ट्रिय राजनीतिक र सामाजिक समावेशीकरण :

समावेशीकरणको अर्थ :

समावेशीकरणले राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रमा देशका सबै नागरिकहरूलाई कानुनी समानता मात्र नभएर अवसरको समानता समेत दिलाउने स्थितिको सिर्जना गर्दछ। राष्ट्रिय राजनीतिक र सामाजिक समावेशीकरणको सिद्धान्तमा आधारित रहेर निम्न नीतिहरू प्रति राष्ट्रिय जनशक्ति पार्टी प्रतिवद्ध छ :–

(क) चुनाव पद्धति –

(अ) देशमा जनप्रतिनिधि छनौट गर्दा मूल रुपमा समानुपातिक चुनाव पद्धति लागु गरिनेछ। तर समानुपातिक पद्धतिको नाममा भौगोलिक प्रतिनिधित्व र व्यक्तिको चुनाव लड्ने हकमा पूर्णविराम लगाउन नहुने राजपाको दृष्टिकोण रहेको छ। समानुपातिक निर्वाचनद्वारा राष्ट्रिय विधायिका (संसद) गठन गर्ने। यस्तो संसदमा जनजाति/ आदिवासी, मधेसी, महिला, दलित, अल्पसंख्यक र पिछडिएका वर्ग र जाति जो आज पर्यन्त वञ्चितिकरणमा परेका छन्, तिनको समानुपातिक प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ।

(आ) उपरोक्त चुनाव पद्धतिको आधारमा राष्ट्रिय विधायिका (संसदको तल्लो सदन) मा सदस्य पठाउँदा प्रत्येक दलले अनिवार्यतः जातीय संरचना अनुसार पठाउनु पर्ने प्रस्ताव गरिएको छ।

(इ) अधिकारयुक्त माथिल्लो सदन (जातीयसभा) खडा गरिनेछ। यस सदनमा देशको जातीय संरचना अनुरुपको प्रतिनिधित्व प्रतिविम्वित हुने तथा लैङ्गिक समानताको लक्ष रहेको छ।

(ख) सारभुत (अवसरको) समानता :

कानुनी समानताले मात्र देशका जनजाति / आदिवासी, मधेसी, दलित, महिला र अन्य अल्पसंख्यक (मुसलमान लगायत) पिछडिएका वर्गको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा आफ्नो उपस्थिति र अधिकारको प्रत्याभुति हुन सकेको छैन। अतः नयाँ समावेशी नेपाल निर्माण गर्न कानुनी समानताको साथै अवसरमा र व्यवहारमा समानतालाई मूर्तरुप दिनु भनेको सारभुत समानता हो। यही सिद्धान्तलाई राष्ट्रिय जनशक्ति पार्टीले अवलम्वन गरी सकारात्मक विभेद अर्थात आरक्षणको अवधारणालाई व्यवहारमा लागु गर्नेछ। आरक्षण लागु गर्न प्रत्येक

जातिको निमित्त मानव विकास सूचकाङ्क तयार गरिनेछ। राष्ट्रिय औसत मानव विकास भन्दा तल परेका सबै जाति, क्षेत्र र समुदायलाई सरकारी सेवा, शिक्षा स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा आरक्षण दिइनेछ । यस प्रक्रियाबाट दलित, जनजाति/आदिवासी पिछडिएको मधेसी समुदायलाई आरक्षणको सुनिश्चितता उपलब्ध हुनेछ।

८. राजनीतिक, सामाजिक तथा शासकीय जन सशक्तिकरण :

सशक्तिकरणको अर्थ :

समाजमा पिछडिएका व्यक्ति र समुहको शासकीय संरचना, उत्पादनमुलक सम्पत्ति पूँजी र प्रविधि माथिको पहुँच र मानवीय क्षमता वृद्धिमा रहेको व्यवधान हटाउनु सशक्तिकरण हो।

जनसशक्तिकरणको सिद्धान्तलाई व्यवहारमा उतार्न निम्न कार्ययोजना लागु गरिनेछ :-

(क) **संघीय स्वायत्त राज्य** :- संवैधानिक सन्तुलन-नियन्त्रण तथा शक्ति पृथकीकरणका सर्वस्वीकृत प्रजातान्त्रिक सिद्धान्तमा आधारित नेपाल सङ्घीय स्वायत स्वरुपको राज्य हुनेछ। सङ्घीय संरचनाका प्रस्तावित आधार यी हुन :-

(अ) प्राकृतिक र भौगोलिक बनावट,
(आ) जातीय भाषिक र साँस्कृतिक संवेदनशीलता,
(इ) आर्थिक साधन, स्रोत र प्रशासनिक स्थिति।

यस विषयमा मुलुकभर जनस्तरसम्म व्यापक छलफल र वहस् गरेर निष्कर्षमा पुग्नु पर्छ भन्ने राजपाको धारणा छ।

(ख) **सरकारको गठन** :- सङ्घीय सरकार गठनको आधार संवैधानिक तवरले निश्चित गरेको आवधिक मुलत समानुपातिक निर्वाचन प्रणालीबाट हुनेछ जसव्यक्तिको चुनाव लड्ने अधिकार समेत सुनिश्चित गरिनेछ।

(ग) **दुई सदनको व्यवस्था** :- सङ्घीय संरचनामा केन्द्रमा केन्द्रीय सरकार र तल्लो सदन (राष्ट्रिय विधायिका) र माथिल्लो सदन (जातीय सभा), प्रस्ताव गरिएको छ।

(घ) **प्रादेशिक सरकार** :- केन्द्रभन्दा तल प्रादेशिक सरकार र प्रदेश सभा रहनेछ।

(ङ) **स्थानीय सरकार** :- प्रदेश सरकार भन्दा मुनी नगरपालिका सरकार र नगरसभा तथा गाउँपालिका सरकार र गाउँसभा रहनेछन।

(च) **अधिकार सम्पन्न प्रादेशिक सरकार** :-

देशमा अधिकार सम्पन्न प्रदेश सरकारहरू यस अवधारणा पत्रमा उल्लेख भए बमोजिमको उपरोक्त निर्वाचन प्रणालीबाट गठन गरिनुपर्दछ। यस प्रक्रियाद्वारा स्थानीय विकासको आकांक्षा र सम्भावनालाई वास्तविकतामा परिणत गर्न सकिनेछ । निर्वाचन पछि प्रदेश सभामा आफ्ना प्रतिनिधि पठाउँदा सबै दलले प्रदेश भित्रको जातिय अनुपात अनुरुप पठाउनु पर्नेछ।

(छ) **अधिकार सम्पन्न स्थानीय सरकार** :- स्थानीय सरकारको रुपमा गाउँपालिका र नगरपालिका सरकार गठन गरिनेछ। स्थानीयतहमा पनि उपरोक्त चुनाव पद्धति अपनाइनेछ। यस प्रावधानबाट केन्द्रीय तह, प्रादेशिक तह नगरपालिका तह र गाउँपालिका तह चारै तहमा भूगोल, जाति-भाषा जनसंख्या र स्रोत साधनको संरचनालाई मध्यनजर गर्दै आदिवासी जनजाति, मधेसी, महिला, दलित, अल्पसंख्यक (मुसलमान लगायतका जाति) र पिछडिएका सीमान्तकृत वर्गको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने रा.ज.पा. को कार्ययोजना रहेको छ।

(ज) **साधनको बाँडफाँड** :- केन्द्रीय सरकार र प्रदेश सरकारबीच कुल उपलब्ध सरकारी स्रोत र साधनको बाँडफाँड प्रतिशतको आधारमा गरिनेछ । यो प्रावधान प्रदेश, नगरपालिका र गाउँपालिका सरकारबीच पनि लागू हुनेछ।

(झ) **केन्द्र र प्रदेश सरकारको क्षेत्राधिकार** :- रक्षा नीति, विदेश नीति, राष्ट्रिय सञ्चार नीति, मुद्राको अधिकार र राष्ट्रिय अर्थनीति निर्धारण बाहेकका अन्य नीति निर्माण र कार्यान्वयनमा प्रदेश सरकारलाई पूर्ण स्वायत्तता प्रदान गरिनेछ। सङ्घीय सरकारहरूले संविधानको परिधिभित्र रही सङ्घीय राज्य भित्र शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिँचाई, र कर निर्धारण तथा सङ्कलन र स्थानीय सार्वजनिक सेवा इत्यादि क्षेत्रमा प्रदेश प्रशासन कायम गरी विकास कार्य गर्नेछन्। यी अधिकारलाई संविधानमा सुनिश्चित गरिनेछ। यसै अनुरुप न्यायिक सङ्घीयताको सिद्धान्त समेत लागू गरिनेछ।

(ञ) **प्राकृतिक श्रोत र साधनको उपयोग** :- राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता तथा राष्ट्रिय आवश्यकतामासमेत आँच नआउने गरी प्राकृतिक साधन स्रोतको सदुपयोगको अधिकार सङ्घीय स्वायत्त सरकारहरूलाई हुनेछ।

९. सामाजिक र साँस्कृतिक सशक्तिकरण :

सामाजिक र साँस्कृतिक सशक्तिकरण बिना राज्यको पुनर्संरचनाले मात्र प्रजातान्त्रिक समावेशीकरण र शासकीय सशक्तिकरण रणनीति सार्थक र सम्भव नहुने भएकाले राष्ट्रिय जनशक्ति पार्टीले सामाजिक र साँस्कृतिक सशक्तिकरण तथा समावेशीकरणका निम्न नीति र कार्यक्रम प्रस्ताव गरेको छ :-

(क) **भाषा सँस्कृति** :- आदिवासी / जनजाति, मधेसी समुदाय र पिछडिएका जातजातीका भाषा, सँस्कृति, लिपि र कलाको संरक्षणको सुनिश्चितता गरिनेछ। प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था गरिनेछ। प्रत्येक स्वायत्त सङ्घीय प्रदेशमा नेपाली भाषाको साथै स्थानीय प्रमुख भाषालाई सरकारी कामकाजको लागि प्रयोग गर्न सकिनेछ। देशका प्रमुख भाषाहरू र यी सँग गाँसिएका साँस्कृतिक सम्पदाको संरक्षण र प्रबर्द्धन गर्ने अनुसन्धानमुलक प्रतिष्ठानहरू स्थापना गरिनेछ। साथै राष्ट्रिय रुपमा कला, कलाकार र कला सम्बन्धी प्रविधिलाई प्रोत्साहन गरिनेछ।

(ख) **महिला** :- महिला विरुद्ध विद्यमान सबै प्रकारका विभेद र यातना, शोषण तथा उत्पीडनको अन्त्य गरिनेछ। मातृ तथा शिशुको कल्याण एवम् सुरक्षालाई राष्ट्रिय प्राथमिकतामा राखिने छ। साथै सबै तहका जनप्रतिनिधिमूलक संस्था र सरकारी निकायमा कम्तीमा ३३% स्थान महिलाको लागि सुरक्षित गरिनुका अतिरिक्त अन्य सेवा, सुविधा र रोजगारमा समेत यही नीति अवलम्वन गरिनेछ। यसरी महिलाको लागि हुने आरक्षणमा नेपालको जातीय विविधता प्रतिविम्वित हुनु अनिवार्य हुनेछ।

(ग) **दलित** :- दलित तथा अन्य पिछडिएका समुदायका परम्परागत पेशा र व्यवसाय सङ्कटमा परेको वास्तविकतालाई दृष्टिगत गर्दै आधुनिकिकरण र विविधिकरण गर्न तथा मर्यादित तुल्याउन राज्यले यस क्षेत्रमा अभियानको रूपमा ऋण, प्रविधि र सङ्गठन विस्तार गर्नेछ।

(घ) **धर्म, जातिपाती र छुवाछुत** :- राष्ट्रिय जनशक्ति पार्टी नेपाल "सर्वधर्म राष्ट्र" हुनु पर्दछ भन्ने धारणा राख्दछ। जातिगत छुवाछुत धर्म, लिंग वा क्षेत्रीय कारणले कुनै नागरिक प्रति गरीने–हुने विभेद वा उत्पीडनलाई फौजदारी अपराधको श्रेणीमा राखेर सरकारवादी भई कडा भन्दा कडा दण्ड सजायको व्यवस्था गर्नु पर्दछ।

(ङ) **शिक्षा र स्वास्थ्य** :- शिक्षा र स्वास्थ्यलाई नागरिकका मौलिक हक र मानव अधिकारका अपरिहार्य अङ्ग तुल्याएर समान अवसरको प्रत्याभूति दिलाइनेछ। ग्रामीण क्षेत्रमा शिक्षा र स्वास्थ्यको प्रत्याभूतिजन्य व्यवस्था गर्न शहरी क्षेत्रका निजी शिक्षण संस्था र स्वास्थ्य संस्थाहरूको आम्दानीको केही प्रतिशत ग्रामीण शिक्षा र स्वास्थ्य क्षेत्र विस्तार गर्न र नयाँ सुविधा पुऱ्याउन "विशेष कोष" स्थापना गरिनेछ। यस्तो कोषबाट राष्ट्रिय औसत मानव विकास सूचकाङ्क भन्दा

कम तहमा रहेका विभिन्न जाति समूदाय र जिल्लाहरूका गरिव र पिछडिएका समूहका विद्यार्थीहरूलाई व्यापक रुपमा छात्रवृत्ति तथा शैक्षिक सामग्री उपलब्ध गराइनेछ। प्रवेशीका परिक्षा प्रथा हटाई कक्षा १२ को परिक्षालाई उच्च माध्यमिक शिक्षाको अन्तिम खुड्किलोको रुपमा विकसित गरिनेछ । साथै सरकारी अनुदानका विद्यालयको सम्पूर्ण व्यवस्थापन र सञ्चालन स्थानीय अभिभावकहरूलाई सुम्पिइनेछ। यस्तो नीति स्वास्थ्य क्षेत्रमा समेत लागु गरी स्थानीय सहभागिता र सरकारी अनुदानमा प्राथमिक ग्रामीण स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ। शिक्षा, स्वास्थ्य र खानेपानी सुविधालाई आम नागरिकमा पुऱ्याउन राज्यको विशेष भूमिका रहनेछ।

(च) **नयाँ पुस्ता** :- राष्ट्रिय जनशक्ति पार्टीले नयाँ / युवा पुस्तालाई अझ बढी प्रोत्साहित गर्ने नीति लिएको छ । आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुसलमान आदिको प्रतिनिधित्व गराउँदा सकेसम्म तत् तत् समुदायबाट नयाँ पुस्ता / युवाहरूलाई प्राथमिकता दिइनेछ।

(छ) **सामाजिक सुरक्षा** :- सामाजिक सेवा र सुरक्षा कार्यक्रम अन्तर्गत असहाय एवम् परित्यक्त वृद्ध वृद्धाहरूको हेरचाह, स्याहार सम्भार, स्वास्थ्य, आवास र भोजनको उचित व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ। अपाङ्ग तथा बालहितका कार्यक्रमलाई राज्यले तदारुकताका साथ लागु गर्नेछ। एकल महिलाको सुरक्षा र बाल अधिकारको प्रत्याभूतिको व्यवस्था नयाँ संविधानमा गरिनेछ।

(ज) **प्रेस** :- पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति संविधानतः गरिनेछ।

(झ) **प्रशासन, सेना र प्रहरी** :- निजामती प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखिनेछ। सुरक्षा अङ्ग र संवैधानिक अङ्गहरू र सरकारी संस्थानहरूलाई राष्ट्रप्रति जवाफदेही तुल्याइनेछ। निजामती, सुरक्षा र संवैधानिक अंगहरूलाई "भागवण्डाकरण" र "दलीयकरण" को राजनीतिबाट मुक्त गरी पारदर्शी विधी र कानूनी प्रक्रिया अन्तर्गत सञ्चालन गरिनेछ। सम्पूर्ण जनतालाई पूर्ण शान्ति सुरक्षाको प्रत्याभूति दिइनेछ। साथै भूतपूर्व सैनिक र प्रहरीलाई नयाँ नेपाल निर्माणको हरेक तहमा सम्मानपूर्वक संलग्न गराइनेछ।

(ञ) **द्वन्द्वबाट पीडित र प्रभावित जनताबारे राष्ट्रिय जनशक्ति पार्टीको धारणा**:- सशस्त्र द्वन्द्वको क्रममा विस्थापित भएका नागरिकलाई ससम्मान एवम् पूर्ण सुरक्षाको प्रत्याभूति सहित आ-आफ्ना गाउँघरमा नर्फकाएसम्म निर्वाचनमा सबैको सहभागिता हुन सक्दैन । पिडीत विस्थापितलाई मनोवैज्ञानिक सामाजिक, आर्थिक, राजनैतिक पुनस्थापनाको खाँचो छ । विस्थापित नागरिकको संख्या धैरै भएकाले उनीहरूको सहभागिता बिना निर्वाचन नै पूर्ण हुन सक्दैन। अतः विस्थापितलाई पुनर्स्थापित गर्नु आजको महत्त्वपूर्ण र अपरिहार्य दायित्व रहेको ठहर राष्ट्रिय जनशक्ति पार्टीको छ।

विस्थापित तथा पीडित नागरिकबारे राष्ट्रिय जनशक्ति पार्टीको धारणा निम्न छ :-

- **बिनाशर्त सम्पत्ति फिर्ता** :- सशस्त्र द्वन्द्वको समयमा कब्जा गरीएका जनताका घर, जग्गा, जमीन र सार्वजनिक जग्गा वा स्थलहरू तत्कालै सम्बन्धित व्यक्ति र पक्षलाई बिनाशर्त फिर्ता गर्न गराउने राष्ट्रिय जनशक्ति पार्टी प्रस्ताव गर्दछ। सम्पत्ति फिर्ता गर्न पनि नयाँ शर्त राख्ने प्रवृत्तिप्रति राजपा पूर्ण असहमति जनाउँदछ।
- **भरण पोषण र सुरक्षाको व्यवस्था** :- सशस्त्रद्वन्द्वको क्रममा मारिएका नागरिक एवम् राजनीतिक कार्यकर्ताका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न, अङ्गभङ्ग, अपाङ्ग, घाइते तथा असहाय टुहुरा बालबालिकाको सामाजिक सुरक्षा, जीविकोपार्जन तथा पठनपाठनको व्यवस्था गर्न, विधवाहरूको सामाजिक सुरक्षा र जीविकाको व्यवस्थाका साथै मृतकका आश्रित आमाबाबुको भरणपोषण तथा सुरक्षाका लागि बजेट र आवश्यक कानूनको व्यवस्था गरिनेछ।

- **पुनर्स्थापनाको लागि सहयोग र अनुदान :–** द्वन्द्वबाट विस्थापित भई आन्तरिक शरणार्थी बन्न तथा विदेशिन बाध्य भएका नागरिकलाई ससम्मान आ–आफ्ना यथास्थानमा पुनर्स्थापित गर्न अहिले आश्रय लिइरहेका ठाउँबाट आफ्नो घर पुग्न, क्षतिग्रस्त भएका घर–गोठ लगायतका भौतिक संरचना पुननिर्माण गर्न, खेती पाती लगायतका व्यवसाय पुनः सुचारू गर्नका लागि गोरू, कृषि औजार, मल बिऊ लगायतका अत्यावश्यकीय वस्तु खरीद गर्न र तत्काल आफ्नो उत्पादन नहुञ्जेलसम्मका लागि खान, औषधोपचार गर्न र शिक्षा आर्जन गर्न आवश्यक बजेटको व्यवस्था गर्नु पर्दछ।
- लोकतन्त्र वहाली तथा दोश्रो जनआन्दोलन पश्चात् जन अधिकारको लागि सङ्घर्षरत मधेस–तराई लगायत मुलुकका अन्य क्षेत्रमा समेत भएका नोक्सानको मूल्याङ्कन गरी क्षतिपूर्ति र अन्य आवश्यकीय व्यवस्था गर्नु पर्दछ। तराई/मधेस आन्दोलनमा सहादत प्राप्त नागरिकलाई शहीद घोषणा गर्न माग गर्दछ।

१०. आर्थिक सशक्तिकरण :

ग्रामीण जनताको विकासमा पूँजीको न्यायोचित वितरण, गरीव जनताको गरीवी निवारण र उत्थानमा लगानीमा वृद्धि, तथा राष्ट्रिय पूँजीपति वर्गको विस्तारीकरण, ग्रामीण जनताको उत्थानमा पूँजीको न्यायोचित वितरण तथा देशको जातीय विविधता र आर्थिक उत्पीडनलाई मध्यनजर गर्दै आम जनताको उत्थानमा लगानीको एकत्रीकरण आर्थिक समावेशीकरण र सशक्तिकरणका मूल नीति हुन। यसै नीति अनुरुप सम्पूर्ण नेपालीलाई गास–बास–कपास, स्वास्थ्य, शिक्षा तथा अवसरको समानता तथा पर्यावरणको सुरक्षा दिलाउन राष्ट्रिय जनशक्ति पार्टी प्रतिवद्ध छ।

राष्ट्रिय जनशक्ति पार्टी यसै घोषणा–पत्रद्वारा 'आर्थिक क्रान्ति' को शङ्खघोष गर्दै मुलुकभर नयाँ विहानीको मधुर र जीवन्त सन्देश प्रवाहित गर्न चाहन्छ। आर्थिक क्रान्ति समयको माग हो र यस वखत यो मुलुक निरीह नेपालीहरूको भाग्य भविष्य निर्माण गर्न सक्ने बहादुर विधाताहरूको खोजीमा छ। राष्ट्रिय जनशक्ति पार्टी यो युगीन खाँचो पूर्ति गर्ने महान अभियानमा सघाउ पुऱ्याउने उद्देश्यले आर्थिक क्रान्तिका अबधारणाहरू प्रस्तुत गर्दछ। तदनुरुप निम्न नीतिगत वुँदाहरू राष्ट्रिय अर्थतन्त्रको विकासमा लागू गरिनु पर्दछ भन्ने तथ्यप्रति राष्ट्रिय जनशक्ति पार्टी प्रतिवद्ध छ :–

(क) **वित्तिय संघीयता :** स्वायत्त सङ्घीय संरचना अनुकुल वित्तिय सङ्घीयताको सिद्धान्त व्यवहारमा लागू गरिनेछ। यस अनुरुप केन्द्र र प्रदेशबीच कुल उपलब्ध सरकारी साधनमा ६० प्रतिशत केन्द्र र ४० प्रतिशत प्रदेशमा जानेछ। प्रदेश अन्तर्गत रहेका नगरपालिका र गाउँपालिकालाई पनि साधनको वाँडफाँड ६० र ४० को मापदण्ड अनुसार हुनेछ। यो सिद्धान्त लागू भए अहिलेनै गा.वि.स. हरूलाई कम्तिमा ४० देखि ५० लाख रुपैया उपलब्ध हुन्थ्यो। वित्तिय सङ्घीयताको सिद्धान्त अनुरुप प्रदेश, नगरपालिका तथा गाउँ पालिकालाई संविधानको परिधि भित्र रही कर उठाउने र साधन स्रोत जम्मा गर्ने अधिकार सुनिश्चित गरिने छ।

(ख) **कृषि विकासको लक्ष :** किसानहरूलाई व्यवसायिक सहकारी खेतीतर्फ प्रोत्साहित गरी आधुनिक प्रविधि एवम् साधन (मल बिऊ सिचाई इत्यादि) उपलब्ध गराई किसानहरूको उत्पादकत्व, आम्दानी र जीवनस्तर उठाउनु कृषि सम्बन्धी मूल रणनीति हुनेछ। यस क्रममा चिया र कफी जस्ता व्यावसायिक कृषिसँग सम्बन्धित प्रशोधन उद्योग तथा बजार व्यवस्थालाई कृषि विकासकै अभिन्न अङ्ग मानी अगाडि बढाइने छ।

(ग) **आर्थिक असमानता विरुद्ध नयाँ अभियान :** नेपालको सबै जिल्लाहरूको मानव विकास सूचकाङ्क तयार गरिएको छ। यो कार्यलाई आवधिक रुपमा परिमार्जन गरिरहनु पर्दछ। राष्ट्रिय

मानव विकास सूचकाङ्कको औसत भन्दा तल परेका जिल्लाहरूमा प्रतिव्यक्ति स्वास्थ्य, शिक्षा र खानेपानी जस्ता क्षेत्रमा राष्ट्रिय औसत अनुरुप लगानी गरिनेछ । यो नीतिबाट कर्णाली क्षेत्र लगायत पिछडिएका सबै जिल्लाहरूमा सरकारी लगानीमा व्यापक वृद्धि हुनेछ । क्षेत्रीय असमानता हटाउन यो नीति कोसेढुङ्गा सावित हुनेछ ।

(घ) **भूमिहिनलाई भूमि :** देशका भूमिहिन (मुक्त कमैया, हलिया सुकुम्वासी, वादी र राउटे समुदाय लगायत) र सीमान्त किसानहरूलाई भूमिबैंक खडा गरी १० कट्ठा देखि एक बिगाहसम्म जमिन किन्न बीसवर्षे न्यूनतम व्याजमा ऋण दिई सबै भूमिहिन र सीमान्त किसानहरूलाई नयाँ जमिनको मालिक बनाउने र भूमिमा कायम रहेको सामन्ती संरचना हटाई गरीबलाई जमिनको मालिक बनाउने यो कार्यक्रमको उद्देश्य हो । यसै क्रममा उनीहरूको ऋण उपयोग गर्दै जग्गा लिलाम नहोस् भन्नका लागि भूमि बैकले आवश्यक व्यवस्थापन र अनुगमन गर्नेछ । यो कार्यक्रमबाट कमैया, हलिया, सुकुम्वासी, वादी र राउटे जस्ता समूदाय लगायत जनताका समस्या समेत सम्मानजनक र प्रभावकारी रुपमा समाधान हुनेछन् । यस प्रयोजनका लागि नदी उकास जमीनको साथै पर्ति जग्गालाई समेत सदुपयोग गरिनेछ । साथै पहाडमा सामूदायिक बनमा परिणत नगरिएका सरकारी जमीनहरूलाई गरिवी निवारणमा प्रयोग गर्ने नीति अपनाइने छ । यसको लागि पहाडका सरकारी अनुपात्दक बन बुटयान क्षेत्र सिमान्त र भूमिहिन किसानहरूलाई ७५ वर्षको पट्टामा दिने र उक्त जमीनमा फलफूल र गाई वस्तुलाई हुने डाले घाँस जस्ता रुखहरू हुर्काउन सरकारी अनुदानमा र अन्य सहयोग उपलब्ध गराउने नीति अपनाइनेछ। यस नीतिबाट जमीनको स्वामित्व नभएका पहाडका किसान र गरीब वर्गलाई नयाँ सम्पत्तिको मालिक बनाइनेछ।

(ङ) **विपन्न वर्गलाई रोजगारीको प्रत्याभुति :** राष्ट्रिय औसत मानव विकास सूचकाङ्ग भन्दा तल रहेका सबै जिल्लाहरूमा केन्द्र र प्रदेश सरकारले आफ्नो लगानीको संरचनालाई ध्यानमा राखी वर्षको कमसेकम १८० दिनको रोजगारीको प्रत्याभुति गर्नेछ। यसबाट पहाड, हिमाल र तराईका पिछडिएका जिल्ला र पिछडिएका क्षेत्रमा बस्ने जनताको रोजगारी, आम्दानी र आर्थिक सुरक्षामा ठूलो मद्दत पुग्नेछ। आर्थिक सुरक्षाको साथै आर्थिक असमानता हटाउन यो सशक्त कदम हुनेछ।

(च) **अवसरको समानता :** शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, कृषि बाटो, कृषि बजार व्यवस्था र साना शहरी बस्तीको विकासको लागि केन्द्र सरकारको सहयोगमा प्रदेश सरकारले लगानी केन्द्रीकृत रुपमा प्रवाह गर्ने नीति लागु गर्नेछ । मानव विकासको दृष्टिले यो नीतिले सबै नेपालीलाई अवसरको समानता दिलाउन अहम् भूमिका राख्ने छ।

(छ) **गाउँको सम्पत्ति गाउँले मालिक :** देशको विकास क्रममा निर्माण हुने नयाँ सम्पत्ति र आम्दानीमा ग्रामीण जनताको सहभागिता र स्वामित्व सुनिश्चित गर्दै आर्थिक असमानतामा नियन्त्रण गरिनेछ । यस नीति अनुरुप ग्रामीण क्षेत्रमा नयाँ आधारशीला निर्माण (साना जल विद्युत, वित्तिय संस्था जस्तो गाउँ गाउँमा ऋण दिने साना वित्तिय संरचनाहरू र कृषि तथा बनमा आधारित लघु उद्योगको) निर्माण विस्तार र स्वामित्वमा गाउँपालिका सरकार, जातीय र लैङ्गिक रुपमा समावेशी चरित्र रहेका सहकारी संस्थाहरू मार्फत किसान र श्रमजीविहरूलाई सहभागी गराउन नीतिगत तथा कानूनी संरचना तयार गरिनेछ । ग्रामीण क्षेत्रमा समावेशी अर्थतन्त्रको निर्माण तथा राष्ट्रिय पूँजीपति वर्गको विस्तारको यो अभिन्न अङ्ग हुनेछ भने यसले गाउँको उन्नतिको प्रमुख फाइदा गाउँले जनता र गाउँको सरकारमा जानेछ।

(ज) **सामुदायिक ऋण र सामुदायिक लालपूर्जा** : सामुदायिक वन, सामूदायिक सिचाई, सामुदायिक जल विद्युत सामुदायिक पर्यटन उद्योग जस्ता आयोजनाको स्वामित्व अर्थात बैंकमा धितो राख्न मिल्ने लालपूर्जा सम्बन्धित योजनालाई कानूनी रुपमा वितरण गर्ने व्यवस्था गरिनेछ। यसबाट सामूदायिक सम्पत्ति बैंकमा धितो राखी त्यसको कच्चा पदार्थको उपयोग गर्दै सामूदायिक उद्योग खोल्न र गाउँ गाउँमा उद्योग विकासको नयाँ अभियान सुरु गरिनेछ। साथै चिनी, दूध, फलफूल तथा कृषि उत्पादनसँग सम्बन्धित मझौला तथा ठूला प्रसोधन उद्योगको स्वामित्वमा उत्पादक किसानहरूको समेत स्वामित्व सुनिश्चित गरिनेछ। यी कदमहरूले आर्थिक विकासलाई प्रोत्साहन गर्ने मात्र नभई गाउँका जनतालाई नयाँ सम्पत्तिको मालिक बनाउनेछ। मूल तत्त्व गाउँको सम्पत्ति गाउँले मालिक भन्ने अवधारणा व्यवहारमा लागु हुनेछ।

(झ) **मजदुर हक अधिकार र स्वामित्व** : मजदुर हक अधिकारको संरक्षण गर्दै राष्ट्रको औद्योगिक सम्पत्ति र लगानीमा समेत मजदुरको सहभागिता सुनिश्चित गर्नको साथै स्वामित्व र सञ्चालनमा समेत मजदुरलाई निश्चित प्रतिशतसम्म सहभागी गराउने कम्पनी र संस्थानहरूलाई सरकारले विशेष वित्तिय र अन्य सुविधा प्रदान गर्ने छ। साथै कृषि मजदुरको हकहित संरक्षणमा विषेश ध्यान दिइनेछ।

(ञ) **सरकार–नीजि क्षेत्र साझेदारी** : ठूला भौतिक आधारशीला निर्माण गर्न (जस्तो राजमार्ग, विद्युत, रज्जुमार्ग र रेल इत्यादि) जहाँ संभव छ सङ्गठित नीजि क्षेत्र, विदेशी लगानी, गैर आवासीय नेपाली र सरकारबीच साझेदारीको सिद्धान्त लागु गरिनेछ।

(ट) **गैर आवासीय नेपालीलाई प्रोत्साहन** : सबै खाले गैर आवासीय नेपालीहरूलाई देशको नयाँ सम्पत्ति निर्माणमा आकर्षित गर्न आवश्यक वित्तिय नीतिगत संरचनाको निर्माण गरिनेछ।

(ठ) **युवा रोजगारीलाई प्रोत्साहन** : सिपमुलक शिक्षालाई नीजि क्षेत्रमा प्रोत्साहन गर्नुको साथै सरकारी क्षेत्रमा सीपमुलक शिक्षामा लगानी व्यापक विस्तार गर्दै प्रवेशिका वा सोसरह र सोभन्दा कम शिक्षा पाएका युवाहरूलाई तालिम र रोजगारी सुनिश्चित गर्ने राष्ट्रिय जनशक्ति पार्टीको धारणा छ। यस क्रममा वैदेशिक रोजगारलाई वढी उपलब्धिमूलक र सहज तुल्याउन रोजगारीमुलक तालिममा व्यापक विस्तार गरिनेछ। साथै, बैदेशिक रोजगारी व्यवस्थालाई व्यवस्थित, पारदर्शी र सुरक्षित तुल्याइनेछ।

(ड) **जनपक्षीय उदारवाद** : हामी आर्थिक उदारवादलाई समर्थन गर्दछौ तर हाम्रो परिभाषामा आर्थिक उदारवादको चरित्र जनकल्याणकारी समावेसी र सामाजिक न्यायमा आधारित हुनु पर्दछ। यही परिधिभित्र रहेर भूमिहिन, सीमान्त किसान, साना किसान, साना उद्योगी, साना व्यापारी तथा आम किसान, मजदुर महिला तथा विभिन्न जाति समूदाय र क्षेत्रका सबैले उन्नति गर्ने मौका पाउनु पर्दछ। यो लक्षप्रति सरकार नीति र कार्यक्रम मार्फत निरन्तर प्रतिवद्ध र संवेदनशील हुनु पर्दछ।

(ढ) **सामाजिक न्याय समानता र उदारता** : बजार अर्थतन्त्रको कुशलता र क्षमतालाई प्रयोग गर्नु पर्दछ। तर यसलाई सामाजिक सुरक्षा, राज्य संरचना र अवसरको समानता तथा क्षेत्रीय संन्तुलन जस्ता बुँदाहरूसँग जोडेर मात्र लागु गरिनुपर्छ भन्ने राष्ट्रिय जनशक्ति पार्टीको धारणा छ। यसै परिप्रेक्षमा हामी भूमण्डलीकरण र आर्थिक विश्व व्यापीकरणलाई एकाइसौ शताब्दीको नयाँ संभावनाको रुपमा समर्थन गर्दछौ। तर यो भूमण्डलीकरण र विश्व व्यापीकरणको फाइदा साना र अल्प विकसित राष्ट्रको लागि हुनुपर्ने र न्यायोचित र समावेशी सिद्धान्तमा अडेको विश्व अर्थतन्त्र खडा गर्न प्रयोग हुनुपर्नेछ भन्ने राजपाको स्पष्ट धारणा रहेको छ।

(ण) **हिमाल-पहाड-मधेश / तराईबीच नयाँ आर्थिक अन्तर सम्बन्ध :** नयाँ नेपालको संरचनालाई मूर्तरुप दिन राजपाले मधेसमा ठूला र मझौला शहरहरूको साथै पहाड, तराई र राजधानीबीचको अन्तरसम्बन्ध बढाउने शहरी विकास नीति लागु गर्नेछ । यस रणनीति अनुरुप नेपालको औद्योगिक विकासको मुल केन्द्रविन्दु तराई / मधेस हुनेछ भने पहाडमा उपलब्ध सापेक्षिक रुपमा नाफा दिने साधन श्रोतको विकास, ग्रामिण तथा मझौला उद्योग (चिया, कफि, फलफूल र जडिबुटी प्रशोधन), इत्यादि जल विद्युत क्षेत्रको विकास र पर्यटकीय उद्योग-व्यवसायमा व्यापक विस्तारको कार्यक्रम मार्फत पहाड, मधेस र हिमालबीच नयाँ अन्तर सम्बन्ध कायम गरिनेछ। यसै नीतिअनुरुप वीरगञ्ज-काठमाण्डौ-त्रिशुली-स्याप्रुवेसी रेलमार्ग, भैरहवा लोमाङ्थाङ्, विराटनगर-किमाथाङ्का, कैलाली-अछाम-बाजुरा-हुम्ला हुँदै हिल्सा मार्ग, नेपालगञ्ज-सुर्खेत मुगु करान हुँदै भञ्ज्याङ्ग राजमार्ग र महेन्द्रनगर-बैतडी टिङ्कर सडकलाई भविष्यको नयाँ नेपालको आन्तरिक र वाह्य व्यापारिक मेरुदण्डको रुपमा विकास गरिनेछ। यो संरचनालाई पूर्ण उपयोग गर्न तराईमा रहेको हुलाकी सडकलाई अन्तर्राष्ट्रिय स्तरको राजमार्गमा परिणत गरिनेछ भने मेची देखि महाकालीसम्म मध्य पहाडी राजमार्ग निर्माण गरिनेछ। यसै परिप्रेक्षमा कोशी, नारायणी र कर्णाली नदीमध्ये कमसेकम एउटा नदीबाट समुद्रमा जाने जलमार्ग खोल्न र सो अनुरुपको जलमार्ग बन्दरगाह नेपालको सीमानामा बनाउन राष्ट्रिय जनशक्ति पार्टी प्रतिवद्ध छ।

(त) **सबै गाउँ र शहरमा विजुली :** आउँदो दश वर्ष भित्र सबै शहर र गाउँमा विजुली पुऱ्याउन राजपा प्रतिवद्ध छ। यो लक्ष्य प्राप्तिको लागि विद्युत उत्पादन, प्रसारण र वितरणमा कायम रहेको नेपाल विद्युत प्रधिकरणको एकाधिकारको अन्त्य गरिनेछ। गाउँका जनताले सहकारीको आधारमा सामुहिक स्वामित्व कायम गरी निर्माण गर्ने विद्युत आयोजनाहरूलाई सरकारका तर्फबाट ८०% देखि ९०% सम्म अनुदान दिई गाउँका जनतालाई विजुलीको मालिक बनाइनेछ। साथै, विद्युत प्रसारण र वितरणमा निजी क्षेत्रलाई खुला गरिनेछ भने प्रदेश सरकार, नगरपालिका र गाउँपालिका सरकारलाईसमेत यो अधिकार दिइनेछ। विद्युत उत्पादन लाइसेन्स बेचेर कुत बटुल्ने नव सामन्तवादी प्रवृत्तिको राजपाले अन्त्य गर्नेछ। विद्युत निर्यात मात्र नभई विद्युतलाई सघन तरिकाले उपयोग गर्ने उद्योग स्थापनार्थ स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरिनेछ।

(थ) **हिमाल पारी रेलमार्ग :**

भारत र चीनको व्यापार विगत १० वर्ष यता आश्चर्यजनक रुपमा बढदै गएको छ। अब भविष्यमा यसको विस्तारको लागि सतही व्यापार मार्गको आवश्यकता पर्नेछ । यो सम्भावनाबाट नेपालले ठूलो फाइदा लिन सक्दछ। यसको लागि रक्सौल, काठमाण्डौ—त्रिसुली, स्याप्रुवेसी रेलमार्गको निर्माणले नेपालको अर्थतन्त्रमा नयाँ गति र उचाई थाप्नेछ । यसको निर्माणमा भारत, चीन र नेपालका नीजि क्षेत्रको संलग्नता र स्वामित्वको साथै विश्व बैंक जस्ता संस्थाबाट ऋण लिई आउँदो सात देखि १० वर्षभित्र पुरा गर्न सकिनेछ। यो सम्भावनालाई वास्तविकतामा परिणत गर्न राजपा प्रतिवद्ध छ। यो कार्यक्रमबाट नेपालको आर्थिक विकासले आज नचिताएको फड्को मार्ने छ भने राष्ट्रको स्वतन्त्रता, राष्ट्रियतालाई सवल बनाउनुको साथै मित्रराष्ट्रहरूसँग सन्तुलित र सुमधुर सम्बन्ध राख्न ठूलो प्रभावकारी कदम हुनेछ।

(द) **विकासका नयाँ आधारहरू :**

आउँदो दश वर्षको लागि नेपालको विकासका मूल आधारशीला निम्न हुनेछनः-

(अ) व्यावसायिक कृषि, जडिबुटी, वन क्षेत्रको विकास तथा यससँग जोडिएका प्रशोधन र अन्य उद्योगको विस्तार,

(आ) भौतिक आधारशीला निर्माण (ठूला राजमार्ग, रेलमार्ग, ग्रामीण सडक, सिचाई, विद्युत इत्यादि) र यससँग जोडिएका उद्योगको विस्तार,

(इ) रोजगारी प्रवर्धन गर्ने सीपमूलक शिक्षा र प्राथमिक स्वास्थ्यमा व्यापक विस्तार,

(ई) साना लगानीकर्ताको सहभागितालाई सुनिश्चित र प्रोत्साहन गर्दै पर्यटन उद्योग र व्यवसायमा व्यापक विस्तार,

(उ) सूचना प्रविधिको विस्तार र यसको निर्यातमूलक चरित्रको निर्माण।

यी सबै क्षेत्रमा केन्द्रीय र स्थानीय स्तरका नीजि क्षेत्र, नीजि–सरकारी साझेदारी, सहकारी संरचना, वैदेशिक लगानी तथा गैर आवासीय नेपाली-हरूको पूजीको लगानी सबै माध्यमलाई लगानीको प्रकृति र आवश्यकता हेरी एक्लाएक्लै वा संयुक्त रुपमा परिचालन गर्नु पर्छ भन्ने राजपाको धारणा छ। यसक्रममा सरकारको भूमिका यहाँ उल्लेखित सबै पक्षलाई प्रोत्साहन गर्न र स्वस्थ्य प्रतिस्पर्धाको वातावरण खडा गर्न सहयोगी र सहकर्मीको रुपमा रहनु पर्दछ।

११. राष्ट्रिय पूँजीपति वर्ग र ग्रामीण अर्थतन्त्र :

हजारौ कामदार काम गर्ने उद्योग बन्दैमा राष्ट्रिय पूँजीपति वर्गको विकास हुन्छ भन्ने भ्रममा अब पर्नु हुँदैन। नेपालका साना व्यापारी, व्यवसायिक किसान तथा साना उद्यमीहरू पनि राष्ट्रिय पूँजीपति वर्गका अभिन्न र अपरिहार्य अङ्ग हुन्। नेपालको सन्दर्भमा राष्ट्रिय पूँजी र राष्ट्रिय पूँजीपति वर्गको उत्थानलाई ग्रामीण अर्थ संरचनासँग जोड्नुपर्छ। उद्योग क्षेत्रको विस्तार शहरी क्षेत्रमा मात्र सीमित नगरेर लघु उद्योग, लघु कृषि प्रशोधन, लघु वित्त, लघु विद्युत जस्ता ग्रामीण उद्योगलाई विस्तार गरिनेछ। साथै, यस्ता आर्थिक संस्थाहरूको स्वामित्वमा नीजि, सामूदायिक र स्थानीय तहको सरकारलाई समेत प्रोत्साहन गरेर देशमा फराकिलो राष्ट्रिय पूँजी र समावेशी राष्ट्रिय पूँजीपतिवर्गको बलियो जग हिमाल, पहाड र तराई / मधेस सबै क्षेत्रमा खडा गरिनेछ। यही प्रक्रियाबाट आउँदो दश वर्ष भित्र द्विपक्षीय आर्थिक अनुदान र सहायता कम गर्दै नेपाललाई स्वाभिमानी, स्वावलम्वी र आर्थिक रुपमा सवल राष्ट्रमा रुपान्तरित गर्न राष्ट्रिय जनशक्ति पार्टी प्रतिवद्ध छ।

१२. नयाँ संविधान :

नेपाली जनताको विश्वास प्राप्त गरेर नयाँ संविधान निर्माणको अवसर पाएको खण्डमा संविधानसभाले निर्माण गर्ने संविधानमा उल्लिखित सबै प्रावधान र रणनीति समावेश गरेर "नयाँ नेपाल" निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। साथै, संविधानसभाले बनाएको "नयाँ नेपाल" को संविधानको अन्तिम अनुमोदन सोझै प्रत्यक्ष रुपमा जनताबाट गरिनु पर्दछ भन्ने राष्ट्रिय जनशक्ति पार्टीको ठहर छ।

१३. निष्कर्ष :

राष्ट्रिय जनशक्ति पार्टी प्रजातन्त्रका सर्वस्वीकृत सिद्धान्त अनुरुप सहअस्तित्व, सहकार्य र समावेशीकृत राष्ट्रिय सहमति र मेलमिलापको आधारमा नेपालको पुननिर्माण र पुनर्संरचना गर्न चाहन्छ। हिमाल, पहाड र तराई / मधेसमा बस्ने विभिन्न भाषा, धर्म र जातिय समूहका सबै हामी नेपालीलाई स्वाभिमान र सम्मानका साथ उन्नती गर्न साशकीय संरचनामा समानुपातिक प्रतिनिधित्व अनिवार्य छ भने आर्थिक र साँस्कृतिक फाँटमा अगाडि बढ्न अवसरको समानता पनि त्यतिकै जरुरी छ। यो लक्ष्य प्राप्ति आजको चुनौती हो र राजपाको जनताप्रतिको प्रतिवद्धता समेत हो। यो घोषणा पत्र पार्टीका यी प्रतिवद्धताहरूलाई मूर्तरुप दिन जनसमक्ष प्रस्तुत गरिएको छ। राजपा यो ऐतिहासिक जिम्मेवारी वहन गर्दै प्रतिवद्धता पूरा गर्न तयार छ, सक्षम छ। नेपाली जनताप्रति समर्पित हुँदै जनसमर्थनको आशा गर्दछ।

नेपालको 'विविधता भित्रको एकता र सुन्दरता' लाई सदा अक्षुण्ण राख्न रा.ज.पा. नेपाली जनतासमक्ष प्रतिज्ञा गर्दछ। आगामी चैत्र २८ गते हुने निर्वाचनमा रा.ज.पा. लाई अत्याधिक मतले विजयी तुल्याउन हार्दिक अपील गर्दछ।

१५.

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

आदरणीय सम्पूर्ण नेपाली जनतामा,
नयाँ नेपालका लागि आन्दोलनरत्
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको तर्फबाट संघीय अभिवादन !

न्यायप्रेमी नेपाली जनसमुदायहरू,

अढाईसय वर्षपछि हामी नेपाली जनता पूर्ण मुक्तिको सङ्घारमा उभिएका छौं । त्यही नेपाली जनताहरूको अगाडि यतिबेला दुई प्रश्नहरू उभिएका छन्– अब नेपाली जनता सबैखाले विभेदबाट मुक्त हुने या फेरि पनि एकाधिकारवादी सामन्तीहरूको दास भएर बस्ने? हामी विश्वस्त छौं, नेपाली जनताहरूले नेपाल र नेपाली जनताकै समूल मुक्तिका लागि न्यायपूर्ण फैसला गर्नेछन् । एकाधिकारवादी सामन्ती राज्य संरचनालाई पूरै ध्वस्त पारेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको नयाँ नेपाल निर्माणको इतिहास लेख्नेछन् । यतिबेला, हामीले २०६४ चैत्र २८ गते सम्पन्न हुन गइरहेको संविधानसभा निर्वाचनको सङ्घार टेकिसकेका छौं । दुखका साथ हामीले नेपाली जनतासामु भन्नैपर्दछ कि संविधान सभाको महत्त्व र ऐतिहासिकतालाई सम्मान गर्दागर्दै पनि यही चैत्र २८ मा हुनगइरहेको संविधानसभा निर्वाचनको मिश्रितप्रणाली त्रूटीपूर्ण छ । यो प्रणालीले इतिहासमै पहिलोपटक आफ्नो भाग्य आफैं निर्माण गर्ने संविधानसभा निर्वाचनले पनि बहुलवादी नेपाली जनतालाई समानुपातिक प्रतिनिधित्व गर्न सक्दैन । नेपालको सन्दर्भमा जातीय समानुपातिक निर्वाचन प्रणाली–मात्र त्यस्तो वैज्ञानिक प्रणाली हुनसक्दथ्यो जसले सबै जाति, वर्ग, क्षेत्र र लिङ्गको समान वा समानुपातिक प्रतिनिधित्व गर्न सक्दथ्यो । तर, आफुलाई लोकतान्त्रिक र जनवादी भन्ने दलहरूमा रहेको यथास्थितिवादी चिन्तन, सामन्तवादी सोच, सर्वसत्तावादी चरित्र र एकाधिकारवादी मनस्थितिले गर्दा संविधानसभाको निर्वाचन प्रणाली मिश्रित हुनपुग्यो । सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च समानुपातिक निर्वाचनको लागि पनि २०६४ फागुन १८ गतेसम्म आन्दोलित थियो । नेपाली जनताले संविधानसभाप्रति देखाएको दृढ सङ्कल्पलाई सम्मान गर्दै सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च जनता र मुलुकलाई जिताउन मिश्रित निर्वाचन प्रणालीलाई आलोचनात्मक समर्थन गर्दै निर्वाचनमा सरिक भएको छ । यस सन्दर्भमा हामी सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछौं कि चैत २८ पछिको राजनीतिक प्रक्रियाहरूमा सबैखाले यथास्थितिवाद, सामन्तवाद, सर्वसत्तावाद र एकाधिकारवादी मनस्थितिबाट माथि उठ्नुपर्दछ, होइन भने संविधानसभापछि मुलुक झन् गम्भीर राजनीतिक दुर्घटनामा फस्नेछ । हामी नेपाली जनतालाई के कुरामा सजग गराउन चाहन्छौं भने बिगत २५० वर्षदेखि नेपाली जनताको रगत र पसिना चुस्ने परजिवीहरू, हाम्रा श्रम र अस्तित्वमाथि धावा बोल्ने लुटेराहरू नै हाम्रो मुक्तिको मिठो नाराहरू लिएर तपाईं हाम्रो घर आँगनमा घुस्दैछन् । ती छद्मभेषी शोषकहरूसँग सचेत रहने मात्र होइन, तिनीहरूलाई भनी दिनुपर्दछ, अब नेपाली जनता आफ्नो भूमिको मालिक आफैं बन्नेछन् । आफ्नो जातिको नेतृत्व आफैं गर्नेछन्, नेपाली जनता कसैको दास बन्ने छैनन् । यसर्थ, नयाँ नेपालको नेतृत्व अब भूमिपुत्र नेपाली जनताले लिनुपर्दछ ।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च बहुलवादी नेपाली समाजलाई वैज्ञानिक रुपमा ब्यवस्थापन गर्दै नयाँ नेपालको निम्ति विकल्पसहितको राजनीतिक सङ्गठन भएको नेपाली जनतामाझ छर्लङ्गै छ। सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको निर्माण सङ्घीय लिम्बुवान राज्य परिषद, तामाङ्सालीङ् स्वायत्त राज्य परिषद र थरुहट स्वायत्त राज्य परिषद (संयुक्त थारु राष्ट्रिय मोर्चा, नेपाल) आदि जातिहरूको ऐतिहासिक पृष्ठभूमि बोकेका सङ्गठनहरूको एकताबाट बनेको छ। हाम्रो सङ्गठन २५० वर्षदेखि जातियमुक्ति र भूमिमुक्तिका लागि प्राणको आहुती दिने 'राजकुमार आङदेम्बे माङतोक' लगायत ज्ञातअज्ञात शहीदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै सङ्घीयवादी अभिवादन टक्र्याउँदछौं। साथै, शहीदहरूको सपनालाई साकार पार्न सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च दृढ अठोटका साथ आन्दोलित रहने प्रतीज्ञाका साथ संविधानसभामार्फत् सङ्घीय लोकतान्त्रिक गणतन्त्र-सहितको नयाँ नेपाल निर्माणका लागि सङ्गठनको महत्त्वपूर्ण घोषणा-पत्र सार्वजनिक गरेका छौं। हाम्रो पार्टी **'नयाँ नेपालको लागि नयाँ संविधान'** भन्ने मुल नाराका साथ संविधानसभा निर्वाचनको लागि मञ्चको यो घोषणा-पत्र मुक्तिकामी नेपाली जनतामा प्रस्तुत गर्दछौं।

एकाधिकारवादी राजनीतिको कालो इतिहास र जातीय मुक्ति आन्दोलन

नेपालका आदिवासी जनजातिहरूको आफ्नै किसिमको राजनीतिक इतिहास छ। यहाँका ऐतिहासिक जातिहरू, जसले सर्वप्रथम यहाँको भूमिलाई आवाद गरी उर्वर बनाए, उनीहरूले भूमिको मात्र आवाद नगरी राजनीतिक व्यस्थाको पनि आवाद गरेका थिए। त्यतिबेला आफ्नै मौलिक परम्परा, विचार र दर्शनमा आधारित राजनीतिक परिपाटी थियो। तत्कालीन नेपाली जनताहरू आ-आफ्नै किसिमको जाति, भाषा, धर्म, संस्कृति र भुगोल अनुसार राज्य गर्दथे। उनिहरूले लगभग ३०० वर्ष अगाडि नै सङ्घीय व्यवस्थाको अभ्यास गरिरहेका थिए। त्यही क्रम निरन्तर र व्यवस्थित तवरले अघि बढेको भए आज नेपालको अवस्था योभन्दा धेरै विकसित भइसक्ने थियो।

स्वायत्त राज्यहरूलाई एकीकरण गर्ने नाउँमा पृथ्वीनारायण शाहले नेपाललाई केन्द्रीकृत एकात्मक राज्य बनाए। ब्रिटिश साम्राज्यवादको त्यो समयावधिमा नेपालको भौगोलिक एकीकरणको आफ्नै समीक्षा छ। तर, भौगोलिक एकीकरणपछि राष्ट्रिय एकताको नाउँमा जातीय एकाधिकारवादको आन्तरिक साम्राज्यवाद विस्तार गर्न पुगे, जुन ऐतिहासिक महाभुल थियो। यसले सदियौंदेखि आफ्नै विशिष्टतामा सञ्चालित राज्य र जातिको स्वाधीन नियम तथा कानुनहरूलाई मास्ने काम मात्र गरेन, एकात्मककरणमा परेका राज्यहरूको गौरवशाली इतिहासलाई मूल्याङ्कन र सम्मान नै नगरी कथित चार जात छत्तीस वर्णको साझा फूलबारीको नाममा तोरीबारीको नीति अख्तियार गरियो। जुन नीति अहिलेसम्म पनि व्यवहारिक रुपमा कायम रहेको छ। अबको नयाँ नेपालमा त्यसको समुल अन्त्य गरिने छ।

यो कथित एकीकरणको विरुद्धमा कैयौं आदिवासी जनजातिहरूले विद्रोह गरे, युद्ध लडे। लिम्बुवानका काङ्सोरे, तामाङ्सालीङ्, थरूहट र खम्बुवान लगायतका सयौं शहीदहरूले आफ्नो वलिदानी दिएका छन्।

राणाहरूको १०४ वर्षे निरङ्कुश शासकको कारक पृथ्वीनारायण शाह नै हुन्। उनले बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक र जातीय विविधता भएको मुलुकलाई एकीकरणको नाममा एकजातीय सामन्ती केन्द्रीकृत राज्यव्यवस्थाको थालनी गरे। सन् १९५० देखि १९५२ तिर राणाशासनको विरुद्ध जीबी याक्थुङ्बा, बीबी चेम्जोङ, नारदमुनी थुलुङ, हापु गुरुङ, दोर्जे तामाङ र मदन श्रेष्ठको नेतृत्वमा मुक्तिका लागि सशस्त्र लडेको गौरवशाली इतिहास हामीसामू छ। यही समय मुक्तिका लागि रामप्रसाद राईले २४ घण्टा सिंहदरबार विद्रोह गरेको गौरवशाली आन्दोलन हामीसँग ताजै छ। सन् १९५२ मा रामप्रसाद राईको रहस्यमय हत्या गरियो र काँग्रेसका नरेन्द्र बास्तोलाको निर्देशनमा विजयबहादुर लिम्बूको हत्या गरियो। यिनै वीर योद्धाहरूको मुक्तिकामी आन्दोलनले आदिवासी भूमिपुत्रहरूको इतिहास र अस्तित्व आजसम्म जीवन्त रहेको छ।

नेपालको इतिहासमा किराँत शासन, लिच्छवी शासन र मल्ल शासनपछि सत्तासीन हुनपुगेको शाह शासनलाई दरबारको कोठामा बन्दी बनाएर राणाशासकहरूले १०४ वर्षसम्म नेपाली जनतामाथि हाली मुहाली

गरिरहे। जतिबेला औद्योगिक क्रान्तिको ज्वालाले तातिएर युरोप र एसियाका देशहरू ज्ञान विज्ञानको क्षेत्रमा आकास छुने प्रगति गरिरहेका थिए, त्यति नै बेला हाम्रो देश नेपाल राणा शासनको अँध्यारो दिनहरूमा छट्पटाइरहेको थियो। राणा शासनले नेपाली जनतालाई विश्वमा ओर्लेर आएको ज्ञान विज्ञानको मुहानबाटमात्र रोकेको होइन कि नेपाली जनतालाई जात, धर्म, भाषा र अनुहारको आधारमा विभाजित गरी शासन गरेर नेपाली जनताको एकतालाई चकनाचुर बनाइ दिए।

नेपालमा जातीय, भाषिक र क्षेत्रीयरुपमा उत्पीडित जातिहरूले विभिन्न समयमा विभिन्न आन्दोलन, विद्रोह र क्रान्ति गर्दै आएका छन्। २००७ सालको जनक्रान्तिमा आदिवासी समुदायका भूतपूर्व सैनिकहरूको उल्लेख्य भूमिका थियो। त्यस समयमा मुक्तिसेनाका योद्धाहरूले गुमेको स्वायत्त भूमि, भाषा र संस्कृतिको पुनः प्राप्तिको आकाङ्क्षा राखेका थिए। तर, क्रान्तिका नेता भनाउँदाहरूले केवल राणाहरूलाई मात्र हटाएर एकात्मक संरचना जस्ताको तस्तै राख्ने र राणाको ठाउँमा आफु बसेर शासक बन्ने गलत बाटो रोजे। अर्कोतिर, बहुदलीय व्यवस्था कायम राख्यो भने कुनै न कुनै दिन ती राज्यसत्ता खोसिएका राज्यहरू सङ्गठित भएर जाग्नेछन् भनेर राजा महेन्द्र मार्फत् २०१७ साल पुस १ गतेको निरङ्कुश काण्ड रचियो। यसपछि, ३० वर्षसम्म चलाइएको निरङ्कुश एकदलीय शासनले ती उत्पीडित जातिहरूलाई सँधैका लागि नामेट पार्न नयाँ शिक्षाको नाममा एक भाषा, एक धर्म र एक सँस्कृतिको शिक्षा नीति ल्याएर आदिवासी मातृभाषीहरूमाथि जबर्जस्त थोपरियो। तर, शासकहरूले जति नै निरङ्कुश शासन चलाए पनि जनताबाट ढिलोचाँडो विद्रोह हुने अकाट्य नजीर भएकाले फेरि २०४६ को जनआन्दोलन भयो। उक्त जनआन्दोलका योद्धा नेपाली जनताहरूले अबचाहिँ राजनीतिक साथै जातीय र भाषिक रुपमा पनि नेपालमा मुक्तिको दिन आउँनेछ भनेर सोचेका थिए। तर, अफसोच, फेरि पनि नेतृत्वकर्ताहरूले सम्झौता गरेर देशलाई एकात्मक, धर्म सापेक्ष र एक भाषी र आर्य संस्कृतिको मात्र देश भनेर २०४७ को संविधानमा घोषणा गरियो। जनताको आकाङ्क्षाहरू पूरा नभएपछि २०४६ को जनआन्दोलनपछि एउटा खुल्ला वातावरण बन्यो र वर्षौंदेखि थिचिएका जाति, भाषीहरू पनि आ-आफ्ना मुद्धाहरू लिएर राजनीतिक वा सामाजिक रुपमा सङ्गठित हुन पुगे। यही क्रममा, नेपाल राष्ट्रिय जनजाति पार्टीले सर्वप्रथम सङ्घीय नेपालको १२ प्रान्तको स्पष्ट खाका लिएर सङ्घीयवादी सोंचको बीजारोपण गऱ्यो। तर, त्यस समयको अन्तरिम मन्त्रिमण्डलले उक्त पार्टीलाई दर्ता दिएन। यसरी सङ्घीयवादी आन्दोलन विभिन्न अवरोधहरू पार गर्दै अघि बढ्दैरह्यो। त्यसपछि, २०५२ सालदेखि सुरु भएको जनयुद्धको बीचबाट पनि ०५४/५५ सालतिर जातीय स्वायत्तताका कुराहरू उठ्न थाले।

यसरी शान्तिपूर्ण वृत्तमा र बन्दुक बोकेका लडाकुहरूबाट पनि सङ्घीयवादी विचारलाई तीब्रता दिन थालिएपछि देशमा हालिमुहाली चलाइरहेका एकात्मकवादीहरू आत्तिए, र उनीहरूका नाइके राजतन्त्रले बहुदलीय व्यवस्थाअन्तर्गत् चुनिएको सरकारलाई २०६१ माघ १९ गते अपदस्त गरी निरङ्कुश शासन लाद्ने काम गरे। शाही शासनको यो अवधिमा सङ्घीयवादी आन्दोलनभित्र लुकेका केही स्वार्थी तत्त्वहरू दरबार छिरेर यस आन्दोलनलाई तहसनहस बनाउने दुस्प्रयास गरे। निश्चयनै यो घडी सङ्घीयवादी आन्दोलनको लागि चुनौतीपूर्ण थियो। तर, जस्तै कठीन घडीमा पनि सङ्घात्मक विचारप्रति प्रतिवद्ध इमान्दार विद्यार्थी कार्यकर्ता, सही नेतृत्व तथा जनताहरूको पहलमा २०६२ मंसिर २६ र २७ गते झापाको विर्तामोडमा सङ्घीयवादीहरूको राजनीतिक भेला गरी सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नयाँ साङ्गठनिक स्वरुपका साथ विधिवत रूपमा स्थापना भयो।

जातीय मुक्ति आन्दोलनको उठान र निरन्तरताको सवालमा २०४७ सालमा आफैंले स्थापना गरेको सङ्गठनलाई कानुनतः बन्देज लगाइदिएपछि बहुसङ्ख्यक आदिवासी जनजाति, तराईवासी, महिला र दलितआदि अरू नै राजनीतिक दलहरूको पछाडि लाग्न बाध्य भए। त्यही बाध्यताबस प्रवेश भएका हाम्रा अग्रज आदिवासी जनजातिहरू कसैले आफ्नो त्यो पीडा र विचार बिर्सदै गएभने कतिपयले तिनै एकात्मकवादी राजनीतिक दलभित्र रहेर त कतिपयले आफ्नै किसिमको सामाजिक, धार्मिक र राजनीति सङ्घ सङ्गठनमार्फत् मुक्तिको आवाजहरू बुलन्द गर्दै आए।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले नेतृत्व गरेको आन्दोलन तिनै अग्रज मुक्तियोद्धाहरूको राजनीतिक लगानी र योगदानको प्रतिफल हो। अहिलेको आन्दोलन एक्कासी यो उचाईमा पुगेको होइन। यो त देश विदेशमा रहेर सङ्घर्ष गर्नुभएका सम्पूर्ण अग्रजहरूको धेरै पहिलेदेखिको अमूल्य योगदान र बलिदानको विकास तथा निरन्तरता हो।

राजतन्त्र बारे

नेपालमा रहेको राजतन्त्र आदिवासी जनजाति, मातृभाषी, दलित, तराईवासी र महिलाहरूलाई सिध्याउन तथा एकात्मक राज्यलाई टिकाइराख्नका लागि सङ्गठित संस्था हो। यो राजतन्त्रले विगत २३९ वर्षदेखि आदिवासी जनजाति, मातृभाषीउपर निरन्तर शोषण र दमनचक्र चलाइरहेको छ। आदिवासी जनजाति, तराइवासी, दलित र महिला तथा सिङ्गो राष्ट्रकै अग्रगमनको सबैभन्दा ठूलो बाधक नै यो राजतन्त्र हो। यो राजतन्त्रको समुल अन्त्य नगरी हामीले चाहेको जातीय तथा भूमि मुक्ति सम्भव छैन। त्यसैले, राजतन्त्रको तुरुन्तै समुल अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गरी अग्रगमन र प्रगतिको प्रवेशमार्गलाई निर्वाधरुपमा खुला गर्नुपर्दछ। यो हाम्रो सङ्गठन र मुक्तिकामी जनताको चाहना हो। यसै मान्यतालाई आत्मसात गरी हाम्रो पार्टीको नेतृत्वमा गरिएको लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटलगायत सम्पूर्ण आदिवासी जनजति, तराइवासी, दलित र महिलाको आवाजलाई लिएर दुई पटकसम्म विभिन्न चरणमा सरकारसँग वार्तामा बसेका छौं। वार्ताको क्रममा हाम्रो प्रमुख माग नै तुरुन्त राजतन्त्रको समुल अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा र कार्यान्वयनको सवाल थियो। तर, एकात्मक सोचको सात दलीय सरकारले राजतन्त्रको अन्त्य गर्न चाहेन। आखिर, संविधानसभाको पहिलो बैठकले राजतन्त्रको समुल अन्त्य गरी गणतन्त्रको कार्यान्वयन गर्ने गरी वार्ता टुङ्ग्याउनु पर्‍यो।

यति हुँदैमा राजतन्त्रको त्यति सजिलै अन्त्य होला र यी एकात्मकवादी सत्ताधारीहरूले संविधानसभाको पहिलो बैठकबाटै राजतन्त्रको समुल अन्त्य गर्लान भनेर चुप लागिबस्नु फेरि अर्को महाभुल हुनेछ। पहिलो कुरा त अहिलेको मिश्रित निर्वाचनप्रणालीको कारण सच्चा गणतन्त्रवादी आदिवासी जनजाति, तराईवासी, दलित र महिलाहरूको प्रतिनिधित्व नै संविधानसभामा न्यून मात्र हुँदैछ। जति भएको प्रतिनिधिले पनि पार्टीको नीति र यथास्थितिवादी चिन्तनको कारण राजतन्त्रको अन्तको लागि सही भूमिका निभाउन सक्ने छैनन्।

यसकारण, जति सकिन्छ हामी आफैंले गणतन्त्र पक्षधरहरूको नेतृत्व गर्दै संविधानसभामा गएर राजतन्त्रको समुल अन्त्य गर्नको लागि सदन र सडक दुबैबाट निर्णायक आन्दोलन गर्नुको अरु विकल्प बाँकी रहेको छैन। त्यसका लागि पनि हामी सबैले यो संविधान सभाको निर्वाचनलाई सदुपयोग गर्नुपर्दछ भन्ने हाम्रो पार्टीको मान्यता हो।

सह-अस्तित्व र स्थायी शान्ति

हामी सामन्ती राजतन्त्र र खस उच्च जातीय अहङ्कारवाद दुबैको सामुहिक समूल अन्त्य चाहन्छौं। तर, राज्य सत्ता सामन्ती राजतन्त्रको अन्त त के त्यसमाथि पनि खस उच्च जातीय अहङ्कारवादको खात थप्ने र त्यसैको संरक्षण गर्दै फेरि आफ्नै वर्चस्वमात्र कायम गर्ने दाउमा रहेको छ। परन्तु, कसैले राजतन्त्रको अन्त्य गर्नुपरे पनि खस उच्च जातीय अहङ्कारवादको निरन्तरता कायमै राख्न उद्यत देखिन्छन्। अर्थात, खस उच्च जातीय अहङ्कारवाद र हिन्दूवादको वर्चस्वबिनाको नयाँ नेपालको कल्पना पनि गर्न सक्दैनन् यहाँका सत्ताधारी नेतृत्वहरू। तर, हामी भने अब बन्ने नयाँ नेपालमा सबै जाति, भाषा, धर्म-सम्प्रदाय र पछाडि पारिएका वर्गको उत्तिकै समानुपातिक सहभागिता र सहअस्तित्व चाहन्छौं। तबमात्र दिगो विकास र स्थायी शान्तिको मार्गमा नयाँ नेपाल प्रवेश गर्दछ भन्ने हाम्रो ठहर हो। हामी यही मान्यतामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको मूल कानुन संविधान बनाउन चाहन्छौं। तर, त्यसका लागि एक्ला एक्लैले हुन्न। हामीलाई सबै जनताको साथ चाहिन्छ।

यसर्थ, चैत्र २८ मा हुने चुनावलाई पनि हामीले आन्दोलनकै एक महत्त्वपूर्ण पक्षको रुपमा लिएका छौं। हामीलाई के कुरा राम्ररी थाहा छ भने यो मिश्रित प्रणालीमा आधारित चुनावले ती तमाम बहिष्कृत, उत्पीडित, जाति, जनजाति, दलित र महिला आदिको समानुपातिक प्रतिनिधित्व गराउँदै छैन। यसपछि, पनि हामीसँग आन्दोलनको विकल्प-सिवाय अरू केही हुँदैन। हामी शान्तिपूर्ण तर सशक्त आन्दोलन गरिरहन्छौ। यो चुनावको सहभागिता त्यही सशक्त आन्दोलनको तयारी पनि हो।

अब जसोतसो संविधान सभाको निर्वाचन गरिए पनि यसमा बहुसङ्ख्यक आदिवासी, जनजाति, मधेसी, महिला र दलित आदिको न्यून सङ्ख्यामा मात्र प्रतिनिधित्व हुने निश्चित छ। त्यसमा पनि धेरैजसो त केवल अनुहार र नामले मात्र आदिवासी, जनजाति, मधेसी, दलित, महिलाको ठाउँ ओगट्ने छन्। तर, उनीहरूको विचार भने ब्राह्मणवादी नै हुने निश्चित छ। त्यसो नभए पनि उनीहरू आफुसम्वद्ध पार्टीकै इसारामा मात्र चल्नेछन्। त्यसकारण, संविधानसभाको पहिलो बैठकबाट त्यति सजिलै राजतन्त्रको अन्त्य भई गणतन्त्रको कार्यान्वयन हुने अवस्था पनि छैन। यसका लागि पनि सडक र सदन दुबै ठाउँबाट आन्दोलनकै आँधीबेहरी सिर्जना गर्नुको विकल्प छैन। सडक र सदन दुबै ठाउँबाट गरिएको आन्दोलन प्रभावकारी हुन्छ। त्यसका लागि पनि हाम्रो पार्टी सदनमा समेत जान चाहेको हो।

कुनै तरिकाले राजतन्त्रको व्यवस्थापन भएपछि पनि खस उच्च जातीय अहङ्कारवादको हावी हुने निश्चित छ। यसपछि, देशको महत्त्वपूर्ण सवाल राज्यको पुनर्संरचनाले ठाउँ लिनुपर्दछ। तर, यसमा पनि यहाँका बहुसङ्ख्यक आदिवासी जनजाति, मधेसी, दलित र महिलालगायतले चाहेको जस्तो जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा हुन दिने अवस्थामा छैनन्। त्यसका लागि पनि हामीले आन्दोलनको आँधीबेहरीको सिर्जना गर्नैपर्ने हुन्छ। यस कार्यमा हामी अलिकति पनि चुक्ने छैनौं। र, हामीसँगै कहिल्यै नेपाली जनता पनि चुक्ने छैनन्।

हामीले के कुराको अहिले नै राम्ररी हेक्का राख्नुपर्दछ भने, शताब्दीऔंसम्म एकात्मक केन्द्रीकृत राज्यसत्ता र शासन व्यवस्थाले कज्याएर राखेको राज्यसत्ता परिवर्तन गरेर सङ्घीय स्वायत्तताको अभ्यास गर्न निकै गाह्रो हुनेछ। हामीले यसका लागि धेरै मेहनत र परिश्रम गर्नुपर्दछ। विस्तारै, ती तमाम पुराना समस्याहरू समाधान हुँदै जानेछन् र पुनः नयाँ समस्याहरू पनि उब्जिदैं थपिदै जानेछन्। आखिर, ती नयाँ समस्याहरूलाई साहसका साथ सामना गर्दै समाधान गरेर अघि बढ्नु नै हामी सबैको सफलता हुनेछ।

जातीय मुक्ति आन्दोलनमा 'संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च' नै किन ?

नेपाली जनताले गोरखाको शाहवंशीय सामन्तहरूको एकात्मककरणपछि अढाईसय वर्षको समयावधिमा सबैभन्दा डरलाग्दो राजनीतिक, सामाजिक र आर्थिक रुपमा उत्पीडन भोगिसकेका छन्। त्यसका विरुद्ध मुक्तिका लागि निरन्तर पुर्खाहरूले लडेका वलिदानीपूर्ण सङ्घर्षको इतिहास, जातीय मुक्तिका लागि नेपाली जनतामा आएको दृढ सङ्कल्पका साथ भोलिको समुन्नत नयाँ नेपालको लागि नेपाली जनताले साहसका साथ दिन खोजेको बलिदानीपूर्ण सङ्घर्षका कारण संविधानसभाको ऐतिहासिक मोडसम्म आइपुगेका हौं। र, चाँडै नेपाली जनता युगीन परिवर्तनको लिखत् तयार गर्ने र आफ्नो भाग्य आफैं निर्माण गर्ने संविधानसभाको निर्वाचन र नयाँ संविधान निर्माणको प्रक्रियामा जाँदैछौं। २०६४ चैत २८ गते संविधानसभाको लागि नेपाली जनताले दिएको मतले सयौंवर्षको आन्तरिक उपनिवेशको कहालीलाग्दो उत्पीडनबाट मुक्त हुन नयाँ नेपाल निर्माण गर्ने गौरवशाली इतिहासको फैसला हुँदैछ। यो ऐतिहासिक फैसलाको महत्त्वपूर्ण समयक्रममा हामी नेपाली जनता अहिले दुई प्रश्नहरूको दोबाटोमा छौं। ठीक र गलत प्रश्नको गम्भीर अग्नी परीक्षाबाट नेपाली जनताले जनपक्षीय रुपमा सही मत दिने हो भने सामन्तवादको केन्द्रविन्दु राजतन्त्र, आन्तरिक उपनिवेशको एकात्मक केन्द्रकृत राज्यसंरचना र सबैखाले विभेद र शोषणको कालो इतिहासलाई सदासदाको लागि अन्त्य गर्नेछौं। यदि पुरानै शैलीमा एकजातीय एकाधिकारवादी, सामन्त र शोसकहरूका छद्मभेषी अनुहार र जनतालाई ठग्ने तथा भोट बैङ्क बनाउने नारामा भुक्किने र दुईचार सय पैसा, दुईचार बोतल जाँड रक्सी र

दुईचार किलो मासुमा बिकेर नयाँ नेपाल निर्माणको अमूल्य मतलाई जनताको विपक्षमा दिने हो भने अढाईसय वर्षसम्म पुर्खाहरूले बचाएर ल्याएको जातीय पहिचान र अस्तित्वहरू सदासदाको लागि मरेर जानेछ।

सयौं वर्षको कहाली लाग्दो उत्पीडन र जातीय मुक्ति आन्दोलनको सचेतनाले नेपाली जनता सजग र सचेतमात्र बनेका छैनन् कि उनीहरू आज आफ्नै सङ्गठन र नेतृत्व चिन्ने, माया गर्ने र साथ सहयोग गर्ने पनि भइसकेका छन् । यसले गर्दा अब नयाँ नेपालको संविधान बनाउने संविधानसभाको निर्वाचनमा जातीय मुक्तिका लागि निरन्तर सङ्घर्षरत् सङ्गठन सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नै सबैभन्दा बढी विश्वसनीय सशक्त हुँदै जाने निश्चित छ । निश्चय पनि नयाँ नेपालको निर्माण र नेतृत्व गर्न पुराना सामन्ती सोंच र चिन्तनबाट निर्माण भएका राजनीतिक पार्टीहरू त्यसका पुराना नेतृत्वहरूबाट सम्भव छँदैछैन। छ दशक लामो इतिहासको अहङ्कार बोकेका नेपाली काँग्रेस र नेकपा एमाले जातीय अस्तित्व र पहिचान कायम हुने सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको नयाँ नेपाल निर्माणका विरोधी पार्टीहरू हुन्। यी दुई दललाई संविधानसभामा पुऱ्याउने हो भने राजासहितको गणतन्त्र र फेरि सिंहदरवारले नै शासन गर्ने सङ्घात्मक नेपाल बनाउने छन्। प्रमाणको लागि, जनआन्दोलन ०६२/६३ पछि बनेको विधायिका संसदबाट दरबारलाई ११ करोड रकम छुट्याएर 'जनआन्दोलन २' को मर्ममा कुठाराघात गरिसकेका छन् । काँग्रेस एमालेको तुलनामा माओवादी जातीय मुक्तिको सवालमा केही लचक देखिए पनि अन्ततः उसले बोकेको उद्देश्य भनेको केन्द्रीकृत गणतन्त्रात्मक शासन पद्धति नै हो । यसकारण माओवादी पनि जातीय अस्तित्व र पहिचानसहितको स्वायत्त गणराज्य निर्माणमा इमान्दार छैन भन्ने कुरा घाम जतिकै छर्लङ्ग छ।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नयाँ नेपालको नयाँ राजनीतिक विकल्पको अजेण्डासहित जनतामा स्थापित अबको वैकल्पिक राजनीतिक सङ्गठन हो । यही मञ्च अहिले, संविधान सभाको निर्वाचनमा "नयाँ नेपालको लागि नयाँ संविधान" भन्ने मुल नाराकासाथ नेपाली जनताको घरदैलोमा आएको छ। चैत २८ गते नेपाली राजनीतिको विभेद र उत्पीडित कालो इतिहास अन्त्य गर्ने तथा जातीय ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा निर्माण हुने सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको संविधान निर्माण गर्ने ऐतिहासिक दिन भएकोले तपाईंको आफ्नो अमूल्य मत यस महान कार्यको पक्षमा सदुपयोग गर्न सम्पूर्ण नेपाली जनसमुदायमा हार्दिक अपील गर्दछौं।

संविधान सभा र नयाँ नेपाल

संविधान देशको मूल कानुन हो । मुलुकको सम्पूर्ण शासन व्यवस्था संविधान र यसअन्तर्गत् बनेका कानुनअनुसार सञ्चालन हुन्छ । नागरिकका मौलिक हक तथा अधिकार र तिनको सुरक्षाको व्यवस्था संविधानले गर्दछ । संविधान निर्माणका लागि बालिग मताधिकारको आधारमा कानुन वमोजिम जनताले निर्वाचित गरेका जनप्रतिनिधि सदस्यहरूको सभा नै संविधान सभा हो । संविधानसभा भनेको जनताको सार्वभौमसत्ता स्थापित गर्ने विधि हो। संविधान सभामार्फत् बन्ने उक्त मूल कानुनको निर्माणमा सबै जनताको आकांक्षालाई समेटिनु पर्दछ भन्ने मान्यता रहन्छ। कुनै देश या राज्यको शासन व्यवस्था कस्तो हुने भन्ने कुरा त्यही संविधानले अनुबन्धित वा निर्देशित गरे अनुसार हुने गर्दछ।

नेपालको इतिहासमा वि. सं. २००७ मा राजा त्रिभुवनले आफ्नो स्वार्थी महत्त्वकाङ्क्षा पूरा गर्न संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका थिए। तर, २०१४ सालमा संविधान सभाको बदला आफैंले बक्सेको संविधान अनुसार २०१५ सालमा संसदको निर्वाचन गर्ने घोषणा गरे। २०१७ सालमा त्यही संसद पनि सेनाको बलमा विघटन गरेर निरङ्कुश पञ्चायती व्यवस्थाको लागू गरियो। यसपछि, संविधान सभाको प्रसङ्ग ओझेलमै रहिरह्यो।

२०४६ सालको ऐतिहासिक 'जनआन्दोलन १' ले निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य गरेर २०१५ सालकै बाटो अनुसरण गर्दै सार्वभौमसत्ता र राजकीय सत्ता आफ्नै हातमा रहने गरी राजा वीरेन्द्रद्वारा २०४७ सालको संविधान जारी गरियो। यो संविधानलाई विश्वकै उत्कृष्ट कहलाइए पनि आखिर बहुसङ्ख्यक आदिवासी जनजाति, मधेसी, दलित र महिला आदिको आकाङ्क्षा अनुरुपको भएन।

२०४७ सालको यो कथित उत्कृष्ट संविधानको विरुद्धमा गठित विभिन्न आदिवासी जनजाति, तराईवासी, दलित र महिला सम्वद्ध सामाजिक वा राजनीतिक सङ्घ सङ्गठन र माओवादी विद्रोहको कारण अहिले जनताद्धारा आफ्नो देशको मूल कानुन संविधान बनाउने अवसर प्राप्त भएको हो । तर, अझै पनि सबै जनताले चाहे अनुसारको संविधान र राज्य संरचना बन्ने कुरामा भर पर्न सकिने अवस्था भने बनेको छैन।

यसरी नेपाली जनता इतिहासमा पहिलो पटक संविधान सभाको महत्त्वपूर्ण ऐतिहासिक कार्यमा जुटेका छौं । संविधान सभाद्वारा सयौं वर्ष लामो नेपालको इतिहास, एकात्मक एकाधिकारवादी राज्य संरचना र उत्पीडक राज्यसत्ताको अन्त्य हुँदैछ।

नयाँ नेपालको नारा जो कोहीले जति सजिलो गरी लगाउँछन् । यो शदाब्दीऔंदेखि शोषण, दमन र उत्पीडनमा पारिएको देशलाई सही अर्थमा नयाँ नेपालको रुपमा रुपान्तरण गर्न त्यतिकै कठीन र चुनौतीपूर्ण पनि छ। अब पनि यो पुरानोशैलीको मुलुकलाई नयाँ नेपाल बनाउँदा पुरानै शैलीको विधि अपनाइयो भने झन् स्थिति बिग्रेर जानेछ। नयाँ नेपालको निर्माण एक्लो राजनीतिक अभ्यासले मात्र पनि असम्भव हुन्छ। यसका लागि राजनीतिका साथ सामाजिक सङ्घ–संस्था र नागरिक समाजको पनि उत्तिकै गहन भुमिकाको खाँचो पर्दछ । नयाँ नेपालका लागि यहाँका कला, साहित्यकार, बौद्धिक व्यक्तित्व, विभिन्न विषयका विशेषज्ञ र विभिन्न पेशामा संलग्न जनसमुदायको चासो, सहभागिता र योगदानको खाँचो अपरिहार्य हुन्छ।

नयाँ नेपालको निर्माण गर्न अब तिनै शताब्दीऔंदेखि राज्यसत्ताको पहुँचबाट पाखा पारिएका आदिवासी जनजाति, तराइवासी, दलित उत्पीडित र महिलालगायत अन्य सबैलाई सहभागिता गराई जिम्मेवारी दिनुपर्दछ। आदिवासी जनजातिका खोरिया फाँड्ने हातहरूले अब यहाँको शोषण, दमन र भ्रष्टाचारीहरूको भ्रष्ट कार्यको फडानी गर्नुपर्दछ, जराजरा पहिल्याएर उखेल्नु पर्दछ । आदिवासी जनजातिहरूले जसरी आफ्नो आदिभूमिमा त्यहाँको जमिनलाई गरा गरा बनाए, मलजल गरेर उर्वर बनाई आवाद गरे अब त्यसरी नै यो नयाँ नेपाललाई गरा गरा बनाई सङ्घीय संरचनामा रूपान्तरण गर्ने तथा स्थायी शान्ति तथा दिगो विकासको बीउ रोप्ने अवसर पाउनुपर्दछ, नपाए देशहितको लागि जवर्जस्त खोसेरै भए पनि लिनुपर्दछ। यसैगरी, दलितका कपडा बुन्ने हात र मन मष्तिस्कले यो देशको पहिचान बुन्नु पर्दछ, भाग्य निर्माण गर्ने अवसर पाउनुपर्दछ। छालाको जुत्ता सिउने दलितको सियोले यो देशको एकता र अखण्डतालाई मजबुत पार्ने सिउनी सिउनु पाउनुपर्दछ न कि नेताका चिल्ला जुत्तामात्र सिउनु परोस्। खेती किसानी गर्ने सामग्री हसियाँ, हथौडा र कुटो कोदालो बनाउने दलितका पाखुरीहरूले अब यो देशको मजवुत समावेशी संविधान बनाउनु पर्दछ न कि तिनै हातले अर्काको लागि तर आफैंलाई हत्या गर्ने भाला र बन्दुक मात्र बनाउनु नपरोस्। परन्तु, बनाउनै परे पनि अब आफ्नै रक्षा र अधिकार प्राप्तिको खुकुरी बनाउनु पर्दछ। आफ्नै अधिकारको रक्षा र सुरक्षाको लागि बन्दुक बनाउने बाध्यता नपरोस्। आधा धर्ती ओगट्ने महिलाहरूले अब घरको मात्र होइन देशको चुला चौका चलाउनु पाउनुपर्दछ। घरको ताला चाबी मात्र होइन यो देशकै तालाचाबी पनि उनीहरूको हातमा हुने खालको मूल कानुन संविधान आफैंले बनाउनु पाउनुपर्दछ। एवम्रीतले सबै जाति, भाषा, वर्ग, क्षेत्र र लिङ्गको सामूहिक सहभागिता र प्रतिनिधित्वले बन्ने नयाँ संविधानले मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको स्थापना, सञ्चालन र विकास गर्नसक्दछ।

नयाँ नेपालको लागि नयाँ संविधान

अब बन्ने नयाँ नेपालको नयाँ संविधान जनताको मौलिक विचार, आफ्नै नेतृत्व र प्रतिनिधित्वमा निर्मित संविधान हुनुपर्दछ । विकास र प्रगतिको बाधक विगतको मूल कानून संविधान नै भएकोले अब नयाँ संविधानमार्फत् शताब्दीयौंदेखिको एकात्मक केन्द्रीकृत राज्यसत्ता र शासनव्यस्थालाई खारेज गरी जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा आत्मनिर्णयको अधिकारसहितको स्वायत्त गणराज्यहरूको व्यवस्था गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना गर्नु नै नयाँ नेपालको सूत्रपात हुनु हो। यसो हुनु यहाँका ऐतिहासिक राजनीतिक इकाइहरूको पुनरावृत्ति हुनु हो। यो नै आजको राजनीतिक निकासको

विकल्प हो। नेपालको सन्दर्भमा जातिहरूको ऐतिहासिक पृष्ठभूमिको आधारमा सङ्घीय स्वायत्तताको व्यवस्था हुनु ऐतिहासिक जाति (राष्ट्र) हरूको राजनीतिक इकाइका रुपमा पुनरावृत्ति हुनु हो। खासमा, यही नै हुनुपर्ने र यर्थाथपरक वस्तुगत सत्य पनि हो। सिङ्गो सङ्घीय नेपाल र स्वायत्त राज्यहरू सङ्घीय लोकतन्त्र, विधिको शासन र कानुनी राज्यको मुल्य मान्यतानुसार सञ्चालन हुने संवैधानिक व्यवस्था हुनेछ। संविधान सभाद्वारा निर्माण गरिएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चतालाई सम्मान गरिनेछ। यसका लागि हाम्रो पार्टीका प्रतीज्ञाहरू प्रस्तुत छन्।

१. संघीय सरकार र स्वायत्त राज्य सरकार

शताब्दीऔंदेखि एकात्मक केन्द्रीकृत सामन्ती राजतन्त्रात्मक शासन व्यवस्थाको समुल अन्त्य गरी सङ्घीय गणतन्त्रात्क स्वायत्त नेपालको स्थापना गर्नु नयाँ संविधानको मुल ध्येय हुनेछ। सङ्घीयता भनेको स्वायत्तता तथा साझा शासनको सम्मिलन स्वरुप हो। सङ्घीयता त्यस्तो साझेदारी हो जहाँ अनेक जाति, भाषा, धर्म र संस्कृतिहरूको समान पहिचान, पहुँच र प्रतिनिधिहरूको मिलन भएर एक अस्तित्वको निर्माण हुन्छ। सारमा भन्नुपर्दा सङ्घीयता भनेको शक्तिको बाँडफाँडद्वारा अनेकतामा एकता हुनु हो।

सङ्घीय सरकारअन्तर्गत् विशेषतः मुद्रा, परराष्ट्र नीति, सुरक्षा व्यवस्थाको जिम्मेवारी रहनेछ। साथै, सीमा सुरक्षा, सैन्य व्यवस्थापन, अन्तरराज्य व्यापार, भन्सार, ठूला जल विद्युत, हवाइमार्ग, राष्ट्रिय मार्ग र नापतौल आदिसमेत सङ्घीय सरकारले हेर्नेछ। सङ्घीय सरकारले हेर्ने उपरोक्तबाहेक सबै सवालहरू शिक्षा, स्वास्थ्य, यातायात, संस्कृति, भाषा लिपि, प्राकृतिक स्रोत–साधन आदि सम्पूर्ण विषयमा राज्य सरकारले नै हेर्नेछ। अर्थात् सङ्घीय सरकारको शक्ति प्रदत्त शक्ति (deligated power) भएकोले सङ्घीय सरकारको शक्ति निश्चित गरिएको हुन्छ। बाँकी अवशिष्ट शक्ति (residury power) को रूपमा सम्पूर्ण शक्ति स्वायत्त राज्यमा निहित हुनेछ।

क. नयाँ नेपालको प्रस्तावित संरचनागत खाका

जसरी कुनै एक सजीव प्राणी वा गतिशील यन्त्र चल्नको लागि त्यसको सबै अङ्ग वा पार्टपूर्जाहरू मजबुत हुनुपर्दछ, सबै अङ्ग वा पार्टपूर्जामा रगत, विद्युत वा इन्धनको आपूर्ति हुनुपर्दछ सोही मुताविक कुनै राज्य चल्न र सञ्चालन हुनको लागि पनि त्यहाँका सबै जनता, जाति, भाषा, संस्कृति र भूगोल आदिमा राज्यको समान पहुँच पुग्नुपर्दछ। त्यस्तै जनताको पहुँच पनि राज्यमा पुग्नुपर्दछ। तर, नेपालको सन्दर्भमा यस्तो व्यवस्था रहेन। सम्पूर्ण देश र जनतालाई नै एउटै स्तरमा राखेर काठमाडौंबाट राज्यसत्ता हाँक्न खोजियो। परिणामस्वरुप, यो एकात्मक केन्द्रीकृत राज्य व्यवस्थाले अब नेपाल नचल्ने भयो। यसकारण, राज्यको नयाँ संरचनाको सवाल उठेको छ। पुनसंरचनाको अर्थ भैरहेको स्वरुप वा ढाँचालाई परिवर्तन गर्नु हो। शासन–प्रणालीमा वर्तमान केन्द्रीकृत स्वरुपको परिवर्तन वा हेरफेर गरी राज्यका सबै गतिविधिहरू आम नागरिकको पहुँच तथा नियन्त्रणमा ल्याउने प्रक्रिया नै राज्यको पुनर्संरचना हो।

यसरी गरिने राज्यको नयाँ संरचनाको आधार जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा हुनेछ। साथै, ती स्वायत्त राज्य, जाति वा समुदायलाई आत्मनिर्णयको अधिकारको समेत प्रदान गरिनेछ। देशलाई सङ्घीय संरचनामा लैजाँदा देश टुक्रन्छ, आत्म–निर्णयको अधिकार दिएमा मुलुक नै विखण्डन हुन्छ भन्ने एकात्मक सोचको कुनै वस्तुगत आधार छैन। स्वायत्तता र आत्मनिर्णयको अधिकार दिएर कही कतै कुनै मुलुक पनि टुक्रिएको छैन, विखण्डन भएको छैन। बरु, बैलैमा त्यहाँका जनताले चाहेको बखतमा स्वायत्तता र आत्मनिर्णयको अधिकार नदिएर धैरै मुलुकहरू हाम्रै आँखा सामू हैर्दहिर्दै टुक्रिएका छन्, विखण्डित भएका छन्। आत्मनिर्णयको अधिकार भनेको स्वाधीनता, स्वतन्त्रता, शोषक जातिको शोषणबाट मुक्त गर्ने मूल नीति हो।

उपरोक्त नीति तथा सिद्धान्तको आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको पुनर्संरचना गर्दा आत्मनिर्णयको अधिकार-सहितका स्वायत्त गणराज्यहरू **लिम्बुवान, खम्बुवान, तामाङ्सालीङ, थरुहट, मगरात, तमुवान, नेवाः, खसान, मिथिला, भोजपुरी** आदि स्वायत्त राज्यहरूको संवैधानिक व्यवस्था गरिनेछ। त्यस स्वायत्त राज्यभित्र विशेष स्वायत्त वा उपस्वायत्त राज्यहरूको समेत हुनेछ। स्वायत्त राज्यहरूको सीमा आपसी सहमतिको आधारमा तय गरिनेछ।

ख. स्वायत्त शासन

सङ्घीय राज्य संरचनाको मुख्य आधार भनेको स्वायत्त शासन हो । स्वायत्त शासनविना सङ्घराज्यको संरचना वा निर्माण हुनसक्दैन्। स्वायत्त भन्नाले अधिनमा रहेको अधिकारभित्रको ठोस र मूर्त अर्थ बुझाउँदछ। स्वायत्तता भन्नाले स्थानीय शासनको अधिकार स्वाधीनता भन्ने अर्थ्याउँछ । स्वायत्तता भनेको स्थानीय तहमा शासन गर्ने अधिकार हुनु हो, स्रोत-सम्पदा माथिको पहुँच र नियन्त्रण गर्ने हक स्थानीय तहमा नै स्थापित हुनु हो। हाम्रोजस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक समुदायहरूले भरिएको राष्ट्रमा स्वायत्तता नभईकन जनताले लोकतन्त्रको अनुभूति गर्न सक्दैनन्। स्वायत्त शासन भनेको शासनको प्रवन्ध आफैंले सञ्चालन गर्ने काम स्थानीय क्षेत्रको त्यसै क्षेत्रका जनताद्वारा आफै चलाउने काम वा स्वतन्त्र भनेर प्रष्ट परिभाषित गर्दछ। स्वायत्तताको उद्देश्य भनेको कुनै जाति वा समुदायलाई समानता, समान अधिकार, स्वतन्त्रता, स्वाधीनताजस्तापूर्ण अधिकार दिनु हो। कुनै जाति वा मानव समूहलाई कुनै भू-भागमा शासन आफैं गर्न दिने विशिष्ठ अधिकार दिनु स्वायत्तताको विशेषता हो।

ग. विशेष स्वायत्तता/उप स्वायत्तता/ स्वायत्ततामित्रको स्वायत्तता

स्वायत्त राज्यभित्र विशेष स्वायत्तताको व्यवस्था गरिनेछ। विशेष स्वायत्तताको लागि सम्वद्ध स्वायत्त राज्यभित्रकै भूगोलसहितको आदिवासी हुनुपर्नेछ। विशेष स्वायत्त क्षेत्रको खाका सम्वद्ध समुदायको सहभागितामा निर्माण हुनेछ। स्वायत्त राज्यभित्रका भूगोलसहितका आदिवासीहरूको पहिचान विज्ञ तथा सम्वद्ध स्वायत्त राज्यवासीहरूको जानकारीको आधारमा गरिनेछ।

२. शासनप्रणाली

क. व्यवस्थापिका

केन्द्रमा दुई सदनात्मक व्यवस्थापिका रहनेछ।

अ. संघीय सभा

देशभरबाट पहिलो हुनेले जित्ने प्रणालीबाट दलीय प्रतिनिधित्व गरी निर्वाचित प्रतिनिधिहरूको सभा तथा स्वायत्त राज्यहरूको प्रतिनिधि सम्मिलित सभालाई सङ्घीय सभा भनिनेछ।

आ. शक्तिशाली जातीय सभा

शक्तिशाली जातीय सभाको गठन जातीय जनसङ्ख्याको आधारमा पूर्ण-समानुपातिक निर्वाचन प्रणालीद्वारा हुने व्यवस्था गरिनेछ। जातीय सभामा प्रत्येक जातिबाट एकजना प्रतिनिधि चुनिने व्यवस्था गरिनेछ। जाति, भाषा, लिपि, धर्म, संस्कृतिका विरुद्धमा कुनै निर्णय हुन नदिन जातीय सभाका प्रतिनिधिहरूलाई भिटोको अधिकार प्रदान गरिनेछ। सङ्घीय सरकार र न्यायिक अङ्गहरूका प्रमुखहरूलाई महाभियोग लगाउन सक्ने विशेषाधिकार जातीय सभालाई प्रदान गरिनेछ। सङ्घीय सरकारले राष्ट्रिय चासोका विषयहरू, सन्धि सम्झौता र सङ्घीय नेपाल सेना प्रयोग गर्नु परेमा जातीय सभाले पारित गरेपछि मात्र कार्यान्वयन गरिने व्यवस्था हुनेछ।

ख. कार्यपालिका

अ. राष्ट्रपति मण्डलः

(i) आदिवासी जनजातिबाट १, तराईवासीबाट १, दलितबाट १, आर्यसमुदायबाट १, र महिलाबाट १ गरी जम्मा पाँच जनाको राष्ट्रपति मण्डलको गठन सहमतीय राजनीतिक सिद्धान्तको आधारमा हुनेछ। पाँचजना राष्ट्रपतिले १/१ वर्ष नामको अंग्रेजी वर्णानुक्रमको आधारमा देशको सर्वोच्च सम्मानित राष्ट्रपतिको पद ग्रहण गर्नेछन्। पालो नपरेका र पूरा भएकालाई राष्ट्रपति मण्डलको सदस्य मानिनेछ।

(ii) राजनीतिक दलका आधारमा चुनिएको सङ्घीय संसद, शक्तिशाली जातीय सभाको संयुक्त सभाले एकै पटक पाँच जनाको राष्ट्रपति मण्डल निर्वाचन गर्नेछ।

आ. प्रधानमन्त्रीः

(i) कार्यपालिकाको मुख्य काम प्रधानमन्त्रीले गर्नेछन्। कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुनेछ। प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारका आधारमा आमजनताबाट गरिनेछ।

(ii) स्वायत्त राज्यहरूको प्रमुख मुख्य मन्त्री हुनेछ। मुख्यमन्त्रीको चयन प्रत्यक्ष निर्वाचनप्रणालीबाट हुनेछ।

ग. न्यायपालिका

हालको न्याय प्रणालीमा आमुल परिवर्तन गरिनेछ। स्वतन्त्र न्यायप्रणालीलाई आत्मसात गरिनेछ। न्यायालयमा मातृभाषा प्रयोगको संवैधानिक सुनिश्चिता गरिनेछ। आदिवासी जनजाति, दलित र महिलाहरूको समस्या, सवाल, मानवअधिकार तथा आधारभुत स्वतन्त्रतालाई संवैधानिक न्यायप्रणाली अन्तर्गत् सुनिश्चित गरिनेछ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको तीन तहको न्यायिक संरचना कायम गरिनेछ। यी न्यायालयहरूले लोकतन्त्र, विधिको शासन र कानुनी राज्यको सिद्धान्तको मान्यतामा सम्पूर्ण न्यायिक सवालहरूको कार्य गर्नेछन्।

अ. संघीय न्यायालय (Federal Court)

सङ्घीय न्यायालयले गम्भीर प्रकृतिको कानुनी सवाल, संवैधानिक सवालहरू, अन्तरराज्य सम्बन्धी सवालहरू, राष्ट्रिय स्रोत साधनको व्यवस्थापन र प्रयोग सम्बन्धी विषयहरू मात्र हेर्ने अदालतको रूपमा विकास गरिनेछ।

आ. राज्य उच्च न्यायालय (State High Court)

स्वायत्त राज्यको छुट्टै न्यायपालिका हुनेछ। स्वायत्त राज्यहरूमा दोहोरो न्याय व्यवस्था हुनेछैन। यो कुनै सर्वोच्च निकायका शाखाको रुपमा पनि नरही स्वतन्त्र रहनेछ। उच्च न्यायालयअन्तर्गत् इलाका न्यायालय तथा परम्परागत न्यायालय रहनेछ। यसलाई पूर्ण अधिकारसहितको प्रभावकारी अदालको रूपमा विकास गरिनेछ।

इ. इलाका न्यायालय (Regional Court)

परम्परागत साँस्कृतिक मूल्य मान्यतामा आधारित न्यायव्यवस्था (Court Based on Customary Law) लाई पनि मान्यता दिइनेछ। तर, यसको अध्ययन, अनुगमन र सुपरिवेक्षण इलाका न्यायालयले गर्नेछ।

३. धर्मनिरपेक्ष राज्य र धार्मिक स्वतन्त्रता

राज्य पूर्णरुपले धर्म निरपेक्ष रहनेछ। सबै नागरिकलाई आफ्नो आस्थाअनुसार धर्म मान्ने वा नमान्ने स्वतन्त्रता रहनेछ। धर्मलाई व्यक्तिगत विश्वास र आस्थाको विषय मानिनेछ। कसैमाथि पनि धार्मिक आस्थाको आधारमा भेदभाव गरिने छैन। वर्तमान एकात्मक मुलुकमा धर्मको नाममा राज्यपक्षबाट भइरहेको सबैखाले विभेदको अन्त्य गरी समान धार्मिक सद्भाव कायम गरिनेछ। सामाजिक, धार्मिक सहिष्णुताको वातावरण कायम राख्नु राज्यको कर्तव्य हुनेछ।

४. नागरिकता

सङ्घात्मक प्रणाली लागु भएपछि सङ्घ र राज्यको गरी प्रत्येक नागरिकले दुई नागरिकता प्राप्त गर्नेछ। सङ्घीय नेपालको नागरिकता पाउन देशभर साझा नागरिकताको नीति अवलम्बन गरिनेछ। सबै नेपाली नागरिकलाई विना भेदभाव र सहज ढङ्गले एकै प्रकारको नागरिकता प्राप्त गर्ने अधिकार हुनेछ। स्वायत्त राज्यहरूमा दिइने नागरिकताको अधिकार सम्बन्धित राज्यको व्यवस्थापिकालाई रहनेछ।

५. मौलिक हक

सङ्घीय लोकतान्त्रिक गणतन्त्र सहितको नयाँ नेपालमा निम्न मौलिक हकको व्यवस्था कायम हुनेछ :-

- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतामा सबै नागरिकको मौलिक हक हुनेछन्।
- महिलाहरूलाई पैतृक सम्पत्तिलगायत सबै क्षेत्रमा पुरुषसरह समान अधिकार हुनेछ, प्रजनन र सम्बन्ध बिच्छेदको अधिकार महिलामा निहित रहने, बालबालिकाहरूलाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ।
- युवाहरूलाई शारीरिक, मानसिक र व्यक्तित्व विकासको निम्ति राज्यबाट सहयोग प्राप्त गर्ने हक रहनेछ।
- बृद्धबृद्धा र असहाय नागरिकहरूलाई राज्यबाट हेरचार र संरक्षण प्राप्त गर्ने हक, सबै प्रकारका अपाङ्गहरूलाई पहिचान, सम्मान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ।
- लोपोन्मुख र सीमान्तकृत जाति र समुदायलाई आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने र राज्यबाट आवश्यक सहयोग प्राप्त गर्ने हक रहनेछ।
- दुर्गम, पिछडिएका र उत्पीडित क्षेत्रका जनतालाई विकासको समान अवसर, राज्यका अङ्गमा समानुपातिक सहभागिता र सम्मान प्राप्त गर्ने हक रहनेछ।
- दलितहरूलाई छुवाछूत तथा सामाजिक भेदभाव विरुद्धको हक हुनेछ।
- नागरिकहरूको आत्म-रक्षाको हक, मानवीय सम्मानको हक, परिवारको हक, सामाजिक सुरक्षाको हक, मनोरञ्जन तथा विश्रामको हक साथै सबैलाई समानताको हक, शोषण विरुद्धको हक, गोपनियताको हक, सामाजिक तथा जातीय भेद्भाव विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्वन्धी हक, सम्पत्तिको हक आदिको ग्यारेन्टी गरिनेछ।

६. प्रेस स्वतन्त्रता / सूचना तथा सञ्चार

स्वतन्त्र, निष्पक्ष र विश्वसनीय प्रेसको अवधारणालाई अघि बढाइनेछ। प्रेसमाथि राज्य र बाह्य पक्षबाट हुने गरेका सबै प्रकारका हस्तक्षेपलाई निषेध गरिनेछ। यसका साथै निम्नलिखित काम गरिनेछ :-

- बदलिँदो परिस्थितिअनुरुप आधुनिक राष्ट्रिय सञ्चार नीति अवलम्बन गरिनेछ।
- आम जनताको पहुँच पुग्ने गरी हुलाक, टेलिफोन, इमेल / इन्टरनेट, टेलिभिजन, रेडियोजस्ता सञ्चारका माध्यमहरूको विकास र विस्तार गरिनेछ। सबै भाषालाई समान रुपमा प्रयोग गर्ने गराउने नीति लिइनेछ।
- एफ. एम. रेडियोलाई मुलुकका सबैभागमा विस्तार गर्ने र सामुदायिक रेडियो प्रणालीलाई सुदृढ बनाइनेछ।
- सामान्य उद्योगजस्तै आम सञ्चारगृहलाई नाफामुखी व्यवसाय बनाउने प्रवृत्तिको अन्त्य गरी श्रमजीवि पत्रकार ऐन र सूचनाको हकसम्बन्धी ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ।
- सबै स्वायत्त क्षेत्रहरूमा सञ्चार ग्राम स्थापना गरिनेछ।

७. शिक्षा नीति

नेपालमा विद्यमान एकात्मक शिक्षाप्रणाली अव्यवहारिक एवम् एकपक्षीय छ। यो एकात्मक शिक्षाप्रणालीको पहिलो उद्देश्य नै यहाँका आदिवासी मातृभाषीहरूको अस्तित्व मेटाउने हो। यस्तो खालको एकात्मक नीतिले देशलाई प्रेम गर्ने होइन, बरू चुस्ने तथा सहर, शक्ति र पैसाको वरिपरि भुम्मिने भीडमात्र तयार गरिरहेको छ।

नयाँ नेपालमा सङ्घीयवादी शिक्षा प्रणाली लागू गरी सबैलाई गुणस्तरीय, वैज्ञानिक तथा व्यवहारिक शिक्षा प्रदान गर्ने नीतिको व्यवस्था गरिनेछ। कसैलाई पनि जाति, धर्म र वर्णको आधारमा शिक्षाको अवसरबाट रोकावट गरिने छैन।

- शिक्षामा भइरहेको व्यापारीकरणको अन्त्य गरिनेछ।
- शिक्षामा सबैको मौलिक अधिकार स्थापित गरिनेछ।
- स्वायत्त राज्यहरूमा स्वायत्त विश्व विद्यालयहरूको स्थापना हुनेछ।
- प्राविधिक शिक्षा र खोज अनुसन्धानमुलक शिक्षामा जोड दिइनेछ।
- विद्यालयदेखि विश्वविद्यालयसम्म ऐच्छिक रुपमा बहुभाषिक नीतिको अवलम्बन गरिनेछ।

८. स्वास्थ्य

स्वस्थ रहनु मानिसको आधारभुत आवश्यकता हो। जनता स्वस्थ भए सोंच, विचार र कार्यकलाप पनि स्वस्थ हुन्छ। अतः अस्वस्थ भएर महँगो उपचारमा खर्च गरी समय र सम्पत्ति दुबैको खर्च गर्नुको सट्टा अस्वस्थ हुनबाटै रोक्ने खालको अग्रीम स्वास्थ्य सेवा र परामर्शको व्यवस्था गरिनेछ। मानिस शारीरिक रुपमा मात्र नभएर मानसिक तथा आर्थिक रुपमा पनि स्वस्थ रहने खालको नीति अवलम्बन गरिनेछ।

प्रत्येक स्वायत्त राज्यहरूमा सबै प्रकारको रोगको उपचार हुने विशेष अस्पतालहरू राज्यका विभिन्न इलाकाहरूमा स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

गाउँ र दुर्गम क्षेत्रमा पनि स्वास्थ्य सेवा पुऱ्याउन तालीम प्राप्त योग्य डाक्टर तथा नर्स र सहयोगी परिचारिकाहरू रहने व्यवस्था गरिनेछ। स्तरीय स्वास्थ्य सेवा धनीको पेवा बन्दै गइरहेको परिप्रेक्ष्यमा सबै जनताको पहुँच पुग्ने गरी सबै स्वायत्त राज्य र इलाकाहरूमा सर्वसुलभ तथा सस्तो स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।

असहाय, अपाङ्ग र गरिव दुःखीहरूको अवस्था हेरी निःशुल्क उपचारको व्यवस्था गरिनेछ। आधारभुत स्वास्थ्योपचारको लागि सबै जनतालाई निःशुल्क औषधि र उपचारको व्यवस्था गरिनेछ।

९. महिला तथा बालबालिका

पुरुषप्रधान समाजको लामो कालखण्डको विभेदले अहिलेनै महिलालाई पुरुषसरह समान प्रतिस्पर्धा गराउन न्यायोचित नहुने भएकोले लिङ्गीय विभेदको अन्त्य गर्न **'महिलालाई नेतृत्वको अवसर'** नीति बनाई लैङ्गीक विभेदको अन्त्य गरिनेछ। राज्यको हरेक अङ्गमा ५० प्रतिशत महिलाको सहभागिता वा प्रतिनिधित्वको सुनिश्चिता गरिनेछ।

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, उत्पीडनको अन्त्य गरिनेछ। वादी, कमलरी, देउकी, भुमा, छाउपडी आदि प्रथाको अन्त्य गरिनेछ। महिलालाई पैतृक सम्पत्तिलगायत समाज, अर्थतन्त्र र राज्यका हरेक संरचनामा समान सहभागिताको ग्यारेन्टी गरिनेछ। व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरुदण्ड मानिने सेना, प्रहरी लगायतको सुरक्षा निकायमा समानुपातिक सहभागिताको नीति अवलम्बन गरिनेछ। जग्गा, लालपुर्जा र नागरिकतामा महिला पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ। बालबालिकाको संरक्षण र उचित शिक्षा दीक्षाका लागि राज्यबाटै विशेष नीति बनाई लागु गरिनेछ। बालअधिकारको ग्यारेन्टी गर्न बाल अदालतको गठन गरिनेछ। बालबालिकाको लागि उच्च शिक्षा र स्वास्थ्यको ग्यारेन्टी राज्यबाटै गरिनेछ।

१०. युवा वर्ग

जातीय मुक्ति आन्दोलन करिब अढाईसय वर्षपछि अहिलेको यो उचाइमा पुग्नुको पछाडि युवाहरूको उल्लेखनीय भूमिका रहेको छ। युवाहरूको सङ्गठित र ऐतिहासिक कार्यलाई कदर गरिनेछ।

युवा पुस्तालाई विश्वास नगर्ने र जिम्मेवारी नदिने हाम्रो नेपाली शासकहरू र नेपाली समाजको सोचाइले गर्दा आज नेपाली युवाहरूले ठूलो मानसिक पीडा भोगिरहनु परेको छ। कहिले पनि विदेशी शासनमुनि नबसेका नेपालका युवाहरू आज रोजगारीको लागि अरबको मरुभूमि, हङ्कङ्ग, बेलायत, अमेरिका, जापान, र भारत आदि देशमा गई विदेशीहरू सामू आफ्नो स्वाभिमान बेचेर झुकिराखेका छन्। गाउँगाउँका युवाहरू वेरोजगारीको समस्याले गर्दा तास, जूवा र जाँड रक्सीको कुलतमा फसेका छन्-भने सहरका युवाहरू फेन्सिडिल, हिरोइन, चरेस, गाँजाआदिजस्ता कडा नशालु पदार्थको कुलतमा फसेका छन् र कतिपय युवतीहरू देहव्यापार जस्तो घृणित पेशामा पनि संलग्न छन्। पढे लेखेका युवाहरू जागिर खान खोज्दा एउटा साधारण पदको लागि हजारौं घुस दिनुपर्ने कारणले गर्दा निराश भएर घरमै थन्किएका छन्।

कुनै पनि देशको भविष्य त्यस देशको युवा शक्ति माथि अडेको हुन्छ किनकि युवा भनेका आसा र भरोसाका केन्द्र हुन्। तर, नेपालका शासकहरूले योजनावद्ध ढङ्गले युवाहरूलाई परिचालन गर्न नसकेकोले गर्दा नेपाली युवाहरू राष्ट्रका लागि बोझझैं बनेका छन्। अब बन्ने नेपालको नयाँ संविधानमा युवाहरूको तमाम् समस्या तथा सवालहरूलाई सम्बोधन गरी समाधन गर्ने किसिमको नीति नियम तर्जुमा गर्नुपर्दछ। युवाहरूको सम्पूर्ण समस्यालाई व्यवस्थित गर्न, शिक्षा, स्वास्थ्य, रोजगारी तथा शारीरिक र मानसिक विकास आदिका लागि राज्यद्वारा विशेष नीति अपनाई योजना तर्जुमा गरिनेछ। यसलाई प्रत्येक स्वायत्त राज्यहरू आफैंले पनि संवेदनशीलताका साथ ग्रहण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

११. दलित, उत्पीडित

दलित समुदायहरू बहुलवादी नेपाली समाजको अभिन्न अङ्ग रहेको स्वीकार गरी ती समुदायलाई गरिदैं आएका छुवाछूतजस्ता अत्यन्तै अमानवीय सामन्ती मान्यता र अहिलेसम्म राज्यले गरेको विभेदको समूल अन्त्य गरी न्यायपूर्ण अधिकारसहित राज्यका सबै संरचनाहरूमा प्रतिनिधित्वको ग्यारेण्टी गरिनेछ। दलितहरूमाथि हुने छुवाछूत-लगायतका सबै भेदभावहरूको कानुनी र व्यवाहारिक रुपमै पूर्ण अन्त्य गरी पुरै देशलाई छुवाछूत मुक्त इलाका घोषणा गरिनेछ र छुवाछूत गर्नेहरू माथि मानवताविरुद्ध अपराधको कडा कानुनी कार्वाही गरिनेछ।

१२. आदिवासी जनजातिहरूको हक अधिकार

क. आदिवासी जनजातिहरूलाई संयुक्त राष्ट्रसङ्घको बडा पत्र, मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूद्वारा प्रदत सम्पूर्ण मानव अधिकारहरू तथा मौलिक स्वतन्त्रता र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को आदिवासी जनजातिहरू सम्बन्धी अभिसन्धि नं. १६९ को पूर्ण एवम् प्रभावकारी उपयोग गर्ने अधिकारलाई सुनिश्चित गरिनेछ।

ख. आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार हुनेछ। उक्त अधिकारलाई स्वतन्त्रतापूर्वक आफ्नो राजतनीतिक मान्यता निर्धारण गर्न र आफ्नो आर्थिक, सामाजिक एवम् साँस्कृतिक विकास गर्ने सुनिश्चितता गरिनेछ।

ग. आदिवासी जनजातिका अधिकारहरूलाई सुनिश्चित गर्न उच्चस्तरीय आदिवासी जनजाति आयोग गठन गरिनेछ।

१३. प्राकृतिक स्रोत साधनः जल, जङ्गल र जमिन

आदिवासी जनजातिहरूको परम्परादेखि स्वामित्वमा रहँदै आएको वा ओगट्दै आएको जल, जङ्गल, जमीन तथा प्राकृतिक स्रोत-साधनमाथिको हकअधिकारलाई अग्राधिकारको रुपमा राज्यले सुनिश्चितता गर्ने र अन्य जातजातिहरूलाई प्रयोग गर्न न्यायिक व्यवस्था गरिनेछ।

१४. अग्राधिकार/विशेषाधिकार

क. जल, जङ्गल, जमिन (प्राकृतिक स्रोत साधन) मा स्वायत्त राज्यभित्रका स्थानीय आदिवासी–हरूको अधिकार सुनिश्चित गरिनेछ।

ख. स्वायत्त राज्यभित्रको जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा संरचना गरिएको स्वायत्त राज्यको सरकारी कामकाजको भाषा सोही जाति वा भाषीको सुनिश्चित गरिनेछ। साथै, आ–आफ्ना सीमा क्षेत्रभित्रका सम्पूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय महत्त्व राख्ने नामहरू आ–आफ्ना भाषाबाट नामकरण गरिनेछ।

१५. आदिवासी जनजाति, लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट आन्दोलन

लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहटलगायत सिङ्गो आदिवासी जनजाति आन्दोलनमा शहीद र घाइते भएकाहरूलाई राज्यको तर्फबाट राष्ट्रिय सम्मान तथा अन्य विशेष योजना ल्याइनेछ। घाइते तथा शहीद परिवारलाई उचित क्षतिपूर्ति, रोजगार तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। घाइतेहरूलाई निःशुल्क उपचार सेवा तथा अन्य राहतको व्यवस्था राज्यद्वारा गराइनेछ।

१६. भूमि नीति तथा व्यवस्था

सङ्घात्मक राज्यसंरचना अन्तर्गत बन्ने नयाँ नेपालमा सङ्घीय भूमि सुधारको व्यवस्था लागु गरिनेछ। भूमिमा आदिवासीहरूको अधिकार संयुक्त राष्ट्रसङ्घको बडापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि १६९ अनुसार कायम गरिनेछ। गैर आदिवासीहरूलाई बसोबासको अवस्थाको आधारमा सम्मानपूर्वक न्यायिक हकको व्यवस्था गरिनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा विभेद र उत्पीडनमा परेका नेपालका सम्पूर्ण जातजातिहरूलाई राजनीतिक रुपमा मुक्त गरिसकेपछि समुन्नत नेपालका लागि आर्थिक क्रान्तिलाई सशक्तताका साथ अगाडि बढाइने छ। त्यस आर्थिक क्रान्तिको पहिलो आधार भनेको नेपालको भूमि नै हुनेछ। नेपालको हिमाली क्षेत्रको भूमिलाई पर्यटन, जडीबुटी उत्पादन र विकासको लागि; पहाडी क्षेत्रको भू–भागलाई आवास, औद्योगिक क्षेत्र, जडीबुटी उत्पादन र फलफूल खेतीको लागि र तराई क्षेत्रको भू–भागलाई आधुनिक कृषिकरण, आवास र औद्योगीकरणको लागि राज्यस्तरबाटै पहिलो दशकमा मझौला र अर्को दशकमा ठूला परियोजनाहरू बनाई स्वराष्ट्र आत्मनिर्भर अर्थतन्त्रको लागि भूमिलाई सदुपयोग गरिनेछ।

१७. भाषिक नीति

देशभरि नै त्रैभाषिक नीति लागू गरिनेछ। नेपाल वहुभाषिक मुलुक भएकाले यहाँका सबै भाषाहरूलाई राष्ट्रिय भाषाको रुपमा स्थापित गरिनेछ। सङ्घीय संरचनाभित्र कुन राज्यमा कुन कामकाजको भाषा र कुन सम्पर्क भाषा हुने भन्ने निर्णय गर्ने अधिकार सम्वद्ध राज्यको व्यवस्थापिकालाई रहनेछ।

१८. साँस्कृतिक नीति

बहुलवाद र वहुसंस्कृतिवादमा आधारित सांस्कृतिक नीति अपनाई सबै जाति र समुदायको संस्कार, संस्कृतिको उत्थान, संरक्षरण–सम्वर्द्धन र विकासको वातावरण हुने सांस्कृतिक नीतिको अवलम्बन गरिनेछ।

१९. खेलकुद नीति

खेलकुदले मानिसको शारीरिक तथा मानसिक विकासका साथै आपसी सद्भाव र सहयोगमा समेत टेवा पुऱ्याउँदछ।

विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलहरूमा नेपाली खेलाडीहरूलाई सहभागिता गराउन सहयोग र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ। यसै परिप्रेक्ष्यमा आदिवासी जनजातिका परम्परागत साँस्कृतिक खेलहरूको पनि उत्तिकै सम्मानका साथ उत्थान, संरक्षण र विकासमा सहयोग पुऱ्याइनेछ। यसका लागि प्रत्येक स्वायत्त राज्यहरू आफैले आवश्यक नीति नियमहरू बनाई कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था गरिनेछ।

२०. आर्थिक नीति

नयाँ नेपालमा आर्थिक क्रान्ति गरी दिगो विकासको लागि सङ्घीय अर्थतन्त्रको व्यवस्था लागु गरिनेछ। वर्तमान एकात्मक नेपालमा सम्पूर्ण राजनीतिक अधिकार केन्द्रमा मात्र केन्द्रीत भएकोले शतप्रतिशत आर्थिक योजनाहरू काठमाडौंमा मात्र बन्छन्। यो आर्थिक नीतिले एक क्षेत्रमा मात्र इकोनमिक जोनको निर्माण गर्ने भएकोले केन्द्रबाहिरको क्षेत्रमा इकोनमिक जोनहरूको निर्माण हुन सक्दैन र प्रगतिशील अर्थतन्त्रको विकास हुन सक्दैन। नयाँ नेपालको निर्माण स्वायत्त राज्यहरूको आधारमा बन्ने भएकोले स्वायत्त राज्यको राजनीतिक शक्ति केन्द्रहरूमा त्यसअन्तर्गतका स्वायत्त क्षेत्रहरूमा बढी भन्दा बढी इकोनमिक जोनहरूको निर्माण गरिनेछ। विश्वको आर्थिक प्रगतिलाई हेर्दा आर्थिक बृद्धिको लागि कुनै विशुद्ध राजनीतिक वादभन्दा पनि प्रगतिशील राष्ट्रवादको नै महत्त्वपूर्ण भूमिका रहेकोले नयाँ नेपालको सङ्घीयवादी अर्थतन्त्रका इकोनमिक जोनहरूद्वारा आर्थिक उन्नतिमा फड्को मार्न प्रगतीशिल बहुलवादी राष्ट्रवादको निर्माण गरिनेछ। साम्राज्यवादी र विस्तारवादी ग्लोवल इकोनमिले कम गतिमा रहेका मुलुकका अर्थतन्त्रलाई सजिलै निलिरहेको बेला नयाँ नेपालको सङ्घीय अर्थतन्त्रले साम्राज्यवादी र विस्तारवादी ग्लोवल इकोनमिलाई सकारात्मक प्रतिरोध गरिदिनेछ र नेपालको अर्थतन्त्रलाई दिगो रुपमा अगाडि बढाउनेछ।

२१. राष्ट्रियता र परराष्ट्र नीति

नेपाल राष्ट्रको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र गौरवलाई प्रमुख आधार मानी असंलग्न परराष्ट्र नीति अवलम्बन गरिनेछ। वैदेशिक सम्बन्धलाई अन्तराष्ट्रिय कुटनीतिक सम्बन्धको मान्यताका आधारमा परस्पर सहयोग र सद्भावको कायम गरिनेछ। छिमेकी मित्रराष्ट्रहरूसँग पारस्परिक सम्मान, समानता र समानुपातिक लाभको आधारमा मित्रता कायम गरिनेछ। सन १९५० लागायतका असमान र अपमानकारी सन्धि र सम्झौताहरूलाई खारेज गरी पारस्परिक सम्मान, समान लाभका आधारमा नयाँ सन्धिहरू गरिनेछ।

सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र राष्ट्रिय हित, संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशील आदिलाई आधार मानी असंलग्न परराष्ट्र नीतिलाई अवलम्बन गर्दै परराष्ट्र सम्बन्धलाई विकास र विस्तार गर्नुपर्दछ। यसबारे निम्न कार्यहरू गरिनेछ :-

- मित्रराष्ट्रहरूसँग समानता, पारस्परिक सम्मान र लाभका आधारमा मित्रता कायम गरिनेछ।
- भारतसँग भएको सन् १९५० को सन्धि र अरू सबै असमान सन्धिहरू खारेज गरिनेछ।
- लिम्बुवानका विभिन्न भूमिमा शरणार्थी जीवन बिताइरहेका भुटानी शरणार्थीहरूलाई निर्वाध रुपमा आफ्नो देश फर्कन पाउने कुराको समर्थन गर्दै फर्काउने वातावरणको लागि पहल गर्ने।
- अब बन्ने स्वायत्त राज्यहरूलाई छुट्टै वाणिज्य र साँस्कृतिक दूतहरू राख्न र विदेशी दातृ निकाय वा राष्ट्रहरूसँग सोझै सम्बन्ध राखी सहयोग लिनदिन पाउने व्यवस्था गर्ने।

२२. कृषि व्यवसाय

खेती किसानी नेपालका बहुसङ्ख्यक ग्रामीण जनताको जीवनयापन गर्ने प्रमुख आधार हो। सिँचाइको असुविधा, परम्परागत खेती पद्धति र पुरानै बीउ वीजन तथा प्राङ्गारिक मल र कृषि शिक्षाको अभावले लाखौं किसानको पौरख र पसिना त्यसै खेर गइरहेको छ। यस विषयलाई गम्भीरतापूर्वक लिएर स्वायत्त राज्यहरूको स्थापनापश्चात् सो स्वायत्त राज्यको स्थानीय परिवेश र भौगोलिक अवस्था हेरी विशेषज्ञहरूको परामर्श लिएर त्यहाँको माटो, हावा, पानी अनुसार उत्पादन हुनसक्ने बालीनाली, बीउवीजन र मलजलको पहिचान गरेर सिफारिस गरिनेछ।

कृषि उत्पादनमा नयाँ विधिको अवलम्बन गर्दा त्यहाँको आदिवासी संज्ञानको समेत अनुसरण गरिनेछ। विना परिक्षण अव्यवहारिक रुपमा प्रयोग गरिने रासायनिक युरिया मलको सट्टा घरेलु प्राङ्गारिक तथा कम्पोष्ट मलको प्रयोग गरी माटेको उर्वरा शक्तिलाई ह्रास हुनबाट बचाएर निरन्तर उत्पादन कायम राख्ने विधि अपनाइनेछ।

प्रत्येक स्वायत्त राज्यहरूले राज्यस्तरबाटै कृषि विज्ञान र अनुभवी किसानहरूको नेतृत्वमा कृषि सम्बन्धी विशेष अध्ययन र अनुसन्धानका अभियानहरू निरन्तर रुपमा सञ्चालन गरिनेछ। कृषिबाट उत्पादित बाली, अन्न र फलफुलको उचित बजार व्यवस्था गरिनेछ। कृषि सडक र विशेष अन्न तथा फलफूल भण्डारणको व्यवस्था हुनेछ। आधुनिक ज्ञान, सीप र प्रविधिहरूको प्रयोग गरी कृषि उत्पादनमा सुधार र विकास गरिनेछ। हालको निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरण गरिनेछ। सबै स्वायत्त राज्यहरूमा किसानहरूलाई आर्थिक सहयोग र सहुलियतका लागि कृषि विकास बैंक, सहकारी बैंक आदिको स्थापना गरी भर अभरमा सहयोग गरेर कृषि उत्पादनमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

२३. विज्ञान तथा प्रविधि

विकसित र अविकसित राष्ट्रबीचको फरक भनेको ती देशहरूको विज्ञान प्रविधिको विकासको स्थितिमा रहेको अन्तर हो। यस बारेमा हाम्रो निम्न नीतिहरू रहेन छन्।

- विज्ञान तथा प्रविधि क्षेत्रमा विशेष योजना तथा बजेटको व्यवस्था गरी अध्ययन, अनुसन्धान गर्ने गराउने,
- वैज्ञानिक, डाक्टर, इन्जिनियर, पाइलट र नर्स आदिको विदेश पलायनलाई रोक्न विशेष कार्यक्रम ल्याउने,
- राष्ट्र विकासको हरेक प्रकृयामा विज्ञान प्रविधिको आधुनिक विकासलाई अवलम्बन गर्ने,
- मुलुकको आधुनिकीकरणमा जोड दिने,
- प्रत्येक स्वायत्त राज्यहरूमा विज्ञान र प्रविधि सम्बन्धी तालिम केन्द्र वा विशेष अध्ययन केन्द्रको व्यवस्था गरिनेछ।
- आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप र प्रविधिलाई वैज्ञानिकीकरण गरी उत्पादन तथा कार्यक्षमताको विकास गरिनेछ।

२४. उद्योगधन्दा र कल–कारखाना

स्वायत्त राज्यहरूको स्थानीय स्रोत–साधन, आदिवासी संज्ञान, सीप र कलामा आधारित विभिन्न उद्योगधन्दा तथा कल कारखानाको स्थापना र सञ्चालन गर्ने नीति अख्तियार गरिनेछ। राष्ट्रियस्तरकै ठूलठूला उद्योगधन्दाहरू खोल्दा सकेसम्म सबै स्वायत्त राज्यहरूको समेत राय र सुझाव लिने दिने व्यवस्था गरिनेछ। विशेष बहुराष्ट्रिय कम्पनीद्वारा उत्पादित कल कारखाना सञ्चालनका लागि केन्द्र र सम्वद्ध स्वायत्त राज्य सरकार दुबै पक्षको सहमति र सहभागितामा हुनेछ।

२५. पर्यटन व्यवसाय

मनोरम प्राकृतिक दृश्य, विविध साँस्कृतिक धरोहर र बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक नेपाल साँच्चिकै पर्यटनको प्रवल सम्भावना बोकेको मुलुक हो। विश्वकै सर्वोच्च शिखर सगरमाथालगायतका हिम शिखरहरू, नदी नाला र ताल तलाउले सजिएको नेपाल विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र हो। विश्वशान्तिका अग्रदूत महामानव गौतम बुद्धको जन्म तथा कर्मभूमि भएको साथै अन्य पनि थुप्रै धार्मिक समुदायहरू भएकोले धार्मिक रुपमा पनि नेपाल पर्यटनको केन्द्र हो।

सङ्घीय स्वायत्तासहितको नेपाल बनेपछि सबै स्वायत्त राज्यहरूमा जाँदा एकै पर्यटकले धेरै किसिमका नयाँ चासो र ज्ञानगुनका कुराहरू पाउन सक्दछ। ती स्वायत्त राज्यहरूले पनि आयस्रोतको महत्त्वपूर्ण माध्यमका रुपमा पर्यटन व्यवसायलाई विकास गर्नसक्ने नीतिको अख्तियार गरिनेछ। साथै, पर्यटकहरू नेपालका प्रत्येक स्वायत्त राज्यहरूमा रहँदा बस्दा उनीहरूको जीउधनको सुरक्षा र सम्मानको वातावरण बनाइने व्यवस्था हुनेछ।

विदेशी पर्यटकहरूको आगमनले परम्परादेखि चलिआएको साँस्कृतिका कार्यकलाप –हरूमा पनि केही असर पर्नसक्ने सम्भावनालाई मध्यनजर गर्दै त्यसका लागि अग्रीम सावधानी र विशेष व्यवस्था गरिनेछ। यहाँको आदिवासी जनजाति र अन्य सबैका कला संस्कृति आदिलाई विश्वमा फैलाउन पर्यटन व्यवसायलाई साधनको रुपमा समेत उपयोग गर्ने नीति लिइनेछ।

२६. व्यापार व्यवसाय

व्यापार व्यवसाय आय आर्जनको प्रमुख माध्यम हो। राज्यको एकात्मक सामन्ती संरचनाको कारणले गर्दा व्यापार व्यवसायमा सबै जाति, वर्ग र क्षेत्रको समान पहुँच पुग्न सकेको छैन। सबैले समान अवसर पाएका छैनन्। देशको सबै भागमा उत्पादन हुने नगदेबाली तथा अलैची, अदुवा, अम्लिसो, चिया र जडिबुटी आदिले उपयुक्त बजार पाउन सकेको छैन। स्वदेशमा उत्पादित फलफूल त्यतिकै कुहिएर नष्ट भइरहेको बेला नेपाली जनताले नै महँगो मूल्य चुकाएर विदेशबाट आयात गरिएको चिजबीजहरूको उपभोग गर्नुपर्ने बाध्यता सिर्जना गरिएको छ। यी सबै सामन्ती, घुसखोरी, कालोबजारीयाहरूको कुटील कमाल हो।

यी र यस्ता तमाम व्यापारिक तथा व्यवसायिक समस्याहरूको सही पहिचान गरेर समाधान गरी व्यापार र व्यवसायमा हरेक वर्ग र क्षेत्रका जनतालाई उत्तिकै अवसर र सहयोग प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

यसका साथै, ग्रामीण भेगमा त्यहाँका आदिवासी जनजाति, दलित र महिलाहरूले आफ्नो घरमा बसी बसी तयार गर्ने विभिन्न किसिमका सामग्री कपडा, हस्तकलाका सामान, ढाकाका सामग्री र थाङ्का आदिवस्तुको उत्पादनमा क्षमता अभिवृद्धि गरी व्यवसायीकरण गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

२७. रोजगारी

देशको अत्यधिक उर्जाशील श्रम शक्तिलाई सदुपयोग गरी नयाँ नेपालको आर्थिक क्रान्ति गर्न राज्यको तर्फबाट अल्पकालीन र दीर्घकालीन श्रमप्रधान विकास निर्माण योजनाहरू तयार गरिनेछ। श्रमप्रतिको उचित ज्यालाको व्यवस्था राज्यबाटै तय गरी श्रमप्रतिको सम्मान र विश्वास गुम्दै गएको नेपाली समाजलाई श्रम र रोजगारप्रति इमान्दार बनाइनेछ।

२८. यातायात

यातयात नयाँ नेपालको निर्माणपछि आर्थिक क्रान्तिको मुख्य आधार हुने भएकोले मुलुकका सबै दूर्गम जिल्लाहरू जोड्ने स्थल सडक मार्ग, हवाइ मार्ग र रोप-वे (रज्जु मार्ग) लाई विशेष प्राथमिकता दिइनेछ। पहाडी जिल्लाहरूमा हवाई यातायात सुगम र सरल बनाइनेछ। नेपालको उद्योगलाई विश्वव्यापीकरण गर्न चीन र भारतसँगको रेलमार्ग जोडिनेछ।

२९. सिंचाई

नेपालमा रहेको परम्परागत कृषि व्यवसायलाई आधुनिकीकरण गरिनेछ। आकाशको पानीको भरमा खेती गनुपर्ने समस्याको अन्त्य गर्न आधुनिक सिँचाइ प्रणालीको विकास गरिनेछ। सिँचाईको व्यवस्था र विकास गर्दा स्थानीय जनसमुदाय तथा आदिवासी ज्ञान र सीपको समेत अधिकतम उपयोग गर्ने नीति अबलम्बन गरिनेछ।

३०. जलस्रोत तथा जलविद्युत

नेपाल जलस्रोतले अति सम्पन्न मुलुक हो। जलस्रोतको उपयोगले मात्रै पनि हाम्रो देश विश्वकै धनी देश बन्नसक्ने सम्भावना छ। तर, यही देशका जनता आज अँध्यारोमै बाँच्न विवश छौं। बगिजाने नदी नालालाई हेरी पठाउन सिवाय केही गर्न सकिरहेका छैनौं। अतः अब जलस्रोत र जलविद्युतको विकासलाई नयाँ नेपाल निर्माणमा एक मुख्य आधार बनाउने नीति अवलम्बन गरिनेछ। ग्रामीण विद्युतीकरणमा जोड दिई साना तथा मझौला जलविद्युत आयोजनालाई प्रोत्साहन गरिनेछ।

३१. राष्ट्रिय सुरक्षा बारे

मुलुकको आन्तरिक शान्ति सुरक्षा र बाह्य सीमा सुरक्षा राष्ट्रिय सुरक्षा नीतिको मूल विषय हुनेछ। गम्भीर जनविद्रोह, वित्तीय महासङ्कट, प्राकृतिक विपत, खाद्य एवम् उर्जा सङ्कट आदिबाट उत्पन्न हुनसक्ने सुरक्षा सङ्कटसमेतलाई ध्यानमा राखी राष्ट्रिय सुरक्षा नीतिको तर्जुमा गरिनेछ। मुलुकको गम्भीर र सामान्य दुबै अवस्थामा शान्ति सुरक्षाको जगेर्ना गर्ने जिम्मेवारी सेना र सुरक्षा बलको मात्र नभई सम्पूर्ण नेपाली जनताको हो भन्ने मान्यता कायम गरी सुरक्षा नीति बनाइनेछ।

३२. सेना

हाल रहेका सबै खाले सेनाहरूको उचित छानवीन र पहिचान गरी एकै ठाउँमा समायोजन गर्ने नीति लिइनेछ। राज्यको पुनर्संरचना र स्वायत्त राज्यहरूको स्थापनासँगै सेनाको हालको संरचनामा पनि आमूल परिवर्तन गरिनेछ। सेनाहरूको भर्ति र परिचालन सम्बन्धी परम्परागत धारणामा परिवर्तन ल्याई जनताको हितानुकूलको नेपाली सेना बनाउने नीति अख्तियार गरिनेछ। सेनामा सबै जाति, क्षेत्र र समुदाय तथा लिङ्गको समानुपातिक सहभागिता गर्ने गराउने नीति लिइनेछ। नयाँ नेपालका सेनाहरू साँचो अर्थमै जनताका सहयोगी मित्र राष्ट्रसेवकको रूपमा विकास गर्ने नीति लिइनेछ।

३३. मानव अधिकार

मानव अधिकार बीसौं शताब्दीको सर्वोच्चं उपलब्धि हो। मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्रसङ्घका मानव अधिकारसम्बन्धी सम्झौता र अभिसन्धिहरूको आधारमा मानव अधिकारको सुनिश्चितता गरिनेछ। मानवअधिकार आयोगको भूमिकालाई सङ्घीय राज्य र स्वायत्त राज्यहरूमा प्रभावकारी रुपमा कार्यान्वयन गराइनेछ। मानव अधिकारको कुरा र कार्यान्वयन गर्दा स्थानीय आदिवासी जनजातिहरूको परम्परागत साँस्कृतिक मूल्य मान्यताहरूको पनि ख्याल र सम्मान गरिनेछ।

मान्छेलाई जात, भाषा, धर्म, वर्ण र लिङ्गको आधारमा कुनै पनि किसिमको भेदभाव गर्नु हुँदैन भन्ने संयुक्त राष्ट्र सङ्घको मानव अधिकार घोषणा पत्रलाई अक्षरशः लागु गरिनुपर्छ भन्ने हाम्रो पार्टीको अडान रहेको छ। कुनै पनि धर्म वा राजनीतिक सिद्धान्तको नाममा मानव अधिकारलाई कुण्ठित गरिनु खोजियो भने त्यो हाम्रो पार्टीको लागि अमान्य हुनेछ।

राष्ट्रको भविश्य बोकेर आएका बालबालिकाहरू र आफ्नो सम्पूर्ण जीवन राष्ट्रलाई दिएका वृद्ध वृद्धाहरूको अधिकार सुविधालाई हाम्रो पार्टीले उच्च प्राथमिकताका साथ लागु गर्नेछ।

३४. गोरखा भूपू सैनिक

आफ्नो बहादुरी र इमान्दारीताले विश्वभर परिचित भूतपूर्व गोरखा सैनिकहरूको न्यायोचित समस्या र मागलाई हाम्रो पार्टीले राष्ट्र समस्याको रुपमा लिएको छ। यसलाई समाधान गर्न सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च प्रतिबद्ध रहनेछ।

३५. कला, साहित्य

नेपाली कला र साहित्यलाई नेपालको पहिचानको रुपमा लिने र यहाँको विविधतासँगै विकास भएको कुरालाई कला, साहित्यको माध्यमबाट उत्थान र विकासको लागि राज्यले सहयोग गर्नेछ। कला र साहित्यको उत्थान र विकासको लागि स्थापना गरिएको प्रज्ञा प्रतिष्ठानको अधिकार क्षेत्र विस्तार गर्दै सबै मातृभाषालाई नेपाली भाषा र सबै सँस्कृतिलाई नेपाली सँस्कृतिको रुपमा पहिचान गराइनेछ। कला र साहित्य सर्जकहरूलाई राष्ट्रिय सम्पत्तिको रुपमा सम्मानपूर्वक ग्रहण गर्दै राष्ट्रिय विकासको मूल प्रवाहमा प्रतिनिधित्व गराउने नीतिको व्यवस्था गरिनेछ। प्रत्येक स्वायत्त राज्यहरूले कला, साहित्य सम्बन्धी आफ्नै किसिमको नीति, नियम बनाई लागु गर्नसक्ने व्यवस्था हुनेछ।

३६. वन, पैदावार, जडीबुटी, वन्यजन्तु आरक्ष

कुनै पनि स्वायत्त राज्यभित्र रहेका सम्पूर्ण वन जङ्गल तथा वन पैदावार र जडीबुडीको पहिचान, संरक्षण सम्वर्द्धन र विकासका लागि सोही क्षेत्रका जनताको पूर्ण अधिकारको सुनिश्चितता गरिनेछ। प्रत्येक स्वायत्त राज्यमा कम्तीमा एउटा वन्यजन्तु आरक्ष क्षेत्रको स्थापना गरिने व्यवस्था गरिनेछ।

३७. दूर्गम क्षेत्र र पिछडिएको वर्ग

राज्यद्वारा अढाईसय वर्षदेखि कहिल्यै पछाडि फर्किएर नहेरिएका जाति, समुदाय, ठाउँ नै अहिले दूर्गम क्षेत्र र पिछडिएको वर्गको रुपमा परिचित छ। यसो हुनुको मुख्यकारण नै एकात्मक राज्यको केन्द्रीकृत नीति हो। यसकारण, अबको नयाँ नेपालमा यस केन्द्रीकृत राज्य संरचनालाई भत्काएर अन्त्य गर्दै सङ्घीय स्वायत्त संरचनामा जानुको विकल्प छैन। यसपछिमात्र राज्य साँचो अर्थमा गाउँ फर्कने छ, ती दूर्गम तथा पिछडि पारिएको वर्ग र समुदायमा अनिमात्र राज्य पुग्नेछ। यही व्यवस्था हुनु नै स्वायत्त शासन व्यवस्था हुनु हो। जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा राज्यको नयाँ संरचना गरी स्वायत्त राज्यहरूको निर्माणपश्चातमात्र साँचो अर्थमा दूर्गम वा पिछडिएको वर्ग र क्षेत्रको विकास हुन्छ। यसैकारण, सोही नीतिलाई आत्मसात गरी यस वर्ग र क्षेत्रको हितमा नयाँ संविधान निर्माण गरिनेछ।

३८. तराई, पहाड र हिमाल

नेपालको तराई, पहाड र हिमालमा देखिएका आन्दोलन, हिंसात्मक द्वन्द्व र विद्रोह आदिलाई वार्ताको माध्यमबाट आपसी संवाद र सहमतिको आधारमा समाधान गर्नुपर्दछ। राज्यको पुनर्संरचना गर्दा वा नयाँ नेपालको संविधान निर्माण गर्दा तराई, पहाड र हिमालका यावत समस्या र त्यहाँका स्थानीय जनताका ईच्छा तथा आकाङ्क्षालाई ध्यानमा राखी हल गर्ने नीति लिइनेछ।

३९. विस्थापितहरूको सन्दर्भमा

राष्ट्रिय निकुञ्ज, सरकारी योजना, भवन निर्माण, राज्यको अन्य विविध नीति, प्राकृतिक प्रकोप, सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक विविध कारणबाट आफ्नै आदिभूमि, थातथलोबाट विस्थापित आदिवासी जनजाति आदिवासी जनजातिलगायत सबैको समस्यालाई विशेष नीति तथा योजना बनाई समाधान गरिनेछ।

४०. मुक्त कमैया

शताब्दीयौंदेखि विद्यमान रहेको कमैया प्रथाले राज्यसत्ताका कथित सञ्चालकहरूको ती एकाधिकारवादी सङ्कीर्ण सोंच भएका शोषक, सामन्तीको अनुहार राम्ररी प्रष्ट पारेको छ। एकात्मक राज्य व्यवस्थाले यहाँका आदिवासी जनजातिलाई त्यो दिनदेखि आजसम्म विभिन्न रुपहरूमा दासझैं बनाएर ल्याइरहेको छ। त्यो दासताबाट मुक्त गर्ने बहानामा २०५७ श्रावण २ गतेपछि कमैयाहरूलाई झन् विकराल समस्याको भुङ्ग्रोमा राज्यले फ्याँकिदिएको छ।

अहिले पनि कमैया प्रथाको अर्को स्वरुप कमलहरी, ओरग्यानी प्रथा राज्यमा विद्यमान छन्। यी कुप्रथाहरूले राजनीतिक रुपमै प्रश्रय पाइरहेको स्थिति प्रस्ट रुपमै देखिएको छ। यसको समूल अन्त्य गर्न र व्यवस्थित रुपमा गाँस, बास, कपास, शिक्षा तथा रोजगारीको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

कमैया प्रथालगायत, नेपालमा रहेका कैयौं रुढीवादी प्रथाहरूले बेरिएर रहेको हाम्रो समाजलाई सबै खाले विभेदबाट मुक्त गर्न हाम्रो पार्टी सबैखाले प्रकृया अपनाई समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

४१. अल्पसङ्ख्यक

अल्पसङ्ख्यकहरूलाई राज्यको सबै संरचनाहरूमा समावेस गर्ने र ती जातिहरूको समान प्रतिनिधित्वको लागि राज्यबाटै विशेष व्यवस्था गरी समान सहभागीता गराइनेछ।

४२. वातावरण र पर्यायवरण

प्राकृतिक वातावरण र पर्यायवरणसँग मानिसको अन्यौन्याश्रित सम्बन्ध हुन्छ। त्यसमा पनि आदिवासी जनजाति तथा ग्रामीण किसानहरूको जीवन त झन् पूर्णरूपमा प्राकृतिक वातावरण र पर्यायवरणसँग गाँसिएको हुन्छ।

वातावरण सँधै स्वच्छ र हराभरा राख्न विशेष नीति अपनाइने छ। स्वायत्तराज्यस्तरमा राज्य आफैंले आफ्नो क्षेत्रको वातावरण तथा पर्यावरणबारे निर्णय र कार्य गर्नसक्ने नीति अपनाइने छ। यसको सम्वर्द्धन र संरक्षण तथा विकासले जनताको स्वास्थ्य, मौसम र पर्यटकीय विकासमा समेत सकारात्मक प्रभाव पार्ने भएकोले यस विषयमा विशेष नीति र व्यवस्था गर्ने नीति लिइनेछ।

वातावरण र पर्यायवरणको संरक्षण सम्वन्धमा आदिवासीहरूको ज्ञान र कलाको पनि अवलम्वन गरिने नीति लिइनेछ।

वातावरण सम्बन्धी सन्धिहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अपनाइने छ।

४३. अशक्त, अपाङ्ग, ज्येष्ठ नागरिक र तेस्रो लिङ्गी सम्बन्धमा

(क) असक्त एवं अपाङ्गहरूलाई राज्यबाटै सीपमुलक शिक्षा प्रदान गरी उचित रोजगारीको व्यवस्था गरिनेछ। साथै, देशभरिका कुल अशक्त, अपाङ्गहरूको जनसांख्यीक तथ्याङ्क निकाली राज्यका सबै संरचनाहरूमा समानुपातिक प्रतिनिधित्व गराइनेछ।

सबै प्रकारका अपाङ्गहरूको शिक्षा, संरक्षण, रोजगार र सम्मानको लागि विशेष कार्यक्रम ल्याइनेछ। राज्यका सबै स्वायत्त राज्यहरूमा प्रतिधित्व गराउने व्यवस्था गरिनेछ।

(ख) ज्येष्ठ नागरिकहरूको सबै खाले समस्यालाई समाधान गर्न राज्यले विशेष व्यवस्था गर्ने र उनीहरूको खारिएका अनुभवहरूलाई संस्थागत गर्न राज्यद्वारा विशेष व्यवस्था गरिनेछ।

(ग) अल्पसङ्ख्यक तेस्रो लिङ्गीहरूको वास्तविक पहिचान गरी नागरिकताको व्यवस्था गर्दै उनीहरूको सबैखाले समस्यालाई सम्बोधन गरी समाधानको लागि विशेष कार्यक्रम राज्य र प्रत्येक स्वायत्त राज्यहरूद्वारा ल्याइनेछ।

४४. सामाजिक संघ संस्था

आदिवासी जनजाति, तराईवासी, दलित महिला आदिले २०४६ सालको जनआन्दोलन र त्यसले ल्याएको परिवर्तनसँगै आ–आफ्ना जातीय सङ्घ संस्थाहरू स्थापना गरेर आफ्नो हक अधिकार तथा अस्तित्वको पहिचान र विकासका लागि जुटिरहेका छन्। सामाजिक सङ्घसंस्थाले निभाउने भुमिकाले देशको सामाजिक, साँस्कृतिक, आर्थिक एवम् राजनीतिक क्षेत्रमा पनि प्रभाव पार्दछ। अबको समयमा सामाजिक र राजनीतिक कार्यकलाप दुवैलाई एकापसमा समायोजन गरी लैजानुपर्दछ। सामाजिक कार्यकलापसँग असम्वद्ध राजनीति र देशको राजनीतिक उद्देश्यसँग असम्बन्धित सामाजिक कार्यकलाप दुवैले अब समाजलाई सही दिशामा डोऱ्याउन सक्दैनन्। यसर्थ, सामाजिक कार्यकलाप र राजनीतिक क्रियाकलापलाई एकअर्काका सहयोगी पक्षको रुपमा लिएर अघि बढ्ने नीति लिइनेछ।

यसरी सामाजिक, राजनीतिक तथा सांस्कृतिक जनचेतनाको मूलद्वारको रुपमा आफ्नो समुदाय र क्षेत्रमा स्थापित हुँदै आइरहेको सङ्घ संस्थाहरूलाई राज्यद्वारा उपयुक्त नीति निर्माण गर्दै सहयोग र प्रोत्साहन गर्ने नीति लिइनेछ।

यसका साथै, सामाजिक सङ्घसंस्थाको नाममा फैलिएको विकृति तथा भ्रष्टाचारको पहिचान गरी त्यस्ता व्यक्ति र संस्थालाई कडा कारवाही गर्ने नीतिसमेत लिइनेछ। तर, सही कार्य गर्ने सङ्घ संस्थाहरूलाई राज्य तथा स्वायत्तराज्यस्तरको तहबाटै सहकार्य र संरक्षणको नीति लिई प्रोत्साहित गरिनेछ।

४५. प्रवासी नेपालीहरू बारे

विश्वका विभिन्न देशहरूमा रोजगारी तथा अध्ययन अनुसन्धानको सिलसिलामा रहँदै आएका प्रवासी नेपालीहरूको हकहितको रक्षाका निम्ति विशेष नीतिको तर्जुमा गरिनेछ। स्वदेशमा फर्किआउँदा सम्वद्ध स्वायत्त राज्यहरूमा र विदेशमै रहँदा पनि सम्वद्ध दूतावासहरूमार्फत् उचित निगरानी राख्ने वा हेरचाह गर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ। दोहोरो नागरिकताको समेत व्यवस्था गरी उनीहरूको ज्ञान, सीप र पूँजीको कार्यान्वयन र लगानीमा प्रोत्साहित गरिनेछ।

४६. गैर आवासीय नेपाली तथा नागरिक बारे

गैर आवसीय नेपालीहरू जुनमुलुकमा जेजस्तो अवस्थाको नागरिक भएर बसेको भएता पनि उनीहरूको भौतिक, साँस्कृतिक, सामाजिक र भावनात्मक सम्बन्ध नेपालसँग नजिक रहेको हुन्छ। विगत केही वर्षयता उनीहरू आफ्नो मातृभूमिप्रति चासो राख्दै सङ्गठित पनि हुँदै आएका छन्। आफ्नो पुर्ख्यौली देशको बारेमा सकारात्मक चिन्ता र चासो व्यक्त गरिरहेका छन्। उक्त सकारात्मक चिन्ता र चासोको सम्मान गर्दै राज्यस्तरबाटै उचित र विश्वसनीय नीति बनाई आर्थिक लगानीको वातावरण बनाइने छ। जसको वैधानिकताको लागि विशेष कानुनी नीति अख्तियार गरिनेछ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

इतिहासको लामो वलीदानी, सङ्घर्ष र विद्रोहको क्रममा थुप्रै पुस्ताहरूको अवसानसँगै अहिलेको नयाँ पुस्ता पनि सकिनसकी आन्दोलनकै मोर्चामा निरन्तर रहेको बेला संविधान सभाको निर्वाचनलाई आत्मसात गर्नुपरेको छ।

संविधानसभा सबै नेपाली जनताको साझा अजेण्डा हो। यस संविधानसभाको लागि नेपालका बहुसङ्ख्यक आदिवासी, जनजाति, तराइवासी, महिला आदिले अढाईसय वर्षसम्म पर्खिसकेका छन्। यसबारे थुप्रै बहस र छलफल भएका छन्। यस्तो लामो वलिदानी र सङ्घर्षपछि बल्ल संविधानसभाको निर्वाचन गर्ने सहमतिसम्म बन्यो। तर, उक्त संविधानसभा कसरी र कुन प्रक्रियाबाट हुने भन्नेबारे कहिल्यै बहस हुन सकेन, गरिएन। संविधानसभा नभई नहुने कुरा हो तर त्यसलाई प्राप्ति गर्ने निर्वाचन प्रक्रिया झन् महत्त्वपूर्ण हुँदोरहेछ। निर्वाचन प्रक्रिया वा संविधान निर्माणका लागि तय हुने बाटो यहाँका आदिवासी जनजाति, तराइवासी, दलित र महिला आदिको लागि उपयुक्त नभएको ठहर भएपछि पुनः आन्दोलको बाटो तय गर्नुपऱ्यो।

यसरी आन्दोलनको विकल्प रोज्नुको अर्थ संविधानसभाको विरोध गर्नु नभई त्यही संविधान सभाको निर्वाचनलाई सफल, सार्थक र परिणाममुखी बनाई आम नेपाली जनताको चाहना अनुरुपको नयाँ संविधान बनाउनु पर्छ भन्ने हो। अढाईसय वर्षअघिदेखि निरन्तर एकात्मक संविधानको चपेटामा पिल्सिएर निसासिँदै बाँचेका नेपालका आदिवासी जनजाति, तराइवासी, दलित र महिलाहरूले धेरै सहेका छन्, धैर्य गरेका छन्।

आफ्नो राज्य गुम्यो, भूमि गुम्यो, भाषा-लिपि र सभ्यता गुम्यो र पनि सहे। तर, जब बाँकी आफै पनि गुम्नु आँटेपछि अहिलेको पुस्ता पूरै जुर्मुराएर उठेका छन्। अहिलेको पुस्ता त्यो लामो इतिहासको फेहरिस्तको खोजीमा जुटिरहेका छन्। आफ्ना दाइ, दिदी, काका, बडा, मामा, गुरु आदि जो जहाँ रहे पनि अबका युवा पुस्ता आफै आफ्नो खुट्टमा उभिएर आफ्नो जाति र भूमिमुक्तिको लागि स्वायत्त राज्य स्थापना गर्न र त्यो एकात्मक राज्यसत्ताका सामन्तवादी नाइके राजतन्त्रको समुल अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न रणभूमिमा निस्किसकेको अवस्था छ।

यहाँहरूको घर दैलोमा कैयौं भूटो आश्वासनका थुप्रोहरू लिएर चिप्ला कुरा गर्ने खप्पिस राजनीतिक दलका दलालहरू हिजोदेखिनै केवल चुनावको बेला आइरहेका थिए। उनीहरूले यसो सुन्दा मिठो लाग्ने थुप्रै कुराहरू गरेका थिए। तर, ती कुराहरू कहिल्यै साँचो भएनन्। ती नेताहरू आफैं मोटाए, उनीहरूको व्यक्तिगत जीवन सुध्रियो तर जनताको मुक्ति कहिल्यै भएन।

यसपालाको यो संविधान सभाको निर्वाचनमा पनि तिनै पुराना अनुहारहरू जसले आफ्नै हातले हाम्रो विरुद्धको संविधान लेखेका थिए । अथवा, त्यसो गर्ने पार्टी र नेताको पुच्छर र भरौटे भएका थिए । तिनै मान्छेहरू आज पनि हाम्रो मुक्तिको लागि नयाँ संविधान बनाउँछौं भन्दै अर्को भ्रम फैलाउँदै आइरहेका छन् ।

तपाईं सचेत नागरिकहरूलाई थाहै होला कि यो संविधानसभाको निर्वाचन अरू संसदीय चुनावजस्तो होइन । यो संविधानसभाको निर्वाचन अढाईसय वर्षपछि पहिलो पटक हुँदैछ । यो निर्वाचनपछि बन्ने संविधानसभाले देशको मुल कानुन नयाँ संविधान बनाउने छ । र, त्यही संविधान अनुसार राज्यको पुनर्संरचना पनि हुनेछ । यसकारण, बढो सचेततापूर्वक केन्द्रीकृत राज्यको विकल्पमा सङ्घीय राज्यको स्पष्ट खाका दिएर निरन्तर देशव्यापी आन्दोलन गरी २०६४ फागुन १८ गते नेपाल सरकारसँग एक सहमति गरी लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटलगायतका ऐतिहासिक राज्यहरूलाई अढाईसय वर्षपछि पहिलो पटक राज्यसत्तालाई स्वीकार गर्न बाध्य पार्ने राजनीतिक पार्टी **सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च** र त्यससम्वद्ध **सङ्घीय लिम्बुवान राज्य परिषद, तामाङसालीङ स्वायत्त राज्य परिषद र थरुहट स्वायत्त राज्य परिषद् (संयुक्त थारु राष्ट्रिय मोर्चा, नेपाल)** का उम्मेदवारहरू यहाँको घर दैलोमा **नयाँ नेपालको लागि नयाँ संविधान** भन्ने नारा लिएर पहिलो पटक आइरहेका छौं । यहाँहरूले आफ्नो स्वायत्तता प्राप्ति र देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना गर्न **आदिवासी जनजातिहरूको अभिन्न अङ्गको रुपमा रहेको वीर नेपालीहरूको पहिचानको प्रतीक दापसहितको खुकुरी** चुनाव चिन्हमा अमूल्य मत दिई प्रत्यक्ष र समानुपातिक दुबै तर्फका तपाईं हाम्रा पार्टीका जुझारू उम्मेदवारहरूलाई अत्यधिक मतले विजय गराउन सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

धन्यवाद !
सङ्घीय अभिवादन !

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च
संघीय कार्य समिति,
काठमाडौं, नेपाल

१६.

नेपाल सद्भावना पार्टी (आ.)

संविधान सभा निर्वाचन, २०६४ के घोषणा – पत्र

संघीय लोकतांत्रिक गणतंत्र नेपाल एवं मधेश प्रदेश की स्थापना हेतु संविधान सभा

आदरणीय मधेशी भाइयों एवं बहिनों, माताओं, अग्रजगण तथा संपूर्ण नेपाली जनता

नेपाली जनता के अथक सङ्घर्ष एवं बलिदान के पश्चात् देश में २०६४ चैत्र २८ गते संविधानसभाका युगान्तकारी निर्वाचन होने जा रहा हैं। इस अवसर पर सम्पूर्ण देशबासियों एवं विशेष कर सदियों सें शोषित, पिडीत एवं उपेक्षित मधेसी तथा पहाड के जनजाती, दलित तथा महिला वर्ग में सुखद उज्जवल भविष्य की संभावनाओ को लेकर आशा एवं उत्साह की नयी उर्जा का संचार हुआ है। २००७ साल की क्रान्ति के वाद नेपाल की संप्रमुख जनता ने संविधान सभा द्वारा "नेपाल का संविधान" – बनाकर अपने भाग्य के निर्माण करने का जो सपना देखा था, वह सपना अब साकार होने जा रहा है। अपना संविधान स्वयम् बनाने के अपने संप्रमु अधिकार को हासिल करने के लिए बहुसंख्यक नेपाली जनता ने अब तह अथाह दुःख भोगा है, अथक सङ्घर्ष किया है और अनगिनत बलिदानियाँ दी है।

राजनीतिक विकास के क्रम में २०४६ के जनआंदोलन के परिणामस्वरूप प्रजातन्त्र पुनः स्थापित होने पर भी बहुसँख्यक मधेसी तथा पहाड के जनजाति, दलित एवं महिला वर्ग को न्याय एवं समानता का अधिकार नहीं मिला। २०४७ का संविधान सदियों से शोषित, पीडित एवं उपेक्षित बहुसंख्यक मधेसी तथा पहाड के जनजाति, दलित एवं महिलाओ को राजनीति के मूलधार में लाने एवं उन्हे सशक्त बनाने में विफल रहा। २०४७ का संविधान जनता के निर्वाचित प्रतिनिधियो के द्वारा नही बना था जिसके तहत राज्यसत्ता परम्परागत अल्पसंख्यक शासकीय वर्ग का ही वर्चस्व बने रहा। संविधान बनाने में मधेसी की भी सहभागिता नहीं रही थी। मधेस एवं मधेसी को योजनाबद्ध तरीके से शोषण की जंजीर में बाँधे रखने के लिये संविधान में विभेदकारी नागरिकता कानून एवं त्रुटिपूर्ण निर्वाचन पद्धति को जगह दी गयी थी। जनता के विद्रोह के कारण २०४७ का संविधान विफल हो अब इतिहास बन गया है।

देश की शोषणयुक्त इतिहास एवं परम्परा को ध्यान में रखकर बहुसंख्यक मधेसी तथा पहाड के जनजाती, दलित एवं महिला वर्ग के अधिकार, सम्मान एवं मानवीय गरिमा तथा स्वायत्त मधेस प्रदेशको स्थापित करने के लक्ष्य को लेकर २०४७ साल में नेपाल सद्भावना पार्टी की स्थापना स्वर्गीय गजेन्द्र नारायण सिंह की अध्यक्षता में हुई। नेपाल सद्भावना पार्टी ने अपने स्थापनाकाल से ही संविधान सभा के द्वारा जनता का संविधान बनाने का प्रस्ताव देश के समक्ष रखा था।

इसी बीच देश में विद्रोह भी प्रारम्भ हुआ और निरंकुश राजतन्त्र के पुनः उदय होने पर सद्भावना अन्य संसदवादी दलों के साथ लगभग तीन वर्ष तक शान्ति एवं पूर्ण लोकतन्त्र के लिये निरन्तर आंदोलन करते रही। २०६२-०६३ में १९ दिनों के ऐतिहासिक जनआंदोलन में सङ्घर्षशील नेपाली जनता ने निरंकुश राजतन्त्र को पुनः पराजित किया। सात दल द्वारा गठित अंतरिम सरकार द्वारा जारी नेपाल का अंतरिम संविधान २०६३ मधेसी को न्याय एवं समानता की अनुभूती कराने में विफल रहा। अन्तरिम संविधान लागु होने केबाद नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) के आह्वान पर २०६३ पुष १० गते से मधेसी अधिकार एवं मधेसी पहचान के लिये पुनः आन्दोलन शुरु हुये।

विभिन्न चरणों में हुए ऐतिहासिक मधेसी आंदोलन ने मधेस और देश की राजनीति को जिस उँचाई तक पहुँचाया है, वह आज पूरे विश्व के लिएर उदाहरणीय है। मधेसी जनता के आन्दोलन के कारण ही अन्तरिम संविधान के अबतक तीन संशोधन हो चुके हैं। सङ्घीयता, मधेस प्रदेश एवं लोकतान्त्रिक गणतन्त्र की अवधारणा तथा निर्वाचन पद्धति में कुछ हद तक सुधार मधेसी आंदोलन की ही देन हैं।

इन युगान्तकारी एवं ऐतिहासिक उपलब्धियों के बाद होने जा रहे संविधान सभा के निर्वाचन ने मधेसी सहित सम्पूर्ण उपेक्षित, शोषित तथा शुद्ध से प्रभावित जनता के हृदय में शान्ति, समुन्नति तथा अधिकार प्राप्ति की आशा को एक बार फिर जगा दिया है।

आज इस महत्त्वपूर्ण अवसर पर मधेस आंदोलन के प्रनेता एवं नेपाल सद्भावना पार्टी के संस्थापक अध्यक्ष बाबु गजेन्द्र नारायण सिंह हमारे बीच नहीं है। २०५० साल में नेपाल सद्भावना पार्टी द्वारा हुए ९ दिवसीय भुक हड्ताल के बाद तत्कालिन सरकार द्वारा मधेस के मांग को संवेदनशील समस्या के रूपमे स्वीकार किया। पुनः पार्टी द्वारा हुए १३ दिन के अनिश्चित कालिन भुक हड्ताल के बाद हुए सम्झौता में सरकार ने नागरिकता लगायत के समस्यायों का समाधान करने का सम्झौता किया। भुक हड्ताल के क्रम में २०५५ साल कार्तिक २६ गते संविधान दिवस के दिन पार्टी ने २०४७ के संविधान को मधेसी तथा पहाड के जनजाती, दलित तथा महिला वर्ग के समस्यायों के समाधान के लिये असफल संविधान मानकर उसका दहन भी किया। वर्तमान मधेस आंदोलन का इतिहास स्वर्गीय गजेन्द्र नारायण सिंह एवं नेपाल सद्भावना पार्टी के संघर्ष का ही परिणाम है। मधेशवाद, लोकतन्त्रवाद और नेपालवाद गजेन्द्र बाबु में कुट-कुट कर भरा था। सम्पूर्ण मधेस को एक स्वायत्त इकाई घोषणा करने की मांग गजेन्द्र बाबु के जीवनकाल में ही नेपाल सद्भावना पार्टी ने प्रस्तावित किया था। उनके दूरदर्शी नेतृत्व में सद्भावना ने गाँव से लेकर शहर तक, मधेस से लेकर केन्द्र तक मधेसी एकता और जागरण का अभियान चलाया और मधेशी जनता को सचेत और संगठित किया। आज के सशक्त मधेस आंदोलन का सामाजिक एवं राजनीतिक धरातल सद्भावना के ही राजनीतिक संघर्ष की निरंतरता का परिणाम है। २०४६ से लेकर आजतक पूरे अठारह वर्षो से नेपाल सद्भावना पार्टी मधेस और देश की निरन्तर सेवा करते आ रही है।

गजेन्द्र बाबु के नेतृत्व में नेपाल सद्भावना पार्टी ने जिस राजनीतिक अवधारणा को आगे बढाया, वह आज युद्ध एवं द्वन्द से ग्रस्त पुरे नेपाल को राजनीतिक समाधान दिलाने का समग्र दृष्टिकोण बन गया है। नेपाली काँग्रेस, नेकपा (माओवादी), नेकपा (एमाले) सहित सभी पार्टियों आज नेपाल सद्भावना पार्टी के विचार के तले आ गयी हैं। नयें नेपाल के निर्माण का सैद्धान्तिक एवं वैचारिक आधार सद्भावना के द्वारा ही प्रतिपादित सिद्धान्त एवम् विचार का विकसित रूप है। विचार की राजनीति करनेवाले किसी भी आंदोलनकारी राजनीतिक दल के लिए इस में बढी जीत का विषय और क्या हो सकता है।

सद्भावना की जीत मधेस की जीत है क्योंकि सद्भावना की विचारधारा का जन्म मधेस की भूमि, संस्कृति और सामाजिक धरातल पर हुआ है। अतः अब समय आ गया हैं की मधेसी सिर्फ मधेस प्रदेश का ही नहीं पूरे देश का राजनैतिक नेतृत्व अपने हाथ में लेने लिये संगठित होवें। मधेसी विचार और मधेसी नेतृत्व ही इस देश में जनमुखी सङ्घीय लोकतांत्रिक गणतन्त्र और मधेस प्रदेश सहित अन्य प्रदेशों की स्थापना कर सकता हैं।

मधेस प्रदेश के बारे में हमारा दृष्टिकोण स्पष्ट है। मेची से महाकाली तक मधेस एक प्रदेश है। संविधान सभा के द्वारा सङ्घीय लोकतांत्रीक गणतांत्रीक नेपाल में मेची से महाकाली तक फैले समग्र मधेस प्रदेश को एक राजनीतिक इकाई के रूप स्थापित करना हर मधेसी का सपना और नेपाल सद्भावना पार्टी (आनन्दी देवी) का लक्ष्य है। अतः सम्पूर्ण मधेशी जनता हे हमारा विनम्र अनुरोध है कि आप अपनी पार्टी **पँजा छाप- नेपाल सद्भावना पार्टी (आनन्दी देवी)** की आवाज को, जो कि मूलतः आपकी आवाज है, अपने मत के द्वारा संविधान सभा में पहुचावे एवं सङ्घीय लोकतांत्रीक गणतांत्रिक नेपाल और मधेस प्रदेश के भाग्य का निर्माण करें।

संविधान सभा में नेपाल सद्भावना पार्टी (आनन्दी देवी) ही क्यो ?

आदरणीय मधेसी भाइयों–बहनो एवं नेपाली जनता,

संविधान सभा का निर्वाचन अब तह हुये तीन संसदीय निर्वाचनों से भिन्न है। यस प्रत्येक पाँच वर्षो के लिये सरकार बनाने का निर्वाचन नही है। यस निर्वाचन हमारे और आपके लिए एवं हमारे भविष्य की संतति के लिये संविधान बनाने हेतु प्रतिनिधि चुनने का निर्वाचन है। संत्रिधान बनाने का अवसर एक युग में एक बार आता है। कई देशो का इतिहास यह बतलाता है कि द्वन्द से ग्रस्त देश में यदि संप्रभु जनता की इच्छाओं तथा आकांक्षाओ के अनुसार संविधान सभा से संविधान बन जाता है तो सुख, समुन्नति एवं विकास के नये युग की शुरुवात होती है। और यदि जनता की अकांक्षाओ के अनुरुप संविधान नहीं बनता है तो देश पुनः राजनीतिक द्वन्द एवं गृह युद्ध के भँवर में फंस जाता है। अतः संविधान सभा का निर्वाचन ही अपने आप में शान्ति, समानता एवं विकास की सुनिश्चित नहीं बन सकता है। नेपाल के संसर्भ में यह निश्चित है कि जब तक इस देश में बहुसंख्यक पीडित, शोषित मधेसी जनता को उन का अधिकार नहीं मिलेगा तब तक देश में शान्ति एवं लोकतन्त्र का भविष्य सुनिश्चित नहीं हो पायेगा।

संविधान सभा निर्वाचन अभियान हेतु अन्य मुख्य पार्टियों का घोषण पत्र आपके समक्ष आ चुका है। प्रदेश के नाम पर मधेस में दो प्रदेशों की माओवादी धारणा मधेस एवं मधेसीको जायज हक नहीं दिला सकता है। माओवादी घोषणा पत्र दो प्रदेशों को किस प्रकार के राजनीतिक अधिकार एवं संरचना मिलेगें, इसके बारे में मौन है। नेकपा (एमाले) और नेपाली काँग्रेस जैसी पार्टीयो ने देश के सङ्घीय एवं प्रादेशिक स्वरुप के बारे में स्पष्ट अवधारणा को आगे नहीं बढाया है। यह नीतिगत अस्पष्टता नियतवश रखी गयी है, क्योकि इन प्रमुख दलों की चाहना मजबुत सङ्घीय व्यवस्था एवं अधिकार प्राप्त मधेस की स्थापना हैं ही नही। केन्द्र, प्रदेश एवं स्थानीय सरकार की अस्पष्ट अवधारणा अन्तर्गत मधेस को पुनः उपनिवेश बनाने की योजना इन प्रमुख दलों की है। इसी लिये जनता के समक्ष किसी प्रकार की स्पष्ट प्रतिबद्धता व्यक्त करने से इन दलों ने अपने–आप को बचा लिया है। शासन के इतने लंबे अनुभव के बाद राज्य पुर्नसंरचना के बारे में और मधेसी एवं मधेस के सरोकार के विषय के सम्बन्ध में इन दलों की मौनता निराशाजनक ही नहीं संदेहात्मक भी है।

हिमाल, पहाड एवं मधेस प्रदेश की अवधारणा किसी समुदाय या किसी राजनीतिक दल के विरूद्ध लक्षित नहीं है। यह सम्पूर्ण देश को मजबूत एवं एकवद्ध बनाने के लिये देश समक्ष प्रस्तुत किया गया प्रस्ताव है। इसी प्रकार मधेस प्रदेश की अवधारणा मधेस में रहने वाले अन्य समुदाय के सदस्यों के विरुद्ध लक्षित नहीं है। सद्भावना जानती है कि बहिस्करण (Exclusion) का जवाब बहिस्करण नहीं होना चाहिये। सद्भावना मानती है की उत्पीडन का जबाब उत्पीडन नहीं होना चाहिए। सद्भावना अमेशा शान्ति एवं सहअस्तित्व की पक्षधर रही है। अतः मधेस में रहने वाले अन्य समुदायों के सदस्य से आग्रह करती है की संविधान सभा के निर्वाचन के अवसर पर वे मधेस एवं मधेसी के अधिकार एवं पहचान के संघर्ष में साथ दें। मधेस प्रदेश की स्थापना होने पर हम सभी मिलजुल कर शान्त और समृद्ध नयाँ नेपाल और खुशहाल मधेश बनाएँगे।

पुनः इस महत्त्वपूर्ण अवसर पर हम हरेक मधेशी से आग्रह करते है की संविधान सभा के निर्वाचन के अवसर पर अब तक के दलीय आबद्धता सहित अन्य छोटे स्वार्थों से उपर उठकर अपने और अपनी भावी संतति के सुखद भविष्य एवं अधिकार प्राप्तिको लक्ष्य बनाकर राज्य के भावी स्वरूप और मधेस प्रदेश के सम्बन्ध में अत्यन्त स्पष्ट दृष्टिकोण एवं विचार के साथ आप के समक्ष प्रस्तुत हो रहें **पँजा छाप – नेपाल सद्भावना पार्टी (आनन्दी देवी)** को अपना अत्यधिक मत देकर संपूर्ण देश, मधेस और अपने भाग्य का निर्माण स्वयम् करे।

संविधान सभा के लिये प्रस्तावित हमारा विस्तृत घोषणा पत्र आप के हाथो में है। घोषणा पत्र के कुछ मुख्य बूंदे संक्षिप्त में निम्नानुसार हैं :

१) **बहुदलीय लोकतांत्रिक पद्धति :**
देश की विविधता एवं बहुलता को संरक्षित एवं संवद्धित करने वाली प्रतिस्पर्धात्मक बहुदलीय लोकतांत्रिक पद्धति के प्रति पार्टी अक्षुण प्रतिवद्धता व्यक्त करती हैं। इस पद्धति के साथ नेपाल में सङ्घीय लोकतांत्रिक गणतंत एवं समग्र मधेस एक प्रदेश की स्थापना पार्टी का मुख्य लक्ष्य हैं।

२) **प्रेस स्वतंत्रता :**
लोकतंत्र के चौथे स्तम्भ प्रेस की पूर्ण स्वतंत्रता के प्रति पार्टी पूर्ण प्रतिबद्ध हैं।

३) **मानव अधिकार :**
जीवन, स्वतंत्रता, सङ्गठन, अभिव्यक्ति, संपत्ति सहित भाषा, संस्कृति एवं वातावरण जैसे नैसर्गिक मानव अधिकारों की रक्षा पार्टी का मूल लक्ष्य है। शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, भाषा तथा संस्कृति की अधिकार को मौलिक अधिकार घोषित किया जायेगा। साथ ही महिलाओं के सुरक्षित मातृत्व एवं सुरक्षित प्रजनन् अधिकार को भी मौलिक अधिकार घोषित किया जायेगा।

४) **राजनीतिक दल :**
नयें संविधान मे राजनीतिक दल सम्बन्धी कारगर संवैधानिक कानून बनाये जायेगें ताकि राजनीतिक दल समावेशी एवं पारदर्शी हो सके। पार्टी में आंतरिक लोकतंत्र की प्रक्रिया सुनिश्चित करने के लिए कानूनी की व्यवस्था जायेगी। पार्टी सञ्चालन एवं निर्वाचन खर्च के लिये राज्य के द्वारा लगानी की व्यवस्था की जायेगी।

५) **राज्य के नीति निर्देशक सिद्धान्त :**
संविधान में राज्य के दायित्व के रूप में नीति निर्देशक सिद्धान्त का स्पष्ट उल्लेख किया जायेगा एवं राज्य द्वारा उनके कार्यान्वयनको सुनिश्चित करने के लियें न्यायालयको हस्तक्षेप करने कां अधिकार होगा।

६) **आर्थिक नीति :**
देश में मिश्रित अर्थ व्यवस्था लागू की जायेगी।

७) **भाषिक नीति :**
नेपाली भाषा देश की राष्ट्र भाषा रहेगी। साथ ही हिन्दी द्वितीय राष्ट्र भाषा के रुप में रहेगी। मधेस प्रदेश की भाषा हिन्दी होगी।

८) **राष्ट्र की आंतरिक सुरक्षा :**
राष्ट्र की आंतरिक सुरक्षा का आधार जनता की सुरक्षा होगी। जनता के नागरिक एवं राजनीतिक अधिकारों की रक्षा हर अवस्था में की जायेगी। तराई के सशस्त्र संमुहो के साथ वार्ता कर द्वन्द का समाधान किया जायेगा। नेपाल सेना में मधेशी रेजीमेन्ट का गठन किया जायेगा। साथ ही जनपद, सशस्त्र प्रहरी एवं सेना में जनसंख्या के आधार पर हिस्सेदारी निश्चित की जायेगी।

९) **विदेशी नीति :**
संयुक्त राष्ट्र संघ के वडा पत्र को कदर करते हुए समानता, परस्पर सम्मान एवं पंचशील के सिद्धान्त पर विश्व भर के सभी देशों के साथ मैत्रीपूर्ण सम्बन्ध का विस्तार किया जायेगा। सामाजिक, ऐतिहासिक एवं सांस्कृतिक तथा क्षेत्रीय सुरक्षा एवं स्थायित्व के लिये मित्रराष्ट्र भारत के साथ विशेष सम्बन्ध को निरंतरता दी जायेगी।

१०) राज्य का भावी स्वरूप :

भावी नेपाल को केन्द्र, प्रदेश एवं स्थानीय सरकार सहित तीन तह की राजनीतिक संरचना में विभाजित किया जायेगा। प्रदेश में रह रहे विभिन्न भाषा भाषी, संस्कृति समुदाय के आर्थिक, सामाजिक एवं राजनीतिक विकास एवं सम्वर्द्धन करने के लिये समयानुकुल कदम उठाया जायेगा।

(क) राष्ट्रिय संरचना

- केन्द्र में दो सदनात्मक व्यवस्था किया जायेगा।
- प्रथम सदन राष्ट्रिय सभा में प्रतिनिधि सभा एवं प्रदेश विधान सभा के सदस्यों के द्वारा निर्वाचित प्रतिनिधि सदस्य होगें।
- दूसरी सदन प्रतिनिधि सभा के सदस्यों का निर्वाचन प्रत्यक्ष निर्वाचन विधि से होगा।
- राष्ट्र प्रमुख राष्ट्रपति का निर्वाचन प्रदेश, एवं प्रतिनिधि सभा के निर्वाचित सदस्यों के द्वारा होगा। राष्ट्रपति संवैधानिक प्रमुख होंगे।
- प्रधानमंत्री कार्यकारी अधिकार सहित के सरकार प्रमुख होंगे एवं प्रधानमंत्री का निर्वाचन प्रतिनिधि सभा द्वारा प्रत्येक पाँच वर्ष के लिये किया जायेगा।
- देश में संवैधानिक सर्वोच्चता होगी एवं संविधान की अंतिम व्याख्या का अधिकार सर्वोच्च अदालत को होगा।

(ख) प्रादेशिक संरचना

- भौगोलिक विशेषता, इतिहास, संस्कृति के आधार पर देश को हिमाल, पहाड एवं मधेश तीन प्रदेशों में विभाजित किया जायेगा। प्रदेश के सरकार प्रमुख मुख्य मन्त्री कह लायेंगे तथा राष्ट्रपति द्वारा प्रदेश के लिये नियुक्त गभर्नर प्रदेशपाल होंगे। मुख्य मन्त्री का निर्वाचन प्रत्येक पाँच वर्ष के लिए प्रदेश के विधान सभा के बहुमत सदस्यों के द्वारा होगा। विधान सभा का गठन प्रदेश की जनता के द्वारा प्रत्यक्ष निर्वाचन विधि से होगा।
- प्रदेश में दो सदन होगा। जिसमें विधान सभा (निचली सदन) का गठन प्रदेश की जनता द्वारा प्रत्यक्ष निर्वाचन विधि से होगा। तथा विधान परिषद्का गठन स्थानीय निकाय तथा विधान सभा के प्रतिनिधि द्वारा निर्वाचित होगा।
- प्रत्येक प्रदेश अपनी जनसंख्या के आधार पर स्थानीय निकाय का गठन कर सकता है। स्थानीय निकाय के गठन, एवं उसके अधिकार तथा कार्य क्षेत्र का निर्धारन प्रदेश द्वारा होगा। प्रत्येक प्रदेश अपने स्थानिय निकाय के अन्तर्गत गा.वि.स., नगरपालिका एवं जिला का गठन किया जा सक्ता है।
- केन्द्र एवं प्रदेश के कार्य क्षेत्र एवं अधिकार का विभाजन संधिवान सभा के द्वारा होगा। जिसके अन्तर्गत विदेश, अर्थ, रक्षा, सञ्चार, हवाइ यातायात, राजमार्ग, राष्ट्रिय जलविद्युत लगायत के राष्ट्रिय महत्त्व के विषयों को केन्द्र सरकार तथा पर्यटन, कृषि, सिंचाई, वन-वङ्गल, शिक्षा, स्वास्थ्य, रोजगार, जलश्रोत जैसे विषयों को प्रदेश सरकार के मातहत रहेंगे। प्रदेश अपना खुद सुरक्षा एवं प्रशासनिक निकाय साथ ही प्रदेश अपने क्षेत्र के अन्तर्गत के कृषि, वन-जङ्गल, पर्यटन, जलश्रोत लगायत के विषयों के उपयोग के लिये नीति का निर्माण करेगी।
- प्रदेश अपने सिमा भंसार लगायत अपने कार्य क्षेत्र एवं अधिकार के अन्तर्गत के विषयों पर खुद का कर निर्धारन करने तथा उपयोग करने के लिये स्वतंत्र होगा।

प्रत्येक राजनीतिक संरचना में कम से कम ३३ प्रतिशत महिला सहित समावेशी प्रकृति की होगी। इसके लिए संवैधानिक व्यवस्था की जायेगी।

(ग) न्यायपालिका

- न्यायपालिका की पुनर्संरचना संघात्मक संरचना अनुरूप की जायेगी।
- कार्यपालिका, न्यायपालिका एवं व्यवस्थापिका के बीच शक्ति पृथक्कीकरण के सिद्धान्त अनुरूप अधिकार विभाजित किया जायेगा।

(घ) विशेष जनगणना

- राज्य की जनसंख्या की तथ्यांक अपने आप में गलत है। अतः संविधान सभा के निर्वाचन के बाद विशेष जनगरना की जायेगी।

संविधान सभा के निर्वाचन पश्चात् संविधान सभा की पहली बैठक द्वारा नेपालको एक सङ्घीय लोकतांत्रिक गणतंत्र के रूप में वैधानिकता प्रदान किया जायगा।

संविधान सभा निर्वाचन अभियान के लिये हमारा नारा :

(१) मधेसी की शान और पहचान, संविधान सभा से लेकर रहेंगे मधेस प्रदेश महान !
(२) नेपाल देश और मधेस प्रदेश, पँजा छाप सद्भावनाका है संदेश !
(३) पँजा छाप – सद्भावना में मत डालेंगे, मधेस प्रदेश हम पा लेंगे !
(४) पँजा छाप सद्भावना का एक है नारा, मेची से महाकाली तक मधेस प्रदेश हमारा !
(५) जब तब न बनेगा मधेस प्रदेश, तब तक ना होगा शांत यह देश !
(६) मधेसी को मुक्ति तभी मिलेगी, मधेस भूमि जब उसकी होगी !
मधेसी को अधिकार तभी मिलेगा, मधेस प्रदेश जब उसका होगा !

जय मातृभूमि !!!

१७.

राष्ट्रिय जनमुक्ति पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

नेपाल बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक र बहुभाषिक राष्ट्र हो । आजसम्मको राजनैतिक परिवर्तनबाट सामान्य सत्ता परिवर्तन बाहेक सर्वसाधारण जनताले राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक र साँस्कृतिक क्षेत्रमा कुनै परिवर्तन महसुस गर्न सकेका छैनन्। यसको मुल कारण आजसम्म सत्ताधारी जातिबाट राजनैतिक सत्तामा बहुसंख्यक भूमि पुत्र आदिवासी जनजाति, मधेसी, थारू, मुश्लिम, दलित, धार्मिक समुदाय, अल्पसंख्यक समुदाय र कर्णाली क्षेत्र लगायतका पिछडिएका क्षेत्रका जनताहरूलाई राज्यको नीति निर्माणमा सहभागी नबनाइनु र राज्यसत्ताको सुविधाबाट वञ्चित गरी राष्ट्र निर्माणको मुल प्रवाहबाट अलग्याउनु हो।

जनताको त्याग र बलिदानस्वरुप नेपालको इतिहासमा पहिलोपटक जनताले आफ्नो संविधान आफ्नो रोजाईको प्रतिनिधिहरूबाट लेख्न पाउने अवसर आएको छ। त्यसैले यस पटक जनताले आफूले चाहेको जस्तो संविधान लेख्न लेखाउन सही किसिमको प्रतिनिधि र पार्टी छनौट गर्न नसकेमा फेरि यस्तो सुअवसर कहिल्यै नआउन पनि सक्तछ।

नेपालको राजनैतिक इतिहासमा भूमिपुत्र आदिवासी जनजाति, मधेसी, थारू, मुश्लिम, दलित र पिछडिएका क्षेत्रका जनतालाई सत्ताधारीहरूले दोश्रो दर्जाको नागरिकको रुपमा राखी ठूला ठूला झुट्टा आश्वासन दिई झुक्याउँदै आएका छन्। तर अब पनि सत्ताधारीहरूको यस्तो झुट्टा आश्वासनबाट जनता पुनः भ्रमित नहुन् भन्नको लागि नेपालको वर्तमान केन्द्रीकृत सरकारको स्वरुपको सट्टा स्वायत्तता सहितको बहुजातीय प्रजातान्त्रिक गणतन्त्रात्मक राज्य (Multinational Democratic Republic States) व्यवस्था निर्माण गर्नको लागि निम्नअनुसारको सङ्घीय राज्यका स्वरुप प्रस्तुत गरेका छौं।

राज्यको संघीय संरचनाको स्वरुप

केन्द्रीय स्वरुप

१. **व्यवस्थापिका (Legislative)**

१.१ हालको दुई सदनको सट्टा केन्द्रमा एउटा मात्र सदन राख्ने अर्थात् हालको संसद् (प्रतिनिधिसभा) को सट्टा अध्यक्ष मण्डल (Presidium) बनाउने।

१.२ जातीय जनसंख्याको समानुपातिक आधारमा तोकिएको संख्यामा साना ठूला स्वायत्त राज्यहरूबाट समानुपातिक संख्यामा निर्वाचित भई आएका स्वायत्त राज्यका प्रतिनिधिहरू अध्यक्ष मण्डलका सदस्य हुनेछन्।

१.३ मन्त्रीमण्डलले स्वायत्त राज्यहरूमा केन्द्रीय सरकारको प्रतिनिधिको रुपमा राज्यपाल (Governor) नियुक्त गर्नेछ।

१.४ अध्यक्ष मण्डलले आफूहरू मध्येबाट तोकिएको अवधिसम्मको लागि न्यूनतम ३३ प्रतिशत महिला सहित प्रधानमन्त्री र आवश्यक विभागीय मन्त्रीहरू जातियताको आधारमा निर्वाचन गर्ने। जातिको चक्र प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरी एकपटक प्रधानमन्त्री वा मन्त्री भई सकेपछि अरू जातिहरूको पालो नसकिएसम्म अर्कोपटक हुन नपाउने।

१.५ तोकिएको अवधिसम्मको लागि जातिहरूको चक्र प्रणालीको आधारमा अध्यक्षमण्डलले आफूहरूमध्येबाट अध्यक्ष– राष्ट्र प्रमुख (President) निर्वाचित गर्ने।

१.६ केन्द्रीय सेवाका निजामति, प्रहरी र सेनाका प्रमुखहरूको नियुक्त, बढुवा वा अवकाश अध्यक्ष मण्डलको स्वीकृतिमा अध्यक्षले गर्नेछ।

१.७ सेनाको सर्वोच्च कमाण्डर अध्यक्ष भएता पनि अध्यक्षमण्डलको स्वीकृतिमा मात्र अध्यक्षले सेनासम्बन्धी व्यवस्था गर्न सक्नेछ।

१.८ केन्द्रीय अध्यक्ष मण्डलले बनाएको संविधानलाई स्वायत्त राज्यहरूले अनुमोदन गरेपछि मात्र सो केन्द्रीय संविधान पारित भएको मानिनेछ।

२. कार्यपालिका (Executive)

२.१ अध्यक्ष (राष्ट्र प्रमुख) मानार्थको लागि मात्र हुनेछ। कानुनी कागजातमा हस्ताक्षर गर्ने वा अध्यक्षको नामबाट गरिने कुनै पनि कानुनबमोजिमको कार्य अध्यक्ष मण्डलको स्वीकृतिमा गर्नुपर्नेछ। अध्यक्ष जातीय चक्र प्रणालीबाट निर्वाचित गरिने भएकोले एकपटक अध्यक्ष भईसकेको व्यक्ति वा जाति अरू जातिहरूको पालो नसकिँदासम्म पुनः अर्कोपटक अध्यक्ष हुन पाउने छैनन्।

२.२ मन्त्रीमण्डल अध्यक्ष मण्डलप्रति उत्तरदायि हुनेछ। प्रधानमन्त्रीले मन्त्री–मण्डलको बैठकले अध्यक्षता गर्नेछ।

२.३ अध्यक्षमण्डलको स्वीकृतिमा मात्र सीमित प्रयोजन र निश्चित अवधिको लागि अध्यक्षले सेना परिचालन गर्नेछ। तर राष्ट्र विप्लब वा मुलुकको स्वतन्त्रता र सार्वभौम अखण्डतामा आँच आउने अवस्थामा बाहेक नेपाली नागरिक विरुद्ध सेना परिचालन गर्न पाइने छैन।

२.४ मन्त्रीमण्डल र अध्यक्षमण्डलको संयुक्त बैठकको अध्यक्षता अध्यक्ष (President) ले गर्नेछ।

३. न्यायापालिका (Judiciary)

३.१ केन्द्रमा हालको सर्वोच्च अदालतको सट्टा सङ्घीय अदालत (Federal Court) हुनेछ।

३.२ सङ्घीय अदालतमा दुई मुलुक बिचको मुद्दा, स्वायत्त राज्यहरू बिचको मुद्दा र राजद्रोह मुद्दा, संवैधानिक र कानुनी विवादहरू सङ्घीय अदालतमा दर्ता भई हेरिनेछ। हातहतियार खरखजाना मुद्दा, सर्वश्व सहितको ज्यान मुद्दा, डाका मुद्दा, खोटा टक चलन मुद्दा, पाँच वर्षभन्दा बढी सजाय वा पचास हजारभन्दा बढी विगो जरिवानाको फौजदारी वा दिवानी मुद्दाको पुनरावेदन र स्वायत्त राज्यका पुनरावेदन अदालतबाट सङ्घीय अदालतले हेर्ने भनेका मुद्दाहरू मात्र हेर्न पाउनेछ।

स्वायत्तता राज्यहरूको स्वरुप

१. मुलुकको संविधानको अधिनस्थ रही मुलुकलाई विभिन्न स्वायत्त राज्यहरूमा विभाजित गरिनेछ। यी स्वायत्त राज्यहरू परिस्थितिअनुसार साना ठूला र घटी बढी संख्यामा हुन सक्तछ।

२. स्वायत्त राज्यहरूमा दुई सदनको व्यवस्था गरिनेछ। स्थाई परिषद् (Standing Council/Upper House) र जनपरिषद् (Legislative / Lower House)। यस बाहेक स्वायत्त कार्य परिषद् (Executive Cabinet) गठन गरिनेछ।

१. स्थायी परिषद (Standing Council)

१.१ जनपरिषद्को अनुपस्थितिमा स्थाई परिषदले कार्य गर्नेछ। यो परिषद् निरन्तर स्थायी रहनेछ।

१.२ जनपरिषद्मा न्यूनतम ३३ प्रतिशत महिलासहित निर्वाचित दलिय वा स्वतन्त्र प्रतिनिधिहरूको जातजातिहरूको समानुपातिक संख्याको आधारमा एकल संक्रमणीय चक्र प्रणालीद्वारा निर्वाचित प्रतिनिधीहरू र ती स्वायत्त राज्यहरूमा रहेका विशिष्ट योगदान दिनेहरू स्वायत्त ऐनमा व्यवस्था गरेको समयावधिसम्मको लागि यस स्थायी परिषद्का सदस्य हुने छन्।

१.३ जनपरिषद्ले पारित गरेको ऐन कानुनलाई यसले अनुमोदन गर्नुपर्नेछ तर स्थायी परिषद्ले एक–पटक अस्वीकृत गरेको ऐन जनपरिषद्ले पुनः पारित गरेमा स्थायी परिषदले पारित गर्नुपर्नेछ।

२. *जनपरिषद (Legislative)*

२.१ जनपरिषद सम्बन्धित स्वायत्तता राज्यहरूका विधि निर्माता हुन्।

२.२ दलगत वा स्वतन्त्र रुपमा वालिग मताधिकारद्वारा निर्वाचित न्यूनतम ३३ प्रतिशत महिला सहित प्रतिनिधिहरू यसमा रहने छन्।

२.३ सम्बन्धित स्वायत्त क्षेत्रमा रहेका सबै जातजातिहरूको अनिवार्य प्रतिनिधित्व दलहरूले गराउनुपर्नेछ।

२.४ यसमा जातजातिहरूको प्रतिनिधित्व गराउँदा जातजातिहरूको जातीय जनसंख्याको समानुपातिक प्रणालीलाई आधार मानिनेछ। यो समानुपातिक आधार सम्बन्धित स्वायत्त राज्यहरूमा स्थायी रुपमा बसोबास गरेका जातजातिहरूको संख्यालाई लिइने हुँदा घटीबढी हुन सक्तछ। जस्तै कुनै स्वायत्त राज्यमा एक जातिको पचास हजार बराबर १ प्रतिनिधि र अर्को स्वायत्त राज्यमा २५ हजार बराबर १ प्रतिनिधि वा यस्तै घटी बढी हुन सक्दछ। कुनै एक वा केही अति अल्पसंख्यक जातजातिहरूको तोकिएको संख्या अपुग भएमा यस्ता अवस्थामा दलित र गैर दलित समूह विभाजनगरी सो संख्या पुऱ्याई ती समूहहरूमा परेका जात जातिहरूको संख्याको समानुपातिक आधारमा पालैपालो प्रतिनिधित्व गराइने छ।

२.५ जनपरिषद्ले व्यवस्था गरिएअनुसार तोकिएको संख्यामा हाल न्यूनतम ३३ प्रतिशत महिलासहित जातजातिहरूको जनसंख्याको समानुपातिक आधारमा केन्द्रीय अध्यक्ष मण्डलमा प्रतिनिधिहरू निर्वाचित गर्नेछ।

२.६ केन्द्रको प्रतिनिधि राज्यपालले सम्बन्धित स्वायत्त क्षेत्रको हित विपरित कार्य गरेको ठहर गरेमा राज्यपाललाई केन्द्रमा फिर्ता गर्न सक्नेछ।

२.७ सम्बन्धित स्वायत्त राज्यहरूले आ–आफ्नो राज्यको हितमा एक आपसमा सहमति, सम्झौता या समझदारी कायम गर्न सक्नेछ तर यस्तो सहमति, सम्झौता वा समझदारी राष्ट्रहित विपरित गर्न पाइने छैन।

३. *स्वायत्तता कार्यपरिषद (Executive)*

३.१ यो सम्बन्धित स्वायत्त राज्यको कार्यपालिका अर्थात् मन्त्रिमण्डल हो।

३.२ यो मन्त्रिमण्डल बहुमत प्राप्त दल वा गठबन्धन दलहरूले बनाउनेछ।

३.३ यो मन्त्रिमण्डल जनपरिषद्प्रति उत्तरदायि रहनेछ।

३.४ मन्त्रिमण्डल गठन गर्दा हाल न्यूनतम ३३ प्रतिशत महिलासहित जातजातिहरूको समानुपातिक प्रतिनिधित्वलाई अनिवार्य पालना गराइने छ।

३.५ यस कार्यपरिषद्को प्रमुखलाई मुख्यमन्त्रि भनिनेछ र मुख्यमन्त्रि सम्बन्धित स्वायत्त राज्यहरूको कार्यपालिका प्रमुख हुनेछ।

३.६ मुख्यमन्त्रिले मन्त्रिमण्डल, स्वायत्त राज्यका निजामती र प्रहरी सेवा आदिका प्रमुखहरूलाई बढुवा, सेवामुक्त र हेरेफर या थपघट गर्न सक्नेछ। अन्य मन्त्रिहरू मुख्यमन्त्रिप्रति उत्तरदायि र मुख्यमन्त्रि जनपरिषद्प्रति उत्तरदायि हुनेछ।

३.७ मुख्य मन्त्रिले राज्यपाल समक्ष दिएको राजीनामा स्वीकृत भएपछि सबै मन्त्रिमण्डल विघटन भएको मानिनेछ।

न्यायिक व्यवस्था (Judiciary System)

प्रत्येक स्वायत्त राज्यहरूमा शुरु तहको जिल्ला अदालतको सट्टा मध्यस्थ अदालत र पुनरावेदन अदालत रहनेछ।

१. **मध्यस्थ अदालत** (Mediator Court)

यो शुरु तहको अदालत हो।

दुई मुलुक बीचको मुद्दा, स्वायत्त राज्यहरूबीचको मुद्दा, राजद्रोहको मुद्दा र रिट सम्बन्धी मुद्दाहरू बाहेक अन्य मुद्दाहरू यसमा दायर भई हेरिनेछ। यसको फैसला उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित स्वायत्त क्षेत्रका पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने छन्।

२. पुनरावेदन अदालत (Appellate court)

२.१ शुरु तहको सबै किसिमका रिट निवेदनहरूको फैसला गर्ने र चित्त नबुझ्ने पक्षले यसको फैसलाउपर सङ्घीय अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२.२ मध्यस्थ अदालतको फैसलाउपर परेको पुनरावेदन हेरि फैसला गर्ने।

२.३ सङ्घीय अदालतले हेर्न पाउने मुद्दाहरू बाहेक बाँकी मुद्दाहरूको बारेमा पुनरावेदनको फैसला अन्तिम हुनेछ।

स्वायत्तता राज्यहरूको गठन विधि

स्वायत्त राज्यहरूको गठन निम्नलिखित आधारमा गरिनेछ।

१. सम्भव भएसम्म एक जाति विशेषको बहुमत कायम हुने गरी भौगोलिक आधारमा।
२. जात, जातिहरूको ऐतिहासिकताको आधारमा।
३. भाषा वा साँस्कृतिक आधारमा।

अधिकार र दायित्व (Separation of Power)

केन्द्र र स्वायत्त राज्यहरूको अधिकार र दायित्व संविधान स्पष्ट उल्लेख गरिनेछ।

१. केन्द्रीय सरकारको अधिकार

१.१ परराष्ट्र, मुद्रा, सेना, मित्रराष्ट्रहरूसँग गरिने सन्धी सम्झौता वा पारवहन र वाणिज्य सम्झौता, हवाई तथा यातायात सेवा, हुलाक सेवा, केन्द्रीय बैकिङ् व्यवस्था, राष्ट्रिय सुरक्षा, ठूला उद्योग र आयोजनाहरू (Heavy industries and projects) र सामरिक महत्त्वका उद्योगहरू केन्द्रीय सरकारको मातहतमा रहनेछ।

१.२ मुलुकको सार्वभौम अखण्डता, राष्ट्रिय एकता र स्वतन्त्रतामा आँच आउने परिस्थितिमा बाहेक केन्द्र सरकारले स्वायत्त राज्यहरूमा कुनै हस्तक्षेप गर्न पाउने छैन।

२. स्वायत्त सरकारको अधिकार

२.१ केन्द्रीय सरकारमा रहने उल्लेखित अधिकारहरू बाहेक अरू सम्पूर्ण अधिकार मुलकको संविधान अधिनस्थ रही स्वायत्तता राज्यहरूले विकास, निर्माण र प्रशासनमा पूर्ण स्वतन्त्रता पाउनेछन्।

२.२ स्वायत्तता राज्यहरूले आ–आफ्नो राज्यहरूमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरी र सशस्त्र प्रहरी राख्न पाउनेछ।

२.३ स्वायत्तता राज्यहरूमा सरकारी वा गैरसरकारी सेवामा सम्बन्धित स्वायत्तता राज्यका जनशक्ति अपुग भएमा मात्र अन्य स्वायत्तता राज्यकालाई राखिनेछ।

२.४ आर्थिक, उद्योग, कृषि, भूमि, सिंचाई, शिक्षा, भाषा, धर्म, साना जलविद्युत, कर (taxes) र स्वास्थ्य आदि नीतिहरू सम्बन्धित स्वायत्त राज्यहरूले नै निर्धारण गर्नेछ।

२.५ मुलुकको संविधान अधिनस्थरही स्वायत्त राज्यहरूले ऐनकानुन बनाउन पाउनेछन्।

२.६ सम्बन्धित स्वायत्त राज्यहरूमा भएको प्राकृतिक स्रोत–साधनमाथि सम्बन्धित स्वायत्त राज्यहरूको पूर्ण अधिकारमा रहनेछ।

२.७ योजना आयोग, लोकसेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायिक सेवा, निर्वाचन आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ता जस्ता निकायहरूको व्यवस्था सम्बन्धित स्वायत्त राज्यहरूले नै गर्नेछ।

राज्यको नीति निर्देशन सिद्धान्तहरू (Directive Principle of States)

१. केन्द्र र स्वायत्त राज्यहरूले बहुदलीय राजनैतिक व्यवस्था, मानव अधिकार, जनताको मौलिक अधिकार, धर्मनिरपेक्षता, सम्पत्ति आर्जन र बेचबिखनको अधिकारलाई कुण्ठित गर्न पाइने छैन।

२. जात जातिको बिचको सम्प्रदाय सद्भाव र एक आपसमा उच्च सम्मानको भावना राख्नु पर्नेछ।

३. गैर आवासीय नेपाली (Non-Residential Nepalese -NRN), भ्रस्टाचार मुद्दामा बाहेक अन्य मुद्दामा थुना वा कैदमा रहेका बन्दीहरूलाई र बैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई आ–आफ्नो स्वायत्त राज्यहरूमा मतदानको अधिकार दिनुको साथै गैरआवासीय नेपालीहरूको दोहोरो नागरिकता (Dual Citizenship) लाई अनिवार्य मान्यता दिनुपर्नेछ।

४. कार्यालयमा बसी कार्य गर्नुपर्ने वा कार्यमा खटिई बाहिर हिँडिरहनु पर्ने सेवाका बाहेक अन्य सेवाकाहरूलाई घण्टाको हिसाबले वा पिस वर्कको हिसाबले ज्याला (तलब) तोकिनुपर्नेछ तर घण्टाको हिसाबले ज्याला तोक्दा हाल घण्टाको न्यूनतम ३५ रुपैयाँ भन्दा कम तोक्न पाइने छैन।

५. कुनै पनि किसिमको सरकारी वा गैरसरकारी सेवामा भर्ना गर्दा हाल न्यूनतम ३३ प्रतिशत महिलासहित जातजातिहरूको समानुपातिक आधारलाई अनिवार्य पालना गर्नुपर्नेछ।

६. अति पिछडिएका जाति, जनजाति, दलित, महिला र सिमान्तकृत जातिहरूलाई विविध क्षेत्रमा आरक्षण, संरक्षण र उनीहरूलाई निर्वाचन क्षेत्र छुट्याई उनीहरूको उत्थानमा विशेष ऐन कानुन बनाइनेछ।

७. सम्बन्धित स्वायत्तता राज्यमा स्थायी बसोबास गरेकाहरूले सम्बन्धित स्वायत्तता राज्यहरूबाट परिचय पत्र र केन्द्रीय सरकारबाट नेपाली नागरिकता अनिवार्य लिनुपर्नेछ। विदेश जानेहरूले केन्द्र सरकारबाट राहदानी Passport लिनु पर्नेछ।

८. सम्बन्धित क्षेत्रमा स्थायी बसोबास भएकाहरूले मात्र सम्बन्धित स्वायत्तता राज्यहरूमा मतदान गर्न पाउने छन्।

९. हालको वितरित नागरिकतालाई अस्थायी मानी सम्बन्धित स्वायत्त राज्यले आ–आफ्नो स्वायत्त राज्यभित्रका वास्तविक स्थायी बासिन्दाहरूको पहिचान गरी परिचय पत्र दिने र सोही आधारमा केन्द्र सरकारले नागरिकता दिनुपर्नेछ। स्वायत्त सरकारबाट परिचय पत्र प्राप्त नगर्नेको नागरिकता बदरभागी हुनेछ।

१०. स्वायत्त राज्यहरूले पुनः न्यायोचित भूमि सुधार गर्नुपर्नेछ। ठूला शहरमा एक रोपनी, पहाडी र हिमाली क्षेत्रमा अब्बल, दोयम, सिम र चहार गरी स्तर अनुसार बढीमा ८० र घटीमा ५० रोपनी, मधेश तराईमा जग्गाको उत्पादकता अनुसार बढीमा ५ विघा हदबन्दी गर्न प्रयास गर्ने तर स्वायत्तता राज्यहरूले आफ्नो स्वायत्त राज्यको विशिष्ट परिस्थितिअनुसार यसमा केही घटीबढी गर्न सक्दछ।

११. धर्म लोप नहुने गरी गुठी जग्गा रैकरमा परिणत गरी मोहीको नाममा दर्ता गर्ने । अब उपरान्त मोहीयानीमा जग्गा कमाउने मोहीको मन्जुरी बेगर जग्गाधनीले जग्गा खोस्न वा बिक्री गर्न नपाउने र मोहीले मोहियानी जग्गामा घर बनाउन पाउने, मोहियानी जग्गा र सोमा बनेको घरजग्गा धितो बन्धक राखी मोहीले व्यवसाय गर्न पाउने र मोही र जग्गाधनीको सहमतिमा जग्गाधनीलाई जग्गा फिर्ता गर्न परेमा मोहीले ५५ प्रतिशत जग्गा पाउने कानुनी व्यवस्था गरिनेछ।

१२. सुकुम्बासी र कमैयाहरूलाई भूमि सुधार गरी हदबन्दीभन्दा बढी निस्केको जग्गाबाट खान पुग्ने घर जग्गाको व्यवस्था गरिनुको साथै रोजगार व्यवसायमा प्राथमिकता दिइनेछ।

१३. जातीय विभेद र छुवाछूतलाई फौजदारी अपराध सरह मानी सरकारवादी भई मुद्दा चलाइने छ र अपराध सिद्ध भएमा कसुरको मात्रा हेरी बढीमा ५ देखि १० वर्षसम्म कैद र ५० हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरिनेछ र यस्ता कसुरदार कुनै पनि सरकारी सेवामा अयोग्य ठहरिनेछ।

१४. महिला बेचबिखन, मानिस अपहरण, मानिस बन्धक राख्ने, करकापमा पारी फिरौती माग्ने र कसैको इच्छा विरुद्ध काम गराउने आदिलाई फौजदारी सरह कारवाही गरी १० देखि २० वर्षसम्म कैदको व्यवस्था गरिनेछ।

१५. भ्रस्टाचारलाई राजद्रोह मानी राजद्रोह सरह सजाय गरिनेछ। भ्रस्यचारमा मुद्दा परी अदालतमा मुद्दा विचाराधिन रहेको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न पाउने छैन। भ्रष्यचार मुद्दामा सजाय पाएका व्यक्ति आजीवन राजनैतिक र सामाजिक क्षेत्रमा कार्य गर्न पाउने छैन र निजले भ्रष्यचार गरी कमाएको सम्पत्ति राज्य ऋण सरह असुल गरी सरकारी राजस्वमा जम्मा गरिनेछ।

१६. महिला र पुरुषको लागि समान कार्यको लागि समान ज्याला निर्धारण गरिनेछ।

१७. स्वायत्त राज्यहरूले आ–आफ्नो राज्यभित्रका प्रत्येक बालबालिकालाई १२ कक्षासम्म दिनको खाजा र पुस्तकसहित अनिवार्य शिक्षा दिइनेछ।

१८. सबै नागरिकले सरकारलाई कर तिरेकोले बेरोजगार युवाहरूलाई बेरोजगार भत्ता र ६० वर्ष पुगेका तर कहिँबाट पनि आर्थिक सहयोग प्राप्त नगरेका बृद्धबृद्धाहरूलाई र असहाय विधवाहरूलाई अनिवार्य बेरोजगार भत्ता दिइनेछ।

१९. बेसहारा, अनाथ बालबालिका, बेसहारा बृद्धबृद्धा र अपाङ्गहरूलाई सरकारले प्राथमिकताका साथ बसोबास र अन्य व्यवस्था गरिनेछ।

२०. केन्द्र सरकारको अनुमति नलिई स्वायत्त राज्यहरूले कुनै विदेशी राष्ट्र, संस्था वा व्यक्तिसँग साँठगाठ र आर्थिक व्यवहार गर्न पाइने छैन।

२१. केन्द्र सरकारले विदेशी राष्ट्रहरूसँग प्राप्त गरेको अनुदान, सहयोग र केन्द्र सरकारले वितरण गर्नुपर्ने केन्द्रीय रकम स्वायत्त राज्यहरूको अवस्था हेरी समानुपातिक रुपमा वितरण गरिनेछ।

२२. कृषि क्षेत्रमा आमूल परिवर्तन र सुधारगरी मुलुकलाई औद्यागिकरण गरिनेछ।

२३. राष्ट्रियहित विपरित गरिएका सन्धीसम्झौताहरू पुनः पुरावलोकन गरी असमान सन्धिहरू खारेज गरिनेछ।

२४. राष्ट्रिय चिन्ह या प्रतीकहरूमा कुनै धर्म वा जाति विशेषको पहिचान हुने गरी राखिने छैन।

२५. बालविवाह र बहुविवाह गर्नेलाई १० देखि १५ वर्षसम्म कैद गरिनेछ र निजहरूलाई सरकारी सेवामा अयोग्य मानिनेछ।

२६. हाल मुलुकी ऐनमा रहेको अदलको महल खारेज गरिनेछ।

उपरोक्त स्वायत्त राज्यहरूको विभाजन माथि स्वायत्त राज्यहरूको गठन विधिमा उल्लेख भएअनुसार विभिन्न जातजातिका विशेषज्ञहरू (Technocrats) सम्मिलित "स्वायत्त राज्य निर्धारण समिति" गठन गरी सो समितिको राय सुझावमाथि विविध जातजातिहरूमाझ व्यापक छलफलपछि सहमतिको आधारमा स्वायत्त राज्यहरू गठन गरिनेछ ।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरू,

राष्ट्रिय जनमुक्ति पार्टीले २०४७ सालदेखि उठाउँदै आएको जातीय अधिकारसहितको स्वायत्त शासनको माग आज राष्ट्रिय मुद्दा बनिसकेको छ र यसलाई अन्य कुनै पनि पार्टी अस्वीकार गर्न सकेको छैन र सक्दैन पनि । विविध जातजातिहरूको पूर्ण अधिकारसहित स्वायत्तता राज्यहरूको खाका राष्ट्रिय जनमुक्ति पार्टी यहाँहरू समक्ष राखेको छ। राष्ट्रिय जनमुक्ति पार्टी उपरोक्त उल्लेख भएअनुसार सबै जातजातिहरूको अधिकार सहितको स्वायत्त राज्यहरूको निर्माणको लागि अब लेखिने संविधानमा लेख्न प्रतिबद्ध छ।

अतः यहाँहरूलाई जातीय अधिकारसहितको स्वायत्त राज्यको चाहना र आवश्यकता भएमा नयाँ नेपालको निर्माणको लागि आ–आफ्नो पूर्व पार्टीहरूप्रति पूर्वाग्रह त्यागी राष्ट्रिय जनमुक्ति पार्टी **"घर"** चिन्हमा आफ्नो अमूल्य मत दिई यस पार्टीका उम्मेदवार र पार्टीलाई भारी बहुमतले विजयी बनाई आ–आफ्नो स्वायत्त राज्यको घर लिन हार्दिक अनुरोध गर्दछौं।

"नयाँ नेपाल निर्माणको आधार ।
जातीय अधिकार सहित स्वायत्त सरकार ।"

१८.

नेपाली जनता दल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

नेपाली जनताको प्रगति एवम् स्वतन्त्रताको तथा परिवर्तनको चाहनालाई प्रतिनिधित्व गर्दै नेपाली जनता दलले नेपाली जनता र मातृभूमि नेपालको सेवा गर्ने सुनौलो अवसर प्राप्त गरेको छ। राष्ट्रिय एकता, सार्वभौमसत्ता एवम् राष्ट्रिय स्वतन्त्रतालाई केन्द्र बनाएर नेपाली जनताको जनजीविकालाई सुदृढ बनाउने देशको आर्थिक, सामाजिक, राजनैतिक एवम् शैक्षिक उन्नतिका लागि तथा समानतामुलक समाजको स्थापना गर्ने उद्देश्यतिर **नेपाली जनता दल** सक्रिय रहने छ। जनआन्दोलन २०६२/०६३ को जनादश संविधान सभा निर्वाचन र त्यसमार्फत् समाजवादी गणतन्त्र हुँदै जनताको सङ्घीय गणतन्त्र स्थापना हो। यसै जनादेशको आधारमा नेपाली जनता दलले आफ्नो भावी कार्यनीति एवम् राज्य व्यवस्था सम्बन्धी गन्तव्यलाई तमाम नेपाली जनतासमक्ष पुऱ्याउनका लागि दलको घोषणा पत्र २०५१ को दोस्रो संशोधन २०६४ जारी गरेको हो।

नेपाली जनता दल आसन्न संविधान सभामार्फत् देशलाई सङ्घीयता प्रदान गर्दै तत्काल लोकतान्त्रिक गणतन्त्रको बाटेबाट समाजवादी गणतन्त्र र यसैको आधारशीलाबाट जनताको सङ्घीय गणतन्त्र स्थापना गर्न चाहन्छ र यस उद्देश्य प्राप्तिका लागि नेपाली जनता दल निम्न मुद्दाहरूमा केन्द्रीत भई संविधान सभा निर्वानको लागि आफ्नो प्रतिबद्धता सार्वजनिक गर्दछ।

१. आजको आवश्यकता

देशको वर्तमान परिस्थिति, जनताको चाहना र अन्तर्राष्ट्रिय वहाव समेतको अध्ययन, अनुसन्धान र विश्लेषण गरी नेपालले अवलम्बन गर्नुपर्ने बाटेको बारेमा नेपाली जनता दल निम्न निष्कर्षमा पुगेको छ।

(क) संघीय गणतन्त्र : नेपाली जनता दल संविधान सभा मार्फत् देशलाई सङ्घीय स्वायत्त सहितको गणतन्त्रात्मक राष्ट्रमा परिणत गर्न आतुर छ। यसरी निर्माण गरिने सङ्घीय स्वायत्त गणराज्य घटीमा ३ र बढीमा वटासम्म हुनेछन्। कुनैपनि सङ्घीय गणराज्य निर्माण गर्दा प्राकृतिक श्रोत, साधन विकासका अवसर जनसंख्या, भाषा, संस्कृति समेतलाई आधार बनाएर राष्ट्रको दीर्घकालिन विकास एवम् राष्ट्रिय एकतालाई प्राथमिकतामा राखी गरिनेछन्।

(ख) राजनीतिक व्यवस्था : संविधान सभा मार्फत् देशमा तत्काल लोकतान्त्रिक हुँदै समाजवादी गणतन्त्रको स्थापना हुनेछ भने यसैको आधारबाट दीर्घकालीनरूपमा जनताको सङ्घीय गणतन्त्रको स्थापना हुनेछ। यो अवस्थासम्म पुग्नका लागि तत्काल कार्यान्वयन हुने लोकतान्त्रिक गणतन्त्रले जनताको जीवनस्तरमा आमुल परिवर्तन ल्याई देशको आर्थिक विकास, सामाजिक एवम् मानसिक विकासलाई प्राथमिकता प्रदान गर्दै तमाम श्रमजीवि वर्ग, किसान मजदुर, मध्यम तथा निम्न मध्यम वर्गका साथ कथित दलित, जनजाति, अल्पसंख्यक, उत्पीडित वर्गको अधिकार सुनिश्चित गर्दै उनीहरूको समृद्धिको ढोका खोल्ने छ र यसैको आधारबाट राज्य व्यवस्था छिट्टै नै समाजवादी गणतन्त्रमा प्रवेश गर्ने छ। समाजवादी गणतन्त्र स्थापना सँगै सिङ्गो राष्ट्र जनताको सङ्घीय गणतन्त्रको तयारीमा जुट्ने छ।

(ग) **अवसरको बाँडफाँड :** समाजवादी गणतन्त्र भित्र तथा सङ्घीय राज्यहरूमा प्राप्त सबै अवसरहरू श्रमजीवि वर्गदेखि, किसान, मजदुर, पिछडिएको वर्ग, दलित एवम् महिलालाई समानरूपले अवसरहरू प्रदान गर्दै जाने नीति हुने छ। राज्यका हरेक निकायमा लक्षित समुदाय वा वर्गलाई आरक्षणको व्यवस्था गरी अगाडि बढाइने छ।

(घ) **वर्तमान राजनीतिक अवस्था :** वर्तमान अवस्थामा नेपाली राजनीतिमा निम्न शक्तिहरूको प्रभाव रहेको छ। हाम्रो विश्लेषणमा नेपाली काँग्रेस र नेकपा एमाले अवसरवादी यथास्थितिवादी शक्ति हुन्। राप्रपा लगायत दक्षिणपन्थी दलहरू तथा दरबार प्रतिगामी शक्तिको रूपमा रहेका छन् भने अर्कातिर माओवादी उग्रवामपन्थी शक्तिको रुपमा रहेको छ.। तराईमा यथास्थिति र क्षेत्रियतावादी दल रहेका छन्। यसै बिचमा नेपाली जनता दल नेपाली राजनीतिको मूलधार अग्रगामी, राष्ट्रप्रेमी एवम् समाजवादी तथा जनताको सङ्घीय गणतन्त्रको पक्षधर मानवतावादबाट अभिप्रेरित भई श्रमजीवि वर्ग, किसान, मजदुर मध्यम तथा निम्न मध्यम वर्ग दलित, जनजाति एवम् पिछडिएको वर्गको प्रतिनिधिको रूपमा रहेको छ। नेपाली काँग्रेसले गणतन्त्र अलापि रहेता पनि गणतन्त्र प्रतिको उसको प्रतिबद्धतामा अझै पनि आशङ्का नै छ भने एमालेको यथास्थितिवादी एवम् अवसरवादी ढुलमुले इतिहास सबैका सामु प्रमाणित छ। अर्कातिर नेकपा माओवादीको उग्रवामपन्थी सोंचको कारण जनतामा स्थापित हुन नसकी रहेको अवस्थामा उसबाट अग्रगमनको अपेक्षा गर्नु गम्भीर भुल हुनेछ। यस्तो अवस्थामा हाम्रा सामु अग्रगमनवादी, जनतावादी, गणतन्त्रवादी, सङ्घीय लोकतन्त्रवादी शक्तिहरूसँग हातेमालो एवम् कार्यगत एकता र मोर्चाबन्दी गरी प्रतिगमन एवम् अवसरवाद र यथास्थितिवादको विरुद्धमा रहेका जनतालाई सक्षम नेतृत्व प्रदान गर्दै अघि बढ्नु पर्ने दायित्व रहेका छन्।

(ङ) **जनताको संघीय गणतन्त्रसम्म पुग्ने बाटो :**

(i) ***समाजवादी राज्यव्यवस्थाको पूर्वाधारः*** देशका सम्पूर्ण लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूसँग कार्यगत एकता एवम् मोर्चा बनाएर लोकतान्त्रिक गणतन्त्रभित्र देशका तमाम श्रमजीवी वर्ग, मजदूर किसान, मध्यम तथा निम्न मध्यम वर्गलाई लक्षित गरी उनीहरूको जीवनस्तरमा विकास गर्दै जाने तथा दलित, उत्पिडीत एवम् पिछडिएको वर्गलाई आरक्षण लगायतको व्यवस्था गरी उक्त समुदायलाई समुन्नत विकासमा अभिप्रेरित गर्दै लैजाने।

(ii) ***समाजवादी राज्यव्यवस्थाको आधारशीलाबाट जनताको सङ्घीय गणतन्त्रको पूर्वाधार निर्माणः*** समाजका श्रमजीवि वर्ग मजदुर, किसान, दलित, उत्पिडित एवम् पिछडिएको वर्ग लगायत प्राथमिकता प्राप्त वर्गको समुन्नति पश्चात् हरेक राज्य व्यवस्था समाजवादी युगमा प्रवेश गर्नेछ। जहाँ उत्पादनका साधन र श्रोतमाथि प्राथमिकता प्राप्त वर्ग र जातिको पनि अधिकार स्थापित हुनेछ र योग्यता अनुसारको काम र आवश्यकता अनुसारको वेतनको अवस्थाको सिर्जना भई समाजमा धनी र गरिबको स्थितिमा एकरूपता आउनेछ। जब आरक्षित वर्ग मजदुर, श्रमजीवि वर्ग एवम् दलित, उत्पिडित, पिछडिएको वर्ग सक्षम हुनेछ तब त्यो वर्ग आफैं आरक्षण लगायतका व्यवस्थाको विरुद्धमा उठ्नेछन् र राज्यले त्यसलाई हटाई जनताको सङ्घीय गणतन्त्रको दिशामा प्रवेश गर्नेछ।

(iii) ***जनताको संघीय गणतन्त्र :*** जब समाजमा सबै वर्ग समानरूपले विकसित भईसकेका हुनेछन्, आर्थिक, सामाजिक एवम् राजनैतिक रूपले सक्षम भई सक्नेछन् त्यस अवस्थामा उत्पादनका साधन माथि श्रमजीवि वर्ग, मजदुर, किसान एवम् दलित, शोषित, उत्पिडित पिछडिएको वर्गको स्वामित्व कायम भईसकेको हुनेछ र राज्य व्यवस्था उनिहरूको अधिनमा रही समाजमा कुनै वर्गको अस्तित्व रहेको हुँदैन, जहाँ कुनै दलित हुँदैन, उत्पिडित हुँदैन, पिछडिएको वर्ग हुँदैन, योग्यता अनुसारको काम हुनेछ। समाजमा प्राकृतिक जात मात्र हुनेछ र राष्ट्रभित्रका हरेक सङ्घीय गणराज्य स्वायत्त हुनेछन्। यो अवस्था नै सम्पूर्ण मानव समाजको उच्चतम् एवम् स्वर्णिम अवस्था हुनेछ, जहाँ मानवतावाद र प्रकृतिवाद एउटै सिद्धान्त भएर रहनेछन् र यही नै जनताको सङ्घीय गणतन्त्र हुनेछ।

(च) शहिद र परिवार सम्बन्धमा :
नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापनार्थ भएका सम्पूर्ण आन्दोलन र युद्धहरूका क्रममा शहादत प्राप्त गर्ने सम्पूर्ण वीर शहिदहरूप्रति नेपाली जनता दल भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। नेपाली जनता दल शहिद परिवारको गाँस, बास, कपासका साथै आश्रितहरूको निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था संविधानमा उल्लेख गराउन प्रतिवद्ध छ।

(छ) केन्द्रिय सरकारको निर्माण :

(i) राष्ट्रमा राष्ट्र प्रमुखको रुपमा केन्द्रीय व्यवस्थापिकाका सदस्यहरू र सङ्घीय गणराज्यका विधायिकी सदस्यहरूको बहुमतबाट निर्वाचित राष्ट्रपति हुनेछन्। र प्रत्येक राष्ट्रपतिको कार्यकाल पाँच वर्षको लागि हुनेछ। र एक व्यक्ति १ कार्यकालका लागि मात्र राष्ट्रपति हुनेछन्।

(ii) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको कार्य गर्न तथा राष्ट्रपतिलाई सघाउनका लागि उपराष्ट्रपतिको व्यवस्था गरिनेछ।
(राष्ट्रपति पुरूष भए उपराष्ट्रपति महिला र राष्ट्रपति महिला भएमा उपराष्ट्रपति पुरुष हुनेछन्।)

(iii) प्रधानमन्त्रीको निर्वाचन व्यवस्थापिकाको माथिल्लो सदनको बहुमतले गर्नेछ र प्रधानमन्त्री देशको कार्यकारी प्रमुखको रुपमा कार्य गर्नेछन्। एकै व्यक्ति बढीमा २ कार्यकाल सम्म मात्र प्रधानमन्त्री हुन पाउनेछन्।

(iv) मन्त्रीमण्डल :
केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विभाग अनुसारको संख्यामा मन्त्रीहरू रहनेछन् र कुनै पनि मन्त्रिको न्युनतम शैक्षिक योग्यता स्नातक वा सो सरह हुनुपर्ने छ। प्रत्येक गणराज्यमा १ जना मुख्य मन्त्री र विभागिय मन्त्रीहरू हुनेछन्।

(ज) व्यवस्थापिका : केन्द्रमा दुई सदनात्मक व्यवस्थापिका रहनेछ। माथिल्लो सदनका सदस्यहरू जनताद्वारा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधिहरू हुनेछन् तथा तल्लो सदनका सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका प्रतिनिधिहरू हुनेछन् र यो सदनमा तोकिएको संख्यामा राष्ट्रिय जीवनमा महत्त्वपूर्ण र विशेष योगदान पुऱ्याएका व्यक्तिलाई समेत समावेश गरिनेछ। हरेक गणराज्यमा १ सदनात्मक विधायिका रहनेछ भने स्थानीय निकायमा जननिर्वाचित प्रतिनिधिहरू रहने व्यवस्था गरिनेछ।

(निर्वाचन परिणामलाई गुणस्तरीय बनाउन मतहरूको वैज्ञानिकरूपले वर्गीकरण गरि बहुमतीय प्रणालीको गुणस्तर वृद्धि गर्नका लागि नीति निर्माण गरिनेछ।)

२. नेपाली जनता दलको आगामी दिशा :

- औद्योगिक पूँजीवादको भर्खरै जन्म हुन लागेको वर्तमान नेपालमा जनताको सङ्घीय गणतन्त्रलाई राष्ट्र र मेहनती समुदायको पक्षमा विकास गर्नु पर्दछ। व्यापक जनसहभागिताको आधारमा आर्थिक, सामाजिक र राजनैतिक रूपले अगाडि बढ्न सम्पूर्ण समाजलाई उठाउने।
- श्रमजीवी समुदायहरू र मध्यमवर्गहरूको बढ्दो संलग्नताले र त्यसको नेतृत्वमा नेपाली जनता दलको भूमिकाले जनताको सङ्घीय गणतन्त्रको सारतत्त्वलाई समृद्ध पार्नेछ।
- जनताको सङ्घीय गणतन्त्रको उत्तरोत्तर विकास र गहनतालाई सुनिश्चित गर्नेछ।
- राजनीतिक, आर्थिक, सामाजिक सुदृढीकरणको प्रक्रियाले समाजवादी अर्थतन्त्रको बाटो अवलम्बन गर्दै अघि बढ्नेछ।

३. नेपाली जनता दलको तत्कालिन जिम्मेवारी :

- दलित, महिला र पिछडिएको वर्गलाई आरक्षण दिनु।
- सङ्घीय लोकतन्त्रात्मक गणतान्त्रिक व्यवस्थाको रक्षा र सुदृढीकरण गर्दै समाजवादी गणतन्त्रको आधार निर्माण गरी अन्तिम लक्ष्य जनताको सङ्घीय गणतन्त्रतिर उन्मुख हुने।

- मुलुकको छिटो औद्योगिकरण गर्नु।
- माध्यमिक शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु।
- प्रत्येक नेपालीलाई रोजगार, शिक्षा, आवास खाद्यान्न सुविधा तर्फ राशन कार्ड र स्वास्थ्य सेवा उपलब्ध गराउनु।
- प्राथमिक कक्षामा मातृभाषा पढ्ने व्यवस्था गर्नु।
- मजदूर र कर्मचारीहरूलाई महङ्गी भत्ता र बेरोजगारलाई बेरोजगारी भत्ताको व्यवस्था गर्नु।
- साना तथा मझौला उद्योगहरूमा नेपाली उद्यमीहरूलाई नै स्थापित गर्नु।
- दलित समुदाय माथिको छुवाछुतको व्यवहार पूर्णरूपले अन्त्य गर्नु।
- दलितलाई शिक्षा र रोजगारका क्षेत्रमा आरक्षणको व्यवस्था गर्नु।
- जनजातिहरूका सामाजिक तथा साँस्कृतिक हकहरूको रक्षा र स्थापना गर्नु।
- महिला विकासको विशेष व्यवस्था गर्नु। महिलालाई प्रत्येक क्षेत्रमा समान प्रतिनिधित्वको लागि आरक्षणको व्यवस्था गर्नु।
- नीतिगत भ्रष्याचारको उन्मूलन गर्नु।
- असंलग्न परराष्ट्र नीतिलाई विश्व शान्ति र मुलुकको विकासको निम्ति उपयोग गर्नु।
- वेरोजगारी समस्या समाधान गर्ने उपायहरूको तत्काल खोज र अनुसन्धान गरी अवलम्बन गर्नु।
- जनसंख्याको आधारमा समानुपातिक निर्वाचन गर्नु।
- स्वतन्त्र सञ्चार मानव अधिकार, मौलिक अधिकारको ग्यारेन्टी गरिने छ।
- दाईजो जस्ता विकृति, विसंगति र कुरितिहरूको अन्त्य गर्ने।
- दरवारीया तथा भ्रष्याचारीहरूको सम्पत्ति (देश/विदेश) राष्ट्रियकरण गरि जलविद्युतमा लगानी गर्ने।

४. नेपाली जनता दलले मुलुकका हरेक जिल्लामा बसोबास गर्ने मजदूर र किसान लगायत सबै समुदाय, धर्म र जनजातिहरूको हितलाई प्रतिनिधित्व गर्ने।

- यो पार्टी नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, क्षेत्रीय अखण्डताको दृढ समर्थक हो। यो पार्टी मुलुकमा भएका सम्पूर्ण भाषा र संस्कृतिको संरक्षण र विकासको आधारमा राष्ट्रिय संस्कृतिको विकास गर्न चाहने पार्टी हो।
- यो पार्टीले पत्रकार, विद्यार्थी, युवा, शिक्षा, महिला, कर्मचारी, भू.पू. सैनिक, लेखक, दलित, जनजाति कलाकारहरू समेतको प्रतिनिधित्व गर्दछ।
- यो पार्टी ग्रामीण र शहरी क्षेत्रका उद्योगहरूको दीर्घकालीन संरक्षण गर्दछ। यो पार्टी औद्योगिक केन्द्रीकरणको विरोध गर्दै विकेन्द्रिकरणका आधारमा औद्योगिकरण गर्नेछ।
- यो पार्टी नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको पक्षमा छ। मुलुकलाई समृद्ध बनाउन रचनात्मक ढङ्ग र शान्तिपूर्ण पद्धतिबाट लोकतान्त्रिक बाटो अपनाउनेछ।

५. लोकतन्त्रको सुदृढीकरण आजको प्रमुख कार्य

- नेपाल संविधान सभाको निर्वाचन मार्फत् नयाँ समावेशी नेपालको निर्माण गर्न प्रतिवद्ध रहेको छ। यही क्रममा त्यसमा रहेका नकारात्मक पक्षहरूलाई हटाउने, ऐन कानूनहरूलाई संविधानको मर्म अनुसार बनाउँदै लैजाने। अधिकारको विकेन्द्रिकरणको माध्यमबाट सङ्घीय गणराज्य जिल्ला र गाउँ, नगर विकास समितिलाई क्रियाशील र सक्षम पार्ने प्रशासन यन्त्रलाई स्वच्छ, सवल तथा जनताप्रति उत्तरदायी पार्न तथा भ्रष्यचारलाई निर्मूल पार्ने र राजनीतिक पार्टीहरू र जनसंख्यालाई सामाजिक आर्थिक जीवनको प्रत्येक क्षेत्रमा संलग्न गराउने कार्यसित सम्बन्धित हुनेछ।

- संविधानको सकारात्मक स्वरूप र चरित्रबारे जनचेतनाको विकास गर्ने र त्यसमा रहेका नकारात्मक पक्षलाई हटाउन प्रयासरत रहनेछ।
- प्रचलित ऐन कानूनहरूलाई संविधानको अनुकूल बनाउनेको निम्ति प्रयत्नशील रहने।
- जिल्ला, गाउँ र नगर विकास समितिलाई स्थानीय विकास सम्बन्धी बढी अधिकार दिने र जनउत्तरदायी बनाउने छ।
- संसदका विशेष समितिहरूको छलफलमा संसदबाहिरका विशेषज्ञहरूलाई सम्मिलित गराउनेछ।
- सरकारी सञ्चार माध्यमहरूलाई समानुपातिक बनाई स्वायत्तता प्रदान गर्ने।
- कानूनमा रहेका विकासका अवरोधलाई तत्काल हटाउने।

६. नेपाली जनता दलको आर्थिक नीति :

- देशमा निष्कृया रूपमा रही रहेको पूँजीलाई एकीकृत गरी राष्ट्रिय विकासको मूलधारमा समाविष्ट गर्न आवश्यक कार्य गर्ने।
- वाह्य पूँजी श्रोत देशभित्र लगानी गराउन आधारभूत वातावरण सिर्जना गर्ने।
- वाह्य ऋणलाई निरुत्साहित गर्दै अन्तर्राष्ट्रिय निजी क्षेत्रलाई पूँजी लगानी गर्न आवश्यक वातावरण सिर्जना गर्ने।
- दातृ संस्था र विदेशसँग सहयोग लिने।

(क) औद्योगिक नीति (गाउँ गाउँ होजियारी : प्रत्येकलाई रोजगारी)

- मुलुकको औद्योगिकीकरण गर्दै र नमूना गाउँ तथा शहरहरूको विकास गर्दै कृषिमाथि रहेको जनसंख्याको चापलाई कम गर्न सकिनेछ। औद्योगिक विकासले एकातर्फ निकासीको प्रवर्द्धन गर्नेछ भने अर्कोतिर प्रविधि व्यवस्थापन र पूँजीलाई भित्र्याउने मद्दत गर्नेछ। ठूला र मध्यम उद्योगहरू भएका शहरहरूमा रहेको जनसंख्याको मागहरूको पूर्तिको आधारमा स–साना उद्योग र कृषिको विकास स्वतः हुँदै जानेछ।
- निजी क्षेत्र र सहकारी मार्फत् ठूला र मध्यम उद्योगहरूको स्थापना गर्ने।
- ग्रामीण क्षेत्रमा एकीकृत ग्रामीण विकास योजनाअन्तर्गत कुटीर,मझौला उद्योगहरूको स्थापना गर्ने।
- विदेशी औद्योगिक पूँजीलाई पैठारी हुन दिन आवश्यक संरक्षण प्रोत्साहन दिने।
- राष्ट्रिय निजी औद्योगिक क्षेत्रलाई दीर्घकालीन औद्योगिकरण निम्ति निश्चित सहुलियतहरू दिने।
- मित्र राष्ट्रहरूबाट पूँजी, सीप र प्रविधिको पैठारीलाई प्राथमिकता दिने।
- १० हर्ष पावरसम्मका उद्योगको स्थापना र विकास निम्ति आवश्यक पूँजी, सीप, व्यवस्थापन कला, श्रमिक, कच्चा माल, बैंक कर्जा र बजारको व्यवस्था सहकारी संस्थाहरूबाट गराउने।
- खनिज उद्योगको विकासमा प्राथमिकता दिने।
- अर्धप्रशिक्षित कामदार र कालीगढहरू तयार गर्न राष्ट्रव्यापी योजना शुरु गर्ने।
- राज्य क्षेत्रका उद्योगहरूलाई स्वायत्तता दिने। तिनीहरूको सञ्चालनमा तिनका आफ्नै कर्मचारीहरूको सहभागिता बढाउँदै लैजाने।
- निजी उद्योगहरूलाई संरक्षण दिने र राष्ट्रिय बजारमा सहुलियतले बिक्री गर्नको लागि आवश्यक स्थितिहरूको सृजना गर्ने।
- नेपाल स्टक एक्सचेञ्ज लिमिटेडहरूलाई सुदृढ गर्ने।
- विदेशिएको नेपाली पूँजी मुलुकमा पैठारी, श्रमिकले रोजगारी पाउने तथा यातायात प्रतिस्थापन उद्योगलाई उच्च प्राथमिकता दिने।

(ख) ग्रामीण नीति (विकासको पाटो– धारा, विजुली, बाटो) :

- नेपाली जनता दलको ग्रामीण नीति अन्तर्गत भूस्वामित्व, कृषि उत्पादनमा बृद्धि, शिक्षा स्वास्थ्य र गैर कृषि रोजगार वृद्धि तथा सहकारी आन्दोलन बढाउने नीति हुनेछ।
- मुलुकको औद्योगिक अवस्था, जनसंख्या बृद्धि, उपलब्ध प्रविधि र पूँजीको स्थिति सामाजिक न्याय र कृषि उत्पादनको परिपेक्ष्यमा गहन कृषि विकासको साथै यन्त्रीकृत कृषिको विकास गर्ने।
- भूमिमा रहेको दोहोरो स्वामित्व अन्त गर्ने।
- यन्त्रीकृत कृषिफर्म, वन विकास तथा चिया तथा चियावगान निम्ति आवश्यक जग्गा उपलब्ध गराउने।
- ग्रामीण क्षेत्रमा बैंकहरूबाट चक्रवृद्धि ब्याज नलाग्ने गरी सस्तो व्याजदरमा कृषि कर्जा उपलब्ध गराउने।
- सुदुर पश्चिमाञ्चल क्षेत्रमा रहेका हलिया र कमैया प्रथाको उन्मुलन गर्ने र बँधुवा प्रथा खारेज गर्ने।
- सुकुम्बासीहरूको लागि भूमि बैंकको गठन गरी गाँस वासको व्यवस्था गरिनेछ।
- सबैको लागि शुद्ध खानेपानीको व्यवस्था गरिनेछ।
- प्रत्येक गाउँमा स्तरीय ग्रामीण सडकको निर्माण गर्ने।

(ग) कृषि उत्पादन वृद्धि (हरित क्रान्ति : किसानको शान्ति) :

- कृषि विश्वविद्यालय स्थापना गर्ने।
- ठूला र मध्यम सिंचाई आयोजना र ट्युवेल प्रणालीबाट किसानलाई सिंचाई सेवा उपलब्ध गराउने।
- किसानलाई निजी क्षेत्र र सहकारी संस्थाहरू मार्फत् कृषि सेवा, आधुनिक औजार, नयाँ प्रविधि, उन्नत विउ, मलखाद उपलब्ध गराउने।
- कृषि उत्पादनहरूको लगानी र श्रम समावेशको आधारमा नियमित मूल्य निर्धारण र बजारको व्यवस्था गरिनेछ।
- हरेक गा.वि.स. अन्तर्गत सहकारी खेतीको प्रबन्ध गर्ने।
- जिल्लाहरूमा कोल्ड स्टोरेज खोल्न निजी क्षेत्रलाई आवश्यक मद्दत दिने।
- तराईमा रहेका छाला उद्योग जस्ता साना उद्योगहरूलाई संरक्षण दिने।
- कृषि उत्पादनको वैज्ञानिक मूल्य निर्धारण गर्ने।
- मरेको पशुहरूको छालाहरूको मूल्यलाई सरकारी स्तरमा तोकिनेछ।
- कृषि कर्जा लिई प्राविधिक अज्ञानता र दैवी प्रकोपमा परी नोक्सान भएर घरवार विहिन हुनेहरूको कर्जा मिनाहा गर्ने।
- प्रत्येक किसानको जग्गामा पुग्ने गरी कृषि सडकको प्रबन्ध गर्ने।
- कृषि भण्डारण, मल कारखाना, कृषिको पूर्वाधार निर्माण गर्ने।

(घ) गैर अन्न उत्पादनमा वृद्धि (अन्नका दाना : प्रत्येक छाक माना) :

- कृषि भूमिमाथि परेको जनसंख्याको चाप घटाउने र गाउँघरमा गैर कृषि रोजगारमा बृद्धि गर्नेतिर नेपाली जनता दलले प्राथमिकता दिनेछ।
- कृषकहरूलाई उन्नत पशुपालन, फलफुल खेती, माछापालन, मौरी पालन, तरकारी खेती, कुखुरा, हाँस पालन र घरेलु उद्योगको स्थापनातिर प्रोत्साहन गर्न रू. ५०,०००।- (पचास हजार) सम्मको कर्जा बिनाधितो उपलब्ध गराउने।
- उन्नत पशु विकास, पशु नश्ल सुधार, पशुचिकित्सकहरूको सेवा गाउँमै उपलब्ध गराउने।
- नगदेवालीको विकासमा तीब्रता ल्याउने।
- वृक्षारोपणलाई प्रोत्साहन गर्न निजी जमिनमा रुख रोपी ३ वर्षसम्म त्यसको संरक्षण गर्ने किसानलाई प्रोत्साहनस्वरूप पुरस्कार दिइनेछ।
- ग्रामीण क्षेत्रमा लघुवित्त आन्दोलन चलाउने।

(ङ) सहकारिता र बचत योजना :

- ग्रामीण क्षेत्रमा बचत योजनालाई प्रोत्साहन दिइनेछ।
- ग्रामीण क्षेत्रमा बचत बढाउने सहकारी आन्दोलनमा तीव्रता ल्याइनेछ।
- गाउँ विकास समिति बचतको सङ्कलन र व्यवस्थापनको निम्ति जिम्मेवार हुनेछ।
- जीवन बीमा लगायत अन्य विमा आन्दोलनलाई राष्ट्रव्यापी पारिनेछ।
- सामुहिक सहकारी खेती तथा सहकारी उद्योग व्यवसायलाई प्राथमिकता दिइनेछ।

७. पर्यटन नीति (गाउँ गाउँमा मेला – दुरिष्टको भेला) :

- पर्यटन क्षेत्रलाई नयाँ मोड दिइनेछ।
- देशको अर्थ व्यवस्थालाई पर्यटन उद्योगको महत्त्व बद्दो छ। यस उद्योगले विदेशी मुद्रा आर्जनको साथै हस्तकला र कुटीर उद्योगलाई ठूलो टेवा दिइएको छ। यसले होटल व्यवसाय बढाउनुको साथै रोजगारको ठूलो अवसर सृजना गरेको छ।
- हिमालयन पर्वत श्रृङ्खलालाई पर्यटनको निम्ति खोल्न आवश्यक लगानी गर्न अन्तर्राष्ट्रिय पर्यटन र होटल संस्थाहरूसित दीर्घकालीन सम्झौता गर्ने।
- समुद्र पारका पर्यटकहरूलाई नेपाल ल्याउन पर्यटन संस्थाहरूसँग सम्बन्ध बढाउने।
- सार्कराष्ट्रका नागरिकहरूलाई नेपालमा पर्यटनको लागि आउन प्रोत्साहन गर्ने।

८. श्रमिक नीति :

(क) औद्योगिक मजदूर (औद्योगिक हलचल : मजदुरलाई प्रतिफल) :

- श्रमिक वर्गमा सीप तालिमको व्यवस्था गर्ने।
- उद्योगमा मजदूरलाई मालिक बनाउने साझेदारी नीति अवलम्बन गर्ने।
- अतिरिक्त मूल्यलाई मजदुरको पक्षमा लगाउने।
- ग्रामीण क्षेत्रमा निश्चित ज्यालादर तोक्ने।
- ग्रामीण मजदूरलाई श्रम सङ्गठनहरूमा सङ्गठित गरिने।
- कृषि फर्ममा काम गर्ने मजदूरलाई स्थायी बनाइने।
- श्रमिकहरूको श्रम र समय खेर जान नदिने।
- मजदूरहरूको लागि समय निर्धारण गर्ने।
- निर्धारित समयभन्दा बढी काम गर्ने मजदुरको लागि अतिरिक्त मजदुरीको व्यवस्था गर्ने।
- आर्थिक हैसियतमा मजदुर (गरिब) को परिभाषा गर्ने।

९. राजश्व, मौद्रिक र वित्तीय नीति :

- राजश्व – सरकारको राजश्वमा निरन्तर वृद्धि गर्न कर नीतिमा आमूल परिवर्तन गर्नेछ।
- चुहावट रोक्न र सरलीकरणको माध्यम अपनाउने।
- आयकरको दर रेटलाई व्यावहारिक बनाइने।
- राजश्व हिनामिना रोक्न कडा कारवाही गर्ने।
- नेपालको सरकारबाट बेरूजु खर्च गर्ने वा रकम स्थानान्तर गर्ने प्रथाको अन्त्य गर्ने।
- ग्रामीण क्षेत्रमा हुने साहु कर्जालाई करको दायराभित्र तान्ने।
- पटक-पटक मौका प्रदान गर्दा पनि घाटामा नै चलिरहने सरकारी उद्योग तथा व्यापारिक संस्थालाई निजीकरण गर्ने, सो गर्दा मजदूर वर्गलाई समेत हिस्सेदार बनाउने।
- निजी उद्यमहरूको नाम बदली आयकर छल्ने प्रवृत्तिमाथि रोक लगाउने।

- जाली नाउँमा व्यापारिक संस्था चलाएर आयकर छल्ने प्रवृत्तिमाथि रोक लगाउने।
- स्वदेशी पूँजीलाई विदेशिनबाट जोगाउन आन्तरिक लगानीलाई प्रोत्साहन गरिने।
- राजनीतिज्ञहरूको खर्च तथा प्रशासनिक खर्च घटाइने।

१०. परराष्ट्र नीति :

- नेपाली जनता दलको परराष्ट्र नीति विश्व र क्षेत्रीय शान्ति कायम गर्न देशको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतालाई बलियो पार्ने मुलुकको आर्थिक विकासमा सहयोग गराइने कुरामा लक्षित हुनेछ। तपसीलको बुँदाहरूबाट निर्देशित रहनेछ।
- नेपालको परराष्ट्र नीति पञ्चशील सिद्धान्तमा आधारित हुनेछ।
- राष्ट्रसङ्घको वडापत्र र निर्देशक सिद्धान्तहरू पूर्ण रूपमा परिपालना गरिनेछ।
- सार्क भावना र सार्कको घोषणा–पत्र, व्यवहारिक कार्यान्वयनमा जोड दिइने छ।
- भारत र चीनसित असल छिमेकीपनको मैत्रीपूर्ण आधारमा सम्बन्धको विस्तार र सुदृढीकरण गरिनेछ।
- पश्चिमी मुलुकहरूसित हुने सम्बन्धलाई मुलुकको अर्थव्यवस्थालाई सुदृढ गर्न सन्तुलित रूपमा अघि बढाइने छ।

११. वातावरणीय सुरक्षा र वन संरक्षण :

- नेपाली जनता दल वन जङ्गलको घोर विनास, बढ्दो वातावरणीय प्रदुषण तथा बाढी पहिरोबाट हुने क्षतिलाई ध्यानमा राखी निम्न लिखित नीति लागू गर्नेछ।
- वृक्षारोपण कार्यलाई राष्ट्रव्यापी चरित्र दिने प्रत्येक गाउँ विकास समितिमा कार्यकर्ता डफ्फा खडा गर्ने।
- काठ तथा ढुङ्गा निकासी तुरुन्त रोक्ने।
- विजुली तथा उर्जाको उत्पादन बढाई वन विनास निरुत्साहित गर्ने।
- विद्युतीय वाहन सेवालाई व्यापक पार्ने।

१२. सर्वसुलभ न्याय :

- नेपाली जनता सार्वभौमिक अधिकारलाई सुनिश्चित पार्न मुलुकका सबै जनतालाई सुलभ र छिटो न्याय प्राप्त हुने व्यवस्था गर्ने। कमजोर, असमर्थ, निसहाय तथा अपाङ्ग र विशेष गरी महिलाहरूलाई निःशुल्क न्याय सेवा उपलब्ध गराउने छ।

१३. वैज्ञानिक र सर्वव्यापी शिक्षा (विनाकुनै फिक्रि : हरेक नेपाली डिग्री) :

- दलित समुदायलाई शिक्षामा पहूँच बढाउन विशेष कार्यक्रम ल्याइनेछ।
- माध्यमिक शिक्षा निःशुल्क तथा अनिवार्य गरि विशेष शिक्षालाई व्यापारिकरण मुक्त गर्ने।
- पिछडिएका जनजाति तथा दुर्गम क्षेत्रका बालबालिकाहरूलाई आवश्यक मात्रामा छात्रवृत्तिको व्यवस्था गर्ने तथा जाति विशेष प्रोत्साहन गर्नेछ।
- रोजगारमूलक व्यावसायिक, वैज्ञानिक र प्राविधिक शिक्षामा विशेष जोड दिने।
- प्रौढ र महिला शिक्षामा विशेष जोड दिने।
- विशेष अभियान चलाई देशबाट निरक्षरता उन्मुलन गर्ने।
- शिक्षकहरूको तलबमा महङ्गी अनुसार वृद्धि गर्ने।
- क्याम्पस र विश्वविद्यालयको सञ्चालक समितिहरूमा विद्यार्थीहरूबाट पनि प्रतिनिधित्व गराउने व्यवस्था गर्ने।
- पाठ्यपुस्तक सस्तो र सुलभ हुनेछ। प्राविधिक शिक्षालाई जोड दिनेछ।
- शिक्षा नागरिकको मौलिक अधिकार हो र यो सबैलाई अनिवार्य रूपमा उपलब्ध हुनु पर्दछ। नेपाली जनता दलको शिक्षा नीति यस प्रकार रहनेछ।

- सरकारी विद्यालयको गुणस्तरलाई माथि उठाउने छ।
- सूचना प्रविधिलाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउने।

१४. महिला समस्या :

- नेपाली जनता दल नारीहरूलाई समाजमा सम्मान र सम्मानपूर्ण स्थान तथा अधिकार प्राप्त गराउन चाहन्छ। यसको निम्ति निम्न नीति लागू गरिनेछ।
- पुरुष सरह समान ज्याला–मजदूरी व्यवहारमा समेत लागु गराउने।
- नारी शिक्षामा विशेष जोड दिने।
- महिलामाथि हुने विविध किसिमबाट अन्याय गर्ने अपराधीलाई कडा दण्ड दिने कानुनी व्यवस्था गर्ने।
- प्रसुति तथा स्त्री रोगको उपचारमा सरलता ल्याउने र निःशुल्क औषधोपचारको व्यवस्था गर्ने।
- महिला बचत योजना कार्यान्वयन गर्ने।
- महिलाको आर्थिक स्वावलम्बनको प्राप्तितर्फ विशेष ध्यान दिने।
- सरकारी र शिक्षण संस्थाहरूमा महिलालाई आरक्षण दिने।
- अपहृत अथवा जबर्जस्ती विदेशमा वेश्यावृत्तिमा लगाइएकी चेलीबेटीलाई स्वदेश फर्काउन अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठाउने।
- एकल महिलालाई विशेष सुविधा उपलब्ध गराउने।

१५. स्वास्थ्य सेवा (महारोग होस वा पित्त, स्वास्थ्य राज्यको दायित्व) :

प्रत्येक नागरिकले स्वास्थ्य सेवा पाउनु उसको मौलिक हकभित्र पर्दछ। यसबारे निम्न नीति रहनेछ :-

- प्रसुती तथा स्त्री रोगको निःशुल्क उपचार व्यवस्था गर्ने।
- स्वास्थ्य सेवालाई गाउँ–गाउँमा विस्तार गरिनेछ।
- सर्वसुलभ स्वास्थ्य सेवा कायम गर्ने।
- हरेक जिल्लामा उच्च प्रविधियुक्त अस्पतालको स्थापना गर्नेछ।
- घातक रोगविरुद्ध राष्ट्रियव्यापी अभियान चलाउने।
- बालरोग विरुद्ध राष्ट्रिय अभियान चलाउने।
- गाउँघरमा शुद्ध र प्रशोधित खानेपानी उपलब्ध गराउने।
- देशभित्र औषधि उत्पादन बढाउनेतर्फ पाइला चालिने छ।
- सुलभ मूल्यमा स्वास्थ्य विमाको योजना लागु गर्ने।

१६. सबैको समानुपातिक अधिकार :

- नेपालको तराईवासी र अरू उपेक्षित समुदायका वर्ग, दलित जनजातिहरूलाई सरकारको सम्पूर्ण निकायमा समानुपातिक रूपबाट वैदेशिक सेवा, सेना र प्रहरीमा प्रवेश गर्ने अधिकार अरू नेपाली नागरिकसरह व्यावहारिक रूपमा लागु गर्ने।
- प्रशासन यन्त्रको अधिकृत र त्यो भन्दा माथिल्लो तहमा सबै पिछडिएको समुदायबाट समावेश गराउन आरक्षण नीति अपनाउने।
- मुलुकमा रहेका प्रत्येक भाषा र संस्कृतिको विकास गर्ने।
- पिछडिएका जनजातिलाई विकास गर्न बढी अवसर दिने।
- प्राथमिक शिक्षा मातृभाषामा पाउने व्यवस्था गरिनेछ।
- मुलुकमा विभिन्न भागका जनताहरूको इतिहास र संस्कृतिको अनुसन्धान र संरक्षण गराइनेछ।
- मुसलमान समुदायको मदरसा (स्कुल) लाई संरक्षण र मान्यता दिने।

१७. जलविद्युत (प्रतिमहिना प्रति परिवार २० यूनिट विद्युत : आजीवन निशुल्क) :

- नेपाली जनता दल नेपालमा बग्ने नदीहरूमाथि नेपालको एकलौटी सार्वभौमिकता रहेको यथार्थको आधारमा नेपालका नदीहरूको जलविद्युत् क्षमता वृद्धि गर्नेछ।
- नेपाली राष्ट्रिय हितलाई सर्वोपरी राखी नेपाली जलविद्युत आयोजनाहरूमा छिमेकी तथा अन्तर्राष्ट्रिय पूँजीको लगानीलाई परिचालन र प्रोत्साहन गर्दै त्यस्ता पूँजीलाई सुरक्षासमेत गरिनेछ।
- जलस्रोत उपयोग गर्दा नेपालको आफ्नो हितलाई सुरक्षित राख्दै छिमेकी राष्ट्रलाई प्राथमिकताको आधारमा, समुचित दररेटमा पारस्परिक फाइदाको आधारमा विद्युत् बिक्री गरिनेछ।
- जलाधार क्षेत्रमा व्यापक रूपमा वृक्षारोपण गरिनेछ र बाढी पहिरोबाट संरक्षण गरिनेछ।
- जलविद्युतमा तमाम नेपालीहरूलाई लगानीको अवसर सिर्जना गरी प्रत्येक घरले मुनाफाबाट आजीवन बत्ती बाल्न पाउने व्यवस्था गर्ने। श्रमलाई रकममा परिणत गर्दै लगानीको अवसर सिर्जना गर्न सकिनेछ।

१८. कला, साहित्य संस्कृति र विज्ञान (आ-आफ्नै रीति : नेपाली संस्कृति) :

- निर्भीक साहित्यिक लेखन, स्वतन्त्र कलात्मक चिन्तन् र अभिव्यक्ति तथा जातीय राष्ट्रिय संस्कृतिको विचार गरी प्रत्येक नागरिकको मानव गरिमा, मौलिक अधिकारको संरक्षण र विकास गर्ने।
- देशभित्रका सबै जाति जनजाति समुदायको संस्कृतिको विकास गराउनु नेपाली जनता दलको लक्ष्य रहनेछ।
- साहित्य, कला, संस्कृति र विज्ञानका स्वतन्त्र र स्वायत्त प्रतिष्ठान खडा गर्ने।
- नेपाल बहुजातीय, बहुभाषीक मुलुक भएकोले सबै जातिका अमूल्य कृतिहरूलाई नेपालको अरू भाषामा पनि अनुवाद गरिनेछ।
- स्वदेशी साहित्य एवम् चलचित्रलाई बिक्री वितरण एवम् प्रदर्शन प्राथमिकता दिने।

१९. संघीय स्वायत्त गणराज्य स्थापना :

- सङ्घीय स्वायत्त गणराज्यहरूले मौद्रिक नीति, रक्षा, परराष्ट्र, सन्धि सम्झौता बाहेक अन्य सबै कार्यहरू र नीतिहरू तय गर्नेछन्।
- प्राकृतिक स्रोत साधन, विकासका अवसर एवम् जनसंख्याको आधारमा सङ्घीय प्रान्त स्थापना गर्ने।
- प्रान्तीय शासनमा दलित वर्गको लागि आरक्षण क्षेत्र घोषणा गर्ने।
- राजनीतिका हरेक निकायमा दलितलाई समानुपातिक पदको व्यवस्था गर्नेछौं।
- हरेक सङ्घीय गणराज्य भाषा, संस्कृति, क्षेत्र र जातजातिलाई आधार मानि निर्माण गर्ने।

२०. विज्ञान तथा प्रविधि :

- राष्ट्रको कुल उत्पादनको न्यूनतम १ प्रतिशत विज्ञान तथा प्रविधिमा लगानी गर्ने।
- २१ औं शताब्दी वैज्ञानिक युग हो र यो समयमा विज्ञान तथा प्रविधिको विकास विना विकासको शिखरमा पुग्न नसकिने हुँदा यसको लागि युग सुहाउँदो नीति बनाउनुका साथै संविधानमा नै व्यवस्था गरिनेछ।

२१. खेलकुद :

'खेलकुद राष्ट्रिय पहिचानको सशक्त माध्यम हो।'

नेपाली खेलकुद क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरीय प्रतिस्पर्धात्मक रूपले विकास गर्दै आवश्यक नीति निर्माण गरिनेछ।

२२. सञ्चार :

- जनताको सुसूचित हुने अधिकार पूर्ण रूपले रक्षा गर्दै स्वतन्त्र सञ्चार नीति अवलम्बन गरिनेछ।
- श्रमजीवी पत्रकार ऐन पूर्ण रूपले कार्यान्वयन गर्ने।

२३. प्रमुख प्रायमिकता प्राप्त वर्ग र समुदाय :

नेपालमा लोकतान्त्रिक गणतन्त्रको बाटेबाट समाजवादी गणतन्त्र र त्यसको आधारशीलाबाट जनताको सङ्घीय स्वायत्त गणतन्त्र प्राप्त गर्नका निमित्त युगौंदेखि आर्थिक, सामाजिक, शैक्षिक एवम् अन्य अवसरहरूबाट वञ्चित रहेका वर्ग र समुदायलाई विशेष प्राथमिकता प्रदान गर्दै राष्ट्रिय एकीकृत प्रयास गर्नु आवश्यक छ र यस्ता प्रमुख प्राथमिकता प्रदान गर्नुपर्ने वर्ग र समुदाय पहाडमा मगर, गुरूङ्ग, तामाङ्ग, सुनुवार, राई, लिम्बु, पोडे, खड्गी, महर्जन, शेर्पा, जिरेल, भुजेल, योल्मो, थामी; तराईमा यादव, हज्जाम, सुडी, तेली, थारू, धिमाल, राजवंशी, दनुवार, चेपाङ, कलवार, रौनियार, मलाह, कोइरी, धानुक, चमार (सार्की), दुसाध, हलखोर, डोम, मुस्लिम आदिको पछौटेपनमा सुधार भएको छैन भने कतिपय ब्राह्मण, ठकुरी वर्णका मानिसहरू पनि आर्थिक विपन्नताले गर्दा उक्त जातिकै समानान्तर दयनीय अवस्थामा जीवनयापन गर्न बाध्य छन्।

२४. विविध :

संविधानसभामा सरकारद्वारा मनोनित गरिने २६ जना सदस्यको सन्दर्भमा यस निर्वाचनमा भाग लिएर सबभन्दा बढी मत ल्याउने २६ दललाई १–१ जनाका दरले मनोनयन गर्ने अधिकार दिईनेछ।

१९.

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत)

संविधान सभा निर्वाचन, २०६४ को घोषणा - पत्र

दाजुभाइ तथा दिदीबहिनीहरू,

सबैभन्दा पहिले राजतन्त्र अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएका सङ्घर्षहरूमा सयौं नेपाली वीर-विराङ्गनाहरूले सहादत प्राप्त गर्नुभएको छ। आफ्नो जीवनको समेत परवाह नगरी जनता र राष्ट्रको हितमा लड्ने सबै ज्ञात-अज्ञात शहिदहरूप्रति नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शहीदले देखाएको बाटोमा अविचल हिंड्ने वाचा गर्दछ।

राजतन्त्र र विभेदकारी राज्य व्यवस्थाविरोधी लोकतान्त्रिक आन्दोलनमा निरन्तर सङ्घर्ष गर्दै संविधान-सभाको निर्वाचनमार्फत् सार्वभौमसत्ता नेपाली जनतामा हस्तान्तरण गर्न संविधानसभाको निर्वाचनमा सहभागी भैरहेको यस अवसरमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) देशवासी सम्पूर्ण दाजुभाइ-दिदीबहिनीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ।

नेपालको इतिहासमा पहिलोपटक संविधानसभाको निर्वाचन हुँदैछ। यसले सम्पूर्ण नेपाली जनतालाई देशको मूल कानून संविधान निर्माण गर्ने प्रक्रियामा लोकतान्त्रिकढंगले सरिक हुने र स्वामित्व कायम गर्ने ऐतिहासिक अवसर प्रदान गर्दछ। यस उपलब्धिको विवेकपूर्ण ढङ्गले रक्षा र उपयोग गर्न सकेमा राष्ट्रिय अखण्डता र स्वाधीनताको रक्षा हुन सक्नेछ र एक समुन्नत र सम्मृद्ध नेपालको निर्माण गर्न बाटो खुल्नेछ। सयौं वर्षदेखि राजतन्त्रको आज्ञा, आदेश र हुकुमको भरमा चलेको हाम्रो देश संविधानसभाको निर्वाचनपछि नेपाली जनताको निर्णयद्वारा सञ्चालित हुनेछ र नेपाली जनता सार्वभौम बन्नेछन्। यस्तो महान् अभियानमा संलग्न हुँदा व्यक्तिगत स्वार्थ, लोभ-लालसा, मोलाहिजा, डर, धाक-धम्की, जात, धर्म, क्षेत्र र गुट-उपगुटभन्दा माथि उठेर सिँगो राष्ट्र र नेपाली जनताको हितलाई सर्वोपरि राखी राम्रोसँग विचार गरेर मत व्यक्त गर्न हामी नेपाली जनतासँग अपील गर्दछौं।

आजसम्म बनेका संविधानहरू राजाको हुकुमबाट निर्देशित संविधान हुन्। वास्तवमा ती संविधानहरू केन्द्रीकृत, राज्य व्यवस्थाको निरंकुश राजाले बनाएका संविधानहरू हुन्। अब बन्ने संविधान हिजोको राजाको आदेशबाट निर्देशित संविधानभन्दा प्रक्रिया, उद्देश्य र संविधान बनाउने पक्ष सबै दृष्टिले भिन्न छ। त्यसकारण यो संविधानसभाको चुनाव कुनै पक्ष विशेषलाई ठूल्ठूला पद र महत्त्वाकांक्षा सिद्ध गर्नका लागि गरिएको होइन। यस चुनावको मुख्य उद्देश्य नयाँ संविधान बनाउनु हो। यस देशलाई कस्तो संविधान चाहिएको छ ? आम नेपाली जनताले यसबारे सोंच विचार गर्नुपर्दछ। सही अर्थमा आर्थिक-सामाजिक-राजनीतिक परिवर्तन र द्वन्द्व समाधान गरी देशमा शान्ति, समृद्धि र राष्ट्रियता सम्बर्द्धन गर्ने संविधान निर्माणको पक्षमा मत जाहेर गर्नु नेपाली जनताको ऐतिहासिक जिम्मेवारी हो।

जनआन्दोलन ०६२/०६३ मा नेपाली जनताद्वारा अभिव्यक्त धारणा र जनादेश संविधानसभामार्फत् पूरा गर्नु नेपाली राजनैतिक दलहरूको दायित्व हो। राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, सामन्तवादको उन्मूलन, सामन्ती केन्द्रीकृत राज्य-व्यवस्थाको अन्त्य, जातीय-क्षेत्रीय, लिङ्गीय, वर्गीय विभेद मुक्त सङ्घीय

लोकतान्त्रिक गणतन्त्रको स्थापना, सर्वसमावेशी, सहभागितामूलक, समानुपातिक राज्यव्यवस्था र समतामूलक समाज तथा स्वाधीन अखण्डित र अविभाज्य नेपालको निर्माण, आदि जनआन्दोलन २०६२/०६३ ले सुम्पेका मुख्य अभिभारा हुन् । तसर्थ यो संविधानसभाको निर्वाचनमा सबै वर्ग, जाति, भाषा, लिङ्ग, धर्म र क्षेत्रका जनताले समानताको आधारमा सहभागी बन्ने वातावरण बनाउनु पर्दछ । तर नेपाली काँग्रेसको पुरातनवादी र यथास्थितिवादी चिन्तन तथा नेकपा (एमाले) र नेकपा (माओवादी)को सम्झौतापरस्त दृष्टिकोणका कारणले व्यवस्थापिका-संसद्को विशेष अधिवेशनका निर्णय र निर्देशनलाई समेत अवज्ञा गर्दै राजतन्त्रलाई कायमै राखेर पूर्ण समानुपातिक निर्वाचन प्रणालीको सट्टा कथित मिश्रित प्रणाली अन्तर्गत निर्वाचन गराइँदैछ । त्यसरी संविधानसभामा देशले अपेक्षा गरेअनुसारको प्रतिनिधित्व हुन सक्दैन । हाम्रो पार्टी देशमा राजतन्त्रको अन्त्य गरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीलाई कार्यान्वयन गर्न बाधा पुऱ्याउने सबै तत्त्वहरूको विरोध गर्दछ र आम जनसमुदायलाई यिनीहरूको पहिचान गरेर आफ्नो मतमार्फत् ती यथास्थितिवादी तत्त्वहरूलाई परास्त गरी सजाय दिन अपिल गर्दछ ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) वर्तमान संविधानसभाको निर्वाचनबारे पनि प्रष्ट छ । अहिले हामी अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक सामाजिक-आर्थिक अवस्थामा संविधानसभाको निर्वाचनमा सहभागी हुँदैछौं । तसर्थ यो संविधानसभाले बनाउने संविधान जनवादी संविधान नभएर पूँजीवादी संविधान नै हो । यसले सच्चा जनवादी राज्यव्यवस्था स्थापित गर्न सक्दैन र देशमा विद्यमान वर्गीय विभेद, शोषण र उत्पीडनको अन्त्य गर्न पनि सक्दैन । यसको निम्ति हामीले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु अनिवार्य छ । यति हुँदाहुँदै पनि यसमार्फत् सामन्तवादलाई उन्मूलन गरी देशलाई पूँजीवादी बाटोमा रूपान्तरण गर्न र प्रतिक्रियावादी तत्त्वलाई प्रहार गर्न मार्ग प्रशस्त हुने सम्भावनालाई ध्यानमा राखी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) ले यस संविधानसभामा सक्रिय सहभागी बन्ने र सशक्त हस्तक्षेप गर्ने नीति अवलम्बन गरेको छ ।

नेपालमा आजसम्म बनेका संविधानमध्ये २००४ को वैधानिक कानून तात्कालीन राणा शासक पद्म शम्सेरले जारी गरेको हो भने २००७, २०१५, २०१९ का सबै संविधानहरू राजाबाट घोषणा गरिएका हुन् र २०४७ को संविधानचाहिं तत्कालीन वाममोर्चा र नेपाली कांग्रेसको सिफारिसमा राजाबाट निर्मित आयोगबाट बनेको संविधान हो । २०४७ को संविधानसमेत यी कुनै पनि संविधानहरूले राजाको निरङकुशतालाई न्यून गर्न सकेनन् । २०६२/०६३ को जनआन्दोलनको महत्त्वपूर्ण मागका रूपमा रहेको संविधानसभाको निर्वाचनमार्फत् अब देशमा शान्तिपूर्णढङ्गले पुरानो शासन व्यवस्थाको अन्त्य गरी नयाँ शक्ति र शासन व्यवस्था स्थापित गर्नुपर्दछ । वर्गीय दृष्टिले हेर्दा विद्यमान संविधानसभाको निर्वाचनलाई प्रतिगामी सामन्त, दलाल र नोकरशाह-हरूले आफ्नो शासन व्यवस्थालाई बलियो बनाउन उपयोग गर्दछन । बुर्जुवा सुधारवादीहरू पूँजीवादी राज्यको स्थायित्व दिन जनअनुमोदनको रूपमा यसमा सहभागी हुन्छन् । र, कम्युनिस्ट क्रान्तिकारीहरू सामाजिक क्रान्ति र राष्ट्रिय स्वाधीनताको रक्षाको सङ्घर्षलाई अघि बढाउने उद्देश्यका साथ संविधानसभालाई साधनको रूपमा उपयोग गर्दछन । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान एकताको आधारमा सम्पूर्ण क्रान्तिकारी वर्गलाई एकतावद्ध गर्दै नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनताको जनवादी अधिनायकत्वमा सञ्चालन हुने जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने कुरामा दृढ छ । नेकपा (एकीकृत) यो संविधानसभामार्फत् लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक संविधान निर्माण गर्न चाहन्छ । समावेशी, सहभागितामूलक, समानुपातिक प्रतिनिधित्वको लोकतान्त्रिक पद्धति स्थापित गर्न चाहन्छ । अल्पसंख्यक जाति, आदिवासी जनजाति, दलित, महिला, अपाङ्ग, तराईवासी-मधेसी, मजदूर, किसान, वादी जाति, हलिया, गोठाला, भूमिहीन् सुकुम्बासी, 'मुक्त' कमैया, दुर्गम क्षेत्रका जनताको आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा सङ्घात्मक स्वरूपको राज्यको पुर्नसंरचना गर्दै नेपाली जनताको सार्वभौम र राजकीय सत्ता सुनिश्चित गर्न चाहन्छ । यिनै मूलभूत उद्देश्यका साथ संविधानसभामा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) सक्रिय सहभागी बन्दैछ र पार्टीको दृष्टिकोण जनतासमक्ष प्रस्तुत गर्दछ । महान् नेपाली जनतामा समर्थनको निम्ति अपिल गर्दछ ।

नेपाली कम्युनिस्ट आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गको रूपमा रहिआएको छ। ०७ सालदेखि नै लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेको भनिए पनि नेपाली कांग्रेसले मूलतः राजतन्त्रसँग सम्झौता गर्दै लोकतन्त्रलाई संस्थागत गर्न नसकेको इतिहासले पुष्टि गरेको छ। कम्युनिस्ट आन्दोलनभित्र देखा परेका दक्षिणपन्थी अवसरवाद र उग्र 'वामपन्थी' भड्काउका कारणले कतिपय वामपन्थीहरूले विगतमा लोकतान्त्रिक आन्दोलनलाई प्रभावशालीढङ्गले नेतृत्व गर्न नसकेको कुरालाई हृदयङ्गम गरी यस संविधानसभामार्फत् हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै गणतन्त्रवादी तथा आमूल परिवर्तनकारी उदीयमान वामशक्तिले राज्यको नेतृत्व गर्न तयार हुनुपर्दछ। र, त्यो शक्तिले मात्र लोकतन्त्रलाई संस्थागत गर्न सक्दछ भन्ने हाम्रो विश्वास रहेको छ। यसको निम्ति नेकपा (एकीकृत) सबै सही वामपन्थी शक्तिहरूलाई एकजुट भएर मैदानमा उत्रन आग्रह गर्दछ।

जनआन्दोलन ०६२/०६३ ले राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको प्रष्ट जनादेश दिएको भए तापनि आजसम्म गणतन्त्र स्थापना हुन सकेको छैन। संविधानसभाको निर्वाचनको सन्दर्भमा र त्यसपछि पनि राजतन्त्र र यसका भारदार तथा मतियारहरूबाट गणतन्त्रको स्थापना र सामन्तवादलाई समुल नष्ट गर्ने प्रक्रियामा व्यवधान खडा हुने हुँदा सम्पूर्ण गणतन्त्रवादीहरूलाई समेत एकजुट हुन नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) हार्दिक अपिल गर्दछ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) निम्न अनुसार सङ्घीय गणतान्त्रिक नेपाल राज्यको स्वरूप तथा सामाजिक-आर्थिक-सांस्कृतिक नीतिहरू लिएर संविधानसभाको निर्वाचनमा उत्रेको छ:-

१. संघीय गणतन्त्र नेपालको राज्यको स्वरूप

नेपालजस्तो जातीय, भाषिक, सांस्कृतिक, धार्मिक तथा क्षेत्रीय विविधता र बहुलता भएको देशमा जाति, भाषा र क्षेत्रको आधारमा नै जातीय क्षेत्रीय स्वशासनको निर्माण गरिनु सर्वोत्तम हुन्छ। नेकपा (एकीकृत) आत्मनिर्णयको सिद्धान्त* र जातीय क्षेत्रीय स्वशासनको आधारमा सङ्घीय स्वरूपको राज्य संरचनाको मूल आधार हुनेछ। त्यसकारण, जातीय क्षेत्रीय स्वशासनको आधारमा संरचित र संयोजित अखण्डित, अविभाज्य नेपाल नै नेपाली विशेषताको सङ्घीय राज्य संरचना हुनेछ।

नेपालको मिश्रित हुँदै गएको सामाजिक संरचनाको सन्दर्भमा राष्ट्रिय एकता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सर्वोपरि राखी आत्मनिर्णयको अधिकारलाई राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गर्न जातीय स्वशासनको अधिकार प्रयोगका रूपमा बुझ्नुपर्दछ। नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) ले नेपालको सङ्घीय नवसंरचनाको माध्यमबाट पछि परेका र पारिएका जाति र समुदायलाई अधिकारसम्पन्न गराउने उद्देश्यले आत्मनिर्णयको अधिकारलाई जातीय क्षेत्रीय स्वशासन र त्यसलाई बलियो बनाउने अर्थमा ग्रहण गरेको छ।

देशको उत्पीडित वर्ग, क्षेत्र र लिङ्ग तथा जात-जाति, आदिवासी जनजाति, दलित र अल्पसंख्यकहरूको समावेशी, सहभागितामूलक र समानुपातिक प्रतिनिधित्वको सिद्धान्त र मान्यतामा आधारित सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्था र शासन प्रणाली अहिलेको आवश्यकता भएको छ। परराष्ट्र सम्बन्ध, राष्ट्रिय सुरक्षा, मौद्रिक प्रणाली, राष्ट्रिय र अन्तरप्रादेशिक महत्त्व राख्ने प्राकृतिक स्रोत-साधन, राष्ट्रिय राजमार्ग, उड्डयन, विशेष राजस्व सङ्कलन, आदिको अधिकार केन्द्रमा निहित राखी अन्य राजनैतिक, आर्थिक, सामाजिक, भाषिक, धार्मिक, साँस्कृतिक, आदि विकास र उन्नतिका लागि स्वतन्त्ररूपले नीति निर्माण, निर्णय, योजना र कार्यान्वयनका अधिकार स्वशासित प्रदेशमा रहने शासन प्रणाली हुनेछ।

---

* **हाम्रो पार्टीले आफ्नो आधारपत्रमा आत्मनिर्णयको सम्बन्धमा यसप्रकार उल्लेख गरेको छ:-**
"राज्यको वर्तमान एकात्मक तथा ब्राह्मणवादी जातीय अहङ्कारको अन्त्य गरी आत्मनिर्णय र जातीय क्षेत्रीय स्वशासनको आधारमा सङ्घात्मक स्वरूपको राज्यको पुनर्संरचना गरिनेछ।"

क. कार्यकारिणी सम्बन्धमा :

(१) राष्ट्राध्यक्ष र मन्त्रीमण्डल :

१.१. सङ्घीय गणतान्त्रिक नेपालको प्रमुख राष्ट्राध्यक्ष हुनेछ । राष्ट्राध्यक्ष सम्मानित पद हुनेछ । राष्ट्राध्यक्षको कार्यकाल ५ वर्षको हुनेछ।

१.२. सङ्घीय व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्राध्यक्षको निर्वाचन गर्ने छन्।

१.३. एक कार्यकालभन्दा बढी एउटै व्यक्ति राष्ट्राध्यक्ष हुनेछैन।

१.४. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्राध्यक्ष प्रत्येक अवधिमा अलग-अगल जाति / समुदायबाट आएको व्यक्ति हुनेछ।

१.५. दैनिकी कार्यकारी कामहरू प्रधानमन्त्रीले गर्नेछन्।

१.६. प्रधानमन्त्री र मन्त्रीहरू सङ्घीय व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछन्।

१.७. प्रधानमन्त्रीको औपचारिक नियुक्ति व्यवस्थापिकाको सीफारिसमा राष्ट्राध्यक्षले गर्ने छन्।

१.८. प्रधानमन्त्री सङ्घीय व्यवस्थापिकाको कुनै सदनको सदस्य हुनु पर्ने छ। मन्त्रिपरिषद्का अन्य सदस्यमा सदन बाहिरका व्यक्तिहरू समावेश हुन सक्नेछन्।

१.९. प्रधानमन्त्रीले अन्य मन्त्रीहरूको नियुक्ति गर्ने छन्। तर, त्यस्तो नियुक्ति सङ्घीय व्यवस्थापिकाले अनुमोदन गर्नुपर्ने छ।

१.१०. मन्त्रिपरिषद् समावेशी र सहभागिताको मान्यताबाट बन्नु पर्नेछ।

१.११. सङ्घीय मन्त्रिपरिषद्मा प्रत्येक प्रदेशबाट न्यूनतम् एकजना मन्त्री नियुक्त हुनु अनिवार्य हुनेछ।

(२) लोकसेवा आयोग, निजामती प्रशासन, आदि :

२.१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक स्वतन्त्र, स्वायत्त र निष्पक्ष लोकसेवा आयोग हुनेछ।

२.२. लोकसेवा अयोगले निष्पक्ष र व्यवसायिकताको आधारमा राज्यका कर्मचारीको छनोट, भर्ना र बढुवाका कामहरू सम्पादन गर्नेछ।

२.३. नेपालको निजामती प्रशासन तटस्थताको सिद्धान्तको आधारमा सञ्चालन हुनेछ । त्यसले निष्पक्ष र व्यवसायिकताको आधारमा कार्यसम्पादन गर्नेछ।

२.४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई स्वायत्त, स्वतन्त्र र सक्षम संवैधानिक अङ्गको रूपमा विकास गरिनेछ।

२.५. आर्थिक अपराधको प्रभावकारी नियन्त्रण गर्न वैज्ञानिक र सवल अनुसन्धान पद्धति अपनाइनेछ।

(३) प्रहरी प्रशासन, सेना, आदि :

३.१. नेपाली सेना सरकार र जनताप्रति उत्तरदायी हुनुका साथै सरकारद्वारा परिचालित र नियन्त्रित तथा राष्ट्रिय हितको सुरक्षा र जनभावना अनुरूप चल्ने हुनेछ। सेनाको न्यूनीकरण, रूपान्तरण र आधुनिकीकरण गर्दै जनसुरक्षाको नीति*अवलम्बन गरिनेछ । स्वशासित प्रदेशहरूले सङ्घीय राज्यको अनुमति र केन्द्रीय सुरक्षा नीतिको परिपालनाअनुसार प्रादेशिक शान्ति सुरक्षा र प्रशासनको सुव्यवस्थाको लागि प्रादेशिक प्रहरी प्रशासनको व्यवस्था गर्नेछन्।

---

* **जनसुरक्षा प्रणाली सम्बन्धमा :**

हाम्रो देशको विशिष्ट प्रकारको भू-राजनीतिक अवस्था (दुई ठूला राष्ट्रहरू चीन र भारतका बीचमा अवस्थित) लाई ध्यानमा राख्दै राष्ट्रिय सुरक्षा नीति अवलम्बन गर्नु पर्दछ। हामी आफ्नो राष्ट्रिय सार्वभौमिकता, क्षेत्रीय अखण्डताको रक्षा गर्न चाहन्छौ । तर राष्ट्रिय प्रतिरक्षाको नीति सैन्य अहंकारवादबाट प्रेरित नभई छिमेकीहरूसित पारस्पारिक सम्मान र सहयोगको आधारमा कायम गरिनेछ।

तसर्थ हाम्रो राष्ट्रिय सुरक्षा नीति तय गर्दा एउटा सैनिक बलमा आधारित राज्य होइन, सेनाको न्यूनीकरण, रूपान्तरण र आधुनिकीकरण गर्दै जनसुरक्षा प्रणाली अपनाइनेछ त्यस अनुसार नागरिकहरू स्वयंलाई राष्ट्रिय सुरक्षाको जगेर्ना गर्नका लागि उत्प्रेरित गर्ने र प्रशिक्षित गर्ने नीति हुनेछ। आन्तरिक सुरक्षा व्यवस्थाको जिम्मेवारी प्रहरी बलले वहन गर्नेछ।

ख. व्यवस्थापिका

१.१. देशमा दुई सदनात्मक सङ्घीय व्यवस्थापिका हुनेछ। उपल्लो सदन जातीय सदनको रूपमा रहनेछ। उपल्लो सदनमा जातीय जनसंख्याबाट समानुपातिक निर्वाचन प्रणालीद्वारा सबै जात/जातिको प्रतिनिधित्व हुनेछ। तर, तोकिएको संख्यामा राष्ट्रिय जीवनमा महत्त्वपूर्ण र विशेष योगदान पुऱ्याएका व्यक्तिलाई समेत उपल्लो सदनमा समावेश गरिनेछ। जातीय सदनको संख्या संविधानमा व्यवस्था भएबमोजिम हुनेछ।

१.२. तल्लो सदन जनप्रतिनिधि सभा हुनेछ, जसको निर्वाचन सूची समानुपातिक निर्वाचन प्रणालीद्वारा गरिनेछ। निर्धारित संख्यामा किसान मजदुरको सिट आरक्षित हुनेछ। जनप्रतिनिधिसभा सदस्य संख्या संविधानसभाले किटान गर्नेछ।

१.३. प्रदेशहरूमा एक सदनात्मक व्यवस्थापिका हुनेछ, जसको बनौट संविधानमा व्यवस्था भएबमोजिम हुनेछ।

१.४. जनताको सार्वभौम अधिकार व्यवस्थापिकामार्फत् प्रयोग गरिनेछ।

१.५. व्यवस्थापिका र प्रादेशिक सभालाई संविधानले निर्धारित गरे अनुसार आ-आफ्नो क्षेत्रका काम-कार्वाही नियमित गर्ने पूर्ण अधिकार हुनेछ।

ग. न्यायपालिका

१.१ देशमा सङ्घीय सर्वोच्च न्यायालय, प्रादेशिक उच्च न्यायालय, इलाका न्यायालय र स्थानीय न्यायालय गरी ४ तहका न्यायालय हुनेछन्।

१.२. न्यायालयहरू स्वतन्त्र, निष्पक्ष र जनउत्तरदायी हुनेछन्।

१.३. कुनै खास प्रकृतिका मुद्दाहरूको छिनोफानो गर्न खास प्रकृतिको न्यायालय गठन हुनु आवश्यक छ भन्ने ठानेमा नेपाल सरकारले त्यस्तो न्यायालय गठन गरी त्यस्ता मुद्दा त्यस्ता अदालतलाई सुम्पन सक्नेछ।

१.४. सङ्घीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र प्रादेशिक उच्च न्यायालयको मुख्य न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सीफारिसमा राष्ट्राध्यक्षले गर्नेछ। निर्वाचित हुनेबाहेक सर्वोच्चका अन्य न्यायाधीशहरूको नियुक्ति भने केन्द्रीय न्यायपरिषद्को सिफारिसमा राष्ट्राध्यक्षबाट हुनेछ।

१.५. सर्वोच्च न्यायालयमा २५ प्रतिशत न्यायाधीशहरू निर्वाचनबाट र ७५ प्रतिशत न्यायाधीशहरू अनुभव र पदोन्नतीको आधारमा नियुक्त गरिनेछ। प्रादेशिक उच्च न्यायालय र इलाका न्यायालयमा भने ७५ प्रतिशत न्यायाधीश निर्वाचनबाट र २५ प्रतिशत न्यायाधीश अनुभव र पदोन्नतिका आधारमा नियुक्त हुनेछन्।

१.६. न्यायाधीशहरूको निर्वाचन विधि र प्रक्रिया कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१.७. निर्वाचित हुने बाहेकका प्रादेशिक उच्च न्यायालय र इलाका न्यायालयका न्यायाधीशहरूको नियुक्त क्रमशः प्रादेशिक न्याय परिषद् र इलाका न्याय परिषद्को सीफारिसमा राष्ट्राध्यक्षले गर्नेछ।

१.८. स्थानीय न्यायालयको गठन र काम कार्वाहीको विधि कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

घ. संघीय गणतन्त्र नेपालको राज्य व्यवस्थासम्बन्धी अन्य नीतिहरू :

क. प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्था स्थापित गरिनेछ।

ख. प्रत्याह्वान व्यवस्था सहितको जनप्रतिनिधिमूलक, राजनैतिक प्रणाली र समानुपातिक निर्वाचन प्रणाली कायम गरिनेछ।

ग. आधारभूत मानवअधिकार, मौलिक अधिकार, लोकतन्त्रको निर्वाध उपयोग गर्न पाउने सुनिश्चितता, कल्याणकारी राज्य र बहुलवादी समाज कायम गरी कानूनी राज्यको अवधारणालाई कार्यान्वयन गरिनेछ।

घ. प्रेस स्वतन्त्रताको सुनिश्चितता र श्रमजीवी पत्रकारहरूको हित रक्षा गर्ने गरी सञ्चार नीति कार्यान्वयन गरिनेछ।

ङ. निष्पक्ष र स्वतन्त्र प्रशासनिक संयन्त्र निर्माण गरी त्यसलाई जनमुखी बनाइनेछ।

च. जनताको लोकतान्त्रिक अधिकार र सार्वभौम अधिकार सुनिश्चित गर्दै सामाजिक भेदभाव अन्त्य गरी न्यालयहरूलाई स्वतन्त्र र जनउत्तरदायी बनाउँदै देशको न्याय प्रणालीलाई व्यवस्थित गरिनेछ।

छ. सामन्त, दलाल र नोकरशाही पूँजीवादी तत्त्वहरू र प्रतिगामी तथा अग्रगमनविरोधी व्यक्ति वा सङ्गठनहरूलाई नियन्त्रण गरी देशको अग्रगामी परिवर्तनको दिशा सुनिश्चित गरिनेछ।

ज. विगतका मल्लिक र रायमाझी आयोगजस्ता जाँचबुझ आयोगहरूले दोषी ठहराएका जनआन्दोलनका अपराधी र भ्रष्टहरूलाई कडा कारबाही गरिनेछ।

झ. राजा, राजपरिवार र ओहदामा बसेका भ्रष्ट प्रशासकहरूको नाममा देश–विदेशमा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति र साधन–स्रोतलाई जफत गरी राष्ट्रियकरण गरिनेछ।

ञ. राष्ट्रिय महत्त्वका राजनीतिक, आर्थिक, सामाजिक विषयहरूमा जनमत सँग्रहद्वारा टुङ्गो लगाउने संवैधानिक व्यवस्था गरिनेछ।

ट. सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा रहेको दण्डहीनताको स्थितिको अन्त्य गरिनेछ।

२. गणतन्त्र नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणसम्बन्धी नीति :

मुलुकको राष्ट्रिय स्वाधीनता र क्षेत्रीय अखण्डताको संरक्षण गर्ने, सामाजिक जीवनका विभिन्न क्षेत्रहरूको लोकतान्त्रीकरण गर्ने, जनजीविकाको सुनिश्चितता गर्ने, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने र औद्योगीकरणद्वारा मुलुकको आधुनिकीकरण गर्ने जस्ता मुलुक र जनताका आधारभूत समस्याहरूलाई सत्तामा बसेकाहरूले लामो समयदेखि सम्बोधन गर्न सकेनन्। तिनले गरेका जनविरोधी र राष्ट्रविरोधी नीति तथा क्रियाकलापले मुलुक र जनताको समस्या गम्भीर र संवेदनशील बनाएको छ। त्यसरी नै नेपालको निरंकुश सामन्ती, केन्द्रीकृत र एकात्मक राज्यसत्ताको चरित्रको कारण वर्गीय, जातीय, लिङ्गीय तथा क्षेत्रीय विभेदले मुलुक गम्भीर सामाजिक अन्तर्द्वन्द्वमा फँस्न पुगेको छ। नेपाली अर्थतन्त्रमाथि ढलीमली गरिरहेको विदेशी प्रभुत्व तथा नियन्त्रणलाई र विदेशमाथिको परनिर्भतालाई खतम पारी स्वतन्त्र र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न र राज्यको वर्तमान केन्द्रीकृत, एकात्मक वर्णाश्रम व्यवस्थाबाट सृजित जातीय अहङ्कारको अन्त्य गरी आत्मनिर्णय र जातीय-क्षेत्रीय स्वशासनका आधारमा सङ्घात्मक स्वरूपको राज्यको पुनः संरचनमा गरिनु पर्दछ। उक्त घोषित सिद्धान्त र नीतिका आधारमा संविधानसभामा हाम्रो पार्टीको सामाजिक-आर्थिक कार्यक्रम निम्नानुसार हुनेछ।

(१) क्रान्तिकारी भूमिसुधार :

(क) जमिनमाथि रहेको सामन्ती भू–स्वामित्व पूर्ण रूपमा अन्त्य गर्न, “जमिन जोत्नेको” सिद्धान्तको आधारमा क्रान्तिकारी भूमिसुधार लागु गर्ने र शाही परिवार, बिर्ता, गुठी र ठूला सामन्तहरूको जमिन बिनामुआब्जा वास्तविक जोताहा तथा भूमिहीन किसानहरूमा वितरण गर्ने, जमिनको न्यायपूर्ण वितरण गर्न नयाँ हदबन्दी कायम गरी बढी हुने जमिन जोताहा, भूमिहीन तथा गरीब–किसानहरूलाई वितरण गरिनेछ।

(ख) जमिनमा हाल भैरहेको खण्डीकरणलाई रोक्न चक्लाबन्दी र किसानहरूलाई सहकारी खेतीमा प्रोत्साहन गरी जग्गा विकास कार्यक्रम लागु गरिनेछ।

(ग) भूमिहीन तथा गरीब किसानहरूलाई सबै प्रकारको ऋणबाट मुक्ति दिलाइनेछ। उनीहरूलाई राज्यले सस्तो दरमा ऋण, सस्तो मूल्यमा मलबीऊ, औजार, आदि उपलब्ध गराउनु पर्ने र सिंचाइको भरपर्दो तथा कृषि उपजको लागि बजार व्यवस्था गरिनेछ।

(घ) कृषि मजदुरहरूको लागि उचित ज्याला, आठ घण्टाको कार्यदिवस र अन्य सुविधाहरूको व्यवस्था गरिनेछ। कृषिलाई साम्राज्यवादी चंगुलबाट मुक्त गरिनेछ।

(ङ) हलिया, कमैया, हरूवा, चरुवालाई रोजगारी र बसोबासको प्रत्याभूति दिइनेछ। सम्पूर्ण सुकुम्बासीहरू र ‘मुक्त’ कमैयाहरूलाई उचित बसोबासको व्यवस्था गरिनेछ।

(च) कमलरी र हलिया प्रथाको उन्मूलन गरी उनीहरूको बासगाँस र रोजगारको व्यवस्था गरिनेछ।
(छ) आधुनिक ढङ्गबाट खेतीको विकास, ग्रामीण इलाकामा पशुपालन र कृषि-आधारित उद्योग धन्दाहरूको विकास गरिनेछ।
(ज) गरीब किसानहरूको नाममा रहेको कृषि ऋण मिनाहा गरिनेछ।
(झ) ग्रामीण क्षेत्रमा ग्रामीण बस्ती विकास योजना लागु गरिनेछ।
(ञ) कृषिलाई आधुनिक र औद्योगिकीकरण गरिनेछ।

(२) उद्योग-धन्दा :

उद्योग, वाणिज्य तथा व्यापारको क्षेत्रमा रहेको विदेशी प्रभुत्व तथा नियन्त्रणलाई र विदेशमाथिको निर्भरतालाई समाप्त गरी स्वतन्त्र, आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरिनेछ। उचित तथा व्यवस्थित ढङ्गबाट मुलुकको औद्योगिकीकरण गर्न निम्न उपायहरू अवलम्बन गरिनेछ :-

(क) औद्योगिक वित्तीय तथा व्यापारमा रहेको विदेशी आधिपत्यलाई अन्त्य गरिनेछ र राष्ट्रिय उद्योग तथा स्वदेशी व्यापारलाई संरक्षण र प्रोत्साहन गरिनेछ।
(ख) बिनासर्त र राष्ट्रिय हितको विपरीत नहुने गरी प्राप्त विदेशी ऋण, अनुदान तथा प्राविधिक ज्ञान स्वीकार गरिनेछ। विदेशी मुलुकहरूसँग व्यापार र अन्य आर्थिक सम्बन्धहरू समानता र आपसी फाइदाका आधारमा बढाइनेछ।
(ग) ग्रामीण तथा शहरी क्षेत्रमा साना तथा घरेलु उद्योग विकासको लागि आवश्यक सहुलियत र सुविधा प्रदान गरिनेछ। आदिवासीको ज्ञान, स्वदेशी सीप र परम्परागत प्रविधिलाई संरक्षण तथा प्रोत्साहन गरिनेछ। जैविक विविधताको संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
(घ) उद्योग र सञ्चारका क्षेत्रमा नागरिक लगानीलाई प्रवर्द्धन गरिनेछ। त्यसका लागि विभिन्न स्रोत परिचालन गरिनेछ।
(ङ) देशको वित्तीय पूँजीलाई औद्योगिक पूँजीमा परिणत गर्न विशेष जोड दिइनेछ।
(च) सूचना प्रविधिमा जनताको स्वामित्व स्थापित गर्ने नीतिमा जोड दिइनेछ।
(च) पर्यटन क्षेत्रलाई राष्ट्रिय उद्योगको रूपमा विकास गरिनेछ।
(छ) देशको खनिज सम्पदालाई राष्ट्रिय हितमा प्रयोग गर्ने गरी उत्खनन कार्य गर्ने नीति अवलम्बन गरिनेछ।

(३) श्रम, रोजगार र वातावरण :

(क) औद्योगिक तथा व्यापारिक क्षेत्रका मजदुरहरूको लागि ४० घण्टाको कार्य सप्ताह, उचित ज्याला, मजदूर, युनियन गठन, औषधोपचार, केटाकेटीको शिक्षा, बसोबास, बोनस, सञ्चयकोष, भत्ता, आदिको सुनिश्चितता गरिनेछ। बालबालिकालाई काममा लगाउने कुराको कडा प्रतिबन्ध गरिनेछ। महिला मजदुरका निम्ति पुरुषसरह ज्याला, सुविधा र सुत्केरी बिदाको व्यवस्था गरिनेछ।
(ख) विभिन्न कारणबाट गम्भीर राष्ट्रिय समस्याको रूपमा देखा परेको प्रदूषणको समस्या समाधान गर्न ठोस पहलहरू चालिनेछ।
(ग) रोजगारीका लागि विदेशिएका नेपालीहरूको हकहितको रक्षाको ग्यारेण्टी गरिनेछ।
(घ) राष्ट्रिय हितमा देशको जलस्रोतको उपयोग गर्ने दीर्घकालीन नीति तय गरिनेछ। साना तथा मध्यम स्तरीय जलविद्युत योजनाहरूलाई प्राथमिकता दिइनेछ।
(ङ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारीमा सबै नागरिकको अधिकार स्थापित गरिनेछ।
(च) विद्यमान केन्द्रीकृत तथा एकात्मक ढाँचाबाट मुलुक संघात्मक शासन प्रणालीमा जाने भएकोले केन्द्रीय सरकारको मातहतमा रक्षा, मुद्रा, राजस्व, परराष्ट्र आदि राखिनेछ र स्वशासनको मातहत शिक्षा, स्वास्थ्य, प्रहरी, विकास, यातायात, भाषा-संस्कृति, प्राकृतिक स्रोत-साधनको परिचालन, आदि राखिनेछ।

(४) गणतन्त्र नेपालको विदेश नीति :

(क) सबै असमान सन्धि–सम्झौताहरू खारेज गरी स्वतन्त्रता एवं समानताको आधारमा नेपाली राष्ट्रिय हितको जगेर्ना गर्ने नयाँ सन्धि–सम्झौताहरू गरिनेछ।

(ख) पञ्चशीलका सिद्धान्तमा आधारित परराष्ट्र नीति अवलम्बन गर्दै सबै देशहरूसँग दौत्य सम्बन्ध स्थापना गरिनेछ।

(ग) सबै देशहरू विशेषगरी दुवै ठूलो छिमेकी देशहरूका विरुद्ध नेपाली भूमि प्रयोग गर्न नदिने प्रतिबद्धताका साथ दुवै छिमेकीसँग समसामिप्यताको आधारमा मैत्री सम्बन्ध विकास गरिनेछ।

(घ) भारतसँगको सीमा नियमितीकरण गरिनेछ र श्रमइजाजत प्रणाली लागु गरिनेछ। भारतसँगको सीमा विवाद नेपालको क्षेत्रीय अखण्डताको रक्षा हुने गरी हल गरिनेछ।

(ङ) दक्षिण एशियाका सबै देशहरूसँगको सम्बन्धलाई विशेष ध्यान दिई, सार्कजस्तो क्षेत्रीय संरचनालाई प्रभावकारी बनाइनेछ।

(च) अल्प विकसित राष्ट्रहरू, भूपरिवेष्ठित राष्ट्रहरू, दक्षिणी राष्ट्रहरू लगायत असंलग्न आन्दोलनजस्ता समुदायसँग सक्रिय सहकार्य गरिनेछ।

(छ) साम्राज्यवाद, (नव) उपनिवेशवाद, विस्तारवाद, प्रभुत्ववाद र एकाधिकार पूँजीवादविरुद्ध उत्पीडित राष्ट्रहरूसँग ऐक्यबद्धता एवं घनिष्ठता बढाउँदै क्षेत्रीय एवं विश्व शान्तिको लागि क्रियाशील हुने नीति अवलम्बन गरिनेछ।

(ज) विश्व समाजवादी आन्दोलन, जनवादी आन्दोलनहरू, निरंकुश सत्ताविरोधी लोकतान्त्रिक सङ्घर्षहरू, मानवअधिकारवादी आन्दोलन, पर्यावरणवादी आन्दोलन जस्ता आन्दोलनहरूको समर्थन तथा ऐक्यबद्धता जाहेर गरिनेछ र नेपालीहरूलाई विदेशी फौजमा भर्ना हुने कामलाई निरुत्साहित गरी वैकल्पिक व्यवस्था गरिनेछ।

(५) योजना तथा विकाससम्बन्धी नीति :

(क) देशको योजनावद्ध विकासको निम्ति दीर्घ कालीन गुरू योजना निर्माण गरी आवधिक तथा वार्षिक योजनाहरूलाई समन्वित गर्दै ठोसरूपमा कार्यान्वित गरिनेछ। यसको निम्ति बीस वर्षे गुरूयोजना लागु गरिनेछ।

(ख) केन्द्रीकरण गरिएको योजना निर्माणको पद्धतिलाई विस्थापित गरी सङ्घीयता र स्वायत्त शासन अनुरूप योजना कार्यान्वयन गरिनेछ।

(ग) जनताको श्रम शक्तिलाई उपयोग गर्ने गरी राष्ट्रिय विकास नीति अवलम्बन गरिनेछ।

(घ) विशेष गरीकन कृषि क्षेत्रको आधुनिकीकरण र वैज्ञानिकीकरण, पर्यटन क्षेत्रको विकास र विस्तार, जलस्रोत उत्पादन र विकासमा स्वदेशी पूँजी, प्रविधि र सीपको उपयोग, वन सम्पदाको संरक्षण, विकास तथा जडिबुटी र खनिज पदार्थहरूको संरक्षण तथा उपयोगका लागि जनमुखी राष्ट्रिय योजना र विकासको नीति अवलम्बन गरिनेछ।

(ङ) विकासको दृष्टिकोणले कायम रहेको क्षेत्रीय असमानता हटाई सबै क्षेत्रका जनतालाई राष्ट्रिय विकासको मूल प्रवाहमा सामेल गर्दै गाउँ र शहरका बीच बढिरहेको दूरी कम गरी ग्रामीण विकासलाई मूर्त रूप दिन विशेष ग्रामीण विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यातायात, सञ्चार, विद्युत् आदि जस्ता विकासका पूर्वाधारहरू सबै क्षेत्रमा खडा गरिनेछ।

(च) काठमाण्डौं उपत्यकालाई पूर्व पश्चिम राजमार्गसँग व्यापारिक रूपले जोड्न रेल मार्ग र देशका विभिन्न भागमा रोपवे (रज्जु मार्ग) लगायतका वैकल्पिक मार्गहरूको विस्तृत अध्ययन र डिजाइन उच्च प्राथमिकताका साथ गरी तिनलाई कार्यान्वयन गरिनेछ।

(छ) गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षालाई जनताको मौलिक अधिकारको रूपमा स्थापित गरी सोही अनुरूपको योजना तर्जुमा गरिनेछ। साथै, खानेपानी लगायत जनताका दैनिक जीवनका अत्यावश्यक वस्तुहरूको आपूर्ति सरकारको दायित्वभित्र राखिनेछ।

(६) जनस्वास्थ्यसम्बन्धी नीति :

(क) स्वास्थ्य नेपाली जनताको मौलिक अधिकारभित्र राख्दै हरेक मानिसले आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारको सुनिश्चितता गरिनेछ।

(ख) ग्रामीण क्षेत्रमा व्यापकरूपमा स्वास्थ्य सेवा पुऱ्याउन स्वास्थ्य केन्द्र स्थापनामा विशेष जोड दिइनेछ।

(ग) शहरी क्षेत्रका ठूला अस्पतालहरूलाई साधन स्रोतले सम्पन्न बनाउन विशेष ध्यान दिइनेछ।

(घ) मध्यम तथा उच्चस्तरका स्वास्थ्यकर्मीहरू उत्पादन गरिनेछ, जसमा ग्रामीण निम्न-वर्गका जनताको पहुँच पुऱ्याइनेछ। स्वास्थ्यकर्मीको पेशालाई मर्यादित गराई विदेश पलायन हुनबाट रोक्दै देशको सेवामा लाग्न प्रेरित गरिनेछ।

(ङ) गरिबीको रेखामुनि रहेका जनतालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ। स्वास्थ्य सुविधालाई ध्यानमा राखी निजी क्षेत्रलाई स्वास्थ्य सेवा विस्तारका लागि अनुकूल वातावरण तयार गरिनेछ। तर त्यस्ता निजी स्वास्थ्यसम्बन्धी संस्थाहरूलाई जनमुखी बनाउँदै सर्वसाधारण जनताको पहुँच विस्तार गर्न तिनलाई नियमित र निर्देशित गर्ने काम विशेष व्यवस्था मिलाएर राज्यले गर्नेछ।

(च) जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने चुरोट, मदिरा र अन्य बिलासी चरित्रका उत्पादनहरूलाई कडाईका साथ रोक्ने, वातावरणीय प्रदूषण नियन्त्रण गर्ने, एचआइभी एड्सजस्ता महामारी नियन्त्रण गर्न ठोस कदम चालिनेछ।

(७) महिला, बालबालिका र युवासम्बन्धी नीति :

(क) महिला र पुरुषबीचका सबै सामाजिक विभेद समाप्त पारी अवसर र अधिकारमा समानताको सुनिश्चितता गरिनेछ।

(ख) छोरासरह छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार स्थापित गरिनेछ।

(ग) बराबर कामको निम्ति बराबर ज्याला पाउने गरी नियम कानूनहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(घ) सामाजिक तथा राजनैतिक क्षेत्रमा महिलाहरूलाई प्रोत्साहन गरिनेछ।

(ङ) श्रमिक महिलाहरूको हितको रक्षाका लागि शिशु स्याहार केन्द्रहरू स्थापना गरिनेछ।

(च) महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू, सम्मेलनद्वारा पारित घोषणाहरू र नेपाल पक्ष भएका महासन्धिहरूलाई कार्यान्वयन गरिनेछ। घरेलु हिंसा र महिला बेचबिखनजस्ता अपराध तथा यौन-व्यवसाय, बहुपत्नी, बहुपति जस्ता सामाजिक-सांस्कृतिक कुप्रचलनहरू नियन्त्रण गरिनेछ।

(छ) एकल महिला तथा वृद्ध-वृद्धाहरूलाई राज्यले विशेष संरक्षणको नीति अपनाउनेछ।

(ज) बालअधिकार र आधारभूत बाल विकासका सवालहरूलाई संबैधानिक सुनिश्चितता प्रदान गरिनेछ।

(झ) बाल-बालिकामाथि भैरहेका सबैखाले शोषण, उत्पीडन र विभेदको अन्त्य गरी, राष्ट्रिय विकासको हरेक क्षेत्रमा समावेशीको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरिनेछ। बाल श्रम शोषणलाई कानूनद्वारा निषेध गरी कडा सजायको व्यवस्था गरिनेछ।

(ञ) युवा राष्ट्र निर्माणका महत्त्वपूर्ण अङ्गभएकोले यिनलाई विदेश पलायन हुनबाट रोकिनेछ। साथै युवाहरूमा देखिएका विकृतिहरूलाई नियन्त्रण गरिनेछ र उनीहरूको रोजगारीको सुनिश्चिता गरिनेछ।

(ट) घरेलु हिंसाका विरुद्ध योजनाबद्ध अभियान सञ्चालन गरिनेछ।

(८) असक्त-अपाङ्ग र दलितसम्बन्धी नीति :

(क) दलित जातिहरूको विकासको निम्ति सबै क्षेत्रहरूमा कम्तिमा २० प्रतिशत आरक्षणको व्यवस्था गर्दै उनीहरूले उठाएका जायज मागहरूलाई सम्बोधन गरिनेछ।

(ख) छुवाछूत प्रथालाई समाजमा अन्त्य गर्ने उद्देश्यले कानून बनाई त्यसको उल्लङ्घन गर्नेहरूलाई व्यावहारिक रूपमै दण्डित गर्ने व्यवस्था गरिनेछ।

(ग) दलित जातिहरूको परम्परागत सीप र व्यवसायहरूलाई संरक्षण, विकास एवं आधुनिकीकरण गर्नको लागि राज्यले विशेष नीति बनाउनेछ।

(घ) अशक्त-अपाङ्गहरूलाई समाजमा सम्मानजनकढंगले काम गर्ने वातावरण तयार गरिनेछ र राज्यले विशेष संरक्षणको नीति अवलम्बन गर्नेछ।

(ङ) लैङ्गिक अल्पसंख्यकहरूका हितहरूको रक्षा गरिनेछ।

(९) जाति, भाषा, धर्म-संस्कृतिसम्बन्धी नीति :

(क) नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक देश भएकोले नेपालका सबै जाति, भाषा, धर्म-संस्कृति समान रहनेछन। राज्य धर्म निरपेक्ष रहेनछ। व्यक्तिको धार्मिक स्वन्त्रताको सम्मान गरिनेछ।

(ख) राष्ट्रमा बहु भाषिक नीति अवलम्बन गरिनेछ।

(ग) सबै जातिका भाषा-संस्कृति कलाकौशल तथा साहित्यको विकासको लागि समान अवसर प्रदान गरिनेछ। सामन्ती तथा विकृत पूँजीवादी संस्कृतिको अन्त्य गरी आधुनिक जीवनसापेक्ष र जनपक्षीय संस्कृतिको निर्माण गरिनेछ।

(घ) वैज्ञानिक विधि अपनाएर भाषिक र जातीय सर्वेक्षण गरिनेछ।

(ङ) लोपोन्मुख भाषाहरूको संरक्षण र अध्ययन गर्ने उद्देश्यले भाषिक प्रतिष्ठानहरू खडा गरिनेछ।

(च) नेपालको राष्ट्रिय जीवनको चेतनालाई विषाक्त गर्ने पतनोन्मुख पूँजीवादी-साम्राज्यवादी छाडा संस्कृतिलाई निषेध गरी राष्ट्रिय संस्कृतिको जगेर्ना गरिनेछ।

(छ) अन्धविश्वास, भाग्यवाद, रूढिवाद, अदृश्य शक्तिप्रतिको विश्वास, वर्ण व्यवस्था, पुरुष हैकमवाद, साम्प्रदायिकताजस्ता पछौटे सामन्ती संस्कृति र चिन्तनबाट मुक्तिका निम्ति भौतिकवादी चिन्तन पद्धतिको विकासमा जोड दिइनेछ।

(ज) धर्मको नाममा सामन्तवाद र सामन्तवादले गर्ने जनशोषणको विरुद्ध अभियान चलाइनेछ।

(छ) मठ-मन्दिर, मस्जिद, गुम्बा, बिहार, चर्च, गुरुद्वारा, माखिम र माङहिङजस्ता धार्मिक स्थललाई व्यक्तिगत फाइदाको निम्ति प्रयोग गर्न नदिई यिनीहरूलाई सामाजिकीकरण तथा राष्ट्रियकरण गरी सञ्चालनको आवश्यक व्यवस्था सरकार स्वयंले मिलाउनेछ।

(१०) शिक्षा र खेलकूदसम्बन्धी नीति :

(क) शिक्षालाई जनताको मौलिक अधिकारको रूपमा लिइनेछ।

(ख) शिक्षामा बौद्धिक तथा शारीरिक श्रमको महत्त्व समानरूपमा स्थापना गरिनेछ।

(ग) सामाजिक उत्पादक शक्तिलाई प्रवर्द्धन गर्न, आम जनताको निम्ति सुलभ, जनमुखी एवं वैज्ञानिक शिक्षा नीति ल्याइनेछ।

(घ) शिक्षालाई राज्यको जिम्मेवारीभित्र राखी आमरूपमा व्यवसायिक एवं प्राविधिक शिक्षालाई प्राथमिकता दिइनेछ। विज्ञान, मानविकी तथा शिक्षाका विभिन्न क्षेत्रमा दक्ष जनशक्ति निर्माण गर्ने नीति अबलम्बन गरिनेछ। माध्यमिक तहसम्मको शिक्षा निःशूल्क गरिनेछ। शिक्षाको व्यवसायीकरण र व्यापारीकरण रोकी त्यसमा साधारण जनताको पहुँच स्थापित गरिनेछ।

(ङ) बहुप्राविधिक संस्थानहरू स्थापना गरिनेछ।

(च) दलित, आदिवासी, जनजाति, अल्पसंख्यक जाति, महिला तथा श्रमजीवी वर्गबाट बौद्धिक जनशक्ति निर्माण गर्ने विशेष नीति लिइनेछ र शैक्षिक बेरोजगारी अन्त्य गरी सम्मानजनक काम गर्ने अवसरहरूको सिर्जना गर्दै देशबाट प्रतिभा पलायन रोक्न विशेष ध्यान दिइनेछ। शैक्षिक बेरोजगार भत्ता दिइनेछ।

(छ) आधारभूत शिक्षा मातृभाषामा पाउने व्यवस्था राज्यले मिलाउनेछ।

(ज) शिक्षा राष्ट्रिय विकासको मुख्य आधार भएकोले शिक्षण पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गरिनेछ।

(झ) उच्च शिक्षाका शैक्षिक प्रतिष्ठानहरूलाई स्रोत–साधनले सम्पन्न गरी स्वतन्त्रता र स्वायत्तता प्रदान गरिनेछ।

(ञ) खेलकूद क्षेत्रको सर्वाङ्गीण विकासमा ध्यान दिइनेछ। खेलकूदका क्षेत्रहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड–अनुरूप सञ्चालन गर्दै लगिनेछ।

(ट) नेपालको पहिचान राख्ने कतिपय पुराना लोपोन्मुख खेलहरूको विकासका लागि विशेष कार्यक्रम ल्याइनेछ।

(ठ) राष्ट्रियस्तरका खेलाडीहरूको जीवीकोपार्जनका लागि उचित व्यवस्था मिलाइनेछ।

(११) जलस्रोत, वन तथा वातावरणसम्बन्धी नीति :

(क) नेपालका नदी नालाहरू राष्ट्रिय सम्पत्ति हुन्। यिनीहरूमाथि नेपाली जनताको सार्वभौमिक अधिकार निहित भएकोले यसलाई बाधा पुऱ्याउने गरी यस अघि भएका सबै असमान सम्झैताहरू खारेज गरिनेछ।

(ख) जलस्रोत नेपालको ठूलो सम्पत्ति भएकोले यसको सदुपयोग गरी देश विकासमा योगदान पुऱ्याउने कुरालाई ध्यानमा राखी पारस्परिक लाभको आधारमा दुई पक्षीय / बहुक्षीय उपयोग नीति लिइनेछ। यसलाई मुख्य उद्योगको रूपमा लिइनेछ र प्रचुर मात्रामा विद्युत उत्पादन गरिनेछ।

(ग) वनसम्पदा नेपालको महत्त्वपूर्ण निधी भएकोले यसको रक्षा र प्रयोगको निम्ति राष्ट्रिय नीति निर्माण गरिनेछ।

(घ) वैकल्पिक उर्जा र स्रोतको विकास गरी इन्धनको रूपमा जनताको दैनिक जीवनमा प्रयोग हुने वन सम्पदाको संरक्षण गरिनेछ। वनमा आश्रित जनतालाई वैकल्पिक रोजगारीको व्यवस्था गरिनेछ।

(ङ) पेट्रोलियम पदार्थको विद्यमान अभाव र परनिर्भरतालाई दृष्टिगत गर्दै वैकल्पिक इन्धनका रूपमा वनस्पति, खानी तथा अन्य स्रोतको अन्वेषण र उत्पादन गरी देशलाई आत्मनिर्भर बनाइनेछ।

(च) वन संरक्षणको जिम्मेवारी राष्ट्रको हुने भए पनि जनताको प्रत्यक्ष संरक्षणमा सामुदायिक वनविकासको नीति अबलम्बन गरिनेछ र निजी क्षेत्रलाई पनि वन सम्पदाको विकासको निम्ति प्रोत्साहित गरिनेछ।

(छ) मझौला, साना तथा सामुदायिक उत्पादन र स्वदेशी उत्पादनलाई प्राथमिकता दिँदै विद्युत क्षेत्रमा जनताको सामूहिक अधिकार स्थापित गरिनेछ। नदीनाला निजी बनाउन दिइनेछैन।

(ज) खानी, उद्योग, आदि सञ्चालन गर्दा वन विनाश हुन दिइने छैन। र सुकुम्बासीको नामबाट भैरहेका वनविनाशलाई रोकिनेछ। सुकुम्बासीहरूलाई योजनाबद्ध बसोबासको व्यवस्था गरिनेछ।

(झ) प्राकृतिक स्रोतसाधानको प्रयोग देशको गरीबी घटाउन, मान्छेको दिनानुदिन जीवन सञ्चालन गर्न अनिवार्य भएको तथ्यलाई हृदयङ्गम गरी आर्थिक विकास र प्राकृतिक वातावरणबीचको सन्तुलन राख्न जोड दिइनेछ।

(ञ) वातावरण संरक्षणका सम्बन्धमा देशले गरेका तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन प्रभावकारी ढङ्गले गरिनेछ। यसको अनुगमनको निम्ति विषयविज्ञ कानूनविद् एवं अन्य जानकारहरूको एक कार्यदल बनाई वातावरण संरक्षणको निम्ति ठोस पहल गरिनेछ।

(ट) वातावरण संरक्षणको निम्ति एकीकृत गुरू योजना अन्तर्गत ठोस र प्रभावकारी कार्यक्रम सञ्चालन गरी पुरस्कार र दण्डको उचित व्यवस्था गरिनेछ।

(१२) साहित्य कला / सांस्कृतिक कर्मी तथा पेशागत बुद्धिजीवीसम्बन्धी :

(क) कला क्षेत्रमा काम गर्नेहरूको वृत्तिविकासको समस्यालाई दृष्टिगत गरी कला साहित्यको साधनाबाट नै जीवीकोपार्जन हुनसक्ने वातावरण तयार गरिनेछ।

(ख) अन्धविश्वास, रूढिवाद, स्तुतिवाद, भाग्यवादजस्ता जनविरोधी तथा प्रतिगामी, संस्कृतिको विरुद्ध आन्दोलन गर्दै वस्तुवादी, जनतन्त्र तथा राष्ट्रिय स्वतन्त्रताको पक्षपोषण गर्ने कला साहित्यिक क्षेत्रलाई प्रोत्साहन गरिनेछ। र प्राज्ञिक प्रतिष्ठानहरूलाई यही उद्देश्यका साथ सञ्चालन गरिनेछ।

(ग) प्राज्ञिक स्वतन्त्रताको सम्मान गरिनेछ।

(घ) बुद्धिजीवीहरूलाई देशको अमूल्य निधिको रूपमा मान्यता दिँदै उनीहरूलाई सङ्गठित ढङ्गले राष्ट्र निर्माणको काममा योगदान पुऱ्याउन प्रेरित गर्ने र उनीहरूको स्वाभिमानलाई राज्यले कदर गर्नेछ।

(ङ) विज्ञान तथा प्रविधिको क्षेत्रमा दक्षता प्राप्त गरेका बौद्धिक व्यक्तित्व तथा वैज्ञानिकहरूलाई त्यस क्षेत्रको विकासको निम्ति अनुसन्धानको निम्ति राज्यले आवश्यक स्रोत–साधनको व्यवस्था गर्ने विशेष योजना कार्यान्वयन गर्नेछ।

(१३) जनआन्दोलन र शान्ति स्थापनसम्बन्धी नीति :

(क) राजनीतिक, सामाजिक असहिष्णुतालाई अन्त्य गरी सहिष्णुता र समझदारी बढाइनेछ।

(ख) नेपालको लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने महान सहिदहरूको स्मृतिलाई राष्ट्रिय पर्वको रूपमा मनाइनेछ।

(ग) शहीदहरूको सम्झनामा देशका विभिन्न भागमा सहिद स्मृति पार्कहरू बनाइनेछ।

(घ) शहीद–परिवारको उचित सम्मान गरिनेछ।

(ङ) जनआन्दोलनमा घाइते भएकाहरू र उनीहरूमा आश्रित परिवारहरूको जीविकोपार्जनको उचित व्यवस्था गरिनेछ।

(च) जनआन्दोलनका दोषीहरूलाई दण्डित गरिनेछ।

(छ) द्वन्द्व पीडितहरूको पुनर्स्थापना गरिनेछ र बेपत्ता नागरिकहरूको खोजी गरी तत्काल उनीहरूको स्थिति सार्वजनिक गरिनेछ।

(ज) नेकपा (माओवादी) सँग भएका सहमति, समझदारी र सम्झौताअनुसार माओवादी लडाकुहरू लगायत अन्य सम्पूर्ण पक्षको उचित व्यवस्थापन गरिनेछ।

(झ) देशमा द्वन्द्वरत मधेशी–तराईवासी, आदिवासी जनजाति, उत्पीडित जाति, आदिका न्यायोचित मागहरूको वार्ताको माध्यमबाट संबोधन गरिनेछ।

आदरणीय जनसमुदाय

यस संविधानसभाको निर्वाचनले नयाँ संविधान बनाउनेछ। तर पनि आज देशमा निर्वाचित प्रतिनिधि–सभा छैन र यो मनोनित व्यवस्थापिका संसद्‌लाई पनि संविधानसभाले विस्थापित गर्ने हुँदा भावी सरकारको गठनसमेतको जिम्मेवारी यही संविधानसभाको हो। यस्तो दोहोरो भूमिका निर्वाह गर्नुपर्ने संविधान सभामा ६०१ जनाको जम्बो संख्या राखेर सात दलले आफ्नो निहित स्वार्थको निम्ति राष्ट्रिय स्वार्थसँग खेलबाड गरेका छन्। यस्तो अवस्था विद्यमान रहँदा–रहँदै पनि यसलाई स्वीकार गरेर तत्काल नयाँ संविधान निर्माण गरी जनअपेक्षा अनुसारको प्रतिनिधिसभा खडा गरेर राज्यसामु विद्यमान राजनीतिक संकटहरूको शान्तिपूर्ण निकास दिनुको विकल्प आज नेपाली जनतासामु छैन। पतनको संघारमा उभिएको राजतन्त्र र यसका मतियारहरू, अग्रगमन–विरोधी सामन्तवादका पृष्ठपोषकहरू, यथास्थितिवादी प्रतिक्रियावादीहरू नेपालीको भलो नचिताउने र नेपाललाई आफ्नो सामरिक क्रीडास्थल बनाउन चाहने विदेशी साम्राज्यवादीहरू, विस्तारवादीहरूले सहजै र शान्तिपूर्ण ढङ्गले देशलाई अग्रगामी परिवर्तनको बाटोमा अघि बढ्न दिनेछैनन्। यिनलाई परास्त गरेर यो निर्णायक घडीमा राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै देशलाई अग्रगामी दिशामा रूपान्तरण गर्ने चुनौतीको सामना गर्नु अहिले प्रत्येक नेपालीको दायित्व बनेको छ। सार्वभौम नेपाली जनताको विवेकपूर्ण निर्णयले हाम्रा सामु रहेका सबै व्यवधानहरूलाई परास्त गर्न सकिने विश्वास नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) ले लिएको छ।

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत)ले जनआन्दोलन २०६२/०६३ मा खेलेको महत्त्वपूर्ण भूमिका, सात दलीय गठबन्धनको सरकारलाई रचनात्मक ढङ्गले राष्ट्र र जनताको पक्षमा काम गर्नका निम्ति दिइएका सुझाव र दबाबहरू, गणतन्त्रको स्थापना र पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा सार्थक संविधान–सभाको निर्वाचन सम्पन्न गर्न गरेका सङ्घर्षहरू र राष्ट्रियताको संरक्षण एवं राष्ट्रिय हितको जगेर्ना गर्न निरन्तर हामीले सञ्चालन गरेका आन्दोलनहरू आदरणीय जनसमुदायका मानसपटलमा ताजै छन् भन्ने हामीले विश्वास लिएका छौं। राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै राष्ट्रको अग्रगामी परिवर्तनको निम्ति भोलिका दिनहरूमा पनि नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) ले निःस्वार्थ ढङ्गले आफ्नो भूमिका निर्वाह गर्नेछ भन्ने प्रतिबद्धता हाम्रो पार्टी जाहेर गर्दछ। सात दलीय सर्वसत्तावादलाई नियन्त्रण गर्दै साँचो अर्थमा देशलाई रूपान्तरण गर्न नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) लाई सबल बनाउनुपर्दछ भन्ने कुरा हाम्रा विगतका क्रियाकलापहरूले पुष्टि गरिसकेका छन्। तसर्थ महान् नेपाली जनताको विवेकपूर्ण र न्यायोचित समर्थन पाउने नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) ले विश्वास लिएका छौं। पार्टीको निर्वाचन चिह्न बलिरहेको **दियो**मा छाप लगाएर **नेपाल कम्युनिस्ट पार्टी (एकीकृत)** लाई विजय बनाउन हामी सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी–बहिनीहरूमा सविनय अनुरोध गर्दछौं।

हाम्रा नाराहरू :

(क) राजतन्त्रको अन्त गरौं, सार्थक संविधानसभाको चुनाव सम्पन्न गरौं ! जातीय–क्षेत्रीय स्वशासनका आधारमा सङ्घीय गणतन्त्र स्थापना गरौं !!

(ख) प्रतिगामी यथास्थितिवादीहरूलाई हराऔं ! नेकपा (एकीकृत) का उम्मेदवारहरूलाई जिताऔं !!

(ग) राजतन्त्र र सामन्तवादको उन्मूलन गरौं !

(घ) सातदलीय सर्वसत्तावादको अन्त्य गरौं !

(ङ) जनआन्दोलनका अपराधी र भ्रष्ट तत्त्वहरूलाई कडा कारबाही गर !

(च) देशमा बढ्दै गएको वैदेशिक चलखेल र हस्तक्षेप बन्द गर !

(छ) सीमा अतिक्रमण बन्द गर !

(ज) जनताको जीउ–धनको सुरक्षा गर !

(झ) महङ्गी, कालोबजारी, तस्करी नियन्त्रण गर !

(ञ) पेट्रोलियम पदार्थको आपूर्ति सुलभ गर !

(ट) नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) जिन्दावाद !

(ठ) आदरणीय शहीदहरू लालसलाम !

२०.

दलित जनजाति पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

संविधानसभाको ऐतिहासिक सन्दर्भ

नेपालको एकीकरणपछि आम दलित, जनजाति / आदिवासी, मधेसी, महिला, मुसलमान लगायतका जनतामाथि शासन गर्ने नाममा कथित उच्च जातीय शासकहरूबाट पटकपटक षड्यन्त्रमूलक ढङ्गबाट पक्षपाती र कपटपूर्ण संविधान र ऐन–कानुन लेखिँदै आएको हो । २००७ सालमा तत्कालीन शाही शासकद्वारा संविधानसभा मार्फत, जनमुखी संविधान लेखिने र गणतन्त्र स्थापना गर्ने भनिए तापनि निरंकुश शाही शासक वर्गको षड्यन्त्रका कारण संविधानसभा निर्वाचन सधै ओझेलमा पर्दै आयो । जनताको अधिकार कुण्ठित हुँदै रह्यो । यसै क्रममा स्वतन्त्रतापछि भारतमा भारतरत्न डा. भिमराव अम्बेडकरद्वारा संविधान लेखियो । त्यसैबखत वि.सं. २०११ सालमा शाही शासकबाट नेपालमा जनमुखी नयाँ संविधान लेख्नका लागि डा. अम्बेडकरलाई आमन्त्रण गरियो । तर शाही शासकका वरिपरिका उच्चजातीय अहङ्कारीहरूबाट दलितको हातद्वारा लेखिएको संविधान स्वीकार्य भएन र डा. अम्बेडकरलाई फिर्ता पठाइयो । भारतको संविधान लेखिएको ६ दशक पूरा भइसकेको छ। तर कतै असन्तुष्टिका आवाजहरू निस्केका छैनन् । यद्यपि वि.सं. २०४७ मा केन्द्रीकृत र एकात्मक अतिवादीहरूद्वारा लेखिएको नेपालको संविधान विश्वमै उत्कृष्ट भनिए तापनि केही वर्ष नपुग्दै उक्त संविधान पक्षपाती र त्रुटिपूर्ण भएका भन्दै विद्रोहका आवाज घन्किए । यदि डा. भिमराव अम्बेडकरद्वारा लेखिएको संविधान नेपाल लागू भएको भए मुलुकले आज यो नियति भोग्नुपर्ने थिएन र बहुसंख्यक आम मूलवासी, दलित, जनजाति / आदिबासी, मधेसी, महिला, मुसलमान, पिछडिएको जाति, वर्ग र क्षेत्रलगायतका जनता आफ्नो मौलिक हकअधिकारबाट वञ्चित हुनुपर्ने थिएन । सामाजिक न्याय तथा मानवअधिकारको सम्मान, दण्डहिनताको अन्त्य र लोकतान्त्रिक कानुनी राज्यको मर्यादा र सम्मान तथा विभेदको अन्त्य हुने थियो ।

तसर्थ, संविधानसभापछि नेपालको नयाँ संविधान निर्माण गर्दा सबै जाति, वर्ग र पक्षको सहभागिताका साथै विश्वमै उत्कृष्ट डा. अम्बेडकरद्वारा लिखित भारतको लोकतान्त्रिक संविधानको अनुशरण हुनुपर्दछ भन्ने **दलित जनजाति पार्टी**को स्पष्ट धारणा रहेको छ।

पार्टीको प्रतिबद्धता :

संविधानसभाको निर्वाचनमार्फत पार्टीका उद्देश्य हासिल गरी, नयाँ नेपाल निर्माणको अवधारणा बमोजिम सदियौंदेखि राज्यको नीतिनिर्माणको तहमा सहभागी हुनबाट बञ्चित बहुसंख्यक मूलबासी दलित, जनजाति / आदिबासी, पिछडावर्ग र क्षेत्र मधेसी, महिला, अल्पसंख्यक, मुसलमान, उद्योगपति, व्यापारी, कर्मचारी, मजदुर, किसान, गरिब, सुकुम्बासीलगायतका आम कमजोर वर्गको मौलिक हकअधिकार तथा मानवीय सम्मानको ग्यारेन्टी गर्दै, राष्ट्रिय कलङ्कको रुपमा रहेका सबैखाले भेदभाव तथा जातीय, क्षेत्रीय, धार्मिक, भौगोलिक र लैङ्गिक लगायतका सम्पूर्ण विभेदीकरणलाई उन्मूलन गरी, विभेद रहित, न्यायपूर्ण समतामूलक समाजको निर्माणका साथै सङ्घीय, समुन्नत, शान्त र साझा नेपालको परिकल्पना पूरा गर्ने प्रतिबद्धता जाहेर गर्दै दलित जनजाति पार्टीले यो घोषणा–पत्र जारि गरेको छ।

पार्टीको अवधारणा :

राष्ट्रलाई सुदृढ, सम्मुन्नत, समृद्ध, शान्त, साझा र सम्पन्न बनाउन राज्यका तर्फबाट नयाँ संविधान निर्माण गर्दा निम्न नीति तर्जुमा गरी तत्काल कार्यान्वयन गर्नुपर्ने बुँदाहरू:-

(१) स्वायत्त शासन, आत्मनिर्णयको अधिकार र सङ्घीय शासन प्रणालीको व्यवस्था

(२) जातीय जनसंख्याको आधारमा तराईका मूलबासी, दलित, जनजाति / आदिबासी, पिछडिएको वर्ग र क्षेत्र, मधेसी, महिला, मुसलमान र अपाङ्गलाई राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, सरकारी तथा गैरसरकारी सङ्घसंस्था, उद्योग, जल, जमिन, जङ्गल, श्रोतसाधन, अन्तर्राष्ट्रिय अध्ययन र रोजगारी-लगायत सबै क्षेत्रमा समानुपातिक रुपमा ५२ प्रतिशत आरक्षणको व्यवस्था।

(३) मन्त्रालय, केन्द्रीय कार्यालय, विभाग, प्रयोगशाला, राजदूतावासहरू, प्रविधिकेन्द्र लगायत मधेसमा पनि स्थापना तथा भ्रस्टाचारमुक्त सुशासनयुक्त राज्यसत्ता।

(४) भूमि र सम्पत्तिमाथिको असमान स्वामित्वको अन्त्य गरी ४ विघाको हदबन्दी तथा विपन्न वर्गको सुकुम्बासीका लागि अनिवार्य रुपमा कम्तीमा १ विघा र ५ कट्ठा घडेरी व्यवस्था र स्थायी आधिकारिकता प्रदान।

(५) दलित हेल्थकार्ड तथा अनिवार्य रुपमा शिपमूलक निःशुल्क शिक्षाको व्यवस्था।

(६) साधनयुक्त र श्रमिकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समान ज्यालाको ग्यारेन्टी।

(७) धर्म, जातजाति, रङ्ग, लिङ्ग, क्षेत्र, पद, भाषा र जन्मको आधारमा गरिने सबै खाले विभेदको अन्त्यका लागि कडाभन्दा कडा कानुनको निर्माण गरी मानवीय विभेदका विरुद्ध रु. १ लाखसम्म जरिवाना र १० वर्ष जेल सजायको व्यवस्था गरिने।

(८) सामाजिक, न्याय, मानवअधिकारको संरक्षण र नागरिकता समस्या समाधान।

(९) उद्योग, कृषि र जलश्रोतका क्रान्ति तथा शहरिया सम्पत्तिमा हदबन्दी लागू।

(१०) हालसम्म राज्यसत्ताका पक्षबाट जनजातिका दर्जामा नपरेका तराईका मूलवासी केवट, धानक, कुर्मी, अमात, बिन, मलाह, बरही, सोनार, लोहार, कोइरी, गडेरी, हलुवाई, हजाम, माली, कुमहार, तमोली, कसेरा, कथबनिया, केवरत, सुतिहार, शिल्पी, लहेरी, बरई, बेल्दार, ठठेरा, लगायतका जातजातिहरू-लाई जनजाति तथा यादव, सुडी, तेली, कानु, कलवारआदि वर्गका समुदायलाई पिछडावर्ग घोषणा।

(११) लोकतान्त्रिक गणतन्त्र स्थापना तथा समानुपातिक राज्य व्यवस्थाको घोषणा।

(१२) राज्यका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, कुटनैतिक र सुरक्षालगायत सम्पूर्ण निकायमा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था ।

(१३) दलित र कमजोर वर्गलाई स्नातक तहसम्म अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था।

(१४) दलित, जनजाति तथा मुसलमानका लागि निःशुल्क उपचार, हेल्थकार्ड, दलित, एक्ट, दलित मन्त्रालय, दलित न्यायालय, जीवनभत्ता र स्वदेशी एवं विदेशी रोजगारीमा अनिवार्य व्यवस्था।

(१५) हिजोसम्म नेपाली भूमिका जन्मेका बालिगलाई सुलभ तरिकाले नागरिकता प्रदान।

(१६) बालिका जन्मदाबित्तिकै रु. १० हजारसम्मको बालिका कोषको स्थापना।

(१७) दलितका लागि ५० वर्षदेखि बृद्धभत्ता आम कमजोर वर्गलाई राशनकार्डको व्यवस्था।

(१८) विदेशमा काम गर्ने नेपाली श्रमिक मजदुरहरूका लागि जीवनभत्ता व्यवस्था।

(१९) बेरोजगार युवाहरूलाई रोजगारको व्यवस्था वा बेरोजगारी भत्ताको व्यवस्था।

(२०) शिक्षाको हकमा दलित, मुसलमानका लागि अनिवार्य रुपमा स्वदेश र विदेशमा उच्च शिक्षाको निःशुल्क व्यवस्थाका साथै छात्रवृत्ति र छात्रावासको व्यवस्था।

(२१) रोजगारीका हकमा दलित, जनजाति र मुसलमानका लागि पहिलो प्राथमिकता।

(२२) राज्यको क्षेत्र विभाजन अन्तर्गत हालको व्यवस्था कायम रहे वा परिवर्तन भए दलित, जनजाति, आदिबासी र मुसलमानका लागि राज्यको शासन प्रणालीमा प्रतिनिधित्व गराउन जातीय जनसंख्याको आधारमा प्रतिशतको हिसाबले आरक्षित निर्वाचन क्षेत्रको किटान गर्नुपर्ने।

(२३) राज्यका कार्यपालिका, न्यायापालिका, व्यवस्थापिका लगायतका कुटनीतिक र सुरक्षा निकायमा राज्यव्यवस्था प्रणालीअन्तर्गत दलितलाई २५%, जनजाति / आदिबासीलाई ४०%, मुसलमानलाई ५%, आरक्षणको व्यवस्था तथा महिलाको हकमा बक्रआरक्षण अन्तर्गत ३३%, वा ५०% को स्पष्टरुपले कोटा निर्धारित हुने।

(२४) सेनालाई समावेशी र साझा बनाउन मधेस र पहाडमा छुट्टाछुट्टै दलित, जनजाति र मुसलमानको रेजिमेन्ट अथवा गुल्मको व्यवस्था वा समानुपातिक सहभागिताको आधारमा भर्ती खुल्ला।

हाम्रो दायित्व :

संविधानसभाको निर्वाचनमार्फत् सङ्घीय राज्यप्रणाली, स्वशासन, जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व र आरक्षणसहितको राज्यको पुनर्संरचना एवं लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने दलित जनजाति पार्टीको दायित्व हुन आएको छ।

संविधानको सर्वोच्चता :

सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलंघनीय हुनेछ। तर, नयाँ संविधान सर्वपक्षीय हितकर नभएमा संविधानको सर्वोच्चता दलित जनजाति पार्टीलाई मान्य हुने छैन।

राष्ट्रप्रमुख :

राष्ट्रप्रमुखको रुपमा राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यबाट हुनेछ।

कार्यपालिका :

केन्द्रीय कार्यपालिकाको प्रमुख प्रधानमन्त्री हुनेछ। कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुनेछ।

नागरिकको मौलिक हकअधिकार र स्वतन्त्रता :

मानवअधिकारको विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा व्यवस्थित र परिभाषित एवं नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिबद्धता गरिएका मानवअधिकार र प्रेस स्वतन्त्रतासहित नागरिकका राजनैतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक हकलगायतका सबै वैयक्तिक अधिकार र स्वतन्त्रता सुरक्षित हुनुपर्दछ।

धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता :

राज्य धर्मनिरपेक्ष हुनेछ। राज्यकुनै धर्मको पक्ष र विपक्षमा हुने छैन। धर्म व्यक्तिगत आस्थाको विषय मानिने छ। सबैलाई धार्मिक स्वतन्त्रता रहनेछ।

संघीय राज्य संरचना :

सङ्घीय राज्य विभक्त निम्नानुसार हुनेछ–

(१) मुलवासी दलितस्तान,
(२) बुद्ध प्रदेश,
(३) थरुस्तान,
(४) किराँतस्तान,
(५) तामाङसालिङ,
(६) जनजातिस्तान,
(७) खसस्तान,
(८) पूर्वी हिमाली प्रदेश र
(९) पश्चिमी हिमाली प्रदेश।

प्रदेश अन्तर्गत निम्न उपराज्यहरू रहनेछन् :–

अवधि, मिथिला, थरुहट, खम्बुवान, लिम्बुान, नेवामण्डल, मगरात, तमुवान, दलित र खसान उपराज्य। मधेसमा ५१ र पहाडमा ५० जिल्ला रहनेछ।

स्वतन्त्र संवैधानिक अङ्ग :

शक्ति र अधिकारको दुरुपयोग नियन्त्रण, भ्रस्टचार नियन्त्रणका साथै जननिर्वाचित एवं उत्तरदायि शासनको सुनश्चिय गर्न निर्वाचन आयोग, मानवअधिकार आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, भ्रष्टाचार तथा अख्तियार दुरुपयोग नियन्त्रण आयोग, दलित आयोग, जनजाति आयोग र महिला आयोगजस्ता स्वतन्त्र संवैधानिक आयोगको व्यवस्था गरिनेछ।

समावेशी न्यायपालिका :

न्यायाधीशको नियुक्ति समानुपातिक प्रतिनिधित्वको आधारमा गरिनेछ। प्रत्येक अदालतमा दलित, जनजाति र महिलाका लागि भिन्नाभिन्नै डेक्सको व्यवस्था गरिनेछ।

व्यवस्थापिका :

व्यवस्थापिका अन्तर्गत केन्द्रमा दुई सदन र प्रदेशमा एक सदनात्मक संसद हुनेछ। माथिल्लो सदनमा सबै प्रदेश र वर्गको समानुपातिक प्रतिनिधित्व हुनेछ। केन्द्र र प्रादेशिक संसदको चुना समानुपातिक निर्वाचन प्रणालीको आधारमा गरिनेछ। प्रदेश प्रमुखमा मुख्यमन्त्रीको व्यवस्था गरिनेछ। केन्द्रीय र प्रादेशिक मन्त्रीपरिषद्को गठन समानुपातिक सिद्धान्तको आधारमा गरिनेछ। प्रदेशमा स्वायत्त अधिकार सहितको गाउँ र नगरमा स्थानीय सरकारको संरचना गरिनेछ। केन्द्र, प्रदेश र स्थानीय सरकार गरी मुख्य रुपले तीन तहमा राज्यको काम, कर्तव्य र अधिकारको वितरण एवं व्यवस्था गरिनेछ। यसरी कार्यक्षेत्र विभाजन गर्दा परराष्ट्र सम्बन्ध मुद्रा नीति, राष्ट्रिय सुरक्षा लगायतका विषयहरू जस्तैः हवाई यातायात, राजमार्ग, जलविद्युत योजना र तथा राष्ट्रिय महत्त्वका आयोजनाहरू केन्द्रमा र अन्य राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक तथा भाषिक अधिकारका साथै कृषि, वन, शिक्षा स्वास्थ्य रोजगारी आदि विषयहरू प्रदेश र स्थानीय सरकारको मातहतमा रहनेछन्। केन्द्र प्रदेश र स्थानीय सरकारको अधिकार संविधानले सुचिकृत गर्नेछ।

भूमिहीन, कमैया, वादी समुदायको सुरक्षा :

भूमिहीन, कमैया, वादी र अन्य सीमान्तकृत समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ सुनिश्चित गरिनुपर्दछ।

महिला, बालबालिकाको सुरक्षा र पोषण :

कुपोषण र पर्याप्त स्वास्थ्य सुविधा अभावबाट हुने अकाल मृत्युबाट बालबालिकाको जीवन रक्षा गर्नु राज्यको मुख्य दायित्व हुनेछ। बालअधिकारको सुनिश्चितता गर्नु राज्यको कर्तव्य हुनेछ। हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गरी आवधिकरुपमा हरेक महिलाको प्रजनन स्वास्थ्यको निःशुल्क परीक्षण गरी गर्भावस्थादेखि १८ महिनासम्म आमा र बच्चालाई पौष्टिक आहारको व्यवस्था गर्नु राज्यको प्रमुख कर्तव्य हुनेछ।

नयाँ संविधान घोषणा :

नयाँ संविधानको अन्तिम मस्यौदा तयार भएपछि घोषणा हुनुपूर्व सर्वपक्षीय हितकर छ कि छैन भनी दलित जनजाति पार्टीले अवलोकन गर्नेछ। हालसम्म राज्यले उपेक्षा गरी बञ्चित गराइएका सिमान्तकृत वर्गको पक्षमा संविधान नभए दलित जनजाति पार्टी घोषणाको विपक्षमा रहनेछ।

शिक्षा नीति :

(१) प्राज्ञिक पाठ्य पुस्तकहरूमा दलित, जनजाति, मधेसी, मुसलमान तथा पिछडिएका वर्गका आमजनतालाई समुचित सम्मान दिने।

(२) नैतिक शिक्षाको समुचित प्रयोजन लागू गराई समाजमा विद्यमान सामाजिक भेदभावको अन्त्य गर्न जोड दिने।

(३) दलित, आदिबासी/जनजातिका मातृभाषालाई लिपिबद्ध गरी प्राथमिक शिक्षा प्रदान गर्ने।

(४) मुसलमानका लागि मदरसाको स्थापना गरी उर्दुमा शिक्षा हासिल गराउने ।

(५) विज्ञान प्रविधिको आधारबाट संचालित हुने शिक्षा नीति अंगिकार गर्ने, तथा

(६) प्राविधिक शिक्षामा जोड दिने र दलित, जनजातिका परम्परागत पेशालाई सम्मानित प्राविधिक शिक्षामा समायोजन गरी व्यवसायिक शिक्षाको व्यवस्था गर्ने।

परराष्ट्र नीति :

विश्व परिवेशलाई मध्यनजर राख्दै नेपालको सार्वभौमसत्ता, अखण्डता एवं स्वतन्त्रताको रक्षाका लागि हरेक देशसँग नेपालको सम्मान र मैत्री सम्बन्ध बढाउन क्रियाशिल रहन आवश्यक रहेको वर्तमान अवस्थामा संयुक्त राष्ट्रसङ्घको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनलाई प्रभावकारी बनाई, अन्तर्राष्ट्रिय कानुनको माध्यमद्वारा नेपालको सुमधुर सम्बन्ध अन्तर्राष्ट्रिय जगतसम्म पुऱ्याउने नीति हुनेछ।

विविध प्रतिबद्धता :

(१) स्वर्गीय राजा विरेन्द्र र उनका परिवारका नाममा रहेका अकुत सम्पत्तिलाई राष्ट्रियकरण गरी दलित र पिछडिएको वर्गको उत्थान र विकास कार्यमा लगाइने छ।

(२) विभिन्न मठमन्दिर र धर्मस्थलहरूको नाममा रहेको सम्पत्ति दलित र जनजाति समुदायको उत्थान कार्यमा लगाउनुका साथै गुठीका जग्गाजमीन सुकुम्बासीहरूलाई वितरण गरिनेछ।

(३) हालसम्म राज्यद्वारा उत्पीडनमा परेका दलित वर्गको क्षतिपूर्तिको व्यवस्था राज्यले गर्नेछ।

(४) मुलवासी दलित, जनजाति, महिला, मुसलमान, पिछडावर्ग र क्षेत्र तथा खस, ब्राम्हण, ठकुरी, कायस्थ, भूमिहार र राजतपूतलाई जनसंख्याको आधारमा समानुपातिक आरक्षण दिइनेछ।

(५) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, प्रधानसेनापति, प्रधान–न्यायाधीश, प्रहरी महानिरीक्षक र प्रदेशको मुख्यमन्त्री जस्ता उच्च पदमा दलित, जनजाति, ब्राह्मण, क्षेत्री, मधेसी र महिला र मुसलमानलाई रोलक्रमअनुसार अधिकार र अवसर रहनेछ।

(६) बलात्कारी, लागूऔषध कारोबार, देशद्रोही र महिला बेचबिखन गर्नेलाई फाँसीको सजाय हुनेछ।

(७) मुश्लिमहरूका लागि चाडपर्वहरूमा बिदा, मदरसा, कब्रस्तान, निःशुल्क शिक्षाको व्यवस्था हुनेछ।

हाम्रो अपील !

आदरणीय मुलवासी दलित, जनजाति / आदिवासी, मधेसी, महिला, मुसलमान तथा पिछडा वर्गका मतदाता दाजुभाइ, दिदी–बहिनीहरू !

२०५९ साल असार १८ गतेका दिन दलित जनजाति पार्टी स्थापना भएपछि, उपेक्षित र उत्पीडित वर्गका जनताको मानवीय सम्मान तथा मौलिक हक–अधिकारका लागि पार्टीले समय–समयमा राज्यसत्ता समक्ष विभिन्न मागहरू राखी अनवरतरूपमा चरणबद्ध आन्दोलन गर्दै आएको छ। पार्टीले वि.सं. २०६३ साल कार्तिक ३० गते विभिन्न जिल्लामार्फत् सरकारसमक्ष २८ सुत्रीय माग राखी ज्ञापनपत्र दिई शान्तिपूर्ण आन्दोलनमा जाने घोषणा गरेको थियो। आन्दोलनरत हाम्रो गौरवशाली पार्टीले २०६४ भाद्र ६ गते ९ सुत्रीय माग राखी सशक्त आन्दोलन गर्‍यो, अनि सरकार लचकताका साथ वार्ताको वातावरण सहमत भयो। परिणामस्वरूप भाद्र २२ गते वार्ता गर्ने सम्झौता भयो। तर पक्षपाती राज्यसत्ताले फेरि पनि हामीलाई धोका दियो। फेरी २०६४ पौष ११ मा विभिन्न वर्गीय राजनीतिक पार्टी र सङ्गठनसँग मोर्चाबन्दी गरी **सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा**मा आवद्ध भई फागुन १ गतेदेखि अनिश्चितकालिन आन्दोलन गरी सरकारलाई पुनः वार्तामा बोलाउन बाध्य पारियो। परिणामस्वरूप सरकासँग २०६४ फागुन १८ गते असहमति–असहमतिका बीचको सहमति भयो। सरकार हाम्रा मागहरूप्रति सकारात्मक भई संविधानसभाको निर्वाचनमार्फत् माग पूरा गर्न तत्पर भयो।

तसर्थ, अब संविधानसभा निर्वाचनमा सहभागी भएर हलुका रातो रङ्गको समानुपातिक प्रणालीतर्फको मतपत्र र हलुका निलो रङ्गको प्रत्यक्ष उम्मेदवारको मतपत्रमा **दलित जनजाति पार्टी**को **'जग'** चिन्हमा भोट दिई पार्टी र पार्टीका उम्मेदवारहरूलाई विजयी बनाई आफ्नो हक–अधिकारको ग्यारेन्टीका साथै सर्वपक्षीय हितकर नयाँ संविधान निर्माण गर्न सहयोग पुऱ्याउन हार्दिक अनुरोध छ।

जय भिम !

हाम्रा नाराहरू :–

(१) मनुवादी एकाधिकारवाद, मुर्दावाद !
(२) दलित जनजाति पार्टी, जिन्दावाद !
(३) समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर !
(४) ५० प्रतिशत आरक्षणको घोषणा गर !
(५) मानवअधिकारको बहाली गर !
(६) सबैखाले छुवाछुत भेदभाव अन्त्य गर !

२१.

नेपा: राष्ट्रिय पार्टी

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

राष्ट्रिय एकताको आधार जातीय स्वशासन !

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवम् बहुधार्मिक मुलुक हो । यहाँका सम्पूर्ण जाति, भाषा, सँस्कृति एवम् धर्म मान्ने जनताको विकास नभई देशको विकास हुन सक्दैन । गत २४० बर्षदेखि लादिँदै आएको एक भाषा, एक जाती एवम् एक धर्म नीतिले गर्दा मलुकको जो दुरावस्था भएको छ त्यो नै यसको ठोस उदाहरण हो ।

नेपाली जनतालाई यस स्थितिबाट मुक्ति दिलाउन गरिएको बलिदानीपूर्ण दोश्रो जनआन्दोलनबाट अहिले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको नयाँ चरणमा प्रवेश गरेको छ । उक्त जनसङ्घर्षमा सदियौंदेखि उत्पीडित हुँदै आएका सम्पूर्ण जनजाति, मधेसी, महिला एवम् दलित समुदायले सशक्त भूमिका निर्वाह गरेको सर्वविदित्तै छ । तर सङ्घर्षको सफलता पश्चात् सत्तारुढ सात दलबीचको आपसी खिचातानी र कथित सहमतिका नाममा उत्पीडित जनताका अपेक्षाहरूलाई क्रमशः लत्याउँदै गएको अनुभव सबैले गरेका छन् । अतः ओझेलमा पर्न लागेका यी अपेक्षाहरूलाई पुनः निरन्तर उठाइरहन र सम्पूर्ण उत्पीडित जाति, भाषा, धर्म, संस्कृतिका जनतालाई राज्य सञ्चालनको उच्च तहसम्म पुऱ्याई समग्र मुलुकको समानुपातिक विकास गर्न यस नेपाः राष्ट्रिय पार्टीको निर्माण भएको हो ।

जनताको यी मागहरूलाई सम्बोधन गरी मुलुकलाई नयाँ दिशा दिने अभियान स्वरुप देशमा यही आउँदो नेपाल संवत् ११२८ चौलाथ्यः पञ्चमी (२०६४ चैत्र २८ गते) संविधानसभाको निर्वाचन हुँदैछ । संविधान सभाको चुनाव नेपालको इतिहासमै हुन लागेको एक ऐतिहासिक अवसर हो । यस ऐतिहासिक घडीलाई देशका सम्पूर्ण उत्पीडित जाति, भाषा, धर्म र संस्कृतिका जनतालाई पूर्ण मुक्ति दिलाउने अवसरका रूपमा उपयोग गरिनुपर्दछ । यदि सामुन्ने आएको यस अवसरमा चुक्यौं भने फेरी पनि सदियौंसम्म हामी आफ्नो अधिकारबाट वञ्चित हुनुपर्ने छ ।

अतः संविधानसभासम्म पुगी त्यहाँबाट बन्ने नयाँ संविधानमा उत्पीडित जातिका अधिकारहरूलाई सुनिश्चित गर्न आउँदो संविधानसभाको चुनावमा **नेपाः राष्ट्रिय पार्टी**ले सक्रिय रूपमा भाग लिनेछ । संविधान-सभाको लागि हुने प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीहरूमा यस पार्टीले आफ्नो वर्चश्व र क्षमता अनुसार उम्मेदवारी दिनेछ ।

संविधानमा नेपा : राष्ट्रिय पार्टी किन ?

- मुलुकमा युग सुहाउँदो सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न।
- सङ्घको निर्माण जातीय, भाषिक र क्षेत्रीय आधारमा गर्न र त्यहाँको शासन व्यवस्थामा स्थानीय आदिवासी जनतालाई अग्राधिकार प्रदान गर्न।
- प्रत्यक्ष निर्वाचनबाट राष्ट्रध्यक्ष चुनिने राष्ट्रपतीय प्रणाली लागू गराउन।
- विभिन्न क्षेत्रहरूमा त्यहीकै आदिवासीलाई अग्राधिकारसहितको स्वशासन दिएझैं ऐतिहासिक, साँस्कृतिक र निरन्तर बसोबासको आधारमा निर्माण गरिने नेवाः प्रदेशमा यहींकै आदिबासी नेवार जातिलाई स्वशासनको अधिकार दिलाउन।
- ती बाहेक अन्य जातिहरूलाई संयुक्त राष्ट्र सङ्घले पारित गरेको अल्पमतको अधिकार दिई संरक्षणको व्यवस्था गराउन।
- नेवाः प्रदेशलाई सबै प्रकारका साँस्कृतिक, पर्यावरणीय प्रदूषणबाट जोगाई विश्व सम्पदा शहरको रूपमा विकास गर्न।
- राज्यमा मानवाधिकार, बालअधिकार र वाक् स्वतन्त्रताको ग्यारेन्टी गराउन।
- सबै सङ्घहरूको प्रशासन, अदालत, शिक्षा आदि क्षेत्रमा मातृभाषा, सम्पर्क भाषा र अन्तर्राष्ट्रिय भाषाको त्रिभाषिक नीति लागू गराउन।
- कुनै एक ठाउँमा मात्र विकासलाई केन्द्रित नगरी सङ्घीय व्यवस्थाको मर्म अनुरुप गाउँगाउँसम्मै विकास पुऱ्याउन।
- राष्ट्रिय पुँजीको सदुपयोग गर्न एवं अन्तर्राष्ट्रिय व्यापारिक क्षमता बढाउन।
- सम्पूर्ण जनतालाई आफ्नै मातृभाषामा लेखपढ गर्न पाउने अधिकार दिलाउन।

'सबैको लागि शिक्षा' भन्ने नारा अनुसार शिक्षालाई रोजगारमूलक एवम् जीवनोपयोगी बनाउन।

- सबैलाई आफ्नो संस्कृति, धर्म मान्ने स्वतन्त्रता प्रदान गर्न।
- जातिभेद, लिङ्गभेद, छुवाछूत, अन्धविश्वास, कुरीति जस्ता कुरालाई जरैदेखि निर्मुल गर्न।
- प्राकृतिक स्रोतलाई स्थानीय जनताकै बृहत्तर हितमा प्रयोग गर्न।
- सङ्घीय व्यवस्थामा प्रदेशहरुको बीच सुमधुर सम्बन्ध कायम गरी एकआपसमा साझेदारीपूर्ण विकासका कार्यहरू शुरु गर्न।
- कृषि क्षेत्रलाई उद्योगमुखी एवम् निर्यातमुखी बनाउन।
- युवाशक्तिलाई विदेश पलायन होइन पूर्ण रोजगारीको व्यवस्था गरी स्वदेशकै निर्माणमा खटाउन।
- राज्यको हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउन।
- प्रत्येक अपाङ्ग नागरिकलाई दयाको पात्र होइन स्वाभिमानपूर्ण जीवन जिउने अवसर दिलाउन।
- पञ्चशीलमा आधारित परराष्ट्र नीति अपनाउन।
- जातीय स्वशासनका पक्षधर सम्पूर्ण शक्ति एकजुट गर्न।

यी कुराहरू मजबुतीका साथ लागू गरिए मात्रै मुलुकको राष्ट्रियता, अखण्डता र सार्वभौमिकता दिगो हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ। तसर्थ संविधानसभाको चुनाव मार्फत माथि उल्लेखित प्रतिबद्धताहरू हासिल गर्न समानताका पक्षधर सम्पूर्ण जातीय, भाषिक, धार्मिक, लैङ्गिक तप्काका जनतालाई हामी हार्दिक अपिल गर्दछौं।

नेपाः राष्ट्रिय पार्टीद्वारा प्रस्तुत
संघीय नेपाल संरचनाका मूलभूत तत्वहरू

भूमिका :

विगत ४५ वर्षदेखि नेपाललाई ७५ प्रशासनिक जिल्लाहरूमा बाँडेर केन्द्रिकृत शासन चलाउँदै आइरहेका छन् । विकास कार्य र प्रशासनलाई विकेन्द्रीकरण गर्ने केही पहल भएता पनि, त्यो यथार्थ रुपमा कार्यान्वयन हुन सकेन । केन्द्रिकृत राज्य व्यवस्था अन्तरगत ७५ जिल्लाहरू चलाइएको प्रशासनले नेपालको अर्थ व्यवस्था टट पल्टिने पुगेको छ र अब धान्न नसकिने स्थीतिमा पुगिसकेको छ। नेपाल जस्तो गरीब देशको कुल बजेटको औषत ६५ प्रतिशतमा खर्चिने प्रशासनिक संरचना पूर्णतः अनुत्पादक र जनताप्रति बिना जवाफदेहि र बिना जिम्मेवारी लतारिदै गइरहेको छ। राज्यको खर्च विकास र सेवामा भन्दा पनि एक भाषा (नेपाली) नीति र अधिकांश बाहुनले ओगटेको कर्मचारीतन्त्र थेग्नमा लगानी भएको छ। यस्तो प्रशासनयन्त्रले जनजाति, मधेसी, दलित र महिलालाई अति सीमान्तकृत बनाएर पिछडाइएको छ। यो बाहुनवादी प्रशासन यन्त्रकै कारण जनजाति, मधेसी, दलित, मुश्लीम र महिलाले आफूलाई दोश्रो दर्जाको नागरिक ठान्न बाध्य भए र नेकपा माओवादीको हिंसात्मक जनयुद्धमा सरिक हुन पुगे। हाल जनयुद्ध रोकेर माओवादी संविधानसभाको निर्वाचन मार्फत् शान्ति र शासन व्यवस्थामा सहभागी हुन आए पनि शासन, प्रशासन र कर्मचारीतन्त्रमा व्यापक समावेशीकरण गर्न नसकेमा यी जातीय र लैङ्गिक मुद्दाहरूले हिंसा र द्वन्द्व निम्त्याइरहने छ। अब बन्न लागेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले यी सबै सम्भावित द्वन्द्वका आधारहरूलाई सम्बोधन गर्नुपर्नेछ। सङ्घीय राज्यको संरचना सही ढङ्गमा बनाउन सकियो भने जाति, भाषा, धर्म लिङ्ग क्षेत्रलाई सन्तुलित ढङ्गले समायोजन गर्न सकिन्छ।

स्वायत्त प्रान्त र स्वशाषित प्रदेश

नयाँ नेपालको सङ्घीय संरचनामा स्वायत्त प्रान्त र स्वशाषित प्रदेशहरूले प्रमुख भूमिका पाउनु पर्दछ। तालिकामा दखाएझैं नेपाललाई ५ वटा स्वायत्त प्रान्तहरूमा बाँडिनु उपयुक्त हुन्छ। यी ५ प्रान्तहरू हालका ५ विकास क्षेत्रका भूभाग भन्दा केही भिन्न छ। हरेक स्वायत्त प्रान्त भित्र २ देखि ५ वटासम्म निम्नानुसार जाति / भाषा / क्षेत्रीय स्वशाषित प्रदेशहरू समावेश हुनेछ।


प्रस्तावित संघीय नेपाल

प्रान्त, प्रदेश, जिल्ला तालिका

क्र. सं.	प्रान्त	प्रदेश	हालका जिल्लाहरू
१.	पूर्वाञ्चल प्रान्त	१.१ लिम्बूवान प्रदेश	ताप्लेजुङ्ग, संखुवासभा, पाँचथर, तेह्रथुम, धनकुटा, इलाम
		१.२ खम्बूवान प्रदेश	सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, उदयपुर
		१.३ कोचिला प्रदेश	सुनसरी, मोरङ, झापा
२.	मध्यमाञ्चल प्रान्त	२.१ नेवाः प्रदेश	काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोकका भू–भागहरू
		२.२ तामाङ प्रदेश	रसुवा, नुवाकोट, धादिङ्ग, मकवानपुर, चितवन
		२.३ मुर्मि प्रदेश	सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली
		२.४ मिथिला प्रदेश	सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी
		२.५ भोजपुर प्रदेश	पर्सा, बारा, रौतहट
३.	पश्चिमाञ्चल प्रान्त	३.१ तमुवान प्रदेश	मुस्ताङ, मनाङ, कास्की, लमजुङ्ग, पर्वत, गोरखा
		३.२ मगरात प्रदेश	म्याग्दी, बाग्लुङ, गुल्मी, अर्घाखाँची, स्याङ्जा, तनहुँ, पाल्पा
		३.३ अवध प्रदेश	कपिलवस्तु, रूपेन्दही, नवलपरासी
४.	मध्य पश्चिमाञ्चल प्रान्त	४.१ खाम प्रदेश	डोल्पा, रुकुम, रोल्पा, सल्यान, प्यूठान
		४.२ विलासपुर प्रदेश	जुम्ला, कालिकोट, दैलेख, जाजरकोट, सुर्खेत
		४.३ थारुवान प्रदेश	कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ्ग
५.	सुदूर पश्चिमाञ्चल प्रान्त	५.१ थलारा प्रदेश	हुम्ला, मुगु, बाजुरा, बझाङ
		५.२ डोटी प्रदेश	दार्चुला, बैतडी, डँडेल्धुरा, डोटी, अछाम

यो संरचनामा ७५ जिल्ला रहने छैन । हरेक स्वशाषित प्रदेश भित्र स्थानीय प्रशासनिक इकाइहरू विभाजन गरिनेछ। हालका गाविस, नगरपालिका र वडाहरू नयाँ प्रशासनिक नगर र गाउँ इकाइहरूमा विलय गराइने छ। केन्द्रमा राष्ट्र प्रमुखको जनताबाट प्रत्यक्ष निर्वाचित शक्तिशाली राष्ट्रपति रहनेछ। अमेरिकी शैलीमा राष्ट्रपतिकै अध्यक्षतामा सानो सचिवालयले केन्द्रीय शासन सञ्चालन गर्नेछ । प्रधानमन्त्री र मन्त्रीपरिषद् आवश्यक हुने छैन। प्रान्तीय प्रमुखका रूपमा मुख्यमन्त्री रहनेछ, जसले प्रान्तीय मन्त्रीपरिषद् सञ्चालन गर्नेछ। मुख्यमन्त्री र राज्यपाल पनि निर्वाचन प्रकृयाबाट नै छानिनेछ। स्वशासित प्रदेशमा राज्यपाल (Governor) रहनेछ जसले स्वायत्त प्रान्तभित्र स्वशाषित विकास समितिको प्रमुखता निभाउने छ। स्वशासित प्रदेशहरूका भूभागका सिमाना छुट्याउँदा ऐतिहासिक पहिचान, भाषा र संस्कृतिलाई आधार मान्नुपर्ने हुन्छ। यसरी हेर्दा १६ वटा स्वशासित प्रदेशहरूले जाति, भाषा, क्षेत्रलाई न्याय गर्ने अनुमान लगाउन सकिन्छ।

प्रान्तीय संरचनाका मूलभूत तत्त्वहरू

१. ***अर्थ व्यवस्था आकार (Economy of Scale) -***

एउटा स्वायत्त प्रान्तको भूभाग कति ठूलो हुनुपर्छ होला ? प्रान्तीय स्वायत्तताको आधारभूत सिद्धान्त भनेको त्यो प्रान्तले आफ्ना प्रशासन आफ्नै राजस्व र श्रोतहरूबाट परिचालन गर्न सक्नुपर्नेछ। त्यसको लागि त्यो प्रान्तभित्र यथेष्ट प्राकृतिक श्रोतहरू विद्यमान हुनुपर्दछ ता कि प्रान्तभित्र आत्मनिर्भर ढङ्गले एउटा गतिशील अर्थव्यवस्था सञ्चालन हुन सकोस्। त्यसकारण एउटा प्रान्तको भू-भागको सिमाना यथेष्ट हुनुपर्दछ। प्रस्तावित प्रान्तका भू-भागहरूमा त्यो क्षमता विद्यमान छ।

२. ***चीन र भारतबीच अखण्डता (Contiguity from China to India) -***

नेपालको भविष्यको अर्थनीति चीन र भारत बीचमा खेल्नसक्ने व्यापारको गतिविधिले निर्धारण गर्नेछ। त्यसकारण हरेक प्रान्तभित्र यी दुई देशहरू बीच सिधै व्यापार मार्गहरू निर्माण गरी व्यापारिक गतिशीलता बढाउनु पर्नेछ। त्यसकारण हरेक प्रान्तको सिमानाको चीन र भारत छोएको हुनुपर्छ। प्रान्तहरूको सीमा विभाजन गर्दा उत्तरदक्षिणको (Verticle) अखण्डता पूर्व-पश्चिम (Horizontal) फैलावट भन्दा महत्त्वपूर्ण छ।

३. ***नदी प्रणाली (River System) -***

नेपालका सबै प्रमुख नदीहरू उत्तरबाट दक्षिण बगेका छन्। हाम्रा प्राकृतिक श्रोतहरू पनि नदीको उत्तरदक्षिण वहावसँग सामञ्जस्यता राख्दछ। जलश्रोत यस्तो आधारभूत प्राकृतिक श्रोत हो जसका विद्युत, सिँचाई, खानेपानी र यातायातको बुद्धिमतापूर्ण उपयोग र व्यवस्थापनले नेपालको अर्थतन्त्रमा प्रमुख प्रभाव पार्दछ। अग्ला पर्वतहरूले पर्यटन आकर्षण गर्दछ, मध्य पहाडहरूले दूध, पशु, तरकारी र फलफूल उत्पादन अत्यधिक गर्दछ, तराईका फाँटहरूले अन्न र द्रुत सम्पर्क (Fast Connectivity) दिन्छ। कुनै पनि भूभागका जनता अन्य कहिँ पनि आवतजावत गर्न र उत्तरदक्षिणको आर्थिक गतिविधि गर्न एउटा स्वाभाविक परिस्थिति सृजना गर्न नदी प्रणालीको आधारमा प्रान्त विभाजन हुनुपर्दछ। प्रस्तावित प्रान्तहरूले कोशी, बागमती, गण्डकी, कर्णाली, कालीजस्ता प्रमुख नदीहरुका उपत्यकाहरूसित पनि सामञ्जस्यता राख्दछ।

४. ***राष्ट्रिय एकता र एकीकृतता (National Unity and Integration) -***

राष्ट्रिय एकता र वर्तमान एकिकृततामा खलल पार्ने खालको प्रान्तीय सीमाहरू निर्माण गर्नु नेपाल र नेपालीको अस्तित्वमा आत्मघात ठहरिनेछ। आत्मनिर्णयको अधिकारको नाममा नेपालबाट छुट्टिएर जाने अधिकार दिन सकिँदैन। तथापि, आत्मनिर्णयको अधिकार स्थानीय भाषा, स्थानीय विकास, शिक्षा, सँस्कृति, प्राकृतिक श्रोतको उपभोग, न्याय र आन्तरिक सुरक्षाका विषयहरूमा न्यायसङ्गत छ। प्रस्तावित प्रान्तहरूले राष्ट्रिय एकता र एकीकृततालाई सुदृढ गर्नेछ।

५. ***केन्द्रीय सरकारको सीमित भूमिका (Limited Role of Central Government) -***

सङ्घीय संरचनामा केन्द्रीय सरकारको भूमिका परराष्ट्र मामिला, मुद्रा प्रणाली, रक्षा र प्रान्त र प्रदेशहरू बिचमा समन्वय र सन्तुलित विकास कार्यमा मात्रै सीमित हुनुपर्दछ। केन्द्रिय सरकार सानो र कम खर्चिलो हुनुपर्दछ। यो सञ्चालन गर्न कुल राष्ट्रिय राजस्वको १५% भन्दा बढी खर्च लाग्नु हुँदैन।

६. ***कर राजस्व (Tax and Revenues) -***

मुलुकभर कर प्रणाली एउटै र केन्द्रीकृत नीति अनुसार हुनुपर्दछ। उठेको राजस्व केन्द्र, प्रान्त र प्रदेश सरकारमा न्यायोचित ढङ्गले वितरण गर्नुपर्दछ। कुल राष्ट्रिय राजस्वको ३५% राजस्व प्रान्तहरूमा वितरण गर्नुपर्दछ भने ५०% राजस्व स्वशासित प्रदेशहरूमा बाँडिनु उपर्युक्त होला।

७. ***अल्पसंख्यकको अधिकार (Minority Rights) -***

ठूला जनसंख्या भएका जातिले प्रान्त र प्रदेशहरूमा लोकतान्त्रिक पद्धतिअनुसार बढी स्थान पाउने हुँदा अल्पसंख्यकहरूको लागि छुट्टै अधिकारको प्रावधान हुनुपर्दछ। केन्द्र, प्रान्त र प्रदेशहरूमा राज्यका हरेक निकायमा आरक्षणको व्यवस्था गर्नुपर्नेछ।

सम्पूर्ण तराई मधेस प्रदेश बन्न सक्दैन

हाल मधेसी पार्टीहरूले सम्पूर्ण मधेस एक प्रदेशको नारा दिएर कञ्चनपुरदेखि झापासम्मका तराई भू–भागलाई मधेस प्रान्त / प्रदेश दावी गरिरहेका छन्। जनजाति र दलितलाई जस्तै विगतको शासनले मधेसी जनतालाई पनि थिचेकै हो। फलस्वरुप मधेसीहरूले पनि ढिलै भए पनि संविधानसभा निर्वाचनको अवसर पारेर राजनैतिक पार्टीहरू खडा गरेर आन्दोलन बढाएका हुन्। मधेसीहरूको मधेश प्रदेशको मागमा नेपाललाई दुई राज्यमा विभाजन गर्ने आशय देखिन्छ, पहाड र मधेस। तर यो माग अधिकांश नेपालीहरूलाई स्वीकार्य छैन। संविधानसभाको निर्वाचन परिणामले पनि दावी गरे अनुसारको मधेस प्रदेश बन्न सकेन। मधेसी जनअधिकार फोरम, तराई–मधेस लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी र स्वतन्त्र मिलेर ४५ प्रत्यक्ष सभासद जितेको छ, जुन २४० प्रत्यक्ष सभासदहरूमा १९ प्रतिशत पर्न आउँछ। समानुपातिक तर्फ ३३ जना (१० लाख मत) प्राप्त गरेको छ, जुन ३३५ मा १० प्रतिशत पर्न आउँछ। कुल ७८ जना मधेसी पार्टीप्रति प्रतिबद्ध सभासदहरू पुग्ने छन्, जुन ६०१ मा १३ प्रतिशत पर्न आउँछ। तराईका २२ जिल्लामा नेपालको कुल जनसंख्याको ४९ प्रतिशत छ, तर १३ प्रतिशत मतले मात्र सम्पूर्ण तराईलाई मधेस प्रदेश चाहेको छ।

यस्तो जनादेशको हिसाबले सम्पूर्ण तराईलाई मधेस प्रदेश दावी गर्न दिँदैन। सम्पूर्ण तराई मधेस प्रदेश हुन नसक्नुमा ३ मुख्य कारणहरू छन् –

१. प्रान्तहरूका सिमाना पूर्व–पश्चिम लम्बाईमा काट्दा पहाड र पर्वतसँगको आर्थिक सम्बन्ध सरल र गतिशील हुन गाह्रो पर्दछ। उत्तरदक्षिणको अखण्डताको पर्वतदेखि तराईसम्मको एकीकृत आर्थिक प्रणाली सहज बन्दछ र चीन र भारतबीचको व्यापारबाट सबैले फाइदा पाउन सक्दछ।

२. मधेस र पहाड छुट्ट्याउँदा नेपालीहरूमा राष्ट्रिय एकता र अखण्डताको मानसिकतामा खलल पुग्दछ। मधेसी र पहाडीबीच अविश्वास र द्वन्द्व बढ्नेछ। मधेसीले नेपालबाट छुट्टिने नारा उठाएमा भारतलाई पनि अनावश्यक रुपमा द्वन्द्वमा मुछिन सक्छ र नेपालको अस्तित्वमै आँच आउन सक्दछ।

३. उत्तरदक्षिणको प्रान्तीय अखण्डताले पहाडको जलश्रोत र पर्यटनबाट तराईले पनि फाइदा पाउन सक्दछ भने तराईको अन्न र द्रुत सम्पर्कताले पहाडको विकासका पनि फाइदा पाएर नेपालले दुई देशका विकास दरबाट फाइदा पनि सक्दछ।

ऐतिहासिक रुपमा पनि नेपालभित्र मधेस भन्ने राज्य देखा पर्दैन। नारायणीदेखि पश्चिमको तराईलाई इतिहासमा कोलिय र शाक्य गणराज्यहरू देखापर्दछ। पूर्वी तराईमा बज्जि र विदेह गणराज्यहरू देखापर्दछ। मध्यदेश वा मज्झिम देश भन्ने अलगै भू–भागको अस्तित्व गङ्गा र जमुना नदीको माझमा अवस्थित देखापर्दछ। मधेसी एउटा जातीय पहिचान (जनजाति, दलित, जस्तै) को रुपमा मान्यता प्राप्त गरेर सङ्घीय गणतन्त्रमा सहभागी भई नेपाली नागरिक रुपमा अगाडि बढ्दा नै सबैलाई श्रेयकर हुनेछ।

२२.

समाजवादी प्र. जनता पार्टी, नेपाल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

आदरणीय जनसमुदाय,

अहिले देश आमूल परिवर्तनको सङ्घारमा उभिएको छ। जनताको चाहना र मुलुकको आवश्यकता अनुरूपको आमूल परिवर्तन अवश्यम्भावी छ। परिवर्तनकामी र यथास्थितीवादीबीचको सङ्घर्षमा हरेक राजनैतिक परिवर्तनपछि यथास्थितिवादी शक्ति नयाँ रूपमा प्रकट भै यथास्थितिवादलाई निरन्तरता दिँदै आएको तितो अनुभव नेपाली जनताको व्यहोर्दै आएको तथ्य सबैका सामु छर्लङ्गै छ। ऐतिहासिक जनआन्दोलन–२ ले उद्घोष गरेको आमूल परिवर्तनको भावना र मर्मलाई निस्तेज पार्न आमूल परिवर्तनको आवरणमा पुनः नौलो स्वरूपको निरङ्कुशता र सर्वसत्तावाद हावी हुने खतरा पनि त्यत्तिकै छ। निरङ्कुश राजतन्त्रको अन्त्यको नारासहित शुरु भएको जनआन्दोलन–२ को उद्देश्य अर्को प्रकारको निरङ्कुशता वा सर्व–सत्तावादको स्थापना थिएन र होईन भन्ने वास्तविकतालाई कदापी विर्सन सकिन्न। जनआन्दोलन–२ को लक्ष्य सामाजिक न्यायमा आधारित पूर्ण समावेशीकरण सहितको समाजवादी लोकतन्त्र र विचार अभिव्यक्तिको पूर्ण स्वतन्त्रताको प्रत्याभूति सहितको राजनैतिक प्रणालीको स्थापना गर्ने नै हो भन्ने कुरामा कुनै द्विविधा छैन। अर्को शब्दमा भन्नुपर्दा लोकतन्त्र भनेको विधिको शासन हो, जसमा शक्ति पृथकीकरणको सिद्धान्तको पूर्ण परिपालना, विचार अभिव्यक्तिको स्वतन्त्रता, मानव अधिकार, विधिको शासन जस्ता महत्त्वपूर्ण विषयहरूमा विश्वव्यापी रूपमा प्रचलित सर्वमान्य सिद्धान्तहरूको पूर्ण अवलम्वन गरिएको हुन्छ। तर अन्तरिम संसदले पारित गरेको नेपालको अन्तरिम संविधानमा लोकतान्त्रिक शासन प्रणालीको मूल्य र मान्यता विपरित राजनीतिक दल दर्ताका लागि संसदमा भएका दल र संसदमा नभएका दलका लागि फरक–फरक, विभेदकारी एवम् अप्रजातान्त्रिक प्रावधान राखेर लोकतन्त्रमा **'कानुनको अगाडी सबै समान'** हुने भन्ने विश्वव्यापी मान्यतालाई लत्याउँदै विचार अभिव्यक्तिको स्वतन्त्रतामाथि नै प्रतिवन्ध लगाउने खालको प्रावधान राख्नुले अर्को प्रकारको निरङ्कुशता वा सर्व–सत्तावादतर्फ मुलुक जान थालेको हो कि ? भन्ने आशङ्का स्वतः उत्पन्न भएको छ। यसतर्फ सचेत हुँदै यस्तै विभेदकारी एवम् अप्रजातान्त्रिक कार्य र शैलीको भण्डाफोर गर्दै अप्रजातान्त्रिक एवम् विभेदकारी कानुनी चुनौतिको सामना गर्न दल दर्ताका लागि आदरणीय मतदाताहरूले गरेको सहयोग र समर्थनका लागि समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल आदरणीय मतदाताहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा यस्तै सहयोग र समर्थनको अपेक्षा गर्दछ। मुलुकमा दिगो शान्ति कायम गरि जनता र मुलुकको हित तथा समृद्धिका लागि **'समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल'** संविधान सभाको निर्वाचनका लागि निम्न प्रतिवद्धता घोषणा गर्दछ :–

१. **जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता :**
नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित रहने।

२. **स्वशासनको लागि संघीयता :**
राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध र वित्तिय व्यवस्था बाहेक एकिकृत निरङ्कुश केन्द्रीकृत सामन्ति राज्यको सट्टा स्वशासनको पूर्ण अधिकार सहितको सङ्घीय राज्य प्रणाली स्थापना गरिने।

३. **विविधताको सम्मान र समावेशी लोकतन्त्र :**
नेपाली जनताको जातिय, लैङ्गिक, साँस्कृतिक, धार्मिक, भौगोलिक तथा भावनात्मक विविधताको सम्मान गर्दै पूर्ण समावेशीकरणका लागि नीति निर्माण र राज्य सञ्चालनको हरेक तहमा महिला, दलित, आदिवासी / जनजाति, मधेसी, दुर्गम हिमाली क्षेत्र, अत्यन्त पिछडिएको कर्णाली लगायत सबैको न्यायोचित एवम् समानुपातिक प्रतिनिधित्वको संवैधानिक प्रत्याभूति गरि हाम्रो देशमा सामाजिक न्यायमा आधारित समाजवादी लोकतन्त्र, स्वतन्त्रतासहित व्यक्तिको सम्मान र सबैका लागि न्याय स्थापित गर्न प्रतिबद्ध रहने।

४. **संविधानको सर्वोच्चता र विधिको शासन :**
विश्वव्यापीरूपमा प्रचलित संविधानको सर्वोच्चता र विधिको शासनको सिद्धान्तलाई पूर्ण पालन गरिने।

५. **सर्वाधिकार सम्पन्न संसद :**
सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधिको रूपमा रहेको सर्वोच्च निकाय संसदलाई सर्वाधिकार सम्पन्न गराईने छ। दुई सदनात्मक संसदको व्यवस्थागरि प्रतिनिधि सभा जनसङ्ख्याको आधारमा र राष्ट्रिय सभा प्रान्तहरूको समान प्रतिनिधित्वको आधारमा गठन गरिनेछ।

६. **सम्मानित राष्ट्रप्रमुख र कार्यकारी अधिकार मन्त्रीपरिषद्मा :**
सम्मानित राष्ट्रप्रमुख र कार्यकारी अधिकार मन्त्रीपरिषद्मा निहित रहने संवैधानिक व्यवस्था गरिने।

७. **मन्त्रीपरिषद् संसदप्रति उत्तरदायी :**
मन्त्रीपरिषद् संसदप्रति पूर्ण उत्तरदायी रहने व्यवस्था गरिनेछ।

८. **शक्ति पृथकीकरणको सिद्धान्त अवलम्वन गरिने :**
शक्ति पृथकीकरणको सिद्धान्त (Power of Separation) अनुरूप व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकारक्षेत्र सुनिश्चित गरिने।

९. **स्वतन्त्र र सक्षम न्यायपालिका :**
न्यायलाई सरल र सर्वसुलभ बनाई सर्वसाधारणलाई न्याय दिलाउन स्वतन्त्र र सक्षम न्यायपालिका स्थापना गरिने।

१०. **भ्रष्टाचार मुक्त समाजको स्थापना :**
सामाजिक कलङ्क र अर्थतन्त्रको धमिराको रूपमा रहेको भ्रष्यचारलाई निर्मूल गर्न एक अधिकार सम्पन्न भ्रष्यचार निवारण आयोग गठन गरि भ्रष्यचारमुक्त समाजको स्थापना गरिने।

११. **भ्रष्टाचारसम्बन्धी कानुन समान रूपले लागु हुने :**
संसद, मन्त्रीपरिषद्, अदालत, सेना, संवैधानिक निकाय लगायत राज्यका हरेक निकायका पदाधिकारीमाथि भ्रष्टाचार निवारण आयोगले भ्रष्टाचार गरेमा वा अख्तियारको दुरुपयोग गरेमा वा पदीय दायित्व निर्वाह नगरेमा समानरूपले कारवाही गर्न सक्ने संवैधानिक व्यवस्था गरिने।

१२. **संसदले महाअभियोग लगाउन सक्ने :**
न्यायपालिका लगायत संवेधानिक निकायका पदाधिकारीहरूले खराब आचरण गरेमा, भ्रष्टाचार गरेमा, अख्तियारको दुरुपयोग गरेमा वा आफ्नो पदीय दायित्व निर्वाह नगरेमा संसदले महाअभियोग लगाई पदमुक्त गर्न सक्नेछ। यसरी पदमुक्त भएको पदाधिकारी भ्रष्टाचार गरेको, अख्तियार दुरुपयोग गरेको वा पदीय दायित्व निर्वाह नगरेको अभियोगमा पदमुक्त भएको अवस्थामा निजमाथि भ्रष्टाचार निवारण आयोगले कानूनबमोजिम कारवाही गर्न सक्ने संवैधानिक व्यवस्था गरिने।

१३. **संसदले विशेष व्यवस्था गर्न सक्ने :**
भ्रष्टचार निवारण आयोगका पदाधिकारीहरूले भ्रष्टाचार गरेमा, अख्तियारको दुरुपयोग गरेमा वा पदीय दायित्व निर्वाह नगरेको सम्बन्धमा भ्रष्टाचार निवारण आयोग आफैंले कारवाही नगरेमा त्यस्ता पदाधिकारीमाथि कारवाही गर्न संसदले विशेष व्यवस्था गर्न सक्ने।

१४. **आधुनिक लोककल्याणकारी राज्यको स्थापना :**
समाजवादी लोकतान्त्रिक शासन प्रणालीको माध्यमद्वारा सबैलाई समान अवसर उपलब्ध गराउन राज्यका स्रोत, साधन र अवसरहरूको न्यायोचित वितरण गरी वर्ग, लिङ्ग, जात-जाति, धर्म, भाषा, उत्पत्ति, असक्तता वा आस्थामा आधारित लगायत सबै प्रकारका भेदभावको अन्तय गरी सामाजिक न्यायमा आधारित "आधुनिक लोककल्याणकारी राज्य" (Modern Welfare State) स्थापना गरिने।

१५. **राज्यका सम्पूर्ण निकाय संसदको अधिनमा रहने :**
नेपाली सेना लगायत राज्यका सम्पूर्ण निकायहरू संसदको मातहत र नियन्त्रणमा रहने।

१६. **सार्वजनिक सुनुवाईको व्यवस्था :**
संवैधानिक निकाय र राज्यका महत्त्वपूर्ण निकायमा नियुक्ति तथा जनसरोकार एवं राष्ट्रिय महत्त्वका विषयहरूमा संसदको सार्वजनिक सुनुवाई समितिमा सार्वजनिक सुनुवाईको (Public Hearing) व्यवस्था गरिने।

१७. **त्रि-भाषिक स्वतन्त्रता :**
शिक्षा आर्जन गर्दा प्रत्येक नागरिकलाई आफ्नो मातृभाषा, राष्ट्रिय भाषामध्ये कुनै एक भाषा र अन्तर्राष्ट्रिय भाषामध्ये कुनै एक भाषा रोज्न पाउने त्रि-भाषिक स्वतन्त्रताको व्यवस्था संविधानमा गरिने।

१८. **नेपाललाई राज्य राष्ट्रको रूपमा परिभाषित गरिने :**
नेपाल वहुजातिय, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक एवम् भौगोलिक विविधतायुक्त वहुजातिय राष्ट्र (Multination State) भएको वास्तविकता-लाई हृदयङ्गम गरी नेपाललाई राज्य राष्ट्र (State Nation) को रूपमा परिभाषित गरिने।

१९. सबैलाई समान शिक्षाको अधिकार :

मुलुकको विद्यमान शिक्षा प्रणाली अन्तर्गत साधन स्रोत सम्पन्न वर्गका बालबालिकाहरूले विशेष खालको शिक्षा पाईरहेका छन् भने सर्वसाधारणका छोरा छोरीहरू गुणस्तरीय शिक्षाबाट वञ्चित छन्। यस शिक्षा प्रणालीले आपसमा प्रतिस्पर्धा हुनै नसक्ने गरी शासक र शासित वर्गको जन्म भै रहेको छ, जसको दीर्घकालिन परिणाम गम्भिर छ। यस तथ्यलाई ध्यानमा राखी व्यक्तित्व विकासको समान अवसर पाउने प्रत्येक बालबालिकाको अधिकारलाई सम्मान एवम् संरक्षण गर्दै सबैलाई समान शिक्षाको संवैधानिक व्यवस्था गरिने।

२०. रोजगारको अधिकारलाई मानवअधिकारको रूपमा परिभाषित गर्ने :

हरेक नागरिकको रोजगारको अधिकारलाई मानव अधिकारको रूपमा परिभाषित गर्ने।

२१. जल, जङ्गल, जमिन र जैविक विविधताको संरक्षण र उपयोग :

जल, जङ्गल र जमिन बीचको अन्तरसम्बन्ध र यसको असन्तुलनबाट वातावरण र अर्थतन्त्रमा पर्न जाने नकारात्मक प्रभावलाई मध्यनजर राख्दै हाम्रो देशमा जलस्रोत र जैविक विविधताको विशाल भण्डार भएका तर यसको उचित संरक्षण, संवर्द्धन र उपयोग नभएको तथ्यलाई ध्यानमा राखी जल, जङ्गल, जमिन र जैविक विविधतालाई राष्ट्र र जनताको दीर्घकालीन हित हुने गरी यसको उचित संरक्षण, सम्वर्द्धन र उपयोग गर्न पूर्ण संवैधानिक प्रत्याभूति गरिने।

२२. अनेकताबीचको एकता :

सबै जनतामा यो मुलुक हाम्रो हो, यसको विकास हामी सबै मिलेर गर्नुपर्छ भन्ने भावना जगाई विभिन्न वर्ग, जात / जाति, भाषा, संस्कृति, धर्म, भूगोल लगायतका विविधतालाई राष्ट्रको विशिष्ट पहिचान र गौरवको रूपमा लिँदै अनेकताबीचको हार्दिक एकता र सौहार्दता कायम गरि राष्ट्रिय एकता सुदृढ गर्ने।

२३. आमूल परिवर्तन :

राजनीतिक परिवर्तनले मात्र राष्ट्र र जनताको जीवनमा सार्थक उपलब्धि हासिल नहुने तथ्यलाई मध्यनजर राखी राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक लगायत हरेक क्षेत्रमा अग्रगामी सुधार गरी आमूल परिवर्तन गर्ने।

२४. निजामती, प्रहरी सेवा र नेपाली सेनालाई स्वतन्त्र, सक्षम र आधुनिकीकरण गरिने :

निजामती एवम् प्रहरी सेवालाई स्वतन्त्र, सक्षम, जवाफदेही र जनमुखी बनाउँदै नेपाली सेनालाई आधुनिकीकरण तथा लोकतान्त्रिकरण गर्दै नेपाली सेनालाई राष्ट्रिय सुरक्षाको भरपर्दो संस्थाको रूपमा विकसित गराइने।

२५. बृद्ध–बृद्धा, बालबालिका र अशक्तहरूको अधिकारको सम्मान :

बृद्धबृद्धा, बालबालिका र अशक्तहरूको अधिकारको पूर्ण सम्मान गर्दै उनीहरूको व्यक्तित्व विकास र सम्मानपूर्ण जीवनयापनको संवैधानिक प्रत्याभूति गरिने।

२६. प्रेस स्वतन्त्रता :

लोकतन्त्रको आधार स्तम्भको रूपमा रहेको प्रेसलाई स्वतन्त्र, सक्षम र जवाफदेही बनाउँदै मानव अधिकार र लोकतन्त्रको संरक्षण, सम्बर्द्धन र विकासका लागि पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिने।

२७. जनमत संग्रहको व्यवस्था :

जनसरोकार र राष्ट्रिय महत्त्वका विषयहरूमा संवैधानिक एवम् कानुनी सुधार गरि लोकतान्त्रिक पद्धतिलाई जनभावना अनुरूप विकसित एवम् परिमार्जित गर्न जनमत संग्रहको संवैधानिक व्यवस्था गरिने।

२८. आर्थिक नीति :

शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभूता र रोजगारी जस्ता क्षेत्रहरूमा सर्वसाधारण जनताको समान पहुँच कायम गर्न राज्यले विशेष नीति अवलम्बन गरि "गरिबी निवारण" (Poverty alleviation) लाई केन्द्रविन्दु बनाई दिगो विकासको सिद्धान्तअनुरूप विश्वव्यापीकरण र बजारमुखी अर्थतन्त्रका सकारात्मक पक्षहरूलाई समेत मध्यनजर राखी मुलुकको हित र जनताको सहभागितामा आधारित समाजवादी आर्थिक नीति अवलम्बन गरिने।

२९. परराष्ट्र नीति :

राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता र सार्वभौमसत्तालाई अक्षुण्ण राख्दै आपसी हित, समझदारी र समानतामा आधारित परराष्ट्र नीति अवलम्वन गरिने।

आदरणीय न्यायप्रेमी जनसमुदाय,

स्वशासनको लागि सङ्घीय प्रणालीको स्थापना, पूर्ण समावेशीकरणका लागि नीति निर्माण र राज्य सञ्चालनका हरेक तहमा महिला, दलित, आदिवासी/जनजाति, मधेसी, दुर्गम हिमाली क्षेत्र, अत्यन्त पिछडिएको कर्णाली लगायत सबैको न्यायोचित एवम् समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गर्दै राष्ट्रिय स्रोत-साधन र अवसरहरूको न्यायोचित वितरण गरि **"सबैलाई समान अवसर"** उपलब्ध गराउँदै राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता र सार्वभौम सत्तालाई अक्षुण्ण राख्दै सबै प्रकारका भेदभाव, शोषण र उत्पीडनको अन्त्य गरि सामाजिक न्यायमा आधारित समाजवादी लोकतन्त्रको स्थापनाका लागि क्रियाशील एवम् प्रतिबद्ध **"समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल"** को चुनाव चिन्ह **"चन्द्रमा"** मा मतदान गरि विजयी गराउन "सप्रजपा नेपाल" आदरणीय जनसमुदायमा हार्दिक अपिल गर्दछ।

केन्द्रिय कार्य समिति
समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल
(सप्रजपा नेपाल)

२३.

चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

चुरेभावरको जन्म २०६३ फाल्गुण १ गते भएको हो । मधेसी अधिकारका नाममा चलाइएको आन्दोलन र विभिन्न समुहका मधेसी नेताले दलिय सिद्धान्त विपरीत आफ्नो आवश्यक र जायज माग पुरा गराउने बाटो, मेची देखि महाकाली सम्मको तराई भागमा परापूर्वकालदेखि बस्दै आएका आदिवासी, जनजाति, दलित, उत्पीडित, पिछडिएको वर्ग र अन्य जातिका बासिन्दालाई डर, त्रास, धाक, धम्की, आतङ्क, बलात्कार, लुटपाट र हत्यासमेत गराएर तराईबाट भगाउनका लागि बाध्य गराइन, नेपालको जनसंख्याको ४८ प्रतिशत पहाडी समेतको गणना तराईमा भएको र यो प्रतिशतलाई "मधेसी" मय बनाउन विदेशी समेतलाई नागरिकता दिएर मधेसी नाममा भाइचारा एवम् साम्प्रदायिक सद्भावरूपी सहिष्णुपनको विवेक गुमाए पछि राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता रक्षाका लागि "चुरेभावर प्रदेश एकता समाज नेपाल" नामले सामाजिक आन्दोलनकारी रूपमा जन्म भएको हो । यस आन्दोलनले कुनै प्रकारको जातिय, लिङ्गीय, धार्मिक, साम्प्रदायिक भेदभाव नराखीकन महाभारत दक्षिण साविक चारकोशे झाडीको दक्षिण सिमादेखि उत्तर मेची देखि महाकालीसम्मको भु–भागमा बसोबास गर्ने पहाडी, मैथली, थारू, मुस्लिम, मारवाडी र अन्य ज्ञात अज्ञात जनजाति, दलित, सबैको एकमतको सामाजिक सङ्गठन हुनुपर्दछ भनेर भौगोलिक सिमाभित्रको अवधारणा ल्याएका हौं । यसै अवधारणामा तराईको लाखौंलाख जनताले हामीलाई साथ दिएका हुन् । चुरेभावरले प्रतिकार गर्ने नभई प्रतिरक्षामा रहने नीति लिएकै हुनाले नेपालको चुरेभावर वा पहाडी क्षेत्रमा रहेका कुनै पनि मधेसीलाई कुनै प्रकारको धम्की वा दुःख दिने, विस्थापन गराउने काम भएन, हिँस्रक काम गरिएन भनेर कमजोर ठान्नु पनि अनुचित हुन्छ किनभने विभिन्न रूपका मधेसीको मुख एउटै देखियो, पहाडिया तर्साउने गतिविधि चाहिँ हिंसात्मक पाइयो । गृहयुद्धको सङ्केत गराउन अनेकन पर्चामार्फत् पहाडिया जिस्क्याउने गरी ताकी एउटा मात्र मधेसी माथि हातपात भएको अवस्थामा देशै टुक्राउने दुस्साहस हुन सकोस् । हामीले यही दुराशय बुझेर नै भावरवासी सबै सम्प्रदायलाई सुरक्षित राख्दै आएका छौं ।

अब हामीले दलको मान्यता पाएका छौं । हाम्रो चुनाव चिन्ह **"सुदर्शन चक्र"** हो । चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल तपाईको घरदैलोमा पुगेर भोट माग्ने आधार भनेको हाम्रो सङ्गठित उपस्थिति हो । तराईमा भड्काइएको साम्प्रदायिकताविरुद्ध चुरे आन्दोलनले गर्दा नेपालीहरूले आफूलाई सुरक्षित महशुस गरेका छन् । हामी कुनै वादबाट प्रभावित छैनौं र कसैको पिठ ठोकाइबाट भोग माग्न हिंडेका पनि होइनौं । हामीलाई अखण्डित राष्ट्र चाहिन्छ र सामुदायिक भेदभाव विनाका राष्ट्रभक्त नेपाली चाहिन्छ । नेपालको माटो छातिमा राखेर किरिया खाने देशभक्त नेपालीको बलिदानले बनेको यस देशको एक इन्ची भू–भाग पनि कसैले लिन खोज्छ भने हामी सङ्गठित बनेर राष्ट्रियताको पक्षमा उभिनेछौं ।

संविधान सभामा यस चुरेभावर राष्ट्रिय एकता पार्टी नेपालको प्रतिनिधित्व भएपछि देहायका विषयहरूलाई भावि संविधानमा राख्नको लागि सङ्घर्ष गरिनेछ ।

१. **शासन स्वरूप :**

(क) दुई सदनात्मक व्यवस्थापिका संसद रहनेछ। तल्लो सदनको बहुमतबाट निर्वाचित सम्पूर्ण कार्यकारिणी अधिकार सहितको प्रधानमन्त्रीय प्रणाली हुनेछ।

(ख) राष्ट्रप्रमुख सेरोमोनियल राष्ट्रपति राख्ने वा सेरोमोनियल राजतन्त्र राख्ने त्यसको छिनोफानो जनमत सङ्ग्रहबाट गरिनु पर्नेछ।

२. **धर्म :**

हिन्दु राज्य हुनुपर्ने वा धर्म निरपेक्ष राज्य हुनुपर्ने कुराको छिनोफानो जनमत सङ्ग्रहबाट गरिनु पर्नेछ।

३. **संघीय संरचना र शासन प्रणाली :**

भौगोलिक विशिष्टताको आधारमा सङ्घीय संरचना हुनेछ। केन्द्र, प्रदेश र स्थानिय निकाय बीच अधिकार र दायित्वको वैज्ञानिक रूपमा साधन श्रोतको बाँडफाँड गरिनेछ।

४. भावर प्रदेशको सामाजिक साँस्कृतिक, धार्मिक, आर्थिक, शैक्षिक र राजनैतिक अवस्था मैत्री र सहिष्णु परम्पराले अग्रगामी बाटोमा लैजान अल्पसंख्यक समुदायलाई शतप्रतिशत सुरक्षाको प्रत्याभूति दिई उद्योग, व्यापार र कृषि कार्यलाई निरन्तरता दिन वा बाधा अड्चन हुन नदिन र नेपालभर नै अल्पसंख्यक समुदायलाई सुरक्षा तथा संरक्षण दिन।

५. भावर प्रदेशको शान्ति क्षेत्रको रूपमा परिणत गर्न शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, यातायात साधन जस्ता जनसरोकारका विषयहरू सुरक्षित राख्न महेन्द्र राजमार्ग सदासर्वदा खुल्ला राख्ने व्यवस्था मिलाउने।

६. मित्रराष्ट्र भारतसितको खुला सिमाना बन्द गरी अनुमती पत्रबाट दुवै देशमा आउजाउ हुने व्यवस्था मिलाउन र सानो मुलुकमा बढी रहेका अपराध नियन्त्रण गर्न।

७. २०६३ सालको नागरिकता विधेयक र सोका आधारमा बनेका नागरिकताहरू खारेज गरी वास्तविक नेपाली नागरिकता दिलाउन।

८. राष्ट्रलाई आत्मनिर्भर बनाउन राष्ट्रिय पूँजीपतिको संरक्षण गर्न। बहुराष्ट्रिय कम्पनीद्वारा गरिइएको श्रमशोषण र राष्ट्रिय पूँजीको पलायनता रोक्न।

९. तराईमा बढ्दो साम्प्रदायिक भड्कावको अन्त गर्न। नेपालमा नेपालीले सुरक्षित रूपमा बस्न पाउने अवस्था सुनिश्चित गर्न।

१०. साम्राज्यवादी, विस्तारवादी वैदेशिक हस्तक्षेप अन्त गर्न।

११. सिमापार आतङ्कवाद बन्द गर्न।

१२. कुनै जात या सम्प्रदायका आधारमा राष्ट्र विभाजन गर्ने षड्यन्त्र रोक्न।

१३. विकेन्द्रिकरणका आधारमा स्थानीय श्रोत साधन र आयलाई स्थानीय रूपमा परिचालन गर्न स्थानीय स्वायत्त अधिकार स्थापित गर्न।

१४. कोशी, गण्डकी, महाकाली, टनकपुर, उपल्लो कर्णाली, अरूण ३ जस्ता राष्ट्रघाती सन्धी सम्झौता खारेज गर्न।

१५. दण्डहिनताको अन्त्य गर्न। अन्तर्राष्ट्रिय मानविय कानुनविपरित हत्या, अपहरण गर्नेहरूलाई अन्तर्राष्ट्रिय अदालतमा उभ्याएर कानुनको पालना गर्नुपर्ने वातावरण निर्माण गर्न।

१६. राष्ट्रिय स्वार्थमा आधारित सञ्चारको विकास गर्न।

१७. यातायात र सञ्चार :

(क) पाँचथरको च्याङ्थापु देखि बैतडीसम्म पूर्व पश्चिमको हिमाली पहाडी राजमार्ग निर्माण गर्नेछ।

(ख) कोशी बराह क्षेत्रदेखि चुरे र महाभारतको बीचैबीच डँडेल्धुरासम्मको अर्को राजमार्ग निर्माण गरिनेछ।

(ग) सञ्चारका साधन उपलब्ध नभएका ठाउँमा सञ्चारको व्यवस्था गर्नेछ।

१८. शान्ति सुरक्षा :

(क) सबै क्षेत्रका सबै जातजाति, भाषाभाषी, सँस्कृतिका बीच साम्प्रदायिक सामाजिक सद्भाव कायम गरी राष्ट्रिय एकतामा जोड दिँदै जनतालाई शान्ति सुरक्षाको सुनिश्चित गर्नेछ जसले गर्दा सबै वर्ग जातजाति आदिले आ–आफ्नो पेशा व्यापार उद्योग सञ्चालनमा हितमा आउने व्यवस्था मिलाइने छ।

१९. जलश्रोत :

(क) जलश्रोतको धनी देश नेपालको जलश्रोत उपयोग गरी सिँचाई र जलविद्युत आन्तरिक जल यातायात र शुद्ध स्वच्छ पिउने पानीको व्यवस्था गर्नेछ।

२०. उद्योग तथा आर्थिक विकास :

(क) वन साधन, कृषि, खनिज साधन इत्यादिमा आधारित ठूला, मझौला, साना तथा कुटीर उद्योगहरू सञ्चालन गरी यिनीहरूको जनशक्तिको लागि व्यावसायमूलक प्राविधिक शिक्षाको व्यवस्था गरी बेरोजगारीलाई रोजगार उपलब्ध गराउने, सुलभ ऋणको व्यवस्था गरी स्वरोजगारको व्यवस्था गरी आयमुलक व्यावसायहरू सञ्चालन गर्नेछ।

२१. राजनीतिक :

(क) देशभित्रका साना, ठूला सबै राजनीतिक पार्टीहरूसँग सद्भाव राखी आवश्यक परेको बखत साझा समस्या प्रति विचार गरी तार्किक निर्णयको आधारमा समस्या समाधान गर्नेतर्फ यो पार्टी लाग्नेछ।

(ख) राष्ट्रभक्त शक्तिलाई पहिचान गरी राज्यका सबै अङ्गमा समावेश गर्न यो पार्टी प्रयत्नरत रहनेछ।

२२. वनसम्पदा :

(क) राष्ट्रमा बाँकी रहेको समग्र वनसम्पदालाई उजाड हुन नदिई प्राकृतिक वातावरण र जैविक विविधता र राष्ट्रिय धन वनको संरक्षण गर्न पट्टि यो पार्टी प्रयत्नरत रहनेछ। साथै चुरे र महाभारतमा अतिक्रमित बस्तीहरूलाई व्यवस्थित गरी त्यहाँको जलाधार क्षेत्र र हरियाली संरक्षण गरी मरूभूमिकरण र क्षयीकरणलाई न्यूनीकरण गर्ने व्यवस्था यस पार्टीले मिलाउनेछ।

२३. शिक्षा तथा सँस्कृति तथा खेलकुद :

(क) विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरिनेछ।

(ख) शिक्षातर्फ विशेष जोड दिई आधारभूत प्राथमिक शिक्षालाई स्तरयुक्त बनाउने, माध्यमिक स्तरसम्म शिक्षा निःशुल्क गर्ने, स्तरयुक्त रोजगारी र उत्पादनमूलक प्राविधिक शिक्षाको व्यावस्था गरी प्राविधिक महाविद्यालय र विश्व विद्यालयहरू आवश्यकताअनुसार खोल्दै जाने।

(ग) देशभरिका धार्मिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गरिनेछ।

(घ) देशका युवाहरूको शक्तिको शक्ति सञ्चालनको आधार तयार गर्न र शारीरिक स्वास्थ्य विकासको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुदमा युवा शक्ति संलग्न गराइने छ।

२४. कृषि :

नेपाल कृषि प्रधान देश भएको र देशका ८० प्रतिशत जनता कृषक भएकाले कृषिलाई देशको अर्थतन्त्रको मेरूदण्डको रूपमा विकास गर्न किसानहरूलाई प्रोत्साहित गर्ने र मल, बिऊ, वैज्ञानिक उपकरण, कृषि विश्वविद्यालय, कृषि बजारको व्यवस्था मिलाउने यो पार्टी प्रतिबद्ध रहनेछ।

२५. युवा :

देशका युवा शक्तिलाई विदेश पलायनबाट रोक्न स्वदेशमै रोजगार प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

२६. महिला :

महिलाहरूमाथि हुने सबै खाले शोषणको अन्त्य गरी सम्मानजनक जीवनयापन गर्न पाउने अवस्थाको सिर्जना गरिनेछ।

२७. उत्पीडित, पिछडिएको वर्ग, शोषित र अपाङ्ग :

राज्यबाट पाउने सेवा तथा सुविधाहरूमा समान अवसर प्रदान गरी सम्मानजनक जीवनयापन गर्न पाउने व्यवस्था मिलाइने छ।

२८. स्वास्थ्य :

जनतालाई सर्वसुलभ ढङ्गबाट निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

२९. राष्ट्रसेवक :

राष्ट्रसेवक कर्मचारीहरूको सेवा सुविधा र सुरक्षाको भरपर्दो व्यवस्था मिलाइनुको साथै समय अनुकुल पारिश्रमिक वृद्धि गर्दै लगिनेछ।

३०. असहाय, वृद्धि तथा बालबालिका :

राज्यबाट उचित संरक्षण र भरणपोषणको लागि बृद्धाआश्रम र बालआश्रमको समुचित व्यवस्था मिलाइने छ।

३१. मजदूर :

दयनिय अवस्था र न्युन ज्यालाको स्वरूपमा वृद्धि गरी श्रमिक मजदुरहरूको हकहित र सेवा तथा सुरक्षाको पूर्ण ग्यारेण्टी गरिनेछ।

३२. परराष्ट्र नीति :

(क) भारत र चीन दुई छिमेकी मित्र राष्ट्रहरूलाई सद्भाव पूर्णतरिकाले समान व्यवहार गर्दै हाम्रो असंलग्न परराष्ट्र नीतिअनुसार अन्य मित्रराष्ट्रहरूसँग पनि मित्रराष्ट्रको रूपमा व्यवहार गरिनेछ।

(ख) विभिन्न राष्ट्र बीचका व्यापार संवर्द्धनलाई सुदृढ गरी नेपाललाई भारत र चीनको ट्रान्जिट प्वाइन्टको रूपमा कायम गर्ने बहुराष्ट्रिय कम्पनीहरूलाई नेपाल भित्र्याई उद्योग व्यापारको प्रवर्द्धन गर्ने।

२४.



नेपाल लोकतान्त्रिक समाजवादी दल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

आदरणीय दिदीबहिनी तथा दाजुभाईहरू!

सर्वप्रथम यो घोषणा–पत्र लेख्न अगावै वर्तमान नेपाल र नेपालीहरू यस स्थितिसम्म आईपुग्नमा आफ्नो सर्वस्व सहित बलिदान दिनसक्ने हाम्रा ती युगान्तकारी एवम् ज्ञात अज्ञात वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। विशेष गरी लखन थापा, गङ्गालाल, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, होरीलाल थारू, सेतु विश्वकर्मा, दलिप चौधरी, विरेन राजवंशी, अनिल कुमार लामा, चन्द्रबहादुर बयलकोटी, रमाकान्त चौधरी, दर्शनलाल यादव, ताहीर अलि अन्सारी, रामप्रसाद राई, रत्न कुमार (बान्तवा) राई आदि।

नेपाली जनता संविधानसभाद्वारा नयाँ नेपाल बनाउन आफ्नो इतिहासको पहिचान गरी आम नेपालीको भाग्य रेखाको रूपमा इतिहास र राज्यको मार्ग चित्र कोर्ने ऐतिहासिक मोडमा उभिएको छ। ति हाम्रा पुर्वज र हामीहरू, रैतिबाट मालिक बन्नको खातिर निरन्तरत सङ्घर्ष गर्दै आइरहेका छौं। हाम्रो मुलुकमा हामी आफैं राजकीयसत्ताको प्रयोग सार्वभौम नेपाली जनताले गर्ने बेला आएको छ। आजको समय सदिऔं देखिको दमन, उत्पीडनको अन्त्य गर्ने र शान्त, सुन्दर एवम् समृद्ध नेपाल निर्माण गर्ने समय हो। वर्तमान समय सहिदहरूको सपनालाई जीवन्तता दिने समय हो।

संविधानसभाको निर्वाचनलाई हामीहरू एक स्वाधिन, सुन्दर, समृद्ध, स्वशासनयुक्त आत्मनिर्णयको अधिकार सहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण गर्ने ऐतिहासिक मोडमा छौं। संविधान–सभाद्वारा बन्ने नयाँ संविधानले राज्यको पुनर्संरचना, दिगो शान्ति, विधिको शासन, मौलिक पहिचान सहितको समावेशी, समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने भएकोले यसको महिमा आफैंमा विशिष्ट छ।

हामी नयाँ नेपालको खाका कोर्न लोकतान्त्रिक समाजवादको सिद्धान्त प्रति कर्तव्यनिष्ट भएको हुनाले हाम्रो दल आम नेपालीहरूको आशा र भरोसाको केन्द्रविन्दु बनेको छ।

भाग – १

१. नेपालको सामाजिक अवस्था, राज्यसत्तामा सहभागिता र संविधानसभा /

नेपाल हिमाल, पहाड, तराई मिली एक भौगोलिक सिमाभित्र रहेको बहुजाति, बहुभाषिक, बहु–साँस्कृतिक विशिष्टता र विविधताले भरिएको एक अविभाज्य धर्म निरपेक्ष राष्ट्र हो। यसको विशिष्टता र विविधताको मौलिक पहिचान गरी सामाजिक, आर्थिक, न्यायीक, धार्मिक परम्पराको समुचित विकास निर्माणमा राज्यको दायित्व रहनेछ। तर साँस्कृतिक विविधताको धनी देश नेपाल सबै नेपालीको हुन नसकिरहेको आजको तितो यथार्थ हो।

नेपालको इतिहासमा हालसम्म मुठिभरका सामन्ति वर्गले देशको सोझासाझा जाति, समुदाय तथा वर्गहरूमाथि गरिरहेको भेदभावपूर्ण नीतिको कारण देश सबै जातजातिको सुन्दर फुलबारी बन्नको सट्टा

तोरीबारी भएको छ। जुन दुःखद पक्ष हो। राज्यको प्रमुख तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा एउटै वर्ग समुदायको अत्याधिक पहुँच छ। तसर्थ सबै खाले विभेदको अन्त्य गर्न समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न र आत्मनिर्णयको अधिकार सहितको स्व-शासन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न संविधानसभामा नेपाल लोकतान्त्रिक समाजवादी दलको प्रतिनिधित्व आजको आवश्यकता हो।

"संविधानसभा" संविधान बनाउनको लागि जनताबाट निर्वाचित भई चुनिएर गरिएको सदस्यहरूको सभा नै संविधानसभा हो। यसको प्रमुख उद्देश्य र कर्तव्य भनेको हरेक नेपाली जनताको चाहना बमोजिमको संविधान बनाउनु हो। संविधानमा क्रान्ति र परिवर्तनको संवाहकको रूपमा अगाडि बढिरहेको योग्य व्यक्ति चुनिएमा मात्र राज्यको पुनर्संरचना सम्भव हुन्छ। संविधान देशको मुलकानून अर्थात् सबै जनताको हकहित सँग जोडिएको विषय भएकोले यसको महिमालाई बुझ्नै पर्दछ। देश र जनताप्रति उत्तरदायी तथा स्वच्छ छवि भएको योग्य व्यक्तिले मात्र दीर्घजीवि एवम् न्यायमुलक संविधान निर्माण गर्नसक्छ। सदियौं देखि दमन उत्पीडनमा परेका नेपालका आदिवासी जनजाति, महिला, दलित, उत्पिडित, अपाङ्ग, तराईवासी, मधेसी, तेस्रो लिङ्गी तथा सिमान्तकृत जातिहरूको हक अधिकार सुनिश्चित गर्ने महान ऐतिहासिक समय आएको छ। तसर्थ संविधानसभाको माध्यमद्वारा सुन्दर र समृद्ध नेपालको निर्माण गर्ने अभियानमा नेपाल लोकतान्त्रिक समाजवादी दलको तर्फबाट महत्त्वपूर्ण प्रतिवद्धताहरू सार्वजनिक गर्न चाहन्छौं।

२. संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारूप।

(क) राष्ट्रिय एकता र भौगोलिक अखण्डता :-

नेपालमा विद्यमान सबैखाले असमान शासन प्रणालीको समाप्ति सँगै नयाँ नेपाल निर्माणको लागि एकता, स्वतन्त्रता, स्वाधिनता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई मजबुत बनाइनेछ।

(ख) मानवअधिकार र नागरिक स्वतन्त्रता :-

मानवले स्वतन्त्र रूपमा बाँच्न पाउने नैसर्गिक अधिकारको प्रत्याभूति गराउनु राज्यको दायित्व हुनेछ। संयुक्त राष्ट्र सङ्घद्वारा स्थापित सबैखाले मानवअधिकारको सम्मान गरिनेछ। प्रत्येक नागरिकलाई उसको अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने, राजनीतिक दल तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताको प्रत्याभुत गरिनेछ।

(ग) लोकतान्त्रिक शासन व्यवस्था :-

राजकिय सत्ताको प्रयोग सार्वभौम नेपाली जनताले गर्नेछन्। लोकतन्त्र समाजवादमा विश्वास गर्दै राज्य सञ्चालनका लागि तीन सदनात्मक प्रणाली रहनेछ। केन्द्रमा दुई र राज्यमा एक सदन हुनेछ। केन्द्रिय तथा राज्यका सदस्यहरूको निर्वाचन जातीय जनसंख्याको आधारमा पूर्णसमानुपातिक पद्धतिद्वारा हुनेछ। राज्य सञ्चालनका लागि तीन तह केन्द्र, राज्य र स्थानिय इकाईहरूको गठन गरिनेछ।

(अ) ***व्यवस्थापिका :*** राज्य सञ्चालनको लागि केन्द्रमा दुई सदनात्मक व्यवस्थापिका हुनेछ। जसअन्तर्गत जातियसभा र जनप्रतिनिधिसभा।

(आ) ***कार्यपालिका :*** राज्यको दैनिक कार्य सञ्चालन गर्नका लागि प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुनेछ। जातियसभाबाट निर्वाचित सदस्य राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति हुनेछ।

(इ) ***न्यायपालिका :*** विधिको शासनमा विश्वास गर्दै स्वतन्त्र न्यायपालिकाको अवधारणाप्रति पूर्ण प्रतिवद्ध रहनेछ। लोकतान्त्रिक मूल्य मान्यता अनुरूप लोककल्याणकारी हितका लागि न्यायपालिकालाई जनताप्रति उत्तरदायी बनाइनेछ। राज्यको पुनर्संरचना अनुरूप केन्द्र, राज्य र जिल्ला गरी तीन तहका न्याय प्रणालीको व्यवस्था गरिनेछ।

(घ) संघीय राज्य प्रणाली :-

नेपाल 'हिमाल, पहाड, तराई' मा बसोबास गर्ने बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक जातजातिहरूको भौगोलिक विशिष्टताले भरिएको मुलुक हो। जो आफैंमा विविधतायुक्त छ। सङ्घीय राज्यको निर्धारण गर्दा त्यसभित्र बसोबास गर्नेहरूको जातिय जनसङ्ख्या, भौगोलिक विशिष्टता, सुगमता, उद्गमस्थल, ऐतिहासिक पृष्ठभूमि आदिको आधारमा सङ्घीय राज्यको स्थापना गरिनेछ।

(ङ) भाषा :-

नेपालमा बोलिने सबै भाषा राष्ट्र भाषा मानिनेछ। सबै जाति, समुदायले आफ्नो बालबालिकालाई मातृभाषामा पठनपाठन गराउन पाउने कुरालाई लिपिबद्ध गरिनेछ। मातृभाषामा अध्ययन अध्यापनको लागि विद्यालय र विश्वविद्यालयको व्यवस्था गर्ने गराउने दायित्व राज्यले गर्नेछ।

(च) धर्म :-

नेपाल धर्म निरपेक्ष राज्य रहनेछ। धर्म र जातपातको आधारमा कसैमाथि कुनै किसिमको भेदभाव गरिने छैन। धार्मिक विभेद गरेको पाईएमा कानुनबमोजिम दण्ड सजायँको व्यवस्था गरिनेछ।

(छ) नागरिकता :-

नेपालमा बसोबास गर्ने नेपालीलाई सहज र सरल रूपले नागरिकताको व्यवस्था गरिनेछ। गैह्र नेपाली नागरिकले कुनै कारणवश नेपाली नागरिकता प्राप्त गरेको पाईएमा त्यसको अनुसन्धान गरी नागरिकता रद्ध गर्नुको साथै नागरिकता दिने र लिने उपर कडा कारवाही गरिनेछ।

(ज) सेना तथा प्रहरी :-

राष्ट्रिय सुरक्षाको लागि सेवारत नेपाली सेवा, जनपथ, शसस्त्र लगायतका सबै क्षेत्रलाई पुनर्संरचना गरी नयाँ नेपाल र नेपाली जनताप्रति उत्तरदायी भुमिकाको निर्वाह गर्नसक्ने सेना तथा प्रहरीबलको निर्माण गरिनेछ। सुरक्षा क्षेत्रलाई समावेशी र सबैको पहुँच पुग्ने किसिमको बनाउनका लागि नयाँ सिद्धान्त अपनाईनेछ।

(झ) प्रतिनिधित्वको सुनिश्चितता :-

समाजमा विद्यमान सबै खाले विभेदको अन्त्य गर्दै लोकतान्त्रिक पद्धतिलाई सृदढ गर्न राज्यको हरेक निकायमा अनिवार्य प्रतिनिधित्व हुने गरी जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अवलम्बन गरिनेछ।

(ञ) संवैधानिक निकायको व्यवस्थापन :-

निर्वाचन आयोग, लोकसेवा आयोग, राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग आदि संवैधानिक निकायहरूको सही कार्यान्वयन गरिनेछ। संवैधानिक निकायलाई सबै वर्ग र क्षेत्रमा प्रभावकारी बनाउने उद्देश्य सहित पुनर्संरचना गरिनेछ।

(ट) प्रशासन यन्त्रको व्यवस्थापन :-

नेपालमा विद्यमान प्रशासन यन्त्रमा एक जात, वर्ग विशेषको हाली मुहाली रहेकोले त्यसलाई अन्त्य गर्नका निम्ति सबै नेपालीको प्रशासन यन्त्रमा समान पहुँचको नीति अवलम्बन गरिनेछ। प्रशासनलाई जनउत्तरदायी, दक्ष, पारदर्शी, सुशासनयुक्त बनाउने ढङ्गले अग्रगामी बनाइनेछ।

(ठ) अर्थनीति :-

प्राकृतिक सम्पदा जल, वनजङ्गल, जमिनको, क्रान्तिकारी वैज्ञानिक परिवर्तनकारी नीति अवलम्बन गरिनेछ। राष्ट्रहितको विपरीतमा कुनै पनि किसिमको दान, दातव्य तथा सहयोग स्वदेशी वा विदेशीहरूबाट लिइने छैन। लगानीको क्षेत्रमा सार्वजनिक नीति साझेदारी प्रणालीलाई प्रश्रय दिइनेछ। सहकारी प्रथालाई परिमार्जन गरी सबै क्षेत्रमा विशेष प्राथमिकतासाथ प्रवर्द्धन गरिनेछ। समाजवाद उन्मुख आर्थिक विकासको नीति अवलम्बन गरिनेछ।

(ड) जनमत सङ्ग्रह :-

देशलाई दीर्घकालिन रूपमा प्रभाव पार्ने विषयहरूलाई निराकरण गर्न राष्ट्रिय जनमत संग्रह मार्फत् निर्णय गरिनेछ।

(ढ) सन्धि सम्झौताको अनुमोदन :-

सूचना तथा सञ्चार माध्यमको विकास सँगसँगै आज विश्व एउटा समाजको रूपमा विकसित भईरहेको अवस्थामा एक अर्को मुलुकबीच विभिन्न खाले सन्धि सम्झौता आवश्यक हुन्छ। राष्ट्रिय साधन श्रोतको बाँडफाँड सँगै राष्ट्रिय हित माथि गम्भिर असर तथा प्रभाव गर्ने खालका सबै अन्तर्राष्ट्रिय सन्धि सम्झौता र लिखतहरूको अनुमोदन केन्द्रिय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट गर्ने संवैधानिक प्रावधान गरिनेछ।

(ण) लोकतान्त्रिक पद्धति :-

संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलिय प्रतिस्पर्धा, वालिग मताधिकार, स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, मानवअधिकारको अनुसरण गरिनेछ।

(त) मुद्रा :-

नेपाल सरकारले चलनचल्तिमा ल्याउने मुद्रालाई परिमार्जित गर्दै सबै वर्ग समुदायको राष्ट्रिय पहिचान झल्किने किसिमको हुनुपर्दछ।

(थ) मौलिक हक :-

- *समानताको हक :*

  सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछ। कसैलाई पनि जातपात, भाषा, धर्म, लिङ्ग र वैचारिक आस्थाको आधारमा विभेद गरिने छैन।

- *स्वतन्त्रताको हक :*

  विचार र अभिव्यक्ति स्वतन्त्रता, बिना हात हतियार, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनैतिक दल, सङ्घसंस्था खोल्ने स्वतन्त्रता, राज्यभरि आवतजावत वा बसोवास गर्ने स्वतन्त्रता, पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुनेछ। तर आदिवासी जनजातिहरूको आफ्नो विशेष क्षेत्रमा विशेष हक अधिकार संरक्षण एवम् सम्बर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घको कानुन बमोजिमको हक हुनेछ।

- *सामाजिक न्यायको हक (शिक्षा, स्वास्थ्य र रोजगारीको हक) :*

  प्रत्येक नागरिकले राज्यबाट विनाभेदभाव प्राथमिक देखि उच्च तहसम्म निःशुल्क शिक्षा हासिल गर्ने हक हुनेछ। नागरिकको स्वास्थ्यको लागि राज्यले विशेष व्यवस्था गर्नेछ। शिक्षा अनुसारको पूर्ण रोजगार प्राप्त गर्ने हक प्रत्येक नागरिकको हुनेछ। बृद्ध, अन्धा, अपाङ्ग, असक्त र नावालकको आवास, भरणपोषण र स्वास्थ्यको उचित सुरक्षा र संरक्षण गरी उनिहरूको दैनिक जिविकोपार्जनको हकको सुनिश्चितता गरिनेछ।

- *छापाखाना र पत्रपत्रिकासम्बन्धी हक :*

  पेशा र व्यवसाय सुनिश्चित गर्न र नागरिकको चेतना वृद्धि गर्ने खालका सूचनामुलक एवम् ज्ञानवर्द्धक पत्रपत्रिका प्रकाशन गर्ने हक हुनेछ।

- *सूचनाको हक :*

  प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक अधिकारको सुनिश्चितता गरिनेछ।

- *सम्पतिको हक :*

  सामाजिक सद्भाव खलबल नहुने गरी सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन र अन्य कारोबार गर्ने हक हुनेछ।

- *धर्म संस्कृति तथा भाषा सम्बन्धी हक :*
  प्रत्येक नागरिकले आफ्नो इच्छाअनुसार स्वतन्त्रपूर्वक भाषाको प्रयोग र व्यवसाय तथा धर्म ग्रहण गर्न सक्नेछन्।
- *बौद्धिक सम्पत्तिको हक :*
  प्रत्येक नागरिकले आ-आफ्नो बुद्धि विवेकको प्रयोग गर्न पाउनेछन् तर आदिवासी जनजातिहरूको सामाजिक, धार्मिक, साँस्कृतिक एवम् बौद्धिक सम्पदा सम्बन्धी जातिको भूमिमा रहेको प्राकृतिक श्रोत र साधनको उपयोग, खोज, व्यापार, एवम् परिचालन सम्बन्धित जातिको पूर्व सूचित सहमतिमा मात्र गर्न सक्नेछन्। दुर्गम पिछडिएका र उत्पिडित क्षेत्रका जनतालाई विकासको समान अवसर, राज्यको हरेक अङ्गमा समानुपातिक सहभागिता प्रदान गरिनेछ।

(द) राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू :-

संविधानमा उल्लेख भएका राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूका अतिरिक्त लोकतन्त्रलाई संस्थागत गर्ने सबैखाले कार्यक्रमहरू लागु गर्नु राज्यको दायित्व हुनेछ।

(ध) संविधान निर्माणमा जनसहभागिता :-

संविधानले राज्य सञ्चालन गर्ने प्रमुख दायित्व बोकेको हुनाले नागरिक समाज, सरोकारवाला समूहहरू र विशेषज्ञहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने नीति तथा विधिहरू अपनाउनेछ।

(न) पछाडी पारिएको वर्ग, उत्पिडित दलित समुदायको विकास :-

देशमा विद्यमान सबैखाले शोषण र विभेदको अन्त्य गर्दै दलित, उत्पिडित, पछाडी पारिएको वर्गको समुचित विकास र समृद्धिका लागि जातिय जनसंख्याको आधारमा विशेष व्यवस्था संविधानमा उल्लेख गरिनेछ। यसको लागि विशेष अधिकार सहितको आरक्षणको व्यवस्था गरिनेछ।

(प) महिला अधिकार :-

महिला उपर हुने सबै विभेद, उत्पिडन र शोषणको अन्त्य गरिनेछ र सबै क्षेत्रमा समान अवसरको व्यवस्था गरिनेछ। छोरासरह छोरीलाई पैत्रिक सम्पत्तिमा समान अधिकार हुनेछ। प्रजनन् र सम्बन्ध विच्छेदको अधिकार महिलामा केन्द्रित हुनेछ। स्वास्थ्य, शिक्षा, रोजगार लगायतका सबै क्षेत्रमा समान अवसर दिइनेछ। एक महिला अधिकारको सुनिश्चितता गरिनेछ।

(फ) बालबालिकाको हक र अधिकार :-

बालबालिकाको पालनपोषण, स्वास्थ्य, शिक्षा प्रदान गर्न परिवार, समाज, राज्यको कर्तव्य हुनेछ। बालश्रम, यौन दुराचार र यातना विरुद्ध कानूनी उपचारको हक हुनेछ। बालबालिका र विद्यालयलाई शान्तिक्षेत्र बनाइनेछ।

(ब) आदिवासी जनजातिको अधिकार :-

आदिवासी जनजातिहरूलाई आफ्नो राजनैतिक अधिकार सुनिश्चित गर्न आर्थिक, सामाजिक एवम् साँस्कृतिक विकास गर्ने किसिमले आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणा-पत्रमा उल्लेखित अभिसन्धि अनुसारको आत्मनिर्णयको अधिकार हुनेछ। सबै आदिवासीहरूको भाषा, संस्कृति र परम्पराको संरक्षण गर्नु राज्यको दायित्व हुनेछ।

(भ) तराईवासी मधेसीहरूका अधिकार :-

तराईवासी, मधेसी, आदिवासी, जनजाति, मुस्लिम, दलित तथा सिमान्तकृत अल्पसंख्यक समुदायका जनतालाई आफ्नो भाषा, धर्म, संस्कृति र रितिरिवाजको रक्षा एवम् विकासको अधिकार हुनेछ।

(म) दुर्गम तथा पिछडिएको क्षेत्रको अधिकार :-

दुर्गम तथा पिछडिएको क्षेत्रको जनतालाई राजनीतिक सहभागिता र संरक्षणको निम्तिको साथै विशेष अधिकारको व्यवस्था गरी राज्यको मुल प्रवाहमा ल्याइनेछ।

(य) श्रमको अधिकार :-

बालश्रम प्रथाको अन्त्य गरिनेछ। श्रमिकहरूलाई ट्रेड यूनियन खोल्ने, सङ्गठित हुने, आफ्नो रोजगारको सुरक्षा गर्ने श्रम अभ्यासको अधिकार हुनेछ।

(र) युवाहरूको हक र अधिकार :-

युवाशक्ति देशको ठूलो शक्ति हुने भएकोले र भविष्यको राज्यको उत्तराधिकारी हुने भएकोले उनीहरूको समग्र विकास गर्नु राज्यको दायित्व हुनेछ। युवाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारको हक हुनेछ। युवाशक्तिलाई देश विकासको मूल प्रवाहमा ल्याउनको लागि युवा आयोगको गठन गरिनेछ र उनीहरूको विकासको लागि ठोस नीति तथा कार्यक्रमको रूपमा ल्याइनेछ।

(ल) अपाङ्गहरूको अधिकार :-

अपाङ्गहरूलाई राज्यको मूलधारमा ल्याउन आरक्षण सहितको विशेषाधिकारको व्यवस्था गरिनेछ। अपाङ्ग र साङ्ग बीचको सम्पूर्ण विभेदको अन्त्य गरिनेछ।

भाग - २

नेपाल लोकतान्त्रिक समाजवादी दलको परिकल्पना

सुन्दर समृद्ध नेपालको स्थापना

१. राष्ट्रियताको प्रश्न र अन्तर्राष्ट्रिय सम्बन्ध

राष्ट्र र राष्ट्रिय अखण्डताको स्वाभिमानलाई सर्वोच्चता मानि २१ औं शताब्दिको नयाँ नेपालको रक्षा गर्दै मित्रराष्ट्रहरूको सम्बन्ध प्रगाढ बनाउने नीति अवलम्बन गरिनेछ।

(क) सिमा व्यवस्थापन :-

नेपाल-चीन र नेपाल-भारत खुल्ला सिमाना व्यवस्थित गर्ने नीतिका साथ अगाडी बढ्नेछ। भारतद्वारा अतिक्रमित नेपालका भू-भाग फिर्ता गर्न कुटनीतिक एवम् ठोस कदम अगाडि बढाइनेछ।

(ख) गोर्खा भर्ति केन्द्र :-

नेपाली नागरिकहरूलाई स्वदेशमै सम्मानजनक रोजगारको व्यवस्था मिलाइने नीति राज्यले अवलम्बन गर्नेछ।

(ग) भारत, चीन लगायत अन्य देशहरूसँगको सम्बन्ध :-

पञ्चशिल सिद्धान्तका आधारमा विश्वका सबै देशहरूसँग मैत्री सम्बन्ध राखिनेछ।

(घ) वैदेशिक रोजगार :-

हाम्रो मुलुकबाट दुईखाले शक्ति एउटा बौद्धिक शक्ति र अर्को श्रमिक शक्ति रोजगारको शिलशिलामा विदेश जाने परिपाटी रहेकोमा दुवैलाई मर्यादित बनाउने किसिमका योजनाहरू ल्याइनेछ र उनीहरूलाई विदेशमा हुने शोषण तथा उत्पिडन अन्त्य गर्ने युगान्तकारी कदम चालिनेछ।

(ङ) प्रवासी र गैह्रआवासिय नेपाली :-

दुतावास मार्फत् विश्वका विभिन्न देशमा रहेका नेपालीहरूको रक्षा र उन्नति गर्ने काममा विशेष जोड दिइनेछ । तेश्रो मुलुकमा रहेका गैह्र आवासिय नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था गरेर उनीहरूको सिप र पूँजी नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

(च) शान्ति सम्झौता अनुमोदन :-

देशको हित हुने लिखित शान्ति सम्झौताहरूको अनुमोदन केन्द्रिय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट गरिनेछ। त्यसको इमान्दारीपूर्वक पालना गरिनेछ।

(छ) विदेशी ऋण :-

देशलाई विदेशी ऋणबाट मुक्त गर्न र आत्मनिर्भर श्रोतसाधन सम्पन्न राष्ट्रको रुपमा विकास गर्ने योजना र कार्यक्रम ल्याइनेछ।

(ज) भूटानी शरणार्थी :-

भूटानी शरणार्थी स–सम्मान घर फर्किनुपर्दछ र त्यसका लागि अन्तर्राष्ट्रिय रूपमा उचित पहल गरिनेछ।

(झ) लोकतन्त्र र राज्यको पुनर्संरचना :-

लोकतन्त्रलाई संस्थागत गर्न, सङ्घीयात्मक ढाँचामा राज्यको पुनर्संरचना गर्न तथा सबै निकायका समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गर्न ठोस नीतिमा प्रतिवद्ध रहनेछ।

(अ) संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन :

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट गरिनेछ।

(आ) नयाँ नेपालको संघीय राज्यसम्बन्धी नेपाल लोकतान्त्रिक समाजवादी दलको धारणा:

विभिन्न जातिय, क्षेत्रिय, भाषिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक पहिचान सहितको भौगोलिक विशिष्टताले भरिएको नेपाललाई आधुनिकीकरण, विकेन्द्रिकरण, विकास, प्रशासन र सेवामा समानताको आधारमा जनताको पहुँच पुऱ्याउनको लागि निम्न बुँदाहरूको आधारमा राज्यहरूको निर्धारण गरिनेछ :-

- उत्पत्तिको आधारमा
- भौगोलिक आधारमा
- जनसंख्याको आधारमा
- प्राकृतिक सम्पदाको उपयोगको आधारमा
- ऐतिहासिक पृष्ठभूमिको आधारमा
- भाषा र संस्कृतिको आधारमा
- प्रशासन र विकास प्रकृयाको आधारमा
- राष्ट्रिय एकता अखण्डता सार्वभौमिकतालाई बलियो पार्ने आधारमा
- विश्व आदिवासी जनजाति घोषणापत्रको बुँदाहरूको आधारमा

जातिय स्वशासन एवम् आत्मनिर्णयको अधिकारसहित राज्यहरूको निर्धारण गरिनेछ। सङ्घीय राज्यहरू जस्तैः थरूहट, मगरात, खम्बुवान, लिम्बुवान, नेवाः, तामाङ्सालिङ, तमुवान, खसान आदि।

(इ) अधिकार र दायित्व :

केन्द्र, राज्य र स्थानिय तहबीच अधिकार र दायित्वको स्पष्ट बाँडफाँड संविधानमा नै गरिनेछ । सीमा सुरक्षा, सैन्य व्यवस्थापन, बैदेशिक सम्बन्ध, मौद्रिक नीति, आदि केन्द्रको अधिकार क्षेत्र भित्र रहनेछ। अन्य स्थानिय श्रोत साधनमाथि प्रान्तिय राज्यको अधिकार रहनेछ। केन्द्र र राज्यबीच सन्तुलित सुमधुर सम्बन्ध मिलाईनेछ।

(ञ) शासन प्रणाली :-

(अ) व्यवस्थापिका :

केन्द्रमा दुई सदन र प्रदेशमा एक सदनको व्यवस्थापिका रहनेछ। केन्द्रिय व्यवस्थापिका अन्तर्गत जातियसभा र प्रतिनिधिसभा रहनेछ। प्रान्तिय राज्यमा विधानसभा रहनेछ।

- ***जातियसभा (माथिल्लो सदन):*** यो सभामा राज्यका सबै जाति, आदिवासी, जनजाति र समुदायको जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा सभासद् निर्वाचित हुनेछ । प्रत्येक समुदायबाट अनिवार्य १/१ जना प्रतिनिधिको प्रतिनिधित्व सुनिश्चितता गरिनेछ। सदस्य संख्या सकेसम्म कम रहनेछ।
- ***प्रतिनिधिसभा (तल्लो सदन) :*** पूर्ण समानुपातिक निर्वाचन पद्धतिबाट जनप्रतिनिधि सभा बन्नेछ । सदस्य संख्या सकेसम्म कम रहनेछ । प्रादेशिक राज्यमा बन्ने विधानसभा जातिय जनसंख्याको आधारमा समानुपातिक निर्वाचन प्रणालीबाट गठन गरिनेछ। यसमा सबै जातीको अनिवार्य सहभागिता रहनेछ।

(आ) कार्यपालिका :

- ***राष्ट्रप्रमुख राष्ट्रपति :*** केन्द्रमा जातियसभाबाट निर्वाचित सभासद राष्ट्रप्रमुख हुनेछ। राष्ट्रप्रमुखको कार्यकाल ५ वर्षको रहनेछ र एक व्यक्ति दुई कार्यकाल सम्म मात्र रहनेछ। चुनाव प्रक्रिया बहुमतिय प्रणालीबाट हुनेछ।
- ***सरकारको कार्यकारी प्रमुख प्रधानमन्त्री :*** जनप्रतिनिधिसभाबाट निर्वाचित सभासद सरकारको कार्यकारी प्रमुख प्रधानमन्त्री हुनेछ । प्रधानमन्त्रीको कार्यकाल जम्मा ५ वर्षको हुनेछ। एक व्यक्ति दुई कार्यकालसम्म मात्र रहनेछ। चुनावी प्रक्रिया बहुमतिय प्रणालीबाट हुनेछ।
- ***मुख्य मन्त्री :*** प्रादेशिक राज्यमा मुख्य मन्त्रीको व्यवस्था हुनेछ । मुख्य मन्त्रीको चयन विधानसभाका सदस्यहरूको बहुमतिय पद्धतिद्वारा हुनेछ । राज्यभित्रका सम्पूर्ण कार्यकारी अधिकार मुख्य मन्त्रीमा रहनेछ । मुख्य मन्त्रीको कार्यकाल ५ वर्षको हुनेछ र एक व्यक्ति दुई कार्यकाल सम्म मात्र रहनेछ।

(इ) न्यायपालिका :

विधिको शासनमा विश्वास गर्दै स्वतन्त्र न्यायपालिकाको अवधारणाप्रति पूर्ण प्रतिवद्ध रहनेछ । लोकतान्त्रिक मूल्य मान्यता अनुरूप लोककल्याणकारी हितका लागि न्यायपालिकालाई जनताप्रति उत्तरदायी बनाइनेछ । राज्यको सङ्घीयात्मक पुनर्संरचना अनुरूप केन्द्र, प्रदेश र जिल्ला रहने गरी न्याय प्रणालीको व्यवस्था गरिनेछ।

(ट) अर्थ नीति :-

देशमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन आर्थिक नीति तय गरिनेछ । वैदेशिक अर्थ नीतिको अध्ययन र स्वदेशी पूँजी र श्रोतसाधनको यथार्थ पहिचान गरी मिश्रित ढाँचाको अर्थ व्यवस्था लागु गरिनेछ । केन्द्र र राज्यमा लोक कल्याणकारी समाज निर्माणको आधार तय गरिनेछ । ग्रामिण र कम पूँजी भएका नेपाली समाजलाई विश्व बजारमा प्रतिस्पर्धा गराउन उत्पादन वितरण वित्तिय सहकारी सञ्जाल देशभरी विकास गरिनेछ।

(ठ) सामान्य विकास नीति :-

प्राकृतिक श्रोतमा आधारित उद्योगधन्दा, कलकारखानालाई प्रयोगमा ल्याई राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि, जलश्रोत, वन, राष्ट्रिय निकुञ्ज र पर्यटन विकासलाई प्राथमिकता दिई अर्थतन्त्र बलियो बनाउने नीति लिइनेछ। पूर्वाधार विकास र पुनः निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गरी आर्थिक स्थिति मजबुत बनाउने नीति अवलम्बन गरिनेछ।

(ड) कृषि र वन नीति :-

हाम्रो देश नेपाल जल, जङ्गल, जमिनमा धनी भएको र अधिकांश जनता कृषिमा निर्भर भएकाले प्राकृतिक श्रोत र कृषिको वैज्ञानिक उपयोगको नीति अपनाइनेछ। जग्गाको मूल्यलाई रकममा (पूँजीमा) परिवर्तन गरी पूँजीमा करको नीति अवलम्बन गरिनेछ । वन पैदावरमा आधारित उद्योगधन्दाको विकास गर्न, आधुनिक ढङ्गले खेती गर्न प्रोत्साहन गरिनेछ। ऐलानी, पर्ती, बाँझो जग्गालाई समुदायमा हस्तान्तरण गरी समुदायिक खेतीलाई प्रोत्साहन गरिनेछ । माछापालन, मौरीपालन, कुखुरापालन, तरकारी खेती, जडिबुटी खेती आदिजस्ता कार्यक्रमलाई अगाडी बढाइनेछ। कृषि उपजको लागि बजार र भण्डारको उचित व्यवस्था गरिनेछ। भू-संरक्षणको विशेष योजना ल्याई सामुदायिक वनलाई अझ मजबुत बनाइनेछ। जैविक र प्राङ्गारिक मल प्रयोगमा ल्याइनेछ।

(ढ) पर्यटन तथा उद्योग नीति :-

साना तथा ठूला उद्योग, कलकारखानालाई राष्ट्रिय सम्पत्तिको रुपमा संरक्षण र संवर्द्धन गरिनेछ। नेपाली नागरिकलाई उद्योग तथा कलकारखाना खोल्न प्रोत्साहन गरिनेछ। देशको भिन्न ठाउँमा हावापानी सुहाउँदो उद्योग तथा कलकारखानाको विकास गरिनेछ। निकुञ्ज, आरक्षलाई बढी व्यवस्थित गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने नीति लिइनेछ। एक गाउँ एक उद्योगको नीति अवलम्बन गरिनेछ। गाउँमा रहेका पुराना ऐतिहासिक धरोहरहरूको संरक्षण गरी ग्रामिण पर्यटकीय कार्यक्रम ल्याइनेछ।

(ण) जलश्रोत तथा जलविद्युत सम्बन्धी नीति :-

नेपाल जल सम्पदामा विश्वको दोश्रो धनी राष्ट्र भएको तथ्यलाई मनन् गरी जलश्रोत र जलविद्युतको योजनालाई क्रमबद्ध रूपमा अगाडि बढाई नयाँ नेपाल निर्माणको प्रमुख आधारको रूपमा स्थापित गरिनेछ । जलविद्युत आयोजनालाई सिँचाई, यातायातसँग जोडी एकीकृत अभियानका रूपमा अगाडी बढाइनेछ । ग्रामीण विद्युतिकरणमा जोड दिई यथाशक्य चाँडै नेपालको प्रत्येक गाउँमा विद्युत पुऱ्याइनेछ । उपभोक्ता समुहको सहभागितामा भरपर्दो सिँचाई प्रणालीको विकास गरिनेछ। खानी र उर्जा सम्बन्धी विशेष नीति लिँदै विद्युत उत्पादनका निम्ति ठूला जलाशययुक्त आयोजनाहरू सञ्चालन गरिनेछ। कोशी, गण्डकी र कर्णाली बाँध विस्तार गरी जलश्रोतको सदुपयोग गरिनेछ।

(त) भौतिक पूर्वाधार तथा सहरीकरणको नीति :-

गाउँमा हुलाकी सडक तथा कृषि कार्यक्रम गर्न कृषि सडकको व्यापक विस्तार गरिनेछ। साना शहरमा जिल्लास्तरीय र ठूला शहरमा कालोपत्रे सडक निर्माण गर्ने अल्पकालिन तथा दिर्घकालिन नीति अवलम्बन गरिनेछ। ग्रामीण पूर्वाधार निर्माणमा विशेष महत्त्व दिइनेछ भने ठूला शहरलाई सुविधायुक्त बनाइनेछ। प्रत्येक जिल्लाको एउटा गा.वि.स. लाई प्रत्येक वर्ष नमूना शहरका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

(थ) वित्त, वाणिज्य र आपूर्ति नीति :-

पेट्रोलियम पदार्थ र अन्य दैनिक उपभोग वस्तुको सहज आपूर्ति तथा सूपथ मूल्यमा किन्ने र बेच्ने प्रकृया प्रभावकारी रुपमा अगाडी बढाइनेछ । गरिब तथा विपन्न वर्गको समक्ष अत्यावश्यक खाद्य पदार्थहरू सुपथ मूल्यमा पुऱ्याउन सहकारी पसलको व्यापकतामा जोड दिइनेछ। दुर्गम तथा हिमाली भेगको जनताको खाद्य आपूर्ति सहज गर्ने खालका नीति प्रयोगमा ल्याइनेछ। भ्रष्टाचारी, कालोबजारी रोक्न उपभोक्ता मञ्चलाई शसक्त बनाइने नीति अवलम्बन गरिनेछ। साना किसान र साना उद्योगीहरूलाई व्यवसाय गर्नको लागि सहज किसिमले कर्जा लगानी गरिनेछ। र कर्जा नतिर्नेलाई दण्डित गर्ने कानून ल्याइनेछ।

(द) श्रम तथा रोजगार :-

शैक्षिक बेरोजगारलाई जीउन लायकको योग्यता अनुसारको कामको व्यवस्था गरिनेछ। देशमा विद्यमान वेरोजगारीलाई न्यून गर्नको लागि कृषि, वन, जलश्रोत आदि क्षेत्रको विकास गरी रोजगारीको वातावरण सृजना गरिनेछ । श्रमले काम र कामले माम दिने खालको विशेष कार्यक्रम ल्याई प्रशस्त मात्रामा रोजगारीको सृजना गरिनेछ।

(ध) सामाजिक नीति :-

शिक्षा, स्वास्थ्य, आवास, खाद्य जस्ता आधारभूत कुराहरू उपलब्ध गराउन विशेष योजना लागु गरिनेछ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त गर्दै तत्काल कक्षा बाह्रसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। शिक्षालाई जीवन र उत्पादनसँग जोडीने व्यवस्था गरिनेछ। कला र सिपलाई शैक्षिक सामग्रीमा समावेश गरी पठनपाठन गरिनेछ। 'सबैका लागि शिक्षा' भन्ने मूल नारालाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै सूचनासञ्चार तथा विज्ञानप्रविधि विश्व विद्यालयको स्थापना गर्न विशेष योजना ल्याइनेछ । विदेशमा उच्च शिक्षा अध्ययन गर्न आदिवासी, जनजाति, तराईवासी, दलित, महिला, अपाङ्ग तथा जेहेन्दार आदिलाई आरक्षणको व्यवस्था मिलाइनेछ।

(न) खेलकुद :-

खेलाडीहरूलाई राष्ट्रको शानको रूपमा स्थापना गर्न र खेल जगतलाई व्यवसायीकरण गर्न राष्ट्रिय खेलकुद प्रतिष्ठानको स्थापना गरिनेछ। शहरी तथा ग्रामीण क्षेत्रमा सञ्चालन भईरहेका खेलकुदको स्तरलाई बढाउनको लागि खेलकुद मैदान तथा दक्ष प्रशिक्षकहरूको व्यवस्था गरिनेछ।

(प) भाषा र संस्कृति :-

सबै जातजातिको भाषालाई राष्ट्र भाषाको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ। सबै भाषा राष्ट्रिय भाषा र सबैको संस्कृति राष्ट्रिय संस्कृति हुने भावनाको प्रत्याभूत गर्ने सबै जातजातिको चाडवाडलाई राष्ट्रिय चाडबाडको रूपमा मान्यता दिइनेछ। उच्च शिक्षासम्म मातृ भाषामा पठनपाठन गर्ने व्यवस्थाको सुनिश्चितता गरिनेछ । आ-आफ्नो सङ्घीय राज्य भित्र सरकारी कार्यालयहरूमा आदिवासी जनजातिहरूले आफ्नो मातृ भाषामा कामकाज गर्न पाउने नीति क्रमिक रूपमा अघि बढाइनेछ।

(फ) स्वास्थ्य :-

'स्वास्थ्य नै मूल धन हो' भन्ने भावनालाई चरितार्थ गर्न निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। अति पिछडीएका समुदाय र जातिलाई औषधी उपचारमा लाग्ने खर्चको ५० प्रतिशत निःशुल्क व्यवस्था गरिनेछ। दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्न चिकित्सा शास्त्र अध्ययन संस्थान र प्राविधिक विश्वविद्यालयको स्थापना गरिनेछ। महिलाहरूको स्तन क्यान्सर र आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ। HIV/AIDS लाई न्यूनीकरण गर्न व्यापक मात्रामा प्रचार-प्रसार तथा रोकथामको कार्यक्रम ल्याइनेछ।

(ब) महिला, एकल महिला तथा बालबालिका नीति :-

महिला विरूद्धका सम्पूर्ण विभेदकारी कानून, मान्यता र व्यवहारको अन्त्य गरी समाजवादमा आधारित समतामूलक समाजको निर्माण गरिनेछ। पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार हुने व्यवस्था कडाइका साथ लागु गरिनेछ। आमाबुबा दुबैको नामबाट नागरिकता र

संरक्षण प्राप्त हुने कानूनको व्यवस्था गरिनेछ। महिलाको शिक्षामा समान पहुँच पुर्‍याउन विशेष कार्यक्रम लागू गरिनेछ । मानव बेचबिखनका समस्यालाई निरूत्साहित पार्न योजना तर्जुमा गरिनेछ। राज्यको हरेक अङ्गमा समान सहभागिता गराइनेछ। एकल महिलाहरूलाई समाजमा सम्मानजनक बाँच्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ । बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूको बालपनको संरक्षण गर्न बालविकास केन्द्रको स्थापना गरिनेछ।

(भ) दलित :-

छुवाछुत र भेदभावको प्रथालाई अन्त्य गर्न कानुनमा व्यवस्था गरिनेछ। छुवाछुतमुक्त राष्ट्रको घोषणालाई सार्थक बनाउन कानूनी व्यवस्था मजबुत बनाइनेछ । दलित उत्थानको लागि आरक्षणको विशेष नीति अपनाईनेछ। दलितहरूको समग्र विकासको लागि योजना ल्याइनेछ।

(म) कमैया तथा सुकुम्वासी :-

२१ औं शताब्दिमा पनि कमैया प्रथा नेपालको पश्चिमी तराई तथा थरूहट क्षेत्रमा विद्यमान रहेकोले त्यसलाई निर्मूल पार्नका लागि गाँस, बास र कपाससँग जोडिएको विषयलाई विशेष कार्यक्रमको रूपमा ल्याइनेछ। गरिवीको कारणले पैदा हुने सुकुम्वासी तथा कमैया प्रथालाई अन्त्य गर्न तिनीहरूका हकहितको लागि विशेष नीति तथा योजनाहरू ल्याइनेछ।

(य) युवा नीति :-

युवा शक्ति भनेको राष्ट्रको धरोहर र विकासको संवाहकको रूपमा लिन सकिन्छ। तसर्थ युवाहरूको शिक्षा र रोजगारको पूर्ण व्यवस्थापन गर्न विशेष नीति ल्याईनेछ। युवाहरूको आमुल परिवर्तनको लागि युवा मन्त्रालयको व्यवस्था गरिनेछ। युवा मन्त्रालयको कार्यभार यूवालाई नै जिम्मा लगाईनेछ।

(र) आम सञ्चार नीति :-

२१ औं शताब्दी विश्वसञ्चार हो। त्यसैले सञ्चार विना विकास सम्भव छैन। स्वतन्त्र र निष्पक्ष प्रेसको नीतिलाई अगाडि बढाईनेछ । सञ्चार क्षेत्रलाई सबैको पहुँच पुग्ने किसिमको वातावरणको सुनिश्चितता गरनेछ । श्रमजिवी पत्रकार ऐन र सूचना सम्बन्धी ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । सम्पूर्ण जातजातिहरूको संस्कृतिमा आधारित फिल्महरूलाई प्रोत्साहन दिने नीति ल्याईनेछ।

(ल) विज्ञान र प्रविधि सम्बन्धी नीति :-

आजको युग सूचना तथा सञ्चार प्रविधिको युग भएकोले विज्ञान र प्रविधिको अध्ययन र प्रयोगलाई अझ प्रभावकारी ढङ्गले अघि बढाईनेछ । यसलाई प्राथमिक उच्च शिक्षा सम्म अनिवार्य अध्ययनको व्यवस्था गरिनेछ । आधुनिक प्रविधिको विकास गर्न विषयगत विशेषज्ञहरूलाई अनुदानको व्यवस्था गरिनेछ।

(व) स्थायी शान्ति :-

विभिन्न कालखण्डमा, आन्दोलनको क्रममा मारिएका नागरिकहरूलाई शहिद घोषणा तथा सो परिवारका कम्तिमा एक सदस्यलाई क्षमताअनुसारको रोजगारी दिईनेछ । विस्थापित परिवारहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था मिलाईनेछ। दिगो शान्तिका लागि सरकार पक्ष र आन्दोलनरत पक्ष बीच भएको राष्ट्रपक्षीय सम्झौता कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई बलियो बनाइनेछ।

(श) अपाङ्ग तथा तेश्रो लिङ्गी सम्बन्धी नीति :-

फरक क्षमता भएका नागरिकहरूलाई राज्यको हरेक निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने खालका कार्यक्रम ल्याइनेछ । योनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई उनीहरूको वास्तविकता पहिचान गरी नागरिकताको व्यवस्था गरिनेछ। तेश्रो लिङ्गीको समस्या समाधान गर्न राज्यले विशेष ध्यान दिइनेछ।

(ष) तराईवासी, मधेशी तथा मुस्लिम सम्बन्धी नीति :-

तराईमा बसोबास गर्ने सम्पूर्ण तराईवासी, मधेशी, मुस्लिम समुदाय माथिको विद्यमान सामाजिक, साँस्कृतिक विभेद अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गरिनेछ । उनीहरूलाई राज्यको हरेक निकायमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

(स) जेष्ठ नागरिक :-

जेष्ठ नागरिकको सामाजिक योगदानको कदर गर्दै उनीहरूको गाँस, बास र कपासको व्यवस्था गरिनेछ । उनीहरूको सिप र ज्ञानको सदुपयोग गर्न राज्यको विशेष ध्यान पुग्नेछ । जेष्ठ नागरिकको जीवन सरल होस भनेर ठाउँ ठाउँमा बृद्धाश्रमको व्यवस्था गरिनेछ।

(ह) आदिवासी जनजाति सम्बन्धी नीति :-

आदिवासी जनजातिहरूको ऐतिहासिक महत्त्वका विषयवस्तुहरू जस्तैः पूर्खाको उद्‌गम थलो र ऐतिहासिक धरोहरलाई संरक्षण संवर्द्धन गर्ने खालको विशेष नीति राज्यद्वारा अवलम्बन गरिनेछ। आदिवासी जनजातिहरूको भाषा र संस्कृतिको विकास गर्न साधन र श्रोतको उपयोग गर्न, राजनैतिक अधिकारहरू सुनिश्चित गर्न तथा सामाजिक, आर्थिक विकास गर्नका निम्ति विशेष कानून ल्याइनेछ।

(क्ष) मानवअधिकार :-

मानवअधिकारको विश्वव्यापी मान्यतालाई कदर गर्दै कार्यान्वयन गरिनेछ। मानवअधिकारको पूर्ण प्रत्याभूति गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई सक्षम एवम् प्रभावकारी बनाइनेछ।

(त्र) अन्तर्राष्ट्रिय सम्बन्ध र नीति :-

संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशिलमा आधारित असंलग्नता, क्षेत्रिय सम्बन्ध र सहयोगको नीतिलाई मूल आधार बनाइनेछ । सार्कलाई प्रभावकारी बनाउन यसका सदस्य राष्ट्रहरूसँग आपसी सहयोग बृद्धि गर्न जोड दिइनेछ।

(ज्ञ) सुरक्षा व्यवस्थाको लोकतान्त्रिकरण :-

देशको सुरक्षाको ग्यारेन्टी गर्ने काम सुरक्षा व्यवस्थाले मिलाउने भएकोले सेना, प्रहरी, शसस्त्र बल, अनुसन्धान विभाग लगायतका सबै निकायमा समावेशी समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी र विकास गरिनेछ। राष्ट्रिय सम्पत्तिको जगेर्ना, जीउधनको सुरक्षा, सामाजिक सद्भाव कायम गर्न राष्ट्रिय सुरक्षा नीति तय गरिनेछ।

(कक) प्रवासी तथा गैर आवासीय नेपाली नागरिकको अधिकार :-

विदेशमा रहेका नेपाली नागरिकको सिप र पूँजीलाई राष्ट्रिय विकासमा लगानी गर्न योजनाबद्ध नीति अवलम्बन गरिनेछ । रोजगारको शिलशिलामा विदेशमा रहेका नेपालीहरूको हक अधिकारको सुरक्षा गर्ने नीति अवलम्बन गरिनेछ।

न्यायप्रेमी दिदीबहिनी तथा दाजुभाइहरू /

सदियौं देखिको एकात्मक राज्यसत्ता, सामन्तवाद विरुद्ध वृद्ध हाम्रा पूर्खाहरू लड्दै तिनै वीर सपुत सहिदहरूको बलिदानको कारण आज हामीले संविधानसभा मार्फत् नयाँ नेपाल निर्माणमा संविधान लेख्ने ऐतिहासिक स्वर्णिम अवसर नेपाली जनतालाई प्राप्त भएको छ। नेपालीहरूको आफ्नो भाग्य र भविष्यको फैसला आफैं गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको कार्यान्वयनमा लागि परेका छौं। नेपाल बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक, ऐतिहासिक, स्वतन्त्र, अविभाज्य, अखण्ड राष्ट्र हुँदाहुँदै पनि मुठिभरका व्यक्तिहरूको निरंकुशताको कारण नेपाल सबैको साझा फुलबारी बन्नुको सट्टा तोरीबारी बनेकोले त्यसलाई समावेशी फुलबारी बनाउने सौभाग्य नेपाली जनतालाई प्राप्त भएको छ। संविधानसभाले नयाँ नेपालको खाका कोर्नेछ र सबै नेपालीको पहिचान सहितंको समावेशी प्रतिनिधित्वको सूनिश्चितता गर्ने कुरामा नेपाल लोकतान्त्रिक समाजवादी दलको वैज्ञानिक विचार, वस्तुपरक विश्लेषण र नयाँ नेपालको परिकल्पना सहितको भावी योजना, नीति, कार्यक्रम तथा सङ्कल्पलाई तपाईहरू माझ ल्याएका छौं।

यी माथि उल्लेखित वाक्यांशहरूको गहन अध्ययन गरी अढाईसय वर्ष देखिको निरङ्कुश शाही शासनको समाप्ति सँगै सामन्तवादी एकाधिकारवादको अन्त्य गरी सङ्घीय गणतन्त्रात्मक लोकतान्त्रिक समाजवादको सिद्धान्तमा आधारित कानुनी शासनको शुरुवात यसै संविधानसभाबाट निर्मित संविधानले मात्र गर्नेछ भन्ने हामीलाई विश्वास छ, जो सबै नेपालीले यो संविधान मेरो भन्न सकोस,................ प्रत्येक नेपालीले ॥ .... यस "सङ्घीय लोकतान्त्रिक गणतन्त्र" को अभियानमा हामी, तपाइँ अनि सबै नेपाली साथ साथ छौं।

जय सङ्घीय लोकतान्त्रिक गणतन्त्र

जय धर्ती आमा !

२५.

नेपाल परिवार दल

संविधान सभा निर्वाचन, २०६४ को घोषणा – पत्र

१. पृष्ठभूमि

एक्काइसौं शताब्दीको यस ऐतिहासिक युगमा, विश्वका एकथरि राष्ट्रहरू शान्ति, लोकतन्त्र, मानव-अधिकार, स्वतन्त्रता, विकास, प्रविधि र सम्पन्नताको प्रतिफलसहित रमाइरहेका छन् भने अर्काथरि राष्ट्रहरू उक्त कुराबाट वञ्चित भई गृहयुद्ध, गरिबी, अशिक्षा र द्वन्द्वको भुमरीमा परी उकुसमुकुस अवस्थामा जीवनयापन गरिरहेका छन् । यतिखेर सम्पूर्ण नेपालीहरूको एकमात्र चाहना नेपाली-नेपालीबीच सद्भाव, सह-अस्तित्व, शान्ति, समृद्धि र विकासको बीउ रोप्नको लागि अनुकूल वातावरण तयार गर्नु रहेको छ।

नेपालीहरूले सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, अखण्डता र स्वतन्त्रताको लागि विभिन्न कालखण्डमा गरेका बलिदान एवम् पुऱ्याएका योगदानहरूको कदर हुन सकिरहेको छैन । यसैको फलस्वरूप मुलुकको विभिन्न भाग र क्षेत्रमा हिंसा, अशान्ति र असुरक्षा व्याप्त छ भने नागरिकको लागि न्यूनतम दैनिक उपभोग्य सामग्रीहरूको समेत उचित व्यवस्थापन हुन सकिरहेको छैन । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम तोकिएको समयमा सरकारले संविधानसभाको निर्वाचन गराउन नसकी दुई-दुई पटक स्थगित गरेको अवस्थामा अब तेस्रोपटक संविधानसभाको निर्वाचन गराउने तरखर भइरहेको छ। नेपालको इतिहासमा नेपालीले संविधानसभामार्फत् आफ्नो संविधान आफैं निर्माण गर्ने र सोहीद्वारा शासनव्यवस्था सञ्चालन गर्ने अवसरलाई सदुपयोग गर्नु आजको प्रमुख विषय हुन आएको छ।

अबको नेपालको संविधान निर्माण र राज्य सञ्चालन परम्परागत शैलीमा मात्र आधारित हुनुहुँदैन । यसका लागि समाजका सबै लिङ्ग, वर्ग, जातजाति, समुदाय र क्षेत्रको प्रतिनिधित्व हुनु त आवश्यक नै छ, यस बाहेक इमान्दार राजनीतिज्ञ, विभिन्न क्षेत्रका विशेषज्ञ, राष्ट्रसेवामा रहेका सेवानिवृत्त व्यक्तित्व, महिला, युवा, हिमाल, पहाड, तराईका पिछडिएका वर्ग, शारीरिक रूपमा अशक्त तर मानसिक रूपमा सबल र विभिन्न विधामा ख्यातिप्राप्त व्यक्तित्वहरूको समेत उचित प्रतिनिधित्व गराउनुपर्ने अहिलेको समयको माग रहेको छ। यिनै कुरालाई मध्यनजर राखी हामी शान्ति, एकता, प्रेम, अहिंसा र विकासप्रेमी नेपालीहरूले नेपालको प्रचलित कानुनबमोजिम **नेपाल परिवार दल** नामक राजनीतिक दल गठन गरेका छौं। यो नेपाल परिवार दल सम्पूर्ण राष्ट्रप्रेमी नेपाली परिवारहरूको साझा दल हो।

२. नेपाल परिवार दलको आधारभूत सिद्धान्त

व्यक्ति/व्यक्ति, स्त्री/पुरुष, परिवार-परिवारको व्यवहार र व्यवस्थापन नै सुशासनको नमुना तथा समाज र राष्ट्रको संरचनात्मक एकाइ हो भन्ने कुरामा नेपाल परिवार दल विश्वास राख्दछ। प्रत्येक व्यक्ति र परिवारमा विकास गरिने सबैभन्दा महत्त्वपूर्ण चरित्र भनेको हामी आफ्नो लागि भन्दा अरूको लागि बाँच्नुपर्दछ भन्ने हृदयभावको अङ्कुरण गर्नु हो। अतः समुदाय, भावी सङ्घीय एवम् प्रदेशिय नेतृत्व गर्ने

वर्गमा सबै नागरिक र जनताप्रति पितृमातृहृदय हुनुपर्दछ भन्ने यो दलको सिद्धान्त रहेको छ। कुनै पनि जननिर्वाचित सरकारको सही अर्थ तथा वैधानिकता त्यस बेला कायम हुन्छ, जब सरकारले जनतालाई न्यूनतम आधारभूत आवश्यकतालाई पुऱ्याउन सक्ने क्षमता राख्दछ। यस अर्थमा नेपाल परिवार दलको सिद्धान्त मुलुकमा सदैव सु–शासन कायम राख्ने, नागरिक–नागरिकबीच सद्भाव, शान्ति, प्रेम एवम् अहिंसालाई अभिवृद्धि गर्ने रहेको छ। यो दलको मूलदर्शन आध्यात्मिकवाद र भौतिकवादबीचको प्राकृतिक सन्तुलन कायम गर्दै, क्षमा, साँचो प्रेम र एकतामा आधारित रही असल समाजको सिर्जना गर्ने, विश्वका सबै धर्म, जात, वर्ग, पेशा र क्षेत्रका नागरिकहरूसँग मित्रवत् व्यवहार गर्ने रहेको छ। यो दल तीन प्राथमिक कर्ताहरू– सच्चा शिक्षक, सच्चा अभिभावक तथा सच्चा स्वामी (मालिक) को सिद्धान्तलाई अवलम्बन गर्दछ।

३. राष्ट्रको पुनःसंरचना

३.१ राज्यको पुनः संरचना

सार्वभौमसत्ता जनतामा निहित नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त समान आकाङ्क्षा भएका सबै नेपाली नागरिकको साझा घर हो। नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित र समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली नेपालका राष्ट्रबासी हुन् र यो नै समग्रमा एक स्वतन्त्र र अविभाज्य राष्ट्र हो।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १७ मा परिकल्पना गरिएको राज्यको ढाँचालाई कार्यान्वयन गर्ने–गराउने सन्दर्भमा संविधानसभाको निर्वाचनमार्फत् मात्र भौगोलिक तथा अन्य विशेषताको आधारमा राज्यको पुनःसंरचना गरिनुपर्दछ भन्ने यो दलको मान्यता रहेको छ। यसरी पुनः संरचना गरिँदा राष्ट्रिय अखण्डता, स्वाभिमान, वर्गीय एवम् जातीय सद्भाव र स्वतन्त्रतालाई अक्षुण्ण कायम राखिनुपर्ने कुरालाई यो दलले गम्भीरतापूर्वक लिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत र साधनको उच्चतम सदुपयोग गरी हिमाल, पहाड, तराईका पिछडिएको वर्ग, क्षेत्र, समुदाय, जातजाति, महिला, युवावर्ग आदिको सहभागिता राज्यको सम्पूर्ण अङ्गहरूमा सुनिश्चित गराउने नेपाल परिवार दलको अवधारणा रहेको छ। नेपाल परिवार दलले एक 'तरूण नेपाल' को परिकल्पना गरेको छ।

यो दलले राज्यको पुनः संरचनासम्बन्धी आधारभूत सिद्धान्तहरूमा देहायका नीतिहरू अनिवार्य रूपमा अवलम्बन गर्नेछ :–

(क) राष्ट्रको एकता, सार्वभौमिकता तथा अखण्डतामा कुनै पनि सम्झौता गरिने छैन।

(ख) राष्ट्रिय संरचनाको दिगो र सकारात्मक रूपान्तरण व्यक्ति–व्यक्तिमा स्वस्थ संस्कारको विकास सँगसँगै आउनेछ।

(ग) राष्ट्रको शासकीय सबै अङ्गहरूमा सबै क्षेत्र, लिङ्ग, वर्ग र योग्यताको प्रतिनिधित्व समावेशी चरित्रको हुनेछ।

(घ) परिवारको नमूनामा आधारित भएर सामञ्जस्यपूर्ण संवाद र सहकार्य खोजिनेछ तथा सहज र पारदर्शिताको नीति अवलम्बन गरिनेछ। साथै, सोही आधारमा राज्यका सबै अङ्ग र निकायहरू परिचालन गरिनेछ।

३.२ संघीय तथा प्रादेशिक सरकार

नेपाल परिवार दल राष्ट्रिय स्तरमा सङ्घीय सरकार र प्रादेशिक तहमा प्रादेशिक सरकार गठन गरिनु उपयुक्त ठान्दछ। विशेषज्ञहरू सम्मिलित राज्य संरचनासम्बन्धी आयोगद्वारा प्रस्तुत प्रतिवेदनमा आधारित सङ्घीय तथा प्रादेशिक सरकारको गठन हुनेछ। सङ्घीय सरकार र प्रादेशिक सरकारबीचको सम्बन्ध एक पारिवारिक सिद्धान्तमा आधारित रही आफ्नो घररूपि राष्ट्रलाई मजबुत, सुरक्षित र समुन्नत बनाउने उद्देश्यबाट निर्देशित हुनेछ।

३.३ राजसंस्था र गणतन्त्रप्रतिको दृष्टिकोण

विगतदेखि वर्तमानसम्म राजसंस्थाले नेपाल र नेपालीहरूको लागि खेलेको भूमिकाको मूल्याङ्कन, भावी भूमिकाको निर्धारण, परम्पराको निरन्तरता वा परिवर्तन आदि सम्पूर्ण अधिकार नेपाली जनतामा निहित रहेकोले यसको निर्णय पनि नेपाली जनताको अभिमतबाट नै हुनुपर्छ भन्ने नेपाल परिवार दलको मान्यता छ। यस संस्थाको भविष्यको टुङ्गो लगाउने सही तरिका भनेको शान्तिपूर्ण, भयरहित र निष्पक्ष ढङ्गबाट सम्पन्न हुने निर्वाचन पश्चात् बन्ने संविधानसभाको बैठकद्वारा गरिने निर्णयको आधार नै यस दलको राजसंस्थाप्रतिको अवधारणा हो।

आजको परिवर्तित सन्दर्भ भनेको जनहितप्रति समर्पित तथा देशप्रति बफादार रहने शक्ति वा राज्य संयन्त्र हो। नेपाल परिवार दल जनताद्वारा निर्वाचित लोकतान्त्रिक शक्तिले मात्र सामाजिक, राजनीतिक र आर्थिकलगायतका क्षेत्रमा परिवर्तन ल्याउन सक्छ भन्ने कुरामा विश्वास राख्दछ।

३.४ धार्मिक समावेशिता

नेपाल हिन्दू धर्मावलम्बीहरूको बाहुल्य भएको मुलुक भएता पनि सबै धर्मावलम्बीहरूबीचको पारस्परिक सम्बन्धले गर्दा यहाँ हालसम्म धार्मिक सहिष्णुता रही आएको छ र यो अनन्तसम्म कायम हुनुपर्दछ। सरकारले धर्मले प्रधानता पाएको जनसमुदायको कदर र सम्मान गरेकै हुनुपर्दछ, जसको फलस्वरूप समाजमा धार्मिक र साम्प्रदायिक कलह नभई सबै धर्महरूले आपसी सहिष्णुता एवम् सम्मानका साथ सह–अस्तित्वमा रही नेपालको शान्तिपूर्ण र गौरवमय परम्पराको पहिचान गर्नुपर्दछ। धर्मको भूमिकालाई शान्ति र सहिष्णुताका साथै अन्तरधार्मिक परिषद् निर्माण गरिनेछ। धर्मको लागि इतिहास र संस्कृतिलाई शान्तिमा रूपान्तरण गर्ने अवधारणाको विकास यो दलले गर्नेछ।

३.५ सुरक्षा निकाय सम्बन्धी धारणा

जनपथ प्रहरी बल, सशस्त्र प्रहरी बल, सैन्य बल तथा राष्ट्रिय अनुसन्धान विभाग देशमा सामाजिक सामञ्जस्य, नियम कानुन र सुव्यवस्था कायम राख्न आवश्यक हुन्छन् भने देशको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने गहन अभिभारा राष्ट्रिय नेतृत्वमा निहित रहन्छ। तर ती बलहरूको दुरूपयोग हुन सक्छ। अतः यी बलहरूले आफ्नो शक्तिको दुरुपयोग नगरून् भन्ना खातिर त्यहाँ कार्यरत जनशक्तिहरूलाई विशेष गरीकन सेवा प्रवेशका प्रारम्भिक दिनहरूमा र सेवाकालमा नियमित रूपमा प्रशिक्षण दिनु तथा सेवामूलक कार्यमा लगाउनुपर्दछ। तिनीहरू समाजमा शान्ति सुव्यवस्था कायम गर्ने बल भएकाले सर्वप्रथम तिनीहरू नै निष्पक्षता, शान्ति सुव्यवस्थाप्रति प्रतिबद्ध, उदाहरणीय र उच्च चरित्रका प्रतीक हुनुपर्दछ। हामी देश र समाजका सेवक हौं भन्ने उच्च मनोबल तथा भावनाले ओतप्रोत हुनुपर्दछ। युवक एवम् विद्यार्थीहरूलाई राष्ट्रिय सेवा दलमा समावेश गरी विभिन्न तालिमका साथसाथै हिंसाग्रस्त समुदायलाई कसरी मद्दत गर्ने, प्राकृतिक प्रकोपको व्यवस्थापन कसरी गर्ने, उद्धार कार्य कसरी सञ्चालन गर्नेबारे प्रशिक्षण दिनु पर्दछ। राज्यको सुरक्षा स्थिति मजबुत बनाउन सुरक्षा बलको मनोबल दरो बनाउने संस्कार विकास गर्नुपर्दछ। साथै, सुरक्षा बललाई राष्ट्रिय राजनीतिबारे सुसूचित गर्दै दलगत राजनीतिबाट अलग राख्नुपर्दछ।

३.६ संसदको संरचना

नेपाल परिवार दल राष्ट्रिय तहमा दुई सदनात्मक संसद र प्रादेशिक तहमा एक सदनात्मक संसद हुनुपर्ने मान्यता राख्दछ। धार्मिक सद्भाव कायम राख्दै शान्ति सुव्यवस्थामा मद्दत पुऱ्याउन संसदमा विद्यमान विभिन्न समितिहरूमा एउटा अन्तर्धार्मिक समिति पनि थप्नुपर्ने यस दलको मान्यता छ।

३.७ केन्द्रीय सरकारको संरचना

नेपालको केन्द्रीय सरकारको संरचना प्रधानमन्त्रीय शासन व्यवस्था अनुरूपको हुनेछ।

३.८ न्यायपालिकाको संरचना

लोकतान्त्रिक मूल्य-मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता कायम गराउने मूल जिम्मेवारी स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिकाको हुनेछ। केन्द्रमा सर्वोच्च अदालत र प्रदेशमा पुनरावेदन अदालत हुन्छ भने जिल्लामा जिल्ला अदालत हुनेछ।

३.९ प्रादेशिक सरकारको अवधारणा

नेपालको पुनः संरचना जातीय, भाषा वा धार्मिक आधारमा भन्दा पनि भौगोलिक र जनघनत्व दुवैको आधारमा हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । विकेन्द्रीकरणको माध्यमबाट स्थानीय निकायलाई अधिकारसम्पन्न बनाई स्थानीय साधन र स्रोतको अधिकतम परिचालन गर्न सिकाई स्वावलम्बी बनाउने लक्ष्य यस दलले लिएको छ।

४. राष्ट्रले अवलम्बन गर्नुपर्ने नीतिहरू

४.१ सु-शासन

नेपाल एकातिर आन्तरिक कलह र सशस्त्र द्वन्द्वमा रुमलिएको छ भने अर्कोतर्फ यहाँका सार्वजनिक पद धारण गर्ने व्यक्तिहरू नै नातावाद-कृपावाद र भ्रष्यचारमा बढी लिप्त रहेको अवस्था छ, त्यसैले राष्ट्रका प्रचलित मुख्य अङ्गहरू व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका एवम् अन्य संवैधानिक अङ्ग तथा सरकारी निकायहरूमा सार्वजनिक पद धारण गर्न चाहने व्यक्तिहरूको योग्यता जाँच, तालिम र सुनुवाई आदिको वैज्ञानिक व्यवस्था गरिनुपर्दछ । यस्ता छनौट प्रक्रियामा राजनीतिक आग्रह वा पूर्वाग्रह, नातावाद-कृपावादको छायाँसम्म पनि पारिनुहुँदैन भन्ने मान्यता यो दलको रहेको छ। त्यसैगरी राष्ट्रका सार्वजनिक वा निजी सेवामा सेवारत मातहतदेखि उच्चतम पदाधिकारीहरूका लागि समयानुकूल आवश्यक पर्ने साधनसुविधा उपलब्ध गराउने र निजहरूलाई सुम्पिएको जिम्मेवारी कर्तव्यनिष्ठ तरिकाबाट वहन गर्न अभिप्रेरित गराउने किसिमका शिक्षा र प्रविधि उपलब्ध गराउने कुरालाई यो दलले विशेष महत्त्व दिने नीति अख्तियार गरेको छ । यस प्रक्रियाबाट सार्वजनिक पदमा रहेर व्यक्तिले जिम्मेवारी तथा अख्तियारको दुरुपयोग गरे-नगरेको निरीक्षण अख्तियार गरेको छ।

४.२ स्वतन्त्रता र मानव अधिकार

स्वतन्त्रता र जिम्मेवारी, एवम् मानव अधिकार र जिम्मेवारी एउटा सिक्काका दुई पाटाहरू हुन्, यसरी स्वतन्त्रता र मानव अधिकारलाई प्रत्येक नागरिकको जिम्मेवारीसँग आबद्ध गरिनुपर्छ भन्ने मान्यता यो दलको रहेको छ। यो दल मानवअधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका सबै अन्तर्राष्ट्रिय सन्धि र दस्तावेजहरू र संयुक्त राष्ट्र सङ्घको वडापत्रको पालना गर्न गराउनमा प्रतिबद्ध रहनेछ।

४.३ कानुनी समानता

नेपालको मूल कानुनमा व्यवस्था भएबमोजिम यो दल सबै जनतालाई कानुनसमक्ष समानताका साथ व्यवहार गरिनुपर्दछ भन्ने मान्यतामा विश्वास राख्दछ। त्यस्तै नियम कानुन लागू गर्दा सबै नागरिक तथा सिङ्गो राष्ट्रलाई फाइदा हुने, अर्थपूर्ण हुने गरी संवेदनशीलताका साथ प्रचलनमा ल्याउनुपर्दछ।

४.४ आर्थिक नीति

नेपाल परिवार दलले देशको समानुपातिक विकास र त्यसमा पनि समाजमा पिछडिएको क्षेत्रका उत्थानलाई विशेष प्राथमिकता दिई उदारवादी खुल्ला अर्थतन्त्रलाई अपनाउनेछ । देशविदेशका लगानीकर्तालाई आकर्षण गर्न स्थायी, जवाफदेही तथा पारदर्शी अर्थनीति अवलम्बन गर्नेछ । अर्थनीतिको अन्तिम लक्ष्य भनेको सम्पूर्ण नेपाली नागरिकको सामूहिक उन्नति हुने आर्थिक जिम्मेवारी निर्वाह गर्नु हो। करनीति तय गर्दा निम्न आय भएका जनसङ्ख्याको आवश्यकतालाई विचार गरिनेछ। मुलुकमा रहेको प्राकृतिक स्रोत, साँस्कृतिक सम्पदा, कृषि, पर्यटन एवम् शिक्षा-स्वास्थ्य क्षेत्रको स्रोतहरूलाई अधिकतम परिचालन गरी दिगो व्यवसायको रूपमा विकास गर्ने नीति लिनेछ।

४.५ शिक्षा

शिक्षा सामाजिक विकासको मुख्य पूर्वाधार हो । कुनै पनि राष्ट्रिय योजनामा शिक्षालाई उच्च प्राथमिकता दिइएकै हुनुपर्दछ । सबैलाई निःशुल्क विद्यालय शिक्षाको अवसर दिइनुपर्दछ । शैक्षिक पाठ्यक्रमले दुई क्षेत्रलाई विशेष जोड दिने नीति लिनेछ :–

(क) ज्ञान र सीपको प्रसारण (प्राविधिक शिक्षा) र
(ख) असल चरित्र तथा दिगो पारिवारिक संरचनालाई टेवा पुऱ्याउने शाश्वत मूल्य–मान्यताको प्रसारण।

यस अर्थमा, शिक्षाको तीनओटा लक्ष्य हुनेछन् :–

(क) बृहत्तर हितमा तल्लीन हृदयको उत्खनन गर्ने,
(ख) सौहार्दपूर्ण मानवसम्बन्धको लागि आवश्यक सामाजिक र नैतिक आदर्शको बीजारोपण गर्ने, तथा
(ग) समाजमा योगदान पुऱ्याउन सक्ने कुनै विशेष प्राविधिक खुबी भएको जनशक्ति पैदा गर्ने।

उत्पादित शिक्षित जनशक्तिहरूलाई स्वदेश तथा विदेशमा व्यवसाय गर्न सक्ने तुल्याउने नीति लिनेछ। बहुप्राविधिक विश्वविद्यालय (Polytechnic University), खुल्ला विश्वविद्यालय (Open University) लगायतको विकास गर्नका लागि उदार शिक्षा नीति नेपाल परिवार दलले अवलम्बन गर्नेछ । उच्च शिक्षा प्राप्त गरिसकेर पनि रोजगारीको अवसरबाट वञ्चित हुनपरेका शैक्षिक बेरोजगारहरूलाई राष्ट्रले बेरोजगार भत्ता उपलब्ध गराउनुपर्छ भन्ने यो दलको मान्यता छ।

४.६ सञ्चार माध्यम

नेपालको सर्वाङ्गिण विकास र प्रगतिको लागि स्वतन्त्र र जिम्मेवारपूर्ण सञ्चार माध्यम एउटा महत्त्वपूर्ण सम्पत्ति हो । सञ्चार माध्यमले राष्ट्रको समुन्नत हितलाई अगाडि बढाउन ठूलो भूमिका खेल्न सक्ने भएकोले यो दल यसको स्वतन्त्रताको पूर्ण सम्मानको लागि कतिबद्ध छ । सञ्चार क्षेत्रको अभूतपूर्ण शक्तिलाई सामाजिक जिम्मेवारी वहन गर्न अभिप्रेरित गर्न यो दलले भूमिका खेल्नेछ । विद्यालयको औपचारिक शिक्षा समाप्त भए पनि, हामी छापाखाना वा विद्युतीय माध्यमहरूमार्फत् सामाजिक शिक्षा प्राप्त गरी नै राखेका हुन्छौं । अतः सञ्चारको भूमिका राष्ट्रका नागरिकहरूलाई निरन्तर सुशिक्षित तथा सुसूचित गरिराख्ने भएकोले सञ्चारमा कार्यरत पुरुष तथा महिलाले सिङ्गो समाजको नै शिक्षक र शिक्षिकाका भूमिका निर्वाह गरिरहेका हुन्छन् । अतः सञ्चारलाई शान्ति, निर्माण र संस्कृतिलाई विकासमा मुख्य भूमिका खेल्ने माध्यमको रूपमा लिइनेछ। सम्पूर्ण सञ्चारकर्मीहरूलाई एउटै साझा तथा बृहत् छातामुनि ल्याई प्रशिक्षण, निरीक्षण तथा सेवा उपलब्ध गराई हक, हित, जिम्मेवारी र सुरक्षाको सुनिश्चितता गर्ने वैज्ञानिक संयन्त्र विकास गर्ने सोंच यस दलको रहेको छ।

४.७ नागरिकता

सबै नेपालीले नेपाली नागरिकता पाउनुपर्दछ । प्रचलित कानुनबमोजिम सबै नेपाली नागरिकले मताधिकार पाउनुपर्दछ। नेपालमा बसोबास नगरेका नेपाली नागरिकले पनि मताधिकार पाउनुपर्दछ। नेपाली पुरुषका विदेशी पत्नी र तिनीहरूबाट जन्मेका सन्तान सरह नेपाली नारीको विदेशी पति तथा सन्तानको नाताले पनि नागरिकता पाउनुपर्दछ। गैर नेपालीले नेपाली नागरिकसँग विवाह गरेमा भिसा दस्तुर मिन्हा गरी लगानी तथा व्यवसायको क्षेत्रमा प्रोत्साहित गर्नु उपयुक्त हुन्छ।

४.८ भूमिहीन नागरिकप्रतिको नीति

वास्तविक भूमिहीन नेपाली नागरिकहरूका लागि आवश्यक जाँचबुझ र छानविन गरी बसोवास गर्न तथा खेतीकमाई गर्न १५ वर्षसम्म बेचबिखन गर्न नपाइने शर्तमा सरकारी जमीन उपलब्ध गराउने यस दलको मान्यता छ। सम्पूर्ण नेपाली नागरिकलाई नेपाली भूमिको मालिक बनाउने सोंच यस दलले राखेको छ। जमीन उपलब्ध हुन नसक्ने अवस्थामा शिप र दक्षताको विकास गराई स्वरोजगारतर्फ उन्मुख गर्ने यस दलको सोंच रहेको छ।

४.९ वैदेशिक नीति

